आयोगको २० वर्ष

# आयोगका सिफारिशहरू र कार्यान्वयन अवस्था

(२०५७ जेठ - २०७७ असार)

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल
२०७७ असोज

आयोगको २० वर्ष
आयोगका सिफारिशहरू र कार्यान्वयन अवस्था
(२०५७ जेठ - २०७७ असार)
राष्ट्रिय मानव अधिकार आयोग

# आयोगको २० वर्ष

## आयोगका सिफारिशहरू र कार्यान्वयन अवस्था

(२०५७ जेठ - २०७७ असार)


राष्ट्रिय मानव अधिकार आयोग

**हरिहरभवन, ललितपुर, नेपाल**

**२०७७ असोज**

(आयोगको मिति २०७६/९/१७ को निर्णयानुसार प्रकाशित)

# आयोगका पदाधिकारीहरू

**अध्यक्ष, माननीय अनूप राज शर्मा**

सदस्य, माननीय प्रकाश वस्ती

सदस्य, माननीय सुदिप पाठक

सदस्य, माननीय मोहना अन्सारी

सदस्य, माननीय गोविन्द शर्मा पौड्याल

**सचिव**

वेदप्रसाद भट्टराई

*सिफारिश कार्यान्वयन अध्ययन तथा प्रतिवेदन कार्यदल*

| | |
|---|---|
| मुरारिप्रसाद खरेल, सह सचिव | - संयोजक |
| लोकनाथ बास्तोला, उप सचिव | - सदस्य |
| श्यामबाबु काफ्ले, उप सचिव | - सदस्य |
| खिमानन्द बस्याल, मानव अधिकार अधिकृत | - सदस्य |
| लोककुमार श्रेष्ठ, मानव अधिकार अधिकृत | - सदस्य |

**प्रकाशक**
राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर।
पो.ब.नं. : १९८२, काठमाडौं, नेपाल।

**प्रकाशन मिति** : २०७७ असोज।

**लेआउट** : एनके शास्वत

**संस्करण** : पाँचौं

**प्रकाशन नं**. : २६५

**प्रकाशन सहयोग**: संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम, नेपाल (UNDP, Nepal)

**सर्वाधिकार** :

राष्ट्रिय मानव अधिकार आयोगको पूर्व-स्वीकृतबिना यस प्रकाशनलाई पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी संग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन। बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू मात्र साभार गरी प्रयोगमा ल्याउन सकिने छ।

# मन्तव्य

राष्ट्रिय मानव अधिकार आयोगले हालै २० वर्ष पूरा गरेको छ । स्थापनाकालदेखि नै मानव अधिकारको संरक्षणार्थ रणनीतिक योजना तर्जुमा गरी घर घरमा मानव अधिकार, शान्ति र विकासको आधार भन्ने मूल नारासाथ मानव अधिकारको प्रत्याभूति गराउन आयोग प्रयत्नशील रहँदै आएको छ ।

आयोग स्थापना हुनुअघि नै नेपालमा खासगरी २०५२ सालदेखि तत्कालिन नेकपा (माओवादी) ले शुरुवात गरेको सशस्त्र द्वन्द्वपश्चात मानव अधिकार उल्लंघनका घटनाहरूमा तीव्र बृद्धि भएको देखिन्छ । सशस्त्र द्वन्द्वको उत्कर्षदेखि नै मानवअधिकार उल्लंघनको घटनाहरूको सम्बन्धमा आयोगले आफ्नो कार्यादेश बमोजिम उजूरी ग्रहण तथा कारवाही प्रकृया अगाडि बढाउँदै आएको छ । मानव अधिकारका कतिपय विषयहरूमा नीतिगत सिफारिशहरू पनि गर्दै आएको छ ।

आयोगले दुई दशकको समयावधिमा ग्रहण गरेका करिव १३ हजार उजूरीमध्ये ५० प्रतिशतभन्दा बढी उजूरी फर्छ्यौट भइसकेको स्थिति छ भने छानवीन र अनुसन्धानबाट दोषी ठहर भएकाहरूउपर कानूनी कारवाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन आयोगबाट सिफारिश भएका छन् । आयोगको सिफारिश कार्यान्वयन गर्नुपर्ने वा नपर्ने भन्ने विषय स्वेच्छिक होइनन् । सर्वोच्च अदालतबाट भएका आदेशहरूमा समेत आयोगका सिफारिशहरू बाध्यात्मकरुपमा कार्यान्वयन गरिनुपर्ने व्याख्या गरिएको छ । सर्वोच्च अदालतबाट मानवअधिकारको सुनिश्चितता गर्ने सवालमा आयोगबाट जारी भएको आदेश, निर्देशन, सिफारिश वा सुझावलाई नेपाल सरकारले बिना कुनै हिचकिचाहट कार्यान्वयन गर्नुपर्ने अकाट्य नजिरहरू स्थापित भएका छन् । तर पनि आयोगका सिफारिश कार्यान्वयनको प्रतिशत अझैपनि सन्तोषजनक देखिँदैन । सबैतिरबाट बाध्यात्मक व्यवस्था हुँदाहुँदै पनि कार्यान्वयन तहमा अपेक्षाकृत सुधार हुन नसक्नु दुखद् पक्ष हो ।

आयोगको स्थापनाकालदेखि नै मानव अधिकारका विभिन्न विषयहरूमा समयसमयमा नेपाल सरकारलाई गरेका सिफारिश कार्यान्वयनको तत्कालीन अवस्थालाई आमजनमानसमा चित्राङ्कित गर्न आयोगले वि.स.२०६५ सालदेखि सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धमा आवधिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ । आयोगले सिफारिश कार्यान्वयनको अवस्थालाई मध्यनजर राखी सिफारिश कार्यान्वयन गर्ने दायित्व निहित निकायहरूसँग विभिन्न समयावधिमा छलफल, बैठक तथा सहकार्य र वकालत समेत गर्दै आएको छ । साथै आयोगको सिफारिश कार्यान्वयन गर्ने ती निकायहरूलाई थप सहयोग होस् भन्ने मनसाय तथा ती सरोकारवाला निकायहरूलाई आयोगको सिफारिश कार्यान्वयन गर्ने सवालमा थप सम्वेदनशील बनाउन र कार्यान्वयनमा रहेका कठिनाइका अवस्थाहरूलाई सहज बनाउन बल पुगोस् भन्ने हेतुले आयोगको निर्णयबाट गरिएका तत्कालीन सिफारिशहरूको कार्यान्वयन अवस्था झल्कने गरी यो एकीकृत प्रतिवेदन प्रकाशन गरिएको छ । आयोगले गरेको सिफारिश कार्यान्वयनको सम्बन्धमा नेपाल सरकारलाई एकीकृतरुपमा सूचना उपलब्ध भई कार्यान्वयनमा यस प्रतिवेदनले सहयोग गर्नेछ भन्ने मैले विश्वास लिएको छु । साथै सम्बन्धित सम्पूर्ण सरोकारवाला निकायहरूसमक्ष सूचना प्रवाह भई पीडितको न्यायको अधिकार सुनिश्चिततामा यस प्रतिवेदनबाट थप बल पुग्नेछ भन्ने आशा राखेको छु ।

अन्त्यमा, मानव अधिकार आयोगको सिफारिश कार्यान्वयन जस्तो सम्वेदनशील विषयमा एकीकृत प्रतिवेदन प्रकाशन गर्न नेतृत्वदायी भूमिका खेल्नुहुने आयोगका सचिव वेद भट्टराई, सिफारिश कार्यान्वयन अध्ययन तथा प्रतिवेदन कार्यदलका संयोजक सहसचिव मुरारिप्रसाद खरेल, कार्यदलका सदस्यहरू उपसचिवद्वय लोकनाथ बास्तोला र श्यामबाबु काफ्ले, मानव अधिकार अधिकृतद्वय  खिमानन्द बस्याल र लोककुमार श्रेष्ठलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**अनूप राज शर्मा**
अध्यक्ष

# प्रतिवेदन सम्बन्धमा

राष्ट्रिय मानव अधिकार आयोग स्थापनाको बीस वर्षको अवधिमा आयोगले गरेको विभिन्न कार्यहरूमध्ये उजूरी व्यवस्थापन एक हो । यस अवधिमा आयोगमा दर्ता हुन आएका १२,८२५ मध्ये ६,६१७ उजूरीहरू फच्छ्र्यौट भएका छन् । ती मध्ये पीडितको न्यायको लागि १,१९५ वटा सिफारिश भएका छन् । तर कार्यान्वयनको अवस्था भने सन्तोषजनक छैन । सिफारिशको पूर्ण कार्यान्वयनको अवस्था १३.६४ प्रतिशत र आंशिक ३७.२३ प्रतिशत छ । करिब ५० प्रतिशत सिफारिश कार्यान्वयन भएका छैनन् । कार्यान्विनयको यस अवस्थाले देशमा दण्डहीनताको अवस्था अझै डरलाग्दो देखाएको छ ।

मानव अधिकार अवस्थाको एउटा सूचक आयोगका सिफारिश कार्यान्वयन अवस्था पनि हो । आयोगबाट समय समयमा आयोगका सिफारिश कार्यान्वयन अवस्थामा बृद्धि गर्न तथा कार्यान्वन नगर्ने व्यक्ति, निकाय वा पदाधिकारीको नाम मानव अधिकार उल्लंघनकर्ताको रुपमा अभिलेखित गरी सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त भएको थियो । सोही अनुरूप ''आयोग स्थापनाको बीस वर्षः आयोगका सिफारिशहरू र कार्यान्वयन अवस्था'' सम्बन्धी यो संस्करणलाई मानव अधिकार उल्लंघनकर्ताहरूको नाम सहित प्रकाशन गरिएको छ । यसबाट सरोकारवालाहरूलाई पर्याप्त सूचना प्राप्त हुने विश्वास लिएको छु ।

यस प्रतिवेदनमार्फत कम्तिमा २८६ जना मानव अधिकार उल्लंघनकर्ताको नाम एकीकृतरुपमा सार्वजनिक भएको छ । आयोगको यो कार्य एक शुभारम्भ मात्रै हो, यसले निरन्तरता पाउँदै जानेछ भन्ने विश्वास लिएको छु । तर आयोगका सिफारिश, निर्णय वा आदेश कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लंघनकर्ताको रुपमा अभिलेख गरी सार्वजनिक गर्न संविधानले करिब १५ वर्ष पहिले दिएको कार्यादेश यस अवधिमा पनि पूरा गर्न सकिएन । यद्यपी यस प्रतिवेदनले सो कार्यादेश पूरा गर्न आगामी दिनमा सहयोग पुऱ्याउने विश्वास छ । आयोगमा उजूरीहरू वार्षिक करिब ६४० को संख्यामा दर्ता भएकोमा करिब ३०५ को दरले मात्र फच्छ्र्यौट भएको छ जुन तथ्याङ्क सन्तोषजनक होइन । यसमा सुधार गर्नको लागि आगामी दिनमा आयोगको अनुसन्धान महाशाखा र त्यसभित्र पनि सिफारिश कार्यान्वयन सम्बन्धी संयन्त्रलाई थप समृद्ध र श्रोत साधनयुक्त बनाउन आवश्यक देखेको छु ।

अन्त्यमा, उजूरी सम्बन्धमा भए गरेका कार्यहरूको विस्तृत जानकारी, सिफारिश, सिफारिश कार्यान्वयनको अवस्था सहित खण्डिकृत तथ्याङ्क राखी तयार भएको यस प्रतिवेदनले पीडितलाई न्याय दिई दण्डहीनताको अन्त्य गर्न नेपाल सरकार सहित सबै पक्षलाई सहयोग पुऱ्याउने मैले अपेक्षा गरेको छु । उल्लंघनकर्ताको नाम समेत सार्वजनिक भएको सन्दर्भमा त्यस्तो कार्यमा संलग्न व्यक्ति वा पदाधिकारीको मनोबल निरुत्साहित भई आगामी दिनमा मानव अधिकार संस्कृतिको विकासमा उल्लेख्य सहयोग पुग्ने मेरो अपेक्षा छ । यो प्रतिवेदन तयारीमा संलग्न कर्मचारीहरू सहसचिव मुरारीप्रसाद खरेल उपसचिवद्वय लोकनाथ बास्तोला र श्यामबाबु काफ्ले, मानव अधिकार अधिकृतद्वय खिमानन्द बस्याल र लोककुमार श्रेष्ठ सहित सुजाता लोहनी, मुक्तिराम सुवेदी, मणिराम थापा र किरण घिमिरेलाई धन्यवाद दिन चाहन्छु ।

**गोविन्द शर्मा पौड्याल**
सदस्य

# संक्षिप्त नाम तथा विस्तृत रूप

| | |
|---|---|
| उसे | - उप सेनानी |
| काभ्रे | - काभ्रेपलाञ्चोक |
| कामनपा | - काठमाडौं महानगरपालिका |
| गाविस | - गाउँ विकास समिति |
| जिप्रका | - जिल्ला प्रहरी कार्यालय |
| तमाओका | - तत्कालीन माओवादीका कार्यकर्ता |
| नपा | - नगरपालिका |
| नेकपा | - नेपाल कम्युनिष्ट पार्टी |
| प्रउ | - प्रहरी उपरीक्षक |
| प्रज | - प्रहरी जवान |
| प्रजिअ | - प्रमुख जिल्ला अधिकारी |
| प्रनाउ | - प्रहरी नायव उपरीक्षक |
| प्रनानि | - प्रहरी नायव निरीक्षक |
| प्रनि | - प्रहरी निरीक्षक |
| बप्रउ | - बरिष्ठ प्रहरी उपरीक्षक |
| मानप्रस | - महानगरिय प्रहरी परिसर |
| सप्रनाम | - सशस्त्र प्रहरी नायव महानिरीक्षक |
| सप्रनि | - सशस्त्र प्रहरी निरीक्षक |
| सप्रनाउ | - सशस्त्र प्रहरी नायव निरीक्षक |
| सि. | - सिपाही |
| सैज | - सैनिक जवान |
| हमे | - हवल्दार मेजर |
| हेक | - हेड कन्स्टेवल |
| प्रममपका | - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| नेकपा | - नेपाल कम्युनिष्ट पार्टी |
| गाविस | - गाउँ विकास समिति |
| नपा | - नगरपालिका |
| उपमनपा | - उपमहानगरपालिका |
| गापा | - गाउँपालिका |

# विषय सूची


| | | |
|---|---|---|
| परिच्छेद एक : | परिचय | १ |
| | १. पृष्ठभूमि | १ |
| | २. कार्यादेश | १ |
| | ३. उद्देश्य | २ |
| | ४. तयारी विधि | २ |
| | ५. सीमा | २ |
| परिच्छेद दुई : | सिफारिश सम्बन्धी कानूनी व्यवस्था र आयोगबाट भएका सिफारिशहरू | ३ |
| | १. सिफारिश सम्बन्धी कानूनी व्यवस्था | ३ |
| | २. आयोगमा दर्ता भएका उजूरीहरू, निर्णय/सिफारिश र फछ्र्यौट | ४ |
| परिच्छेद तीन : | सिफारिश कार्यान्वयन सम्बन्धमा भएका प्रयासहरू | २२ |
| | १. नेपाल सरकार | २२ |
| | २. न्यायालय | २४ |
| | ३. संसद | २६ |
| | ४. नागरिक समाज | २६ |
| | ५. संयुक्त राष्ट्रसंघीय संयन्त्र | २७ |
| | ६. राष्ट्रिय मानव अधिकार आयोग | २८ |
| परिच्छेद चार : | सिफारिश कार्यान्वयन अवस्था | ३० |
| | १. कार्यान्वयन अवस्था | ३० |
| | २. उल्लङ्घनकर्तालाई कारवाही गर्ने सम्बन्धी सिफारिशको कार्यान्वयन अवस्था | ३३ |
| | ३. आयोगको सिफारिश बमोजिम मानव अधिकार उल्लङ्घनकर्ताहरूको विवरण | ३६ |
| परिच्छेदः पाँच : | उपलब्धि र चुनौती | ५९ |
| | १ उपलब्धिहरू | ५९ |
| | २ चुनौतीहरू | ५९ |
| परिच्छेदः छ : | निष्कर्ष र सुझाव | ६२ |
| | निष्कर्ष | ६२ |
| | सुझाव | ६२ |
| अनुसूची | | ६५ |
| | अनुसूची १ : आयोगबाट उजुरी उपर भएको सिफारिशहरूको विस्तृत विवरण | ६७ |

परिच्छेद एक

# परिचय

## १. पृष्ठभूमि

संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदत्त मानव अधिकारको प्रभावकारी कार्यान्वयन एवम् संरक्षण र सम्बर्द्धन गर्न[१] स्थापना भएको राष्ट्रिय मानव अधिकार आयोगले बीस वर्ष पुरा गरेको छ । यस अवधिमा कानूनी निकायबाट संवैधानिक निकायमा रुपान्तरित भइसकेको छ । मानव अधिकारको संरक्षण गर्ने सन्दर्भमा १२ हजार ८ सय २४ उजूरी ग्रहण गरेको छ भने ६ हजार ६ सय १६ उजूरीहरू फछ्र्यौट गरेको छ । फछ्र्यौट भएका उजूरीभित्र छानवीन तथा अनुसन्धानबाट दोषी देखिएका व्यक्ति/पदाधिकारीलाई कानूनी कारवाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन १ हजार १ सय ९५ निर्णयबाट सिफारिश गरेको छ । यसरी भएका सिफारिशहरूको कार्यान्वयन अवस्थामा सुधार ल्याउन आन्तरिक र वाह्य रुपमा विभिन्न पहल गर्दै आएको छ । सिफारिश कार्यान्वयनको लागि पत्राचार गर्ने, कार्यान्वयन गर्ने दायित्व भएका निकायहरूसँग छलफल गर्ने, बैठक गर्ने, कार्यान्वयन अवस्था बारेमा अध्ययन गर्ने, सहकार्य गर्ने जस्ता कार्य गर्दै आएको छ । वाह्य रुपमा कार्यान्वयन गर्ने निकायलाई सहयोग गर्ने एवम् सरोकारवालाहरूलाई जानकारी गराउने उद्देश्यले कार्यान्वयन अवस्था झल्कने एकीकृत प्रतिवेदनहरू तयार गरी प्रकाशन गरेको छ । २०६५ सालदेखि हालसम्म यस्ता चारवटा प्रकाशनहरू सार्वजनिक भइसकेका छन् ।[२] आयोगले एकीकृत रुपमा सिफारिश अवस्था झल्कने तथ्याङ्क सार्वजनिक गरिसकेपछि नेपाल सरकारले पनि वि.सं. २०७१ असारमा आयोगका सिफारिश कार्यान्वयन सम्बन्धमा गरेका पहलहरूको बारेमा एकीकृत प्रकाशन[३] सार्वजनिक गरेको छ ।

यस अवस्थामा पनि आयोगबाट भएका सिफारिशहरूको कार्यान्वयन अवस्था सन्तोषजनक छैन । कार्यान्वयन अवस्थामा सुधार आउन सकेको अनुभूति हुन सकेको छैन । यस अवस्थालाई ध्यानमा राखी आयोगले गरेका सिफारिशहरूको कार्यान्वयन गर्ने कार्यमा नेपाल सरकारलाई एकीकृत रुपमा सूचना प्राप्त गरी आगामी दिनमा अगाडि बढ्न थप सहयोग पुऱ्याउने तथा सरोकारवाला समक्ष सिफारिश कार्यान्वयन अवस्थाको पछिल्लो अवस्थाको बारेमा जानकारी गराई सूचनामा पहुँच पुऱ्याउने र पीडितको न्याय पाउने अधिकार प्राप्तिमा सहयोग पुग्ने अपेक्षा सहित यो अध्ययन प्रतिवेदन प्रकाशन गरिएको हो ।

## २. कार्यादेश

आयोगमा दर्ता हुन आएका उजूरीउपर निर्णय गरी सिफारिश गर्ने कार्यादेश मानव अधिकार आयोग ऐन, २०५३ देखि नै आयोगलाई प्राप्त हुँदै आएको छ ।[४] हाल यस्तो कार्यादेश नेपालको संविधानको धारा २४९ का विभिन्न उपधाराबाट आयोगले प्राप्त गरेको छ । उल्लिखित कार्यादेश बमोजिम गरिएका निर्णय सिफारिशहरूको कार्यान्वयन अवस्था सम्बन्धी सूचना सर्वसाधारण समक्ष पुऱ्याउने बाटो तत्कालीन मानव अधिकार आयोग ऐन, २०५३ को दफा ११(२) को खण्ड (ट) ले प्रदान गरेको थियो । हाल सो सम्बन्धी कार्यादेश राष्ट्रिय मानव

१ मानव अधिकार आयोग ऐन, २०५३ को प्रस्तावना

२ आयोगले यस सम्बन्धी प्रतिवेदन २०६५ जेठ, २०६६ जेठ, २०६७ जेठ १३ र २०७० भदौमा प्रकाशन गरेको थियो ।

३ राष्ट्रिय मानव अधिकार आयोगबाट नेपाल सरकारसमक्ष गरिएका सिफारिशहरूको कार्यान्वयन स्थिति, २०७१ असार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं ।

४ मानव अधिकार आयोग ऐन, २०५३ को दफा ११(२) को खण्ड (च)

अधिकार आयोग ऐन, २०६८ को दफा ४(१) को खण्ड (च) ले प्रदान गरेको छ। सो कार्यादेश बमोजिम आयोगले गरेका सिफारिशहरू र ती सिफारिशहरूको कार्यान्वयन अवस्था बारेमा अध्ययन गरी यो प्रतिवेदन तयार गरिएको हो।

## ३. उद्देश्य

आयोगबाट गरिएका सिफारिशहरूको कार्यान्वयन गर्ने सन्दर्भमा विशेषतः नेपाल सरकार र सम्बद्ध अन्य निकायहरूलाई सहज रुपमा एकीकृत सूचना उपलब्ध गराई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिमको जिम्मेवारी पूरा गर्न सहयोग पुऱ्याउनु यस प्रकाशनको मुख्य उद्देश्य रहेको छ। पीडित, सर्वसाधारण, अन्य सरोकारवालाहरू र आयोगको सिफारिश कार्यान्वयन सम्बन्धमा चासो राख्ने सबैमा यस सम्बन्धी सूचना प्रवाह गरी आयोगका सिफारिश कार्यान्वयन मार्फत पीडितलाई न्याय प्राप्तिमा सहयोग पुऱ्याउने पनि प्रतिवेदनको उद्देश्य रहेको छ।

## ४. तयारी विधि

यो अध्ययन प्रतिवेदन तयार गर्न आयोगको मिति २०७६/१/८ गतेको निर्णयबाट आयोगका सहसचिव मुरारिप्रसाद खरेल संयोजक, उपसचिवद्वय लोकनाथ बास्तोला र श्यामबाबु काफ्ले एवम् मानव अधिकार अधिकृतद्वय खिमानन्द बस्याल र लोककुमार श्रेष्ठ सदस्य रहेको एक कार्यदल गठन भएको थियो। कार्यदलले आयोग स्थापनापछि आ.व. २०७६/०७७ सम्म आयोगमा परेका उजूरीहरूमा गरेका निर्णयहरू र निर्णय बमोजिमका सिफारिहरू, यस सम्बन्धमा आयोग र नेपाल सरकारबाट प्रकाशित प्रतिवेदनहरू, आयोग र नेपाल सरकार एवम् कार्यान्वयन गर्ने निकायबीचमा पटक-पटक भएका पत्राचारहरूको अध्ययन गरेको छ। सो अध्ययन मस्यौदालाई अन्तिम रुप दिई आयोगको बैठकमा पेश गरी मस्यौदा माथि आयोगको वैठकमा व्यापक छलफल गरेको छ। छलफल प्रतिवेदनलाई थप सूधार गरी प्रकाशन गर्ने भनी पुनः मितिमा २०७६/९/१७ मा निर्णय भएपछि पुनः कार्यदलले मस्यौदामा थप सूधार गरी यो अध्ययन प्रतिवेदन तयार गरेको हो। यो प्रतिवेदन विशेषतः प्राथमिक स्रोतको प्रयोग गरेर तयार गरिएको छ।

## ५. सीमा

यो अध्ययन प्रतिवेदन आयोगबाट उजूरीहरूमा भएका निर्णयहरू र ती निर्णयहरूमा गरिएका सिफारिशहरूमा सीमित रहेर तयार गरिएको छ। उजूरीहरूको निर्णय सन्दर्भमा भएका बाहेक अन्य नीतिगत वा अन्य पक्षमा भए गरेका सिफारिशहरूलाई यस प्रतिवेदनमा समावेश गरिएको छैन। आयोगबाट भएका सिफारिश, सो सम्बन्धमा नेपाल सरकार लगायत अन्य सम्बद्ध निकाय एवम् पक्षहरू बीच भए गरेका पत्राचार, आयोग र नेपाल सरकारबाट यस सम्बन्धमा यसअघि प्रकाशन भएका प्रकाशनहरू र आयोगको सिफारिश कार्यान्वयन सम्बन्धमा प्रकाशित सामग्रीमा सीमित रहेर यो अध्ययन प्रतिवेदन तयार गरिएको छ। विश्वका अधिकांश देश सहित नेपालमा पनि अकस्मात उत्पन्न भएको कोरोना संक्रमणको गम्भीर अवस्था जस्ता कारणले प्रतिवेदन तयारीको सन्दर्भमा नेपाल सरकार तथा अन्य सरोकारवाला निकायहरूसँग आवश्यक अन्तर्क्रिया, छलफल तथा संवाद गर्न सकिएन।

परिच्छेद दुई

# सिफारिश सम्बन्धी कानूनी व्यवस्था र आयोगबाट भएका सिफारिशहरू

## १. सिफारिश सम्बन्धी कानूनी व्यवस्था

मानव अधिकार उल्लंघनका उजूरीहरूमा छानवीन तथा अनुसन्धान गरी पीडितको न्यायका लागि सिफारिश गर्नु आयोगको संवैधानिक कार्यादेश हो । यस सम्बन्धमा नेपालको संविधानको धारा २४९ को उपधारा २ का विभिन्न खण्डहरूले स्पष्ट व्यवस्था गरेका छन् । उपधारा (२) को खण्ड (क) ले आयोगलाई दोषी उपर कारवाही गर्न, खण्ड (ख) ले विभागीय कारवाही गर्न, खण्ड (ग) ले आवश्यकता अनुसार अदालतमा मुद्दा दायर गर्न र खण्ड (ङ) ले विभागीय कारवाही तथा सजाय गर्न सिफारिश गर्ने काम आयोगको हुने उल्लेख गरेका छन् । यस्तै उपधारा (३) को खण्ड (घ) ले मानव अधिकार उल्लंघनबाट पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति दिन आदेश दिने अधिकार आयोगलाई प्राप्त छ । यस बाहेक राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ ले पीडितलाई क्षतिपूर्ति दिन निर्णय गर्न सक्ने व्यवस्था गरेको छ ।

यस बाहेक आयोगबाट भएका सिफारिश, निर्णय वा आदेशको कार्यान्वयन सम्बन्धमा तत्कालीन मानव अधिकार आयोग ऐन, २०५३ को दफा १४(३) ले पनि व्यवस्था गरेको थियो ।[५] विद्यमान राष्ट्रिय मानव अधिकार आयोग ऐनको दफा १७ ले यस सम्बन्धमा विस्तृत व्यवस्था गरेको छ । यस दफाको उपदफा (१) ले आयोगको सिफारिश, निर्णय वा आदेश कार्यान्वयनको लागि सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकाय समक्ष लेखी पठाउनु पर्ने, उपदफा (२) ले यसरी लेखी गएको सिफारिश, निर्णय वा आदेश सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकायले तीन महिनाभित्र कार्यान्वयन गरी आयोगलाई जानकारी गराउनु पर्ने, उपदफा (३) ले कार्यान्वयनमा कुनै समस्या भएमा दुई महिनाभित्र पुनर्विचारको लागि आयोग समक्ष पठाउनु पर्ने, उपदफा (४) ले उपदफा (३) बमोजिमको पत्र आएमा त्यसमा विचार गरी पुनः निर्णय गर्नुपर्ने र आयोगले निर्णय गर्दा यथावत वा संशोधन सहित कार्यान्वयनको लागि पुनः सिफारिश गर्ने र उपदफा (५) बमोजिमको सिफारिश पुनः कार्यान्वयनको लागि आएमा यथाशीघ्र कार्यान्वयन गरी आयोगलाई जानकारी गराउनु पर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको छ । यस्तै पीडितलाई तीन महिनाभित्र क्षतिपूर्ति उपलब्ध गराई सक्नुपर्ने बाध्यात्मक व्यवस्था उपदफा (६) ले गरेको छ । यस बाहेक उपदफा ७ देखि १३ सम्म पनि आयोगका सिफारिश कार्यान्वयनसँग कुनै न कुनै व्यवस्था यस ऐनले गरेको छ । आयोगको निर्णय वा सिफारिश कार्यान्वयन सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १८ ले पनि केही व्यवस्था गरेको छ ।

यसैगरी नेपालको संविधानको धारा १२६ (२) अनुसार बाध्यात्मक रुपमा कार्यान्वयन हुने सर्वोच्च अदालतका आदेशमा समेत आयोगका सिफारिश कार्यान्वयन बाध्यात्मक रुपमा गरिनु पर्ने व्याख्या गरिएको छ । अधिवक्ता भोजराज ऐर विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत भएको मुद्दामा अदालतले "... मानव

---

५ ... कारवाहीका लागि लेखी आएकोमा सम्बन्धित निकाय वा अधिकारीले पनि आयोगबाट लेखी आएबमोजिमको कारवाही गरी वा गर्न नमिलने भएमा सो को कारण सहित खुलाई आयोगबाट प्राप्त भएको मितिले तीन महिनाभित्र सो बमोजिम कारवाही गरिएको जानकारीको प्रतिवेदन सम्बन्धित निकाय वा अधिकारीले आयोग समक्ष पठाउनु पर्नेछ ।

अधिकारको संरक्षणको लागि राष्ट्रिय मानव अधिकार आयोगबाट जारी भएको आदेश वा निर्देशन कार्यान्वयन गर्ने वा आयोगबाट गरिएको सिफारिश वा सुझाव कार्यान्वयन गर्न सरकारले कुनै '***If & Buts***' को जिकिर लिन नहुने भनी आदेश गरेको छ।[६] यस्तै ओमप्रकाश अर्याल विरुद्ध राष्ट्रिय मानव अधिकार आयोग समेत भएको अर्को मुद्दामा "आयोगले बिना आधार र कारण हचुवाको भरमा कसैका विरुद्ध मुद्दा चलाउन सिफारिश गर्ने पनि होइन। त्यसैले राष्ट्रिय मानव अधिकार आयोगको सिफारिशलाई कार्यान्वयन गर्ने वा नगर्ने भन्ने स्वविवेक त्यस्तो सिफारिश प्राप्त गर्ने निकाय वा पदाधिकारीलाई रहन्छ भनी सम्झन मिल्दैन। त्यस्तो स्वविवेक प्रदान गर्ने खालका कानूनी व्यवस्थाहरू संविधानको प्रावधान र त्यसको मनसाय अनुकुल हुन्छन भनी अर्थ गर्न पनि नमिल्ने" आदेश भएको छ।[७] संवैधानिक र कानूनी व्यवस्था बमोजिम सर्वोच्च अदालतबाट भएका आदेशहरू समेतको आधारमा आयोगबाट भएका सिफारिशहरूको कार्यान्वयन गर्नबाट कुनै पनि वाहना र चाहनामा आयोगका निर्णय वा सिफारिश कार्यान्वयन गर्ने जिम्मेवारी भएका पदाधिकारी, व्यक्ति वा निकाय भाग्न, उम्कन सक्ने अवस्था रहेको छैन।

## २. आयोगमा दर्ता भएका उजूरीहरू, निर्णय/सिफारिश र फछ्र्यौट

### २.१ उजूरी दर्ता, निर्णय/सिफारिश र फछ्र्यौटको अवस्था

आयोग स्थापनाको २० वर्षमा आयोगमा मानव अधिकार उल्लंघन एवम् दुरुत्साहन भएको भनी विभिन्न शीर्षकहरूमा १२,८२६ ओटा उजूरीहरू दर्ता हुन आएका छन्। जसमा १,१९५ ओटा उजूरीहरूमा आयोगले पीडितको न्यायको लागि सिफारिश गरेको छ भने बाँकी ५,४९७ ओटा उजूरीहरू तामेलीमा राख्ने, खारेजी गर्ने वा टुंग्याउने कार्य भएको छ। जसबाट यस २० वर्षको अवधिमा ६,६१६ ओटा उजूरीहरू फछ्र्यौट भएको पाइन्छ भने फछ्र्यौट हुन बाँकी उजूरीहरूको संख्या ४,६२७ रहेको छ। त्यसै गरी सिफारिश भएका उजूरीहरू मध्ये सबैभन्दा बढी जीवनको अधिकारसँग सम्बन्धित रहेका छन् भने सबैभन्दा कम शरणार्थीको अधिकारमा रहेका छन्। आ.व. २०७६/०७७ मा सबैभन्दा बढी १३८ ओटा र आ.व. २०५७/०५८ र २०७०/०७१ मा सबैभन्दा कम २/२ ओटा सिफारिश रहेको छ भने आ.व. २०७५/०७६ मा सबैभन्दा बढी ७८१ ओटा उजूरी फछ्र्यौट भएको छ। आ.व. २०६३/०६४ मा आयोग पदाधिकारी विहीन रहेकाले कुनै निर्णय सिफारिश हुन नसकेको हो। २०५७ साल जेठ १३ गते आयोगको स्थापना भई आ.व. २०५७/०५८ आयोगको पहिलो कार्यकाल भएको र आ.व. २०७०/०७१ मा ३ महिना मात्र आयोगमा पदाधिकारीहरू रहेका कारण २/२ ओटा मात्र सिफारिश भएको.कारण फछ्र्यौट संख्या पनि कम रहेको हो। जसको विस्तृत विवरण तालिका नं. १ बाट स्पष्ट गरिएको छ।


आयोगबाट श्री नयनबहादुर खत्री अध्यक्ष रहेको पहिलो आयोगको ५ वर्षे कार्यकालमा ११८ सिफारिश सहित ५२४ उजूरी फाइलहरू फछ्र्यौट भएको छ। आयोगको दोस्रो कार्य अवधि पनि श्री नयनबहादुर खत्रीकै अध्यक्षतामा गठन भएको थियो। तर, यो आयोगका पदाधिकारीहरूले करीव १ वर्षे कार्यकालमै राजिनामा दिएकाले ८६ सिफारिश सहित ७०७ वटा फाइलहरू फछ्र्यौट गरेको छ। आयोगको तेस्रो कार्यकाल श्री केदारनाथ उपाध्याय अध्यक्ष रहेको ६ वर्षे कार्य अवधिमा ५८८ वटा सिफारिश सहित ३२७२ वटा फाइलहरू फछ्र्यौट गरेको छ। चौथो कार्यकाल २०७१/०७२ देखि २०७६/७७ सम्मको श्री अनूप राज शर्मा अध्यक्ष रहेको ६ वर्षे कार्यकालमा ४५७ वटा सिफारिश सहित २,११५ वटा फाइलहरू फछ्र्यौट गरेको छ।


६ संवत २०६२ सालको रिट नं. ३०८१, आदेश मिति २०६४/९/२/२

७ ने.का.प. २०७० अंक ७, पृष्ठ ७४३

## तालिका नं. १ उजूरी दर्ता तथा निर्णय/सिफारिश र फछ्र्योट विवरण

| क्र.सं. | आ.व. | प्राप्त उजूरी संख्या | कुल सिफारिश संख्या | अन्तरिम सिफारिश संख्या | फछ्र्योट संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | सिफारिशबाट | तामेली, खारेजी, टुङ्ग्याएको | जम्मा |
| १ | २०५७/५८ | ३८५ | २ | | २ | ७ | ९ |
| २ | २०५८/५९ | ३०२ | ५ | | ५ | ७१ | ७६ |
| ३ | २०५९/६० | ४८३ | १४ | | १४ | ८९ | १०३ |
| ४ | २०६०/६१ | १०८३ | ८ | | ८ | ५४ | ६२ |
| ५ | २०६१/६२ | १७८२ | ३५ | १ | ३४ | २४० | २७४ |
| ६ | २०६२/६३ | २३३१ | ८६ | | ८६ | ६२१ | ७०७ |
| ७ | २०६३/६४ | १९४८ | ० | | ० | ० | ० |
| ८ | २०६४/६५ | ११७३ | ६५ | ९ | ५६ | ४६५ | ५२२ |
| ९ | २०६५/६६ | ६७७ | ८० | १८ | ६२ | ५५८ | ६२० |
| १० | २०६६/६७ | ४०३ | १११ | ९ | १०२ | ३८१ | ४८३ |
| ११ | २०६७/६८ | ३४५ | १३१ | १० | १२१ | ५७९ | ७०१ |
| १२ | २०६८/६९ | २७६ | १०० | २० | ८० | ३७९ | ४५९ |
| १३ | २०६९/७० | २१९ | ९९ | ८ | ९१ | ३९६ | ४८७ |
| १४ | २०७०/७१ | २४० | २ | | २ | ० | २ |
| १५ | २०७१/७२ | १६० | ८ | | ८ | १२० | १२८ |
| १६ | २०७२/७३ | २१९ | २७ | | २७ | १०९ | १३६ |
| १७ | २०७३/७४ | २१० | ४४ | | ४४ | १५६ | २०० |
| १८ | २०७४/७५ | १५२ | १०६ | | १०६ | १९७ | ३०४ |
| १९ | २०७५/७६ | २३२ | १३४ | २ | १३२ | ६४९ | ७८१ |
| २० | २०७६/७७ | २०६ | १३८ | | १३८ | ४२६ | ५६४ |
| | जम्मा | १२,८२६ | १,१९५ | ७७ | १,११८ | ५४९७ | ६,६१५ |







## २.२ विषयगत आधारमा गरिएका सिफारिशहरू

आयोगको २० वर्षको अवधिमा कुल १,१९५ ओटा सिफारिश गरिएकोमा सबैभन्दा बढी जीवनको अधिकार विषयसँग सम्बन्धित रहेका छन् । त्यसैगरी सबैभन्दा कम शरणार्थी/सूचनाको अधिकार, स्वच्छ वातावरणको अधिकार र धम्कि विरुद्धको अधिकारसँग सम्बन्धित रहेका छन् । जीवनको अधिकारसँग सम्बन्धित विषय अन्तर्गत हत्या विषयमा ६६० ओटा सिफारिश रहेका छन् भने सबैभन्दा कम रहेको शरणार्थी/सूचनाको अधिकार, स्वच्छ वातावरणको अधिकार अन्तर्गत २/२ ओटा सिफारिश रहेका छन् । आयोगले यस अवधिमा हत्या, बेपत्ता, अपहरण, महिला अधिकार, बाल अधिकार, जातीय विभेद लगायत २३ ओटा विषयमा सरकार तथा अन्य निकायमा सिफारिश गरेको छ । जसको विस्तृत विवरण तल तालिका नं. २ बाट स्पष्ट गरिएको छ ।

**तालिका नं.** २ आयोगबाट गरिएका विषयगत सिफारिश विवरण

| सिफारिश गरिएको आ.व. | हत्या / मृत्यु | घाइते / कुटपिट | धम्की | गैरकानूनी थुना / स्वेच्छाचारी पक्राउ | बन्दीको अधिकार | न्याय प्रशासन | आन्तरिक विस्थापन | सम्पत्तिको अधिकार | यातना | बेपत्ता | अपहरण | खाद्य / उपभोक्ता | स्वास्थ्यको अधिकार | शिक्षाको अधिकार | श्रम / रोजगारको अधिकार | आवासको अधिकार | बालअधिकार | महिला अधिकार | अपाङ्गता अधिकार | आप्रवासीको अधिकार | जातीय विभेद अधिकार | सूचनाको / शरणार्थी हक | स्वच्छ वातावरण | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०५७/५८ | १ | | | १ | | | | | | | | | | | | | | | | | | | | २ |
| ०५८/५९ | २ | | | १ | | | | | | | | | | | १ | १ | | | | | | | | ५ |
| ०५९/६० | ० | | | | | | | | १ | | | | | | | | | १३ | | | | | | १४ |
| ०६०/६१ | ६ | १ | १ | | | | | | ० | | | | | | | | | | | | | | | ८ |
| ०६१/६२ | ३१ | ० | | | | | १ | | २ | १ | | | | | | | | | | | | | | ३५ |
| ०६२/६३ | ६६ | ० | | | १ | १ | १ | | ६ | ७ | | | १ | | | | | २ | | | | १ | | ८६ |
| ०६३/६४ | ० | ० | | | | | ० | | ० | ० | | | | | | | | | | | | | | ० |
| ०६४/६५ | ४२ | १ | | | | १ | ८ | | २ | ६ | ५ | | | | | | | | | | | | | ६५ |
| ०६५/६६ | ४० | ० | | | २ | | ११ | २ | ४ | १५ | ४ | | | | | | २ | | | | | | | ८० |
| ०६६/६७ | ५३ | ८ | | | | १ | ७ | १ | १० | २८ | १ | | १ | | | | | १ | | | | | | १११ |
| ०६७/६८ | ८५ | २ | | | | ४ | ४ | ४ | ८ | १५ | ३ | | | २ | | | ३ | १ | | | | | | १३१ |
| ०६८/६९ | ६३ | ४ | | | | | ० | ० | ८ | २० | ३ | | १ | | | १ | | | | | | | | १०० |
| ०६९/७० | ५० | १४ | | ४ | २ | २ | ६ | २ | ७ | ५ | ३ | | १ | १ | | | १ | | १ | | | | | ९९ |
| ०७०/७१ | २ | ० | | | | | ० | ० | ० | ० | | | | | | | | | | | | | | २ |
| ०७१/७२ | ७ | ० | | | | | ० | ० | ० | ० | | | | | | | | | | | | १ | | ८ |
| ०७२/७३ | १६ | ३ | | | | २ | १ | ० | ४ | १ | | | | | | | | | | | | | | २७ |
| ०७३/७४ | १७ | ४ | | | १ | | ० | १ | ४ | १ | | | | | | | २ | | १४ | | | | | ४४ |
| ०७४/७५ | ४१ | ११ | | ४ | | ४ | २ | १० | ६ | १८ | २ | | | १ | १ | | ३ | १ | | | २ | | | १०६ |
| ०७५/७६ | ५८ | १६ | १ | ३ | | ५ | २ | २१ | ९ | १ | २ | | ४ | | ३ | १ | २ | १ | | | ३ | | २ | १३४ |
| ०७६/७७ | ८० | १६ | | | | ५ | १ | ६ | १६ | ३ | ३ | ३ | १ | | | | १ | १ | | | २ | | | १३८ |
| जम्मा | ६६० | ८० | २ | १३ | ६ | २५ | ४४ | ४७ | ८७ | १२१ | २६ | ३ | ९ | ४ | ५ | ३ | १४ | २० | १५ | ० | ७ | २ | २ | ११९५ |





## २.३ सिफारिश गरिएका उजूरीको प्रकृति र उजूरीमा गरिएको सिफारिशको प्रकृति

आयोगले बीस वर्षको अवधिमा गरेका ११९५ ओटा सिफारिशहरू गरेकोमा ९४० ओटा द्वन्द्वसँग सम्बन्धित उजूरीमा सिफारिश गरेको छ भने २५५ ओटा द्वन्द्वसँग असम्बन्धित उजूरीमा सिफारिश गरेको छ। आ.व.२०६७/०६८ र २०७६/०७७ मा सबैभन्दा बढी ११०/११० ओटा द्वन्द्वसँग सम्बन्धित उजूरीहरूमा सिफारिश गरेको छ भने आ.व. २०५७/०५८ मा सबैभन्दा कम १ ओटामा सिफारिश गरेको छ। द्वन्द्वसँग असम्बन्धित उजुरीहरूको सिफारिशमा सबै भन्दा बढी आ.व ०७५/०७६ मा ४५ वटा र सबैभन्दा कम आ.व ०५७/०५८ एक वटा मात्र रहेको छ। हालसम्म गरिएका सिफरिशहरूमा ७८.६६ प्रतिशत द्वन्द्वसँग सम्बन्धित र २१.३४ प्रतिशत द्वन्द्वसँग असम्बन्धित रहेका छन्। जसको विस्तृत विवरण तल तालिका नं. ३ बाट स्पष्ट गरिएको छ।

**तालिका नं. ३. सिफारिश गरिएका उजूरीहरूको प्रकृति**

| आ. व. | द्वन्दसँग सम्बन्धित | द्वन्दसँग असम्बन्धित | जम्मा |
|---|---|---|---|
| २०५७/०५८ | १ | १ | २ |
| २०५८/०५९ | ० | ५ | ५ |
| २०५९/०६० | ० | १४ | १४ |
| २०६०/०६१ | ७ | १ | ८ |
| २०६१/०६२ | ३५ | २ | ३७ |
| २०६२/०६३ | ७२ | १४ | ८६ |
| २०६३/०६४ | ० | ० | ० |
| २०६४/०६५ | ५७ | ८ | ६५ |
| २०६५/०६६ | ७१ | ९ | ८० |
| २०६६/०६७ | ९७ | १४ | १११ |
| २०६७/०६८ | ११० | २१ | १३१ |
| २०६८/०६९ | ८५ | १५ | १०० |
| २०६९/०७० | ७९ | १९ | ९८ |
| २०७०/०७१ | ० | २ | २ |
| २०७१/०७२ | ६ | २ | ८ |

| | | | |
|---|---|---|---|
| २०७२/०७३ | १८ | ९ | २७ |
| २०७३/०७४ | २२ | २२ | ४४ |
| २०७४/०७५ | ८१ | २५ | १०६ |
| २०७५/०७६ | ८९ | ४५ | १३४ |
| २०७६/०७७ | ११० | २८ | १३८ |
| जम्मा | ९४० | २५५ | ११९५ |





त्यस्तै गरी आयोगले गरेको सिफारिशहरूको प्रकृती हेर्दा जम्मा ३४ ओटा प्रकृतीको सिफारिश गरेको छ। जसमा क्षतिपुर्ति तथा राहत उपलब्ध गराउन, दोषी पहिचान गरी कानून बमोजिम कारवाही गर्न, फौज्दारी अभियोगमा मुद्दा चलाउन, विभागीय कारवाहि गर्न, निशुल्क शिक्षाको व्यवस्था गर्न, निशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न, पुनर्स्थापना गर्न, रोजगारीको व्यवस्था गर्न आदी मूख्य रुपमा रहेका छन्। यसमध्ये सबैभन्दा बढी क्षतिपुर्तिको लागि मात्रै ७६४ ओटा सिफारिश गरेको छ भने सबैभन्दा कम आवासको अधिकार र मनोसामाजिक परामर्शको लागि १/१ ओटा सिफारिश गरेको छ। कुल सिफारिशको अवस्था हेर्दा एउटै उजूरी उपर सिफारिश गर्दा धेरै प्रकृतीका सिफारिशहरू गरेको अवस्था रहेको छ। एउटै सिफारिशमा दोषि पहिचान गरी कारवाहि, क्षतिपूर्ति, निशुल्क शिक्षा र निशुल्क स्वास्थ्यको लागि समेत सिफारिश गरको छ। आयोगले कतिपय उजूरी उपर सिफारिश गर्दा राज्य तथा सम्बन्धित निकायले आगामी दिनमा मानव अधिकारको संरक्षणको लागि सुधार गर्नु पर्ने विषय समेत समावेश गरेको छ जसलाई नीतिगत सिफारिश अन्तर्गत राखिएको छ। जसको विस्तृत विवरण तल तालिका नं. ४ बाट स्पष्ट गरिएको छ।

## तालिका नं. ४ उजूरीमा गरिएका सिफारिशको प्रकृति

| विषय | ०५७/०५८ | ०५८/०५९ | ०५९/०६० | ०६०/०६१ | ०६१/०६२ | ०६२/०६३ | ०६ ०६४ | ०६४/०६५ | ०६५/०६६ | ०६६/०६७ | ०६७/०६८ | ०६८/०६९ | ०६९/०७० | ०७०/०७१ | ०७१/०७२ | ०७२/०७३ | ०७३ /०७४ | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्षतिपूर्ति | १ | १ | १४ | ४ | ३० | ६७ | | ३८ | ४१ | ६८ | ९२ | ७३ | ८३ | २ | ७ | २१ | १६ | ७३ | ८० | ५४ | ७६५ |
| दोषी पहिचान गरी कार्वाही | ० | १ | | ४ | ७ | ५० | | ११ | १८ | ४७ | ६२ | ४१ | ३१ | १ | ७ | १५ | १४ | ६० | ६७ | ९२ | ५२८ |
| दोषी किटान गरिएकालाई कारबाही गर्ने | ० | ० | | ० | ० | १ | | ६ | ३ | २२ | ८ | १९ | ५ | १ | ० | ३ | ७ | ४ | १५ | १२ | १०६ |
| राहत /अन्तारम | ० | ० | | १ | ३ | ० | | ९ | २० | २८ | १७ | १३ | ७ | ० | ० | १ | ० | ३ | ० | १ | १०३ |
| निःशुल्क शिक्षा | ० | ० | | ० | ० | २ | | ८ | ३ | १३ | १० | २ | ७ | १ | १ | १ | ५ | ११ | ५ | २ | ७१ |
| दोषी पहिचान गरि प्रचलित कानूनअनुसार कार्बाही गर्ने | ० | ० | | १ | १५ | २ | | ७ | ३ | ३ | १ | ५ | ० | ० | ० | ० | २२ | ४८ | ० | १ | १०८ |
| फौजदारी अभियोगमा कारबाही गर्ने | ० | ० | | ० | ० | १ | | १३ | १५ | ४ | २१ | २७ | २९ | २ | ० | ० | ० | १ | ० | ० | ११३ |
| आवश्यक कार्बाही गर्ने | ० | ० | | ० | २ | ९ | | ४ | १ | ० | ० | ० | ० | ० | ० | १ | २ | ० | ० | ० | १९ |
| निःशुल्क स्वास्थ्य उपचार | ० | ० | | ० | २ | १० | | २ | ३ | २ | ५ | २ | १ | ० | १ | ५ | १६ | ९ | १० | ५ | ७३ |
| अनुसन्धान गरी दोषीलाई कार्बाही गर्ने | ० | १ | | १ | १ | ० | | १ | १ | ० | २ | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ८ |
| कानून बमोजिम मुद्दा दायर | ० | ० | | ० | ० | ० | | ० | ० | ० | ३ | १ | ० | ० | १ | १ | ० | ० | ० | ० | ६ |
| पुनर्स्थापना/रोजगारी | ० | ० | | ० | २ | ० | | ० | ७ | ६ | १ | १ | ० | ० | ० | ० | २ | ० | ० | ० | १९ |
| सम्पत्तिको अधिकार | ० | ० | | ० | ३ | ७ | | ७ | ९ | ६ | ४ | ० | १ | ० | १ | ० | ४ | ० | ८ | २ | ५२ |
| आवश्यक अनुसन्धान गर्ने | ० | ० | | ० | ० | २ | | १ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ |
| विभागीय कार्बाही गर्ने | ० | ० | | ० | ० | ० | | ० | ० | ० | ६ | ८ | ४ | ३ | ३ | ३ | ६ | १ | ० | ० | ३४ |
| आवासको अधिकार सुनिश्चित | ० | १ | | ० | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| मानवीय कानूनको पालना | ० | ० | | २ | १ | १७ | | २ | ० | ३ | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | २ | २९ |
| पारीश्रमिक उपलब्ध गराउने/श्रमको अधिकार | ० | १ | | ० | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | २ |
| परिपूरण | ० | ० | | ० | ० | ० | | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ५ | ११ | ० | ० | १७ |
| आयोगको काममा असहयोग | ० | १ | | ० | ० | ० | | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | २ |
| प्रभावकारी अनुसन्धान गर्ने | ० | ० | | ० | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ३ |
| प्रतिकार समूहलाई प्रोत्साहन नगर्ने | ० | ० | | १ | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ऐनकानूनको प्रभावकारी प्रोत्साहन गर्ने | ० | ० | | ० | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | ४ |
| अनुगमन/ सचेतना/ शान्ति सुरक्षा/शरणार्थी | ० | ० | | ० | ० | ० | | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | २ |
| पीडकबाट क्षतिपूर्ती भराउने | १ | ० | | ० | ० | ३ | | ० | ० | २ | ० | २ | ० | ० | ० | | ० | ० | ० | ० | ८ |
| जीविकोपार्जन - गाँस, वास र कपास | ० | ० | | ० | ० | ० | | १ | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | १ | १ | ५ |
| अवस्था सार्वजनिक गर्ने | ० | ० | | ० | ० | ० | | ० | ० | २८ | ५ | ० | १ | ० | ० | ० | ० | १७ | ० | ० | ५१ |
| सचेत गर्ने /गराउने | ० | ० | | ० | ० | ० | | ० | ० | ० | ३ | ६ | ० | ० | ० | ० | १ | १ | ० | ० | ११ |
| ध्यानाकर्षण गराउने | | ० | | ० | ० | ० | | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ३ | २ | ० | ० | ६ |
| रेकर्ड राख्ने | ० | ० | | ० | ० | ० | | ० | ० | ० | १ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ |
| मानव अधिकारको अपहेलना गर्ने /स्वेच्छाचारी पक्राउ गर्ने | १ | ० | | ० | २ | ० | | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ |
| निर्देशनात्मक आदेश | ० | १ | | ० | ० | १४ | | १५ | ११ | ४ | ९ | १ | ४ | ७ | १ | १ | २४ | १६ | २० | १ | १२९ |
| सचेतना/नियमित अनुगमन | १ | ० | | ० | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १ | ४ |
| मनोसामाजिक परामर्श | ० | ० | | ० | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | १ |




## २.४ आयोगको निर्णय/सिफारिश बमोजिमका उल्लंघनकर्ता निकायहरू

राष्ट्रिय मानव अधिकार आयोगलाई प्राप्त प्रमुख अधिकार मध्ये मानव अधिकार उल्लंघनको दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्तिको लागि सिफारिश गर्नु पनि हो। यसरी सिफारिशको लागि निर्णय गर्नु अघि उल्लंघनकर्ता व्यक्ति वा निकाय पहिचान गर्ने र दोषि देखिएमा कारवाहिको लागि सिफारिश हुने गरेको छ। आयोगले आफ्नो स्थापनाकालदेखि हालसम्म गरेका सिफारिशहरूमा ११ ओटा निकायलाई नामै किटान गरी उल्लंघनकर्ताको रुपमा पहिचान गरी संलग्नलाई कारवाहिको लागि सिफारिश समेत गरेको छ भने कुन निकाय वा व्यक्ति हो भनी स्पष्ट खुल्न नसकेको अवस्थामा अन्य अज्ञात भनी उल्लेख गरिएको छ। यस्ता निकायहरूमा सुरक्षाकर्मी, सेना, प्रहरी, सरकारी निकाय, समुदाय आदि रहेका छन्। सशस्त्र द्वन्द्वको क्रममा तत्कालीन शाही नेपाली सेना, सशस्त्र प्रहरी र जनपद प्रहरी संलग्न संयुक्त सुरक्षा टोलीलाई सुरक्षाकर्मीको रुपमा उल्लेख गरिएको छ। आयोगले गरेको सिफारिशमा उल्लंघनकर्ताको रुपमा सबैभन्दा बढी सुरक्षाकर्मी नै रहेका छन्। जम्मा ३६० ओटा सिफारिशमा सुरक्षाकर्मीलाई उल्लंघनकर्ताको रुपमा उल्लेख गरिएको छ। त्यस्तै गरी दोस्रो क्रममा तत्कालीन शाही नेपाली सेना हालको नेपाली सेना रहेको छ। जम्मा २०८ ओटा सिफारिशमा सेनालाई मानव अधिकार उल्लंघनकर्ताको रुपमा उल्लेख गरिएको छ। सबैभन्दा कम उल्लंघनकर्ताको रुपमा कारागार प्रशासन रहेको छ जसलाई ७ ओटा सिफारिशमा मात्र उल्लंघनकर्ताको रुपमा उल्लेख गरिएको छ। त्यस्तै राज्यका सुरक्षा निकायहरू तत्कालिन शाही नेपाली सेना हालको नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संलग्नता भई दोषी पहिचान गरिएका क्रमशः २०८, १३१ र २२ वटा सिफारिशहरू रहेका छन्। तत्कालिन नेकपा माओवादीको प्रत्यक्ष संलग्नतामा भएका मानव अधिकार ज्यादतीका २८७ सिफारिशहरू छन्। जसको विस्तृत विवरण तल तालिका नं. ५ बाट स्पष्ट गरिएको छ।

**तालिका नं. ५ आयोगको निर्णय/सिफारिश बमोजिमका उल्लंघनकर्ता निकायहरू**

| आ ब | नेपाली सेना | नेपाल प्रहरी | सशस्त्र प्रहरी बल | सुरक्षाकर्मी | नेकपा माओवादी | सरकार / माओवादी | अन्य / सरकारी निकाय | समुदाय | कारागार प्रशासन | विद्यालय / शिक्षक | अन्य प्रतिकार समूह | अज्ञात अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०५७/०५८ | | २ | | | | | | | | | | | २ |
| ०५८/०५९ | | ४ | | | | | १ | | | | | | ५ |
| ०५९/०६० | | १ | | | | | | १३ | | | | | १४ |
| ०६०/०६१ | २ | १ | | | ३ | १ | | | | | | १ | ८ |
| ०६१/०६२ | ५ | १ | | २२ | ६ | | | | | | १ | | ३५ |
| ०६२/०६३ | १० | ७ | १ | ४५ | ११ | ६ | | ३ | | | २ | १ | ८६ |
| ०६३/०६४ | | | | | | | | | | | | | ० |
| ०६४/०६५ | ९ | २ | | २७ | २२ | | | १ | २ | | | २ | ६५ |
| ०६५/०६६ | १० | ५ | | ३२ | २७ | | ३ | | १ | | | २ | ८० |
| ०६६/०६७ | २९ | १६ | १ | ३१ | २३ | ६ | ३ | | | | | २ | १११ |
| ०६७/०६८ | ३३ | १० | २ | ४६ | २५ | | ३ | ३ | १ | ३ | | ५ | १३१ |
| ०६८/०६९ | २२ | २३ | १ | २८ | १९ | १ | ३ | | २ | १ | | | १०० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०६९/०७० | १७ | १२ | | २० | ३३ | ८ | ७ | | | | | २ | ९९ |
| ०७०/०७१ | १ | | | | | | | १ | | | | | २ |
| ०७१/०७२ | १ | | १ | ३ | १ | १ | १ | | | | | | ८ |
| ०७२/०७३ | ७ | ७ | | ७ | ४ | १ | | १ | | | | | २७ |
| ०७३/०७४ | ७ | १ | | ९ | ७ | ४ | १३ | २ | | १ | | | ४४ |
| ०७४/०७५ | २१ | ९ | ३ | ३४ | २३ | १ | ५ | ३ | | ६ | | ३ | १०६ |
| ०७५/०७६ | १३ | १२ | ४ | २२ | ४० | ६ | ९ | १ | | ५ | २० | २ | १३४ |
| ०७६/०७७ | २१ | १८ | ९ | ३४ | ४३ | ३ | ५ | १ | १ | | | ३ | १३८ |
| जम्मा | २०८ | १३१ | २२ | ३६० | २८८ | ३८ | ५३ | २९ | ७ | १६ | २३ | २३ | **११९५** |




## २.५ सिफारिश कार्यान्वयनका क्रममा पत्राचार भएका निकायहरू

आयोगले सिफारिशको लागि निर्णय गरिसकेपछि उक्त सिफारिश कार्यान्वयनको लागि सामान्तया प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा पत्राचार गर्ने गर्दछ। राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा ३१ मा आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय मार्फत राख्नु पर्ने व्यवस्था बमोजिम उक्त पत्राचार हुने गरेको हो। ऐनको दफा १७ (१)बमोजिम कतिपय अवस्थामा कार्यान्वयन गर्नु पर्ने निकायमा सोझै पनि पत्राचार हुने गरेको छ। आयोगको स्थापनादेखि हालसम्म ११९५ ओटा सिफारिश भएकोमा उक्त सिफारिश कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा ११८४ ओटा प्रारम्भिक पत्राचार भएको पाइन्छ। त्यस्तै अन्य निकायमा ३० ओटा प्रारम्भिक पत्राचार भएको छ। सिफारिश कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पत्राचार भएपछि सो निकायबाट क्रमशः कार्यान्वयन गर्नुपर्ने प्राथमिक जिम्मेवारी भएका निकायहरूमा पत्राचार भए पनि अधिकांश गृह मन्त्रालयमा रोकिने गरेको पाइएको छ। सिफारिश कार्यान्वयनको लागि पठाइएको पत्राचारहरूमा गृह मन्त्रालयबाट प्रक्रिया अगाडि नबढी सोही मन्त्रालयमा नै रोकिएका सबैभन्दा धेरै ५३७ ओटा रहेका छन् भने त्यसपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा ३०५ ओटा रहेका छन्। सबैभन्दा कम महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा ६ ओटा रहेका देखिएको छ। जसको विस्तृत विवरण तल तालिका नं. ६ बाट स्पष्ट गरिएको छ।

**तालिका नं. ६ सिफारिश कार्यान्वयनको सन्दर्भमा पत्राचार भएका निकायहरू**

| आ.व. | शुरु पत्राचार निकाय | | कारवाही रोकिएको मन्त्रालय | | | | | | | | अन्य कार्यालयहरू | | | नेकपा माओवादी | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रमका | अन्य | प्रमका | गृह | रक्षा | शान्ति | अर्थ | शिक्षा | स्वास्थ्य | मबाज्ये | नेपाल प्रहरी | नेपाली सेना | सशस्त्र प्रहरी | | |
| ०५७/०५८ | १ | १ | १ | १ | - | - | - | - | - | - | - | - | - | - | - |
| ०५८/०५९ | २ | ३ | २ | २ | - | - | - | - | - | - | - | - | - | - | १ |
| ०५९/०६० | १४ | | ० | ० | - | - | - | - | - | - | - | - | - | - | - |
| ०६०/०६१ | ८ | | ० | ३ | - | - | - | - | - | - | - | १ | - | - | - |
| ०६१/०६२ | ३५ | | ० | २२ | ५ | - | - | - | - | - | - | ५ | - | १ | - |
| ०६२/०६३ | ८६ | | १० | ५५ | ३० | ३ | - | - | - | - | - | १२ | १ | ८ | - |
| ०६३/०६४ | | | - | - | - | - | - | - | - | - | - | - | - | ० | - |
| ०६४/०६५ | ६५ | १३ | ४ | ३९ | १२ | - | - | - | - | - | ११ | ३ | १ | १ | - |
| ०६५/०६६ | ७६ | ४ | १८ | २४ | १ | १ | - | - | - | - | - | - | - | १ | - |
| ०६६/०६७ | ११० | १ | ६३ | १४ | - | ४ | - | - | - | - | - | ५ | - | - | - |
| ०६७/०६८ | १३१ | १ | ५० | ४७ | २३ | १८ | - | ३ | - | १ | २० | - | १ | - | - |
| ०६८/०६९ | १०० | | ४२ | २३ | ३ | ३ | २ | - | - | - | १८ | - | - | - | - |
| ०६९/०७० | ९८ | १ | ४४ | २३ | ३ | १४ | - | २ | २ | १ | १६ | ४ | - | - | - |
| ०७०/०७१ | २ | | - | २ | - | - | १ | - | - | - | - | - | - | - | - |
| ०७१/०७२ | ८ | ५ | ७ | ३ | - | ४ | - | - | ३ | - | - | - | - | - | - |
| ०७२/०७३ | २७ | | ४ | २२ | ५ | १४ | १ | - | ३ | - | ३ | - | - | - | - |
| ०७३/०७४ | ४४ | | २० | २४ | ६ | ० | १ | २ | १० | २ | ३ | - | १ | - | - |
| ०७४/०७५ | १०६ | | २४ | ७३ | २५ | ० | १३ | ७ | ४ | २ | ७ | - | १ | - | १ |
| ०७५/०७६ | १३३ | १ | १ | ९४ | - | - | - | - | - | - | - | - | - | - | ४ |
| ०७६/०७७ | १३८ | | १५ | ६६ | ४२ | - | १० | १ | ४ | - | ४८ | - | ६ | - | २ |
| जम्मा | ११८४ | ३० | ३०५ | ५३७ | १५६ | ६० | २८ | १५ | २६ | ६ | १२६ | ३० | ११ | ११ | ८ |


नोटः अन्य अन्तर्गत गृह मन्त्रालय, रक्षा मन्त्रालय, अर्थ मन्त्रालय, स्वास्थ्य मन्त्रालय, परराष्ट्र मन्त्रालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सर्वोच्च अदालत, कारागार व्यवस्थापन विभाग, ललितपुर महानगरपालिका र सशस्त्र प्रहरी बल नेपाल समेत रहेका छन् ।


## २.६ विविधताको आधारमा आयोगको निर्णयबमोजिम क्षतिपूर्ति/राहतको लागि सिफारिश भएका पीडितहरू

बीस वर्षका अवधिमा बालबालिका, महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका व्यक्ति तथा समुदायका मानव अधिकार उल्लंघन एवम् दुरुत्साहनका उल्लेखनीय घटनाहरू भए । बीस वर्षको अवधिमा भएका १,१९५ वटा सिफारिशहरूमा जम्मा पीडितहरूको संख्या २४३५ जना रहेका छन् । जसमध्ये महिला ४०३ जना र पुरुष २,०३२ जना रहेका छन् । उजूरीमा उल्लेख गरिएका व्यक्तिहरू बाहेक ३५ समुदाय समेतको मानव अधिकार उल्लंघन भएकोले पीडित व्यक्तिको साथसाथै समुदायको मानव अधिकार संरक्षण गर्न समेत आयोगबाट सिफारिश भएको छ। पीडितहरूको वर्गीकरणमा खस आर्य ९३१, आदिवासी जनजाति ५९२, दलित २५०, मधेशी २१२, थारु ३२२, मुस्लिम ५७ र बालबालिका २०९ जना रहेका छन् । जातीय विविधताको आधारमा खस आर्य सबैभन्दा बढी ९३१ र सबैभन्दा कम ५७ जना मुस्लिम पीडित रहेका छन् । जसको विस्तृत विवरण तल तालिका नं. ७ बाट स्पष्ट गरिएको छ ।

**तालिका नं. ७ विविधताको आधारमा आयोगको निर्णयबमोजिम क्षतिपूर्ति/राहतको लागि सिफारिश भएका पीडितहरू**

| आ.व. | महिला | पुरुष | जम्मा पीडित | बाल बालिका | खस आर्य | जन जाति | दलित | मधेशी | थारु | मुस्लीम | समुदाय पीडित |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०५७/०५८ | ० | ३ | ३ | ० | २ | ० | ० | ० | १ | ० | |
| ०५८/०५९ | ४ | ९ | १३ | ० | ७ | १ | १ | ३ | १ | ० | |
| ०५९/०६० | १४ | ३ | १७ | ० | २ | ३ | ६ | ११ | ० | ० | |
| ०६०/०६१ | १२ | ५३ | ६५ | ४ | ३१ | २३ | ४ | ७ | ० | ० | १ |
| ०६१/०६२ | २४ | १६३ | १८७ | १० | ४२ | २२ | २५ | २१ | २७ | ० | १ |
| ०६२/०६३ | ५१ | २८६ | ३३७ | १४ | १३९ | १६२ | २८ | ११ | ६ | २ | ६ |
| ०६३/०६४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ०६४/०६५ | १६ | १४० | १५६ | १० | ५९ | ४० | २० | १६ | ९ | २ | १ |
| ०६५/०६६ | ११ | ९२ | १०३ | १५ | ४८ | ३६ | ६ | ६ | ५ | १ | १ |
| ०६६/०६७ | २७ | २४१ | २६८ | १६ | ९० | ५० | २५ | ११ | ४५ | ७ | २ |
| ०६७/०६८ | ४१ | २१३ | २५४ | ३५ | १३५ | ५५ | ३५ | २ | २४ | १ | |
| ०६८/०६९ | ३४ | १४४ | १७८ | ३० | ६७ | ५९ | १३ | २० | २१ | ० | १ |
| ०६९/०७० | २६ | १०२ | १२८ | १९ | ५८ | २७ | १९ | १५ | ४ | २ | |
| ०७०/०७१ | १ | १ | २ | ० | ० | २ | ० | ० | ० | ० | १ |
| ०७१/०७२ | २ | २८ | ३० | १० | ११ | ६ | ८ | २ | ० | ७ | १ |
| ०७२/०७३ | ४ | २३ | २७ | ० | ११ | ९ | ५ | २ | ४ | ० | १ |
| ०७३/०७४ | २२ | ८५ | १०७ | १४ | ४७ | १४ | १० | १० | २७ | ० | २ |
| ०७४/०७५ | २१ | १०५ | १२६ | ११ | ४२ | १७ | ८ | १९ | ३७ | २ | ७ |
| ०७५/०७६ | ६४ | २०१ | २६४ | ६ | ७१ | ३९ | १८ | ३४ | ९० | २४ | ७ |
| ०७६/०७७ | २९ | १४० | १६९ | १५ | ६९ | २७ | १९ | २२ | २१ | ९ | ३ |
| जम्मा | ४०३ | २०३२ | २४३५ | २०९ | ९३१ | ५९२ | २५० | २१२ | ३२२ | ५७ | ३५ |





## २.७ सिफारिश गरिएको क्षतिपूर्ति रकम

आयोगले गरेका सिफारिशहरूलाई संख्यात्मक रुपमा हेर्ने हो भने सबैभन्दा बढी ७६५ वटा सिफारिशमा रकम उल्लेख गरी क्षतिपूर्तिको लागि सिफारिश गरेको छ। राज्यका आधिकारिक निकायहरूबाट भएको मूल्याङ्कनलाई नै आधार मानी सोही बमोजिमको क्षतिपूर्ति रकम पनि सिफारिश गरिएको छ। केही सिफारिशहरूमा पीडकबाट समेत क्षतिपूर्ति भराउन निर्देश गरेको पाइन्छ। यस शिर्षकमा आयोगले रकम उल्लेख गरी गरेको सिफारिशमा उल्लेखित रकमलाई मात्र क्षतिपुर्तिको रकम मानिएको छ। स्थापनाकालदेखि हालसम्म आयोगले कुल २६ करोड चार लाख दुई हजार चार सय सन्तानब्बे रुपैयां क्षतिपूर्तिको लागि सिफारिश गरेको छ। यस्तो सिफारिश आ.व. २०६७/०६८ मा सबैभन्दा बढी रु. ३,७८,२९,१४९।- र सबैभन्दा कम आ.व. २०५८/०५९ मा रु. २,००,०००/- रहेको देखिन्छ। जसको विस्तृत विवरण तल तालिका नं. ८ मा उल्लेख गरिएको छ।

## तालिका नं. ८ सिफारिश गरिएको क्षतिपूर्ति रकम

| आ.व. | रकम |
|---|---|
| २०५७/५८ | २१५००० |
| २०५८/५९ | २००००० |
| २०५९/६० | ४६०००० |
| २०६०/६१ | ० |
| २०६१/६२ | ७७९०००० |
| २०६२/६३ | २१९८९५५५ |
| २०६३/६४ | ० |
| २०६४/६५ | १४८८०००० |
| २०६५/६६ | १६२४२६०० |
| २०६६/६७ | ३२०८५००० |
| २०६७/६८ | ३७८२९१४९ |
| २०६८/६९ | ४०११०००० |
| २०६९/७० | १८७००६०० |
| २०७०/७१ | ६००००० |
| २०७१/७२ | ८६००००० |
| २०७२/७३ | ४९२५००० |
| २०७३/७४ | १३११०००० |
| २०७४/७५ | १७३५१४४० |
| २०७५/७६ | १३८२८६९५ |
| २०७६/७७ | १११८५४५८ |
| **जम्मा** | २६,०१,०२,४९७ |

सिफारिश गरिएको क्षतिपूर्ति रकमको विवरण (ने.रु.)



## २.८ उजूरीउपरका नीतिगत सिफारिशहरू

आयोगले कुनै पनि उजूरी उपर निर्णय गर्दा दोषीलाई कारवाही गर्न र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन सिफारिश गर्नुको साथै मानव अधिकार संरक्षण र सम्वर्द्धनको लागि आगामी दिनमा सरोकारवाला निकायहरूले सुधार गर्नु पर्ने विषयमा समेत सिफारिश गर्ने गर्दछ। यस्ता प्रकृतिका सिफारिशहरूलाई नीतिगत सिफारिश अन्तर्गत राखिएको छ। आयोगले उजूरी उपर निर्णय गर्दा मात्रै नभई अनुगमन, अध्ययन अनुसन्धानका आधारमा तयार पारिएको प्रतिवेदन मार्फत पनि नीतिगत सिफारिशहरू गर्ने गरेको भएता पनि यस खण्डमा उजूरीउपर निर्णय गर्दा गरिएका सिफारिशहरू मात्र उल्लेख गरिएको छ। आयोगको स्थापना कालदेखि हालसम्म जम्मा ११५ ओटा उजूरीमा नीतिगत सिफारिश भएकोमा आ.व. २०७३/०७४ मा सबैभन्दा बढी २२ ओटा उजूरीमा सिफारिश गरेको छ। कारागार तथा हिरासतको भौतिक संरचनामा सुधार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, बाल अधिकार, शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार, उपभोक्ताको अधिकार आदि विषयमा बढी नीतिगत सिफारिश रहेको पाईन्छ। यसरी विषयगत रुपमा हेर्दा कतिपय सिफारिशहरू दोहोरिएका पनि छन्। नीतिगत सिफारिशहरूमा खासगरी कुनै पनि निकायको क्षमता अभिवृद्धि गर्ने, संस्थागत सुधारका विषयहरू, नयाँ ऐन, नियम नीतिहरू तर्जुमा गर्ने, संरचनागत सुधारका विषयहरू आदि समावेश भएको छ। आ.व. का आधारमा हालसम्म आयोगबाट उजूरी उपर भएका नीतिगत सिफारिशहरूको विस्तृत विवरण तालिका नं. ९ मा उल्लेख गरिएको छ।

**तालिका नं. ९ उजुरी उपरका नीतिगत सिफारिशहरू**

| आ.व. | संख्या | विषय |
|---|---|---|
| ०५७/०५८ | १ | • मानव अधिकारको अपहेलना नगर्न, |
| ०६१/०६२ | ३ | • सर्वसाधारणले प्रयोग गर्ने सार्वजनिक सवारी साधन, सर्वसाधारण भेला हुने सार्वजनिक ठाउँहरू जस्तै शैक्षिक संस्था, सामुदायिक भवन, स्वास्थ्य केन्द्र, धार्मिक स्थल, जात्रा तथा हाटबजार लागेका आदि ठाउँमा सर्वसाधारणको जीउ ज्यानमा जोखिम पर्ने गरी कुनै काम कुरा नगर्न नगराउन,<br>• शैक्षिक संस्थामा सुरक्षा हस्तक्षेप नगर्न,<br>• विस्थापितहरूलाई सहयोग पुऱ्याउन, |
| ०६२/०६३ | २ | • नियमित रुपमा स्थानीय क्षेत्रमा लाग्ने विभिन्न मेला, पर्व, जात्रा जस्ता मानिसहरू भेला हुने क्षेत्रमा शान्ति सुरक्षा कायम गर्न स्थानीय प्रशासनबाट आवश्यक व्यवस्था मिलाउन<br>• द्वन्द्वमा सर्वसाधारण र बालबालिकाको प्रयोग नगर्न, द्वन्द्वको समयमा नियन्त्रणमा रहेका सेनालाई मानवोचित व्यवहार गर्न, |
| ०६४/०६५ | ५ | • साधिकार अदालतमा कारवाहीयुक्त अवस्थामा रहेका आरोपित व्यक्तिहरूलाई पक्राउ गरी बुझाउन र कानून वमोजिम कार्वाही अगाडि बढाउन,<br>• जातिय, सामाजिक तथा धार्मिक सद्भाव कायम गराउन राजनैतिक दल, समाजसेवी, धार्मिक गुरुहरूलाई परिचालित गराउन,<br>• कारागार/हिरासतको भौतिक सुधार गर्न,<br>• प्रेस स्वतन्त्राको र पत्रकारहरूको सुरक्षा गर्न,<br>• लामो समयसम्म वन्दीको मुद्दामा सुनुवाई नहुँदा अनुचित विलम्ब भई शिघ्र न्याय पाउने अधिकारको हनन् हुन गई मानव अधिकारका मूल्य मान्यता समेतको प्रतिकुल कार्य भएको देखिएकोले थुनुवा, बन्दीहरूका मुद्दालाई अविलम्ब प्राथमिकता दिई शिघ्र टुङ्गोमा पुऱ्याउन आवश्यक व्यवस्था गर्न, |

| | | |
|---|---|---|
| ०६५/०६६ | ३ | ● आम नागरिक र मानव अधिकार रक्षकलाई शान्ति सुरक्षाको प्रत्याभूतिका लागि विशेष प्रबन्ध मिलाउन,<br>● बाढी पहिरो लगायतका प्राकृतिक प्रकोप बाट विस्थापितहरूको तथ्यांक संकलन गर्न र परिवारसँग सम्पर्क विहिन व्यक्तिहरूको खोजतलास गरी परिवारमा पुनर्स्थापना गराउन,<br>● विस्थापितहरू विद्यालयमा बसेको हुँदा पठनपाठन अवरुद्ध हुन पुगेकोले तत्काल अन्यत्र सुरक्षित ठाउँमा व्यवस्था मिलाई विद्यालय सुचारु गर्न, |
| ०६६/०६७ | १३ | ● दलीत समुदाय लगायत स्थानीयवासीहरूको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउन नेपाल सरकारबाट सरोकारवाला निकायहरूसँग समन्वय गरी उपयुक्त कार्यक्रमहरू सञ्चालन गर्न,<br>● द्वन्द्वमा राखिएका धराप, बारुदी सुरुङ तथा बेवारिसे बमहरूको व्यवस्थापन गर्न,<br>● दैलेख, जाजरकोट र रुकुममा फैलिएको झाडा पखाला नियन्त्रणका लागि विशेष व्यवस्था गर्न, खाद्यान्नको गुणस्तर मापन गर्न,<br>● प्रचलित कानून विपरीत कार्य गरेको आरोप लगाई मुद्दा चलाई थुनामा राखिएका व्यक्तिहरूको हकमा ढिलो न्याय दिनु न्याय नदिनु सरह हो भन्ने न्यायको मान्य सिद्धान्तलाई आत्मसात गरी न्यायसम्मत पुर्पक्षको हकको सम्मान गर्दै उनीहरू विरुद्धको मुद्दाको कार्वाही यथाशीघ्र टुङ्ग्याउन,<br>● विष्फोटक पदार्थहरू जथाभावी नछोड्न, व्यवस्थापन गर्न,<br>● बालबालिकाको पढ्न पाउने अधिकार सुरक्षित गर्न,<br>● बालबालिकाहरूलाई कारागारमा नराखी बाल सुधार गृहमा राख्न,<br>● बाल संरक्षण नीति लागू गर्न,<br>● सञ्चार क्षेत्रलाई जिम्मेवार बनाउन,<br>● सञ्चार क्षेत्र र पत्रकारहरूको सुरक्षा व्यवस्था मिलाउन,<br>● बाल अधिकार बाल संरक्षण नीति लागु गर्न,<br>● सहस्राब्दी विकास लक्ष्यहरूमा विश्वव्यापी प्राथमिक शिक्षा प्राप्त गर्ने, बाल मृत्युदर न्यूनीकरण गर्ने लगायत रहेको छ । तसर्थ ती राष्ट्रिय नीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी बालबालिकाको हकहीत संरक्षण गर्नु राज्यको दायित्व भएको हुँदा बाल कुपोषण न्यूनीकरण गर्न,<br>● बसोबास गरिरहेको स्थानबाट हटाउँदा वैकल्पिक व्यवस्था गर्न, |
| ०६९/०७० | ९ | ● विभिन्न विद्यालय तथा त्यसको प्राङ्गणमा वेवारिसे बम फेला पर्ने संभावना अझै कायमै रहेको र त्यस्ता बमबाट हुनसक्ने सम्भावित खतरालाई पनि इन्कार गर्न नसकिने भएकोले त्यसको सुरक्षाको लागि उक्त ठाउँमा तारवार लगाई बालबालिकाको पहुँचबाट टाढा राख्न तथा डिफ्युज गरी आई.डि. land mineमुक्त क्षेत्र वनाउन,<br>● विस्थापितलाई शान्ति सुरक्षाको व्यवस्था मिलाउन,<br>● कारागारको भौतिक सुधार सम्बन्धमा,<br>● सर्वसाधारण जनतालाई सजिलै सहज र सुलभ तरिकाले रगत उपलब्ध हुने गरी व्यवस्था मिलाउन,<br>● ज्येष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षा भत्ता समयमा नै उपलब्ध गराउन,<br>● विद्यालयमा बालमैत्री वातावरण निर्माण गर्न,<br>● विद्यालयमा बालबालिकालाई मानसिक तथा शारिरीक यातना नदिन,<br>● अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष सहायता उपलब्ध गराउन, |
| ०७०/०७१ | १ | ● हिरासतको भौतिक संरचना सुधार गर्न, |

| | | |
|---|---|---|
| **०७१/०७२** | ३ | • विकासको अधिकार, विकास गर्दा नागरिकलाई हानी नपुऱ्याउने सुनिश्चितता गर्न,<br>• इच्छा विपरीत शरणार्थीलाई घर नफर्काउर्न,<br>• कारागार/हिरासतको भौतिक संरचना र व्यवहारमा सुधार गर्न, |
| **०७२/७३** | ७ | • कारागार भित्र हुने गैर कानूनी क्रियाकलाप रोक्न,<br>• ढुकुटी खेल्ने कार्य रोक्ने उचित संयन्त्र, सुरक्षा र आवश्यक नीति बनाउन,<br>• कारागार सुधार नीति लागु गर्न,<br>• हिरासतमा लिंदा स्वास्थ्य परीक्षण अनिवार्य गर्न गराउन,<br>• बल प्रयोगको सिद्धान्त लागु गर्न, |
| **०७३/०७४** | २२ | • राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरू मानव अधिकारको गम्भीर उल्लंघनको अनुसन्धानमा नजाने, जानुपर्दा समिति गठन गरेरमात्र जान,<br>• अपाङ्गमैत्री वातावरण निर्माणका गर्न,<br>• बालबालिकालाई भयरहित वातावरणमा शिक्षण गर्ने व्यवस्था मिलाउन,<br>• जातिय विभेद नहुने सुनिश्चितता गर्न, |
| **०७४/०७५** | १७ | • आत्महत्याको कारणको सुक्ष्म खोजी र प्रभावकारी अनुसन्धान गर्न गराउन,<br>• वाल यौन दुर्व्यवहार रोकी भयरहित वातावरणमा अध्ययन गर्न वातावरण निर्माण गर्न,<br>• क्षतिपूर्ति/राहतमा सुरक्षाकर्मीलाई विभेद नगर्न,<br>• जातीय विभेद हटाउन सचेतना कार्यक्रम सञ्चालन गर्न,<br>• आत्महत्या रोकथामको लागि विशेष पहल गर्न,<br>• बालबालिकालाई शैक्षिक क्रियाकलाप बाहेक अन्य गतिविधिमा प्रयोग नगर्न/नगराउन,<br>• बेवारिसे शवको अभिलेख राखी अन्त्येष्टी गर्न,<br>• बालबालिकालाई सुधार गृहमा राख्ने व्यवस्था मिलाउन,<br>• परिचरलाई पारिश्रमिकमा विभेद नगर्न जिविकोपार्जन गर्न सक्ने व्यवस्था गर्न,<br>• महिलामाथि हुने दुर्व्यवहार रोक्न र विशिष्ट व्यक्तिको सुरक्षामा ध्यान दिन,<br>• राजनीतिक दलले शान्तिपूर्ण रुपले सभा सम्मेलन गर्न/गराउन,<br>• फाइरिङ तालिममा सुरक्षा मापदण्ड अपनाउन,<br>• आत्महत्या रोक्न आवश्यक उपाय अवलम्बन गर्न,<br>• मुक्त कमलरी सम्बन्धी कानून, नीति र कार्यान्वयन गर्न, |

| | | |
|---|---|---|
| **०७५/०७६** | १८ | • आवत जावतको अधिकार सुनिश्चित गर्न,<br>• सर्वस्व सहित जन्मकैद भएका व्यक्ति रिहा भएपछी निजको जीवनको अधिकार सुनिश्चित गर्न,<br>• नागरिकता सहज रुपमा दिलाउन आवश्यक कानून संशोधन गर्न,<br>• सुरक्षा निकायमा मानव अधिकार मैत्री भाषा प्रयोग गर्न,<br>• जातीय विभेद रोक्न सचेतना मुलक कार्यक्रम गर्न र भएका कानूनको प्रभावकारी कार्यान्वियन गर्न/गराउन,<br>• सिमा सुरक्षाको व्यवस्था मिलाउन कुटनीतिक पहल गर्न,<br>• औषधी प्रेशक्रिप्सनमा बुझिने भाषाको प्रयोग गर्न,<br>• बालमैत्री संरचना निर्माण गर्न तथा कार्यान्वयन गर्न,<br>• हिरासत कक्षमा सुरक्षा व्यवस्था मिलाउन,<br>• अत्याधिक बल प्रयोग नगर्न र बल प्रयोगको सिद्धान्त लागु गर्न/गराउन,<br>• दरबन्दी अनुसार स्वास्थ्यकर्मी र औषधी व्यवस्था गर्न,<br>• पशु फार्म सञ्चालन गर्दा अनुमति दिने निकायले स्पष्ट मापदण्ड तय गरी लागु गर्न,<br>• वातावरण संरक्षणको लागि कानून, नीति बनाई कार्यान्वयन गर्न,<br>• कारागारमा भएको मृत्यु सम्बन्धमा २४ घण्टा भित्र आयोगलाई जानकारी गराउन,<br>• सुरक्षा निकायमा मानव अधिकारमैत्री भाषा प्रयोग गर्न,<br>• विकास निर्माणको कार्य गर्दा मानव अधिकारमुखी पद्धती अवलम्बन गर्न,<br>• कारागारभित्र हुने गैहृ कानूनी कृयाकलाप रोक्न,<br>• मेडिको लिगलमा सुधार गर्न, |
| **०७६/०७७** | ११ | • अपराधका घटनाहरूमा अनुसन्धान गर्न प्रहरीको सबै तहमा छुट्टै टोली बनाइ अनुसन्धान गर्न, शव परिक्षणका क्रममा मापदण्ड अनुसार प्रक्रिया बमोजिम गर्न, हिंसात्मक गतिविधि मार्फत शान्ति सुरक्षा लगायत मानव अधिकारका अन्य पक्षहरूमा समेत बढ्दै गएको गम्भीर चुनौतीलाई उचित सम्बोधन गर्न,<br>• कारागारभित्र सुरक्षा सावधानी बढाउन र भविष्यमा यस्ता प्रकृतिका घटनाहरू दोहोरिन नदिनेतर्फ प्रर्याप्त व्यवस्था मिलाउन,।<br>• कारागार भित्र अबैध चरेश प्रयोग भएको विभिन्न समयमा विभिन्न कारागारमा कैदी बन्दीहरू उपर कुटपीट समेत हुने गरेको पाइएकाले यस्ता कार्य रोक्ने व्यवस्था मिलाउन कारागार व्यवस्थापन विभाग मार्फत देशभरिका सम्पूर्ण कारागारहरूमा पत्राचार गर्न,<br>• जातीय विभेद गर्ने कार्य नेपालको संविधान, कानूनसमेतको प्रतिकुल भएकाले विद्यमान कानूनको प्रभावकारी कार्यान्वियन गर्न गराउन, जातीय विभेदजन्य कार्यका सम्बन्धमा शुन्य सहनशीलता अपनाउन,<br>• विद्यालयमा हुने शारीरिक तथा मानसिक यातनालाई पूर्ण रुपमा बन्द गर्न,<br>• नागरिकको सम्मानपूर्वक बाँच्न पाउने संविधान प्रदत हकको सम्मान गर्दै तत्काललाई गाँस वासको व्यवस्था मिलाउन,<br>• सरकारी अस्पतालमा सेवा लिन आउने सबै सुत्केरी महिलाहरूलाई निजहरूले पाउने सेवा सुविधा अनिवार्य रुपमा पारदर्शी तरिकाले प्राप्त गर्ने व्यवस्था मिलाउन,<br>• उपभोक्ताको अधिकार सम्बन्धमा नेपालको संविधान, उपभोक्ता संरक्षण ऐन, २०७५ लगायत अन्य कानून भएका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गरी सोको जानकारी आयेगलाई गराउन, |
| **कुल जम्मा** | ११५ | |

## परिच्छेद तीन
# सिफारिश कार्यान्वयन सम्बन्धमा भएका प्रयासहरू

**प्रयास र समीक्षा**

आयोगबाट भएका सिफारिशहरूको कार्यान्वयन गर्ने प्रमुख दायित्व नेपाल सरकारको हो । तर पनि न्यायमा पीडितको पहुँच वृद्धि गर्ने सन्दर्भमा यस कार्यमा संघीय संसद, न्यायालय, नागरिक समाज र संयुक्त राष्ट्रसंघीय संयन्त्रहरूको प्रयास पनि त्यतिकै महत्त्वपूर्ण मानिन्छ । यसै विषयलाई ध्यानमा राखी यस परिच्छेदमा आयोगको निर्णय बमोजिम भएका सिफारिशहरूको कार्यान्वयनको लागि नेपाल सरकार लगायत अन्य निकायहरूबाट भएका प्रयासहरूलाई संक्षिप्तमा उल्लेख गर्दै त्यसको समीक्षा गरिएको छ ।

१. **नेपाल सरकार**

मानव अधिकार कार्यान्वयनमा राज्यको सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने दायित्वहरू रहन्छन् ।[८] यी दायित्व पूरा गर्न राज्यले नीति तय गर्ने, तय गरेको नीति बमोजिम आवश्यक नियम कानून बनाउने, यसरी बनाइएको नियम कानूनको कार्यान्वयन गर्ने, कार्यान्वयन भए नभएको अनुगमन गर्ने र त्यसको आधारमा मुल्याङ्कन गर्ने प्रणालीको विकास हुन जरुरी छ । यसो भएमा राज्यलाई मानव अधिकारप्रतिको दायित्व पुरा गर्न सहज हुन्छ । यही सिद्धान्तको आधारमा सरकारले आयोगबाट भएका सिफारिशहरूको कार्यान्वयन गर्दै आएको छ र गर्नु पर्दछ । मानव अधिकार आयोग ऐन, २०५३ देखि नेपालको संविधानले समेत यस सिद्धान्तलाई अवलम्बन गर्दै आएको छ । सो व्यवस्था बमोजिम सरकारले आयोगबाट भएका सिफारिश कार्यान्वयनको लागि केही सकारात्मक पहलहरू पनि गरेको छ । आयोगका सिफारिश कार्यान्वयन गर्ने प्रतिबद्धता हरेक प्रधानमन्त्रीबाट निरन्तर व्यक्त हुने गरेका छन् ।[९] सिफारिश कार्यान्वयनसँग सम्बन्धित विभिन्न मन्त्रालय र निकायहरूको पहिचान गरी सम्बन्धित मन्त्रालय र निकायबाट कार्यान्वयनको पहल शुरु भएको छ । विशेषतः प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट पछिल्लो अवधिमा आयागले गरेका सिफारिशहरू कार्यान्वयन सम्बन्धी पत्र तत्काल मातहत निकायमा पठाउने कार्य भइरहेको छ । अधिकांश सिफारिशहरूमा उल्लेख भएबमोजिम पीडित व्यक्ति तथा पीडितको परिवारलाई क्षतिपूर्ति र राहत रकम दिने कार्य हुँदै आएको छ ।

आयोगले एकीकृत रुपमा कार्यान्वयन अवस्थासम्बन्धी प्रतिवेदन प्रकाशन गर्न थालेपछि सरकारले वि.सं. २०६६ साउन १८ गते 'आयोगबाट क्षतिपूर्ति दिन भनी सिफारिश गरी पठाएको अवस्थामा त्यस्तो सिफारिश कार्यान्वयन हुन प्रधानमन्त्री कार्यालयले लेखी पठाएमा अविलम्ब त्यस्तो रकम अर्थ मन्त्रालयले निकासा गर्ने' निर्णय गरेको छ ।[१०] प्रधानमन्त्री कार्यालयका सचिवको अध्यक्षतामा वि.स. २०६६ कातिक १० गते अर्को बैठक बसी २०६३ साल मंसीर ४ गतेसम्म भएका घटनामा आयोगले ६ करोड ५४ लाख २४ हजार

८ *http://www.ohchr.org/EN/Issues/Pages/WhatareHumanRights.aspx*

९ विशेषगरि अन्तर्राष्ट्रिय मानव अधिकार दिवस, आयोग स्थापना दिवस र मानव अधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघिय संयन्त्रहरूका अगाडी यस प्रकारका प्रतिबद्धताहरू व्यक्त हुने गरेका छन् ।

१० राष्ट्रिय मानव अधिकार आयोगबाट नेपाल सरकारसमक्ष गरिएका सिफारिशहरूको कार्यान्वयन स्थिति (वि.सं. २०५८-२०७१), नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं २०७१ असार पृष्ठ १३

६८९ रुपैयाँ क्षतिपूर्तिका लागि लेखी पठाएको हुँदा त्यस्तो रकम क्षतिपूर्ति दिन बाँकी रहेको भए शान्ति तथा पुनर्निर्माण मन्त्रालयमार्फत राहत उपलब्ध गराउने निर्णय गरेको छ। मुख्य सचिवको अध्यक्षतामा वि.सं. २०६७ चैत २८ गते बसेको बैठकले आयोगका सिफारिश सम्बन्धित निकायले प्राथमिकता साथ कार्यान्वयन गरी त्यसको जानकारी प्रधानमन्त्री कार्यालयलाई पठाउने, त्यस्तो रकम अर्थ मन्त्रालयबाट अविलम्ब निकासा दिने व्यवस्था गर्ने भनी अर्को निर्णय गरेको देखिन्छ।[११] यी निर्णयहरू पछि सरकारले मन्त्रिपरिषदबाट नै निर्णय गरी क्षतिपूर्ति रकम वितरण गर्न थालेको देखिन्छ।

आयोगका सिफारिश बमोजिमको क्षतिपूर्ति दिनेतर्फ मन्त्रिपरिषदको वि.सं. २०६६ मंसीर १६ गतेको बैठकले वि. सं. २०६६ साउन २० गतेसम्म भएका सिफारिश बमोजिमको क्षतिपूर्ति उपलब्ध गराउन एकमुष्ट ६ करोड ५४ लाख २४ हजार ६८९ रुपैयाँ निकासा गर्ने निर्णय गरेको उल्लेख गरेको छ।[१२] मन्त्रिपरिषदले वि.सं. २०६८ वैशाख ९ गते अर्को निर्णय गर्दै २०६३ मंसीर ५ गते भन्दा अगाडिका घटनाहरूमा निर्णय मिति भन्दा अगाडि क्षतिपूर्ति नपाएको वा आँशिक रुपमा पाएको भए त्यसको छानवीन गरी क्षतिपूर्ति रकम उपलब्ध गराउने, पीडित व्यक्तिका बालबच्चा वा परिवारको शिक्षा स्वास्थ्य तथा रेखदेख जस्ता विषयमा नेपाल सरकारले तोकेअनुसारको रकम पीडित पक्षलाई उपलब्ध गराउने पनि निर्णय गरेको देखिन्छ। सिफारिश कार्यान्वयन गर्ने सन्दर्भमा मन्त्रिपरिषदले वि.सं. २०६८ असोज १० र वि.सं. २०६९ फागुन ४ गते पनि निर्णय गर्दै तीन लाख रुपैयाँसम्म राहत प्राप्त नगरेका वेपत्ता पारिएका परिवारका सदस्यहरूलाई तीनलाख रकम पुग्ने गरी थप रकम उपलब्ध गराउन र सशस्त्र द्वन्द्वको क्रममा मृत्युवरण गरेका र वेपत्ता पारिएका व्यक्तिका हकदारहरूलाई दिइने थप राहत रकमको ५० प्रतिशत रकम जलविद्युत आयोजनामा शेयर लगानी गर्ने निर्णय पनि गरेको देखिन्छ।[१३] आयोगका सिफारिश कार्यान्वयन सम्बन्धमा २०७१ सालमा स्थितिपत्र जारी भएको छ। पछिल्लो अवधिमा पनि मन्त्रिपरिषदबाट १२ लाख रुपैयाँ निकासा गर्ने निर्णय गरेको छ।[१४]

नेपाल सरकारबाट जारी आयोगका सिफारिश कार्यान्वयन सम्बन्धी स्थितिपत्रमा सरकारले विभिन्न १८ शीर्षकमा पीडितहरूलाई राहत उपलब्ध गराउँदै आएको जनाउँदै शीर्षक नं. १६ मा आयोगको सिफारिश बमोजिम ७१ जनालाई ९९ सय लाख तीन हजार रुपैँया उपलब्ध गराएको उल्लेख छ।[१५] मानव अधिकार उल्लङ्घनका विभिन्न घटनाहरूमा दोषी देखिएका ८५५ जना व्यक्तिहरूलाई विभागीय कारवाही भएको भनी उल्लेख गरेको छ।[१६] महान्यायाधिवक्ता कार्यालयले एक पहल गरी आयोगबाट मानव अधिकार उल्लङ्घनका घटनामा मुद्दा दायर गर्नको लागि मुद्दा चलाउन भनी गरेका सिफारिशहरूको कार्यान्वयनमा रहेका जटिलताहरूको अध्ययन गरी सुझाव पेश गर्न एक कार्यदल गठन गरी प्रतिवेदन प्राप्त गरेको छ।[१७] तेह्र वर्षमा भएका ७७६ वटा सिफारिशहरू मध्ये सरकारबाट पूर्ण रुपमा कार्यान्वयन गरेको प्रतिशत १५.२१, कार्यान्वयन भएर पनि आयोगबाट लगत कट्टा गर्न बाँकी रहेको प्रतिशत १६.८८, आंशिक कार्यान्वयन प्रतिशत ६०.४४ र कार्यान्वयन प्रक्रियामा रहेका सिफारिशको प्रतिशत ४.४७ रहेको तथ्याङ्क पनि सोही स्थिति पत्रमा उल्लेख गरेको छ। आयोगले एकमुष्ट रुपमा आ.व. २०५७/०५८ देखि आ.व. २०६५/०६६ सम्मका अधिकांश सिफारिश कार्यान्वयन नभएको

११ ऐ.ऐ. पृष्ठ १४

१२ राष्ट्रिय मानव अधिकार आयोगबाट नेपाल सरकारसमक्ष गरिएका सिफारिशहरूको कार्यान्वयन स्थिति (वि.सं. २०५८-२०७१), नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं २०७१ असार पृष्ठ १५

१३ राष्ट्रिय मानव अधिकार आयोगबाट नेपाल सरकारसमक्ष गरिएका सिफारिशहरूको कार्यान्वयन स्थिति (वि.सं. २०५८–२०७१), नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं २०७१ असार पृष्ठ १६

१४ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आयोगमा प्राप्त पत्रहरूबाट।

१५ ऐ.ऐ. पृष्ठ १८

१६ ऐ.ऐ. पृष्ठ २२ र २३

१७ तत्कालीन महान्यायाधिवक्ता हरि फुयाँलको पहलमा २०७३ जेठ ९ गते प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, महान्यायाधिवक्ता र राष्ट्रिय मानव अधिकार आयोगको कार्यालयका प्रतिनिधि रहने गरी उक्त कार्यदल गठन भएको थियो।

भनी नेपाल सरकारलाई पठाइसकेपछि यी सबै पहल भएका हुन । सरकारका यस्ता सकारात्मक पहलको सन्दर्भमा आयोगले नेपाल सरकारलाई धन्यवाद पनि दिएको छ।[१८]

संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपाल सरकारको तर्फबाट पटक-पटक आयोगलाई बलियो बनाउने तथा आयोगका सिफारिश कार्यान्वयन गरिने प्रतिबद्धता समेत व्यक्त गरेको छ। परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीबाट सन् २०१८ र २०१९ को मार्चमा मानव अधिकार परिषदको बैठकमा भएको सम्बोधनमा समेत यस विषयमा प्रतिबद्धता व्यक्त भएको छ।

उल्लिखित सकारात्मक पहलहरूका बाबजुद आयोगबाट भएका सिफारिशहरूको कार्यान्वयनको अवस्था समग्रमा सन्तोषजनक छैन । सिफारिश कार्यान्वयनमा सरकारले सर्वोच्च अदालतको आदेश विपरित *"If & Buts"* को जिकिर लिइरहँदा यस्तो अवस्था निरन्तर छ। आयोगले सिफारिश गरी पठाइसकेका विषयहरूमा स्वतः कार्यान्वयन गर्नुपर्नेमा त्यस्ता सिफारिश माथि पनि क्षतिपूर्ति दिने कि नदिने भनी छानवीन गरेको देखिन्छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय मानव अधिकार कानूनहरूको आधारमा सम्पन्न गरेका अनुसन्धानहरू, ती अनुसन्धानहरूबाट स्थापित भएका तथ्य र सत्यलाई आधार मानी गरेका सिफारिशहरूको कार्यान्वयन गर्न सरकारले उदासीनता देखाउनुले पीडितको न्याय प्राप्तिमा सहज पहुँच हुन सकेको छैन। सिफारिश कार्यान्वयनको सुक्ष्म विश्लेषणबाट सरकार क्षतिपूर्ति र राहतमा केन्द्रित रहेको देखिन्छ । केही मानव अधिकार उल्लघंनकर्ताहरूलाई कारवाही गरेको तथ्याङ्क सार्वजनिक गरे पनि आयोगको सिफारिश बमोजिम नै ती सबैलाई कारवाही भएको भनी उल्लेख गरिएको छैन। दोषीलाई कारवाही गर्ने तर्फका सिफारिश कार्यान्वयनमा सरकारको पहल न्यून रहेको छ।

उल्लिखित अवस्था मानव अधिकारको मूल्य, मान्यता र प्रचलित कानून विपरीत रहन्छ। यसले कानूनी शासन, दण्डहीनताको अन्त्य र दोषीलाई व्यक्तिगत रुपमा जवाफदेही बनाउन सक्दैन । आयोगका सिफारिशको पूर्ण कार्यान्वयन भनेको कानूनी शासनको पालना, दण्डहीनताको अन्त्य र जवाफदेहीताको पालनाबाट मात्र हुन सक्छ। यस अवस्थामा सरकारले पूर्ण कार्यान्वयन भनेका सिफारिशमा त्यस्तो प्रकृति नदेखिँदा पूर्ण कार्यान्वयन भएको मान्न सकिने अवस्था पनि छैन। आयोगका सिफारिश कार्यान्वयन अवस्थाले उल्लङ्घनकर्ताको मनोबल घट्न नसकेको, मानव अधिकार संस्कृति निर्माण गर्न सहयोग नगरेको र दण्डहीनताको प्रवृत्तिलाई निरुत्साहित गर्न नसकेको अवस्थालाई सन्तोषजनक मान्न सकिदैंन। यस बाहेक दोषी किटान गरी मुद्दा चलाउन सिफारिश गरेका व्यक्तिलाई सुरक्षा निकायको प्रमुखसम्म बनाउने, पुरस्कृत गर्ने, विभुषण दिने जस्ता कार्य भएबाट समेत सरकार आयोगका सिफारिश पूर्ण कार्यान्वयनमा इमान्दार हुन नसकेको देखिन्छ। मौद्रिक क्षतिपूर्तिलाई मात्र पीडितको न्यायसँग जोड्ने प्रवृत्तिको अन्त्य नभएसम्म सरकारबाट आयोगका सिफारिश पूर्णरुपमा कार्यान्वयन हुने अपेक्षा गर्न सकिने अवस्था नदेखिंदा सरकार यसतर्फ गम्भीर हुन जरूरी छ।

## २. न्यायालय

आयोग स्थापना सम्बन्धी मानव अधिकार आयोग ऐनलाई तत्कालीन संसदले वि.सं. २०५३ सालमा जारी गरेपनि राष्ट्रिय मानव अधिकार आयोगको स्थापना सर्वोच्च अदालतको आदेशपछि मात्र सम्भव भयो। आयोग स्थापनाको लागि नै आदेश दिने सर्वोच्च अदालतबाट पछिल्लो अवधिमा आयोगका सिफारिश कार्यान्वयन सम्बन्धमा पनि महत्वपूर्ण आदेश जारी भएका छन्। सिफारिश कार्यान्वयन सम्बन्धमा अधिवक्ता भोजराज ऐर विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय भएको[१९] रिट निवेदनमा भएको आदेशमा सरकारलाई स्पष्ट रुपमा निम्न बमोजिमको निर्देशन भएको छ :

- मानव अधिकारका सम्बन्धमा दिएका सुझाव, प्रतिक्रिया एवं निर्देशन पालना गर्नु सरकारको कर्तव्य हुन

१८ आयोगको एक दशक उजूरीउपर आयोगका सिफारिशहरू (वि.सं. २०५७-२०६७), राष्ट्रिय मानव अधिकार आयोग २०६७ जेठ १३, पृष्ठ २३

१९ सम्वत २०६२ सालको रिट नं. ३०८१ आदेश मितिः २०६४।९।२।२

आउँछ। जसरी अदालतले जारी गरेको आदेश निर्देशनहरू सरकारले पालना गर्नपर्नु हुन्छ उसैगरी मानव अधिकारको प्रभावकारी संरक्षण र परिपालना गर्ने क्रममा आयोगले दिएका यस्ता सुझाव, प्रतिक्रिया र निर्देशनहरू सरकारले पालन गर्नुपर्ने हुन्छ।

- मानव अधिकारको संरक्षणको लागि आयोगबाट जारी भएको आदेश वा निर्देशन कार्यान्वयन गर्ने वा आयोगबाट गरिएको सिफारिश वा सुझाव कार्यान्वयन गर्ने सरकारले कुनै *Ifs and Buts* को जिकिर गर्न हुँदैन।

अदालतले आयोगका सिफारिश कार्यान्वयन सम्बन्धमा नै अर्को पनि आदेश जारी गरेको छ। अधिवक्ता ओमप्रकाश अर्यालसमेत विरूद्ध राष्ट्रिय मानव अधिकार आयोग समेत भएको[२०] अर्को रिट निवेदनमा पनि सर्वोच्च अदालतबाट आयोगका सिफारिश कार्यान्वयन सम्बन्धमा कोशेढुङ्गा (*Land Mark*) सावित हुने आदेश भएका छन्। विस्तृत रुपमा व्याख्या गर्दै आयोगका सिफारिश अनिवार्य रुपमा कार्यान्वयन गर्नुपर्ने भन्दै अदालतको आदेशमा मुख्य रुपमा निम्न आदेश जीवित रहेको अवस्था छ :

- नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने विषयमा निर्णय गर्ने अन्तिम अधिकार महान्यायाधिवक्ताको हुने हो। तर मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहन गर्ने व्यक्ति उपर मुद्दा चलाउन आवश्यक भएमा मुद्दा दायर गर्न मानव अधिकार आयोगले सिफारिश गरी पठाएपछि महान्यायाधिवक्ताले सो विषयमा मुद्दा चलाउने वा नचलाउने भनी निर्णय गर्न पाउने भन्ने होइन। संविधानको धारा १३२ को उपधारा (२) को खण्ड (ग) को मुद्दा दायर गर्न सिफारिश गर्ने आयोगको अधिकारलाई निष्प्रभावी हुने गरी धारा १३५ को उपधारा (२) द्वारा महान्यायाधिवक्तालाई प्राप्त मुद्दा चलाउने वा नचलाउने भनी निर्णय गर्ने अधिकारको प्रयोग हुनसक्छ भनी व्याख्या गर्ने हो भने धारा १३२ को उपधारा (२) को खण्ड (ग) अन्तर्गत मानव अधिकार आयोगलाई प्राप्त अधिकारको औचित्य नै नरहने। (आदेशको प्रकरण नं. १०)
- मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहनको घटनामा दोषी व्यक्तिउपर आयोगले प्रचलित कानूनबमोजिम मुद्दा चलाउन आवश्यक देखी मुद्दा दायर गर्न सिफारिश गरेपछि सो विषयमा महान्यायाधिवक्ता वा निज मातहतको कुनै सरकारी वकील कार्यालयले अन्य अपराधमा जस्तो मुद्दा चलाउन आवश्यक छ, वा छैन भनी आयोगको सिफारिशको औचित्यमाथि अन्यथा प्रश्न गर्न मिल्ने अवस्था संविधानतः नदेखिने। (आदेशको प्रकरण नं. १३)
- आयोगले बिनाआधार र कारण हचुवाको भरमा कसैका विरुद्ध मुद्दा चलाउन सिफारिश गर्ने पनि होइन। राष्ट्रिय मानव अधिकार आयोगको सिफारिशलाई कार्यान्वयन गर्ने वा नगर्ने भन्ने स्वविवेक त्यस्तो सिफारिश प्राप्त गर्ने निकाय वा पदाधिकारीलाई रहन्छ भनी सम्झन मिल्दैन। त्यस्तो स्वविवेक प्रदान गर्ने खालका कानूनी व्यवस्थाहरू संविधानको प्रावधान र त्यसको मनसाय अनुकूल हुन्छन् भनी अर्थ गर्न पनि नमिल्ने। (प्रकरण नं. १५)

अभिलेख अदालतको रुपमा रहेको सर्वोच्च अदालतबाट उल्लिखित व्यहोराको आदेश भइसकेको अवस्था एवम् नेपालको संविधानको धारा १२६(२) ले सर्वोच्च अदालतबाट मुद्दा मामिलाको रोहमा दिएको आदेश वा निर्णय सबैले पालना गर्नु पर्ने बाध्यात्मक व्यवस्था गरेको भए पनि सरकारले आयोगका सिफारिश कार्यान्वयनको सन्दर्भमा यस विषयलाई गम्भीरतापूर्वक लिन सकेको छैन। अहिले पनि सरकार *If and Buts* को जिकिरमा रहेको तथ्य यसै प्रतिवेदनले स्पष्ट गरेको छ।

२० रिट नं.०६८-ध्क-००६३, आदेश मिति :२०६९।११।२३।४

## ३. संसद

मानव अधिकार आयोगका सिफारिश कार्यान्वयन सम्बन्धमा तत्कालीन र विद्यमान दुवै संसदहरूको भूमिका महत्त्वपूर्ण रहँदै आएको छ। तत्कालीन मानव अधिकार आयोग ऐन, २०५३ को दफा १४, नेपालको अन्तरिम संविधान, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ देखि नेपालको संविधानको धारा २९४ सम्मले प्रत्येक वर्ष आफूले गरेको काम कारवाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन राष्ट्रप्रमुख समक्ष पेश गर्ने र राष्ट्रप्रमुखले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संसदसमक्ष पेश गर्न लगाउने व्यवस्था गरेको छ । यस्तो प्रतिवेदनमा आयोगबाट भएका सिफारिशहरू पनि स्वतः समावेश हुने गरेको परिप्रेक्ष्यमा यसरी प्रस्तुत हुने प्रतिवेदनमाथि संसदमा छलफल गरी आयोगबाट भएका सिफारिशहरूको कार्यान्वयन सम्बन्धमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने देखिन्छ। आयोग स्थापनादेखि हालसम्म यस कार्यले मुर्तरुप पाउन भने सकेन । तर पनि संसदको मानव अधिकारसँग सम्बन्धित समितिले आ.व. २०७२/०७३ को वार्षिक प्रतिवेदन माथि छलफल गरी नेपाल सरकारलाई आयोगका सिफारिश कार्यान्वयन गर्न निर्देशन दिएको छ। सो समितिले आयोगका सिफारिशहरूलाई प्राथमिकताका साथ प्रभावकारी कार्यान्वयन गर्न संविधानको धारा २४९(२) को खण्ड (ख) र (ङ) बमोजिमको आवश्यक व्यवस्था मिलाउन नेपाल सरकारलाई निर्देशन दिएको छ। आयोगले मानव अधिकार उल्लङ्घनकर्ता भनी सिफारिश गरेका व्यक्तिहरूलाई बढुवा गर्ने, पदक/विभूषण आदिले सम्मान गर्ने जस्ता कार्य नगर्न र आयोगका सिफारिशको सम्मान गर्न पनि निर्देशन दिएको छ। समितिले आयोगलाई पनि आफूले गरेका सिफारिश कार्यान्वयन नगर्ने पदाधिकारीको नाम नेपालको संविधानको धारा २४९(२) को खण्ड (ज) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७ बमोजिम मानव अधिकार आयोगका सिफारिश कार्यान्वयन नगर्ने व्यक्ति, पदाधिकारी वा निकायको नाम सार्वजनिक गर्ने प्रक्रिया अगाडि बढाउन, मानव अधिकार उल्लंघकर्ताको संरक्षण प्रदान गर्नेलाई दण्डित र निरुत्साहित गर्न आवश्यक कानूनी तथा नीतिगत प्रक्रिया अगाडि बढाउन आयोगलाई पनि सुझाव दिएको छ।

पछिल्लो समयमा संघीय संसदको कानून, न्याय तथा मानव अधिकार समिति र आयोगको सहकार्यमा मानव अधिकार कार्यान्वयमा संसद र राष्ट्रिय मानव अधिकार आयोगको भूमिका विषयमा विभिन्न कार्यक्रमहरू भइरहेका छन् । यस्ता कार्यक्रमबाट आयोगका सिफारिश कार्यान्वयनमा संसदको भूमिका थप प्रभावकारी हुनसक्ने देखिएको छ।

## ४. नागरिक समाज

आयोगका सिफारिश कार्यान्वयन सन्दर्भमा नागरिक समाजबाट पनि विभिन्न पहलहरू भएका छन्। सिफारिश कार्यान्वयन सम्बन्धमा नागरिक समाजका सदस्यहरूबाट सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएका थिए।[२१] नेपाल बार एशोसिएसन, एडभोकेसी फोरम, ल्यानकाहु, आइसीजे, नेपाल मानव अधिकार संगठन, वेपत्ता परिवार समाज, तत्कालीन माओवादी पीडित संघ, लगायतका संघ संस्था, पीडित स्वयं र व्यक्तिगत हैसियतमा कानून व्यावसायीहरूले पनि अदालतमा मुद्दा दर्ता गर्ने र बहस पैरबी गराई आयोगका सिफारिश कार्यान्वयनको लागि पहल गरेका छन्। ती निवेदनहरूमा अदालतको आदेशबाट आयोगका सिफारिश कार्यान्वयनमा सरकार थप जिम्मेवार बन्नु पर्ने अवस्था सिर्जना भएको छ।[२२] नागरिक तथा दलित आन्दोलन अगुवाहरूबाट आयोगको सिफारिश कार्यान्वयन गर्न पहल भएको छ।[२३] दण्डहीनता विरुद्धको नागरिक कार्यदलले २०६४ सालमा

---

२१ आयोगका सिफारिश कार्यान्वयनको माग गर्दै अधिवक्ता भोजराज ऐर तथा ल्यानकाउ नामक संस्थाहरूबाट सर्वोच्च आदलतमा दर्ता भएका रिट निवेदनहरूमा क्रमशः वि.सं. २०६२ साल माघ १४ र २०६४ साल जेठ २५ गते आयोगका सिफारिश कार्यान्वयन गर्न नेपाल सरकारका नाउँमा परमादेश जारी गरेको थियो।

२२ राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिशहरूको कार्यान्वयन सम्बन्धी अवस्था, राष्ट्रिय मानव अधिकार आयोग, २०६६ पृष्ठ १९

२३ बर्दिया बाँसपानीमा वि.सं. २०६६ फागुन १२ गते तीन जना महिला मारिएको घटनामा वि.सं. २०६६ चैत १२ गते आयोगमा उपस्थित भई उनीहरूले

आयोगका सिफारिश कार्यान्वयन सम्बन्धी एक महिने दवाव मुलक कार्यक्रम घोषणा गरेको थियो ।[२४] मानव अधिकारकर्मी/नागरिक समाजबाट सिफारिश कार्यान्वयनको लागि आयोगलाई सहयोगका प्रतिबद्धताहरू निरन्तर भइहेका छन् । मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड) ले आयोगसँगको संयुक्त आयोजनामा आयोगका सिफारिश कार्यान्वयनलाई दण्डहीनतासँग जोडेर कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रमले आयोगका सिफारिश कार्यान्वयन गर्न थप दवाव सिर्जना गर्नुपर्ने निष्कर्ष निकालेको थियो ।[२५] यस्तै जूरी नेपाल नामक संस्थाले आयोगका सिफारिश कार्यान्वयन सम्बन्धमा निगरानी सम्बन्धी कार्यक्रम नै सञ्चालन गरेको थियो । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले पछिल्लो अवधिमा पनि आयोगका सिफारिश कार्यान्वयन नहुँदा राज्यको जवाफदेहितामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रश्न उठिरहेकाले आयोगका सिफारिश प्रभावकारी कार्यान्वयनका लागि संयन्त्र गठन गरी कार्यान्वयन गर्न सुझाव पेश गरेको छ ।[२६]

आयोगका सिफारिश कार्यान्वयन सम्बन्धमा नागरिक समाजबाट उल्लिखित सकारात्मक पहलहरू भइरहँदा त्यस्ता कार्यक्रमहरूले निरन्तरता पाएमा कार्यन्वयन अवस्थामा थप सूधार हुनसक्ने अपेक्षा गर्न सकिन्छ । त्यसैले नागरिक समाजबाट भई रहेका यस्ता कार्यक्रमहरूलाई एकीकृत रुपमा निरन्तरता  दिन सकिएमा त्यसको परिणाम सकारात्मक हुने निश्चित छ ।

## ५. संयुक्त राष्ट्रसंघीय संयन्त्र

राष्ट्रिय कानूनबाट स्थापित भएरपनि अन्तर्राष्ट्रिय मञ्चहरूप्रति पनि उतरदायी हुनुपर्ने एकमात्र संवैधानिक निकाय राष्ट्रिय मानव अधिकार आयोग हो । यसको हरेक पाँच वर्षमा संयुक्त राष्ट्रसंघीय संयन्त्रबाट मूल्याङ्कन भई स्तर निर्धारण हुन्छ । त्यसैले आयोगका गतिविधिहरूमा संयुक्त राष्ट्रसंघीय संयन्त्रले कुनै न कुनै रुपमा महत्व दिइरहेको हुन्छ । यसै सन्दर्भमा आयोगबाट भएका सिफारिशहरूमा पनि उसको चासो रहन्छ नै । पछिल्लो पटक नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय अनुबन्ध, १९६६[२७] र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध, १९६६[२८] का आवधिक प्रतिवेदनहरूको समापन टिप्पणी मार्फत पनि यस सम्बन्धमा चासो व्यक्त गरेको छ । समितिहरूले राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिश कार्यान्वयन नभएकोमा खेद प्रकट गरेका छन् ।

मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा[२९] को सुझावमा पनि यस विषयलाई समानान्तररुपमा उठाइएको छ । आयोगका सिफारिशहरू सरकारले तोकिएको समयमा कार्यान्वयन नगर्दा कतियप पीडितहरू संयुक्त राष्ट्रसंघीय संयन्त्रमा उजुरी लिएर गएका छन् । त्यसरी राट्रसंघीय संरचनामा सन् २००६ अप्रिल २६ देखि सन् २०१७ जुलाई २१ सम्म पुगेका मध्ये जानकारीमा आएसम्म १७ जना पीडितहरूका उजूरीमा निर्णय गर्ने सन्दर्भमा पनि मानव अधिकार समितिले निर्णय गरिसकेको अवस्था छ ।[३०] आयोगका सिफारिश कार्यान्वयनको

---

सिफारिश कार्यान्वयनको पहल गरेका थिए ।

२४ आयोगको एक दशक उजुरीउपर आयोगका सिफारिशहरू (वि.सं. २०५७-२०६७), राष्ट्रिय मानव अधिकार आयोग, २०६७ जेठ १३, पृष्ठ२०

२५ आयोग र फोरिडको संयुक्त आयोजनामा मिति २०६४ वैशाख ६ गते यस सम्बन्धी कार्यक्रम सम्पन्न भएको थियो ।

२६ नेपाल मानव अधिकार वर्ष पुस्तक २०२०, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), पृष्ठ ७४

२७ Human Rights Committee, 15 April 2014, concluding observations on the second periodic report of Nepal, available at; http://tbinternet.ohchr.org/ layouts/treatybodyexternal/ Download.aspx? symbolno= CCPR % 2fC%2fNPL%2f CO %2f 2& Lang=en

२८ Committee on Economic, Social and Cultural Rights, 12 December 2014, Concluding observations on the third periodic report of Nepal, available at; http://tbinternet.ohchr.org/ layouts/ treatybody external/ Download.aspx? symbolno =E%2fC. 12% 2fNPL%2fCO%2f3&Lang=en

२९ Human Rights Council Thirty-first session Agenda item 6, Universal periodic review Report of the Working Group on the Universal Periodic Review, Nepal, United Nations A/HRC/31/9, General Assembly, Distr.: General 23 Dece mber 2015, available at; https://documents-dds-ny.un.org/doc/UNDOC/GEN/ G15/290/92/PDF/ G1529092.pdf?Open Element

३० पीडितहरू जितमान बस्नेत, ज्ञानेन्द्र त्रिपाठी, तेजबहादुर भण्डारी, देवबहादुर महर्जन, मुकुन्द सेढाईं, युवराज गिरी, सुभद्रा चौलागाईं, सूर्यप्रसाद शर्मा, आङदोर्जे शेर्पा, चक्रबहादुर कटवाल, टोपबहादुर बस्नेत, मिलन नेपाली, पदमनारायण नकर्मी, छेदुलाल थारु, ए.एस., शान्ता न्यौपाने,राजेन्द्र ढकाल,

सन्दर्भमा राष्ट्रसंघीय संयन्त्रहरूबाट प्रत्यक्ष अप्रत्यक्ष भूमिका निर्वाह भइरहेको छ। यस बाहेक विशेष कार्यविधि अन्तर्गत विशेष समाधिक्षकहरू, कार्य समूहहरूबाट भएका भ्रमणहरू र उनीहरूले नेपाल सरकारलाई गरेका सिफारिशबाट पनि यस विषयमा चिन्ता, चासो र सुझाव दिने कार्य भएका छन्।

## ६. राष्ट्रिय मानव अधिकार आयोग

आयोग पीडितहरूको न्याय प्राप्तिको लागि निरन्तर सक्रिय छ। यसको लागि मानव अधिकारको संरक्षण र सम्बर्द्धन सम्बन्धी विविध गतिविधिहरू सम्पन्न गर्दै आएको छ। यस्ता गतिविधि मध्येको एक गतिविधी मानव अधिकार उल्लङ्घन तथा दुरुत्साहन सम्बन्धी उजूरीहरूको व्यवस्थापन पनि हो। उजूरी व्यवस्थापन सन्दर्भमा पीडितलाई न्याय दिलाउने उद्देश्यले निर्णय गरी विशेषतः नेपाल सरकारलाई सिफारिश गर्दै त्यस्ता सिफारिशहरूको कार्यान्वयन गर्न निरन्तर प्रयास गरिरहेको छ।

आयोगबाट भएका उजूरीहरूमा भएका निर्णय बमोजिमका सिफारिशहरू कार्यान्वयनको लागि कानूनले दिएको कार्यादेश बमोजिम नेपाल सरकारलाई पत्राचार र पुनः पत्राचार गर्ने, सिफारिश कार्यान्वयन अवस्थाको बारेमा समेत प्रत्येक वर्ष राष्ट्रपतिसमक्ष पेश गरिने वार्षिक प्रतिवेदनमा उल्लेख गरी जानकारी गराउने, सो विषयलाई संसदको छलफलको विषय बनाउने र सिफारिश कार्यान्वयन अवस्था झल्कने विशेष प्रतिवेदनहरू तयार गरी सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्दै आएको छ। विधानतः आयोगले प्रत्येक वर्ष पेश गरेको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश भइसकेपछि प्रधानमन्त्री मार्फत संसदमा छलफल हुनुर्पे हो। तर आयोगको पहल र तत्कालीन सामाजिक न्याय तथा मानव अधिकार समितिको सक्रियतामा आयोगको इतिहासमा पहिलो पटक आ.व. २०७३/०७४ मात्र यस्तो कार्यको सुभारम्भ भई सरकारलाई निर्देशन भएको छ।

सिफारिश कार्यान्वयन सम्बन्धमा प्रधानमन्त्रीहरू समक्ष पटक-पटक स्मृति गराउने कार्य आयोगले गरेको छ। आयोग स्थापना पछिका सबै प्रधानमन्त्रीहरूसमक्ष आयोगका सिफारिशहरू कार्यान्वयनको लागि नियमित पहल गरेको छ। प्रमुख राजनीतिक दलका नेताहरू समेतलाई भेटी यस्तो अनुरोध गरेको छ। आयोगले गरेका सिफारिश कार्यान्वयन गर्नुको सट्टा सरकारले पुरस्कृत र मान पदवीबाट सम्मान गर्न थालेपछि मानव अधिकार उल्लघंनमा आरोपित व्यक्तिहरूका सम्बन्धमा आवश्यक छानवीन पश्चात मात्र उनीहरूको वृत्ति विकासको निर्णय लिन सरकारको ध्यानाकर्षण गराएको छ।[३१] फौजदारी प्रकृतिका घटनाहरूको कारवाही सैनिक वा जनअदालतबाट नभई साधिकार अदालतबाट गराउन स्मृति गराएको छ।[३२] आयोगबाट आफ्ना सिफारिशहरू कार्यान्वयन गर्न समय–समयमा प्रेस विज्ञप्ति तथा प्रेस नोटहरू सार्वजनिक गरी नेपाल सरकार र सम्बन्धित पदाधिकारीलाई सचेत गराउने तथा ध्यानाकर्षण गराउने कार्य गरेको छ। मानव अधिकार उल्लङ्घनका घटनामा मुद्दा दायर गर्नको लागि मुद्दा चलाउन भनी गरेका सिफारिशहरूको कार्यान्वयनमा रहेका जटिलता, समाधानका विकल्प तथा सुझावहरू पेश गर्न गठित कार्यदल[३३] ले दिएको सुझाव बमोजिम राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा गरिनु पर्ने संशोधन सम्बन्धी मस्यौदा तयार गरी नेपाल सरकारसमक्ष प्रस्तुत गरेको छ। सो कार्यदल गठनपूर्व पनि आयोगले ऐन संशोधन सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउँदै आएको थियो।

आयोगबाट अन्य सरोकारवाला निकायहरूसँग पनि छलफल गर्ने कार्य भएको छ। सरकारबाट सिफारिश कार्यान्वयनमा तदारुकता नदेखिएपछि वि.सं. २०६१ सालदेखि नै आयोगबाट उच्चस्तरीय पहल शुरु भएको

सरिता शर्मा, समेतका उजूरीमा समितिले सिफारिश गरेको छ।

३१ यस्तो ध्यानाकर्षण पहिलो पटक आयोगबाट २०६६ असार २१ गते गराइएको थियो।

३२ आयोगको एक दशकः उजूरी उपर आयोगका सिफारिशहरू (वि.सं. २०५७–२०६७), राष्ट्रिय मानव अधिकार आयोग २०६७ जेठ १३, पृष्ठ १५ देखि २२।

३३ तत्कालीन महान्यायाधिवक्ता हरि फुयाँलको पहलमा २०७३ जेठ ९ गते प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, महान्यायाधिवक्ता र राष्ट्रिय मानव अधिकार आयोगको कार्यालयका प्रतिनीध रहने गरि उक्त कार्यदल गठन भएको थियो।

हो । यसक्रममा वि.सं. २०६१ माघ ३ गते आयोगका पदाधिकारी र अधिकृत कर्मचारीहरू, प्रधानमन्त्री कार्यालयका सचिव, नेपाली सेनाको तत्कालीन मानव अधिकार शाखा, नेपाल प्रहरी लगायतका निकायका उच्चपदस्थ अधिकृतबीच एक दिवसीय कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा प्रधानमन्त्री कार्यालयका सचिवबाट आयोगका सिफारिश सबै निकायले मानव अधिकार आयोग ऐन, २०५३ को दफा १३(४) बमोजिम कार्यान्वयन गर्न निर्देशन भएको थियो ।[३४] बलपूर्वक वेपत्ता पारिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्ने सम्बन्धी सिफारिश कार्यान्वयनको सन्दर्भमा तत्कालीन अवस्थामा गठन गरिएको राज्यद्वारा वेपत्ता पारिएका व्यक्तिहरूको खोजबिन समितिका संयोजकसँग वि.सं. २०६२ माघ ३० गते, नेपाली सेनासँग सम्बन्धित सिफारिशहरूको कार्यान्वयन सम्बन्धमा वि.सं. २०६३ पुस २६ गते, वि.सं.२०६४ असोज १० गते गृह सचिव, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका महानिरीक्षकहरूसँग पनि छलफल गरी सिफारिश कार्यान्वयन गर्न पहल गरेको थियो ।[३५] यस बाहेक पनि पीडित र सरोकारवालाहरू बीचमा वि.सं. २०६४ माघ १२ गते यस किसिमको पहल भएकोमा त्यस्तो पहल हालसम्म निरन्तर जारी रहेको छ ।

सरकारले आयोगबाट पठाएका अधिकांश सिफारिशहरू कार्यान्वयन नगरेपछि आयोगबाट एकमुष्ट रुपमा वि.सं. २०६६ साउन २० गते आ.व. २०५७/०५८ देखि आ.व. २०६५/०६६ सम्म भएका अधिकांश सिफारिश कार्यान्वयन नभएको भन्दै ताकेता गरिएको थियो । पछिल्लो समयमा कानूनमन्त्री समेतको उपस्थितिमा आयोगका सिफारिश कार्यान्वयन सम्बन्धी कानूनी अड्चन फुकाउने सम्बन्धमा अर्को छलफल सम्पन्न भएको छ । यस विषयमा महान्यायाधिवक्ताको कार्यालयसँग पनि छलफल भएको छ । सिफारिश कार्यान्वयनको सन्दर्भमा आयोगबाट पीडित मानव अधिकारकर्मी/नागरिक समाजसँग पनि छलफल गर्ने र सुझाव संकलन गर्ने कार्य हुँदै आएको छ । सर्वोच्च अदालत, राष्ट्रिय मानव अधिकार आयोग र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहकार्यमा नेपालका सम्माननीय प्रधान न्यायाधीशको प्रमुख आतिथ्यता, माननीय न्यायाधीशहरू र नेपाल सरकारका मुख्य सचिव सहित अधिकांश मन्त्रालयका सचिव/सहसचिवहरूको उपस्थितिमा २०७४ साल पुस ७ गते मानव अधिकार सम्बन्धी सिफारिश तथा फैसला/आदेशहरूको कार्यान्वयन अवस्थामा सुधार ल्याउने उद्देश्यले कार्यक्रम सम्पन्न गरेको छ ।

आयोगका सिफारिश कार्यान्वयन सम्बन्धमा विशेष गरी संयुक्त राष्ट्रसंघीय मानव अधिकार प्रणालीभित्रका पदाधिकारीहरूसँग छलफल गर्ने र सो सम्बन्धी प्रतिवेदनहरू मार्फत जानकारी गराउने गरिएको छ । एशिया प्यासिफिक क्षेत्रका राष्ट्रिय मानव अधिकार संस्थाहरूको विभिन्न सभा सम्मेलन र वैठकहरूमा पनि यस विषयमा एक अर्का देशको अनुभव आदान प्रदान गर्ने र कार्यान्वयनको उपाय खोज्ने प्रयास भइरहेको छ ।

आयोगले आफ्ना सिफारिशहरूको कार्यान्वयन अवस्थाको सन्दर्भमा चार वटा प्रतिवेदन प्रकाशित गरिसकेको छ । तुलनात्मक रुपमा पहिलो प्रकाशन र तेश्रो प्रकाशन बीचमा कार्यान्वयनको प्रतिशतमा केवल ६ प्रतिशतले वृद्धि भएको छ । चौथो र यस प्रतिवेदन बीचमा खासै अन्तर देखिन आएन । आयोगबाट भएका सिफारिशहरू मध्येमा केही नमूना सिफारिशहरूको कार्यान्वयन अवस्थासम्बन्धी स्थलगत अध्ययन पनि भएको छ । छनौट गरिएका विभिन्न १४ वटा सिफारिशहरूमा भएको अध्ययन प्रतिवेदनले २ जनाले मात्र आफूहरूले आयोगको सिफारिश बमोजिम क्षतिपूर्ति प्राप्त गरेको उल्लेख गरेका छ । अन्यको हकमा त्यस्तो क्षतिपूर्ति रकम नेपाल सरकारबाट स्वतः प्राप्त भएको हो भन्ने बुझाइरहेको छ ।[३६]

---

३४ राष्ट्रिय मानव अधिकार आयोगका सिफारिश र कार्यान्वयन अवस्था, राष्ट्रिय मानव अधिकार आयोग, २०६५ पृष्ठ १६

३५ ऐ.ऐ.

३६ विस्तृत जानकारीको लागि हेर्नुहोस्, अयोगका केही सिफारिशहरूको कार्यान्वयन र पीडितको अवस्था, अध्ययन प्रतिवेदन, राष्ट्रिय मानव अधिकार आयोग हरिहरभवन, ललितपुर, असार, २०७३

परिच्छेद चार

# सिफारिश कार्यान्वयन अवस्था

## १. कार्यान्वयन अवस्था

आयोगबाट गरिएका सिफारिशहरू कार्यान्वयन सम्बन्धमा नेपाल सरकार, सर्वोच्च अदालत, संसद, नागरिक समाज, संयुक्त राष्ट्रसंघीय संयन्त्र र राष्ट्रिय मानव अधिकार आयोग स्वयम्बाट पनि माथि उल्लेख भएबमोजिमका प्रयास भएका छन् । क्षतिपूर्ति राहतको लागि भएका सिफारिशहरू कार्यान्वयनको सूचक सकारात्मक छ । सरकारको राष्ट्रिय र अन्तराष्ट्रिय प्रतिबद्धता सकारात्मक छ । नाम किटान गरिएका केही दोषीहरूलाई कारवाही भएको छ । आयोगले नेपाल सरकारसँग सम्पर्क राख्न तोकिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले आयोगबाट भएका सिफारिश कार्यान्वयनको लागि मातहत निकायमा तत्काल पत्राचार गरिरहेको छ । नेपाल सरकारको चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना सम्म आयोगका सिफारिश कार्यान्वयनलाई कार्यक्रमको रुपमा नै समावेश गरेको छ । मातहत मन्त्रालय/निकायहरू पहिचान गरी सिफारिश कार्यान्वयन गर्ने संयन्त्रको निर्माण गर्ने कार्य जस्ता सकारात्मक पक्षहरू देखिन्छन् । यी सकारात्मक पक्षको परिणाम सोही अनुरुप आउन सकेमा देशको मानव अधिकार अवस्था सुदृढ हुने देखिन्छ ।

यी सकारात्मक प्रयासहरूको बाबजुद पनि आयोगका सिफारिश कार्यान्वयनको अवस्था सन्तोषजनक हुन सकेको छैन । सिफारिश कार्यान्वयनको अवस्थालाई हेर्दा यस विषयको चिन्ता आयोगलाई मात्र हुनु पर्ने हो कि भन्ने अवस्था देखिन्छ । जबकि आयोगको सिफारिश कार्यान्वयन गर्ने प्रमुख चिन्ता विशेषतः नेपाल सरकारको हो र हुनु पर्दछ । त्यसको सम्पूर्ण गुण र दोषको जिम्मेवारी पनि सरकारले लिनु पर्दछ । तर, व्यवहारिक रुपमा सरकारले आयोगबाट भएका सिफारिशको कार्यान्वयनलाई आफ्नो दायित्वको रुपमा भन्दा पनि भारको रुपमा बुझ्दै आएको जस्तो देखिन्छ । पीडितको जीवन, स्वतन्त्रता, समानता र मर्यादाको विषयलाई अधिकाँशतः मौद्रिक क्षतिपूर्तिमा जोडेर टुङ्ग्याउने प्रवृत्ति बढेको छ । यसले एकातिर पीडितको पूर्ण न्याय प्राप्तिको अधिकार संकुचित भइरहेको छ भने अर्कोतर्फ देशमा दण्डहीनताको प्रवृत्तिलाई प्रश्रय मिलिरहेको छ ।

आयोगले निर्णय गरी कार्यान्वयनको लागि नेपाल सरकारसमक्ष पठाएका सिफारिशहरू मध्ये सरकारले पूर्ण कार्यान्वयन भएका र कार्यान्वयन भएका तर आयोगबाट लगत कट्टा हुन बाँकी भन्दै ३२.०९ प्रतिशत सिफारिशलाई पूर्ण कार्यान्वयन, ६०.४४ प्रतिशत सिफारिशलाई आंशिक कार्यान्वयन र ७.४७ प्रतिशत सिफारिशलाई कार्यान्वयनको क्रममा रहेका भनी उल्लेख गरेको छ ।[३७] तर, उल्लिखित तथ्याङ्कको स्वतन्त्ररुपमा पुष्टि हुन सक्ने आधार आयोगलाई प्राप्त भएको देखिँदैन । उदाहरणको लागि आयोगले मानव अधिकार उल्लङ्घनकर्ता भनी व्यक्तिगत जवाफदेहीता बहन गराउन गरेको सिफारिश विपरित सरकारले एकातर्फ पीडकले तिनुपर्ने क्षतिपूर्ति रकम आफैंले तिरिदिएर त्यस्ता सिफारिशलाई पूर्ण कार्यान्वयन भनेको देखिन्छ[३८] भने अर्कोतर्फ दोषी पत्ता लगाई कारवाही समेत गर्न गरेको सिफारिशमा पीडित परिवारलाई राहत दिएकै आधारमा पूर्ण कार्यान्वयन भनी उल्लेख गरेको छ ।[३९] गैरकानूनी थुनामा राख्ने सुरक्षाकर्मीलाई कारवाही गर्न भनी भएको

३७ राष्ट्रिय मानव अधिकार आयोगबाट नेपाल सरकारसमक्ष गरिएका सिफारिशहरूको कार्यान्वयन स्थिति, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं, २०७१ पृष्ठ १३ ।

३८ ऐ.ऐ. पृष्ठ २४ क्र.सं. १ ।

३९ ऐ.ऐ.पृष्ठ २९ क्र.सं. १३, पृष्ठ ३७ क्र.सं. ४८, पृष्ठ ३८ क्र.सं. ४९ समेत ।

सिफारिशमा पीडितलाई रिहा गरेकै आधारमा पूर्ण कार्यान्वयन भनी उल्लेख गरेको छ।[४०] उल्लिखित तथ्यको आधारमा सरकारले सार्वजनिक गरेको स्थितिपत्रमा उल्लेख भएबमोजिम सिफारिश कार्यान्वयन अवस्थामा पूर्ण सहमत हुन सक्ने अवस्था छैन। यसबाट सरकार मौद्रिक क्षतिपूर्तिमा केन्द्रीत रहे पनि पीडितको पूर्ण न्याय प्राप्तिको लागि सकारात्मक नरहेको र त्यसले दण्डहीनताको प्रवृत्तिलाई प्रश्रय दिएको पुष्टि गर्न सहयोग गर्दछ।

आयोगले सिफारिश कार्यान्वयन सम्बन्धमा नेपाल सरकार सहित सम्बन्धित निकायमा गरेका सिफारिशहरू, ती निकायहरूबाट आयोगमा प्राप्त प्रतिक्रयाहरू, सरकारबाट यस सम्बन्धमा प्रकाशित सामग्रीहरू, आयोगको अभिलेख समेतको अध्ययनले आ.व. २०५९/०६० मा भएका निर्णय बमोजिमका सिफारिशहरू मात्र पूर्ण रुपमा कार्यान्वयन भएका देखिन्छन्। जसको पछाडिको कारण क्षतिपूर्तिको लागि मात्र सिफारिश हुनु र सरकारी कर्मचारीको त्यहाँ प्रत्यक्ष संलग्नता नहुनु देखिन्छ। तर, अन्य आर्थिक वर्षमा भएका सिफारिशहरू या त आंशिक रुपमा कार्यान्वयन भएका वा कार्यान्वयन नै भएका छैनन्।

आयोग स्थापनाको बीस वर्षमा गरिएका सिफारिशहरूको संख्यालाई हेर्दा स्थापनाकाल देखि हालसम्म सबैभन्दा बढी आर्थिक वर्ष २०७६/०७७ मा १३८ वटा सिफारिशहरू भएका छन् भने सबैभन्दा कम आ.व. २०७०/०७१ र आ.व. २०५७/०५८ मा दुई दुई वटा रहेका छन्। समग्रमा, आ.व. २०५७/०५८ देखि आ.व. २०७६/०७७ सम्म भने यस्ता सिफारिश गर्न निर्णय गरी सरकारलाई पठाइएको संख्या ११९५ रहेको छ। सिफारिश भएका १,१९५ सिफारिश भित्र २३ वटा मानव अधिकार उल्लङ्घनका विषयहरू मध्ये हत्याका घटनामा सबैभन्दा बढी ६६१ वटा सिफारिश छन् भने सबैभन्दा कम धम्की, सूचनाको हक, शरणार्थीको हक र स्वच्छ वातावरणको हकमा दुई दुई वटा निर्णय भई सिफारिश भएका छन्। तर दुई वटा सिफारिश भएका निर्णयको कार्यान्वयन अवस्था पनि सन्तोषजनक छैन। विषयगत रुपमा गरिएका निर्णय बमोजिमका १,१९५ वटा सिफारिशहरू मध्ये केवल १६३ वटा मात्र पूर्ण कार्यान्वयन भएका छन्। सो संख्यामा ४४५ ओटा सिफारिश आंशिक रुपमा कार्यान्वयन भएका छन् भने बाँकी ५८७ वटा सिफारिशहरू कार्यान्वयन गरिएका छैनन्। जसलाई प्रतिशतको आधारमा हेर्ने हो भने पूर्ण कार्यान्वयन १३.६४%, आंशिक कार्यान्वयन ३७.२४% र कार्यान्वयन नभएको ४९.१२% रहेको छ। यस तथ्याङ्कले आयोगका सिफारिशको कार्यान्वयन ५० प्रतिशत भन्दा कम रहेको देखिएको छ, सिफारिश कार्यान्वयन ५० प्रतिशत भन्दा कम हुनु भनेको देशको मानव अधिकार अवस्था सन्तोषजनक नरहेको कुरा बुझ्न सकिन्छ। संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्को सदस्य रहेको देशको लागि यस्तो अवस्था अझ चुनौतीपूर्ण र चिन्ताको विषय हो।

पेशागत र संलग्नताको अधारमा हेर्ने हो भने आयोगले मानव अधिकार उल्लङ्घनकर्ता भनी किटानी गरिएका निकायहरूमा निजामती सेवाका कर्मचारीहरू, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, तत्कालीन नेकपा माओवादी, शिक्षक, चिकित्सक, मानव अधिकारकर्मी, सुराकी, प्रतिकार समूहका व्यक्तिहरू, सेवागृह सञ्चालक, कैदी र भारतीय सुरक्षाकर्मी समेत रहेका छन्। त्यो संख्या २८६ रहेको देखिन्छ। तर मानव अधिकार उल्लङ्घनकर्ता भनी नाम किटान गरिएको यस संख्याभित्र पनि ३० जनालाई मात्र कारवाही भएको देखिन्छ, बाँकी २५६ जना माथि कुनै कारवाही भएको छैन। नाम किटान भएका उल्लङ्घनकर्ताहरू माथि १०.४१% मात्रलाई कारवाही भएको देखिएको छ।


यसरी भएका सिफारिशभित्र उल्लङ्घनकर्ताहरू २३ विषयका मानव अधिकार उल्लघंन/दुरुत्साहनमा संलग्न भएको देखिन्छ जसलाई कारवाही गर्न आयोगले ३४ प्रकृतिका सिफारिशहरू गरेको छ। त्यसमध्ये सरकारले पूर्ण कार्यान्वयन र आंशिक कार्यान्वयन शीर्षक भित्र रहेका राहत तथा क्षतिपूर्ति सम्बन्धी सिफारिशहरूमा गर्दै गरेको पहललाई सन्तोषजनक रुपमा प्रगति भइरहेको भनी मान्न सकिने अवस्था छ। तर, दोषीलाई कारवाही गर्न भएका सिफारिशहरूको कार्यान्वयन अवस्था अति नै चिन्ताजनक र निराशाजनक अवस्थामा रहेको छ। आर्थिक वर्षको आधारमा त्यस्तो तथ्याङ्कलाई तल तालिका नं. ९ मा उल्लेख गरिएको छ।

---

४० ऐ.ऐ.पृष्ठ ३६ क्र.सं. ४५।

## तालिका नं. ९ सिफारिशको कार्यान्वयन अवस्था

| क्र.सं. | आ.व. | कार्यान्वयन अवस्था | | | जम्मा संख्या |
|---|---|---|---|---|---|
| | | पूर्ण | आंशिक | नभएको | |
| १ | ०५७/०५८ | १ | १ | ० | २ |
| २ | ०५८/०५९ | ३ | ० | २ | ५ |
| ३ | ०५९/०६० | १४ | ० | ० | १४ |
| ४ | ०६०/०६१ | ४ | ३ | १ | ८ |
| ५ | ०६१/०६२ | ५ | २९ | १ | ३५ |
| ६ | ०६२/०६३ | ७ | ४७ | ३२ | ८६ |
| ७ | ०६३/०६४ | ० | ० | ० | ० |
| ८ | ०६४/०६५ | ९ | ४३ | १३ | ६५ |
| ९ | ०६५/०६६ | २५ | ४१ | १४ | ८० |
| १० | ०६६/०६७ | १९ | ७५ | १७ | १११ |
| ११ | ०६७/०६८ | २५ | ५७ | ४९ | १३१ |
| १२ | ०६८/०६९ | २८ | ५० | २२ | १०० |
| १३ | ०६९/०७० | ३ | १० | ८६ | ९९ |
| १४ | ०७०/०७१ | ० | १ | १ | २ |
| १५ | ०७१/०७२ | ० | ० | ८ | ८ |
| १६ | ०७२/०७३ | १ | ४ | २२ | २७ |
| १७ | ०७३/०७४ | २ | १ | ४१ | ४४ |
| १८ | ०७४/०७५ | १ | १९ | ८६ | १०६ |
| १९ | ०७५/०७६ | ९ | ४४ | ८१ | १३४ |
| २० | ०७६/०७७ | ७ | २० | १११ | १३८ |
| जम्मा | | १६३ | ४४५ | ५८७ | ११९५ |
| कार्यान्वयन प्रतिशत | | १३.६४% | ३७.२४% | ४९.१२% | १००.००% |



माथि उल्लिखित तथ्याङ्कबाट आयोगका सिफारिशहरूको कार्यान्वयनको अवस्थामा गिरावट आएको छ । आयोगको वि.सं. २०५७ देखि २०७० सम्मको तथ्याङ्कसँग तुलना गरेर हेर्ने हो भने विगत सात वर्षको तुलनामा पूर्ण कार्यान्वयनको प्रतिशत ०.४३ ले घटेको छ भने आंशिक कार्यान्वयनको प्रतिशत १०.८१ प्रतिशतले घटेको छ। तर कार्यान्वयन नहुने प्रतिशत भने ११.२९ प्रतिशतले बढेको छ। यस तथ्याङ्कले देशमा रहेको दण्डहीनताको अवस्था विगत सात वर्षको भन्दा बढ्दो क्रममा रहेको मान्नुपर्ने अवस्था देखिन्छ। जुन विषय सरकारको लागि चिन्ता, आयोगको लागि चुनौती र पीडितको लागि न्याय प्राप्तीको अन्तहीन व्यग्रतामा परिणत हुँदैछ। यस्तो अवस्था सरकारले राज्यका संवैधानिक निकायहरूबाट भए गरेका[४१] सिफारिशहरूको कार्यान्वयनमा *If and Buts* को जिकिर लिइरहनु, आयोगबाट भएका सिफारिशमा सर्वोच्च अदालतको आदेश, संयुक्त राष्ट्रसंघीय संयन्त्रबाट भएका सिफारिशहरूको वेवास्ता र कानूनी व्यवस्थाको उल्लङ्घन हुनुले आएको हो। अन्तर्राष्ट्रिय प्रतिबद्धता र दायित्व रहेको राष्ट्रिय मानव अधिकार आयोगका सिफारिश कार्यान्वयनमा सरकारले स्थापनाकाल देखि नै *If and Buts* को जिकीर लिनुले यस्तो अवस्था आएको हो। जसको सुधारको लागि सरकार गम्भीर हुन जरुरी देखिन्छ।

## २. उल्लङ्घनकर्तालाई कारवाही गर्ने सम्बन्धी सिफारिशको कार्यान्वयन अवस्था

आयोगले आफ्नो कार्यादेश कार्यान्वयन गर्ने सन्दर्भमा आ.व. २०७६/०७७ सम्म गरेका १,१९४ वटा निर्णयहरू भित्र दोषीलाई कसूर अनुसारको कारवाही गर्न ८४३ वटा सिफारिश गरेको छ। ती मध्ये १४६ वटा सिफारिशहरूमा आयोग दोषीको नाम किटान गरी कारवाहीको लागि सिफारिश गर्न सफल भएको छ। सरकारका प्रतिनिधिले कतिपय समयमा दोषी किटान नहुँदा कारवाही गर्न कठिनाई भएको भनी मिटिङ बैठकमा आफ्ना धारणा पनि राख्ने गरेको पाईन्छ। तर आयोगको अनुसन्धानबाट दोषी किटान भएका व्यक्ति वा पदाधिकारीमाथि कारवाही भएको तथ्याङ्कले सो धारणा वास्तविक रुपमा प्रकट भएको मान्न सकिने अवस्था छैन। किनभने १४६ सिफारिशभित्र नाम संलग्न गरिएबमोजिमका २८६ जना व्यक्ति/पदाधिकारीको नाम किटान गरी आयोगले सिफारिश गरिसकेको अवस्थामा त्यस संख्याभित्र केवल ३० जनामाथि मात्र कारवाही भए पनि २५६ जनामाथि कारवाही भएको जानकारी प्राप्त हुन नआउनुले सरकार कानुनी कारवाहीतर्फ गम्भीर रहेको भनी विश्वस्त रहन सक्ने अवस्था देखिँदैन। समग्रमा कारवाहीको लागि भएका ८४३ संख्यालाई प्रतिशतमा राखेर हेर्ने हो भने व्यक्ति वा पदाधिकारीलाई भएको कारवाहीको प्रतिशत केवल ३ देखिन्छ भने नाम किटान भएका २८६ मा करिब १०.५ प्रतिशत मात्र देखिन्छ। समग्रमा कारवाहीको लागि सिफारिश भएको तर कारवाही नभएको प्रतिशत ९७ छ भने नाम किटान भएकालाई कारवाही नभएको प्रतिशत ८९.५ रहेको छ। जुन तथ्याङ्कलाई सन्तोषजनक मान्न सकिने अवस्था छैन।

मानव अधिकार उल्लङ्घनकर्ता भनी कारवाहीको लागि आयोगबाट नाम किटान भएका व्यक्ति वा पदाधिकारीहरूको संलग्नताको आधारमा हेर्ने हो भने संस्थागत रुपमा निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, शिक्षक, चिकित्सक रहेका देखिन्छ भने संलग्नताको आधारमा तत्कालीन नेकपा माओवादी, प्रतिकार तथा र अन्य समूहहरू र मानव अधिकारकर्मी पनि मानव अधिकार उल्लंघन कार्यमा संलग्न भएका देखिन्छन्। यस तथ्याङ्कमा भारतीय सुरक्षाकर्मी समेत छन्। मानव अधिकार उल्लङ्घनकर्तामा आयोगले विभिन्न नौ क्षेत्रका व्यक्ति तथा पदाधिकारीमाथि कारवाहीको लागि नाम किटान गरेर सिफारिश गरेको छ। यी सिफारिशहरूको अध्ययनले आबद्ध संस्थाको आधारमा सबैभन्दा बढी नेपाल प्रहरीका ९८ जना अर्थात ३४.२७ प्रतिशत, नेपाली सेनातर्फ ८५ जना अर्थात २९.७३ प्रतिशत, तत्कालीन नेकपा (माओवादी)

४१ निर्वाचन आयोगले सिफारिश गरेका उम्मेद्वारलाई अस्वीकार गर्ने, लोक सेवा आयोगले गरेका सिफारिश बमोजिमका कर्मचारीलाई नियुक्ति नदिने, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको सिफारिश बमोजिम मुद्दा नचलाउने भनी सरकारले यदि र तर को जिकीर लिएको देखिँदैन। तर सोही हैसियतमा रहेको यस आयोगका सिफारिशमा सरकारले *If and Buts* को जिकीर लिई रहेको छ।

तर्फ ६५ जना अर्थात २२.७३ प्रतिशत, निजामती कर्मचारीतर्फ १६ जना अर्थात ५.६० प्रतिशत र सशस्त्र प्रहरी बल नेपालतर्फ ८ जना अर्थात २.८० प्रतिशत देखिन्छ। यस बाहेक शिक्षकतर्फ चारजना अर्थात १.४०, चिकित्सकतर्फ २ जना अर्थात ०.६९ प्रतिशत र मानव अधिकारकर्मी १ जना अर्थात ०.३४ प्रतिशत रहेको छ। सुराकी/मतियार, प्रतिकार समूह आवास गृह सञ्चालक, कारागारका कैदी (चौकीदार) र भारतीय सुरक्षाकर्मी (एसएसबी) समेत गरी थप ७ जना अर्थात २.४४ प्रतिशत रहेको छ।

यस तथ्याङ्कले निजामती कर्मचारीतर्फ मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा नेपाल सरकारका सचिव, प्रमुख जिल्ला अधिकारी सहित कार्यालय सहयोगी सम्म रहेका छन् भने नेपाल प्रहरीतर्फ वरिष्ठ प्रहरी उपरीक्षकदेखि प्रहरी जवानसम्म रहेका छन्। सशस्त्र प्रहरी बलमा पनि सशस्त्र प्रहरी नायव महानिरीक्षक सम्मलाई कारवाहीको सिफारिश भएको छ। नेपाली सेनातर्फ तत्कालीन प्रधान सेनापति देखि सैनिक जवानसम्मलाई कारवाहीको सिफारिश भएको छ। तर घटना हुँदाको अवधिमा कार्यरत तत्कालीन सेनापति प्यारजङ्ग थापाको नाम चाँही उल्लेख भएको देखिएन। यद्यपि कानूनी शासन र दण्डहीनताको अन्त्य गर्ने अभियानमा कारवाहीको लागि भने आयोगको सिफारिशले बाटो प्रशस्त गरेको देखिन्छ। तत्कालीन नेकपा माओवादी कार्यकर्ताको हकमा व्यक्तिगत जवाफदेहीताको आधारमा हैसियत खुल्न नसके पनि जिल्लास्तरका नेतासम्मको नाम उल्लेख भएको छ।

नाम किटान गरिएका १४६ वटा सिफारिश भित्रका २८६ जना व्यक्ति/पदाधिकारीहरूको मानव अधिकार उल्लङ्घन कार्यमा संलग्नताको अवस्था हेर्ने हो भने कम्तिमा एकपटक देखि दशपटकसम्म भएको छ। अधिकांश संख्या एकपटक मात्र मानव अधिकार उल्लङ्घन कार्यमा संलग्न देखिंदा नेपाली सेनाका एक अधिकृत सबैभन्दा बढी दशपटक मानव अधिकार उल्लंघन कार्यमा संलग्न भएका देखिन्छ। तर कारवाहीको अवस्था माथि भनिए झैं चिन्ताजनक छ। संख्यात्मकरुपमा माथि उल्लेख भए बमोजिमका ३० जनालाई कारवाही हुँदा १४६ सिफारिश मध्ये केवल १७ वटा सिफारिशमा मात्र कारवाही भएका छन्। सिफारिश संख्याको आधारमा १२९ वटा सिफारिश कार्यान्वयन भएका छैनन्। उल्लङ्घनकर्ताका आधारमा हेर्ने हो भने २५६ जना नाम किटान गरिएका व्यक्तिहरूलाई पनि कारवाही हुन सकेको छैन जसले सिफारिश संख्याको आधारमा ११.६४% र उल्लङ्घनकर्ताको आधारमा १०.४८% मात्र कार्यान्वयन भएको देखाउँछ।

संस्थागत वा सम्बद्धताको आधारमा आयोगले मानव अधिकार उल्लङ्घनकर्ता भनी सिफारिश गरेका निकायमा संलग्न व्यक्ति/पदाधिकारीहरूको तथ्याङ्क तल तालिका नं. १० मा उल्लेख गरे बमोजिम रहेको छ।

**तालिका नं. १० संस्थागत संलग्नताको आधारमा उल्लङ्घनकर्ता**

| क्र.सं. | संस्थाको नाम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निजामती कर्मचारी | १६ | ५.६० |
| २ | नेपाल प्रहरी | ९८ | ३४.२७ |
| ३ | नेपाली सेना | ८५ | २९.७३ |
| ४ | सशस्त्र प्रहरी | ८ | २.८० |
| ५ | नेकपा माओवादी | ६५ | २२.७३ |
| ६ | शिक्षक | ४ | १.४० |
| ७ | चिकित्सक | २ | ०.६९ |
| ८ | मानव अधिकारकर्मी | १ | ०.३४ |
| ९ | अन्य | ७ | २.४४ |
| **जम्मा** | | **२८६** | १०० |

माथि तालिकामा मानव अधिकार उल्लङ्घनकर्ताको नाम किटान गरिएको आधारमा संस्थागत संख्या र प्रतिशत मात्र उल्लेख गरिएको छ। आयोगको सिफारिश बमोजिम संस्थागत एवं संलग्नताको आधारमा १,१९५ वटा सिफारिशमा तालिका नं ५ मा उल्लेख भएबमोजिम सबैभन्दा बढी मानव अधिकार उल्लङ्घनकर्तामा संलग्न संख्या सुरक्षाकर्मी (नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको संयुक्त टोली) को ३६० देखिन्छ। सुरक्षा निकायमा नेपाली सेनाको २०८, नेपाल प्रहरीको १२९ र सशस्त्र प्रहरी बल, नेपालको २२ ओटामा मात्र संलग्नता रहेको देखिएको छ। राज्यपक्षको संलग्नतामा भएका अन्य घटनाको संख्या ५९ रहेको छ। यी सबै तथ्याङ्कलाई एकीकृत रुपमा जोड्दा मानव अधिकार उल्लङ्घन कार्यमा राज्यपक्षको संलग्नता भएको संख्या ७७८ देखिन्छ। तत्कालीन नेकपा माओवादीको संलग्नतामा यस्ता घटना २८७ वटा भएका देखिन्छन् भने राज्य पक्ष र तत्कालीन नेकपा माओवादी दुवै मानव अधिकार उल्लङ्घनकर्ता भएको संख्या ३८ छ। सरकार र माओवादी बाहेक समुदायले उल्लङ्घन गरेको संख्या २९, प्रतिकार समूह २३, अज्ञातबाट पनि २३ देखिन्छ। यसरी आयोगमा दर्ता भई सिफारिश भएका १,१९५ वटा निर्णयको आधारमा विश्लेषण गर्दा मानव अधिकार उल्लङ्घन कार्यमा संलग्नताको अवस्था तालिका नं. ११ मा उल्लेख भए बमोजिम रहेको देखिन्छ।

**तालिका नं. ११ उल्लङ्घनकर्ताको संख्या**

| | राज्यपक्ष | नेकपा माओवादी | सरकार र माओवादी | प्रतिकार समूह | शिक्षक | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| **संख्या** | ७७९ | २८७ | ३८ | २३ | १६ | ५२ | ११९५ |
| **प्रतिशत** | ६५.१६ | २४.०३ | ३.१९ | १.९२ | १.३४ | ४.३६ | १००% |

उपर्युक्त तथ्याङ्कले आयोगबाट भएका सिफारिशहरूको आधारमा मानव अधिकार उल्लङ्घनमा पहिलो स्थानमा सरकार पक्षको ६५.१६ प्रतिशत र दोस्रो स्थानमा तत्कालीन नेकपा माओवादीको २४.०३ प्रतिशत संलग्नता रहेको देखिन्छ भने ३.१९ प्रतिशतमा दुवै पक्षको संलग्ता रहेको देखिन्छ। यसैगरी प्रतिकार समूहको १.९२, शिक्षकको १.३४ र अन्यको संलग्ता ४.३६ देखिन्छ। आयोगको निर्णयले मानव अधिकार उल्लंघनकर्ता भनी कारवाहीको लागि सिफारिश गरिएका पदाधिकारी/व्यक्तिको विवरण तल तालिका नं. १२ मा उल्लेख गरिएको छ।

## तालिका नं. १२

## मानव अधिकार उल्लङ्घनकर्ता भनी कारवाहीको लागि सिफारिश गरिएका व्यक्ति/पदाधिकारीहरूको विवरण

| क.सं. | उल्लंघनकर्ताको नाम र पद | कार्यालय/संलग्नता | उल्लंघनको विषय | घटना | घटना मिति | कारवाहीको प्रकृति | संलग्नता पटक | कारवाही भए नभएको | सिफारिश क.सं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. २०५७/०५८ | | | | | | | | | | |
| १ | प्रजिअ श्यामप्रसाद मैनाली | जिल्ला प्रशासन कार्यालय, बाँके | हत्या | कारागारका कैदी माथि गोली प्रहार गर्दा कैदीको मृत्यु । | | क्षतिपूर्ति तिराउने | १ | नभएको | १ | व्यक्तिगत रुपमा क्षतिपुर्ति नबुझाएको । |
| २ | प्रउ अरुणकुमार सिंह | (२) जिल्ला प्रहरी कार्यालय बाँके | | | | | | | | |
| आ.व. २०५८/०५९ | | | | | | | | | | |
| ३ | प्रनाउ जसध्वज गुरुङ्ग | जिल्ला प्रहरी कार्यालय, चितवन | हत्या | चितवनको भरतपुर नपा. वडा नं. ६ मा भएको प्रदर्शनमा गोली चलाउँदा गौरी सापकोटाको मृत्यु । | ०५७/८/४ | सचेत गराउने | १ | भएको | ३ | |
| ४ | प्रजिअ बालकृष्ण प्रसाई | जिल्ला प्रशासन कार्यालय, सप्तरी | गैर कानूनी हत्या | सप्तरीको राजविराजमा भइरेको सभामा चलाएको गोलीबाट खुशीलाल यादवको मृत्यु र महेन्द्र चौधरी, उमेश साह तथा बलराम यादव घाइते भएको । | ०५७ /९/१६ | सचेत गराउने | १ | भएको | ४ | |
| ५ | प्रउ भरतबहादुर जि.सी. | जिल्ला प्रहरी कार्यालय, सप्तरी. | | | | | | | | |
| आ.व.२०५९/०६० | | | दोषी किटान गरी सिफारिश नभएको | | | | | | | |
| आ.व. २०६०/०६१ | | | | | | | | | | |
| आ.व.२०६१/०६२ | | | | | | | | | | |
| ६ | हस्तबहादुर कुमाल | नेपाली सेना उदयपुर, गाईघाट | हत्या | खोटाङ्ग डम्मर्खु शिवालयका हरि कुमार भट्टराई, दुर्गाप्रसाद कोइराला र डाकमणी कोइरालाको हत्या । | ०६०/८/२० | कारवाही भइसकेको | १ | भएको | ३४ | |
| ७ | तेजबहादुर रोइला | | | | | | | | | |
| ८ | प्रनि प्रकाशराज शर्मा | जिल्ला प्रहरी कार्यालय, धनुषा | हत्या | जनकपुर न.पा. जनकचोकमा प्रहरीद्वारा चलाइएको गोलीबाट कार्यकर्ता रामचन्द्र यादव र राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकार सहायक दयाराम परियारको मृत्यु । | २०६२।१२।११ | फौजदारी अभियोगमा कार्वाही चलाउन आवश्यक समेत | १ | नभएको | ८१ | |
| ९ | प्रज सुरेश थापा | जिल्ला कारागार शाखा, कञ्चनपुर | हत्या | बन्दीहरू बीचको विवादमा अन्धाधुन्ध गोली चलाउँदा बन्दीको मृत्यु । | ०६१/८/२३ | | १ | नभएको | ९८ | |
| आ.व.२०६२/०६३ | | | | | | | | | | |
| १० | प्रनानि भरत खड्का | उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | यातना | वडा प्रहरी कार्यालय सिंहदरबारमा बोलाई शारीरिक तथा मानसिक यातना दिएको । | ०६०/६ /२५ | क्षतिपूर्ति भराउने | १ | नभएको | १४० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | सप्रवउ माधवबहादुर थापा | उपत्यका सशस्त्र प्रहरी बल मुख्यालय, सानो गौचरण | बलको अत्यधिक प्रयोग | आमहड्तालको क्रममा प्रदर्शनकारी माथि बलको अत्यधिक प्रयोग गरेको । | ०६२।१२।२४ देखि ०६३।१।२ सम्म | सशस्त्र प्रहरी ऐन, २०५८ बमोजिम कडा कारवाही गर्न | १ | नभएको | १४७ | |
| आ.व.२०६३/०६४ | | | **आयोगका पदाधिकारीहरूको नियुक्ति नभएकोले कुनै सिफारिश नभएको** | | | | | | | |
| आ.व.२०६४/०६५ | | | | | | | | | | |
| १२ | प्रवउ चुडाबहादुर श्रेष्ठ | क्षेत्रीय प्रहरी इकाइ कार्यालय, जनकपुर | बलपूर्वक वेपत्ता | जनकपुर न.पा. वडा नं. ४ धनुषाबाट दिपु भन्ने सञ्जिव कुमार कर्ण, दुर्गेश लाभ, प्रमोदनारायण मण्डल, शैलेन्द्र यादव र जितेन्द्र झा समेतलाई पक्राउ गरी बेपत्ता पारेको । | २०६०।६।२१ गते | कानून बमोजिम कारवाही | १ | नभएको | १६१ | |
| १३ | प्रउ कुवेरसिंह राना, | जिल्ला प्रहरी कार्यालय धनुषा | | | | | | | | |
| १४ | मेजर अनुप अधिकारी | धारापानी धनुषा स्थित सैनिक श्री नं ९ बाहिनी फिल्ड व्यारेक | | | | | | | | |
| १५ | प्रजिअ रेवतिरमण काफ्ले | जिल्ला प्रशासन कार्यालय धनुषा | | | | | | | | |
| १६ | मेजर निरञ्जन बस्नेत | नेपाली सेना | वेपत्ता पछि हत्या | काभ्रेको श्री भगवती मा.वि. खरेलथोकमा कक्षा ९ मा अध्ययनरत मैना सुनुवारलाई पक्राउ पछि वेपत्ता पारी मारेको । | २०६०।११।५ | जि. अदालत काभ्रेको वारण्टको सम्मान गर्दै अदालतमा उपस्थित हुन । | १ | नभएको | १६२ | |
| १७ | प्रह खड्गराज लामा | जिल्ला प्रहरी कार्यालय काभ्रे | वेपत्ता पछि हत्या | काभ्रेका हरिप्रसाद बोलखेलाई पक्राउ गरी मिसनमा सँगै घुमाइ वेपत्ता पछि हत्या गरेको । | ०६०।९।१२ | फौजदारी अभियोगमा कानून बमोजिम कारवाही गर्न | १ | नभएको | १६६ | |
| १८ | मेजर कृष्णध्वज थापा | नेपाली सेना | | | | | | | | |
| १९ | क्याप्टेन बाबुराम थापा | | | | | | | | | |
| २० | प्रनि कृष्णप्रसाद शर्मा | जिल्ला प्रहरी कार्यालय पर्सा | **हत्या** | पर्सा, वीरगञ्ज उपमनपा वडा नं. ३ प्रगतिनगरमा सञ्जय पटेल, मनोजकुमार कुर्मी र बमबहादुर चौधरीलाई मारेको । | ०६४।१०।१८ | फौजदारी कसुरमा मुद्दा दायर गर्न | १ | नभएको | १६९ | |
| २१ | भेन्टे भन्ने शंकर लामा | तत्कालीन ने.क.पा. (माओवादी), दोलखा | अपहरणपछि हत्या | श्री शेर गण (क) गुल्म चरिकोट दोलखामा कार्यरत विनोद कुमार खड्कालाई रामेछापको दोरम्बाबाट अपहरण गरी हत्या गरेको । | ०६०/२/२४ | फौजदारी अपराधमा गरी कारवाही | १ | नभएको | १८० | |
| २२ | नवलसिंह रोकाया | तत्कालीन ने.क.पा. (माओवादी), अछाम | अपहरणपछि हत्या | अछाम रामारोशन . वडा नं. २ का डवल बहादुर साउदलाई अपहरण गरी मारेको । | ०६१ /५/२२ | फौजदारी अभियोगमा कानूनी कारवाही | १ | नभएको | १८३ | |
| २३ | मीनबहादुर रोकाया | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | प्रजिअ नरेन्द्र दाहाल | जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु | शान्ति सुरक्षा गर्न नसकेको | कपिलवस्तु वीरपुर वडा नं. ३ का अब्दुल मोहित खाँको ऐ. शिवपुर वडा नं. ६ बालापुरमा मोटरसाइकल चढी आएका व्यक्तिहरूले गोली हानी हत्या गरेपछि भड्किएको हिंसामा ३१ जनाको मृत्यु, ५८२ घरपरिवार विस्थापित, १५० भन्दा बढी सवारी साधनमा आगजनी र तोडफोड तथा ३०० भन्दा बढी घरमा आगजनी तथा लुटपाट भएको। | ०६४/५/३० | नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ (२) खण्ड (क) र (ख) तथा अन्य कानून बमोजिम आवश्यक अनुसन्धान गरी कारवाही गर्न | १ | नभएको | १८८ | |
| २५ | सपब्रउ विकास श्रेष्ठ | सशस्त्र प्रहरी बल विन्ध्यवासिनी गण चन्द्रौटा, कपिलवस्तु | | | | | | | | |
| २६ | हुद्दा ओमबहादुर कार्की | नेपाली सेना सिंहदरबार गण | सैनिक हिरासतमा मृत्यु | संखुवासभाको सिद्धकाली वडा नं. ५ का दोर्जे शेर्पाको हिरासतमा आत्महत्या। | ०६२/२/१३ | आवश्यक कारवाही | १ | भएको | १८९ | |
| २७ | सि. युवराज बोगटी | | | | | | | | | |
| २८ | मेत्तर कृष्णबहादुर वि.क | | | | | | | | | |
| २९ | सैज विनोद शाह | नेपाली सेना, राँझा सैनिक व्यारेक, बाँके। | यातना | बर्दिया पशुपतिनगर वडा नं. २ का सुरत बहादुर रावतलाई पक्राउ गरी यातना दिएको। | ०५९/७/४ | प्रचलित कानून बमोजिम कारवाही गर्न। | १ | नभएको | २०५ | |
| ३० | सैज जीवन शाही | | | | | | | | | |
| ३१ | सैज मिलन शाह | | | | | | | | | |
| आ.व. २०६५/०६६ | | | | | | | | | | |
| ३२ | सैज पर्शुराम कुमाल | नेपाली सेना, वरखदल गण, ठाकुरद्वारा बर्दिया। | (१) हत्या<br>(२) यातना | (१)बर्दिया नेउलापुर गाविस वडा नं. ४ को भौना चौधरीलाई घरभित्र खाना खाइरहेको अवस्थामा घरभित्र गोली हानी हत्या गरेको।<br>(२ (१) बर्दिया जि. नेउलापुर गाविस वडा नं. ४ बस्ने अमृत थारु, बसन्ती थारु र लोटन थारु समेतका ३ जनालाई नेपाली सेनाका सुरक्षाकर्मीले पक्राउ गरी यातना दिएकाले। | (१) ०५९/२/१६<br>(२) ०५८/३/१६ | (१) कारवाही गर्न<br>(२) विभागीय कारवाही गर्न | २ | नभएको | २१८<br>७९६<br>७९७ | |
| ३३ | कमाण्डर सुवास के.सी. | नेपाली सेना श्री भवानी दल गुल्म खोटाङ | हत्या | खोटाङ्ग चिसापानी गाविस वडा नं. ४ का देवबहादुर राई, कैलाश कार्की, थीरबहादुर कार्की र दिपक विष्टलाई कब्जामा लिई हत्या । | ०६०/५/१ | प्रचलित कानून बमोजिम ज्यान मुद्दातर्फ कारवाही | १ | नभएको | २२२ | |
| ३४ | प्रनानि मनिष मल्ल | जिल्ला प्रहरी कार्यालय खोटाङ | | | | | | | | |
| ३५ | सचिव, रणजीत | तत्कालीन नेकपा (माओवादी दैलेख | अपहरण पछि हत्या | रेडियो नेपालका पत्रकार डेकेन्द्रराज थापालाई कब्जामा लिई मारेको। | ०६१/३/१२ | फौजदारी अभियोगमा कारवाही | १ | भएको | २४३ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३६ | प्रउ रमेशशेखर वज्राचाय | जिल्ला प्रहरी कार्यालय, कैलाली | अपहरण | मानव अधिकारको संरक्षणमा ध्यान नदिई आयोगलाई गैर जिम्मेवारपूर्ण जवाफ दिएको । | | मानव अधिकार आयोग (उजूरी, कारवाही तथा क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ को नियम १३ (२) बमोजिम कारवाही गर्न, | १ | नभएको | २४९ | |
| ३७ | उसे जयराम थापा | नेपाली सेना, श्रीजंग गण । | वेपत्ता/ यातना | काभ्रे पाखरीचौरी गाविस वडा नं. ७ का उद्धवकुमार गौतमलाई काठमाडौं नरदेवीबाट पक्राउ गरी नेपाली सेनाको थुनामा राखी यातना दिएको। | ०६०/८/४ देखि ०६१/५/२९ सम्म | क्षतिपूर्ति रकमको १०% रकम भराउने | १ | नभएको | २७८ | |
| ३८ | हमे हरिबहादुर पाण्डे | | | | | | | | | |
| आ.व. २०६६/०६७ | | | | | | | | | | |
| ३९ | प्रज रामसिंह भाट | सशस्त्र प्रहरी बल | हत्या | महोत्तरी भरतपुर वडा नं. ९ का सुरेन्द्र महतोलाई हरिहरपुर को मरधर सडकमा सशस्त्र गोली चलाउँदा सुरेन्द्र महतोको मृत्यु भएको । | ०६६/२/२४ | मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कारवाही गर्न | १ | नभएको | २९८ | |
| ४० | क्याप्टेन विश्वास विक्रम शाह | नेपाली सेना, भिमगिठ्ठे सुरक्षा क्याम्प, वाग्लुङ्ग | (१) हत्या<br>(२) हत्या<br>(३) वेपत्ता | (१) बागलुङ वोंगादोभान गाविस वडा नं. ८ का गंगाबहादुर पुन समेत ६ जनाको हत्या ।<br>(२) बागलुङ बुर्तिवाङ्ग गाविस वडा नं. २ का मिथुन महत (भानु) र हिक्मत महतलाई घरबाट नियन्त्रणमा लिई हत्या ।<br>(३) बाग्लुङ्ग राजकुट गाविस वडा नं. ७ का लोप्चनलाई बुर्तिवाङ्ग १ बाट पक्राउ गरी भिमगिठ्ठेतर्फ लिएर जाँदै गर्दा वढीघाट खोलामा हाम फाल्यो भनी आफन्तलाई लाश समेत नदिएको | (१) र<br>(२) ०५८।११।१६<br>(३) ०५९।३।१९ | फौजदारी अभियोगमा कारवाही गर्न | ३ | नभएको | ३०७<br>३०८<br>३०९ | |
| ४१ | उपसेनानी सुवोध कुवँर | नेपाली सेना ज्वालादल गण, ठाकुरद्वारा बर्दिया | हत्या | सुर्खेत हरिहरपुर गाविस वडा नं. २ का चन्द्रकला वि.क., देवीसरा वि.क. र अमृता वि.क.को बर्दिया राष्ट्रिय निकुञ्जको बाँसपानी क्षेत्रमासेनाको गस्ती टोलीद्वारा प्रहार गरिएको गोलीबाट मृत्यु । | २०६६/११/२६ | नियमित अदालतमा फौजदारी मुद्दा चलाउन | १ | नभएको | ३२० | |
| ४२ | प्रमुख यज्ञबहादुर रजौरे | नेपाली सेना, तत्कालीन मध्यपश्चिम पृतना हेडक्वाटर | हत्या | बाँके खास कारकाँदो वडा नं १ का दयानिधि बर्माको पक्राउ पछि हत्या । | | कानून बमोजिम कारवाही | १ | नभएको | ३२४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४३ | नक्कु गोडीया १ | तत्कालीन ने.क.पा. (माओवादी), बर्दिया | हत्या | बर्दिया गुलरिया नपा वडा नं. ४ का राजेन्द्र वञ्जारालाई कुटपीट गरी हत्या | | कर्तव्य ज्यान मुद्दा दायर गर्न | १ | नभएको | ३३६ | |
| ४४ | नक्कु गोडीया २ | | | | | | | | | |
| ४५ | प्रमोद खड्का, | | | | | | | | | |
| ४६ | वंशावली | | | | | | | | | |
| ४७ | गोपी जैसी | तत्कालीन ने.क.पा. (माओवादी), अछाम | अपहरण पछि हत्या | अछाम कालेकाँडा गाविस वडा नं. २ का उदयराम जैसीको अपहरण पछि हत्या। | | मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कारवाही गन | १ | नभएको | ३३७ | |
| ४८ | किरण दाहाल भन्ने टहलबहादुर दाहाल | तत्कालीन ने.क.पा. (माओवादी), दोलखा | हत्या | (१) रामेछापको खिम्तीबाट काठमाडौ आउँदै गरेको बसका यात्री नेपाली सेनाका अमल्दार बेदबहादुर थापा, प्युठ धनप्रसाद आचार्य र सिपाही कृष्ण खड्कालाई दोलखाको डुँडे क्षेत्रबाट अपहरण गरी ओखरबोट ईलाकामा लगी हत्या गरेको। (२) जि. दोलखा नाम्दु वडा नं. १ का राजकुमार उप्रेतीको हत्या। | (१) ०६१/१२/३ (२) ०६१/५/२९ | (१) फौजदारी अभियोगमा कारवाही (२) मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कारवाही गर्न | २ | नभएको | ३३९ ५९३ | |
| ४९ | प्रनि श्यामकृष्ण के.सी. | इलाका प्रहरी कार्यालय, ढल्केवर, धनुषा | हिरासतमा मृत्यु | धनुषा ढल्केवर गाविस वडा नं. ३ बस्ने वर्ष २५ को विनोद यादवको इलाका प्रहरी कार्यालय ढल्केवरको हिरासतमा मृत्यु। | | विभागिय कारवाही | १ | नभएको | ३४७ | |
| ५० | प्रज दुर्गा घिमिरे | | | | | | | | | |
| ५१ | प्रनाउ भोला रावल | महानगरीय प्रहरी वृत्त कालीमाटी, | हिरासतमा मृत्यु | ललितपुर गोदावरी गाविस वडा नं. ९ का सानु सुनार समेतलाई महानगरीय प्रहरी बिट कलंकी खशीबजारले पक्राउ गरी कालिमाटीवृत्तमा बुझाएकोमा सो वृत्तको हिरासतमा रहेको अवस्थामा उपचारको क्रममा मृत्यु। | २०६७/२/९ | (१) प्रउ भोला रावल र मुद्दा शाखाका कर्मचारीहरूलाई विभागीय कारवाही गर्न, (२) पक्राउ गरीसकेपछि यातना दिने तथा दुर्व्यवहार गर्ने कार्यमा संलग्न प्रहरी अधिकृत तथा जवानहरूको पहिचान गरी आवश्यक कानूनी कारवाही गर्न, | १ | भएको | ३४८ | |
| ५२ | प्रसनि मधुसुदन विष्ट | महानगरीय प्रहरी प्रभाग स्युचाटार | | | | | | | | |
| ५३ | प्रज रोशन विष्ट | महानगरिय प्रहरी आयुक्तको कार्यालय | | | | | | | | |
| ५४ | प्रज कृष्णप्रसाद खतिवडा | म.न.प्र.अ. वि.सु. गार्ड गौचर | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५५ | कर्णेल राजु बस्नेत, | (१) नेपाली सेना, भैरवनाथ गण | बलपूर्वक बेपत्ता | सशस्त्र द्वन्द्वको समयमा सुरक्षाकर्मीद्वारा पक्राउगरी व्यक्तिहरूलाई नेपाली सेनाको १० नं. बाहिनी अन्तर्गत भैरवनाथ गण तथा युद्धभैरव गण महाराजगञ्ज काठमाडौको थुनामा राखि त्यहींबाट कम्तिमा ४३ जनालाई बलपूर्वक बेपत्ता बनाएको । | २०६० वैशाख देखि २०६१ फागुन बीच | माथि प्रचलित कानून बमोजिम कारवाही तत्काल अगाडि बढाउन | १ | नभएको | ३५६ | |
| ५६ | मेजर पदम सिंह खत्री, | | | | | | | | | |
| ५७ | मेजर राजाराम के.सी. | | | | | | | | | |
| ५८ | मेजर विवेक बिष्ट | | | | | | | | | |
| ५९ | मेजर हरेन्द्रबहादुर सिंह | | | | | | | | | |
| ६० | क्याप्टेन ईन्दिवर राणा | | | | | | | | | |
| ६१ | क्याप्टेन सागर के.सी. | | | | | | | | | |
| ६२ | लेफ्टिनेण्ट जगन्नाथ खड्का | | | | | | | | | |
| ६३ | लेफ्टिनेण्ट राजेन्द्र बोगटी | | | | | | | | | |
| ६४ | लेफ्टिनेण्ट हरिबोल के.सी. | | | | | | | | | |
| ६५ | लेफ्टिनेण्ट रामहरि विष्ट | | | | | | | | | |
| ६६ | हवल्दार खड्गबहादुर महत | | | | | | | | | |
| ६७ | हवल्दार मिननाथ पन्त | | | | | | | | | |
| ६८ | हवल्दार दिनेश पौडेल | | | | | | | | | |
| ६९ | हवल्दार केशव ढकाल | | | | | | | | | |
| ७० | जमदार धनवीर खत्री | | | | | | | | | |
| ७१ | जमदार वेणुगोपाल श्रेष्ठ | | | | | | | | | |
| ७२ | जमदार लालबहादुर चन्द | | | | | | | | | |
| ७३ | जमदार रणबहादुर बुढाथोकी | | | | | | | | | |
| ७४ | जमदार शंकर बस्नेत | | | | | | | | | |
| ७५ | नायक सूर्य के.सी. | | | | | | | | | |
| ७६ | नायक गिरीराज घिमिरे | | | | | | | | | |
| ७७ | सिपाही शिवकिरण के.सी. | | | | | | | | | |
| ७८ | सिपाही विनोद थापा | | | | | | | | | |
| ७९ | सिपाही अर्जुन सापकोटा | | | | | | | | | |
| ८० | सिपाही हरिशरण खड्का | | | | | | | | | |
| ८१ | सिपाही कुलप्रसाद बन्जारा | | | | | | | | | |
| ८२ | सिपाही बाबुराम परियार | | | | | | | | | |
| ८३ | तत्कालीन प्रधानसेनापति | | | | | | | | | |
| ८४ | नेपाली सेना १० नं. बाहिनीका तत्कालीन बाहिनीपती | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८५ | मेजर अजित थापा | नेपाली सेना, भिमकाली गुल्म चिसापानी व्यारेक, बर्दिया | बलपूर्वक बेपत्ता | (१) बाँके नौवस्ता गाविस वडा नं. ७ की धनकुमारी चौधरीलाई नेपाली सेनाको चिसापानी व्यारेकबाट बेपत्ता पारेको ।<br>(२) बर्दिया धधवार गाविस वडा नं. ८ का राजनकुमार चौधरी, सिता जानकी चौधरी र चैतेलाल चौधरीलाई पक्राउ गरी वेपत्ता पारेको ।<br>(३) बाँके वनकटुवा गाविस वडा नं. ८ का रामप्रसाद थारुलाई पक्राउ गरी वेपत्ता पारेको ।<br>(४) बाँके कोहलपुर वडा नं. ३ बस्ने रामप्रसाद पोखरेललाई पक्राउ गरी बेपत्ता पारेको ।<br>(५) बर्दिया बेलवा वार्ड नं. ७ का आनन्द परियार, पल्टा थारू, सर्जु थारू र रोहित (रोईना) थारूलाई पक्राउ गरी वेपत्ता पारेको<br>(६) बाँके वनकट्वा गाविस वडा नं. ४ का कमल दाहाललाई पक्राउ गरी हत्या गरेको । | (१) ०५८।९।२८<br>(२) ०५८।९।५<br>(३) ०५८।११।९<br>(४) ५८।१०।११<br>(५) ०५८।९।१४<br>(६) ०५८/९/१७ | १ देखि ४ र ६ सम्म कानून बमोजिम कारवाही गर्न र<br>५ नं अनुसन्धान | ६ | नभएको | ३६३<br>३६८<br>३७१<br>३७२<br>५०८<br>९२५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८६ | क्याप्टेन रमेश स्वाँर | | बलपूर्वक वेपत्ता | (१) बाँके नौवस्ता गाविस वडा नं. ७ की धनकुमारी चौधरीलाई नेपाली सेनाको चिसापानी व्यारेकबाट बेपत्ता पारेको ।<br>(२) बर्दिया धधवार गाविस वडा नं. ८ का राजनकुमार चौधरी, सिता जानकी चौधरी र चैतेलाल चौधरीलाई पक्राउ गरी वेपत्ता पारेको ।<br>(३) बाँके वनकटुवा गाविस वडा नं. ८ का रामप्रसाद थारुलाई पक्राउ गरी वेपत्ता पारेको ।<br>(४) बाँके कोहलपुर वडा नं. ३ बस्ने रामप्रसाद पोखरेललाई पक्राउ गरी बेपत्ता ।<br>(५ बर्दिया महम्मदपुर गाविस वडा नं. ८ का लिखाराम थारुलाई पक्राउ गरी वेपत्ता पारेको ।<br>(६) बर्दिया बेलवा वार्ड नं. ७ का आनन्द परियार, पल्टा थारू, सर्जु थारू र रोहीत (रोईना) थारूलाई पक्राउ गरी बेपत्ता पारेको ।<br>(७) बाँके नौवस्ता गाविस वार्ड नं. ८ का कर्णबहादुर थारूलाई चिसापानी व्यारेबाट आएका क्याप्टेन रमेश स्वाँर सहितको सुरक्षाकर्मीको टोलीले घरैबाट पक्राउ गरी चिसापानी व्यारेकमा लगी तहाँबाट हालसम्म बेपत्ता पारेको ।<br>(८) बर्दिया धधवार गाविस वडा नं ८ का सगुनलाल चौधरीलाई पक्राउ गरी बेपत्ता पारेको ।<br>(९) बर्दिया नेउलापुर गाविस वडा नं. ४ का केशरबहादुर बस्नेत र रूपन्देही मोतिपुर गाविस वडा नं. ८ का शालिकराम अर्याललाई पक्राउ गरी वेपत्ता पारेको ।<br>(१०) बाँके वनकट्वा वडा नं. ४ का कमल दाहाललाई पक्राउ गरी हत्या गरेको । | (१) ०५८।९।२८<br>(२) ०५८।९।५<br>(३) ०५८।११।९<br>(४) ५८।१०।११<br>(५) ०५९।३।२८<br>(६) ०५८।९।१४<br>(७) ०५८/९/१७<br>(८) ०५८।९।१२<br>(९) ०५८।११।२७<br>(१०) ०५८/९/१७ | १ देखि ५ र ९२८ कानून बमोजिम कारवाही गर्न<br>६ देखि ८ सम्म अनुसन्धान र ६१९ मा मुलुकी ऐन, ज्यान सम्बन्धीका महल बमोजिम कारवाही गर्न । | १० | नभएको | ३६३<br>३६८<br>३७१<br>३७२<br>३७३<br>५०८<br>६०८<br>६१४<br>६१९<br>९२५ | |
| ८७ | जमदार महेन्द्रजंग थापा | नेपाली सेना, रम्भापुर व्यारेक, बर्दिया | वलपूर्वक वेपत्ता | बर्दिया देउडाकला गाविस वडा नं. ५ का तीर्थबहादुर थापा, श्रीराम चौधरी, बमबहादुर शाही, हिरासिंह बाठामगर र राम चौधरीलाई पक्राउ गरी वेपत्ता पारेको । | २०५९।२।९ | कानून बमोजिम कारवाही गर्न | १ | नभएको | ३६६ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८८ | प्रनि गणेशविक्रम शाह | (१) जिल्ला प्रहरी कार्यालय, बर्दिया | यातना | (१) बर्दिया ताराताल गाविस वडा नं. २ का मोतीलाल अधिकारीलाई यातना दिएको । (२) बर्दिया सानोश्री गाविस वडा नं. ८ का सिताराम थारुलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय सानोश्री र जिल्ला प्रहरी कार्यालय बर्दियामा लगी कुटपीट गरी यातना दिएको । | (२) ०५९/९/२५ | (१) क्षतिपूर्ति भराउन (२) कानून बमोजिम कारवाही गर्न | २ | नभएको | ३८५ ११५१ | |
| ८९ | प्रहरी नायव निरिक्षक राजेन्द्रप्रसाद श्रेष्ठ | (२) इलाका प्रहरी कार्यालय सानोश्री बर्दिया | | | | | | | | |
| ९० | प्र.स.नि. जंगबहादुर के.सी. | | | | | | | | | |
| ९१ | सेनानी रामबहादुर कार्की | भजनी रिपिटर टावरको सुरक्षार्थ खटिएका नेपाली सेना, लालबोझी | यातना | बर्दिया मगरागडी गाविस वडा नं. ५ का कृष्णप्रसाद काफ्लेलाई पक्राउ गरी जथाभावी कुटपीट गरी ब्यारेकमा थुनी यातना दिएको । | २०६१।११।११ | कानून बमोजिम कारवाही | १ | नभएको | ३८८ | |
| ९२ | गणपति नयनराजराज दाहाल | नेपाली सेना, भवानी बक्स गणका | यातना | (१) दैलेख नारायण नगरपालिका वडा नं. ३ का रत्ना रेग्मीलाई पक्राउ गणमा पुऱ्याई यातना दिएको । | ०६१।८।५ | (१) कानून बमोजिम कारवाही गन | ३ | नभएको | ३९० १३६ १३७ | |
| ९३ | | | हत्या | (२) दैलेख नारायण नपा वडा नं. ३ का उदय रेग्मी र सुकुल सिंहको पक्राउ गरी हत्या गरेको । | २०६२।५।२० | (२) मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कारवाही गर्न । | | | | |
| ९४ | | | | (३) दैलेख डाँडापराजुल गाविस वडा नं. ५ का अमर हमालको शाही नेपाली सेना र सेनाबाट नियुक्त भिजिलान्तेबाट हत्या । | २०६२।१०।८ | | | | | |
| ९५ | सैनिक जयबहादुर भाट | नेपाली सेना, ज्वालादल गुल्म, बाजुरा | यातना | बाजुरा मार्तडी गाविस वडा नं. ५ का पत्रकार रामबहादुर रावललाई कुटपीट गरी यातना दिएको । | | कानूनी कारवाही गर्न | १ | नभएको | ३९१ | |
| ९६ | प्रनाउ देवबहादुर वोहरा | जिल्ला प्रहरी कार्यालय, बाजुरा | यातना | बाजुरा सत्य माध्यमिक विद्यालयमा कार्यरत शिक्षकहरू गणेशबहादुर सिंह, लालबहादुर बम र प्रेमबहादुर रोकायालाई यातना दिएको । | २०५९।२।१४ | क्षतिपूर्ति भराउन | १ | नभएको | ३९३ | |
| आ.व. २०६७/०६८ | | | | | | | | | | |
| ९७ | सह सेनानी सुरज थापा | नेपाली सेना | हत्या | पर्सा पिडारीगुठी गाविस वडा नं. ९ का नविनसिंह पौडेल र महादेवपट्टी वडा नं. २ बस्ने दिनदयाल चौधरीलाई पक्राउ गरी हत्या गरेको । | २०६१।११।१ | कानून बमोजिम कारवाही गर्न | १ | नभएको | ४०७ | |
| ९८ | प्रनि रमेश पण्डित | नेपाल प्रहरी | | | | | | | | |
| ९९ | प्रसनि धनबहादुर सिंह | सशस्त्र प्रहरी बल, नेपाल | हत्या | बर्दिया मानपुरटपरा गाविस वडा नं. ३ का टोपबहादुर कार्की र भोजबहादुर कार्कीको हत्या गरेको । | २०५९।०९।३० | फौजदारी अपराधमा मुद्दा चलाउन | १ | (१) नभएको | ४०९ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १०० | प्रजिअ शिवप्रसाद नेपाल | जिल्ला प्रशासन कार्यालय, लमजुङ | वेपत्ता पछि हत्या | लमजुङ्ग सिमपानी गाविस वडा नं. ३ का तेजबहादुर भण्डारीलाई पक्राउ गरी वेपत्ता पछि हत्या गरेको । | २०५८।९।१६ | मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कारवाही गर्न | १ | नभएको | ४२९ | |
| १०१ | प्रनाउ पिताम्बर अधिकारी | जिल्ला प्रहरी कार्यालय लमजुङ | | | | | | | | |
| १०२ | मेजर सन्तोष सिंह ठकुरी, | नेपाली सेना | | | | | | | | |
| १०३ | नन्दराम ढुंगेल | बाग्लुङ्ग तारा गाविस वडा नं. ५ | हत्या | बाग्लुङ्ग तारा गाविस वडा नं.४ का धलिन्द्र बस्नेतलाई मार्न नेपाली सेना खड्गदल गुल्मको युनिफाइड कमाण्डलाई सहयोग गरेको | | मुलुकी ऐन, ज्यानसम्बन्धी महल बमोजिम कारवाही गर्न | १ | नभएको | ४३४ | सुराकी/ मतियार |
| १०४ | मेजर शंकरकुमार श्रेष्ठ | नेपाली सेना, पश्चिम पृतना फुलवारी व्यारेक | हत्या | कास्की लुम्ले गाविस वडा नं. ९ का पूर्णबहादुर गुरूङ्गको घरमा सुरक्षाकर्मीले गोली चलाउँदा घरधनी विरसुव्वा गुरुङ्ग, रुकुम घर भएका विज्ञान भन्ने टंकबहादुर घर्ती, सर्लाहीका भावना सुनार र गोरखाका अस्मिता भन्ने मिनकुमारीको हत्या भएको । | २०६०।१२।१२ | मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कारवाही गर्न | १ | नभएको | ४५९ | |
| १०५ | सह सेनानी शिव पौडेल | नेपाली सेना, खड्गदल गुल्म | हत्या | बाग्लुङ्ग, बागलुङ नपा वडा नं. २ का डिल्लीप्रसाद सापकोटालाई पक्राउ गरी हत्या गरेको । | ०६१।१०।२६ | मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न | १ | नभएको | ४६६ | |
| १०६ | प्रनि किसनसिंह वडाल | इलाका प्रहरी कार्यालय, जोगबुढा, डडेलधुरा | हत्या | डडेल्धुरा जोगबुढा गाविस वडा नं. ६ का दलबहादुर धामी र ऐ. ५ का दिलबहादुर जाग्रीलाई मालपोत बुझाई घर फर्कने क्रममा पक्राउ गरी बेपत्ता पछि हत्या गरेको । | २०५८।१०।१५ | मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कारवाही गर्न | १ | नभएको | ४६७ | |
| १०७ | प्रसनि आनसिंह भण्डारी, | | | | | | | | | |
| १०८ | तमाओका आत्माराम भन्ने उज्जवल | नेकपा (मओवाद), बागलुङ | हत्या | बाग्लुङ्ग देवीस्थान गाविस वार्ड नं. ९ का खलबहादुर मल्ललाई अपहरण गरी हत्या गरेको । | ०६०।५।१० | मुलुकी ऐन, ज्यानसम्बन्धी महल बमोजिम कार्वाही गर्न | १ | नभएको | ४८२ | |
| १०९ | अध्यक्ष सन्तोष श्रीवास्तव | प्रतिकार समिति | अपहरण पछि हत्या | रूपन्देही, रामपुर गाविस वडा नं. ८ का ब्रम्हानन्द बरूणलाई नेकपा माओवादी प्रतिकार समितिका व्यक्तिहरूले अपहरण हत्या गरेको । | २०६०।६।३० | मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कारवाही | १ | नभएको | ४८९ | |
| ११० | हरि गुरुङ्ग | शाही नेपाली सेनाका बाइस जंगार सूरक्षा बेस क्याम्प | यातना | तनहुँ पुर्कोट गाविस वार्डनं. ३ का इन्द्रनिधि पाण्डेलाई बाइस जंगार सुरक्षा बेस क्याम्पमा कुटपीट गरी यातना दिएको । | २०५८।९।४ | कानून बमोजिम कारवाही गर्न | १ | नभएको | ५१७ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १११ | प्रजिअ भोलाप्रसाद शिवाकोटी | जिल्ला प्रशासन कार्यालय, काठमाडौ | आवासको अधिकार | काठमाडौं, कामनपा वडा नं. १२ का राजेन्द्र श्रेष्ठको घर नभत्काउन सर्वोच्च अदालतले दिएको आदेश विपरित घर भत्काई दिएको । | २०६६।६।४ | विभागिय कारवाही गर्न | १ | भएको | ५३२ | |
| आ.व. ०६८/०६९ | | | | | | | | | | |
| ११२ | उपसेनानी अजितप्रताप सिंह | नेपाली सेना | हत्या | नुवाकोट कुमरी गाविस वडा नं ६ का पार्वती पौडेललाई लखेट्दै लगि बेल्कोट गाविसको ढुङ्गेनीमा पुर्याई हत्या गरेको । | २०६२।११।१६ | मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम मुद्दा चलाई कारवाही गर्न | १ | नभएको | ५४० | |
| ११३ | प्रनानि मिनबहादुर तामाङ्ग | नेपाल प्रहरी | | | | | | | | |
| ११४ | प्रनि धर्मराज सुनार | इलाका प्रहरी कार्यालय कोहलपुर, बाँक | हत्या | (१) बाँके कोहलपुर वडा नं. ६ का नन्दराम घर्तीको पक्राउ पक्राउ पछि हत्या ।<br>(२) बाँके कोहलपुर वडा नं. ४ का जितबहादुर पुन र चन्द्रबहादुर विकलाई पक्राउ गरी हालसम्म बेपत्ता पारेको । | ०५९।२।२७<br>०५९।१।२९ | (१) मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कानूनी कारवाही<br>(२) अनुसन्धान | २ | नभएको | ५५८<br>६०९ | |
| ११५ | सह-सेनानी प्रदीपकुमार श्रेष्ठ | संयुक्त सुरक्षाफौज, गरुडा, रौतहट | हत्या | रौतहट डुमरीया मटिऔन गाविस वडा नं. २ का सुरेन्द्र ठाकुर हजाम सहित माओवादीका कार्यकर्ताहरू कमलदेव महतो, दिपेन्द्र साह र भोला यादवको हत्या गरेको । | २०६२।११।२५ | गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कारवाही गर्न | १ | नभएको | ५५९ | |
| ११६ | गणपति कर्मेन्द्र लिम्वु, | नेपाली सेना, शेर दल गण, | हत्या | काभ्रे मादनकुँडारी गाविस वडा नं. ६ का टसी लामाको हत्या गरेको । | २०६०।११।१ | मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कारवाही गर्न | १ | नभएको | ५६५ | |
| ११७ | सहायक गणपति शेर सिंह विष्ट | | | | | | | | | |
| ११८ | उपसेनानी सरोज बस्नेत | | | | | | | | | |
| ११९ | जमदार देवान थापामगर | | | | | | | | | |
| १२० | हुद्दा शेरबहादुर रानाभाट | | | | | | | | | |
| १२१ | अमलदार काजीबहादुर कार्की, | | | | | | | | | |
| १२२ | बलबहादुर श्रेष्ठ | | | | | | | | | |
| १२३ | प्युठ जगेन्द्र प्याकुरेल | | | | | | | | | |
| १२४ | सिपाही खेटराज तामाङ्ग | | | | | | | | | |
| १२५ | सिपाही दिपक नेपाली | | | | | | | | | |
| १२६ | सिपाही लिलाप्रसाद विक | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२७ | प्रनि रमेशबहादुर सिंह (प्रनाउ हुँदा समेत) | इप्रका सवेला, धुनुषा<br>जिप्रका बाँके | हत्या / पुन पक्राउ | धनुषा मखनाहा ८ का मदन यादवलाई पक्राउ गरी हत्या गरेको ।<br>दान बहादुर फडेरालाई पुन पक्राउ गर्ने क्रममा आयोगको कार्यालय घेराउ समेत | २०६७।३।२०<br>२०७६।१।८ | मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कारवाही गर्न,<br>विभागीय कारवाही गर्न | २ | नभएको | ५६७<br>१०१० | |
| १२८ | प्रनानि कुमारराज पौडेल | इलाका प्रहरी कार्यालय सवेला, धुनुषा | हत्या | धनुषा मखनाहा गाविस वडा नं. ८ का मदन यादवलाई पक्राउ गरी हत्या गरेको । | २०६७।३।२० | मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कारवाही गर्न | १ | नभएको | ५६७ | |
| १२९ | प्रसनि जयनारायण यादव | (१)जिल्ला प्रहरी कार्यालय, धनुषा<br>(२) मुसहरनिया प्रहरी चौकी, धनुषा | हत्या | धनुषा मुखियापट्टी मुसहरनिया वडा नं. २ का फुलझारी मुखियाको हत्या गरेको । | २०६८।६।१९ | मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कारवाही | १ | नभएको | ५६८ | |
| १३० | प्रनाउ टेकबहादुर गुरूङ्ग | | | आयोगको अनुसन्धान कार्यमा असहयोग गरेका | | विभागीय कारवाही गर्न, | | | | |
| १३१ | प्रज उपेन्द्र यादव | | | | | विभागीय कारवाही गर्न, | | | | |
| १३२ | प्रज रामदिनेश यादव | | | | | विभागीय कारवाही गर्न, | | | | |
| १३३ | प्रज दिनेश साह | | | | | सचेत गराउन | | | | |
| १३४ | दिलिप साफी | | | | | सचेत गराउन | | | | |
| १३५ | प्रउ श्यामबहादुर खत्री | जिल्ला प्रहरी कार्यालय, बारा | हत्या | बारा, हर्दिया गाविस वडा नं. ८ का जमुना सिंहलाई सुतिरहेको अवस्थामा पक्राउ गरी हत्या गरेको । | २०६४।५।१३ | मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कारवाही गन | १ | नभएको | ५६९ | |
| १३६ | प्रनाउ रणबहादुर रायमाझी, | | | | | | | | | |
| १३७ | सप्रनि श्यामबहादुर कार्की | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३८ | भुवनसिंह थापा | टाइगर ग्रुप | हत्या | दैलेख नारायण नपा वडा नं. ३ का उदय रेग्मी र सुकुल सिंहको पक्राउ गरी हत्या गरेको । | २०६२।५।२० | मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कारवाही गर्न | १ | नभएको | ५७४ | यी घटनामा गणपति नयनराजको संलग्नता भएकोमा निजको नाम क्र.सं. ९२ मा समावेश भईसकेको । |
| १३९ | हरिबहादुर चन्द, | नेपाली सेना, भवानी वक्स गण दैलेख | | | | | | | | |
| १४० | यमबहादुर शाही | नेपाली सेना, भवानी वक्स गण दैलेख | हत्या | दैलेख डाँडापराजुल गाविस वडा नं. ५ का अमर हमालको नेपाली सेना र सेनाबाट नियुक्त भिजिलान्तेबाट गोली हानी हत्या गरेको । | २०६२।१०।८ | मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कारवाही गर्न | १ | नभएको | ५७६ | |
| १४१ | प्रजिअ चण्डेश्वर आचार्य | जि. प्रशासन कार्यालय, दोलखा | हत्या | दोलखा मेलुङ्ग गाविस वडा नं. ७ का हरिशंकर भण्डारीको हत्याको घटनाको छानवीनमा तदारुखता नदेखाएको । | २०६०।८।३ | सचेत गराउने | १ | नभएको | ५७८ | |
| १४२ | प्रनि तेजबहादुर केसी | ईलाका प्रहरी कार्यालय, कात्तिकेदेउराली, काभ्रे | हत्या | (१) काभ्रे सुंगुरे गाविस वडा नं. ८ का सरला अधिकारीको हत्या गरेको ।<br>(२) काभ्रे भुम्लुसल्ले गाविस वडा नं. ९ का कुमार चौलागाईलाई पक्राउ गरी हत्या गरेको । | २०५५।७।१९ | मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कारवाही गर्न | २ | नभएको | ५७९<br>५८० | |
| १४३ | प्रेम तामाङ्ग | नेकपा (माओवादी) का कार्यकर्ता भोर्ले वडा नं. ५, ठूलोभोर्ले, रसुवा | हत्या | रसुवा भोर्ले गाविस वडा नं. ५, ठूलोभोर्लेका कमानसिंह मोक्तानलाई कुटपीट गरी हत्या गरेको । | २०६०।१२।२५ | मुलुकी ऐन ज्यान सम्बन्धि महल बमोजिम मुद्दा चलाई कारवाही गन | १ | नभएको | ५८३ | |
| १४४ | दमाईसिंह तामाङ्ग | | | | | | | | | |
| १४५ | हिरा लामा | | | | | | | | | |
| १४६ | हर्के तामाङ्ग (लाङदुङ) | | | | | | | | | |
| १४७ | काले तामाङ्ग | | | | | | | | | |
| १४८ | बहिदार तामाङ्ग | | | | | | | | | |
| १४९ | रेनुका मगर | | | | | | | | | |
| १५० | हिमाल भन्ने गणेश गौतम | नेकपा (माओवादी), जुम्ला | हत्या | जुम्ला हाँकु गाविस वडा नं. ७ का जयलक्ष्मी भन्ने सरस्वती पाण्डेलाई कुटपीट गर्दा सोही कारणबाट निज पाण्डेको मृत्यु भएको । | २०५९।५।२९ | मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कारवाही गर्न | १ | नभएको | ५८४ | |
| १५१ | मनिकेश गौतम | | | | | | | | | |
| १५२ | एरिया इन्चार्ज प्रविण | तत्कालीन नेकपा माओवादी, जुम्ला | हत्या | जुम्ला तलिउम गाविस वडा नं. १ का मनप्रसाद उपाध्यायलाई अपहरण गरी हत्या गरेको | २०६०।११।१९ | मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कारवाही गर्न | १ | नभएको | ५८५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५३ | धनबहादुर मल्ल | तत्कालीन नेकपा माओवादी, बझाङ | हत्या | बझाङ्ग खिरातडी गाविस वडा नं. ७ का प्रह मिनबहादुर सिंहको हत्या गरेको । | २०५९।३।१३ | मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कारवाही गर्न | १ | नभएको | ५८६ | |
| १५४ | दिपक केसी | | | | | | | | | |
| १५५ | प्रकाश स्याडा | | | | | | | | | |
| १५६ | हरि कुँवर | | | | | | | | | |
| १५७ | कुन्दन भनिने नरेन्द्र फौज्दार, | तत्कालीन नेकपा माओवादी, बारा | अपहरण पछि हत्या | बारा घर भएका प्रेस चौतारी नेपालका केन्द्रिय सदस्य एवम् पत्रकार वीरेन्द्रकुमार साहलाई अपहरण गरी हत्या गरेको । | मिति २०६४।६।१८ गते | मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कारवाही गन | १ | भएको | ५९० | |
| १५८ | लालबहादुर चौधरी, | | | | | | | | | |
| १५९ | मनेजर गिरी, | | | | | | | | | |
| १६० | राम एकबाल सहनी | | | | | | | | | |
| १६१ | हरेराम पटेल | | | | | | | | | |
| १६२ | प्रज्वल भन्ने कैले रोका | तत्कालीन नेकपा माओवादी, धवाङ ८, रोल्पा | अपहरण पछि हत्या | रोल्पा धवाङ गाविस वडा नं. ८ का डोरबहादुर वलीलाई अपहरण गरी हत्या गरेको । | २०६०।६।८ | मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कारवाही गर्न | १ | नभएको | ५९१ | |
| १६३ | विश्लेषण भन्ने धनबहादुर थापा | | | | | | | | | |
| १६४ | गोविन्द थपलिया | इलाका प्रहरी कार्यालय, कोहलपुर, बाँके | बलपूर्वक वेपत्ता | बाँके कोहलपुर वडा नं. ४ मुसुरीखेतका जीतबहादुर पुन र चन्द्रबहादुर विकलाईपक्राउ गरी बेपत्ता पारेको । | २०५९।१।२९ | अनुसन्धान | २ | नभएको | ६०९ | |
| १६५ | प्रउ रविप्रताप राणा | जिल्ला प्रहरी कार्यालय, बर्दिया | बलपूर्वक बेपत्ता | बर्दिया बानियाभार गाविस वार्ड नं. १ का सुरेशकुमार वलीलाई पक्राउ गरी वेपत्ता पारेको । | २०५९।९।७ | अनुसन्धान | १+१ | नभएको | ६१८ | |
| १६६ | प्रनाउ रणबहादुर गौतम | | | | | | | | | |
| १६७ | प्रनि केदार कोइराला | | | | | | | | | |
| १६८ | तत्कालीन प्रमुख लवकुमार रायमाझी, | ठाकुरद्वारा व्यारेक, बर्दिया | बलपूर्वक वेपत्ता | बर्दिया नेउलापुर गाविस वडा नं. ४ का केशरबहादुर बस्नेत र जि. रूपन्देही मोतिपुर वडा नं. ८ का शालिकराम अर्याललाई पक्राउ गरी वेपत्ता पारेको । | २०५८।११।२७ | मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कारवाही गर्न, | १ | नभएको | ६१९ | |
| १६९ | जनअदालत प्रमुख रामबहादुर थापा (शुन्दर), | तत्कालीन नेकपा (माओवादी), दाङ | अपहरण | दाङ हेकुली गाविस वडा नं. ४ का युवराज शर्मालाई अपहरण गरी वेपत्ता पारेको । | २०५८।१०।१५ | अनुसन्धान | १ | | ६२१ | |
| १७० | वकिल भिमबहादुर चौधरी (भिम) | | | | | | | | | |
| १७१ | जेहेन्दार | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७२ | तमाओका लक्षीराम यादव, | तत्कालीन नेकपा (माओवादी), बर्दिया | अपहरण | बर्दिया गुलरिया नपा वार्ड नं. २ का निरज यादव भनिने रमेश यादवलाई अपहरण गरी बेपत्ता पारेको । | २०६१।७।१२ | अनुसन्धान | १ | | ६२२ | |
| १७३ | प्रमोद खड्का, | | | | | | | | | |
| १७४ | प्रतिभा ... | | | | | | | | | |
| १७५ | ... गुरूङ | | | | | | | | | |
| १७६ | जीवन ... | | | | | | | | | |
| १७७ | प्रनानि हरिबोल के.सी. | जिल्ला प्रहरी कार्यालय दैलेख | | नेपाल पत्रकार महासंघ दैलेखका अध्यक्ष पुष्कर थापा, एभिन्युज टि.भी. का संवाददाता भूपेन्द्र शाही, हिमालयन टि.भी. का संवाददाता रत्न शाही र जिल्ला विकास समिति दैलेखका नायव सुब्बम खगेन्द्र थापालाई कुटपीट गरेको । | २०६८।७।१ | विभागिय कारवाही गन | १ | नभएको | ६२५ | |
| १७८ | प्रनानि सोभन राणा, | | | | | | | | | |
| १७९ | प्रसनि ईन्द्रबहादुर मल्ल, | | | | | | | | | |
| १८० | प्रह हरिलाल थापा मगर, | | | | | | | | | |
| १८१ | प्रज रन्जित खड्का | | | | | | | | | |
| १८२ | प्रहरीहरू हीराकुमारी चौधरी | जिल्ला प्रहरी कार्यालय महोत्तरी | कुटपिट/ यातना | महोत्तरी कारागारका बन्दी सरोजी सिंह, श्रीवति मण्डल, निर्मला झा, ललिता सिंह, उषादेवी झा, अमरिका पासवानलाई कुटपीट गरी यातना दिएको । | २०६८।१२।१० | क्षतिपूर्ति रकम भराउन | १ | नभएको | ६२६ | |
| १८३ | भगवती रानामगर | | | | | | | | | |
| १८४ | कारागार प्रशासन प्रमुख शोभेन्द्र ठाकुर, | कारागार कार्यालय, महोत्तरी | | | | विभागीय कारवाही | | | | |
| १८५ | प्रनानि सत्यनारायण यादव, | जिल्ला प्रहरी कार्यालय | | | | विभागीय कारवाही | | नभएको | | |
| १८६ | कार्यालय सहयोगी नुनु पाण्डे | कारागार कार्यालय, महोत्तरी | | | | विभागीय कारवाही गर्न | | नभएको | | |
| १८७ | चौकिदार विक्कु मिजार | | | | | सचेत गराउन | | | | |
| १८८ | प्रसनि गोविन्द महतो कोइरीबाट | महुवन प्रहरी चौकी, पर्सा | कुटपिट/ यातना | पर्सा गम्हरिया गाविस वडा नं. ३ का अमरिका प्रसाद यादवलाई कुटपिट गरी यातना दिएको । | २०६८/०३/२४ | क्षतिपूर्ति रकम भराउन | १ | नभएको | ६२७ | |
| १८९ | ईन्चार्ज नवराज खरेल | शान्ति सेवा गृह गौशाला, काठमाडौं | कुटपिट | शान्ति सेवा गृह गौशाला, काठमाडौमा बस्ने शोभित बुढाथोकी लाई कुटपीट गरी बेहोस बनाएको । | २०६३।४।२५ | सचेत गराउने | १ | नभएको | ६२८ | |
| १९० | प्रउ रविप्रताप राणा | जिल्ला प्रहरी कार्यालय, बर्दिया | यातना | बर्दिया वानियाभार गाविस वार्ड नं. १ का पदमबहादुर वलीलाइ यातना दिएको । | २०५९।९।७ गते | क्षतिपूर्ति भराउन र कारवाही गर्न | २ | नभएको | ६३० | |
| १९१ | प्रनाउ रणबहादुर गौतम | | | | | | २ | | | |
| १९२ | प्रनि केदार कोईराला | | | | | | २ | | | |
| १९३ | प्रनानि राजबहादुर थापा | इलाका प्रहरी कार्यालय, धनौल, बाँके | यातना | बाँके बागेश्वरी गाविस वडा नं. २ का पिताम्बर लामिछानेलाई पक्राऊ गरी हिरासतमा राखी यातना दिएको । | २०६५।१२।२० | विभागिय कारवाही गन | १ | नभएको | ६३१ | |
| | | | | २०६९/०७० | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९४ | प्रनानि रामबहादुर ढकाल | जिल्ला प्रहरी कार्यालय, सिरहा | हत्या | सिरहा अर्नामा प.पी. गाविस वडा नं. २ का चन्द्रकुमार यादवलाई पक्राउ गरी यातना दिँदा हिरासतभित्र मृत्यु । | २०६५।६।२८ | मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कारवाही | १ | नभएको | ६३८ | |
| १९५ | हेक हरिशंकर यादव, | | | | | | | | | |
| १९६ | प्रज सुरेन्द्र चौधरी | | | | | | | | | |
| १९७ | सेनानी रुपेन्द्र बुढाथोकी | नेपाली सेना इन्द्रदल गुल्म, ताप्लेजुङ्ग | हत्या | ताप्लेजुङ्ग जि. थेचम्बु गाविस वडा नं. ६ का अर्जुन सुब्बा (मेन्याङ्बो) लाई नियन्त्रणमा लिई गोली हानी हत्या गरेको । | २०६२।७।२ | कानून बमोजिम कारवाही | १ | नभएको | ६४१ | |
| १९८ | प्रहरी दानबहादुर घिमिरे | जिल्ला प्रहरी कार्यालय, सुनसरी (देवानगन्ज) | हत्या | सुनसरी देवानगञ्ज गाविस वडा नं. २ मा गोली चलाउँदा सानु यादवको मृत्यु भएको । | २०६८।४।१३ | कानून बमोजिम कारवाही | १ | नभएको | ६४३ | |
| १९९ | जगन्नाथ तामाङ्ग, | तत्कालीन नेकपा (माओवादी), धनुषा | हत्या | दीपनारायण यादवलाइ कब्जामा लिई दुबै हात पछाडी बाँधी कुटपीट गर्दै कमला नदीमा पुऱ्याई पानीमा डुबाई हत्या गरेको | २०६३।४।२१ | मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कारवाही गर्न | १ | नभएको | ६६७ | |
| २०० | दयाराम ठकहर | | | | | | | | | |
| २०१ | प्रह श्याम गुरूङ्ग, | जिल्ला प्रहरी कार्यालय, मोरङ | यातना | मोरङ विराटनगर उपमनपा वार्ड नं. ८ का रहमत अलीलाई पक्राउ गरी जिप्रका मोरङको हिरासतमा राखी यातना दिएको । | २०६८।१।११ | कानून बमोजिम सचेत गराउन | १ | नभएको | ७१३ | |
| २०२ | प्रजिअ चुडामणी शर्मा, | जिल्ला प्रशासन कार्यालय,ललितपुर महानगरिय प्रहरी परिसर ललितपुरका | गैर कानूनी थुना | सुनसरी धरान नपा वडा नं १७ का ग्लोव मानवलाई गैरकानूनी थुनामा राखेको । | २०६८।१२।१ गते देखि २०६८।१२।२१ | कानूनबमोजिम विभागीय कारवाही गन | १ | नभएको | ७१८ | |
| २०३ | प्रउ भोगबहादुर थापा | | | | | | | | | |
| २०४ | प्रनि अवदेश विष्ट, | | | | | | | | | |
| २०५ | प्रसनि दिपक आचार्य, | | | | | | | | | |
| २०६ | प्रनानि वलबहादुर विष्ट | | | | | | | | | |
| २०७ | प्रनानि नरेशबहादुर शाही | | | | | | | | | |
| २०८ | शिक्षक नकुलप्रसाद साह | श्री जनता निम्न माध्यामिक विद्यालय देउरी, सप्तरी | शारिरीक दण्ड | सप्तरीको श्री जनता निम्न माध्यामिक विद्यालय देउरीमा कक्षा ५ र ६ मा अध्ययनरत दिव्यरोशनी साह र दिव्यज्योति साहलाई थप्पड, मुड्की, लठ्ठी समेतले हिकाई सख्त घाइते बनाएको । | २०६७।३।११ | सचेत गराउनुका | १ | नभएको | ७३४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. २०७०/०७१ | | | | | | | | | | |
| २०९ | प्रनानि महेन्द्र खत्री, | जिल्ला प्रहरी कार्यालय, खोटाङ | यातनाबाट मृत्यु | खोटाङ जिल्ला पाथेका गाविस वडा नं. २ का भुदेउ भन्ने किरण राईलाई हिरासतबाट भागेको आरोपमा सोहीदिन पक्राउ गरी यातना दिँदा निजको मृत्यु भएको । | २०७०।३।२१ | मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कारवाही गन | १ | नभएको | ७३७ | |
| २१० | प्रनानि मुकुन्दप्रसाद विडारी | | | | | | | | | |
| २११ | प्रह सुरेशप्रसाद यादव, | | | | | | | | | |
| २१२ | प्रज नकुल राई, | | | | | | | | | |
| २१३ | प्रज रामकुमार बोगटी, | | | | | | | | | |
| २१४ | प्रज कैलाश खत्री | | | | | | | | | |
| २१५ | प्रज चन्द्र खड्का, | | | | | | | | | |
| २१६ | प्रज देवराज माझी | | | | | | | | | |
| २१७ | प्रज नारायण खड्का | | | | | | | | | |
| २१८ | प्रउ राजीवबहादुर बस्नेत | | | | | विभागीय कारवाही | १ | | | |
| २१९ | प्रनि रमेशकुमार देव | | | | | | | | | |
| २२० | डा. नवलकिशोर झा | जिल्ला स्वास्थ्य कार्यालय, खोटाङ | यातनाबाट मृत्यु | (१) बिरामीको उपचारमा र कानूनी जटिलताका विषयहरूमा संवेदनशील नभएको (२) मातहतका कर्मचारीले गरेका काम कारवाहीहरू उपर प्रभावकारी सुपरिवेक्षण नगरेको । | | सचेत गराउने | १ | भएको | | |
| आ.व. २०७१/०७२ | | | | | | | | | | |
| २२१ | प्रनाउ श्री अर्जुनप्रसाद सापकोटा | सशस्त्र प्रहरी बल | बलको अत्यधिक प्रयोग | बाराको सिमरौनगढमा विद्यार्थीहरूले निकालेको जुलूसमा सशस्त्र प्रहरीले चलाएको गोली लागी घटनास्थलमै जयनारायण पटेलको मृत्यु भएको । | २०७१।६।२५ | विभागीय कारवाही गन | १ | नभएको | ७४० | |
| आ.व. २०७२/०७३ | | | | | | | | | | |
| २२२ | अर्जुन भन्ने झम्कनाथ घिमिरे | नेकपा माओवादी प्युटार वडा नं. १, ललितपुर | कुटपीट गरी हत्या | ललितपुर घुसेल गाविस वडा नं. ३, का फुलमाया स्याङतानको हत्या गरेको । | २०६०/०६/२० | कानून बमोजिम कारवाही | १ | नभएको | ७५६ | |
| २२३ | दिपक पुलामीमगर | नेकपा माओवादी माल्टा वडा नं. ७, ललितपुर | | | | | | | | |
| २२४ | रेणु मगर | ऐ वडा नं. ८, ललितपुर | | | | | | | | नाबालक |
| २२५ | गोमा घर्तिमगर | ऐ वडा नं. ८, ललितपुर | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २२६ | इञ्चार्ज दिवाकर भन्ने रामशरण | नेकपा (माओवादी) दुई पिपल वडा नं. ७, नुवाकोट | अपहरण पछि हत्या | तारादल गण देवीघाट व्यारेक, नुवाकोटमा कार्यरत सरोज तामाङ्गलाई अपहरण गरी हत्या गरेको । | २०६०/४/२४ | कानून बमोजिम कारवही | १ | नभएको | ७५८ | |
| २२७ | कार्यालय प्रमुख बाबुराम पोखरेल | इलाका प्रहरी कार्यालय सिजुवा, मोरङ | हिरासतमा मृत्यु | मोरङ्ग सिजुवा गाविस वडा नं. ३ का मधु ताजपुरियालाई होहल्ला गरेको भन्ने आरोपमा पक्राउ गरी हिरासतमा राखेकोमा उपचारको लागि कोशी अञ्चल अस्पताल लैजादैं गर्दा मृत्यु भएको । | २०७१/७/७ | सचेत गराउने | १ | भएको | ७५९ | |
| २२८ | प्रनाउ संजिव शर्मादास | जिल्ला प्रहरी कार्यालय, रामेछाप | समयमा नै अनुसन्धान नगरेका | रामेछाप सैंपु गाविस वडा नं. १ की सुन्तली तामाङ्गलाई कर्तव्य गरी मारेको घटनामा किटानी जाहेरी दर्खास्त दर्ता गर्न पटक-पटक लैजाँदा पनि जाहेरी दरखास्त दर्ता गरी अनुसन्धान गर्न इन्कार गरेको । | | सचेत गराउने | १ | भएको | ७७२ | |
| | | | | आ.व.२०७३/०७४ | | | | | | |
| २२९ | लेफ्टिनेन्ट रामसिंह बोहरा | भजनी सुरक्षा बेस क्याम्प, कैलाली | (१) र (२) हत्या<br>(३) बलपूर्वक वेपत्ता | (१)कैलाली लालवोझी गाविस वडा नं. ६ का श्यामादेवी डगौरालाई मारेको ।<br>(२)कैलाली रतनपुर गाविस वडा नं. ४ का भागीराम चौधरीलाई मारेको<br>(३)कैलाली लालबोझी गाविस वडा नं. ५ का रामचरण चौधरी र वडा नं. १ का रामेश्वर कठरिया पक्राउ गरी वेपत्ता पारेको ।<br>(४)कैलाली भजनी गाविस वडा नं. ९ का कन्हैयापुर बस्ने जगन्नाथ डगौरा र रामशंकर डगौरालाइ घरबाटै पक्राउ गरी वेपत्ता पारेको | (१) नखुलेको<br>(२) र (४) ०५९/९/१८<br>(३) २०५८/११/१ | आवश्यक कारवाही<br>कानून बमोजिम कारवाही कारवाही | ४ | नभएको । | ७७४<br>७७७<br>८८५<br>८८६<br>८८७ | |
| २३० | सप्रनाम खडानन्द चौधरी | सशस्त्र प्रहरी बल, नेपालउग्रतारा गण | हत्या, तोडफोड तथा क्षति | कैलाली टीकापुर घटनामा फितलो सुरक्षा योजना बनाएको एवम् लापरवाही गरी धनजनको क्षति रोक्न समुचित प्रयास नगरेको । | २०७२/५/७ | विभागीय कारवाही गर्न | १ | नभएको | ७८९ | |
| २३१ | प्रउ लक्ष्मणबहादुर सिंहलाई | नेपाल प्रहरी | | | | विभागीय कारवाही गर्न | | | | |
| २३२ | प्रजिअ राजकुमार श्रेष्ठ | जिल्ला प्रशासन कार्यालय कैलालीका | | ऐ. घटनामा मानव अधिकार उल्लंघन रोक्ने कार्यमा कार्य उदासीनता (Act of Omision) देखाएको । | | सचेत गराउनक | | | | |
| २३३ | प्रशासकीय अधिकृत सुमन धिताल | ईलाका प्रशासन कार्यालय टीकापुर कैलालीका | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २३४ | सचिव नारायणगोपाल मलेगो | गृह मन्त्रालय | बलको अत्यधिक प्रयोग | तराई मधेशमा आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र नेकपा (एमाले) को भ्रातृ संगठन युवासंघ नेपालले मोरङको रङ्गेलीमा आ-आफ्नो कार्यक्रम गर्ने सन्दर्भमा प्रहरी र मोर्चाका कार्यकर्ताबीच झडप हुँदा आन्दोलनकारी समेत ३ जनाको मृत्यु, प्रहरी र केही व्यक्ति घाइते भएका र सम्पति क्षति भएको। | ०७२/१०/७ | सचेत गराउन। | १ | नभएको | ७९० | |
| २३५ | प्रजिअ तोयम रायमाझी | जिल्ला प्रशासन कार्यालय, मोरङ | | | | | | | | |
| २३६ | प्रउ तारणीप्रसाद लम्साल | जिल्ला प्रहरी कार्यालय, मोरङ | | | | | | | | |
| २३७ | लुमाकान्त भण्डारी | नेपाली सेनाको वरख दल गण | यातना | बर्दिया नेउलापुर गाविस वडा नं. ४ बस्ने अमृत थारु, बसन्ती थारु र लोटन थारु समेत तीन जनालाई पक्राउगरी यातना दिएको। | ०५८/३/१६ | विभागीय कारवाही गर्न | १ | नभएको | ७९६ | |
| | | | | आ.व. २०७४/०७५ | | | | | | |
| २३८ | सेनानी सुवास थापा | शाही नेपाली सेनाका | हत्या | धादिङ छत्रे देउराली गाविस वडा नं. ८ का प्रकाश कंडेललाई खेतमा काम गरिरहेको अवस्थामा मारेको। | २०६०।७।१५ | कानून बमोजिम कारवाही गर्न | १ | नभएको | ८२१ | |
| २३९ | तुलसी थापा | मानव अधिकारकर्मी | प्रहरीलाई गलत असल नियतले जानकारी नगराएको | मानव अधिकारकर्मी तुलसी थापाले गरेका क्रियाकलापहरू निज कार्यरत संस्थाको विधान विपरित कार्यक्षेत्र बाहिर भएका र निजले प्रहरीलाई असल नियतले टिकबहादुरको बारेमा खबर गरेको नदेखिएको साथै निजको भनाईको प्रभावमा परी प्रहरीले यथेष्ट आधार र कारणबिना पक्राउ गरी हिरासतमा राख्दा खेटाङ घर भएका टीकबहादुर राईको मृत्यु भएको। | ०७३/१/२७ | सचेत गराउन | १ | नभएको | ८५५ | |
| २४० | प्रधानाध्यापक लेखनाथ भट्टराईको | श्री पब्लिक उच्च मा.वि, धरान | शिक्षाको अधिकार | वार्षिक परिक्षामा उत्तीर्ण भएपनि प्रधानाध्यापकले परीक्षामा अनुतीर्ण गराएका। | २०६५ सालको वार्षिक परीक्षा | सचेत गराउन | १ | भएको | ९०५ | |
| | | | | **आ.व. २०७५/०७६** | | | | | | |
| २४१ | प्रनाउ सुरेन्द्र के.सी | जिल्ला प्रहरी कार्यालय बारामा | हत्या | बारा श्रीनगर वैरिया गाविस वडा नं. ८ का रामबाबु सहनीको नियन्त्रणमा लिई हत्या गरेको। | २०६६/११/२२ | कानून बमोजिम कारवाही गर्न | १ | नभएको | ९३२ | |
| २४२ | .प्रसनि धर्मेन्द्र सिंह | | | | | | | | | |
| २४३ | सप्रह मोहन लामा | सशस्त्र प्रहरी बल | हत्या | काभ्रे नमोबुद्ध नपा वडा नं. ४ का नवराज पाठकको हत्या गरेको। | २०७४/१/३० | कानून बमोजिम कारवाही गर्न | १ | नभएको | ९३७ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २४४ | तमाओका सुन्तली भन्ने देवकी जिरेल | तत्कालीन नेकपा (माओवादी), दोलखा | हत्या | सुन्तली भन्ने देवकी जिरेलले दोलखा जुगु गाविस वडा नं. ७ का भीमकुमारी जिरेल, रुपा जिरेल समेतलाई प्रलोभनमा पारी माओवादीमा लगाएको र सोही कारणले उनीहरूलाई सुरक्षाकर्मीले मारेको। | ०६०/१२/२२ | कानून बमोजिम कारवाही गर्न | १ | नभएको | ९३९ | |
| २४५ | प्रनि मदनप्रसाद केशरी | जिल्ला प्रहरी कार्यालय सिन्धुली मातहतको रातमाटा प्रहरी कार्यालय, सिन्धुली | यातना | सिन्धुली पुरानो झाँगाझोली गाविस वडा नं. ६ का पवन दाहाल समेत पाँच जनाको हत्या गरेको र अन्य तीन जनालाई यातना दिएको। | २०५५/७/१७ | कानून बमोजिम कारवाही गर्न | १ | नभएको | ९४७ | |
| २४६ | तमाओका रामकुमार स्याङ्तान, | कालेश्वर वडा नं. ७, ललितपुर | हत्या | ललितपुर कालेश्वर गाविस वडा नं. ७ का मणिकलाल वाईवालाई आफ्नै घरबाट अपहरण गरी घरदेखि लगभग १० मिनेट पर घट्टेखोलामा पुऱ्याई हत्या गरेको। | ०५९/७/१० | कानून बमोजिम कारवाही गर्न | १ | नभएको | ९५२ | |
| २४७ | तमाओका रामहरी तिमल्सिना, | कालेश्वर वडा नं. ३, ललितपुर | | | | | | | | |
| २४८ | तमाओका राजन तिमल्सिना, | कालेश्वर वडा नं. ३, ललितपुर | | | | | | | | |
| २४९ | तमाओका जुमानसिहं स्याङ्तान, | कालेश्वर वडा नं. ७, ललितपुर | | | | | | | | |
| २५० | तमाओका कुमारी मोक्तान | तत्कालीन नेकपा (माओवादी), ललितपुर | | | | | | | | |
| २५१ | तमाओका नवीन भन्ने फणिन्द्र देवकोटा | तत्कालीन नेकपा (माओवादी), ललितपुर | | | | | | | | |
| २५२ | तमाओका अविरल भन्ने विमलराज गिरी | तत्कालीन नेकपा (माओवादी), सिन्धुपाल्चोक | हत्या | सिन्धुपाल्चोक पिपलडाँडा गाविस वडा नं. २ का कृष्णबहादुर बस्नेतलाई अपहरण गरी हत्या गरेको। | २०६१/११/१३ | कानून बमोजिम कारवाही गर्न | १ | नभएको | ९५६ | |
| २५३ | तमाओका दिवाकर भन्ने रामशरण सुवेदी | तत्कालीन नेकपा (माओवादी), धादिङ | हत्या | धादिङ केवलपुर गाविस वडा नं. २ का गोमा कोइरालालाई अपहरण गरी हत्या गरेको। | २०६०/०९/२८ | छानवीनको दायरामा ल्याई कारवाही गर्न। | १ | नभएको | ९५८ | |
| २५४ | तमाओका भक्तिपाठक | तत्कालीन नेकपा (माओवादी), झापा | हत्या | झापा कुमरखोद गाविस वडा नं. ७का चुडामणी मैनालीलाई झापा बजारमा चन्दा उठाइरहेका माओवादी कार्यकर्ताले गोली हानी हत्या गरेका। | ०६२/७/२१ | कानून बमोजिम कारवाही गर्न | १ | नभएको | ९६१ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २५५ | भारतीय एस.एस.वी.का इन्स्पेक्टर हितेन्द्र सिंह | भारतीय एस.एस.वी.का | हत्या | मोरङ्ग अमाहीवरियाती वडा नं. ७ का वासुदेव साहलाई भारतीय एस.एस.वी. (भारतीय सीमा सुरक्षा बल)का सुरक्षाकर्मीहरूले नेपाल भारत सीमाको दशगजा नजिकै नेपालको भू-भाग मोरङ अमाहीवरियती वडा नं. ७ स्थित खयरवना भन्ने स्थानमा प्रवेश गरी हत्या गरेका। | ०६७/२/११ | कारवाहीको लागि सिफारिश नगरेको। | | | ९८० | भारतीय सुरक्षाकर्मी |
| २५६ | जवान मदनसिंह सोडार | | | | | | | | | |
| २५७ | हुद्दा. मित्रराज गिरी | नेपाली सेना, सिंहनाथ गण सुर्य विनायक, भक्तपुर | यातना | ताथली-३, भक्तपुर बस्ने केशव थापालाई सिंहनाथ गण सूर्य विनायक ब्यारेकमा बोलाई कुटपीट गरी यातना दिएका। | ०६१/१२/२४ | कारवाही भइसकेकोले आयोगले केही नबोलेको | १ | भएको | ९८८ | |
| २५८ | प्रज विरेन्द्र यादव, | जिल्ला प्रहरी कार्यालय सुनसरी | कुटपीट/ दुर्व्यवहार | झापा मेची नपा वडा नं ११, काँकडभिट्टाका दिल कुमार तामाङलाई जिल्ला प्रहरी कार्यालय सुनसरी इनरुवाको परिसरभित्र काम लगाइरहेको अवस्थामा कुटपीट र दुर्व्यवहार गरेको। | | प्रहरी नियमावली अनुसार जिल्ला प्रहरी कार्यालय सुनसरीबाट कारवाही भएको | १ | भएको | ९९३ | |
| २५९ | प्रज सञ्जय यादव | | | | | | | | | |
| २६० | प्रज अजितकुमार साह | | | | | | | | | |
| २६१ | सप्रनि तेजराम शर्मा | सशस्त्र प्रहरी बल, बरा | कुटपिट/ दुर्व्यवहार | बारा बेलदारी गाविस वडा नं. ७ का लोकनाथ यादव समेतका व्यक्तिहरूको घर खनतलासी गर्ने क्रममा सशस्त्र प्रहरीको टोली घरमा प्रवेश गरी जथाभावी कुटपीट गरी दुर्व्यवहार गरेको। | ०६६/५/६ | विभागीय कारवाही भइसकेको | १ | भएको | ९९६ | |
| २६२ | क्याप्टेन गणेश रावल | नेपाली सेना, नयाँ गोरख गण ब्यारेक, लिवाङ, रोल्पा | जर्बजस्ती यौन सम्पक राखेको | रोल्पा लिवाङ वडा नं. ६ निवासी ... (महिला) लाई लिवाङ ६ स्थित नेपाली सेनाको निज क्याप्टेनले काठमाडौं बोलाएर होटलमा राखी जवर्जस्ती यौन सम्बन्ध राखी यातना दिएका र विवाह गर भन्दा विभिन्न धम्की समेत दिएको। | ०६२/६/२५ | आवश्यक कारवाही | १ | नभएको | ९९७ | |
| २६३ | तमाओका इतिहास भनिने सुरेश थापा | ओखलढुंङ्गा | अपहरण/ कुटपीट | ओखलढुंङ्गा मुलाखर्क वडा नं. २ का दिर्गबहादुर खत्रीलाई अपहरण गरी कुटपीट गरी यातना दिएका। | ०६३/१२/२ | कानून बमोजिम कारवाही गन | १ | नभएको | १००५ | |
| २६४ | चन्द्रप्रकाश भनिने च्वाँचे बोगटी | | | | | | | | | |
| २६५ | प्रनानि हरीकुमार प्रसाई | प्रहरी चौकी, पृथ्वी नगर, झापा | शान्ति सुरक्षा | घरबाट धनमाल लगेको विषयमा प्रहरी चौकीमा जानकारी गराउँदा प्रहरीले सहयोग नगरेको। | | कारवाही भएको | १ | भएको | १०१९ | |
| २६६ | प्रार्चाय ज्ञानेन्द्र थापा | नेशनल क्रियसन एकेडेमी, पोखरा, कास्की | दुर्व्यवहार | कास्की पोखरा नपा ८ नागढुङ्गगाका वर्ष ६ का बालक विवेक वि.क. लाई गुहकार्य नगरेको निहुँमा अनुहारमा कालो लगाई दुर्व्यवहार गरेको। | ०७३/२/१८ | सचेत गराउने | १ | नभएको | १०२० | |
| २६७ | शिक्षिका अस्मिता थापा | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २६८ | कारखाना निरिक्षक श्री मणीराम गोपका | श्रम कार्यालय विराटनगर, मोरङ | मानव अधिकारमैत्री व्यवहारनगरेको। | सुनसरी नरसिंह गाविस वडा नं. १ स्थित अरविन्द पल्प एण्ड पेपर मिल्स प्रा.ली. नामक कम्पनीमा सुरक्षा गार्ड पदमा कार्यरत अनुप रेग्मीको कम्पनीमा जडित मेसिनमा काम गर्दा देब्रे खुट्टा भाँचिएपछि निजले कम्पनीबाट पाउनु पर्ने क्षतिपूर्ति श्रम कार्यालय मार्फत पाउनु पर्नेमा सो रकम श्रम कार्यालयको खातामा राखी पीडितलाई समयमा नै नदिएको । | ०७३/२/२१ | सचेत गराउने | १ | नभएको | १०३१ | |
| **आ. व. २०७६/०७७** | | | | | | | | | | |
| २६९ | प्रहरी इन्चार्ज अर्जुनध्वज अधिकारी, | सिंगा तातोपानी प्रहरी चौकी, म्याग्दी । | हत्या | म्याग्दी बाबियाचौर गाविस वडा नं. ८ का विनोद के.सी. को हत्या गरेको । | ०५७/३/२३ | कानून बमोजिम कारवाही | १ | नभएको | १०६१ | |
| २७० | प्रहरी कर्मचारी सोमप्रसाद लामिछाने | | | | | | | | १०८४ | |
| २७१ | प्रनि श्री कृष्णदेव प्रसाद साह | | | सर्लाही वागमती नपा वडा नं. २ का कुमार पौडेललाई ऐ.को लालवन्दी नपा वडा नं. १ लखन्देही जंगल नजिक प्रहरी कारवाहीमा मारिएको । | | तत्काल निलम्बन गरी फौजदारी अभियोगमा मुद्दा चलाउन | | | | |
| २७२ | प्रह विनोद साह | | | | | | | | | |
| २७३ | प्रह सत्यनारायण मिश्र | | | | | | | | | |
| २७४ | प्रनि किरणप्रसाद न्यौपाने | | | घटनाको मुचुल्का त्रुटिपूर्ण तवरले तयार गरेको । | | सचेत गराउन | | | | |
| २७५ | प्रनानि सूर्यकुमार कार्की | | | | | | | | | |
| २७६ | डा. वीरेन्द्रकुमार मण्डल | जि. अस्पताल सर्लाही, मलंगवा | | शव परीक्षण गर्ने समयमा मापदण्ड बिना न्यूनतम पक्रियाहरू समेत पूरा नगरेको । | | | | | | |
| २७७ | गणपती श्री अर्जुन बस्नेत | नेपाली सेना ब्रावल व्यारेक, धुन्चे | हत्या | रसुवा गोल्जुङ वडा नं. ४ का छिरिङ घलेलाई रसुवाको ब्रावल व्यारेक धुन्चेबाट मानचेत व्यारेक लैजादै गर्दा हत्या गरेको । | २०५८/९/१८ | कानून बमोजिम कारवाही गर्न | १ | नभएको | १०९७ | |
| २७८ | प्रहरी कर्मचारी रायअवतार यादव | इलाका प्रहरी कार्यालय रुपनी सप्तरी | हत्या | सप्तरी रायपुर वडा नं. ९ निवासी बच्चाराम चौधरीको हत्या गरेको । | २०६३।०६।२१ | कानून बमोजिम कारवाही गर्न | १ | नभएको | १०९८ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २७९ | प्रजिअ मोहनप्रसाद पोखरेल | जिल्ला प्रशासन कार्यालय, रसुवा | हत्या | कारागारमा रहेका व्यक्तिलाई अनधिकृत रुपमा सेनालाई लैजान अनुमति दिएको र राष्ट्रिय मानव अधिकार आयोगबाट प्रेषित बन्द सवालको कुनै जवाफ नदिएको । | २०५८।९।१४ | सचेत गराउन | १ | भएको | ११०२ | |
| २८० | गणपति अनुजबहादुर बस्नेत | नेपाली सेना शम्शेर दल गण, रसुवा | हत्या | रसुवा जि. स्याफ्रु गाविस वडा नं १ का वीरबहादुर मोक्तानलाई प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय रसुवामा राखेकोमा पछि कारागारबाट सेनाले लगि हत्या गरेको | | कानून बमोजिम कारवाही गर्न | | नभएको | ११०२ | |
| २८१ | सप्रनानि रविन्द्रप्रसाद यादव | सशस्त्र प्रहरी बल शान्ती सुरक्षा पोष्ट, छिन्नमस्ता सप्तरी | हत्या | सप्तरी इटहरी विष्णुपुर गाविस वडा नं.४ का स्थानीय किसानहरूले घरायसी प्रयोगको लागि भारतबाट ल्याएको रासायनिक मलको विषयमा स्थानीयहरू र सशस्त्र प्रहरीको गस्ती टोलीबीच भएको विवादमा आवश्यकता भन्दा बढीको बल प्रयोग गरी गोली चलाउँदा अखिलेन्द्र यादवको मृत्यु र अन्य २ जना घाइते भएका । | २०६६।४।२ | कानून बमोजिम कारवाही गर्न | १ | नभएको | ११०६ | |
| २८२ | तमाओका कटटु भनिने रजमान तामाङ | नुवाकोट जि. गणेशस्थान, दार्मे | हत्या | (१) नुवाकोट बागेश्वरी गाविस वडा नं ३ का विष्णुप्रसाद अधिकारीलाई अपहरण गरी नुवाकोटको वेतनी जंगलमा पुऱ्याई हत्या गरेको ।<br>(२) नुवाकोट बागेश्वरी वडा नं. ४ चोगतेका नवराज ढकाललाई अपहरण गरी हत्या गरेको । | ०६१/१/२१ | कानून बमोजिम कारवाही गर्न | १+१ | नभएको | ११२३ | |
| २८३ | मानसिंह तामाङ, | | | | | | | | | |
| २८४ | ऋषेश्वर भट्टराई | | | | | | | | | |
| २८५ | जयराम अधिकारी | | | | | | | | | |
| २८६ | तमाओका कर्ण राई | सिस्नेपानी झापा | हत्या | झापा डाँगीवारी गाविस वडा नं. ४ का दिनानाथ राजवंशीलाई निवासबाट अपहरण गरी हत्या गरेको । | ०६३ /२/२० | कानूनबमोजिम कारवाही गन | १ | नभएको | ११२५ | |
| २८७ | तमओका मदन शिवाकोटी | दमक झापा | | | | | | | | |
| २८८ | प्रनाउ रामविलास दास | सशस्त्र प्रहरी बल बरमझिया, सप्तरी । | यातना | सप्तरी, गोइढी गाविस वडा नं. ३ का कपलेश्वर सरदारलाई पक्राउ गरी कुटपीट गर्दै सशस्त्र प्रहरी वेश क्याम्प बरमझियामा राखी प्रनाउ समेतले यातना दिएको । | ०६०।१०।२२ | कानून बमोजिम कारवाही गर्न | १ | नभएको | ११५७ | |

परिच्छेदः पाँच

# उपलब्धि र चुनौती

## १. उपलब्धिहरू

आयोगका सिफारिश कार्यान्वयनको सन्दर्भमा केही सकारात्मक उपलब्धिहरू रहेको देखिएको छ यद्यपि सिफारिश कार्यान्वयनको अवस्था न्यून देखिंदा यसको कार्यान्वयनमा उत्तिकै चुनौती पनि देखिएका छन् । उपलब्धि विशेषत पीडितको न्याय प्राप्तिसँग सम्बन्धित सन्तुष्टिको विषय हो भने चुनौती उपलब्धि प्राप्तिको अवसर पनि हो । हालसम्म आयोगले पीडितको न्याय प्राप्तिको लागि सशस्त्र द्वन्द्वसँग सम्बन्धित पीडितहरूको हकमा ९४० र अन्य पीडितहरूको हकमा २५५ गरी जम्मा ११९५ वटा सिफारिश गरिसकेको छ । ती सिफारिशहरू मध्ये आयोगका सिफारिशको कार्यान्वयन अवस्था न्यायप्राप्तिको प्रवेश विन्दुको रुपमा १३.६४ प्रतिशत पूर्ण र ३७.२४ प्रतिशत आंशिक रुपमा कार्यान्वयन भएको अवस्था छ । करीब २५ सय जना पीडितको लागि २६ करोडभन्दा बढी रकम क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश भएको छ। क्षतिपूर्ति/राहत/अन्तरिम राहतसँगै पीडकहरूलाई कारवाही गर्न नाम किटान गरेर २८६ को संख्यामा सिफारिश भएको छ।

मानव अधिकारको संरक्षण र सम्बर्द्धनको सन्दर्भमा महत्त्वपूर्ण नीतिगत निर्णयहरू गरी सिफारिश भएका छन् । आयोगले गरेका निर्णयहरू सार्वजनिक गर्दै त्यसमा सरोकारवालाहरूसँग समीक्षा गरिएको छ। उल्लंघन कार्यमा कम्तिमा ११ वटा निकायहरूको संलग्नता स्पष्ट भएको छ । विविधताको आधारमा पीडितहरूको अवस्था सार्वजनिक गर्न सम्भव भएको छ। जन निर्वाचित संसदले आयोगका सिफारिश कार्यान्वयन गर्न सरकारलाई निर्देशन दिएको छ । आयोगले सम्पादन गरेका गतिविधिको समेत मूल्यांकनको आधारमा नेपाल संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्को सदस्यमा निर्वाचित हुन सफल भएको छ । न्यायालयबाट सिफारिश कार्यान्वयन सम्बन्धमा पीडितको पक्षमा कोसेढुंगा सावित हुने आदेश भएका छन् । नागरिक समाज र पीडितको आयोगप्रतिको अपेक्षा र विश्वसनियता निरन्तर बढ्दो छ । संयुक्त राष्ट्रसंघीय संयन्त्रहरूबाट पनि आयोगका सिफारिश कार्यान्वयन गर्न सरकारलाई सुचित गराउने कार्य भएका छन् । क्षतिपूर्तिको लागि भएका सिफारिशमा अधिकांश घटनाका पीडितहरूले राहत तथा क्षतिपूर्ति प्राप्त गर्न सकेका छन् । दण्डहीनताको अन्त्यको लागि आयोगका सिफारिश कार्यान्वयन हुनुपर्ने भनी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मन्चहरूमा आवाजहरू उठिरहेका छन् । सरकारले आयोगका सिफारिश कार्यान्वयन गर्न आफ्नो राष्ट्रिय कार्ययोजनामा नै उल्लेख गर्ने कार्यको शुरुवात गरेको छ।

## २. चुनौतीहरू

आयोगका सिफारिश कार्यान्वयनको सन्दर्भमा माथि उल्लिखित उपलब्धि र परिणाम देखिएका भए पनि सिफारिश कार्यान्वयनमा प्रशस्त चुनौतीहरू रहेका छन् । यस्ता चुनौतीहरू कतिपय आन्तरिक रुपमा रहेका छन् भने कतिपय वाह्यरुपमा पनि रहेका छन् । जसलाई संक्षिप्त रुपमा छुट्टाछुट्टै प्रस्तुत गरिएको छ।

**(क) आन्तरिक चुनौती**

आयोगले निर्णय गरी कार्यान्वयनको लागि लेखी पठाउने सिफारिशहरूको प्रणालीगत रुपमा ताकेता हुन नसक्नु, सिफारिश कार्यान्वयनको लागि आयोगभित्र विशिष्टीकृत शाखा/महाशाखा नहुनु, अभिलेख प्रणाली पूर्णतः व्यवस्थित भई नसक्नु, जे जति जिम्मेवारी प्रदान गरिएको छ त्यसको नियमित अनुगमन हुन नसक्दा पनि सिफारिश कार्यान्वयनमा चुनौती रहेको छ जसको सुधारको लागि आयोग निरन्तर लागिरहेको छ र यसलाई थप प्रभावकारी बनाउनुपर्ने अवस्था रहेको छ। नेपालको संविधानको धारा २४९ (२) को खण्ड (ज) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७ ले दिएको मानव अधिकार उल्लंघनकर्ताहरूको नाम अभिलेख गरी सार्वजनिक गर्ने कार्य आयोगले हालसम्म पनि गर्न नसक्नु पनि प्रमुख चुनौतीको रुपमा लिन सकिन्छ। कार्यान्वयन गर्ने निकायले तत्कालीन मानव अधिकार आयोग ऐन, २०५३ को दफा १३ (४) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ (३) बमोजिम कार्यान्वयनको सम्बन्धमा आयोगलाई समयमा नै जानकारी नगराई निरन्तर गम्भीर हेलचेक्र्याइँ गरिरहने तर त्यसविरुद्ध आयोगबाट कुनै कारवाही अगाडि बढाउन नसकेको विषय पनि अर्को चुनौतीको विषय हो। त्यसैले त्यस्ता भ्रम चिर्दै मानव अधिकार संस्कृति निर्माण गर्न आयोगले संवैधानिक तथा कानूनी अधिकार र संसदबाट मानव अधिकार उल्लंघनकर्ताको अभिलेख गरी नाम सार्वजनिक गर्न प्राप्त भएको सुझावको कार्यान्वयन गर्नुपर्ने अवस्था छ। त्यसैले आफ्ना सिफारिश कार्यान्वयन गर्न आयोगले केन्द्रीत कार्यक्रम सहित पीडित, नागरिक समाज र कार्यान्वयन गर्ने निकाय समेतको समन्वय र सहकार्यमा हालसम्म अर्थपूर्ण कार्यक्रम सञ्चालन गर्न नसक्नु पनि चुनौती रहेको देखिएको छ।

**(ख) बाह्य चुनौती**

आयोगका सिफारिश कार्यान्वयनको बीस वर्षको अभ्यासले कार्यान्वयनको प्रमुख चुनौती, सो कार्यका लागि जिम्मेवार नेतृत्वमा रहेका पदाधिकारीको गैर जिम्मेवारीपन र मानव अधिकारको परिपालनामा गम्भीरताको अभाव हो। यसमा नीतिगत रुपमा राजनीतिक नेतृत्व जिम्मेवार छ भने व्यवहारिक एवं कार्य सञ्चालनको दृष्टिकोणबाट स्थायी सरकारको रुपमा रहेको नेपाल सरकारको कर्मचारीतन्त्र पनि उत्तिकै जिम्मेवार छ। कार्यान्वयन गर्नुपर्ने निकायमा कार्यरत पदाधिकारीहरूको ईच्छा शक्तिको अभाव, प्रचलित कानूनप्रतिको वेवास्ता र कानूनी शासनको पालना नहुनु अर्को चुनौती हो। तत्कालीन मानव अधिकार आयोग ऐन, २०५३ र हाल प्रचलनमा रहेको राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले आयोगका सिफारिश कार्यान्वयन गर्नुपर्ने सम्बन्धी स्पष्ट व्यवस्था गरेको अवस्थामा सो सम्बन्धमा कार्यान्वयन गर्ने निकायको निरन्तर वेवास्ता सिफारिश कार्यान्वनको चुनौती हुन पुगेको छ। मानव अधिकार उल्लङ्घनकर्ताको विषयमा आयोगले कुनैपनि समयका घटनाहरूमा उजूरी ग्रहण पछि छानवीन गरी त्यसको आधारमा सिफारिश गर्नसक्ने स्पष्ट व्यवस्थालाई वेवास्ता गर्दै आयोगबाट भएका कतिपय सिफारिशहरूलाई संक्रमणकालसँग जोड्ने प्रवृत्ति कायम छ। यस्तो प्रवृत्ति पनि सिफारिश कार्यान्वयनको अर्को चुनौतीको रुपमा रहेको छ।

मानव अधिकार उल्लङ्घन वा दुरुत्साहनका घटनाहरूमा आयोगले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २ (च) ले गरेको परिभाषालाई आधार मानी घटना भए नभएको यकीन गरी सिफारिश गर्ने हो। तर कार्यान्वयन गर्ने निकायले मानव अधिकार उल्लङ्घन र अपराधका घटनालाई एउटै टोकरीमा राखेर हेर्ने प्रवृतिले सो निकायमा अवधारणात्मक स्पष्टता हुन नसकेको देखिन्छ। यसले पनि सिफारिश कार्यान्वयनमा चुनौती थपेको छ। राजनीतिक माग पूरा गराउने सन्दर्भमा भए गरेका सबै अमानवीय कार्य तथा अपराधहरूलाई प्रचलित कानून अनुसार सम्बोधन गर्नुको सट्टा राजनैतिक रुपमा

मात्र सम्बोधन गरिनुपर्छ भन्ने अवधारणाले सिफारिश कार्यान्वयनमा अवरोध पुऱ्याएको छ।

आयोगका सिफारिश कार्यान्वयन हुन नसक्नुमा केही हदसम्म घरेलु कानूनी व्यवस्थाको अभावलाई पनि मान्न सकिन्छ। तर, त्यस्तो कानूनतर्फ सम्बन्धित निकायको ध्यान पुगेको छैन। बलपूर्वक वेपत्ताविरुद्धको घटनामा आयोगले कारवाहीको लागि धेरैवटा सिफारिश गरेपनि त्यसको लागि पर्याप्त कानूनी व्यवस्थाको अभाव देखिन्छ। मुलकी अपराध संहिता २०७५ भदौ १ गतेबाट लागू भएको छ र त्यसमा वेपत्ता तथा यातना विरुद्धका घटनाहरूमा पनि कानूनी उपचारको व्यवस्था हुने उल्लेख छ। तर त्यस्ता कानूनले सशस्त्र द्वन्द्वका घटनालाई सम्बोधन गर्न सक्ने अवस्था छैन। सरकार त्यस्ता घटनाको सम्बोधन गर्न सकारात्मक देखिँदैन। सरकारबाट प्रस्ताव भई पारित भएको संक्रमणकालीन न्याय सम्बन्धी ऐनले पनि यी विषयलाई सम्बोधन गर्न नसकेको घटनाले यसलाई स्पष्ट गरिरहेको सन्दर्भमा कानूनी अभावको नाममा सरकारको वेवास्ता पनि आयोगका सिफारिश कार्यान्वयनको अर्को चुनौती हो। फेरी कानूनी अभाव भन्दै वेपत्ता वा यातना विरुद्धका घटनामा कारवाही नगरे पनि कारवाहीमा सबैभन्दा बढी सिफारिश भएको हत्याका घटनामा कानूनको कुनै अभाव नभए पनि कारवाही प्रक्रिया अगाडि नबढ्नु सिफारिश कार्यान्वयनको प्रमुख चुनौती बन्न गएको छ।

कानूनी कारवाही गर्ने सम्बन्धी सिफारिश बमोजिम मुद्दा चलाउनु पर्ने विषयमा भने त्यस्तो कानूनी व्यवस्था नगरिनु र गर्ने प्रयासप्रति पनि इमान्दार नरहनु अर्को चुनौती हो किनभने मुद्दा चलाउने सम्बन्धी स्पष्ट कार्यविधिगत व्यवस्थाको अभाव पूर्तिको लागि सरकारले यस सम्बन्धी संवैधानिक व्यवस्था भएको करीब १५ वर्ष पूरा हुनलाग्दा पनि यस सम्बन्धमा कुनै प्रयास भएको पाइएन। सर्वोच्च अदालतबाट आयोगका सिफारिश कार्यान्वयन सम्बन्धमा भएका आदेशहरूको पालनामा सरकारले निरन्तर गरिरहेको वेवास्ता र त्यस्तो वेवास्ताका विरुद्ध आयोगबाट कुनै पहल हुन नसकेकोले सिफारिश कार्यान्वयनमा अर्को चुनौती थपिएको छ। संघीय संसदमा समेत आयोगको वार्षिक प्रतिवेदन हालसम्म नियमित रुपमा छलफल हुन सकेको छैन। यसैगरी, संघीय संसदको कानून, न्याय तथा मानव अधिकार समिति र आयोगबीच शुरु भएको समन्वय र सहकार्य पनि निरन्तर हुन सकेको छैन।

मानव अधिकार सम्बन्धी संस्थाहरू तथा नागरिक समाजबाट भइरहेको पहल सकारात्मक हुँदाहुँदै पनि आयोगका सिफारिश कार्यान्वयन सम्बन्धी विषयले निरन्तरता नपाउनु तथा सरकारको अर्थकेन्द्रित नीति पनि चुनौतीको रुपमा रहेको छ। दोषीलाई कारवाही नगर्ने तर क्षतिपूर्ति दिने पछिल्लो नीतिले पनि यस्तो अवस्था देखाएको हो। दोषीलाई कारवाही गर्नेतर्फका सिफारिश कार्यान्वयनमा सरकारको पहल करिब-करिब शून्य अवस्थामा रहेको छ।

सरकारले कानूनी शासन, दण्डहीनताको अन्त्य र दोषीलाई व्यक्तिगत रुपमा जवाफदेही बनाउनेतर्फ गरेको वेवास्ता नै सिफारिश कार्यान्वयनको चुनौती बन्न गएको निष्कर्षमा पुग्न सकिन्छ। परिणामतः उल्लंघनकर्ता उत्साही हुने, मानव अधिकार संस्कृति निर्माण नहुने र दण्डहीनताको प्रवृत्तिले प्रश्रय पाउने अवस्था छ। आयोगले दोषी किटान गरी मुद्दा चलाउन सिफारिश गरेका व्यक्तिलाई सुरक्षा निकायको प्रमुखसम्म बनाउने, बढुवा गर्ने, पुरस्कृत गर्ने, मानपदवी, विभूषण प्रदान गर्ने जस्ता कार्यले समाजमा मानव अधिकारको संरक्षणको साटो दण्डहीनतालाई प्रोत्साहन गरिरहेको छ। मौद्रिक क्षतिपूर्तिलाई मात्र पीडितको न्यायसँग जोड्ने प्रवृत्तिमा कमी आएको देखिँदैन। आयोगका सिफारिश कार्यान्वयन नहुने प्रमुख चुनौती दण्डहीनताको प्रवृत्ति रहेको देखिन्छ।

परिच्छेदः छ

# निष्कर्ष र सुझाव

**निष्कर्ष :**

माथिका परिच्छेदहरूमा उल्लिखित तथ्यहरूको आधारमा आयोगले गरेका सिफारिश कार्यान्वयन सम्बन्धमा भएका सकारात्मक पहलरुका बाबजुद कार्यान्वयन अवस्था सन्तोषजनक हुन नसकेको निष्कर्षमा पुग्नु पर्ने अवस्था छ। पूर्णरुपमा कार्यान्वयन भएका सिफारिशको प्रतिशतलाई मात्र हेर्ने हो भने यस अवस्थालाई चिन्ताजनक मान्नु पर्ने स्थिति छ। समग्र अवस्थाले सरकारले न्यायको विषयलाई मौद्रिक क्षतिपूर्तिमा सीमित राख्न खोजेको प्रतीत हुन्छ। न्याय प्राप्तिको विषय कारवाही तथा क्षतिपूर्ति दुबै भएपनि मौद्रिक विषयमा मात्र सीमिति रहनुले पीडितहरूको न्याय प्राप्तिको व्यग्रता निरन्तर रहिरहने अवस्था छ। आयोगका प्रतिवेदन तथा सिफारिश संसदमा प्रवेशसम्म भए पनि त्यसले छलफलमा नियमित रुपमा प्राथमिकता नपाउनुले पनि सिफारिश कार्यान्वयनमा समस्या देखिएको छ। त्यसैले आयोगले आगामी दिनमा सिफारिश कार्यान्वयनको लागि आफुलाई प्राप्त संवैधानिक तथा कानूनी कार्यादेशको उचित समयमा प्रयोग गर्दै समन्वय र सहकार्यमा अगाडि बढ्नु जरुरी भएको निष्कर्षमा पुग्न सकिन्छ।

**सुझाव :**

**नेपाल सरकारलाई**

१. आयोगको सिफारिशहरूको कार्यान्वयन अत्यन्त न्यून देखिएकोले सरकारको विभिन्न निकायहरूबीच समन्वय तथा कार्यान्वयनको लागि अन्तर मन्त्रालय कार्यान्वयन कार्यदल बन्नु पर्ने। त्यसको समन्वय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मानव अधिकार महाशाखाबाट प्रभावकारी ढङ्गबाट गर्न उपयुक्त हुने।

२. आयोगबाट सिफारिश गरिएका हत्या, वेपत्ता/अपहरणका घटनाहरूको क्षतिपूर्ति सम्बन्धमा आयोगले सिफारिश गरेका अधिकाँश पीडितहरूले तीन लाख भन्दा बढी नेपाल सरकारको आफ्नो नीति तथा कार्यक्रम अन्तर्गत राहत प्राप्त गरिसकेको तर आयोगलाई प्राप्त जवाफहरूमा आयोगबाट सिफारिश गरिएको क्षतिपूर्ति अनुसार नै क्षतिपूर्ति प्रदान गरिसकेको भनी खुल्न नआएको देखिँदा स्पष्ट रुपमा खुलाई आयोगलाई पत्राचार गरिनुपर्ने।

३. नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरूमा आयोगको सिफारिश कार्यान्वयन गर्ने संयन्त्र स्थापना एवं सम्पर्क व्यक्ति (फोकल पर्सन) तोकी कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्ने।

४. आयोगको सिफारिश कार्यान्वयन नगर्ने व्यक्ति वा निकायलाई कार्यान्वयन गर्न गराउन नेपाल सरकारबाट आवश्यक उपायहरूको अवलम्बन गरिनुपर्ने।

५. आयोगले कारवाहीको लागि सिफारिश गरेका व्यक्तिहरूलाई सिफारिश बमोजिमका कार्यहरू अगाडि बढाउन तत्काल कार्य अगाडि बढाउनुपर्ने तथा सो को जानकारी आयोगलाई निरन्तर उपलब्ध गराउनु पर्ने।

६. नेपाल सरकारबाट आयोगका सिफारिश कार्यान्वयन गर्ने/नगर्ने व्यक्तिहरूलाई पुरस्कार तथा दण्डको व्यवस्था

गरिनु पर्ने ।

७. आयोगले कारवाहीका लागि सिफारिश गरेका व्यक्तिहरूलाई कारवाही भएको भए के कस्तो कारवाही भएको हो, सोको विस्तृत विवरण पठाउनुपर्ने । त्यस्तो विवरण प्राप्त भएपछि आयोगले उल्लङ्घनकर्ता माथि गरिएको कारवाहीको अभिलेख अध्यावधिक गर्नुपर्ने ।

८. आयोगको सिफारिशलाई प्रभावकारी कार्यान्वयन गर्न भएका प्रयासहरू तथा चुनौतीहरूका सम्बन्धमा आयोग लगायत सरोकारवालाहरूसँग नियमित छलफल/अन्तरक्रियाका कार्यक्रमहरू गरिनु पर्ने ।

**संघीय संसद/प्रदेश संसदलाई सुझाव**

९. आयोगको वार्षिक प्रतिवेदनहरू उपर संसदीय समितिहरू तथा व्यवस्थापिका संसद, राष्ट्रिय सभामा वृहत छलफल गरिनुपर्ने । छलफलबाट आयोगले गरेका सिफारिशहरूको कार्यान्वयन गर्न नेपाल सरकारलाई आवश्यक निर्देशन, पृष्ठपोषण तथा निरन्तर ताकेता गरिनु पर्ने ।

१०. आयोगले फौजदारी अभियोगमा मुद्दा चलाउन गरेको सिफारिशलाई बिना कानूनी द्विबिधा अगाडी बढाउन सक्ने गरी कानून संशोधनको लागी सरकार तथा ब्यवस्थापिका संसदको पहल हुनु पर्ने ।

११. आयोगको सिफारिश कार्यान्वयन गर्न संसदका विषयगत समितिहरूले सरकारको मन्त्रालयहरू र निकायहरूसँग निरन्तर छलफल चलाउनु पर्ने ।

१२. प्रदेश संसदले पनि प्रदेश सरकारलाई आयोगको सिफारिश कार्यान्वयनका लागि निरन्तर निर्देशन तथा पृष्ठपोषण गरिनु पर्ने ।

**राजनीतिक दलहरूलाई सुझाव**

१३. मानव अधिकार प्रतिको प्रतिबद्धता सबै राजनीतिक दलहरूको घोषणापत्रमा उल्लेख भएको साथै मानव अधिकार, विधिको शासन समावेशीता लगायत मानव अधिकार प्रतिको प्रतिबद्धता सबै राजनीतिक दलहरूको भएको सन्दर्भमा मानव अधिकारको प्रत्याभुतिका लागि सरकारलाई जवाफदेही बनाउन र आयोगको सिफारिश कार्यान्वयन गराउन प्रमुख भूमिका हुने भएकोले दलहरूबाट समेत सरकारलाई थप दवाव दिनुका साथै समन्वय गर्नुपर्ने ।

**नागरिक समाजलाई सुझाव**

१४. आयोगको सिफारिश कार्यान्वयनका लागि मानव अधिकारसँग सम्बन्धित संघ संस्था र नागरिक समाजबाट निरन्तर वकालत चलाउनु गर्ने ।

१५. राष्ट्रिय मानव अधिकार आयोगले अनुसन्धानबाट प्राप्त तथ्यहरूको आधारमा गरिएको निर्णय र सिफारिशहरूलाई कार्यान्वयवनको लागि संचार माध्यमहरू मार्फत सरकारलाई निरन्तर दवाव दिइरहनु पर्ने ।

# अनुसूची

# अनुसूची - १
# आयोगबाट उजुरी उपर भएको सिफारिशहरूको विस्तृत विवरण

**४.१ आर्थिक वर्ष २०५७/०५८ मा गरिएका सिफारिशहरू**

**क) गैरकानूनी हत्या**

**क्रम संख्या - १**

१. **पीडितको नाम, थर र ठेगाना** घनश्याम ओली हापुर, दाङ र विजय चौधरी पासाहार, वर्दिया।

२. **उल्लंघनकर्ता** श्याम प्रसाद मैनाली (प्रमुख जिल्ला अधिकारी) तथा अरुण कुमार सिंह (प्रहरी उपरीक्षक)

३. **उजूरीको संक्षिप्त विवरण** कारागार शाखा नेपालगञ्ज बाँकेका कैदी वन्दीहरूले नियमित रुपमा पाउनुपर्ने सुविधा अन्तर्गत १५ सूत्रिय मागहरू राखी आन्दोलन गरिरहेका, वन्दीहरूलाई समस्या समाधान गर्नेतर्फ नलागी स्थिति नियन्त्रणमा लिने नाममा गोली प्रहार गर्दा हापुर गा.वि.स. विजौरी दाङका घनश्याम ओली र पासाहार वर्दियाका विजय चौधरीको मृत्यु भएकोले आयोगबाट उक्त घटनाको आवश्यक छानवीन गरी दोषीउपर कानूनी कार्वाही तथा मृतक तथा घाइतेका परिवारलाई क्षतिपूर्ति समेत दिलाई पाउँ भनी सिभिक्ट, इन्सेक तथा मानव अधिकार संरक्षण मञ्चबाट संयुक्त रुपमा आयोग समक्ष मिति २०५७।१०।३ मा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** मृतकहरूका हकवालालाई जनही रु. १,००,०००।- क्षतिपूर्ति दिने तथा तत्कालीन प्र.जि.अ. श्यामप्रसाद मैनालीबाट मृतक विजय चौधरीका हकवालालाई क्षतिपूर्ति रकमको कूल अंकको ५% का दरले हुन आउने रू. ५,०००।- मृतक घनश्याम ओलीका हकवालालाई क्षतिपूर्तिको कुल अंकको ५% का दरले हुन आउने रू. ५,०००।- प्र.उ. अरुण कुमार सिंहबाट मृतक विजय चौधरीका हकवालालाई क्षतिपूर्ति रकमको कुल अंकको २.५% का दरले हुन आउने रू. २,५००।- र मृतक घनश्याम ओलीका हकवालालाई क्षतिपूर्ति रकमको कुल अंकको २.५% का दरले हुन आउने रू. २,५००।- का दरले उपलब्ध गराउन श्री ५ को सरकार गृह मन्त्रालय तथा मन्त्रिपरिषद् सचिवालयमा पठाउने भनी मिति २०५८।२।२ को आयोगको निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ११२६।०५८ मिति २०५८।२।११ मा कार्यान्वयनको लागि मन्त्रिपरिषद सचिवालयमा पठाइएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८७३ मिति २०५८।५।२१ मा मृतकद्वय विजय चौधरी तथा घनश्याम ओलीका परिवारलाई जनही रु. १,०७,५००।- प्रदान गर्ने श्री ५ को सरकार मन्त्रिपरिषदबाट मिति २०५८।३।५ मा निर्णय भएको भन्ने जानकारी प्राप्त।

मन्त्रिपरिषद् सचिवालयको प.सं. ३२३।०५८ मिति २०५८।६।२२ मा २०५७ माघ १ गते नेपालगञ्जस्थित कारागारमा भएको घटनाबारे आयोगको ठहरका सम्बन्धमा बाँके जिल्लाका तत्कालीन प्रहरी उपरीक्षकबाट आयोगले ठहर गरे बमोजिमको रकम भराउने भन्ने सम्बन्धमा सो रकम समेत सरकारबाट नै बेहोरिने गरी श्री ५ को सरकार मन्त्रिपरिषदबाट मिति २०५८।३।११ मा निर्णय भएको भन्ने जानकारी प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ख) स्वेच्छाचारी पक्राउ**

**क्रम संख्या - २**

१. **पीडितको नाम, थर र ठेगाना** ताराप्रसाद भुषाल देउचुली-८, नवलपरासी।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०५७।३।११ गते पुनरावेदन अदालत बुटवलले थुनाबाट मुक्त गर्ने आदेश दिएका नवलपरासी जिल्ला देउचुली गा.वि.स. वडा नं. ८ बस्ने ताराप्रसाद भुषाललाई अदालत हाताभित्रबाट सादा पोशाकमा आएका प्रहरीहरूले बिना पूर्जि न्यायाधीश, अदालतका कर्मचारी, कानून व्यवसायी तथा पत्रकारहरू बिचबाट जबर्जस्ती गिरफ्तार गरेकोले आवश्यक कार्वाही गरिपाउन र संविधान र कानूनद्वारा प्रदान गरिएका आधारभूत मानव अधिकारको संरक्षण गरिपाउन बार एशोसियसनको बैठकको निर्णय प्रतिलिपी संलग्न राखी आयोग समक्ष नेपाल बार एशोसियसन पुनरावेदन अदालत बुटवल इकाईले मिति २०५७।३।११ मा उजुरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आउँदा दिनहरूमा आफू अन्तर्गतका निकायबाट यसप्रकारका मानव अधिकारको अपहेलना नहोस् भनी सचेत गराउन गृह मन्त्रालयलाई लेखी पठाउने भन्ने आयोगको मिति २०५८।२।२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११२७।०५८ मिति २०५८।२।११ मा ठहर कार्यान्वयन गर्न गृह मन्त्रालयलाई पत्राचार गरिएको ।

च.नं. ४० संरक्षण १५६।०५८ मिति २०५८।५।१४ मा आयोगको ठहर कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई ३ महिना म्याद सहित सिफारिश गरिएको ।

च.नं. १९१ संरक्षण ६४ मिति ०५८।६।३, च.नं. १५४ संरक्षण ४९४। ०५८ मिति ०५८।१०।१५ मा ताकेता गरिएको ।

६. **कार्यान्वयनको स्थिति** मानव अधिकारको हनन् हुन नपाओस् भनी प्रहरी कर्मचारीहरूलाई निर्देशन दिंदै आएको र आउदा दिनहरूमा पनि यसको संवेदनशीलता प्रति प्रतिबद्ध रही अझ सतर्कता अपनाई कानून सम्मत ढंगले कार्वाही गर्न मातहत सबैलाई निर्देशन दिएको भन्ने प्र.प्र.का.को पत्रलाई उद्दृत गर्दै गृह मन्त्रालयबाट मिति २०५८।६।२३ र मिति २०६०।२।२० को पत्र प्राप्त भएको भनी मन्त्रिपरिषदको सचिवालयबाट जानकारी प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**४.२ आर्थिक वर्ष २०५८/०५९ मा गरिएका सिफारिशहरू**

**क) गैरकानूनी हत्या**

**क्रम संख्या** - ३

१. **पीडितको नाम, थर र ठेगाना** मृतक गौरी सापकोटा र घाइतेहरू सरस्वती प्याकुरेल, रमा घिमिरे, ज्ञानेन्द्र खरेल र संगीता खनाल भरतपुर, (हरिकिर्तन चोक घटना) चितवन ।

२. **उल्लंघनकर्ता नेपाल** प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०५७।८।२४ गते चितवन जिल्लाको भरतपुर न.पा. स्थित वडा नं. ६ मा पर्ने हरिकिर्तन चोकमा प्रहरी र अखिल नेपाल महिला संघ क्रान्तिकारीका विद्यार्थी बीचमा झडप भई प्रहरीले गोली चलाउँदा एकजनाको मृत्यु र अन्य ४ जना घाइते भएको भन्ने घटनाको सम्बन्धमा आयोगको आफ्नै स्वविवेकमा छानवीन तथा अनुसन्धान गरेको ।

४. **आयोगको निर्णय/सिफारिश** मृतक गौरी सापकोटाको हकमा रु. १,००,०००।- र घाइते सरस्वती प्याकुरेलको हकमा रु. १०,०००।-, घाइते रमा घिमिरेको हकमा रु. २५,०००।-, घाइते ज्ञानेन्द्र खरेलको हकमा रु. २५,०००।- घाइते संगीता खनालको हकमा रु. ४०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र श्री ५ को सरकार गृह मन्त्रालय तथा प्रहरी प्रधान कार्यालयलाई सचेत गराई आइन्दा राज्य संयन्त्रबाट संविधान र कानूनले नेपाली नागरिकलाई प्रदान गरेका अधिकारहरू उपयोग गर्ने यथोचित वातावरण मिलाउन निर्देशात्मक आदेश जारी हुने ठहर्छ भन्ने मिति २०५८।४।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १४०-१४१-१४२ मिति २०५८।५।११ मा र पुनः च.नं. १४६९ मिति २०६०।२।७ मा गृह मन्त्रालय तथा प्रहरी प्रधान कार्यालय नक्सालमा पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ४६५३ मिति २०६०।२।१२ मा चितवनको हरिकिर्तन चोकको घटनामा घाइते भएका व्यक्तिहरूलाई र मृतकका हकवालावाई रकम उपलब्ध गराई सकिएको तथा प्र.ना.उ. जसध्वज गुरुङ्गलाई कार्वाही गरेको जानकारी प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी

पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या -** ४

१. **पीडितको नाम, थर र ठेगाना** मृतक खुशीलाल यादव र घाइतेहरू महेन्द्र चौधरी, उमेशकुमार साह, बलराम यादव, दिवस खतिवडा सप्तरी (राजविराज नेताचोकको घटना) ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०५७।९।१२ गते काठमाडौंमा भएको साम्प्रदायिक कुटपीट अपमान र दुर्व्यवहारपूर्ण घटनाको प्रतिकार स्वरुप पौष १६ गते सप्तरी जिल्लाको राजविराज नेता चोकमा आयोजित शान्तिपूर्ण जनसभामा प्रहरीले चलाएको गोलीबाट खुशीलाल यादवको मृत्यु भएको र महेन्द्र चौधरी, उमेश साह तथा बलराम यादव घाइते भएकोले आवश्यक छानवीन गरिदिन भनी सांसद श्री मृगेन्द्र कुमार सिंह यादवबाट मिति २०५७।९।२५ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** प्र.जि.अ. बालकृष्ण प्रसाई तथा प्रहरी उपरीक्षक भरत बहादुर जि.सी.लाई निजहरूको सेवा सम्बन्धी प्रचलित कानून बमोजिम सचेत गराउन सम्बन्धित निकायमा लेखी पठाउनुपर्ने तथा सम्बन्धित व्यक्तिलाई क्षतिपूर्ति दिइएको भन्ने श्री ५ को सरकारको गृह मन्त्रालयको च.नं. ४५१७ मिति २०५८।३।२५ को पत्रबाट जानकारी प्राप्त भएकोले सो सम्बन्धमा थप केही गरिरहनु परेन भन्ने मिति २०५८।४।२३ को आयोगको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ४९३ मिति २०५८।५।११ मा गृह मन्त्रालय तथा प्रहरी प्रधान कार्यालयलाई आयोगको निर्णय कार्यान्वयनको लागि पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको मिति २०५८।११।१३ गते प्र.जि.अ. बालकृष्ण प्रसाईं तथा प्रहरी उपरीक्षक भरतवहादुर जि.सी.लाई सचेत गराइएको पत्र प्राप्त भएको र श्री ५ को सरकारबाट पहिले नै सो सम्बन्धमा क्षतिपूर्ति दिएको भन्ने मिसिलबाटै खुलेको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**ख) स्वेच्छाचारी पक्राउ**

**क्रम संख्या -** ५

१. **पीडितको नाम, थर र ठेगाना** खड्गबहादुर देवकोटा, अमले-३, सिन्धुली ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** सिन्धुली जिल्ला अमले गा.वि.स. वडा नं. ३ स्थायी घर भएका खड्गबहादुर देवकोटा मिति २०५५।३।२१ देखि पक्राउ परी ललित बहादुर थापाको जाहेरी परेको कर्तव्यज्यान मुद्दा, दौतलसिंह बमजनको जाहेरी परेको ज्यान मार्ने उद्योग मुद्दा र श्री ५ को सरकार वादी र निज प्रतिवादी रहेको हातहतियार खरखजना मुद्दा गरी तीनवटा मुद्दा परेकोमा अघिल्ला दुइवटा मुद्दाबाट सफाइ पाएको र हातहतियार, खरखजना मुद्दामा निजलाई २ वर्ष कैद र रु. ६,०००।- जरिवाना भएकोमा उक्त कैद र जरीवाना समेत भुक्तान गरी मिति २०५७।११।२२ मा थुनामुक्त हुनुपर्नेमा सो मितिमा निज थुनामुक्त हुनासाथ कारागार परिसरबाट सादा पोशाक लगाएका प्रहरीहरूले जवर्जस्ती समाती अज्ञात स्थलतर्फ लगेको भनी मिति २०५७।११।२६ मा आयोग समक्ष उजूरी निवेदन दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** वेमनासिव जवाफ दिई आयोगको कार्यमा असहयोग गर्ने तथा मानव अधिकार जस्तो विषयमा संवेदनशील नहुने श्री ५ को सरकार गृह मन्त्रालय सूचना तथा समन्वय शाखाका तत्कालीन प्रमुख तथा प्रहरी प्रधान कार्यालय कार्य विभागका तत्कालीन प्रमुखलाई असहयोग गरे बापत मानव अधिकार आयोग ऐन २०५३ को दफा ११ (५) बमोजिम कारवाहीका लागि लेखी पठाउने भन्ने मिति २०५८।४।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २५५४ २०६०।८।११ प्रममपका लाई निर्णय

कार्यान्वयनको लागि सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ३५२८ मिति २०५८।११।१७ मा मानव अधिकार आयोग ऐन, २०५३ को दफा ११ (५) बमोजिम कारवाहीका लागि प्राप्त आयोगको ठहरका सम्बन्धमा यस मन्त्रालयको सूचना समन्वय शाखाका तत्कालीन प्रमुख र कर्मचारी तथा प्र.प्र.का. कार्य विभागका तत्कालीन प्रमुखका उल्लिखित कारणहरूले गर्दा कुनै बदनियत लापरवाही र राष्ट्रिय मानव अधिकार आयोगप्रति असंवेदनशील भएको नदेखिएकोले ती राष्ट्र सेवकलाई मानव अधिकार आयोगको ठहर बमोजिम कार्वाही गर्न उचित नहुने व्यहोरा सोही ऐनको दफा १३ (४) को प्रयोजनार्थ तहाँ लेखी पठाउने श्री ५ को सरकार मन्त्रिस्तरबाट मिति २०५८।११।१३ मा निर्णय भएको भन्ने जानकारी प्राप्त तथा सो उपर आयोगबाट पुनर्विचार गर्दा सोही विषयमा सर्वोच्च अदालतमा समेत परेको वन्दी प्रत्यक्षीकरणको रिटमा रिट निवेदकले मिति २०५७।१२।१७ मा नै तारेख गुजारी बसेको (निज मिति २०५७।१२।१० मा थुनामुक्त भएको भन्ने इन्सेक कार्यालयको सूचना) भनी मिति २०५८।१।२८ मा रिट निवेदन खारेज भइसकेको देखिएकोले उक्त रिट सम्बन्धी कारवाहीको कागजपत्र मिति २०६०।७।२५ मा आयोगमा प्राप्त हुन आएको हुँदा अब यस विषयमा कुनै कार्वाही गर्नु परेन भन्ने उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**ग) आवासको अधिकार**

**क्रम संख्या -** ६

१. **पीडितको नाम, थर र ठेगाना** सुपारी मिजार ललितपुर-१४, ललितपर ।

२. **उल्लंघनकर्ता** ललितपुर उमनपा तथा नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** ललितपर जिल्ला ललितपुर उमनपा वडा नं. १४ मा विगत करीव २० वर्ष देखि बसोवास गरी आएको मेरो आफ्नो कुनै श्रीसम्पति नभएकोले सार्वजनिक स्थानमा टहरो बनाई बसी आएकोमा अचानक नगरपालिका तथा प्रहरीले म बसेको स्थानबाट मलाई जवरजस्ती उठाएको र मेरो बसोवास गर्ने अन्य कुनै वैकल्पिक व्यवस्था समेत नभएको र घरबासको अभावमा मसँग आश्रित मेरी छोरीले शिक्षा आर्जन गर्न पाउने हकमा समेत बाधा उत्पन्न भएकोले मेरो मानव अधिकारको संरक्षण गरिपाउँ भन्ने मिति २०५७।८।२ को निवेदिका सुपारी मिजारको निवेदन उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** निज सुपारी मिजारको हकमा निजको आर्थिक, सामाजिक स्थिति तथा निजको छोरीको शिक्षा, स्वास्थ्य आदि कुरालाई मध्यनजर गर्दै निजको सम्मानपूर्ण जीवनयापन गर्ने अवस्थाको सुनिश्चितता दिन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९३ तथा ९६ बमोजिम अविलम्ब उपयुक्त बसोबासको व्यवस्था मिलाइदिन आवश्यक कार्वाही गर्नका लागि ललितपुर उप महानगरपालिकालाई लेखी पठाउने मिति २०५९।२।२१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १०४९।०५९।६० मिति २०५९।११।०६ मा आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा ललितपुर उ.म.न.पा. मा पत्र पठाइएको ।

आयोगको च.नं १४६५ मिति २०६०।२।७ मा मन्त्रिपरिषद सचिवालयमा पत्र पठाइएको ।

च.नं. १६४१।०६० मिति २०६०।३।११ मा आयोगको मिति २०६०।३।१० मा भएको निर्णय कार्यान्वयनका लागि पुनः ललितपुर उ.म.न.पा. मा पत्र पठाइएको ।

च.नं. संरक्षण २१७८ मिति २०६०।६।२१ मा पुनः ललितपुर उ.म.न.पा.मा ताकेता गरिएको ।

च.नं. संरक्षण ४३०४ मिति २०६१।०२।०८ मा पुनः तेस्रो पटक ताकेता गरिएको ।

६. **कार्यान्वयनको स्थिति** ल.पु.उ.मा.न.पा.को प.सं. ७३०५ मिति २०६०।२।२७ मा ऐनको दफा १६१ (४) मा कसैलाई सार्वजनिक जग्गा मिची भवन निर्माण गरेकोमा वा गरेको ठहरेमा प्रमुखले सो भवन वा त्यसको कुनै भाग भत्काउने आदेश दिन सक्ने कानूनी व्यवस्था भएकोमा ललितपुर उ.म.न.पा. वडा नं. १४ लोहाचोकमा सार्वजनिक स्थानमा बनाएको टहरा प्रमुखको आदेशानुसार भत्काउने काम भएको हो । सो कार्यले निज सुपारी मिजारको मानव अधिकार हनन् नभएको हुँदा निजले घरवासको व्यवस्था गर्न भन्ने राष्ट्रिय मानव अधिकार आयोगको निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा यस उ.म. न.पा.का. नाउँमा नगर क्षेत्रभित्र कुनै जग्गा रहे भएको नदेखिएको, सम्पूर्ण पर्ती जग्गा श्री ५ को सरकारको नाउँमा रहेको पर्ति जग्गा वितरण गर्न पाउने अधिकार ऐनले यस उ.म.न.पा.लाई नदिएको हुँदा यदि असहाय व्यक्तिहरूको उचित वसोवास गर्नको लागि श्री ५ को सरकारले निर्णय गरी जग्गा छुट्टाएको खण्डमा मात्र उक्त निर्णय कार्यान्वयन गर्न सकिने

व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु भन्ने जानकारी सहितको बोधार्थ पत्र प्राप्त।

निणर्य कार्यान्ववयन गर्न नसकिने आधार र कारण जनाई आयोगलाई जानकारी गराइसकिएको भन्ने श्री प्र.म.म.प का.को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**घ) श्रमसम्बन्धी अधिकार (समानताको हक)**

**क्रम संख्या** - ७

१. **पीडितको नाम, थर र ठेगाना** प्रतापमान श्रेष्ठ कामनपा-५घ १-६३३ बालाजु, काठमाडौं

२. **उल्लंघनकर्ता** वन तथा भू संरक्षण मन्त्रालय, काठमाडौं

३. **उजूरीको संक्षिप्त विवरण** वन तथा भू–संरक्षण मन्त्रालय अन्तर्गत पुनर्वहाली भएको समयको तलब भत्ता समानताको आधारमा उपलब्ध गराइपाउँ भनी घ १-६३३ बालाजु वाइपास, काठमाडौं-५ का प्रतापमान श्रेष्ठले मिति २०५७।५।७ मा आयोग समक्ष दिएको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** तत्कालीन निजामति सेवा नियमावलीको नियम १० (क) को व्याख्यामा दुई फरक फरक मान्यता स्थापित गरी निवेदकलाई भेदभाव गरेकोले सो भेदभावबाट निजको समानता सम्बन्धी मानव अधिकार उल्लंघन भएकोले निज निवेदकलाई अरु व्यक्तिहरू सरह समान व्यवहार गरी अवकासित मितिदेखि पुनर्वहाली भएको मितिसम्मको अवधिको तलब भत्ता दिने व्यवस्था गर्न श्री ५ को सरकार मन्त्रिपरिषदको सचिवालयमा लेखी पठाउने भन्ने मिति २०५९।२।२१।३ को आयोगको निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १६३९।०५९।६० मिति २०६०।३।११ मा आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा मन्त्रिपरिषद सचिवालयमा पत्र पठाइएको।

आयोगको च.नं १४६८ मिति २०६०।२।७ मा वन तथा भूसंरक्षण मन्त्रालयलाई आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा ताकेता पत्र पठाइएको।

६. **कार्यान्वयनको स्थिति** निवेदक प्रतापमान श्रेष्ठ सेवामा पुनर्वहाली भई नि.से.ऐन, २०४९ प्रारम्भ हुनुपूर्व नै सेवाबाट अवकाश लिइसकेको र निजको हकमा तत्काल प्रचलित कानूनको प्रावधान लागु हुने हुँदा नि.से. ऐन, २०४९ को दफा ७३ को प्रावधान बमोजिम निजले अवकाशित अवधिको तलब भत्ता पाउनसक्ने नदेखिएकोले तहाँ आयोगको निर्णय कार्यान्वयन गर्न सकिने अवस्था नभएको व्यहोरा मिति २०६०।५।८ को निर्णयानुसार अनुरोध गर्दछु भन्ने व्यहोराको मन्त्रिपरिषद सचिवालयको मिति २०६०।५।९ को पत्र प्राप्त।

सो सम्बन्धमा यस मन्त्रालयको सचिवस्तरको मिति २०६०।३।२६ को निर्णयानुसार अवकाशित अवधिको तलब भत्ता सुविधा पाउने विश्वबाबु तिवारी र दिवाकरदत्त पाण्डेयबाट ती सुविधा फिर्ता गर्नेतर्फ कार्वाही चलाएमा उपर्युक्त तीनैजना बिच समानता कायम हुनसक्ने भनी मन्त्रिपरिषद सचिवालयमा मिति २०६०।३।२६ मा लेखी पठाएको भन्ने वन तथा भू–संरक्षण मन्त्रालयको च.नं. ४३५ मिति २०६२।५।७ को पत्र प्राप्त।

निर्णय कार्यान्ववयन गर्न सकिने अवस्था नभएको व्यहोरा आयोगलाई जानकारी गराइसकिएको भन्ने श्री प्र.म.म.प का.को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**४.३ आर्थिक वर्ष २०५९/०६० मा गरिएका सिफारिशहरू**

**क) महिलाविरुद्धको हिंसा**

**क्रम संख्या** - ८

१. **पीडितको नाम, थर र ठेगाना** रामपरी देवी पतनुका-३, धनुषा

२. **उल्लंघनकर्ता** स्थानीय व्यक्तिहरू

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला धनुषा पतनुका गा.वि.स. वडा नं. ३ बस्ने वर्ष ४५ की रामपरी देवीलाई बोक्सीको आरोपमा स्थानीय दुःखमोचन साह, रामइश्वर साह, रघुनी साह, शंकर साह र सन्तोष साह लगायतका व्यक्तिहरूले अमानवीय व्यवहार तथा कुटपीट गरी पटकपटक यातना दिएको कारण टाउकोमा चोटपटक लागेको तथा बेहोश भएको भन्ने मिति २०५८।११।९ गतेको विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारबाट आयोगको ध्यानाकर्षण भई आयोगको आफ्नै सक्रियतामा कार्वाही अगाडि वढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज पीडित रामपरीदेवी उपर पर्न गएको शारीरिक तथा मानसिक पीडालाई मध्यनजर गर्दै निजलाई रू. ३०,०००।- क्षतिपूर्ति स्वरुप रकम उपलब्ध गराइदिने सम्बन्धमा मन्त्रिपरिषदको सचिवालयमार्फत श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६०।१।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९९ मिति २०६०।३।४ मा मन्त्रिपरिषद सचिवालयमा निर्णय कार्यान्वयनका लागि पत्राचार गरिएको ।

संरक्षण २१८३ मिति २०६०।६।२१ मा पुनः प्रममपका मा ताकेता ।

च.नं. १८३ (ए) संरक्षण २८८१ मिति २०६२।०३।३१ मा जि.प्र.का. धनुषासँग पीडितहरूले क्षतिपूर्ति रकम पाए, नपाएको सम्बन्धमा जानकारीका लागि पत्राचार ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालय (आर्थिक प्रशासन शाखा)को मिति २०६०।८।१७ को पत्रानुसार पीडितलाई उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय धनुषामा रू. ३०,०००।- को ड्राफ्ट पठाइएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या - ९**

१. **पीडितको नाम, थर र ठेगाना** सज्ञानदेवी राय नोकेल्वा-७, सर्लाही ।

२. **उल्लंघनकर्ता** स्थानीय व्यक्तिहरू

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०५५।९।४ गते विहिवार ४:०० बजे स्थानीय व्यक्तिहरू विन्देश्वर राय, शम्भु राय, कमोदिया देवी, जय नारायण राय, दशरथ राय, सविता देवी, परशुराम राय, गणेश राय, मलहुदेवी समेतले सज्ञानदेवी रायलाई बोक्सीको आरोपमा जबर्जस्ती मलमुत्र खुवाएको हुँदा सो उपर कार्वाही गराई पाउँ भनी मिति २०५९।९।८ गते जिल्ला प्रहरी कार्यालय सर्लाही मलंगवामा निवेदन दिएको तर निजहरू उपर कुनै कार्वाही नभएको साथै अभियुक्तहरूले जीउज्यान, धनसम्पती र घरपरिवारलाई नष्ट गरिदिने जस्ता धम्की, गाली बेइजती गर्ने गरेकोले अभियुक्तहरू उपर अबिलम्ब कार्वाही गरी जीउज्यान, धनसम्पति र मानसम्मानको सुरक्षा गरी पाउन आयोगमा मिति २०५९।१०।१० मा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई रू. ३०,०००।- क्षतिपूर्ति स्वरुप उपलब्ध गराइदिने सम्बन्धमा मन्त्रिपरिषद सचिवालयमार्फत श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६०।१।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९९ मिति २०६०।३।४ मा मन्त्रिपरिषद सचिवालयमा निर्णय कार्यान्वयनका लागि पठाइएको ।

संरक्षण २१८० मिति २०६०।६।२१ मा प्रममपका मा ताकेता ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालय (आर्थिक प्रशासन शाखा) को च.नं. ५०५ मिति २०६०।८।१७ को पत्रानुसार पीडितलाई क्षतिपूर्ति बापत रू. ३०,०००।-को ड्राफ्ट उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय सर्लाहीमा पठाइएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या - १०**

१. **पीडितको नाम, थर र ठेगाना** देवमाया अधिकारी, पाँचखाल-३, काभ्रे ।

२. **उल्लंघनकर्ता** धामी तथा स्थानीय समुदाय

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रे जिल्ला पाँचखाल गा.वि.स. वडा नं. ३ बस्ने देवमाया अधिकारीलाई बागवजारस्थित

भक्तपुर वसपार्क अगाडि रेडक्रस भवनसँगै रहेको ॐ शक्ति शान्ति नेपालको अनिल तिवारी नाम बताउने कथित धामीले काम्ने रोग निको पार्ने बहानामा पटक पटक बोक्सी बकाउने प्रयत्न गरेको साथै मिति २०५९।९।१३ गते निजले आफ्ना १५/२० जना समर्थक सहितको टोली बनेपा-१० स्थित उग्रेश्वरको मशानघाटमा ल्याई चरम मानसिक र शारीरिक यातना दिएको र निजलाई जस्तै अन्य महिलाहरूलाई विभिन्न ठाउँमा बोक्सी बकाउने नाममा यातना दिएको हुँदा निजहरूलाई पक्राउ गरी कार्वाही गरी निज अधिकारीको मानव अधिकारको रक्षा गरी पाउँ भनी आयोगमा मिति २०५९।९।१५ मा निवेदन दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई रू. ३०,०००।- क्षतिपूर्ति स्वरुप उपलब्ध गराइदिने सम्बन्धमा मन्त्रिपरिषद सचिवालयमार्फत श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६०।१।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९९ मिति २०६०।३।४ मा मन्त्रिपरिषद सचिवालयमा निर्णय कार्यान्वयनका लागि पठाइएको ।

संरक्षण २१८१ मिति २०६०।६।२१ मा प्रममपका मा ताकेता ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालय (आर्थिक प्रशासन शाखा) को च.नं. ५०७ मिति २०६०।८।१७ मा जि.प्र.का. काभ्रेमा क्षतिपूर्ति बापतको रू. ३०,०००।- को ड्राफ्ट सम्बन्धितलाई बुझाइदिन पठाइएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या - ११**

१. **पीडितको नाम, थर र ठेगाना** मरनीदेवी साह, सिमरदही, महोत्तरी ।

२. **उल्लंघनकर्ता** स्थानीय व्यक्तिहरू

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला महोत्तरी सिमरदही गा.वि.स.को तत्कालीन गा.वि.स. अध्यक्षको संलग्नतामा एउटा समूहले बोक्सी पत्ता लगाउने नाउँमा मिति २०५७।४।३० मा स्थानीय १५०० महिलाहरूलाई सार्वजनिक बेइज्जती गरेको र एकजना महिला मरनी देवीलाई निर्घात कुटपीट गरिएको घटनाको बारेमा विभिन्न आमसञ्चारका माध्यमबाट प्रकाशित भएको साथै उपचार खर्च दिलाई पाउँ भनी आयोगमा मिति २०६०।१।२ मा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई रू. ३०,०००।- क्षतिपूर्ति स्वरुप रकम उपलब्ध गराइदिने सम्बन्धमा मन्त्रिपरिषद सचिवालयमार्फत श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६०।१।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९९ मिति २०६०।३।४ मा मन्त्रिपरिषद सचिवालयमा निर्णय कार्यान्वयनका लागि पठाइएको ।

संरक्षण २१८७ मिति २०६०।६।२१ मा प्रममपका मा ताकेता ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालय (आर्थिक प्रशासन शाखा) को च.नं. ५०१ मिति २०६०।८।१७ को पत्रानुसार पीडितलाई उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय महोत्तरीमा रू. ३०,०००।- को ड्राफ्ट पठाइएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या - १२**

१. **पीडितको नाम, थर र ठेगाना** जगन्नाथ महरा र निजकी श्रीमति भतौडा, बारा

२. **उल्लंघनकर्ता** स्थानीय व्यक्तिहरू

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बारा भतौडा गा.वि.स. का जगन्नाथ महरा र निजकी पत्नी माथि सोही गा.वि.स.का अध्यक्ष सुलेमान मिया र सोही गा.वि.स. वडा नं. ६ र ७ का वडा अध्यक्ष क्रमशः ताराचन र नागेन्द्र मिश्र सहित बैराठपुर, बेलहिया, प्रस्टोका, गंगापुर एवं वैजनाथपुरका मानिसहरूको समूहले निजहरूलाई बोक्सा बोक्सीको आरोपमा दिसा खुवाई कुटपीट गर्ने जस्ता अमानवीय व्यवहार र निर्मम यातना दिएको भनी मिति २०५८।११।१७ को कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित समाचारप्रति आयोगको ध्यानाकर्षण भई आयोगको आफ्नै सक्रियतामा मिति २०५९।८।१८ मा कार्वाही अगाडि

बढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजहरूलाई रू. ३०,०००।- क्षतिपूर्ति स्वरुप उपलब्ध गराइदिने सम्बन्धमा मन्त्रिपरिषद सचिवालयमार्फत श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६०।१।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९९ मिति २०६०।३।४ मा मन्त्रिपरिषद सचिवालयमा निर्णय कार्यान्वयनका लागि पठाइएको ।

संरक्षण २१९० मिति २०६०।६।२१ मा पुनः प्रममपकामा ताकेता ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालय (आर्थिक प्रशासन शाखा) को च.नं. ५०३ मिति २०६०।८।१७ को पत्रानुसार पीडितलाई उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय बारामा रू. ३०,०००।- को ड्राफ्ट पठाइएको भन्ने जानकारी पत्र प्राप्त ।

च.नं. ३८६१ मिति २०६०।१०।४ को जिल्ला प्रशासन कार्यालय, बाराबाट गृह मन्त्रालयलाई रकम बुझाएको भरपाई पठाएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – १३**

१. **पीडितको नाम, थर र ठेगाना** पवित्रिदेवी महरा चमार, सखुवा महेन्द्रनगर-४, धनुषा ।

२. **उल्लंघनकर्ता** स्थानीय व्यक्तिहरू

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला धनुषा सखुवा महेन्द्रनगर गा.वि.स. वडा नं. ४ बस्ने पवित्रिदेवी महरा चमारलाई बोक्सीको आरोप लगाई पसलबाट घर फर्कदै गरेको अवस्थामा स्थानीय राजेन्द्र महरा, निजको छोरा पुकार महरा, सेवा रविदास तथा डोमा महरा, सरसा वाली, भल्लो वाली, महादेवपुर वाली लगायतका व्यक्तिहरूले घाँटी तथा टाउको, पिठ्युँ लगायतका शरीरका विभिन्न भागमा जुत्ता चप्पलले कुटी यातना दिएका भन्ने समेतको मिति २०५८।६।१२ मा विभिन्न पत्रिकामा प्रकाशित समाचारप्रति ध्यानाकर्षण भई आयोगको आफ्नै सक्रियतामा छानवीन कार्य अघि वढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई रू. ३०,०००।- क्षतिपूर्ति स्वरुप उपलब्ध गराइदिने सम्बन्धमा मन्त्रिपरिषद सचिवालयमार्फत श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६०।१।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९९ मिति २०६०।३।४ मा मन्त्रिपरिषद सचिवालयमा निर्णय कार्यान्वयनका लागि पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालय (आर्थिक प्रशासन शाखा) को च.नं. ४९९ मिति २०६०।८।१७ को पत्रानुसार पीडितलाई उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय धनुषामा रू. ३०,०००।- को ड्राफ्ट पठाइएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – १४**

१. **पीडितको नाम, थर र ठेगाना** स्व. मलेसियादेवी, बेलाएक डाडा, महोत्तरी ।

२. **उल्लंघनकर्ता** स्थानीय व्यक्तिहरू

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला महोत्तरी बेलाएक डाडा बस्ने ६१ वर्षिया मलेसियादेवीलाई बोक्सीको मन्त्र लगाई एक बालकको ज्यान लिएको आरोपमा स्थानीय नवलकिशोर यादव, शितलीदेवी, विजो यादव, जितन यादव र दुलारचन यादव समेतले वृद्धा मलेसिया देवीलाई घरमा कोही नभएको अवस्थामा घिसार्दै सडकमा लगेर निर्मम यातना दिई शरीरका विभिन्न भागमा चोटपटक भएको तथा दिसा पिसाव खुवाई अमानवीय एवं जघन्य कार्य गरेको र सोही चोटपटकबाट नै निजको मृत्यु भएको भन्ने समेत व्यहोराको मिति २०५८।४।३१ को इन्सेकको प्रेश विज्ञप्तीबाट आयोगको ध्यानाकर्षण भई मिति २०५८।४।३२ मा कार्वाही अगाडि वढाइएको

४. **आयोगको निर्णय/सिफारिश** पीडितका परिवारलाई रू. ५०,०००।- क्षतिपूर्ति स्वरुप उपलब्ध गराइदिने सम्बन्धमा

मन्त्रिपरिषद सचिवालयमार्फत श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६०।१।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९९ मिति २०६०।३।४ मा मन्त्रिपरिषद सचिवालयमा निर्णय कार्यान्वयनका लागि पठाइएको।

संरक्षण २१८५ मिति २०६०।६।२१ मा पुनः प्रममपकामा ताकेता।

संरक्षण २५१५ मिति २०६०।८।५ मा गृह मन्त्रालयमा निर्णय कार्यान्वयन सम्बन्धमा पत्राचार।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालय (आर्थिक प्रशासन शाखा) को च.नं. ६६३ मिति २०६०।९।२१ को पत्रानुसार पीडितलाई उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय महोत्तरीमा रू. ५०,०००।- को ड्राफ्ट पठाइएको भन्ने जानकारी पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – १५**

१. **पीडितको नाम, थर र ठेगाना** मनतुरीयादेवी साह, सिर्सिया-९, पर्सा

२. **उल्लंघनकर्ता** स्थानीय व्यक्तिहरू

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला पर्सा सिर्सिया गा.वि.स. वडा नं. ९ निवासी ७० वर्षिया मनतुरीयादेवी साहलाई बोक्सीको आरोपमा सोही गा.वि.स. वडा नं. ९ का वडाअध्यक्ष लालबाबु रावत कुर्मीको सक्रियतामा स्थानीय वासिन्दाहरूले निजको छोरा दिपेन्द्र साह र उनकी श्रीमती देवादी साहलाई कुटपीट गरी मनतुरीया देवीलाई दिसा पिसाव खुवाई वेहोस अवस्थामा पुऱ्याएको भन्ने मिति २०५८।५।१८ गतेको विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारप्रति आयोगको ध्यानाकर्षण भई आयोगको आफ्नै सक्रियतामा मिति २०५८।६।४ मा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई रू. ३०,०००।- क्षतिपूर्ति स्वरुप उपलब्ध गराइदिने सम्बन्धमा मन्त्रिपरिषद सचिवालयमार्फत श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६०।१।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९९ मिति २०६०।३।४ मा मन्त्रिपरिषद सचिवालयमा निर्णय कार्यान्वयनका लागि पठाइएको।

संरक्षण २१८४ मिति २०६०।६।२१ मा प्रममपकामा ताकेता।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालय, आर्थिक प्रशासन शाखाको च.नं. ६६४ मिति २०६०।९।२१ को पत्रानुसार पीडितलाई उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय पर्सामा रू. ३०,०००।- को ड्राफ्ट पठाइएको भन्ने जानकारी पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – १६**

१. **पीडितको नाम, थर र ठेगाना** सुदामादेवी राउत, पर्सादेवाड-५, महोत्तरी।

२. **उल्लंघनकर्ता** स्थानीय व्यक्तिहरू

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला महोत्तरी पर्सा देवाड गा.वि.स. वडा नं. ५ बस्ने सुदामादेवी राउतलाई गाउँलेहरूले पहिलेदेखि नै बोक्सी भनी मानसिक यातना दिँदै आइरहेकोमा मिति २०५९।२।११ गते सोही ठाउँ बस्ने छिमेकी रामबाबु साफीको छोरा आन्द्रा सम्बन्धी रोगबाट मृत्यु भएपछि उक्त मृत्युको कारण बोक्सीबाट भएको भनी निज सुदामादेवीलाई बोक्सीको आरोप लगाई छिमेकी रामबाबु साफी, निजको भाई श्यामबाबु साफी, निजको आमा र श्रीमती किस्मतीया देवी र फुलोदेवी समेतले अमानवीय रूपमा कुटपीट गरेकोले मानव अधिकारको संरक्षण गरी दोषीउपर कार्वाही गरी शारीरिक तथा मानसिक यातनाको क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०५९।२।२१ मा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई रू. ३०,०००।- क्षतिपूर्ति स्वरुप उपलब्ध गराइदिने सम्बन्धमा मन्त्रिपरिषद सचिवालयमार्फत श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६०।१।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९९ मिति २०६०।३।४ मा मन्त्रिपरिषद सचिवालयमा निर्णय कार्यान्वयनका लागि पठाइएको।

संरक्षण २१८८ मिति ०६०।६।२१ मा पुनः प्रममपका मा ताकेता ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ५०१ मिति २०६०।८।१७ मा निज सुदामादेवीलाई क्षतिपूर्ति स्वरुप रु. ३०,०००।- को ड्राफ्ट पठाएको भनी जानकारी प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – १७**

१. **पीडितको नाम, थर र ठेगाना** नरमाया थापा मगर, भुसाफेदा, दोलखा ।

२. **उल्लंघनकर्ता** स्थानीय व्यक्तिहरू

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला दोलखा भुसाफेदा गा.वि.स. बस्ने ७२ वर्षीया महिला नरमाया थापा मगरलाई स्थानीय वडाध्यक्ष छत्रबहादुर थापा मगरको नेतृत्वमा बोक्सीको आरोपमा सार्वजनिक रुपमा बेइजती गर्दै गाउँबाट लखेटेको भन्ने मिति २०५८।६।२ को कान्तिपुर दैनिकमा प्रकाशित समाचारबाट आयोगको ध्यानाकर्षण भई आयोगको स्वविवेकमा मिति २०५८।६।१९ मा छानवीन कार्य अगाडि बढाइएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** निजलाई रू. ३०,०००।- क्षतिपूर्ति स्वरुप उपलब्ध गराइदिने सम्बन्धमा मन्त्रिपरिषद सचिवालयमार्फत श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६०।१।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९९ मिति २०६०।३।४ मा मन्त्रिपरिषद सचिवालयमा निर्णय कार्यान्वयनका लागि पठाइएको ।

संरक्षण २१९१ मिति २०६०।६।२१ मा पुनः प्रममपकामा ताकेता ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालय, आर्थिक प्रशासन शाखाको च.नं. ५०९ मिति २०६०।८।१७ को पत्रानुसार पीडितलाई उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय दोलखामा रू. ३०,०००।- को ड्राफ्ट पठाइएको भन्ने जानकारी पत्र प्राप्त ।

च.नं. ११५९, मिति २०६०।९।२४, जिल्ला प्रशासन कार्यालयबाट गृह मन्त्रालय, आर्थिक प्रशासन शाखालाई पठाइएको भर्पाईको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – १८**

१. **पीडितको नाम, थर र ठेगाना** पारोदेवी उराउ र फुलमाया उराउ, दुहवी-३, सुनसरी ।

२. **उल्लंघनकर्ता** स्थानीय व्यक्तिहरू

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला सुनसरी दुहवी गा.वि.स. वडा नं. ३ बस्ने पारोदेवी उराउ र फुलमाया उराउलाई सोही गा.वि.स.को कदमलाल उराउको २० वर्षीय छोरा तथा झनसरी उराउको छोरा जगतप्रसाद उराउको मृत्यु भएको घटनालाई निजले नै मारेको भनी कथित बोक्सीको आरोप लगाई गम्भीररुपमा कुटपीट गरी यातना दिने कार्य भएको भनी मिति २०५८।६।१९ को हिमालय टाइम्समा प्रकाशित समाचारप्रति आयोगको ध्यानाकर्षण भई आयोगको आफ्नै सक्रियतामा मिति २०५८।६।१९ मा छानवीन कार्य अघि बढाइएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** निजलाई रू. ३०,०००।- क्षतिपूर्ति स्वरुप उपलब्ध गराइदिने सम्बन्धमा मन्त्रिपरिषद सचिवालयमार्फत श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६०।१।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९९ मिति २०६०।३।४ मा मन्त्रिपरिषद सचिवालयमा निर्णय कार्यान्वयनका लागि पठाइएको ।

संरक्षण २१८६ मिति २०६०।६।२१ मा प्रममपकामा ताकेता ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालय, आर्थिक प्रशासन शाखाको च.नं. ४९५ मिति २०६०।८।१७ को पत्रानुसार पीडितलाई उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय सुनसरीमा रू. ३०,०००।- को ड्राफ्ट पठाइएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – १९**

१. **पीडितको नाम, थर र ठेगाना** मुनीदेवी दमाई धनगढी-१२, कैलाली।

२. **उल्लंघनकर्ता** स्थानीय व्यक्तिहरू

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कैलाली धनगढी नगरपालिका वडा नं. १२ जुगेडीवी गाउँ बस्ने ४० वर्षीया मुनीदेवी दमाईलाई उनकै छिमेकी वीरवहादुर थापा र पार्वती थापाले मिति २०५९।१२।२५ गते अर्काको खेतको गहुँ काट्न गइरहेको अवस्थामा एउटा काम छ भनी बोलाई वीरवहादुरले बोक्सीको आरोपमा मुक्का प्रहार गरी कपालमा समातेर भुइँमा पछारेपछि उनकी श्रीमती पार्वती थापाले नुनचुक खुर्सानी मिसाएर पातमा ल्याएको दिसा मुखमा हाल्नुका साथै शरीरभरि दलिदिई अमानविय व्यवहार गरेको हुँदा आवश्यक कार्वाही गरीपाउँ भनी नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका तर्फबाट मिति २०६०।१।२ मा आयोगमा उजूरी दर्ता।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई रू. ३०,०००।- क्षतिपूर्ति स्वरुप उपलब्ध गराइदिने सम्बन्धमा मन्त्रिपरिषद सचिवालयमार्फत श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६०।३।१८ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १७४४ मिति २०६०।४।६ मा मन्त्रिपरिषद सचिवालयमा निर्णय कार्यान्वयनका लागि पठाइएको।

संरक्षण २४३० मिति ०६०।७।२७ मा प्रममपकामा ताकेता।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालय आर्थिक प्रशासन शाखाको मिति २०६०।८।१७ को पत्रानुसार पीडितलाई उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय कैलालीमा रू. ३०,०००।- को ड्राफ्ट पठाइएको भन्ने जानकारी पत्र प्राप्त।

च.नं. २२९३ मिति २०६०।९।२१, जिल्ला प्रशासन कार्यालय कैलालीबाट गृह मन्त्रालय, आर्थिक प्रशासन शाखालाई पठाएको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २०**

१. **पीडितको नाम, थर र ठेगाना** लालमाया वि.क. र विरवहादुर वि.क., गौरीशंकर-९, सर्लाही।

२. **उल्लंघनकर्ता** स्थानीय व्यक्तिहरू

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला सर्लाही गौरीशंकर गा.वि.स. वडा नं. ९ बस्ने ५० वर्षीय लालमाया वि.क. र विरवहादुर वि.क. दम्पतीलाई मिति २०५९।७।१ गते स्थानीय समाजले बोक्सीको आरोपमा दिसा खुवाई, कपाल मुडेर कालोमोसो दली जुत्ताको माला लगाएर गाउँ निकाला गरिदिएको भन्ने मिति २०५९।७।१४ को समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित समाचारप्रति आयोगको ध्यानाकर्षण भई आयोगले आफ्नै स्वविवेकमा मिति २०५९।७।१५ मा छानवीन कार्य अगाडि बढाइएको।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई रू. ३०,०००।- क्षतिपूर्ति स्वरुप उपलब्ध गराइदिने सम्बन्धमा मन्त्रिपरिषद सचिवालयमार्फत श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६०।१।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९९ मिति २०६०।३।४ मा मन्त्रिपरिषद सचिवालयमा निर्णय कार्यान्वयनका लागि पठाइएको।

संरक्षण २१८९ मिति २०६०।६।२१ मा श्री प्र.म.म.प.कार्यालयलाई निर्णय कार्यान्वयन सम्बन्धी ताकेता पत्र।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालय, आर्थिक प्रशासन शाखाको च.नं. ५०५ मिति २०६०।८।१७ को पत्रानुसार पीडितलाई उपलब्ध गराउन जि.प्र.का. सर्लाहीमा रू. ३०,०००।- को ड्राफ्ट पठाइएको भन्ने जानकारी पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**ख) यातना**

**क्रम संख्या – २१**

१. **पीडितको नाम, थर र ठेगाना** रविन्द्र सिलवाल, नलाङ्ग-९, धादिङ्ग।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला धादिङ्ग नलाङ्ग गा.वि.स. वडा नं. ९ कालिदह बजार बस्ने रविन्द्र सिलवालले आफूलाई झुठा अभियोग लगाई मिति २०५७।२।३२ देखि मिति २०५७।३।७ सम्म जिल्ला प्रहरी कार्यालय काठमाडौंका प्र.नि. प्रभा शाह र प्र.ना.नि. धर्मराज भुषालले निर्मम एवं अमानवीय ढंगले शारीरिक तथा मानसिक यातना दिएको, सोही यातनाको कारण मानसिक सन्तुलन बिग्रन गई औषधी सेवन गर्दै आएको, २१ महिनासम्म झुठा आरोपमा गैरकानूनी थुनामा राखेकोले दोषीमाथि कार्वाही गरी, क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी आफूले औषधी सेवन गर्दै गरेका मानसिक अस्पताल पाटन, त्रिभुवन विश्व विद्यालय शिक्षण अस्पताल, यातना पीडित सरोकार केन्द्र नेपालका औषधी प्रेशक्रिप्सनहरू समेत संलग्न गरी मिति २०५८।१२।९ मा आयोगमा दिएको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई रू. ५०,०००।- क्षतिपूर्ति स्वरुप उपलब्ध गराइदिने सम्बन्धमा मन्त्रिपरिषद सचिवालयमार्फत श्री ५ को सरकारलाई लेखी पठाउने भनी मिति २०६०।१।२३ मा आयोगको निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९९ मिति २०६०।३।४ मा मन्त्रिपरिषद सचिवालयमा निर्णय कार्यान्वयनका लागि पठाइएको।

संरक्षण २१७९, मिति २०६०।६।२१ मार्फत प्रमम‌पकामा ताकेता।

संरक्षण २४१७, मिति २०६०।७।२५ मार्फत प्रमम‌पकामा ताकेता।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालय (आर्थिक प्रशासन शाखा)को च.नं. ६६२ मिति २०६०।९।२१ गते क्षतिपूर्ति रकम स्वरुप रु. ५०,०००।- सम्बन्धितलाई उपलब्ध गराइदिन ड्राफ्ट पठाएको जानकारी पत्र प्राप्त।

मिति २०६१।२।४ गतेको श्री जिल्ला प्रशासन कार्यालय, धादिङ्गको क्षतिपूर्ति स्वरुप रु. ५०,०००।- रकम श्री रविन्द्र सिलवालले बुझेको भर्पाई आयोगमा प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

## ४.४ आर्थिक वर्ष २०६०/०६१ मा गरिएका सिफारिशहरू

**क) गैरन्यायिक हत्या**

**क्रम संख्या – २२**

१. **पीडितको नाम, थर र ठेगाना** दोरम्बा घटनाका पीडित २१ जना व्यक्तिहरू, दोरम्बा, रामेछाप।

| क्र.सं. | नाम | उपनाम | ठेगाना |
|---|---|---|---|
| १. | बाबुराम तामाङ्ग | पुष्प | बेथान ५, रामेछाप |
| २. | प्रदीप दोङ्ग | रक्तिम | बेथान ५, रामेछाप |
| ३. | अम्बिका दाहाल | ललिता | इकुडोल ६, ललितपुर |
| ४. | हर्क बहादुर तामाङ्ग | यर्थाथ | फुलासी ८, रामेछाप |
| ५. | रवी चौहान | (समीर) | गेलु ५, रामेछाप |
| ६. | उमा कार्की | साहारा | चनखु ३, रामेछाप |
| ७. | श्यामबहादुर तामाङ्ग | इन्क्लाव | चनखु ९, रामेछाप |
| ८. | पदमराज गिरी | असल | पुरानागाउँ ८, रामेछाप |
| ९. | विष्णुमाया थापामगर | विमा | दोरम्बा १, रामेछाप |
| १०. | रामबहादुर तामाङ्ग (ठूलोराम) | छोक्पा | दोरम्बा ३, रामेछाप |
| ११. | रामबहादुर तामाङ्ग (सानोराम) | तारा | दोरम्बा ३, रामेछाप |
| १२. | लक्ष्मण तामाङ्ग | छाँया | दोरम्बा ३, रामेछाप |

| | | | |
|---|---|---|---|
| १३. | युवराज मोक्तान | | दोरम्बा २, रामेछाप |
| १४. | लिला मोक्तान | | दोरम्बा २, रामेछाप |
| १५. | चतुरमान थामी | समर | डडुवा ५, रामेछाप |
| १६. | संगिता थामी | संगिता | डडुवा ४, रामेछाप |
| १७. | नाम नखुलेको | जमिन | धनुषा |
| १८. | नाम नखुलेको | सोम | चौवास, काभ्रेपलाञ्चोक |
| १९. | हर्कलक्ष्मी राई | विमला | सोलुखुम्बु |
| २०. | टेक बहादुर थापामगर | विवेक | दोरम्बा १, रामेछाप |
| २१. | नाम नखुलेकी | उषा | सिन्धुपाल्चोक अवस्था अज्ञात रहेको |

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६०।४।३२ गते रामेछाप जिल्लाको दोरम्बा भन्ने ठाउँमा सैनिकहरूद्वारा २१ जना व्यक्तिहरूलाई हिरासतमा लिई हत्या गरेको भन्ने सम्बन्धमा आयोगबाट आफ्नै सक्रियतामा मिति २०६०।५।१० गते घटनास्थल गई अनुसन्धान तथा छानवीन अगाडि बढाइएको।

४. **आयोगको निर्णय/सिफारिश** उक्त घटनाको स्वतन्त्र र विस्तृत अनुसन्धान गरी दोषीलाई आवश्यक कार्वाही तथा पीडित परिवारलाई उचित राहतको साथै यस्ता घटनाहरू पुनः दोहोरिन नदिन आवश्यक सतर्कता अपनाउन समेत सरकारले सुरक्षा निकायलाई सचेत गराउन मिति २०६०।५।२४ मा सिफारिश गरिएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १९९५ मिति २०६०।५।२५ को पत्र सिफारिश कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयमा पठाइएको।

प्रधानमन्त्रीको कार्यालयमा २०६०।५।२५ र पुनः २०६१।५।१६ मा ताकेता गरिएको।

च.नं. २७९० संरक्षण ३६ मिति २०६२।४।७ मा प्रममपका मा पत्राचार गरिएको।

च.नं. १५६३ मिति २०६६।३।२४ मा प्र.म.म.का.लाई आयोगको सिफारिश कार्यान्वयन गर्ने सम्बन्धमा पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** मिति २०६३।३।२८ मा नेपाली सेना कार्यरथी विभाग मानव अधिकार शाखाको सोही मितिको प.सं. १४६४४।३।ए०६२।६३।२३१ मार्फत आयोगलाई बोधार्थ दिइएको पत्रानुसार घटना सम्बन्धमा कार्वाही गर्न गठित जनरल सैनिक अदालतद्वारा कसुरदारहरूलाई सजायँ प्रदान भैसकेको (गुल्मपतिलाई सेवाबाट वर्खास्त गरिएको, दुई वर्ष जेलमा पठाइएको साथै उक्त घटनामा संलग्न प्रहरीलाई आवश्यक कार्वाही गर्न सम्बन्धित निकायमा पत्राचार समेत गरिएको भन्ने) नेपाली सेनाबाट जानकारी प्राप्त

च.नं. ३४९, मिति २०६३।३।३०, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मा.अ.प्रवर्द्धन शाखाबाट आयोगलाई जानकारी पत्रको छाँया प्रति पठाइएको। आयोगको सिफारिश कार्यान्वयन अवस्था सम्बन्धी अध्ययन प्रतिवेदनमा पीडितका परिवारले रु. १० लाख राहत तथा क्षतिपूर्ति प्राप्त गरेको देखिएको।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २३**

१. **पीडितको नाम, थर र ठेगाना** डोटी जिल्लाको मुडभरा-१ स्थित शारदा उ.मा.वि. का विद्यार्थीहरू (डोटी घटना)

मृतकहरू :

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १. | यदुनाथ जोशी | शारदा उ.मा.वि., मुडभरा-१, डोटी |
| २. | मीना वि.क. | शारदा उ.मा.वि., मुडभरा-१, डोटी |
| ३. | सुशीला कुमारी जोशी | शारदा उ.मा.वि., मुडभरा-१, डोटी |
| ४. | हरिणा कुमारी भण्डारी | शारदा उ.मा.वि., मुडभरा-१, डोटी |

घाइतेहरू :

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १. | विष्णु प्रसाद शर्मा | शारदा उ.मा.वि., मुडभरा-१, डोटी |
| २. | टेक वहादुर वि.क. | शारदा उ.मा.वि., मुडभरा-१, डोटी |
| ३. | धर्म कुमारी भुत्याल | शारदा उ.मा.वि., मुडभरा-१, डोटी |
| ४. | राम बहादुर बोहोरा | शारदा उ.मा.वि., मुडभरा-१, डोटी |
| ५. | डम्बरी वि.क. | शारदा उ.मा.वि., मुडभरा-१, डोटी |

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी तथा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** डोटी जिल्लाको मुडभरा गा.वि.स. १ स्थित शारदा उच्च मा.वि.मा मिति २०६०।६।२६ गते सुरक्षाकर्मी र नेकपा माओवादीका बीच भिडन्त भएको भनिएको घटनाको सम्बन्धमा उक्त विद्यालयमा केही विद्यार्थी तथा केही माओवादीहरू समेतको मृत्यु भएको भन्ने सम्बन्धमा आयोगको ध्यानाकर्षण भई आयोगको सक्रियतामा उजूरी ग्रहण गरिएको ।

४. **आयोगको निर्णय/सिफारिश** उक्त घटनाका वास्तविक दोषी पत्ता लगाई कानून बमोजिम दोषीउपर कार्वाही हुन र घाइते तथा मृत्यु भएका बालबालिकाहरूको परिवारलाई उचित क्षतिपूर्ति समेत अविलम्ब उपलब्ध गराउन श्री ५ को सरकार समक्ष लेखी पठाउने साथै भविष्यमा यस्ता घटना दोहोरिन नदिन, सुरक्षाफौजको कुनै पनि कार्वाही विद्यमान कानून बमोजिम हुनुपर्ने र कानून बमोजिम बाहेक कसैको पनि संविधानद्वारा प्रत्याभुत गरिएको मौलिक हक हनन् गर्न नहुने विषयमा सतर्कता अपनाउन सम्बन्धित निकायहरूलाई स्पष्ट निर्देशन दिन समेत श्री ५ को सरकारलाई लेखी पठाउने भन्ने मिति २०६०।८।२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २५०६ मिति २०६०।८।४ मा आयोगको निर्णय कार्यान्वयन गर्न प्रममपका लाई पत्राचार गरिएको ।

च.नं. १२२५ (क) संरक्षण १७३६ मिति २०६१।११।२७ मा प्रममपका लाई ताकेता ।

च.नं. १२२५ (क) संरक्षण २५६८ मिति २०६२।०२।३१ मा पुनः प्रममपका लाई ताकेता ।

६. **कार्यान्वयनको स्थिति** रक्षा मन्त्रालयको प.सं. कानून।०६०।६१।४३० मिति २०६२।१।१७ मा सुरक्षाफौजको काम कारवाहीमा भए गरेका घटनाहरूको सम्बन्धमा सैनिक व्यक्तिले मानव अधिकार र मानविय कानूनको पालना भए नभएको विषयमा सैनिक अदालत गठन गरी भएको नतिजाको विवरण पठाइएको भनिएकोमा "छानवीन टोलीको राय बमोजिम सुरक्षाकर्मीद्वारा विद्यार्थी तथा शिक्षकहरूलाई सुरक्षित स्थानमा राखी सुरक्षा अपनाउदा अपनाउँदै आतंककारी विरुद्ध कार्वाही गर्दा ४ जना विद्यार्थीको मृत्यु भएको देखिंदा निजहरूका परिवारलाई क्षतिपूर्ति दिलाउनेतर्फ पहल गरिएको" भन्ने व्यहोराको जानकारी पत्र प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २४**

१. **पीडितको नाम, थर र ठेगाना** राजिव श्रेष्ठ

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६०।७।२० गते विद्यार्थी बोकेको शाही नेपाली सेनाको बा.१ग. ११७२ नं. को गाडी र राजीव श्रेष्ठले चलाएको बा.१ज.३९४९ नं. को गाडी बनस्थली ढुंगेधारा चोक आसपास ठोक्किई दुर्घटना भएको विषयलाई लिएर सेनाको गाडीमा रहेका सैनिक जवानले चालक राजीव श्रेष्ठलाई हत्या गरेको भन्ने विषयमा विभिन्न पत्रिकामा प्रकाशित समाचारप्रति आयोगको ध्यानाकर्षण भई आफ्नै सक्रियतामा मिति २०६०।७।२५ मा कार्वाही अगाडि

वढाइएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** गैरसैनिक व्यक्तिको हत्या गरेको विषय सैनिक अदालतको कार्यक्षेत्रभित्र नपरी सामान्य अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रष्ट भएकोले उक्त हत्या गर्ने व्यक्तिलाई उचित कानूनी प्रक्रिया अवलम्वन गरी कार्वाही गर्न श्री ५ को सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६०।८।९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं.२५४४ मिति २०६०।८।११ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यलयमा पत्राचार ।

आयोगको च.नं.१०९२ संरक्षण २८६७ मिति २०६०।९।१५ मा गृह मन्त्रालयसँग पत्राचार ।

६. **कार्यान्वयनको स्थिति** मिति २०६०।७।२० गते काठमाडौंको बालाजु ढुङ्गेधारामा सैनिक स्कुल बसलाई एक्कासी भाडाको ट्याक्सीले ठक्कर दिंदा सैनिक व्यक्ति सिपाही दिलवहादुर विष्टले चलाएको गोलीबाट ट्याक्सी ड्राइभर राजीव श्रेष्ठको मृत्यु भएको सम्बन्धमा छानवीन टोलीबाट दिएको राय बमोजिम ट्याक्सीमा रहेको व्यक्ति भाग्न खोजेको हुँदा सो ड्राइभर राजीव श्रेष्ठको मृत्यु हुँदा निजको परिवारलाई रु. २,००,०००।- क्षतिपूर्ति दिलाउनेतर्फ कार्वाही चलाएको र गोली चलाउने सैनिकलाई आवश्यकता भन्दा बढी शक्ति प्रयोग गरेको सम्बन्धमा पूर्पक्ष गर्न गठित सैनिक अदालतबाट निज सिपाहीलाई सेवाबाट बर्खास्त गरी ४ महिना कैद गरिएको भन्ने रक्षा मन्त्रालयको प.सं. कानून, ०६०।६१।४३० मिति २०६१।१।१७ मा रक्षा मन्त्रालयबाट पठाएको जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**ख) माओवादीद्वारा** हत्या

**क्रम संख्या – २५**

१. **पीडितको नाम, थर र ठेगाना** प्र.स.नि. गणेश प्रसाद दाहाल, प्र. ज. श्यामनारायण यादव धनगढी, सिराहा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** सिरहाको धनगढीमा मिति २०६०।५।२ गते आफ्नो ड्युटी सकी हटियामा तरकारी किन्न मोलमोलाई गरिरहेको अवस्थामा प्रहरी सहायक निरीक्षक गणेश प्रसाद दाहाल र प्रहरी जवान श्याम नारायण यादवको माओवादीद्वारा हत्या गरेको भन्ने घटनाको सम्बन्धमा आयोगको आफ्नै सक्रियतामा उजूरी ग्रहण गरेको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** उक्त घटनामा युद्धविराम आचारसंहिता कायम रहेको अवस्थामा आम नागरिकलाई समेत त्रसित गर्ने गरी नितान्त निजी काममा संलग्न रहेका सुरक्षाकर्मीको हत्याबाट मानिसको स्वतन्त्रतापूर्वक बाँच्न पाउने संविधान प्रदत्त अधिकारको हनन हुनुका साथै यो जेनेभा महासन्धिको साझा धारा ३ विपरित मानवीय कानून विरुद्धको पनि अपराध भएकोले दोषीलाई आवश्यक कार्वाहीको साथै पीडितहरूलाई क्षतिपूर्तिको व्यवस्था गर्न श्री ५ को सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६०।५।२४ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १९९५ मिति २०६०।५।२५ मा प्र.म.म.प.को कार्यालयमा पठाइएको ।

प्रधानमन्त्रीको कार्यालयमा आयोगको मिति २०६०।५।२५ र पुनः ताकेता च.नं. ३६६ मिति २०६१।५।१६मा पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालय योजना तथा अनुगमन शाखाको च.नं. ४६९, मिति २०६१।५।३० को पत्रानुसार सिरहाको धनगढीमा माओवादी आतंककारीहरूले हत्या गरेका प्र.स.नि. गणेश प्रसाद दाहाल र प्र.ज. श्याम नारायण यादवले आ.स. पाउने गरी मिति २०६०।५।२ मा निर्णय भैसकेको भन्ने जानकारी प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २६**

१. **पीडितको नाम, थर र ठेगाना** नागी घटना, पाँचथर ।

मृतक :

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | राजकुमार कार्की | जमदार (सैनिक) |
| २. | भगिमान लिम्बु | अमलदार (सैनिक) |
| ३. | अमृत तामाङ्ग | प्युठ (सैनिक) |
| ४. | उपेन्द्र थापा | प्युठ (सैनिक) |
| ५. | भक्त बहादुर माझी | प्र.स.नि. (प्रहरी) |
| ६. | मोहन श्रेष्ठ (पाँचथर) | ट्रक चालक |

घाइते :

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | मुन बहादुर थापा | अमलदार (सैनिक) |
| २. | खेम बहादुर थापा | सिपाही (सैनिक) |
| ३. | लिला बहादुर भण्डारी | सिपाही (सैनिक) |
| ४. | जयसिंह नेगी | सिपाही (सैनिक) |
| ५. | लाल बहादुर श्रेष्ठ | सिपाही (सैनिक) |
| ६. | शिवराम कार्की | सिपाही (सैनिक) |
| ७. | दुर्गा बहादुर भण्डारी | सिपाही (सैनिक) |
| ८. | इत्तराज महतो | सिपाही (सैनिक) |
| ९. | हरी बहादुर थापा | हवलदार (प्रहरी) |
| १०. | राजकुमार थापा | हवलदार (प्रहरी) |
| ११. | सन्तोष साह हलुवाई | हवलदार (प्रहरी) |
| १२. | गोविन्द खनाल | हवलदार (प्रहरी) |
| १३. | मदन गजमेर | हवलदार (प्रहरी) |
| १४. | खम्ब अधिकारी | प्रहरी जवान |
| १५. | विशेस्वर साह | प्रहरी जवान |
| १६. | पाल्तेन दोर्जी लामा | प्रहरी जवान |
| १७. | दिनेश साह | प्रहरी जवान |
| १८. | गणेश भुजेल | प्रहरी जवान |
| १९. | विजय राजवंशी | प्रहरी जवान |
| २०. | प्रदिप बस्नेत | प्रहरी जवान |
| २१. | महेश साह | प्रहरी जवान |
| २२. | रुप बहादुर चौहान | नागरिक |
| २३. | नाम नखुलेको | ट्रकको सहचालक |

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पाँचथरको नागीमा मिति २०६०।४।२० का दिन ३५ जना सुरक्षाकर्मी समेत चढेको ना. १ ख ७६९९ को गैरसैनिक ट्रकलाई माओवादीले एम्बुस थापी विष्फोट गराउँदा ५ जना सैनिक तथा एकजना सर्वसाधारण

सवारी चालक मोहन श्रेष्ठको मृत्यु भएको तथा सवारी साधन समेत पूर्णतया काम नलाग्ने गरी नष्ट भएको भन्ने घटनाको सम्बन्धमा आयोगबाट आफ्नै सक्रियतामा छानवीन तथा अनुसन्धान कार्वाही अगाडि वढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** उक्त घटनाका सम्बन्धमा आक्रमणमा संलग्न नरहेका सैनिक तथा गैरसैनिक ट्रक तथा सर्वसाधारण नागरिकलाई समेत लक्षित गरी युद्धविरामको समयमा गरिएको यस्तो घटना जेनेभा महासन्धिको साझा धारा ३ को समेत विपरित भै मानवीय कानूनको उल्लंघन गरी भएको हुँदा घटनाका सम्बन्धमा आवश्यकता अनुसार घटनाको स्वतन्त्र र विस्तृत अनुसन्धान गरी दोषीलाई आवश्यक कार्वाही र पीडित परिवारलाई उचित राहतको साथै यस्ता घटना पुनः दोहोरिन नदिन आवश्यक सतर्कता अपनाउन सरकारले सुरक्षा निकायलाई सचेत गराउन श्री ५ को सरकारलाई सिफारिश गर्ने मिति २०६०।५।२४ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १९९५ मिति २०६०।५।२५ को पत्र निर्णय कार्यान्वयनको लागि प्रममपका मा पठाइएको ।

प्रममपको कार्यालयमा आयोगको मिति २०६०।५।२५ र पुनः ताकेता च.नं. ३६६ मिति २०६१।५।१६ मा गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालय योजना तथा अनुगमन शाखाको मिति २०६१।५।३० को पत्रानुसार पाँचथरका मृतक मोहन श्रेष्ठ (ट्रक चालक) को २०६०।६।३० मा आ.स. पाउने गरी निर्णय भैसकेको । ना १ ख ७६९९ को गाडीको क्षति सम्बन्धमा क्षतिग्रस्त गाडीको क्षतिको मुल्याङ्कनको लागि जिल्लामा लेखी पठाइएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २७**

१. **पीडितको नाम, थर र ठेगाना** हेम नारायण यादव, क्षेत्र नं. ४, सिरहा ।

२. **उल्लंघनकर्ता** अज्ञात

३. **उजूरीको संक्षिप्त विवरण** सिरहा जिल्ला क्षेत्र नं. ४ नेकपा एमालेका निवर्तमान सांसद तथा नेकपा एमाले जिल्ला कमिटिका सदस्य हेम नारायण यादवलाई मिति २०६०।१०।१९ गते माओवादीले अपहरण गरी मिति २०६०।१०।२० गते रहस्यमय ढंगले हत्या गरिएको घटनाको निश्पक्ष छानवीनका लागि मिति २०६०।१०।२३ मा निजकी श्रीमति पारोदेवी र नेकपा एमाले केन्द्रीय कार्यालयबाट आयोगमा उजूरी निवेदन दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजको हत्या सम्बन्धमा विस्तृत अनुसन्धान गरी वास्तविक अपराधी पत्ता लगाई कानून बमोजिम आवश्यक कार्वाही गर्न श्री ५ को सरकार समक्ष सिफारिश गर्ने भन्ने मिति २०६०।११।८ गतेको आयोगको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३४७७ मिति २०६०।११।११ मा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा आवश्यक कार्वाही अगाडि वढाउन सिफारिश गरिएको ।

च.नं. ३८१५ मिति २०६०।१२।१९ मा प्र.म.म.का.लाई उच्च स्तरीय अनुसन्धान टोली गठन गरी अनुसन्धान गर्न सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** निज हेमनारायाण यादवलाई शहिद घोषणा गरिएको भनी पत्रपत्रिकामा प्रकाशित समाचार ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको च.नं. १३८ मिति २०६६।८।२४ को पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ग) गैरकानूनी थुना**

**क्रम संख्या – २८**

१. **पीडितको नाम, थर र ठेगाना** एक बहादुर ढकाल र पूर्णकुमारी कँडेल, श्रीनाथकोट-३, गोरखा ।

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** गोरखा जिल्ला श्रीनाथकोट गा.वि.स. वडा नं. ३ गोहरे स्थायी घर भएका एक बहादुर ढकाल

तथा निजकी श्रीमती पूर्णकुमारी कँडेललाई मिति २०५८।१०।१० गते बेलुका १०:०० बजेतिर बुटवल मिलनचोक स्थित निजकै कोठाबाट सैनिकहरूले पक्राउ गरी हिरासतमा राखिएको हुँदा निजहरूको जीवन रक्षा गरी रिहाईको पहल गरिदिन भनी आयोगमा मिति २०६०।३।२ मा परेको उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** गैरकानूनी थुनामा राखिएको प्रमाणबाट देखिएकोले कानूनी प्रक्रियामा लैजानको लागि आवश्यक कार्वाही हुन श्री ५ को सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६०।८।९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २५५४ मिति २०६०।८।११ मा आयोगको निर्णय कार्यान्वियन गर्न तथा च.नं. ८०८ संरक्षण ४३०७ मिति २०६१।२।८ मा ताकेता गरी प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** पूर्णकुमारी कँडेल मिति २०६०।७।२४ मा छुटेको भनी मिति २०६२।१।१९ मा कमला खड्काले जानकारी गराएको र एक बहादुर ढकाल ६ महिना अघि रिहा भई गोरखामा बसेको भनी मिति २०६४।५।१६ मा कमला खडकाले आयोग समक्ष जानकारी दिएको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**घ) धम्की**

**क्रम संख्या –** २९

१. **पीडितको नाम, थर र ठेगाना** त्रिभुवनबस्ति, कालिका र परासन गा.वि.स.का पीडितहरू, कञ्चनपुर

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर जिल्लाको पुनर्वास क्षेत्रमा मिति २०६०।१२।२५ गतेका दिन राती त्रिभुवनबस्तिका रामचन्द्र नेपालको घरमा पुगी निजका छोरा सुमन नेपाललाई हातहतियार सहित मोटरसाइकलमा आएका ३ जना व्यक्तिहरूले समातेर बाँधेकोमा गाउँलेहरू भेला भई उनीहरूलाई भाग्न खोज्दा आक्रोशित भिडले लाठी, इँटाले हान्दा ३ जनाको घटनास्थलमै मृत्यु भएको । साथै अर्को घटनामा परासन गाउँका शुकबहादुर तामाङ्गलाई घरबाट अपहरण गरी त्रिभुवन वस्तिको जीवन ज्योती प्रा.वि. को भवनमा हातखुट्टा बाँधी राख्दै गर्दा चैत्र २६ गते बिहान स्थानीयहरूले कुटपीट गर्दा ४ जनाको मृत्यु भएको । सो घटनाको बदलामा नेकपा माओवादीले स्थानीयहरूलाई आक्रमण गर्न सक्ने भन्ने आशंका र त्रासको वातावरण रहेकोले घटनाको सत्य तथ्य छानवीन गर्न तथा जनधनको सुरक्षा मिलाइदिन भनी आयोगमा मिति २०६०।१२।२८ मा परेको उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** उक्त घटनाका सम्बन्धमा प्राप्त विवरणहरूबाट माओवादीहरूले जबर्जस्ती सर्वसाधारणलाई आफ्नो कार्यक्रममा लग्ने गरेका र यसै सिलसिलामा आक्रोशित तर्फबाट त्यहाँका जनताहरूलाई पनि ज्यान मार्ने धम्की दिएको हुँदा जनताहरू डरले आतंकित भएको भन्ने देखियो । त्यस्तै माओवादीहरूबाट खोसेका बन्दुक बुझाउने व्यक्तिलाई सेनाबाट रु. १०,०००।- समेत पुरस्कार दिई त्यस्तो किसिमको हिंसात्मक प्रतिकारलाई समेत प्रश्रय दिएको कारणबाट उक्त पुरस्कार पाउने व्यक्तिको ज्यान अझ जोखिममा परेको भन्ने समेत देखियो । अतः सार्वजनिक रुपमा प्रतिकार समितिको नाममा प्रोत्साहन र पुरस्कार समेत दिंदा हिंसात्मक घटनाहरूलाई प्रश्रय पुग्ने हुँदा त्यस्तो किसिमको कार्य नगर्न र उक्त क्षेत्रका जनताको जीउ ज्यानको सुरक्षा गर्न आवश्यक प्रबन्ध मिलाउन श्री ५ को सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६१।२।१ को आयोगको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं.४२१८ मिति २०६१।२।४ मा आयोगको निर्णय कार्यान्वयन गर्न प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**४.५ आर्थिक वर्ष २०६१/०६२ मा गरिएका सिफारिशहरू**

**क) गैरकानूनी हत्या**

**क्रम संख्या – ३०**

१. **पीडितको नाम, थर र ठेगाना** विक्रम लामा, पोखरीनारायण स्थान-८, काभ्रे ।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** विक्रम लामालाई मिति २०६०।११।१ गते काभ्रे जिल्लाको पोखरीनारायण गा.वि.स. ५ स्थित भैंसी बेचेको पैसा उठाउन गएको वखत भकुण्डेवेंसीबाट खटी गएको सुरक्षाकर्मीले पक्राउ गरी मृत्यु भएकोले आवश्यक अनुसन्धान गरी दोषीउपर कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइदिन भनी मृतकका पिता उग्रध्वज लामाको मिति २०६०।११।५ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा मृतकको उमेर २० वर्ष मात्रै रहेको र निजकी श्रीमती तथा नावालक बच्चा समेत निजउपर आश्रित भएको सन्दर्भमा आवश्यकता र औचित्य समेतका आधारमा मृतकका नजिकको हकवालालाई रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई मिति २०६१।५।१५ मा लेखी पठाउने निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकारमा मिति २०६१।०५।२५ गते निर्णय कार्यान्वयनको लागि पठाइएको ।

च.नं. १४६९ मिति २०६२।०१।२८ गते प्रममपका लाई ताकेता ।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारलाई आयोगको सिफारिश बमोजिम नै पाउने गरी रु. १,००,०००।- क्षतिपूर्ति रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी पत्रमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३१**

१. **पीडितको नाम, थर र ठेगाना** सुरेश राउत कुर्मी र किशोरी राउत कुर्मी, रघुनाथपुर-५, बारा ।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** बारा जिल्ला रघुनाथपुर गा.वि.स. ५ स्थित मिति २०६०।१०।२९ गते सोही ठाउँ बस्ने किशोरी राउत कुर्मी तथा सुरेश राउत कुर्मीको सुरक्षाकर्मीबाट हत्या गरिएकोले घटनाको अनुसन्धान गरी दोषीउपर कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइदिन आयोगमा मिति २०६०।११।३ मा गैर सरकारी संघसंस्था मार्फत निवेदन दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारलाई जनही रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई मिति २०६१।६।२० मा लेखी पठाउने निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकारमा मिति २०६१।८।४ मा आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखि पठाइएको मिति २०६२।०१।२९ गते पुनः ताकेता ।

६. **कार्यान्वयनको स्थिति** उक्त घटनामा "सैनिक व्यक्तिहरूको कुनै लापरवाही वा गल्ती वा रिसिइवीले नभई परिस्थितिबस उक्त घटना घट्न गएकोले अपरेशनमा खटिएका कमाण्डरलाई चेतावनी दिने कार्वाही भईसकेको छ" भनी शाही नेपाली जङ्गी अड्डा, मानव अधिकार शाखा, कार्यरथी विभागको प.सं. १४६४४।१६।ए।०६१।६२।६१, मिति २०६२।११।१४ गतेको पत्र मार्फत जानकारी प्राप्त ।

सुरेश राउतका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी पत्रमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३२**

१. **पीडितको नाम, थर र ठेगाना** मृतकहरू विराज गुरुङ्ग, तिर्की प्रजा र सुनिल गुरुङ्ग तथा घाइतेहरू खेम गुरुङ्ग र अञ्जु गुरुङ्ग जुगेडी, चितवन।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** २०६० साल फाल्गुन ६ गते शिवरात्रीको दिन विहान ५:०० बजे चितवन जिल्लाको जुगेडीमा एकै परिवारका तीनजना व्यक्तिलाई सेनाको एक टोलीले विना सोधपुछ अन्धाधुन्ध हत्या गरेको र अन्य दुई जनालाई गम्भीर घाइते बनाएको हुनाले घटनाको अनुसन्धान गरी दोषीमाथि कार्वाही गर्न तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइदिन भनी मिति २०६०।११।८ मा मानव अधिकार तथा सामाजिक न्याय मञ्च नेपालले आयोगमा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारहरूलाई जनही रु. १,००,०००।- र घाइते खेम गुरुङ्ग र अञ्जु गुरुङ्गलाई निजहरूको उपचारलाई लाग्ने खर्च र चोट लागेको ठाउँको संवेदनशिलतालाई मध्यनजर गरी रू. ४०,०००।- उपलब्ध गराइदिन श्री ५ को सरकारलाई मिति २०६१।६।२० मा लेखी पठाउने निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकारमा मिति २०६१।८।४ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** उक्त घटनाको सम्बन्धमा निजहरू निर्दोष नै भए पनि विद्यमान परिस्थितिमा निजहरूले आतंककारीहरूले गर्ने जस्तो हर्कत गरेको कारणबाट उक्त घटना घट्न गएको हुँदा क्षतिपूर्ति दिनु सकारात्मक पक्ष भएपनि सुरक्षाफौजलाई दोषी ठहऱ्याउनु उपयुक्त नदेखिएको भनी शाही नेपाली जङ्गी अड्डा, मानव अधिकार शाखा, कार्यरथी विभागको प.सं. १४६४४।१६।ए।०६१। ६२।६१, मिति ०६२।११।१४ गतेको पत्र मार्फत जानकारी प्राप्त।

च.नं. १५३, मिति २०६३।८।२९, प्रममपकाबाट गृह मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र।

च.नं. १२२ मिति २०६३।९।१९, गृह मन्त्रालयबाट आवश्यक कार्वाही सम्बन्धमा द्वन्द्व पीडित राहत व्यवस्थापन इकाईलाई पठाएको बोधार्थ पत्र।

मृतकहरूका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३३**

१. **पीडितको नाम, थर र ठेगाना** टिका अधिकारी, चैनपुर-७, चितवन

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ७ निवासी टिका अधिकारीलाई मिति २०६१।१।३१ गते विहान ११:३० बजे आफ्नै घरबाट मोटरसाइकलमा आएका सुरक्षाकर्मीले पक्राउ गरी सोधपुछका लागि भनी लिएर गई दोहोरो भिडन्तको नाममा सोही दिन बेलुका मारिएको हुँदा निश्पक्ष छानवीन गरी दोषीउपर कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइदिन आयोगमा मिति २०६१।२।११ मा निजकी श्रीमतिबाट निवेदन दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारलाई रू. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई मिति २०६१।६।२० मा लेखी पठाउने भन्ने आयोगको निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकारमा मिति २०६१।८।४ मा आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

च.नं. २४०७ मिति २०६३।३।११ को पत्रबाट प्रममपका लाई ताकेता।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३४**

१. **पीडितको नाम, थर र ठेगाना** हरिकुमार भट्टराई, दुर्गाप्रसाद कोइराला र डाकमणी कोइराला, डम्मर्खु शिवालय/चिसापानी, खोटाङ

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** खोटाङ्ग जिल्ला चिसापानी गा.वि.स.स्थित चिसापानी मा.वि.मा कार्यरत डम्मर्खु शिवालय गा.वि.स. कात्तिकेका हरिकुमार भट्टराई तथा चिसापानी गा.वि.स. वैरेनीटारका दुर्गाप्रसाद कोइराला तथा डाकमणी कोइरालालाई उदयपुरको गाईघाटबाट आएको सुरक्षाफौजले मिति २०६०।८।२० गते राती १२:०० बजे हरि कुमार भट्टराईको घरको ढोका फोडेर निजहरूलाई डम्मर्खु शिवालय गा.वि.स. अन्तर्गत काभ्रे खोलामा लगी निर्दोष मानिसहरूको हत्या भएकोले घटनाको न्यायिक छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइदिन भनी मिति २०६०।८।२२ मा नेकपा माले र मिति २०६०।८।२५ मा नेपाली कांग्रेस जिल्ला कार्य समिति र नेपाली काँग्रेस केन्द्रीय कार्यालयबाट आयोगमा छुट्टाछुट्टै उजूरी निवेदन दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सैनिकहरू हस्त बहादुर कुमाल, तेज बहादुर रोइलालाई दुइ वर्ष कैद भएको र टोलीका कमाण्डरलाई सेवाबाट वर्खास्त गरिएको हुँदा पीडित परिवारलाई जनही रु. १,००,०००।- का दरले क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई मिति २०६१।१०।६ मा लेखी पठाउने भन्ने आयोगको निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकारमा मिति २०६१।१०।१५ गते निर्णय कार्यान्वयनको लागि पत्र पठाइएको तथा मिति २०६२।०२।३१ गते पुनः ताकेता गरेको।

६. **कार्यान्वयनको स्थिति** दुर्गाप्रसाद कोइराला र डाकमणी कोइरालाका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प.का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ३५**

१. **पीडितको नाम, थर र ठेगाना** दयाराम यादव र राजाराम यादव, वगडा-६, महोत्तरी।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला महोत्तरी वगडा गा.वि.स. वार्ड नं. ६ बस्ने दयाराम यादव र राजाराम यादवलाई मिति २०६१।२।१६ गते राती घरमै सुतिरहेको अवस्थामा घरभित्रबाट सुरक्षाकर्मीले पक्राउ गरी बाहिर ल्याई ढोकाकै अगाडि सुत्न लगाई हत्या गरेको हुनाले घटनाको छानवीन गरी दोषीमाथि कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइदिन आयोगमा मिति २०६१।२।३२ मा निजका दाई गंगाराम यादवको उजूरी दर्ता।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारलाई जनही रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई मिति २०६१।११।११ मा लेखी पठाउने निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकारमा मिति २०६१।१२।०३ गते निर्णय कार्यान्वयनको लागि पत्र पठाइएको।

६. **कार्यान्वयनको स्थिति** मिति २०६१।६।२६ को निर्णयानुसार जनही रु. १,००,०००।- दरले आर्थिक सहायता उपलब्ध गराइएको भनी गृह मन्त्रालयको च.नं. २७१४ मिति २०६२।११।२२ को पत्र मार्फत जानकारी प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. ४,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३६**

१. **पीडितको नाम, थर र ठेगाना** महेन्द्र नारायण सिंह महतो, गोविन्दपुर-८, सिराहा ।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** सिराहा जिल्ला गोविन्दपुर-८, मलहन्मा गाउँ बस्ने महेन्द्र नारायण सिंह महतोलाई मिति २०५९।७।५ गते राती करीव २:०० बजे गाउँलेहरूले डांका, डांका भनी हल्ला गरेकोमा सो सुनी गाउँबाट डांका धपाउनका लागि गाउँलेलाई खबर गर्ने उद्देश्ले घरको दक्षिणपट्टिको बाटोबाट निस्कन लाग्दा सुरक्षाकर्मीहरूले छातीमा हत्या गरेकोले आवश्यक कार्वाही गरीपाउँ भनी मिति २०५९।७।११ मा आयोगमा निजका छोरा जामुन प्रसाद सिंहले उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** सावधानी नलिई, नअपनाई निर्दोष मानिसलाई गोली प्रहार गरी मार्ने दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही हुन तथा पीडित परिवारका सदस्यलाई रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को सरकारलाई सिफारिश गरी पठाउने भनी मिति २०६१।११।११ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकारमा मिति २०६१।१२।०३ गते निर्णय कार्यान्वयनको लागि पत्र पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३७**

१. **पीडितको नाम, थर र ठेगाना** राम बहादर राई, नविन राई, मनकुमार राई, राजेन्द्र राई, गोविन्द राई, सुवास भनिने रोशन कुमार राई (वर्ष १३ बालक), हंशराज राई (७ जना) रतन्छा-६, खोटाङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** खोटाङ जिल्लाको दोर्पा चिउरी डाँडा र रतन्छा गा.वि.स. सिमानामा पर्ने साप्सु खोलामा माछा मार्न भनी मिति २०५९।१।१४ गते रतन्छा गा.वि.स. वडा नं. ६ बस्ने वर्ष ३९ को नविन राई, मनकुमार राई, रामवहादुर राई, राजेन्द्र राई, गोविन्द राई, वर्ष १३ को सुवास भनिने रोशन कुमार राई, हंशराज राई र सुरज राई समेत ८ जना व्यक्तिहरू गएकोमा सुरक्षाफौजले सुरज राई बाहेकका ७ जनाको हत्या गरेको हुनाले घटनाको छानवीन गरी दोषीमाथि कार्वाही तथा पीडित परिवारहरूलाई क्षतिपूर्ति उपलब्ध गराइदिन भनी मिति २०५९।२।९ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारलाई जनही रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई मिति २०६१।११।१८ मा लेखी पठाउने भन्ने आयोगको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकारमा मिति २०६१।१२।०३ गते निर्णय कार्यान्वयनको लागि पत्र पठाइएको ।

श्री गृह मन्त्रालयलाई मिति २०६३।०३।११ गते सिफारिश कार्यान्वयनको अवस्था बारेमा जानकारी उपलब्ध गराउन माग गरेको पत्र पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २१६२ मिति २०६१।१२।१९ को गृह मन्त्रालयको पत्रानुसार उक्त घटनाको विवरण प्राप्त नभएको व्यहोराको पत्र प्राप्त ।

नविन राई, गोविन्द राई, रोशन राई, हंसराज राई समेत ४ जनाका हकदारले पाउने गरी जनही रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३८**

१. **पीडितको नाम, थर र ठेगाना** रामसेवक सहनी, औरही-७, धनुषा।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला धनुषा औरही गा.वि.स. वडा नं. ७ कपटौल स्थायी घर भएका रौतहट जिल्ला अदालतमा अमिन पदमा कार्यरत वर्ष ४५ का रामसेवक सहनीलाई सुरक्षाफौजको गस्ती टोलीले मिति २०६०।६।२६ गते दशैं बिदा सकेर अदालतमा हाजिर हुन जाँदै गर्दा बाटोमा हत्या गरेकोले आवश्यक छानवीन गरी दोषीउपर कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६०।१०।२६ मा निजकी श्रीमति सुमित्रा सहनीको आयोगमा दर्ता उजुरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारलाई रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई मिति २०६१।१२।२ मा लेखी पठाउने निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकार प्रममपका मा मिति २०६२।०१।२२ गते निर्णय कार्यान्वयनको लागि पठाइएको।

च.नं. १४३६ मिति २०६३।४।८ को पत्रमार्फत प्रममपका लाई ताकेता।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३९**

१. **पीडितको नाम, थर र ठेगाना** लक्ष्मेश्वर पूर्वे र वेचन साह लहेरी बेगांडावर- ६, धनुषा।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** धनुषा जिल्ला बेगांडावर गा.वि.स. वार्ड नं. ६ वडहरि बजारमा मिति २०६१।४।८ गते राती करीव ९:४५ बजे सोही ठाउँमा बस्ने वर्ष ५२ का लक्ष्मेश्वर पूर्वे र वर्ष ३५ को वेचन साह लहेरीको सुरक्षाकर्मीद्वारा चलाइएको गोलीबाट मृत्यु भएकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई उचित क्षतिपूर्तिको लागि आवश्यक पहल गरिदिन आयोगमा मिति २०६१।४।१५ मा निवेदन प्राप्त।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारलाई जनही रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई मिति २०६१।१२।२ मा लेखी पठाउने निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकार प्रममपका मा मिति २०६२।०१।२२ गते निर्णय कार्यान्वयनको लागि पत्र पठाइएको।

च.नं. १९६९ संरक्षण ८३ मिति २०६३।४।८ मा प्रममपका लाई ताकेता।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी जनही रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४०**

१. **पीडितको नाम, थर र ठेगाना** भरत प्रसाद ढुंगाना र वैकुण्ठ पोखरेल, गुम्दी- ९, धादिङ्ग।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला धादिङ्ग गुम्दी गा.वि.स. वडा नं. ९ सातदोवाटो भन्ने स्थानबाट मिति २०६१।३।३१ गते

सुरक्षाकर्मीहरूले भरत प्रसाद ढुंगाना र वैकुण्ठ पोखरेललाई नियन्त्रणमा लिई निर्मम तरिकाले हत्या गरेको तथा परिवारलाई समेत धर्मपरम्परा अनुसार लाशको अन्त्येष्टी गर्न नदिई लाश वेपत्ता पारेकोले लाश बुझाई रितिरिवाज अनुसारको कार्य गर्न र घटनाको अनुसन्धान गरी दोषीउपर कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइदिन भन्ने दिपक ढुंगाना र रामचन्द्र ढुंगानाको मिति २०६१।४।७ र पुनः मिति २०६१।५।९ मा आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न तथा मृतकका हकदारलाई जनही रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई मिति २०६१।१२।२ मा लेखी पठाउने निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकार प्रममपका मा मिति २०६२।०१।२२ गते निर्णय कार्यान्वयनको लागि पत्र पठाइएको।

च.नं. १९५१ संरक्षण ८४ मिति २०६३।४।८ मा प्रममपका लाई ताकेता।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४१**

१. **पीडितको नाम, थर र ठेगाना** रीना रसाइली र सुभद्रा चौलागाई पोखरीचौरी-३ र ४, काभ्रे।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला काभ्रेपलाञ्चोक पोखरीचौरी गा.वि.स. वडा नं. ४ बस्ने रिना रसाइली र ऐ. को वडा नं. ३ बस्ने सुभद्रा चौलागाईको घरमा मिति २०६०।१०।२९ गते (१२ फेब्रुअरी, २००४) मा सादा पोशाकका सुरक्षाकर्मीहरूको एक समूहले घर घेरा हाली निजहरूलाई पक्राउ गरिसकेपछि हत्या गरेको, हत्या गर्नुपूर्व रिना रसाइलीलाई बलात्कार समेत गरेको र उपरोक्त घटनाको निश्पक्ष छानवीन गरी दोषीलाई कार्वाही तथा पीडितका हकवालालाई कानून बमोजिम क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक पहल गरीदिन भनी मिति २०६०।११।११ मा वकालत मञ्च नेपालले र मिति २०६०।११।२० मा निज रिनाका पिता कर्ण बहादुर रसाइलीले आयोगमा निवेदन दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** उक्त कार्वाहीमा जिम्मेवार दोषी सुरक्षाकर्मीलाई आवश्यक कार्वाही गर्न तथा पीडित परिवारका कानून बमोजिमका हकवालालाई जनही रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६२।१।२८ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** प्रममपकामा मिति २०६२।०२।२४ गते निर्णय कार्यान्वयनको लागि पत्र पठाइएको।

६. **कार्यान्वयनको स्थिति** अत्यधिक शक्तिको प्रयोगबाट मृत्यु भएको हुँदा मेजरको १ वर्ष वढुवा काटिएको, लेप्टिनेन्टलाई ४ महिना जेल सजाय तोकिएको र ३ वर्षसम्म वढुवा रोकिएको तथा दोषीलाई ४ महिना जेल पठाइएको भन्ने शाही नेपाली सेनाबाट जानकारी प्राप्त।

पीडितका हकदारले पाउने गरी जनही रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

च.नं. ३४६, मिति २०६२।२।२६, पममपका कानून तथा मा.अ.शाखाबाट आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा गृह र रक्षा मन्त्रालयलाई लेखेको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४२**

१. **पीडितको नाम, थर र ठेगाना** नारायण कनौजेमगर, दल वहादुर दर्लामी, टेक वहादुर गाहामगर, चिदिपानी-१, पाल्पा।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** पाल्पा जिल्लाको चिदीपानी गा.वि.स. १ धैरेनीमा पर्ने सिद्धार्थ राजमार्गमा मिति २०६१ साल चैत्र १२ गतेको फागु चाड मनाउनका लागि राजमार्गमा चन्दा उठाइरहेका भनिएका जिल्ला पाल्पा, खानीछाप गा.वि.स.

निवासी १७ वर्षीय नारायण कनौजेमगर, १५ वर्षीय टेक वहादुर गाहामगर र १५ वर्षका दल बहादुर दर्लामीलाई सादा पोशाकका सुरक्षाकर्मीले चलाएको गोली लागी मृत्यु भएको भन्ने घटनाको सम्बन्धमा मिति २०६१।१२।१३ गतेको कान्तिपुर दैनिकमा प्रकाशित समाचारप्रति आयोगको ध्यानाकर्षण भई आयोगको आफ्नै सक्रियतामा मिति २०६१।१२।२६ मा कार्वाही अगाडि वढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई आवश्यक कार्वाही गर्न तथा पीडितका परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६२।१।२८ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २२९५ मिति २०६२।१।२८ मा प्रममपका मा निर्णय कार्यान्वयनका लागि पत्र पठाइएको ।

आयोगको च.नं.२८४७ मिति २०६१।३।२१ गते गृह मन्त्रालयमा जि.प्र.का. सुरक्षा समितिको बैठक बमोजिमको रकम निकासा भए नभएको बारेमा जानकारी उपलब्ध गराउन पत्र पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** मिति २०६०।१२।२३ को निर्णयानुसार जनही रु. १,००,०००।- का दरले क्षतिपूर्ति दिइएको भनी गृह मन्त्रालयको च.नं. २७१४ मिति २०६२।११।२२ को पत्र मार्फत जानकारी प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

३ जना पीडितहरूका हकदारले पाउने गरी रु. ६,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको साथै घटनामा संलग्न सुरक्षाफौजलाई पुनः यस्तो अवस्था आइपरेमा सतर्कता अपनाउन चेतावनी दिने राय पेश भएबमोजिम कार्वाही भएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ४३**

१. **पीडितको नाम, थर र ठेगाना** सोमराज सार्की, रमेश सार्की, जोख वहादुर सार्की, रेशम सार्की, भुपाल सार्की, रमेश सार्की, मङ्गल सार्की, रामलाल सार्की, नीबवहादुर सार्की, देविराम सार्की, रामप्रसाद सार्की र खड्ग वहादुर वि.क. गोल्टाकुरी, दाङ्ग (१२ जना) ।

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** दाङ्ग जिल्ला गोल्टाकुरी गा.वि.स. अन्तर्गत राजाकोट क्याम्पको नजिक सोही गा.वि.स. नजिक सोही गा.वि.स. को वडा नं. ८ काँवाधारी बस्ने सोमराज सार्की, रमेश सार्की, जोख वहादुर सार्की, रेशम सार्की, भुपाल सार्की, रमेश सार्की, मङ्गल सार्की, रामलाल सार्की, नीबवहादुर सार्की, देविराम सार्की, रामप्रसाद सार्की र खड्ग वहादुर वि.क. समेत १२ जनालाई मिति २०५९।३।१६ गते सैनिकहरूले हत्या गरेकाले उक्त घटनाको आवश्यक अनुसन्धान गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक पहल गरीदिन भनी मिति २०६०।१।३ मा उजूरी निवेदन दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** सोमराज सार्की समेतका उल्लिखित १२ जनालाई मिति २०५९।३।१६ गते सैनिकहरूले गोली प्रहार गरी मारेको तथा सो घटनामा ज्यान जोगाई भाग्न सफल प्रत्यक्षदर्शी हाल भारत गएको हुँदा निजलाई बुझ्न भरमग्दुर प्रयास गर्ने र निज फेला परेका वखत निजको कागज गरी घटनाको प्रत्यक्ष विवरण लिने र हाललाई मृतक पीडितका परिवारलाई अन्तरिम राहत स्वरुप जनही रू. ५०,०००।- का दरले क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को सरकारलाई सिफारिश गरी पठाउने मिति २०६२।२।३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकारमा मिति २०६२।०३।०६ गते निर्णय कार्यान्वयनको लागि पत्र पठाइएको ।

च.नं. ७६७ संरक्षण १२८ मिति २०६३।४।८ मा प्रममपकालाई ताकेता पत्र पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।९।२४ को निर्णयानुसार आयोगको निर्णय बमोजिम क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ४४**

१. **पीडितको नाम, थर र ठेगाना** तुलसीराम पंज्ञानी र राजन सुवेदी, चापाकोट-१, स्याङ्गजा।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** स्याङ्गजा जिल्ला चापाकोट गा.वि.स. वडा नं. १ बस्ने वर्ष ३२ को तुलसी राम पंज्ञानीलाई निजकै घरबाट मिति २०५८।१०।२२ गते शाही नेपाली सेनाले पक्राउ गरी लगेकोमा १५ दिन सम्म आफ्नो कब्जामा राखी मिति २०५८।११।६ गतेका दिन सोही जिल्ला स्थित बालमन्दिरमा हत्या गरेकोले उक्त घटनाको आवश्यक छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइदिन र ऐ ऐ. बस्ने २५ वर्षीय राजन सुवेदीलाई मिति २०५८।१०।२३ गते विहान ६.०० बजेतिर सुरक्षाफौजले निजकै घरबाट पक्राउ गरी लगेकोमा २ दिन दामाचौर, रत्नपुर ८ को विद्यालयमा राखी २४ गते पुनः चापाकोट गा.वि.स.मा फर्काई ल्याएको र हेल्थपोष्टमा ३० गतेसम्म बन्दी बनाई राखेका त्यसपछि ३० गतेका दिन स्याङ्गजा सदरमुकामतर्फ लगेकोमा मिति २०५८।११।५ गते दिउँसो २.०० बजेतिर सुरक्षाफौजले फोन गरी राजनका परिवारलाई राजन सुवेदी लिन आउनु भनी बोलाएकोमा ससुरा लिन गएकोमा सुरक्षाफौजले लाश जिम्मा लगाई पठाएकोले उक्त घटनाको आवश्यक छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइदिन भनी मिति २०६१।९।२० मा इश्वरी सुवेदीले आयोगमा दर्ता गराएको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारहरूलाई जनही रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६२।२।३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकारमा मिति २०६२।३।६ गते निर्णय कार्यान्वयनको लागि पठाइएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४५**

१. **पीडितको नाम, थर र ठेगाना** खेहरू राय, हरिपूर्वा-८, सर्लाही।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला सर्लाही गा.वि.स. हरिपूर्वा वडा नं. ८ निवासी खेहरू रायलाई मिति २०६०।७।९ गते आफ्नै घरबाट सुरक्षाकर्मीहरूले पक्राउ गरी सोही गा.वि.स.को वडा नं. ४ मा लगी हत्या गरेकोले आवश्यक छानवीन गरी दोषी उपर कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइदिन भनी मिति २०६०।१०।२० मा आयोगमा दर्ता निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारलाई रू. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने भन्ने मिति २०६२।२।३ को आयोगको निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकारमा मिति २०६२।३।६ गते निर्णय कार्यान्वयनको लागि

पत्र पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको मिति २०६५।८।२९ को निर्णयानुसार निजलाई रू. १,५०,०००।- क्षतिपूर्ति दिने निर्णय भएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्रबाट जानकारी प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. २,५०,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको साथै दोषी सुरक्षाकर्मीलाई कार्वाही गर्न को.अ.ई. बोर्ड र प्रहरी प्रधान कार्यालयलाई जिम्मा दिइएको भन्ने श्री प्र.म.म.प.का.को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४६**

१. **पीडितको नाम, थर र ठेगाना** नौरता चलाउने, नेत्र कडायत, भिमवहादुर परियार, रनसिंह विश्वकर्मा, नरवहादुर नेपाली र प्रभुनाथ रिमाल, अछाम (६ जना)

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** अछाम जिल्ला विनायक गा. वि.स. ५ स्थित विद्या मन्दिर उ.मा.वि.मा मिति २०६०।१२।३० गते अछाम जिल्ला जनपरिषदको आयोजनामा सांस्कृतिक प्रर्दशनी हेर्न भेला भएका जनताहरू माथि शाही नेपाली सेनाको हेलिकप्टरबाट अन्धाधुन्ध गोली प्रहार गरी सर्वसधारणको मृत्यु तथा घाइते भएको भन्ने घटनाको आयोगले आफ्नै स्वविवेकमा कार्वाही अगाडि बढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही तथा पीडित परिवारहरूलाई जनही रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६२।२।३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकारमा मिति २०६२।०३।०६ गते निर्णय कार्यान्वयनको लागि पत्र पठाइएको ।

च.नं. ४२४ संरक्षण ८१ मिति २०६३।४।८ मा प्रममपकालाई ताकेता पत्र पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** मिति २०६०।१२।२३ को निर्णयानुसार जनही रु. १,००,०००।- का दरले क्षतिपूर्ति दिइएको भनी गृह मन्त्रालयको च.नं. २७१४ मिति २०६२।११।२२ को पत्र मार्फत जानकारी प्राप्त ।

गृह मन्त्रालयको २०६५।८।२९ को निर्णयानुसार निजहरूलाई जनही रू. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्रबाट जानकारी प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १२,५०,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको साथै दोषी सुरक्षाकर्मीलाई कार्वाही गर्न को.अ.ई. बोर्ड र प्रहरी प्रधान कार्यालयलाई जिम्मा दिइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४७**

१. **पीडितको नाम, थर र ठेगाना** टंक प्रसाद पौड्याल डङ्ग्राहा-८, र इन्द्र बहादुर पाँचकोटी, बनिगामा-१, मोरङ्ग ।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ जिल्ला डंग्राहा गा.वि.स. वडा नं. ८ निवासी टंक प्रसाद पौड्याल तथा बनिगामा गा.वि.स. वडा नं. १ निवासी इन्द्र बहादुर पाँचकोटीलाई मिति २०६१।१।२४ गते सादापोशाकमा आएका सुरक्षाफौजले डंग्राहा गा.वि.स.को वडा नं. ५ बाट पक्राउ गरी ऐ. गा.वि.स.को वडा नं. ६ स्थित सर्वहितैसी प्रा.वि. परिसरमा लगी केरकार गरी यातना दिई हत्या गरेको हुँदा उक्त घटनाको निश्पक्ष छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइदिन भनी मिति २०६१।२।१९ मा मृतकका छोरा विशेश्वर पौडेलले आयोगमा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही तथा पीडित परिवारहरूलाई जनही रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउन मिति २०६२।२।३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकारमा मिति २०६२।३।२ गते निर्णय कार्यान्वयनको लागि पठाइएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।१०।५ को निर्णयानुसार जनही रू. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. ५,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४८**

१. **पीडितको नाम, थर र ठेगाना** राजविक्रम भुर्तेल, सीता भुर्तेल (मृतक) र शर्मिला परियार, पोखरा-५ पर्स्याङ, कास्की।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६१।१।३१ गते राती कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. ५ पर्स्याङ बस्ने राजविक्रम भुर्तेल तथा निजकी श्रीमती सीता भुर्तेल र छिमेकी शर्मिला परियार समेत ३ जनालाई सुरक्षाकर्मीले पक्राउ गरी भुर्तेल दम्पतीको हत्या गरेको र मृत्युपछि आफन्तहरूलाई लाश समेत नदिएको तथा शर्मिला परियारलाई बेपत्ता पारेको भनी शान्तिको लागि नागरिक समाजको सञ्जाल पोखराले आयोगमा मिति २०६१।२।४ मा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही तथा पीडित परिवारलाई रू. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन तथा बेपत्ता पारिएकी शर्मिला परियारलाई सार्वजनिक गर्न श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६२।२।३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकारमा मिति २०६२।३।३ गते निर्णय कार्यान्वयनको लागि पठाइएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४९**

१. **पीडितको नाम, थर र ठेगाना** राजन पुडासैनी, यदुप्रसाद मुडवरी र मणिराज मुडवरी, कुमरी-७, नुवाकोट।

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला नुवाकोट कुमरी गा.वि.स. वडा नं. ७ बस्ने वर्ष २४ का राजन पुडासैनी, ऐ. वडा नं. १ बस्ने वर्ष २८ का यदुप्रसाद मुडवरी तथा ऐ.ऐ. बस्ने वर्ष ३६ का मणिराज मुडवरी समेत ३ जनाको मिति २०६०।१०।७

गतेका दिन विहान ११:०० बजेको समयमा शाही नेपाली सेनाका जवानहरूद्वारा मारिएको भन्ने घटनामा नेपाल वार एशोसियसन मानव अधिकार परियोजनाले मिति २०६०।१०।११ का दिन घटनास्थलमा गै आवश्यक तथ्यहरू संकलन गरी प्रारम्भिक रुपमा अनुसन्धान गरी प्रस्तुत घटनाका सम्बन्धमा फरेन्सिक विज्ञ समेतबाट छानवीन गर्नु आवश्यक देखिएको भनी आयोगमा निवेदन दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारलाई जनही रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६२।२।३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकारमा मिति २०६२।३।२ गते निर्णय कार्यान्वयनको लागि पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५०**

१. **पीडितको नाम, थर र ठेगाना** राजगीर यादव, रामनाथ यादव, विल्टु यादव, शत्रुघन यादव, विरेनजी यादव र रामपुकार यादव चोराकोयलपुर, धनुषा ।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६१।६।१५ गते राती घरमा सुतिरहेको अवस्थामा धनुषा जिल्ला चोराकोयलपुर ६ का ३३ वर्षीय राजगीर यादव, बालावखर मतौनाटोलका ४० वर्षीय रामनाथ यादव, ४० वर्षीय बिल्टु यादव, सोही गाविसका २८ वर्षीय शत्रुघन यादव, विरेनजी यादव र ४५ वर्षीय रामपुकार यादव समेतलाई सुरक्षकर्मीले पक्राउ गरी गोठकोयलपुर गाविस ९ केउटानी टोलमा लगी हत्या गरेको घटनाको विषयमा निश्पक्ष छानवीन गरी दोषीमाथि कार्वाहीे गर्न तथा पीडित परिवारलाई क्षतिपूर्ति दिलाइदिन मिति २०६१।६।२१ मा आयोगमा निवेदन प्राप्त ।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा पीडितका परिवारलाई जनही रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने भनी मिति २०६२।२।३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकारमा मिति २०६२।०२।२५ गते निर्णय कार्यान्वयनको लागि पठाइएकोमा प्रममपका कानून तथा मानव अधिकार शाखाको मिति २०५२।२।३१ को बोधार्थ पत्र प्राप्त, अन्य प्रतिक्रिया नपठाएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त । (विल्टु र विरेनजी यादवको नाम समावेश नदेखिएको)
च.नं. १५५८, मिति २०६९।१०।२१, जिल्ला प्रशासन कार्यालय धनुषाबाट जानकारी पठाएको बारे अयोगलाई पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५१**

१. **पीडितको नाम, थर र ठेगाना** बलवहादुर सार्की र ज्ञानवहादुर सार्की, तिनकन्या-७, सिन्धुली ।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला सिन्धुली तिनकन्या गा.वि.स. वडा नं. ७ निवासी बलवहादुर सार्की र ऐ. ऐ. बस्ने ज्ञानवहादुर सार्कीलाई निजहरूकै घरबाट सिन्धुलीबाट गएका सुरक्षाकर्मीको संयुक्त टोलीले मिति २०६०।११।१ गते पक्राउ गरी सोही गाविसको वडा नं. ६ स्थित सरस्वती दोबाटोमा लगी हत्या गरेकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही

तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइदिन आयोगमा मिति २०६०।११।८ मा पीडितका श्रीमतिहरूको संयुक्त उजूरी निवेदन दर्ता।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही तथा पीडित परिवारलाई जनही रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६२।२।३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकारमा मिति २०६२।२।२५ गते निर्णय कार्यान्वयनको लागि पत्र पठाइएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको मिति २०६५।१०।५ को निर्णयानुसार जनही रू. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ को प्र.म.म.प.को पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. ५,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५२**

१. **पीडितको नाम, थर र ठेगाना** धनवहादुर तामाङ्ग, नगेन्द्र पराजुली तथा टोमनाथ पौडेल, हसन्दह-८, मोरङ्ग।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला मोरङ्ग हसन्दह गा.वि.स. वडा नं. ८ निवासी धनबहादुर तामाङ्ग, ऐ. गा.वि.स. वडा नं. ७ निवासी नगेन्द्र पराजुली तथा टोमनाथ पौडेललाई सादा पोशाकमा आएका सुरक्षाफौजले हसन्दह गा.वि.स.को वडा नं. ८ बाट मिति २०६१।६।११ गते बेलुका पक्राउ गरी सोही वडास्थित रामजानकी प्रा.वि. परिसरमा लगी रातभरिको केरकार र यातना पश्चात भोलिपल्ट विहान ४:४५ बजे हत्या गरेको हुँदा उक्त घटनाको निश्पक्ष छानवीन हुनका लागि मिति २०६१।६।१५ गते आयोगमा प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** घटनाको कार्वाहीमा जिम्मेवार सुरक्षाकर्मीलाई आवश्यक कार्वाही तथा मृतकहरूका कानून बमोजिमका हकवालालाई जनही रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६२।२।३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकारमा मिति २०६२।०३।०२ गते निर्णय कार्यान्वयनको लागि सिफारिश लेखी पठाइएको।

आयोगको च.नं. २१७६ मिति २०६३।४।८ मा प्रममपका लाई ताकेता पत्र पठाइएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।७।१८ को निर्णयानुसार रू. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराएको र दोषी सुरक्षाकर्मीलाई कार्वाही गर्न प्र.प.का.लाई निर्देशन दिइएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५३**

१. **पीडितको नाम, थर र ठेगाना** आशाराम चौधरी, कृष्ण चौधरी, जोगी चौधरी, परशुराम चौधरी, जगमान चौधरी, रामु चौधरी, साँग्रा चौधरी, रिष चौधरी, खुशीलाल चौधरी, सीलु चौधरी, रुपलाल चौधरी समेत ११ जना त्रिभुवन नपा-३, वर्गदी दाङ्ग।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** दाङ्ग जिल्ला त्रिभुवन न.पा. वडा नं. ३ वर्गदीका भन्ने ठाउँमा धान उठाउने कार्य गरिरहेका किसानहरू आशाराम चौधरी, कृष्ण चौधरी, जोगी चौधरी, पशुराम चौधरी, जगमान चौधरी, रामु चौधरी, साँग्रा चौधरी, रिष

चौधरी, खुसीलाल चौधरी र रुपा चौधरी समेत ११ जनालाई मिति २०५८।८।१३ गते सेनाको गस्ती टोलीले हत्या गरेको भन्ने घटनाको सम्बन्धमा आयोगबाट आफ्नै स्वविवेकमा कार्वाही अगाडि वढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा पीडितहरू (११जना) का परिवारलाई जनही रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६२।२।३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकारमा मिति २०६२।०२।२४ गते निर्णय कार्यान्वयनको लागि पठाइएकोमा प्रममपका कानून तथा मानव अधिकार शाखाको मिति २०५२।२।३१ को बोधार्थ पत्र प्राप्त, अन्य प्रतिक्रिया नपठाइएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा आशाराम चौधरीको हकमा रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

८ जना पीडितहरूका हकदारले पाउने गरी जनही रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५४**

१. **पीडितको नाम, थर र ठेगाना** हेलुराम चौधरी, शरद चौधरी, बुद्धिराम चौधरी, इन्द्रलाल चौधरी, रामप्रसाद चौधरी, विनोद चौधरी, ढुण्डिराज चौधरी, पृथ्वीनारायण चौधरी, असुरी चौधरी समेत (९ जना) लक्ष्मिपुर, दाङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** दाङ्ग जिल्ला लक्ष्मीपुर गा.वि. स. वडा नं. ३ स्थित बेलुवा थारुगाउँमा मिति २०५९।८।१८ गते बुधवार ७:३० बजे पर्व मनाउँदै गरेका स्थानीय युवकहरू १९ वर्षीय हेलुराम चौधरी, १६ वर्षीय शरद चौधरी, १५ वर्षीय बुद्धिराम चौधरी, २३ वर्षीय इन्द्रलाल चौधरी, १९ वर्षीय रामप्रसाद चौधरी, १९ वर्षीय विनोद चौधरी, १८ वर्षीय ढुण्डिराज चौधरी, १६ वर्षीय पृथ्वी नारायण चौधरी र २२ वर्षीय असुरी चौधरीको करीव २०० को संख्यामा रहेका सुरक्षाफौज पुगी अन्धाधुन्ध गोली चलाउँदा घटनास्थलमा मृत्यु भएकोले उक्त घटनाको आवश्यक अनुसन्धान गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक पहल गरी पाउँ भनी मानव अधिकार जागरण मञ्च मार्फत मानव अधिकार तथा शान्ति समाज केन्द्रिय कार्य समितिबाट मिति २०५९।९।१ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा जिम्मेवार सुरक्षाकर्मीलाई आवश्यक कार्वाही गर्न तथा पीडितहरूका परिवारलाई जनही रु. १,५०,०००।- का दरले क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को सरकार समक्ष लेखी पठाउने ठहर्छ भन्ने आयोगको मिति २०६२।२।३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५८६ संरक्षण ६४ मिति २०६२।०४।११ गते प्रममपकामा निर्णय कार्यान्वयनका लागि पत्र पठाइएको ।

आयोगको संरक्षण ८२ मिति २०६३।४।८ मा प्रममपकालाई ताकेता पत्र पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको मिति २०६५।१०।५ को निर्णयानुसार जनही रू. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

पीडितहरूका हकदारले पाउने गरी रु. १९,५०,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको साथै घटनामा संलग्न सुरक्षाफौजलाई कार्वाही गर्न को.अ.ई. बोर्डलाई जिम्मा दिइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ख) माओवादीद्वारा हत्या**

**क्रम संख्या – ५५**

१. **पीडितको नाम, थर र ठेगाना** पदम प्रसाद दाहाल (प्र.ज. सशस्त्र प्रहरी गण नं. ३) वरुणेश्वर-४, ओखलढुंगा ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला ओखलढुंगा वरुणेश्वर गा.वि.स. वडा नं. ४ घर भई हाल सशस्त्र प्रहरी गण नं. ३ भिमफेदीमा कार्यरत प्र.ज. पदमप्रसाद दाहाल मिति २०६०।६।४ देखि ४ दिनको क्या.वि. लिई काठमाडौं आई साथिभाईहरूलाई समेत भेटघाट गरी मिति २०५९।६।९ मा भिमफेदी फर्कन भनी हिंडेकोमा सो मितिदेखि कुनै सम्पर्क जानकारीमा नरहेको हुनाले देशको विषम परिस्थितिमा अपहरण समेत हुन गै कुनै दुर्घटना समेत हुनसक्ने भनी आयोगमा मिति २०६०।७।२४ मा निवेदन दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान पश्चात् निजको माओवादीद्वारा मृत्यु भैसकेको भन्ने खुल्न आएकोले पीडित परिवारका सदस्यले कानून बमोजिम पाउनुपर्ने सुविधा र क्षतिपूर्ति समेत उपलब्ध गराउन श्री ५ को सरकारलाई मिति २०६१।११।११ मा लेखी पठाउने निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकार प्रममपकामा मिति २०६१।१२।३ गते निर्णय कार्यान्वयनको लागि पत्र पठाइएको ।

च.नं. २४१६ मिति २०६३।३।११ मा आयोगबाट गृह मन्त्रालयलाई जानकारी उपलब्ध गराइदिन भनी पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. २१६२ मिति २०६१।१२।१९ को जानकारी पत्रानुसार निज प्र.ज. पदम प्रसाद दाहालको बारेमा प्रहरी प्रधान कार्यालयबाट जानकारी प्राप्त भैसकेको भन्ने व्यहोरा उल्लेख ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ५६**

१. **पीडितको नाम, थर र ठेगाना** रामेश्वर राय यादव, देवापुरटेटा-१, बारा ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बारा जिल्ला देवापुरटेटा गा.वि.स. वडा नं. १ बस्ने अन्दाजी वर्ष ४६ का शिक्षक रामेश्वर राय यादवलाई मिति २०६०।११।१० मा माओवादीद्वारा अमानविय तवरबाट हत्या गरिएकोले छानवीन गरीपाउँ भनी मिति २०६०।११।१२ मा आयोगमा प्राप्त उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** पीडित परिवारका सदस्यलाई रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को सरकारलाई मिति २०६१।११।११ मा लेखी पठाउने निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १७८० मिति २०६१।१२।३ मा प्रममपकालाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको ।

च.नं. १५६० संरक्षण ७८ मिति २०६३।४।८ मा प्रममपकालाई ताकेता पत्र पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** बारा जिल्ला देवपुरटेटा-१ का शिक्षक रामेश्वर राय यादवको २०६१।१।९ मा आ.स. पाउने निर्णय भएको भन्ने गृह मन्त्रालयको च.नं. २१६२ मिति २०६१।१२।१९ मा जानकारी प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ५७**

१. **पीडितको नाम, थर र ठेगाना** दिनेश कोहार, दिपेन्द्र चौधरी, भरत यादव, चन्द्रमान वरेठा भन्ने वडघड धोवी, हृदयेश यादव (वर्ष १४), कमलेश यादव, अभिमन्यु चौधरी, विजय चौधरी, राजेन्द्र चौहान र दिनेश चौधरी (१० जना) सोमनी-७, नवलपरासी

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६२।०१।०२ गते राती १०:०० बजे नवलपरासी जिल्लाको सोमनी गा.वि.स. वडा नं. ७ वर्गदवामा नेकपा माओवादीबाट गरिएको हत्याको सम्बन्धमा आयोगको आफ्नै स्वविवेकमा मिति २०६२।१।५ मा उजूरी ग्रहण गरी अनुसन्धान गरिएको ।

४. **आयोगको निर्णय/सिफारिश** यस सम्बन्धमा निम्न बमोजिमको सिफारिश श्री ५ को सरकारलाई लेखी पठाउने भन्ने आयोगको मिति २०६२।१।२८ को निर्णय ।

- घटनामा घाइते भएका विरामीहरूको औषधोपचार लगायतमा लागेको सम्पूर्ण खर्च राज्यतर्फबाट व्यवस्था गर्न,
- घर जलेका तथा घर भत्काइएका परिवारलाई यथोचित क्षतिपूर्तिको व्यवस्था गर्न,
- उक्त घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरी दोषीलाई कार्वाही गर्न,
- घटनापछि विस्थापित भएकालाई पुनर्स्थापित गर्न तत्कालै आवश्यक पहल गर्न,
- गाउँमा प्रतिकार समितिद्वारा मारिएका व्यक्तिलाई क्षतिपूर्तिको व्यवस्था गर्न तथा दोषीउपर कार्वाही गर्न,
- प्रतिकार समितिका नाममा जबर्जस्ती पहरा गर्न लगाउने, बन्दुक भिर्न लगाउने कार्यलाई निरुत्साहित गरी गाउँमा शान्ति सुरक्षाको व्यवस्था मिलाउन,
- माओवादीबाट मारिएका व्यक्तिहरूका परिवारलाई आर्थिक सहयोग स्वरुप जनही रु. १,५०,०००।- उपलब्ध गराउन ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकार समक्ष मिति २०६२।१।२८ गते निर्णय कार्यान्वयनको लागि लेखी पठाइएको । च.नं. २८७० संरक्षण १२६ मिति २०६३।४।१२ मा प्र.म.म.का.लाई सिफारिश कार्यान्वयनको लागि ताकेता पत्र पठाइएको ।

च.नं. २८७० संरक्षण ३९१ मिति २०६५।६।१२ मा प्र.म.म.का.लाई सिफारिश कार्यान्वयनको लागि दोस्रो ताकेता पत्र पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रू. १,००,०००।- (भरत, चन्द्रमानको नाम उल्लेख नभएको) क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५८**

१. **पीडितको नाम, थर र ठेगाना** सुरेन्द्र बस्नेत, शंकर भण्डारी र श्रीराम चौहान, पीपलडाँडा-३, सिन्धुपाल्चोक ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६२।१।१४ गते सिन्धुपाल्चोक जिल्लाको पिपलडाँडा गा.वि.स.मा नेकपा माओवादीद्वारा स्थानीय वासिन्दाको विरुद्धमा गरिएको हत्या तथा आगजनीका घटनाहरूको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकार आयोग ऐन २०५३ को दफा ९(२) (क) बमोजिम आयोगको आफ्नै स्वविवेकमा मिति २०६२।१।१७ मा उजूरी ग्रहण गरी अनुसन्धान गरिएको ।

४. **आयोगको निर्णय/सिफारिश** प्रस्तुत घटनामा आयोगबाट श्री ५ को सरकारलाई निम्न बमोजिम लेखी पठाउने मिति २०६२।१।२८ को निर्णय ।

- उक्त घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरी दोषीलाई कार्वाही गर्न,

- घटनामा घाइते भएका विरामीहरूको औषधोपचार लगायतमा लागेको सम्पूर्ण खर्च राज्यको तर्फबाट व्यवस्था गर्न,
- घर जलेका तथा घर भत्काइएकाहरूको परिवारलाई यथोचित क्षतिपूर्तिको व्यवस्था गर्न,
- घटनापछि विस्थापित भएकालाई पुनर्स्थापित गर्न तत्कालै आवश्यक पहल गर्न,
- माओवादीबाट मारिएका व्यक्तिहरू सुरेन्द्र बस्नेत, शंकर भण्डारी र श्रीराम चौहानका नजिकका हकवालालाई आर्थिक सहयोग स्वरुप जनही रु. १,५०,०००।- उपलब्ध गराउन ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री ५ को सरकार समक्ष मिति २०६२।१।२८ गते निर्णय कार्यान्वयनको लागि लेखी पठाइएको । च.नं. २९६२ संरक्षण १३० मिति २०६३।४।१२ मा प्र.म.म.का.लाई सिफारिश कार्यान्वयनको लागि ताकेता पत्र पठाइएको ।

च.नं. २९६२ संरक्षण ३९२ मिति २०६५।६।१२ मा प्र.म.म.का.लाई सिफारिश कार्यान्वयनको लागि दोस्रो ताकेता पत्र पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रू. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ग) बम विष्फोटबाट मृत्यु**

**क्रम संख्या – ५९**

१. **पीडितको नाम, थर र ठेगाना** बाँदरमुडे घटनाका ३८ जना पीडित व्यक्तिहरू कल्याणपुर-१, चितवन ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६२।२।२३ गते सोमवार विहान करीव ७:५० बजे ना.१.ख ३२४५ नं. को स्थानीय राम क्षेत्रीको बस चितवन जिल्लाको माडी क्षेत्र अन्तर्गत अयोध्यापुरी गा.वि.स. को बगई बजारबाट गर्दी गा.वि.स. तर्फ आइरहेकोमा कल्याणपुर गा.वि.स.को वडा नं. १ र ४ को सिमानामा पर्ने बाँदरमुडे खोल्सामा पुग्दा विष्फोट भई सर्वसाधारणको हताहती तथा घाइते भएको भन्ने घटनाको सम्बन्धमा आयोगबाट आफ्नै सक्रियतामा आवश्यक अनुसन्धान अगाडि वढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट श्री ५ को सरकारलाई निम्न बमोजिम सिफारिश तथा नेकपा माओवादीलाई आव्हान गर्ने भनी मिति २०६२।३।३ को निर्णयः

**श्री ५ को सरकारलाईः**

- सुरक्षाकर्मीहरूलाई सर्वसाधारण यात्रुहरूको जीउ ज्यानमा जोखिम हुने गरी सर्वसाधारणले प्रयोग गर्ने गरेका सार्वजनिक सवारी साधनहरूमा वर्दी वा विना बर्दीमा हतियार सहित यात्रा गर्ने कार्य तत्काल रोक्न,
- सुरक्षाकर्मी र माओवादीबीच सशस्त्र भिडन्त भइरहने वर्तमान अवस्था तथा जुनसुकै दोहोरो भिडन्त हुनसक्ने कुरालाई दृष्टिगत गरी सर्वसाधारणले प्रयोग गर्ने सार्वजनिक सवारी साधन, सर्वसाधारण भेला हुने सार्वजनिक ठाउँहरू जस्तै शैक्षिक संस्था, सामुदायिक भवन, स्वास्थ्य केन्द्र, धार्मिक स्थल, जात्रा तथा हाटबजार लागेका आदि ठाउँमा सर्वसाधारणको जीउ ज्यानमा जोखिम पर्ने गरी कुनै काम कुरा नगर्न नगराउन तथा मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनका प्रावधानहरूलाई व्यवहारमा पूर्णरुपमा पालन गर्न गराउन सुरक्षा निकायका सबै तहमा अविलम्ब निर्देशन जारी गर्न,
- यस्तो प्रकारको घटना घट्न सक्छ भन्ने बस व्यवसायीद्वारा पूर्व जानकारी दिँदा पनि त्यसलाई गम्भिरतापूर्वक नलिई आवश्यक सतर्कता समेत नअपनाउने स्थानीय प्रशासनिक अधिकारी र शाही नेपाली सेनालाई उक्त यात्रुवाहक बसमा चढ्न अनुमति प्रदान गर्ने जिम्मेवार सैनिक अधिकारीमाथि अन्तर्राष्ट्रिय मानवीय कानून बमोजिम व्यक्तिगत जवाफदेहिता हुने भएकोले निजहरूलाई आवश्यक कार्वाही गरी सोको विवरण आयोगलाई उपलब्ध गराई सहयोग गर्न,

- घटनामा परी मृत्यु हुने सर्वसाधारण नागरिक तथा सैनिकका परिवारहरूलाई तत्काल अधिकतम क्षतिपूर्ति उपलब्ध गराउन, घटनामा परी घाइते भएका व्यक्तिहरूको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था राज्यबाट गर्न र क्षतिग्रस्त भएको सवारी साधनको क्षतिपूर्ति तत्काल उपलब्ध गराउन,
- बसहरूमा सधैजसो अत्यधिक यात्रुहरू चढी यात्रा गरिरहेको कुरामा स्थानीय प्रशासन विज्ञ हुँदहुँदै पनि त्यसलाई व्यवस्थित गरी यात्रुहरूको चाप अनुरुप यातायातका साधनको व्यवस्था गर्नुपर्ने विषयमा लापरवाही गरेको देखिन आएको हुँदा यस्ता विषयहरूमा सजग रहन स्थानीय प्रशासनलाई आवश्यक निर्देशन हुन ।

**नेकपा माओवादीलाई आव्हानः**

- आयोगको निरन्तर आग्रह ध्यानकर्षण समेतका बाबजुद पनि सैनिक महत्त्व नभएका भौतिक संरचना ध्वस्त पार्ने र निर्दोष मानिसहरूलाई लक्षित गरी बम विष्फोटन गर्ने, व्यक्तिगत सम्पत्ती नष्ट गर्ने, हत्या गर्ने, अङ्गभङ्ग गर्ने तथा घाइते पार्ने कार्यलाई जारी राखेको पाइएकोले त्यस्ता कार्यलाई तत्काल वन्द गर्न ।
- सर्वसाधारणले प्रयोग गर्ने सार्वजनिक सवारी साधन, सर्वसाधारण भेला हुने सार्वजनिक ठाउँहरू जस्तै शैक्षिक संस्था, सामुदायिक भवन, स्वास्थ्य केन्द्र, धार्मिक स्थल, जात्रा तथा हाटबजार लागेका ठाउँ आदिमा सर्वसाधारणको जीउज्यान जोखिममा पार्ने गरी कुनै कार्वाही नगर्न नगराउन तथा मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनका प्रावधानहरूलाई व्यवहारमा पूर्णरुपमा पालन गर्न गराउन आफ्ना मातहतका सबै तहमा अविलम्व निर्देशन जारी गरी सो कुरालाई सार्वजनिक गर्न ।
- उक्त घटना घटाउनको लागि निर्णय गर्ने, योजना बनाउने तथा कार्यान्वयन गर्ने व्यक्तिहरूमा जेनेभा महासन्धी बमोजिम व्यक्तिगत जवाफदेहिता हुने भएकोले घटनाको अनुसन्धानको लागि उनीहरूको विवरण आयोगलाई उपलब्ध गराई सहयोग गर्न ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २६२० मिति २०६२।३।३ मा प्रममपका मा सिफारिश सहितको अनुसन्धान प्रतिवेदन पठाइएको ।

आयोगको च.नं. २९८३ संरक्षण २० मिति २०६२।४।५ मा प्रममपका मा पुनः ताकेता ।

६. **कार्यान्वयनको स्थिति** प्रममपका को च.नं. २३ मिति २०६२।५।३० मा प्राप्त पत्रानुसार निम्न कुराहरू खुलाइएको ।

मृत्यु हुने ३५ जनामध्ये चितवन जिल्ला अन्तर्गत बसोवास गरेका २० जनालाई प्रतिव्यक्ति रु. १,५०,०००।- का दरले क्षतिपूर्ति उपलब्ध गराई सकिएको, अन्य १५ जना नवलपरासी, पर्सा र कास्की जिल्ला अन्तर्गत वसोवास गर्ने वुझिएको हुँदा मृतकको क्षतिपूर्तिबारे सम्बन्धित जिल्लाको जि.प्र.का.बाट केही उपलब्ध भइसकेको र केहीले पाउने क्रम जारी रहेको बुझिएको, बसको क्षति सम्बन्धमा नियमानुसार पाउने क्षतिपूर्ति रकम उपलब्ध गराइदिन गृह मन्त्रालयलाई अनुरोध भई गएकोमा निकासा भएपछि भुक्तानी दिने भनी जि.प्र.का.बाट जानकारी हुन आएको तथा मिति २०६२।४।१८ गते अमर उच्च मा.वि.को प्राङ्गणबाट पक्राउ परेका रामचन्द्र अधिकारी उक्त घटनाको योजनाकार भएको भन्ने बुझिएको साथै निजको बयान अनुसार उक्त घटनामा चण्डीका पौडेल साहस, इन्द्रजीत गुरुङ्ग, किसान लामा, सुजन, मिलन र देवेन्द्र समेत संलग्न भएको भनी खुल्न आएको र निजहरू उपर मुद्दा चलाउने कार्वाही भइरहेको ।

सिफारिशको व्यहोरा स्पष्ट नभएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**घ) प्रतिकार समितिद्वारा हत्या**

**क्रम संख्या – ६०**

१. **पीडितको नाम, थर र ठेगाना** ४६ जना व्यक्तिहरूको मृत्यु हुन पुगेको, घरहरू जलाइएको, गाई वस्तु, खाद्यान्न जलाइनुका साथै लुटपाट भएको र धेरै संख्यामा मानिसहरू विस्थापित भएको पाइएको, हल्ला नगरमा ३१८ घरहरू जलाएर नष्ट पारिएको सो बाहेक विसनपुरमा ११८ घर जलाइएको, जालिम बघियामा १८ घर जलाइएको, खुर हुरियामा २०/२२ घर जलाइएको, कपिलवस्तु ।

२. **उल्लंघनकर्ता** प्रतिकार समूह

३. **उजूरीको संक्षिप्त विवरण** कपिलबस्तु जिल्लाको निर्वाचन क्षेत्र नं. ४ गणेशपुर क्षेत्रमा मिति २०६१ फागुन ५ गतेदेखि माओवादीको विरुद्ध प्रतिकार समूहबाट भएको घटनाको सम्बन्धमा आयोगबाट आफ्नै सक्रियतामा मिति २०६१ चैत्र ६ देखि १२ गतेसम्म कपिलवस्तु जिल्लाको अनुगमन गरेको थियो ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट निम्नानुसारको सिफारिश सरकार समक्ष गर्ने मिति २०६१।१२।१६ को निर्णयः

- कुनै किसिमको राहत पुग्न नसकेको हुँदा बिना कुनै भेदभाव यथाशीघ्र जिल्लाका प्रभावित सवै ठाउँमा राहतको व्यवस्था हुन,
- सो घटनाको विषयमा अविलम्ब एक छानवीन समिति गठन गरी यस सिलसिलामा भएको सर्वसाधारण जनताको धनजनको क्षती समेतको यकिन गर्ने,
- आपराधिक घटनामा संलग्न भएकाहरूलाई कानून बमोजिम कार्वाही गर्न र पीडितहरूलाई आवश्यक राहतको व्यवस्था अविलम्व हुन समेत अनुरोध गर्ने ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** मिति २०६१।१२।१८ मा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** १४ जना मृतकका परिवारलाई रु. १,९०,५५,३७८।- क्षतिपूर्ति रकम वितरण भएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ङ) बेपत्ता**

**क्रम संख्या –** ६१

१. **पीडितको नाम, थर र ठेगाना** कृष्ण के.सी. बाग्लुङ्ग-३, बाग्लुङ्ग हाल काठमाडौ ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बाग्लुङ्ग, बाग्लुङ्ग नगरपालिका वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौ वागबजारमा पसल गरी बस्दै आउनु भएका मेरा पति कृष्ण के.सी. विगत केही समयदेखि नेकपा माओवादी प्रति आस्थावान रही भूमिगत रुपमा रहँदै आउनु भएकोमा मिति २०६०।५।२६ गते साँझ ५:३० बजेपछि मेरो सम्पर्कमा नरहनु भएकोले सुरक्षाकर्मीहरूले पक्राउ गरी लगेको आशंका भएको हुँदा निजको स्थिति सार्वजनिक गरी जीवन रक्षा गरीपाउँ भनी मिति २०६०।५।२९ मा निजकी श्रीमति दुर्गा के.सी.को उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई सुरक्षाकर्मीद्वारा पक्राउ गरी शाही नेपाली सेना अन्तर्गतको व्यारेकमा थुनामा राखेको देखिएको हुँदा दोषीलाई कानून बमोजिम कार्वाही गर्न र निजलाई अविलम्ब कानूनी प्रक्रियामा लैजानको लागि श्री ५ को सरकारमा सिफारिश गर्ने मिति २०६१।१०।६ मा निर्णय गरिएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १४५३ मिति २०६१।१०।१५ गते प्रममपकामा निर्णय कार्यान्वयनको लागि पत्र पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** रिहा भइसकेको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**च) यातना**

**क्रम संख्या –** ६२

१. **पीडितको नाम, थर र ठेगाना** जीतमान बस्नेत गोली-१, सोलुखुम्बु ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** सोलुखुम्बु जिल्ला गोली गा.वि.स. वडा नं. १ स्थायी घर भई मीनभवन शान्तिनगरमा बस्ने

कानून व्यवसायी जीतमान बस्नेतलाई मिति २०६०।११।२१ गते साँझ ५:३० बजे २ जनाको संख्यामा सादा पोशाकमा आएका सुरक्षाकर्मीले पक्राउ गरी लगेको तथा डेरा खानतलाशी गरेको र हालसम्म रिहा नगरेको, पक्राउको कारण र अवस्था अज्ञात रहेको हुँदा निजको जीवन रक्षा तथा सकुशल रिहाईको लागि पहल गर्न भनी आयोग समक्ष मिति २०६०।११।२८ मा निजका भाई टोप बहादुर बस्नेतले दिएको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश निजलाई** गैरकानूनी थुनामा राखी यातना समेत दिने कार्यमा संलग्न अधिकारी पत्ता लगाई निजलाई आवश्यक कार्वाही गर्न तथा यातना दिएकोमा पर्न गएको शारीरिक तथा मानसिक पीडाको गाम्भीर्यतालाई दृष्टिगत गर्दै रु. ५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र निजको वा १५ प २९३९ नं. को मोटरसाइकल समेत फिर्ता गर्न श्री ५ को सरकारलाई सिफारिश गरी पठाउने मिति २०६१।१०।६ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १४५५ मिति २०६१।१०।१५ गते प्रममपका मा सिफारिश कार्यान्वयनको लागि पठाइएको।

६. **कार्यान्वयनको स्थिति** निज जीतमान बस्नेतले क्षतिपूर्ति रकम रु. ५०,०००।- प्राप्त गरेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ६३**

१. **पीडितको नाम, थर र ठेगाना** महेशप्रसाद पन्त, किरण सिंह क्षेत्री र नरवहादुर धामी जनज्योती क्याम्पस, कञ्चनपुर।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जनज्योती क्याम्पस कञ्चनपुरमा मिति २०६२।१।१६ गते साँझ ६:०० बजे अनेरास्ववियुको केन्द्रिय कार्यक्रममा प्रहरी हस्तक्षेप हुँदा महेशप्रसाद पन्त, किरण सिंह क्षेत्री र नरवहादुर धामी घाइते भएको घटना सम्बन्धमा आयोगबाट आफ्नै सक्रियतामा मिति २०६२।१।१८ मा उजूरी ग्रहण गरी कार्वाही अगाडि बढाइएको।

४. **आयोगको निर्णय/सिफारिश** उक्त घटनामा घाइते भएका विरामीहरूको औषधोपचार लगायतमा लागेको सम्पूर्ण खर्च राज्यको तर्फबाट व्यवस्था गर्न, घाइतेहरूलाई मानसिक सन्त्रास समेत देखाई गोली प्रहार गरिएको प्रत्येक घाइतेलाई रु. ५०,०००।- का दरले क्षतिपूर्ति उपलब्ध गराउन, घटनाको सम्बन्धमा दोषीलाई कार्वाही गर्न, क्याम्पस, विद्यालय लगायतका सम्पूर्ण शैक्षिक संस्थामा सुरक्षाकर्मीको हस्तक्षेप बन्द गरी शिक्षा क्षेत्रलाई शान्ति क्षेत्रको रुपमा राख्ने वातावरण मिलाउन तथा कथंकदाचित सुरक्षाकर्मी शिक्षण संस्थामा प्रवेश गर्नैपर्ने अवस्था आएमा पनि सम्बन्धित शैक्षिक संस्थाको प्रशासनको अनुमति विना प्रवेश गर्न नपाउने व्यवस्था गर्न मिति २०६२।१।२८ मा सिफारिश गर्ने निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २२९४ मिति २०६२।२।१८ मा प्र.म.म.का.लाई सिफारिश गरिएको। च.नं. २९४६ संरक्षण १३१ मिति २०६३।४।१२ मा प्र.म.म.का.लाई सिफारिश कार्यान्वयनको लागि ताकेता पत्र पठाइएको।

च.नं. २८७० संरक्षण ३९० मिति २०६५।६।१२ मा प्र.म.म.का.लाई सिफारिश कार्यान्वयनको लागि दोस्रो ताकेता पत्र पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितलाई जनही रु. ५०,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**छ) आन्तरिक विस्थापन**

**क्रम संख्या – ६४**

१. **पीडितको नाम, थर र ठेगाना** २ वर्षदेखि ८४ वर्षसम्मका ५८ जना व्यक्तिहरू कामनपा रत्नपार्क, काठमाडौ।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** माओवादीको हत्या र हिंसाका कारण विस्थापित भई रत्नपार्कमा अस्थायी रुपमा बसिरहेका

व्यक्तिहरूमाथि प्रहरीले हस्तक्षेप गरी २ वर्षदेखि ८४ वर्षसम्मका ५८ जना व्यक्तिहरूलाई पक्राउ गरी थुनामा राखिएको ।

४. **आयोगको निर्णय/सिफारिश** यस सम्बन्धमा मिति २०६२।२।३० मा भएका निम्न सिफारिशहरू

- विस्थापित पीडितको मानव अधिकार संरक्षणार्थ यथाशीघ्र आवश्यक पहल गर्न,
- प्रहरी हस्तक्षेप भई सामानहरू जफत गरिएको हुँदा सो सामानहरू फिर्ता गर्न र सो कारवाहीमा संलग्न प्रहरीलाई आवश्यक कार्वाही गर्न, गर्न लगाउन,
- नेपाल अधिराज्यको संविधान, श्री ५ को सरकारद्वारा मिति २०६२।११।२९ मा जारी आन्तरिक रुपमा विस्थापित सम्बन्धी नीति २०६२ र अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनका आधारमा अविलम्ब आवश्यक व्यवस्था गर्न,
- आफ्ना अत्यावश्यक मागहरू राख्दै संघर्ष गरिरहेका पीडितहरू, बालबालिका देखि ८२ वर्षिया अशक्त बृद्धबृद्धा समेतलाई पक्राउ गरी पुन पीडित गर्ने कार्य भएको हुँदा निजहरूलाई तत्काल रिहा गर्न, गर्न लगाउन,
- सरकार समक्ष विभिन्न माग राख्दै प्रदर्शनमा उत्रिएका विस्थापितहरूमाथि पटक पटक बल प्रयोग भईरहेको र निजहरूलाई पक्राउ गर्ने यातना दिने जस्ता कार्यहरूले संविधानले संरक्षण दिएको मौलिक अधिकार, श्री ५ को सरकार पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौता समेतको उल्लंघन भएको र यस्ता कृयाकलापहरू तत्काल रोक्न, रोक्न लगाउन,
- पक्राउको क्रममा प्रहरी हस्तक्षेपका कारण चोटपटक लागि घाइते भएका विरामी, बालबच्चा तथा बृद्धबृद्धाहरूको स्वास्थ्य उपचार गर्न, गराउन र उपचारमा लागेको सम्पूर्ण खर्च राज्यकै तर्फबाट व्यवस्था गर्न, गराउन,
- विस्थापितहरूलाई अत्यावश्यक खाद्यान्न, लत्ताकपडा र निःशुल्क स्वास्थ्य जाँच तथा उपचारका साथै उचित रोजगारीको व्यवस्था मिलउने प्रमुख दायित्व राज्यको हुने र संयुक्त राष्ट्र संघको आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्त समेतको मर्यादा गर्नु राज्यको कर्तव्य हुन आउने हुँदा सो बमोजिम गर्नका लागि आवश्यक पहल गर्न, गराउन
- विस्थापित बालबालिकालाई सरकारी विद्यालयमा सहज र निःशुल्क भर्ना लिनका लागि सम्बन्धित निकायलाई आवश्यक व्यवस्था गराउनका लागि निर्देशन दिन,
- विस्थापितका लागि तत्काल आवश्यक राहत प्रदान गर्न, विस्थापितको गास, बास, कपास, शिक्षा, स्वास्थ्य र पुनर्स्थापनाका लागि दिर्घकालिन रुपमा समेत स्पष्ट नीति नियम बनाई समस्या समाधानतर्फ यथाशीघ्र पहल गर्न, गराउन ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं.२५५८ मिति २०६२।२।३० मा प्रममपका लाई आयोगबाट भएको अनुगमनको विश्लेषणका आधारमा आवश्यक कार्वाही गर्न सिफारिश गरी पठाइएको ।

आयोगको च.नं. १८२५ मिति २०६२।१२।१० मा गृह मन्त्रालयलाई आयोगबाट भएको अनुगमनबाट प्राप्त तथ्यको विश्लेषणका आधारमा आवश्यक कार्वाही गर्न सिफारिश गरी पठाइएको ।

आयोगको च.नं. १७५१ मिति २०६२।१२।३ मा प्र.म.म.प.लाई आयोगबाट भएको अनुगमनबाट प्राप्त तथ्यको विश्लेषणका आधारमा आवश्यक कार्वाही गर्न सिफारिश गरी पठाइएको ।

आयोगको च.नं. २१३७ मिति २०६३।२।३ मा प्र.म.म.प. को कार्यालयलाई आयोगबाट भएको अनुगमनबाट प्राप्त तथ्यको विश्लेषणका आधारमा आवश्यक कार्वाही गर्न सिफारिश गरी पठाइएको ।

आयोगको च.नं. ४०० मिति २०६३।५।१८ मा प्र.म.म.प. को कार्यालयलाई आयोगबाट भएको अनुगमनबाट प्राप्त तथ्यको विश्लेषणका आधारमा आवश्यक कार्वाही गर्न सिफारिश गरी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** आन्तरिक रुपमा विस्थापित सम्बन्धी राष्ट्रिय नीति २०६३ तयार भई लागु भएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**४.६ आर्थिक वर्ष २०६२/०६३ मा गरिएका सिफारिशहरू**

**क) गैरकानूनी हत्या**

**क्रम संख्या – ६५**

१. **पीडितको नाम, थर र ठेगाना** सुरेश बराल र वनकाजी गुरुङ्ग पोखरा-७, कास्की

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६०।८।२६ गते बेलुकी ९ वजे कास्की जिल्ला पोखरा उ.म.न.पा. ७ स्थित राष्ट्र बैंक चोकमा सुरक्षाफौजबाट अन्धाधुन्ध गोली चलाउँदा मोटरसाइकलको पछाडि बसेका सुरेश बराललाई गोली लाग्न गई मृत्यु भएको र वनकाजी गुरुङ्ग घाइते भएको भन्ने सम्बन्धमा शान्तिका लागि नागरिक समाजको सञ्जाल, कास्कीबाट मिति २०६०।९।२ गते आयोगमा उजूरी प्राप्त।

४. **आयोगको निर्णय/सिफारिश** उक्त घटना सुरक्षा कर्मचारीको असावधानी तथा लापरवाहीले घटेको देखिंदा त्यस्तो कसुर को, कसबाट भएको हो? पत्ता लगाई दोषीमाथि कानून बमोजिम कार्वाही गर्न श्री ५ को सरकारलाई लेखी पठाउने आयोगको मिति २०६२।४।४ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२८८ संरक्षण ४७७ मिति २०६२।६।४ मा आयोगको निर्णय कार्यान्वयनका लागि प्रममपका लाई पत्राचार गरिएको।

च.नं. ५५५ मिति २०६२।६।१३ मा पीडित पक्षलाई आयोगको निर्णयको सम्बन्धमा जानकारी गराइएको।

६. **कार्यान्वयनको स्थिति** सो घटनाको सम्बन्धमा मिति ०६२।४।१ गते श्री नं. २१ बाहिनी अड्डाबाट गरिएको को.अ.ई.मा उक्त घटनामा संलग्न ४ जना सुरक्षाफौजको व्यक्तिहरू (अधिकृत–२, हु.–१ र सशस्त्र प्रहरी अधिकृत–१) सँग सो घटनाको विषयमा सोधपुछ गरिएको र सोधपुछको क्रममा पक्राउ गर्ने अन्य उपाय अवलम्बन नगरी वढी शक्तिको प्रयोग गरी फायर खोलिएको देखिएकोले को.अ.ई.ले कोर्ट मार्शल गर्न सिफारिश गरिएको र कोर्टमार्शलबाट निज सहायक सेनानीले वढी शक्तिको प्रयोग गरेको पाइएकोले निजलाई ३ महिना कैद, १ वर्ष बढुवा रोक्का गर्ने फैसला गरेको जानकारी शाही नेपाली जङ्गी अड्डा कार्यरथी विभाग भद्रकालीको प.सं. १४६४४।३।ए। ०६२।६३।७८ मिति ०६२।९।४ को पत्रबाट प्राप्त।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६६**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्ण प्रसाद भनिने गोविन्द प्रसाद सिंखडा गुम्दी-८ फलाङ्गे, धादिङ्ग।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६२।१।२७ मा धादिङ्ग जिल्ला गुम्दी गा.वि. स. वडा नं. ८ फलाङ्गे घर भई स्थानीय पञ्चकन्या प्रा.वि.मा कार्यरत शिक्षक कृष्ण प्रसाद सिंखडालाई संयुक्त सुरक्षाफौजको टोलीले पक्राउ गरी मिति २०६२।१।२८ गते घर नजिकको जंगलमा लगी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीमाथि कार्वाही गरीपाउँ भनी मिति २०६२।२।२ गते HRERLIC Nepalले आयोगमा दर्ता गरेको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** त्यस्तो कसुर को कसबाट भएको हो ? पत्ता लगाई कानून बमोजिम सजाय गर्न तथा मृतकका आश्रित परिवारको भरणपोषणको लागि रू. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन समेत श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६२।४।४ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २९३६ संरक्षण ४७६ मिति २०६२।४।४ मा आयोगको निर्णय कार्यान्वयनको लागि प्रममपका लाई सिफारिश गरी पत्राचार गरिएको।

च.नं. ५५४ मिति २०६२।६।१३ मा पीडित परिवार मुना सिम्खडालाई आयोगको निर्णयको सम्बन्धमा जानकारी दिइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १२५, मिति २०६२।९।२२ मा प्र.म.प.को कार्यालयबाट प्राप्त पत्रसाथ संलग्न शाही नेपाली जंगी अड्डा मानव अधिकार शाखाको प.सं. १४६४४।३।ए।०६२।०६३।८ को प्रतिक्रिया पत्र प्राप्त। सो बमोजिम निज आतंककारी समूहको रहेको भनी उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६७**

१. **पीडितको नाम, थर र ठेगाना** रमा अधिकारी, टाघनडुब्बा-७ कामाटोली, झापा।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६२।३।१९ गते झापा जिल्ला टाघनडुब्बा गा.वि.स. वडा नं. ७ कामाटोली वजार बस्ने वर्ष ३८ की रमा अधिकारीलाई सुरक्षाकर्मीहरूले पक्राउ गरी गोली प्रहार गरी हत्या गरेकोले दोषी उपर कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६२।३।१९ मा क्षेत्रीय कार्यालय विराटनगरमा उजूरी प्राप्त।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानूनी कार्वाही गर्न तथा पीडितका हकवाला परिवारलाई रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६२।४।१८ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३२०७ संरक्षण ४७९ मिति २०६२।६।४ को पत्र मार्फत निर्णय कार्यान्वयनको लागि सिफारिश सहित प्रममपकालाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** निज सहायक सेनानीले बढी शक्तीको प्रयोग गरेको पाइएकोले निजलाई ३ महिना कैद, १ वर्ष वढुवा रोक्का गर्ने र रु. २५,०००।- रमा अधिकारीको हकवालालाई क्षतिपूर्ति स्वरुप उपलब्ध गराउने फैसला गरेको जानकारी शाही नेपाली जङ्गी अड्डा, कार्यरथी विभागको प.सं. १४६४४।३।ए।६२।६३।७८ मिति २०६२।९।४ को पत्र प्राप्त।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ६८**

१. **पीडितको नाम, थर र ठेगाना** रंगलाल धिमाल, राजघाट-२, मोरङ्ग।

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ्ग जिल्ला राजघाट गा.वि.स. वडा नं. २ बस्ने मानसिक सन्तुलन ठीक नभएको मृतक रंगलाल धिमाललाई धानको बीउ लिन ससुरालीतर्फ साइकलमा जाँदै गर्दा कानेपोखरीदेखि ३०० मी. दक्षिणमा शाही नेपाली सेनाले घेरा हाली गोली हान्दा मृत्यु भएकोले उक्त घटनाको आवश्यक अनुसन्धान गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराईपाउँ भनी मृतकको श्रीमती सुन्दरी धिमालले मिति २०६१।१२।९ गते आयोगमा दिएको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश निजलाई** पक्राउ गरिसकेपछि हत्या गरेको अनुसन्धानबाट देखिएकोले घटनामा संलग्न सुरक्षाकर्मीको पहिचान गरी लापरवाही गरी ज्यान मार्ने र पछि झुठ्ठा मुचुल्का बनाउने सुरक्षा कर्मचारीलाई कानून बमोजिम कार्वाही गर्न तथा मृतकका हकवालालाई रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को सरकार समक्ष सिफारिश गरी पठाउने मिति २०६२।५।२२ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट श्री प्र.म.म.प. को कार्यालयलाइ सिफारिश कार्यान्वयनको लागि पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको

च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ६९**

१. **पीडितको नाम, थर र ठेगाना** रामबाबु पटेल, लौकाहा-२, रौतहट

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६०।११।४ गते बिहान सुरक्षाफौजले रौतहट जिल्ला लौकाहा गा.वि.स. वडा नं. २ निवासी रामबाबु पटेललाई बिना कारण गोली हानी हत्या गरेकाले आयोगबाट थप अध्ययन गरी पीडित पक्षलाई न्याय दिलाई पाउँ भनी मिति २०६०।११।२९ मा नेपाल मानव अधिकार संगठनले आयोग समक्ष दिएको उजूरी निवेदन ।

४. **आयोगको निर्णय⁄सिफारिश** उक्त घटनामा संलग्न सुरक्षाकर्मीको पहिचान गरी दोषीलाई कार्वाही गरी सजाय गर्नुका साथै मृतकका हकवालालाई रू. १,००,०००।- क्षतिपूर्ति दिलाउन श्री ५ को सरकारलाई सिफारिश गर्ने मिति २०६२।६।७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १५५५ संरक्षण १०९९ मिति २०६२।१०।३ मा आयोगको निर्णय कार्यान्वयनको लागि प्रममपका लाई सिफारिश गरी पठाइएको ।

च.नं. ११०९ मिति २०६२।१०।३ मा नेपाल मानव अधिकार संगठनलाई आयोगको निर्णयबारे जानकारी गराईएको साथै सो निर्णयको जानकारी पीडित परिवारलाई पनि दिन भनी पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ३६०, मिति २०६५।१०।२० को पत्र बमोजिम निजलाई रू. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउने निर्णय सहित ड्राफ्ट पठाएको पत्रबाट जानकारी प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. २,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको, दोषी सुरक्षाकर्मीलाई कार्वाही गर्न को.अ.इ. बोर्ड र प्रहरी प्रधान कार्यालयलाई जिम्मा दिइएको र क्षतिपूर्ति रकम दोहोरो दिएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ७०**

१. **पीडितको नाम, थर र ठेगाना** चक्रराज जोशी, मान्नाकापडी-१, डोटी ।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** डोटी जिल्ला मान्नाकापडी गा.वि.स वडा नं. १ बराल गाउँ घर भई कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ८ अनामनगरमा आफ्नै भाई मिन कुमार जोशीको घरमा बस्दै आएका वर्ष ३७ का चक्रराज जोशीलाई मिति २०६१।८।२७ गते विहान करीव ८:३० वजे सादा पोशाकका सुरक्षाकर्मीहरूले पक्राउ गरी ४/५ सय मिटर टाढा देवरियाको जंगलमा लगि हत्या गरेकाले पीडितलाई क्षतिपूर्ति र दोषीलाई कानून बमोजिम कार्वाही गरीपाउँ भनी इन्सेक क्षे.का. धनगढीका संयोजक खड्गराज जोशीले मिति २०६१।०८।२९ गते टेलिफोन मार्फत आयोगमा दिएको उजूरी निवेदन ।

४. **आयोगको निर्णय⁄सिफारिश** त्यस्तो कसुरको कसबाट भएको हो? पत्ता लगाई दोषीलाई कानून बमोजिम कार्वाही गर्न तथा मृतकको परिवारलाई रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन समेत श्री ५ को सरकारलाई सिफारिश गर्ने मिति २०६२।७।३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४५ संरक्षण ११०२ मिति २०६२।१०।३ मा आयोगको निर्णय कार्यान्वयनका लागि प्रममपका लाई पत्राचार गरी रक्षा मन्त्रालय, गृह मन्त्रालयलाई बोधार्थ दिइएको ।

६. **कार्यान्वयनको स्थिति** प्रममपका को च.नं. १६७ मिति २०६२।१०।२३ मा आयोगको निर्णय कार्यान्वयनको लागि रक्षा मन्त्रालयलाई पठाइएको बोधार्थ पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को

च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ७१**

१. **पीडितको नाम, थर र ठेगाना** भिमप्रसाद पौडेल, शरणामति-४ भृकुटीचोक, झापा।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** झापा जिल्ला शरणामति गा.वि.स. वडा नं. ४ भृकुटीचोक बस्ने वर्ष ४३ का भिमप्रसाद पौडेललाई मिति २०६२।३।११ गते सुरक्षाफौजले निसस्त्र अवस्थामा पक्राउ गरी गोली हानी मारिएकोले आवश्यक कार्वाही अगाडि वढाउन मिति २०६२।४।९ मा प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानूनी कार्वाही गर्न तथा पीडितका हकवाला परिवारलाई रू. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को सरकारलाई सिफारिश गरी पठाउने मिति २०६२।८।१४ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १७२२ मिति २०६२।१२।३ मा प्रममपका लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा रू. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ७२**

१. **पीडितको नाम, थर र ठेगाना** ईश्वर ढुङ्गाना, लेटाङ्ग-७, मोरङ्ग।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ्ग जिल्ला लेटाङ्ग गा.वि.स. वडा नं. ७ घर भएका माओवादी कार्यकर्ता प्रभात भनिने ईश्वर ढुङ्गानालाई मिति २०६२।२।२ गते सुनसरी जिल्ला चाँदवेला गा.वि.स. वडा नं. ७ मा सुरक्षाकर्मीहरूले पक्राउ गर्न सकिने अवस्था हुँदाहुँदै गोली हानी मारेकाले आयोगको स्वविवेकमा मिति २०६२।२।६ मा कार्वाही अगाडि वढाइएको।

४. **आयोगको निर्णय/सिफारिश** जिम्मेवार सुरक्षाकर्मीलाई पत्ता लगाई आवश्यक कार्वाही गर्न तथा पीडितका हकवाला परिवारलाई रू. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को सरकारलाई सिफारिश गर्ने मिति २०६२।८।१४ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १७०३ मिति २०६२।१२।३ मा प्रममपका लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रू. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ७३**

१. **पीडितको नाम, थर र ठेगाना** शिवहरि अछामी, भटौली-२, रामेछाप

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** रामेछाप जिल्ला भटौली गा.वि.स. वडा नं. २ मुशिटार निवासी शिवहरि अछामीलाई मिति

२०५८।९।२६ गते दिउँसो ३:०० बजे ढिकुटी २, देवीथानमा शाही नेपाली सेनाले गोली हानी हत्या गरेकोले दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०५९।८।२६ गते आयोगमा प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** मृतकका आश्रित परिवारलाई रू. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६२।८।१४ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १७२१ मिति २०६२।१२।३ मा प्रममपका लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको मिति०६३।११।२८ च.नं. १६६ को पत्र मार्फत रू. १,००,०००।- क्षतिपूर्ति प्रदान गरिसकेको व्यहोराको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ७४**

१. **पीडितको नाम, थर र ठेगाना** किर्तिमान थापा, कोटदरवार-४ आँपथोक, तनहुँ।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** तनहुँ जिल्ला कोटदरवार गा.वि.स. वडा नं. ४ आँपथोक बस्ने किर्तिमान थापालाई सुरक्षाकर्मीहरूले मारेकाले आवश्यक कार्वाही अगाडि वढाउन अनुरोध गर्दै आयोगमा मिति २०६२।३।१४ मा गरेको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** जिम्मेवार सुरक्षाकर्मीलाई पत्ता लगाई आवश्यक कार्वाही गर्न तथा मृतकका आश्रित परिवारलाई रू. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६२।१०।४ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १७२३ मिति २०६२।१२।३ मा प्रममपका लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रू. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ७५**

१. **पीडितको नाम, थर र ठेगाना** नारायण प्रसाद श्रेष्ठ, राम्जाकोट-१ कुमालखोला, तनहुँ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** तनहुँ जिल्ला राम्जाकोट गा.वि.स. वडा नं. १ कुमालखोलामा मिति २०६२।२।६ गते नेकपा माओवादीका कार्यकर्ता वर्ष ३० का नारायण प्रसाद श्रेष्ठलाई सुरक्षाफौजले निशस्त्र अवस्थामा मारेकाले आवश्यक कार्वाही अगाडि वढाउन मिति २०६२।३।१४ मा आयोगमा प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** जिम्मेवार सुरक्षाकर्मी पत्ता लगाई आवश्यक कार्वाही गर्न तथा मृतकका आश्रित परिवारलाई रू. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को सरकारलाई सिफारिश गर्ने मिति २०६२।१०।४ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १७०३ मिति २०६२।१२।३ मा प्रममपका लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा रू. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ७६**

१. **पीडितको नाम, थर र ठेगाना** मृतकहरू देवराज अधिकारी, महेन्द्र राई तथा राजेन्द्र मादी लिम्बु र घाइतेहरू डिलकुमारी कुरुङ्गवाङ्ग र मानकुमारी योङ्गहाङ्ग तथा आर्थिक क्षतिहुने खिमकुमारी लिम्बु र विर वहादुर लिम्बु जाँते-२, मोरङ्ग (जाँते घटना)

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ्ग जिल्ला जाँते गा.वि.स. वडा नं. २ स्थायी घर भै स्थानीय जाँते मा.वि.मा कक्षा ७ मा अध्ययनरत देवराज अधिकारी, कक्षा ९ मा अध्ययनरत महेन्द्र राई तथा सोही स्थान बस्ने राजेन्द्र मादी लिम्बुलाई मिति २०६१।११।२ गते श्रीपञ्चमीको दिन सरस्वती पूजाको लागि तेली खोलामा नुहाई घर फर्कने क्रममा विद्यालय नजिकै बाटोमा सुरक्षाकर्मी तथा माओवादी विच भएको दोहोरो भिडन्तमा परी सुरक्षाकर्मीले चलाएको गोली लागि मृत्यु भएको भन्ने घटनाको सम्बन्धमा आयोग समक्ष दिएको मिति २०६१।११।१३ को उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** सो घटनामा दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्नुको साथै मृतकका परिवारलाई क्षतिपूर्ति स्वरुप जनही रु. १,५०,०००।- उपलब्ध गराउने, सो घटनामा परी घाइते भएका डिलकुमारी कुरुङ्गवाङ्ग र मानकुमारी योङ्गहाङ्गको निःशुल्क उपचारको व्यवस्था गर्ने तथा भिडन्तबाट खिमकुमारी लिम्बु र विर वहादुर लिम्बुको घरका सामान तथा चौपाया मरेको भन्ने देखिंदा निरिक्षण गरी क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को सरकारलाई सिफारिश गरी पठाउने तथा विद्यालयमा सशस्त्र गतिविधि सञ्चालन गरी द्वन्द्वमा असंलग्न पक्षलाई प्रभावित नपार्न नेकपा (माओवादी) लाई आव्हान गर्ने मिति २०६२।११।५ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३३ संरक्षण १८३९ मिति २०६२।१२।१० मा प्रममपका लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रू. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ७७**

१. **पीडितको नाम, थर र ठेगाना** मनोज भन्ने चन्द्रवहादुर बस्नेत, सिजुवा, मोरङ्ग।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. स्थित धनकुटा लजमा बसिरहेका स्थानीय सिजुवा गा.वि.स. शान्तिनगर गाउँ स्थायी घर भै सोही गा.वि.स. मा कार्यरत कर्मचारी वर्ष ३३ का मनोज भन्ने चन्द्रवहादुर बस्नेतलाई मिति २०६२।५।८ गते सुरक्षाकर्मीले आफ्नो कब्जामा लिइसकेपछि अत्यधिक शक्तिको प्रयोग गरी हत्या गरेको घटनाको सम्बन्धमा आयोगको स्वविवेकमा मिति २०६२।५।१२ मा कार्वाही अगाडि वढाइएको।

४. **आयोगको निर्णय/सिफारिश** सो घटनामा संलग्न दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्नुको साथै पीडितका आश्रित परिवारलाई भरपोषणको लागि रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को सरकारलाई सिफारिश गरी पठाउने मिति २०६२।११।५ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३२२ संरक्षण १८३६ मिति २०६२।१२।१० मा प्रममपका लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. २५० मिति २०६२।१२।३१ गते आयोगको निर्णय कार्यान्वयन सम्बन्धी सम्बन्धित निकायमा पत्राचार गरेको पत्रको बोधार्थ पत्र प्राप्त।

   च.नं. १६६ मिति २०६३।११।२८ गते गृह मन्त्रालयबाट मिति २०६३।११।३ को निर्णयानुसार निज चन्द्रवहादुर बस्नेतका परिवारलाई रू. १,००,०००।- क्षतिपूर्ति प्रदान गरिएको भन्ने जानकारी प्राप्त।

   प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रू. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी

पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ७८**

१. **पीडितको नाम, थर र ठेगाना** नगरकोट-६, चिहानडाँडा स्थित कालीदेवी मन्दिरको घटना

मृतकहरूको नाम, ठेगाना र उमेर

| क्र.सं. | नाम | ठेगाना | उमेर, लिङ्ग |
|---|---|---|---|
| १. | भगवान तामाङ्ग | नगरकोट ७, भक्तपुर | अन्दाजी वर्ष ३५, पुरुष |
| २. | आइते ताामाङ्ग | ऐ.ऐ. | ऐ.ऐ. |
| ३. | रामलाल नगरकोटी | ऐ.ऐ. | ऐ.ऐ. |
| ४. | नानु नगरकोटी | ऐ.ऐ. | अन्दाजी वर्ष १८, महिला |
| ५. | मया तामाङ्ग | ऐ.ऐ. | अन्दाजी वर्ष २२, महिला |
| ६. | सुजन श्रेष्ठ | होटल क्लव हिमालय | अन्दाजी वर्ष ३०, पुरुष |
| ७. | रामप्रसाद पन्त | होटल स्पेश माउण्टेन प्रा.ली. नगरकोट | अन्दाजी वर्ष २७, पुरुष |
| ८. | काले तामाङ्ग | नगरकोट ९ | अन्दाजी वर्ष ३०, पुरुष |
| ९. | निरु तामाङ्ग | नगरकोट ७ | अन्दाजी वर्ष २०, महिला |
| १०. | धमाई लामा | नगरकोट ४ | अन्दाजी वर्ष २५, महिला |
| ११. | दीपक तामाङ्ग | नगरकोट ५ | अन्दाजी वर्ष १८, पुरुष |

घाइतेहरूको नाम, थर र ठेगाना

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १. | गोपाल पहारी | पनौति १२, काभ्रे |
| २. | राजु लामा | देवपुर १, काभ्रे |
| ३. | निरज तामाङ्ग | नाल्दुम ८, काभ्रे |
| ४. | राजकुमार गुरुङ्ग | नगरकोट ७, भक्तपुर |
| ५. | रामकुमार नगरकोटी | नगरकोट ९, भक्तपुर |
| ६. | फुच्ची तामाङ्ग | नगरकोट ९, भक्तपुर |
| ७. | रामभक्त नगरकोटी | नगरकोट ९, भक्तपुर |
| ८. | भीमबहादुर तामाङ्ग | नगरकोट ९, भक्तपुर |
| ९. | पुर्नी तामाङ्ग | नाल्दुम ८, काभ्रे |
| १०. | जगतबहादुर तामाङ्ग | नगरकोट भक्तपुर |
| ११. | रमा पहारी | पनौति १२, काभ्रे |
| १२. | कृष्णबहादुर तामाङ्ग | नगरकोट ९, भक्तपुर |
| १३. | कालु तामाङ्ग | नगरकोट ४, भक्तपुर |
| १४. | सुकलाल नगरकोटी | नगरकोट भक्तपुर |
| १५. | विजय थिङ्ग | नगरकोट भक्तपुर |
| १६. | सपना लामा | नगरकोट ५, भक्तपुर |
| १७. | लक्ष्मी नगरकोटी | नगरकोट ७, भक्तपुर |
| १८. | निरज नगरकोटी | नगरकोट ७, भक्तपुर |
| १९. | विमला तामाङ्ग | नगरकोट ९, भक्तपुर |

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६२।८।२९ गते राती ११:३० वजे भक्तपुर जिल्लाको नगरकोट गा.वि.स. वडा नं. ६

चिहानडाँडा स्थित कालीदेवी मन्दिरमा शाही नेपाली सेनाका एक सिपाही वासुदेव थापाले सर्वसाधारण ११ जनाको हत्या गरेको सम्बन्धमा आयोग स्वयंको सक्रियतामा मिति २०६२।८।३० मा उजूरी ग्रहण गरी कार्वाही अगाडि बढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** मिति २०६२।११।१६ मा श्री ५ को सरकारलाई निम्नानुसारको सिफारिश गर्ने निर्णय भएको

- मृतक सिपाहीले सरुवा भैसकेपछी आफ्नो जिम्माको हातहतियार सैनिक शिक्षालयमा बुझाईसकेको भनिएको भएपनि घटना भएको रात सादा पोशाकमा गोली सहितको हतियार शिक्षालयबाट सहजै अनियन्त्रित ढंगले बाहिर निकाल्नुले शिक्षालयको हतियार व्यवस्थापन तथा अनुशासन पक्ष अत्यन्त कमजोर रहेको देखिंदा त्यस्तो लापरवाहीको जिम्मेवारी शिक्षालयका कमाण्डरकै हुने यस आयोगको ठहर भएकोले सो शिक्षालयका जिम्मेवार सैनिक कमाण्डरलाई आवश्यक कार्वाही गरी त्यसको जानकारी आयोगलाई उपलब्ध गराउन र आगामी दिनमा यस्ता घटना दोहोऱ्याउन नदिन के कस्तो व्यवस्था गरिएको छ सो बारेमा समेत जानकारी गराउन,
- सिपाही वासुदेव थापाको लाश भएको स्थान र निजले चलाएको भनिएको राइफल भेटिएको दुरी टाढा हुनु लगायत अन्य हर्कतहरूको बारेमा आशंका देखिएकोले सो विषयमा अनुसन्धान गर्ने निकायबाट थप अनुसन्धान गरी वास्तविक तथ्य जानकारीमा ल्याउन,
- मृतकका परिवार तथा घाइतेहरूलाई श्री ५ को सरकारले समयमै क्षतिपूर्ति उपलब्ध गराउनका लागि देखाएको तदारुकता सकारात्मक भएता पनि वालवालिकाहरूको लागि निःशुल्क शिक्षाको उचित व्यवस्था गर्न तथा घाइतेहरूको निशुःल्क तथा प्रभावकारी उपचारको लागि आवश्यक व्यवस्था गर्न,
- यसप्रकारका घटना दोहोरिन नदिन नियमित रुपमा स्थानीय क्षेत्रमा लाग्ने विभिन्न मेला, पर्व, जात्रा जस्ता मानिसहरू भेला हुने क्षेत्रमा शान्ति सुरक्षा कायम गर्न स्थानीय प्रशासनबाट आवश्यक व्यवस्था मिलाउन ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १५६३ मिति २०६२।११।१७ मा आयोगको निर्णय कार्यान्वयनको लागि श्री प्रममपका लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** कार्यरथी विभाग, मानव अधिकार निर्देशनालय जंगी अड्डाको मिति २०६५।०५।०५ को पत्रानुसार निम्नानुसारको सिफारिश कार्यान्वयन भएको जानकारीको व्यहोरा अनुरोध भइ आएको ।

- तत्कालीन प्रतिनिधिसभाबाट सांसद परि थापाको संयोजकत्वमा गठित संसदिय छानवीन समितिको प्रतिवेदन अनुसार आफ्नो कर्तव्य सही रुपमा निर्वाह नगरेको कसूरमा सैनिक ऐन २०६३ बमोजिम उक्त शिक्षालयका तत्कालीन पति तथा अन्य अधिकृत पदिक समेतलाई विभागीय कार्वाही गरिएको, प्र.से. लगायत ११ जना सैनिक व्यक्तिहरूलाई अन्यत्र सरुवा गरिएको, तत्कालीन कार्य हुद्दा र अम.लाई क्रमश ८ महिना २९ दिन र ९ महिना २ दिन कैद गरी दुवैलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाइएको
- तत्काल राहत स्वरुप मृतकका परिवारलाई रु. १,५०,०००।- प्रति परिवार उपलब्ध गराइएको
- स्थानीय प्रशासन (विभिन्न जि.वि.स. तथा गा.वि.स. कार्यालयहरू) को तर्फबाट प्रति मृतक रु. ३९,००५।- र प्रति घाइते रु.८,५०५।- का दरले उपलब्ध गराईएको ।
- मन्दिर पुनःनिर्माणको लागि नेपाली सेना तथा शिक्षालयको तर्फबाट जिन्सी तथा नगद सहायता प्रदान गरिएको साथै १६ जना स्थानीय घाइतेहरूलाई वीरेन्द्र सैनिक अस्पताल, छाउनीमा उपचार गराएको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ७९**

१. **पीडितको नाम, थर र ठेगाना** नाथु प्रसाद चौधरी र राम किसुन यादव, मानमटेरिया-३ मधुवनी, रुपन्देही

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** रुपन्देही जिल्ला मानमटेरिया गा.वि.स. वडा नं. ३ मधुवनी निवासी वर्ष ३५ का नाथु प्रसाद चौधरी र रामकिसुन यादवलाई मिति २०६१।०६।२७ गते सुरक्षा कारवाहीमा मारिएको भनिएको घटनाको सम्बन्धमा आयोगमा मिति २०६२।७।१३ मा उजूरी निवेदन प्राप्त ।

४. **आयोगको निर्णय/सिफारिश** उक्त घटनामा संलग्न दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्नुको साथै पीडितका

आश्रित परिवारलाई जनही रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को सरकारलाई सिफारिश गरी पठाउने भन्ने मिति २०६२।११।१६ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २२४३ संरक्षण २०२६ मिति २०६३।१।१५ मा प्रममपकालाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ८०**

१. **पीडितको नाम, थर र ठेगाना** प्रेम वहादुर खड्का, आम्ले-३, सिन्धुली।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** सिन्धुली जिल्ला आम्ले गा.वि.स. वडा नं. ३ सिम्ले निवासी वर्ष ३७ का प्रेम वहादुर खड्कालाई मिति २०६१।२।२३ गते राती स्थानीय सिम्ले खोलामा माछा मार्दै गर्दाको अवस्थामा सुरक्षाफौजले शंकाको भरमा अत्यधिक शक्तिको प्रयोग गरी हत्या गरेकाले आवश्यक कार्वाही अगाडि बढाउन मिति २०६१।२।३२ मा आयोगमा प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** सो घटनामा संलग्न दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्नुको साथै पीडितका आश्रित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराएको जानकारी आयोगमा उपलब्ध गराउन श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६२।११।१६ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १८२२ संरक्षण १८३८ मिति २०६२।१२।१० मा प्रममपका लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा रू. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ८१**

१. **पीडितको नाम, थर र ठेगाना** दयाराम परियार (रा.मा.अ.आ. सम्पर्क कार्यालय, जनकपुर) र रामचन्द्र यादव, जनकपुर।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६२।१२।११ गते साँझ करीब ६:३० वजे जनकपुर न.पा.को जनकचोकमा प्रहरीद्वारा चलाइएको गोलीबाट रा.प्र.पा. कार्यकर्ता रामचन्द्र यादवको तत्काल मृत्यु भएको र राष्ट्रिय मानव अधिकार आयोगको सम्पर्क कार्यालय, जनकपुरमा कार्यरत मानव अधिकार सहायक दयाराम परियारको उपचारको क्रममा त्रि.वि. शिक्षण अस्पताल, महाराजगन्जमा ४ दिनपछि चैत्र १५ गते विहान २:१५ बजे मृत्यु भएको सम्बन्धमा आयोगको स्वविवेकमा मिति २०६२।१२।१२ मा कार्वाही अगाडि वढाइएको।

४. **आयोगको निर्णय/सिफारिश** मिति २०६२ चैत ११ गते साँझ करीव ६:३० बजे जनकपुर नगरपालिकाको जनकचोकमा गोली चलेको घटनाका सम्बन्धमा सम्बन्धमा आयोगको टोलीले गरेको अनुसन्धानबाट निम्न तथ्यहरू देखिन आएका छन्ः

क) गोली लागेको कारण रा.प्र.पा. कार्यकर्ता रामचन्द्र यादवको ततकाल मृत्यु भएको थियो भने राष्ट्रिय मानव अधिकार आयोगको सम्पर्क कार्यालय, जनकपुरमा कार्यरत मानव अधिकार सहायक दयाराम परियारको उपचारको क्रममा त्रि.वि. शिक्षण अस्पताल, महाराजगञ्जमा ४ दिनपछि चैत १५ गते विहान २:१५ बजे मृत्यु भयो।

ख) गोली जनकपुरकै मुजेलियाबाट जिल्ला प्रहरी कार्यालयतर्फ आउँदै गरेको प्रहरीको डफ्फामा रहेका ४ जना प्रहरीले

चलाएको अनुसन्धानले देखाएको छ। प्रहरीले गोली अन्धाधुन्ध रुपमा चलाएको देखिन्छ।

ग) यसरी अकारण चलाएको गोलीबाट हताहत हुँदासम्म उक्त टोलीका प्रमुख प्रहरी निरीक्षक श्री प्रकाशराज शर्मा र उनको टोलीले के कति अति भयो भन्ने कुराको जानकारी लिने र तत्काल उद्दार पुऱ्याउनेतर्फ सम्भव प्रयास गरेको देखिएन।

उपर्युक्त तथ्यका आधारमा आयोगको मिति २०६२।१२।२० को बैठकको निर्णयानुसार श्री ५ को सरकारलाई निम्नलिखित सिफारिश गरिन्छ :

गोली चलाउनुपर्ने अपरिहार्य अवस्था नदेखिएको अवस्थामा ज्यान समेत जाने गरी गोली चलाउनु साथै मृतक र घाइतेको स्थिति जान्ने, उद्दार गर्ने तुरुन्त प्रयास नगर्नु भनेको लापरवाही मानव अधिकार एवं मानवीय कानूनको घोर उल्लंघन हो। तसर्थ, राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ मा उल्लेखित आधारहरूलाई ध्यानमा लिई

मृतक रामचन्द्र यादव र दयाराम परियारको परिवारलाई जनही रु. २,५०,०००।– क्षतिपूर्ति उपलब्ध गराउन, गोली चलाई ज्यान लिने प्रहरी कर्मचारीलाई फौजदारी अभियोगमा कार्वाही चलाउन आवश्यक अनुसन्धान तुरुन्त शुरु गर्ने साथै यस किसिमको घटना दोहोरिन नदिन प्रहरीले चाहिने सतर्कता अपनाउनको लागि आवश्यक व्यवस्था मिलाउन।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १९०१ मिति २०६२।१२।२३ मा निर्णय कार्यान्वयन गर्न प्रममपका लाई सिफारिश गरी पठाइएको।

आयोगको च.नं. ३५२६ (क) संरक्षण १९८८ मिति २०६३।१।११ मा निर्णय कार्यान्वयन गर्न प्रममपका लाई ताकेता पत्र पठाइएको

आयोगको च.नं. ३५२६ संरक्षण २२७२ मिति २०६३।२।२३ मा मृतकका परिवारले क्षतिपूर्ति पाए नपाएको तथा चारजना प्रहरी कर्मचारीलाई फौजदारी कार्वाही चलाउने सम्बन्धमा के भईरहेको छ भन्ने सम्बन्धमा ७ दिनभित्र जवाफ पठाउन गृह मन्त्रालयलाई पत्राचार गरिएको।

आयोगको च.नं. ३५२६ (क) संरक्षण २२८४ मिति २०६३।२।२५ मा निर्णय कार्यान्वयन गर्न प्रममपका लाई पुनः ताकेता पत्र पठाइएको।

आयोगको च.नं. ३५२६ संरक्षण २५६५ मिति २०६३।३।३० मा जानकारी माग गरी गृह मन्त्रालय मानव अधिकार इकाइमा पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको मिति०६३।११।२८ च.नं. १६६ को पत्र मार्फत जनही रु. २,५०,०००।- क्षतिपूर्ति प्रदान गरिसकेको व्यहोराको पत्र प्राप्त।

च.नं. २७२ मिति २०६५।३।३ मा प्रममपकाले जानकारी उपलब्ध गराइदिने सम्बन्धमा गृह मन्त्रालयलाई ताकेता पत्र पठाएको पत्रको बोधार्थ प्राप्त।

च.नं. १४३, मिति २०६५।३।३१ मा गृह मन्त्रालयबाट आयोगको ठहर कार्यान्वयन सम्बन्धमा शा.पु.नि.म.लाई पठाएको पत्रको बोधार्थ प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ८२**

१. **पीडितको नाम, थर र ठेगाना** उमेश थापा, वरौंला, प्युठान र घाइते कृष्ण बहादुर गिरी, धर्ना-४, दाङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** प्युठान जिल्ला वरौंला गा.वि.स. घर भई दाङ्ग जिल्ला त्रिभुवन नगरपालिका वडा नं. ११ घोराहीमा प्रेश संचालन गर्दै आएका उमेश थापालाई मिति २०६२।१०।२६ गतेका दिन तुल्सिपुर चोकमा गणेश हल लाइनबाट आई शान्ति र प्रजातन्त्र प्राप्तिको लागि कोणसभा गरी सकिएपछि अन्य ३ जना साथीहरूसँग गणेश हल लाइन हुँदै पुरानो नेपाल बैंक लिमिटेडको दक्षिणतर्फ आइरहेको समयमा सुरक्षाकर्मीद्वारा गोली हानी मारेकाले आवश्यक

अनुसन्धान गरी दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइपाऊँ भनी मिति २०६२।१०।२७ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी कार्वाही गर्न तथा मृतकको परिवारलाई क्षतिपूर्ति स्वरुप रु. २,००,०००।- उपलब्ध गराउन र घाइते कृष्ण गिरीको निःशुल्क उपचारको व्यवस्था गर्न तथा उपचारको क्रममा भएको खर्चको शोध भर्ना राज्यले उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने आयोगको मिति २०६३।२।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २५६६ मिति २०६३।३।३२ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयनको लागि पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** आयोगको सिफारिशमा आवश्यक कार्वाही गरी जानकारी उपलब्ध गराउन रक्षा मन्त्रालय तथा गृह मन्त्रालयलाई पत्राचार गरिएको प्रममपका को च.नं. ९ मिति २०६३।४।९ को बोधार्थ पत्र प्राप्त ।

जि.प्र.का. प्युठानको मिति २०६४।१०।९ गते रु. १०,१५,०००।- राहत स्वरुप रकम उपलब्ध गराएको जानकारी प्राप्त ।

च.नं. १६ मिति २०६५।४।२२ को रक्षा मन्त्रालयको पत्र बमोजिम ०६२।६३ मा राजनैतिक आन्दोलनको दौरानमा घट्न गएको उक्त घटनाको सम्बन्धमा नेपाल सरकारले सर्वोच्च अदालतका भूतपूर्व न्यायाधीश कृष्णजङ्ग रायमाझीको अध्यक्षतामा गठित छानवीन समितिको प्रतिवेदन बमोजिम नेपाल सरकारले नेपाली सेनाको सम्बन्धित पतिलाई विभागीय सजाय गरेको व्यहोरा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ८३**

१. **पीडितको नाम, थर र ठेगाना** देवेन्द्र राई, देवान्टार-७ राघुन, भोजपुर ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** भोजपुर जिल्ला देवान्टार गा.वि.स. वडा नं. ७ राघुन घर भएका वर्ष २० का देवेन्द्र राईलाई मिति २०६२।९।२० गते भोजपुर जिल्लाको रानीबास गा.वि.स. वडा नं. ८ स्थित हतुवागडीबाट आएका संयुक्त सुरक्षाफौजले पक्राउ गरी सुरक्षा वेस क्याम्पमा राखिएकै अवस्थामा यातना दिएकोमा मिति २०६२।९।२१ गते मृत्यु भएकोले दोषीलाई कार्वाही गरी क्षतिपूर्ति पाऊँ भनी मिति २०६२।९।२६ मा आयोगमा प्राप्त उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी विशेष अनुसन्धान गरी दोषीलाई आवश्यक कानूनी कार्वाही गर्न तथा पीडितका परिवारलाई रु. २,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६३।२।२३ निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २५७१ मिति २०६३।३।३२ मा प्रममपका लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्रममपका को च.नं. ६ मिति २०६३।४।९ गते रक्षा तथा गृह मन्त्रालयलाई कारवाहीको लागि पठाइएको बोधार्थ पत्र प्राप्त ।

रक्षा मन्त्रालयको च.नं. ९५ मिति २०६५।४।२२ को पत्रानुसार सो घटनाका सम्बन्धमा नेपाली सेनाले समरी जनरल सैनिक अदालत गठन गरी दोषी ठहर भएका उपसेनानी १ जनालाई ४५ दिन सैनिक हिरासतमा कैद गरी सहायक सेनानी दर्जामा घटुवा गरिएको । साथै उक्त पोष्टका पोष्टपतिलाई कमाण्ड कन्ट्रोलमा कमी भएको कसुरमा दोषी ठहऱ्याई १ महिना कैद तथा ५ वर्ष बढुवा रोक्का भएको । त्यसै गरी सु.१ जनालाई १ महिना सैनिक हिरासतमा कैद गरी ४ वर्ष बढुवा रोक्का गरिएको व्यहोरा उल्लेख भइ आएको ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ८४**

१. **पीडितको नाम, थर र ठेगाना** प्रल्हाद भनिने प्रविण सत्याल, ठिङ्गन-२, मकवानपुर

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** मकवानपुर जिल्ला ठिङ्गन गा.वि.स. वडा नं. २ स्थायी बसोबास भई ललितपुर उप महानगरपालिका वडा नं. १५ सातदोवाटो बस्ने वर्ष २४ को प्रल्हाद भनिने प्रविण सत्याललाई मिति २०६०।६।२३ गते गस्तीमा आएका शाही नेपाली सेनाको टोलीले पक्राउ गरी कब्जामा लिइसकेपछि हत्या गरेकाले दोषीमाथि कार्वाही गरी उचित क्षतिपूर्ति पाउँ भनी आयोगमा मिति २०६०।६।२३ मा निजकी आमा मञ्जु सत्यालले उजूरीदर्ता गराउनु भएको ।

४. **आयोगको निर्णय/सिफारिश** त्यस्तो कसुर को कसबाट भएको हो? पत्ता लगाई दोषीलाई कानून बमोजिम कार्वाही गर्न तथा मृतकका परिवारलाई क्षतिपूर्ति स्वरुप रु. २,००,०००।- उपलब्ध गराउन श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६३।२।३० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २५६४ मिति २०६३।३।३२ मा प्रममपका लाई निर्णय कायान्वयनको लागि पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्र.म.म.प.को कार्यालयको च.नं. ७ मिति २०६३।४।११ को श्री रक्षा र श्री गृह मन्त्रालयलाई निर्णय कार्यान्वयनको लागि लेखिएको पत्र आयोगलाई बोधार्थ प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ८५**

१. **पीडितको नाम, थर र ठेगाना** पूर्ण श्रेष्ठ, मोहन खनाल, विदुर भट्टराई, दुर्गा राई, वेलवारी-६ तेलकुडी, मोरङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ्ग जिल्ला वेलवारी गा.वि.स. वडा नं. ६ तेलकुडी स्थित पूर्ण श्रेष्ठ, मोहन खनाल, विदुर भट्टराई, दुर्गा राईलाई मिति २०६२।६।२९ गते सुरक्षाकर्मीहरूले गोली हानी मारेकाले दोषीलाई कार्वाही गरी उचित क्षतिपूर्ति दिलाईदिन आयोगमा प्राप्त उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानूनी कार्वाही गर्न तथा मृतकहरूको पीडित परिवारलाई जनही रु. १,५०,०००।- क्षतिपूर्ति दिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६३।२।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको १७ मिति २०६३।४।३ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** आयोगको ठहर सिफारिशमा आवश्यक कार्वाही गरी जानकारी उपलब्ध गराउन रक्षा मन्त्रालय तथा गृह मन्त्रालयलाई पत्राचार गरिएको प्रममपका को च.नं. २४ मिति २०६३।४।९ को बोधार्थ पत्र प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ८६**

१. **पीडितको नाम, थर र ठेगाना** लिलाराज कट्टेल, चक्रतिर्थ-६, लमजुङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** लमजुङ्ग जिल्ला चक्रतिर्थ गा.वि.स. वडा नं. ६ निवासी लिलाराज कट्टेललाई मिति

२०५८।१२।१९ गते सुरक्षाकर्मीहरूले पक्राउ गरी कब्जामा लिइसकेपछि गोली हानी हत्या गरेकाले दोषीलाई कार्वाही गर्न तथा उचित क्षतिपूर्ति दिलाउन मिति २०५९।१।२४ मा आयोगमा प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानूनी कार्वाही गर्न तथा मृतकको पीडित परिवारलाई रु. १,००,०००।- क्षतिपूर्ति दिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६३।२।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १९ मिति २०६३।४।३ मा प्रमम‌पका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** आयोगको ठहर सिफारिशमा आवश्यक कार्वाही गरी जानकारी उपलब्ध गराउन रक्षा मन्त्रालय तथा गृह मन्त्रालयलाई पत्राचार गरिएको प्रमम‌पका को च.नं. २३ मिति२०६३।४।९ को बोधार्थ पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या - ८७**

१. **पीडितको नाम, थर र ठेगाना** होरिलाल राना, धनगढी-१०, कैलाली

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला धनगढी नगरपालिका वडा नं. १० घुईयाघाटमा दिसा बस्न गएका होरिलाल रानालाई मिति २०६२।१०।२६ गते सुरक्षाकर्मीहरूले गोली हानी हत्या गरेकाले दोषीलाई कार्वाही गरी उचित क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६२।१०।२७ मा आयोगमा प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** घटनाका दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानूनी कार्वाही गर्न तथा मृतकको पीडित परिवारलाई रु. २,००,०००।- क्षतिपूर्ति दिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६३।२।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३० मिति २०६३।४।५ मा प्रमम‌पका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्रमम‌पका को च.नं. ४१ मिति २०६३।४।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा पत्राचार गरिएको बोधार्थ पत्र।

नेपाली सेना कार्यरथी विभाग मानव अधिकार शाखाको मिति २०६३।८।१५को प.सं. १४६४४।३।ए।०६३।६४।१०३ को पत्र अनुसार कैलाली जिल्लाको हुइयाघाटमा निर्वाचन केन्द्रमा बम विष्फोटन गराउँदै गरेको समयमा चेतावनी दिंदा समेत वेवास्ता गरेकोले बाध्य भई निजमाथी गोली फायर गरेकोले निजको मृत्यु भएको र निजको साथबाट आ.इ.डी, डेटोनेटर, तार र व्याट्री बरामद गरेको भन्ने व्यहोराको पुष्ट्याइँ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या - ८८**

१. **पीडितको नाम, थर र ठेगाना** कुमार सिंह धामी, सिप्टि-२, दार्चुला

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** दार्चुला जिल्ला सिप्टि गा.वि.स. वडा नं. २ बस्ने शिवालिङ्ग प्रा.वि.का प्रधानाध्यापक कुमार सिंह धामीलाई मिति २०५९।३।२२ गते सुरक्षाकर्मीले तरकारी बारीमा काम गरिरहेको बेला पक्राउ गरी मिति २०५९।३।२३ गते गोली हानी मारेकाले आवश्यक छानवीन गरी पीडकलाई कार्वाही गरी पीडितका परिवारलाई उचित क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०५९।४।११ मा आयोगमा प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी कडा कानूनी कार्वाही गर्न तथा मृतकको पीडित परिवारलाई रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६३।२।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ने. १०९ संरक्षण ४३ मिति २०६३।४।७ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ३२ मिति २०६३।४।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा पत्राचार गरिएको बोधार्थ पत्र।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा निजका हकवालालाई रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ८९**

१. **पीडितको नाम, थर र ठेगाना** हितकला डाँगी र जयकला खत्री, महादेवपुरी-३, बाँके

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला महादेवपुरी गा.वि.स. वडा नं. ३ उदायनपुर निवासी ३३ वर्षीय जयकला खत्री र ३४ वर्षीय हितकला डाँगीलाई मिति २०६०।९।१ गते राती १:०० वजेको समयमा वागसाल स्थित आफ्नै गोठबाट सादा पोशाकमा आएका सुरक्षाकर्मीहरूले माओवादी कार्यकर्ताहरूको तालिम केन्द्र जाने बाटो बिर्सिएकाले देखाइदिन आफ्नो साथमा केही परसम्म लगि गोली हानी हत्या गरेकाले पीडकलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६०।९।२३ आयोगमा प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी कानूनी कार्वाही गर्न तथा मृतकहरूको परिवारलाई जनही रु. २,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६३।२।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ने. संरक्षण ४२ मिति २०६३।४।७ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्रममपका को च.नं. ३१ मिति २०६३।४।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा पत्राचार गरिएको बोधार्थ पत्र।

हितकला डाँगीका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९०**

१. **पीडितको नाम, थर र ठेगाना** मणिहाङ्ग राई खावा-९ चोलन्ती, भोजपुर

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** भोजपुर जिल्ला खावा गा.वि.स. वडा नं. ९ चोलन्ती बस्ने पशुपति मा.वि.मा कक्षा ८ मा अध्ययनरत मणिहाङ्ग राईलाई मिति २०६१।११।१० गते नेकपा माओवादीले अपहरण गरी लिएर जाँदै गर्दा सिद्धेश्वर गा.वि.स. को घट्टेखोला भन्ने ठाउँमा शाही नेपाली सेनाको गस्तीले नियन्त्रणमा लिई यातना दिई गोली हानी मारिएको हुँदा निश्पक्ष छानवीन गरीपाउँ भनी मिति २०६१।१२।५ मा मानव अधिकारका लागि नागरिक समाज भोजपुरले आयोगमा प्राप्त उजूरीदर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** पीडितको परिवारलाई रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६३।२।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. विराटनगर २९ संरक्षण ५३ मिति २०६३।४।७ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्रममपका को च.नं. ३० मिति २०६३।४।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि सम्बन्धित

निकायमा पत्राचार गरिएको बोधार्थ पत्र।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९१**

१. **पीडितको नाम, थर र ठेगाना** दुर्गा वहादुर राना, दर्छा-१, पाल्पा

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** पाल्पा जिल्ला दर्छा गा.वि.स. वडा नं. १ बस्ने दुर्गा वहादुर रानालाई मिति २०६२।२।२९ गते सोही गा.वि.स.को वडा नं. १ मा अवस्थित जन विकास उच्च मा.वि. रजघरामा रामवाण गुल्म स्याङ्जाबाट आई बसेका सुरक्षाफौज मध्ये सेन्ट्रिमा बसेका सुरक्षाकर्मीले गोली हानी मारेको घटना सम्बन्धमा आयोगको आफ्नै स्वविवेकमा उजूरी ग्रहण गरी कार्वाही अगाडि वढाइएको।

४. **आयोगको निर्णय/सिफारिश** त्यस्तो कसुर कुन अवस्थामा भएको हो आवश्यक अनुसन्धान गर्न तथा मृतकको आश्रित परिवारलाई रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६३।२।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. पोखरा संरक्षण ५२ मिति २०६३।४।७ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको मिति २०६३।११।२८ च.नं. १६६ को पत्र मार्फत रु. १,००,०००।- क्षतिपूर्ति प्रदान गरिसकेको व्यहोराको पत्र प्राप्त।

पीडित परिवारलाइ रु. २,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९२**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्णकाजी क्षेत्री र टुकवहादुर थापा रानीपोखरी-९ रिसिङ्ग पाटन, तनहुँ

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** तनहुँ जिल्ला रानीपोखरी गा.वि.स. वडा नं. ९ रिसिङ्ग पाटन बस्ने वर्ष १६ का कृष्ण काजी क्षेत्री, ऐ. बस्ने वर्ष १४ का टुकवहादुर थापालाई रिसिङ्ग पाटनको दुलेगौडा चौतारीमा लिंगे पिङ्ग खेलिरहेको अवस्थामा मिति २०५९।७।४ गते कोजाग्रत पूर्णिमाको दिन सुरक्षाफौजको टोलीले गोली हानी हत्या गरेकाले घटनाको अनुसन्धान गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई उचित क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०५९।८।५ मा आयोगमा प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी कार्वाही गर्न तथा मृतकहरूको आश्रित परिवारलाई जनही रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गरी पठाउने मिति २०६३।२।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५५८ संरक्षण ९२ मिति २०६३।४।९ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

पीडित परिवारलाइ रु. २,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९३**

१. **पीडितको नाम, थर र ठेगाना** मीन वहादुर नेपाली, गोठगाउँ-७, रामेछाप

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** रामेछाप जिल्ला गोठगाउँ गा.वि.स. वडा नं. ७ निवासी मीन वहादुर नेपालीलाई मिति २०५९।५।३१ गते आफ्नै घरमा बसिरहेको अवस्थामा सशस्त्र सुरक्षाफौजले पक्राउ गरी कब्जामा लिइसकेपछि गोठगाउँ तथा साँघुटार गा.वि.स.को सिमानामा पर्ने कमलवारीस्थित सल्लाघारीमा गोली हानी हत्या गरेकाले दोषीलाई कार्वाही गरी पीडितलाई उचित क्षतिपूर्ति दिलाई भराई पाउँ भनी आयोगमा मिति २०६२।८।५ मा निजकी छोरी सुन्तली नेपालीले दर्ता गराएको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानूनी कार्वाही गर्न तथा मृतकको पीडित परिवारलाई रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६३।२।३० को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ७ मिति २०६३।४।२ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयनको लागि पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९४**

१. **पीडितको नाम, थर र ठेगाना** कल्पना वन्जारा र विजुला वन्जारा, तान्द्राङ्ग-९, गोरखा

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** गोरखा जिल्ला तान्द्राङ्ग गा.वि.स. वडा नं. ९ की अ.ने.म.संघ (क्रान्तिकारी) की सहसचिव कल्पना वन्जारा र सोही ठाउँकी अखिल (क्रान्तिकारी) सचिव विजुला वन्जारालाई मिति २०६२।५।३० गते गोरखा जिल्ला मसेल स्थित तीनखण्डेमा सुरक्षाफौजले निशस्त्र अवस्थामा गोली हानी हत्या गरेकाले आयोगको स्वविवेकमा मिति २०६२।६।२ मा उजूरी ग्रहण गरी अनुसन्धान गरिएको।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानूनी कार्वाही गर्न तथा मृतकहरूको पीडित परिवारलाई जनही रु. १,००,०००।- क्षतिपूर्ति दिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६३।२।३० को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १६ मिति २०६३।४।२ मा प्रममपकालाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** आयोगको ठहर सिफारिशमा आवश्यक कार्वाही गरी जानकारी उपलब्ध गराउन रक्षा मन्त्रालय तथा गृह मन्त्रालयलाई पत्राचार गरिएको प्रममपका को च.नं. २५ मिति २०६३।४।९ को बोधार्थ पत्र प्राप्त।

पीडितका परिवारले पाउने गरी रु. १,००,०००।- क्षतिपूर्ति रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९५**

१. **पीडितको नाम, थर र ठेगाना** रुपा थारु, सरस्वती नि.मा.वि. जगातिया, वर्दिया

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** वर्दिया जिल्ला सरस्वती नि.मा.वि. जगातियामा कक्षा २ मा पढ्ने १२ बर्षिया रुपा थारुलाई मिति २०५९।४।५ गते राती ११ वजे आफ्नै घरमा सुतिरहेको अवस्थामा शाही नेपाली सेना र प्रहरीको संयुक्त गस्ती टोलीले

कब्जामा लिई घरदेखि ५० मिटर दक्षिण कुवाँचोकमा लगी गोली हानी मारेकाले दोषीलाई कार्वाही गरी उचित क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०५९।४।१३ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी कडा कानूनी कार्वाही गर्न तथा मृतकको पीडित परिवारलाई रु. २,००,०००।-क्षतिपूर्ति दिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६३।२।३० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको ३१ मिति २०६३।४।५ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्रममपका को च.नं. ३९ मिति २०६३।४।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा पत्राचार गरिएको बोधार्थ पत्र ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९६**

१. **पीडितको नाम, थर र ठेगाना** मृतकहरू राजेश कुर्मी, मन्सुरा देवी पन्थी र घाइते खुम वहादुर गन्धर्व, खुरहुरिया, कपिलवस्तु

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** कपिलवस्तु जिल्ला खुरहुरिया गा.वि.स.मा मिति २०६२।३।२४ गते नेकपा माओवादीले थापेको विद्युतिय धरापमा परी ट्याक्टर चालक राजेश कुर्मी सहित २ सुरक्षाकर्मीको मृत्यु भएको र घटना पश्चात सुरक्षाकर्मीको गोली लागि मन्सुरा देवी पन्थीको मृत्यु भएको र खुम वहादुर गन्धर्व घाइते भएको घटनाको आयोगको स्वविवेकमा उजूरी ग्रहण गरी कार्वाही अगाडि वढाइएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** मृतकको परिवारलाई रु. १,५०,०००।- तथा घाइतेको उपचार गराउँदा लागेको खर्च समेतको आधारमा रु. ६०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णयका साथै नेकपा (माओवादी) बाट सर्वसाधारणको आवागमन गर्ने सार्वजनिक स्थलमा विष्फोटक पदार्थ थाप्ने, छाड्ने कार्य जथाभावी रुपमा गरिएको पाइएकोले मानवियता विरुद्धका यस्ता कार्य नगर्न आव्हान गर्ने मिति २०६३।२।३० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २० मिति २०६३।४।३ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** आयोगको ठहर सिफारिशमा आवश्यक कार्वाही गरी जानकारी उपलब्ध गराउन रक्षा मन्त्रालय तथा गृह मन्त्रालयलाई पत्राचार गरिएको प्रममपका को च.नं. २२ मिति २०६३।४।९ को बोधार्थ पत्र प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

मृतकका परिवारले पाउने गरी रु. १,००,०००।- क्षतिपूर्ति रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ९७**

१. **पीडितको नाम, थर र ठेगाना** पुजा चैसिर, धनगढी-१, कैलाली

२. **उल्लंघनकर्ता** अज्ञात

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला धनगढी नगरपालिका वडा नं. १ बस्ने वर्ष ८ की बालिका पुजा चैसिरको मिति २०६२।२।७ गते राती १२:०० बजे घरमा सुतिरहेको अवस्थामा अज्ञात व्यक्तिले चलाएको गोली लागि मृत्यु भएकोले

आवश्यक अनुसन्धान गरी दोषीलाई कार्वाही गरी मृतकको परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६२।२।१७ मा आयोगमा प्राप्त उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** पीडित परिवारलाई रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराईसकेकोले केही गर्नु परेन, दोषीलाई आवश्यक अनुसन्धान गरी कार्वाही गर्न नेपाल सरकारलाई लेखी पठाउने मिति २०६३।२।३० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. नेपालगन्ज १९१ संरक्षण ५८ मिति २०६३।४।७ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको मिति०६३।११।२८ च.नं. १६६ को पत्र मार्फत रु. १,५०,०००।- क्षतिपूर्ति प्रदान गरिसकेको व्यहोराको पत्र प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९८**

१. **पीडितको नाम, थर र ठेगाना** हरिसिंह माल (बन्दी), जिल्ला कारागार शाखा, कञ्चनपुर

२. **उल्लंघनकता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर जिल्ला कारागार शाखामा मिति २०६१।८।२३ गते बन्दीहरू बीचको सामान्य विवादका कारण उत्पन्न भएको हल्लाको आधारमा सुरक्षाका लागि खटिएका प्र.ज. सुरेश थापाले अन्धाधुन्ध गोली चलाउँदा बन्दी हरिसिंह मालको मृत्यु भएको हुँदा दोषीमाथि कडा कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति दिलाई दिन आयोगमा मिति २०६१।८।२५ मा क्षेत्रिय दलित नेटवर्कले दर्ता गराएको उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न प्र.ज. सुरेश थापालाई कार्वाही गर्न तथा पीडित परिवारलाई रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६३।२।३० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. नेपालगन्ज १२ संरक्षण ५४ मिति २०६३।४।७ मा प्रममपकालाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्रममपका को मिति २०६३।४।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा पत्राचार गरिएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९९**

१. **पीडितको नाम, थर र ठेगाना** मोहनसिंह भुल प्रधानाध्यापक, जनज्योती प्रा.वि. जयगढ, अछाम

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** अछाम जिल्ला जनज्योती प्रा.वि. जयगढका प्रधानाध्यापक मोहनसिंह भुललाई मिति २०५९।५।२९ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले पक्राउ गरी कैलाशखोलामा निर्ममतापूर्वक मारेकाले अनुसन्धान गरी दोषीलाई कानूनी कार्वाही गर्न र पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०५९।१०।१७मा इन्सेकले आयोगमा दर्ता गराएको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषीलाई कार्वाही गरी पीडित परिवारलाई रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६३।३।६ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. नेपालगन्ज ६६२ संरक्षण ५५ मिति २०६३।४।७ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्रममपका को च.नं. ३४ मिति २०६३।४।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा पत्राचार गरिएको बोधार्थ पत्र।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. २,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १००**

१. **पीडितको नाम, थर र ठेगाना** लाटो भनिने अर्जुन महत, विजुलीकोट-८, रामेछाप

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** रामेछाप जिल्ला विजुलीकोट गा.वि.स. वडा नं. ८ निवासी वर्ष २७ का लाटो भनिने अर्जुन महतलाई मिति २०५९।६।२५ गते स्थानीय खाल्डे भीरमा घाँस काट्न गईरहेको अवस्थामा नारायण दल गुल्म रामेछापबाट आएका सशस्त्र सुरक्षाफौजले गाली हानी हत्या गरेकाले पीडित परिवारलाई उचित क्षतिपूर्ति दिलाई तथा दोषीमाथि कारवाहीको लागि आवश्यक पहल गरिदिन मिति २०६२।८।१ माआयोगमा प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानूनी कार्वाही गर्न तथा मृतकको पीडित परिवारलाई रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गरी पठाउने मिति २०६३।३।६ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३३५१ संरक्षण ९४ मिति २०६३।४।९ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको मिति २०६३।११।२८ च.नं. १६६ को पत्रमा रु. १,००,०००।- क्षतिपूर्ति प्रदान गरिसकेको व्यहोराको पत्र प्राप्त।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १०१**

१. **पीडितको नाम, थर र ठेगाना** जङ्गवहादुर वि.सी., टेकवहादुर वि.सी., तिलवहादुर पुन, जगवीर परियार, वलवहादुर दमाई, नरवहादुर बुढाथोकी, पदमवहादुर रोक्का, भद्रवीर ओली, सुरवहादुर रोक्का समेत स्यालापाखा-३ छिङ्गमा, रुकुम (त्रिपुरा माध्यामिक विद्यालयमा कार्यरत)

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** रुकुम जिल्ला स्यालापाखा गा.वि.स. वडा नं. ३ छिङ्गमा घर भई त्रिपुरा माध्यामिक विद्यालयमा प्रधानाध्यापकका रुपमा कार्यरत जङ्गवहादुर वि. सी. लगायत टेकवहादुर वि.सी., तिलवहादुर पुन, जगवीर परियार, वलवहादुर दमाई, नरवहादुर बुढाथोकी, पदमवहादुर रोक्का, भद्रवीर ओली, सुरवहादुर रोक्का समेत ९ जनालाई मिति २०५८।१२।६ गते प्रहरीले पक्राउ गरी सदरमुकाम लैजादै गर्दा स्यालापाखा गा.वि.स. वडा नं. ४ स्थित कैलदेउ खोलामा लगी हत्या गरेकाले आवश्यक अनुसन्धान गरी दोषीमाथि कार्वाही गरी पीडितलाई क्षतिपूर्ति दिलाईपाउँ भनी आयोगमा प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** दोषीको पहिचान गरी कानूनी कार्वाही गर्न तथा पीडित परिवारलाई जनही रु. १,५०,०००।-

क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६३।३।६ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. नेपालगन्ज २२० मिति २०६३।४।१२ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १०२**

१. **पीडितको नाम, थर र ठेगाना** रुपलाल रोकाया, जंगवहादुर परियार र हरि वहादुर बुढाथोकी, स्यालापाखा-३, रुकुम

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** रुकुम जिल्ला स्यालापाखा गा.वि.स. वडा नं. ३ बस्ने रुपलाल रोकाया, जंगवहादुर परियार, हरि वहादुर बुढाथोकी समेत ३ जनालाई प्रहरीले पक्राउ गरी कब्जामा लिई सकेपछि सानो भेरी नदीको किनारमा लगि गोली हानी मारेको हुँदा आवश्यक अनुसन्धान गरी दोषीमाथि कार्वाही गरी पीडितलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६३।१।१७ मा आयोगमा प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई कानूनी कार्वाही गर्न तथा पीडित परिवारलाई जनही रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६३।३।६ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. नेपालगन्ज ८२० मिति २०६३।४।१२ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- (हरिबहादुर बुढाथोकी नभएको) क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १०३**

१. **पीडितको नाम, थर र ठेगाना** मृतक हिरालाल गौतम, घाइतेहरू विशाल तामाङ्ग, सुदर्शन अर्याल, मनोज तिमिल्सिना, शिवहरी रिमाल, रामकुमार सिग्देल, बालकृष्ण न्यौपाने, सीता मैनाली, कृष्ण चौलागाई (८ जना घाइते) निजगढ, बारा

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६३।१।४ गते बारा जिल्ला निजगढमा सुरक्षाकर्मीको गोली प्रहारबाट बाग्देउ गा.वि.स. का हिरालाल गौतमको मृत्यु र विशाल तामाङ्ग, सुदर्शन अर्याल, मनोज तिमिल्सिना, शिवहरी रिमाल, रामकुमार सिग्देल, बालकृष्ण न्यौपाने, सीता मैनाली, कृष्ण चौलागाई घाइते भएको भनिएको घटनाको सम्बन्धमा आयोगको स्वविवेकमा मिति २०६३।१।५ मा कार्वाही अगाडि बढाइएको।

४. **आयोगको निर्णय/सिफारिश** सुरक्षाकर्मीले आवश्यक रुपमा सम्झाई बुझाई गरी चेतावनी दिनुपर्ने कानूनी प्रावधानको पालना नगरी लापरवाही रुपमा अत्यधिक बल प्रयोग गरेकोले घटना घटेको देखिंदा दोषीको यथाशीघ्र पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र मृतकका परिवार तथा पीडित घाइतेलाई क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गरी पठाउने मिति २०६३।३।६ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३५८९ संरक्षण २४९८ मिति २०६३।३।१९ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** मृतक हिरालाल गौतम जनआन्दोलनको शहिद घोषणा भई शान्ती तथा पुनर्निर्माण मन्त्रालयबाट आ.व. २०६५।६६ देखि मासिक रु. ६२००।- का दरले वार्षिक रु. ७४,४००।- निजका हकवालाले पाउने गरी सम्बन्धित

जिल्लामा पठाउने गरिएको र शिवहरी रिमाल ऐ बमोजिमको घोषणा भई ऐ. देखि मासिक रु. ३२००।- का दरले वार्षिक रु. ३८,४००।- निजका हकवालाले पाउने गरी सम्बन्धित जिल्लामा पठाउने गरिएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १०४**

१. **पीडितको नाम, थर र ठेगाना** प्रकाश भनिने दुर्गा वहादुर बस्नेत, लोक वहादुर भुजेल, टेकवहादुर बस्नेत, नेत्रवहादुर कार्की, राजकुमार के.सी. र रामजी श्रेष्ठ समेत देउराली-१, रामेछाप

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** रामेछाप जिल्ला देउराली गा.वि.स. वडा नं. १ बस्ने प्रकाश भनिने दुर्गा वहादुर बस्नेत, लोक वहादुर भुजेल, टेकवहादुर बस्नेत, नेत्रवहादुर कार्की, राजकुमार के.सी. र रामजी श्रेष्ठ समेतलाई मिति २०५९।७।७ मा घरमा सुतिरहेको अवस्थामा शाही नेपाली सेनाले कब्जामा लिई सोही जिल्लाको सालुपाटी गा.वि.स. र सुकाजोर गा.वि.स.को सिमानामा पर्ने ढुंगेछाप डाँडामा यातना दिई गोली हानी हत्या गरेको भनी मिति २०५९।७।१५ मा आयोगमा प्राप्त उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानूनी कार्वाही गर्न तथा मृतकहरूको परिवारलाई जनही रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गरी पठाउने मिति मिति २०६३।३।६ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २५६५ मिति २०६३।३।३२ मा प्रममपका लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** लोकबहादुर भुजेल, टेक बहादुर बस्नेत, नेत्रबहादुर कार्की र रामजी श्रेष्ठ पहिलो प्रतिवेदनमा नाम रही निजका हकवालाले पाउने गरी रु. १,००,०००।- का दरले राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख । फाईल दोहोरो परेको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १०५**

१. **पीडितको नाम, थर र ठेगाना** कालिकोट कोटवाडा घटनाका ३७ जना पीडितहरू

मृतकहरू :

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १. | कुमार थापा मगर, पेटी ठेकेदार | ताकु, गोर्खा |
| २. | गोकर्ण गुरुङ्ग | जोगीमारा-५, धादिङ्ग |
| ३. | टंक वहादुर गुरुङ्ग | जोगीमारा-५, धादिङ्ग |
| ४. | सानु सुनुवार | जोगीमारा-५, धादिङ्ग |
| ५. | कुमार सुनुवार | जोगीमारा-५, धादिङ्ग |
| ६. | टेक बहादुर सुनुवार | जोगीमारा-५, धादिङ्ग |
| ७. | डिल बहादुर प्रजा | जोगीमारा-५, धादिङ्ग |
| ८. | विकास प्रजा | जोगीमारा-५, धादिङ्ग |
| ९. | ज्ञान बहादुर मगर | जोगीमारा-५, धादिङ्ग |
| १०. | बुद्ध बहादुर प्रजा | जोगीमारा-५, धादिङ्ग |
| ११. | कोषराङ्ग कान्छा प्रजा | जोगीमारा-५, धादिङ्ग |

| | | |
|---|---|---|
| १२ | राम बहादुर प्रजा | जोगीमारा-५, धादिङ्ग |
| १३ | शेर बहादुर प्रजा | जोगीमारा-५, धादिङ्ग |
| १४ | कुम्ले प्रजा | जोगीमारा-५, धादिङ्ग |
| १५ | चित्र बहादुर प्रजा | जोगीमारा-५, धादिङ्ग |
| १६ | राजु श्रेष्ठ | जोगीमारा-५, धादिङ्ग |
| १७ | कान्छा गिरी | जोगीमारा-९, धादिङ्ग |
| १८ | भिम बहादुर मगर | जोगीमारा-४, धादिङ्ग |
| १९ | मन्जु थापा मगर | जोगीमारा-१, धादिङ्ग |
| २० | जन्तरे लाटा मगर | तनहुँको घुमाउने |
| २१ | प्रदीप राइ | इलाम (मुग्लिङ्ग बसेको) |
| २२ | प्रेम लामा (पेटी ठेकेदार) | दोलालघाट-६, काभ्रे |
| २३ | हर्के तामाङ्ग, | रामेछाप |
| २४ | पासाङ्ग लामा | वाङ्गथली, काभ्रे |
| २५ | बुद्धमान च्याङ्गवा | छतिवन-४, मकवानपुर |
| २६ | चित्र बहादुर राई | सोलुखुम्बु |
| २७ | निर कुमार खाती | भोजपुर |
| २८ | कृष्ण थापा | मोरङ्ग |
| २९ | लाल बहादुर कठायत | कोटवाडा, कालिकोट |
| ३० | भीम बहादुर कठायत | कोटवाडा, कालिकोट |
| ३१ | गोर्खे कठायत | कोटवाडा, कालिकोट |
| ३२ | टेक बहादुर विष्ट | कोटवाडा, कालिकोट |
| ३३ | गंगा विष्ट | कोटवाडा, कालिकोट |
| ३४ | गणेश विष्ट (६ महिने बालक) | कोटवाडा, कालिकोट |
| ३५ | तेन्जिङ नोर्वु शेर्पा | सोलुखुम्बु |
| ३६ | नोर्वु शेपा | सोलुखुम्बु |
| ३७ | लक्ष्मण भण्डारा | कोटवाडा, कालिकोट |

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** कालिकोट जिल्लाको कोटवाडा गा.वि.स.मा निर्माणाधिन विमानस्थलमा शुभ कार्की समूह निर्माण सेवा प्रा.लि.ले धादिङ्ग जिल्ला जोगीमाराका श्रमिकहरूलाई लगी काममा लगाएकोमा मिति २०५८।११।१२ का दिन सुरक्षाकर्मीको गोलीबाट निर्दोष श्रमिकहरू सहित ३७ जनाको मृत्यु भएको सम्बन्धमा आयोगमा मिति २०५९।१।१८ मा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी नेपाली सेनाद्वारा खटिएको गोली हान्ने, गोली चलाउन आदेश दिने, तथ्यगत जाँचबुझ बिना गलत रिर्पोटिङ्ग गर्ने सो टोलीको कमाण्डर सहितका सुरक्षाकर्मीलाई विशेष अनुसन्धान गरी कडा कार्वाही गर्न र निजहरूलाई कार्वाही गरिएको जानकारी मानव अधिकार आयोग ऐन २०५३ को दफा १३ (४) बमोजिम आयोगलाई उपलब्ध गराउन तथा मृतकका हकवाला पीडित परिवारलाई जनही रु. २,७५,०००।- का दरले क्षतिपूर्ति उपलब्ध गराउन, मृतकका बालबालिकाहरूमा उच्च तहसम्मको निशुल्क शिक्षा प्रदान गर्न, पीडितका परिवारलाई राज्यबाट निशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न र नेपाली सेनाद्वारा सर्वसाधारण व्यक्तिको घर गोठमा आगो समेत लगाई क्षति पुऱ्याएको भन्ने समेत आयोगको अनुसन्धानबाट देखिदा यथोचित क्षतिपूर्ति उपलब्ध गराउन तथा सार्वजनिक काममा संलग्न मजदुरहरूको लागि दुर्घटना बीमा लगायतको कार्य भएको नपाइएकोले आगामी दिनमा नेपाल सरकारका निकाय तथा ठेकेदार बीच ठेक्कापट्टाको लागि सम्झौता हुनुपूर्व अनिवार्य रुपमा दुर्घटना तथा जीवन बीमाको व्यवस्था गर्न समेत नेपाल सरकारलाई लेखी पठाउने मिति २०६३।३।६ निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २३१ संरक्षण २५१४ मिति २०६३।३।२३ मा

प्रममपका लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्रममपका को च.नं. ३४८ मिति २०६३।३।२८ को बोधार्थ पत्र प्राप्त ।

"कार्यरथी विभाग (मानव अधिकार शाखा) जंगी अड्डाको प.सं. १४६४४।३।ए।०६३।६४।३ मिति २०६३।४।४ को पत्र मार्फत जवाफ पठाईसकेको" भन्ने जानकारी सहितको प्रममपका को च.नं. ४ मिति २०६३।४।९ को पत्र प्राप्त ।

जि.प्र.का. कालिकोटको च.नं. २४४४ मिति २०६३।३।१२ मा कोटवाडा स्थित धावनमार्ग निर्माणमा कार्यरत धादिङ्ग जिल्ला जोगीमाराका १७ जना कामदार सहितका व्यक्तिहरूको बारेमा बुझ्दा अभिलेख नदेखिएको भन्ने जानकारी प्राप्त ।

| |
|---|
| चित्र बहादुर प्रजा |
| राजु श्रेष्ठ |
| कान्छा गिरी |
| भिम बहादुर मगर |
| जन्तरे लाटा मगर |
| प्रदीप राइ |
| हर्के तामाङ्ग, |
| पासाङ्ग लामा |
| बुद्धमान च्याङ्गवा |
| चित्र बहादुर राई |
| निर कुमार खाती |

माथि उल्लेखित ११ जना बाहेकका २६ जना पीडितहरूका हकवालाले पाउने गरी रु. १,००,०००।- का दरले राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख । साथै नेपाली सेनाबाट सो सम्बन्धमा कोर्ट अफ इन्क्वाइरी गठन गरेको ।

च.नं ५८०, मिति २०७०।३।२५, प्र.म.म.काबाट रक्षा र गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ९०, मिति २०७०।९।३०, रक्षा मन्त्रालयबाट निर्णय कार्यान्वयन सम्बन्धमा आयोगलाई पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १०६**

१. **पीडितको नाम, थर र ठेगाना** भौली सदा, फुल्गेन पासवान र मुनशिफ राईन धनुषाधाम - १, धनुषा

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धनुषा जिल्ला धनुषाधाम गा.वि.स. वडा नं. १ निवासी भौली सदा, फुल्गेन पासवान र मुन शिफ राईनलाई सुरक्षाकर्मीहरूले पक्राउ गरी ऐ. जिल्ला पर्शुराम तलाउमा मिति२०६१।४।१४ मा गोली हानी हत्या गरेको हुँदा दोषीलाई कार्वाही गर्न तथा पीडित परिवारलाई यथोचित क्षतिपूर्ति उपलब्ध दिलाईदिन आयोगमा मिति २०६१।८।२ मा इन्सेकबाट प्राप्त उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानूनी कार्वाही गर्न तथा मृतकका पीडित परिवारलाई जनही रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६३।३।२० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ६ मिति २०६३।४।२ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा भौली सदालाई रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

भौली सदा बाहेकका २ जना पीडितहरूका हकवालाले पाउने गरी रु. १,००,०००।- का दरले राहत रकम सम्बन्धित

जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १०७**

१. **पीडितको नाम, थर र ठेगाना** चन्द्रदीप यादव, उत्तिमलाल यादव र देवकुमार यादव, धनुषाधाम-७, धनुषा

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** धनुषा जिल्ला धनुषाधाम गा.वि.स. वडा नं. ७ निवासी चन्द्रदीप यादव, उत्तिमलाल यादव र देवकुमार यादवलाई चन्द्रदीप यादवको छोरा अजवलाल यादवको खोजतलासको क्रममा पक्राउ गरी प्रहरी भ्यानमा राखी लगेको केही समयपछि हत्या गरेको भन्ने विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारको आधारमा आयोगको आफ्नै स्वविवेकमा मिति २०५८।८।२९ देखि कार्वाही अगाडि बढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानूनी कार्वाही गर्न तथा मृतकका पीडित परिवारलाई जनही रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६३।३।२० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४ मिति २०६३।४।२ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- (देवकुमार यादव बाहेक) क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

पीडितहरूका हकवालाले पाउने गरी रु. १,००,०००।- का दरले राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १०८**

१. **पीडितको नाम, थर र ठेगाना** सुखित मण्डल महुवा-६, धनुषा

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** धनुषा जिल्ला महुवा गा.वि.स. वडा नं. ६ निवासी वर्ष ४२ को सुखित मण्डललाई मिति २०६१।३।३१ गते राती घरमा सुतिरहेको अवस्थामा सादा पोशाकमा आएका सुरक्षाकर्मीहरूको टोलीले पक्राउ गरी लगी जनकपुर नगरपालिका वडा नं. १६ को कब्रगाह नजिक लगेर गोली हानी हत्या गरेकाले सत्यतथ्य छानवीन गरी दोषीमाथि कार्वाही गरी क्षतिपूर्ति समेत दिलाई पाउँ भन्ने मिति २०६१।४।३ मा निजकी श्रीमति बुद्धिदेवी मण्डलले आयोगमा दर्ता गरेको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानूनी कार्वाही गर्न तथा मृतकका पीडित परिवारलाई रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६३।३।२० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५ मिति २०६३।४।२ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १०९**

१. **पीडितको नाम, थर र ठेगाना** दिप्तप्रकाश शाही तिलेपाटा-५, दैलेख

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** दैलेख जिल्ला तिलेपाटा गा.वि.स. वडा नं. ५ बस्ने दिप्तप्रकाश शाहीलाई मिति २०६१।१।१३ गते सेनाको टोलीले सिगौडी गा.वि.स. वडा नं. ६ टुनिबगरमा निशस्त्र अवस्थामा कब्जा गरी गोली प्रहार गरी मारेकाले दोषीलाई कार्वाही गरी पीडितलाई क्षतिपूर्ति दिलाई पाउँ भनी आयोगमा मिति २०६२।२।२५ मा प्राप्त उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानूनी कार्वाही गर्न तथा मृतकको परिवारलाई रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६३।३।२० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. नेपालगन्ज ३९३ संरक्षण ५१ मिति २०६३।४।७ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्रममपका को च.नं. ३६ मिति २०६३।४।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा पत्राचार गरिएको बोधार्थ पत्र ।

च.नं. ३९३।नेपालगञ्ज संरक्षण ३७४ मिति २०६५।६।९ मा शान्ति तथा पुन निर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ११०**

१. **पीडितको नाम, थर र ठेगाना** तुलसी क्षेत्री, प्रमिला के.सी., प्रतिक्षा अधिकारी (जनआन्दोलन घटनाका पीडितहरू) चितवन

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** चितवन जिल्लाको भरतपुर न.पा.मा मिति २०६२।१२।२४ गतेदेखि सात राजनीतिक दलले आयोजना गरेको जन आन्दोलनको क्रममा २७ गते सुरक्षाकर्मीद्वारा गोली चलाउँदा तुलसी क्षेत्री, प्रमिला के.सि., प्रतिक्षा अधिकारी घाइते भएकोमा तुलसी क्षेत्रीको मृत्यु भएको घटना सम्बन्धमा घाइतेको निःशुल्क उपचार तथा पीडकलाई कार्वाही गर्न र कानून बमोजिम क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६३।१।११ मा आयोगमा श्री सूर्य वहादुर खत्रीले उजूरी दर्ता गराउनुभएको ।

४. **आयोगको निर्णय/सिफारिश** सुरक्षाकर्मीबाट सावधानी नअपनाई अत्यधिक शक्तिको प्रयोग भएको पाइएकाले घाइतेहरू तथा मृतक तुलसी क्षेत्रीका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई जिम्मेवार सुरक्षाकर्मी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न, कर्फ्यु लागेको समयभन्दा वाहिर गरिएका प्रदर्शनमा समेत सुरक्षाकर्मीले गोली प्रहार गरेकोले अत्यधिक बल प्रयोग गर्ने सुरक्षाकर्मीलाई पहिचान गरी आवश्यक कानूनी कार्वाही गर्न, जुलुस र विरोध प्रदर्शनमा संलग्न नभएका सर्वसाधारण वटुवाहरूलाई समेत नियन्त्रणमा लिई कुटपीट गरिएको पाइएकोले घाइते वनाइएका व्यक्तिहरूको निःशुल्क औषधोपचारको तत्काल व्यवस्था गर्न र दोषीलाई कार्वाही गर्न, आन्दोलनकारीले व्यक्तिगत सम्पतिमा पुर्‍याएको क्षतिको यथार्थ जाँचबुझ गरी क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गरी पठाइएको मिति २०६३।३।२० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २४९७ मिति २०६३।३।२० मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** मृतक तुलसी क्षेत्री जनआन्दोलनको शहिद घोषणा भई शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट आ.व. २०६५।६६ देखि मासिक रु. ६२००।- का दरले वार्षिक रु. ७४,४००।- निजका हकवालाले पाउने गरी सम्बन्धित

जिल्लामा पठाउने गरिएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ख) माओवादीद्वारा हत्या**

**क्रम संख्या** – १११

१. **पीडितको नाम, थर र ठेगाना** कालिकोटको पिलि घटना, दाह-८ पिली, कालिकोट

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कालिकोट जिल्लाको सुर्खेत–जुम्ला जोडिने सडक निर्माणका लागि पिलिमा रहेका सुरक्षा आधार शिविरमा मिति २०६२।४।२३ मा नेकपा माओवादीले गरेको अक्रमणमा ५५ जना सैनिकको मृत्यु, ६० जना सैनिकलाई माओवादीले अपहरण गरी लगेका र ४ जना हराइरहेका भनी विभिन्न सञ्चारमाध्यममा आएको भन्ने घटनाको आयोगको स्वविवेकमा मिति २०६२।४।२६ देखि कार्वाही अगाडि बढाइएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** आयोगद्वारा गठित अनुसन्धान टोलीको स्थलगत अनुसन्धानमा फेला परेका तथ्य सहितको प्रतिवेदन संलग्न राखी कारवाहीको लागि सिफारिश गरी पठाउने मिति २०६२।५।२२ को निर्णय । आयोगको अनुसन्धान टोलीको उक्त घटनामा ५८ व्यक्तिहरूको मृत्यु भएको निश्कर्ष । जसमा निम्न सिफारिशहरू रहेको

**श्री ५ को सरकारलाईः**

- द्वन्द्वमा असंलग्न गैरसैनिक व्यक्ति शक्ति मल्ल र परे घर्तीको मृत्यु भएकोमा उनीहरूका हकवालालाई श्री ५ को सरकारको नीति बमोजिम अधिकतम क्षतिपूर्ति उपलब्ध गराउन,
- मृतक सैनिकका परिवारलाई तत्काल अधिकतम क्षतिपूर्ति उपलब्ध गराउन,
- घटनामा परी घाइते भएका व्यक्तिहरूको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था राज्यबाट गर्न,
- सर्वसाधारणको क्षतिग्रस्त घर गोठको जाँचबुझ गरी क्षतिपूर्ति उपलब्ध गराउन,
- सुरक्षा अस्थायी शिविरभित्र परेको जग्गा एवं हेलिप्याडमा परेको जग्गाको मुआब्जा उपलब्ध गराउन,
- राजमार्ग निर्माणमा लगाइएका गैरसैनिक श्रमिक दुर्घटनामा पर्दा तिनको उपचार, अंगभंग, एवं मृत्यु हुँदा क्षतिपूर्ति दिने बारे कुनै स्पष्ट नीति नअपनाइएकोले यसमा सुधार गरी क्षतिपूर्ति कसले, कहाँबाट कति अवधिमा दिने हो सो बारे अविलम्ब धारणा स्पष्ट गरी बाटो निर्माणकै रकमबाट तत्कालीन राहतकोष खडा गरी राहत प्रदान गर्न
- सडक निर्माणको काममा १६ वर्षभन्दा मुनिका नाबालकको समेत प्रयोग भएको पाइएकोले त्यस्तो जोखिमपूर्ण काममा नलगाउन निर्माण कार्यमा संलग्न सबैलाई निर्देशन दिन
- सडक निर्माण गर्दा वितरण गरिने ज्याला बारे सर्वसाधारणमा भ्रम पैदा भएको देखिएकोले यथासक्य पारदर्शिता अपनाई महिला तथा पुरुषबिच ज्यालामा भेदभाव हुन नदिन समुचित निगरानी र अनुगमनको व्यवस्था गर्न ।

**नेकपा माओवादीलाई निम्न अनुसार कार्य गर्न आव्हान**

- भिडन्तपछि माओवादीले कब्जामा रहेका शाही नेपाली सेनाका जवानहरूको नाम समेत पत्रपत्रिकामा प्रकाशित गर्नु र उनीहरूप्रति मानवोचित व्यवहार भएको अठोट व्यक्त गर्नु द्वन्द्व न्यूनिकरण र सम्वाद प्रक्रिया शुरु गर्नमा सकारात्मक कदम हुने आयोगको ठम्याई रहेको र कब्जामा रहेका व्यक्तिलाई कब्जामा राख्नु जेनेभा महासन्धी, १९४९ को साझा धारा ३ को विपरीत हुने भएकोले तत्काल मुक्त गर्न ।
- आफ्नो कब्जामा लिइसकेपछि निहत्था सर्वसाधारणलाई क्रुरतापूर्वक यातना दिई मारिएको पाइएकोले त्यस्तो कार्य तुरुन्त बन्द गर्न आफ्ना सबै तहका कार्यकर्तालाई सचेत गराउन तथा त्यसरी आपराधिक कार्यमा संलग्न व्यक्तिको जेनेभा महासन्धी बमोजिम व्यक्तिगत जवाफदेहिता हुने भएकोले घटनाको अनुसन्धानको लागि उनीहरूको विवरण आयोगलाई उपलब्ध गराइ सहयोग गर्न ।
- माओवादीले वर्ससाधारण एवं वालवालिका समेतलाई द्वन्द्वमा प्रयोग गरेको भन्ने जानकारी प्राप्त भएकोले यसरी बालवालिका तथा सर्वसाधारणलाई द्वन्द्वमा प्रयोग नगर्न ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगद्वारा गठित अनुसन्धान टोलीको स्थलगत अनुसन्धानमा फेला परेका तथ्य सहितको प्रतिवेदन संलग्न राखी कारवाहीको लागि आयोगको च.नं. ४३२ मिति २०६२।५।२८ मा सिफारिश गरी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** सिफारिशको व्यहोरा स्पष्ट नभएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११२**

१. **पीडितको नाम, थर र ठेगाना** सरस्वती पराजुली, वाच्छा-७ घुमाउने डाँडा, पर्वत

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पर्वत जिल्ला वाच्छा गा.वि. स. वडा नं. ७ घुमाउने डाँडा निवासी सरस्वती पराजुलीलाई बुहारीको हत्यामा संलग्न रहेको आरोपमा माओवादीहरूले अपहरण गरी सरौंखोला गा.वि.स. वडा नं. ४ मसुरवारीमा मिति २०६२।६।२० मा मृत्यु भएको सम्बन्धमा आयोग स्वयंको सक्रियतामा मिति २०६२।७।१ देखि कार्वाही अगाडि वढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** पीडित सरस्वती पराजुलीको माओवादी नियन्त्रणमा यातनाका कारण मृत्यु भएकोले पीडितका परिवारजनलाई रु. १,५०,०००।- क्षतिपूर्ति दिन श्री ५ को सरकारलाई सिफारिश गर्ने एवं नेकपा माओवादीलाई जेनेभा महासन्धि १९४९, को प्रावधान अनुसार गैरसैनिक व्यक्तिलाई यातना दिने, हत्या गर्ने कार्य नगर्न विज्ञप्ति मार्फत आव्हान गर्ने मिति२०६२।१०।४ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं.१७०४ मिति २०६२।१२।३ मा प्रममपका लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको मिति ०६३।११।२८ च.नं. १६६ को पत्र मार्फत रु. ७५,०००।- क्षतिपूर्ति प्रदान गरिसकेको व्यहोराको पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,७५,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ११३**

१. **पीडितको नाम, थर र ठेगाना** विजयलाल दास जनकपुर, धनुषा (नेपाल सद्भावना पार्टी धनुषा अध्यक्ष)

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण**मिति २०६२।१०।२६ गते हुने भनिएको नगरपालिकाको निर्वाचनमा धनुषा जिल्लाको जनकपुर नगरपालिकाको मेयर पदका उम्मेदवार तथा नेपाल सद्भावना पार्टी धनुषाका अध्यक्ष विजयलाल दासलाई नेकपा (माओवादी) समूहले मिति २०६२।१०।९ गते हत्या गरेको भनी विभिन्न सञ्चारमाध्यममा आएको घटनामा आयोग स्वयंको सक्रियतामा मिति २०६२।१०।१० मा उजूरी ग्रहण गरी कार्वाही अगाडि वढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** मिति २०६२।११।१६ को निर्णयानुसार निम्न बमोजिम सिफारिश गरिएको

**श्री ५ को सरकारलाईः**

- मृतक उम्मेदवारको परिवारलाई अविलम्ब उचित क्षतिपूर्तिको व्यवस्था मिलाउन,
- मृतकको हत्यामा संलग्न अभियुक्तको पत्ता लगाई कानून वमोजिम कार्वाही गर्न,

**नेकपा माओवादीलाई आव्हानः**

- नेकपा माओवादीले जेनेभा महासन्धी १९४९ को साझा धारा ३ तथा पटक पटक व्यक्त गरेका मानव अधिकार तथा

मानवीय कानूनको पूर्ण पालना गर्ने भन्ने प्रतिवद्धताको जानाजान उल्लंघन गरेको देखिंदा उक्त घटनामा निर्णय गर्ने, योजना बनाउने तथा कार्यान्वयनमा संलग्न दोषीहरूलाई आदेश संरचना (chain of command) को आधारमा कार्वाही गरी सो को जानकारी सार्वजनिक गर्न, गराउन,

- भविष्यमा कुनैपनि वहानामा यस्ता किसिमका घटना नदोहोऱ्याउन तथा मानवीय कानून र मानव अधिकारका सिद्धान्त व्यवहारमा पूर्ण परिपालना गर्न ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १५६२ मिति २०६२।११।१७ मा आयोगको निर्णय कार्यान्वयनको लागि प्रममपका लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको मिति०६३।११।२८ च.नं. १६६ को पत्र मार्फत रू. १,५०,०००।- क्षतिपूर्ति प्रदान गरिसकेको व्यहोराको पत्र प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रू. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ११४**

१. **पीडितको नाम, थर र ठेगाना** थानकोट घटना, काठमाडौ (घटनामा ४४ जना प्रहरीमध्ये ४ जना मरेका र ३ जना घाइते भएका)

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६२।१०।१ गते साँझ ५:३० वजे नेकपा (माओवादी) को एक समूहले काठमाडौं जिल्लाको थानकोटमा रहेको इलाका प्रहरी कार्यालयमा आक्रमण गरेको घटना सम्बन्धमा आयोगकोस्वविवेकमा मिति २०६२।१०।२ बाट कार्वाही अगाडि वढाएको ।

४. **आयोगको निर्णय/सिफारिश**आयोगको मिति २०६२।११।१६ को निर्णयानुसार निम्न बमोजिम सिफारिश गरिएको :

- मृतकका परिवारलाई तत्काल उचित क्षतिपूर्ति प्रदान गर्न तथा घाइतेहरूको प्रभावकारी निःशुल्क उपचारको व्यवस्था गर्न श्री ५ को सरकारलाई सिफारिश ।
- घटनामा नेकपा माओवादीले निहत्था र युद्धमा सामेल नभएका ट्राफिक प्रहरीको हत्या गर्नु, सर्वसाधारण व्यक्तिलाई धम्क्याएर घरमा बम छोडिदिनु तथा हतियार बिसाएर आत्मसमर्पण गरेका प्रहरी तथा घाइते प्रहरीलाई पुनः गोली हानी मार्ने कार्य गरेको पाइएकोले जेनेभा महासन्धीको साझा धारा ३ विपरित कार्य गरेको देखिन आउँछ। अतः ती उल्लंघनमा संलग्न व्यक्तिहरूलाई व्यक्तिगत जवाफदेहिताको आधारमा कार्वाही गर्नका निम्ति माओवादी पक्षलाई आव्हान गर्न तथा निहत्था र द्वन्द्वमा संलग्न नरहेको व्यक्तिको हत्या जस्ता कार्वाही रोक्न र मानव अधिकारका सिद्धान्त र मानविय कानूनको उल्लंघन हुने गरी यस प्रकारका घटनाहरू नगर्न र नदोहोऱ्याउन आव्हान गर्ने ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १५६० मिति २०६२।११।१७ मा प्रममपका लाई पत्राचार गरिएको ।

आयोगको च.नं. ३५०८ संरक्षण १३२ मिति २०६३।४।१२ मा प्रममपकालाई निर्णय कार्यान्वयनार्थ पुनः ताकेता पत्रको पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११५**

१. **पीडितको नाम, थर र ठेगाना** दधिकोट घटना, भक्तपुर (घटनामा १६ प्रहरीहरूमध्ये प्र.स.नि. हरिप्रसाद शर्मा वाग्लेको मृत्यु भएको, ८ जना घाइते भएको र १ जनालाई अपहरण गरी लगेको)

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६२।१०।१ गते साँझ ५:३० वजे नेकपा (माओवादी) को एक समूहले भक्तपुर जिल्लाको दधिकोटमा रहेको इलाका प्रहरी कार्यालयमा आक्रमण गरेको घटना सम्बन्धमा आयोगको स्वविवेकमा मिति २०६२।१०।२ बाट कार्वाही अगाडि बढाएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको मिति २०६२।११।१६ को निर्णयानुसार निम्न बमोजिम सिफारिश गरिएको :

- मृतकका परिवारलाई तत्काल उचित क्षतिपूर्ति तथा घाइतेहरूको प्रभावकारी निःशुल्क उपचारको व्यवस्था गर्न,
- घटनामा नेकपा माओवादीले युद्धमा सामेल नभएका सर्वसाधारण व्यक्ति तथा पसल व्यवसायीहरूलाई आक्रमणको समयमा प्रयोग गर्ने जस्ता कार्य गरेकोले जेनेभा महासन्धी १९४९ को साझा धारा ३ विपरित कार्य गरेको देखिन आउँछ। अतः ती उल्लंघनमा संलग्न व्यक्तिहरूलाई व्यक्तिगत जवाफदेहिताको आधारमा कार्वाही गर्नका निम्ति माओवादी पक्षलाई आव्हान गर्न तथा मानव अधिकारका सिद्धान्त र मानविय कानूनको उल्लंघन हुने गरी यसप्रकारका घटनाहरू भविष्यमा नगर्न र नदोहोऱ्याउन आव्हान गर्ने।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १५६१ मिति २०६२।११।१७ मा प्रममपका लाई पत्राचार गरिएको।

आयोगको च.नं. ३५०६ संरक्षण १२९ मिति २०६३।४।१२ मा प्रममपका लाई निर्णय कार्यान्वयनार्थ पुनः ताकेता पत्रको पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११६**

१. **पीडितको नाम, थर र ठेगाना** जयराम श्रेष्ठ, नवराज सुवेदी, गोपी वहादुर थापा, रामचन्द्र श्रेष्ठ, डोलवहादुर अधिकारी, जीवलाल गुरुङ्ग, खिम वहादुर तामाङ, त्रिपुरेश्वर, धादिङ्ग

२. **उल्लंघनकर्ता**नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** धादिङ्ग जिल्ला त्रिपुरेश्वर गा.वि.स. वडा नं. १ का जयराम श्रेष्ठलाई मिति २०५९।६।३ गते, ऐ. जिल्ला थाक्रे गा.वि.स. वडा नं. २ का नवराज सुवेदीलाई मिति ०५९।७।१ गते, ऐ. जिल्ला जीवनपुर गा.वि.स.का गोपी वहादुर थापा तथा ऐ. जिल्ला कटुञ्जे गा.वि.स. का रामचन्द्र श्रेष्ठलाई मिति ०५९।६।२१ गते माओवादीद्वारा हत्या गरिएको र धादिङ्ग जिल्ला मार्पाक गा.वि.स. बस्ने डोलवहादुर अधिकारीलाई मिति २०५९।६।२७ गते, ऐ. जिल्ला लापा गा.वि.स. बस्ने खिमवहादुर तामाङलाई मिति २०५९।१।१ गते माओवादीले अंगभंग हुनेगरी कुटपीट गरेको घटना सम्बन्धमा आयोगमा प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** पीडितहरूलाई क्षतिपूर्ति दिइसकेको हुँदा केही गर्नु परेन, दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गरी पठाउने मिति २०६३।२।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५१५ संरक्षण ९५ मिति २०६३।४।९ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११७**

१. **पीडितको नाम, थर र ठेगाना** खिम बहादुर थापा सलाङ्ग-६, धादिङ्ग

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** नेकपा (एमाले) धादिङ्ग जिल्ला कमिटिका सदस्य तथा राष्ट्रिय जनसाँस्कृतिक मञ्च धादिङ्गका इन्चार्ज खिमवहादुर थापालाई मिति २०६१।८।२६ गते सुराकीको आरोपमा माओवादीले अपहरण गरी हत्या गरेकाले छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक पहल गरीपाउँ भनी आयोगमा मिति २०६१।९।१३ मा प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** पीडितका आश्रित परिवारलाई क्षतिपूर्ति दिइसकेको, दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने तथा सुराकीको आरोपमा जेनेभा महासन्धि १९४९ को साझा धारा ३ को प्रावधान अनुसार गैरसैनिक व्यक्तिलाई यातना दिने, हत्या गर्ने कार्य नगर्न नेकपा माओवादीलाई आव्हान गर्ने मिति २०६३।२।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २४८२ संरक्षण ९३ मिति २०६३।४।९ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. ३१ मिति २०६३।५।९ को गृह मन्त्रालयको प्रहरी प्रधान कार्यालयलाई निर्णय कार्याथ लेखिएको पत्रको बोधार्थ आयोगमा प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११८**

१. **पीडितको नाम, थर र ठेगाना** भरत बहादुर खड्का प्रमुख, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय चितवन

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय चितवनका प्रमुख भरत खड्कालाई मिति २०६०।१२।६ गते भरतपुर नगरपालिका वडा नं. ७ गौतम चोकमा माओवादीले गोली हानी मारेकोले छानवीन गरी दोषीलाई कडा भन्दा कडा सजायँ दिलाउने व्यवस्था मिलाउन भनी आयोगमा मिति २०६१।१।२५ मा निजकी श्रीमती पार्वती खड्काले दर्ता गराएको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** पीडित परिवारले क्षतिपूर्ति पाईसकेकोले यसतर्फ केही गर्नु परेन, दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने तथा सुराकीको आरोपमा जेनेभा महासन्धी १९४९ को साझा धारा ३ को प्रावधान अनुसार गैरसैनिक व्यक्तिलाई यातना दिने, हत्या गर्ने कार्य नगर्न नेकपा माओवादीलाई आव्हान गर्ने साथै सो कार्य भइआएको देखिंदा सो ज्यादतीको भर्त्सना गर्दै यस्ता कार्य नदोहोऱ्याउन माओवादीलाई आग्रह गर्ने मिति २०६३।२।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १७१४ संरक्षण ११९ मिति २०६३।४।११ मा प्रममपका लाई निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. ५३ , मिति २०६३।४।१७, प्र.म.म.का.बाट गृह मन्त्रालयलाई लेखेको पत्रको बोधार्थ पत्र।

च.नं. २९ , मिति २०६३।५।९, गृह मन्त्रालय मानव अधिकार इकाईबाट प्रहरी प्रधान कार्यालयलाई लेखेको पत्रको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११९**

१. **पीडितको नाम, थर र ठेगाना** शालिकराम अधिकारी, अन्नपुर्ण-८, भोजपुर

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** भोजपुर जिल्ला अन्नपुर्ण गा.वि.स. वडा नं. ८ घर भई सोही जिल्लास्थित त्रिभुवन धर्मोदय मा.वि.का नि.मा.वि. तहका वर्ष ५६ का शिक्षक शालिकराम अधिकारीलाई मिति २०५९।१०।६ गते घरमा वसिरहेको अवस्थामा माओवादीले अपहरण गरी घरबाट १० मिनेट हिंडाएपछि हत्या गरेकाले छानवीन गरी दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक पहल गरी पाउँ भनी आयोगमा मिति २०६१।९।१ मा प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** पीडित परिवारले रु. १,५०,०००।- क्षतिपूर्ति पाइसकेको हुँदा केही गर्नु परेन, दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने तथा सुराकीको आरोपमा जेनेभा महासन्धी १९४९ को साझा धारा ३ को प्रावधान अनुसार गैरसैनिक व्यक्तिलाई यातना दिने, हत्या गर्ने कार्य नगर्न नेकपा माओवादीलाई आव्हान गर्ने साथै सो कार्य भइआएको देखिंदा सो ज्यादतीको भर्त्सना गर्दै यस्ता कार्य नदोहोऱ्याउन माओवादीलाई आग्रह गर्ने मिति २०६३।२।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २६७२ संरक्षण १२२ मिति २०६३।४।११ मा प्रममपका लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १२०**

१. **पीडितको नाम, थर र ठेगाना** पद्मा सुवेदी, विशुखर्क-८, गुल्मी

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** गुल्मी जिल्ला विशुखर्क गा.वि.स. वडा नं. ६ स्थित कोमलप्रसाद सुवेदीको घरमा मिति २०६२।७।१२ गते नेकपा माओवादीले वेवारिसे अवस्थामा छोडेको बन्दुक पड्कन गई ऐ. गा.वि.स. वडा नं. ८ बस्ने पद्मा सुवेदीलाई पछाडिबाट गोली लागी आन्द्राभुँडी तथा मासु समेत निस्केर मृत्यु भएको घटना सम्बन्धमा आयोगको स्वविवेकमा उजूरी ग्रहण गरी कार्वाही अगाडि वढाइएको।

४. **आयोगको निर्णय/सिफारिश** नेकपा (माओवादी) पार्टीलाई यस किसिमका ज्यादतीका घटना नदोहोऱ्याउन तथा दोहोरिन नदिन आव्हान गर्ने, साथै दोषीको पहिचान गरी आवश्यक कानूनी कार्वाही गर्न तथा मृतकको परिवारलाई रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६३।२।३० को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. पोखरा ४५ मिति २०६३।४।७ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्रममपका को च.नं. २९ मिति २०६३।४।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा पत्राचार गरिएको बोधार्थ पत्र।

च.नं. १६६ मिति २०६३।११।२८ गते गृह मन्त्रालयबाट मिति २०६३।११।३ को निर्णयानुसार निज पद्मा सुवेदीलाई रु. १,५०,०००।- क्षतिपूर्ति प्रदान गरिएको भन्ने जानकारी प्राप्त।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ग) दोहोरो भिडन्तमा मृत्यु**

**क्रम संख्या – १२१**

१. **पीडितको नाम, थर र ठेगाना** मृतक मिलन रखाल, घाइतेहरू पुनम ढेङ्गा र विपिन ढेङ्गा (वहादुरपुर घटना), पाल्पा

२. **उल्लंघनकर्ता** माओवादी तथा सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६२।६।८ गते सुरक्षाफौज तथा माओवादीबीच भएको दोहोरो भिडन्तमा मिलन रखालको गोली लागि मृत्यु भएको, पुनम ढेङ्गा र विपिन ढेङ्गा घाइते भएको सम्बन्धमा आयोगको आफ्नै सक्रियतामा कार्वाही अगाडि वढाइएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** सुरक्षाकर्मीले अत्यधिक शक्तिको प्रयोग गरी गाउँ घेरा हाली स्थानीय सर्वसाधारणको हत्या तथा बालबालिका समेतलाई घाइते बनाएको पाइएकोले घटनामा संलग्न दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्नुको साथै मृतकका आश्रित परिवारलाई भरणपोषणको लागि जनही रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६२।१०।४ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १२८ मिति २०६३।१।२४ मा प्रममपका लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको मिति २०६३।११।२८ च.नं. १६६ को पत्र मार्फत रु. ५०,०००।- क्षतिपूर्ति प्रदान गरिसकेको व्यहोराको पत्र प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १२२**

१. **पीडितको नाम, थर र ठेगाना** गणेशदास भनिने धर्मदास श्रेष्ठ, पनौती-५, काभ्रेपलान्चोक

२. **उल्लंघनकर्ता** सुरक्षाफौ र नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलान्चोक जिल्लाको पनौती नपामा मिति २०६२।१०।२४ का दिन नेकपा माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा दुई सुरक्षाकर्मी, एक सर्वसाधारण धर्मराज श्रेष्ठ र दुई माओवादी मारिएको तथा नेकपा माओवादीले सर्वसाधारणको घर कब्जामा लिई घरको छतमा बसेर आक्रमण गरेको र शाही नेपाली सेनाका जवान शिवकुमार राउतलाई नेकपा माओवादीले कब्जामा लिई हालसम्म मुक्त नगरेको भनी विभिन्न सञ्चारमाध्यममा प्रकाशित घटनाका विषयमा आयोगको स्वविवेकमा मिति २०६२।११।२ मा उजूरी ग्रहण गरिएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** आयोगको मिति २०६३।२।११ मा निम्न बमोजिमको सिफारिश तथा आव्हान गर्ने निर्णयः

**नेपाल सरकारलाई सिफारिश**

- नेकपा माओवादी र सुरक्षाकर्मीबीच पनौती नगरपालिका भिडन्तमा द्वन्द्वमा असंलग्न गैरसैनिक व्यक्ति पनौती नगरपालिका वडा नं. ५ बस्ने गणेशदास भन्ने धर्मदास श्रेष्ठको मृत्यु भएकोमा उनको हकवालालाई नेपाल सरकारको नीति बमोजिम क्षतिपूर्ति उपलब्ध क्षतिपूर्ति उपलब्ध गराउन । साथै मृतक सैनिक तथा प्रहरीका परिवारलाई तत्काल अधिकतम क्षतिपूर्ति उपलब्ध गराउन, घटनामा परी घाइते भएका व्यक्तिहरूको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था राज्यबाट गर्न र सर्वसाधारणको क्षतिग्रस्त घरको जाँचबुझ गरी क्षतिपूर्ति उपलब्ध गराउन
- मृतक गणेशदास भन्ने धर्मदास श्रेष्ठको पोष्टमार्टम नगरी लाश परिवारजनलाई बुझाएको भन्ने देखिएकोले नेपाली सेना र प्रहरीलाई ध्यानाकर्षण गराउने
- घटनामा नेकपा माओवादीबाट औषधी पसल, खाद्यान्न पसल समेतबाट लगिएका सामग्रीहरूको उचित क्षतिपूर्ति उपलब्ध गराउन ।

**नेकपा माओवादीलाई आव्हानः**

- नेकपा माओवादीले सर्वसाधारण व्यक्तिहरूका घर सम्पत्तिहरू प्रयोग गरी क्षती पुऱ्याउने खालका कार्य गरेकोले जेनेभा महासन्धि १९४९ को साझा धारा ३ विपरित कार्य गरेको देखिन आउँछ। अतः ती उल्लंघनमा संलग्न व्यक्तिहरूलाई व्यक्तिगत जवाफदेहिताको आधारमा कार्वाही गर्न,
- अन्तर्राष्ट्रिय मानवीय कानून तथा नेकपा माओवादीबाट पटक पटकको प्रतिबद्धताको व्यवहारमा पूर्ण पालना गर्न।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३४५४ संरक्षण २४९९ मिति २०६३।३।२० बाट आयोगको निर्णय कार्यान्वयनको लागि सिफारिश गरी श्री प्रममपका लाई पत्राचार गरिएको तथा गृह मन्त्रालयलाई बोधार्थ दिइएको।

६. **कार्यान्वयनको स्थिति** आयोगको च.नं. ३४५४ संरक्षण ४३३ मिति २०६५।६।३० मा आयोगको सिफारिश कार्यान्वयनको लागि (ताकेता पत्र) सिफारिश गरी श्री प्रममपका लाई पत्राचार गरिएको तथा गृह मन्त्रालयलाई बोधार्थ दिइएको।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १२३**

१. **पीडितको नाम, थर र ठेगाना** छत्रेबाँझ घटना छत्रेवाँझ, काभ्रे

२. **उल्लंघनकर्ता** माओवादी र सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलाञ्चोक जिल्ला छत्रेवाँझ गा.वि.स. वडा नं. ९ स्थित दारेगौंडामा नेकपा (माओवादी) र सुरक्षाकर्मीबीच मिति २०६२।१२।७ मा भएको दोहोरो भिडन्तमा १३ सुरक्षाकर्मी र १ माओवादीको मृत्यु भएको, ३ सुरक्षाकर्मी, २ माओवादी र १ सर्वसाधारण घाइते भएको साथै नेकपा माओवादीले सर्वसाधारणको घर प्रयोग गरी आक्रमण गरेको र ३ दिन अघिदेखि नै पाइप काटी खानेपानी आपूर्ति बन्द गराएको भनी विभिन्न पत्रपत्रिकामा आएको घटना सम्बन्धमा आयोगको आफ्नै स्वविवेकमा उजूरी ग्रहण गरी मिति २०६२।१२।८ मा कार्वाही अगाडि वढाइएको।

४. **आयोगको निर्णय/सिफारिश** मिति २०६३।२।२५ मा घटनाको अनुसन्धान तथा अनुगमनबाट प्राप्त तथ्यहरूको आधारमा आयोगका सचिवज्यूबाट निम्न बमोजिमको सिफारिश तथा सुझाव पठाइएको

**नेपाल सरकारलाई सिफारिश**

- नेकपा (माओवादी) र सुरक्षाकर्मीबीच छत्रेवाँझ भिडन्तमा मृत्यु भएका मृतक सैनिकका परिवारलाई तत्काल अधिकतम क्षतिपूर्ति उपलब्ध गराउन,
- घटनामा परी घाइते भएका सर्वसाधारण अर्जुन तिमिल्सिनाको स्वास्थ्य उपचारमा लागेको खर्चको सोधभर्ना व्यवस्था राज्यबाट गर्न
- सर्वसाधारणको क्षतिग्रस्त घर सम्पतिको जाँचबुझ गरी कानून बमोजिम क्षतिपूर्ति उपलब्ध गराउन,
- उक्त घटनापछि डरत्रासका कारण गाउँबाट विस्थापित भएका व्यक्तिहरूलाई यथाशीघ्र पुनर्स्थापनाको व्यवस्था गर्न तथा सर्वसाधारणको सुरक्षाको व्यवस्था गर्न।

**नेकपा माओवादीलाई आव्हान**

- नेकपा (माओवादी) ले सर्वसाधारण व्यक्तिहरूको घर सम्पत्तिहरू प्रयोग गरी क्षति पुऱ्याएकोले उल्लंघनमा संलग्न व्यक्तिहरूलाई व्यक्तिगत जवाफदेहिताको आधारमा कार्वाही गर्न
- पानीको मुहान र पाइप लाइन काटी खानेपानीको आपूर्तिमा अवरोध गर्ने कार्य तत्काल रोकी मानविय आवश्यकताका कुराहरूमा अवरोध नपुऱ्याउन
- नेकपा माओवादीबाट पटक पटक अन्तराष्ट्रिय मानविय कानूनको पालना गर्ने भन्ने प्रतिवद्धता व्यवहारमा पूर्ण पालना गर्न र यसप्रकारका घटनाहरू नगर्न र नदोहोऱ्याउन।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २३७० मिति २०६३।२।२५ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न सिफारिश गरी पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** आवश्यक कारवाहीको लागि गृह मन्त्रालयलाई पत्राचार गरिएको प्रममपका को च.नं. ३३३ मिति २०६३।३।१३ को पत्र प्राप्त ।

आयोगको च.नं. ३५३२ संरक्षण ३९९ र च.नं. ५३२ संरक्षण ४०० मिति २०६५।६।१२ मा आयोगको सिफारिश सम्बन्धमा ताकेता पत्र शान्ति तथा पु. नि. मन्त्रालय तथा गृह मन्त्रालयलाई पठाइएको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १२४**

१. **पीडितको नाम, थर र ठेगाना** मृतक बम वहादुर खत्री, घाइते राम प्रसाद भण्डारी ठोकर्पा-२, सिन्धुपाल्चोक

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** सिन्धुपाल्चोक जिल्लाको ठोकर्पा गा.वि.स. वडा नं. २ स्थित बाघभैरव मा.वि.को छात्रावासमा आयोजित सशस्त्र कार्यक्रममा सुरक्षाकर्मीबाट हवाई फायर गरिएको र उक्त कारवाहीमा ऐ. जिल्ला ऐ. गा.वि.स. वडा नं. ४ बस्ने बम वहादुर खत्रीको मृत्यु भएको घटना सम्बन्धमा आयोगको स्वविवेकमा उजूरी ग्रहण गरी कार्वाही अगाडि वढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** पीडित मृतकको परिवारलाई रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउनुका साथै उक्त घटनामा कसको के कति क्षति पुगेको हो आवश्यक विस्तृत अध्ययन गरी क्षतिपूर्ति उपलब्ध गराउन साथै सार्वजनिक स्थल मानव वस्ती रहने स्थान लगायत सर्वसाधारण रहने स्थानलाई निशाना नबनाउन र मानवीय कानूनको पूर्ण पालना गर्न, घटनामा परी घाइते भएका ठोकर्पा–२ बस्ने बाघभैरव उच्च मा.वि.का शिक्षक रामप्रसाद भण्डारीको स्वास्थ्य उपचारमा लागेको खर्च राज्यबाट शोधभर्ना गराउन तथा बाघभैरव उच्च मा.वि.को क्षतिग्रस्त भवन तथा अन्य क्षतिको विस्तृत जाँचबुझ गरी पुननिर्माण गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २४९४ मिति २०६३।३।२० मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयनको लागि पत्राचार गरिएको ।

आयोगको च.नं. २४९३ मिति २०६३।३।२० मा गृह मन्त्रालयलाई आयोगको निर्णय कार्यान्वयनको लागि पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको मिति २०६३।११।२८ च.नं. १६६ को पत्र मार्फत रु. १,००,०००।- क्षतिपूर्ति प्रदान गरिसकेको व्यहोराको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १२५**

१. **पीडितको नाम, थर र ठेगाना** तानसेन घटना तानसेन, पाल्पा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी र सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** पाल्पा जिल्लाको सदरमुकाम तानसेनमा मिति २०६२ माघ १८ गते वेलुकादेखि १९ गते विहानसम्म माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तको सम्बन्धमा विभिन्न सञ्चारमाध्यमबाट प्रसारित तथा प्रकाशित समाचारको आधारमा आयोगबाट कार्वाही अगाडि वढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** माओवादीले गरेको आक्रमणका क्रममा हुन पुगेको भौतिक क्षति र अनुगमनका क्रममा आयोगमा परेका ३३ वटा उजूरीका सम्बन्धमा तत्काल छानवीन गरी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन, पाल्पा सदरमुकामको पुननिर्माण यथाशीघ्र संचालन गर्न, घना नागरिक बस्तीमा क्षति नपुऱ्याई संयमता अपनाउन, ऐतिहासिक दरवार आंशिक रुपमा जलिरहेको हुँदा तत्काल सो नियन्त्रण गर्नेतिर सरकारी निकायको पहल नभएकोले दरवार ध्वस्त भएको पाइएकोले तत्काल पुननिर्माण गर्न तथा दोहोरो भिडन्तका क्रममा रेडियो पश्चिमाञ्चलका उपकरण सहित र होटल श्रीनगर रहेको भवन क्षतिग्रस्त हुन पुगेको हुँदा तत्काल क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २२६० मिति २०६३।२।११ मा आयोगको निर्णय

कार्यान्वयन गर्न प्रममपका लाई सिफारिश गरी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १२६**

१. **पीडितको नाम, थर र ठेगाना** डम्बरवहादुर श्रेष्ठ, सुर्यवहादुर श्रेष्ठ कदमवास-९ र भक्तवहादुर श्रेष्ठ, चौतारा-८ (चौतारा घटना, चौतारा), सिन्धुपाल्चोक

२. **उल्लंघनकर्ता** माओवादी र सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६३ वैशाख १० गते सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारामा नेकपा (माओवादी) र सुरक्षाफौजबिच भएको दोहोरो भिडन्तको सञ्चारमाध्यममा आएको घटना सम्बन्धमा आयोगको स्वविवेकमा मिति २०६३।१।१३मा उजूरी ग्रहण हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश**मिति २०६३।२।४ मा निमित्त सचिवज्यूको दस्तखत भई निम्न बमोजिम नेपाल सरकारमा सिफारिश भएको

**श्री ५ को सरकारलाई**

- नेकपा माओवादी र सुरक्षाकर्मीविच चौतारा भिडन्तमा द्वन्द्वमा असंलग्न गैरसैनिक व्यक्ति सिन्धुपाल्चोक जिल्ला कदमवास गा.वि.स. वडा नं. ९ मूलखर्कका ३० वर्षीय डम्बरवहादुर श्रेष्ठ, ६३ वर्षीय सुर्यवहादुर श्रेष्ठ र चौतारा ८ का भक्तवहादुर श्रेष्ठको मृत्यु भएकोमा उनीहरूको हकवालालाई जनही क्षतिपूर्ति उपलब्ध गराउन,
- मृतक सैनिकका परिवारलाई तत्काल क्षतिपूर्ति उपलब्ध गराउन, घटनामा परी घाइते भएका व्यक्तिहरूको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था राज्यबाट गर्न र सरकारी कार्यालय तथा सर्वसाधारणको क्षतिग्रस्त घरहरूको जाँचबुझ गरी क्षतिपूर्ति उपलब्ध गराउन,
- चौतारा अस्पतालमा राखिएको सुरक्षाफौजको सेन्ट्री तत्काल हटाउन

**नेकपा माओवादीलाई**

- नेकपा माओवादीले चौतारा अस्पताल नियन्त्रणमा लिई सुरक्षाफौजमाथि आक्रमण गरेको तथा सो कार्यबाट अस्पताल ध्वस्त भएको र बम विष्फोटबाट अस्पताल ध्वस्त हुँदा निर्दोष व्यक्तिहरूको मृत्यु हुनुका साथै विरामी र कुरुवा समेत घाइते भएको कार्यले जेनेभा महासन्धीको साझा धारा ३ विपरित कार्य गरेको देखिन आउँछ। अतः ती उल्लंघनमा संलग्न व्यक्तिहरूलाई व्यक्तिगत जवाफदेहिताको आधारमा कार्वाही गर्न,
- नेकपा माओवादीले अस्पताल, जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय, जिल्ला हुलाक कार्यालय जस्ता कार्यालयहरूमा बम विष्फोटन तथा आगजनी र सर्वसाधारण व्यक्तिहरूका घर सम्पत्तिहरू प्रयोग गरी क्षति पुऱ्याउने खालका कार्य गरेकोले जेनेभा महासन्धीको साझा धारा ३ विपरित कार्य गरेको देखिन आउँछ। अतः अन्तर्राष्ट्रिय मानविय कानून तथा नेकपा माओवादीबाट पटक पटक प्रकाशित प्रतिवद्धताको व्यवहारमा पूर्ण पालना गर्न ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २१३९ मिति २०६३।२।४ मा आयोगको सिफारिश प्रममपका लाई सिफारिश गरी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**घ) विष्फोटबाट मृत्यु**

**क्रम संख्या – १२७**

१. **पीडितको नाम, थर र ठेगाना** वसन्ती रजाली, सुमित्रा रजाली, गुमकला रजाली, फुलमाया सुनारी र भोजकुमारी सुनारी, सिद्धारा-५, अर्घाखाँची

२. **उल्लंघनकर्ता** अज्ञात

३. **उजूरीको संक्षिप्त विवरण** अर्घाखाँची जिल्लाको ठाडा गा.वि.स. वडा नं. ५ को बाघमुन्टे जंगलमा मिति २०६२।२।३० का दिन अज्ञात समूहले छाडेको वेवारिसे बम विष्फोट हुनगई सोही जिल्लाको सिद्धारा गा.वि.स. वडा नं. ५ को १० वर्षीय वसन्ती रजाली र १९ वर्षीय सुमित्रा रजालीको घटनास्थलमै मृत्यु भएको र १३ वर्षीय भोजकुमारी सुनारी, २५ वर्षकी गुमकला रजाली र १० वर्षकी फुलमाया सुनारी घाइते भई उपचारार्थ लगिएको भन्ने विषयमा आयोगको स्वविवेकमा मिति २०६२।३।१ मा उजूरी ग्रहण।

४. **आयोगको निर्णय/सिफारिश** मृतक वसन्ती रजाली, सुमित्रा रजाली तथा घाइतेहरू गुमकला रजाली, फुलमाया सुनारी र भोजकुमारी सुनारी समेतलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्न श्री ५ को सरकारलाई सिफारिश गर्ने मिति २०६२।७।३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३० संरक्षण ११०० मिति २०६२।१०।३ बाट आयोगको निर्णय कार्यान्वयनको लागि सिफारिश गरी श्री प्रममपका लाई पत्राचार गरिएको तथा रक्षा मन्त्रालय, गृह मन्त्रालय, मानव अधिकार प्रवर्द्धन केन्द्र तथा रा.मा.अ.आ. क्षे.का. पोखरालाई बोधार्थ दिइएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको मिति २०६३।११।२८ च.नं. १६६ को पत्र मार्फत रु. १,५०,०००।- क्षतिपूर्ति प्रदान गरिसकेको व्यहोराको पत्र प्राप्त।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा वसन्ती रजालीलाई रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – १२८**

१. **पीडितको नाम, थर र ठेगाना** मृतक पवित्रा भारती तथा घाइते अशोक थापा, निशा थापा मगर र मनकुमारी भारती, कुन्चोक-४, सिन्धुपाल्चोक

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** सिन्धुपाल्चोक जिल्लाको कुन्चोक गा.वि.स. वडा नं. ४ स्थित देउराली चौबाटोमा नेकपा माओवादीद्वारा बिच्छ्याइएको बम मिति २०६२।१२।२१ का दिन विष्फोट हुनगई ऐ.ऐ. बस्ने १२ वर्षिया पवित्रा भारतीको मृत्यु तथा ऐ.ऐ. बस्ने वर्ष १३ का अशोक थापा, वर्ष १६ की निशा थापा मगर र वर्ष २५ की मनकुमारी भारती गम्भीर घाइते भएको भन्ने विषयमा आयोगको स्वविवेकमा मिति २०६३।१।१३ मा उजूरी ग्रहण गरिएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको मिति २०६३।२।११मा निम्न बमोजिमको सिफारिश तथा आव्हान गर्ने निर्णयः

**नेपाल सरकारलाई सिफारिश**

- नेकपा माओवादीले सार्वजनिक स्थल देउराली चौबाटोमा राखेको विष्फोटक पदार्थ पड्कन गई कुन्चोक घटनामा गैरसैनिक निर्दोष वालिका सिन्धुपाल्चोक जिल्ला कुन्चोक गाविस वडा नं. ४ की १२ वर्षिया पवित्रा भारतीको मृत्यु भएकोमा उनको हकवालालाई क्षतिपूर्ति उपलब्ध गराउन,
- घटनामा परी घाइते भएका व्यक्तिहरूको निःशुल्क स्वास्थ्य उपचार तथा यथोचित क्षतिपूर्तिको व्यवस्था राज्यबाट गर्न।

**नेकपा माओवादीलाई आव्हानः**

- नेकपा माओवादीले सार्वजनिक स्थलमा राखेको विष्फोटक पदार्थ पड्कन गइ निर्दोष वालिकाको मृत्यु तथा अन्य

तीन जना घाइते भएको कार्यले जेनेभा महासन्धिको साझा धारा ३ विपरित कार्य गरेको देखिन आउँछ। अतः ती उल्लंघनमा संलग्न व्यक्तिहरूलाई व्यक्तिगत जवाफदेहिताको आधारमा कार्वाही गर्न,

- अन्तर्राष्ट्रिय मानवीय कानून तथा नेकपा माओवादीबाट पटक पटक प्रकाशित प्रतिबद्धताको व्यवहारमा पूर्ण पालना गर्न।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २२६१ मिति २०६३।२।११ बाट आयोगको निर्णय कार्यान्वयनको लागि सिफारिश गरी श्री प्रममपका लाई पत्राचार गरिएको तथा गृह मन्त्रालयलाई बोधार्थ दिइएको।

६. **कार्यान्वयनको स्थिति** श्री प्र.म.म.प.को च.नं. ३११ मिति २०६३।२।२९ को पत्र मार्फत श्री गृह मन्त्रालयलाई आयोगको सिफारिश कार्यान्वयनको लागि भनी पत्राचार गरिएको व्यहोराको बोधार्थ पत्र प्राप्त।

आयोगको च.नं. ३६३१ संरक्षण १३४२ मिति २०६३।१२।२० बाट आयोगको निर्णय कार्यान्वयनको लागि सिफारिशबारे ताकेता पत्र श्री प्रममपका लाई पत्राचार गरिएको तथा गृह मन्त्रालयलाई बोधार्थ दिइएको।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ङ) प्रतिकार समूहद्वारा हत्या**

**क्रम संख्या – १२९**

१. **पीडितको नाम, थर र ठेगाना** प्रतिकार समितिबाट मारिएका ७ जना, मकवानपुर, धादिङ्ग

२. **उल्लंघनकर्ता** प्रतिकार समिति

३. **उजूरीको संक्षिप्त विवरण** मकवानपुर र धादिङ्ग जिल्लाको सीमानाको आसपासका क्षेत्रमा मिति २०६२।४।२ गतेदेखि प्रतिकार समितिका नाउँमा ७ जना व्यक्तिहरू मारिएको साथै केही व्यक्तिहरूलाई सुरक्षाफौजद्वारा पक्राउ गरी वेपत्ता पारिएको भन्ने उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** यसै प्रकृतिको घटना पहिले कपिलवस्तुमा पनि भएको र श्री ५ को सरकारबाट समयमै अपनाउनुपर्ने तदारुकताका विषयमा आयोगले मिति २०६१।१२।१८ मा सिफारिश पठाएकोमा सोको कार्यान्वयनका लागि के कस्ता पहल भएको भन्ने बारेमा जानकारी आउन नसकेको हुँदा संरक्षण महाशाखाको राय बमोजिम सिफारिश गरी पठाउने मिति २०६२।५।२२ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३१११ (क) संरक्षण ४७८ मिति २०६२।६।४ मा आयोगको मिति २०६२।५।२२ तथा मिति २०६१।१२।१८ को निर्णय कार्यान्वयनको लागि सिफारिश गरी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ११५० मिति २०६२।७।२० को पत्रानुसार “धादिङ्ग जिल्ला किरानचोक गा.वि.स.का सम्पूर्ण गाउँवासीहरूलाई प्रतिकार गरेको भनी माओवादीले आक्रमण गरी सबैलाई मार्ने धम्की दिएको भन्ने सम्बन्धमा कोही कसैले प्रहरीलाई जानकारी नगराइएको साथै सुरक्षाको प्रत्याभूति दिलाउने सम्बन्धमा पटक पटक नं. ६ लाइट व्याट्री गजुरीबाट शाही नेपाली सेना र प्रहरी समेतको संयुक्त सुरक्षाफौज गस्तीमा पठाउने गरेको”, “धादिङ्ग किरानचोक गा.वि.स. वडा नं. ५ तिनघरे बस्ने मानवहादुर तामाङ्ग र बालकृष्ण भन्ने कृष्ण वहादुर तामाङ्गलाई माओवादीले अपहरण गरेको सम्बन्धमा प्रहरीमा कुनै प्रकारको जानकारी एवं निवेदन पर्न नआएको र परिवार तथा स्थानीय व्यक्तिहरूसँग बुझ्दा मिति २०६१।८।२९ गते आइते तामाङ्गको घरमा क्रियापुत्री कुर्न बसिरहेको अवस्थामा निजहरूलाई माओवादीले अपहरण गरी अज्ञातस्थलतर्फ लगेकोमा निजहरू हालसम्म सम्पर्कमा नआएको र निजहरूको खोजतलास कार्य जारी रहेको”, “उक्त घटनामा चेतवहादुर मोक्तान, मदिमान मोक्तान (प्रदिप), कृष्णवहादुर श्रेष्ठ, शंकर प्रसाद अधिकारी गरी ४ जना माओवादीहरूलाई स्थानीय जनताहरूले सुरक्षाफौजको जिम्मा लगाएको र हाल सुरक्षा वेश क्याम्प पालुङ्गमा नजरवन्दमा राखिएको”, “मकवानपुर जिल्ला गोगने गा.वि.स. वडा नं. ९ पकनी बस्ने पुष्कल कार्की लगायत अन्य ९ जनालाई माओवादीले अपहरण गरी लगेकोमा हाल निजहरूलाई अपहरण मुक्त गरेको” पत्र प्राप्त।

शाही नेपाली जङ्गी अड्डा मानव अधिकार शाखा, कार्यरथी विभागको प.सं. १४६४४।३।ए।०६२।६३।७० मिति २०६२।८।१९ को पत्रानुसार मकवानपुर जिल्लाको आग्रा, गोगने, डाँडाखर्क र धादिङ्ग जिल्लाको महादेवस्थान, पिडा र किरानचोक गा.वि.स.हरूमा मिति २०६२।४।२ गतेदेखि स्थानीय जनताहरूमा आतंककारीहरूले जवर्जस्ती चन्दा माग्ने, खाना खाने, तोके अनुसार मात्र खेती गर्नुपर्ने, भारी बोक्न लगाउने, चाडपर्व मान्न नदिने, उनीहरूले भनेको नमान्नेलाई

शारीरिक तथा मानसिक यातना दिने जस्ता ज्यादती सहन नसकी आक्रोसित भई प्रतिकारमा उत्रेको र सो सम्बन्धमा शाही नेपाली सेनालाई लगाइएको लान्छनाहरू अतिरञ्जित, निराधार देखिएको साथै सो घटनामा भएको क्षतिको सम्बन्धमा स्थानीय प्रहरी प्रशासनलाई समेत छानविनको लागि पत्राचार गरिएकोमा क्षतिपूर्ति मागको लागि कुनै उजूरी नपरेको भन्ने जानकारी प्राप्त भन्ने व्यहोराको जवाफ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**च) हिरासतमा मृत्यु**

**क्रम संख्या –** १३०

१. **पीडितको नाम, थर र ठेगाना** साधुराम देवकोटा फुजेल-४, गोरखा

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** फुजेल गा.वि.स. वडा नं. ४ गोरखा स्थायी घर भएका नेकपा (माओवादी) विशेष संगठन समिति काठमाडौंका संयोजक साधुराम देवकोटा (प्रशान्त) पक्राउ परेको ४६ दिनपछि शाही नेपाली सेनाको नं. १ वाहिनी बालाजु हिरासतमा मिति २०६१।१०।४ गते आइतवार अपरान्ह ३:४० वजे कोठामा आफ्नै जुत्ताको तुनाले घाँटीमा पासो लगाई आत्महत्या गरेको भनी मिति २०६१।१०।५ गते विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारको आधारमा आयोगबाट मिति २०६१।९।६ मा उजूरी ग्रहण गरी कार्वाही अगाडि बढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** सुरक्षा निकायले आफ्नो हिरासतमा रहेको व्यक्तिलाई सुरक्षा गर्न नसकेको साथै सुरक्षाकर्मीको असावधानी तथा लापरवाहीले उक्त घटना घटेको देखिंदा मृतकका आश्रित परिवारलाई भरणपोषणको लागि रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन तथा ४८ घण्टाभित्र आयोगमा जानकारी उपलब्ध गराई आयोगको निश्पक्ष अनुसन्धानमा सहयोग पुऱ्याउन मातहतका निकायमा परिपत्र जारी गरी त्यसको जानकारी आयोगमा उपलब्ध गराउन श्री ५ को सरकारमा सिफारिश गरी पठाउने मिति २०६२।११।१६ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २४१८ मिति २०६२।१२।१० मा प्रममपका लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** आफ्नो कार्यप्रति गम्भीर नभएको हुँदा पदिक १ लाई चेतावनी दिइएको भन्ने शाही नेपाली सेनाबाट जवाफ प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**छ) बेपत्ता**

**क्रम संख्या –** १३१

१. **पीडितको नाम, थर र ठेगाना** रञ्जित दर्नाल, राजेन्द्र चौरेल र अमृत दर्नाल, हटिया-४, मकवानपुर

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** मकवानपुर जिल्ला हटिया गा.वि.स. वडा नं. ४ दाविले घर भई का.म.न.पा. वडा नं. ६ कपन बस्ने वर्ष २१ को रञ्जित दर्नाल र ऐ.ऐ. जिल्ला धियाल गा.वि.स. वडा नं. ९ सरस्वती घर भई का.म.न.पा. वडा नं. ६ कपन बस्ने वर्ष २३ को राजेन्द्र चौरेललाई मिति २०६०।९।२५ गते विहान ८ वजे सादा पोशाकका सुरक्षाकर्मीहरूले पक्राउ गरी अज्ञातस्थलतर्फ लगेकोले निजहरूको स्थिति सार्वजनिक गर्न तथा जीवन रक्षा गरिपाउँ भनी मिति २०६०।१०।१२ मा रञ्जु दर्नालले आयोगमा दिएको निवेदन । साथै निजहरू रञ्जित दर्नाल र राजेन्द्र चौरेललाई कपनबाट तथा मकवानपुर जिल्ला हटिया गा.वि.स. वडा नं. ४ घर भई काठमाडौं ताहाचल डेरा गरी बस्ने वर्ष २० का अमृत दर्नाललाई मिति २०६०।९।२८ गते जमलस्थित जङ्गम रेष्टुरेण्टबाट सुरक्षाकर्मीहरूले पक्राउ गरी लगेकोमा निजहरूको जीवन रक्षा गर्न तथा सकुशल रिहाइको लागि पहल गरिदिन भनि नेपाल मानव अधिकार संगठनको पत्र मिति २०६१।३।२५ मा प्राप्त ।

४. **आयोगको निर्णय/सिफारिश** निजहरू रञ्जित दर्नाल, राजेन्द्र चौरेल र अमृत दर्नाललाई सुरक्षाकर्मीहरूले पक्राउ गरी विना सुचना कसैलाई भेट्न समेत नदिई शाही नेपाली सेना अन्तर्गतको व्यारेकमा थुनामा राखेको देखिएको हुँदा निजहरूलाई लामो समयसम्म गैरकानूनी थुनामा राख्ने जिम्मेवार अधिकारीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न साथै निजहरूलाई अविलम्ब कानुनी प्रक्रियामा लैजान श्री ५ को सरकारलाई सिफारिश गरी पठाउने २०६२।८।१४ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १२९० संरक्षण ११९७ मिति २०६२।१०।१७ को पत्र मार्फत श्री प्रममपका लाई आयोगको निर्णय कार्यान्वयनको लागि सिफारिश गरी पठाएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयबाट फ्याक्स मार्फत मिति २०६४।७।१६ मा पठाइएको अनुसुची अनुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउने जानकारी प्राप्त। जि.प्र.का. मकवानपुरको च.नं. ३४०६, मिति २९६७।३।१४ को पत्रमा उल्लेख भए अनुसार निजहरूको हकवालाले रु. १,००,०००।- का दरले राहत सुविधा लिएको देखिन्छ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १३२**

१. **पीडितको नाम, थर र ठेगाना** पुष्पराज बस्नेत, दमक-१, झापा

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** झापा जिल्ला दमक नगरपालिका वडा नं. १ घर भई रत्न राज्यलक्ष्मी क्याम्पस काठमाडौंमा अध्ययनरत वर्ष २५ का पुष्पराज बस्नेतलाई मिति २०६०।८।१९ गते काठमाडौंको कालिमाटीबाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता पारेकाले निजको जीवन रक्षा गरी सकुशल रिहाई गरिदिन भनी मिति २०६०।५।२२ मा चन्द्र कुमारी बस्नेतले आयोगमा दिएको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** विना सूचना कसैलाई भेट्न समेत नदिई लामो समयसम्म गैरकानूनी थुनामा राख्ने जिम्मेवार अधिकारीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न साथै निज पुष्पराज बस्नेतलाई अविलम्ब कानूनी प्रक्रियामा लैजान श्री ५ को सरकारलाई सिफारिश गरी पठाउने मिति २०६२।८।१४ को आयोगको निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९०२ संरक्षण ११९८ मिति २०६२।१०।१७ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयनको लागि सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयबाट फ्याक्स मार्फत मिति २०६४।७।१६ मा पठाइएको अनुसुची अनुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउने जानकारी।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १३३**

१. **पीडितको नाम, थर र ठेगाना** मुकुन्द सेढाई, जीवनपुर-६, धादिङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** धादिङ्ग जिल्ला जीवनपुर गा.वि.स. वडा नं. ६ घर भई काठमाडौं महानगरपालिका वडा नं. १५ विजयश्वरी डल्लु डेरा गरी बस्ने मुकुन्द सेढाईलाई मिति २०६०।९।४ गते काठमाडौं भीमसेन स्थानबाट सादा पोशाकका सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता पारेकाले जीवन रक्षा गरी स्थिति सार्वजनिक गरिदिन आयोगमा प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** स्थिति सार्वजनिक गरी कानूनी प्रक्रियामा लैजान र आवश्यक अनुसन्धान गरी दोषीलाई कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६३।२।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको १२ मिति २०६३।४।३ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयबाट फ्याक्स मार्फत मिति २०६४।७।१६ मा पठाइएको अनुसुची अनुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउने जानकारी प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १३४**

१. **पीडितको नाम, थर र ठेगाना** रेनुका दुलाल, तिनथाना-५, काठमाडौं

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** काठमाडौं जिल्ला तिनथाना गा.वि.स. वडा नं. ५ स्थायी घर भएकी वर्ष १७ की रेनुका दुलाललाई क्रान्तिकारी विद्यार्थी संगठनमा रही काम गरेको आरोपमा मिति २०६०।८।१५ गते देखि २० गते भित्रमा काठमाडौंबाट सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता पारेकाले जीवन रक्षा गरी स्थिति सार्वजनिक गरिदिन आयोगमा मिति २०६०।१०।२३ गते चन्द्र बहादुर नेपालीबाट प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई सैनिक हिरासतमा राखेको बुझिन आएकोले स्थिति सार्वजनिक गरी कानूनी प्रक्रियामा लैजान र आवश्यक अनुसन्धान गरी दोषीलाई कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६३।२।३० को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १४ मिति २०६३।४।३ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयबाट फ्याक्स मार्फत मिति २०६४।७।१६ मा पठाइएको अनुसुची अनुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउने जानकारी प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १३५**

१. **पीडितको नाम, थर र ठेगाना** निश्चल नकर्मी, महादेव स्थान-५, काठमाडौं

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** काठमाडौं जिल्ला महादेवस्थान गा.वि.स. वडा नं. ५ बस्ने वर्ष २३ का निश्चल नकर्मीलाई मिति २०६०।८।१७ गते काठमाडौं जिल्ला वडा नं. ३२ डिल्लीवजार हाइट ब्लक नं. ४४९/८१ बाट कर्णेल राजु बस्नेतको कमाण्डमा रहेका ५०/६० जनाको संख्यामा आएका सुरक्षाकर्मीको टोलीले पक्राउ गरी वेपत्ता पारेकाले जीवन रक्षा गरी स्थिति सार्वजनिक गरिदिन मनोरमा नकर्मीले मिति २०६०।८।२४ मा आयोगमा दर्ता गराएको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई सैनिक हिरासतमा राखेको बुझिन आएकोले स्थिति सार्वजनिक गरी कानूनी प्रक्रियामा लैजान र आवश्यक अनुसन्धान गरी दोषीलाई कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६३।२।३० को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३ मिति २०६३।४।३ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १३६**

१. **पीडितको नाम, थर र ठेगाना** अमृत कँडेल, वेनीघाट-२, धादिङ्ग

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** धादिङ्ग जिल्ला वेनीघाट गा.वि.स. वडा नं. २ घर भई सरस्वती क्याम्पस काठमाडौंमा स्नातक तह प्रथम वर्षमा अध्ययनरत वर्ष २१ का अमृत कँडेललाई मिति २०६०।६।२४ गते काठमाडौंको चावहिलबाट सुरक्षाकर्मीहरूले पक्राउ गरी वेपत्ता पारकोले निजको जीवन रक्षा गरी स्थिति सार्वजनिक गरिदिन आयोगमा मिति २०६०।६।२८ मा निजका पिता टिकानाथ कँडेलबाट प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई सैनिक हिरासतमा राखेको बुझिन आएकोले स्थिति सार्वजनिक गरी कानूनी

प्रक्रियामा लैजान र दोषीलाई अनुसन्धान गरी कार्वाही गर्न नेपाल सरकारलाई लेखी पठाउने मिति २०६३।३।२० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २५७० मिति २०६३।३।३२ मा प्रममपका लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयबाट फ्याक्स मार्फत मिति २०६४।७।१६ मा पठाइएको अनुसुची अनुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउने जानकारी प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १३७**

१. **पीडितको नाम, थर र ठेगाना** ज्ञानेन्द्र त्रिपाठी, रत्ननगर-१३, चितवन

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. १३ बस्ने ज्ञानेन्द्र त्रिपाठीलाई मिति २०६०।६।९ गते काठमाडौंको शान्तिनगर गेटबाट सादा पोशाकका सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता पारेकाले निजको जीवन रक्षा गरी स्थिति सार्वजनिक गरिदिन आयोगमा निजकी श्रीमति शर्मिला त्रिपाठीले मिति २०६०।६।१२ मा दर्ता गराएको उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई सैनिक हिरासतमा राखेको बुझिन आएकोले स्थिति सार्वजनिक गरी कानूनी प्रक्रियामा लैजान र आवश्यक अनुसन्धान गरी दोषीलाई कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६३।३।२० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १५ मिति २०६३।४।३ मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयबाट फ्याक्स मार्फत मिति २०६४।७।१६ मा पठाइएको अनुसुची अनुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउने जानकारी प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ज) यातना**

**क्रम संख्या – १३८**

१. **पीडितको नाम, थर र ठेगाना** देवराज लुइटेल, भिमढुंगा-६, काठमाडौं
हरिश्चन्द्र श्रेष्ठ, शिखरआम्बोटे-३, काभ्रे
कर्णाखर गौतम, पोखरीचौंरी-७, काभ्रे
केशव तामाङ्ग, महादेवटार-१, काभ्रे । (४ जना)

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** काठमाडौं जिल्ला भीमढुङ्गा गा.वि.स. वडा नं. ६ घर भएका वर्ष २७ का देवराज लुइटेललाई कामको सिलसिलामा काभ्रेपलाञ्चोक जिल्ला रजवार गाउँस्थित एक पसलमा बसिरहेको अवस्थामा मिति ०६१।११।२८ गते भकुण्डेवेशीस्थित सैनिक व्यारेक अन्तर्गतका सुरक्षाकर्मीहरूले गिरफ्तार गरी निज लुइटेल लगायत हरिश्चन्द्र श्रेष्ठ, कर्णाखर गौतम र केशव तामाङ्गलाई यातना दिई कारागार शाखा धुलिखेलमा पठाएको सम्बन्धमा मिति २०६२।२।४ मा आयोगमा दिएको उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** यातना दिन संलग्न सुरक्षाकर्मीको पहिचान गरी कार्वाही गर्न तथा पीडित देवराज लुइटेललाई रु. ४०,०००।-, केशव तामाङ्ग, कर्णाखर गौतम तथा हरिशचन्द्र श्रेष्ठ समेत ३ जनालाई जनही रु. १०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र सो रकमको ५० प्रतिशत रकम पीडकबाट भराई पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को

सरकारलाई सिफारिश गरी पठाउने मिति २०६२।११।१६ गतेको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३०३४ मिति ०६३।१।१५ मा प्रममपका लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**देवराज लुइटेललाई जेलमा पठाइएको र अन्य छुटिसकेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १३९**

१. **पीडितको नाम, थर र ठेगाना** नारायण प्रसाद अर्याल, कोल्हुवा-९ ब्रम्हस्थान, नवलपरासी

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** नवलपरासी जिल्ला कोल्हुवा ब्रम्हस्थान घर भई श्री ब्रम्ह प्राथमिक विद्यालय कोल्हुवा गा.वि.स. वडा नं. ९ ब्रम्हस्थानका शिक्षक नारायण प्रसाद अर्याललाई मिति २०५५।१०।२८ गतेदेखि निरन्तर सुरक्षाकर्मीले विनाकारण पक्राउ गरी यातना दिने कार्य गरेकाले दोषीलाई कार्वाही गरी उचित क्षतिपूर्ति दिलाई पाउँ भनी आयोगमा प्राप्त उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** यातना दिने सुरक्षाकर्मीलाई आवश्यक अनुसन्धान गरी कडा कार्वाही गर्न तथा पीडितलाई रु. ५०,०००।- क्षतिपूर्ति उपलब्ध गराई सोको ५० प्रतिशत रकम पीडकबाट भराउने गरी नेपाल सरकारलाई सिफारिश गर्ने आयोगको मिति २०६३।२।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. पो.२७८८ संरक्षण ४४ मिति २०६३।४।७ मा प्रममपका लाई निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १४०**

१. **पीडितको नाम, थर र ठेगाना** किशोर श्रेष्ठ, का.म.न.पा.-३२, काठमाडौं

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३२ बस्ने किशोर श्रेष्ठले निजको कसेनी गा.वि.स. वडा नं. ३ बोरावन मोरङ्ग घर हुने नारायण प्रसाद राई (ससुरा) र सालीहरूलाई घर छोड्दा घरमा लाग्ने खर्च बाहेकको हिसाव किताव बुझाउने शर्तमा दिएकोमा निजहरूले कर्तव्य पालना नगरेको र घर पनि नछोडेको विषयमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय काठमाडौं र वडा प्रहरी कार्यालय सिंहदरवारमा उजूरी दिई कार्वाही भइरहेको अवस्थामा उपत्यका प्रहरी कार्यालय रानीपोखरीको कन्ट्रोलमा कार्यरत प्र.ना.नी. भरत खड्काले निजलाई मिति २०६०।६।२५ गते देखि पटक पटक फोन गरी धम्की दिनुका साथै वडा प्रहरी कार्यालय सिंहदरवारमा बोलाई निज खड्काले शारीरिक तथा मानसिक यातना दिई हिरासतमा राखेको भनी आयोगमा मिति २०६०।६।३० मा निजको प्राप्त उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** यातना दिएकोमा दोषी प्र.ना.नि. भरत खड्काले मर्यादा विपरित आचरण गरेको पाइएकाले निजलाई अभिलेखमा जनिने गरी नसिहद दिइएको भनी उपत्यका प्रहरी कार्यालय, रानीपोखरीबाट जानकारी आएको देखिंदा निजलाई कार्वाही समेत भईसकेकोले केही गर्नु परेन, पीडितलाई उपचारमा लागेको खर्च क्षतिपूर्ति स्वरुप रु. ३०,०००।- उपलब्ध गराउन र सो को ५० प्रतिशत पीडकबाट भराउने गरी पीडितलाई शोध भर्ना दिन नेपाल सरकारलाई लेखी पठाउने २०६३।२।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०३९ संरक्षण १२१ मिति २०६३।४।११ मा प्रममपका लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १४१**

१. **पीडितको नाम, थर र ठेगाना** फुछिरिङ्ग शेर्पा, कामी शेर्पा किमालुङ्ग-८, भोजपुर र पासाङ्ग शेर्पा, छैथाङ्ग-१, दोलखा

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** भोजपुर जिल्ला किमालुङ्ग गा.वि.स. वडा नं. ८ स्थायी घर भई काठमाडौं जोरपाटी गा.वि.स. वडा नं. ३ नविल वैंक स्थित डेरा गरी बस्ने वर्ष १५ को फुछिरिङ्ग शेर्पा, ऐ.ऐ. बस्ने वर्ष १७ को कामी शेर्पा र दोलखा जिल्ला छैथाङ्ग गा.वि.स. वडा नं. १ घर भई हाल ऐ.ऐ. बस्ने वर्ष १५ का पासाङ्ग शेर्पा सहित ३ जना बालकहरूलाई सादा पोशाकमा आएका बौद्धका प्रहरी कर्मचारीले मिति २०६०।२।२३ गते शुक्रवार विहान ७:०० वजे पक्राउ गरी शारीरिक तथा मानसिक यातना दिई अपरान्ह १:०० वजे छोडेको र प्रहरीले घर तथा विद्यालयबाटै पक्राउ गरी हरेक दिन उक्त वडा प्रहरी कार्यालयमा हाजिर गराउने गरेको तथा विद्यार्थीको परिक्षा सञ्चालन भईरहेको अवस्थामा सोबाट समेत वञ्चित हुनु परेको भनी आयोगमा प्राप्त उजुरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** यातना दिने प्रहरी कर्मचारीलाई आवश्यक अनुसन्धान गरी कार्वाही गर्न तथा उपचारमा लागेको खर्च पीडितलाई शोधभर्ना दिन नेपाल सरकारलाई लेखी पठाउने २०६३।२।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८०७ मिति २०६३।४।११ मा प्रममपका लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च. नं. ४३, मिति २०६३।४।१७, प्र.म.म.का., मा.अ.शाखाबाट गृह मन्त्रालयलाई लेखेको पत्रको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १४२**

१. **पीडितको नाम, थर र ठेगाना** हरिराज चिलवाल, धमिलिकुवा-३, लमजुङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** लमजुङ्ग जिल्ला धमिलिकुवा गा.वि.स. वडा नं. ३ निवासी हरिराज चिलवाललाई मिति २०५८।१०।६ गते घरविदा सकी फर्कदै गर्दा तनहुँको बाइसजागर चेकपोष्टबाट सुरक्षाकर्मीले पक्राउ गरी लगातार शारीरिक तथा मानसिक यातना दिएकाले मानव अधिकारको रक्षा गरीपाउँ भनी आयोगमा मिति २०६०।३।२४ मा प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी कार्वाही गर्न तथा पीडितलाई क्षतिपूर्ति स्वरुप रु. ७५,०००।- उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने २०६३।३।६ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको संरक्षण २४७९ मिति २०६३।३।१९ मा आयोगको निर्णय कार्यान्वयनको लागि प्रममपका लाई सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.प.को च.नं. ८१ मिति २०६३।५।१२ को पत्रानुसार श्री गृह मन्त्रालयको च.नं. ९० मिति २०६३।५।२ को पत्र मुताबिक जुन निकायबाट मानव अधिकार उल्लंघन भएको हो सोही निकायबाट क्षतिपूर्ति दिन सहज हुने हँदा सो को लागी मानव अधिकार आयोगमा अनुरोध गर्ने र पीडित हरिराज चिलुवालको क्षतिपूर्ति रकम सम्बन्धमा अर्थ मन्त्रालयको सहमती लिई म.प. मा प्रस्ताव पेश गर्न मिति २०६३।४।३० मा नेपाल सरकार (मन्त्रिस्तरीय) निर्णय भएको भन्ने व्यहोरा उल्लेख।

च.नं. ५९५२, मिति २०६५।१६।१, सर्वोच्च अदालतले निर्णय सहितको मिसिल पठाइदिने सम्बन्धमा आयोगलाई पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**झ) कुटपीट**

**क्रम संख्या – १४३**

१. **पीडितको नाम, थर र ठेगाना** अम्बिका प्रसाद डाँगी समेत २० जना उच्च माध्यमिक शिक्षा परिषद सानोठिमि, भक्तपुर।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६२।३।२१ गते उच्च माध्यामिक शिक्षा परिषद सानोठिमीमा नेपाली भाषा वचाउ मूल संघर्ष समितिद्वारा आयोजित धर्ना कार्यक्रममा वार्तामा बसेका विद्यार्थीहरूलाई प्रहरीले कुटपीट गरिएको घटनाको सम्बन्धमा २०६२।३।२१ र अन्य मितिमा आयोगमा प्राप्त छुट्टाछुट्टै उजूरी निवेदनहरू।

४. **आयोगको निर्णय/सिफारिश** भीड नियन्त्रण गर्दा कानूनले तोकेको प्रक्रिया अनिवार्य पालना गर्न गराउन तथा घाइतेहरूले पेश गरेको उपचार गरेको भनेको रु. ४,५५५।- खर्च सम्बन्धित घाइतेलाई उपलब्ध गराउन श्री ५ को सरकारलाई सिफारिश गरी पठाउने मिति २०६२।६।४ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १७४१ मिति २०६२।१२।४ मा प्रममपका लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ञ) महिला बिरुद्धको हिंसा**

**क्रम संख्या – १४४**

१. **पीडितको नाम, थर र ठेगाना** सहेदिन खातुन, कुशाहा-३ नहरटोल, सुनसरी

२. **उल्लंघनकर्ता** स्थानीय वासिन्दाहरू

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६२ साल बैशाख २१ गतेको कान्तिपुर दैनिकमा "बोक्सीको आरोपमा प्रतिकारमा १८ घाइते" भन्ने समाचार प्रकाशित भएपछि आयोग स्वयंको सक्रियतामा सुनसरी जिल्ला कुशाहा गा.वि.स. ३ नहर टोल निवासी पीडित सहेदिन खातुनको सम्बन्धमा कार्वाही अगाडि वढाइएको।

४. **आयोगको निर्णय/सिफारिश** दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही चलाउन र पीडितलाई क्षतिपूर्ति स्वरुप रु. ५०,०००।– उपलब्ध गराउन श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६२।८।१४ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १७५२ मिति २०६२।१२।४ मा प्रममपका लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १४५**

१. **पीडितको नाम, थर र ठेगाना** आशी चौधरी, शिवपुर-४, कैलाली

२. **उल्लंघनकर्ता** विष्णु चौधरी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला शिवपुर गा.वि.स. वडा नं. ४ निवासी ४५ वर्षीय आशी चौधरीलाई मिति २०६२।१।३ गते निजको जेठाजु नाता पर्ने ४६ वर्षीय विष्णु चौधरीले बोक्सीको आरोपमा कुटपीट गरी गाउँलेहरूका अगाडि मानिसको दिसा पिसाव खुवाई मानसिक तथा शारीरिक यातना दिएकाले उक्त घटनाको आवश्यक छानवीन गरी क्षतिपूर्ति दिलाई पाउँ भनी आयोगमा प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** पीडितलाई रु. २५,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६३।३।६ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. नेपालगन्ज २८३ (क) संरक्षण ५६ मिति २०६३।४।७

मा प्रममपका लाई आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्रममपका को च.नं. ३८ मिति २०६३।४।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा पत्राचार गरिएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ञ) आन्तरिक विस्थापन**

**क्रम संख्या – १४६**

१. **पीडितको नाम, थर र ठेगाना** डम्बर वहादुर छन्त्याल, बुर्तिवाङ्ग-९ घोसापानी, बाग्लुङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** बाग्लुङ्ग जिल्ला बुर्तिवाङ्ग गा.वि.स. वडा नं. ९ घोसापानी बस्ने डम्बर वहादुर छन्त्यालको घर तथा गोठ समेतमा मिति २०५९।१।३ गते सुरक्षाकर्मीले बम तथा गोली प्रहार गरी धन, सम्पति नष्ट गराई विस्थापित समेत गराई दिएकाले क्षतिपूर्ति दिलाई पाउँ भनि आयोगमा प्राप्त उजूरी निवेदन ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी कार्वाही गर्न र पीडितलाई क्षतिपूर्ति स्वरुप रु. १,००,०००।- उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६३।३।६ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १५१९ संरक्षण १२३ मिति २०६३।४।११ मा प्रममपका लाई निर्णय कार्यान्वयनको लागि सिफारिश गरी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** प्रममपका को च.नं. ४६ मिति २०६३।४।१७ मा आयोगको निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा पत्राचार गरिएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ट) अधिक बल प्रयोग**

**क्रम संख्या – १४७**

१. **पीडितको नाम, थर र ठेगाना** अनुसन्धान तथा सहयोग संघ (गोंगबु)

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६२ चैत्र २४ गते देखि आव्हान गरिएको देशव्यापी आमहड्ताल तथा शान्तिपूर्ण विरोध कार्यक्रमको क्रममा प्रहरीले अत्यधिक शक्तिको प्रयोग गरेको भनी आयोगमा मिति ०६३।१।३ मा प्राप्त उजूरी निवेदन ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** उपत्यका सशस्त्र प्रहरी बल मुख्यालय पशुपतिनाथ वाहिनी, सानो गौचरण काठमाडौंमा कार्यरत वरिष्ठ प्रहरी उपरीक्षक माधव वहादुर थापालाई सशस्त्र प्रहरी ऐन २०५८ बमोजिम कडा कार्वाही गर्न तथा रुपशागर मोक्तानको घरबाट जथाभावी गोली चलाउने सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्नका लागि श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६३।१।१९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २०६३ मिति २०६३।१।२० मा प्रममपका लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

### ठ) बन्दीको अधिकार

**क्रम संख्या – १४८**

१. **पीडितको नाम, थर र ठेगाना** कमल थापा, श्रीषशम्सेर राणा, रमेशनाथ पाण्डे, टंक ढकाल र निक्षशम्सेर राणा काठमाडौं

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** पूर्व मन्त्रीहरू कमल थापा, श्रीषशम्सेर राणा, रमेशनाथ पाण्डे, टंक ढकाल र निक्षशम्सेर राणालाई मिति २०६३।१।२९ गतेदेखि गिरफ्तार गरी पहरा गण त्रिपुरेश्वर, २ नं. गण महाराजगञ्ज र राष्ट्रिय प्रहरी प्रतिष्ठान महाराजगञ्जमा राखिएकोले निजहरूको सम्बन्धमा आयोगबाट मिति २०६३।१।३१ देखि २०६३।२।१ सम्म अनुगमन गरिएको ।

४. **आयोगको निर्णय/सिफारिश** पूर्व परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेको स्वास्थ्य स्थिति कमजोर रहेको पाइएकोले निजको कमजोर स्वास्थ्य अवस्थालाई मध्यनजर राखी आवश्यक उपचार सहित उचित बन्दोवस्त गर्ने,

थुनामा रहेका वन्दीहरूले पढ्न चाहेका पुस्तक, पत्रपत्रिका र सञ्चारका साधन रेडियो र टेलिभिजनको समेत व्यवस्था गराउन नेपाल सरकारलाई सिफारिश गर्ने आयोगको मिति २०६३।२।२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २१२९ मिति २०६३।२।२ मा आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

### ड) स्वास्थ्यको अधिकार

**क्रम संख्या – १४९**

१. **पीडितको नाम, थर र ठेगाना** तुलसीराम गौतम एभरेष्ट नर्सिंग होम काठमाडौं र दिपक सापकोटा, लुम्बिनी अञ्चल अस्पताल, रुपन्देही

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** काठमाडौंको एभरेष्ट नसिङ्ग होममा उपचारको क्रममा तुलसीराम गौतम तथा बुटवलको लुम्बिनी अञ्चल अस्पतालमा दिपक सापकोटाको मृत्यु भएको ।

४. **आयोगको निर्णय/सिफारिश** अत्यावश्यक सेवा अन्तर्गत पर्ने स्वास्थ्य सेवा प्रदान गर्ने अस्पतालले अरु विरामीको समेत उपचार गर्नुपर्ने भएकाले स्वास्थ्य संस्थामा कुनै पनि प्रकारको आक्रमण, तोडफोड हुनबाट जोगाउन तथा अस्पतालका चिकित्सकहरूले समेत अन्य विरामीहरूको उपचार प्राप्त गर्न पाउने प्राकृतिक अधिकारको सम्मान गरिरहने वातावरण एवं अस्पतालबाट प्रदान गरिने सवै सेवा सुचारु गर्ने व्यवस्था सुनिश्चित गर्दै उक्त घटनाहरूको सत्य, तथ्य पत्ता लगाई दोषी उपर कार्वाही गर्न तथा शान्ति सुरक्षाको स्थिति विग्रन नदिनेतर्फ सचेत रहिरहन समेत आयोग नेपाल सरकारलाई सिफारिश गर्दछ भन्ने आयोगको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २२०१ मिति २०६३।२।१२ मा आयोगको निर्णय कार्यान्वयन गर्न प्रममपका लाई सिफारिश गरी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** सम्बन्धित निकायबाट कार्यान्वयन भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ढ) सूचनाको हक**

**क्रम संख्या – १५०**

१. **पीडितको नाम, थर र ठेगाना** कान्तिपुर एफ.एम. प्रा.लि., काठमाडौं

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६२।७।४ गते रातीको समयमा कान्तिपुर एफ.एम. प्रा.लि.का सामग्रीहरू कब्जा गरी लगेकोले सर्वसाधारणमा समाचार सम्प्रेषण गर्न समेत बाधा भएको हुँदा आवश्यक छानवीन गरी काम गर्ने वातावरण मिलाइदिन तथा कब्जामा लगेका सामग्रीहरू समेत फिर्ता दिलाउन भनी आयोगमा निवेदन दर्ता।

४. **आयोगको निर्णय/सिफारिश** संविधान तथा कानूनले प्रत्याभूत गरेका मौलिक हक र मानव अधिकारका आधारभूत सिद्धान्तहरूको सम्मान गर्न, मानव अधिकार उल्लंघन हुने कुनै कार्य नगर्न नगराउन र सञ्चारकर्मीहरूको जीवन, सम्पति, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न र लिई गएका उपकरणहरू कान्तिपुर एफ.एम.लाई फिर्ता गर्न श्री ५ को सरकारलाई सिफारिश गरिएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ७०५ मिति २०६२।७।११ मा प्रममपका लाई सिफारिश गरी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** केही समयपछि एफ.एम.का सामग्री फिर्ता गरिएको।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

## ४.७ आर्थिक वर्ष २०६३/०६४ मा गरिएका सिफारिशहरू

यस आ.व. मा आयोगमा पदाधिकारीहरू नरहेकाले पीडितका उजूरीहरू उपर कुनैपनि निर्णय/सिफारिश नभएको।

## ४.८ आर्थिक वर्ष २०६४/०६५ मा गरिएका सिफारिशहरू

**क) गैरकानूनी हत्या**

**क्रम संख्या – १५१**

१. **पीडितको नाम, थर र ठेगाना** शान्ति तामाङ्ग, विजुलीकोट-४, रामेछाप

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** रामेछाप जिल्ला विजुलीकोट गा.वि.स. वडा नं. ४ निवासी शान्ति तामाङ्ग माओवादीबाट विस्थापित भई काठमाडौं आई बसेकोमा पछि घर गएको अवस्थामा मिति २०५९।९।२० गते शाही नेपाली सेनाका जवानहरूले गिरफ्तार गरी चञ्चलादेवी बनमा लगी गोली प्रहार गरी मारेको सम्बन्धमा अनुसन्धान गरी आवश्यक कारवाहीका लागि पहल गरिदिनको लागि मिति २०६२।५।१ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** उक्त कारवाहीमा जिम्मेवार एवं दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारको भरणपोषणको लागि रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६४।१०।२ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३१३५ संरक्षण २१२ मिति २०६५।५।१३ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १५२**

१. **पीडितको नाम, थर र ठेगाना** लालवहादुर तामाङ्ग, विरवहादुर तामाङ्ग र फूर्वे तामाङ्ग (घाइते) विजुलीकोट-२, रामेछाप

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०५९।८।९ गते सुरक्षाफौजको एक समूहले पक्राउ गरी विजुलीकोट तथा नागदह गा.वि.स.को सिमानामा पर्ने चित्रेडाँडा भन्ने स्थानमा लगी गोली प्रहार गरी मारेकोले उक्त घटनाको निश्पक्ष छानवीन गरी दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन भनी मिति २०६२।८।५ मा आयोगमा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** उक्त कारवाहीमा जिम्मेवार एवं दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारको भरणपोषणको लागि रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन तथा सो घटनामा घाइते भएका फुर्वे तामाङ्गलाई उपचार खर्च बापत रु. ५०,०००।- उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६४।१०।२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३३५० संरक्षण १०५ मिति ०६५।४।२३ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा सम्बन्धित निकायमा पठाइएको प्र.म.म.प.को च.नं. १२७ मिति २०६५।८।१ को बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको २०६५।६।५को निर्णयानुसार रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको र दोषी सुरक्षाकर्मीलाई कार्वाही गर्न प्र.प.का.लाई निर्देशन दिएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त । उक्त घटनाको घाइतेलाई रु. १,५०,०००।- क्षतिपूर्ति दिएको जानकारी प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १५३**

१. **पीडितको नाम, थर र ठेगाना** योगेश गुरुङ्ग, खाल्टे-८, धादिङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धादिङ्ग जिल्ला खाल्टे गा.वि.स. वडा नं. ८ निवासी वर्ष १५ को योगेश गुरुङ्गलाई मिति २०६०।७।३ गते राती टाइफाइड भई निलकण्ठ गा.वि.स. स्थित शिववहादुर थापाको घरमा लिएको डेरामा सुतिरहेको अवस्थामा सुरक्षाफौजले पक्राउ गरी लगेर गोलीप्रहार गरी मारेको सम्बन्धमा मिति २०६३।३।३२ मा आयोगमा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** उक्त कारवाहीमा जिम्मेवार एवं दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारको भरणपोषणको लागि रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६४।१०।२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ४५ मिति २०६५।४।१० गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा कार्यार्थको लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पत्राचार गरिएको गृह मन्त्रालयको च.नं. ५३ मिति २०६५।४।२४ को पत्र प्राप्त ।

आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा आवश्यक कार्यार्थ रक्षा मन्त्रालय र गृह मन्त्रालयलाई पत्राचार गरिएको प्र.म.म.प.को कार्यालयको च.नं. १८ मिति २०६५।४।१४ को पत्र प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १५४**

१. **पीडितको नाम, थर र ठेगाना** त्रिलोचन पौडेल डुमरिया-७ चेतनगर टोल, रौतहट

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** रौतहट जिल्ला डुमरिया गा.वि.स. वडा नं. ७ चेतनगर टोलका २२ बर्षिय त्रिलोचन पौडेललाई मिति २०६१।१२।२५ गते विहान अन्दाजी १० बजेको समयमा काम विशेषले सोही जिल्ला लक्ष्मीनियाँ गा.वि.स. वडा नं. ९ भैसहि टोलको उखु खेतमा गएको अवस्थामा संयुक्त वेश क्याम्प रौतहटबाट गएको सुरक्षाकर्मीले गोली हानी मारेको घटना सम्बन्धमा मिति २०६१।१२।२९ मा विश्वमणि पौडेलको आयोगमा परेको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** उक्त कारवाहीमा जिम्मेवार एवं दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारको भरणपोषणको लागि रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६४।१०।२ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २८६२ संरक्षण १४४ मिति २०६५।४।३० गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको मिति २०६५।७।१८ को निर्णयानुसार रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

च.नं. ६२४ मिति २०७१।६।७ सशस्त्र प्रहरी बल प्रधान कार्यालयबाट खुलाई पठाइएको सम्बन्धमा आयोगलाई पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १५५**

१. **पीडितको नाम, थर र ठेगाना** शरण तामाङ्ग र देवी सुन्दास, साङ्गपाङ्ग-७, भोजपुर

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** भोजपुर जिल्लाको साङ्गपाङ्ग गा.वि.स. वडा नं. ७ बस्ने वर्ष २२ को शरण तामाङ्गलाई सोही गा.वि.स. वडा नं. ४ को झ्याउँपोखरीमा लाग्ने बुधबारे बजारमा केही दिनपछि सुत्केरी हुने श्रीमतीको लागि सामान किनमेल गर्न गएको अवस्थामा सुरक्षाफौजले मिति २०६०।६।१४ गते पक्राउ गरी कब्जामा लिई गोली हानी मारेको तथा सोही जिल्ला साङ्गपाङ्ग गा.वि.स. वडा नं. ४ बस्ने वर्ष १५ की नाबालिका देवी सुन्दासले सोही गा.वि.स. वडा नं. १ बस्ने मछिन्द्र दमाईसँग दोस्रो श्रीमतीको रुपमा प्रेम विवाह गरेको भन्ने अभियोगमा कार्वाही गर्न भनी नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी लगेको अवस्थामा सुरक्षा कारवाहीमा निजको मृत्यु भएको सम्बन्धमा मिति २०६१।६।४ मा आयोगमा प्राप्त उजुरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** शरण तामाङ्गको हकमा उक्त कारवाहीमा जिम्मेवार दोषी सुरक्षाकर्मीको पहिचान गरी प्रचलित कानून बमोजिम कार्वाही गर्न र पीडित परिवारको भरणपोषणको लागि रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन तथा निजका आश्रित बालवालिकालाई निःशुल्क पठनपाठनको व्यवस्था मिलाउन नेपाल सरकारलाई लेखी पठाउने तथा देवी सुन्दासको हकमा उक्त कारवाहीमा जिम्मेवार एवं दोषी सुरक्षाकर्मीको पहिचान गरी प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा मृतकका आश्रित परिवारलाई रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने भन्ने मिति २०६४।१०।३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २२१० संरक्षण १०८ मिति ०६५।४।२३ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।५।२६ को निर्णयानुसार शरण तामाङ्गको हकमा रु. ३,००,०००।- क्षतिपूर्ति

उपलब्ध गराएको, देवी सुन्दासको हकमा रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको र दुवैको हकमा दोषी सुरक्षाकर्मीलाई कार्वाही गर्न प्र.प.का.लाई निर्देशन दिइएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा देवी सुन्दासलाई रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १५६**

१. **पीडितको नाम, थर र ठेगाना** कान्छा डंगोल, सरस्वती-३, काठमाडौं

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** काठमाडौं जिल्ला सरस्वती गा.वि.स. वडा नं. ३ बस्ने वर्ष ३९ को कान्छा डंगोललाई मिति २०५८।१२।२ गते साँझ नेपाली सेनाको गस्ती टोलीले गिरफ्तार गरी मिति २०५८।१२।६ गते शिक्षण अस्पतालमा लाश ल्याई दोहोरो भिडन्तमा मारिएको भनी मानव अधिकारको उल्लंघन गरेकोले दोषीलाई कार्वाही गरी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन आयोगमा मिति २०५८।१२।८ मा उजूरी पर्न आएको।

४. **आयोगको निर्णय/सिफारिश** निजको मृत्यु सम्बन्धमा पूर्पक्ष गर्न गठित सैनिक अदालतबाट दोषी सैनिक मध्ये २ जनालाई ३ महिना कैद र कमाण्डरलाई सेवाबाट राजिनामा गराइएको भनी मानव अधिकार उल्लंघन भएको तथ्य स्वयं स्वीकार गरी दोषीलाई कार्वाही समेत भइसकेको देखिंदा केही गरिरहनु परे
बुझी अभिलेखिकरण गर्ने ठहर्छ। मानव अधिकारको उल्लंघनबाट पीडित परिवारलाई आयोगको उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र मृतकका बालबालिकालाई निःशुल्क पठनपाठनको व्यवस्था मिलाउन समेत नेपाल सरकार लाई सिफारिश गरी पठाउने भनी मिति २०६४।१०।३ मा निर्णय गरियो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३७६६ संरक्षण ३१९ मिति २०६५।६।५ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

च.नं. ३७६६ संरक्षण ३१४ मिति २०६५।६।५ गते शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।७।१८ को निर्णयानुसार रु. ३,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

च.नं. ३७२ मिति २०६६।१०।२२ प्र तथा म.को का, मा.अ.शाखाबाट आयोगको सिफारिश कार्यान्वयन सम्बन्धमा आयोगलाई पत्र।

पीडितका सन्तानहरूका लागि छात्रवृत्ति सहित निःशुल्क अध्ययन उपलब्ध गराइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – १५७**

१. **पीडितको नाम, थर र ठेगाना** गणेश थापा, नेपालगञ्ज, बाँके

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०५९।२।५ गतेका दिन अन्दाजी राती ११:०० बजेको समयमा शिव सेनाको जिल्ला अध्यक्ष तथा नेपाली काँग्रेसको सक्रिय कार्यकर्ता वर्ष ३० को गणेश थापालाई पेस्तोल बोकेको आशंकामा सुरक्षाकर्मीले पक्राउ गरी लगेकोमा घर फर्केर नआएको र दाङ्ग जिल्लाका विभिन्न ठाउँमा सोधपुछ गर्दा निज गणेश थापालाई मारेर फाले भनेर सर्वसाधारणले भनेको सुनेकाले निजको अवस्था पत्ता लगाइपाउँ भनी आयोग समक्ष मिति २०५९।२।१६ मा

प्राप्त उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** उक्त घटनामा दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारको भरणपोषणको लागि रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने भनी मिति २०६४।१०।६ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३३६।नेपालगन्ज संरक्षण ३२० मिति २०६५।६।५ गते प्र.म. म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

च.नं. ३३६।नेपालगन्ज संरक्षण ३१० मिति २०६५।६।५ गते शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय कार्यान्वयनको लागि पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.प्र.का.को च.नं. १६७ मिति २०६५।९।२१ मा निजको ठेगाना र घटना घटेको स्थान खुलाई पठाउने सम्बन्धमा बोधार्थ पत्र प्राप्त।

गृह मन्त्रालयको २०६५।७।१८ को निर्णयानुसार रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको र दोषी सुरक्षाकर्मीलाई कार्वाही गर्न प्र.प.का.लाई निर्देशन दिएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १५८**

१. **पीडितको नाम, थर र ठेगाना** बोमवहादुर रावत र माधव रावत, त्रिभुवन न.पा., दाङ्ग

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** दाङ्ग जिल्ला त्रिभुवन नगरपालिका स्थित मसिना भन्ने स्थानबाट घोराहीस्थित बरख गण व्यारेकबाट सर्चमा गएका नेपाली सेनाले मिति २०५९।१।८ का दिन कक्षा १० मा अध्ययनरत बोमवहादुर रावत र कक्षा ४ मा अध्ययनरत माधव रावतलाई सोधपुछ गर्नुछ भनी पक्राउ गरी केही समय गाउँमै सोधपुछ गरी भोलिपल्ट मिति २०५९।१।९ गते सैघा गा.वि.स. वडा नं. ५ ठाटी सोता भन्ने स्थानमा लगी झुठा मुठभेडको नाउँमा हत्या गरेकोले घटनाको निश्पक्ष छानवीन गरीपाउँ भनी आयोगमा मिति २०५९।११।६ मा दर्ता उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई कार्वाही गरी पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपुर्ति) निर्धारण नियमावली, २०५७ को नियम १७वमोजिम रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउनको लागि नेपाल सरकार समक्ष लेखी पठाउने मिति २०६४।१०।६ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ६८६।११३। नेपालगन्ज संरक्षण ३१७ मिति २०६५।६।५ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

च.नं. ६८६।११३। नेपालगन्ज संरक्षण ३०९ मिति २०६५।६।५ गते शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।७।१८ को निर्णयानुसार रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १५९**

१. **पीडितको नाम, थर र ठेगाना** फुलवारी दाङ्ग घटनाका पीडितहरू

मृतकहरूको नाम, थर र ठेगाना

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १. | चुडामणी श्रेष्ठ | फूलबारी-४, रामपुर, दाङ्ग |
| २. | धर्म नेपाली | फूलबारी-४, बाख्रे दाङ्ग |

| | | |
|---|---|---|
| ३. | मनोज नेपाली | फूलबारी-४, बाख्रे दाङ्ग |
| ४. | टोप वहादुर नेपाली | फूलबारी-४, रामपुर दाङ्ग |
| ५. | टोप वहादुर वि.क | फूलबारी-४, रामपुर दाङ्ग |
| ६. | राम कुमार नेपाली | फूलबारी-४, रामपुर दाङ्ग |
| ७. | पुनाराम वि.क. | फूलबारी-४, रामपुर दाङ्ग |
| ८. | भक्त वहादुर नेपाली | फूलबारी-४, रामपुर दाङ्ग |

घाइतेहरूको नाम, थर र ठेगाना

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १. | श्यामकुमार वि.क | फूलबारी-४, रामपुर दाङ्ग |
| २. | रवि वि.क | फूलबारी-४, रामपुर दाङ्ग |
| ३ | खिमलाल नेपाली | फूलबारी-४, रामपुर दाङ्ग |

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** दाङ्ग जिल्ला फुलवारी गा.वि.स. ४ स्थित बाख्रे टोलको धर्म नेपालीको घरमा मिति २०५८।५।२३ गतेका दिन राँगो काटेर खाने क्रममा माओवादीहरू पनि मासु लिन आएको भन्ने सुराकीको आधारमा संयुक्त सुरक्षाफौजले फायर गर्दा सर्वसाधारणहरू चुडामणीश्रेष्ठ, धर्म नेपाली, मनोज नेपाली, रामपुर बस्ने टोप बहादुर नेपाली, टोप वहादुर वि.क., रामकुमार नेपालीलाई गोली हानी मारेको तथा पुनाराम वि.क. र भक्तवहादुर नेपालीको सुरक्षाकर्मीको पिटाईको कारण उपचार गराउँदा गराउँदै केही समयपछि मृत्यु तथा श्यामकुमार विश्वकर्मा, रवि विश्वकर्मा र खिमलाल नेपालीलाई सुरक्षाकर्मीले दिएको यातनाको कारण हालसम्म पनि औषधोपचार गराइरहेकोले आवश्यक छानवीन गरी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी आयोगको क्षेत्रिय कार्यालय नेपालगन्जमा मिति २०६३।२।२७ मा कुल बहादुर वि.क. ले दर्ता गराएको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई कार्वाही गर्नुका साथै पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपुर्ति) निर्धारण नियमावली, २०५७ को नियम १७ बमोजिम मृतकको परिवारलाई जनही रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन सिफारिश गरी पठाउने ठहर्छ र साथै घाइते व्यक्तिहरू पुनराम वि.क. र भक्तवहादुर नेपालीको उपचार गराउदा गराउँदैको अवस्थामा मृत्यु भएको पाइएकोले निजका परिवारलाई क्रमश रु. २५,०००।- का दरले क्षतिपूर्ति उपलब्ध गराउन र यातनाकै कारण उपचार गराइरहेको श्यामकुमार विश्वकर्मा, रवि विश्वकर्मा र खिमलाल नेपालीलाई जनही रु. २५,०००।- का दरले क्षतिपूर्ति उपलब्ध गराउनका लागि नेपाल सरकार समक्ष लेखी पठाउने ठहर्छ भन्ने मिति २०६४।१०।६ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ८८४।नेपालगन्ज संरक्षण ३१६ मिति २०६५।६।५ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

च.नं. ८८४।नेपालगन्ज संरक्षण ३१३ मिति २०६५।६।५ गते शान्ति तथा पुन र्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।७।१८ को निर्णयानुसार आयोगको निर्णय अनुसार क्षतिपूर्ति उपलब्ध गराएको तथा दोषी सुरक्षाकर्मीलाई कार्वाही गर्न प्र.प.का.लाई निर्देशन दिइएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा घटनास्थलमै मृत्यु भएका ६ जनालाई जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम सख्या – १६०**

१. **पीडितको नाम, थर र ठेगाना** कैले मल्ल, सेरी-८, मुगु

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** मुगु जिल्ला सेरी गा.वि.स. वडा नं. ८ सेरी गाउँमा मिति २०५९।८।२ गतेका दिन वर्ष २४ को कैले मल्ल आफ्नो घरको दाउरा लिन भनी गएको र बनबाट दाउरा लिई घरतिर आउँदै गर्दा राराबाट आएको गस्ती टोलीदेखि डरले दाउराको भारी फालेर घट्टमा लुक्न जाँदा गस्ती टोलीले माओवादीको आशंकामा गोली हानेकाले पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी आयोगको क्षेत्रिय कार्यालय नेपालगन्जमा मिति २०६०।१०।१ मा दर्ता उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** निजको मृत्यु भएको देखिएकोले राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपुर्ति) निर्धारण नियमावली, २०५७ को नियम १७ बमोजिम रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउनको लागि नेपाल सरकार समक्ष लेखी पठाउने ठहर्छ भन्ने मिति २०६४।१०।६ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १३५४।२०९। नेपालगन्ज संरक्षण ३१५ मिति २०६५।६।५ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको

च.नं. १३५४।२०९। नेपालगन्ज संरक्षण ३११ मिति २०६५।६।५ गते शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।७।१८ को निर्णयानुसार रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – १६१**

१. **पीडितको नाम, थर र ठेगाना** सञ्जिव कुमार कर्ण, दुर्गेश लाभ, प्रमोदनारायण मण्डल, शैलेन्द्र यादव र जितेन्द्र झा, जनकपुर-४, धनुषा

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६० साल असोज २१ गते जनकपुर नगरपालिका वडा नं. ४ विश्वकर्मा चोकबाट सुरक्षाकर्मीहरूको गस्ती टोलीले दिपु भन्ने सञ्जिव कुमार कर्ण, दुर्गेश लाभ, प्रमोदनारायण मण्डल, शैलेन्द्र यादव र जितेन्द्र झा समेतलाई पक्राउ गरी बेपत्ता पारेकोले स्थिति निजहरूको स्थिति सार्वजनिक गरी पाउन आयोगमा उजूरी परेको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीको प्रतिवेदन, प्रहरी प्रधान कार्यालयको प्रतिवेदन सहितको पत्रमा समेत वरिष्ठ प्रहरी उपरीक्षक, प्रहरी उपरीक्षक र सैनिक अधिकृत समेतको टोलीले पक्राउ गरेको भन्ने उल्लेख भएको र त्यसबेला क्षेत्रिय प्रहरी इकाइ कार्यालय समेतमा हाल अवकाश प्राप्त प्रहरी बरिष्ठ उपरीक्षक चुडाबहादुर श्रेष्ठ, जिल्ला प्रहरी कार्यालय धनुषाका तत्कालीन प्रहरी उपरीक्षक कुवेरसिंह राना, जिल्ला धनुषा धारापानी गा.वि.स. स्थित सैनिक व्यारेक (श्री नं ९ बाहिनी फिल्ड) का तत्कालीन मेजर अनुप अधिकारी रहेको र संयुक्त सुरक्षाफौजलाई आदेश दिने र निर्देशन दिने अधिकार तत्कालीन प्रमुख जिल्ला अधिकारी रेवतिरमण काफ्लेमा रहेको देखिन्छ। निजहरू उक्त कार्यालयहरूमा कार्यरत रहेको भन्ने आयोगको अनुसन्धान टोलीको प्रतिवेदनबाट देखियो । निजहरूले पदीय दायित्व अनुसार कानून बमोजिम आफुलाई तोकिएको जिम्मेवारी पुरा गरी नागरिकको ज्यूज्यान सुरक्षित गर्नुपर्नेमा सो नगरी मानव अधिकार उल्लंघन कार्यमा संलग्न रहेको देखिंदा आवश्यक अनुसन्धान गरी कानून बमोजिम कार्वाही गर्न मानव अधिकार आयोग ऐन २०५३ को दफा १३ (१) बमोजिम नेपाल सरकारलाई लेखी पठाउने र पीडितका आश्रित परिवारको भरणपोषणको लागी सोही ऐनको दफा १३ (२) र राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कारवाहि तथा क्षतिपूर्ति निर्धारण नियमावली) २०५७ को नियम १७ बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल

सरकारलाई सिफारिश गरी पठाउने भन्ने मिति २०६४।१०।१५ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३४१ मिति २०६७।६।१७ मा गृह मन्त्रालयलाई आयोगको निर्णय कार्यान्वयनको लागि पत्र पाठाइएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६४।१०।१५ मा निर्णय भएको जानकारी पत्र प्राप्त

च.नं ५८४५ मिति २०७१।३।१६ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, मा.अ.प्र.शाखाले बैंठकमा उपस्थिति सम्बन्धमा गृह म., शा.पु.नि.मलाई पठाएको पत्रको बोधार्थ प्राप्त ।

प.सं ८२।०७०।७११६०५२ मिति २०७१।३।२४ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय,मा.अ.प्र.शाखाले सिफारिश कार्यान्वयन तथा आवश्यक व्यवस्था सम्बन्धमा पठाएको पत्रको बोधार्थ प्राप्त ।

च.नं २४० मिति २०७१।३।३० मा गृ.म, मा.अ,प्र तथा अ.स.शाबाट कार्यान्वयन तथा आवश्यक व्यवस्था सम्बन्धमा आयोगलाई पत्र ।

च.नं७२० मिति २०७१।५।११ जि.प्रहरी का.,धनुषाबाट अनुसन्धान प्रगती विवरण पठाइएको सम्बन्धमा श्री सर्वोच्च अदालत रामशाहपथलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं ५१४६ मिति २०७२।२।१३ मा जि.प्रहरी का., अपराध अनुसन्धान कार्वाही शाखा,धनुषाबाट श्री सर्वोच्च आदालतमा अनुसन्धान प्रगति विरण पठाएको सम्बन्धमा आयोगलाई पत्रको बोधार्थ प्राप्त ।

च.नं २७७ मिति २०७२।४।२२ मा जि.प्रहरी का., अ.अ.कार्वाही शाखा,धनुषाबाट श्री सर्वोच्च आदालतमा अनुसन्धान प्रगति विरण पठाएको सम्बन्धमा आयोगलाई पत्रको बोधार्थ प्राप्त ।

च.नं १३४९ मिति २०७२।८।२२ मा जि.प्रहरी अ.अ.का.शाखा,धनुषाबाट श्री सर्वोच्च आदालतमा अनुसन्धान प्रगति विरण पठाएको सम्बन्धमा आयोगलाई पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १६२**

१. **पीडितको नाम, थर र ठेगाना** मैना सुनुवार, खरेलथोक-६ कटुञ्जे, काभ्रे

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलाञ्चोक जिल्ला, खरेलथोक गा.बि.स. वडा नं ६ कटुञ्जे बस्ने तथा श्री भगवती मा.वि. खरेलथोकमा कक्षा ९ मा अध्ययनरत मैना सुनुवारलाई मिति २०६०।११।५ गते बिहान ६.३० बजे आफ्नै घरबाट सुरक्षाफौजले पक्राउ गरी अज्ञातस्थलतर्फ लगेको र निजको स्थिती अज्ञात रहेकाले निजको अवस्था सार्वजनिक गरी जीवन रक्षा गरिदिन आयोगमा मिति २०६०।११।२० मा दर्ता उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश**

- कोर्ट मार्शलबाट तीनजना अधिकृतहरूलाई सोधपुछ गर्दा सही प्रकृया नअपनाएको र नियमानुसार लाश सम्बन्धितलाई जिम्मा नलगाईएको कसुरमा दोषी ठहऱ्याई महासेनानीलाई दुई बर्ष बढुवा रोक्का, ६ महिना कैद र रु. ५०,०००।- जरिवाना, २ जना सह सेनानीहरूलाई १।१ वर्ष बढुवा रोक्का, ६ महिना कैद र रु. २५,०००।- का दरले जरिवाना गरी निजको हकवालालाई क्षतिपूर्ति स्वरुप दिने फैसला गरेको भनि मानव अधिकार उल्लंघन भएको तथ्य स्वयं नेपाली सेना, जङ्गी अड्डाबाट स्वीकार गरी दोषीलाई आन्तरिक रुपम मिति २०६४।१०।२० मा मैना सुनुवारको हत्यामा संलग्न चार सैनिक बिरुद्ध जिल्ला अदालत काभ्रेपलाञ्चोकमा जिल्ला सरकारी वकीलको कार्यालयले ज्यान सम्बन्धी महलको १३ (३) नं. अनुसार कसुर गरेकोमा सजायको माग गरी मुद्दा दर्ता भईसकेकोले अदालती प्रकृयाबाट कसुरदारले सजाय पाउने नै हुँदा केही गरिरहनुपरेन । अतः मानव अधिकार उल्लंघनबाट पिडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम रू ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६४।१०।२१ मा निर्णय गरीयो ।

- मैना सुनुवार तथा रामहरि श्रेष्ठ लगायतका मुद्दाहरू मानव अधिकार हनन् तथा ज्यादती सम्बन्धित भएकाले नियमित अदालत वाहेक सैनिक अदालत वा जन-अदालत भनिएको वा त्यस्तै प्रकृतिको अन्य कुनै अदालतको क्षेत्राधिकारको विषय नभएकोले साधिकार अदालतमा कारवाहीयुक्त अवस्थामा रहेका आरोपित व्यक्तिहरूलाई पक्राउ गरी बुझाउन र कानून वमोजिम कार्वाही अगाडि बढाउनको लागि यस आयोगवाट भएको सिफारिश र सर्वोच्च अदालतवाट आदेश भइसकेका सम्पूर्ण मुद्धाहरूमा तत्काल कार्वाही अगाडि बढाउन आयोगको विभिन्न मितिमा भएका सिफारिशहरू बमोजिम कार्वाही हुन आयोग नेपाल सरकारलाई पुनः आग्रह गर्दछ।
- साथै, हाल काभ्रेपलान्चोक जिल्ला अदालतवाट पूर्पक्षको निम्ति मैना सुनुवारको हत्याको सिलसिलामा वारण्ट जारी भइसकेको अवस्थामा आरोपित नेपाली सेनाका मेजर निरञ्जन बस्नेतको विषयमा 'कोर्ट अफ इन्क्वायरी' गठन गरी कार्वाही प्रकृया अगाडि बढाएको भन्ने आयोगको जानकारीमा आएकोले त्यसप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। नागरिक अदालतमा कारवाहीको प्रकृयामा रहेका नीज मेजर निरञ्जन बस्नेतलाई सर्वोच्च अदालतको आदेश, आयोगको सिफारिश र काभ्रेपलान्चोक जिल्ला अदालतको वारण्ट समेतलाई सम्मान गर्दै सम्बन्धित पक्षले निज बस्नेतलाई अदालतमा उपस्थित गराउनु पर्ने आयोगको ठहर रहेको छ। तसर्थ सो अनुसार गर्न गराउन आयोग नेपाल सरकारलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३२ बमोजिम आग्रह गर्दछ भन्ने आयोगको मिति २०६६।९।९ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३२६ मिति २०६५।६।६ गते प्र.म. म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

च.नं. ३२७ मिति २०६५।६।६ गते शान्ति तथा पुन र्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।८।२९ को निर्णयानुसार निजलाई रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्रबाट जानकारी प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – १६३**

१. **पीडितको नाम, थर र ठेगाना** तिर्थराज पौडेल, सैपु-४, रामेछाप

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप सैपु गाबिस वडा नं ४ बस्ने ३६ बर्षीय तिर्थराज पौडेलको मिति २०५९।३।८ गते रामेछापको सैपु बजारबाट औषधी लिएर आइरहेको समयमा निज पौडेललाई ओखलढुङ्गाबाट गस्तीमा आएका सैनिकको एक टोलीले अर्को टोलीलाई पत्र लिएर जान भनेपछि पत्र लिएर जाँदा सैनिकले चलाएको गोलीबाट मृत्यु भएकाले आवश्यक अनुसन्धान गरी दोषी उपर कार्वाही तथा पीडितका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन आयोगमा मिति २०६२।५।२७ मा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कार्वाही गर्न तथा राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपुर्ति) निर्धारण नियमावली, २०५७ को नियम १७ बमोजिम पीडित परिवारको भरणपोषणको लागि रू. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउनको लागि नेपाल सरकार समक्ष लेखी पठाउने ठहर्छ। निर्दोष व्यक्तिको मृत्यु भएको भनि नेपाल प्रहरीबाट स्वीकार गरेको समेत देखिंदा र घटनाको परिस्थिति समेतलाई हेर्दा मृतकका बालवच्चाको निःशुल्क पठनपाठनको व्यवस्था मिलाउन नेपाल सरकारलाई लेखी पठाउने भन्ने मिति ०६४।१०।२१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३५८ मिति २०६५।६।८ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

च.नं. ३५७ मिति २०६५।६।८ गते शान्ति तथा पुन र्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।१०।५ को निर्णयानुसार रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी

पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

पीडितका सन्तानहरूका लागि छात्रवृत्ति सहित निःशुल्क अध्ययनको व्यवस्था भएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १६४**

१. **पीडितको नाम, थर र ठेगाना** सपना गुरुङ्ग, बेलबारी-३, मोरङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ्ग जिल्ला बेलबारी गा.वि.स. वडा नं. ३ बस्ने सपना गुरुङ्गलाई नेपाली सेनाको गोली लागि मृत्यु भएकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही गर्न तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन भनी आयोगमा दर्ता हुन आएको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई लेखी पठाउने ठहर्छ । अन्तरिम विधायक संसदको संसदिय समितिले पीडितलाई क्षतिपूर्ति वापत रु. १०,००,०००।- उपलब्ध गराउन सिफारिश गरिसकेको मिसिल संलग्न फाइलबाट देखिंदा त्यसतर्फ बोलिरहनु परेन भन्ने मिति २०६४।१०।२१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ६९७। वराटनगर संरक्षण ३७० मिति २०६५।६।९ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या - १६५**

१. **पीडितको नाम, थर र ठेगाना** मीन वहादुर पुन सहित ७ जना चौलही, दाङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६४ साल चैत्र २६ गते दाङ्ग जिल्लाको चौलही गा.वि.स. वडा नं. २ लमहीमा सशस्त्र प्रहरी बलका सुरक्षाकर्मीबाट नेकपा माओवादीका कार्यकर्ता मीन वहादुर पुन सहित ७ जनाको मृत्यु र केही घाइते भएको भन्ने घटनाको आयोगको क्षेत्रीय कार्यालय नेपालगन्जबाट कार्वाही अगाडि बढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** उक्त घटनामा संलग्न रहेका व्यक्तिहरूलाई कानून बमोजिम कार्वाही गर्न र मृतकका आश्रित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन साथै घाइतेहरूलाई उपयुक्त खर्च उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने ठहर्छ। साथै दाङ्ग घटना छानवीन उच्चस्तरीय आयोगलाई समेत प्रतिवेदन उपलब्ध गराउने भन्ने मिति २०६५।२।२२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३९५ मिति २०६५।६।१३ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय कार्यान्वयनको लागि पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.प्र.का.को च.नं. २६२ मिति २०६५।२।२८ मा सम्बन्धित निकायमा पठाइएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १६६**

१. **पीडितको नाम, थर र ठेगाना** हरिप्रसाद बोलखे फुलवारी-८, काभ्रे

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलाञ्चोक जिल्ला फुलवारी गा.वि.स. वडा नं. ८ बस्ने हरिप्रसाद बोलखेलाई मिति २०६०।९।१२ मा ऐ जिल्लाको बनेपाबाट सुरक्षाकर्मीद्वारा पक्राउ गरी बेपत्ता पारिएकोले निजको अवस्था सार्वजनिक गरिदिनको लागि प्रेम प्रसाद बोलखेको मिति २०६२।४।१ मा आयोग समक्ष दर्ता भएको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश निजलाई** मिति २०६०।९।१२ मा सुरक्षाकर्मीबाट पक्राउ गरी सुरक्षाकर्मीको मिशनमा सँगै घुमाई हिंडाएको भन्ने प्रत्यक्षदर्शीहरू समेतको भनाइबाट पुष्टि भई सुरक्षाकर्मीको कब्जामा रहेकै अवस्थामा निजको मृत्यु भएको देखिंदा उक्त घटनामा संलग्न सुरक्षा निकायका प्रहरी हवल्दार खड्गराज लामा, नेपाली सेनाका तत्कालीन मेजर कृष्णध्वज थापा र तत्कालीन क्याप्टेन बाबुराम थापा समेतका व्यक्तिहरूलाई फौजदारी अभियोगमा कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारको भरणपोषणको लागि रु. ३,००,०००।- क्षतिपूर्ति सिफारिश गर्न सकिने उल्लेख भएता पनि अन्य घटनामा परी मानव अधिकारको उल्लंघन भई मृत्यु भएका व्यक्तिको आश्रित परिवारलाई नेपाल सरकारले उपलब्ध गराउँदै आइरहे सरहको रकम नै प्रस्तुत घटनाको पीडित परिवारले पाउनुपर्ने न्यायोचित र मानवोचित हुने हुनाले सोही अनुसार क्षतिपूर्तिको रकम उपलब्ध गराइदिन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६५।२।२४ गतेको निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३०५७ संरक्षण १६६ मिति २०६५।५।३ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।५।३० को निर्णयानुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १६७**

१. **पीडितको नाम, थर र ठेगाना** निर्मला चन्द, वर्छेन-८, डोटी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६१।६।१९ गते जिल्ला डोटी वर्छेन गा.वि.स. वडा नं. ८ बस्ने निर्मला चन्दलाई गिरफ्तार गर्न सकिने अवस्था छँदाछँदै गोली हानी सुरक्षाकर्मीले मारेको र १/२ वर्षे नावालकलाई समेत गोली लागेकाले दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी आयोगको क्षेत्रिय कार्यालय धनगढीमा मिति २०६३।५।८ मा दर्ता उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीलाई पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडितलाई क्षतिपूर्ति वापत रु. ३,००,०००।- उपलब्ध गराउन र नावालक घाइतेको आवश्यक उपचार खर्चको साथै निजलाई निःशुल्क पठन पाठनको व्यवस्था मिलाई दिन नेपाल सरकारलाई सिफारिश गरी पठाउने ठहर्छ भन्ने मिति २०६५।२।२७ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ४०७।धनगढी संरक्षण ३८४ मिति २०६५।६।१० गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १६८**

१. **पीडितको नाम, थर र ठेगाना** खड्ग बहादुर बोहरा, वर्छेन-९, डोटी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला डोटी वर्छेन गा.वि.स. वडा नं. ९ बस्ने खड्ग वहादुर बोहरालाई मिति २०५९।६।१० गते आफ्नो भाई नरवहादुर बोहोरालाई सुरक्षाकर्मीले कुटपीट गर्न थालेको जानकारी पाई बचाउन खोज्दा सुरक्षाकर्मीले गोली हानी निज खड्ग वहादुर बोहराको मृत्यु भएकोमा दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी आयोगको क्षेत्रिय कार्यालय धनगढीमा मिति २०६३।५।८ मा दर्ता गरेको उजूरी निवेदन ।

४. **आयोगको निर्णय⁄सिफारिश** दोषीको पहिचान गरी कानूनी कार्वाही गर्न र पीडित परिवारको भरणपोषणको लागि आयोगको क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम रु. २,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने ठहर्छ । साथै मृतकको वालवालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न समेत नेपाल सरकारलाई सिफारिश गरी पठाउने भन्ने मिति २०६५।२।२७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ४०८। धनगढी संरक्षण ३८५ मिति २०६५।६।१० गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १६९**

१. **पीडितको नाम, थर र ठेगाना** सञ्जय पटेल, मनोज कुमार कुर्मी र बम वहादुर चौधरी, विरगञ्ज-३, पर्सा ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** पर्सा जिल्ला वीरगञ्ज उपमहानगरपालिका वडा नं. ३ स्थित प्रगतिनगरमा मिति २०६४।१०।१८ गते राति सञ्जय पटेल, मनोज कुमार कुर्मी, बम वहादुर चौधरी समेत ३ जनाको प्रहरी कारवाहीमा मृत्यु भएको भनी माघ २० गतेको अन्नपूर्ण दैनिकमा समाचार प्रकाशित भएको र उक्त घटनामा मानव अधिकार उलंघन भएको हुन सक्ने देखिँदा सो घटनाको स्थलगत अनुसन्धान गर्नुपर्ने भनी मिति २०६४।१०।२८ गते मानव अधिकार आयोग ऐन २०५३ को दफा ९ (२) (क) बमोजिम आयोगको स्वविवेकमाउजूरीग्रहणगरिएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** घटनामा संलग्न प्रहरी निरिक्षक कृष्ण प्रसाद शर्माको नेतृत्वमा गएको प्रहरी टोलीले चलाएको गोलीबाट तीनजनाको मृत्यु भएको हुनाले ज्यान सम्बन्धी महलको १ नम्बरको अपराध निजहरूले गरेको देखिन आएकोले आवश्यक अनुसन्धान गरी फौजदारी कसुरमा मुद्दा दायर गर्न र मृतकका आश्रित परिवारको भरणपोषणको लागि जनही रु. २,५०,०००।- का दरले क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६५।२।२८ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३५०० मिति २०६५।२।३१ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १७०**

१. **पीडितको नाम, थर र ठेगाना** दल वहादुर थापा र पार्वती थापा नौवस्ता-८, बाँके

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बाँके नौवस्ता गा.वि.स. वडा नं. ८ बस्ने दल वहादुर थापा र निजकी श्रीमती पार्वती थापाको सुरक्षाकर्मीबाट मिति २०५९।५।२५ मा निजकै घरमा गोली हानी हत्या गरेकोले मानव अधिकार तथा सामाजिक

मञ्च, नेपालले घटनाको स्थलगत छानवीन गरी दोषीउपर कार्वाही तथा पीडितका परिवारलाई उचित क्षतिपूर्ति दिलाइदिन आवश्यक पहल गरिदिनु हुन भनी मिति २०५९।६।२३ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी फौजदारी अपराधमा कार्वाही गर्न र पीडित परिवारको भरणपोषणको लागि आश्रित परिवारलाई मृतकहरूका जनही रु. २,००,०००।- का दरले क्षतिपूर्ति उपलब्ध गराउन र गोली लागि घाइते ९ महिने बालिकालाई निःशुल्क शिक्षा दिक्षाको व्यवस्था गर्न समेत नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६५।३।८ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. नेपालगञ्ज।८३ संरक्षण ७५२ मिति २०६५।९।४ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १७३ मिति २०६५।९।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाइएको प्र.म.म.प.को बोधार्थ पत्र प्राप्त ।

आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा सम्बन्धित इकाईमा पठाइएको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ७०३ मिति २०६५।९।७ को बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको २०६५।९।२९ को निर्णयानुसार निजहरूलाई जनही रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउने र दोषी सुरक्षाकर्मीलाई कार्वाही गर्न प्र.पं.का.लाई निर्देशन दिएको र घाइते बालिकालाई निःशुल्क शिक्षादिक्षाको लागि शिक्षा मन्त्रालयमा अनुरोध गरिएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्रबाट जानकारी प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १७१**

१. **पीडितको नाम, थर र ठेगाना** हिरण्ड वहादुर रावल, कालिका-२, अछाम

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला अछाम कालिका गा.वि.स. वडा नं. २ बस्ने हिरण्ड वहादुर रावललाई मिति २०५९।५।२९ गते सुरक्षाकर्मीबाट कैलाश खोला जलविद्युत नजिक कब्जामा रहेको बेला गोली हानी मारेकाले दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी आयोगमा मिति २०६०।११।१२ मा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषीको पहिचान गरी मानव अधिकार उल्लंघन गरेकोमा फौजदारी अपराधमा कार्वाही गर्न र पीडित परिवारको भरणपोषणको लागि रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६५।३।८ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. नेपालगञ्ज।२३२ संरक्षण ७५१ मिति २०६५।९।४ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १७३ मिति २०६५।९।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाइएको प्र.म.म.प.को बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको २०६५।१२।३१ को निर्णयानुसार रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १७२**

१. **पीडितको नाम, थर र ठेगाना** नारद पाण्डे, वासुलिंग-७, बैतडी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बैतडी वासुलिंग गा.वि.स. वडा नं. ७ बस्ने पूर्व प्रहरी नारद पाण्डेलाई घरमा आएको बेला छिमेकीको विवाहमा डोटी जिल्लाको दिपायलमा जाने क्रममा डडेल्धुरामा मिति २०५९।२।२३ गतेसंयुक्त सुरक्षाफौजको गस्ती टोलीले पक्राउ गरी हत्या गरेकाले आवश्यक अनुसन्धान गरी पीडितका परिवारलाई निजको संचय कोष सहित उचित क्षतिपूर्ति सहित न्याय दिलाइपाउँ भनी मिति २०६३।६।५ मा आयोगमा उजूरी परेको।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सुरक्षाकर्मीको पहिचान गरी कार्वाही गर्न तथा पीडितका आश्रित परिवारको भरणपोषणको लागि आयोगको (उजूरी, कार्वाही तथा क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र मृतकका नाबालक छोराछोरीको निःशुल्क शिक्षाको व्यवस्था मिलाउन समेत नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६५।३।११ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. धनगढी।४३६ संरक्षण ७५५ मिति २०६५।९।४ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १७३ मिति २०६५।९।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाइएको प्र.म.म.प.को बोधार्थ पत्र प्राप्त।

आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा सम्बन्धित इकाईमा पठाइएको शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको च.नं. ७०३ मिति २०६५।९।७ को बोधार्थ प्राप्त।

गृह मन्त्रालयको च.नं. ६१९ मिति २०६६।२।३१ मा जि.प्र.का. बैतडीलाई रु. ३,००,०००।- क्षतिपूर्तिको ड्राफ्ट पठाइएको पत्रको बोधार्थ प्राप्त।

गृह मन्त्रालयको २०६५।१२।३१ को निर्णयानुसार रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १७३**

१. **पीडितको नाम, थर र ठेगाना** दल वहादुर चन्द, लोकेन्द्र वहादुर चन्द, रण वहादुर चन्द, टेक वहादुर चन्द, डवल वहादुर सार्की (मृतकहरू) र घाइते चक्र वहादुर मटेली वर्छेन-८, डोटी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला डोटी वर्छेन गा.वि.स. वडा नं. ८ छेडा गाउँमा नेकपा माओवादीले मिति २०५९।१।१९ मा साँस्कृतिक कार्यक्रम गरिरहेका बेलामा शाही नेपाली सेनाको टोलीले छेडा गाउँ तीनतिरबाट घेरा हाली माओवादीमाथी एक्कासी आक्रमण गरेकाले सो आक्रमणमा माओवादीहरू भगाभाग गरेको र गाउँका दल वहादुर चन्द, लोकेन्द्र वहादुर चन्द, रण वहादुर चन्द, टेक वहादुर चन्द र डवल वहादुर सार्कीले उक्त घटनाको पत्तै नपाई आफ्नो खेतमा हलो जोतिरहेको अवस्थामा सबैलाई समातेर लाइन लगाई हत्या गरेकोले र चक्र वहादुर मटेलीलाई गोली लागि गम्भीर रुपमा घाइते भएको घटनामा आवश्यक अनुसन्धान गरी दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति दिलाइपाउँ भनी आयोगमा मिति २०६३।५।८ मादर्ता उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** उक्त कार्यमा संलग्न रहेका सुरक्षाकर्मीको पहिचान गरी फौजदारी अभियोगमा कार्वाही गर्न र क्षतिपूर्ति बापत मृतकका आश्रित परिवारलाई आयोगको (उजूरी, कार्वाही तथा क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम जनही रु. ३,००,०००।- का दरले क्षतिपूर्ति दिन र घाइते चक्र वहादुर मटेलीलाई ऐ. नियम १८ बमोजिम रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो। साथै मृतकका बाल बच्चालाई निःशुल्क पठनपाठनको व्यवस्था मिलाउन भन्ने मिति २०६५।३।११ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. धनगढी।४०८। ४०९ संरक्षण ७५४ मिति २०६५।९।४ मा

प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १७३ मिति २०६५।९।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाइएको प्र.म.म.प.को बोधार्थ पत्र प्राप्त ।

आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा सम्बन्धित इकाईमा पठाइएको शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको च.नं. ७०३ मिति २०६५।९।७ को बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको २०६५।९।२९ को निर्णयानुसार निजहरूलाई जनही रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्रबाट जानकारी प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धी जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १७४**

१. **पीडितको नाम, थर र ठेगाना** सेतु वि.क., बागेश्वरी-३, बाँके

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजुरी नं. ८१७, मिति २०६३।१।७, बाँके जिल्ला बागेश्वरी गा.वि.स. वडा नं. ३ कि सेतु वि.क.को जनआन्दोलनको क्रममा नेपालगञ्ज नगरपालिका स्थित ज्ञानेन्द्र चोकमा जनप्रदर्शनको क्रममा सुरक्षाकर्मीहरूले अन्धाधुन्ध अश्रुग्यास तथा गोली चलाएको र सुरक्षाकर्मीले प्रहार गरेको अश्रुग्यास छातीमा लागि निज सेतु वि.क. गम्भिर घाइते भई उपचार गराउने क्रममा मिति २०६३।१।५गते निधन भएको भनी सञ्चारमाध्यममा प्रसारित समाचारप्रति आयोगको ध्यानाकर्षण भइ आयोगको स्वविवेकमा मिति २०६३।१।७ मा उजूरी ग्रहण ।

४. **आयोगको निर्णय⁄सिफारिश** मृतकका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई सकिएको भन्ने देखिएकाले निजका छोराछोरीलाई निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गरी फाइल टुंग्याउने भनी मिति २०६५।३।१९ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. नेपालगञ्ज।८१७ संरक्षण ११३२ मिति २०६५।१२।१२ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** मृतक सेतु वि.क. जनआन्दोलनको शहिद घोषणा भई शान्ती तथा पुननिर्माण मन्त्रालयबाट आ.व. २०६५।६६ देखि मासिक रु. ६२००।- का दरले वार्षिक रु. ७४,४००।- निजका हकवालाले पाउने गरी सम्बन्धित जिल्लामा पठाउने गरिएको साथै निजका सन्तानहरूलाई निःशुल्क अध्ययको व्यवस्था गरिएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – १७५**

१. **पीडितको नाम, थर र ठेगाना** सरला सापकोटा, (वर्ष १६) जीवनपुर-१, धादिङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धादिङ्ग जिल्ला जीवनपुर-१, बस्ने १६ वर्षकी सरला सापकोटालाई मिति २०६१।४।१ गते राति ११:०० बजेको समयमा कालो पोशाकमा आएका करिब १५/२० जना सुरक्षाकर्मीले कब्जामा लिई गएकोमा हालसम्म निजको स्थिति अज्ञात रहेको हुँदा निजको खोजतलाश गरी जीवन रक्षा गरीपाउँन भनी आयोग समक्ष मिति २०६१।४।११ मा चेत बहादुर ठकुरीको उजूरी निवेदन ।

४. **आयोगको निर्णय⁄सिफारिश** गैर न्यायिक हत्यामा संलग्न व्यक्तिहरू माथि ज्यान सम्बन्धी कसुरमा कार्वाही गर्न जिल्ला प्रहरी कार्यालय धादिङ्गमा दर्ता रहेको जाहेरी दर्खास्तमा कार्वाही अगाडि वढाउन जिल्ला प्रहरी कार्यालय धादिङ्गलाई

आदेश दिन नेपाल सरकार लाई लेखी पठाउने र त्रि.वि. शिक्षण अस्पताल फरेन्सिक मेडिसिन विभाग महाराजगन्जमा रहेको सरला सापकोटाको लाश प्रहरीद्वारा थप अनुसन्धान कार्यको लागि पत्र प्राप्त भएको मितिले १५ दिनभित्र दिन र सो समयभित्र नेपाल प्रहरीद्वारा माग नभएमा निजको आफन्तलाई शव बुझाई दिन फरेन्सिक मेडिसिन विभाग, जिल्ला प्रहरी कार्यालय, धादिङ्गलाई सोही व्यहोरा जानकारी गराइदिने । साथै मानव अधिकारको गम्भिर उल्लंघनबाट पीडित परिवारलाई भरणपोषणको लागि रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६५।३।३० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १९६४ संरक्षण १६३ मिति २०६५।५।३ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।५।२६ को निर्णयानुसार रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ख) माओवादीद्वारा हत्या**

**क्रम संख्या – १७६**

१. **पीडितको नाम, थर र ठेगाना** श्यामसुन्दर सहनी र शम्भु सहनी, वसन्तपट्टि-६, रौतहट

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रौतहट बसन्तपट्टि ६ का दाजुभाई श्यामसुन्दर सहनी र शम्भु सहनीलाई नेकपा माओवादीले एकहप्ता अघि आफ्नो कार्यक्रममा अवरोध पुऱ्याएको भन्ने आरोपमा दुबै दाजु भाईलाई घरबाटै अपहरण गरेको, सोही दिन दुवैलाई इनरुवा गाँउबाट छोड्ने भनेर माओवादीले स्थानीय मानव अधिकारकर्मी र पत्रकारलाई बोलाएको, सो कुरा थाहा पाएर आक्रोशित ईनरुवाबासीले जबरजस्ती छुटाई लगेको, सोही दिनदेखि माओवादीले आफ्नो नियन्त्रणमा नरहेको बताएपछि दुबैको अवस्था अज्ञात रहेको र मिति २०६३।२।१३ गतेका दिन दुई दाजुभाईको शव ईनरुवा खोला बगरमा पुरिएको अवस्थामा सुरक्षाकर्मीले फेला पारेको भन्ने समाचारप्रति आयोगको गम्भीर ध्यानाकर्षण भई स्वविवेकमा उजूरी दर्ता गरी अनुसन्धान गरिएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषीहरूको पहिचान गरी सम्बन्धित अदालतमा फौजदारी अभियोगमा मुद्दा चलाई कानूनी कार्वाही गर्न नेपाल सरकारलाई लेखि पठाउनुपर्ने र साथै राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपुर्ति) निर्धारण नियमावली, २०५७ को नियम १७ बमोजिम पीडित परिवारको भरणपोषणको लागि जनही रू. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउनको लागि नेपाल सरकार समक्ष लेखी पठाउने भन्ने मिति २०६४।१०।२१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३२४ मिति २०६५।६।६ गते प्र.म. म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

च.नं. ३२५ मिति २०६५।६।६ गते शान्ति तथा पुनःनिर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।८।२९ को निर्णयानुसार निजहरूलाई जनही रू. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्रबाट जानकारी प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रू. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १७७**

१. **पीडितको नाम, थर र ठेगाना** निर्मला बस्नेत, लिच्किराम्चे-९, खोटाङ्ग

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण**मिति २०६२।७।१८ का दिन लिच्किराम्चे-९, खोटाङ्ग बस्ने निर्मला बस्नेतलाई निजको लोग्ने समेत संलग्न भई ने.क.पा.(माओवादी) का कार्यकर्ताहरूले अपहरण गरी सोही जिल्लाको सिमपानी गा.वि.स.मा लगी अमानविय एवं निर्ममतापूर्वक हत्या गरेकोले दोषीलाई कार्वाही गरी निजका आश्रित बालबालिकाहरूलाई उद्दार गरिदिन भनी मिति २०६२।८।५ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** अपराधमा जो जसको संलग्नता छ, आवश्यक अनुसन्धान तहकिकात गरी निजको लोग्ने सहित संलग्न व्यक्तिलाई फौजदारी कसुरमा अनुसन्धान गरी मुद्दा चलाउन नेपाल सरकारलाई लेखी पठाउने ठहर्छ । साथै पीडितको परिवारले रु. १,५०,०००।- क्षतिपूर्ति पाइसकेको देखिंदा पीडितका आश्रित छोराछोरीलाई शिक्षादिक्षा र भरणपोषणको लागि थप रु. १,५०,०००।- उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने भन्ने मिति २०६४।१०।२२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५१२। विराटनगर संरक्षण ३६९ मिति २०६५।६।९ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

च.नं. ५१२। विराटनगर संरक्षण ३६८ मिति २०६५।६।९ गते शान्ति तथा पुन र्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।१०।५ को निर्णयानुसार रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १७८**

१. **पीडितको नाम, थर र ठेगाना** अर्जुन बहादुर लामा, छत्रेवाँस -५, काभ्रेपलाञ्चोक

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला काभ्रेपलाञ्चोक, छत्रेवाँस गा.वि.स. वडा नं. ५ घर भई काठमाडौं डेरा गरी बस्ने अर्जुन बहादुर लामा स्थानीय श्रीकृष्ण मा.वि.को विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा निर्वाचित भएकोमा स्वागत कार्यक्रममा भाग लिइरहेको अवस्थामा निजलाई नेकपा माओवादी कार्यकर्ताहरूले मिति २०६२।१।१६ गते अपहरण गरी कब्जामा लिई निजको अवस्था अज्ञात बनाएकोले सकुशल रिहाईको लागि पहल गरीपाउँ भनी मिति २०६२।१।२० मा राष्ट्रिय एकता परिषद्ले आयोगमा दर्ता उजूरी गरेको ।

४. **आयोगको निर्णय/सिफारिश** नेकपा माओवादीका कार्यकर्ताबाट देशमा चलेको सशस्त्र द्वन्द्वको समयमा जेनेभा महासन्धि १९४९ को साझा धारा ३ विपरित सर्वसाधारण निशस्त्र व्यक्तिलाई कब्जामा लिई मारेको देखिंदा मानव अधिकार तथा मानवीय कानूनको उल्लंघन गरेको देखिएकोले दोषीको पहिचान गरी फौजदारी अभियोगमा कार्वाही चलाई सोको जानकारी आयोगलाई उपलब्ध गराउनका साथै पीडित परिवारको भरणपोषणको लागि मानव अधिकारको उल्लंघन भई मृत्यु भएका आश्रित परिवारलाई नेपाल सरकारले उपलब्ध गराए सरहको रकम नै प्रस्तुत घटनाका परिवारले पाउनु पर्ने न्यायोचित देखिंदा सोही अनुसारको क्षतिपूर्ति रकम उपलब्ध गराइदिन समेत नेपाल सरकारलाई लेखी पठाउने ठहर्छ भन्ने आयोगको मिति २०६५।२।२४ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २९०७ संरक्षण बे.ई. १८४ मिति २०६५।५।६ मा श्री प्र.म.म.प. को कार्यालय पत्राचार गरिएको र बोधार्थ शान्ति तथा पुनर्निर्माण मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय र श्री नेपाली सेना जंगी अड्डालाई दिइएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्र.म.म.प.को कार्यालयको च.नं. ४७ मिति २०६५।५।११ को पत्र शान्ति तथा पुनर्निमार्ण मन्त्रालय, रक्षा मन्त्रालय र गृह मन्त्रालयमा निर्णय कार्यान्वयनको लागि पठाइएको पत्रको बोधार्थ प्राप्त ।

जिल्ला प्रहरी कार्यालय काभ्रेको च.नं. ४१९ मिति २०६५।५।११ को सर्वोच्च अदालतको आदेशानुसार कर्तव्य ज्यान मुद्दाको जाहेरी दरखास्त दर्ता भई मुद्दाको अनुसन्धान प्रक्रिया शुरु भएको र घटनाम संलग्न फरार प्रतिवादीहरूको खोजतलासको लागि मातहत कार्यालयहरूमा पत्र पठाइएको भन्ने जवाफ प्राप्त ।

गृह मन्त्रालयको च.नं. १६० मिति २०६५।५।२३ को श्री शान्ति तथा पुर्ननिर्माण मन्त्रालयलाई क्षतिपूर्तिको सम्बन्धमा आवश्यक कार्वाहीको निमित्त लेखिएको बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. १६१ मिति २०६५।५।२३ को प्रहरी प्रधान कार्यालयलाई आवश्यक कार्वाहीको निमित्त लेखिएको बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. ९२५ मिति २०६८।३।१७ को आयोगलाई लेखिएको पत्र प्राप्त । जसमा मृतकका हकवाला निज पूर्णिमाया लामाले द्वन्द्वपीडितले पाउने क्षतिपूर्ति बापतको रकम रु. १,००,०००।- प्राप्त गरिसकेको भन्ने व्यहोरा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १७९**

१. **पीडितको नाम, थर र ठेगाना** नोखराज गौतम, गुन्सी भदौरे-१, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप गुन्सी भदौरे गा.वि.स. वडा नं. १ घर भई काभ्रेपलाञ्चोक जिल्ला चौरीखोला प्रा.वि.का शिक्षक नोखराज गौतमलाई मिति २०५९।४।२८ गते अपहरण गरी नेकपा (माओवादी) कार्यकर्ताले निजको अवस्था अज्ञात बनाएकोले सकुशल रिहाईको लागि पहल गरीपाउँ भनी मिति २०५९।५।३ मा नेपाल मानव अधिकार संगठन, काठमाडौंले आयोगमा दर्ता उजूरी गरेको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न रहेका व्यक्तिहरूलाई फौजदारी अपराध गरेकोमा अपराधीहरूको पहिचान गरी फौजदारी अपराधमा कार्वाही गर्न र पीडितको आश्रित परिवारको भरणपोषणको लागि रु. ३,००,०००।- उपलब्ध गराउन पर्नेमा नेपाल सरकारबाट रु. १,५०,०००।- उपलब्ध गराइसकेको देखिंदा थप रु. १,५०,०००।- उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६५।३।१२ को निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ४२४ संरक्षण ७९७ मिति २०६५।९।९ मा प्र.म.म.प. को कार्यालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ६१४ मिति २०६६।२।३१ मा जि.प्र.का. रामेछापलाई रु. १,५०,०००।- क्षतिपूर्तिको ड्राफ्ट पठाइएको पत्रको बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको २०६५।१२।३१ को निर्णयानुसार रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १८०**

१. **पीडितको नाम, थर र ठेगाना** विनोद कुमार खड्का, गेलु-२, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप गेलु गा.वि.स. वडा नं. २ रजाइ घर भई श्री शेर गण (क) गुल्म चरिकोटमा कार्यरत विनोद कुमार खड्का मिति २०६०।२।२३ गते घर विदा लिई घर आएकोमा मिति २०६०।२।२४ गते विहान नातेदार वद्री खड्कासँग घरायसी कामको सिलसिलामा रामेछापको दोरम्बा गा.वि.स.मा गएको, सोही दिन दोरम्वामा नेकपा (माओवादी) को आमसभा कार्यक्रम रहेको र निज विनोद खड्का र वद्री खड्का समेतलाई नेकपा (माओवादी)

को कार्यकर्ताले अपहरण गरेको हुन सक्ने भएकोले निजको खोजतलास गरी रिहा गराइपाउँ भनी आयोगमा मिति २०६०।३।९ मा दर्ता उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** रामेछाप जिल्ला प्रशासनको पत्र संख्या ०६३।६४ च.नं. ४८१ मिति ०६३।५।२८ को आयोगमा प्राप्त पत्रबाट जिल्ला प्रहरी कार्यालय चरिकोटबाट गएको टोलीले प्र.स. कतर्व्य ज्यान शिर्षक मु.द.नं. १५ (आ.व. २०५९।६०) मा दर्ता गरी भेन्टे भन्ने शंकर लामा समेतका २६ जना नेकपा (माओवादी) का कार्यकर्ताहरू घटनामा संलग्न रहेकाले निजहरूको खोजी कार्य भइरहेको भन्ने समेत देखिएकोले घटनामा संलग्न रहेका व्यक्तिलाई फौजदारी अपराध गरेको अपराधमा अपराधीहरूको पहिचान गरी कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने, साथै नेकपा (माओवादी) बाट अपहरणमा परेका वद्री खड्का अपहरणबाट मुक्त भईसकेको भन्ने तथ्य प्राप्त भएकाले निजको फाइल टुंग्याउने भन्ने मिति २०६५।३।१९ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ८२२ संरक्षण ७८७ मिति २०६५।९।९ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको मिति २०६५।१०।८ को निर्णयानुसार हत्यामा संलग्न अभियुक्तलाई फौजदारी अभियोगमा कार्वाही गर्न प्र.पं.कालाई निर्देशन दिएको जानकारी मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १८१**

१. **पीडितको नाम, थर र ठेगाना** गोकर्ण (गोपी) सुवेदी, कठार-४ शान्तिबजार, चितवन

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६०।७।७ मा चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ४ शान्ति वजार बस्ने गोकर्ण (गोपी) सुवेदी आफ्नै काम विशेषले मिति २०६०।७।७ गते वा.१५प ४९८७ नम्बरको कालो रंगको क्यालिवर मोटरसाइकल चढी विरगन्ज गएको र विगन्जबाट घरतर्फ फर्कँदै गर्दा मकवानपुर जिल्लाको महेन्द्र राजमार्गमा पर्ने मनहरी गा.वि.स. ८ रजैयाबाट अपहरण गरिएकोले निजको खोज तलास गरीपाउँ भनी मिति २०६०।८।२९ मा दर्ता उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ४ शान्ति वजार बस्ने गोकर्ण (गोपी) सुवेदी आफ्नै काम विशेषले मिति २०६०।७।७ गते वा.१५प ४९८७ नम्बरको कालो रंगको क्यालिवर मोटरसाइकल चढी विरगन्ज गएको र विगन्जबाट घरतर्फ फर्कँदै गर्दा मकवानपुर जिल्लाको महेन्द्र राजमार्गमा पर्ने मनहरी गा.वि.स. ८ रजैयाबाट अपहरण गरिएको, मोटरसाइकल प्रहरी चौकीमा लगिएको, अपहरण गरेको १ वर्षपछि घर नजिकैको शान्ति बजारमा नेकपा (माओवादी) ले कोणसभा आयोजना गरी निज गोकर्णलाई सफाया गरेको तर निज निर्दोष रहेकाले माफी माग्छौं भनेकोले घटनामा संलग्न रहेका व्यक्तिलाई फौजदारी अपराध गरेकोमा अपराधीहरूको पहिचान गरी फौजदारी अपराधमा कार्वाही गर्न र पीडितका आश्रित परिवारको भरणपोषणका लागि रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन साथै निजका छोराछोरीलाई शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६५।३।१९ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२६४ संरक्षण ७९० मिति २०६५।९।९ गते प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुर्ननिर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ६०० मिति २०६६।२।३१ मा जि.प्र.का. चितवनलाई रु. ३,००,०००।- क्षतिपूर्तिको ड्राफ्ट पठाइएको पत्रको बोधार्थ प्राप्त।

जि.प्र.का. चितवनको च.नं. १७/२२ मिति २०६६।५।१७ मा पीडितकी श्रीमती माया क्षेत्री सुवेदीलाई गृह मन्त्रालयद्वारा रु. ७५,०००।- र शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट द्वन्द्वपीडित मृतकका परिवारलाई रु. १,००,०००।- भुक्तानी गरी सकिएको जानकारी प्राप्त।

गृह मन्त्रालयको २०६५।१२।३१ को निर्णयानुसार रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को

च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १८२**

१. **पीडितको नाम, थर र ठेगाना** केशव महतो, दिव्यपुरी, नवलपरासी

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला नवलपरासी दिव्यपुरी गा.वि.स. घर भई राष्ट्रिय अनुसन्धान विभाग, जिल्ला प्रशासन कार्यालय चितवनमा कार्यरत केशव महत्तोलाई भरतपुर न.पा. वडा नं. १० न्याली वजारबाट नेकपा (माओवादी) का कार्यकर्ताले मिति २०६१।११।२१ गते अपहरण गरी हत्या गरेको ।

४. **आयोगको निर्णय/सिफारिश** मृतकका परिवारले क्षतिपूर्ति पाईसकेको भन्ने आयोगको अनुसन्धानबाट देखिदा घटनामा संलग्न रहेको व्यक्तिहरूलाई फौजदारी अपराध गरेकोमा अपराधीहरूको पहिचान गरी फौजदारी अपराधमा कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६५।३।१९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २७३३ संरक्षण ७३३ मिति २०६५।९।९ मा प्र.म.म.प. कार्यालय र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।१०।८ को निर्णयानुसार हत्यामा संलग्न अभियुक्तलाई फौजदारी अभियोगमा कार्वाही गर्न प्र.प.का.लाई निर्देशन दिएको जानकारी मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १८३**

१. **पीडितको नाम, थर र ठेगाना** डवल वहादुर साउद, रामारोशन-२, अछाम

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला अछाम रामारोशन गा.वि.स. वडा नं. २ बस्ने डवल वहादुर साउदलाई मिति २०६१।५।२२ मा नेकपा (माओवादी) का कार्यकर्ताले अपहरण गरी कब्जामा लिई हत्या गरेको भन्ने विषयमा आयोगमा मिति २०६१।७।१३ मा दर्ता उजूरीनिवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** निज डबल बहादुर साउदलाई सुराकीको आरोपमा नेकपा माओवादीका कार्यकर्ताहरू नवल सिंह रोकाया र मीन बहादुर रोकाया सहितले अपहरण गरी मारेको देखिंदा हत्यामा संलग्न व्यक्तिहरूलाई फौजदारी अभियोगमा कानूनी कार्वाही चलाउन र जेनेभा महासन्धी १९४९ को साझा धारा ३ विपरित मानविय कानून एवं मानव अधिकारको हनन् भएको देखिंदा मृतकको आश्रित परिवारको भरणपोषणको लागि (आयोगको उजूरी, कार्वाही र क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने निर्णय गरियो भन्ने मिति २०६५।३।२६ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. नेपालगञ्ज।३५७ संरक्षण ७४९ मिति २०६५।९।४ मा प्र.म.म.प. कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा सम्बन्धित इकाईमा पठाइएको शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको च.नं. ७०३ मिति २०६५।९।७ को बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको च.नं. ६१७ मिति २०६६।२।३१ मा जि.प्र.का. अछामलाई रु. ३,००,०००।- क्षतिपूर्तिको ड्राफ्ट पठाइएको पत्रको बोधार्थ प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ग) विष्फोटबाट मृत्यु**

**क्रम संख्या – १८४**

१. **पीडितको नाम, थर र ठेगाना** पार्वती वि.क., पर्रोश-५, रुपन्देही

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** रुपन्देही पर्रोश गा.वि.स. वडा नं. ५ बस्ने वर्ष १८ की पार्वती वि.क.को मिति २०६२।१०।३० गते दिउँसो घरबाट रामपुरतर्फ जाँदा जिल्ला रुपन्देही दुधराक्ष गा.वि.स. स्थित तुलवुलिया पुलमा नेकपा (माओवादी) ले सडक अवरोध गर्न राखेको बम विष्फोट हुँदा मृत्यु भएको सम्बन्धमा आयोगले आफ्नै स्वविवेकमा उजूरी ग्रहण गरी छानवीन गरेको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** सार्वजनिक स्थलमा अवरोध खडा गरी विष्फोटक पदार्थ राख्ने जिम्मेवार व्यक्तिको पहिचान गरी कानून बमोजिम आवश्यक अनुसन्धान गरी कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गरी पठाउने भन्ने मिति २०६४। ९।१३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३४८३ मिति २०६५।२।३१ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.प.को कार्यालयको च.नं. २८३ मिति २०६५।३।१५ मा सम्बन्धित निकायलाई पत्राचार गरिएको बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको च.नं. १५१ मिति २०६५।३।३१ मा गृह मन्त्रालयले जि.प्र.का.मा निर्णय कार्यान्वयनको लागि पठाएको बोधार्थ प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धी जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १८५**

१. **पीडितको नाम, थर र ठेगाना** अनिता नाउ ठाकुर (मृतक), विरेन्द्र भर र कृष्ण वहादुर भर (घाइतेहरू) बुड्ढी-६, कपिलवस्तु

२. **उल्लंघनकर्ता** अज्ञात

३. **उजूरीको संक्षिप्त विवरण** कपिलवस्तु बुड्ढी गा.वि.स. वडा नं. ६ स्थित शिवमन्दिर नजिक रहेको वेवारिसे बम खेलाउँदा विष्फोट भई मिति २०६१।२।९ गते विहान अन्दाजी ११ बजेको समयमा अनिता नाउको उपचार गराउँदा गराउँदै मृत्यु भएको र ८ वर्षीय विरेन्द्र भर र १० वर्षीय कृष्ण वहादुर भर घाइते भई उपचार भएकोले घटनाको अनुसन्धान गरी क्षतिपूर्ति उपलब्ध गराईपाउँ भनी आयोगमा मिति २०६२।९।१६ मा पर्न आएको उजूरी ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** अनिता नाउ ठाकुरको मृत्यु भएकोमा निजको हकवाला पीडित परिवारलाई रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र सोही घटनामा परी घाइते भएका कृष्ण भर र विरेन्द्र भरलाई जनही रु. ३५,०००।- का दरले क्षतिपूर्ति उपलब्ध गराउन तथा द्वन्द्वको समयमा वेवारिसे अवस्थामा बम, विष्फोटक पदार्थहरू रहनसक्ने र त्यसबाट अझै पनि घटना हुनसक्ने भएकोले सोको अविलम्ब व्यवस्थापनका लागि आवश्यक पहल गर्न नेपाल सरकार र नेकपा (माओवादी) लाई ध्यानाकर्षण गरी लेखी पठाउने मिति २०६४।९।१३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३४८७ मिति २०६५।२।३१ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.पा.को कार्यालयको च.नं. २८६ मिति २०६५।३।१५ मा सम्बन्धित निकायलाई पत्राचार गरिएको बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको च.नं. १४९ मिति २०६५।३।३१ मा गृह मन्त्रालयले शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा निर्णय

कार्यान्वयनको लागि पठाएको बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको च.नं. १५० मिति २०६५।३।३१ मा जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुलाई आवश्यक कार्वाही गर्न पत्राचार गरिएको बोधार्थ प्राप्त ।

अनिता नाउ ठाकुरका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १८६**

१. **पीडितको नाम, थर र ठेगाना** गोपाल थापा (मृतक), पप्पु थापा र रम्बे कुमाल (घाइतेहरू) देवदह, रुपन्देही

२. **उल्लंघनकर्ता** अज्ञात

३. **उजूरीको संक्षिप्त विवरण** रुपन्देही देवदह गा.वि.स. स्थित खयरडाँडाको जंगलमा दाउरा लिन जाँदा मिति २०६३।१।३१ गते वेवारिसे अवस्थामा छाडिएको बम खेलाउँदा बम विष्फोट भई मायादेवी अनाथालयका १२ वर्षीय गोपाल थापाको मृत्यु भएको, ९ वर्षीय पप्पु थापा र १३ वर्षीय रम्बे कुमाल सख्त घाइते भएको घटना सम्बन्धमा आयोगमा परेको उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** मृतक गोपाल थापाको हकवाला परिवारलाई रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र सोही घटनामा परी घाइते भएकाहरूलाई चोटपटकको गम्भीरता हेरि ९ वर्षीय पप्पु थापालाई रु. ५०,०००।- र १३ वर्षीय रम्बे कुमाललाई रु. १०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६४।९।१३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३४८४ मिति २०६५।२।३१ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

च.नं. ३४८६ मिति २०६५।२।३१ मा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.प.को कार्यालयको च.नं. २८४ मिति २०६५।३।१५ मा सम्बन्धित निकायलाई पत्राचार गरिएको बोधार्थ प्राप्त ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको च.नं. १३८ मिति २०६५।३।१५ मा सम्बन्धित निकायमा कारवाहीको लागि पठाइएको बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको च.नं. १४७ मिति २०६५।३।३१ मा गृह मन्त्रालयले जि.प्र.का.मा निर्णय कार्यान्वयनको लागि पठाएको बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको च.नं. १४६ मिति २०६५।३।३१ मा गृह मन्त्रालयले शान्ति तथा पुर्ननिर्माण मन्त्रालयमा निर्णय कार्यान्वयनको लागि पठाएको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १८७**

१. **पीडितको नाम, थर र ठेगाना** फुर्वा शेर्पा साँघु-८, ताप्लेजुङ्ग र दारीञ्चे शेर्पा साँघु-९, ताप्लेजुङ्ग

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६२।९।८ गते ताप्लेजुङ्ग जिल्ला साँघु गा.वि.स. वडा नं. ८ बस्ने फुर्वा शेर्पा र ऐ. ऐ. वडा नं. ९ बस्ने दारीञ्चे शेर्पाको ऐ. जिल्ला चाँगे गाविस वडा नं. १ स्थित दोभाने पुलनेर नेकपा (माओवादी) ले थापेको विद्युतिय धरापमा परी मृत्यु भएको घटनाको उजूरी तात्कालिन शाही नेपाली सेना पूर्वी पृतना, सुनसरीबाट मिति २०६२।९।१३ गते आयोगमा दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ५४५, मिति २०६२।९।८ गते ताप्लेजुङ्ग जिल्ला चागे गा.वि.स. वडा नं. १ स्थित दोभाने पुलनेर नेकपा (माओवादी) ले थापेको एम्बुस धरापमा परी जिल्ला ताप्लेजुङ्ग साँघु गा.वि.स. वडा नं. ८ बस्ने फुर्वा शेर्पा र ऐ. ऐ. वडा नं. ९ बस्ने भरिया दारीञ्चे शेर्पाको मृत्यु भएको भन्ने आयोगको अनुसन्धान टोलीको प्रतिवेदनबाट देखिएकोले पीडित परिवारको भरणपोषणको लागि जनही रु. २,५०,०००।- का दरले क्षतिपूर्ति उपलब्ध गराउन र मृतकका बालबालिकाको निःशुल्क पठनपाठनको व्यवस्था मिलाउन समेत नेपाल सरकारलाई लेखी पठाउने ठहर्छ भन्ने आयोगको मिति २०६५।३।३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ११९७ संरक्षण ५४५ मिति २०६६।१०।१९ मा प्र.म.म.प.को कार्यालय लाई आयोगको निर्णय सिफारिश गर्ने ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. २५,०००।- क्षतिपूर्ति दिन मिति २०६५।३।३ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. २२३२ मिति २०६६।११।१३ को पत्रमा मृतक दुवै जनाका हकदारलाई आ.व.०६५।०६६ मा नै जनही रु. १,००,०००।- का दरले राहत उपलब्ध गराइसकिएको र सन्ततीहरूलाई उपलब्ध गराउने छात्रवृत्ति नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६ अनुसार शिक्षा मन्त्रालयबाट उपलब्ध गराउने व्यहोराको जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**घ) अज्ञातद्वारा हत्या**

**क्रम संख्या – १८८**

१. **पीडितको नाम, थर र ठेगाना** कपिलवस्तु घटनाका पीडितहरू

मृतक व्यक्तिहरूको नाम, थर तथा ठेगाना

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १. | अब्दुल मोहित खाँ | विरपुर-३, कपिलवस्तु |
| २. | हसन पुरी | सशस्त्र प्र.ज. चितवन |
| ३. | हिरामणी खरेल | मानपुर-८, कपिलवस्तु |
| ४. | हरिवहादुर बस्नेत | विसनपुर-३, कपिलवस्तु |
| ५. | झविन्द्रवहादुर खनाल | विसनपुर-३, कपिलवस्तु |
| ६. | अर्जुन ठट्टेल | कृष्णनगर, दाङ्ग |
| ७. | शोभाराम सुनार | विसनपुर-३, कपिलवस्तु |
| ८. | दिले सुनार | विसनपुर-३, कपिलवस्तु |
| ९. | मैतवहादुर पुन मगर | शिवगढी-३, कपिलवस्तु |
| १०. | धनवहादुर थापा | खुरहुरिया-३, कपिलवस्तु |
| ११. | चन्द्रवहादुर घर्ती | हल्लानगर, कपिलवस्तु |
| १२. | रामेश्वर चौधरी | असोज ३ गतेको घटनामा |
| १३. | दुधनाथ तेली | ऐ.ऐ. |
| १४. | नसरुद्दिन मुसलमान | ऐ.ऐ. |

घटनामा करिब २ दर्जन जति व्यक्तिहरू घाइते

२. **उल्लंघनकर्ता** अज्ञात

३. **उजूरीको संक्षिप्त विवरण** कपिलवस्तु जिल्ला वीरपुर गा.वि.स. वडा नं. ३ कुदरभेटवा निवासी ६० वर्षीय अब्दुल मोहिद खाँको २०६४ साल भाद्र ३० गते विहान करीव ८ बजेको समयमा सोही जिल्लाको शिवपुर गा.वि.स. वडा नं. ६ बालापुर भन्ने स्थानमा मोटरसाइकलमा चढी आएका व्यक्तिहरूले गोली हानी हत्या भएपछि भड्किएको हिंसामा ३१ जनाको मृत्यु भएको, ५८२ घरपरिवार विस्थापित भएको, १५० भन्दा बढी सवारी साधनमा आगजनी र तोडफोड गरिएको, ३०० भन्दा

बढी घरमा आगजनी तथा लुटपाट समेत भएको सम्बन्धमा आयोगको आफ्नै सक्रियतामा मिति २०६४।६।४ मा उजूरी ग्रहण भएको ।

४. **आयोगको निर्णय/सिफारिश**

- विस्थापित भएका व्यक्तिहरूलाई तत्काल मानविय राहत सामग्री सहित यथोचित राहत वापत क्षतिपूर्ति तथा वसोवासको लागि अविलम्ब व्यवस्था गर्न,
- मृत्यु भएका सम्पूर्ण व्यक्तिहरूलाई जनआन्दोलन २०६२।६३, तराई आन्दोलन २०६३, गौर घटना, चुरे भावर प्रदेश आदि घटनामा मृत्यु भएका व्यक्तिका परिवारले पाए सरहको न्यायोचित र यथोचित क्षतिपूर्ति रकम अविलम्ब उपलब्ध गराउन,
- दोषीलाई कानून बमोजिम अनुसन्धान गरी कानूनी दायरामा ल्याई कार्वाही गर्न,
- घटनामा भएको मानविय तथा भौतिक क्षति भएकाहरूको तत्काल सुक्ष्मरुपले अनुसन्धान गरी पीडितहरूलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्न,
- जातिय, सामाजिक तथा धार्मिक सद्भाव कायम गराउन राजनैतिक दल, समाजसेवी, धार्मिक गुरुहरूलाई त्यस क्षेत्रमा तत्काल परिचालित गराउन,
- जिल्ला प्रशासन कार्यालय कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी नरेन्द्र दाहाल र सशस्त्र प्रहरी बल विन्ध्यवासिनी गण चन्द्रौटाका सशस्त्र प्रहरी उपरीक्षक विकास श्रेष्ठलाई नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ को उपधारा २ खण्ड (क) र (ख) बमोजिम तथा अन्य कानून बमोजिम आवश्यक अनुसन्धान गरी कार्वाही गर्न,
- दंगाहिंसा आदिको सम्भावना भएको अवस्थामा भारतसँग आपसी छलफलबाट सिमानालाई कडाईका रुपमा मानिस आवतजावत गर्ने कार्यलाई व्यवस्थित तथा नियमित गर्न,
- विस्थापित भएका व्यक्तिहरूलाई आँखा पाक्ने, ज्वरो आउने, पेट दुख्ने जस्ता रोगहरू लाग्दै गएको र महामारी फैलिन सक्ने देखिएकोले स्वास्थ्य समस्यालाई ध्यानमा राखी तत्काल औषधी तथा उपचार सामग्री सहितको चिकित्सकको टोली अविलम्ब खटाउन,
- घटनाबाट पीडित व्यक्तिहरू तथा महिला, बालबालिका एवं सुत्केरी महिलाहरूलाई खानपान, उचित स्याहार सम्भार, स्वास्थ्योपचार तथा राहतको तत्काल व्यवस्था उपलब्ध गराउन,
- आगलागी भएका विद्यालयहरूको पुनर्निमाण गर्न, विस्थापितहरू आश्रय लिएर वसेका विद्यालयहरूमा पठनपाठनको व्यवस्था तत्काल गर्न र विस्थापित भएका व्यक्तिहरूलाई सुरक्षित रुपमा पुनर्स्थापनाको अविलम्ब व्यवस्था गर्न,
- शान्ति सुरक्षाको प्रभावकारी प्रत्याभूति दिलाउन र अन्य क्षेत्रमा समेत थप हिंसा भड्किन नदिन प्रभावकारी कदम चाल्न,
- मित्रराष्ट्र भारतका विभिन्न स्थानमा विस्थापित भएका व्यक्तिहरूलाई स्वदेश फर्काइ उनीहरूलाई पूर्ववत आफ्नो गाउँ ठाउँमा वसोवास गराई सुरक्षाको प्रत्याभूति प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६४।६।२४ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २४२१ मिति २०६४।६।२४ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** अब्दुल मोहित खाँका हकदारले पाउने गरी रु. १,००,०००।- सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

ङ) **हिरासतमा मृत्यु**

**क्रम संख्या – १८९**

१. **पीडितको नाम, थर र ठेगाना** दोर्जे शेर्पा, सिद्धकाली-५, संखुवासभा

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** संखुवासभा जिल्ला सिद्धकाली गा.वि.स. वडा नं. ५ निवासी दोर्जे शेर्पाले मिति २०६२।२।१३ गते शुक्रवार अपरान्ह ३:१५ बजे सिंहदरवारस्थित गणमा हिरासतमा रहेको अवस्थामा जुत्ताको तुनाको पासो लगाई आत्महत्या गरेको सम्बन्धमा आयोगको स्वविवेकमा मिति २०६२।२।१६ मा उजूरी ग्रहण गरी कार्वाही अगाडि बढाइएको।

४. **आयोगको निर्णय/सिफारिश** आफ्नो गणभित्र रहेको व्यक्तिको पर्याप्त सुरक्षाको व्यवस्था गर्नुपर्नेमा गणपतिबाट जिम्मेवारीपूर्ण व्यवहार भएको नदेखिंदा निजलाई समेत आवश्यक कार्वाही गर्न तथा सैनिक हिरासतमा सुरक्षा निकायको असावधानीका कारण मृत्यु हुन पुगेको देखिंदा पीडित परिवारको भरणपोषणको लागि रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्न मिति २०६४।९।२६ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३०२४ संरक्षण २११ मिति २०६५।५।१३ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।८।२९ को निर्णयानुसार निजलाई रु. ५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्रबाट जानकारी प्राप्त।

निजको आत्महत्या सैनिक कर्मचारीको लापरवाहीले गर्दा भएकोले हु.ओमबहादुर कार्की, सि. युवराज बोगटी र मेत्तर कृष्ण बहादुर वि.क.लाई मिति २०६२।२।१३ गतेबाट गणना हुने गरी ६० दिन कैद गरेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – १९०**

१. **पीडितको नाम, थर र ठेगाना** दिपेन्द्र रायमाझी, पनौती-३, काभ्रे

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलाञ्चोक जिल्ला पनौती नगरपालिका वडा नं. ३ बस्ने वर्ष २८ को दिपेन्द्र रायमाझीको भक्तपुर जिल्लाको सुर्यविनायकस्थित सिंहनाथ गणमा मिति २०६२।३।१२ गते विजुलीको तारको पासो लगाई आत्महत्या गरेको सम्बन्धमा आयोगको आफ्नै स्वविवेकमा मिति २०६२।३।१३ मा उजूरी ग्रहण गरी कार्वाही अगाडि वढाइएको।

४. **आयोगको निर्णय/सिफारिश** आफ्नो गणभित्र रहेको व्यक्तिको पर्याप्त सुरक्षाको व्यवस्था गर्नुपर्नेमा गणपतिबाट जिम्मेवारीपूर्ण व्यवहार भएको नदेखिंदा निजलाई समेत आवश्यक कार्वाही गर्न तथा सैनिक हिराशतमा सुरक्षा निकायको असावधानीका कारण मृत्यु हुन पुगेको देखिंदा पीडित परिवारको भरणपोषणको लागि रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्न मिति २०६४।९।२६ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३०२४ संरक्षण २१३ मिति २०६५।५।१३ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय कार्यान्वयनको लागि पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**

गृह मन्त्रालयको २०६५।८।२९ को निर्णयानुसार निजलाई रु. ५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्रबाट जानकारी प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १९१**

१. **पीडितको नाम, थर र ठेगाना** खड्कगबहादुर घर्ती मगर, ललितपुर-१३ कुसुन्ती, ललितपुर

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** ललितपुर उपमहानगरपालिका वडा नं १३ कुसुन्ती स्थित आफ्नै घरबाट मिति २०६०।६।५ गते राती करिब ११:३० बजे खड्कगबहादुर घर्ती मगरलाई ३०/३५ जनाको समूहमा नेपाली सेनको पोशाकमा आएका व्यक्तिहरूले गिरफ्तार गरी परिवारलाई कुनै जानकारी नदिएकोले खोजतलाश गरी निजको मानव अधिकारको संरक्षण गरीपाउँ भनी आयोगमा मिति २०६०।६।२२ मा निजको श्रीमति विजया बुढामगरको उजूरी दर्ता।

४. **आयोगको निर्णय/सिफारिश** नेपाली सेनाबाट प्राप्त जवाफ अनुसार उपचार गराउँदा गराउँदै मृत्यु भएको भन्ने भरपर्दो र विश्वासिलो भनाई नदेखिएको हुँदा आवश्यक अनुसन्धान गरी दोषी सुरक्षाकर्मी उपर कार्वाही गर्न नेपाल सरकारलाई लेखी पठाउने ठर्हछ। साथै सैनिक हिरासतमा सुरक्षा निकायको असावधानीका कारण निजको मृत्यु हुन पुगेको देखिंदा राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपुर्ति) निर्धारण नियमावली, २०५७ को नियम १७ बमोजिम पीडित परिवारको भरणपोषणको लागि रू. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउनको लागि नेपाल सरकार समक्ष लेखी पठाउने ठहर्छ। सैनिक हिरासत थुनुवा राख्ने मानवोचित स्थल नभएकाले अब उप्रान्त नेपाल सरकार अन्तर्गतका थुनुवा केन्द्र, कारागार, हिरासत आदिमा कसैको मृत्यु भएमा ४८ घण्टाभित्र आयोगमा जानकारी उपलब्ध गराई निश्पक्ष अनुसन्धानमा सहयोग पुऱ्याउन मातहतका निकायमा परिपत्र गरी त्यसको जानकारी आयोगमा उपलब्ध गराउन लेखी पठाउने ठर्हछ भन्ने मिति २०६४।१०।२१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३६० मिति २०६५।६।८ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

च.नं. ३५९ मिति २०६५।६।८ गते शान्ति तथा पुन निर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।९।२४ को निर्णयानुसार रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. २,५०,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १९२**

१. **पीडितको नाम, थर र ठेगाना** महेश्वर पहारी, कास्की कारागार, पोखरा-१०, बुद्धचोक कास्की

२. **उल्लंघनकर्ता** प्रहरी, कारागार प्रमुख

३. **उजूरीको संक्षिप्त विवरण** महेश्वर पहारी, कास्की कारागारमा रहेकै अवस्थामा निज महेश्वर पहारीको मृत्यु भएकोले शंकास्पद देखिएको हुँदा आवश्यक अनुसन्धान गरी कानून अनुसार कार्वाही तथा पीडितका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइदिनको लागि आयोगको क्षेत्रिय कार्यालय पोखरामा मिति २०६२।७।१० मा दर्ता उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** तत्कालीन कारागार प्रमुख उपर कानून बमोजिम कार्वाही गर्न र पीडित परिवारलाई रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन लेखी पठाउने ठहर्छ भन्ने मिति २०६४।१०।२२ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १४७।पोखरा संरक्षण ३६६ मिति २०६५।६।९ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

च.नं. १४७।पोखरा संरक्षण ३६७ मिति २०६५।६।९ गते शान्ति तथा पुन निर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।१२।२४ को निर्णयानुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी

पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**च) विष्फोटमा घाइते**

**क्रम संख्या – १९३**

१. **पीडितको नाम, थर र ठेगाना** तुलसी दर्जी जयनगर-७, कपिलवस्तु

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** कपिलवस्तु जयनगर गा.वि.स. वडा नं. ७ बस्ने मंगल सिंह दर्जीकी छोरी १० वर्षिया तुलसी दर्जीले मिति २०६१।१।२५ गते विहान अन्दाजी १० बजे गोरुसिंगेस्थित नेपाली सेनाको गण कम्पाउण्डभित्र दाउरा खोज्ने क्रममा बम विष्फोट भई घाइते भएको र एउटा खुट्टा गुमाउनु परेको घटना सम्बन्धमा आयोगको क्षेत्रिय कार्यालय पोखरामा मिति २०६२।९।१६ मा परेको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** निज तुलसी दर्जीलाई रु. १,००,०००।- क्षतिपूर्ति तथा उपचार खर्च बापत उपलब्ध गराउन तथा आफ्नो कम्पाउण्डभित्र खतरा छ भन्ने कुरा आमजनतालाई सुचना प्रवाह नगरी लापरवाही गरेकोमा सो गणमा जिम्मेवार व्यक्तिलाई आवश्यक अनुसन्धान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गरी पठाउने मिति २०६४।९।१३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३४७७ मिति २०६५।२।३१ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.प.को कार्यालयको च.नं. २८१ मिति २०६५।३।१५ मा सम्बन्धित निकायलाई पत्राचार गरिएको बोधार्थ प्राप्त।

गृह मन्त्रालयको च.नं. १३७ मिति २०६५।३।१५ मा गृह मन्त्रालयले रक्षा मन्त्रालयमा निर्णय कार्यान्वयनको लागि पठाएको बोधार्थ प्राप्त।

गृह मन्त्रालयको च.नं. १४४ मिति २०६५।३।३१ मा गृह मन्त्रालयले जि.प्र.का.मा निर्णय कार्यान्वयनको लागि पठाएको बोधार्थ प्राप्त।

गृह मन्त्रालयको च.नं. १४५ मिति २०६५।३।३१ मा गृह मन्त्रालयले शान्ति तथा पुर्ननिर्माण मन्त्रालयमा निर्णय कार्यान्वयनको लागि पठाएको बोधार्थ प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**छ) बेपत्ता**

**क्रम संख्या – १९४**

१. **पीडितको नाम, थर र ठेगाना** मोहम्मद जाकीर शेख सोनापुर-९, बाँके र यज्ञवहादुर रावल बेलुवा-३, बर्दिया

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** वर्दिया जिल्ला नेउलापुर भुरी गाउँमा मेडिकल पसल व्यवसाय गरी बसेका मोहम्मद जाकीर शेख र ऐ. ठाउँमा फोटो व्यवसाय गर्ने यज्ञवहादुर रावललाई मिति २०५८।१२।३१ गते करिब ४:०० बजे बर्दियाको ठाकुरद्वाराबाट आएका सैनिक गस्ति टोलीले पक्राउ गरी वेपत्ता पारेकाले खोजवीन गरी स्थिति पत्ता लगाइदिनु हुन भनी आयोगमा मिति २०५९।४।७ मा गोविन्द शर्मा बन्दीले र मिति २०५९।११।२ मा क्रमशः उजूरीदर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** हालसम्म पनि पीडितहरूको स्थिति के छ भन्ने पत्ता नलागेको र यस्तै प्रकृतिका उजूरीमा अन्तरिम राहत स्वरुप आश्रित परिवारलाई रु. १,००,०००।- उपलब्ध गराउने भनी सम्मानित सर्वोच्च अदालतबाट मिति ०६४।२।१८ मा निर्णय समेत भइसकेकोले सोही आधारमा आश्रित परिवारलाई भरणपोषणको लागि जनही रु. १,००,०००।- को दरले अन्तरिम राहत रकम उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोगको उजूरी, कार्वाही तथा

क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम ३० बमोजिम नेपाल सरकारलाई लेखी पठाउने ठहर्छ। साथै उल्लेखित वेपत्ता भएका व्यक्तिहरूको स्थिति पत्ता लगाई आयोगलाई जानकारी गराइदिन नेपाल सरकारलाई लेखी पठाई जवाफ प्राप्त भएपछि आवश्यक कारवाहीको लागि पेश गर्ने भन्ने मिति २०६५।२।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३६।१२७। नेपालगन्ज संरक्षण ३७७ मिति २०६५।६।९ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

च.नं. ३६।१२७। नेपालगन्ज संरक्षण ३७८ मिति २०६५।६।९ गते शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई सिफारिश पठाइएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।१०।५ को निर्णयानुसार जनही रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १९५**

१. **पीडितको नाम, थर र ठेगाना** गंगाराम पुन र रत्न वहादुर पुन, नुवाकोट, रुकुम

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६०।६।२७ गते रुकुम जिल्ला नुवाकोट गा.वि.स. का गंगाराम पुन र रत्न वहादुर पुनलाई जिल्ला बाँके, कुसुम स्थित सुरक्षाकर्मीले पक्राउ गरी व्यारेकमा राखेको भन्ने सम्बन्धमा आयोगमा मिति २०६२।३।१० मा दर्ता उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** हालसम्म पनि वेपत्ता भएका गंगाराम पुनको अवस्था सार्वजनिक भएको नदेखिंदा यस्तै प्रकृतिका मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट अन्तरिम राहत स्वरुप रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन निर्णय भएको देखिंदा सोही नजिरका आधारमा पीडित परिवारको भरणपोषणको लागि अन्तरिम राहत स्वरुप रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन, वेपत्ता भएका व्यक्तिको स्थिति पत्ता लगाई आयोगमा जानकारी गराउन नेपाल सरकारलाई लेखी पठाउने र जवाफ प्राप्त भएपछि आवश्यक कारवाहीका लागि कानून बमोजिम पेश गर्नु भन्ने मिति २०६५।२।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३५४।नेपालगन्ज संरक्षण ३७५ मिति २०६५।६।९ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

च.नं. ३५४।नेपालगन्ज संरक्षण ३७६ मिति २०६५।६।९ गते शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।१०।५ को निर्णयानुसार रु. १,००,०००।-क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १९६**

१. **पीडितको नाम, थर र ठेगाना** राजकुमार थारु, फुलराम चौधरी, रुन्च्या थारु, रामशरण चौधरी, राधेश्याम थारु, अन्तराम थारु मानपुर टपरा-८, वर्दिया

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०५९।७।३ गते वर्दिया जिल्ला मानपुर टपरा गा.वि.स.का राजकुमार थारु, फुलराम चौधरी, रुन्च्या थारु, रामशरण चौधरी, राधेश्याम थारु, अन्तराम थारु समेत ६ जनालाई सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता वनाएको भनि आयोगको क्षेत्रिय कार्यालय नेपालगन्जमा मिति २०६२।९।१५ मा दर्ता उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** नागरिकको जीउज्यानको सुरक्षा गर्नुपर्ने जिम्मेवारी राज्यकै भएको र पीडितहरूको अवस्था हालसम्म पत्ता नलागेकोले यस्तै प्रकृतिका उजूरीमा सम्मानित सर्वोच्च अदालतबाट पीडित परिवारलाई भरणपोषणको

लागि अन्तरिम राहत रु. १,००,०००।- क्षतिपूर्ति दिने निर्णय समेत भएको देखिंदा उक्त नजिरको आधारमा समेत पीडित परिवारलाई अन्तरिम राहत स्वरुप जनही रु. १,००,०००।- को दरले क्षतिपूर्ति उपलब्ध गराउन, बेपत्ता भएका व्यक्तिको स्थिति पत्ता लगाई आयोगलाई जानकारी गराउन नेपाल सरकारलाई लेखि पठाई जवाफ प्राप्त भएपछि आवश्यक कारवाहीको लागि कानून बमोजिम पेश गर्ने भन्ने मिति २०६५।२।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २४५।नेपालगन्ज संरक्षण ३७२ मिति २०६५।६।९ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

च.नं. २४५।नेपालगन्ज संरक्षण ३७३ मिति २०६५।६।९ गते शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।९।२४ को निर्णयानुसार जनही रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १९७**

१. **पीडितको नाम, थर र ठेगाना** नन्द गोपाल माली, ठेचो-६, ललितपुर

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** ललितपुर जिल्ला ठेचो गा.वि.स. वडा नं. ६ घर भइ मुर्ती बनाउने काम गर्दै आएका वर्ष २७ का नन्दगोपाल मालीलाई मिति २०६१।३।३ गते राती ८:०० बजे चाबहिल काठमाडौंबाट सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता पारेकोले जीवन रक्षा गरी निजको स्थिति सार्वजनिक गरिपाउँ भनी मिति २०६१।३।२२ मा आयोगमा दर्ता उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** हालसम्म निजको स्थिति सार्वजनिक नभई बेपत्ता पारेको देखिंदा पीडितको परिवारलाई अन्तरिम राहत स्वरुप रु. १,००,०००।- उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने र थप कारवाहीका लागि प्रमुख सेनानी ध्रुवकुमार शाहलाई आयोगमा बोलाउन नेपाली सेना मानव अधिकार निर्देशनालयलाई ७ दिनको म्याद दिई पत्राचार गर्ने भनी मिति २०६५।३।१२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२४२ संरक्षण ७९६ मिति २०६५।९।९ गते प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ६१६ मिति २०६६।२।३१ मा जि.प्र.का. धादिङ्गलाई रु. १,००,०००।- क्षतिपूर्तिको ड्राफ्ट पठाइएको पत्रको बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको २०६५।१२।३१ को निर्णयानुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १९८**

१. **पीडितको नाम, थर र ठेगाना** हरिप्रसाद आचार्य, नौविसे-१, धादिङ्ग

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला धादिङ्ग नौविसे गा.वि.स. वडा नं. १ बस्ने हरिप्रसाद आचार्यलाई मिति २०६०।७।१९ गते पक्राउ गरी बेपत्ता पारेकोले निजको स्थिति सार्वजनिक गरिपाउँ भनी मिति २०६०।८।२५ मा आयोगमा दर्ताउजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** मिति २०६०।७।२० मा छाउनी व्यारेकमा सँगै थुनामा रहेको देख्ने व्यक्तिको भनाईबाट समेत निजलाई नेपाली सेना अन्तर्गतका सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म अवस्थाको बारेमा थप अनुसन्धान जारी राखी अनुसन्धान पूरा भएपछि पेश गर्नु । हाललाई पीडितको आश्रित परिवारको भरणपोषणको लागि रु. १,००,०००।- क्षतिपूर्ति स्वरुप अन्तरिम राहत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनि मिति २०६५।३।१२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२४२ संरक्षण ७९६ मिति २०६५।९।९ गते प्र.म.म.प.को

कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ६१६ मिति २०६६।२।३१ मा जि.प्र.का. धादिङ्गलाई रु. १,००,०००।- क्षतिपूर्तिको ड्राफ्ट पठाइएको पत्रको बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको २०६५।१२।३१ को निर्णयानुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – १९९**

१. **पीडितको नाम, थर र ठेगाना** प्रतापलाल दर्जी हैचुर-५, खोटाङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला खोटाङ्ग हैचुर गा.वि.स. वडा नं. ५ बस्ने प्रतापलाल दर्जीलाई सुरक्षाकर्मीले मिति २०५८।१२।२२ गतेका दिन पक्राउ गरी बेपत्ता बनाएको भन्ने आयोगमा मिति २०६१।६।२० मा दर्ता उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** वेपत्ता पारिएको व्यक्तिको आश्रित परिवारलाई क्षतिपूर्ति स्वरुप अन्तरिम राहत रु. १,००,०००।- उपलब्ध गराउन नेपाल सरकारलाई पेश गर्ने र निजको अवस्था सार्वजनिक गर्न थप अनुसन्धान जारी राख्ने भन्ने मिति २०६५।३।१३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. खोटाङ्ग।२१९६ संरक्षण ७५६ मिति २०६५।९।४ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १७३ मिति २०६५।९।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निमाण मन्त्रालयमा पठाइएको प्र.म.म.प.को बोधार्थ पत्र प्राप्त ।

आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा सम्बन्धित इकाईमा पठाइएको शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको च.नं. ७०३ मिति २०६५।९।७ को बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको च.नं. ६१८ मिति २०६६।२।३१ मा जि.प्र.का. खोटाङ्गलाई रु. १,००,०००।- क्षतिपूर्तिको ड्राफ्ट पठाइएको पत्रको बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको २०६५।१२।३१ को निर्णयानुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**ज) अपहरण**

**क्रम संख्या – २००**

१. **पीडितको नाम, थर र ठेगाना** विरेन्द्र कुमार साह, (पत्रकार) कलैया, बारा ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बारा जिल्ला इनरुवासिरा गाविस वडा नं. ८ बसडिलवा स्थायी घर भई प्रेश चौतारी नेपालका केन्द्रीय सदस्य पत्रकार विरेन्द्र कुमार साहलाई मिति २०६४।६।१८ गते बारा जिल्ला उमजन गाविस वडा नं. १ बाट नेकपा माओवादीका कार्यकर्ता कुन्दन फौज्दार र राम एकवाल सहनीको हतियारधारी टोलीले सफाया गरिने भन्दै अपहरण गरेको भनी मिति २०६४।६।२० मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** बाराबाट अपहरित पत्रकार विरेन्द्र साहको अपहरण भएको घटनाको उजूरीका सम्बन्धमा आयोगबाट मिति २०६४।७।१५ मा निम्न निर्णय भएको

- सो घटनाको सुक्ष्मरुपले अनुसन्धान छानवीन गरी निजको अवस्था अविलम्ब सार्वजनिक गरी दोषीलाई कार्वाही गर्न,
- मानव अधिकार रक्षकहरूको सुरक्षाको निमित्त विशेष प्रवन्ध मिलाउन तथा उनीहरूले स्वतन्त्रतापूर्वक व्यवसाय गर्न

पाउने अधिकारको सुनिश्चित गर्न,

- प्रेस स्वतन्त्रताको रक्षाको निमित्त शान्ति सुरक्षा लगायत आवश्यक व्यवस्था मिलाउन,
- मानव अधिकार रक्षकहरूलाई स्वतन्त्र रुपमा तथ्य संकलन गर्ने लगायतका कार्यहरू सम्पन्न गर्ने कार्यमा बाधा उत्पन्न गर्ने कार्यमा संलग्न व्यक्तिहरूलाई कानूनी कार्वाही गर्न ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २४७७ मिति २०६४।६।२८ मा आयोगको निर्णय कार्यान्वयन गर्न प्रममपका लाई सिफारिश गरी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २०१**

१. **पीडितको नाम, थर र ठेगाना** रामशरण खत्री हिलेदेवी-९, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** रामेछाप जिल्ला हिलेदेवी गा.वि.स. वडा नं. ९ बस्ने कृष्ण वहादुर खत्रीको छोरा वर्ष १४ को रामशरण खत्रीलाई मिति २०६३।४।२९ गते नेकपा (माओवादी) का कार्यकर्ताबाट कब्जामा लिई यातना दिदै बनेपाबाट रामेछापतर्फ लैजाँदै गरेको र उनीहरूको कब्जामा रहेकै अवस्थामा सुनकोशीको भेलमा फालेर हत्या गरिएको भनिएको घटना सम्बन्धमा आयोगमा मिति २०६३।११।१३ मा निजका आमा बाबुबाट परेको उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** निज रामशरण खत्रीको सुनकोशी पुलबाट हामफाली मृत्यु भएको हो भनी एकिन गर्न सक्ने यथेष्ट प्रमाण तथा अवस्था नरहेको र प्रमाण ऐन २०६१ को दफा ३२ मा "कुनै व्यक्ति जीवित छ वा निजको मृत्यु भईसकेको छ भन्ने प्रश्न उठेमा सो व्यक्तिको सम्बन्धमा स्वभाविक रुपमा जानकारी पाउने व्यक्तिले निजका सम्बन्धमा १२ वर्षदेखि कुनै जानकारी पाएको छैन प्रमाणित भएमा निज जीवित छ भन्ने पक्षले नै सो कुरा प्रमाणित गर्नुपर्छ" भन्ने उल्लेख भएको हुँदा प्रस्तुत उजूरी हाललाई वेपत्ताको सुचीमा नै राखी अनुसन्धानका लागि पहल गर्न नेपाल सरकारलाई सिफारिश गरी पठाउने मिति २०६४।९।१३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३४७६ मिति २०६५।२।३१ गते प्र.म. म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धी जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – २०२**

१. **पीडितको नाम, थर र ठेगाना** ठम्मानसिंह बम रामशीखरभाला-८, कैलाली

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला रामशीखरभाला गा.वि.स. वडा नं. ८ बस्ने वर्ष ४५ को ठम्मानसिंह बमलाई मिति २०६०।२।२९ गते नेकपा माओवादीहरूले कब्जामा लिई अवस्था अज्ञात पारेकोमा बन्दरगौडि स्थित कान्द्रा नदीको पूर्वी किनारामा जोडिएको राजेश्वरी सामुदायिक बनमा गाडिएको अवस्थामा शव फेला परेकोले उक्त शव निज ठम्मानसिंहको हुन सक्ने भनी निज सिंहकी आमा राधादेवी बमले बयान दिएपछि आयोगको स्वविवेकमा मिति २०६४। ९।१३ मा उजूरी ग्रहण गरी कार्वाही अगाडि वढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** शवको वैज्ञानिक परीक्षण गरी पहिचान गरिनु आवश्यक देखिंदा स्वेदेशी वा विदेशी प्रयोगशालाबाट निजको डिएनए परीक्षण गराई प्रतिवेदन आयोगमा पठाउन र नेकपा माओवादीले ठम्मानसिंह बमलाई

कब्जामा लिई हालसम्म निजको अवस्था अज्ञात रहेको देखिंदा मानव अधिकार र मानवीय कानूनको गम्भिर उल्लंघन भएकोले पीडित परिवारको भरणपोषणको लागि अन्तरिम राहत स्वरुप रु. १,००,०००।- उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६५।३।२६ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ध.क्षे.का. संरक्षण ३५७७ मिति ०६५।३।२९ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय कार्यान्वयनको लागि पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या - २०३**

१. **पीडितको नाम, थर र ठेगाना** अशोक लामा तामाङ्ग, देवीचौर-२, ललितपुर

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** ललितपुर जिल्ला देवीचौर गा.वि.स. वडा नं. २ बस्ने वर्ष २५ को अशोक लामा तामाङ्गलाई मिति २०६२।३।२६ गते आफ्नै घरबाट नेकपा माओवादीका कार्यकताहरूले कब्जामा लिइ आँखामा पट्टी बाँधी लिइ गएको र हालसम्म रिहा नगरेको कारण निजको जीवन रक्षाको साथै सकुशल रिहाइको लागि पहल गर्न भनी मिति २०६२।४।१४ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** निज अशोक लामा तामाङ्गलाई नेकपा माओवादीले कब्जामा लिई अवस्था अज्ञात पारेको देखिएकोले उक्त घटनामा नेकपा माओवादीका कार्यकर्ता संजय लामा र योगेन्द्र घिसिङ्ग संलग्न भएको भन्ने समेत जानकारी प्राप्त हुन आएकोले निजहरूलाई बुझ्न नेपाल प्रहरी र नेकपा माओवादीको पार्टी कार्यालयमा पत्राचार गरी आएपछि थप कारवाहीका लागि पेश गर्नु र हाललाई पीडितको परिवारको भरणपोषणको लागि अन्तरिम राहत स्वरुप रु. १,००,०००।- उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६५।३।६ को आयोगको निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**आयोगको च.नं. ३०८६संरक्षण ६७मिति २०६५।४।१२ मा आयोगको निर्णय कार्यान्वयन गर्न प्रममपका लाई सिफारिश पठाइएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या - २०४**

१. **पीडितको नाम, थर र ठेगाना** रविन्द्र खड्का देवीचौर-५, ललितपुर

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** ललितपुर जिल्ला देवीचौर गा.वि.स. वडा नं. ५ बस्ने वर्ष ३० को रविन्द्र खड्कालाई मिति २०६१।२।७ गते दिउँसो १२:०० बजे फोनबाट पसलमा आउनु भनी बोलाई नेकपा माओवादीका कार्यकर्ताहरूले कब्जामा लिइ गएको र हालसम्म रिहा नगरेको कारण निजको जीवन रक्षाको साथै सकुशल रिहाइको लागि पहल गर्न भनी मिति २०६२।५।२२ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** निज रविन्द्र खड्कालाई नेकपा माओवादीले कब्जामा लिई अवस्था अज्ञात पारेको देखिएकोले उक्त घटनामा नेकपा माओवादीका कार्यकर्ता दोर्जे भन्ने संजय लामा संलग्न भएको भन्ने समेत जानकारी प्राप्त हुन आएकोले निजहरूलाई बुझ्न नेपाल प्रहरी र नेकपा माओवादीको पार्टी कार्यालयमा पत्राचार गरी आएपछि थप कारवाहीका लागि पेश गर्नु र हाललाई पीडितको परिवारको भरणपोषणको लागि अन्तरिम राहत स्वरुप रु. १,००,०००।- उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६५।३।६ को आयोगको निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३१९० संरक्षण ७१ मिति २०६५।४।१२ मा आयोगको

निर्णय कार्यान्वयन गर्न प्रममपका लाई सिफारिश पठाइएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**झ) यातना**

**क्रम संख्या – २०५**

१. **पीडितको नाम, थर र ठेगाना** सुरत वहादुर रावत, पशुपतिनगर-२, बर्दिया

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** बर्दिया जिल्ला पशुपतिनगर गा.वि.स. वडा नं. २ बस्ने वर्ष ४४ को सुरत वहादुर रावतलाई मिति २०५९।७।४ मा नेपाली सेनाका सुरक्षाकर्मीहरूले पक्राउ गरी विभिन्न सैनिक हिराशतमा राखी शारीरिक यातना दिएको र मिति २०५९।८।२० का दिन सैनिक हिरासत नेपालगञ्ज राँझाबाट छोडिएको साथै पक्राउ गर्दा मेरो घरमा रहेको नगद रु.१८२,२००।- समेत लुटेर लगेको हुँदा मैले पाएको मानसिक र शारीरिक यातनाका लागि आवश्यक सहयोग पाउँ भनी आयोगको क्षेत्रिय कार्यालय नेपालगन्जमा मिति २०६१।९।७ मा दर्ता भएको उजूरी निवेदन ।

४. **आयोगको निर्णय⁄सिफारिश निजलाई** पक्राउ गर्दाका बखत लुटी लगेको भनिएको नगद रकमको सम्बन्धमा अन्य पुष्टि हुने कुनै आधार नभएकोले निवेदकको माग दाबीको आधारमा केही बोल्न नसकिने र उक्त कारवाहीमा जिम्मेवार एवं दोषी सैनिक विनोद शाह, सैनिक जवान जीवन शाही र मिलन शाहलाई प्रचलित कानून बमोजिम कार्वाही गर्न तथा राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपुर्ति) निर्धारण नियमावली, २०५७ को नियम १८ बमोजिम पीडितलाई रु. ५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउनको लागि नेपाल सरकार समक्ष लेखी पठाउने ठहर्छ भन्ने मिति २०६४।१०।६ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २४४३।६८५। नेपालगन्ज संरक्षण ३१८ मिति २०६५।६।५ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

च.नं. २४४३।६८५। नेपालगन्ज संरक्षण ३१२ मिति २०६५।६।५ गते शान्ति तथा पुन र्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।८।२९ को निर्णयानुसार निजलाई रु. ५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्रबाट जानकारी प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २०६**

१. **पीडितको नाम, थर र ठेगाना** यज्ञप्रसाद पन्त, जीतजंग बस्नेत, तोयाप्रसाद खतिवडा, वासुदेव पौडेल, राजनप्रसाद खतिवडा, गंगाप्रसाद चौधरी, अच्यूत रेग्मी, सरोजकुमार यादव (८ जना) पाटन संयुक्त क्याम्पस, ललितपुर

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** ललितपुर जिल्ला पाटन संयुक्त क्याम्पसका स्ववियु सचिव यज्ञप्रसाद पन्तलाई मिति २०६२।१०।१२ गते, नेपाल विद्यार्थी संघ त्रि.वि. समितिका अध्यक्ष जीतजंग बस्नेतलाई मिति २०६२।१०।९ गते, तोयाप्रसाद खतिवडा, वासुदेव पौडेल, राजनप्रसाद खतिवडा, गंगा प्रसाद चौधरी, अच्यूत रेग्मी, सरोजकुमार यादव समेतलाई २०६२।१०।२० गते शान्तिपूर्ण विरोध प्रदर्शनका क्रममा अत्यधिक शक्तिको प्रयोग गरी कब्जामा लिई निर्घात कुटपीट गरेको र प्रहरीद्वारा गिरफ्तार गरी हिरासतमा लिए पश्चात समेत यातना दिएको भन्ने सम्बन्धमा आयोगको स्वविवेकमा मिति २०६२।१०।१४ मा उजूरी ग्रहण ।

४. **आयोगको निर्णय⁄सिफारिश** यज्ञप्रसाद पन्तको हात फ्याक्चर भई प्लाष्टर समेत गरेको पाइएकोले रु. ५०,०००।- जीतजंग बस्नेतको घाउ, खत हेर्दा देव्रे खुट्टाको पैताला च्यातिएको र शरीरको विभिन्न भागमा निलडाम समेत देखिदा रु. ३०,०००।- तोयाप्रसाद खतिवडा, वासुदेव पौडेल, राजनप्रसाद खतिवडा, गंगाप्रसाद चौधरी, अच्यूत रेग्मी, सरोजकुमार

यादव समेत ६ जनाको शरीरमा निलडाम, चोटपटक लागेको देखिदा जनही रु. २०,०००।- का दरले क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६५।२।३० को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३५४२ मिति २०६५।३।२४ गते प्र.म. म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.पा.को कार्यालयको च.नं. २९७ मिति २०६५।३।२७ मा सम्बन्धित निकायलाई पत्राचार गरिएको बोधार्थ प्राप्त।

गृह मन्त्रालयको २०६५।५।१८ को निर्णयानुसार आयोगको निर्णय सिफारिश बमोजिम क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

पीडित परिवारलाई रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराइएको देखिन्छ भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**ञ) आन्तरिक विस्थापन**

**क्रम संख्या –२०७**

१. **पीडितको नाम, थर र ठेगाना** कमलप्रसाद चौलागाई, गुन्सी भदौरे-३, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप गुन्सी भदौरे-३ बस्ने कमलप्रसाद चौलागाईलाई नेकपा (माओवादी) का कार्यकर्ताले सम्पति लुटपिट गरेका कारण आन्तरिक रुपमा विस्थापित हुनु परेकोले मेरो लुटिएको सबै सम्पत्ति फिर्ता गराई, दोषीलाई कार्वाही गरी मेरो घरमा सपरिवार निर्धक्क साथ बस्ने वातावरण मिलाइपाउँ भनी आयोगमा मिति २०६२।८।५ मा पीडितको उजूरी पर्न आएको।

४. **आयोगको निर्णय/सिफारिश** जिल्ला प्रशासन कार्यालय रामेछापबाट रु. ९४,९५१।- क्षति भएको भनी मूल्यांकन गरेको देखिंदा उक्त रकम हालसम्म पनि उपलब्ध गराएको रहेनछ भने अविलम्ब उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने निर्णय गरियो भन्ने मिति २०६५।२।२९ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३३४६ संरक्षण ४५३ मिति २०६५।७।५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश कार्यान्वयन गर्नको लागि पठाइएको।

६. **कार्यान्वयनको स्थिति** आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा सम्बन्धित इकाईमा पठाइएको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ५०६ मिति २०६५।७।८ को बोधार्थ प्राप्त।

रु. ४२,४००।- क्षतिपूर्ति रकम दिइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २०८**

१. **पीडितको नाम, थर र ठेगाना** दुर्गा वहादुर खड्का, विजुलीकोट-१, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप विजुलीकोट गा.वि.स. वडा नं. १ बस्ने दुर्गा वहादुर खड्कालाई मिति २०६२।७।२७ गतेका दिन नेकपा माओवादीले विस्थापित गराई घर पसल कब्जा गरेकोले सदरमुकाम मन्थलीमा विस्थापित भई बस्नुपरेकोले राहतको लागि आवश्यक पहल गरीपाउँ भनी मिति २०६२।८।५ मा आयोगमा दर्ता उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** विस्तृत शान्ति सम्झौता सम्पन्न भएपछि आफ्नै घरमा बसिरहेको तर माओवादीबाट गराइएको क्षति वापत रु. १,२३,५२५।- मूल्यांकन भएको पाइन्छ। जिल्ला प्रशासन कार्यालयबाट भएको मूल्यांकन

बमोजिमको रकम हालसम्म पनि दिइएको रहेनछ भन्ने उक्त रकम अविलम्ब उपलब्ध गराइदिन नेपाल सरकारलाई लेखी पठाउने ठहर्छ भन्ने मिति २०६५।२।२९ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३३४६ संरक्षण ४५४ मिति २०६५।७।५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश कार्यान्वयन गर्नको लागि पठाइएको।

६. **कार्यान्वयनको स्थिति**रु. २६,२५०।- क्षतिपूर्ति रकम दिइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २०९**

१. **पीडितको नाम, थर र ठेगाना** विर वहादुर खड्का र रमेश खड्का, विजुलीकोट-१, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप विजुलीकोट गा.वि.स. वडा नं. १ बस्ने विर वहादुर खड्का र रमेश खड्कालाई नेकपा (माओवादी) का कार्यकर्ताले २०६२।७।२७ गते निजको घरको सामान कब्जामा लिई घरमा तालाबन्दी गरी सपरिवार आन्तरिक विस्थापित भएकाले लुटिएका सम्पत्ति फिर्ता गराई विस्थापितलाई स्थापित गराइपाउँ भनी आयोगमा मिति २०६२।८।५ मा दर्ता उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** मिति २०६३।८।१८ मा निजहरू घरमा नै रहे भएको देखिंदा जिल्ला प्रशासन कार्यालय रामेछापले निजहरूको रु. ४,२०,०००।- को सम्पति क्षतिको मूल्यांकन भई गृह मन्त्रालय पठाएको पाइएकोले मूल्यांकन भएको रकम हालसम्म पनि दिइएको रहेनछ भने उक्त रकम अविलम्ब उपलब्ध गराइदिन नेपाल सरकारलाई लेखी पठाउने ठहर्छ भन्ने मिति २०६५।२।२९ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३३४६ संरक्षण ४५५ मिति २०६५।७।५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश कार्यान्वयन गर्नको लागि पठाइएको।

६. **कार्यान्वयनको स्थिति** रु. ४९,०००।- क्षतिपूर्ति रकम दिइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २१०**

१. **पीडितको नाम, थर र ठेगाना** पार्वती खड्का, विजुलीकोट-१, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप विजुलीकोट १ घर भएकी पार्वती खड्कालाई नेकपा माओवादीका कार्यकर्ताहरूले २०६२।७।२७ गते सामान कब्जामा लिई घरमा तालावन्दी गरेको कारण आन्तरिक रुपमा विस्थापित भएकाले कब्जामा लिएका सम्पत्तिहरू फिर्ता गराई स्वतन्त्रतापूर्वक जीवनयापन तथा आफ्नो सम्पत्तिको भोगचलन गर्ने वातावरण मिलाइपाउँ भनी मिति२०६२।८।५ मा आयोगमा पीडितबाट दर्ता उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** नेपाल सरकार र नेकपा (माओवादी) विच शान्ति सम्झौता भएपछि घर फर्किएको तर क्षति भएको सामान नपाएको भन्ने र जिल्ला प्रशासन कार्यालयबाट क्षतिको रकम रु. २,९६,०००।- मूल्यांकन गरेको देखिंदा उक्त रकम हालसम्म पनि उपलब्ध गराएको रहेनछ भने अविलम्ब भुक्तानी गर्न नेपाल सरकारलाई लेखी पठाउने ठहर्छ भन्ने मिति २०६५।२।२९ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३३४६ संरक्षण ४५६ मिति २०६५।७।५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश कार्यान्वयन गर्नको लागि पठाइएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – २११**

१. **पीडितको नाम, थर र ठेगाना** टहल वहादुर कार्की, देउराली-८, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप देउराली गा.वि.स. वडा नं. ८ बस्ने टहल वहादुर कार्कीलाई २०६१।१२।३ गते नेकपा (माओवादी) का कार्यकर्ताले धनसम्पत्ति लुटी घरमा ताला लगाई, घरजग्गा कब्जा गरी विस्थापित वनाएकोले न्यायको लागि पहल गरिदिन भनी आयोगमा मिति २०६१।१२।२५ मा दर्ता उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** जिल्ला प्रशासन कार्यालय रामेछापबाट रु. १०,३४,३००।- क्षति भएको भनी मूल्यांकन समेत गरेको आयोगको अनुसन्धान प्रतिवेदनबाट देखियो। यसमा जिल्ला प्रशासन कार्यालय रामेछापबाट मूल्यांकन भई गृह मन्त्रालयमा पत्राचार भए बमोजिमको रकम उजुरवाला टहल वहादुर कार्कीले नपाएको रहेछ भने उक्त रकम क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो भन्ने मिति २०६५।३।१० को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २८४६ संरक्षण ४८० मिति २०६५।७।६ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गर्ने।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.पा.को कार्यालयको च.नं. ११५ मिति २०६५।७।२२ मा सम्बन्धित निकायमा पठाइएको पत्रको बोधार्थ प्राप्त।

शान्ति तथा पुनर्निमाण मन्त्रालयको च.नं. ५७१ मिति २०६५।८।२ गते आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना इकाईलाई लेखेको पत्रको बोधार्थ प्राप्त।

रु. ५८,५५०।- क्षतिपूर्ति रकम दिइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २१२**

१. **पीडितको नाम, थर र ठेगाना** नर वहादुर गाहा मगर, तिल्पुङ-३ कटहरे, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप तिल्पुङ गा.वि.स. वडा नं. ३ कटहरे बस्ने नर वहादुर गाहा मगरलाई मिति २०६१।११।८ गते आफ्नै घरबाट नेकपा माओवादीका कार्यकर्ता आई घर जग्गा कब्जा गरी आन्तरिक विस्थापित बनाएको भनी आयोगमा मिति २०६१।१२।४ मा दर्ता उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** कब्जा गरेको श्रीसम्पति फिर्ता नगरेको र जिल्ला प्रशासन कार्यालय रामेछापबाट समेत रु. २,८९,३६०।- रकम क्षति भएकोले मुआब्जा पाउनुपर्ने भनि गृह मन्त्रालयमा पत्राचार गरेको देखिंदा हालसम्म पनि उक्त रकम क्षतिपूर्ति नपाएको रहेछ भने अविलम्ब उक्त रकम पीडितलाई दिनु भनि नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो भन्ने मिति २०६५।३।१० को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २७९१ संरक्षण ४८१ मिति २०६५।७।६ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गर्ने।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निमाण मन्त्रालयको च.नं. ५७१ मिति २०६५।८।२ गते आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना इकाईलाई लेखेको पत्रको बोधार्थ प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – २१३**

१. **पीडितको नाम, थर र ठेगाना** फुर्पा ग्याल्मु शेर्पा, भूजि-७, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप भूजि गा.वि.स. वडा नं. ७ बस्ने फुर्पा ग्याल्मु शेर्पाको जग्गा कब्जा गरी कुटपीट गरेको कारण नेकपा (माओवादी) का कार्यकर्ताबाट मिति २०५८।६।५ देखि आन्तरिक रुपमा विस्थापित भएको भनी आयोगमा मिति २०६२।३।१० मा दर्ता उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता पछि घर फर्किदा पुनः गाउँमा वस्न नदिई कुटपीट गरेको कारण काठमाडौं मैजुवहाल बसी आएको भन्ने आयोगको अनुसन्धान टोलीको प्रतिवेदनबाट देखिंदा उजुरवालाको के कति क्षति भएको छ? त्यसको मूल्यांकन गरी क्षतिपूर्ति उपलब्ध गराउन र आफ्नै घरमा फर्किन सक्ने गरी शान्ति सुरक्षाको प्रभावकारी व्यवस्था मिलाउन नेपाल सरकारलाई लेखी सिफारिश गरी पठाउने निर्णय गरियो । साथै यसको बोधार्थ र कार्यार्थ नेकपा (माओवादी) पार्टी कार्यालयलाई पठाउने निर्णय गरियो भन्ने मिति २०६५।३।१० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३९४६ संरक्षण ४८० मिति २०६५।७।६ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गर्ने ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निमाण मन्त्रालयको च.नं. ५७१ मिति २०६५।८।२ गते आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना इकाईलाई लेखेको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २१४**

१. **पीडितको नाम, थर र ठेगाना** भीमसेन पाण्डे, बावरे-९, दोलखा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** दोलखा जिल्ला बावरे गा.वि.स. वडा नं. ९ बस्ने भीमसेन पाण्डेलाई माओवादीले विस्थापित बनाएको हुँदा डर धाक विना सकुशल बस्न पाउने व्यवस्था मिलाइपाउँ भनी आयोगमा मिति २०६३।२।२२ मा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** नेपाल सरकार र नेकपा (माओवादी) पार्टी बिच भएको विस्तृत शान्ति सम्झौता तथा २३ बुँदे सहमति अनुसार विस्थापित व्यक्तिहरूलाई घर फर्काउने व्यवस्था भैसकेको हुँदा निज भिमसेन पाण्डे र निजका परिवारलाई घर जाने वातावरण मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने तथा नेकपा (माओवादी) पार्टी कार्यालयलाई बोधार्थ तथा कार्यार्थ दिने निर्णय गरियो भन्ने मिति २०६५।३।१५ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३५३४ संरक्षण ४८६ मिति २०६५।७।७ मा प्र.म.म.प.को कार्यालय आयोगको निर्णय सिफारिश गर्ने । तथा च.नं. ३५३४ संरक्षण ४८८ मिति २०६५।७।७ मा नेकपा (माओवादी) लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निमाण मन्त्रालयको च.नं. ५७१ मिति २०६५।८।२ गते आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना इकाईलाई लेखेको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ट) न्याय प्रशासन (बन्दीको अधिकार)**

**क्रम संख्या – २१५**

१. **पीडितको नाम, थर र ठेगाना** विभिन्न कारागारका सागर श्रेष्ठ, नुरदास श्रेष्ठ, मानवहादुर लामा, खड्ग वहादुर लामा, पुर्ण वहादुर पुन, वीरवहादुर तामाङ्ग, श्री वहादुर मोक्तान, श्याम कुमार शाह, पन्नालाल यादव, दिनेश लामा, कृष्ण वहादुर नेपाली, समिर भन्ने बुद्ध लामा, राम प्रसाद कँडेल, शरद पाण्डे, रामप्रसाद सिटौला

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** विभिन्न कारागारमा रहेका वन्दीहरूको सम्बन्धमा न्यायमा ढिलाई भएकोले शीघ्र न्याय दिलाउने सम्बन्धमा कानून अन्वेषण तथा विकास केन्द्र (सेलर्ड) बाट उजूरी प्राप्त भएको ।

४. **आयोगको निर्णय/सिफारिश** विभिन्न कारागारमा विभिन्न मुद्दामा थुनामा रहेका व्यक्तिहरूले लामो समयसम्म मुद्दाको पुर्पक्ष नगरी अदालतबाट मुद्दाको सुनुवाई गर्न ढिलाई गरेको कारण शिघ्र न्याय पाउने अधिकारबाट वञ्चित हुनु परेको भनी आयोगमा उजूरी परेको र सो सम्बन्धमा अदालतमा पत्राचार गर्दा कुनै जवाफ प्राप्त हुन आएको पाइएन। लामो समयसम्म वन्दीको मुद्दामा सुनुवाई नहुँदा अनुचित विलम्ब भई शिघ्र न्याय पाउने अधिकारको हनन् हुन गई मानव अधिकारका मूल्य मान्यता समेतको प्रतिकुल कार्य भएको देखिएकोले थुनुवा, बन्दीहरूका मुद्दालाई अविलम्ब प्राथमिकता दिई शीघ्र टुङ्गोमा पुऱ्याउन आवश्यक व्यवस्था गर्न सर्वोच्च अदालतका रजिष्ट्रारलाई पत्राचार गरी प्रधान न्यायाधीशलाई सोको जानकारी दिने भनी मिति २०६४।९।१३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३०९६ संरक्षण ३३१४ मिति २०६५।१।१० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

### ४.९ आर्थिक वर्ष २०६५/०६६ मा गरिएका सिफारिशहरू

**क) गैरकानूनी हत्या**

**क्रम संख्या – २१६**

१. **पीडितको नाम, थर र ठेगाना** विर्खे वहादुर धामी (मृतक) र लक्ष्मीदत्त पन्त, आलिताल-४, डडेलधुरा

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** डडेलधुरा जिल्ला आलिताल गा.वि.स. वडा नं. ४ बडेल गाउँबाट मिति २०६०।५।१६ गतेका दिन जोगबुढा बेस क्याम्पबाट गएको सुरक्षाकर्मीहरूले विर्खे वहादुर धामी र लक्ष्मी दत्त पन्तलाई आतंककारीको आरोपमा पक्राउ गरी जोगबुढा गा.वि.स. वडा नं. १ कैनपानी भन्ने बजारमा ल्याई हात बाँधी गोली हानी हत्या गरेकाले दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन भनी मिति २०६२।६।१६ मा दर्ता भएको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** तत्कालीन जोगबुढा वेस क्याम्पबाट गएको सुरक्षाफौजका प्रमुख लगायत खटी जाने सुरक्षाकर्मीलाई आवश्यक कार्वाही र पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ को उपनियम (क), (ख), (ग) को आधारमा रु. ३,००,०००।- क्षतिपूर्ति दिलाउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६५।४।१४ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. नेपालगञ्ज ४३८ संरक्षण ७४४ मिति २०६५।९।३ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

   च.नं. नेपालगञ्ज।४३८ संरक्षण १३२१ मिति २०६६।१।२० मा गृह मन्त्रालयलाई आयोगको निर्णय सम्बन्धमा थप सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १७३ मिति २०६५।९।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाइएको प्र.म.म.प.को बोधार्थ पत्र प्राप्त।

   आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा सम्बन्धित इकाईमा पठाइएको शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको च.नं. ७०३ मिति २०६५।९।७ को बोधार्थ प्राप्त।

   निजहरूको हकमा कारवाहीमा रहेको गृह मन्त्रालयको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

   प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २१७**

१. **पीडितको नाम, थर र ठेगाना** लोकेश वहादुर मल्ल रायल-१, प्रकाश वहादुर विष्ट पाराकाट्ने-३ र देवराज जोशी भैरवनाथ-३, बझाङ

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** रायल गा.वि.स. वझाङ जिल्ला श्री गर्जेपानी माध्यामिक विद्यालयमा कक्षा १० मा अध्ययनरत प्रकाश वहादुर विष्ट, लोकेश वहादुर मल्ल र देवराज जोशी समेत ३ जना विद्यार्थीहरूलाई नेकपा माओवादीले INGO Plan International को जफत गरेको सामान विद्यालयलाई बुझाउने कार्यक्रम गरिरहेको समयमा एकाएक सुरक्षाकर्मी आई अन्धाधुन्ध गोली चलाइएको र निज ३ जना विद्यार्थीलाई आफ्नो कब्जामा लिएको डरका कारण नजिकैको घरमा पसिसकेको अवस्थामा सुरक्षाकर्मीले निजहरूलाई घरभित्र गई कान समातेर बाहिर ल्याई आफ्नो कब्जामा लिइसकेपछि लाइन लगाई गोली हानी हत्या गरिएको घटनाको सम्बन्धमा आयोगमा मिति २०६२।९।२४ मा दर्ता उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** तत्कालीन कालीजंग गुल्म चैनपुरबाट सो गस्तीको कमाण्डिङ्ग गरेर जाने अधिकारी, आदेश दिने अधिकारी र गोली चलाउने व्यक्तिलाई कानून बमोजिम कार्वाही गर्न र निज मृतकहरूको परिवारलाई क्षतिपूर्ति स्वरुप रु. ३,००,०००।- दिलाउन आयोगको उजुरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम १७ को उपनियम (क), (च) र (छ) को आधारमा नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६५।४।१४ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. नेपालगञ्ज। ५८९ संरक्षण ७४६ मिति २०६५।९।३ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

च.नं. नेपालगञ्ज। ५८९ संरक्षण १३२३ मिति २०६६।१।२० मा गृह मन्त्रालयलाई आयोगको निर्णय सम्बन्धमा थप सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १७३ मिति २०६५।९।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निमाण मन्त्रालयमा पठाइएको प्र.म.म.प.को बोधार्थ पत्र प्राप्त ।

आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा सम्बन्धित इकाईमा पठाइएको शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको च.नं. ७०३ मिति २०६५।९।७ को बोधार्थ प्राप्त ।

मन्त्रिपरिषदबाट २०६६।६।२१ मा रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भनि पत्रपत्रिकामा समाचार प्रकाशित ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २१८**

१. **पीडितको नाम, थर र ठेगाना** भौना चौधरी, नेउलापुर-४ सुजनपुर, बर्दिया

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** नेउलापुर गा.वि.स. वडा नं. ४ सुजनपुर वर्दिया जिल्ला बस्ने वर्ष २४ को भौना चौधरीलाई मिति २०५९।२।१६ गते दिनको १:०० बजेको समयमा घरभित्र भान्सा कोठामा खाना खाइरहेको अवस्थामा ठाकुरद्वारा बरखदल गुल्मका सुरक्षाकर्मीहरू मध्येका तत्कालीन सैनिक जवान पदमा कार्यरत परशुराम कुमाल थारु समेत ४ जना सुरक्षाकर्मीले घरभित्र गोली हानी हत्या गरेको घटना सम्बन्धमा आयोगमा मिति २०६२।७।७ मा परेको उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** सो दिन वरखदल गुल्मबाट सो टोलीको कमाण्ड गरी जाने अधिकारी, आदेश दिने अधिकारी र गोली चलाउने व्यक्ति परशुराम कुमाल समेतलाई कार्वाही गर्न र आयोगको उजूरी, कार्वाही निर्धारण नियमावली २०५७ को नियम १७ को उपनियम (क), (ख), (ग), (घ) र (छ) को आधारमा पीडित भौना चौधरीको परिवारलाई क्षतिपूर्ति स्वरुप रु. ३,००,०००।- दिलाउने सम्बन्धमा नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६५।४।१४ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. नेपालगञ्ज।४७९ संरक्षण ७४५ मिति २०६५।९।३ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १७३ मिति २०६५।९।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निमाण मन्त्रालयमा पठाइएको प्र.म.म.प.को बोधार्थ पत्र प्राप्त।

आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा सम्बन्धित इकाईमा पठाइएको शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको च.नं. ७०३ मिति २०६५।९।७ को बोधार्थ प्राप्त।

गृह मन्त्रालयको २०६५।९।२९ को निर्णयानुसार निजलाई रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्रबाट जानकारी प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २१९**

१. **पीडितको नाम, थर र ठेगाना** पृथ्वी वहादुर माझी, रानीचुरी-५, सिन्धुली

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला सिन्धुली रानीचुरी गा.वि.स. वडा नं. ५ बस्ने पृथ्वी वहादुर माझीलाई मिति २०५६।१।१६ मा सुरक्षाकर्मी (नेपाल प्रहरी) ले रानीचुरी-७, बेसारेडाँडाबाट पक्राउ गरी कब्जामा लिई ऐ.ऐ. गा.वि.स वडा नं. ५, टुमसिंह खोलामा ल्याई मारेकोले आवश्यक अनुसन्धान गरी दोषीमाथि कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी आयोगमा मिति २०६२।६।१९ मा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** नेकपा (माओवादी) मा आवद्ध भएको कारण निज पृथ्वी वहादुर माझीलाई समाती आफ्नो कब्जामा रहेको अवस्थामा मारेको पाइएकोले संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी प्रचलित कानून बमोजिम कार्वाही गर्न र मृतकका पीडित परिवारको भरणपोषणको लागि रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६५।४।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३२३४ संरक्षण ७३३ मिति २०६५।९।१ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।९।१६ को निर्णयानुसार रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २२०**

१. **पीडितको नाम, थर र ठेगाना** हिरा वहादुर मगर, रानीचुरी-९, सिन्धुली

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला सिन्धुली रानीचुरी गा.वि.स. वडा नं. ९ बस्ने अन्दाजी वर्ष ५५ को हिरा वहादुर मगरलाई मिति २०६०।१०।२५ गते पक्राउ गरी लगेकोमा हालसम्म स्थिति पत्ता नलागेको भनी स्थिति सार्वजनिक गराउन आयोगमामिति २०६०।११।१२ को उजूरी दर्ता।

४. **आयोगको निर्णय/सिफारिश** नेकपा (माओवादी) मा संलग्न भएको आशंकामा निज हिरा वहादुर मगरलाई आफ्नो कब्जामा रहेको अवस्थामा मारिएको देखिंदा घटनामा संलग्न दोषीको अनुसन्धान गरी पहिचान गरी फौजदारी अभियोगमा कानून बमोजिम कार्वाही गर्न र मृतकका परिवारलाई भरणपोषणको लागि क्षतिपूर्ति रु. ३,००,०००।- उपलब्ध गराई मृतकका नाबालक छोराछोरीको पठनपाठनको निःशुल्क व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति

२०६५।४।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १४८० संरक्षण ७३४ मिति २०६५।९।१ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।५।१८ को निर्णयानुसार रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

च.नं. १५९ मिति २०६५।९।६ मा प्र.म.म.प.को कार्यालय,मा.अ.प्रवर्द्धन शाखाबाट गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या –** २२१

१. **पीडितको नाम, थर र ठेगाना** देशी भुलोन र सन्त वहादुर वाइवा, मकवानपुरगढी-३, मकवानपुर

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला मकवानपुर मकवानपुरगढी गा.वि.स. वडा नं. ३ बस्ने सन्त वहादुर वाइवा र ऐ.ऐ. वडा नं. २ डाडागाउँ बस्ने देशी भुलोनलाई सुरक्षाकर्मीले २०६०।७।१३ मा पक्राउ गरी वेपत्ता पारेको भनी आयोगमा मिति २०६०।८।१५ मा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज सन्त बहादुर वाइवा र देशी भुलोनलाई कब्जामा लिई वेपत्ता वनाएकोमा निजहरूको अवस्था बारेमा बुझ्दा सन्त बहादुर वाइवालाई सुरक्षाकर्मीबाट पक्राउ गरी बेपत्ता पारेको पुष्टि हुन आएको देखिंदा सर्वोच्च अदालतबाट मिति २०६४।२।१८ मा भएको आदेश अनुसार रु. १,००,०००।- पीडितको परिवारलाई अन्तरिम राहत स्वरुप उपलब्ध गराउन नेपाल सरकारलाइ लेखी पठाउने र निजको अवस्था पत्ता लगाउन थप अनुसन्धान जारी राख्ने निर्णय भयो । साथै सोही दिन पक्राउ परेको देशी भुलोनको हत्या गर्नमा संलग्न रहेका सुरक्षा निकायका व्यक्तिलाई आवश्यक अनुसन्धान गरी पत्ता लगाई फौजदारी अपराधमा कार्वाही गर्न र पीडितका परिवारको भरणपोषणको लागि आश्रित व्यक्तिलाई आयोगको उजूरी, कार्वाही र क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६५।५।४ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२२३ संरक्षण ७९४ मिति २०६५।९।९ गते प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

च.नं. १२२३ संरक्षण १०५६ मिति २०६५।११।२१ गते प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २५१ मिति २०६५।११।३० मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निमाण मन्त्रालयमा पठाइएको प्र.म.म.प.को बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. ६१५ मिति २०६६।२।३१ मा जि.प्र.का. मकवानपुर लाई सन्तवहादुर वाइवाको परिवारलाई रु. १,००,०००।- र देशी भुलोनको नाममा रु. ३,००,०००।- क्षतिपूर्तिको ड्राफ्ट पठाइएको पत्रको बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको २०६५।१२।३१ को निर्णयानुसार सन्त वहादुर वाइवाको हकमा रु. १,००,०००।- र देशी भुलनको हकमा रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या –** २२२

१. **पीडितको नाम, थर र ठेगाना** देव वहादुर राई, कैलाश कार्की, थीर वहादुर कार्की र दिपक विष्ट (२ बालक) चिसापानी-४, खोटाङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नम्बर २२०१, जिल्ला खोटाङ्ग चिसापानी गा.वि.स. वडा नं. ४ बस्ने देव वहादुर

राई, कैलाश कार्की, थीर वहादुर कार्की र दिपक विष्टलाई मिति २०६०।५।१५ गते गिरफ्तार गरी २०६०।५।१६ गते सुरक्षाकर्मीले आफ्नो कब्जामा लिई मारेकोले घटनाको निश्पक्ष छानवीन गरीपाउँ भनी आयोगमा मिति २०६०।९।९ मा उजूरी पर्न आएको।

४. **आयोगको निर्णय/सिफारिश** देव वहादुर राई सहित ४ जनालाई आफ्नो कब्जामा लिई गोली हानी मारेको देखिन आएकोले श्री भवानी दल गुल्मका संयुक्त सुरक्षाफौजका कमाण्डका सुवास के.सी. र प्रहरी नायव निरीक्षक मनिष मल्ल समेतबाट अन्य घटनामा संलग्न व्यक्तिहरूको समेत नाउँ खोल्न लगाई अन्य जो बुझ्नुपर्ने प्रमाण बुझी प्रचलित कानून बमोजिम ज्यान मुद्दातर्फ कार्वाही गर्न र मृतकका आश्रित परिवारको भरणपोषणको लागि कानून बमोजिमको हकवालाहरूलाई जनही रु. ३,००,०००।- का दरले आयोगको क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०६५।५।१२ मा निर्णय गरियो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९० संरक्षण २२०१ मिति २०६६।३।२८ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २२३**

१. **पीडितको नाम, थर र ठेगाना** नारद दत्त भट्ट, रमेश भट्ट, भटना-५, र भक्तराज भट्ट कोटपटेरा, बैतडी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बैतडी भटना गा.वि.स. वडा नं. ५ बस्ने नारद दत्त भट्ट–१, ऐ.ऐ. बस्ने रमेश भट्ट र कोटपटेरा गा.वि.स बस्ने भक्तराज भट्ट समेत ३ जनालाई २०६१।६।२१ गते सुरक्षाकर्मीले गोली हानी मानव अधिकारको हनन् भएकोले कार्वाही गर्न तथा पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्नको लागि आयोगमा मिति २०६३।६।१७ मा उजूरी पर्न आएको।

४. **आयोगको निर्णय/सिफारिश** मृतकहरू नारद दत्त भट्ट, रमेश भट्ट र भक्तराज भट्टका आश्रित परिवारलाई जनही रु ३,००,०००।- का दरले राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम क्षतिपूर्ति उपलब्ध गराउन र दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६५।५।२४ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. धनगढी।४३५ संरक्षण ७४८ मिति २०६५।९।४ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा सम्बन्धित इकाईमा पठाइएको शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको च.नं. ७०३ मिति २०६५।९।७ को बोधार्थ प्राप्त।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२मा नारद दत्त भट्टलाई रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २२४**

१. **पीडितको नाम, थर र ठेगाना** राजाराम भण्डारी, थानसिंह-२, नुवाकोट

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०५९।५।२४ गते जिल्ला नुवाकोट थानसिंह गा.वि.स. वडा नं. २ बस्ने राजाराम

भण्डारीलाई आफ्नै घरबाट सादा पोशाकमा आएका सुरक्षाकर्मी (नेपाली सेना) ले पक्राउ गरी वेपत्ता पारी गैरन्यायिक थुनामा राखेकाले दोषीलाई कार्वाही गरी निजको अवस्था सार्वजनिक गर्न भनी आयोगमा मिति २०६०।१०।२९ मा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** निज राजाराम भण्डारीलाई आफ्नै घरबाट सादा पोशाकमा आएका सुरक्षाकर्मी (नेपाली सेना) ले पक्राउ गरी बेपत्ता पारी गैरन्यायिक हत्या गरेकोले गैरन्यायिक हत्यामा संलग्न सुरक्षाकर्मी (सेना) को पहिचान गरी फौजदारी अभियोगमा कार्वाही चलाउन र पीडित परिवारको भरणपोषणको लागि आयोगको (उजूरी, कार्वाही र क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६५।७।५ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १४४८ संरक्षण ७९१ मिति २०६५।९।९ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ६२० मिति २०६६।२।३१ मा जि.प्र.का. नुवाकोटलाई रु. ३,००,०००।- क्षतिपूर्तिको ड्राफ्ट पठाइएको पत्रको बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको २०६५।१२।३१ को निर्णयानुसार रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २२५**

१. **पीडितको नाम, थर र ठेगाना** गोरे वहादुर श्रेष्ठ, थानसिंह-५, नुवाकोट

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला नुवाकोट थानसिंह गा.वि.स. वडा नं. ५ बस्ने गोरे वहादुर श्रेष्ठलाई २०५८।१२।२४ मा सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता पारेको र हालसम्म निजको अवस्था अज्ञात रहेको हँदा स्थिति पत्ता लगाई सार्वजनिक गराइ जीवन रक्षाको लागि आवश्यक पहल गरीदिनु हुन भनी आयोगमा मिति २०६२।११।२८ मा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** निजलाई पक्राउ गरी निजको हत्या भएको पुष्टि हुन आएको हुँदा घटनामा संलग्न जिम्मेवार सुरक्षाकर्मीलाई फौजदारी अभियोगमा मुद्दा दायर गर्न र पीडित परिवारको भरणपोषणको लागि आयोगको उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६५।७।५ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३५०३ संरक्षण ७८८ मिति २०६५।९।९ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।१० को निर्णयानुसार निजलाई रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउने तथा दोषी सुरक्षाकर्मीलाई कार्वाही गर्न प्र.पं.का.लाई निर्देशन दिने निर्णय भएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्रबाट जानकारी प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धी जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २२६**

१. **पीडितको नाम, थर र ठेगाना** सविन कुमार थापा, समुन्द्रटार-४, नुवाकोट

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०५९।३।२ गते नुवाकोट जिल्ला समुद्रटार गा.वि.स. वडा नं. ४ बस्ने सविन कुमार थापालाई सुरक्षाकर्मीले पक्राउ गरी लगेकोले निजको अवस्थाबारे जानकारी पाउनको साथै जीवन रक्षाको लागि आवश्यक पहल गरिदिन भनी आयोगमा मिति २०५९।३।३ मा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी फौजदारी कसुरमा मुद्दा दायर गर्न र पीडित परिवारको भरणपोषणको लागि आयोगको (उजूरी, कार्वाही तथा क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनि मिति २०६५।७।५ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २८९ संरक्षण ७९५ मिति २०६५।९।९ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ६२० मिति २०६६।२।३१ मा जि.प्र.का. नुवाकोटलाई रु. ३,००,०००।- क्षतिपूर्तिको ड्राफ्ट पठाइएको पत्रको बोधार्थ प्राप्त ।

   गृह मन्त्रालयको २०६५।१२।३१ को निर्णयानुसार रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

   प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २२७**

१. **पीडितको नाम, थर र ठेगाना** भरत भनिने श्याम सुन्दर कैनी, डोर वहादुर भन्ने गंगा वहादुर नेपाली, व्यास-३, तनहुँ

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. ३ बस्ने वर्ष ३८ को भरत भनिने श्याम सुन्दर कैनी र ऐ.ऐ. बस्ने डोर वहादुर भन्ने गंगा वहादुर नेपालीलाई २०५९।१।१६ गते सुरक्षाकर्मीले घरबाट पक्राउ गरी जिल्ला तनहुँ घाँसीकुवा ८ वाङ्गेसिमल भन्ने ठाउँमा लगि गोली प्रहार गरी मारेको भन्ने सम्बन्धमा आयोगको क्षे.का. पोखरामा परेको मिति २०६३।५।८ को उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न तत्कालीन नेपाली सेना दमौली व्यारेकबाट खटिएका जम्दार दामोदर अधिकारीको नेतृत्वको टोलीबाट घटना भएको देखिंदा निजलाई वयानको लागि आयोगमा १५ दिनभित्र उपस्थित गराइदिन श्री रक्षा मन्त्रालय, सिंहदरवारमा लेखी पठाउने र मृतकहरूको आश्रित कानून बमोजिमको हकवालालाई भरणपोषणको लागि रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०६५।९।२० मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ४०१,४३६।पोखरा संरक्षण १०९९ मिति २०६५।१२।४ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.प. को च.नं. २६४ मिति २०६५।१२।११ मा आयोगको निर्णय आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा पठाइएको पत्रको बोधार्थ प्राप्त ।

   प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २२८**

१. **पीडितको नाम, थर र ठेगाना** राम तामाङ्ग, सैमराङ्ग-६, कास्की

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कास्की सैमराङ्ग गा.वि.स. वडा नं. ६ बस्ने राम तामाङ्गलाई २०५९।२।२३ गते विहान करिव ८ बजेको समयमा बारीमा घाँस काटिरहेको अवस्थामा गस्तिमा आएको तत्कालीन शाही नेपाली सेनाले मारेको हुँदा घटनाको अनुसन्धान गरी दोषीलाई कार्वाही गरीपाउँ भनी आयोगको क्षे.का. पोखरामा मिति २०६३।४।१७ मा परेको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** तत्कालीन शाही नेपाली सेना अन्तर्गत खटिएका सुरक्षाकर्मीले बोलाउदा निज डराई भाग्न लाग्दा सुरक्षाकर्मीको गोली लागि निजको मृत्यु भएको देखिदा सुरक्षाकर्मीले कब्जामा लिन सक्ने अवस्था छंदाछदै अत्यधिक शक्तिको प्रयोग गरी निज राम तामाङ्गको मृत्यु हुन गएको, निज आफ्नै घर गोठमा लुक्न जाँदा हानेको गोलीबाट गोरु १ र भैसी १ समेतको मृत्यु हुन गएको, मृतकको पीडित परिवारको भरणपोषणको लागि रु. ३,००,०००।- भैसी १ र गोरुको क्षतिपूर्ति रु. २०,०००।- समेत उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने र घटनामा संलग्न सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनि मिति २०६५।९।२० मा निर्णय गऱ्यो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ४१५।पोखरा संरक्षण १०९७ मिति २०६५।१२।४ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.प. को च.नं. २६४ मिति २०६५।१२।११ मा आयोगको निर्णय आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा पठाइएको पत्रको बोधार्थ प्राप्त।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २२९**

१. **पीडितको नाम, थर र ठेगाना** गोपाल रिजाल, दुधराक्ष-९ वाँसगढी, रुपन्देही

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रुपन्देही दुधराक्ष गा.वि.स. वडा नं. ९ वासगढी निवासी गोपाल रिजाललाई २०६०।८।२५ गते विहान ९ बजे वासँगढी चोकमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिएको घटनाको सम्बन्धमा आयोगको क्षे.का. पोखरामा मिति २०६१।९।२८ मा परेको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न देखिएका सेनानी विनोद निरौलासँग बुझ्नुपर्ने देखिएकोले वयानको लागि आयोगमा निजलाई उपस्थित गराइदिन श्री रक्षा मन्त्रालयलाई पत्राचार गर्ने। मानव अधिकारको उल्लंघन भई पीडित परिवारको भरणपोषणको लागि आयोगको (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति निर्धारण गरी उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो। साथै प्रस्तुत घटनामा मृत्यु भएका अन्य ३ जनाको सम्बन्धमा विस्तृत अनुसन्धान भएको नदेखिंदा अनुसन्धान गर्ने कर्मचारीसँग सोध्ने भनी मिति २०६५।९।२० मा निर्णय भयो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २५७२।पोखरा संरक्षण १०९६ मिति २०६५।१२।४ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २३०**

१. **पीडितको नाम, थर र ठेगाना** कमल गिरी, भवानीपुर, बाँके

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण**उजूरी नं. ११६७, जिल्ला बाँके नेपालगञ्ज नगरपालिकामा २०६३।९।११ मा भएको साम्प्रदायिक दंगामा प्रहरीको गोली लागि जिल्ला बाँके भवानीपुर गा.वि.स. घर भई नेपालगञ्ज न.पा. वडा नं. ११ बस्ने कमल गिरीको मृत्यु भएकोले आवश्यक छानवीन गरी दोषि उपर कानूनी कार्वाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनको लागि आयोगमा मिति २०६३।९।१४ मा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** आश्रित पीडित परिवारको भरणपोषणको लागि राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम रु ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र गोली प्रहार गर्ने व्यक्तिको पहिचान गरी निज माथि कानून बमोजिम फौजदारी अभियोगमा कार्वाही गर्न समेत नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो । साथै आयोगको निर्णय अनुसार २०६५।२।३१ च.नं. ११७६ संरक्षण ३४२७ र मिति २०६५।९।९ च.नं. ११७६, संरक्षण ७९२ मार्फत छानवीन समितिको प्रतिवेदन पठाईदिन प्रधानमन्त्रीको कार्यालयमा पत्राचार हुँदा समेत समितिको प्रतिवेदन नपठाएकोमा यस आयोगको गम्भीर ध्यानाकर्षण भएको व्यहोरा प्रममपका लाई लेखि पठाइदिने भनि मिति २०६५।९।२० मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ११६७।नेपालगञ्ज संरक्षण ११३५ मिति २०६५।१२।१२ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शहिद घोषित भएको भन्ने देखिएको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २३१**

१. **पीडितको नाम, थर र ठेगाना** राम विनय यादव, इनर्वामाल-६, बारा

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण**उजूरी नं. ३०६१, जिल्ला बारा इनर्वामाल गा.वि.स. वडा नं. ६ बस्ने राम विनय यादवलाई मिति २०६१।११।१७ गते घुमुवा प्रहरीले माओवादीको आरोपमा घरबाटै पक्राउ गरी स्थानीय अजय यादव, प्रेमलाल यादव, त्रियोगी यादव लगायतको सहयोगमा स्थानीय च्युटाह पैनिमा लगी मारिएकोले आवश्यक कार्वाही गरी तथा पीडित परिवारलाई क्षतिपूर्ति गराइपाउँ भनी आयोगमा मिति २०६२।४।४ मा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** मानव अधिकारको उल्लंघन कार्यमा संलग्न व्यक्तिको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित परिवारको भरणपोषणको लागि रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र मृतकका बाल बालिकालाई निःशुल्क पठनपाठनको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०६५।११।२ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३०६१ संरक्षण ११५५।०६५।६६ मिति २०६५।१२।१८ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २३२**

१. **पीडितको नाम, थर र ठेगाना** खिम वहादुर परियार र अनिता परियार, पार्चे, कास्की

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** कास्की जिल्ला पार्चे गा.वि.स. निवासी खिम वहादुर परियार आफ्नी श्रीमतीलाई लिन जिल्ला कास्की सैमराङ्ग गा.वि.स. वडा नं. ५ मा गएको वेला २०५९।२।२६ गते विहान त्यस क्षेत्रमा खटिएको, नेपाली सेनाको टोली र नेकपा (माओवादी) विच २०५९।२।२४ मा भिडन्त हुँदा नेपाली सेनाका केही व्यक्ति मारिएको र सो घटना पश्चात सेनाले विभिन्न गाउँमा खोजतलाश जारी राखेको रहेछ। माओवादीको आशंकामा ससुरालीमा खाना खाई चुठ्न भनि २०५९।२।२६ गते विहान करीव ८:३० बजे खिम वहादुर परियार घर बाहिर निस्कने वितिकै केही पर रहेको सेनाको टोलीले गोली चलाएको, निजले म माओवादी होइन यस घरको पाहुना हो भन्दा भन्दै पुनः अर्को गोली हानी निजको घटनास्थलमै मृत्यु भएको र मेरो श्रीमानलाई के भयो भनि भित्र खाना खाँदै गरेकी खिम वहादुर परियारको श्रीमती अनिता परियार घर बाहिर निस्कन लाग्दा निजलाई पनि गोली हानी निजको घटनास्थलमै मृत्यु भएको। यसरी मानव अधिकार उल्लंघन गर्नेलाई कार्वाही गरी न्याय पाउन र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन २०६३।४।८ मा मृतक खिम वहादुर परियारको पिता टिकाराम परियार र आमा मनकला परियारको निवेदन परेको र २०६३।४।५ मा छोरी अनिता परियार र ज्वाई खिम वहादुर परियारलाई मारिएकोमा छानवीन गरी क्षतिपूर्ति पाउन छोरीको बाबु लाल वहादुर परियारको छुट्टै निवेदन परेको।

४. **आयोगको निर्णय/सिफारिश** यसरी ससुराली घरमा गएका खिम वहादुर परियार र निजको श्रीमती अनिता परियारको सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भई मानव अधिकारको गम्भीर उल्लंघन हुन गएको आयोगको अनुसन्धान टोलीको प्रतिवेदन नेपाली सेना पश्चिम पृतना (मानव अधिकार महाशाखा) को मिति २०६४।१०।१३ को पत्रानुसार विस्तृत शान्ति सम्झौता बमोजिम दुवै पक्षबाट भएका त्रुटीहरूलाई भविष्यमा नदोहोऱ्याउने र क्रमिक सच्याउँदै लैजाने र पीडित पक्षलाई क्षतिपूर्ति दिन सिफारिश गरेमा हुने" व्यहोरा उल्लेख गरी जवाफ प्राप्त भएको देखिन्छ। आयोगको टोलीको प्रतिवेदन अनुसार समेत मानव अधिकारको उल्लंघन भएको पाइएकोले दोषीलाई कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश लेखी पठाउने र मानव अधिकार उल्लंघन गर्नेलाई कार्वाही गरी न्याय पाउन र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन २०६३।४।८ मा मृतक खिम वहादुर परियारको पिता टिकाराम परियार र आमा मनकला परियारको निवेदन परेको र २०६३।४।५ मा छोरी अनिता परियार र ज्वाई खिम वहादुर परियारलाई मारिएकोमा छानवीन गरी क्षतिपूर्ति पाउन छोरीको बाबु लाल वहादुर परियारको छुट्टाछुट्टै निवेदन परेको देखिंदा आफ्नी छोरीलाई बाबु आमाले पालनपोषण गरेको र समानता र न्यायको आधारमा मृतक खिम वहादुर परियार र अनिता परियारका पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम उजुरवाला दुवै तर्फका पीडितलाई अपुतालीको महल बमोजिम नजिकको हकवालालाई जनही रु. ३,००,०००।- का दरले क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश लेखी पठाउने भन्ने मिति २०६५।८।३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १०१९ संरक्षण ४०२पोखरा, मिति २०६६।९।२७ को पत्र श्री प्रममपकामा निर्णय कार्यान्वयनको लागि पत्राचार गरिएको बोधार्थ गृह र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई दिइएको।

६. **कार्यान्वयनको स्थिति** आयोगको निर्णय सिफारिश कार्यान्वयनको लागि भनी शान्ति तथा पुनर्निर्माण मन्त्रालयले श्री राहत तथा पुनःस्थापना इकाइलाई च.नं.३१० मिति २०६६।१०।४ मा पठाएको पत्रको बोधार्थ प्राप्त हुन आएको।

खिम बहादुर परियारको पहिलो प्रतिवेदनमा नाम रही निजका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख। च.नं. २४० मिति २०६९।१।१० मा प्र.प्रधान का., प्र. महानिरीक्षकको स., मा.अ.इकाईबाट आयोगलाई पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २३३**

१. **पीडितको नाम, थर र ठेगाना** डम्बर बहादुर गुरुङ्ग, चितवन

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ५६६, जिल्ला चितवन घर भएका डम्बर बहादुर गुरुङ्गलाई जिल्ला चितवन शारदानगर गा.वि.स. वडा नं. ९ स्थित चण्डी भञ्ज्याङ्गमा नेकपा (माओवादी को संगठन विस्तारको क्रममा कार्यक्रम भईरहेको बेला नेपाली सेनाले मिति २०५९।७।२५ मा घेरा हालि कब्जामा लिएको र हालसम्म बेपत्ता पारेकोले निजको स्थिति सार्वजनिक गर्नको लागि पहल गरिदिन भनी आयोगमा मिति २०५९।८।१० मा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनास्थलमा सँगै रही भाग्न सफल भएका नेकपा (माओवादी) कार्यकर्ता दण्डपाणी पौडेलले सुरक्षाकर्मीबाट कार्वाही भई मारिएको ३।४ दिनपछि चितवनको मालु भञ्ज्याङ्गमा गई दाह संस्कार गरेको भन्ने आयोगको टोलीलाई वयान दिएको, सुरक्षाकर्मीको जवाफ हेर्दा निजलाई पक्राउ नै नगरिएको र कुनै कागजात नरहेको भन्ने देखिंदा र मृतकका परिवारले काजक्रिया समेत गरिसकेको पाइएकोले सुरक्षाकर्मीले कब्जामा लिन सक्ने अवस्था छँदाछँदै अत्यधिक शक्तिको प्रयोग गरी मानव अधिकारको उल्लंघन भएको आयोगको अनुसन्धान प्रतिवेदनबाट देखिंदा दोषीको पहिचान गरी कार्वाही गर्न र पीडित परिवारको भरणपोषणको लागि रु. ३,००,०००।- आयोगको उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम उपलब्ध गराउन मिति २०६५।९।२४ मा नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।१२।३० को निर्णयानुसार रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २३४**

१. **पीडितको नाम, थर र ठेगाना** रामशरण थापा, जीवनपुर-९, धादिङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ४५४८, जिल्ला धादिङ्ग जीवनपुर गा.वि.स. वडा नं. ९ बस्ने रामशरण थापालाई सुरक्षाकर्मीले पक्राउ गरी मिति २०६०।७।१२ मा मारिएकोले घटनाको छानवीन गरी दोषीलाई कारवाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी आयोगमा मिति २०६५।९।१८ मा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** सरकारी निकायबाट रु. १,५०,०००।- सोही बेला पाइसकेको भन्ने निवेदनबाटै खुल्न आएको देखिंदा तत्कालीन अवस्थामा क्षतिपूर्ति पाई चित्त बुझाई सकेकोले प्रस्तुत उजूरी सम्बन्धमा थप केही गरिरहनु परेन । पीडितको बालबालिकाको निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०६५।११।२ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ४५४८ संरक्षण ११५६।०६५।६६ मिति २०६५।१२।१८ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.पा.को कार्यालयको च.नं. २८२ मिति २०६५।३।१५ मा सम्बन्धित निकायलाई पत्राचार गरिएको बोधार्थ प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – २३५**

१. **पीडितको नाम, थर र ठेगाना** हरि प्रसाद कँडेल, वीरवास-१, गुल्मी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ४१३, पोखरा गुल्मी जिल्ला वीरवास गा.वि.स. वडा नं १ बस्ने बर्ष ४७ को हरि प्रसाद कण्डेललाई मिति २०६०/१०/०४ मा रुमापोखरा भन्ने ठाउँबाट सुरक्षाकर्मीहरूले पक्राउ गरी सोही दिन सोही गा.वि.स. वडा नं ३ रुमापोखरामा लगी हत्या गरेको हुँदा आवश्यक अनुसन्धान गरी दोषी माथी आवश्यक कार्वाही गरीपाउँ भनी मिति २०६३/४/१७ मा यस आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** पक्राउ गर्न सकिने अवस्था हुँदाहुँदै गोली हानी मारेको देखिंदा घटनामा संलग्न दोषीको पहिचान गरी कार्वाही गर्न र मृतक परिवारको भरणपोषणका लागि राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो । साथै मृतकका बालबच्चाको निःशुल्क पठनपाठनको व्यवस्था गर्न समेत सिफारिश गर्ने भनि २०६५।११।८ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ७६० संरक्षण ४१३, पोखरा मिति २०६६।७।१६ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको साथै दोषी सुरक्षाकर्मीलाई कार्वाही गर्न को.अ.इ. बोर्डलाई जिम्मा दिइएको र पीडितका सन्तानहरूलाई निःशुल्क अध्ययन उपलब्ध गराइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २३६**

१. **पीडितको नाम, थर र ठेगाना** मन वहादुर त्रामु, ठूलोलुम्पेक-८, गुल्मी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ४१२ पोखरा, गुल्मी जिल्ला ठूलोलुम्पेक गा.वि.स. वडा नं. ८ बस्ने मनोज भन्ने मन वहादुर त्रामुलाई २०६१।१।२८ गते ऐ. गा.वि.स. वडा नं. ४ क्वाङ्ग भन्ने ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरी कब्जामा रहेको अवस्थामा हत्या भएको हुँदा दोषीलाई कार्वाही गरी क्षतिपूर्ति उपलब्ध गराई पाउन आयोगमा मिति २०६३।४।१७ मा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ को नियम १३ (१) (२) नं. बमोजिम दोषीको पहिचान गरी कार्वाही गर्न र ऐ. नियम १७ बमोजिम पीडित परिवारको भरणपोषणको लागि रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनि मिति २०६५।११।८ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३३८ संरक्षण ४१२, पोखरा मिति २०६६।७।१० गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. २४४ मिति २०६६।६।२८ मा राहत तथा पुनःस्थापना इकाइलाई आयोगको निर्णय कार्यान्वयन गर्न पठाइएको पत्रको बोधार्थ प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रु. २ लाख रकम गृह मन्त्रालयबाट क्षतिपूर्ति दिन कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २३७**

१. **पीडितको नाम, थर र ठेगाना** कोपिला गौतम, बुर्धा-५, गुल्मी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला गुल्मी बुर्धा गा.वि.स. वडा नं. ५ बस्ने कोपिला गौतमलाई सुरक्षाकर्मीले ऐ. वामी गा.वि.स. कोडालोट भन्ने जंगलमा लगी २०६०।१।१५ गते गैरन्यायिक तरिकाले मारेकोले दोषीलाई कार्वाही र पीडित परिवारलाई राहतको लागि आयोगमा मिति २०६३।६।३ मा उजुरी पर्न आएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** घटनामा संलग्न सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडितको परिवारलाई भरणपोषणको लागि आयोगको उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने ठहर्छ भन्ने आयोगको मिति २०६५।११।८ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ७६२ संरक्षण ४४६, पोखरा मिति २०६६।७।१६ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** आयोगको निर्णय कार्यान्वयन गर्न पठाइएको पत्रको बोधार्थ प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रु. २ लाख रकम गृह मन्त्रालयबाट क्षतिपूर्ति दिन कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २३८**

१. **पीडितको नाम, थर र ठेगाना** मनोज भन्ने ज्ञानुप्रसाद रेग्मी, पाखापानी-२, पर्वत

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ३६४, पोखरा जिल्ला पर्वत पाखापानी गा.वि.स. वडा नं. २ बस्ने रुद्रप्रसाद रेग्मीको छोरा मनोज भन्ने ज्ञानुप्रसाद रेग्मीलाई तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी वेपत्ता बनाएकोले खोजतलास गरी पाउन आयोगमा मिति २०६३।२।३० मा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** आयोगको अनुसन्धान प्रतिवेदन अनुसार २०५९।१।१६ गते दोहोरो भिडन्त नै नभएको र विहान करीव ४:०० बजेको समयमा सेनाले १ जनाको हत्या गरी गाउँका मानिसहरूलाई भेला जम्मा गराई मुचुल्का तयार पारेको, शव परीक्षण नभएको भन्ने समेत देखिदा सुरक्षाकर्मीबाट गैरन्यायिक हत्या भई मानव अधिकारको उल्लंघन भएको देखिदा राष्ट्रिय मानवअधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ को नियम १३ (१) (२) नं. बमोजिम दोषीको पहिचान गरी कार्वाही गर्न र ऐ. नियम १७ बमोजिम पीडित परिवारको भरणपोषणको लागि रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन मिति २०६५।११।८ मा नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ७६१ संरक्षण ३६४, पोखरा मिति २०६६।७।१६ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** क्षतिपूर्ति रकम निकासातर्फ कार्वाही भइरहेको र उक्त घटनामा संलग्न सुरक्षाकर्मीको दोष नदेखिएको विवरण प्राप्त भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २३९**

१. **पीडितको नाम, थर र ठेगाना** दिपक ठकुरी, गणेश सारु मगर र सुनिल तामाङ्ग (लामा), सुनखानी-९, नुवाकोट

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ३३७५, जिल्ला नुवाकोट सुनखानी गा.वि.स. वडा नं. ९ बस्ने दिपक ठकुरी, गणेश सारु मगर र सुनिल तामाङ्ग (लामा) लाई २०६२।७।२२ मा रसुवा जिल्ला जीवजीवे वजारमा घुमफिर गरिरहेको अवस्थामा कब्जामा लिई सुरक्षाकर्मीले बेपत्ता पारेको भनी आयोगमा मिति २०६२।९।३ मा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** अनुसन्धान प्रतिवेदन अनुसार सुरक्षाकर्मीले निःशस्त्र व्यक्तीलाई नियन्त्रणमा लिई कानून बमोजिम कार्वाही हुन सक्ने अवस्था छँदाछँदै मारेको कारण मानव अधिकारको उल्लंघन भएको देखिन्छ। तसर्थ राष्ट्रिय मानव अधिकार आयोग उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम १३ को (२) नं. बमोजिम दोषी सुरक्षाकर्मीको पहिचान गरी कार्वाही गर्न र पीडित परिवारको भरणपोषणको लागि मृतकको परिवारलाई जनही रु. ३,००,०००।- दरले क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकार प्रममपका लाई सिफारिश गर्ने भनी मिति २०६५।११।२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३३७५ संरक्षण ११५७।०६५।६६ मिति २०६५।१२।१८ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** क्षतिपूर्ति रकम निकासातर्फ कार्वाही भइरहेको र उक्त घटनामा संलग्न सुरक्षाकर्मीको दोष नदेखिएको विवरण प्राप्त भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

च.नं. ११४१ मिति २०६६।१।२ मा शा.पु.नि.म., कानून तथा मा.अ.शा.बाट सिफारिश सम्बन्धमा राहत तथा पुर्नस्थापना ई.लाई पठाएको पत्रको बोधार्थ पत्र ।

च.नं. २४६ मिति २०६५।१२।३१ मा प्र.प्र.का., प्र.म.स., मा.अ.इ.बाट गृ.मलाई पठाएको पत्रको बोधार्थ पत्र ।

च.नं. २७४ मिति २०६५।१२।२५ मा प्र.म.म.प.को कार्यालय,मा.अ.प्रवर्द्धन शाखाबाट आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा गृह.म,लाई पठाएको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २४०**

१. **पीडितको नाम, थर र ठेगाना** माया तामाङ्ग, पनौती-४, काभ्रे

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. १२९४ (क), जिल्ला काभ्रेपलाञ्चोक पनौती न.पा. ४ चमाखर बस्ने रण बहादुर तामाङ्गकी छोरी १५ वर्षीया माया तामाङ्गलाई २०६०।८।२८ गते संयुक्त सुरक्षाफौजबाट गोली हानी मारिएको घटनाको आयोगको स्वविवेकमा मिति २०६०।९।६ मा उजूरी ग्रहण गरी अनुसन्धान गरिएको ।

४. **आयोगको निर्णय/सिफारिश** शाही नेपाली सेनाबाट अनुसन्धान हुँदा नियन्त्रणमा लिन सकिने अवस्था हुँदाहुँदै आवश्यकता भन्दा बढी बलको प्रयोग गरेको भनी कोर्ट अफ इन्क्वाइरीले दिएको राय अनुसार कोर्ट मार्सल गरिएको भनी नेपाली सेनाले विभागीय कार्वाही समेत गरेको हुँदा आवश्यकता भन्दा बढी बल प्रयोग भएको कुरा स्विकार गरेको पाइन्छ। तसर्थ सुरक्षा निकायको लापरवाहीबाट मृत्यु भई मानव अधिकारको उल्लंघन हुन गएको देखिदा संलग्न दोषीलाई फौजदारी अभियोगमा कानून बमोजिम कार्वाही गर्न र पीडित परिवारको भरणपोषणको लागि रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने भनी मिति २०६६।२।२१ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५१० संरक्षण १२९४(क) मिति २०६६।३।९ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. १५२९ मिति २०६६।३।२५ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह तथा शान्ति मन्त्रालयलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

प्र.म.म.प.को कार्यालयको च.नं. ३५३ मिति २०६६।३।२४ मा आयोगको निर्णय कार्यान्वयन गर्न रक्षा, गृह तथा शान्ति मन्त्रालयलाई पत्राचार गरिएको बोधार्थ प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रु. १ लाख रकम गृह

मन्त्रालयबाट क्षतिपूर्ति दिन कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २४१**

१. **पीडितको नाम, थर र ठेगाना** हैदर मियाँ अन्सारी (मृतक) र भीखारी भण्डारी, पर्सा, सर्लाही

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला सर्लाही पर्सा गा.वि.स.मा २०६०।६।२६ मा खेतमा काम गरिरहेको अवस्थामा सुरक्षाफौजले चलाएको गोलीले हैदर अन्सारीको मृत्यु भएको तथा भिखारी भण्डारी घाइते भएको भनी मिति २०६०।६।२८ गते कान्तिपुर दैनिक लगायत पत्रपत्रिकामा प्रकाशित समाचारको आधारमा आयोगको स्वविवेकमा मिति २०६०।८।९ मा उजूरी ग्रहण गरी अनुसन्धान अगाडि वढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीको प्रतिवेदन हेर्दा सादा पोशाकमा गएका सुरक्षाकर्मीलाई गाउँलेले चिन्न नसकी हातहतियारदेखि त्रास र भयमा रहेका गाउँलेमाथि अन्धाधुन्ध गोली प्रहार गरी मानव अधिकारको उल्लंघन गरी हैदर अन्सारीको मृत्यु भएको देखिंदा मृतकको पीडित परिवारको भरणपोषणको लागि रु. २,००,०००।- क्षतिपूर्ति दिन, गोली लागि घाइते भएकी भीखारी भण्डारीको निःशुल्क उपचार गरी निजलाई यातना भएको देखिदा रु. ५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०६६।२।२१ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५४८ संरक्षण ११७४ मिति २०६६।३।२२ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. २० मिति २०६६।४।२८ मा आयोगको निर्णय कार्यान्वयनको लागि श्री राहत तथा पुनःस्थापना इकाईलाइ लेखिएको पत्रको बोधार्थ प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको साथै गृह मन्त्रालयबाट क्षतिपूर्ति दिन कार्वाही भइरहेको र दोषी सुरक्षाकर्मीलाई कार्वाही गर्न को.अ.इ. बोर्डलाई जिम्मा दिइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २४२**

१. **पीडितको नाम, थर र ठेगाना** नागेन्द्र प्रसाद यादव, प्रष्टोका-३, बारा

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बारा प्रष्टोका गा.वि.स. वडा नं. ३ बस्ने नागेन्द्र प्रसाद यादवलाई जिल्ला बारा बुनीयाद गा.वि.स. वडा नं. ८ स्थित निजको नातेदारकहाँ तास खेल्न बसिरहेको अवस्थामा गोली प्रहार गरी थप प्रहरी बोलाई डर धाक देखाई मुचुल्कामा सहि गराउन लगाएकोले निश्पक्ष अनुसन्धानको लागि यस आयोगमा मिति २०६५।७।२१ माउजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको टोलीको स्थलगत अनुसन्धान प्रतिवेदन अनुसार दोहोरो भिडन्त भएको नदेखिदा प्रहरी टोलीबाट अत्याधिक शक्तिको प्रयोग गरी मानव अधिकार उल्लंघन गरेको देखिदा उक्त घटनामा संलग्न प्रहरीहरूलाई फौजदारी अभियोगमा कार्वाही गर्न र पीडित परिवारको भरणपोषणको लागि आयोगको उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई

सिफारिश गर्ने निर्णय गरियो । साथै जि.प्र.का. बाराको च.नं. ४१९५ मिति २०६५।११।१४ मा प्राप्त दशी प्रमाण समेत फिर्ता पठाईदिने भनि २०६६।२।२१ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५४७ संरक्षण ४५०९ मिति २०६६।३।२२ मा प्र.म.म.का. मा आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** क्षतिपूर्ति रकम निकासातर्फ कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ख) माओवादीद्वारा हत्या**

**क्रम संख्या** – २४३

१. **पीडितको नाम, थर र ठेगाना** डेकेन्द्रराज थापा, नारायण-१, दैलेख

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. १९९४ मिति २०६१।४।२१, रेडियो नेपालका पत्रकार दैलेख जिल्ला नारायण नगरपालिका वडा नं. १ बस्ने डेकेन्द्रराज थापा र सुर्खेत इन्सेक प्रतिनिधिलाई मिति २०६१।३।१२ गते नेकपा (माओवादी) द्वारा कब्जामा लिएको साथै पत्रकारलाई हात काट्ने र ६ महिना श्रमकैद गर्ने जस्ता कार्य गरेकोले हामी असुरक्षित छौं त्यसैले आवश्यक सहयोग गर्न भनी मिति २०६१।४।१९ गते कान्तिपुर दैनिकका हरिहरसिंह राठौरको निवेदनको प्रति आयोगमा दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** निज पत्रकार डेकेन्द्रराज थापालाई नेकपा (माओवादी) का कार्यकर्ताहरूले कब्जामा लिई कुटपीट गरी मिति २०६१।४।२७ मा मारेको देखिएको, उक्त घटनामा नेकपा (माओवादी) का तत्कालीन सचिव रणजीत समेत जिम्मेवार रहेको भन्ने अनुसन्धान टोलीको निष्कर्ष भएको पाइएको र उत्खनन् गरिएको शव जिल्ला अस्पताल दैलेखमा राखिएको भन्ने अनुसन्धान टोलीको प्रतिवेदनबाट देखिन आएकोले शवको पहिचान भईसकेको अवस्थामा उत्खनन् गरिएको मानव अवशेषको रुपमा रहेको उक्त शव पीडितका परिवारलाई बुझाउने र सो घटनामा संलग्न तत्कालीन अवस्थाका नेकपा (माओवादी) दैलेखका सचिव रणजीत समेत जिम्मेवार नेकपा (माओवादी) का कार्यकर्ताहरूको पहिचान गरी फौजदारी अभियोगमा कार्वाही गर्न मिति २०६५।४।६ मा नेपाल सरकारलाई सिफारिश गर्ने ठहर्छ भन्ने आयोगको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १९९४ संरक्षण १८३ मिति २०६५।५।६ मा प्र.म.म.का. मा आयोगको निर्णय कार्यान्वयनको लागि सिफारिश पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

नेपाल सरकारबाट निज डेकेन्द्रराज थापाका हत्याका आरोपितलाई अनुसन्धानको लागि पक्राउ गरी अनुसन्धान प्रक्रिया अगाडि बढेको कुरा विभिन्न सञ्चारमाध्यमहरूबाट प्रकाशित भइआएको ।

च.नं १००९ मिति २०७१।१।८ मा दैलेख जिल्ला अदालत, देलेखबाट अनुसन्धान प्रतिवेदन पठाइदिनुहुन सम्बन्धमा आयोगलाई पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या** – २४४

१. **पीडितको नाम, थर र ठेगाना** हिरा वहादुर थापा बालकुमारी-६, नुवाकोट

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नम्बर ३३२५, जिल्ला नुवाकोट बालकुमारी गा.वि.स. वडा नं. ६ निवासी वर्ष २८ को

हिरा वहादुर थापालाई मिति २०६२।२।३१ गते राउतवेसी गा.वि.स. वडा नं. १ स्थित आफ्नै घरबाट नेकपा (माओवादी) को एक समूह आई अपहरण पश्चात कुटपीट गरी हत्या गरेकोले दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति दिलाइपाउँ भनी निजको श्रीमति कमला थापाले मिति २०६२।८।१ मा आयोग समक्ष दर्ता गरेको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषीलाई ज्यान सम्बन्धी महल बमोजिम फौजदारी अभियोगमा मुद्दा दायर गरी कानूनी कार्वाही गर्न र पीडित परिवारको भरणपोषणको लागि रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन मिति २०६५।४।२९ गते नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं.२२ संरक्षण ३३२५ मिति २०६७।४।४ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रु. २ लाख रकम गृह मन्त्रालयबाट क्षतिपूर्ति दिन कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

   च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २४५**

१. **पीडितको नाम, थर र ठेगाना** टोप वहादुर श्रेष्ठ, दुधराक्ष-९, रुपन्देही

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रुपन्देही दुधराक्ष गा.वि.स. वडा नं. ९ बस्ने टोप वहादुर श्रेष्ठलाई २०५८।३।२६ गते नेकपा (माओवादी) का कार्यकर्ताद्वारा कब्जामा लिई हत्या गरिएको घटनाको सम्बन्धमा आयोगको क्षेत्रिय कार्यालय पोखरामा परेको मिति २०६१।९।२८ को उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** हत्यामा संलग्न रहेको व्यक्तिको आवश्यक अनुसन्धान र पहिचान गरी कानून बमोजिम फौजदारी मुद्दामा कार्वाही गर्न र पीडित परिवारको भरणपोषणको लागि रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने साथै मृतकका नाबालक बालबच्चाको निःशुल्क शिक्षा दिक्षाको प्रबन्ध मिलाउन समेत लेखी पठाईदिने भनि मिति २०६५।९।२० मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २५७३।पोखरा संरक्षण १०९८ मिति २०६५।१२।४ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुन र्निमाण मन्त्रालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.प्र.का.को च.नं. २६० मिति २०६५।१२।११ मा सम्बन्धित निकायमा पठाइएको पत्रको बोधार्थ प्राप्त ।

   प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धी जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

   पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र पीडितका सन्तानहरूलाई निःशुल्क अध्ययन उपलब्ध गराइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २४६**

१. **पीडितको नाम, थर र ठेगाना** घनश्याम मोहन भण्डारी, विश्रामपुर-९, रौतहट

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. १७२१, जिल्ला रौतहट विश्रामपुर गा.वि.स. वडा नं. ९ बस्ने सोही गा.वि.स.का निवर्तमान अध्यक्ष घनश्याम मोहन भण्डारीलाई २०६१।१।१३ गते नेकपा (माओवादी) का कार्यकर्ताहरूले कब्जामा लिई गोली हानी हत्या गरेको सम्बन्धमा मिति २०६१।१।२८ मा आयोगमा दर्ता उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषीहरूको पहिचान गरी फौजदारी अभियोगमा मुद्दा चलाई कानून बमोजिम सजाय गर्न नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो। पीडितको परिवारलाई रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराईसकेको देखिंदा केही गरिरहनु परेन। पीडितका बालबच्चालाई पठनपाठनको निःशुल्क व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०६५।११।२ मा निर्णय गरियो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १७२१ संरक्षण ११५४।०६५।६६ मिति २०६५।१२।१८ मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. १,५०,०००।- क्षतिपूर्ति दिन मिति २०६५।२।११ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

पीडितका हकदारले रु. २,५०,०००।- राहत रकम पाइसकेको र पीडितका सन्तानहरूलाई निःशुल्क अध्ययन उपलब्ध गराइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २४७**

१. **पीडितको नाम, थर र ठेगाना** सन्त वहादुर वि.क., इशानेश्वर-१, लमजुङ्ग

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ४४८ पोखरा, जिल्ला लमजुङ्ग इशानेश्वर गा.वि.स. वडा नं. १ बस्ने सन्त वहादुर वि.क.लाई नेकपा (माओवादी) का कार्यकर्ताले २०६५।५।२३ मा अपहरण गरी निर्मम यातना दिई हत्या गरेकोले दोषीलाई कार्वाही गरी पीडितलाई क्षतिपूर्ति समेत दिलाइपाउँ भनी मिति २०६३।५।२८ मा आयोगमा उजूरी पर्न आएको।

४. **आयोगको निर्णय/सिफारिश** अतः घटनामा संलग्न व्यक्तिलाई गिरफ्तार गरी फौजदारी अभियोगमा कार्वाही गर्न र पीडित परिवारको भरणपोषणको लागि आयोगको उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन मिति २०६५।११।८ मा नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३३७ संरक्षण ४४८, पोखरा मिति २०६६।७।१० गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति**पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र गृह मन्त्रालयबाट पनि क्षतिपूर्ति रकम उपलब्ध गराउने तर्फ कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २४८**

१. **पीडितको नाम, थर र ठेगाना** जीत वहादुर श्रीस, विशुखर्क-५, गुल्मी

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ४१४ पोखरा, जिल्ला गुल्मी विशुखर्क गा.वि.स. वडा नं. ५ बस्ने जीत वहादुर श्रीसलाई नेकपा (माओवादी) का कार्यकर्ताहरूले २०६२।३।१६ गते राती ११:०० बजे घरैबाट अपहरण गरी कब्जामा लिई भोलीपल्ट १७ गते ऐ. जिल्ला शान्तिपुर गा.वि.स. १ मा लगी हत्या गरेकाले दोषीलाई कार्वाही गरी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन आयोगमा मिति २०६३।४।१७ मा उजूरी पर्न आएको।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषीलाई मानव अधिकार र मानविय कानूनको उल्लंघन गरेकोमा आवश्यक

अनुसन्धान गरी फौजदारी अभियोगमा कार्वाही चलाउन र पीडितको परिवारलाई भरणपोषणको लागि आयोगको (उजूरी, कार्वाही तथा क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००|- क्षतिपूर्ति उपलब्ध गराउन मिति २०६५|११|८ मा नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो । साथै जिल्ला प्रशासन कार्यालय गुल्मीको प.स. ०६३|६४ च.नं. ३८२ मिति २०६३|५|१८ को पत्रानुसार मृतकका आश्रित परिवारलाई राहत स्वरुप रु. १,५०,०००|- र नाबालक सन्तानलाई पठनपाठनको लागि छात्रवृत्ति स्वरुप रु. ८४,०००|- उपलब्ध गराएको देखिन्छ भन्ने व्यहोरा समेत उल्लेख गरी पत्राचार गर्ने ठहर्छ भन्ने आयोगको मिति २०६५|११|८ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३३९ संरक्षण ४१४, पोखरा मिति २०६६|७|१० गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले रु. १,८४,०००|- राहत रकम लिएको देखिन्छ भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८|२|१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २४९**

१. **पीडितको नाम, थर र ठेगाना** मान वहादुर बम, रामशिखरझाला-८, कैलाली

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ४३०|धनगढी, जिल्ला कैलाली रामशिखरझाला गा.वि.स. वडा नं. ८ बस्ने र श्री गोरखनाथ दल गण तेहरी, कैलालीमा कार्यरत मान वहादुर बमलाई २०६०|३|२० गते नेकपा (माओवादी) का कार्यकर्ताले अपहरण गरी अवस्था अज्ञात पारेको भनी आयोगमा मिति २०६२|११|२१ गते उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** सशस्त्र द्वन्द्वको अवस्थामा सुरक्षा निकायमा कार्यरत निःशस्त्र व्यक्तिलाई आफ्नो कब्जामा लिई हत्या भएको देखिंदा नेकपा (माओवादी) का कार्यकर्ताले जेनेभा महासन्धीको साझा धारा ३ को वर्खिलाप मानव अधिकार र मानविय कानूनको गम्भीर उल्लंघन गरेको पाइएकोले घटनामा संलग्न दोषीलाई फौजदारी अभियोगमा कार्वाही गर्न नेपाल सरकारलाई लेखी पठाउने ठहर्छ । मावन अधिकारको संरक्षणमा ध्यान नदिई गैर जिम्मेवारपूर्ण जवाफ दिने जिल्ला प्रहरी कार्यालय कैलालीका तत्कालीन प्रहरी उपरीक्षक रमेश शेखर वज्राचार्यलाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ को नियम १३ (२) बमोजिम आवश्यक कार्वाही गर्न नेपाल प्रहरीलाई लेखी पठाउने साथै मृतकको हकवालालाई ऐ. नियम १७ बमोजिम रु. ३,००,०००|- क्षतिपूर्ति उपलब्ध गराउन र नोकरी बहाल रहेको अवधीमा मृत्यु भएका सुरक्षाकर्मीले पाउने सरह नियमानुसारको तलब, भत्ता, क्षतिपूर्ति लगायतको सुविधा पीडित परिवारलाई उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनि मिति २०६५|१२|२५ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १४११ संरक्षण ४३०|धनगढी मिति २०६६|२|१२ मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. १३७८ मिति २०६६|३|३१ मा आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना इकाइलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

प्र.म.म.प.को कार्यालयको च.नं. ३४१ मिति २०६६|२|२० मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह तथा शान्ति मन्त्रालयलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७|८|१९ मा रु. ३,००,०००|- क्षतिपूर्ति दिन मिति २०६५|१२|२५ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००|- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८|२|१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २५०**

१. **पीडितको नाम, थर र ठेगाना** विशाल तामाङ्ग, ठूलोपाखर-३, सिन्धुपाल्चोक

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ३६७०, जिल्ला सिन्धुपाल्चोक ठूलोपारखर गा.वि.स. वडा नं. ३ बस्ने विशाल तामाङ्गलाई नेकपा (माओवादी) का कार्यकर्ताले मिति २०६३।२।२७ गते मारेको र निजको शव जङ्गलमा गाडेको अवस्थामा फेला परेकाले स्थानीय गाउँलेहरूले प्रदर्शन समेत गरेको हुँदा सो घटना सम्बन्धमा आयोगको स्वविवेकमा मिति २०६३।३।१४ मा उजूरी ग्रहण ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषीलाई फौजदारी अभियोगमा मुद्दा चलाई कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो । जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकको च.नं. १००४ मिति २०६३।८।७ को पत्रानुसार “विशाल तामाङ्ग (लामा) का परिवारलाई क्षतिपूर्ति स्वरुप गृह मन्त्रालयको २०६३।४।१८ को निर्णयानुसार रु १,५०,०००।- आर्थिक सहायता दिने निर्णय भएको” भन्ने देखिंदा यस आयोगबाट क्षतिपूर्ति तर्फ केही बोलिरहनु परेन भनी मिति २०६६।२।२१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९१ संरक्षण २२०१ मिति २०६६।३।२८ मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र आयोगको सिफारिश अघि रु. १,५०,०००।- आ.स. उपलब्ध गराइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ग) विष्फोटमा मृत्यु**

**क्रम संख्या – २५१**

१. **पीडितको नाम, थर र ठेगाना** टलवहादुर बस्नेत बाम्ती भण्डार-८, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण**उजूरी नं. ४१८३, जिल्ला रामेछाप बाम्ती भण्डार गा.वि.स. ८ बस्ने अम्बर वहादुर बस्नेतको १४ वर्षिया छोरा टलवहादुर बस्नेतको मिति २०६३।९।६ गतेका दिन द्वन्द्वकालिन अवस्थामा नेकपा माओवादी पक्षबाट घरभित्र नै बम छाडि राखिएकोमा ग्रीनेट विष्फोट भएर अंगभंग भई घटनास्थलमै मृत्यु भएकोले आवश्यक अनुसन्धान गरी क्षतिपूर्ति उपलब्ध गराउन र दोषिलाई कानून बमोजिम कार्वाही गर्न आयोगमा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** घटनाको छानवीन गरी क्षतिपूर्ति पाउँ भन्ने सम्बन्धमा निजका परिवारलाई रु. ३,००,०००।- क्षतिपूर्ति स्वरुप उपलब्ध गराउन सिफारिश गरी पठाउने भनि २०६५।७।२१ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ४१८३ संरक्षण ११४० मिति २०६५।१२।१२ मा प्र.म.म.प.को कार्यालय लाई आयोगको निर्णय सिफारिश गर्ने ।

६. **कार्यान्वयनको स्थिति** क्षतिपूर्ति रकम निकासातर्फ कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २५२**

१. **पीडितको नाम, थर र ठेगाना** मृतक अैतुराम राना, घाइतेहरू केश कुमारी राना, निल वहादुर राना, भुम वहादुर डिसुवा खालीवन-५, पाल्पा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नम्बर ४१०, जिल्ला पाल्पा खालीवन गा.वि.स. वडा नं. ५ साठ्ठीपाइला बस्ने गोपी सर रानाको छोरा वर्ष ८ को अैतुराम रानाको २०६०।१०।२८ गते वेवारिसे बम विष्फोटन हुन गई मृत्यु भएकोले अनुसन्धान गरी आवश्यक कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी आयोगमा मिति २०६३।४।१३ मा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** नेकपा माओवादीबाट छाडी फालिएको विष्फोटक पदार्थ विष्फोट भई निज अैतुराम रानाको मृत्यु हुन गएकोले पीडित परिवारको भरणपोषणको लागि रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र घाइतेहरू केश कुमारी राना, निल वहादुर राना र भुम वहादुर डिसुवाको निःशुल्क उपचारको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनि २०६५।९।२० मा निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ४१० संरक्षण १०३९ मिति २०६५।११।१९ मा प्र.म.म.प.को कार्यालय तथा शान्ति तथा पुर्ननिर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गर्ने।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.प.को कार्यालयको च.नं. २५३ मिति २०६५।११।३० मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह तथा शान्ति मन्त्रालयलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उपलब्त्र गराउन गृह मन्त्रालयबाट पहल भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**घ) दोहोरो भिडन्तमा मृत्यु**

**क्रम संख्या – २५३**

१. **पीडितको नाम, थर र ठेगाना** नवराज के.सी., राउनवेसी-४, नुवाकोट

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नम्बर ३१८६, जिल्ला नुवाकोट राउनवेसी गा.वि.स. वडा नं. ४ पुरानो गाउँ घर भई सोही जिल्लाको वेतिनी गा.वि.स. वडा नं. ३ स्थित महेन्द्र प्रा.वि.का प्रधानाध्यापक नवराज के.सी.लाई मिति २०५९।७।२९ गते नुवाकोट गा.वि.स. वडा नं. ४ कैकेश्वरी मा.वि.मा प्र.अ.हरूको ३ दिने गोष्ठीको सन्दर्भमा विद्यालय स्थित गोष्ठी स्थलबाट नै दिउँसो करीव २ बजेतिर सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता पारी पछि मारिएको भन्ने उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** यसमा निज नवराज के.सी.को मृत्यु सुरक्षाकर्मी र नेकपा (माओवादी) विच भएको दोहोरो भिडन्तमा हुन गएको देखिदा नुवाकोट स्थित दुर्गावसु गणका तत्कालीन प्रमुख र निजबाट नाम खुल्न आएका अन्य सुरक्षाकर्मी समेत माथि फौजदारी कानून बमोजिम ज्यान सम्बन्धी मुद्दा दायर गर्न र पीडितका आश्रित परिवारको भरणपोषणको लागि आयोगको उजूरी, कार्वाही र क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन मिति २०६५।४।२९ मा नेपाल सरकारलाई सिफारिश पठाउने निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं.२० संरक्षण३१८६ मिति २०६७।५।४ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६७।४।२९ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ङ) अज्ञातद्वारा हत्या**

**क्रम संख्या – २५४**

१. **पीडितको नाम, थर र ठेगाना** पत्रकार उमा सिंह जनकपुर, धनुषा

२. **उल्लंघनकर्ता** अज्ञात

३. **उजूरीको संक्षिप्त विवरण** धनुषा जिल्ला जनकपुर स्थित रेडियो टुडेमा कार्यरत पत्रकार उमा सिंहको २०६५।९।२७ मा भएको हत्या सम्बन्धमा विभिन्न क्षेत्र तथा निकायबाट आएको अपिललाई मिति २०६५।९।२८ मा उजूरीको रुपमा ग्रहण गरी कार्वाही अगाडि बढाइएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** अनुसन्धान टोलीबाट प्रस्तुत प्रतिवेदन उपर विस्तृत छलफल भई उक्त प्रतिवेदन र सिफारिश नेपाल सरकार, प्रममपका मा पठाउने भन्ने आयोगको मिति २०६५।११।६ मा निर्णय गरियो । जुन निम्न छन् :

**नेपाल सरकारलाईः**

- घटनाका षडयन्त्र गर्ने व्यक्ति, योजनाकारर मतियार र हत्यामा संलग्न सम्पूर्ण व्यक्तिहरूलाई गिरफ्तार गरी फौजदारी अभियोगमा मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कार्वाही गरी निश्पक्ष न्यायको लागि प्रभावकारी कदम चाल्न
- सुशिला कुँवरले मृत्यु दर्ता प्रमाणपत्रको लागि गाविसमा दिएको निवेदन के कसरी दिएको हो ? वेपत्ता भएको व्यक्तिको अवस्था पत्ता नलाग्दै निवेदन दिनुबाट स्वेच्छाले निवेदन दिएको हो वा कसैको दवावमा निवेदन दिएको हो? सो सम्बन्धमा थप अनुसन्धान गर्नुपर्ने देखिन्छ ।
- सम्पत्तिको लागि घटनामा ललिता सिंहको षडयन्त्रकारीको भूमिका निभाएको हुन सक्नेछ तर कर्तव्य ज्यान जस्तो गम्भिर आपराधिक घटना को कसले गरेको हो रु त्यसमा अन्य क कसको संलग्नता छ? त्यसबारे आपराधिक अनुसन्धान हुनुपर्छ ।
- तराई एकता परिषद्का स्वामीजी यादवले घटनाबारे बारम्बार जिम्मा लिई आम सञ्चार माध्यममा समाचार सम्प्रेषण गर्न दवाव दिनुबाट निजले दावी गरे अनुसार हत्या भएको हो वा असली अपराधीलाई उन्मुक्ती दिलाउन प्रपञ्च गरी अनुसन्धानलाई अर्कोतिर मोड्न प्रयोग गरिएको हो ? वा घटनामा स्वामीजी यादव भनिएको व्यक्तिको पनि संलग्नता छ त्यसबारे विस्तृत अनुसन्धान हुनुपर्छ ।
- स्थानीय प्रशासनबाट भएको हालसम्मको अनुसन्धानको आयोगले अनुगमन गर्दा घटनामा संलग्न सम्पूर्ण व्यक्तिहरूलाई गरिफ्तार गरी अनुसन्धान भएको नपाइएको र विस्तृत अनुसन्धानको दायरामा ल्याउनुपर्ने केही व्यक्तिलाई गम्भीरतापूर्वक परीक्षण गरिएको नदेखिंदा निश्पक्ष र विश्वसनिय रुपमा थप अनुसन्धानको लागि आवश्यक व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- नेपाल सरकारले मृतकका परिवारलाई रु. १०,००,०००।- क्षतिपूर्ति दिने निर्णय गरिसकेको हुनाले पीडितलाई क्षतिपूर्ति तर्फ केही बोलिरहनु परेन ।
- सिरहा जिल्ला अदालतमा विचाराधीन रञ्जित सिंह समेतलाई अपहरण गरेको सम्बन्धी मुद्दा उमा सिंहको हत्या सम्बन्धमा पछि दायर हुनसक्ने मुद्दाको कडीको रुपमा रहेको उक्त दुवै मुद्दा स्थानीय जिल्ला अदालतबाट भन्दा विशेष अदालत काठमाडौंबाट हेरिएमा बढी निश्पक्ष र विश्वसनिय न्यायको वातावरण बन्न सक्ने हुँदा सोही बमोजिम आवश्यक व्यवस्था मिलाउन हुन ।
- तराई क्षेत्रमा आपराधिक गिरोह, भूमिगत सशस्त्र समूहबाट भएका अपराधलाई र अपराधमा संलग्न व्यक्तिहरूलाई तथा जिम्मेवार राजनीतिक दलहरूबाट अपराधीलाई संरक्षण दिएको कारण बढ्दै गएको दण्डहिनताको संस्कृतिको कारण हत्याहिंसाका घटना बढ्दै गएको पाइएको र उमा सिंहको विभत्स हत्या पश्चात सञ्चारकर्मी, मानव अधिकार रक्षकमा थप डर, त्रास र भयको कारण वाक तथा प्रकाशन र प्रेश स्वतन्त्रताको गम्भीररुपमा हनन् हुन गई मानव अधिकारको अवस्था खस्किंदै गएको पाईकोले आमनागरिक र मानव अधिकार रक्षकलाई शान्ति सुरक्षाको प्रत्याभूतिका लागि विशेष प्रबन्ध मिलाउन तथा उनीहरूले स्वतन्त्रतापूर्वक व्यवसाय गर्न पाउने अधिकारको सुनिश्चितता गर्न ।
- प्रेश स्वतन्त्रताको रक्षाको निमित्त शान्ति सुरक्षा लगायत आवश्यक व्यवस्था गराउन ।

**राजनीतिक दललाई:**

- फौजदारी अभियोगमा संलग्न व्यक्तिहरूलाई अपराध अनुसन्धानको सिलसिलामा राज्यका निकायबाट पक्राउ गिरफ्तार गर्दा राजनीतिक दल तथा तिनका भातृ संगठनबाट बारम्बार गरिने बन्द, हडताल, चक्काजाम, अभियुक्तलाई छाड्न स्थानीय प्रशासनलाई दिइने दवाव जस्ता क्रियाकलाप नगर्न नगराउन विभिन्न राजनीतिक दल, दलका प्रमुखहरूलाई कानूनी शासनको पालना र दण्डहिनताको अन्त्यको लागि अपराध अनुसन्धानमा राज्यका निकायलाई सहयोग गर्न गराउन ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १०२५ मिति २०६५।११।१३ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २४३ मिति २०६५।११।२५ मा प्र.म.म.प.को बोधार्थ पत्र प्राप्त । मुद्दा चलेको बुझिएको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**च) हिरासतमा मृत्यु**

**क्रम संख्या – २५५**

१. **पीडितको नाम, थर र ठेगाना** मोतीचन्द्र राई, सप्तेश्वर-८, खोटाङ्ग

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला खोटाङ्ग सप्तेश्वर गा.वि.स. वडा नं. ८ बस्ने वर्ष ४१ को शिक्षक मोतीचन्द्र राईलाई जिल्ला प्रशासन कार्यालय दिक्तेल खोटाङ्गमा उपस्थित हुन मिति २०५९।२।१५ गते गएको त्यहाँबाट नेपाली सेनाको मुडे व्यारेकमा लगि २०५९।२।१८ गते व्यारेकभित्रै मारिएकोले छानवीन गरी पाउन आयोगमा मिति २०६१।६।२७ मा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** नेपाली सेना अन्तर्गत भवानी दल गुल्म मुडे व्यारेकका तत्कालीन गुल्मपती सहित घटनामा संलग्न सैनिकको नाउँ समेत खोल्न खुलाउन लगाई अरु बुझ्नुपर्ने कुरा बुझी प्रचलित कानून बमोजिम निजहरू माथि ज्यान सम्बन्धी मुद्दा दायर गर्न लगाई कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गरी पठाउने र मृतकका आश्रित परिवारका हकवालालाई आयोगको (उजूरी, कार्वाही तथा क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने भनीमिति २०६५।५।१२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३३६ संरक्षण २२१४ मिति २०६६।७।१० गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. २४९५ मिति २०६६।१२।१५ मा राहत तथा पुनःस्थापना इकाइलाई आयोगको निर्णय कार्यान्वयन गर्न पठाइएको पत्रको बोधार्थ प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उपलब्त्र गराउन गृह मन्त्रालयबाट पहल भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**छ) बेपत्ता**

**क्रम संख्या – २५६**

१. **पीडितको नाम, थर र ठेगाना** जानकी चौधरी, नारायणपुर-८, कैलाली

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कैलाली नारायणपुर गा.वि.स. वडा नं. ८ बस्ने १९ बर्षिया जानकी चौधरीलाई मिति २०५८।१२।९ गते दिउँसो निजकै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारिएकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति दिलाईपाउँ भनी यस आयोगमा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** प्रत्यक्षदर्शी चश्मदीत गवाहहरूको वयानबाट सुरक्षाकर्मीले पक्राउ गरेको पुष्टि हुन गएको तर जानकी चौधरीलाई इलाका प्रहरी कार्यालय, टिकापुर कैलालीबाट छाडेको प्रमाण रेकर्ड मिसिल संलग्न कागजातबाट नदेखिएकोले इलाका प्रहरी कार्यालय टिकापुर कैलालीका तत्कालीन प्रमुखसँग घटना सम्बन्धमा आयोगको क्षेत्रिय कार्यालय धनगढीबाट बुझेको नदेखिंदा सो घटना सम्बन्धमा थप अनुसन्धान गरी प्रतिवेदन गर्न फाइल क्षेत्रिय कार्यालय धनगढीमा पठाईदिनु। नागरिकको ज्यूज्यानको सुरक्षा गर्नुपर्ने जिम्मेवारी राज्यकै भएको र पीडितको अवस्था हालसम्म पनि अज्ञात रहेको देखिन आएकोले यस्तै प्रकृतिका उजूरीमा सम्मानित सर्वोच्च अदालतबाट पीडितलाई अन्तरिम राहत उपलब्ध गराउन मिति २०५४।२।१८ मा भएको आदेश अनुसार अन्तरिम राहत स्वरुप रु. १,००,०००।- उपलब्ध गराइदिन नेपाल सरकारलाई लेखी पठाउने ठहर्छ भन्ने २०६५।४।२९ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. धनगढी।६ संरक्षण ७३९ मिति २०६५।९।३ गते प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुर्ननिर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १७३ मिति २०६५।९।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निमाण मन्त्रालयमा पठाइएको प्र.म.म.प.को बोधार्थ पत्र प्राप्त।

आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा सम्बन्धित इकाईमा पठाइएको शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको च.नं. ७०३ मिति २०६५।९।७ को बोधार्थ प्राप्त।

गृह मन्त्रालयको २०६५ को निर्णयानुसार निजलाई रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिने निर्णय भएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्रबाट जानकारी प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २५७**

१. **पीडितको नाम, थर र ठेगाना** छोटेलाल चौधरी, जंग वहादुर चौधरी, नाथुराम चौधरी श्रीपुर-२, कञ्चनपुर

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कञ्चनपुर श्रीपुर गा.वि.स. वडा नं. २ बस्ने वर्ष १४ को छोटेलाल चौधरी वर्ष २८ को जंग वहादुर चौधरी र ऐ.ऐ. बस्ने वर्ष २२ को नाथुराम चौधरीलाई सुरक्षाकर्मीले मिति २०५९।६।२ मा पक्राउ गरी बेपत्ता वनाएकोले निजहरूको खोजतलास गरी स्थिति सार्वजनिक गरीपाउँ भनी आयोगमा उजूरी पर्न आएको।

४. **आयोगको निर्णय/सिफारिश** मन्कुराम थुनामा रहेको महेन्द्रनगर स्थित कारागार शाखा र जिल्ला प्रहरी कार्यालयका प्रमुख समेतसँग बुझ्नुपर्नेमा बुझेको नदेखिएकोले थप अनुसन्धान गरी पठाउन फाइल आयोगको क्षेत्रिय कार्यालय धनगढी फिर्ता पठाईदिनु। नागरिकको ज्यूधनको सुरक्षा गर्नुपर्ने प्रत्येक राज्यको जिम्मेवारी भएकोमा पीडितको अवस्था अझैसम्म अज्ञात रहेको देखिंदा यस्तै प्रकृतिका उजूरीमा सम्मानित सर्वोच्च अदालतबाट २०६४।२।१८ मा पीडितलाई अन्तरिम राहत उपलब्ध गराउन भएको आदेश अनुसार प्रस्तुत घटनाका पीडित परिवारलाई पनि अन्तरिम राहत रु. १,००,०००।- उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६५।४।२९ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. धनगढी।९६, ३४४, ३४५ संरक्षण ७४३ मिति २०६५।९।३ गते प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुर्ननिर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

च.नं. धनगढी।९६, ३४४, ३४५ संरक्षण १३२२ मिति २०६६।१।२० मा गृह मन्त्रालयलाई आयोगको निर्णय सम्बन्धमा थप सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १७३ मिति २०६५।९।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निमाण मन्त्रालयमा पठाइएको प्र.म.म.प.को बोधार्थ पत्र प्राप्त।

आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा सम्बन्धित इकाईमा पठाइएको शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको च.नं. ७०३ मिति २०६५।९।७ को बोधार्थ प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २५८**

१. **पीडितको नाम, थर र ठेगाना** कुमारी दमाई (बालिका) मसुरिया-१, कैलाली

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला मसुरिया गा.वि.स. वडा नं. १ बस्ने वर्ष १३ की कुमारी दमाईलाई मिति २०५९।६।८ गते सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता पारेकोले आवश्यक अनुसन्धान गरी सकुशल रिहाइ गराउन भनी आयोगमा मिति २०५९।१०।८ मा उजूरी दर्ता।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नम्बर १२, धनगढी, सुरक्षाकर्मीले वेपत्ता पारिएको भनिएको घटनामा नागरिकको ज्यूज्यानको सुरक्षा गर्नुपर्ने जिम्मेवारी राज्यकै भएको र पीडितको अवस्था हालसम्म पनि पत्ता नलागेकोले यस्तै प्रकृतिका उजूरीमा सम्मानित सर्वोच्च अदालतबाट पीडित परिवारलाई भरणपोषणको लागि अन्तरिम राहत स्वरुप रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराए बमोजिम नै राहत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गरी पठाउने मिति २०६५।४।२ ९ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. धनगढी।१२ संरक्षण ७४० मिति २०६५।९।३ गते प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ६०१, मिति २०६६।२।२७ मा जिल्ला प्रशासन कार्यालय कैलालीलाई रु. २,००,०००।- आश्रित परिवारलाई उपलब्ध गराउनको लागि पेश्की उपलब्ध गराएको व्यहोराको पत्रको बोधार्थ प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उपलब्ध गराउन गृह मन्त्रालयबाट पहल भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २५९**

१. **पीडितको नाम, थर र ठेगाना** राजन न्यौपाने मंगलपुर-४, चितवन

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला चितवन मंगलपुर गा.वि.स. वडा नं. ४ बस्ने राजन न्यौपानेलाई मिति २०५९।१०।५ गते सुरक्षाकर्मीबाट वेपत्ता पारिएकोले निजको खोजतलास गरी स्थिति सार्वजनिक गरीपाउँ भनी आयोगमा मिति २०५९।१०।१७ मा दर्ता उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** वेपत्ताको स्थिति पत्ता लगाउन अनुसन्धान जारी राख्दै सम्मानित सर्वोच्च अदालतबाट समेत वेपत्ता भएका व्यक्तिको परिवारलाई भरणपोषणको लागि अन्तरिम राहत उपलब्ध गराउने आदेश भएको दृष्टान्तलाई मध्यनजर गरी रु. १,००,०००।- पीडितको परिवारलाई राहत स्वरुप उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६५।९।२४ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ६६० संरक्षण वे.इ. ९०४ मिति २०६५।१०।९ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. २०५ मिति २०६५।१०।१३ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निमाण मन्त्रालयमा पठाइएको प्र.म.म.प.को बोधार्थ पत्र प्राप्त।

गृह मन्त्रालयको च.नं. ६०० मिति २०६६।२।३१ मा जि.प्र.का. चितवन लाई रु. १,००,०००।- क्षतिपूर्तिको ड्राफ्ट पठाइएको पत्रको बोधार्थ प्राप्त।

गृह मन्त्रालयको २०६५।१२।३१ को निर्णयानुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २६०**

१. **पीडितको नाम, थर र ठेगाना** दण्डपानी न्यौपाने, गितानगर-३, चितवन

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला चितवन गितानगर गा.वि.स. ३ बस्ने दण्डपानी न्यौपानेलाई सुरक्षाकर्मीले २०५६।२।७ मा पक्राउ गरी वेपत्ता पारिएको भनि आयोगमा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** निजको अवस्था सार्वजनिक गर्न थप अनुसन्धान जारी राख्दै पीडित परिवारको भरणपोषणको लागि सम्मानित सर्वोच्च अदालतको आदेशलाई मध्यनजर गर्दै रु. १,००,०००।- पीडितको परिवारलाई राहत स्वरुप उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनि २०६५।९।२४ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३३८।०५९ संरक्षण वे.इ. ९०२ मिति २०६५।१०।९ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २०५ मिति २०६५।१०।१३ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निमाण मन्त्रालयमा पठाइएको प्र.म.म.प.को बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. ६०० मिति २०६६।२।३१ मा जि.प्र.का. चितवनलाई रु. १,००,०००।- क्षतिपूर्तिको ड्राफ्ट पठाइएको पत्रको बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको २०६५।१२।३१ को निर्णयानुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २६१**

१. **पीडितको नाम, थर र ठेगाना** गोपाल नगरकोटी, छम्पी-४, ललितपुर

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला ललितपुर छम्पी गा.वि.स. वडा नं. ४ बस्ने गोपाल नगरकोटीलाई मिति २०५८।९।१९ गते ललितपुर जिल्ला कुसुन्तीबाट सुरक्षाकर्मीले पक्राउ गरी स्थिति सार्वजनिक नगरी वेपत्ता बनाएकालेजीवन रक्षा तथा मानव अधिकारको संरक्षण गरिपाउँ भनी आयोगमा मिति २०५९।१०।२९ मा दर्ता उजूरी निवेदन ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** वेपत्ता भएका व्यक्तिको स्थिति सार्वजनिक गर्न अनुसन्धान जारी राख्ने सम्मानित सर्वोच्च अदालतबाट समेत वेपत्ता भएका व्यक्तिलाई अन्तरिम राहत उपलब्ध गराउने आदेश समेतलाई दृष्टिगत गरी अन्तरिम राहत स्वरुप रु. १,००,०००।- पीडितको परिवारलाई उपलब्ध गराउन नेपाल सररकारलाई सिफारिश गर्ने मिति २०६५।९।२४ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३३८।०५९ संरक्षण वे.इ. ९०२ मिति २०६५।१०।९ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २०५ मिति २०६५।१०।१३ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निमाण मन्त्रालयमा पठाइएको प्र.म.म.प.को बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. ५९९ मिति २०६६।२।३१ मा जि.प्र.का. ललितपुरलाई रु. १,००,०००।- क्षतिपूर्तिको ड्राफ्ट पठाइएको पत्रको बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको २०६५।१२।३१ को निर्णयानुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २६२**

१. **पीडितको नाम, थर र ठेगाना** सुकदेव वाइवा, नेत्रकाली-५, ढुंगेगैरी, सिन्धुली

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नम्बर ३७८७, सिन्धुली जिल्ला नेत्रकाली-५, ढुंगेगैरी घर भएका सुकदेव वाइवालाई २०६२।१२।२९ मा सात दलको आन्दोलनमा गोंगबुबाट बेपत्ता भएको र सुरक्षाकर्मीबाट बेपत्ता पारिएको हुन सक्ने कारणले निजको हालसम्म कुनै खबर नभएको हुँदा स्थिती पत्ता लगाइ न्याय पाउँ भनी यस आयोगमा मिति २०६३।५।२५ मा निजको बाबु सानध्वज वाइवाको उजूरी पर्न आएको।

४. **आयोगको निर्णय/सिफारिश** प्रस्तुत घटनामा मानव अधिकारको उल्लंघन नभई आपराधिक घटना भइसकेको देखिदा लाश गाडेको हुँ भन्ने उल्लेखित व्यक्ति समेतसँग बयान गराई निजहरू र निजबाट खुल्न आएका व्यक्ति माथि कानून बमोजिम कार्वाही अगाडि वढाउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी २०६५।९।२३ मा निर्णय गरियो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**श्री प्र.म.म.प. को कार्यालयलाई च.नं. ३७७८ संरक्षण ९७९ मिति २०६५।१०२३ को पत्रबाट आयोगको निर्णय कायान्वयनको लागि सिफारिश उल्लेख गरी पठाइएको।

६. **कार्यान्वयनको स्थिति**श्री प्र.म.म.प.को कार्यालयबाट च.नं. २२९ मिति २०६५।११।८ मा आयोगको निर्णय कार्यान्वयन गर्न भनी श्री गृह मन्त्रालयलाई लेखिएको बोधार्थ प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – २६३**

१. **पीडितको नाम, थर र ठेगाना** राजकुमार मानन्धर, जीवनपुर-९, धादिङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. १८४८, मिति २०६१।३।४ गते जिल्ला धादिङ्ग जीवनपुर गा.वि.स. वडा नं. ९ बस्ने राजकुमार मानन्धरलाई सुरक्षाकर्मीले वेपत्ता पारेकोले स्थिति सार्वजनिक गर्नको लागि पहल गरिदिनुहुन भनी आयोगमा मिति २०६१।३।७ मा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान प्रतिवेदन हेर्दा निजलाई वेपत्ता पारेको देखिंदा निजको अवस्थाबारे छानवीन अनुसन्धान जारी राखी पीडित परिवारको भरणपोषणको लागि अन्तरिम राहत वापत रु. १,००,०००।- उपलब्ध गराउन २०६५।९।२८ मा नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री प्र.म.म.प. का. लाई च.नं. १८४८ संरक्षण ९३० मिति २०६५।१०।१३ को पत्रबाट आयोगको निर्णय कायान्वयनको लागि सिफारिश उल्लेख गरी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।१२।३० को निर्णयानुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २६४**

१. **पीडितको नाम, थर र ठेगाना** हरिशरण थापा, थाक्रे-९, धादिङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. २०८९, मिति २०६१।११।१६ मा जिल्ला धादिङ्ग थाक्रे ९ बस्ने हरिशरण थापालाई सुरक्षाकर्मीले वेपत्ता पारेकोले मानव अधिकारको संरक्षण गरी रिहाइको पहल गरिदिन भनी आयोगमा मिति २०६१।५।२२ मा उजूरी दर्ता।

४. **आयोगको निर्णय/सिफारिश** अनुसन्धानको सिलसिलामा निजलाई सुरक्षाकर्मीले वेपत्ता पारेको देखिंदा निजको अवस्था पत्ता लगाउन अनुसन्धान जारी राखी पीडित परिवारको भरणपोषणको लागि सम्मानित सर्वोच्च अदालतको आदेशानुसार

रु. १,००,०००।- उपलब्ध गराउनको लागि मिति २०६५।९।२८ मा नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री प्र.म.म.प. को कार्यालयलाई च.नं. २०८९ संरक्षण ९३१ मिति २०६५।१०।१३ को पत्रबाट आयोगको निर्णय कायान्वयनको लागि सिफारिश उल्लेख गरी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।१२।३० को निर्णयानुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २६५**

१. **पीडितको नाम, थर र ठेगाना** हरिप्रसाद लुइटेल, नौबिसे-२, धादिङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. २२५१, मिति २०६०।११।१७ मा जिल्ला धादिङ्ग नौबिसे गा.वि.स वडा नं.२ बस्ने हरिप्रसाद लइटेललाई सुरक्षाकर्मीले वेपत्ता पारेकोले खोजतलास गरी जीवन रक्षाको पहल गरिदिन भनी आयोगमा मिति २०६१।७।१७ मा उजूरीदर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** अनुसन्धानको सिलसिलामा निजलाई सुरक्षाकर्मीले वेपत्ता पारेको देखिंदा निजको अवस्था पत्ता लगाउन अनुसन्धान जारी राखी पीडित परिवारको भरणपोषणको लागि सम्मानित सर्वोच्च अदालतको आदेशानुसार रु. १,००,०००।- उपलब्ध गराउनको लागि मिति २०६५।९।२८ मा नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री प्र.म.म.प. को कार्यालयलाई च.नं. २२५१ संरक्षण ९३२ मिति २०६५।१०।१३ को पत्रबाट आयोगको निर्णय कायान्वयनको लागि सिफारिश उल्लेख गरी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** अप्राप्त

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – २६६**

१. **पीडितको नाम, थर र ठेगाना** पाल्छाङ्ग लामा, होक्से-५, काभ्रे

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. १९२१, मिति २०५६।२।२ मा जिल्ला काभ्रेपलाञ्चोक होक्से ५ बस्ने पाल्छाङ्ग लामालाई सुरक्षाकर्मीले वेपत्ता पारेकाले निजको स्थिति सार्वजनिक गरी सकुशल रिहाइको लागि पहल गरिदिन भनी आयोगमा मिति २०६१।३।२९ मा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** हालसम्मको अनुसन्धानबाट निज वेपत्ता नै रहेको देखिंदा निजको अवस्था सार्वजनिक गर्न अनुसन्धान जारी राख्दै अन्तरिम राहत निजको परिवारको भरणपोषणको लागि स.अ.को आदेशानुसार रु. १,००,०००।- उपलब्ध गराउन २०६५।९।२८ मा नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री प्र.म.म.प. को कार्यालयलाई च.नं. १९२१ संरक्षण ९३४ मिति २०६५।१०।१३ को पत्रबाट आयोगको निर्णय कायान्वयनको लागि सिफारिश उल्लेख गरी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।१२।३० को निर्णयानुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २६७**

१. **पीडितको नाम, थर र ठेगाना** सगुन श्रेष्ठ, धुलिखेल-३, काभ्रे

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. २६४७, मिति २०६१।९।२२ मा जिल्ला काभ्रेपलाञ्चोक धुलिखेल न.पा. ३ बस्ने सगुन श्रेष्ठलाई सुरक्षाकर्मीले वेपत्ता पारेको भनी यस आयोगमा मिति २०६१।१०।१२ मा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजको सम्बन्धमा आयोगको हालसम्मको अनुसन्धान बमोजिम वेपत्ता भएको देखिंदा निजको अवस्था सम्बन्धमा छानवीन जारी राख्दै पीडित परिवारको भरणपोषणको लागि अन्तरिम राहत वापत रु. १,००,०००।- उपलब्ध गराउन २०६५।९।२८ मा नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री प्र.म.म.प. को कार्यालयलाई च.नं. २६४७ संरक्षण ९३५ मिति २०६५।१०।१३ को पत्रबाट आयोगको निर्णय कायान्वयनको लागि सिफारिश उल्लेख गरी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।१२।३० को निर्णयानुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २६८**

१. **पीडितको नाम, थर र ठेगाना** शिव सापकोटा, जीवनपुर-१, धादिङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नम्बर २८१८, मिति २०६०।७।९ गते बेलुका अन्दाजी ९ बजेतिर सादा पोशाकमा आएका सुरक्षाकर्मीले काठमाडौं किर्तिपुरबाट जिल्ला धादिङ्ग जीवनपुर गा.वि.स. वडा नं. १ बस्ने वर्ष ३० को शिव सापकोटालाई गिरफ्तार गरी वेपत्ता पारिएकोले निजको खोजतलास गर्नुका साथै जीवन रक्षाको पहल गरिदिन भनी आयोगमा मिति २०६१।१२।१८ मा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजको सम्बन्धमा आयोगको हालसम्मको अनुसन्धान अनुसार निजको अवस्था अज्ञात रही वेपत्ता पारेको भन्ने देखिन आएकोले निजको अवस्था सम्बन्धमा छानवीन जारी राख्दै पीडित परिवारको भरणपोषणको लागि अन्तरिम राहत स्वरुप रु. १,००,०००।- उपलब्ध गराउन मिति २०६५।९।२८ मा नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** श्री प्र.म.म.प. को कार्यालयलाई च.नं. २८१८ संरक्षण ९३३ मिति २०६५।१०।१३ को पत्रबाट आयोगको निर्णय कायान्वयनको लागि सिफारिश उल्लेख गरी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।१२।३० को निर्णयानुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २६९**

१. **पीडितको नाम, थर र ठेगाना** अजय शाही, कीर्तिपुर-११, काठमाडौं

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. २६५६, का.जि. किर्तिपुर नगरपालिका वडा नं. ११ बस्ने अजय शाहीलाई २०६१।४।४ गते विहान अन्दाजी ११ बजे बौद्ध टुसाल काठमाडौंबाट सादा पोशाकका सुरक्षाकर्मीले वेपत्ता पारेको भनी आयोगमा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** सुरक्षाकर्मीबाट गिरफ्तार नगरिएको जवाफ प्राप्त हुन आएको, आयोगको अनुसन्धानको क्रममा बुझिएका श्रीजंग गण सिंहदरवारमा थुनामा रहेको चश्मदीत व्यक्तिको भनाई समेतको आधारमा निजलाई सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता वनाएको देखिन आएकोले निजको अवस्था सम्बन्धमा संलग्न सुरक्षाकर्मीलाई किन दोषी नठहऱ्याउने भनी रक्षा मन्त्रालय मार्फत नेपाली सेना मानव अधिकार निर्देशनालयलाई पत्राचार गरी अनुसन्धान जारी राख्ने र पीडित परिवारको भरणपोषणको लागि सम्मानित सर्वोच्च अदालतबाट समेत अन्तरिम राहत उपलब्ध गराउने गरी आदेश भएको दृष्टान्त समेतलाई विचार गरी पीडित परिवारलाई रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन मिति

२०६५।११।६ मा श्री प्र.म.म.प.को कार्यालयलाई लेखी पठाउने निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २७०**

१. **पीडितको नाम, थर र ठेगाना** रुद्र विक्रम थापा, रतनचुरा-६, सिन्धुली

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ४४१९, जिल्ला सिन्धुली रतनचुरा गा.वि.स. वडा नं. ६ बस्ने रुद्र विक्रम थापालाई २०६० साल चैत्र महिनामा सुर्य विनायक भक्तपुरबाट खटिई आएका सुरक्षाकर्मीले गिरफ्तार गरेको भनी आयोगमा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजको अवस्था सम्बन्धमा अनुसन्धान जारी राख्ने र पीडितको परिवारको भरणपोषणको लागि अन्तरिम राहत स्वरुप रु. १,००,०००।- उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०६६।२।२१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९२ संरक्षण ४४१९ मिति २०६६।३।२८ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।२।२१ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**झ) अपहरणः**

**क्रम संख्या – २७१**

१. **पीडितको नाम, थर र ठेगाना** धन वहादुर थापा, रतनपुरी, बारा (सशस्त्र प्रहरी)

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नम्बर ४२६३, बारा जिल्लाको रतनपुरी गाविस स्थायी घर भई सशस्त्र प्रहरी बल भद्रकाली गण पिलुवामा कार्यरत प्रहरी जवान धनबहादुर थापालाई मिति २०६०।४।३१ गते माओवादीले बारा जिल्लाको सिगौंल गाविसबाट अपहरण गरेको र हालसम्म उनको विषयमा कुनै जानकारी प्राप्त नभएकोले छोराको अवस्था बुझिदिन हुन मानव अधिकारवादी संघसंस्थालाई अपील गर्दछु भनी मिति २०६३।७।२९ गते आयोगलाई फ्याक्स मार्फत बुद्धिबहादुर थापाले पठाएको अपील आयोगमा मिति २०६३।७।२९ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** वेपत्ता पारी अवस्था सार्वजनिक नभएकोमा अनुसन्धान जारी राखी निजलाई नेकपा (माओवादी) बाट नै अपहरण गरी स्थिति सार्वजनिक नभएकोले पीडित परिवारलाई अन्तरिम राहत स्वरुप उपलब्ध गराउन सम्मानित सर्वोच्च अदालतबाट निर्णय समेत भइसकेको देखिंदा अन्तरिम राहत स्वरुप रु. १,००,०००।- उपलब्ध गराउन मिति २०६५।९।२३ मा नेपाल सरकारलाई लेखी पठाउने निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको २०६५।१२।३० को निर्णयानुसार रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराएको मिति २०६६।७।१० को च.नं. ७३ मा प्र.म.म.प.को पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २७२**

१. **पीडितको नाम, थर र ठेगाना** श्याम भट्ट, पुरानो नैकाप-७, काठमाडौं

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** काठमाडौं जिल्ला पुरानो नैकाप गा.वि.स. वडा नं. ९ बस्ने वर्ष २९ को श्याम भट्टलाई मिति २०५८।६।१८ गते आफ्नै घरबाट आफूलाई माओवादी क्रान्तिकारी बताउने केही अपरिचित व्यक्तिहरू आई कब्जामा लिइ गएको र हालसम्म केही थाहा हुन नसकेकोले निजको सकुशल रिहाइको लागि पहल गरिदिन भनी आयोगमा मिति २०५९।११।२९ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई नेकपा (माओवादी) का कार्यकर्ताले मिति २०५८।६।१८ गते बिहान ७:०० बजेतिर पुरानो नैकापबाट अपहरण गरी हालसम्म स्थिति सार्वजनिक नभएको देखिंदा जेनेभा महासन्धी साझा धारा ३ विपरित कार्य भई मानव अधिकार र मानवीय कानूनको गम्भीर उल्लंघन भएको पाइएकोले पीडित परिवारलाई राहत स्वरुप रु. १,००,०००।- उपलब्ध गराउन मिति २०६५।९।२३ मा नेपाल सरकारलाई लेखी पठाउने र निजको अवस्था सार्वजनिक नभएको देखिंदा अनुसन्धान जारी राख्ने आयोगको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ७३७ संरक्षण ९१४ मिति २०६५।०।९ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ५१०, मिति २०६६।१।२९ को जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई रु. १,००,०००।- आश्रित परिवारलाई उपलब्ध गराउन भनी पेश्की रकम उपलब्ध गराएको व्यहोराको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण ।

**क्रम संख्या – २७३**

१. **पीडितको नाम, थर र ठेगाना** उपेन्द्र प्रसाद गुरागाई, प्रिति-६, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ३६८६, जिल्ला रामेछाप प्रिति गाउँ विकास समिति वडा नं. ६ बस्ने उपेन्द्र प्रसाद गुरागाईलाई मिति २०५९।९।१३ गते प्रिति गाउँ विकास समितिकै वडा नं. ६ बाट नेकपा (माओवादी) का कार्यकर्ताहरूले कब्जामा लिई स्थिति अज्ञात पारेकोले निजको स्थिति सार्वजनिक गर्न तथा सकुशल रिहाइको लागि पहल गरिदिनको निम्ति यस आयोगमा मिति २०६३।३।२१ माउजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजको अवस्थाबारे अनुसन्धान जारी राख्ने र पीडित परिवारको भरणपोषणको लागि रु. १,००,०००।- अन्तरिम राहत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गरी त्यसको जानकारी नेकपा (माओवादी) का जिल्ला पार्टी सचिवलाई पत्राचार गर्ने भनी मिति २०६६।२।२१ मा निर्णय भयो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५०९ संरक्षण ३६८६ मिति २०६६।३।९ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. १५२९ मिति २०६६।३।२५ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह तथा शान्ति मन्त्रालयलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

प्र.म.म.प.को कार्यालयको च.नं. ३५५ मिति २०६६।३।२५ मा आयोगको निर्णय कार्यान्वयन गर्न गृह तथा शान्ति मन्त्रालयलाई पत्राचार गरिएको बोधार्थ प्राप्त ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।२।२१ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २७४**

१. **पीडितको नाम, थर र ठेगाना** विमलप्रसाद घिमिरे, वागवाना-४ छतिवन टाँडी, पर्सा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण**उजूरी नं. ७६३, जिल्ला पर्सा वागवाना गा.वि.स. वडा नं. ४ छतिवन टाँडी बस्ने विमलप्रसाद घिमिरेलाई नेकपा (माओवादी) का कार्यकर्ताले २०५९।११।१५ गते कब्जामा लिई निजको अवस्था हालसम्म अज्ञात रहेकोले मानव अधिकारको संरक्षण गरी पाउन आयोगमा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** सर्वसाधारण निशस्त्र व्यक्तिलाई कब्जामा लिई स्थिति अज्ञात गराईदा जेनेभा महासन्धी १९४९ को साझा धारा ३ तथा नेपाल सरकार र नेकपा (माओवादी) बिच मिति २०६३।८।५ मा भएको विस्तृत शान्ति सम्झौता समेतको विपरित कार्य भएको देखिंदा घटनाको अनुसन्धान जारी राखी पीडित परिवारको भरणपोषणको लागि अन्तरिम राहत रु. १,००,०००।- उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गरी सोको जानकारी नेकपा (माओवादी) लाई दिने भनि २०६६।२।२१ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. १५८९ संरक्षण ७६३ मिति २०६६।३।२८ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।२।२१ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**छ) यातना**

**क्रम संख्या – २७५**

१. **पीडितको नाम, थर र ठेगाना** कमल बराल, धनगढी-१, कैलाली

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कैलाली धनगढी नगरपालिका वडा नं. १ बस्ने कमल बराललाई प्रहरी हिराशतमा रहेकै अवस्थामा २०६३।२।२ गते साझ अन्दाजी ८:०० बजे ड्युटीमा रहेका प्रहरीद्वारा कुटपीट भएकोले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी आयोगमा मिति २०६३।२।१४ मा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** प्रहरी हिराशतमा रहेको व्यक्तिलाई आँखामा चोटको असरबाट आँखाको दृष्टि शक्ति नै समाप्त भएको देखिएको र सुरक्षाकर्मीको कुटपिटको कारण चोटपटक लाग्न गई आँखाको दृष्टि शक्ति हनन् भई मानव अधिकारको हनन् भएको देखिंदा राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ को नियम १८ बमोजिम पीडित व्यक्ति कमल बराललाई पर्न गएको, शारीरिक क्षति उपचार नै हुन नसक्ने गरी आँखाको क्षति भएको, पीडितको उमेर, जीविकोपार्जनको माध्यम तथा पारिवारिक दायित्व समेतलाई विचार गरी रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो भन्ने मिति २०६५।५।२४ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. धनगढी।३१३ संरक्षण ७४७ मिति २०६५।९।४ गते प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १७३ मिति २०६५।९।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निमाण मन्त्रालयमा पठाइएको प्र.म.म.प.को बोधार्थ पत्र प्राप्त ।

आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा सम्बन्धित इकाईमा पठाइएको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ७०३ मिति २०६५।९।७ को बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको मिति २०६५।१२।३१ को निणर्यानुसार रु. १,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराएको भन्ने विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २७६**

१. **पीडितको नाम, थर र ठेगाना** भोजराज देवकोटा, भीमेश्वर-२, सिन्धुली

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नम्बर २९४७, सिन्धुली जिल्ला भीमेश्वर गा.वि.स. वडा नं. २ बस्ने भोजराज देवकोटालाई २०६१।३।१६ गते विहान ७:०० बजे आफ्नै घरमा बसिरहेको अवस्थामा करिब ५०।६० जनाको समूहमा आएका सुरक्षाफौजले मेरो घर घेरा हाली पक्राउ गरी विभिन्न किसिमले यातना दिएकोले पीडितलाई क्षतिपूर्ति दिलाई जीवन रक्षा गरीपाउँ भनी यातना पीडित सरोकार केन्द्र बाँसवारीले आयोगमा मिति २०६२।२।४ मा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** प्रहरी हिराशतमा रहेको व्यक्तिलाई आँखामा चोटको असरबाट आँखाको दृष्टि शक्ति नै समाप्त भएको देखिएको र सुरक्षाकर्मीको कुटपिटको कारण चोटपटक लाग्न गई आँखाको दृष्टि शक्ति हनन् भई मानव अधिकारको हनन् भएको देखिंदा राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ को नियम १८ बमोजिम पीडित व्यक्ति कमल बराललाई पर्न गएको, शारीरिक क्षति उपचार नै हुन नसक्ने गरी आँखाको क्षति भएको, पीडितको उमेर, जीविकोपार्जनको माध्यम तथा पारिवारिक दायित्व समेतलाई विचार गरी रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो भन्ने मिति २०६५।६।७ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २९४७ संरक्षण १३२४ मिति २०६६।१।२० गते प्र.म.म.प.को कार्यालय आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १७३ मिति २०६५।९।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निमाण मन्त्रालयमा पठाइएको प्र.म.म.प.को बोधार्थ पत्र प्राप्त।

आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा सम्बन्धित इकाईमा पठाइएको शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको च.नं. ७०३ मिति २०६५।९।७ को बोधार्थ प्राप्त।

क्षतिपूर्ति रकम निकासातर्फ कार्वाही भइरहेको र उक्त घटनामा संलग्न सुरक्षाकर्मीको दोष नभएको विवरण प्राप्त भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – २७७**

१. **पीडितको नाम, थर र ठेगाना** योगेन्द्र घिसिङ्ग, संखु-७, ललितपुर

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** ललितपुर जिल्ला संखु गा.वि.स. वडा नं. ७ बस्ने योगेन्द्र घिसिङ्गलाई २०६२।६।१६ गते मकवानपुर जिल्ला गढी गा.वि.स. वडा नं. ४ मा नेपाली सेनाको गोली लागि घाइते भई बीर अस्पतालमा उपचार गराएकोमा निजको उपचार राम्रोसँग नभएकोले उपचारमा सहयोग गरिदिन भनी मिति २०६२।७।४ मा आयोगमा दर्ता उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई थुनामा राखिएको अवधि ११३ दिन गैरकानूनी देखिंदा गैरकानूनी रुपमा थुनामा राखिएकोमा राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १९ बमोजिम प्रतिदिन रु. २००।- का दरले हुन आउने रु. २२,६००।- र निजलाई उपचार गर्दा लागेको खर्च उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो भन्ने मिति २०६५।७।२५ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३२८७ मिति २०६५।८।१८ गते प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. २५२ मिति २०६५।११।३० मा प्र.म.म.का.को आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निमाण मन्त्रालयमा पठाइएको बोधार्थ पत्र प्राप्त।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितलाई रु. २२,६००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २७८**

१. **पीडितको नाम, थर र ठेगाना** उद्धव कुमार गौतम, पोखरीचौरी-७, काभ्रे

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. १२७५, जिल्ला काभ्रेपलाञ्चोक पोखरीचौरी गाउँ विकास समिति वडा नं. ७ बस्ने उद्धव कुमार गौतमलाई मिति २०६०।८।४ मा काठमाडौं महानगर वडा नं. १८ नरदेवीबाट सादा पोशाकमा आएका सेनाले पक्राउ गरी भोटाहिटी क्षेत्रतर्फ लगेको हुँदा वेपत्ता पारेको छोराको जीवनरक्षा गरीपाउँ भनि यस आयोगमा मिति २०६०।९।२ मा निवेदन पत्र आएको । पछि निज थुनामुक्त भएपछि मिति २०६०।८।४ देखि मिति २०६१।५।२९ सम्म नेपाली सेनाको थुनामा राख्दा यातना दिएको र गैरकानूनी थुनामा समेत राखेको हुँदा अनुसन्धान गरी पीडकलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको व्यवस्था मिलाइपाउँ भन्ने माग राख्नु भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको हालसम्मको अनुसन्धानबाट सैनिक हिराशतमा राखी वेपत्ता पारिएको प्रष्ट देखिएको, वेपत्ता पार्ने कार्य आफैमा यातनाजनक कार्य हुने भएको र यातना पीडित सरोकार केन्द्रमा उपचार गराएको समेत प्रष्ट देखिंदा मानव अधिकारको गम्भीर उल्लंघन हुन गएको देखिदा मानव अधिकार आयोग ऐन २०५३ को दफा १३ (१), (२) र राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १३ (२), (३) र १८ नं. बमोजिम दोषीउपर कानूनी कार्वाही गर्न र पीडितलाई यातना दिइएकोमा रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो । साथै क्षतिपूर्ति रकमको १०% रकम श्रीजंग गणमा कार्यरत उ.से. (हाल सह सेनानी) जयराम थापा र ह.मे. हरिवहादुर पाण्डेबाट दामासाहीले भराउने समेत निर्णय गरियो भनि मिति २०६६।२।२१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १४९९ संरक्षण १२७५ मिति २०६६।३।८ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. १५२९ मिति २०६६।३।२५ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह तथा शान्ति मन्त्रालयलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

प्र.म.म.प.को कार्यालयको च.नं. ३५२ मिति २०६६।३।२५ मा आयोगको निर्णय कार्यान्वयन गर्न रक्षा, गृह तथा शान्ति मन्त्रालयलाई पत्राचार गरिएको बोधार्थ प्राप्त ।

क्षतिपूर्ति रकम निकासातर्फ कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ज) बन्दीको अधिकार**

**क्रम संख्या – २७९**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्ण परियार पोखरा, कास्की

२. **उल्लंघनकर्ता** कारागार शाखा

३. **उजूरीको संक्षिप्त विवरण**उजूरी नं. ४३४४ कास्की जिल्ला पोखरा उमनपा घर भएका कृष्ण परियार जिउ मास्ने बेच्ने मुद्दामा कास्की जिल्ला अदालतको फैसला बमोजिम कास्की कारागारमा रहेकोमा केही समय पश्चात दमौली कारागार लगायत नवलपरासी कारागार राखिएको र त्यहाँ बस्दा निजलाई हाइड्रोशिल भन्ने रोग लागेकाले निजलाई उपचारको लागि कारागार शाखा पोखरा सरुवा गरीपाउँ भनी निवेदन दिएको ।

४. **आयोगको निर्णय/सिफारिश** सम्बन्धित निकायबाट कुनै पहल नभई हाल कारागार शाखा पर्सामा रहेको हुँदा निजको उपचारको लागि कारागार स्थानान्तरमा पहल गरीपाउँ भन्ने उजूरी उपर छलफल हुँदा कारागारमा रहेका बन्दी कृष्ण परियारको उपचार विरगंजमा रहेको अस्पतालमा उपचार गराउन पठाउने, त्यस ठाउँमा उपचार हुन नसक्ने भनि अस्पतालले लेखेमा नेपालभित्र जुन अस्पतालमा उपचार हुन सक्छ त्यहाँ उपचार गराइदिने भनी कारागार शाखा पर्सालाई लेखी पठाउने मिति २०६५।१२।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**

६. **कार्यान्वयनको स्थिति** च.नं. ६७१ मिति २०६४।१०।४ मा कारागार व्यवस्थापन विभाग, कर्मचारी प्रशासन शाखाबाट उपचार गराउने सम्बन्धमा कारागार कार्यालय, पर्सा, विरगंजलाई पठाएको पत्रको बोधार्थ पत्र।

च.नं. २८१ मिति २०६६।६।२७ मा कारागार व्यवस्थापन विभाग, कर्मचारी प्रशासन शाखाबाट कारागार कार्यालय, पर्सा, विरगंजलाई पठाएको पत्रको बोधार्थ पत्र।

च.नं. २८१ मिति २०६६।६।२७ मा कारागार कार्यालय, पर्सा, विरगंजबाट आयोगलाई पठाएको पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २८०**

१. **पीडितको नाम, थर र ठेगाना** राजेन्द्र विक्रम गुरुङ्ग, का.म.न.पा.-४, काठमाडौं

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** काठमाडौं जिल्ला कामनपा वडा नं. ४ निवासी शशी गुरुङ्गको छोरा राजेन्द्र विक्रम गुरुङ्ग घुमफिर तथा अध्ययनको लागि हङ्गकङ्गमा बसेको समयमा सन् १९९८ को जनवरी ४ का दिन त्यहाँ घटेको आपराधिक घटनामा संलग्न रहेको भनी पक्राउ गरी ज्यान मुद्दामा सजाय तोकी हालसम्म कैद सजाय भुक्तान गरिरहेकोले पीडितलाई नेपालमा ल्याउने व्यवस्था मिलाउन भनी आयोगमा उजूरी परेको।

४. **आयोगको निर्णय/सिफारिश** नेपाल सरकार र हङ्गकङ्ग सरकार बिच कैदी हस्तान्तरण गर्ने सम्बन्धमा नेपाल सरकारले कैदीलाई आफ्नो देशमा कैदीको रुपमा राख्न चाहेमा कैदी र कैदीको परिवारको अनुरोधमा कैदीलाई नेपाल पठाउन सक्ने हुँदा निजलाई नेपालको कारागारमा ल्याउन पहल गरीपाउँ भन्ने निवेदन सम्बन्धमा यसमा के गर्न सकिन्छ? निवेदन तहाँसँग सम्बन्धित भएकाले आवश्यक कारवाहीका लागि परराष्ट्र मन्त्रालयलाई लेखी पठाउने भन्ने मिति २०६५।१२।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**झ) बाल अधिकार**

**क्रम संख्या – २८१**

१. **पीडितको नाम, थर र ठेगाना** संगिता ढुंगेल, दुधौली, सिन्धुली

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ४३८५, सिन्धुली जिल्ला दुधौली गा.वि.स. स्थायी घर भई सर्लाही जिल्ला लालगढी गा.वि.स. १ मा रहेको फुपुको घरमा आएको बेलामा संगिता ढुंगेलको नेकपा माओवादीले सर्लाही जिल्लाको सदरमुकाम आक्रमण गरेको बेला दोहोरो भिडन्तमा आएको आवाज र लडाई भएको, त्यस्तै उक्त ठाउँमा आफ्ना फुपुका छोराछोरीलाई पनि के भयो होला भनि कराउने गरी मानसिक सन्तुलन गुमाएकाले आफ्नो आर्थिक अवस्थाले भ्याएसम्म उपचार गराउँदा समेत निको नभएकाले थप उपचार गराउन आवश्यक पहल गरीपाउँ भन्ने उजूरी आयोगमा प्राप्त भएको।

४. **आयोगको निर्णय/सिफारिश** प्रस्तुत विषयमा आयोगको अनुसन्धान टोलीले मिति २०६५।९।१० देखि १६ सम्म अनुसन्धान गरी प्रतिवेदन पेश भएको, प्रतिवेदन अनुसार तथ्य प्राप्तिको आधारमा निज ढुंगेलको द्वन्द्वको कारणबाट द्वन्द्व पीडित देखिएको तर बैज्ञानिक रुपमा पुष्टि गर्न विशेषज्ञबाट राय लिनुपर्ने र निजको आर्थिक अवस्था बुझ्दा निजका बाबु स्थानीय विद्यालयमा लेखापालमा कार्यरत भएका तर अपाङ्ग अवस्था रहेको बुवाको बाहेक अन्य आम्दानीको स्रोत नभएको, ऐलानी जग्गामा बस्दै आएको भन्ने पाइएकाले प्रस्तुत उजूरीका सम्बन्धमा निजको उपचारको लागि नेपाल सरकारलाई लेखी पठाउने भनि २०६६।१।९ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ४३८५ संरक्षण १३२७ मिति २०६६।१।२१ मा प्र.म.म.प.को

कार्यालय तथा शान्ति तथा पुर्ननिर्माण मन्त्रालय, गृह मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गर्ने ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा निजको उपचारको निमित्त मिति २०६६।१।९ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – २८२**

१. **पीडितको नाम, थर र ठेगाना** विष्णु प्रधान र निर्मल प्रधान, साँघुटार, रामेछाप

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ४४१४, रामेछाप जिल्ला साँघुटार गा.वि.स.मा रहेको प्रहरी चौकीमा चोरीको आरोपमा १४ वर्षीय विष्णु प्रधान र १४ वर्षकै निर्मल प्रधानलाई यातना दिई बालुवा बोक्ने सजाय तोकिएको भन्ने समाचार प्रकाशित भएकोमा आयोगको आफ्नै सक्रियतामा उजूरी ग्रहण गर्ने भन्ने आयोगको मिति २०६५।२।२२ को निर्णय अनुसार कार्वाही अगाडि वढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** सम्बन्धित निकायमा पत्राचार भएको साथै आयोगको अनुसन्धान टोलीले अनुसन्धान कार्य गरी प्रतिवेदन पेश भएको प्रस्तुत विषयमा प्रहरीबाट कानून बमोजिम कार्य नगरेकोले बालकहरूलाई यातना दिने प्रहरी कर्मचारी माथि कार्वाही गर्न मिति २०६६।१।९ मा नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ञ) आन्तरिक विस्थापन**

**क्रम संख्या – २८३**

१. **पीडितको नाम, थर र ठेगाना** सुनसरीमा कोशी बाँध भत्किएर विस्थापितहरू

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** सुनसरीस्थित कोशी बाँध भत्की आएको बाढी र त्यसबाट प्रभावित विस्थापितको अवस्था सम्बन्धमा आयोगबाट मिति २०६५।५।२ देखि २०६५।५।९ सम्म सुनसरी र सप्तरी जिल्लाको अनुगमन गरेको ।

४. **आयोगको निर्णय/सिफारिश** बाढीबाट प्रभावितहरूको सम्बन्धमा नेपाल सरकारलाई निम्नानुसारको सिफारिश गर्ने आयोगको मिति २०६५।५।१२ को निर्णय ।

- मिति २०६५।५।२ गते कोशी बाँध भत्किंदा भएको धनसम्पतिको अपुरणीय क्षति जस्तो संवेदनशील घटनाको सत्य तथ्य पत्ता लगाउन जाँचबुझ आयोग गठाउन गरी घटनाको सत्यतथ्य सार्वजनिक गर्न,
- विस्थापितहरूलाई लागि अल्पकालिन तथा दिर्घकालिन रुपमा पर्याप्त र भरपर्दो मानविय राहत सामग्री सहित पुनर्स्थापनाको तथा वसोवासको व्यवस्था गर्न,
- विस्थापितहरूलाई सुरक्षित ठाउँमा व्यवस्थित रुपमा बसाउन,
- विस्थापितहरूको तथ्यांक संकलन गर्न र परिवारसँग सम्पर्क विहिन व्यक्तिहरूको खोजतलास गरी परिवारमा पुनर्स्थापना गराउन,
- विस्थापितहरू विद्यालयमा वसेको हुँदा पठनपाठन अवरुद्ध हुन पुगेकोले तत्काल अन्यत्र सुरक्षित ठाउँमा व्यवस्था मिलाई विद्यालय सुचारु गर्न,
- स्थानीय समाजसेवी, उद्योगी, व्यापारी, संघसंस्थाबाट उपलब्ध गराएको राहत कमी भएमा थप सामग्री उपलब्ध गराउन इच्छुक पाइएको हुँदा पर्याप्त मात्रामा व्यवस्थित ढंगले राहत वितरण कार्य गर्न,
- अविलम्ब बाँध बाध्ने कार्यको थालनी तथा बैकल्पिक मार्गको व्यवस्था गर्न,

- बैकल्पिक मार्ग प्रयोग गर्दा लुटपाट हुने तथा नदी पार गर्दा डुंगा पल्टन गई ज्यान जाने हुँदा सो मार्गमा शान्ति सुरक्षा व्यवस्था गर्न तथा डुंगा प्रयोग गर्ने प्रयोजनको लागि लाइफ ज्याकेटको व्यवस्था गर्न,
- कोशी व्यारेज भारतीय भूमीबाट नजिक भएकोले विभिन्न आपराधिक गतिविधि वढ्न गएको हुँदा विस्थापितहरूको जीउ ज्यानको सुरक्षार्थ पर्याप्त मात्रामा सुरक्षा पोष्टहरूको व्यवस्था गर्न,
- विस्थापितहरूको स्वास्थ्यलाई ध्यानमा राखी प्रत्येक शिविरमा स्वास्थ्य सेवा र औषधीको नियमित आपूर्ति गर्न र स्वच्छ खानेपानी तथा बिजुलीबत्तीको व्यवस्था मिलाउनुको साथै महिला तथा बालवालिकाको लागि विशेष व्यवस्था गर्न,
- बाढी पीडितका लागि देशका विभिन्न ठाउँमा संकलन गरेको राहत दुरुपयोग हुने संभावना हुनसक्ने जनगुनासो आएकोले त्यस्ता कार्य अविलम्ब रोकी संकलित सामग्रीको विवरण यथार्थ र पारदर्शी वनाउन,
- अल्पकालीन र दिर्घकालीन बाटोको व्यवस्था मिलाउन भारत सरकारसित कुटनैतिक पहल गर्न ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २१० मिति २०६५।५।१२ मा आयोगको निर्णय कार्यान्वयन गर्न प्रममपका लाई सिफारिश गरी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – २८४**

१. **पीडितको नाम, थर र ठेगाना** आङ्टावा शेर्पा, चुचुरे-२, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप चुचुरे गा.वि.स. वडा नं. २ बस्ने आङ्टावा शेर्पालाई २०५९।८।१६ गते बेलुका निजको घरमा नेकपा (माओवादी) का कार्यकर्ता आई सम्पूर्ण भाडाकपडा, गरगहना लुटपाट गरी त्रासको कारण काठमाडौंमा आन्तरिक रुपमा विस्थापित भएकोले मानव अधिकार संरक्षण गरी पाउन आयोगमा मिति २०६३।९२५ मा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीको प्रतिवेदन तथा जिल्ला प्रशासन कार्यालयको विवरण अनुसार रु. ७,५०,०००।- सम्पति क्षति भएको भनि मूल्यांकन गरेको विवरण आयोगको अनुसन्धान टोलीको प्रतिवेदनमा संलग्न भएको पाइयो । निज हालसम्म पनि आफ्नो घर स्थायी वसोवास भएको ठाउँमा फर्किन नसकेको र क्षतिपूर्ति समेत प्राप्त भएको भन्ने मिसिल संलग्न कागजबाट नदेखिदा जिल्ला प्रशासन कार्यालय मन्थली रामेछापबाट निर्णय बमोजिम क्षतिपूर्ति प्राप्त नगरेको भए अविलम्ब क्षतिपूर्ति उपलब्ध गराउन निजलाई पुनर्स्थापित गराउन नेपाल सरकारलाई सिफारिश गर्ने र आन्तरिक विस्थापितलाई घर फर्कन वातावरण मिलाउन नेकपा (माओवादी) लाई पत्राचार गर्ने निर्णय गरियो भन्ने मिति २०६५।६।७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३९६४ संरक्षण ४८४ मिति २०६५।७।७ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गर्ने । साथै नेकपा माओवादीलाइ समेत सोही मितिमा पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निमाण मन्त्रालयको च.नं. ५७१ मिति २०६५।८।२ गते आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना इकाईलाई लेखेको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – २८५**

१. **पीडितको नाम, थर र ठेगाना** डिक वहादुर तामाङ्ग, दोरम्बा-४, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप दोरम्बा गा.वि.स. वडा नं. ४ बस्ने डिक वहादुर तामाङ्गलाई राजनीतिक

आस्थाको कारण नेकपा (माओवादी) बाट घरजग्गा कब्जा गरी ज्यान मार्ने धम्की समेत दिएकोले त्रासको कारण घर छाडी विस्थापित भएकोले कब्जा गरिएको सम्पत्तिहरू फिर्ता, मानव अधिकार आयोगबाट छानवीन टोलीसहित मलाई जिल्ला रोक वातावरण उन्मुक्ति दिलाइदिन तथा दोरम्बास्थित आफ्नो घरमा पुनर्स्थापित गराइपाउँ भनी मिति २०६४।६।२८ मा आयोगमा उजूरी परेको ।

४. **आयोगको निर्णय/सिफारिश** २०५७ सालदेखि विस्थापित भई रु. ३,४१,०००।- क्षतिपूर्ति उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय मन्थली रामेछापबाट मूल्यांकन भएको देखिंदा उक्त रकम उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने र निज हालसम्म पनि पुनर्स्थापित नभएको देखिंदा आवश्यक सुरक्षाको प्रवन्ध गर्न र विस्तृत शान्ति सम्झौताको पूर्ण पालना गरी सम्पति फिर्ता लगायत निजलाई घर फर्कने बातावरण बनाउन नेकपा (माओवादी) लाई पत्राचार गर्ने निर्णय गरियो भन्ने मिति २०६५।६।७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ४३३८ संरक्षण ५३२ मिति २०६५।७।१७ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गर्ने । तथा च.नं. ४३३८ संरक्षण ५३१ मिति २०६५।७।१७ मा नेकपा (माओवादी) लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ११७ मिति २०६५।७।२५ मा प्र.म.म.प.को कार्यालयले आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाइएको बोधार्थ पत्र प्राप्त ।

रु. ४५,०००।- क्षतिपूर्ति रकम दिइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २८६**

१. **पीडितको नाम, थर र ठेगाना** पदम बहादुर सुनुवार, दुरागाउँ-१, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप दुरागाउँ गा.वि.स. वडा नं. १ बस्ने पदम वहादुर सुनुवारलाई मिति २०६०।४।२९ गते नेकपा (माओवादी) ले सम्पूर्ण श्रीसम्पति लुटी कब्जा गरी घरमा तालावन्दी गरेको र निजको अपहरण गरी ज्यान मार्ने धम्कीका कारण निज आन्तरिक रुपमा विस्थापित भएकोले पीडितलाई उचित राहतको व्यवस्था मिलाई घर फिर्ता जाने वातावरण मिलाइपाउन भनी आयोगमा मिति २०६३।९।१६ मा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको टोलीबाट अनुसन्धान हुँदा जिल्ला प्रशासन कार्यालय मन्थली रामेछापको मूल्यांकन अनुसार रु. ४,६१,४००।- क्षति भएको देखिदा उक्त रकम हालसम्म उपलब्ध गराएको मिसिल संलग्न कागजातबाट नदेखिंदा उक्त रकम अविलम्ब उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने र आन्तरिक विस्थापितलाई पुनर्स्थापित गराउन नेकपा (माओवादी) लाई आग्रह गर्ने निर्णय गरियो भन्ने मिति २०६५।६।७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३९४७ संरक्षण ५३० मिति २०६५।७।१७ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई आयोगको निर्णय पठाइएको । तथा च.नं. ३९४७ संरक्षण ५२९ मिति २०६५।७।१७ मा नेकपा (माओवादी) लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ११७ मिति २०६५।७।२५ मा प्र.म.म.प.को कार्यालयले आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाइएको बोधार्थ पत्र प्राप्त ।

रु. ४२,४००।- क्षतिपूर्ति रकम दिइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २८७**

१. **पीडितको नाम, थर र ठेगाना** डावा शेर्पा, चुचुरे-२, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप जिल्ला चुचुरे गा.वि.स. वडा नं. २ बस्ने स्व. डावा शेर्पाको आन्तरिक विस्थापित रहेकै अवस्थामा मृत्यु भएको र निजको परिवार समेत २०५९।१०।१२ देखि विस्थापित भएको नेकपा (माओवादी) ले सम्पति लुटपीट गरी लगेको र अहिलेसम्म पनि परिवारका अन्य सदस्य समेत विस्थापित भएको सम्बन्धमा आयोगमा परेको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** निजको क्षति भएको मूल्यांकन रु. ४,२१,०००।- जिल्ला प्रशासन कार्यालय मन्थली रामेछापबाट भएको तर हालसम्म क्षतिपूर्ति नपाएको र पुनर्स्थापित समेत नभएको भन्ने आयोगको अनुसन्धान टोलीको प्रतिवेदनबाट देखिंदा जिल्ला प्रशासन कार्यालयको मूल्यांकनको रकम हालसम्म पनि उपलब्ध गराएको नदेखिंदा अविलम्ब उक्त रकम रु. ४,२१,०००।- उपलब्ध गराउन निजको परिवारलाई आवश्यक सुरक्षा सहित पुनर्स्थापित गराउन नेपाल सरकारलाई सिफारिश गर्ने र पुनर्स्थापना गराउन आवश्यक सहयोग गर्न नेकपा (माओवादी) लाई आग्रह गर्ने निर्णय गरियो भन्ने मिति २०६५।६।७ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३९६५ संरक्षण ५४८ मिति ०६५।७।१८ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गर्ने। तथा च.नं. ३९६५ संरक्षण ५४७ मिति २०६५।७।१७ मा नेकपा (माओवादी) लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. ११७ मिति २०६५।७।२५ मा प्र.म.म.प.को कार्यालयले आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाइएको बोधार्थ पत्र प्राप्त।

प्रक्रिया नपुगी निणर्य हुन बाँकी भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – २८८**

१. **पीडितको नाम, थर र ठेगाना** पूर्ण लामा, राकाथुम-९, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप राकाथुम गा.वि.स. वडा नं. ९ बस्ने पूर्ण लामा नेकपा (माओवादी) का कार्यकर्ताले मिति २०६०।५।३१ मा आक्रमण गरी हतियार प्रहार गरी मरणासन्न अवस्थामा छोडेको र नेपाली सेनाले फेला पारी उद्दार गरी अस्पतालमा भर्ना गराएको र निजको घर भत्काई सम्पूर्ण चल्ती सम्पति कब्जा गरी लगेको र परिवार सहित आन्तरिक रुपमा विस्थापित भएको सम्बन्धमा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** जिल्ला प्रशासन कार्यालय रामेछापले मूल्यांकन गरेको रु. ५,४५,४००।- अविलम्ब उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने र पुनर्स्थापना गराउन आवश्यक सहयोग गर्न नेकपा (माओवादी) लाई आग्रह गर्ने निर्णय गरियो भन्ने मिति २०६५।६।७ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३१९१ संरक्षण ५५० मिति ०६५।७।१८ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गर्ने। तथा च.नं. ३१९१ संरक्षण ५४९ मिति २०६५।७।१८ मा नेकपा (माओवादी) लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. ११७ मिति २०६५।७।२५ मा प्र.म.म.प.को कार्यालयले आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निमाण मन्त्रालयमा पठाइएको बोधार्थ पत्र प्राप्त।

रु. १२,८५०।- क्षतिपूर्ति रकम दिइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

च.नं४६ मिति २०७०।४।२३ प्र.म.म.का., मा.अ. प्र.शाखाबाट गृह मन्त्रालय, शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई

पठाएको पत्रको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २८९**

१. **पीडितको नाम, थर र ठेगाना** दिप वहादुर कार्की, सुकाजोर-१, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप सुकाजोर गा.वि.स. वडा नं. १ बस्ने दिप वहादुर कार्कीलाई २०६१।११।१८ गते नेकपा (माओवादी) का कार्यकर्ताले सपरिवार घरमा सुतिरहेको बेला घरमा बम पड्काउने प्रयास गर्दा बम नपड्केको, सो घटना पश्चात त्रासको कारण घर छाडी आन्तरिक रुपमा विस्थापित भईरहेको भन्ने आयोगमा मिति २०६२।३।२९ मा दर्ता उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** जिल्ला प्रशासन कार्यालयको मूल्यांकन अनुसार रु. १,४०,२४८।- क्षति भएकोले क्षतिपूर्ति अविलम्ब उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो। हाल निज पुनर्स्थापित भईसकेको देखिंदा थप केही गरिरहनु परेन भन्ने मिति २०६५।६।७ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३०५५ संरक्षण ५४६ मिति ०६५।७।१८ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गर्ने।

६. **कार्यान्वयनको स्थिति** च.नं. ११७ मिति २०६५।७।२५ मा प्र.म.म.प.को कार्यालयले आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निमाण मन्त्रालयमा पठाइएको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – २९०**

१. **पीडितको नाम, थर र ठेगाना** कर्मराज तामाङ्ग, ओखेनी-२, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप, ओखेनी गा.वि.स. वडा नं. २ बस्ने कर्मराज तामाङ्गलाई २०६२।५।३० मा ५०।६० जना नेकपा (माओवादी) का कार्यकर्ता आई रु. ९,३५,८५०।- बराबरको सम्पति लुटी कब्जा गरी लगेकोले डर त्रासको कारण परिवार समेत विस्थापित भएकोले तत्काल राहत र स्वतन्त्रतापूर्वक जीवनयापनको लागि आयोगमा मिति २०६२।६।११ मा उजूरी पर्न आएको।

४. **आयोगको निर्णय/सिफारिश** जिल्ला प्रशासन कार्यालय मन्थली रामेछापको मूल्यांकन अनुसार रु. ७,९०,३५०।- क्षति भएको देखिंदा उक्त रकम हालसम्म पनि उपलब्ध गराएको नदेखिदा सो रकम उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने र पुनर्स्थापित गराउन सहयोग गरी विस्तृत शान्ति सम्झौताको पूर्ण पालना गर्न गराउन नेकपा (माओवादी) लाई पत्राचार गर्ने निर्णय गरियो भन्ने मिति २०६५।६।७ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३२१९ संरक्षण ५४५ मिति ०६५।७।१८ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई आयोगको निर्णय पठाइएको। तथा च.नं. ३२९१ संरक्षण ५४४ मिति २०६५।७।१८ मा नेकपा (माओवादी) लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. ११७ मिति २०६५।७।२५ मा प्र.म.म.प.को कार्यालयले आयोगको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय तथा शान्ति तथा पुनर्निमाण मन्त्रालयमा पठाइएको बोधार्थ पत्र प्राप्त।

च.नं ६७०, मिति २०६५।८।२५, शा.तथा पु.नि.म, कानून तथा मा.अ.शाखाले सिफारिश सम्बन्धमा राहत तथा पुनर्स्थापना इकाईले पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २९१**

१. **पीडितको नाम, थर र ठेगाना** कैलाली, कन्चनपुरका बाढी पीडितहरू

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** सुदुर पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चल क्षेत्रका केही जिल्लामा आएको बाढीको कारण विस्थापित हुन पुगेका नागरिकको अवस्था बुझ्न गई आयोगको क्षेत्रिय कार्यालय धनगढीबाट प्रस्तुत प्रतिवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको क्षेत्रिय कार्यालय धनगढीबाट प्रस्तुत प्रतिवेदन सिफारिश सहित नेपाल सरकारलाई पठाई सोको प्रेश विज्ञप्ति प्रकाशित गर्ने भनी २०६५।६।९ मा निर्णय गरियो । निम्न बमोजिम सिफारिश गरिएकोः

- विस्थापित र बाढी पीडितहरूलाई राहत वितरण गर्ने कार्य अत्यन्त प्रारम्भिक अवस्थामा रहेको हुनाले राहत वितरणमा हरसम्भव उपायहरू अपनाउन र भैरहेको श्रोत साधन अपर्याप्त भएको, भएको साधनको पनि प्रभावकारी उपयोग नभएकोले श्रोतसाधन थप गर्त तथा भएको साधनको योजनाबद्ध ढंगले एकद्धार नीति बमोजिम उद्धार तथा राहत वितरणमा प्रभावकारी व्यवस्था गर्न ।
- बाढी पीडित/विस्थापितहरू रहे बसेको शिविरहरूको अद्यावधिक अभिलेख नभएको पाइएकाले सो अद्यावधिक अभिलेख गर्न ।
- कतिपय शिविरहरूमा सानो कोठामा धेरै व्यक्तिहरू एकै ठाउँमा अटाइनअटाइ वसेको र महिला र पुरुषहरू एकै ठाउँमा बसेको पाइएकोले शिविरहरूलाई संख्यात्मक र लैंगिक संवेदनशीलताको दृष्टिकोणले व्यवस्थित गर्न ।
- सुत्केरी महिला, गर्भवती महिलाहरूले आश्रय लिईरहेका स्थानहरूमा शारीरिक आवश्यकता अनुसारको खानाको व्यवस्था र ओढ्ने ओछ्याउने सामग्रीको थप गरी आवश्यक स्वास्थ्य व्यवस्था गरी मातृत्वको संरक्षणको अधिकार सुनिश्चित गर्न ।
- कतिपय स्थानहरूमा मानव वस्तीको नजिक चौपायाहरू मरेका तर तिनिहरूको उचित व्यवस्थापन नहुँदा वातावरण दुर्गन्धित भई मानव स्वास्थ्यमा समेत प्रतिकुल प्रभाव पर्न सक्ने हुँदा समयमै उचित व्यवस्था गर्ने ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३७१ मिति २०६५।६।९ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.प.को कार्यालयको च.नं. २९ मिति २०६५।६।२९ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह तथा शान्ति मन्त्रालयलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – २९२**

१. **पीडितको नाम, थर र ठेगाना** बोधराज खरेल भण्डारा-८, चितवन

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण**उजूरी नं. ३६२६, जिल्ला चितवन भण्डारा गा.वि.स. वडा नं. ८ बस्ने बोधराज खरेललाई २०५८।३।२४ गते नेकपा (माओवादी) का १७ जनाको समूहले ऐ. पिपले गा.वि.स. वडा नं. ९ स्थित बाटोमा हिड्दै गरेको बेला घाँटीमा बन्दुक तेर्स्याई खुट्टामा फलामको लौराले हिर्काई अपाङ्ग वनाएकोले असुरक्षित महसुस गरी काठमाडौंमा विस्थापित बनाएकोले आवश्यक कार्वाही तथा क्षतिपूर्ति दिलाउन भनी आयोगमा मिति २०६३।२।१६ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** हाल विस्तृत शान्ति सम्झौतापछि निज आफ्नो घरमा बसोवास गरी आएको देखिंदा निजको विस्थापित अवधिमा भएको नोक्सानी र क्षतिबारे राज्यबाट कुनै प्रकारको क्षतिपूर्ति उपलब्ध गराएको रहेनछ भने आवश्यक जाँचबुझ गरी विस्थापितलाई क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश लेखी पठाउने भनि मिति २०६५।११।१ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २६ संरक्षण ३६२६ मिति २०६७।४।५ मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुनःनिर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**अप्राप्त

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – २९३**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्णप्रसाद अधिकारी (मृतक), नन्द प्रसाद अधिकारी, गंगामाया अधिकारी र नुरप्रसाद अधिकारी फुजेल-७, गोरखा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** गोरखा जिल्ला फुजेल ७ निवासी नन्दप्रसाद अधिकारीको छोरा कृष्णप्रसाद अधिकारीलाई नेकपा माओवादीबाट अपहरण गरी मिति २०६१।२।२४ मा चितवनमा कब्जामा लिई हत्या गरेको र हत्या पछि निजका परिवार मिति २०६४।९।१० मा घर, वस्तुभाउ छोडी विस्थापित भएकोले हत्यारालाई कार्वाही गरी विस्थापित परिवारलाई पुनर्स्थापित गराइपाउँ भनी मिति २०६५।११।८ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** फुजेल-७, गोरखा निवासी कृष्णप्रसाद अधिकारीलाई मिति २०६१।२।२४ मा चितवनमा हत्या गरेको र निजका परिवार विस्थापित भएको भन्ने सम्बन्धमा मुद्दाको अनुसन्धान कार्वाही अगाडि वढाउन चितवन प्रहरी कार्यालयलाई लेखी पठाउने, मृतक कृष्ण प्रसाद अधिकारीको कानून बमोजिमका हकवालालाई क्षतिपूर्ति बापत रु. ३,००,०००।- उपलब्ध गराउन साथै निजहरू आफ्नो घरबाट विस्थापित भईसकेको हुनाले आफ्नो घरवारमा स्थापित गराउन र आवश्यक सुरक्षा पनि प्रदान गर्नलाई नेपाल सरकार तथा गृह मन्त्रालयलाई लेखी पठाउने भनी मिति २०६५।१२।२३ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. पोखरा।१२२२ मिति ०६५।१२।३० मा प्र.म.म.प.को कार्यालय र शान्ति तथा पुन निर्माण मन्त्रालयलाई आयोगको निर्णय सिफारिश पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** महानगरीय प्रहरी प्रभाग सिंहदरवारको च.नं. २३२१ मिति २०६६।१।६ गते कुनै लिखित वा मौखिक जानकारी नआएको भन्ने जवाफ प्राप्त ।

महानगरीय प्रहरी प्रभाग काठमाडौंको च.नं. २५३६ मिति २०६६।१।११ गते निजहरू यस कार्यालयको वडा एरियामा वसोवास गर्ने भनी जानकारी आएमा निगरानीमा राखी सुरक्षाको व्यवस्था मिलाई दिने भन्ने जवाफ प्राप्त ।

महानगरीय प्रहरी बृत्त, बौद्धको च.नं. ४७११ मिति २०६६।१।२९ गते नन्दप्रसाद अधिकारीको सम्बन्धमा खोजतलास गर्दा गराउँदा हालसम्म फेला नपरेको साथै खोजतलास भईरहेको भेटिन आएमा निजहरूको सुरक्षा तथा सम्मानित आयोगमा समेत जानकारी गराउने भन्ने जवाफ प्राप्त ।

महानगरीय प्रहरी प्रभाग लैनचौरको च.नं. ३२७९ मिति २०६६।१।३० गते निजहरूको सम्बन्धमा हालसम्म उजूरी पर्न नआएको र उजूरी पर्न आएमा शान्ति सुरक्षाको व्यवस्था मिलाउन भन्ने जवाफ प्राप्त ।

महानगरीय प्रहरी बृत्त, नयाँ बानेश्वरको च.नं. १६७९ मिति २०६६।२।१२ गते निजहरूको सम्बन्धमा बुझ्न प्र.ज. खटाई बुझ्दा के कहाँ वस्छन् भन्ने खुल्न नसकेको निज व्यक्तिहरूको सम्पर्क नं. तथा वसोवास गर्ने स्थान समेत स्पष्ट नभएकोले र हालसम्म पीडित व्यक्तिहरू कोही सम्पर्क राख्न नआएको भन्ने जवाफ प्राप्त ।

महानगरीय प्रहरी बृत्त, बालाजुको च.नं. ४९६६ मिति २०६६।२।५ गते निज नुर प्रसाद अधिकारी लगायत अन्य कोही कसैको निवेदन एवं उजूरी सम्बन्धमा यस प्रहरी बृत्तमा जानकारी नभएको भन्ने जवाफ प्राप्त ।

प्र.म.म.प.को च.नं. १६ मिति २०६६।४।१९ मा आयोगको निर्णय कार्यान्वयनको लागि गृह तथा शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाइएको ताकेता पत्रको बोधार्थ प्राप्त ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६५।१२।२५ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

च.नं ८५६, मिति २०६९।५।२६, जिल्ला प्रशासन शाखा, गोरखाबाट जानकारी उपलब्ध गराईएको सम्बन्धमा आयोगलाई पत्र प्राप्त ।

च.नं ३४९, मिति २०७०।४।२४, जिल्ला प्रहरी कार्यालय, अपराध अनुसन्धान तथा कार्वाही शाखाबाट आयोगलाई पत्र

प्राप्त

च.नं ८७७, मिति २०७१।५।९, मा प्र.म.म.का, कानून तथा फैसला कार्यान्वयन शाखाबाट जानकारी उपलब्ध गराउने बारे सम्बन्धमा स्वा.तथा ज.मलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

च.नं ८५७, मिति २०७१।६।६, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान विर अस्पतालबाट जानकारी पठाइएको सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

च.नं १६९८, मिति २०७१।६।२६, मा प्र.म.म.का, कानून तथा फैसला कार्यान्वयन शाखाबाट जानकारी उपलब्ध गराउने बारे सम्बन्धमा स्वा.तथा ज.म र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

च.नं ९८९, मिति २०७५।२।२८, मा प्र.प्र.का., प्र.महानिरीक्षकको स.बाट खुलाई पठाइएको सम्बन्धमा आयोगलाई पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ट) सम्पत्ति कब्जाः**

**क्रम संख्या - २९४**

१. **पीडितको नाम, थर र ठेगाना** ध्रुवकुमार साह, दिलिप कुमार सिंह, अजम कुमार साह समेत सुन्दरादेवी-६, बारा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ३२७६, बारा जिल्ला सुन्दरादेवी गा.वि.स. वडा नं. ६ बस्ने ध्रुवकुमार साह, दिलिप कुमार सिंह, अजम कुमार साह समेतले २०६५।१।२२ गते आफूहरूको नातेदार नागेन्द्र प्रसाद साहको नेकपा (माओवादी) का कार्यकर्ताबाट हत्या भए पश्चात विस्थापित भई जीवन चलाई आएको, शान्ति सम्झौता पश्चात मानव अधिकारकर्मी, प्रशासनको सहयोगमा पुनर्स्थापना भएको र हामीले जोत कमोद गरी आएको जग्गा नेकपा (माओवादी) बारा क्षेत्र नं. ५ का संविधानसभा सदस्यका उम्मेदवार तपेसर राय चौधरी थारु समेतले मिति २०६५।१।१२ देखि हाम्रो जग्गा पुनः कब्जामा लिई शान्ति सम्झौता विपरित काम गरेकोले मानव अधिकारको संरक्षणको लागि यस आयोगमा उजूरी पर्न आएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान टोली खटाई प्राप्त प्रतिवेदन हेर्दा आफ्नो नाउँमा रहेको जग्गाको उपभोग गर्न पाउने मौलिक अधिकार निवेदकहरूको रहे भएको देखिंदा शान्ति सुरक्षा सहित सोको वातावरण दिलाउन नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय बारा र भूमिसुधार कार्यालय बारालाई लेखी पठाउने र सोको बोधार्थ नेकपा (माओवादी) लाई दिने भनि २०६५।११।११ गते निर्णय गरियो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २८ संरक्षण ४४१५ मिति २०६७।४।५ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या - २९५**

१. **पीडितको नाम, थर र ठेगाना** खड्गराज मैनाली सपही-४, बारा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. १८२८, जिल्ला बारा सपही गा.वि.स. वडा नं. ४ घर भई कोल्हवीमा वसोवास गर्ने खड्गराज मैनाली उपचारको सिलसिलामा काठमाडौं आएको बेला २०६१।२।२५ गते नेकपा (माओवादी) का कार्यकर्ताको समूह आई घर कुर्न राखेको मानिसलाई बाहिर निकाली घर, जग्गाजमीन कब्जा गरेको सुचना टाँस गरेको कारण मानव अधिकार संरक्षणको लागि आयोगमा उजूरी पर्न आएको।

४. **आयोगको निर्णय/सिफारिश** जिल्ला प्रशासन कार्यालय बाराको च.नं. २२६५, २०६२।३।१७ को पत्रानुसार जग्गाजमिन समेत माओवादी समूहले कब्जा गरेको भन्ने उल्लेख भई आएको देखिदा र शान्ति सम्झौता पश्चात पनि सो जग्गा कब्जा गरिरहेको भन्ने पीडितको उजूरी देखिदा कब्जा गरेको सम्पतिको क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश

गरी पठाउने र शान्ति सम्झौताको पालना गरी कब्जा गरिएको जग्गा जमिन फिर्ता गर्न गराउन नेकपा (माओवादी) लाई बोधार्थ लेखी पठाउने भनी मिति २०६५।११।११ मा निर्णय गरियो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २७ संरक्षण १८२८ मिति २०६७।४।५ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**४.१० आर्थिक वर्ष २०६६/०६७ मा गरिएका सिफारिशहरू**

**क) गैरकानूनी हत्या**

**क्रम संख्या – २९६**

१. **पीडितको नाम, थर र ठेगाना** लोकेन्द्र लक्सम, नागी-१, पाँचथर

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पाँचथर जिल्ला नागी गा.वि.स. वडा नं. १ निवासी वर्ष १४ का लोकेन्द्र लक्समलाई मिति २०६०।१२।१२ मा सुरक्षाकर्मीले पक्राउ गरी लगि टाउकोमा गोली प्रहार गरी हत्या गरेकाले छानवीन गरी आवश्यक कार्वाही गरीपाउँ भनी आयोगमा मिति २०६२।४।९ मा पर्न आएको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान प्रतिवेदन समेतलाई विचार गर्दा यसका सुरक्षा निकायले वर्ष १४ को लोकेन्द्र लक्समलाई आफ्नो नियन्त्रणमा लिइसकेपछि गोली हानी मारेको देखिएकोले गोली हान्ने सुरक्षाकर्मीको पहिचान गरी प्रचलित फौजदारी कानून बमोजिम कार्वाही गर्न र मृतकका परिवारलाई रु. ३,००,०००।- क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०६६।५।९ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २३९ संरक्षण १५, विराटनगर मिति २०६६।६।६ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उपलब्ध गराउन गृह मन्त्रालयबाट पहल भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक।

**क्रम संख्या – २९७**

१. **पीडितको नाम, थर र ठेगाना** तुल बहादुर बुढा र मुन बहादुर बुढा, ढाँटा-९, जुम्ला

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जुम्ला जिल्ला मालिका ठाँटा गा.वि.स. वडा नं. ९ तल्लो खोपरी बस्ने सहोदर दाजुभाई तुल बहादुर बुढा र मुन बहादुर बुढाको मिति २०५४।१०।८ मा रारा लिही र कुडारीचौकीबाट खटिएर आएका ७०/८० जना प्रहरीहरूले जुम्ला सदरमुकाम खलङ्गामा पसल गरी बस्ने दुवै दाजुभाई घरमा आएको समयमा माओवादीलाई पाल्छौ भनी आफ्नै घरभित्र हत्या गरेकोले दोषी प्रहरीमाथि कार्वाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनुका साथै मृतकका आश्रित्र बालवालिकाहरूलाई निःशुल्क अध्ययनको व्यवस्था मिलाइपाउँ भनी आयोगमा मिति २०६३।२।१५ को उजूरी दर्ता।

४. **आयोगको निर्णय/सिफारिश** यस कार्यबाट निजहरूको बाँच्न पाउने अधिकारको उल्लंघन भएकोले पीडितको कानून बमोजिमको हकवालालाई जनही रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र दोषी सुरक्षाकर्मी पहिचान गरी कार्वाही गर्न

नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने २०६६।७।१७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ९०२ संरक्षण १६ मिति २०६६।८।२२ मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उपलब्ध गराउन गृह मन्त्रालयबाट पहल भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – २९८**

१. **पीडितको नाम, थर र ठेगाना** सुरेन्द्र महतो, भरतपुर-९ परिरिया, महोत्तरी

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** महोत्तरी जिल्ला भरतपुर गा.वि.स. वडा नं. ९ परिरिया बस्ने वर्ष २५ को सुरेन्द्र महतो मिति २०६६।२।२४ का दिन आफ्नो ससुरालीबाट घरतर्फ फर्की आउँदा हरिहरपुर गाविसखण्डमा पर्ने राजमार्ग जोडिएको मरधर सडकमा उभिरहेका सशस्त्र प्रहरीले मोटरसाइकल रोक भन्दा केही पर रोकेको भनी वादविवाद हुँदाएक जना प्रहरीले तत्काल गोली चलाउँदा निज सुरेन्द्र महतोको मृत्यु भएकोले घटनाको छानवीन गर्नको लागि आयोगको स्वविवेकमा मिति २०६६।३।१० मा उजूरी ग्रहण ।

४. **आयोगको निर्णय/सिफारिश** गोली चलाउनुपर्ने अवस्था नहुँदा नहुँदै पनि प्रहरीले गोली प्रहार गरी आवश्यकता भन्दा वढी बल प्रयोग गरेको कारण निजको बाँच्न पाउने हकको उल्लंघन भएको पाइयो । अतः राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही र क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ बमोजिम पीडितको कानून बमोजिमको हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र गोली प्रहार गर्ने प्रहरी जवान रामसिंह भाटलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।७।१७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ९०४ संरक्षण २९० मिति २०६६।८।२२ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – २९९**

१. **पीडितको नाम, थर र ठेगाना** देवीलाल कुँवर, ताम्ती-१ सर्भि, जुम्ला

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जुम्ला जिल्ला ताम्ती गा.वि.स.वडा नं. १ सर्भि बस्ने वर्ष २२ का देवीलाल कुँवरलाई गैर कानूनी हत्या गरिएको सम्बन्धमा आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार निज मृतक देवीलाल कुँवरलाई नेकपा माओवादीका कार्यकर्ताहरूले आफ्ना कार्यकर्ताहरूलाई रोटी पुर्‍याउन भनी जवर्जस्ती लैजाँदै गर्दा जुम्ला जिल्ला ताम्ती गा.वि.स.को वन्तडी भन्ने स्थानमा संयुक्त सुरक्षाफौजका सुरक्षाकर्मीहरूले नियन्त्रणमा लिई गोली हानी हत्या गरेकोले अनुसन्धान गरी दोषीलाई कार्वाही तथा पीडितका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउन आयोगमा मिति २०६३।२।१८ मा आयोगमा दर्ता उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** यस कार्यबाट निजको बाँच्न पाउने हकको उल्लंघन हुन गएकोले राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ बमोजिम पीडितका कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र दोषी सुरक्षाकर्मीको पहिचान गरी कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६६।७।१७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ९०५ संरक्षण १९ मिति २०६६।८।२२ गते प्र.म.म.प.को

कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उपलब्ध गराउन गृह मन्त्रालयबाट पहल भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३००**

१. **पीडितको नाम, थर र ठेगाना** तिल बहादुर रावल, तातोपानी-२, जुम्ला

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** जुम्ला जिल्ला तातोपानी गा.वि.स. वडा नं. २ राँका निवासी तिल बहादुर रावललाई मिति २०५८।११।२ गतेका दिन दिउँसो ३ बजेको समयमा सदरमुकाम खलंगाबाट आएको सुरक्षाफौजको टोलीले आफ्नै घर गोठमा हत्या गरी निजको दाजु जय बहादुर रावललाई समेत कुटपीट गरी तत्काल मृतकको लाश जलाउन लगाएको हुँदा दोषी उपर कार्वाही गरी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भन्ने आयोगमा मिति २०६३।३।१५ को दर्ता उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** यसबाट निजको बाँच्न पाउने अधिकारको उल्लंघन भएकोले पीडितका कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र दोषी सुरक्षाकर्मीको पहिचान गरी कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।७।१७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ९०७ संरक्षण २३ मिति २०६६।८।२२ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उपलब्ध गराउन गृह मन्त्रालयबाट पहल भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३०१**

१. **पीडितको नाम, थर र ठेगाना** तारा तामाङ्ग, तातोपानी-४, सिन्धुपाल्चोक

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** सिन्धुपाल्चोक जिल्ला तातोपानी गा.वि.स. वडा नं. ४ बस्ने तारा तामाङ्गको मिति २०६३।४।१४ मा प्रहरीको गोली लागि मृत्यु भएकाले आवश्यक अनुसन्धान गरी दोषीउपर कानूनी कार्वाही गरीपाउँ भनी आयोगमा मिति २०६३।४।१६ मा दर्ता भएको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** विभिन्न सरोकारवालाहरूबीच छलफल भई मृतकका परिवारलाई रु. १०,००,०००।- क्षतिपूर्ति दिने, आश्रित ३ जना बालबालिकाहरूलाई कक्षा १० सम्म निःशुल्क पढाइदिने र घाइतेहरू तथा सम्पत्ति क्षति भएकालाई उचित क्षतिपूर्ति दिने सहमति भएको पाइएको । गोली प्रहार गर्ने प्रहरीलाई निलम्बन गरिएको भएता पनि यसले मात्र न्यायको यथोचित प्रक्रिया पूरा भएको मान्न सकिने अवस्था नदेखिएकोले गोली प्रहार गर्ने प्रहरी कर्मचारीलाई फौजदारी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।७।१९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ८६६ संरक्षण ३८८८ मिति २०६६।३।२२ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्रहरी प्रधान कार्यालय मानव अधिकार इकाइको च.नं. १४८ मिति २०६६।९।२७ को आयोगलाई प्रेषित पत्रानुसार निज प्रहरी निरीक्षक दर्जाको एक जिम्मेवार प्रहरी अधिकृतबाट तत्कालीन स्थितिलाई मूल्याकंन गरी कार्य सम्पादन गर्न नसकेकोले निजलाई प्रहरी नियमावली २०४९ बमोजिम अभिलेखमा जनिने गरी नसिहद दिने भनी

मिति २०६३।९।७ गते निर्णय भएको र निज तारा तामाङ्गको पति बखत बहादुर तामाङ्गले मिति २०६३।७।२२ मा क्षतिपूर्ति बापतको रकम रु. १०,००,०००।- जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकबाट पाइसकेको भनी जानकारी गराएको भन्ने व्यहोरा उल्लेख भई आएको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ३०२**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्ण वहादुर लामा, बराम्ची-४, सिन्धुपाल्चोक

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** सिन्धुपाल्चोक जिल्ला बराम्ची गा.वि.स. वडा नं. ४ बस्ने सोही गा.वि.स.को प्राविधिक सहायकमा कार्यरत कृष्ण वहादुर लामालाई झुठ्ठा सुराकीको आधारमा नेपाली सेनाले हत्या गरेकोमा पीडकलाइ कार्वाही तथा पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन आयोगमा मिति २०६०।८।२५ मा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** यस कार्यबाट निजको बाँच्न पाउने अधिकारको उल्लंघन भएकोले दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न, पीडितका परिवारले रु. १,००,०००।- क्षतिपूर्ति यस अघि पाएको देखिएकोले थप रु. २,००,०००।- क्षतिपूर्ति नजिकका हकवालालाई प्रदान गर्न र ३ जना नाबालक सन्तानको लागि निःशुल्क शिक्षादिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने २०६६।७।१९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ८६७ संरक्षण १२४४ मिति २०६६।८।१५ मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र नाबालक सन्तानलाई निःशुल्क अध्ययन उपलब्ध गराइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३०३**

१. **पीडितको नाम, थर र ठेगाना** घनश्याम कुमाल, मेघौली-१, चितवन

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** चितवन जिल्ला मेघौली गा.वि.स. वडा नं. १ का घनश्याम कुमालको मिति २०६२।६।१२ गते बिहान ८:०० बजे शाही चितवन राष्ट्रिय निकुञ्जमा घाँस काट्न गएकोमा घाँस काटिरहेको अवस्थामा पुरानो गोरख गण कसरा अन्तर्गतको पोष्ट बाघमाराबाट खटिई गएको गस्ती टोलीले निजलाई नियन्त्रणमा लिने कुनै कोशिश नगरी हत्या गरेको हुँदा अनुसन्धान गरी पीडकलाइ कार्वाही तथा पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन आयोगमा मिति २०६२।६।२० मा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** सुरक्षाफौजले बिना चेतावनी गोली चलाएको र निजले कानून विपरितको कार्य गरेकै रहेछ भनेपनि पक्राउ गर्नका लागि अन्य प्रक्रियाहरू अपनाउनुपर्नेमा आवश्यकताभन्दा बढी बल प्रयोग गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी प्रावधानको उल्लंघन गरेकोले घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडितका कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।७।२६ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १०२४ संरक्षण ३२६० मिति २०६६।९।२७ मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।७।२६ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३०४**

१. **पीडितको नाम, थर र ठेगाना** सिजनराज पाण्डे, विरगञ्ज-१३, पर्सा

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पर्सा जिल्ला विरगञ्ज उपमहानगरपालिका वडा नं. १३ बस्ने सिजनराज पाण्डेलाई मिति २०६२।१०।२४ मा मृतक सिजन केही समय अगाडि देखि माओवादीमा लागेकोमा सुरक्षाफौज रौतहटको पचरुखी गा.वि.स. मा गई पक्राउ गरी वरसम्म ल्याई मारेको । मृतकका साथीहरू भागेको तर निज भाग्न अलमल परेकोले मारिएकोले पीडकलाइ कार्वाही तथा पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन आयोगमा मिति २०६२।१०।२८ मा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई सुरक्षाफौजले नियन्त्रणमा लिन सक्ने अवस्था विद्यमान हुँदाहुँदै गोली प्रहार गरी मारेको घटना कानून प्रदत्त बाँच्न पाउने अधिकारको उल्लंघन भएकोले घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडितका नजिकका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।७।२६ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १०२३ संरक्षण ३४५१ मिति २०६६।९।२७ मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।७।२६ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३०५**

१. **पीडितको नाम, थर र ठेगाना** चन्द्रेश्वर सदा र राजकुमार मण्डल, वेलही चमेना-९ पिप्रा, सप्तरी

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला सप्तरी वेलही चमेना ९ पिप्रामा मिति २०६४।१०।२४ गते स्थानीय एक व्यक्तिको घरमा खाना खाइरहेको अवस्थामा बेलुका करिब ९:०० बजेतिर सोही गा.वि.स. वडा नं. ९ बस्ने४ नं. एरिया इनचार्ज चन्द्रेश्वर सदा र वडा नं. ३ बस्ने राजकुमार मण्डललाई सादा पोशाकमा गएका प्रहरीहरूले पक्राउ गरी मारेकोले छानवीन गरी पीडकलाइ कार्वाही तथा पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन आयोगमा मिति २०६४।११।१ मा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** यस कार्यबाट निजहरूको बाँच्न पाउने अधिकारको उल्लंघन भएको पाइएकोले चन्द्रेश्वर सदा र राजकुमार मण्डलको कानून बमोजिमका हकवालालाई जनही रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने आयोगको मिति २०६६।९।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२३० संरक्षण ११७६ मिति २०६६।११।१७ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।९।२३ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३०६**

१. **पीडितको नाम, थर र ठेगाना** प्रभु नारायण भट्टराई, प्रसाद गुरुङ्ग, टेक नारायण चौधरी, फुर्वा शेर्पा, खिमे भन्ने धनु वहादुर परियार र सुनिता ऋषिदेव बेलबारी-३, मोरङ्ग

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ्ग जिल्ला बेलबारी गा.वि.स. वडा नं. ३ बस्ने सपना गुरुङ्गलाई मिति २०६३।१।१२ गते

तत्कालीन शाही नेपाली सेनाले बलात्कार गरे पश्चात मारेको घटनाको विरोधमा उत्रिएका सर्वसाधारण व्यक्तिहरू माथि गोली चलाउँदा प्रभु भट्टराई सहित ६ जनाको मृत्यु र दर्जनौं घाइते भएको घटनाका सम्बन्धमा पीडकलाइ कार्वाही तथा पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन आयोगमा मिति २०६३।१।१७ मा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** विरोधमा उत्रिएका सर्वसाधारण व्यक्तिहरू माथि गोली चलाउँदा प्रभु भट्टराई सहित ६ जनाको मृत्यु र दर्जनौं घाइते भएको घटनाका सम्बन्धमा सुरक्षाकर्मीद्वारा विरोधमा उत्रेका जनसमूह माथि अन्य वैकल्पिक उपाय नअपनाई कमाण्डरको आदेश वेगर गोली चलाएको कारण गैरन्यायिक हत्या गरिएकोले मृतकहरू प्रभु नारायण भट्टराई, प्रसाद गुरुङ्ग, टेक नारायण चौधरी, फुर्वा शेर्पा, खिमे भन्ने धनु वहादुर परियार र सुनिता ऋषिदेवको कानून बमोजिमका हकवालालाई जनही रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र दोषी पत्ता लगाई ज्यान सम्बन्धी महलको कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।९।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२३१ संरक्षण ६९७ मिति २०६६।११।१७ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।९।२३ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३०७**

१. **पीडितको नाम, थर र ठेगाना**

मृतक व्यक्तिहरूको नाम, थर तथा ठेगाना

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १. | कुल वहादुर खत्री | वोंगादोभान-९, बागलुङ्ग |
| २. | गंगा वहादुर पुन | वोंगादोभान-८, बागलुङ्ग |
| ३. | प्रेमला वि.क | वोंगादोभान-८, बागलुङ्ग |
| ४. | गोरी वि.क | वोंगादोभान-८, बागलुङ्ग |
| ५. | हेम वहादुर खत्री | वोंगादोभान-९, बागलुङ्ग |
| ६. | दिलमाया वि.क. | खुंखानी-३, बागलुङ्ग |

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** बागलुङ जिल्ला वोंगादोभान गा.वि.स. वडा नं. ८ का गंगा वहादुर पुन समेत ६ जनाको नेपाली सेनाद्वारा गैरन्यायिक हत्या गरिएको घटनाका सम्बन्धमा पीडकलाइ कार्वाही तथा पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन आयोगमा मिति २०६३।३।१० माउजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** मृतकहरू मध्ये कुल बहादुर खत्री, प्रेमला वि.क. र गौरी वि.क.लाई कुडुले र मालिका गा.वि.स.को सिमानामा रहेको बेनी जाने मोटर बाटो मुनिको जंगलमा लगि मारेको, पर्वत जिल्लाको नाङ्गलीबाङ्गमा हेम बहादुर खत्री र दिलमाया वि.क.को हत्या गरिएको पाइयो । अतः गैरन्यायिक हत्याका पीडितहरू कुल वहादुर खत्री, हेम बहादुर खत्री, गंगा बहादुर पुन, प्रेमला वि.क., गौरी वि.क. र दिलमाया वि.क.का कानून बमोजिमका हकवालालाई जनही रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र घटनाको नेतृत्व गर्ने क्याप्टेन विश्वास विक्रम शाहलाई फौजदारी अभियोगमा कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।९।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२३२ संरक्षण ३७२, ३७३, ३७४ र २७५ मिति २०६६।११।१७ मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।९।२३ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

क्षतिपूर्ति रकम निकासातर्फ कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३०८**

१. **पीडितको नाम, थर र ठेगाना** मिथुन महत (भानु) र हिक्मत महत, बुर्तिवाङ्ग-२, बागलुङ

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** बागलुङ जिल्ला, बुर्तिवाङ्ग गा.वि.स. वडा नं. २ का मिथुन महत (भानु) र हिक्मत महतलाई नेपाली सेनाले मिति २०५८।११।१६ गते राती ११ बजे घरबाट थुतेर लगी मुल बोटपखेरामा हत्या गरेकाले पीडकलाइ कार्वाही तथा पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन आयोगमा मिति २०६२।७।२१ मा उजूरी दर्ता।

४. **आयोगको निर्णय/सिफारिश** यस कार्यबाट निजहरूको बाँच्न पाउने अधिकारको गम्भीर उल्लंघन हुन गएकोले मृतकका कानून बमोजिमका हकवालालाई जनही रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र भिमगिठ्ठे सुरक्षा क्याम्पका तत्कालीन क्याप्टेन विश्वास विक्रम शाहको नेतृत्वमा हत्या गरिएको भन्ने खुल्न आएकोले उनलाई फौजदारी अभियोगमा कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।९।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२३४ संरक्षण ५५५ मिति २०६६।११।१७ मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।९।२३ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३०९**

१. **पीडितको नाम, थर र ठेगाना** दलभक्त लोप्चन, राजकुट-७, बाग्लुङ्ग

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बाग्लुङ्ग राजकुट गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई बुर्तिवाङ्ग १ वस्दै आएका दलभक्त लोप्चनलाई मिति २०५९।३।१९ गते तत्कालीन शाही नेपाली सेनाको भिमगिठ्ठे क्याम्पका क्याप्टेन विश्वास विक्रम शाहले बुर्तिवाङ्ग १ बाट सोधपुछको लागि भिमगिठ्ठेतर्फ लिएर जाँदै गर्दा बाटोमा दुईहात पछाडि बाँधी कुटपीट गरी वडा नं. ४ स्थित वढीघाट खोलामा फालिदिएको र फुत्केर हाम फाल्यो भनेर रिपोर्ट गरी आफन्तलाई लाश समेत नदिएको घटनाका सम्बन्धमा पीडकलाइ कार्वाही तथा पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन आयोगमा मिति २०६२।७।२१ मा उजूरी दर्ता।

४. **आयोगको निर्णय/सिफारिश** यस कार्यबाट निजको बाँच्न पाउने हकको उल्लंघन भएकोले मृतकका चारजना छोराछोरीले पाउने गरी रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र क्याप्टेन विश्वास विक्रम शाहलाई फौजदारी अभियोगमा कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।९।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२३५ मिति २०६६।११।१७ मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९

मा रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।९।२३ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३१०**

१. **पीडितको नाम, थर र ठेगाना** वासुदेव शर्मा सेजवाल, टाकुरा-५, सल्यान

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ७१३, सल्यान जिल्ला सेजवाल टाकुरा गा.वि.स. वडा नं. ५ बस्ने वासुदेव शर्मालाई सुरक्षाकर्मीद्वारा वेपत्ता वनाइएको घटना सम्बन्धमा निजको अवस्था सार्वजनिक गर्न तथा पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन आयोगमा मिति २०६२।९।१९ मा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** यसरी आफ्नो नियन्त्रणमा रहेका व्यक्तिलाई गैरकानूनी हत्या गरेको घटनाले निजको बाँच्न पाउने हकको गम्भीर उल्लंघन भएको पाइयो । अतः मृतकका कानून बमोजिमका हकवाला लाई रु. ३००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र दोषी पत्ता लगाई कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।९।२५ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२७६ संरक्षण ७१३ मिति २०६६।११।१७ मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।९।२३ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३११**

१. **पीडितको नाम, थर र ठेगाना** कमल प्रसाद थारु, शम्सेरगन्ज-१, बाँके

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ९, जिल्ला बाँके शम्सेरगन्ज गा.वि.स. वडा नं. १ बस्ने कमल प्रसाद थारुलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिने अवस्था रहँदा रहँदै हत्या गरेकोले पीडकलाइ कार्वाही तथा पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन आयोगमा मिति २०६१।८।१५ मा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार मिति २०६१।८।१४ गते कमल प्रसाद थारु आफ्नै घरमा नुहाउँदै गरेको बखत सुरक्षाकर्मीले गोली चलाई हत्या गरेको बुझिन आयो । निजले कानून विपरितको कुनै कार्य गरेको नै भएपनि हिराशतमा लिई आवश्यक कानूनी कार्वाही गरिनुपर्नेमा सो नगरी गैरकानूनी हत्या गरेको घटनाले निजको कानून प्रदत्त बाँच्न पाउने अधिकारको गम्भीर उल्लंघन भएको पाइयो । अतः मृतकका कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र घटनाका दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।९।२५ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२२५ संरक्षण ९ मिति २०६६।११।१७ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ३,००,०००।- क्षतिपूर्ति

दिन मिति २०६६।९।२३ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प.का.को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३१२**

१. **पीडितको नाम, थर र ठेगाना** दिल बहादुर खत्री, पिपलनेटा-५, सल्यान

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. १०२, सल्यान जिल्ला पिपलनेटा गा.वि.स. वडा नं. ५ बस्ने दिल बहादुर खत्री मिति २०५८।९।११ गतेका दिन आत्म समर्पण गर्न भनी जिल्ला प्रशासन कार्यालय गएकोमा निजसँगै गएका गाउँका जीतबहादुर के.सी., थल बहादुर खत्री समेतका हरू फर्किआएका तर निज दिल बहादुर खत्रीलाई साथमा गएकाको भनाइ अनुसार जिल्ला प्रशासनबाट जिल्ला प्रशासन कार्यालयमा लगिएकोमा निज हालसम्म नफर्केकोले खोजतलाश गरीपाउँ भनी आयोगमा मिति २०५९।९।२३ मा निजकी श्रीमति डम्वरी के.सी. को उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** यस सम्बन्धमा आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार निज दिल बहादुर खत्री (के.सी.) लाई मिति २०५८।९।१३ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गर्न गएका बखत जिल्ला प्रहरी कार्यालयले पक्राउ गरी नरसिंह दल गण सिमखर्क, सल्यानलाई बुझाएको । नरसिंह दल गणले मिति २०५८।९।१७ गते आफ्नो नियन्त्रणमा रहेका दिल ब. खत्रीलाई सेजवाल टाकुराको जंगलमा रातको समयमा लगि पछाडिबाट गोली हानी हत्या गरेको बुझियो । अतः यस घटनाले निजको बाँच्न पाउने हकको उल्लंघन हुन गएकोले मृतकका कानून बमोजिमका हकवालालाई क्षतिपूर्ति स्वरुप रु. ३,००,०००।- प्रदान गर्न र दोषीलाई कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।९।२५ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२२६ संरक्षण १०२ मिति २०६६।११।१७ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।९।२५ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

क्षतिपूर्ति निकासातर्फ कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३१३**

१. **पीडितको नाम, थर र ठेगाना** रोशनध्वज मल्ल, डोर वहादुर छन्त्याल र टीका छन्त्याल, देवीस्थान, बागलुङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** बागलुङ्ग जिल्ला देवीस्थान गा.वि.स.का राष्ट्रिय जनमोर्चाका कार्यकर्ता रोशनध्वज मल्ल, डोर वहादुर छन्त्याल र टीका छन्त्याललाई २०५८।८।२१ गते सुरक्षाकर्मीहरूको टोलीले बागलुङ्गकै अर्गल भन्ने ठाउँमा लगि गोली हानी हत्या गरेकोले पीडकलाइ कार्वाही तथा पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन आयोगमा मिति २०५८।१२।१२ मा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** घटनाको सम्बन्धमा आयोगको अनुसन्धानबाट मृतकहरूलाई सुरक्षाकर्मीले भिमगिठ्ठे सुरक्षापोष्टमा हाजिर हुन बोलाई नियन्त्रणमा लिई त्यहाँबाट हेलिकप्टरमा हाली अर्गल गा.वि.स.मा लगी सो गा.वि.स.को वडा नं. ९ को गयारको डाँडामा चौरमा लगी हत्या गरेको देखिन आएको हुँदा गैरन्यायिक हत्याका पीडित व्यक्तिहरूका कानून बमोजिमका नजिकका हकवालालाई जनही रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन, दोषी पहिचान गरी कानून

बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने । मिसिलमा स्याङजा पुतलीवजार ४ का राम शाह समेत पीडित भनिएको तर अनुसन्धान भएको नदेखिएकोले राम शाहको हकमा छुट्टै उजूरी दर्ता छ, छैन ? भएको भए अलग्गै अनुसन्धान गरी प्रतिवेदन पेश गर्नु भन्ने मिति २०६६।९।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२२८ मिति २०६६।११।१७ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।९।२५ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३१४**

१. **पीडितको नाम, थर र ठेगाना** नरेन्द्र लिम्बु, थिङ्गलाबु-५, ताप्लेजुङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ३२१५, ताप्लेजुङ्ग जिल्ला थिङ्गलाबु गा.वि.स. वडा नं. ५ स्थायी घर भई फाकुम्बा गा.वि.स.को महेन्द्र मा.वि.मा अध्ययनरत १४ वर्षीय विद्यार्थी नरेन्द्र लिम्बुलाई विनाकारण सुरक्षाफौजबाट मिति २०५९।१।२० मा हत्या गरिएकोमा पीडकलाइ कार्वाही तथा पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन आयोगमा मिति २०५९।३।२१ म उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** उक्त बालक कक्षा ७ मा अध्ययन गरिरहेको सामान्य विद्यार्थी भएको, घरको आर्थिक अवस्था निम्न भएकोले गर्दा मृतकका परिवारलाई रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।९।२५ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२२९ संरक्षण ३२१५ मिति २०६६।११।१७ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।९।२३ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३१५**

१. **पीडितको नाम, थर र ठेगाना** भिम वहादुर थापा मगर, रुचाङ-८, नवलपरासी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** नवलपरासी जिल्ला रुचाङ गा.वि.स. वडा नं. ८ का भिम वहादुर थापा मगरलाई हत्या गरिएको सम्बन्धमा निजलाई नेकपा (माओवादी) ले श्रम कैदमा राखेको भनिएको समयमा सर्चमा गएका सरकारी सुरक्षाकर्मीहरूद्वारा मिति २०६०।७।४ मा गोली हानी हत्या गरेको र लाश गाडी हिंडेकोमा पीडकलाइ कार्वाही तथा पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन आयोगमा मिति २०६३।४।३१ मा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** निज मगरलाई नेकपा माओवादीले श्रम कैदमा राखेको अवस्थामा सोही क्षेत्रमा सर्चमा गएको बेला सुरक्षाकर्मीले हत्या गरी लाश गाडी हिंडेको हुँदा युद्धका समयमा गैरसैनिक व्यक्तिको हत्या हुन गई बाँच्न

पाउने अधिकारको उल्लंघन हुन गएकोले पीडितका कानून बमोजिमका हकवालालाई क्षतिपूर्ति वापत रु. ३,००,०००।- प्रदान गर्न, मृतकका नाबालक छोराहरूको लागि निःशुल्क शिक्षाको व्यवस्था मिलाउन र दोषी सुरक्षाकर्मी पहिचान गरी कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२७४ संरक्षण २ मिति २०६६।११।२० मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ४०५ मिति २०६६।१२।२ मा आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना ईकाईलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।३ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको तथा नाबालकलाई निःशुल्क अध्ययनको व्यवस्था मिलाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३१६**

१. **पीडितको नाम, थर र ठेगाना** नरवहादुर रानामगर र तुलसी गाहा मगर, रुचाङ-६, नवलपरासी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** नवलपरासी जिल्ला रुचाङ गा.वि.स. वडा नं. ६ का नर वहादुर रानामगर र तुलसी गाहा मगरलाई मिति २०६१।७।२ मा साँझ आफ्नो बारीमा दुम्सी कुर्न गएको समयमा गस्तीमा गएका सुरक्षाफौजद्वारा पक्राउ गरी हत्या गरेकोले छानवीन गरी दोषीउपर कार्वाही तथा पीडितका परिवारलाई आवश्यक क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६१।८।४ मा आयोगमा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** समातिएका मध्ये अन्य व्यक्तिहरूलाई छोडिएको तर निज नरवहादुर राना मगर र तुलसी गाहा मगरको भने गैर न्यायिक हत्या भएको तथ्य पाइयो । अतः यस कार्यले बाँच्न पाउने अधिकारको गम्भीर उल्लंघन भएकोले पीडितहरू नरवहादुर राना मगर र तुलसी गाहा मगरको कानून बमोजिमका हकवालालाई जनही रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न, नाबालकहरूको लागि निःशुल्क शिक्षादिक्षाको प्रवन्ध मिलाउन र दोषी सुरक्षाकर्मी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२७५ संरक्षण २८।३० मिति २०६६।११।२० मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ४०५ मिति २०६६।१२।२ मा आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना इकाइलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।३ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको तथा नाबालकलाई निःशुल्क अध्ययनको व्यवस्था मिलाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३१७**

१. **पीडितको नाम, थर र ठेगाना** ऋषिराम कुमाल, बुलिङटार-३, नवलपरासी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** नवलपरासी जिल्ला, बुलिङटार गा.वि.स. वडा नं. ३ बस्ने ऋषिराम कुमाललाई मिति २०६२।११।२५ गते दिउँसो अन्दाजी ३:०० बजे तत्कालीन शाही नेपाली सेनाका बर्दिमा आएका सुरक्षाकर्मीहरूले हत्या गरिएकोले पीडकलाइ कार्वाही तथा पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन आयोगमा मिति २०६३।५।८ मा उजूरी दर्ता।

४. **आयोगको निर्णय/सिफारिश** यसरी एकजना सर्वसाधारणलाई बिना कुनै कारण हत्या गरेको घटनाले बाँच्न पाउने अधिकारको गम्भीर उल्लंघन हुन गएकोले पीडितका कानून बमोजिमका हकवालालाई रु. ३००,०००।- क्षतिपूर्ति प्रदान गर्न र घटनामा संलग्न दोषी सुरक्षाकर्मी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२७६ संरक्षण ३४ मिति २०६६।११।२० मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ४०५ मिति २०६६।१२।२ मा आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना इकाइलाई लेखिएको पत्रको बोधार्थ प्राप्त।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।३ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३१८**

१. **पीडितको नाम, थर र ठेगाना** इश्वरी दमाई र कल्लु सार्की, तुल्सीपुर-३, दाङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** दाङ्ग जिल्ला तुल्सीपुर नगरपालिका वडा नं. ३ बस्ने इश्वरी दमाई तथा ऐ. बस्ने कल्लु सार्कीहरू मिति २०५९।२।४ गते गाउँकै शारदा घर्तीले काठामाडौंबाट ल्याएको टेपरेकर्डर सुन्न गएको र निजहरूलाई लिन गइ हामी आमा छोराहरू घर फर्की आउँदै गर्दा साँझ अन्दाजी ८:०० बजेतिर तुलसीपुरबाट गस्तीमा आएका प्रहरीहरूले एक्कासी गोली चलाउँदा घटनास्थलमा नै मृत्यु भएको र निजहरूको साथमा नै रहेका आमाहरू तारादेवी परियार र चम्पादेवी सर्किनीलाई गोली लागि घाइते तथा अपाङ्ग भएकाले क्षतिपूर्तिको लागि आवश्यक पहल गरिदिनको लागि मिति २०६०।१२।२३ मा आयोगमा उजूरी दर्ता।

४. **आयोगको निर्णय/सिफारिश** जिल्ला प्रशासन कार्यालय, दाङले मिति २०६१।१।१३ मा आयोगलाई पठाएको पत्रमा समेत निजहरू निर्दोष भएको र मृतकका नजिकका आश्रित परिवारलाई राहत स्वरुप आर्थिक सहयोग उपलब्ध गराउनेतर्फ कार्वाही चलाइएको भनि उल्लेख भएको पाइयो। अतः पीडितका कानून बमोजिमका हकवालाले जनही रु. १,००,०००।- क्षतिपूर्ति पाइसकेको भन्ने बुझिएका व्यक्तिबाट खुल्न आएकोले थप जनही रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र दोषी पहिचान गरी कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।७ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९५ संरक्षण २५४।नेपालगन्ज मिति २०६७।२।२० मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।७ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

पीडितका हकदारले पहिले नै रु. १,००,०००। बुझिसकेको र पुनः पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३१९**

१. **पीडितको नाम, थर र ठेगाना** जंगली डगौरा र जंगीरुवा डगौरा, पहलमानपुर-५, कैलाली

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला पहलमानपुर गा.वि.स. वडा नं. ५ बस्ने जंगली डगौरा र जंगीरुवा डगौराको मिति २०६०।७।५ मा सुरक्षाफौज र माओवादीबीच दोहोरो भिडन्त हुँदा रासन लिई घरमा आइरहेको बेलामा मारिएकोले छानवीन गरी आवश्यक कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी आयोगमा मिति २०६३।३।७ मा उजूरी दर्ता ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** यस कार्यले निजहरूको बाँच्न पाउने अधिकारको उल्लंघन भएकोले मृतकहरूका कानून बमोजिमका हकवालाहरूलाई जनही रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र दोषी पत्ता लगाई कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।२६ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १६९४ संरक्षण ३३८। धनगढी मिति २०६७।३।१४ मा श्री प्र.म.म.प.को कार्यालयलालाई आयोगको निर्णय कायान्वयनको लागि सिफारिश पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।२६ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३२०**

१. **पीडितको नाम, थर र ठेगाना** चन्द्रकला वि.क. (वालिका), देवीसरा वि.क. र अमृता वि.क. (बाँसपानी घटना) हरिहरपुर-२, सुर्खेत

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** बर्दिया राष्ट्रिय निकुञ्जको बाँसपानी क्षेत्रमा २०६६ फागुन २६ गते नेपाली सेनाको ज्वालादल गण ठाकुरद्वाराबाट खटिएको गस्ती टोलीद्वारा प्रहार गरिएको गोलीबाट सुर्खेत जिल्ला हरिहरपुर गा.वि.स. वडा नं. २ बस्ने १२ वर्षिया बालिका चन्द्रकला वि.क., ३५ वर्षिया देवीसरा वि.क. र ३२ वर्षिया अमृता वि.क. समेत ३ जना महिलाहरूको मृत्यु भएको घटनाको सम्बन्धमा आयोगबाट मिति २०६६।११।२८ मा आफ्नै स्वविवेकमा उजूरी ग्रहण गरिएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश**

- नियन्त्रणमा लिन सकिने पर्याप्त सम्भावना रहँदारहँदै अत्याधिक बल प्रयोग गरी गोली चलाउन आदेश दिने नेपाली सेना ज्वालादल गण, ठाकुरद्वारा बर्दियाबाट खटिई गएका उपसेनानी सुवोध कुवँर लगायत अन्य संलग्न सेनाका व्यक्तिहरूको पहिचान गरी नियमित अदालतमा फौजदारी मुद्दा चलाउन साथै घटनासँग सम्बन्धित सबुत प्रमाणहरू हेरफेर गर्ने व्यक्तिहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न,
- मृतकहरूका कानून बमोजिमका हकवालाहरूलाई क्षतिपूर्ति स्वरुप राष्ट्रिय मानव अधिकार आयोग उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण नियमावली, २०५७ बमोजिम जनही रु. ३,००,०००।- उपलब्ध गराउन,
- मृतकका बालबालिकाहरूलाई राज्यको तर्फबाट निःशुल्क शिक्षाको व्यवस्था गर्न,
- मृतकहरूका परिवारको आर्थिक अवस्था कमजोर भएका कारण दैनिक जीविकोपार्जनको लागि काउलोको रुखको बोक्रा काट्न गएको अवस्थामा मृत्यु भएको देखिँदा त्यस क्षेत्रका दलित समुदाय लगायत स्थानीयवासीहरूको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउन नेपाल सरकारबाट सरोकारवाला निकायहरूसँग समन्वय गरी उपयुक्त कार्यक्रमहरू सञ्चालन गर्न,

- निकुञ्जको क्षेत्रमा यस प्रकारका घटनाहरू दोहोरिन नदिन सम्पूर्ण राष्ट्रिय निकुञ्जहरूसँग सम्बन्धित जनशक्तिलाई मानव अधिकार संरक्षण सम्बन्धी तालीमको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने आयोगको मिति २०६६।१२।१९ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १३६४ मिति २०६६।१२।१९ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारलाई क्षतिपूर्ति रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको, घटनामा सुरक्षाकर्मीको दोष नदेखिएको विवरण आएको र पीडितका सन्तानहरूका निमित्त छात्रवृत्ति सहित निःशुल्क अध्ययन उपलब्ध गराइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३२१**

१. **पीडितको नाम, थर र ठेगाना** विष्णु कुमार मेन्याङवो, धेचम्वु-६ खाल्टे, ताप्लेजुङ

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** ताप्लेजुङ जिल्ला धेचम्वु वडा नं ६ खाल्टे निवाासी विष्णु कुमार मेन्याङवोलाई मिति २०६२ साल कार्तिक १ गते सुरक्षाकर्मीदेखि आफ्नो सुरक्षाको निम्ति भाग्दै गर्दा सुरक्षाकर्मीहरूले हत्या गरेकोले सो घटनामा संलग्न दोषीलाई आवश्यक कार्वाही र पीडित परिवारलाई आवश्यक क्षतिपूर्ति दिलाउनका लागि आवश्यक पहल गरिपाउँ भनी उजूरी प्राप्त।

४. **आयोगको निर्णय/सिफारिश** निजका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति, बालबच्चालाई निशुल्क शिक्षाको व्यवस्था, दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न मिति २०६७।२।३ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं.२९४ संरक्षण ४९५ मिति २०६७।६।१२ मा प्र.म.म.का.लाई सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६७।३।२ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३२२**

१. **पीडितको नाम, थर र ठेगाना** टामन खतिवडा र गोपाल अधिकारी, नाङखोल्याङ-३, ताप्लेजुङ

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** ताप्लेजुङ जिल्ला नाङ्खोल्याङ गाविस वडा नं. ३ बस्ने बर्ष १९ का गोपाल अधिकारीलाई र वर्ष १६ का टामन खतिवडालाई आफ्नो कामको सिलसिलामा जाँदा सुरक्षाकर्मीले हत्या गरेकोले सो घटनामा संलग्न दोषीलाई आवश्यक कार्वाही र पीडित परिवारलई आवश्यक क्षतिपूर्ति दिलाउनका लागि आवश्यक पहल गरिपाउँ भनी आयोगमा परेको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** निजका हकवालालाई जनही रु. ३,००,०००।- क्षतिपूर्ति दिन र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न सिफारिश गर्ने भनी मिति २०६७।२।३ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं.२९५ संरक्षण १९३, १९४ मिति २०६७।६।१२ मा प्र.म.म.का.लाई सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९

मा जनही रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६७।३।२ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३२३**

१. **पीडितको नाम, थर र ठेगाना** छत्र काम्बाङ र विनय भनिने चन्द्रवीर काम्वाङ, ओयाम-४ लिख्याङ, पाँचथर

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पाँचथर जिल्ला ओयाम गा.वि.स वडा नं ४ लिख्याङ घर भएका वर्ष १७ का छत्र काम्बाङ र निजका भाई वर्ष १५ का विनय भनिने चन्द्रवीर काम्वाङलाई सुरक्षाकर्मीको कारवाहीमा मारिएकोले सो घटनामा संलग्न दोषीलाई आवश्यक कार्वाही र पीडित परिवारलई आवश्यक क्षतिपूर्ति दिलाउनका लागि आवश्यक पहल गरिपाउँ भनी उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** निजका हकवालालाई जनही रु. ३,००,०००।- क्षतिपूर्ति, मृतक छत्र कम्वाङको नावालक बच्चालाई शिक्षाको व्यव्स्था गर्न, दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न साथै जिल्ला प्रशासन कार्यालय, पाँचथरबाट निजको परिवारलाई आर्थिक सहायता स्वरुप रु. ५,०००।- कट्टा गरी क्षतिपूर्ति उपलब्ध गराउन भनी मिति २०६७।२।३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं.२९६ संरक्षण २०८६ मिति २०६७।६।१२ मा प्र.म.म.का.लाई सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६७।३।२ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३२४**

१. **पीडितको नाम, थर र ठेगाना** दयानिधि बर्मा, खासकारकाँदो-१ भुजै, बाँके

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला खासकारकाँदो गा.वि.स वडा नं १ भुजै गाउँ बस्ने दयानिधि बर्मालाई सुरक्षाकर्मीले पक्राउ पश्चात हत्या गरिएकोले सो घटनामा संलग्न दोषीलाई आवश्यक कार्वाही र पीडित परिवारलाई आवश्यक क्षतिपूर्ति दिलाउनका लागि आवश्यक पहल गरिपाउँ भनी उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** आश्रित परिवारलाई रु. ३,००,०००।- क्षतिपूर्ति, घटना घटाउन आदेश दिन तत्कालीन मध्यपश्चिम पृतना हेडक्वाटरका प्रमुख तथा प्रवक्ता यज्ञबहादुर रजौरे लगायत टोली प्रमुख लगायत सेना जवानहरूलाई कानून बमोजिम कार्वाही गर्न मिति २०६७।२।३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं.२९७ संरक्षण १ मिति २०६७।६।१२ मा प्र.म.म.का.लाई सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६७।३।२ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३२५**

१. **पीडितको नाम, थर र ठेगाना** चोपीराम सार्की, थारमारे-४ लामिडाँडा, सल्यान

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** सल्यान जिल्ला थारमारे गा.वि.स. वडा नं. ४ लामिडाँडा बस्ने चोपीराम सार्कीलाई मिति २०५९।३।२१ गते नागरिकता बनाउनको लागि जिल्ला प्रशासन कार्यालय गएको समयमा सोही कार्यालय परिसरबाटै नेपाली सेनाले पक्राउ गरी गैरन्यायिक हत्या गरेकोले सो सम्बन्धमा आवश्यक छानवीन गर्नको लागि इन्सेक जिल्ला प्रतिनिधिले आयोगमा मिति २०६३।७।१४ मा दर्ता गराएको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** निजको बाँच्न पाउने अधिकारको गम्भीर उल्लंघन भएकोले पीडितका कानून बमोजिमका हकवालालाई क्षतिपूर्ति स्वरुप रु. ३,००,०००|- प्रदान गर्न र घटनामा संलग्न दोषी सुरक्षाकर्मी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।३।३० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. ३१७ संरक्षण १०६४। नेपालगन्ज मिति २०६७।६।१४ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** कार्यान्वयनको क्रममा रहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ३२६**

१. **पीडितको नाम, थर र ठेगाना** सन्चुराम थारु, कलपति थारु, परदेशनी थारु, सुशिला थारु र मान बहादुर दहित, ठाकुरद्वार ा-१, वर्दिया

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला वर्दिया ठाकुरद्वारा गा.वि.स. वडा नं. १ बस्ने सन्चुराम थारु, कलपति थारु, परदेशनी थारु, सुशिला थारु, मान बहादुर दहितलाई बलजफ्ती हामीसँग हिंड भनी गाडीमा हाली व्यारेकतिर लगेको र हालसम्म निजहरू सबैको स्थिति अज्ञात रहेकोले निजहरूको खोजतलास गरी स्थिति सार्वजनिक गरीपाउँ भनी मिति २०६२।७।२२ मा आयोगमा प्राप्त उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट उनीहरू सबैलाई आफ्नो नियन्त्रणमा लिइसकेपछि हत्या गरेको पाइयो । अतः यस कार्यबाट सन्चुराम थारु, कलपति थारु, परदेशनी थारु, सुशिला थारु र मान बहादुर दहितको बाँच्न पाउने हकको उल्लंघन हुन गएकोले पीडितहरूका कानून बमोजिमका नजिकका हकवालाहरूलाई जनही रु. ३,००,०००|- क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।३।३० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३१९ संरक्षण २८१, ७६८, ७६९, ७७०, ७६७।नेपालगन्ज मिति २०६७।६।१४ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** कार्यान्वयनको क्रममा रहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ३२७**

१. **पीडितको नाम, थर र ठेगाना** शिवप्रसाद पराजुली, लेखनाथ-२, कास्की

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. २ बस्ने शिवप्रसाद पराजुलीको गैरकानूनी हत्या भएको भनी आयोगमा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** निजको बाँच्न पाउने अधिकारको गम्भीर उल्लंघन भएकोले पीडितको कानून बमोजिमको हकवालालाई क्षतिपूर्ति वापत रु. ३,००,०००।- प्रदान गर्न, बालबच्चाहरूको निःशुल्क शिक्षाको व्यवस्था गर्न र घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।३।३० को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. ३११ संरक्षण २१८८। पोखरा मिति २०६७।६।१४ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** सुरक्षाकर्मीको दोष नदेखिएको, पीडितका सन्तानहरूका लागि छात्रवृत्ति सहित निःशुल्क अध्ययन उपलब्ध गराइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ख) माओवादीद्वारा हत्या**

**क्रम संख्या – ३२८**

१. **पीडितको नाम, थर र ठेगाना** गोविन्द गिरी, खाँदवारी-२, संखुवासभा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** संखुवासभा जिल्ला खाँदवारी गा.वि.स. वडा नं. २ का गोविन्द गिरीलाई मिति २०५९।९।६ गते माओवादीका कार्यकर्ताले अपहरण गरी बेपत्ता वनाएकोले खोजतलास गरी सकुसल मुक्त गराईपाउँ भनी आयोगमा मिति २०६२।३।३० मा पर्न आएको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** वन रक्षक गोविन्द गिरीलाई सुराकीको आरोपमा नेकपा (माओवादी) ले अपहरण गरी मारेको तथ्य माओवादीका तत्कालीन जिल्ला सेक्रेटरीले विज्ञप्ति समेत निकाली स्विकार गरिसकेकोले अपराधी पत्ता लगाई प्रचलित फौजदारी कानून बमोजिम फौजदारी अपराधमा कार्वाही गर्न र मृतकका परिवारलाई रु. ३,००,०००।- क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०६६।५।९ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २४१ संरक्षण २४९, विराटनगर मिति २०६६।६।६ गते प्र.म. म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३२९**

१. **पीडितको नाम, थर र ठेगाना** उद्धव प्रसाद शिवाकोटी, लामीडाँडा-६, दोलखा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** दोलखा जिल्ला लामीडाँडा गा.वि.स. वडा नं. ६, सिंगटी बस्ने कालिनाग मा.वि. सिंगटीका शिक्षक उद्धव प्रसाद शिवाकोटीलाई मिति २०६०।५।१० गते साँझ ७:०० बजे निजको आफ्नै निवासबाट नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी लगेको घटनामा पीडकलाइ कार्वाही तथा पीडितलाई अपहरण मुक्त गराउन मिति २०६०।५।१५ मा निजकी आमा डम्बर कुमारी शिवाकोटीबाट आयोगमा उजूरी दर्ता।

४. **आयोगको निर्णय/सिफारिश** हत्यामा संलग्न दोषीको पहिचान गरी फौजदारी अभियोगमा कानूनी कार्वाही गर्न र पीडितका २ जना छोराहरूको निःशुल्क शिक्षादिक्षाको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०६६।५।१७ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ७७५ संरक्षण ८७७ मिति २०६६।७।१८ गते प्र.म. म.प.को

कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र आश्रित सन्तानहरूलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३३०**

१. **पीडितको नाम, थर र ठेगाना** प्रेम वहादुर ठोकर, जगतपुर-६, चितवन

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** चितवन जिल्ला जगतपुर–६, नयाँ वस्तीका प्रेम वहादुर ठोकरलाई मिति २०६३ बैशाख २९ गते नेकपा (माओवादी) का कार्यकर्ताहरूले नियन्त्रणमा लिई कुटपीट गरी चरम यातना दिएका कारण नेकपा माओवादीका पूर्व कार्यकर्ता प्रेम बहादुर ठोकरको मृत्यु भएको भनी राष्ट्रिय मानव अधिकार प्रतिष्ठानको मिति २०६३।१।३१ को प्रेस विज्ञप्तीलाई आधार मानी आयोगको स्वविवेकमा उजूरीको रुपमा ग्रहण गरिएको ।

४. **आयोगको निर्णय/सिफारिश** नेकपा (माओवादी) का कार्यकर्ताहरूले निःशस्त्र अवस्थामा रहेको व्यक्तिलाई कब्जामा लिई यातना दिई अमानविय तरिकाले मारेको देखिएको हुँदा सो कार्य अन्तर्राष्ट्रिय मानविय कानूनको साझा धारा ३ तथा मुलुकी ऐन, ज्यान सम्बन्धी महलमा उल्लेखित प्रावधान विपरित छ । अतः सो घटनामा संलग्न नेकपा (माओवादी) का कार्यकर्ताहरूलाई कानून बमोजिम कार्वाही गर्न र पीडितका कानून बमोजिमको हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।७।१९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. ८६८ संरक्षण ३६०३ मिति २०६६।८।१५ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ३३१**

१. **पीडितको नाम, थर र ठेगाना** दिर्गराज गिरी, दुवाचौर-९, सिन्धुपाल्चोक

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** सिन्धुपाल्चोक जिल्ला दुवाचौर गा.वि.स. वडा नं. ९ बस्ने दिर्गराज गिरीलाई नेकपा (माओवादी) कार्यकताद्वारा मिति २०६१।२।१८ मा अपहरण गरी पछि मिति २०६१।३।१ गते निजको भौतिक सफाया गरेको भनी सूचना टाँस गरेकोले उक्त घटनाको छानवीन गरी दोषीलाई कार्वाही गर्न र संस्कार बमोजिमको कार्य गर्न पाउन भनी आयोगमा मिति २०६१।३।७ मा निजका छोराहरूबाट परेको उजुरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** निशस्त्र व्यक्तिलाई अपहरण गरी हत्या गरिएको यस घटनामा नेकपा (माओवादी) ले अन्तर्राष्ट्रिय मानविय कानूनको साझा धारा ३ को उल्लंघन गरेको छ र नेपालको मुलुकी ऐन, ज्यान सम्बन्धी महलको प्रावधान समेतको विपरित छ । अतः यस घटनामा संलग्न दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न, पीडित को नजिकको हकवालाले रु. १,००,०००।- क्षतिपूर्ति पाएको बुझिएकोले थप रु. २,००,०००।- क्षतिपूर्ति प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।७।१९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ९०८ संरक्षण १८५० मिति २०६६।८।२३ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ३३२**

१. **पीडितको नाम, थर र ठेगाना** रामहरि श्रेष्ठ, रामपुर-२, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** रामेछाप जिल्ला रामपुर गा.वि.स. वडा नं. २ घर भई कोटेश्वर शान्तिमार्गमा बस्ने रामहरि श्रेष्ठलाई मिति २०६५।१।१५ गते राती २:०० बजे आफ्नै निवासबाट गोविन्द बटाला आएर सामान्य सोधपुछ गर्नुछ भनी लिएर गएको । तत्पश्चात निजको हत्या गरिएको सम्बन्धमा दोषिलाई कार्वाही गरी क्षतिपूर्ति दिलाइपाउँ भनी आयोगमा मिति २०६५।२।८ मा परेको उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न व्यक्तिमाथि जिल्ला अदालतमा ज्यान सम्बन्धी महल बमोजिम मुद्दा दायर भई हाजिर भएका व्यक्तिको बयान भई हाल थुनामा रहेको र आरोपित अन्य व्यक्तिका नाममा अदालतबाट वारेण्ट समेत जारी भएको बुझिन आएकोले आरोपित व्यक्ति माथि कानून बमोजिम कार्वाही साधिकार निकायबाट शुरु भईरहेकोले हत्यातर्फ केही बोलिरहनु परेन । पीडितका कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।७।२६ को निर्णय ।

मैना सुनुवार तथा रामहरि श्रेष्ठ लगायतका मुद्दाहरू मानव अधिकार हनन् तथा ज्यादती सम्वन्धि भएकाले नियमित अदालत वाहेक सैनिक अदालत वा जन-अदालत भनिएको वा त्यस्तै प्रकृतिको अन्य कुनै अदालतको क्षेत्राधिकारको विषय नभएकोले साधिकार अदालतमा कारवाहीयुक्त अवस्थामा रहेका आरोपित व्यक्तिहरूलाई पक्राउ गरी बुझाउन र कानून वमोजिम कार्वाही अगाडि बढाउनको लागि यस आयोगबाट भएको सिफारिश र सर्वोच्च अदालतवाट आदेश भइसकेका सम्पूर्ण मुद्धाहरूमा तत्काल कार्वाही अगाडि बढाउन आयोगको विभिन्न मितिमा भएका सिफारिशहरू बमोजिम कार्वाही हुन आयोग नेपाल सरकारलाई पुनः आग्रह गर्दछ भन्ने आयोगको मिति २०६६।९।९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. ९४२ संरक्षण ४४०८ मिति २०६६।८।२२ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।७।२६ मा निर्णय भएको जानकारी पत्र प्राप्त । मुद्दा चलेको बुझिएको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ३३३**

१. **पीडितको नाम, थर र ठेगाना** इन्द्रराज ढकाल, ओथाम-८, पाँचथर

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. २५६, पाँचथर जिल्ला ओथाम गा.वि.स. वडा नं. ८ बस्ने इन्द्रराज ढकाललाई नेकपा (माओवादी) ले मिति २०६०।६।२५ मा अपहरण गरी केही दिन पश्चात हत्या गरेको भनी जानकारी आएको हुनाले उक्त घटना सम्बन्धमा अनुसन्धान गरी दोषीलाई कार्वाही गरी क्षतिपूर्ति दिलाइपाउँ भनी आयोगमा परेको मिति २०६२।४।९ को उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** द्वन्द्वको समयमा गैरसैनिक व्यक्तिको कब्जामा लिईसकेपछि हत्या गरिएको घटनाले आधार भूत मानव अधिकार र अन्तर्राष्ट्रिय मानविय कानूनको उल्लंघन भएको देखियो । अतः पीडितका कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न, पीडितका नाबालकहरूलाई निःशुल्क शिक्षादिक्षाको प्रवन्ध मिलाउन र घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।९।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२२७ संरक्षण २५६ मिति २०६६।११।१७ मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।९।२३ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको तथा आश्रित सन्तानहरूका लागि छात्रवृत्ति सहित निःशुल्क अध्ययन उपलब्ध गराइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३३४**

१. **पीडितको नाम, थर र ठेगाना** दधिलाल घिमिरे, ह्वाङ्गडी, गुल्मी

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** गुल्मी जिल्ला ह्वाङ्गडी गा.वि.स. निवासी दधिलाल घिमिरेलाई नेकपा (माओवादी) का कार्यकर्ताहरूले अपहरण गरी हत्या गरेको घटना सम्बन्धमा आयोगमा परेको मिति २०६३।१०।२३ को उजुरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** यस कार्यबाट निजको बाँच्न पाउने अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघन भएकोले पीडितका हकवालाले यस अघि रु. १,५०,०००।- क्षतिपूर्ति पाएको देखिँदा थप रु. १,५०,०००।- क्षतिपूर्ति प्रदान गर्न र घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।९।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. १२३३ संरक्षण ५१५ मिति २०६६।११।१७ मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. १,५०,०००।- क्षतिपूर्ति दिन मिति २०६६।९।२३ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. २,५०,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३३५**

१. **पीडितको नाम, थर र ठेगाना** विकास रोक्का, पदमपोखरी-७, मकवानपुर

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ३७४९, मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स. वडा नं. ७, घडेरी डाँडा बस्ने वर्ष २२ को विकास रोक्कालाई छिमेकीको घरमा बसिरहेको अवस्थामा नेकपा (माओवादी) का कार्यकर्ताहरूले कब्जामा लिई लगेको हुनाले स्थिति सार्वजनिक गरीपाउँ भन्ने मिति २०६३।५।५ को आयोगमा दर्ता उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार निज विकास रोक्कालाई नेकपा (माओवादी) सम्बद्ध व्यक्तिहरूले २०६०।६।१ मा आफ्नो कब्जामा लिई गएको, निजको हत्या भईसकेको भनि नेकपा (माओवादी) का जिम्मेवार व्यक्तिहरूले आयोगलाई वताएको र मृतकका परिवारलाई काजकिरिया गर्नु भनी जानकारी दिएको बुझिन आयो। अतः यस कार्यले मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनको अतिक्रमण भएकोले मृतकका कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।९।२५ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२२४ संरक्षण ३७४९ मिति २०६६।११।१७ मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।९।२३ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध

गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३३६**

१. **पीडितको नाम, थर र ठेगाना** राजेन्द्र वञ्जारा, गुलरिया-४, वर्दिया

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला वर्दिया गुलरिया न.पा. वडा नं. ४ बस्ने राजेन्द्र वञ्जारालाई नेकपा माओवादीका कार्यकर्ताहरूद्वारा कुटपीट गरी मृत्यु भएको सम्बन्धमा दोषीलाई कार्वाही गरी मानव अधिकारको रक्षा गरीपाउँ भनी आयोगमा मिति २०६३।७।२६ मा परेको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** मृतकका कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन, घटनामा संलग्न नेकपा (माओवादी) का कार्यकर्ताहरू नक्कु गोडीया १, नक्कु गोडीया २, प्रमोद खड्का, वंशावली समेत उपर कर्तव्य ज्यान मुद्दा दायर गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।९।२५ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२३७ संरक्षण १०८५ मिति २०६६।११।१७ मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।९।२३ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३३७**

१. **पीडितको नाम, थर र ठेगाना** उदयराम जैसी, कालेकाँडा-२, अछाम

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** अछाम जिल्ला कालेकाँडा गा.वि.स. वडा नं. २ बस्ने उदयराम जैसीको अपहरण पश्चात नेकपा (माओवादी) बाट हत्या गरिएको भन्ने घटना सम्बन्धमा दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति दिलाइपाउँभनी आयोग समक्ष मिति २०६३।४।२३ मा परेको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** पीडितका परिवारले नेपाल सरकारबाट क्षतिपूर्ति बापत रु. १,५०,०००।- रकम बुझिसकेको प्रतिवेदनबाट खुल्न आएकोले सो रकम कटाई थप रु. १,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र अपहरणमा संलग्न गोपी जैसी समेत उपर मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।२६ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. १६९५ संरक्षण ३९१ मिति २०६७।३।१४ मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।२६ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. १,५०,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३३८**

१. **पीडितको नाम, थर र ठेगाना** चन्द्रसिंह गुरुङ्ग, रजहर-८, नवलपरासी

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** नवलपरासी जिल्ला रजहर गा.वि.स. वडा नं. ८ वरटाँडी घर भई ऐ. जिल्लाको दिव्येश्वरी गा.वि.स. स्थित शंकर ग्याँस कम्पनीमा सुरक्षा गार्डको रुपमा कार्यरत चन्द्रसिंह गुरुङ्गलाई नेकपा (माओवादी) बाट मिति २०६१।२।७ मा अपहरण गरी लगेकोले निजको जीवन रक्षा गरीपाउँ भनी आयोगमा मिति २०६१।१०।४ मा प्राप्त उजूरी।

४. **आयोगको निर्णय/सिफारिश**निज गुरुङ्गलाई मिति २०६१।२।७ मा नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी मिति २०६१।२।१३ मा हत्या गरेको पाइयो। निजको मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघन भएको पाइएकोले पीडितको कानून बमोजिमको नजिकको हकवालालाई क्षतिपूर्ति स्वरुप रु. ३,००,०००।- प्रदान गर्न र दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।३।३० को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. ३१२ संरक्षण २६०५।पोखरा मिति २०६७।६।१४ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३३९**

१. **पीडितको नाम, थर र ठेगाना** वेद बहादुर थापा, धनप्रसाद आचार्य र कृष्ण खड्का (शाही नेपाली सेना)

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६१।१२।१३ गते रामेछाप जिल्लाको खिम्तीबाट काठमाडौ तर्फ आउँदै गरेको बसमा यात्रा गरिरहेका शाही नेपाली सेनाका अम. बेद बहादुर थापा, प्युठ धन प्रसाद आचार्य र सिपाही कृष्ण खड्कालाई सोही दिन विहान १०:४५ बजे ने.क.पा.(माओवादी)हरूले दोलखा जिल्लाको डुँडे ईलाकाबाट अपहरण गरी ओखरबोट ईलाकामा लगी सोही रात हात बाँधी धारिलो हतियार प्रयोग गरी अन्त्यमा ऋुर एवं निर्ममता पूर्वक हत्या गरेको भनी शाही नेपाली सेनाबाट आयोगमा आएको जानकारीलाई आयोगले मिति २०६१।१२।१९ मा उजूरीको रुपमा ग्रहण गरिएको।

४. **आयोगको निर्णय/सिफारिश** निजहरूलाई कब्जामा लिएर ओखरबोटे इलाकामा लगि मारिएको र सो कार्यको नेतृत्व नेकपा माओवादीका कार्यकर्ता किरण दाहालले गरेको बुझियो। अतः नेकपा माओवादीको उक्त कार्यबाट जेनेभा महासन्धीको साझा धारा ३ समेतको उल्लंघन भएकोले पीडितहरू वेद ब. थापा, धन प्रसाद आचार्य र कृष्ण खड्काका कानून बमोजिमका नजिकका हकवालाले हालसम्म क्षतिपूर्ति नपाएको भए जनही रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न किरण दाहाल समेतलाई फौजदारी अभियोगमा कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।३।३० को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३२८ संरक्षण २८०८ मिति २०६७।६।१५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ग) दोहोरो भिडन्तमा मृत्यु**

**क्रम संख्या – ३४०**

१. **पीडितको नाम, थर र ठेगाना** सुर्य बुढा, कालिकाखेतु-३ तल्लो कुदु, जुम्ला

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जुम्ला जिल्ला कालिकाखेतु गा.वि.स. वडा नं. ३ तल्लो कुदु बस्ने सुर्य बुढाको मिति २०६२ साउन ९ गते सरकारी सुरक्षाफौज र नेकपा (माओवादी) सेनाका लडाकुहरूबीच दोहोरो गोली हानाहान हुँदा मेल्तुली भन्ने स्थानमा आफ्नै गोठ नजिकै गोली लागि निज सुर्य बुढाको तत्कालै घटनास्थलमा मृत्यु भएकाले दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६३।४।२० मा आयोग समक्ष दर्ता हुन आएको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** यस कार्यबाट निजको बाँच्न पाउने हकको उल्लंघन हुन गएकोले राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ बमोजिम मृतकको आमालाई रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६६।७।१७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ९०६ संरक्षण २८ मिति २०६६।८।२२ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उपलब्त्र गराउन गृह मन्त्रालयबाट पहल भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ३४१**

१. **पीडितको नाम, थर र ठेगाना** अब्दुल गफ्फार तेली, महम्मदपुर-६, वर्दिया

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी र नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. १२७४, वर्दिया जिल्ला महम्मदपुर गा.वि.स. वडा नं. ६ बस्ने अब्दुल गफार तेलीको घाँस काट्न खेतमा गएको समयमा सुरक्षाकर्मी र माओवादीबिच भएको दोहोरो भिडन्तमा मृत्यु भएकोले अनुसन्धान गरी कार्वाही गरी पाउन तथा क्षतिपूर्ति उपलब्ध गराउन आयोग समक्ष मिति २०६३।११।३० मा परेको उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** यसरी सशस्त्र द्वन्द्वका क्रममा एकजना निर्दोष सर्वसाधारणको मृत्यु हुनु मानव अधिकार र अन्तर्राष्ट्रिय मानविय कानूनको उल्लंघन भएकोले निज मृतक अब्दुल गफ्फार तेलीका कानून बमोजिमका नजिकका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।९।२५ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२२३ संरक्षण १२७४ मिति २०६६।११।१७ मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।९।२३ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ३४२**

१. **पीडितको नाम, थर र ठेगाना** अशोक थापा, बुटवल-५, रुपन्देही

२. **उल्लंघनकर्ता** सुरक्षाफौज र नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** रुपन्देही जिल्ला बुटवल न.पा. वडा नं. ५ निवासी अशोक थापाको मिति २०६२।१२।२५ गते आफ्नै घरको कोठाको ढोकैमा गोली लागि मृत्यु भएको हुँदा आवश्यक कार्वाही तथा क्षतिपूर्तिको लागि पहल गरिदिन भनी निजकी श्रीमति मिना थापाले आयोगमा मिति २०६३।१।२४ परेको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** युद्धमा संलग्न नभएका निर्दोष सर्वसाधारणको द्वन्द्वको समयमा मृत्यु हुन गएकोले मृतकका कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र नाबालकलाई निःशुल्क शिक्षाको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. १२७८ संरक्षण ९ मिति २०६६।११।२० मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ४०५ मिति २०६६।१२।२ मा आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना इकाईलाई लेखिएको पत्रको बोधार्थ प्राप्त।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।३ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको साथै सन्तानहरूलाई निःशुल्क शिक्षाको व्यवस्था मिलाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ३४३**

१. **पीडितको नाम, थर र ठेगाना** विदरा बुढा, सेरी-२, मुगु

२. **उल्लंघनकर्ता** नेकपा माओवादी र सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** मुगु जिल्ला सेरी गा.वि.स. वडा नं. २ बस्ने विदरा बुढाको अनाज पिस्न भनी घट्टमा गएको अवस्थामा दोहोरो भिडन्तका क्रममा मृत्यु भएकोले जिल्ला प्रशासनबाट सिफारिश गरिएको भएता पनि क्षतिपूर्ति रकम नपाएको तर नेकपा माओवादीले उक्त क्षतिपूर्ति रकम नेकपा माओवादीलाई बुझाउनुपर्ने तथा निजका छोराछोरीहरू र श्रीमान समेत माओवादी जनमिलिसियामा जानुपर्ने अन्यथा मारिदिने धम्की दिएकोले विस्थापित भई सुर्खेत सदरमुकाममा बस्नु परेकोले घटना सम्बन्धमा मानव अधिकारको रक्षा गरी क्षतिपूर्ति उपलब्ध गराउन भनी आयोगमा मिति २०६१।७।१८ मा परेको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** निजको मृत्यु सुरक्षाकर्मी र नेकपा (माओवादी) बिच २०६०।५।४ गते चलेको दोहोरो भिडन्तका क्रममा भएकोले एक निर्दोष सर्वसाधारणको जीवनको अधिकार उल्लंघन भएको पाइयो। अतः पीडितका हकवालाले रु. १,५०,०००।- क्षतिपूर्ति पाईसकेको खुल्न आएकोले थप रु. १,५०,०००।- क्षतिपूर्ति बापत उपलब्ध गराउन र मृतकका ३ जना छोराछोरीलाई निःशुल्क शिक्षाको प्रवन्ध मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२७९ संरक्षण ३५८ मिति २०६६।११।२० मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ४०५ मिति २०६६।१२।२ मा आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना ईकाईलाई लेखिएको पत्रको बोधार्थ प्राप्त।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ३,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।३ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. २,५०,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको साथै सन्तानहरूलाई निःशुल्क शिक्षाको व्यवस्था मिलाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**घ) विष्फोटबाट मृत्यु**

**क्रम संख्या – ३४४**

१. **पीडितको नाम, थर र ठेगाना** चतुरमनि राई, खारताम्छा-९, खोटाङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** खोटाङ्ग जिल्ला खारताम्छा गा.वि.स. वडा नं. ९ बस्ने चतुरमनि राईको सुरक्षाकर्मीले छाडेको विष्फोटक पदार्थ विष्फोटमा परी २०६२।९।१५ गते मृत्यु भएकोले क्षतिपूर्ति दिलाइपाउँ भनी आयोगमा मिति २०६३।२।१२ मा दर्ताउजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीले अनुसन्धान प्रतिवेदन सम्बन्धमा अनुसन्धान प्रतिवेदन बमोजिम निजले छोरीलाई धरान पुऱ्याई घर फर्कि आउँदा बाटोमा विष्फोटक पदार्थ फेला पारी घर ल्याई खेलाउँदा विष्फोट भई त्यसबाट चतुरमनि राईको मृत्यु हुन गएको देखिंदा मृतकका परिवारलाई क्षतिपूर्ति वापत रु. १,५०,०००।- क्षतिपूर्ति दिन र निजका नाबालक छोराछोरीको उचित शिक्षाको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने आयोगको मिति २०६६।५।९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २४० संरक्षण २५ मिति २०६६।६।६ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ३४५**

१. **पीडितको नाम, थर र ठेगाना** विक्रम वि.क. र बोम वहादुर वि.क., दर्लिङ-७ पैराटोला, गुल्मी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** गुल्मी जिल्ला दर्लिङ गा.वि.स. वडा नं. ७ पैराटोला निवासी मानसिंह वि.क. का छोरा वर्ष ११ का विक्रम वि.क. र ऐ.ऐ. बस्ने मेयरसिंह वि.क.का छोरा वर्ष ९ का बोम वहादुर वि.क. मिति २०६५ बैशाख ५ गते बाख्रा चराउन भनि जिल्ला गुल्मी दर्लिङ गा.वि.स.को वडा नं. ७ को तर्ल्ला दहकिनारा स्थित ढिकको पहिरोमा गएकोमा निज बालकहरूले विष्फोटक पदार्थ बम फेला पारी दुवैजना एक आपसमा तानातान हुँदा सो विष्फोटन हुनगई दुवै बालकहरूको घटनास्थलमै मृत्यु हुन गएकोले उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा उक्त विष्फोटक पदार्थ वेवारिसे अवस्थामा छाड्ने समूह वा व्यक्तिको पहिचान गरी दोषीलाई कार्वाही गरीपाउँ भनि आयोगमा प्राप्त हुन आएको मिति २०६६।१।१३ को उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** यस घटनाले बालबालिकाको संरक्षण प्राप्त गर्ने हकको हनन् हुनुका साथै नेपाल सरकार तथा नेकपा माओवादी विच भएको विस्तृत शान्ति सम्झौतामा उल्लेखित दुवै पक्ष युद्धको समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङ्गहरूको रेखांकन, भण्डारण गरी ३० दिनभित्र एक अर्कालाई जानकारी दिने र ६० दिनभित्र निस्क्रिय र निर्मूल पार्न एक अर्कालाई सहयोग गर्ने प्रावधानको समेत पालना नभएकोले मृतक बालकहरू विक्रम वि.क. र बोम वहादुर वि.क. को परिवारलाई जनही रु. १,५०,०००।- का दरले क्षतिपूर्ति प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनि २०६६।५।१७ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ७७४ संरक्षण २३५, बुटवल मिति २०६६।७।१८ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ३४६**

१. **पीडितको नाम, थर र ठेगाना** निराजन चौधरी, पर्शुराम चौधरी, सविना चौधरी (मृतक) र किरण चौधरी र रामकुमार चौधरी (घाइते) वसौटी-९, कैलाली

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला वसौटी गा.वि.स. वडा नं. ९ का कृषक क्षेत्र वहादुर चौधरीको गाईगोठमा रहेको धान काट्ने मिल रहेको स्थानबाट मिति २०६३।६।२० गते अचानक विष्फोटक पदार्थ विष्फोटन हुँदा सो स्थानमा खेलिरहेका ऐ.ऐ. बस्ने वर्ष २ को निराजन चौधरी, वर्ष १२ को पर्शुराम चौधरी, वर्ष ९ को सविना चौधरीको मृत्यु भएको र ऐ. जिल्ला हसुलिया गा.वि.स. वडा नं. १ घर भई सो स्थानमा आमाको साथ आएका ८ महिनाको बालक किरण चौधरी र ऐ. जिल्ला वसौटी गा.वि.स. वडा नं. ९ बस्ने रामकुमार चौधरी घाइते भएको घटनाको मिति २०६३।७।९ मा आयोगमा दर्ता उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** मृतकहरूको कानून बमोजिमको हकवालालाई जनही रु. १,००,०००।- का दरले र घाइते रामकुमार चौधरी र बालक किरण चौधरीलाई उपचार खर्चका लागि जनही रु. २५,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।२६ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।२६ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी रकम उलपब्ध गराउन गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ङ) हिरासतमा मृत्युः**

**क्रम संख्या – ३४७**

१. **पीडितको नाम, थर र ठेगाना** विनोद यादव, ढल्केवर-३, धनुषा

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** धनुषा जिल्ला ढल्केवर गा.वि.स. वडा नं. ३ बस्ने वर्ष २५ को विनोद यादवको इ.प्र.का. ढल्केबरको हिरासतमा रहँदा मृत्यु भएको सम्बन्धमा घटनाको निश्पक्ष छानवीन गरी दोषीमाथि कार्वाही तथा पीडितलाई क्षतिपूर्तिको व्यवस्था मिलाइदिनु हुन भनी मिति २०६६।४।१६ मा आयोग समक्ष परेको उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** हिराशतमा राखिएका व्यक्तिको मृत्यु हुँदा त्यसको जिम्मेवारी हिराशतमा राख्ने व्यक्तिकै हुन्छ । अतः विनोद यादवको मृत्यु पश्चात परिवारको भरणपोषण र सन्तानको शिक्षादिक्षामा समेत असर पर्ने भएकोले मृतकका कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- क्षतिपूर्ति प्रदान गर्न, इलाका प्रहरी कार्यालय, ढल्केवर (धनुषा) का प्रहरी निरिक्षक श्यामकृष्ण के.सी. र घटना भएका वखत ड्युटीमा रहेका प्रहरी जवान दुर्गा घिमिरेलाई विभागिय कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।७।१७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ९०३ संरक्षण २९३ मिति २०६६।८।२२ मा प्र.म.म.प.को कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ३४८**

१. **पीडितको नाम, थर र ठेगाना** सानु सुनार, गोदावरी-९, ललितपुर

२. **उल्लंघनकर्ता नेपाल** प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** ललितपुर जिल्ला गोदावरी गाविस वडा नं. ९ स्थायी घर भै ललितपुर उप-महानगरपालिका बडा नं. ९ भोलढोका बस्ने बर्ष ४६ का सानु सुनार समेत ३ जनालाई मिति २०६७।२।९ गते महानगरीय प्रहरी बिट कलंकी खशीबजारबाट दिनको ११ बजे पक्राउ गरी महानगरिय प्रहरी वृत्त कालिमाटिमा बुझाएको र सोही कार्यालयको हिरासतमा रहेको अवस्थामा राती अन्दाजी १० बजे सानु सुनार एक्कासी वेहोस भएकोले उपचारार्थ विर अस्पताल लगिएकोमा उपचारकै क्रममा मिति २०६७।२।११ मा निजको मृत्यु भएको घटना सम्बन्धमा मृतककी श्रीमति गिता सुनारले मेरो श्रीमानलाई प्रहरी अधिकृत तथा जवानहरूले सख्त घाइते बनाई ९ गते राती नै विर अस्पतालमा लगेको र उपचारकै क्रममा मृत्यु भएकोले दोषीलाई कार्वाही र पीडितका परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ, मलाई प्रहरीले विभिन्न कागलजमा सही गराएको, म अनपढले बुझ्न नसकने भएकोले ती कागज झिकाई हेरी त्यस्तो कागज गराउने प्रहरीलाई समेत कार्वाही होस भनी मिति २०६७।२।१४ मा आयोगमा दर्ता गराएको उजूरी ।

घटनाको सम्बन्धमा सत्य तथ्य पत्ता लगाइ निर्दोष मेरा श्रीमान गोरखा जिल्ला नाम्जुंग धुसेनी २ घर भै काठमाडौ गोंगबु बस्ने विष्णु प्रसाद काप्रीलाई हिरासत मुक्त गराई दोषी प्रहरीलाई कार्वाही गरिपाउँ भनी मिति २०६७।२।१३ मा शोभा काप्रीको नामबाट आयोगमा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** निज सानु सुनारको प्रहरीद्धारा दिइएको यातनाको कारण गैरन्यायिक हत्या भएको र विष्णु प्रसाद काप्रीलाई स्वेच्छाचारी रुपमा पक्राउ गरी थुनामा राखी पछि कानून सम्मत बनाउन आवश्यक कानूनी कागजात तयार गरेको देखिएकोले तपशील बमोजिम व्यवस्था गर्न नेपाल सरकारलाई सिफारीश गर्ने । आयोगको अनुसन्धानको संक्षीप्त प्रतिवेदन समेत नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६७।३।२१ को निर्णय ।

**सिफारिशहरूः**

- निज सानु सुनारलाई पक्राउ गरीसकेपछि यातना दिने तथा दुर्व्यवहार गर्ने कार्यमा संलग्न प्रहरी अधिकृत तथा जवानहरूको पहिचान गरी आवश्यक कानूनी कार्वाही गर्न,
- निज सानु सुनारमाथि हिरासतभित्र भएको यातना रोकथाम गर्न पहल नगर्ने, यस घटनालाई ढाकछोप गर्न र विष्णु काप्रीको स्वेच्छाचारी थुनालाई कानून सम्मत थुनामा परिणत गर्न विभिन्न किसिमका अनुचित कार्यहरू गर्न लगाउने महानगरीय प्रहरी वृत्त कालीमाटीका प्रमुख डिएसपी भोला रावल र मुद्दा शाखाका कर्मचारीहरूलाई विभागीय कार्वाही गर्न,
- मृतक सानु सुनारको कानून बमोजिमको नजिकको हकवालालाई परिवारलाई राष्ट्रिय मानवअधिकार आयोग (उजूरी, कार्वाही र क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न,
- निज विष्णु काप्रीलाई स्वेच्छाचारी रुपमा पक्राउ गरी थुनामा राखी मानवअधिकारको उल्लंघन गरिएकोले निज वा निजको कानून बमोजिमको नजिकको हकवालालाई राष्ट्रिय मानवअधिकार आयोग (उजूरी, कार्वाही र क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १९ बमोजिम प्रत्येक दिनको रु. २००।- का दरले क्षतिपूर्ति उपलब्ध गराउन,
- विष्णु काप्रीलाई प्रहरीद्धारा गैरकानूनी रुपमा हिरासतमा राखिएको देखिएकोले गैरकानूनी हिरासतमा राख्ने प्रहरीहरूलाई कार्वाही गरी मुद्दा नचलाउन नेपाल सरकार समक्ष सिफारिश गर्न,
- यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा २ (३) अनुसार कुनै पनि व्यक्तिलाई हिरासतमा राख्नु भन्दा पहिला र हिरासतमुक्त भएपछि निजको स्वास्थ्य परीक्षण गरिनुपर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउन ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १७३५ संरक्षण ४७५४ मिति २०६७।३।३० मा प्र.म.म.प.को

कार्यालयलाई निर्णय कार्यान्वयनको लागि पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ४२७ मिति २०६८।७।१८ मा गृह मन्त्रालयबाट श्री प्रहरी प्रधान कार्यालयलाई सानु सुनारलाई पक्राउ गरी यातना दिने प्रहरी कर्मचारी तथा जवानको पहिचान गरी कानूनी कार्वाही गर्न नेपाल सरकार सचिवस्तरको निर्णय कार्यान्वयनको लागि पत्राचार गरिएको पत्र प्राप्त ।

च.नं. ११५ मिति २०६८।८।१५ मा प्र.म.म.प.को कार्यालयबाट श्री गृह मन्त्रालय र शान्ती तथा पुनर्निर्माण मन्त्रालयको कार्यालयलाई सानु सुनारलाई पक्राउ गरी यातना दिने प्रहरी कर्मचारी तथा जवानको कार्वाही गर्नको लागि ताकेता पत्रको बोधार्थ प्राप्त ।

च.नं. ९४ मिति २०६८।७।२७ को प्रहरी प्रधान कार्यालय मानव अधिकार इकाईको पत्रानुसार घटनामा दोषि देखिएका प्रहरी कर्मचारी तथा तत्कालीन प्रहरी प्रमुखलाई भएको कारवाहीको विवरणको व्यहोराको अनुरोध पत्रानुसार प्र.ना.उ. भोला ब. रावल सहितका ७ जना प्रहरी कर्मचारीलाई सख्त चेतावनी तथा नसिहत दिएको, प्र.स.नि. मधुसुदन विष्ट (म.न.प्र. प्रभाग स्युचाटार) लाई जि.अ. काठमाडौंको मिति २०६८।३।१५को फैसला बमोजिम रु. ५००।- जरिवाना सहित १ वर्ष कैद सजाय भुक्तान गरेको, प्र.ज. रोशन विष्ट (म.न.प्र. आयुक्तको कार्यालय परिचालन कक्ष) र प्र.ज. कृष्ण प्रसाद खतिवडा (म.न.प्र.अ. वि.सु. गार्ड गौचर) लाई जि.अ. काठमाडौंको फैसला बमोजिम १ वर्ष कैद सजाय भुक्तान गरेको ।

क्षतिपूर्ति निकाासतर्फ कार्वाही भइरहेको र सानु सुनारलाइ कति दिन थुनामा राखिएको हो? स्पष्ट नभएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**च) घाइते/कुटपीट**

**क्रम संख्या – ३४९**

१. **पीडितको नाम, थर र ठेगाना** रब्बा धोवी, सुन्नाती धोवी, आसिया देवी, रहमद अलि र सहदिन धोवी, महुवा-८, कपिलवस्तु

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६१ साल जेष्ठ २७ गते कपिलवस्तु जिल्लाको महुवा गा.वि.स. वडा नं. ८ कौहडोलिया निवासी वाजिदर दिन मोहम्मदको घरमा सहिदुन निसाले खेतबाट फलामको डल्लो भनी घरमा ल्याएको बम केटाकेटीले चलाउँदा विष्फोटन हुँदा ५ जना घाइते मध्ये २ जना रब्बा धोवी र सुन्नाती धोवीको मृत्यु भएको, आसिया धोवी र वर्ष २ का रहमद अलि घाइते भएकोले कहिं कतैबाट उपचार खर्च तथा क्षतिपूर्ति नपाएको हुँदा उपचार खर्च तथा क्षतिपूर्ति पाउँ भनी आयोगमा मिति २०६४।७।२० मा दर्ता उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट उक्त विष्फोटक पदार्थ सशस्त्र द्वन्द्वकालिन अवस्थामा छोडिएको देखिन आएको र निज घाइते बालक रहमद अलिको सो विष्फोटमा परी दाहिने हात चल्न नसक्ने अवस्थामा भएको पाइयो । यसबाट बालबालिकाले संरक्षण प्राप्त गर्ने हकको हनन् हुनुका साथै विस्तृत शान्ति सम्झौता २०६३ को समेत उल्लंघन भएको पाइयो । अतः सो घटनाबाट घाइते हुन पुगेका बालक रहमत अलिको उपचार गर्दा खर्च भएको रु ४०,०००।- क्षतिपूर्ति स्वरुप उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनि मिति २०६६।५।१७ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ७७६ संरक्षण ५८६ मिति २०६६।७।१८ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ३५०**

१. **पीडितको नाम, थर र ठेगाना** हरिलाल ढकाल, नारायण-३, दैलेख

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ४३२, दैलेख जिल्ला नारायण नगरपालिका वडा नं. ३ बस्ने हरिलाल ढकाललाई नेकपा माओवादी द्वारा कुटपीट गरिएको हुँदा दोषीलाई कार्वाही गरी मानव अधिकारको संरक्षण गरिपाउँ भनी मिति २०६२।६।११ मा आयोगमा दर्ता उजूरी निवेदन।

४. **आयोगको निर्णय ⁄ सिफारिश** आयोगको अनुसन्धानबाट निजलाई नेकपा माओवादीले अपहरण गरी शारीरिक यातना र कुटपीट गरेको बुझियो। यस कार्यले निजको शान्तिपूर्वक बाँच्न पाउने अधिकार र व्यक्तिगत सुरक्षाको अधिकारको हनन् भएकोले पीडितलाई रु. ५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।४ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२९१ संरक्षण ४३२ मिति २०६६।११।२५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ४०५ मिति २०६६।१२।२ मा आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना ईकाईलाई लेखिएको पत्रको बोधार्थ प्राप्त।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितलाई रु. ५०,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ३५१**

१. **पीडितको नाम, थर र ठेगाना** चन्द्र बहादुर सुनार, चिसापानी-५, बाँके

२. **उल्लंघनकर्ता** अज्ञात

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला चिसापानी ५ का चन्द्र वहादुर सुनारलाई जंगलमा फालिएको बेवारिसे बम पड्कदा दाहिने आँखा नदेख्ने र दाहिने हात काट्नु परेकोले उपचार खर्च र क्षतिपूर्ति दिलाई पाउँ भन्ने उजूरी।

४. **आयोगको निर्णय ⁄ सिफारिश** आयोगबाट गरिएको अनुसन्धानबाट निज सुनार २०६३।५।१३ गते वर्दिया जिल्लाको बेलुवा गा.वि.स.मा पर्ने राँझा जंगलमा गाईवस्तु चराउन गएका बखत बेवारिसे बम विष्फोट भई उपरोक्त अनुसार घाइते तथा अपाङ्ग भएको बुझियो। अतः घटनाका पीडित चन्द्र बहादुर सुनारलाई रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो भन्ने मिति २०६६।१०।६ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५८५ संरक्षण ९९८।नेपालगन्ज मिति २०६७।२।१८ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।६ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ३५२**

१. **पीडितको नाम, थर र ठेगाना** पृथ्वीराज मल्ल, मगरागढी-८, रम्भापुर, वर्दिया

२. **उल्लंघनकर्ता** सुरक्षाफौज र नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** वर्दिया जिल्ला मगरागदी गा.वि.स.वडा नं. ८, रम्भापुर निवासी पृथ्वीराज मल्ल दोहोरो भिडन्तमा घाइते भएको भनिएको घटना सम्बन्धमा आयोगमा प्राप्त उजूरी।

४. **आयोगको निर्णय ⁄ सिफारिश** उपचार गर्दा भएको खर्च समेत कहि कतैबाट प्राप्त नभएको हुँदा निज पृथ्वीराज मल्ललाई

क्षतिपूर्ति स्वरुप रु. ५०,०००।- प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९९ संरक्षण ९३८।नेपालगन्ज मिति २०६७।२।२० मा प्र.म.म.प.का.लाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ५०,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।७ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ३५३**

१. **पीडितको नाम, थर र ठेगाना** सावित्री खटिक, महम्मदपुर-३, वर्दिया

२. **उल्लंघनकर्ता** सुरक्षाफौज र नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** वर्दिया जिल्ला महम्मदपुर गा.वि.स. वडा नं. ३ का सावित्री खटिक दोहोरो भिडन्तमा परी घाइते भएको भनी आयोगमा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** घटनाका सम्बन्धमा आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार मिति २०६१।११।१७ गते सरकारी सुरक्षाफौज र एकिकृत नेकपा माओवादीबीच मोहम्मदपुर ३ डल्लापुरमा भएको भिडन्तमा युद्धमा संलग्न नभएकी निज सावित्री खटिकलाई गोली लागि गम्भीर घाइते भएको बुझियो । अतः निजलाई रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९७ संरक्षण १२७५।नेपालगन्ज मिति २०६७।२।२० मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।७ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ३५४**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्ण प्रसाद कोइराला, नारायण-३, दैलेख

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** दैलेख जिल्ला नारायण नगरपालिका वडा नं. ३ बस्ने कृष्ण प्रसाद कोइरालालाई तात्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी कुटपीट समेत गरी घाइते वनाएकोले घटनाको अनुसन्धान गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी आयोगमा दर्ता हुन आएको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** घटनाका सम्बन्धमा आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार निजलाई एकिकृत नेकपा (माओवादी) का कार्यकर्ताहरूले मिति २०६२।३।१७ गते राती घरमा सुतिरहेको समयमा अपहरण गरी लगी कुटपीट गरेको बुझियो । सशस्त्र द्वन्द्वको समयमा युद्धमा संलग्न नभएका व्यक्तिलाई अपहरण तथा कुटपीट गरिएको घटनाले अन्तर र्राष्ट्रिय मानविय कानूनको उल्लंघन भएको पाइएकोले निज पीडित कृष्ण प्रसाद कोइरालालाई रु. ५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. १५९४ संरक्षण ५३६।नेपालगन्ज मिति २०६७।२।२० मा प्र.म.म.प.का.लाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ५०,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।७ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**छ) बेपत्ता**

**क्रम संख्या – ३५५**

१. **पीडितको नाम, थर र ठेगाना** सन्तोषी धामी दनुवार, सिर्थौली-१ बनगराह, सिन्धुली

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** सिन्धुली जिल्ला सिर्थौली गाविस वडा नं. १ बनगराह निवासी वर्ष १४ की सन्तोषी धामी दनुवारलाई २०६१/७/११ गते सुरक्षाकर्मीले सिन्धुली जिल्लाको भीमान सुरक्षाबेस क्याम्पबाट पक्राऊ गरी बेपत्ता पारेकोले छानवीन गरीपाउँ भनी आयोगमा मिति २०६२।६।१९ मा आएको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** बलपूर्वक वेपत्ता पारिएकी बालिका सन्तोषी धामीको अवस्था तत्काल सार्वजनिक गर्न र निजको परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम ३० तथा सर्वोच्च अदालतको २०६४।२।१८ को राजेन्द्र ढकाल समेत विरुद्ध नेपाल सरकार समेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा भएको आदेश बमोजिम हाललाई रु. १,००,०००।- अन्तरिम राहत प्रदान गर्न लेखी पठाउने भनीमिति २०६६।५।२६ मा निर्णय गरियो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३२०४संरक्षण/ २०६२ वे.ई १९९ मिति २०६६।५।२८ मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म.म.का. लाई सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति दिने निर्णय भएको जानकारी पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३५६**

१. **पीडितको नाम, थर र ठेगाना** भैरवनाथ गणबाट वेपत्ता पारिएका ४३ जना व्यक्तिहरू

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण**

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | अर्जुन पोखरेल | थानापति गाविस वडा नं. ९, नुवाकोट |
| २ | अर्जुन महर्जन | किर्तिपुर न.पा. वडा नं. ५, सागलटोल, काठमाडौं |
| ३ | अमृत कंडेल | बेनीघाट गाविस वडा नं. २, धादिङ |
| ४ | अशोक सुनार (अकेला) | बोर्लाङ गाविस वडा नं. ५, चण्डीथोक, गोरखा |
| ५ | आईते भन्ने निमानुर्पु लामा | नाङ्लेभारे गाविस वडा नं. ९, काठमाडौं |
| ६ | किरण रायमाझी | कटारी उदयपुर |
| ७ | कौशल्या पोखरेल | थानापति गाविस वडा नं. ९, नुवाकोट |
| ८ | गोकुलबहादुर निरौला | फाकफोक गाविस वडा नं. १, ईलाम |
| ९ | चेतनाथ ढुङ्गाना (सि.एन. ढुङ्गाना) | सिङ्गिया गाविस वडा नं. ९, सुनसरी |
| १० | चन्द्र कुमार ढकाल (कुमार) | पोखरीचौंरी गाविस वडा नं. ९, काभ्रे |
| ११ | जालन्धर बाँस्तोला | दुधौली गाविस वडा नं. २, सिन्धुली |
| १२ | डोलेश्वर लिम्बु (चेम्जोङ्ग) | पाँचथर |
| १३ | तारामान तामाङ्ग | खहरेपाँगु गाविस वडा नं. ३, काभ्रे |
| १४ | तेजमान विश्वकर्मा | हत्पते गाविस वडा नं. ४, सिन्धुली |
| १५ | देवीराम दंगाल (देवराज) | नाङ्लेभारे गाविस वडा नं. ८, काठमाडौं |
| १६ | दीपेन्द्र पन्त | गाईखुर गाविस वडा नं. ५, गोरखा |
| १७ | दुर्गा विशंखे | कटुञ्जे गाविस वडा नं. ७, भक्तपुर |

| | | |
|---|---|---|
| १८ | देशभक्त चापागाईं | नेपालडाँडा गाविस वडा नं. ७, भोजपुर |
| १९ | धिरेन्द्र बस्नेत | दमक न.पा. वडा नं. १, झापा; |
| २० | निश्चल नकर्मी | महादेवस्थान गाविस वडा नं. ५, काठमाडौं |
| २१ | पदम नारायण नकर्मी | बुङ्मति गाविस वडा नं. ३, ललितपुर |
| २२ | पीपल श्रेष्ठ | सीतापाईला गाविस वडा नं. २, काठमाडौं |
| २३ | पुष्पराज बस्नेत | दमक न.पा. वडा नं. १, झापा |
| २४ | बाबुकाजी श्रेष्ठ | पाँचखाल गाविस वडा नं. ९, तिनपिप्ले, काभ्रे |
| २५ | बुद्धि लामा | मादरकुँडारी गाविस वडा नं. ३, काभ्रे |
| २६ | भवनाथ धमला | बेतिनी गाविस, ओखलढुङ्गा |
| २७ | भीम गिरी | फूलबारी बि गाऊँ, धनगढी |
| २८ | भीमराज महर्जन | गोङ्गबु गाविस वडा नं. ३, काठमाडौं |
| २९ | माधव अधिकारी | मार्पाक गाविस वडा नं. ७, धादिङ |
| ३० | राजेन्द्र माली | ठेचो गाविस वडा नं. ३, ललितपुर |
| ३१ | रामचन्द्र काफ्ले | डाँडी गुराँसे गाविस वडा नं. ५, सिन्धुली |
| ३२ | रुपक अधिकारी | पिठुवा गाविस वडा नं. ९, चितवन |
| ३३ | रेनुका दुलाल | तिनथाना गाविस वडा नं. ५, काठमाडौं |
| ३४ | रेवकला (कला) तिवारी | सिर्सेकोट गाविस वडा नं. ७, स्याङ्जा |
| ३५ | लीलाबहादुर पाण्डे | गजुरी गाविस वडा नं. २, धादिङ्ग |
| ३६ | लीलाराज आचार्य | त्रियुगा न.पा. वडा नं. १, खरदारटोल, उदयपुर |
| ३७ | सुचेन्द्र श्रेष्ठ | सतुङ्गल गाविस वडा नं. ९, काठमाडौं |
| ३८ | सुदर्शन रिजाल | |
| ३९ | शान्तिराम भट्टराई | बैगुनधुरा गाविस, झापा |
| ४० | हिराबहादुर रोक्का | ककनी गाविस वडा नं. ५, नुवाकोट |
| ४१ | हिरा बहादुर शारु | दाङ्ग |
| ४२ | हेमनारायण श्रेष्ठ | गाम्नाङ्टार गाविस वडा नं. ६, ओखलढुङ्गा |
| ४३ | ज्ञानेन्द्र त्रिपाठी | रत्ननगर न.पा. वडा नं. १३, चितवन |

४. **आयोगको निर्णय/सिफारिश**

- भैरवनाथ गण र युद्धभैरव गणबाट सुरक्षाकर्मीले पक्राउ गरि कम्तिमा पनि माथि उल्लिखित ४३ जनालाई बेपत्ताको अवस्थामा राखेको देखिएकोले निजहरूको स्थिति सार्वजनिक गरी कानूनी प्रक्रियामा लैजान तथा लामो समयसम्म व्यक्तिलाई गैरकानूनी रुपमा बेपत्ताको अवस्थामा राख्ने कार्यमा जिम्मेवार देखिएका तत्कालीन कर्णेल राजु बस्नेत, मेजरहरू पदम सिंह खत्री, राजाराम के.सी., विवेक बिष्ट, हरेन्द्रबहादुर सिंह, क्याप्टेन ईन्दिवर राणा र सागर के.सी., लेफ्टिनेण्टहरू जगन्नाथ खड्का, राजेन्द्र बोगटी, हरिबोल के.सी. र रामहरि विष्ट, हवल्दारहरू खड्ग बहादुर महत, मिननाथ पन्त, दिनेश पौडेल, केशव ढकाल, जमदारहरू धनवीर खत्री, वेणुगोपाल श्रेष्ठ, लालबहादुर चन्द, रणबहादुर बुढाथोकी र शंकर बस्नेत, नायकहरू सूर्य के.सी. र गिरीराज घिमिरे तथा सिपाहीहरू शिवकिरण के.सी., विनोद थापा, अर्जुन सापकोटा, हरिशरण खड्का, कुलप्रसाद बन्जारा, बाबुराम परियार, तत्कालीन प्रधानसेनापति, नेपाली सेनाको १० नं. बाहिनीका तत्कालीन बाहिनीपती र तत्कालीन युद्धभैरव गणका जिम्मेवार सैनिक अधिकारीहरू समेत माथि प्रचलित कानून बमोजिम कार्वाही तत्काल अगाडि बढाउन नेपाल सरकारलाई लेखी पठाउने,
- राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम ३० तथा सर्वोच्च अदालतको २०६४/२/१८ को राजेन्द्र ढकाल समेत विरुद्ध नेपाल सरकार समेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा भएको आदेश बमोजिम पीडित परिवारहरूलाइ जनही रु. १,००,०००।- का दरले अन्तरिम राहत प्रदान गर्न लेखी पठाउने,
- बेपत्ता परिवारले भोग्नु परेको पीडा र उनीहरूको अवस्था समेतलाई मध्यनजर राखी शैक्षिक, रोजगारी लगायत परिपूरणको विषयमा उपयुक्त राहत कार्यक्रम तर्जुमा गरी लागु गर्न नेपाल सरकारलाई सिफारिश गरी पठाउने भनि

मिति २०६६।५।२६ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. भै.यु, संरक्षण/ वे.ई १९८ मिति २०६६।५।२८ मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म.म.प.का. लाई सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. ४५, मिति २०६६।६।६ को कार्वाही गर्न भनी गृह, रक्षा र शान्ति तथा पुनर्निर्माण मन्तालयलाई लेखेको पत्रको बोधार्थ पत्र ।

भैरवनाथ गणबाट बेपत्ता पारिएका भनिएका ४३ जना मध्ये किरण रायमाझी कटारी उदयपुरको सम्बन्धमा कार्यदलको प्रतिवेदनमा नाम समावेश भएपछि र सुदर्शन रिजालको सम्बन्धमा ठेगाना एकिन भएपछि निजहरूका नजिकका हकदारलाई नेपाल सरकारका तर्फबाट राहत उपलब्ध हुने र अन्य ४१ ज्नाहरूको पीडितका हकदारले पाउने गरी जनही रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र गृह मन्त्रालयबाट पनि रु. ६५,५०,०००।- वितरण गरेको देखिन्छ साथै दोषी सुरक्षाकर्मीलाई कार्वाही गर्न उच्चस्तरिय टास्क फोर्स र प्रहरी प्रधान कार्यालयलाई जिम्मा दिइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३५७**

१. **पीडितको नाम, थर र ठेगाना** केदारनाथ (श्यामप्रसाद) रुपाखेती, केवलपुर-४, धादिङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धादिङ्ग जिल्ला केवलपुर गा.वि.स. वडा नं. ४ घर भई कालिमाटी काठमाडौंमा तरकारी व्यापार गरी बस्ने केदारनाथ (श्यामप्रसाद) रुपाखेतीलाई मिति २०६०।८।१४ गते दिनको अन्दाजी ३:०० बजे निजको कोठामा अपरिचित व्यक्ति आई पक्राउ गरी वेपत्ता पारेको हुँदा निजको स्थिति सार्वजनिक गरीपाउँ भनी आयोगमा मिति २०६०।८।१६ मा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** सुरक्षाकर्मीले निज केदारनाथ (श्यामसुन्दर) रुपाखेतीलाई पक्राउ गरी स्थिति सार्वजनिक नगरी लामो समयसम्म वेपत्ता अवस्थामा राखेको देखिदा निजलाई अविलम्ब सार्वजनिक गर्न, पीडित परिवारको मानव अधिकार उल्लंघन भएको देखिएकोले अन्तरिम राहत स्वरुप रु. १,००,०००।- प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने । २०६० सालमा ६ नं. बाहिनी वैरेनीमा कार्यरत रहेका सिपाही अरुण पाल र सुवेदार विष्णु न्यौपानेसँग सोधपुछ गरी अनुसन्धान जारी राख्ने आयोगमा बोलाउने आयोगको मिति २०६६।५।१७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३२७ संरक्षण १२०५/२२६२ मिति २०६६।७।६ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. २४४ मिति २०६६।६।२८ मा राहत तथा पुनःस्थापना इकाइलाई आयोगको निर्णय कार्यान्वयन गर्न पठाइएको पत्रको बोधार्थ प्राप्त ।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३५८**

१. **पीडितको नाम, थर र ठेगाना** रामप्रसाद आचार्य, नौविसे-१ धार्के, धादिङ्ग

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** धादिङ जिल्ला नौविसे गा.वि.स. वडा नं. १ धार्के बस्ने रामप्रसाद आचार्यलाई मिति २०६०।७।२६ गते विहान अन्दाजी ३:४५ बजे सुतिरहेको समयमा सादा पोशाकका नेपाली सेनाका सुरक्षाकर्मीहरू आई पक्राउ गरी वेपत्ता पारेकोले निजको स्थिति सार्वजनिक गरीपाउँ भनी आयोगमा मिति २०६०।७।२६ मा दर्ता उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** सुरक्षाकर्मीले निज रामप्रसाद आचार्यलाई पक्राउ गरी स्थिति सार्वजनिक नगरी लामो समयसम्म वेपत्ता अवस्थामा राखेको देखिंदा निजलाई अविलम्ब सार्वजनिक गर्न, पीडितका परिवारलाई अन्तरिम राहत स्वरुप रु. १,००,०००।- प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने। घटनामा संलग्न देखिएका जगदल गणका तत्कालीन प्रमुखलाई बयानका लागि आयोगमा बोलाउने आयोगको मिति २०६६।५।१७ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३२६ संरक्षण १११०/२२३६ मिति २०६६।७।६ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. २४४ मिति २०६६।६।२८ मा राहत तथा पुनःस्थापना इकाइलाई आयोगको निर्णय कार्यान्वयन गर्न पठाइएको पत्रको बोधार्थ प्राप्त।

नौविसे १ बस्ने रामप्रसाद आचार्यलाई नेपाली सेनाले पक्राउ नगरेको र नुवाकोट जिल्ला तुप्चे गाविस २ बस्ने विष्णुप्रसाद आचार्यको छोरा रामप्रसाद आचार्यलाई मिति २०६६।६।६ गते निजको श्रीमति लक्ष्मि आचार्यलाई बुझाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३५९**

१. **पीडितको नाम, थर र ठेगाना** गम्भिरा साह कानू, हथियाही-१, रौतहट

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** रौतहट जिल्ला हथियाही गा.वि.स. वडा नं. १ बस्ने गम्भिरा साह कानूलाई मिति २०६०।५।२० गते राती अन्दाजी १२:०० वजे घरमा सुतिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालय, रौतहटका घुमुवा प्रहरीहरू र अन्य नचिनेका ६।७ जना व्यक्तिहरू आई निजलाई पक्राउ गरी लगेको र हालसम्म निजको अवस्था वेपत्ता भएको हुँदा निजको सकुशल रिहाई गराइपाउँ भनी आयोगमा मिति २०६०।१०।२ मा उजूरी पर्न आएको।

४. **आयोगको निर्णय/सिफारिश**निज गम्भिरा साह कानूलाई पक्राउ गरी बेपत्ता पारिएको घटनाले निजको मानव अधिकार उल्लंघन भएको देखिएकोले निजको अवस्था तत्काल सार्वजनिक गर्न र पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही र क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम ३० बमोजिम अन्तरिम राहत स्वरुप रु. १,००,०००।- प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने। साथै उजूरीमा उल्लेख भए बमोजिम रौतहट जिल्लामा कार्यरत तत्कालित घुमुवा प्रहरीहरू भैरव राय यादव, हरि हजरा दुसाधलाई वयानका लागि उपस्थित गराउने भनी मिति २०६६।५।२ ९ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ७६३ संरक्षण १३६८ मिति २०६६।७।१६ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।५।२९ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३६०**

१. **पीडितको नाम, थर र ठेगाना** रामजन्म राउत पटेल, जेठरहिया-८, रौतहट

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** रौतहट जिल्ला जेठरहिया गा.वि.स. वडा नं. ८ बस्ने रामजन्म राउत पटेललाई शिवनगर इलाकाका रामजीवन चौरसिया समेतका सुरक्षाकर्मीहरूले पक्राउ गरी वेपत्ता पारेको हुँदा निजको सकुशल रिहाई गराइपाउँ भनी मिति २०६०।८।१६ गते उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** निज रामजन्म राउत पटेललाई पक्राउ गरी वेपत्ता पारिएको घटनाले निजको मानव अधिकार उल्लंघन भएको देखिएकोले निजको अवस्था तत्काल सार्वजनिक गर्न र पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही र क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम ३० बमोजिम अन्तरिम राहत स्वरुप रु. १,००,०००।- प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने साथै उजूरीमा नाम उल्लेख भएका शिवनगर इलाका प्रहरी कार्यालयका प्रहरी रामजीवन चौरसियालाई बयान लिई अनुसन्धान जारी राख्ने भनी मिति २०६६।५।२९ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ७६५ संरक्षण ३५१२ मिति २०६६।७।१६ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।५।२९ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३६१**

१. **पीडितको नाम, थर र ठेगाना** देवीलाल पटेल, देवाही-४, रौतहट।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** रौतहट जिल्ला देवाही गा.वि.स. वडा नं. ४ बस्ने देवीलाल पटेललाई मिति २०६०।५।१५ गते अदालत नजिकै गौर, रौतहटबाट सुरक्षाकर्मीले वेपत्ता पारेको हुँदा निजको सकुशल रिहा गरीपाउँ भनि २०६०।११।१ मा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** निज देवीलाल पटेललाई मिति २०६०।५।१५ गते पक्राउ गरी वेपत्ता पारिएको घटनाले निजको मानव अधिकार उल्लंघन भएको देखिएकोले निजको अवस्था तत्काल सार्वजनिक गर्न र पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही र क्षतिपूर्ति निर्धारण) नियम २०५७ को नियम ३० बमोजिम अन्तरिम राहत स्वरुप रु. १,००,०००।- प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने। साथै उजूरीमा उल्लेख भए बमोजिम रौतहट जिल्लामा कार्यरत तत्कालीन घुमुवा प्रहरीहरू हरी पासवान गगनदेव वैठा र उमेश यादव हाल कार्यरत हुन्, हैनन् बुझी वयान लिने भनी मिति २०६६।५।२९ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. ७६६ संरक्षण १४५२ मिति २०६६।७।१६ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।५।२९ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३६२**

१. **पीडितको नाम, थर र ठेगाना** दुर्ग वहादुर शाही, रकम शाही, कालिकाखेतु-४, पृथ्वी रावल तातोपानी-७ र हरिप्रसाद पाण्डे, गर्ज्याङ्गकोट, जुम्ला

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जुम्ला जिल्ला कालिकाखेतु गा.वि.स. वडा नं. ४ का दुर्ग व. शाही, ऐ.ऐ.का रकम शाही, ऐ. जिल्ला तातोपानी गा.वि.स. वडा नं. ७ का पृथ्वी रावल र ऐ. जिल्ला गर्ज्याङ्गकोट गा.वि.स.का हरिप्रसाद पाण्डे समेत

४ जनालाई वि.सं. २०५५ साल असोज १८ गतेका दिन बांआ प्रहरी चौकीबाट आएका प्रहरीहरूले दुर्ग वहादुर शाहीको घर घेरा हाली माथि उल्लेखित चारैजना व्यक्तिहरूलाई पक्राउ गरी स्थिति सार्वजनिक नगरी हालसम्म वेपत्ता पारेको हुँदा स्थिती सार्वजनिक गराइपाउँ भनी मिति २०६३।४।२० र मिति २०६४।१०।३ मा आयोगमा परेको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** राज्यका सुरक्षाकर्मीहरूले कुनै नागरिकलाई पक्राउ गरी वेपत्ता पारेको घटना मानव अधिकारको गम्भीर उल्लंघन भएकोले वेपत्ता पारिएका चारैजनाको अवस्था तत्काल सार्वजनिक गर्न, पीडितका कानून बमोजिमका हकवालालाई जनही रु. १,००,०००।- अन्तरिम राहत प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने २०६६।७।१७ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ९०१ संरक्षण २७, ८७, ८८ मिति २०६६।८।२२ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।२।२१ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

निजहरू ४ जनाको नाम रेकर्डबाट नदेखिएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३६३**

१. **पीडितको नाम, थर र ठेगाना** धनकुमारी चौधरी, नौवस्ता-७, बाँके

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला नौवस्ता गा.वि.स. वडा नं. ७ बस्ने वर्ष २१ कि धनकुमारी चौधरीलाई मिति २०५८।९।२८ गते शाही नेपाली सैनिकको एक गस्ती टोलीले कोहलपुरबाट घरतर्फ फर्कदै गर्दा केही बुझ्नु छ चिसापानी व्यारेकमा आउनु भनेकोले त्यसको भोलीपल्ट निज सो ब्यारेकमा गएकोमा सुरक्षाकर्मीले वेपत्ता पारेकोले निजको खोजतलास गरीपाउँ भनी आयोग समक्ष मिति २०५८।११।२९ मा परेको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** यस कार्यबाट निजको मानव अधिकारको गम्भीर उल्लंघन भएकोले निजको अवस्था यथाशीघ्र सार्वजनिक गर्न, सो घटना घटाउन जिम्मेवार देखिएका मेजर अजित थापा, क्याप्टेन रमेश स्वाँर सहितलाई कानून बमोजिम कार्वाही गर्न र पीडितका कानून बमोजिमका हकवालालाई अन्तरिम राहत स्वरुप रु. १,००,०००।- प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।८।८ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ९४५ संरक्षण ३४५ मिति २०६६।८।२२ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।८।८ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

नेपाली सेनाको प.सं. १४६४४।३ए।०६६।६७।९३।५७६, मिति २०६६।१०।१२ को पत्रमा घटनाका दोषीलाई कार्वाही गर्न सम्बन्धित वाहिनीमा गठन भएको कोर्ट अफ इन्क्वायरी बोर्डलाई जिम्मेवारी दिइएको र सोको जानकारी प्राप्त भएपछि जानकारी मन्त्रालयलाई उपलब्ध गराउने भनी रक्षालाई लेखेको पत्रको बोधार्थ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. १,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३६४**

१. **पीडितको नाम, थर र ठेगाना** पवन थारु, रझेना-२, बाँके

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला रझेना गा.वि.स. वडा नं. २ बस्ने वर्ष १६ का पवन थारुलाई शाही नेपाली सेनाले मिति २०५९।३।१६ गते पक्राउ गरी वेपत्ता पारेकाले निजको स्थिती सार्वजनिक गराइपाउँ भनी आयोगमा निजका बाबु प्रसाद थारुले मिति २०५९।१०।१२ मा इन्सेकमा दिएको उजूरी निवेदन आयोगमा मिति २०५९।११।१५ मा दर्ता हुन आएकोउजूरी।

४. **आयोगको निर्णय⁄सिफारिश निजलाई** सेनाले पक्राउ गरी चिसापानी व्यारेकमा ८ दिनसम्म राखी वेपत्ता पारेको बुझियो। अतः यस कार्यबाट निजको मानव अधिकारको गम्भीर उल्लंघन भएकोले निजको अवस्था तुरुन्त सार्वजनिक गर्न, घटनामा संलग्न दोषी पहिचान गरी कानूनी कार्वाही गर्न र पीडितका कानून बमोजिमका हकवालालाई अन्तरिम राहत स्वरुप रु. १,००,०००।- प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।८।८ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ९४८ संरक्षण ६२२ मिति २०६६।८।२२ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।८।८ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र दोषी सुरक्षाकर्मीलाई कार्वाही गर्न को.अ.ई. बोर्डलाई जिम्मा दिइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३६५**

१. **पीडितको नाम, थर र ठेगाना** दरवारी थारु, लक्ष्मीराम थारु, तुल्सीराम थारु, बाबुराम थारु, ठग्गा थारु, बाँधु थारु, कालिराम थारु र रामघोर थारु, मोतीपुर-५, वर्दिया

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** वर्दिया जिल्ला मोतीपुर गा.वि.स. वडा नं. ५ बस्ने दरवारी थारु, लक्ष्मीराम थारु, तुल्सीराम थारु, बाबुराम थारु, ठग्गा थारु, बाँधु थारु, कालिराम थारु र रामघोर थारुलाई सुरक्षाकर्मीले विभिन्न मितिमा पक्राउ गरी वेपत्ता पारेकोले रिहाइका लागि पहल गरिदिन भनी नेपाल मानव अधिकार संगठनमा अनुरोध भइ आएकोले आवश्यक पहल गरिदिन भनी उक्त संस्थाले आयोगमा मिति २०६०।४।२० मा दर्ता गराएको उजूरी निवेदन।

४. **आयोगको निर्णय⁄सिफारिश** अतः यस घटनाबाट निजहरूको गम्भीर मानव अधिकार उल्लंघन भएकोले वेपत्ता पारिएका दरवारी थारु, तुल्सीराम थारु, लक्ष्मीराम थारु, बाबुराम थारु, कालीराम थारु, बाँधु थारुको अवस्था यथाशीघ्र सार्वजनिक गर्न, घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडितका कानून बमोजिमका हकवालालाई अन्तरिम राहत स्वरुप जनही रु. १,००,०००।- प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।८।८ को निर्णय। साथै आयोगबाट मिति २०६९।२।२५ मा पुनः पेश हुँदा ठग्गा थारुको हकमा निजलाई उनकै घरको आँगनमा घटनाको दिन मारेको देखिंदा छुट्टै फाइल खडा गरी पुनः पेश गर्नु भन्ने आदेश भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ९४७ संरक्षण ८५० मिति २०६६।८।२२ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।८।८ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

सबै पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र दोषी सुरक्षाकर्मीलाई कार्वाही गर्न को.अ.ई. बोर्डलाई जिम्मा दिइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३६६**

१. **पीडितको नाम, थर र ठेगाना** तिर्थ वहादुर थापा, श्रीराम चौधरी, बम बहादुर शाही, हिरासिंह वाठामगर र राम चौधरी देउडाकला-३, वर्दिया

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** वर्दिया जिल्ला देउडाकला गा.वि.स. वडा नं. ५ बस्ने तिर्थ वहादुर थापा, श्रीराम चौधरी, बम वहादुर शाही, हिरासिंह बाठामगर र राम चौधरीलाई मिति २०५९।२।९ गते राती नेपाली सेनाले पक्राउ गरी वेपत्ता पारिएकाले स्थिति सार्वजनिक गर्न भनी आयोग समक्ष मिति २०५९।१०।१२ देखि विभिन्न मितिमा इन्सेक मार्फत आयोगमा प्राप्त उजुरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** अतः यस घटनाले निजहरूको मानव अधिकारको गम्भीर उल्लंघन भएकोले निजहरूको अवस्था तत्काल सार्वजनिक गर्न, सो घटनामा संलग्न रम्भापुर व्यारेकका जम्दार महेन्द्रजंग थापा सहितका सुरक्षाकर्मीहरूलाई कानून बमोजिम कार्वाही गर्न र पीडितहरूका कानून बमोजिमका हकवालाहरूलाई अन्तरिम राहत स्वरुप जनही रु. १,००,०००।- प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।८।२ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १०२० संरक्षण ११५, ११७, ११८, १२४ र १३९ मिति २०६६। ९।२७ गते प्र.म. म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।८।८ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी जनही रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३६७**

१. **पीडितको नाम, थर र ठेगाना** भुखलाल चौधरी, भवन कुमार चौधरी र शेर वहादुर चौधरी, मोतीपुर-७, वर्दिया

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** वर्दिया जिल्ला मोतीपुर गा.वि.स. वडा नं. ७ दमौली बस्ने भुखलाल चौधरी, भवन कुमार चौधरी र शेर वहादुर चौधरीलाई मिति २०५९।५।१६ गते सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेकाले निजहरूको खोजतलास गरी स्थिति सार्वजनिक गराइपाउँ भनी मिति २०६१।१०१४ मा आयोगमा दर्ताउजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** अनुसन्धानबाट निजहरूलाई मिति २०५९।५।१६ गते वर्दिया जिल्ला स्थित नेपाली सेनाको सम्भापुर व्यारेकका सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेको देखियो। अतः यस घटनाले निजहरूको मानव अधिार उल्लंघन गरेको पाइएकोले घटनामा संलग्न दोषी सुरक्षाकर्मी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न, वेपत्ता पारिएका व्यक्तिहरूको अवस्था यथाशीघ्र सार्वजनिक गर्न र पीडितहरूका कानून बमोजिमका हकवालाहरूलाई जनही रु. १,००,०००।- अन्तरिम राहत स्वरुप प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने आयोगको मिति २०६६।८।२ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०८७ संरक्षण ७२, ७३, ७४ मिति २०६६।१०।१४ मा प्र.म.म.का.लाई निर्णय कार्यान्वयनको लागि सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. २२३१ मिति २०६६।११।१३ मा मन्त्रालयबाटै राहत रकम रु. १,००,०००।- को दरले पठाई सकिएको व्यहोराको जानकारी प्राप्त।

निजहरूको नाम रेकर्डबाट नदेखिएको तथा नेपाली सेनाले पक्राउ नगरेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३६८**

१. **पीडितको नाम, थर र ठेगाना** राजन कुमार चौधरी, सिता जानकी चौधरी र चैतेलाल चौधरी, धधवार-८, वर्दिया

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** वर्दिया जिल्ला धधवार गा.वि.स. वडा नं. ८ बस्ने राजन कुमार चौधरी, सिता जानकी चौधरी र चैतेलाल चौधरीलाई मिति २०५८।९।५ मा शाही नेपाली सेनाको गस्ती टोलीले पक्राउ गरी वेपत्ता पारिएको सम्बन्धमा आयोगमा मिति २०५९।६।२ मा एलायन्स क्षेत्रिय समिति नेपालगञ्जले दर्ता गराएको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** नेपाली सेनाको फौजले पक्राउ गरी हालसम्म बेपत्ता पारेको देखियो। अतः यस घटनाले निजहरूको मानव अधिकारको गम्भीर उल्लंघन भएकोले निजहरूको अवस्था तत्काल सार्वजनिक गर्न, घटना घटाउन आदेश दिने चिसापानी व्यारेकका मेजर अजित थापा तथा क्याप्टेन रमेश स्वाँर समेतका सुरक्षाकर्मीलाई कानून बमोजिम कार्वाही गर्न र पीडितहरूका कानून बमोजिमका हकवालाहरूलाई अन्तरिम राहत स्वरुप रु. १,००,०००।- प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने आयोगको मिति २०६६।८।२ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०८५ संरक्षण ४५२ मिति २०६६।१०।१४ मा प्र.म.म.का.लाई निर्णय कार्यान्वयनको लागि सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. २२३१ मिति २०६६।११।१३ मा मन्त्रालयबाटै राहत रकम रु. १,००,०००।- को दरले पठाई सकिएको व्यहोराको जानकारी प्राप्त।

निजहरूको नाम रेकर्डबाट नदेखिएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३६९**

१. **पीडितको नाम, थर र ठेगाना** किरिम कुमार चौधरी, खैरी चन्दनपुर-५, वर्दिया

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** वर्दिया जिल्ला खैरी चन्दनपुर गा.वि.स. वडा नं. ५ बस्ने किरिम कुमार चौधरीलाई २०५९ वैशाख महिनामा कोहलपुरबाट सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता पारेकोले स्थिति सार्वजनिक गरी सकुसल रिहाइ गराइपाउँ भनी मिति २०६२।९।१५ मा आयोगमा परेको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निजलाई नेपाली सेनाको चिसापानी व्यारेबाट गएको सेनाले पक्राउ गरी हालसम्म वेपत्ता पारेको बुझियो। अतः यस घटनाले निजको मानव अधिकारको गम्भीर उल्लंघन भएकोले निजको अवस्था तत्काल सार्वजनिक गर्न, घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडितका कानून बमोजिमका हकवालालाई अन्तरिम राहत स्वरुप रु. १,००,०००।- प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने आयोगको मिति २०६६।८।२ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०८६ संरक्षण ६८६ मिति २०६६।१०।१४ मा प्र.म.म.का.लाई निर्णय कार्यान्वयनको लागि सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. २२३१ मिति २०६६।११।१३ मा मन्त्रालयबाटै राहत रकम रु. १,००,०००।- को दरले पठाई सकिएको व्यहोराको जानकारी प्राप्त।

निजको नाम रेकर्डबाट नदेखिएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३७०**

१. **पीडितको नाम, थर र ठेगाना** हरिप्रसाद डुम्रे, कालिकाकोट-१ हुल्काङ्ग, स्याङजा

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. २९२, स्याङजा जिल्ला कालिकाकोट गा.वि.स. वडा नं. १ हुल्काङ्गका हरिप्रसाद डुम्रेलाई मिति २०५८।१०।४मा जनसेवा मा.वि. कालिकाकोट-१, डुम्रे भञ्ज्याङ्गबाट पक्राउ गरी सोको भोलीपल्ट एकचोटी निजको घरमा लगी सुरक्षाकर्मीले सार्वजनिक रुपमा लिएर गई वेपत्ता पारिएकोले निजलाइ सार्वजनिक गर्न तथा जीवन रक्षा गरीपाउँ भनी आयोगमा मिति २०६२।११।२२ मा दर्ता उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** प्रत्येक नागरिकको मानव अधिकारको रक्षा गर्नु राज्यको दायित्व भएपनि राज्यका सुरक्षाकर्मीहरूले निज हरिप्रसाद डुम्रेलाई पक्राउ गरी स्थिति सार्वजनिक नगरी लामो समयसम्म वेपत्ता पारेको देखिंदा निजलाई अविलम्ब सार्वजनिक गर्न, पीडितको कानून बमोजिमका हकवालालाई अन्तरिम राहत स्वरुप रु. १,००,०००।- प्रदान गर्न नेपाल सरकारलाई लेखी पठाउने र आयोगबाट अनुसन्धान जारी राख्ने भन्ने मिति २०६६।११।३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १२७३ संरक्षण २९२ मिति २०६६।११।२० मा प्र.म.म.का.लाई निर्णय कार्यान्वयनको लागि सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ४०५ मिति २०६६।१२।२ मा आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना ईकाईलाई लेखिएको पत्रको बोधार्थ प्राप्त।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।३ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी जनही रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३७१**

१. **पीडितको नाम, थर र ठेगाना** राम प्रसाद थारु, वनकटुवा-८, बाँके

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला वनकटुवा गा.वि.स. वडा नं. ८ का राम प्रसाद थारुलाई मिति २०५८।११।९ मा शाही नेपाली सेनाले गाउँमा सर्च गर्ने क्रममा गिरफ्तार गरी वेपत्ता पारेकोले निजको अवस्था सार्वजनिक गराईपाउँ भनी मिति २०५९।७।४ मा आयोगमा परेको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** कुनै व्यक्तिलाई पक्राउ गरेपछि कानूनी प्रक्रियामा लैजानुपर्नेमा सो नगरी राज्यको सुरक्षा निकायबाट मानव अधिकारको गम्भीर उल्लंघन गरेको पाइएकोले निज राम प्रसाद थारुको अवस्था यथाशीघ्र सार्वजनिक गर्न, घटनामा संलग्न नेपाली सेनाका मेजर अजित थापा र क्याप्टेन रमेश स्वाँरलाई कानून बमोजिम कार्वाही गर्न र पीडितका कानून बमोजिमका हकवालालाई अन्तरिम राहत वापत रु. १,००,०००।- प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।७ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १६०० संरक्षण ५०६।नेपालगन्ज मिति २०६७।२।२० मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।७ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३७२**

१. **पीडितको नाम, थर र ठेगाना** राम प्रसाद पोखरेल, कोहलपुर-३, बाँके

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला कोहलपुर गा.वि.स. वडा नं. ३ बस्ने राम प्रसाद पोखरेललाई सुरक्षाफौजले मिति २०५८।१०।११ गते बिहान १०:०० बजे गस्तीमा आएका सुरक्षाफौजले माओवादीको आशंकामा पक्राउ गरी बेपत्ता पारेकोले अनुसन्धान गरी स्थिति सार्वजनिक गराई तथा न्याय दिलाई पाउँ भनी मिति २०५९।५।१३ मा एलायन्स क्षेत्रिय समिति नेपालगञ्जको तर्फबाट परेको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** यस कार्यले निजको मानव अधिकारको गम्भीर उल्लंघन भएको पाइएकोले निज रामप्रसाद पोखरेलको अवस्था तुरुन्त सार्वजनिक गर्न, घटनामा संलग्न नेपाली सेनाका मेजर अजित थापा र क्याप्टेन रमेश स्वाँरलाई कानून बमोजिम कार्वाही गर्न र पीडितका कानून बमोजिमका हकवालालाई अन्तरिम राहत स्वरुप रु. १,००,०००।- प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने । साथै पीडितको बैंक खाताबाट रु. ५,००,०००।- सुरक्षाफौजले झिकेको भनिएको सन्दर्भमा थप अनुसन्धान गर्न सम्बन्धित बैकसँग चेकको नक्कल माग्ने भन्ने मिति २०६६।१०।७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १६०१ संरक्षण १८३।नेपालगन्ज मिति २०६७।२।२० मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।७ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३७३**

१. **पीडितको नाम, थर र ठेगाना** लिखाराम थारु, महम्मदपुर-८, वर्दिया

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** वर्दिया जिल्ला महम्मदपुर गा.वि.स. वडा नं. ८ बस्ने लिखाराम थारुलाई नेपाली सेनाले मिति २०५९।३।२८ मा नेपाली सेनामा भर्ती खुल्दा राँझा व्यारेकमा छनौट प्रकृयामा जाँदा लाइनबाटै क्याप्टेन रमेश स्वाँर सहितले पक्राउ गरी वेपत्ता पारेकोले स्थिति सार्वजनिक गरी पीडक रमेश स्वाँरमाथि कानूनी कार्वाही गरीपाउँ भनी मिति २०६३।४।२२ मा दर्ता उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** नागरिकको जीउज्यानको संरक्षण गर्नुपर्ने राज्यकै दायित्व भएको तर पीडितको अवस्था हालसम्म अज्ञात रहेकोले गम्भीर रुपमा मानव अधिकारको उल्लंघन गरेको पाइयो । अतः पीडितको कानून बमोजिमका हकवालालाई अन्तरिम राहत स्वरुप रु. १,००,०००।- उपलब्ध गराउन, निजको अवस्था यथाशीघ्र सार्वजनिक गर्न र घटनामा दोषी देखिएका क्याप्टेन रमेश स्वाँर समेत उपर कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।२६ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १६९० संरक्षण ९८०।नेपालगन्ज मिति २०६७।२।१४ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।२७ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी जनही रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३७४**

१. **पीडितको नाम, थर र ठेगाना** घनश्याम थारु, मनाउ-८, वर्दिया

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** वर्दिया जिल्ला मनाउ गा.वि.स. वडा नं. ८ बस्ने घनश्याम थारुलाई सुरक्षाकर्मीद्वारा मिति २०५८।८।२४ मा बाँकेको गसाही गाउँबाट पक्राउ गरी हालसम्म बेपत्ता पारिएकोले स्थिति सार्वजनिक गरी जीवन रक्षा गरीपाउँ भनी निजकी श्रीमति चम्फी थारुको मिति २०६१।९।१ मा आयोगमा दर्ता उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** सुरक्षाकर्मीले पक्राउ गरी निजलाई बेपत्ता पारेको बुझिन आयो। नागरिकको जीउज्यानको सुरक्षा गर्नुपर्ने कर्तव्य भएको सुरक्षा निकाय नै व्यक्ति वेपत्ता पार्ने कार्यमा संलग्न हुनु मानव अधिकारको गम्भीर उल्लंघन भएकोले निजको अवस्था यथाशीघ्र सार्वजनिक गर्न, पीडितका कानून बमोजिमका हकवालालाई अन्तरिम राहत स्वरुप रु. १,००,०००।- प्रदान गर्न र घटनामा जिम्मेवार देखिएका फुलटेक्रा व्यारेकका तत्कालीन प्रमुख समेतलाई कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।२६ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १६८९ संरक्षण ३७०।नेपालगन्ज मिति २०६७।२।१४ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।२७ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी जनही रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३७५**

१. **पीडितको नाम, थर र ठेगाना** सार्की परियार, कोहलपुर-३, बाँके

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला कोहलपुर गा.वि.स. वडा नं. ३ बस्ने सार्की परियारलाई मिति २०५५।३।८ गते कोहलपुर वडा नं. ३ मा गस्ती प्रहरीले कोहलपुरबाट पक्राउ गरी वेपत्ता पारिएकोले स्थिति सार्वजनिक गराइपाउन र जीवन रक्षा गरीपाउँ भनी आयोगमा मिति २०६२।९।१४ मा परेको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** आफ्नो पसलबाट घरतर्फ फर्किरहेको अवस्थामा कोहलपुरको बोराही भन्ने स्थानबाट पक्राउ गरी इ.प्र.का. कोहलपुरमा राखी तत्पश्चात हालसम्म बेपत्ता पारेको खुल्न आयो। अतः नागरिकको जीउ ज्यानको सुरक्षा गर्नुपर्ने कर्तव्य भएको सुरक्षाकर्मीबाटै वेपत्ता पारिने कार्य हुनु मानव अधिकारको गम्भीर उल्लंघन भएकोले निजको अवस्था यथाशीघ्र सार्वजनिक गर्न, पीडितका कानून बमोजिमका नजिकका हकवालालाई अन्तरिम राहत स्वरुप रु. १,००,०००।- प्रदान गर्न र घटनामा संलग्न दोषी व्यक्ति पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।२७ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १६८८ संरक्षण ७०१।नेपालगन्ज मिति २०६७।२।१४ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।२७ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

पीडितका हकदारले पाउने गरी जनही रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३७६**

१. **पीडितको नाम, थर र ठेगाना** दिपा वली, लाटीकोइली-९, सुर्खेत

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** सुर्खेत जिल्ला लाटीकोइली गा.वि.स. वडा नं. ९ बस्ने दिपा वलीलाई सुरक्षाकर्मीले मिति २०६०।४।२३ मा पक्राउ गरी वेपत्ता पारेकोले स्थिति सार्वजनिक गराइपाउँ भनी मिति २०६०।८।२९ मा आयोगमा दर्ताउजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** दिपा वलीलाई सुरक्षाकर्मीले मिति २०६०।४।२३ मा पक्राउ गरी ३ महिनासम्म आफुसँग राखी वेपत्ता पारेको बुझिन आयो । नागरिकको जीउ ज्यानको सुरक्षा गर्नुपर्ने राज्यको सुरक्षा निकायबाटै वेपत्ता पार्ने कार्यले मानव अधिकारको गम्भीर उल्लंघन भएकोले निज दिपा वलीको अवस्था यथाशीघ्र सार्वजनिक गर्न, पीडितका कानून बमोजिमका हकवालालाई अन्तरिम राहत स्वरुप रु. १,००,०००।- प्रदान गर्न र घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।२७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १६८७ संरक्षण १९९।नेपालगन्ज मिति २०६७।२।१४ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।२७ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

पीडितका हकदारले पाउने गरी जनही रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३७७**

१. **पीडितको नाम, थर र ठेगाना** प्रेम वहादुर वि.क. र जगवीर पुन, कोहलपुर-४, बाँके

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला कोहलपुर गा.वि.स. वडा नं. ४ बस्ने प्रेम वहादुर वि.क. र ऐ. ऐ. बस्ने जगवीर पुनलाई सुरक्षाकर्मीहरूले मिति २०५५।११।२९ मा पक्राउ गरी वेपत्ता पारेकोले स्थिति सार्वजनिक गरी रिहा गराइपाउँ भनी आयोगमा मिति २०६२।९।१५ मा दर्ता उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** निजहरूलाई इ.प्र.का. कोहलपुरबाट खटिएको गस्ती टोलीले पक्राउ गरी हिराशतमा राखी तत्पश्चात बेपत्ता पारेको बुझियो । नागरिकको जीउ ज्यानको सुरक्षा गर्नुपर्ने कर्तव्य भएको सुरक्षा निकायबाटै व्यक्ति वेपत्ता पार्ने कार्यमा संलग्न हुनु मानव अधिकारको गम्भीर उल्लंघन भएकोले निजहरूको अवस्था यथाशीघ्र सार्वजनिक गर्न, पीडितका कानून बमोजिमका हकवालालाई अन्तरिम राहत स्वरुप जनही रु. १,००,०००।- प्रदान गर्न र घटनाका दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।२७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १६८६ संरक्षण ६९७।नेपालगन्ज मिति २०६७।२।१४ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।२७ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

जगविर पुनका हकदारले पाउने गरी जनही रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३७८**

१. **पीडितको नाम, थर र ठेगाना** शेरवहादुर रोका, धवाङ्ग-६ धाङसी, रोल्पा

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** रोल्पा जिल्ला धवाङ्ग गा.वि.स. वडा नं. ६ बस्ने वर्ष २८ को शेरवहादुर रोकालाई सुरक्षाकर्मीद्वारा मिति २०५९।९।१० मा पक्राउ गरी लिबाङ्ग व्यारेकमा राखिएको र बेपत्ता पारिएकोले स्थिति सार्वजनिक गर्नको लागि पहल गरिदिनु हन भनी मिति २०६३।३।२६ मा आयोगमा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय⁄सिफारिश** निज शेर वहादुर रोकाको मानव अधिकारको उल्लंघन भएकोले राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही र क्षतिपूर्ति) निर्धारण नियमावली, २०५७ बमोजिम पीडितको कानून बमोजिमको हकवालाले क्षतिपूर्ति नपाएको भए अन्तरिम राहत स्वरुप रु. १,००,०००।- प्रदान गर्न, यथाशीघ्र अवस्था सार्वजनिक गर्न, घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र यस घटनाको अनुसन्धान कार्य जारी राख्ने भनी मिति २०६७।३।३० मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. ३२० संरक्षण ३७।नेपालगन्ज मिति २०६७।६।१४ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ३७९**

१. **पीडितको नाम, थर र ठेगाना** धन वहादुर वि.क., पेन्टा वि.क., टेक वहादुर वि.क., राममिलन बाल्मिकि र हिक्मत विष्ट, कोहलपुर-३, बाँके

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला कोहलपुर गा.वि.स. वडा नं. ३ बस्ने धन वहादुर वि.क., पेन्टा वि.क., टेक वहादुर वि.क., राममिलन बाल्मिकि र हिक्मत विष्टलाई मिति २०५९।१।१३ गते राती पक्राउ गरी बेपत्ता पारिएकोले घटनाको छानवीनि गरी स्थिति सार्वजनिक गराइपाउँ भनी आयोगमा मिति २०६२।९।१५ मा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय⁄सिफारिश** निजहरूको मानव अधिकारको गम्भीर उल्लंघन भएको पाइएकोले पीडितहरूका कानून बमोजिमका हकवालाहरूलाई अन्तरिम राहत स्वरुप जनही रु. १,००,०००।- प्रदान गर्न, निजहरूको अवस्था यथाशीघ्र सार्वजनिक गर्न, इलाका प्रहरी कार्यालय, कोहलपुरबाट खटिएका सिआईडी दिपक शाही र डम्बरवहादुर शाहलाई घटनाका सम्बन्धमा बयान लिने र अन्य दोषी पहिचान गरी कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६७।३।३० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. ३१८ संरक्षण १०८, ११२, १२१, १२२, १३५।नेपालगन्ज मिति २०६७।६।१४ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ३८०**

१. **पीडितको नाम, थर र ठेगाना** भंगी थारु, रझेना-६, बाँके

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला रझेना गा.वि.स. वडा नं. ६ बस्ने वर्ष ७२ को भंगी थारुलाई मिति २०५८ साल फागु पूर्णिमाको दिन इ.प्र.का. कोहलपुर बाँकेका २ जना प्रहरीले विना कारण गिरफ्तार गरी लगेकोमा हालसम्म पनि निजलाई बेपत्ता पारेको हुँदा स्थिति सार्वजनिक गराइपाउन मिति २०५९।११।१५ मा बुधनी थारुको उजूरी सहित इन्सेकबाट आयोगमा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश निजलाई** उजुरीको व्यहोरा बमोजिम गरी बेपत्ता बनाएको बुझियो । यस कार्यबाट निजको मानव अधिकारको गम्भीर उल्लंघन भएकोले निज भंगी थारुको अवस्था यथाशीघ्र सार्वजनिक गर्न, पीडितका कानून बमोजिमका हकवालालाई अन्तरिम राहत बापत रु. १,००,०००।- प्रदान गर्न र घटनामा संलग्न व्यक्तिको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने । यस घटनाको अनुसन्धान जारी राख्ने भन्ने मिति २०६७।३।३० गतेको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. ३१६ संरक्षण ११९।नेपालगन्ज मिति २०६७।६।१४ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ३८१**

१. **पीडितको नाम, थर र ठेगाना** जिल्ला सन्देश थारु, वसन्तप्रसाद चौधरी, राजकुमार थारु, चुल्वा थारु, मान बहादुर साउद र बालकृष्ण थारु (६ जना) मगरागाडी-१, वर्दिया

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** वर्दिया जिल्ला मगरागाडी गा.वि.स. वडा नं. १ का जिल्ला सन्देश थारु, ऐ. वडा नं. ४ का वसन्तप्रसाद चौधरी र राजकुमार थारु, ऐ. वडा नं. २ का चुल्वा थारु, ऐ. वडा नं. ९ का मान बहादुर साउद र बालकृष्ण थारुलाई सुरक्षाकर्मीद्वारा जवरजस्ती वेपत्ता पारिएकोले खोजतलास गरी स्थिति सार्वजनिक गरीपाउँ भनी आयोगमा मिति २०६२।८।२० मा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** निजहरूको मानव अधिकारको गम्भीर उल्लंघन भएकोले निजहरूको अवस्था यथाशीघ्र सार्वजनिक गर्न, पीडितका कानून बमोजिमका नजिकका हकवालाहरूलाई अन्तरिम राहत स्वरुप रु. १,००,०००।- प्रदान गर्न र घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने यस घटनाको अनुसन्धान जारी राख्ने भन्ने मिति २०६७।३।३० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३१५ संरक्षण ५६२, ५५७, ५५९, ५६१।नेपालगन्ज मिति २०६७।६।१४ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ३८२**

१. **पीडितको नाम, थर र ठेगाना** प्रेमकुमार थारु, शिवप्रसाद थारु र कालीराम थारु, महम्मदपुर-८, बर्दिया

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** बर्दिया जिल्ला महम्मदपुर गा.वि.स. वडा नं. ८ बस्ने वर्ष १८ को प्रेमकुमार थारु, वर्ष १८ को शिवप्रसाद थारु र वर्ष १५ को कालीराम थारुलाई जवरजस्ती वेपत्ता पारिएको भनी आयोगमा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** निजहरूको अवस्था यथाशीघ्र सार्वजनिक गर्न, पीडितहरूका कानून बमोजिमका हकवालाहरूलाई अन्तरिम राहत स्वरुप जनही रु. १,००,०००।- प्रदान गर्न र घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने । यस घटनाको अनुसन्धान जारी राख्ने मिति २०६७।३।३० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३१४ संरक्षण १०११। नेपालगन्ज मिति २०६७।६।१४ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. १,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ज) अपहरण**

**क्रम संख्या – ३८३**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्णप्रसाद अधिकारी, देउडाकला-९ ककौरा, वर्दिया

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** वर्दिया जिल्ला देउडाकला गा.वि.स. वडा नं. ९ ककौरा बस्ने कृष्णप्रसाद अधिकारीलाई नेकपा (माओवादी) का कार्यकर्ताहरूले अपहरण गरी हालसम्म अवस्था अज्ञात पारिएकाले खोजतलास गरी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी आयोगमा मिति २०६२।३।२४ मा प्राप्त उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** निजको अवस्था सार्वजनिक गर्न पहल गर्न, पीडितको कानून बमोजिमको हकवालालाई अन्तरिम राहत स्वरुप रु. १,००,०००।-प्रदान गर्न र घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने। यस घटनाको अनुसन्धान जारी राख्ने भन्ने मिति २०६७।३।३० को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. ३१३ संरक्षण २६७।नेपालगन्ज मिति २०६७।६।१४ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**झ) यातना**

**क्रम संख्या – ३८४**

१. **पीडितको नाम, थर र ठेगाना** ज्ञानसिंह बुढा र मुनमान बुढा, रोवा-७, मुगु

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** मुगु जिल्ला रोवा गाउँ विकास समिति वडा नं. ७, शोभागाउँ बस्ने ज्ञानसिंह बुढा तथा मुनमान बुढालाई मिति २०६१।७।२३ गते विहान ८ः४५ को समयमा आफ्नै खेतबारीमा हलो जोतिरहेको समयमा गमगढीबाट आएका कालिदल गुल्मका उपसेनानी प्रेम गुरुङ्ग लगायतका नेपाली सेनाले अन्धाधुन्ध गोली चलाउँदै आइ बारीमा लडाई क्रुर र अमानवीय रुपमा कुटपीट गरी चरम यातना दिइएकोले ज्ञानसिंह बुढा बेहोश भएकोले त्यही छाडी निज मुनमान बुढालाई पक्राउ गरी २२ दिनसम्म थुनामा राखी छाडेकाले दोषीलाई कार्वाही गरी पीडितलाई क्षतिपूर्ति दिलाइपाउन आयोग समक्ष मिति २०६१।१०।७ मा परेको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज ज्ञानसिंह बुढालाई कालीदल गुल्मबाट खटिएको नेपाली सेनाको टोलीले आफ्नो नियन्त्रणमा लिई बन्दुकको कुन्दा, लात्ती, बुटले प्रहार गरी शारीरिक यातना दिइएको, निजलाई २०६१।७।२३ देखि थुनामा राखी २२ दिन पश्चात् थुनामुक्त गरेको बुझियो। तसर्थः निजलाई यातना दिइएको कार्य प्रचलित कानून प्रदत्त मानव अधिकारको गम्भीर उल्लंघन भएकोले राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही र क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १८ बमोजिम पीडितलाई रु. १,००,०००।- क्षतिपूर्ति प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।८।८ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. ९४६ संरक्षण ५६ मिति २०६६।८।२२ गते प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।८।८ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

ज्ञानसिंह बुढाका हकदारले पाउने गरी जनही रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ३८५**

१. **पीडितको नाम, थर र ठेगाना** मोतीलाल अधिकारी, ताराताल-२, वर्दिया

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. १३०७, वर्दिया जिल्ला ताराताल गा.वि.स. वडा नं. २ बस्ने मोतीलाल अधिकारीलाई यातना दिएको घटना सम्बन्धमा आयोगमा मिति २०६३।१२।२७ मा आयोगमा परेको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** यस कार्यले निजको यातना विरुद्धको हकको हनन् हुन गएकोले रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन, सो क्षतिपूर्ति को ५% रकम यातना दिने कार्यमा संलग्न तत्कालीन प्रहरी निरिक्षक गणेश विक्रम शाह, प्रहरी नायव निरिक्षक राजेन्द्र प्रसाद श्रेष्ठ र प्रहरी सहायक निरीक्षक जंग बहादुर के.सी.बाट जनही भराउन र निजहरूलाई कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।४ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२८६ संरक्षण १३०७ मिति २०६६।११।२५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ४०५ मिति २०६६।१२।२ मा आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना ईकाईलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. १,००,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।४ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३८६**

१. **पीडितको नाम, थर र ठेगाना** जंग गिरी, मटेला-२, बभ्फाङ

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. २९६, बभ्फाङ जिल्ला मटेला गा.वि.स. वडा नं. २ बस्ने जंग गिरीलाई अनाहकमा गम्भिर यातना दिएको कारण मेरो र परिवारको भविष्य बर्बाद गरी अपाङ्गताको जीवन बिताउनु परेको र मेरो ठूलो धनराशी उपचारमा खर्च भएको हुँदा पीडकलाइ कार्वाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन आयोगमा मिति २०६२।४।११ मा परेको उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** निज जंग गिरीलाई मिति २०५८।१०।२८ मा बभ्फाङ्ग सदरमुकाममा रहेको नेपाली सेनाको व्यारेकबाट खटिएका सेनाले गैरकानूनी रुपमा पक्राउ गरी यातना दिएकोले निजको यातना विरुद्धको हकको हनन् भएकोले पीडितलाई रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन, निजको उपचार खर्चको हकमा पेश भएका विल भर्पाइहरू जाँचबुझ गरी यकिन हुन आए अनुसार सोधभर्ना दिन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।४ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२८७ संरक्षण २९६ मिति २०६६।११।२५ मा प्र.म. म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ४०५ मिति २०६६।१२।२ मा आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना ईकाईलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितलाई रु. १,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ३८७**

१. **पीडितको नाम, थर र ठेगाना** मणिदेव अर्याल, सोनपुर-९ सिमलघारी, बाँके

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण**उजूरी नं. ९८६, बाँके जिल्ला सोनपुर गा.वि.स. वडा नं. ९ सिमलघारी बस्ने मणिदेव अर्याललाई मिति २०५८।१०।२८ गते सुरक्षाकर्मीले यातना दिएको सम्बन्धमा आयोगमा मिति २०६३।५।२ मा परेको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई उल्लेखित मितिमा नेपाली सेना, चिसापानी व्यारेकका सेनाहरूले पक्राउ गरी यातना दिएको पुष्टि हुन आयो। अतः यस कार्यले यातना विरुद्धको हकको हनन् भएकोले पीडितलाई रु ५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।४ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२८८ संरक्षण ९८६ मिति २०६६।११।२५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ४०५ मिति २०६६।१२।२ मा आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना इकाईलाई लेखिएको पत्रको बोधार्थ प्राप्त।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितलाई रु. ५०,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ३८८**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्ण प्रसाद काफ्ले, मगरागडी-५, सोनपुर बर्दिया

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ८६१, वर्दिया जिल्ला मगरागडी गा.वि.स. वडा नं. ५ बस्ने कृष्ण प्रसाद काफ्लेलाई मिति २०६१।११।११ गतेका दिन आफ्नो घरमा जान लागेको बेलामा कैलालीको लालबोझी गा.वि.स. बाट ४०/५० जनाको संख्यामा आएका तत्कालीन शाही नेपाली सेनाको टोलीले जबर्जस्ती पक्राउ गरी जथाभावी कुटपीट गर्नुका साथै साथमा रहेको रु. ६१,८०१।- खोसेर १४ दिनसम्म विना पुर्जी ब्यारेकमा थुनी विभिन्न शारीरिक तथा मानसिक यातना समेत दिई राखेकोले क्षतिपूर्ति सहित उचित न्याय दिलाइपाउँन मिति २०६३।२।१५ मा आयोग समक्ष परेको उजूरी निवेदन।

४. **आयोगको निर्णय/सिफारिश** यस कार्यबाट यातना विरुद्धको हकको हनन् भएको पाइएकोले पीडितलाई रु. ५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र यातना दिने कार्यमा संलग्न भजनी रिपिटर टावरको सुरक्षार्थ खटिएको सेनाको तत्कालीन सह सेनानी राम बहादुर कार्कीलाई कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।४ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. १२८९ संरक्षण ८६१ मिति २०६६।११।२५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ४०५ मिति २०६६।१२।२ मा आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना ईकाईलाई लेखिएको पत्रको बोधार्थ प्राप्त।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ५०,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।४ मा निर्णय भएको जानकारी पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३८९**

१. **पीडितको नाम, थर र ठेगाना** चुमानसिंह के.सी., नेपालगञ्ज-१६ भुक्तिपुर, बाँके

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ६६९, बाँके जिल्ला नेपालगञ्ज नगरपालिका वडा नं. १६ भुक्तिपुर बस्ने चुमानसिंह के.सी.लाई प्रहरीद्वारा कुटपीट गरी घाइते बनाएकोले मानव अधिकारको संरक्षण गर्न आयोग समक्ष परेको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** निजले हालसम्म राहत तथा क्षतिपूर्ति नपाएको भए नेपाल सरकारको नीति अनुसार राहत वा क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिश गर्ने भन्ने मिति २०६६।१०।४ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२९० संरक्षण ६६९ मिति २०६६।११।२५ मा प्र.म. म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ४०५ मिति २०६६।१२।२ मा आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना ईकाईलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ३९०**

१. **पीडितको नाम, थर र ठेगाना** रत्ना रेग्मी, नारायण-३ खुशीनीवारी, दैलेख

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. २३२२, दैलेख जिल्ला नारायण नगरपालिका वडा नं. ३ खुशीनीवारी बस्ने रत्ना रेग्मीलाई मिति २०६१।८।५ गते साँझ ६:३० बजे भवानी बक्स गण दैलेखबाट खटिइ आएका नेपाली सेनाले पक्राउ गरी क्याम्पमा ल्याएर शारीरिक तथा मानसिक यातना दिएको कारण निजको अवस्था गम्भीर भएकोले छानवीन गरी दोषीलाई कार्वाही गरी पीडितलाई क्षतिपूर्ति दिलाइपाउँ भनी मिति २०६१।८।१५ मा आयोगमा परेको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** पीडितलाई रु. ७५,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न नेपाली सेना, भवानी बक्स गणका तत्कालीन गणपति नयनराज दाहाललाई कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।४ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२९२ संरक्षण २३२२ मिति २०६६।११।२५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ४३८ मिति २०६६।१२।३१ मा आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना ईकाईलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ४०५ मिति २०६६।१२।२ मा आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना ईकाईलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ५०,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।४ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितलाई रु. ७५,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३९१**

१. **पीडितको नाम, थर र ठेगाना** राम बहादुर रावल, मार्तडी-५, बाजुरा

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ४४८, बाजुरा जिल्ला मार्तडी गा.वि.स. वडा नं. ५ बस्ने राम बहादुर रावल (पत्रकार) लाई अपरिचित भेषमा आएका सेनाले कुटपीट गरी रक्ताम्य बनाई यातना दिएकोले घटनाको अनुसन्धान गरी दोषीमाथि कार्वाही तथा क्षतिपूर्ति उपलब्ध गराउन भनी आयोगमा मिति २०६२।७।२८ मा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** राज्यको निकायबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनद्वारा प्रत्याभूत अधिकारको उल्लंघन

गरिएकोले पीडितलाई पर्न गएको असरलाई दृष्टिगत गरी पीडित राम वहादुर रावललाई क्षतिपूर्ति वापत रु. ५०,०००।- प्रदान गर्न, घटनामा संलग्न नेपाली सेना, ज्वालादल गुल्मका सैनिक जयवहादुर भाट समेतलाई कानूनी कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।४ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२९३ संरक्षण ४४८ मिति २०६६।११।२५ मा प्र.म. म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ४३८ मिति २०६६।१२।३१ मा आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना ईकाईलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ४०५ मिति २०६६।१२।२ मा आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना ईकाईलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. ५०,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।४ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितलाई रु. ५०,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३९२**

१. **पीडितको नाम, थर र ठेगाना** नमस्कार शाह (पत्रकार), नेपालगन्ज, बाँके

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला नेपालगन्जका पत्रकार नमस्कार शाहलाई प्रहरीले विनाकारण पक्राउ गरी यातना दिई थुनामा अमानविय व्यवहार गरिएको भन्ने उजूरीका सम्बन्धमा उजूरी नं. ७७५) ।

४. **आयोगको निर्णय/सिफारिश** यस कार्यबाट निजको यातना तथा अमानविय व्यवहार विरुद्धको अधिकारको उल्लंघन भएकोले निजलाई रु. २५,०००।- क्षतिपूर्ति प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।६ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५८४ संरक्षण ७७५ मिति २०६७।२।१८ मा प्र.म. म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा रु. २५,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।६ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ३९३**

१. **पीडितको नाम, थर र ठेगाना** शिक्षकहरू गणेश बहादुर सिंह, लाल बहादुर बम र प्रेम बहादुर रोकाया, सत्य मा.वि. पाण्डुसेन, बाजुरा

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** बाजुरा जिल्ला सत्य मा.वि. पाण्डुसेनमा कार्यरत शिक्षक गणेश वहादुर सिंह, लाल वहादुर बम र प्रेम वहादुर रोकायालाई सुरक्षाफौजले यातना दिएको सम्बन्धमा आयोगमा प्राप्त उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** निजहरूलाई नेकपा (माओवादी) भएको आशंकामा मिति २०५९।२।१४ गते पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, बाजुरामा थुनामा राख्दा यातना दिइएको बुझियो । अतः यस कार्यले निजहरूको यातना विरुद्धको हकको उल्लंघन भएकोले पीडितहरूलाई जनही रु. ५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने । सो क्षतिपूर्तिको ५% रकम यातना दिने कार्यमा नेतृत्व गर्ने प्रहरी नायव उपरीक्षक देव वहादुर वोहराबाट भराई घटनामा संलग्न प्रहरीहरू पहिचान गरी कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९८ संरक्षण ४०७।नेपालगन्ज मिति २०६७।२।२० मा प्र.म.म.प.का.लाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा जनही रु. ५०,०००।- क्षतिपूर्ति दिन मिति २०६६।१०।७ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ञ) दुर्व्यवहार**

**क्रम संख्या – ३९४**

१. **पीडितको नाम, थर र ठेगाना** इश्वर पोखरेल (तत्कालीन नेकपा एमालेका महासचिव)

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** नेकपा एमालेका महासचिव इश्वर पोखरेल लगायतका नेताहरूको टोली माथि २०६६ जेष्ठ ३ गते करीव साँझको ६ बजे रामेछापको सदरमुकाम मन्थलीबाट काठमाडौं फर्कदै गर्दा नेकपा (माओवादी) का कार्यकर्ताहरूले आक्रमण तथा दुर्व्यवहार गरेको घटनाका सम्बन्धमा आयोगमा प्राप्त मिति २०६६।२।७ को उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** यसबाट नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) विच भएको विस्तृत शान्ति सम्झौताको धारा ५.२.६ मा उल्लेखित "दुवै पक्षले देशमा विद्यमान सवै स्वरुपका आक्रमण प्रत्याक्रमण, हिंसा र प्रतिहिंसा नगर्ने" भन्ने प्रावधान समेतको उल्लंघन भएको पाइयो । अतः घटनामा संलग्न दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने र विस्तृत शान्ति सम्झौताको पालना गर्न सम्बन्धित पक्षलाई ध्यानाकर्षण गर्ने भन्ने मिति २०६६।७।२६ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. १०२१ संरक्षण ४६२५ मिति २०६६।९।२७ मा प्र.म. म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ३९५**

१. **पीडितको नाम, थर र ठेगाना** देवेन्द्र प्रताप सेन, पुर्कोटदह-८, गुल्मी

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** गुल्मी जिल्ला पुर्कोटदह गा.वि.स. वडा नं. ८ बस्ने देवेन्द्र प्रताप सेनलाई अमानविय व्यवहार गरिएको, विभिन्न आरोप लगाउँदै कालोमोसो लगाई अपमान गरेकाले आवश्यक अनुसन्धान गरी दोषीलाई कार्वाही गरीपाउँ भनीमिति २०६६।४।१२ मा आयोगमा उजूरी निवेदन ।

४. **आयोगको निर्णय/सिफारिश** सार्वजनिक स्थलमा कालोमोसो दलिएको घटनाले व्यक्तिको मर्यादा पूर्वक बाँच्न पाउने संवैधानिक र कानूनी हकको हनन् हुन जानुका साथै प्रभावकारी उपचार प्राप्त गर्ने हकको समेत उल्लंघन भएको पाइएकोले घटनामा संलग्न दोषी पत्ता लगाई केही सार्वजनिक (अपराध र सजाय) ऐन अन्तर्गत कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२७७ संरक्षण ८६३ मिति २०६६।११।२० मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ४०५ मिति २०६६।१२।२ मा आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना इकाइलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ट) आन्तरिक विस्थापन**

**क्रम संख्या – ३९६**

१. **पीडितको नाम, थर र ठेगाना** गणेश वहादुर मल्ल, कोटा तुल्सीपुर-४, कैलाली

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला कोटा तुल्सीपुर गा.वि.स. वडा नं. ४ का गणेश वहादुर मल्ललाई मिति २०५७।५।१२ गते नेकपा माओवादीको सशस्त्र समूह आई घरको सबै सम्पत्ति लुटी घर जग्गा कब्जा गरी विस्थापित गरेकोले लुटिएको सम्पत्ति फिर्ता गराई पुनःस्थापित गराई पाउँ भन्ने उजूरी मिति २०६३।११।२३ मा आयोगमा दर्ता।

४. **आयोगको निर्णय/सिफारिश** विस्थापित गणेश वहादुर मल्लको सम्पति फिर्ता गराई निजलाई आफ्नै स्थानमा स्थापित गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी २०६६।५।९ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २६२ संरक्षण ३५७, धनगढी मिति २०६६।६।१९ मा प्र.म.म.प.को कार्यालय लाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति**

च.नं. २१३ मिति २०६६।६।३० मा शा.तथा पु.नि.म, कानून तथा मा.अ.शाखाले सिफारिश कार्यान्वय सम्बन्धमा राहत तथा पुनर्स्थापना इकाईलाई पठाएको पत्रको बोधार्थ प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३९७**

१. **पीडितको नाम, थर र ठेगाना** लिलाधर भण्डारी, साडेपानी-८, कैलाली

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला साडेपानी गा.वि.स. वडा नं. ८ का लिलाधर भण्डारीलाई मिति २०५९।२।१९ गतेदेखि नेकपा माओवादीबाट घर जग्गा कब्जा गरी विस्थापित गरेकोले घर जग्गा फिर्ता गराई पुनः स्थापित गराई पाउँ भन्ने मिति २०६३।२।२१ मा आयोग समक्ष परेको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** विस्थापित लिलाधर भण्डारीको सम्पति फिर्ता गराई निजलाई आफ्नै स्थानमा स्थापित गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनि २०६६।५।९ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २६१ संरक्षण ३२६, धनगढी मिति २०६६।६।१९ मा प्र.म.म.प.को कार्यालय लाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. २१३ मिति २०६६।६।३० मा शा.तथा पु.नि.म, कानून तथा मा.अ.शाखाले सिफारिश कार्यान्वयन सम्बन्धमा राहत तथा पुनर्स्थापना इकाईलाई पठाएको पत्रको बोधार्थ प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३९८**

१. **पीडितको नाम, थर र ठेगाना** दिनराज भण्डारी, साडेपानी-६, कैलाली

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला साडेपानी गा.वि.स. वडा नं. ६ का दिनराज भण्डारीलाई मिति २०५७ साल कार्तिक देखि नेकपा माओवादीबाट घरजग्गा कब्जा गरी विस्थापित गरेकोले, घर जग्गा फिर्ता गराई पुनः स्थापना गराई पाउँ भनी आयोगमा मिति २०६३।२।२१ मा आयोगमा दर्ता उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** विस्थापित दिनराज भण्डारीको सम्पति फिर्ता गराई निजलाई आफ्नै स्थानमा स्थापित गराउन नेपाल सरकारलाई सिफारिश गर्ने आयोगको मिति २०६६।५।९ को निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २६० संरक्षण ६१, धनगढी मिति २०६६।६।१९ मा प्र.म.म.प.को

कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २१३ मिति २०६६।६।३० मा शा.तथा पु.नि.म, कानून तथा मा.अ.शाखाले सिफारिश कार्यान्वयन सम्बन्धमा राहत तथा पुनर्स्थापना इकाईलाई पठाएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ३९९**

१. **पीडितको नाम, थर र ठेगाना** गम्भिर सिंह बम, मसुरिया-५, कैलाली

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला मसुरिया गा.वि.स. वडा नं. ५ का गम्भीर सिंह बमलाई मिति २०५८।१०।८ गते नेकपा माओवादीको सशस्त्र समूह आई मेरो छोराको हत्या गरी घर जग्गा कब्जा गरी विस्थापित गरेकोले घर जग्गा फिर्ता गराई पुनःस्थापित गराई पाउँ भनी मिति २०६३।११।२३ मा आयोगमा दर्ता उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीको अनुसन्धान प्रतिवेदन समेतलाई विचार गर्दा विस्थापित गम्भीर सिंह बमको सम्पति फिर्ता गराई निजलाई आफ्नै स्थानमा स्थापित गराउन नेपाल सरकारलाई सिफारिश गर्ने आयोगको मिति २०६६।५।९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २८७ संरक्षण ३५५, धनगढी मिति २०६६।६।२३ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २१३ मिति २०६६।६।३० मा शा.तथा पु.नि.म, कानून तथा मा.अ.शाखाले सिफारिश कार्यान्वयन सम्बन्धमा राहत तथा पुनर्स्थापना इकाईलाई पठाएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४००**

१. **पीडितको नाम, थर र ठेगाना** शेर वहादुर हमाल, खैलाड-८, कैलाली

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला खैलाड गा.वि.स. वडा नं. ८ का शेर वहादुर हमाललाई मिति २०५७।८।२३ गते नेकपा माओवादीबाट घरको सबै सम्पत्ति लुटी १४ विगाहा जग्गा कब्जा गरी विस्थापित बनाएकोले घर जग्गा तथा लुटिएको सम्पत्ति फिर्ता गराई पुन स्थापित गराईपाउँ भन्ने मिति २०६३।८।१८ को उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीको अनुसन्धान प्रतिवेदन समेतलाई विचार गर्दा विस्थापित शेर वहादुर हमालको सम्पति फिर्ता गराई निजलाई आफ्नै स्थानमा स्थापित गराउन नेपाल सरकारलाई सिफारिश गर्ने आयोगको मिति २०६६।५।९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २८६ संरक्षण २०७, धनगढी मिति २०६६।६।२३ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २१३ मिति २०६६।६।३० मा शा.तथा पु.नि.म, कानून तथा मा.अ.शाखाले सिफारिश कार्यान्वयन सम्बन्धमा राहत तथा पुनर्स्थापना इकाईलाई पठाएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४०१**

१. **पीडितको नाम, थर र ठेगाना** छत्रराज गिरी, कात्तिके देउराली-७, काभ्रे

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलाञ्चोक जिल्ला कात्तिके देउराली गा.वि.स. वडा नं. ७ का छत्रराज गिरीको घर

तथा पसल नेकपा माओवादीले लुटपाट गर्नुका साथै सम्पूर्ण परिवारलाई विस्थापित वनाएकोले आफ्नो घरमा बस्न सक्ने वातावरण सृजना गराई क्षतिपूर्ति दिलाइपाउँ भन्ने उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** निज विगतमा नेकपा (माओवादी) बाट विस्थापित भएको देखिएको, निजको रु. ३,२०,०००।- वरावरको सम्पत्ति क्षति भएको भनि जिल्ला प्रशासन कार्यालयले मूल्यांकन गरेको देखिएकोले जिल्ला प्रशासन कार्यालयले गरेको सिफारिश जाँचबुझ गरी क्षतिपूर्ति प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनि २०६६।६।२१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. ७६६ संरक्षण ९३५ मिति २०६६।७।१६ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४०२**

१. **पीडितको नाम, थर र ठेगाना** बखत वहादुर कुँवर, रानीपानी-१, पर्वत

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पर्वत जिल्ला रानीपानी गा.वि.स. वडा नं. १ का बखत वहादुर कुँवर विस्थापित भएको भन्ने सम्बन्धमा आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार निजको चल अचल सम्पति एकिकृत नेकपा (माओवादी) ले कब्जामा लिई मिति २०६१।१०।१८ मा विस्थापित भएको पाइयो ।

४. **आयोगको निर्णय/सिफारिश** निजको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, पर्वतबाट क्षतिको मूल्यांकन गरी गृह मन्त्रालयमा पठाएको देखिएकोले सिफारिश बमोजिम क्षतिपूर्ति नपाएको भए क्षतिको यकिन गरी क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५९६ संरक्षण ४४९।पोखरा मिति २०६७।२।२० मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको च.नं. ७१३ मिति २०६७।८।१९ मा क्षति एकिन गरी क्षतिपूर्ति दिन मिति २०६६।१०।७ मा निर्णय भएको जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**ठ) महिलाविरुद्धको हिंसा**

**क्रम संख्या – ४०३**

१. **पीडितको नाम, थर र ठेगाना** सुन्तली धामी (अछाम घटना)

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला प्रहरी कार्यालय अछाम अन्तर्गत कार्यरत एक महिला प्रहरी जवानमाथि सहकर्मी प्रहरी सहायक निरिक्षक दानसिंह भण्डारी सहित ६ जनाले मासुमा नशालु पदार्थ मिसाई झुक्याएर सेवन गराई सामूहिक बलात्कार गरिएको भन्ने घटनाको सम्बन्धमा आयोगको क्षेत्रीय कार्यालय, धनगढीमा मिति २०६६।६।१८ मा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** सो घटनाको सम्बन्धमा आमसंचार माध्ययमहरूमा घटना पश्चात लगातार बिभिन्न समाचारहरू आईरहेको तथा महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालबाट २०६६।६।२० मा आयोग समक्ष प्राप्त हुन आएको घटना बिवरण सहितको माग पत्र, आयोगबाट खटिई गएको टोलीको प्रारम्भिक प्रतिवेदन, आयोगले पीडित तथा अन्य भरपर्दो आधिकारिक श्रोतबाट लिएको सूचना तथा जानकारीहरूको आधारमा निज महिला प्रहरीमाथि सामूहिक बलात्कार भएकै हो भन्ने पर्याप्त आधारहरू पाइएको हुँदा उक्त घटनामा संलग्न पीडकहरूलाई निलम्बन गरी कानून बमोजिम तत्काल कारबाही गर्न नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ बमाजिम आयोग सम्माननीय

प्रधानमन्त्रीज्यू मार्फत नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।६।२१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. २७५ मिति २०६६।६।२१ मा प्र.म.म.का.लाई महिला प्रहरीमाथि बलात्कार भएको घटनाको सम्बन्धमा सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** विभिन्न सञ्चारमाध्यममा आए अनुसार उक्त घटनाका अभियुक्तहरूलाई अनुसन्धान कार्वाही शुरु गरिएको जानकारी आएको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**ड) आर्थिक सामाजिक, साँस्कृतिक अधिकार**

**क्रम संख्या – ४०४**

१. **पीडितको नाम, थर र ठेगाना** झाडापखाला, हैजा रोगबाट पीडितहरू जाजरकोट, रुकुम, दैलेखका जनताहरू

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६६ साल बैशाख महिनाबाट शुरु भई महामारीको रुपमा फैलिएको झाडापखाला, हैजाबाट जाजरकोट, रुकुम, दैलेख लगायतका मध्य तथा सुदुर पश्चिमका दुर्गम तथा पहाडी जिल्लाहरूमा करीव ४०० जनाको मृत्यु र ६४,००० जना भन्दा वढी विरामी भई उपचार पश्चात घर फर्केको घटनाको सम्बन्धमा आयोगको स्वविवेकमा उजूरी ग्रहण गरी कार्वाही अगाडि बढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश**सो घटना सम्बन्धमा आयोगबाट अनुगमन, अनुसन्धान तथा छानविनको लागि तीन पटक छुट्टाछुट्टै खटिएको उच्चस्तरीय टोलीले पेश गरेको प्रतिवेदनको आधारमा निम्न सिफारिश गरिएकोः

**नेपाल सरकारलाई**

- झाडापखाला प्रभावित क्षेत्रमा वितरित खाद्यान्नको न्युन गुणस्तार तथा करिब ४०० मानिसको मृत्युको कारण सम्बन्धी सत्य तथ्य जनसमक्ष ल्याई दोषी उपर कार्वाही गर्न नेपाल सरकारबाट स्वास्थ्य, कृषि, गुण प्रविधि, मानव अधिकारकर्मी सहितको स्वतन्त्र न्यायिक छानवीन आयोग गठन गर्न,
- कुनैपनि दातृ निकायले सहयोगस्वरुप प्रदान गर्ने खाद्य वस्तु पैठारी गर्दा उक्त वस्तुको उत्पतिस्थल, गुणस्तर प्रमाणपत्र, आयातकर्ताको परिचय झल्कने चिन्ह, अक्षर, खाद्य वस्तु वितरण गरिने क्षेत्र, लक्षित समूह र समूदाय, उपभोग्य मिति आदि पैठारी भै आउने खाद्य वस्तुमा अनिवार्यरुपमा उल्लेख गर्न लगााई सो को अभिलेख राख्ने व्यवस्था गर्न
- दुर्गम तथा पहाडी क्षेत्रमा रहेका आम नागरिकहरूको खाद्यान्न तथा शुद्ध खाने पानीको अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउन
- स्वास्थ्य सम्बन्धी जन चेतना अभिवृद्धि गर्न स्थानीय सञ्चारमाध्यमहरूबाट स्थानीय भाषामा व्यापक प्रचार प्रसारको अभियान सञ्चालन गर्ने
- झाडापखालाको कारणबाट मृत्यु हुन पुगेका मृतकका परिवारहरू -बालबालिका, टुहुरा, बृद्ध तथा अशक्त) को राहत, परिपूरण, संरक्षणका लागि तत्काल छुट्टै विशेष एकिकृत प्याकेज कार्यक्रम लागू गर्न तथा खाद्य वस्तुमा परनिर्भरता हटाई स्थानीय तहमा नै भरपर्दो विकल्पको खोजी गर्न नेपाल सरकारबाट कार्य योजना तयार गरी लागू गर्न
- भोकमरी, खाद्य अभाव तथा जनस्वास्थ्यसँग सम्बन्धीत सञ्चार माध्यममा आउने गरेका समाचारहरूलाई सरकारले गम्भीररुपमा लिई विषयको गहनतालाई मध्यनजर गर्दै तत्काल सम्बोधन गर्न र सो विषयमा आवश्यक संयन्त्र तर्जुमा गर्न
- दातृ निकायहरूमार्फत स्वविवेकमा सोझै खाद्य सामाग्री वितरण गर्ने परिपाटीको अन्त्य गरी सरकारी स्वामित्वमा रहेका खाद्य आपूर्ति गर्ने संस्थाहरूलाई नै बढी जिम्मेवार बनाई खाद्य सामग्रीहरूको भण्डारण, संरक्षण, गुणस्तर परीक्षण तथा वितरण सम्बन्धी न्यूनतम राष्ट्रिय मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने व्यवस्था गर्न
- भन्सारसँग सम्बन्धित कार्यालय, प्लान्ट क्वारेन्टैयन, पशु क्वारेन्टाइन, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भन्सार गस्ती प्रहरी आदिको काममा प्रभावकारी समन्वय गरी सेवाग्राहीलाई छिटो सेवा प्रदान गर्न तथा सो को

प्रभावकारी अनुगमन गर्ने, गराउने व्यवस्था मिलाउन

- खाद्य नियमावली २०२७ को नियम १६ ले व्यवस्था गरेको खाद्यस्तर निर्धारण समितिको काम, कारवाहीलाई चुस्त र प्रभावकारी बनाउन
- खाद्य नियमावली २०२७ को नियम २३ ले तोकेको अनुपातमा मात्र खाद्य परिरक्षी प्रयोग गर्न गराउन हुन तथा नियमले तोकेको मात्रा भन्दा बढी अनुपातमा परिरक्षी (Preservatives) को प्रयोग भए नभएको सम्बन्धमा खाद्य निरिक्षकहरूबाट अनुगमन गर्ने गराउने व्यवस्था गर्न
- जनताको स्वास्थ्य सम्बन्धी अधिकार सुनिश्चित गर्न झाडापखाला प्रभावित क्षेत्र लगायत अन्य क्षेत्रहरूका अस्पताल, उपस्वास्थ्य र स्वास्थ्य चौकीहरूमा दरबन्दी अनुसारका स्वास्थ्यकर्मीहरू र पर्याप्त औषधी लगायत प्राथमिक स्वास्थ्य उपचारका सामग्रीहरू नियमित रुपमा रहने व्यवस्था मिलाउन तथा सोको नियमित अनुगमन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ध्यानाकर्षण गराउने

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई**

- जिल्ला प्रशासन कार्यालय रुपन्देही तथा भैरहवा भन्सार कार्यालयबाट खाद्य वस्तुको पैठारीका सम्बन्धमा अपनाइएको फरक-फरक मापदण्ड तथा खाद्य ऐन, २०२३ को प्रस्तावनाको भावना र दफा ८ को व्यवस्था, विरुवा संरक्षण ऐन, २०६४ को दफा ३२ एवं उपभभोक्ता संरक्षण ऐन २०५४ को दफा १५ का व्यवस्थाहरूको पालना भएको नदेखिंदा खाद्य वस्तुको गुणस्तर मानव स्वास्थ्य, र जीवनको अधिकारसँग सम्बन्धित मानव अधिकारकै विषय भएतापनि आयोगको अनुसन्धान/अनुगमनबाट सामान निकासी/पैठारी प्रक्रियामा सरोकारवालाहरू पैठारीकर्ता, भन्सार कार्यालय, जिल्ला प्रशासन कार्यालय रुपन्देहीबाट भएका कार्यहरूमा फरक, फरक मापदण्ड पाइएको र कानूनसम्मत नदेखिएको हँदा यस विषयमा विस्तृत छानविनका लागी अखितयार दुरुपयोग अनुसन्धान आयोगलाई अनुरोध गर्ने
- भैरहवा भन्सार कार्यालय लगायत अन्य भन्सार कार्यालयहरूबाट पनि खाद्यान्न आपूर्ति सम्बन्धमा भएका काम कारवाही, गुणस्तर परीक्षण प्रक्रियाहरूको सम्बन्धमा छानवीन तथा अनुसन्धान गर्न अनुरोध गर्ने

**संयुक्त राष्ट्रसंघीय प्रणाली मार्फत विश्व खाद्य कार्यक्रम नेपाललाई**

- संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कायृक्रम नेपालका प्रतिनिधि रिचर्ड रेगनले इन्सेकलाई लेखेको " You also reference in your chronology issues around alleged sale of WFP food, I'm not sure why you've raised this issue since it has little to do with wither human rights or the epidemic" . भन्ने आयोगमा प्राप्त हुन आएको २००९ सेप्टेम्बर ४ को पत्रको सन्दर्भमा संयुक्त राष्ट्रसंघीय प्रणाली मार्फत विश्व खाद्य कार्यक्रम नेपालका प्रतिनिधि रिचर्ड रेगनको ध्यानाकर्षण गराउने र यसको जानकारी राष्ट्रसंघीय निकायहरूमा पठाउने ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. ७९५ मिति २०६६।७।१२ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

च.नं. ७९६ मिति २०६६।७।१२ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ढ) स्वच्छ पूर्पछको अधिकार**

**क्रम संख्या – ४०५**

१. **पीडितको नाम, थर र ठेगाना** प्र.ना.नि. धन वहादुर वि.क. सहित ४५ जना धनगढी, घोराही र तुल्सीपुर कारागार

२. **उल्लंघनकर्ता** प्रशासन

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६५।४।२८ गते तत्कालीन समयमा दङ्गा नियन्त्रण प्रहरी गण, नेपालगञ्ज, बाँकेमा कार्यरत प्रहरीहरूले सशस्त्र विद्रोह गरेको भन्ने कसुरमा मुद्दा चलाई निलम्बनमा राखी धनगढी, घोराही र तुल्सीपुर कारागारमा थुनामा रहेका प्रहरी नायव निरिक्षक धन वहादुर वि.क. समेत ४५ जना प्रहरीहरूले निश्पक्ष सुनुवाईको अधिकार समेतको पहल गरिदिन आयोगमा उजूरी दर्ता गरिएको ।

४. **आयोगको निर्णय/सिफारिश**शसस्त्र विद्रोह गरेको भन्ने कसुरमा मुद्दा चलाई निलम्वनमा राखि धनगढी, घोराही र तुल्सीपूर कारागारमा थुनामा रहेका प्रहरी नायव निरीक्षक धनबहादुर वि.क. समेत ४५ जना प्रहरीहरूको मानव अधिकार संरक्षणका लागि आयोग नेपाल सरकारलाई तपसिल बमोजिम सिफारिश गर्दछ" भन्ने मिति २०६६।११।१४ को निर्णय :

- खास किसिमका मुद्धाहरूको कार्वाही र किनारा छिटो, छरितो तथा प्रभावकारी ढंगले गराउन विशेष अदालतको गठन गरिन्छ। विशेष अदालत ऐन, २०५९ को दफा १६ (१) मा मुद्दा दायर भएको मितिले सामान्यतया ६ महिनाभित्र मुद्दाको किनारा गर्नुपर्छ भनि उल्लेख गरिएको छ। यसरी कानूनद्वारा निर्धारित अवधिमा मुद्दा नछिन्नु र निजहरूलाई थुनामा राखिरहनुले कानूनसम्मत र न्यायसंगत कार्वाही भैरहेको भन्न मिलेन। नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (१९६६) को धारा १४ (३) (ग) अनुसार अनुचित ढिलाई नगरी मुद्दा पुर्पक्ष हुनु पर्नेमा सोको पालना भएको देखिएन। त्यसैले प्रचलित कानून विपरीत कार्य गरेको आरोप लगाई मुद्दा चलाई थुनामा राखिएका निजहरूको हकमा ढिलो न्याय दिनु न्याय नदिनु सरह हो भन्ने न्यायको मान्य सिद्धान्तलाई आत्मसात गरी न्यायसम्मत पुर्पक्षको हकको सम्मान गर्दै उनीहरू विरुद्धको मुद्दाको कार्वाही यथाशीघ्र टुङ्ग्याउन।
- मानवीय मूल्य, मान्यताका आधारमा तथा थुनामा राखिएका प्रहरीहरूका बालबालिका लगायतका आश्रित परिवारको आधारभूत मानवअधिकारको संरक्षण गर्न प्रहरी नियमावलीको सकारात्मक व्याख्या गर्दै निलम्बन अवधिभर तलवको एक चौथाई रकम प्रदान गर्न।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२१६ मिति २०६६।११।१४ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** महान्यायाधिवक्ताको कार्यालयको च.नं. ६९४८ मिति २०६६।१२।१ मा प्रहरी विशेष अदालत, सुर्खेतमा पठाइएको पत्रको बोधार्थ प्राप्त। निर्णय भैसकेको बुझिएको।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**ण) सम्पत्ति कब्जा**

**क्रम संख्या – ४०६**

१. **पीडितको नाम, थर र ठेगाना** दामोदर माल, हरिसिंह माल र चक्र माल, शिर्ष-७, डडेलधुरा

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** डडेलधुरा जिल्ला शिर्ष गा.वि.स. वडा नं. ७ बस्ने बर्ष ६० का दामोदर मालको सोही स्थानमा रहेको पसल मिति २०५८।८।२२ गते जोगवुढा स्थित इलाका प्रहरी कार्यालयबाट अर्को आदेश नहुन्जेल सम्मको लागि भनी तालाबन्दी गरिदिएको पसलमा तालाबन्दी गर्नु भन्दा अगाडि मिति २०५८।८।११ गते निज मालका दुई छोरा वर्ष २२ को हरिसिंह माल र बर्ष १६ को चक्र माललाई जिल्ला प्रहरी कार्यालय डडेल्धुराका प्रहरीले डडेल्धुरास्थित नवयुग होटलबाट राती ८:०० बजे माओवादीको आरोपमा पक्राउ गरी निज हरिसिंह माललाई कञ्चनपुर स्थित कारागारमा थुनामा रहेको अवस्थामा हत्या गरिएको, अर्को छोरा चक्र माललाई थुनामा राखी मानसिक तथा शारीरिक यातना दिएको, तथा निजको करिब ८० हजार रुपैया मूल्य बराबरको तार जाली प्रहरीले लगी राखेको, यस सम्बन्धमा प्रधानमन्त्री कार्यालय लगायत १६ ठाउँमा उजूरी गर्दा समेत कहीं कतैबाट न्याय पाउन नसकेकोले घटनाको छानवीन गरी पीडितलाई न्याय दिलाई दोषीलाई कानून बमोजिम कारबाही गरीपाउँ भनी मिति २०६३।२।१ गते आयोगको क्षेत्रीय कार्यालय धनगढीमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार निजको निङ्गलासैनी जनरल स्टोरमा २०५८।८।२२ गते इलाका प्रहरी कार्यालय, जोगबुढाका सुरक्षाकर्मीहरूको प्रशासनको आदेश भन्दै विनाकारण तालावन्दी गरेको, २०६३।१।२८ गते इ.प्र.का. जोगबुढाबाट खटिई गएको प्रहरी टोलीले गा.वि.स. सचिव तथा स्थानीय वासिन्दाको रोहवरमा पसल खोल्न लगाई पसलमा भएका सडीगली नष्ट भएका धनमाल सामानको मुचुल्का तयार पारेको बुझियो। सो अनुसार जिल्ला प्रशासन कार्यालय, डडेलधुराबाट मूल्यांकन भई गृह मन्त्रालय पठाइएको भन्ने बुझिएकोले सो बमोजिमको क्षतिपूर्ति उपलब्ध गराउन र व्यापार व्यवसाय गर्न पाउने तथा सम्पतिको अधिकार उल्लंघन गर्ने कार्यमा संलग्न

प्रहरी माथि विभागिय कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।३ को निर्णय।

नोटः निज हरिसिंह मालको मृत्यु भएको भन्ने सम्बन्धमा आयोगबाट मिति २०६३।२।३० मा निर्णय भैसकेको, सिफारिश क्र.सं. ९८ मा रहेको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२८० संरक्षण ३०९ मिति २०६६।११।२० मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. ४०५ मिति २०६६।१२।२ मा आयोगको निर्णय कार्यान्वयनको लागि राहत तथा पुनःस्थापना ईकाईलाई लेखिएको पत्रको बोधार्थ प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

## ४.११ आर्थिक वर्ष २०६७/०६८ मा गरिएका सिफारिशहरू

### क) गैरकानूनी हत्या

**क्रम संख्या – ४०७**

१. **पीडितको नाम, थर र ठेगाना** नविनसिंह पौडेल, पिडारीगुठी-९ र दिन दयाल चौधरी, महादेवपट्टी-२, पर्सा

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पर्सा जिल्ला पिडारीगुठी गा.वि.स. वडा नं. ९ बस्ने नविनसिंह पौडेललाई मिति २०६१।१०।२९ मा ५०।६० जनाको सुरक्षाफौजको टोलीले पक्राउ गरी कुटपीट गर्दै लगेकोमा हालसम्म निजको अवस्था अज्ञात रहेकोमा मिति २०६१।११।१ मा पर्सा जिल्लाको महादवपट्टी इलाकामा २ जना माओवादी मारिएको जसमा नविनसिंह पौडेल समेत रहेको भन्ने समाचार प्रकाशित भएको तर निजको लास समेत फेला नपरेको हुँदा घटनाको वास्तविकता पत्ता लगाई दोषी उपर आवश्यक कारवाहीका लागि पहल गरीपाउँ भनी मिति २०६१।११।११ मा आयोगमा प्राप्त उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** पीडित नविनसिंह पौडेलका कानून बमोजिमका नजिकका हकवालालाई क्षतिपूर्ति स्वरुप रु. ३,००,०००।- प्रदान गर्न, सोही घटनामा पर्सा जिल्ला महादेवपट्टी गा.वि.स. वडा नं. २ बस्ने दिन दयाल चौधरीको पनि गैर कानूनी हत्या भएको पाइएकोले निजको कानून बमोजिमको हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र नेपाली सेनाका सह सेनानी सुरज थापा र प्रहरी निरीक्षक रमेश पण्डित दोषी पाइएकोले निजहरूलाई कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।४।३० को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३३२ संरक्षण १६९९ मिति २०६७।६।१५ मा प्र.म.म.प.को कार्यालय लाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४०८**

१. **पीडितको नाम, थर र ठेगाना** पदमवहादुर अस्थानी मगर, चन्द्रनिगाहपुर-४, रौतहट

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ४ निवासी पदमवहादुर अस्थानी मगरलाई मिति २०६०।११।५ का दिन १३ जनाको संख्यामा रहेका सादा पोशाकमा आएका सुरक्षाकर्मीले पक्राउ गरी यातना दिँदै गाडीमा राखेर लगेकोले निजको सकुशल रिहाई तथा जीवन रक्षाको लागि पहल गरिदिन भनी आयोगमा भिति २०६०।११।८ मा प्राप्त उजूरी।

४. **आयोगको निर्णय/सिफारिश निजलाई** मिति २०६०।११।५ गते दिउँसो करिव १२:०० बजेतिर चन्द्रनिगाहपुरको गैंडाथर पुरानो टोलबाट सादा पोशाकमा आएका सुरक्षाकर्मीहरूले पक्राउ गरी दक्षिण खोलाको बगर हुँदै अज्ञातस्थलतिर लगेको

र पछि हत्या गरेको बुझियो । यस कार्यले निजको बाँच्न पाउने अधिकारको उल्लंघन हुन गएकोले पीडितका कानून बमोजिमका नजिकका हकवालालाई क्षतिपूर्ति वापत रु. ३,००,०००।- प्रदान गर्न र घटनामा संलग्न दोषी सुरक्षाकर्मी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।४।३० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३२४ संरक्षण १४६३ मिति २०६७।६।१५ मा प्र.म.म.प.को कार्यालय लाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४०९**

१. **पीडितको नाम, थर र ठेगाना** टोप वहादुर कार्की तथा भोजबहादुर कार्की, मानपुरटपरा-३, वर्दिया

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०५९।०९।३० गते वर्दिया जिल्ला मानपुरटपरा गा.वि.स. वडा नं. ३ कोईली गाउँमा घरमा सुतिरहेको टोपबहादुर कार्की र निजका पिता भोजवहादुर कार्कीलाई घर बाहिर निकाली कुटपीट गरी माओवादीको आरोप लगाई सुरक्षाकर्मीहरूले हत्या गरेकाले टपरा सैनिक क्याम्पका क्याप्टेन सहितलाई छानवीन गरी दोषी उपर कार्वाही गर्न तथा पीडित परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था मिलाइपाउँन भनी मिति २०५९।१०।६ मा आयोगमा जनमोर्चा नेपालले उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ६३७, घटनामा दोषी देखिएका केही सुरक्षाकर्मीहरूलाई कार्वाही गरिएको जानकारी नेपाली सेना तथा सशस्त्र प्रहरी बलले आयोग समक्ष दिनुले सरकारी निकायले पनि आफ्नो कमजोरी स्विकारेको देखियो । अतः गैरकानूनी हत्याका पीडित टोप बहादुर कार्की र भोज वहादुर कार्कीका कानून बमोजिमका नजिकका हकवालालाई जनही रु ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र घटनामा संलग्न सशस्त्र प्रहरी सहायक निरिक्षक धन बहादुर सिंहलाई कानून बमोजिम फौजदारी अपराधमा मुद्दा चलाउन सिफारिश गर्ने मिति २०६७।४।३० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ६३७ मिति २०६०।२।१४ मा पीडितका परिवार हरूलाई क्षतिपूर्ति दिए नदिएको सम्बन्धमा जानकारी माग गर्न प्रममपका लाई पत्राचार ।

आयोगको च.नं. ६३७ संरक्षण १५२६ मिति २०६१।१०।२६ मा पुनः ताकेता ।

आयोगको च.नं. ६३७ संरक्षण ३५ मिति २०६२।०४।०७ मा प्रममपका मानव अधिकार प्रवर्द्धन केन्द्रसँग पत्राचार ।

६. **कार्यान्वयनको स्थिति** घटना सम्बन्धमा छानवीन गर्न गठित बोर्डको राय बमोजिम पीडितहरू निर्दोष रहेको हुँदा सो कार्यमा संलग्न सैनिक व्यक्तिहरू अदालतबाट सिपाही ज्ञान वहादुर थारुलाई सेवाबाट वर्खास्त गरी ७ वर्ष कैदको सजाय तथा नोकरीबाट वर्खास्त गरिएको र अमल्दार पदम वहादुर खत्रीलाई एक तह घटुवा गर्ने सजाय दिएको र सोही घटनामा संलग्न सशस्त्र प्रहरीका सुरक्षाकर्मीलाई कानून अनुरुप कारवाहीको लागि प्रक्रिया अगाडि बढाउन सोही संगठनमा पत्राचार गरिएको भन्ने रक्षा मन्त्रालयको मिति ०६१।१।१७ को पत्र मार्फत जानकारी प्राप्त ।

प्र.म.म.का.को च.नं. ३७२ मिति २०६६।१०।२२ मा जनही रु. १,००,०००।- क्षतिपूर्ति सम्बन्धित जि.प्र.का.बाट भुक्तानी पाउने गरी निकासा फुकुवा पठाइएको भन्ने व्यहोरा रहेको शान्ति प्रक्रिया सहयोग आयोजनाको च.नं. १३८ मिति २०६६।८।२४ संलग्न भएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४१०**

१. **पीडितको नाम, थर र ठेगाना** नविन राई, जुवु-२, सोलुखुम्बु

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** सुस्त मनस्थितीको अवस्थामा रहेको मेरो छोरा वर्ष १८ को नविन राई सोलुखुम्वु जिल्ला जुवु गाविस वडा नं. २ स्थित आफ्नै खेतबारीमा खर काटी भारी बोकी घर गईरहेको अवस्थामा २०६० साल मंसीर १९ गते

शुक्रबारका दिन दिउँसो अन्दाजी १२ः०० बजेतिर गाउँमा आईरहेका सुरक्षाकर्मीले हत्या गरेका छन् । सुस्त मनस्थितीमा रहेको मेरो छोरा कुनै पनि प्रकारको आतंककारी गतिविधिमा मात्र होइन, राजनीतिको बारेमा पनि ज्ञान नभएको थियो । त्यस्तो व्यक्तिमाथि कुरै नबुझी गोली चलाउनुले सुरक्षाकर्मी प्रति जनताको विश्वास डगमगाएको छ। तसर्थ त्यस प्रकारको स्वेच्छाचारी क्रियाकलाप गर्ने र सर्वसाधारणको जिउज्यान माथि खेलवाड गर्ने सुरक्षाकर्मीमाथि आवश्यक छानवीन गरी आवश्यक कार्वाही गरी क्षतिपूर्ति समेत उपलब्ध गराइ पाउँ भन्ने व्यहोराको जनी कुमार राईको नामबाट मिति २०६०।८।२ ९ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान अनुसार मिति २०६०।८।१९ गते आफ्नै खेतबारीबाट घर गइरहेको अवस्थामा सुरक्षाफौजको तर्फबाट नेकपा माओवादीतर्फ लक्षित गरी चलाइएको गोली लागि नविन राईको मृत्यु भएको पाइयो । जिल्ला सुरक्षा समितिले मिति २०६०।९।१७ गते निर्णय गरी निज निर्दोष रहेको भनि दुःख व्यक्त गर्दै मृतकका पिता जनिकुमार राईलाई २०६१।२।७ मा रु. १,००,०००।- राहत प्रदान गरेको पाइयो । मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम आयोगले तीन लाख रुपयाँ सम्म क्षतिपूर्ति सिफारिश गर्न सक्नेमा नेपाल सरकारबाट पीडितका परिवारले रु. १,००,०००।- पाइसकेकोले थप रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र सर्वसाधारणको जीउ ज्यानको सुरक्षाका निम्ति भविष्यमा सतर्कता अपनाउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।५।१५ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३४७ संरक्षण १२६५ मिति २०६७।६।१५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४११**

१. **पीडितको नाम, थर र ठेगाना** रंगे गन्धर्व (वादी), चैनपुर-१ गन्दर्भटोल, बझाङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** बझाङ्ग जिल्ला चैनपुर गा.वि.स. वडा नं. १ गन्दर्भ टोल बस्ने रंगे गन्धर्व (वादी) लाई सुरक्षाकर्मीले मिति २०५८।१२।२६ मा पक्राउ गरी गोली हानी हत्या गरेकोले निर्दोष व्यक्तिको हत्या भएकोमा छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी आयोगमा मिति २०६२।११।४ मा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** मृतकका कानून बमोजिमका हकवालाले क्षतिपूर्ति नपाएको भए रु. १,००,०००।- राहत स्वरुप क्षतिपूर्ति उपलब्ध गराउन र निजका छोराछोरीलाई निःशुल्क शिक्षा उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।७।११ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. ५४९ संरक्षण ३०५ मिति २०६७।८।२९ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४१२**

१. **पीडितको नाम, थर र ठेगाना** पंख वहादुर विष्ट, टेक वहादुर विष्ट, गंगा वहादुर विष्ट, कम्बर वहादुर विष्ट र अमर वहादुर विष्ट, (५ जना) कोटवाडा-२, कालिकोट

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कालिकोट जिल्ला कोटवाडा गा.वि.स. वडा नं. २ बस्ने पंख वहादुर विष्ट, ऐ. बस्ने टेक वहादुर विष्ट, ऐ. बस्ने गंगा वहादुर विष्ट, ऐ. बस्ने कम्बर वहादुर विष्ट र ऐ. बस्ने अमर वहादुर विष्टलाई मिति २०५५।१०।२५

गते अछाम जिल्लाको वारला गा.वि.स. १ नैनेलमाँडु भन्ने स्थानमा ढुंगाको ओढारमा राती बास बसेको अवस्थामा सुरक्षाकर्मीहरूले गोली हानी हत्या गरेको र पछि निजहरूको शरीरमा आगो लगाई लाश कर्णाली नदीमा फालिदिएकोले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी आयोगमा मिति २०६२।७।२९ मा प्राप्त उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** निजहरूको बाँच्न पाउने अधिकारको उल्लंघन हुन गएकोले पीडितहरू पंख वहादुर विष्ट, टेक वहादुर विष्ट, गंगा वहादुर विष्ट, कम्बर वहादुर विष्ट र अमर वहादुर विष्टका कानून बमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही र क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र दोषी सुरक्षाकर्मी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने २०६७।७।११ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५५३ संरक्षण ३१३ मिति २०६७।८।२९ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४१३**

१. **पीडितको नाम, थर र ठेगाना** श्रीप्रसाद भाट, कालेडाँडा-२ मटेला, अछाम

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** अछाम जिल्ला कालेडाँडा गा.वि.स. वडा नं. २ मटेला बस्ने श्रीप्रसाद भाटको गैरकानूनी हत्या भएकोले दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३।४।२३ मा आयोगमा प्राप्तउजूरी।

४. **आयोगको निर्णय/सिफारिश** यस कार्यबाट निजको बाँच्न पाउने अधिकारको उल्लंघन हुन गएकोले राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही र क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ बमोजिम पीडितका कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने २०६७।७।११ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५५२ संरक्षण ३८९ मिति २०६७।८।२९ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४१४**

१. **पीडितको नाम, थर र ठेगाना** प्रकाश वि.क., वर्छेन-३, डोटी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** डोटी जिल्ला वर्छेन गा.वि.स. वडा नं. ३ बस्ने कक्षा ५ मा अध्ययनरत वर्ष १३ का प्रकाश वि.क.को गैरकानूनी हत्या भएको भनी आयोगमा प्राप्त उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** यस कार्यबाट निजको बाँच्न पाउने अधिकारको उल्लंघन हुन गएकोले राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही र क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ बमोजिम पीडितका कानून बमोजिमका हकवालालाई क्षतिपूर्ति स्वरुप रु. ३,००,०००।- प्रदान गर्न र दोषी सुरक्षाकर्मी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने २०६७।७।११ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५५१ संरक्षण ४११ मिति २०६७।८।२९ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी क्षतिपूर्ति रकम गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१०

को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४१५**

१. **पीडितको नाम, थर र ठेगाना** नमराज भाट, कालेडाँडा-५, अछाम

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** अछाम जिल्ला कालेडाँडा गा.वि.स. वडा नं. ५ बस्ने नमराज भाटलाई मिति २०५६।६।१० गते राती नेपाल प्रहरीले सुतिरहेको अवस्थामा पक्राउ गरी करिब १५० मिटर पश्चिमतर्फ लगेर हत्या गरेकोले छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति दिलाइपाउँ भनी आयोगमा मिति २०६३।४।२५ मा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई सुरक्षाकर्मीले पक्राउ गरी हत्या गरी नजिकै कर्णाली नदीमा लास फालिदिएको र पीडितका आफन्तले ९ दिनपछि निजको लाश वारलाको तालागाड भन्ने स्थानमा फेला पारेको पाइयो । यस कार्यबाट निजको बाँच्न पाउने अधिकारको उल्लंघन भएकोले राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही र क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ बमोजिम पीडितका कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने २०६७।७।११ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५५० संरक्षण ३९३ मिति २०६७।८।२९ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी क्षतिपूर्ति रकम गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४१६**

१. **पीडितको नाम, थर र ठेगाना** डब्बल वहादुर सिंह, दिल वहादुर सिंह र केशव वहादुर सिंह, सुवेदा-६, बझाङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** बझाङ्ग जिल्ला सुवेदा गा.वि.स. वडा नं. ६ नोरा बस्ने डबल वहादुर सिं, दिल वहादुर सिंह र केशव वहादुर सिंहलाई सुरक्षाकर्मीले पक्राउ गरी हत्या गरेको भनी आयोगमा मिति २०६०।७।२८ मा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** यस कार्यबाट निजको बाँच्न पाउने हकको उल्लंघन हुन गएकोले पीडित डबल वहादुर सिंहका कानून बमोजिमका नजिकका हकवालालाई क्षतिपूर्ति बापत रु. ३,००,०००।- प्रदान गर्न, अन्य पीडितहरू दिल वहादुर सिंह र केशव वहादुर सिंहका परिवारले राहत स्वरुप जनही रु. १,००,०००।- प्राप्त गरेको खुल्न आएको हुँदा निजहरूका कानून बमोजिमका हकवालाहरूलाई थप जनही रु. २,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र उपरोक्त तीनैजनाको हत्यामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने २०६७।७।११ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५४८ संरक्षण ११२२ मिति २०६७।८।२९ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी जनही रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी क्षतिपूर्ति रकम गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४१७**

१. **पीडितको नाम, थर र ठेगाना** कमल चौधरी र विपीन खड्का

२. **उल्लंघनकर्ता** सशस्त्र प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** फाइल नं. ४५७४, मिति २०६५ फागुन १९ गतेदेखि तीनदिने तराई बन्दको आव्हान गरेको र बन्द खुलाउने क्रममा प्रहरी र सशस्त्र प्रहरीको प्रयोग स्थानीय प्रशासनबाट भएको, सो क्रममा बल प्रयोग हुँदा एक व्यक्तिको मृत्यु भएको भन्ने घटनामा संचार माध्यममा प्रसारित भई आयोगको ध्यानाकर्षण भएको र मिति २०६५।११।२३ मा स्वविवेकमा उजूरी ग्रहण गरिएको।

४. **आयोगको निर्णय/सिफारिश** दोषी प्रहरीलाई विभागिय कार्वाही गर्न र मृतकका परिवारजनलाई जनही रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र मृतक प्रहरी कुमार बुढाथोकीको सम्बन्धमा प्रहरीलाई ऐन बमोजिम सुविधा उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकारलाई लेखी पठाउने मिति २०६८।२।१९ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११८१ अनुसन्धान ४५७४ मिति २०६८।३।२६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४१८**

१. **पीडितको नाम, थर र ठेगाना** गोपाल महर्जन, का.म.न.पा-१३, ताहाचल, काठमाडौं

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** फाइल नं. ३३६५/९५७ जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. १३ ताहाचल निवासी वर्ष २५ को गोपाल महर्जन आफ्नो कामबाट फर्किरहेको अवस्थामा २०६२।८।८ गते बेलुकाको समयमा अपरिचित व्यक्तिहरूले बाटो छेकी अवरोध पुऱ्याएको विषयमा भनाभन भई एक्कासी गोली चलाइएको र सो गोली लागि गोपाल महर्जन घाइते भई भुइँमा लडेको र अस्पताल लाने क्रममा मृत्यु, मृत्युको सम्बन्धमा कुनै जानकारी नै नदिई मृतकका आफन्तलाई जवर्जस्ती सहिछाप गर्न लगाई लाश बुझाएको र कालिमाटी प्रहरीले घटनालाई लुकाउन खोजेको भन्ने विषयमा आवश्यक अनुसन्धानको माग गरी मिति २०६२।८।२३ मा आयोगमा दर्ता भएको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** प्रहरीलाई ड्युटीमा खटाउँदा स्पष्ट पहिचान खुल्ने गरी पठाउनुपर्नेमा सो नगरी सादा पोसाकमा ड्युटी खटाउने प्रहरी प्रशासनको गल्ती पाइएकोले ड्युटीमा खटाउने प्रहरी प्रशासनको जिम्मेवार व्यक्तिलाई विभागीय कार्वाही गर्न, गराउन र अब आइन्दा कानूनमा उल्लेख भए बाहेक ड्युटीमा खटाउँदा प्रहरीको स्पष्ट पहिचान हुने गरी खटाउने सम्बन्धमा प्रहरीलाई लेखी पठाउने र मृतकको कानून बमोजिमको हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकारलाई लेखी पठाउने मिति २०६८।३।२१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३० अनुसन्धान ३३६५/९५७ मिति २०६८।४।१८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४१९**

१. **पीडितको नाम, थर र ठेगाना** छिरिङ्ग तामाङ्ग, टीकादत्त दुलाल, झलक वहादुर दुलाल, भक्तलाल दुलाल, भुल प्रसाद भन्ने गणेश गौतम, शिवहरी भन्ने तेजप्रसाद गौतम, सिन्धुपाल्चोक

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** फाइल नं. ४७७३, सिन्धुपाल्चोक जिल्ला सानो सिरुवारीका छिरिङ्ग तामाङ्ग, ठूलो सिरुवारी ५ बस्ने टीकादत्त दुलाल, झलक वहादुर दुलाल, भक्तलाल दुलाल, ठूलो सिरुवारी ४ बस्ने भुलप्रसाद भन्ने गणेश गौतम, शिवहरी भन्ने तेजप्रसाद गौतम गरी ६ जना व्यक्तिहरूलाई तात्कालीन शाही नेपाली सेनाले पक्राउ गरी स्थानीय नर्सिडाँडा

भन्ने स्थानमा गोली हानी हत्या गरेकोले अनुसन्धान गरी दोषीमाथि कार्वाही गरी पीडित परिवारलाई कानून बमोजिम क्षतिपूर्ति दिलाइपाउँ भनी मिति २०६७।३।२० मा आयोगमा दर्ता हुन आएको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** तत्कालीन सेनाको टोलीबाट पक्राउ गरी सामूहिक रुपले हत्या गर्नुबाट मानवता विरुद्धको अपराध गरेको देखिएकाले दोषी सेनाको पहिचान गरी प्रचलित कानून बमोजिम कार्वाही गर्न र मृतकका कानून बमोजिमका हकवालालाई जनही रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकारलाई लेखी पठाउने मिति २०६८।३।२१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३७ अनुसन्धान ४७७३ मिति २०६८।४।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४२०**

१. **पीडितको नाम, थर र ठेगाना** परशुराम रावत, भिमेश्वर-२, दोलखा

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** फाइल नं. ४७५६ मिति २०६७।२।२४ मा आयोगमा दर्ता हुन आएको उजूरीमा दोलखा जिल्ला, भिमेश्वर नगरपालिका वडा नं. २ स्थायी घर भै हुलाक कार्यालय दोलखामा कार्यरत हुलाकी परशुराम रावतलाई डाँक पुऱ्याएर घर फर्कदै गर्दा सुरक्षाफौजले माओवादीको आशंकामा गोली हानी हत्या गरेकोले आवश्यक अनुसन्धान गरी पीडकलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनको लागि दर्ता उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** उल्लेखित घटनामा सुरक्षाफौजले कानून बमोजिम अन्य प्रक्रिया नअपनाई सिधै गोली प्रहार गर्दा पशुराम रावतको मृत्यु हुन गएकोले घटनामा संलग्न सुरक्षाफौजको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र मृतकका कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६८।३।२१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३१ अनुसन्धान ४७५६ मिति २०६८।४।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४२१**

१. **पीडितको नाम, थर र ठेगाना** सुकमाया बल, हाँडीखोला-४ भीमान, मकवानपुर

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** फाइल नं. १५६९ मकवानपुर जिल्ला हाँडीखोला गा.वि.स. वडा नं. ४ भीमान भन्ने स्थानमा सैनिक कारवाहीमा ८० वर्षकी बृद्धा सुकमाया बलको मृत्यु भएको क्षतिपूर्तिको पहल गरीपाउँ भनी मिति २०६०।१२।३ मा आयोगमा दर्ता हुन आएको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** मृतकहरूको हकमा निजका कानून बमोजिमका हकवालालाई जनही रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र घटनाका दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।२१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३२ अनुसन्धान १५६९ मिति २०६८।४।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४२२**

१. **पीडितको नाम, थर र ठेगाना** राजकुमार घलान वसाहामाडी-६, मकवानपुर

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** फाइल नं. १२५२ मकवानपुर जिल्ला, वसाहमाडी गा.वि.स. वडा नं. ६ घर भई हाँडीखोला गा.वि.स. वडा नं. ४ भीमान स्थित ससुराली घरमा गएका राजकुमार घलानलाई नेपाली सेनाले मारेको र निज व्यक्ति निर्दोष भएकोले घटनाको निश्पक्ष छानवीन गरी दोषीलाइ कार्वाही गरी क्षतिपूर्तिको पहल गरीपाउँ भनी मिति २०६०।१२।३ मा आयोगमा दर्ता हुन आएको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट सुकमाया बलको दोहोरो भिडन्तकै क्रममा मृत्यु भएको र राजकुमार घलान दोहोरो भिडन्तका क्रममा नभई सेनाले नियन्त्रणमा लिए पश्चात हत्या गरेको पाइयो । अतः घटनामा परि मृत्यु भएका राजकुमार घलानको कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र घटनाका दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र आश्रित नाबालक छोरीलाई निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।२१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३२ अनुसन्धान १५६९ मिति २०६८।४।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४२३**

१. **पीडितको नाम, थर र ठेगाना** रामहरि थापा र सुजन आलेमगर, महांकालचौर, काभ्रे र मान बहादुर लामा च्यासिंखर्क, काभ्रे

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** फाइल नं. ५२३/९२६, जिल्ला काभ्रेपलाञ्चोक महांकालचौर गाउँ विकास समितिको रामहरि थापा र सुजन आलेमगर तथा च्यासिंखर्क गा.वि.स का मान बहादुर लामालाई मिति २०५९।६।१८ मा सुरक्षाफौजले नियन्त्रणमा लिएर हत्या गरेको भनिएको र यस सम्बन्धमा मिति २०५९।७।१४ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** दोषी सैनिक पत्ता लगाई कानून बमोजिम कार्वाही गर्न र मृतकहरूका कानून बमोजिमको हकवालालाई जनही रु. ३,००,०००।- क्षतिपूर्ती दिन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३५० अनुसन्धान ५२३/९२६ मिति २०६८।६।२९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८४८ मिति २०६८।११।२८ मा प्रहरी प्रधान कार्यालय, नक्साललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४२४**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्ण बहादुर पाखिन, दामन-१, मकवानपुर

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** फाइल नं. ३७४८/८६६, मकवानपुर जिल्ला दामन गा.वि.स वडा नं.१ बस्ने कृष्ण बहादुर पाखिनलाई आफ्नो कार्यालयमा गएको अवस्थामा सेनाले पक्राउ गरी चनवन व्यारेकमा राखेको र हत्या गरेको भन्ने सम्बन्धमा मिति २०६३।५।५ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** यस सम्बन्धमा आयोगको अनुसन्धानबाट प्राप्त तथ्यमा चनवन व्यारेको अवस्थिती, भौतिक

अवस्था र सेनाको सख्या आदिको समेत अनुगमन गर्दा हिरासतबाट भाग्न सक्ने अवस्था नदेखिएको र निज माथि गोली चलाउनु पर्ने अवस्था समेत नरहेबाट निजको गैरन्यायिक हत्या भएको देखिन आएकोले तत्कालीन ७ नं वाहिनी चनवनका वाहिनीपतिबाट गोली हान्नेको नाम खुलाउन लगाइ मूलुकी ऐन ज्यान सम्बन्धी महल अनुसार मुद्दा चलाइ कार्वाही गर्न साथै मृतकका कानून बमोजिम हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३५२ अनुसन्धान ३७४८/८६६ मिति २०६८।६।२९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४२५**

१. **पीडितको नाम, थर र ठेगाना** भुवन खरेल, भण्डारा-८, चितवन

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** फाइल नं. ३६२७/८५९, चितवन जिल्ला भण्डारा गा.वि.स वडा नं. ८ घर भई काठमाडौं वागबजारमा माता दक्षिणकाली गेष्टहाउस संचालन गरी बस्ने वर्ष २४ को भुवन खरेललाई मिति २०६२/१२/४ गते उपत्यका अपराध अनुसन्धान शाखा हनुमानढोकामा कार्यरत प्र.स.नि. विधानचन्द्र शाहले चलाएको गोली लागी उपचारको क्रममा मृत्यु भएको भन्ने सम्बन्धमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** यसमा अनुसन्धान टोलीको प्रतिवेदन आयोग समक्ष पेश हुँदा निज भुवन खरेललाई तत्कालीन प्र.स.नि. विधानचन्द्र शाहले गैरकानूनी रुपमा गोली प्रहार गरी बाँच्ने अधिकारको उल्लंघन गरेको पाइयो। यस विषयमा प्रहरी आचरण उल्लंघन गरेको, अख्तियारको दुरुपयोग गरेको देखिएको आधारमा निज विधानचन्द्र शाहलाई नेपाल सरकारको तर्फबाट विभागीय कार्वाही भइरहेकोले यसतर्फ केही बोलिरहनु परेन। मृतकको कानून बमोजिमको हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३४७ अनुसन्धान ३६२७/८५९ मिति २०६८।६।२९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ४२६**

१. **पीडितको नाम, थर र ठेगाना** सोमलाल थिङ्ग, दामन-९, मकवानपुर

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** फाइल नं. ३७४६/८६५, मकवानपुर जिल्ला, दामन गा.वि.स नं. ९ बस्ने सोमलाल थिङ्गलाई सुरक्षाफौजले मिति २०५९।७।१५ गते हत्या गरेकाले घटनाको अनुसन्धान गरी दोषीलाई कार्वाही तथा पीडितका परिवारलाई क्षतिपूर्तिको व्यवस्था मिलाइदिनु हुन भनी आयोगमा दर्ता उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** निज सोमलाल थिङ्ग सो दिन गाउँकै भीमलाल थिङ्गको बार्षिकी (घेवा) बाट फर्किदा एक्लै अवस्थामा रहेको र हातमा टर्चलाईट बालेर आइरहेको अवस्थामा सुरक्षाफौजबाट कुनै सोधखोज नै नगरी एक्कासी गोली प्रहार गरेबाट निजको मृत्यु हुन गएको देखियो। यसमा तत्कालीन समयमा सुरक्षा बेसक्याम्प, पालुङ्ग, मकवानपुरबाट गस्तीमा गएको भन्ने खुल्न आएकोले सुरक्षाफौजको कमाण्डरको नाम पत्ता लगाइ मूलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम मुद्दा चलाई कार्वाही गर्न र मृतकका कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।२४ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३५१ अनुसन्धान ३७४६/८६५ मिति २०६८।६।२९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८४८ मिति २०६८।११।२८ मा प्रहरी प्रधान कार्यालय, नक्साललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४२७**

१. **पीडितको नाम, थर र ठेगाना** राम बहादुर परियार, चुवा-५, पर्वत

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ६२२/४४४, पर्वत जिल्ला चुवा गा.वि.स. वडा नं. ५ बस्ने राम बहादुर परियारलाई मिति २०५९।१।११ गते सेनाद्वारा हत्या गरेकोले घटनाको छानवीन गरी दोषीमाथि कार्वाही तथा पीडितका परिवारलाई उचित क्षतिपूर्ति र नाबालकलाई निःशुल्क पठनपाठनको व्यवस्था मिलाइपाउँ भनी मिति २०६४।४।१४ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई नियन्त्रणमा लिई कार्वाही गर्न सक्ने अवस्था रहँदा रहँदै सो नगरी गोली हानेकोले मृत्यु हन गएको देखिंदा घटनामा संलग्न दोषी सेना र प्रहरीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन एवं निजका बालबालिकालाई निःशुल्क शिक्षाको समेत व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८७३ अनुसन्धान ६२२, ४४४। पोखरा मिति २०६८।१०।१८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४२८**

१. **पीडितको नाम, थर र ठेगाना** मनबहादुर भन्ने बेल्डे कुमाल, घिरिङ्ग सुन्धारा-१ डाँडाथोक, तनहुँ

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिसिल नं. ५८/५०, तनहुँ जिल्ला घिरिङ्ग सुन्धारा गा.वि.स. वार्ड नं. १ डाँडाथोक निवासी २२ वर्षीय सुस्तमनस्थिति भएको मनबहादुर भन्ने बेल्डे कुमाललाई मिति २०६२।३।२ गते विहान ११:०० बजे घिरिङ्गको गडौलीटारमा सुरक्षाकर्मीले समाती डाँडाँथोकमा ल्याई हत्या गरेकोले दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्ति दिलाइपाउँ भनी मिति २०६२।३।१६ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगको अनुसन्धानबाट कानूनले निर्धारण गरेअनुसारको कार्वाही गर्नुको सट्टा सुरक्षाकर्मीद्वारा सर्वसाधारण अपाङ्ग निशस्त्र व्यक्तिलाई नियन्त्रणमा लिई मारेको भन्ने देखिँदा घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८७० अनुसन्धान ५८।५०।पोखरा मिति २०६८।१०।१८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४२९**

१. **पीडितको नाम, थर र ठेगाना** तेजबहादुर भण्डारी, सिमपानी-३ भलाम, लमजुङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ४८८, लमजुङ्ग जिल्ला सिमपानी गा.वि.स. वडा नं. ३ भलाम बस्ने वर्ष ५६ का पूर्व शिक्षक तथा ने.क.पा माले सिमपानी गाउँ पार्टी सचिव तेजबहादुर भण्डारी मिति २०५८।९।१६ गते प्रमुख जिल्ला अधिकारीलाई भेट्न र पेन्सन समेत वुझ्नका लागि प्रमुख जिल्ला अधिकारीकोमा भेट्न जाँदा बसबाट ओर्लने वित्तिकै त्यहाँ रहेका प्रहरी र शाही सेना सहितको ६ जनाको टोलीले निजलाई पक्राउ गरी सिडिओकोमा लगेका र सो मिति देखि निजलाई परिवार तथा आफन्तलाई समेत भेट्न नदिई गैरकानूनी रुपमा थुनामा राखेकोले गैरकानूनी थुनामुक्त गराई मानव अधिकारको रक्षा गरीपाउँ भनी मिति २०५८।१०।१८ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निजलाई सुरक्षाकर्मीले पक्राउ गरी आफनो नियन्त्रणमा रहेको निःशस्त्र व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिम कार्वाही गर्नुपर्नेमा सुरक्षा घेरा तोडी भाग्न लागेको भनी सुरक्षाफौजबाट गोली हान्दा निजको मृत्यु हुन गएको भनी भन्ने सेनाको भनाई तथ्यपरक र विश्वसनीय देखिएन । सूरक्षाफौजको त्यत्तिका मानिसको घेरामा रहेको निःशस्त्र व्यक्ति भाग्न सक्ने अवस्था रहँदैन । त्यसो हुनाले सुरक्षाफौजको मानिसहरूले आफ्नो नियन्त्रणमा रहेको तेजबहादुर भण्डारीलाई गैर-न्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । त्यस घटनामा संलग्न तत्कालीन प्रमुख जिल्ला अधिकारी शिवप्रसाद नेपाल, लमजुङ्ग सेनाका मेजर सन्तोष सिंह ठकुरी, डिएसपी पिताम्वर अधिकारी साथै अन्य कमाण्डर तथा जवानहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति स्वरूप उपलब्ध गराउन र निजका बालबालिकालाई निःशुल्क शिक्षाको समेत व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८७७ अनुसन्धान ४८८।पोखरा मिति २०६८।१०।१८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४३०**

१. **पीडितको नाम, थर र ठेगाना** अम्वरबहादुर घर्ती मगर र रिमबहादुर थापा मगर (अर्गल नि.मा.वि.का शिक्षकद्धय) अर्गल, बाग्लुङ्ग

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, फाइल नं.३५०, बाग्लुङ्ग जिल्ला अर्गल गा.वि.स. स्थित अर्गल नि.मा.वि.का शिक्षकद्धय अम्वरबहादुर घर्ती मगर र रिमबहादुर थापा मगरलाई मिति २०५८।११।२६ गतेका दिन तत्कालीन मेजर चन्द्र बहादुर पुनको कमाण्डमा आएको फौजी टोलीले अर्गल मा.वि. परिसरबाट पक्राउ गरी मिति २०५८।११।२८ गते ४ः३० बजेको समयमा सोही गा.वि.स. को खम्गे भन्ने स्थानको खानी दुनाको प्वाल भित्र पुऱ्याई हत्या गरेकोले घटनाको

अनुसन्धान गरी दोषीलाई कारावाही र पीडितलाई क्षतिपूर्ति दिलाइपाउँ भनी मिति २०६३।२।२४ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजहरूलाई पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको साटो सुरक्षाफौजले नियन्त्रणमा लिई गैरन्यायिक हत्या गरेको देखिंदा घटनामा संलग्न सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न तथा मृतक प्रत्येकका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति स्वरूप रकम उपलब्ध गराउन र निजहरूका बालबालिकालाई निःशुल्क शिक्षाको समेत व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८७४ अनुसन्धान ३५०।पोखरा मिति २०६८।१०।१८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८२५ मिति २०६८।११।२२ मा प्रहरी प्रधान कार्यालय, नक्सालललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४३१**

१. **पीडितको नाम, थर र ठेगाना** गंगा गौचन, तारा-९, बाग्लुङ्ग र पहलविर वि.क., तारा-५, बाग्लुङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. २३३२, बाग्लुङ्ग जिल्ला तारा गा.वि.स. वडा नं. ९ बस्ने गंगा गौचन र सोही गा.वि.स. वडा नं. ५ बस्ने पहलविर वि.क.लाई मिति २०६१।३।२७ गते सेनाहरूले पक्राउ गरी १५/२० मिटर उत्तरतर्फ लगी हत्या गरेकाले दोषीउपर कार्वाही गरी क्षतिपूर्ति दिलाइपाउँ भनी मिति २०६१।८।१७ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न तथा मृतक प्रत्येकका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति स्वरूप रकम उपलब्ध गराउन र मृतक मध्ये पहलविर विकको बालबालिकालाई निःशुल्क शिक्षाको समेत व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८७५ अनुसन्धान २३३२।पोखरा मिति २०६८।१०।१८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८२५ मिति २०६८।११।२२ मा प्रहरी प्रधान कार्यालय, नक्सालललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४३२**

१. **पीडितको नाम, थर र ठेगाना** प्रितम विष्ट, बरभञ्ज्याङ्ग-२, तनहुँ

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ४४३, तनहुँ जिल्ला बरभञ्ज्याङ्ग गा.वि.स. वडा नं. २ घर भै कारागार शाखा, तनहुँमा रहेका वर्ष २२ का प्रितम विष्टको मिति २०६६।१२।२६ गते राती १२:४५ बजे कारागारको पर्खाल चढी भाग्ने

क्रममा सुरक्षाकर्मीले चलाएको गोली लागी मृत्यु भएको भनी विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचारप्रति आयोगको ध्यानाकर्षण भई स्वविवेकमा मिति २०६७।५।९ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** कारागारमा थुनामा रहेको कैदी रातीको समयमा भाग्न लाग्दा कारागारको सुरक्षामा खटेको सुरक्षाकर्मीले चलाएको गोली लागी निजको मृत्य हुन गएको देखिँदा कारागारबाट पुऱ्याउनु पर्ने सतर्कता नपुऱ्याएको देखिँदा तनहुँ लगायत सबै कारागार शाखामा सुरक्षाको सतर्कता विधि अपनाउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८८० अनुसन्धान ४४३।पोखरा मिति २०६८।१०।१८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १६८, मिति २०६८।१०।२२ प्रममपका मा.अ. प्रवर्द्धन शाखाबाट गृह मन्त्रालयलाई आवश्यक कार्यार्थ पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४३३**

१. **पीडितको नाम, थर र ठेगाना** खिमलाल परियार, रिसिङ्ग रानी पोखरी-७, तनहुँ

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं.४३७/१८०, तनहुँ जिल्ला रिसिङ्ग रानी पोखरी गा.वि.स. वडा नं.७ निवासी वर्ष ४२ को खिमलाल परियारलाई मिति २०६१।१।२१ गते सुरक्षाकर्मीहरूले पक्राउ गरी तनहुँ जिल्ला घाङ्ग गा.वि.स.३ काउलेपानीमा लगी हत्या गरेकोले आवश्यक अनुसन्धान गरी दोषीमाथि कार्वाही गरीपाउँ भनी मिति २०६३।५।९ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति स्वरूप रकम उपलब्ध गराउन र निजको बालबालिकालाई निःशुल्क शिक्षाको समेत व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८७९ अनुसन्धान ४३७।१८०।पोखरा मिति २०६८।१०।१८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८२५ मिति २०६८।११।२२ मा प्रहरी प्रधान कार्यालय, नक्साललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४३४**

१. **पीडितको नाम, थर र ठेगाना** धलिन्द्र बस्नेत, तारा-४, बाग्लुङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. १७०९, जिल्ला बाग्लुङ्ग तारा गा.वि.स. वडा नं.४ बस्ने धलिन्द्र बस्नेतलाई अर्गाल गा.वि.स. सिलेवाट खड्गदल गुल्मको युनिफाइड कमाण्डमा खटिआएको संयुक्त सुरक्षाफौजको टोलीले पक्राउ गरी हत्या गरेकोले दोषी उपर कार्वाही र पीडितका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६१।८।१७ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न सुरक्षाकर्मीको पहिचान गरी उक्त कार्यमा सहयोग गर्ने बाग्लुङ्ग जिल्ला तारा

गा.वि.स. वडा नं. ५ बस्ने नन्दराम ढुंगेल समेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा मृतकका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराउन र निजका बालबालिकालाई निःशुल्क शिक्षाको समेत व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १००३ अनुसन्धान १७०९।पोखरा मिति २०६८।११।९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २३६ मिति २०६८।११।१५ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. ८२५ मिति २०६८।११।२२ मा प्रहरी प्रधान कार्यालय, नक्सालललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४३५**

१. **पीडितको नाम, थर र ठेगाना** थमबहादुर बि.क. र निजकी श्रीमती खुंगा-६, बागलुङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिसिल नं. ३७६, बागलुङ्ग जिल्ला खुंगा गा.वि.स. वडा नं. ६ बस्ने थमबहादुर बि.क. र निजकी श्रीमतीलाई मिति २०५८।११।१६ गते सुरक्षाकर्मीले पक्राउ गरी सैखोलामा राखी मिति २०५८।११।१७ गते निजको श्रीमतीलाई त्यही छोडी निज थमवहादुरलाई संगै लिएर गएकोमा मिति २०५८।११।१८ गते बिहान अन्दाजी ४ः१५ बजे वुर्तिवाङ गा.वि.स. १ जनता इङलिश बोर्डिङ्ग स्कुलको कम्पाउन्ड देखि दक्षिणतर्फ रहेको कुलोको ढिकमा मारेकाले दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्तिका लागि पहल गरिपाउँ भनी मिति २०६३।२।२३ गते आयोगमा उजूरी दर्ता भएको देखियो ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषीलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराउन साथै आयोगको अनुसन्धान प्रतिवेदनको च.नं.३७६ संरक्षण /६५५ मिति २०६६।३।३१ गतेको प्रतिक्रियाको जवाफ नदिने जिल्ला प्रशासन कार्यालय, बाग्लुङ्गका तत्कालीन कार्यालय प्रमुखलाई विभागीय कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गन मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९९८ अनुसन्धान ३७६।पोखरा मिति २०६८।११।९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८२५ मिति २०६८।११।२२ मा प्रहरी प्रधान कार्यालय, नक्सालललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४३६**

१. **पीडितको नाम, थर र ठेगाना** शेखरनाथ घिमिरे र चोतनाथ घिमिरे, इशानेश्वर-४, लमजुङ्ग

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. २३९/३११/३१०/८७५ लमजुङ्ग इशानेश्वर गा.वि.स. वार्ड नं. ४ बस्ने शेखरनाथ

घिमिरेलाई मिति २०५८।१०।२५ गते र सोही ठाउँ बस्ने चोतनाथ घिमिरेलाई मिति २०५८।१०।२० गते लमजुङ्ग भोर्लेटार व्यारेकका सैनिकहरूले बोलाई व्यारेकमा गएको अवस्थामा सैनिकहरूले पक्राउ गरी बन्दी बनाएको र परिवारलाई भेट्न नदिएकाले स्थिति सार्वजनिक गराई पाउँ भनी मिति २०५९।१।२५ गते र मिति २०६२।१२।७ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** सशस्त्र द्वन्द्वको समयमा निजहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी कानूनले निर्धारण गरे अनुसरा कार्वाही गर्नुको सट्टा बेपत्ता पार्ने कार्य गरी गैरन्यायिक हत्या गरेको देखिंदा घटनामा संलग्न लमजुङ्ग जिल्ला भोर्लेटार व्यारेकका सेनाका प्रमुख तथा सैनिकहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा मृतक प्रत्येकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन र निजहरूका बालबालिकालाई निःशुल्क शिक्षाको समेत व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९९९ अनुसन्धान २३९/३११/३१०/८७५।पोखरा मिति २०६८।११।९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २३६ मिति २०६८।११।१५ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. ८२५ मिति २०६८।११।२२ मा प्रहरी प्रधान कार्यालय, नक्सालललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४३७**

१. **पीडितको नाम, थर र ठेगाना** राजन घिमिरे, इशानेश्वर-७, लमजुङ्ग

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ३४२/१३२, जिल्ला लमजुङ्ग इशानेश्वर गा.वि.स. वडा.नं. ७ भारबेसी निवासी राजन घिमिरेलाई ने.क.पा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी लगेको र ३ महिनापछि भागेर आई घरमा बसिरहेकोमा चितवनमा हजुरआमा बिरामी भएकाले उपचार गराई कास्की हंसपुर गा.वि.स. माँभगाउँमा दिदीको घरमा आई बसेको अवस्थामा मिति २०५८।११।२० गते दिउँसो तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी लिएर गएकोमा हालसम्म कुनै जानकारी नभएकाले बेपत्ता पारिएको छोराको सकुशल रिहाई गरी पाउँ भनी मिति २०६३।२।९ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई सुरक्षाकर्मीले पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा दोहोरो भिडन्तमा परी मृत्यु भएको भन्ने सेनाको भनाई तथ्यपरक र विश्वसनिय देखिएन । सुरक्षाफौजको मानिसहरूले आफ्नो नियन्त्रणमा रहेको राजन घिमिरेलाई पक्राउ गरी बेपत्ता पार्ने कार्य गरी गैरन्यायिक हत्या गरेको देखिंदा घटनामा संलग्न दोषीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा मृतकका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०२७ अनुसन्धान ३४२, १३२।पोखरा मिति २०६८।११।१५ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४३८**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्णप्रसाद अधिकारी, चापाकोट-१, स्याङ्जा

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिसिल नं. ३९९/१६२, जिल्ला स्याङ्जा चापाकोट गा.वि.स. वडा.नं. १ बस्ने वर्ष ४१ को कृष्णप्रसाद अधिकारीलाई मिति २०५९।२।१८ गते तत्कालीन सेनाले पक्राउ गरी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराईपाउँ भनी मिति २०६३।४।२ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०३४ अनुसन्धान ३९९।१६२।पोखरा मिति २०६८।११।१५ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

च.नं. ८२५ मिति २०६८।११।२२, गृह मन्त्रालय स्थानीय प्रशासन शाखाबाट प्रहरी प्र.का.बाट पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४३९**

१. **पीडितको नाम, थर र ठेगाना** चन्द्र बहादुर वि.क., अर्मन-६, म्याग्दी

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिसिल नं. ७७०/३१७, जिल्ला म्याग्दी अर्मन गा.वि.स. वाड नं. ६ बस्ने चन्द्र बहादुर वि.क.लाई मिति २०५८।९।२५ गते तत्कालीन शाही नेपाली सेनाले प्रक्राउ गरी बरुजा गा.वि.स. ३ पहिरोखुराया भन्ने ठाउँमा लगी गोली हानी हत्या गरेको र लाशलाई खाल्टो खनी टाउको मात्र देखिने अवस्थामा पुरेको। उक्त खाल्टो खनी हेर्दा मृतकलाई चिनी सेनाको डरले लाश ल्याई छोडि आफ्नो रितिरिवाज अनुसार काजक्रिया गरेकाले उक्त घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराईपाउँ भनी मिति २०६५।३।२२ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषी तत्कालीन कालिप्रसाद गण (इन्जिनियरिङ्ग) वेनीबाट खटि गएका टोलीका कमाण्डर तथा जवानहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०३५ अनुसन्धान ७७०,३१७।पोखरा मिति २०६८।११।१५ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४४०**

१. **पीडितको नाम, थर र ठेगाना** मंगल थापा, ब्रम्हतोला-१ डुंग्री गाउँ, बाजुरा

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** धनगढी, मिसिल नं १४८५, जिल्ला बाजुरा ब्रम्हतोला गा.वि.स. वा.नं. १ डुंग्री गाउँमा बस्ने वर्ष ८ को मंगल थापाको मिति २०६०।९।३० गते खेलीरहेको अवस्थामा मार्तडीबाट गस्तीमा आएका सुरक्षाफौजले गोली फायर गरी हत्या गरेकाले दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६०।१०।१२ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट सुरक्षा निकायको लापरवाहीबाट चलाएको गोली लागी निज नाबालक मंगल थापाको मृत्यु भएको देखियो। सेनाबाट लापरवाहीपूर्वक फायर गरी मृत्यु हुन गएकाले दोषी उपर विभागीय कार्वाही गर्न तथा राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति मध्ये क्षतिपूर्ति बापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०८१ अनुसन्धान १४८५।धनगढी मिति २०६८।११।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८४८ मिति २०६८।११।२८ मा प्रहरी प्रधान कार्यालय, नक्साललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४४१**

१. **पीडितको नाम, थर र ठेगाना** शिक्षकहरू दान बहादुर मडै र कर्ण बहादुर साउद, आलीताल-८ धिमाडा, डडेलधुरा

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धनगढी, मिसिल नं ४४०, जिल्ला डडेल्धुरा, आलीताल गा.वि.स वडा.नं. ८ धिमाडा घर भई श्री गणेश प्रा.वि. धिमाडाका शिक्षकहरू दान बहादुर मडै र कर्ण बहादुर साउदलाई मिति २०५९।३।२८ गते सुरक्षाफौजले पक्राउ गरी हत्या गरेकाले दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाँऊ भनि मिति २०६२।६।१६ गते उजूरी आयोगमा दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** अनुसन्धानबाट निजहरूलाई सुरक्षाकर्मीहरूले कानूनले निर्धारण गरे अनुसारको कार्वाही गर्नुको सट्टा निःशस्त्र व्यक्तिहरूलाई नियन्त्रणमा लिई गैरन्यायिक हत्या गरेको देखिंदा घटनामा संलग्न बुडर वेसक्याम्पका सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा मृतकद्वयका कानून बमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन र बुडर बेश क्याम्पका तत्कालीन क्याप्टेन (कमाण्डर)लाई आयोग समक्ष बयानका लागि उपस्थित गराउन नेपाली सेना मानव अधिकार निर्देशानालयलाई पत्राचार गरिएकोमा जानकारी नदिएकाले रेकर्ड राख्न समेत नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०८२ अनुसन्धान ४४०।धनगढी मिति २०६८।११।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८४८ मिति २०६८।११।२८ मा प्रहरी प्रधान कार्यालय, नक्सालाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त। प्रहरी प्रधान कार्यालयको च.नं. २४५ मिति २०६९।१।१५ को पत्रानुसार नि दान बहादुर मडैका

आफन्त पार्वती मडैले जि.प्र.का. बाट आ.व. ०६५।६६ र आ.व. ०६८।६९ मा गरी राहत कार्यक्रम अनुसार रु. ३,००,०००।- प्राप्त गरेको र कर्ण बहादुर साउदका आफन्त दुर्गा साउदले पनि ऐ.ऐ. बमोजिम रु. ३,००,०००।- प्राप्त गरेको भनी जि.प्र.का. डडेल्धुराबाट लेखि आएको भन्ने व्यहोरा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४४२**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्णबहादुर चौधरी र तीर्थलाल चौधरी, रामशिखरझाला-६ गणेशपुर, कैलाली

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धनगढी, मिसिल नं ४२८, जिल्ला कैलाली रामशिखरझाला- ६ गणेशपुर बस्ने कृष्णबहादुर चौधरीलाई मिति २०५९।३।१७ गते सुख्खड बेसक्याम्पका सुरक्षाकर्मीले पक्राउ गरी पहलपुरमा पुऱ्याई हत्या गरेकाले छानवीन गरी पाउँ भनि मिति २०६३।६।५ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकद्धय कृष्णबहादुर चौधरी र तीर्थलाल चौधरीका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०८३ अनुसन्धान ४२८।धनगढी मिति २०६८।११।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८४८ मिति २०६८।११।२८ मा प्रहरी प्रधान कार्यालय, नक्साललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४४३**

१. **पीडितको नाम, थर र ठेगाना** शान्तिकुमारी चौधरी, सियाराम चौधरी र तेतराम चौधरी डगौरा र अन्य नाम नखुलेका ४ जनागरी ७ जना थापापुर-६ खैरा गोड्चौरा, कैलाली

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कैलाली थापापुर गाविस वडा.नं. ६ खैरा गोड्चौरामा मिति २०५९।८।१३ गते शान्तिकुमारी चौधरी लगायत ६ जनालाई भजनी बेश क्याम्प भजनी कैलालीबाट खटी आएको सुरक्षाफौजको टोलीले पक्राउ गरी लाश बेपत्ता पारेकाले छानवीन गरीपाउँ भनी मिति २०६३।३।३ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** धनगढी, मिसिल नं ३३६,घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहचिान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा मृतकहरू शान्ति कुमारी चौधरी, सियाराम चौधरी र तेतराम चौधरीका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने र उल्लेखिन मृतकहरू मध्ये नाम थाहा नभएका ४ जनाको हकमा निजहरूको हुलिया पहिचान पत्ता लगाई छुट्टै प्रतिवेदन पेश गर्न भनी फाइल क्षेत्रीय कार्यालय धनगढीमा पठाइदिनु भनी मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०८४ अनुसन्धान ३३६।धनगढी मिति २०६८।११।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८४८ मिति २०६८।११।२८ मा प्रहरी प्रधान कार्यालय, नक्साललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा नाम खुलेका पीडितका परिवारले जनही रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४४४**

१. **पीडितको नाम, थर र ठेगाना** राज सार्की, आलीताल-५ मौरी, डडेल्धुरा

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धनगढी, मिशिल नं. ४४१, जिल्ला डडेल्धुरा आलीताल गा.वि.स. वडा नं. ५ मौरी बस्ने वर्ष ३८ को राज सार्कीलाई मिति २०५८।९।२९ गते जोगवुढा वेसक्याम्पबाट गस्तीमा आएको सुरक्षाफौजले पक्राउ गरी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६२।६।१६ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** दोहोरो भिडन्तमा परी घटनास्थलमै निजको मृत्यु भएको भन्ने जिल्ला प्रशासन कार्यालयको पत्रमा लेखिएको व्यहोरा कुनै आधार प्रमाणबाट पुष्टि भएको देखिएन । तसर्थः घटनामा संलग्न डडेल्धुरा जोगवुढा वेस क्याम्पबाट गस्तीमा खटिएका दोषी कमाण्डर तथा सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन र जोगबुढा क्याम्पका तत्कालीन कमाण्डरलाई आयोग समक्ष वयानका लागि उपस्थित गराउन पत्राचार गरिएकोमा प्रधान सेनापतिको सैनिक सहायक अड्डाबाट पत्रको म्याद भुक्तान भईसक्दा पनि जानकारी नदिएकोले रेकर्ड राख्न समेत नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०८५ अनुसन्धान ४४१।धनगढी मिति २०६८।११।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८४८ मिति २०६८।११।२८ मा प्रहरी प्रधान कार्यालय, नक्साललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४४५**

१. **पीडितको नाम, थर र ठेगाना** ताराप्रसाद चौधरी, कृष्णपुर-९ वालुवाफाँट, कञ्चनपुर

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धनगढी, मिशिल नं. ३८७, जिल्ला कञ्चनपुर कृष्णपुर गा.वि.स. वडा नं. ९ बालुवाफाँट घर भैं सोही गा.वि.स.को मौरीफाँटमा घर बनाउने ठेक्काको काम गरी बसेका ताराप्रसाद चौधरीलाई मिति २०५९।९।१५ गते तत्कालीन शाही नेपाली सेना र प्रहरीको संयुक्त गस्तीले पक्राउ गरी गुलरीया चौकीमा राखेको र हालसम्म जानकारी नदिएकाले सार्वजनिक गरीपाउँ भनी मिति २०६२।५।१० गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** घटनामा संलग्न दोषी कमाण्डर तथा सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११२७ अनुसन्धान ३८७।धनगढी मिति २०६८।११।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २८० मिति २०६८।१२।६ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४४६**

१. **पीडितको नाम, थर र ठेगाना** महेशराज गिरी र नवराज गिरी, मटेला-२, बझाङ्ग

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** नेपालगञ्ज, मिशिल नं. १४८१, जिल्ला बझाङ्ग मटेला गाविस वडा नं. २ घर भई सोही ठाउँको जनप्रिय उच्च माविमा कक्षा १० मा अध्ययनरत महेशराज गिरी र नवराज गिरीलाई चैनपुरका तत्कालीन कालीजंग गुल्मबाट गस्तीमा आएका सुरक्षाकर्मीले मिति २०५९।७।५ गते पक्राउ गरी घरनजिकैको ठूलोखोलामा लगी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडितका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६०।११।१२ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज महेशराज गिरी र नवराज गिरीलाई तत्कालीन कालीजंग गुल्म चैनपुरबाट गस्तीमा आएका सुरक्षाकर्मीले पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा गैरन्यायिक हत्या गरेकाले निजहरूको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी कमाण्डर तथा सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा मृतकद्वयका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन र तत्कालीन कालीजंग गुल्म चैनपुरका प्रमुखलाई आयोगसमक्ष बयानका लागि उपस्थित गराउन रक्षा मन्त्रालय र नेपाली सेना मानव अधिकार निर्देशानालयलाई पत्राचार गरिएकोमा जानकारी नदिएकोले रेकर्ड राख्न समेत नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११३२ अनुसन्धान १४८१।नेपालगन्ज मिति २०६८।१२।२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २८९ मिति २०६८।१२।१२ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४४७**

१. **पीडितको नाम, थर र ठेगाना** तुलाराम सार्की, फुलवारी-७ स्याउले बजार, कैलाली ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कैलाली फूलवारी गाविस वडा नं. ७ स्याउले बजार बस्ने तुले सार्की भन्ने तुलाराम सार्कीलाई मिति २०५९।१।१ गते सुरक्षाकर्मीले पक्राउ गरी हत्या गरेकाले दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति दिलाइपाउँ भनी मिति २०६३।४।२३ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३८७, आयोगको अनुसन्धानबाट घटनामा संलग्न दोषी कमाण्डर तथा सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा मृतकका आश्रित कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११४५ अनुसन्धान ३८७ धनगढी मिति २०६८।१२।२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. ३०१ मिति २०६८।१२।१२ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४४८**

१. **पीडितको नाम, थर र ठेगाना** शिक्षक देवीदत्त पौडेल, जिता-३ बेशी थुम्का, लमजुङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिशिल नं. १६४४/३२, जिल्ला लमजुङ्ग जिता गाविस-३ बेशी थुम्काका शिक्षक देवीदत्त पौडेलको मिति २०५९।२।२ गते पाउँदी ढिक भन्ने ठाउँमा हत्या पश्चात सुरक्षाकर्मीद्वारा लाश कब्जामा लिई लाशको बारेमा घरपरिवारलाई यथार्थ जानकारी नगराई जवरजस्ती लाश जलाउन लगाइएकाले घटनाको छानवीन गरीपाउँ भनि मिति २०६१।१।२ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज शिक्षक देवीदत्त पौडेलको हत्या पुष्टि हुने आधार प्रमाण नदेखिएको तर सशस्त्र द्वन्द्वको समयमा प्रहरी र सेनाको कारण निजले दोहोरो तारेखमा जानु परेको देखिंदा आगामी दिनमा यस्तो दोहोरो पर्ने गरी तारेखमा राख्ने कार्य नगर्नु भनी निर्देशन जारी गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११८२ अनुसन्धान १६४४।३२।पोखरा मिति २०६८।११।२१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. ३०४ मिति २०६८।१२।१२ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४४९**

१. **पीडितको नाम, थर र ठेगाना** कमल पौडेल, बुटवल-१५, रूपन्देही

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिशिल नं. २६०४, रूपन्देही जिल्ला बुटवल नगरपालिका वडा नं. १५ निवासी कमल पौडेललाई मिति २०६१।८।३ गते घर नजिकैको जंगलमा लगी हत्या गरेकाले छानवीन गरी दोषीलाई कार्वाही गरीपाउँ भनी मिति २०६१।१०।४ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषी कमाण्डर तथा सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा मृतकका आश्रित कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११६४ अनुसन्धान २६०४।पोखरा मिति २०६८।१२।६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. ३३० मिति २०६८।१२।१३ मा गृह, र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४५०**

१. **पीडितको नाम, थर र ठेगाना** खोरबहादुर चौधरी, पञ्चनगर-३, नवलपरासी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिशिल नं. २५६७, जिल्ला नवलपरासी पञ्चनगर गाविस वडा नं. ३ बस्ने खोरबहादुर चौधरीलाई मिति २०६० साल चैत्र ६ गते पक्राउ गरी हत्या गरेकाले छानवीन गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६१।९।२७ गते आयोगमा उजुरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषी कमाण्डर तथा सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन र निजका बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११७२ अनुसन्धान २५६७।पोखरा मिति २०६८।१२।६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. ३२४ मिति २०६८।१२।१३ मा गृह, रक्षा, शिक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४५१**

१. **पीडितको नाम, थर र ठेगाना** डल्ले भन्ने गणेश नेपाली, (वर्ष १४ को) पिपलटारी-६, पर्वत।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिशिल नं. ७५८, पर्वत जिल्ला पिपलटारी गा.वि.स. वडा नं. ६ निवासी वर्ष १४ का डल्ले भन्ने गणेश नेपालीलाई मिति २०५८।९।२२ गते संयुक्त सुरक्षाफौजको टोलीले पक्राउ गरी हत्या गरेकाले घटनाको छानवीन गरीपाउँ भनी मिति २०६५।३।१७ गते आयोगमा उजुरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** मृतक सुस्त मनस्थिती भएको १४ वर्षीय ओठ काटिएको बालकलाई सुरक्षाकर्मीले पक्राउ गरी कार्वाही गर्नुको सट्टा आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई बम सहित प्रहार गरेकाले सुरक्षाफौजले प्रतिकार गर्दा निजको घटनास्थलमै मृत्यु भएको भन्ने सुरक्षा निकायको भनाई तथ्यपरक र विश्वसनिय देखिएन। सुरक्षाफौजको त्यत्तिका मानसिको घेरामा रहेको नाबालकले प्रतिकार गर्न सक्ने अवस्था रहँदैन। घटनामा संलग्न दोषी कमाण्डर तथा सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११७१ अनुसन्धान ७५८।पोखरा मिति २०६८।१२।६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**प्र.प्र.का. को च.नं. ९७ मिति २०६९।६।२९ को पत्रानुसार मृतकका हकवालाले जि.प्रशा. का. पर्वतबाट रु. ३,००,०००।- राहत रकम बुझिलगेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४५२**

१. **पीडितको नाम, थर र ठेगाना** ओमकार बुढा, दुर्गाबहादुर वुढा र प्रेमबहादुर घर्ति, तमान-४, बाग्लुङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिशिल नं. ३८३, जिल्ला बाग्लुङ्ग तमान गाविस वडा नं. ३ का ओमकार बुढा, दुर्गाबहादुर वुढा र ऐ.ऐ. वडा नं. ४ बस्ने प्रेमबहादुर घर्तिलाई सोही जिल्लाको सिंह गाविस तातोपानी भन्ने स्थानबाट मिति २०५८।९।२३ गते तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी हत्या गरेकाले छानवीन गरीपाउँ भनी मिति २०६३।३।१८ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषी कमाण्डर तथा सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकद्वयका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११६९ अनुसन्धान ३८३।पोखरा मिति २०६८।१२।६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. ३२५ मिति २०६८।१२।१३ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४५३**

१. **पीडितको नाम, थर र ठेगाना** खगेन्द्र बुढाथोकी, अर्मन-६, म्याग्दी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिशिल नं. ६४५, जिल्ला म्याग्दी अर्मन गा.वि.स. वडा नं. ६ निवासी खगेन्द्र बुढाथोकीलाई तत्कालीन शाही नेपाली सेनाले मिति २०५८।९।२३ गते पक्राउ गरी हत्या गरेकाले अनुसन्धान गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराईपाउँ भनी मिति २०६४।४।१३ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषी कमाण्डर तथा सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।-क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११७० अनुसन्धान ६४५।पोखरा मिति २०६८।१२।६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. ३२३ मिति २०६८।१२।१३ माद्ध गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. ५१ मिति २०६९।८।१९ को रक्षा मन्त्रालयको पत्रमा संलग्न नेपाली सेना मानव अधिकार सेलको जानकारी बमोजिम पीडितकी श्रीमति छेउमायाँ बुढाथोकीले रु. ३,००,०००।- विशेष राहत बुझिलिएको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४५४**

१. **पीडितको नाम, थर र ठेगाना** राजु विश्वकर्मा, बाग्लङ्ग-११, बाग्लुङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिशिल नं. ४८३, जिल्ला बाग्लुङ्ग बाग्लङ्ग नगरपालिका वडा नं. ११ बस्ने वर्ष २९ का राजु विश्वकर्मालाई मिति २०५८।११।१७ गते सुरक्षाफौजले पक्राउ गरी लगेकोमा मिति २०५८।११।२० गते स्थानीय अस्पतालमा निजको मृत लाश परिवारलाई बुझाएकाले विना कारण मारिएको हुँदा दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराईपाउँ भनी मिति २०५९।६।१४ र २०६३।३।१८ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** सुरक्षाफौजका मानिसहरूले आफ्नो नियन्त्रणमा रहेको राजु विश्वकर्मालाई गैरन्यायिक हत्या गरेकोले निजको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी कमाण्डर तथा सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन र निजका बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११६५ अनुसन्धान ४८३।पोखरा मिति २०६८।१२।६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. ३२९ मिति २०६८।१२।१३ मा गृह, रक्षा, शान्ति र शिक्षा मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४५५**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्णप्रसाद गौतम हुवास-३ पैञ्यु हटिया, पर्वत, विजय सुवेदी, खड्गवहादुर कुँवर, मोहन सिंह गाहा मगर पर्वत र कुविजा पराजुली थुमपोखरा, स्याङ्गजा समेत (५ जना)

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पर्वत जिल्ला हुवास गा.वि.स. वडा नं. ३ पैञ्यु हटिया निवासी ३६ वर्षीय कृष्णप्रसाद गौतम, ऐ. जिल्ला पिपलटारी- ३ का वर्ष २७ का विजय सुवेदी, ऐ. जिल्ला बर्राचौर-५ का वर्ष ३५ का खड्गवहादुर कुँवर, ऐ. जिल्ला सालिग्राम-७ का वर्ष ६० का मोहनसिंह गाहा मगर र स्याङ्गजा थुमपोखरा-६, की २९ वर्षिया कुविजा पराजुलीलाई स्याङ्गजा जिल्लाको सिर्सेकोट गाविस वडा नं. ६ डुम्रेछापमा मिति २०६१।९।१५ गते सुरक्षाकर्मीले पक्राउ गरी हत्या गरेकाले छानवीन गरी दोषीउपर कार्वाही गरी क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६१।९।१५ र २०६३।३।१८ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. २५०४, घटनामा संलग्न दोषी कमाण्डर तथा सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकहरूका कानून बमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन र मृतक विजय सुवेदी बाहेक अन्य मृतकहरूका बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११६७ अनुसन्धान २५०४।पोखरा मिति २०६८।१२।६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. ३२६ मिति २०६८।१२।१३ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितहरूका परिवारले जनही रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४५६**

१. **पीडितको नाम, थर र ठेगाना** डिल्लीप्रसाद सापकोटा, बाग्लुङ्ग-२ हाडेपाखा, बाग्लुङ्ग ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बाग्लुङ्ग नगरपालिका २ हाडेपाखा बस्ने डिल्लीप्रसाद सापकोटालाई मिति २०६१।१०।२६ गते जिल्ला प्रहरी कार्यालय बाग्लुङ्गका निरीक्षक विनोद घिमिरे र खड्गदल गुल्मका क्याप्टेन शिव पौडेलको नेतृत्वको सुरक्षाफौजको टोलीले पक्राउ गरी हत्या गरेकाले छानवीन गरीपाउँ भनि मिति २०६२।४।२६ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** पोखरा, मिशिल नं. ९१, सुरक्षाफौजले आफ्नो नियन्त्रणमा रहेको डिल्लीप्रसाद सापकोटालाई गैरन्यायिक हत्या गरेकोले निजको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न खड्गदल गुल्मका कमाण्डर सहसेनानी शिव पौडेल तथा अन्य सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन र निजका बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११७४ अनुसन्धान ९१।पोखरा मिति २०६८।१२।६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. ३२० मिति २०६८।१२।१३ मा गृह, र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितहरूका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४५७**

१. **पीडितको नाम, थर र ठेगाना** रामचन्द्र तिवारी, जिता-८, लमजुङ्ग ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिशिल नं. ५५०/२०५, लमजुङ्ग जिल्ला जिता गाविस वडा नं. ८ निवासी रामचन्द्र तिवारीलाई मिति २०५९।३।२० गते तात्कालिन शाही नेपाली सेनाले पक्राउ गरी हत्या गरेकाले छानवीन गरी दोषीमाथि कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति दिलाइपाउँ भनी मिति २०६३।११।२३ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषी कमाण्डर तथा सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११६६ अनुसन्धान ५५०।२०५।पोखरा मिति २०६८।१२।६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. ३२७ मिति २०६८।१२।१३ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ के राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितहरूका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४५८**

१. **पीडितको नाम, थर र ठेगाना** प्रेमबहादुर विश्वकर्मा फोक्सिङ्ग, गुल्मी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिशिल नं. २६१४, जिल्ला गुल्मी फोक्सिङ्ग गाविसका प्रेमबहादुर विश्वकर्मालाई मिति २०५९।२।७ गते सुरक्षाकर्मीले पक्राउ गरी हत्या गरेको भन्ने सुन्न आएको तर लाश देख्न नपाएको हुँदा स्थिति सार्वजनिक गरिपाउँ भनी मिति २०६१।१०।६ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषी कमाण्डर तथा सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रु. १,००,०००।- रकम पाइसकेको भनी जिल्ला प्रशासन कार्यालयको जवाफ देखिंदा सो कट्टा गरी रु. २,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११७६ अनुसन्धान २६१४।पोखरा मिति २०६८।१२।६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. ३२१ मिति २०६८।१२।१३ मा गृह, र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ के राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितहरूका परिवारले रु. २,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४५९**

१. **पीडितको नाम, थर र ठेगाना** मृतकहरूको नामावली विवरण

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | विरसुव्वा गुरुङ्ग | लुम्ले-९ लान्द्रुक, कास्की |
| २ | टंकबहादुर घर्ती (विज्ञान) | दुली, रुकुम |
| ३ | भावना सुनार | सुइकोट, सर्लाही |
| ४ | मिनकुमारी (अस्मिता) | वारपाक, गोरखा |

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कास्की लुम्ले गा.वि.स. वडा नं. ९ लान्द्रुक निवासी पूर्णबहादुर गुरूङ्गको घरमा मिति २०६०।१२।१२ गते राती एकजना माओवादी महिला घरभित्र पस्दै गर्दा सुरक्षाकर्मीले गोली चलाउँदा घरकै ४६ वर्षकी श्रीमती विरसुव्वा गुरूङ्गको मृत्यु भएकाले घटनाको छानवीन गरी क्षतिपूर्ति दिलाइपाउँ भनी मिति २०६१।१।२८ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १७२३/२२, आयोगको अनुसन्धानबाट तत्कालीन शाही नेपाली सेनाको पश्चिम पृतना फुलवारी व्यारेकमा कार्यारत मेजर शंकरकुमार श्रेष्ठको नेतृत्वमा गएको सैनिक टोलीले घटनास्थलमा संयमित भै शक्तिको प्रयोग गर्नुपर्नेमा सो नगरी नियन्त्रणमा लिइसकेपछि घरधनी विरसुव्वा गुरुङ्ग, रुकुम दुली गाविस घर भएका विज्ञान भन्ने टंकबहादुर घर्ती, सर्लाही सुइकोटकी भावना सुनार र गोरखा वारपाक गा.वि.स. कि अस्मिता भन्ने

मिनकुमारीलाई हत्या गरेको देखियो । उल्लेखित व्यक्तिहरू १ जना विरसुव्वा गुरुङ्ग घरधनी सर्वसाधारण र अन्य ३ जना नेकपा माओवादीसँग आवद्ध रहेको व्यक्तिहरूलाई सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा लिइ कानून बमोजिम कार्वाही गर्नुको सट्टा गैरन्यायिक हत्या गरेको देखिंदा घटनामा संलग्न कमाण्डर मेजर शंकरकुमार श्रेष्ठ तथा अन्य सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा मृतकहरूका कानून बमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११७३ अनुसन्धान १७२३।२२।पोखरा मिति २०६८।१२।६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. ३२२ मिति २०६८।१२।१३ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितहरूका परिवारले जनही रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक ।

**क्रम संख्या – ४६०**

१. **पीडितको नाम, थर र ठेगाना** विष्णुप्रसाद तिवारी, दुराडाँडा-२, लमजुङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिशिल नं. ७३६/४०, जिल्ला लमजुङ्ग दुराडाँडा गाविस वडा नं. २ बस्ने विष्णुप्रसाद तिवारीलाई मिति २०५८।१०।४ गते तनहुँको दमौलीबाट सुरक्षाकर्मीले पक्राउ गरी व्यारेकमा राखेकोमा मिति २०५९ आषाढबाट कुनै जानकारी नभएकाले खोजतालश एवं स्थिति सार्वजनिक गराई पाउँ भनि मिति २०५९।११।२७ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आफ्नो जिम्मामा रहेको व्यक्तिलाई भाग्न लागेको भनी सुरक्षाफौजका मानिसहरूले गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न कमाण्डर तथा अन्य सुरक्षाकर्मीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११७७ अनुसन्धान ७३६।४०।पोखरा मिति २०६८।१२।६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. ३१८ मिति २०६८।१२।१३ मा गृह, र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितहरूका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक ।

**क्रम संख्या – ४६१**

१. **पीडितको नाम, थर र ठेगाना** सुकमान गुरूङ्ग खुदी, लमजुङ्ग (निर्वाचित गाविस अध्यक्ष)

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिशिल नं. १५५१/४१, नेपाल कम्युनिष्ट पार्टी एमाले लगायतका ६ बामपन्थी

पार्टीहरूले गरेको आमहड्तालको समयमा शान्तिपूर्ण रूपमा विरोध प्रदर्शन गरिरहेको अवस्थामा लमजुङमा प्रहरीले गोली चलाई लमजुङ खुदी गाविसका निर्वाचित अध्यक्षको मृत्यु भएकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०५८।२।२९ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आन्दोलनकारीहरूको भिडमा प्रहरीले बल प्रयोग गर्दा सुकमान गुरुङको मृत्यु भएको देखिंदा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११६३ अनुसन्धान १५५१।१४१।पोखरा मिति २०६८।१२।६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. ३३१ मिति २०६८।१२।१३ मा गृह, र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितहरूका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण।

**क्रम संख्या - ४६२**

१. **पीडितको नाम, थर र ठेगाना** युवराज थानी, रेडियो नेपाल, सुर्खेत।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** रेडियो नेपाल सुर्खेतको सुरक्षार्थ खटिएका तत्कालीन शाही नेपाली सेनाले मिति २०५८।१२।३ गते जिल्ला सुर्खेत उत्तरगंगा गाविस वार्ड नं. १ बस्ने वर्ष १६ का युवराज थानीलाई परिक्षा दिएर घर फर्कने क्रममा टेम्पोबाट ओराली कुटपीट गरी हत्या गरेकाले घटनाको छानवीन गरी दोषी उपर कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६२।१२।२ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ७८५, निजलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिई कार्वाही गर्न सक्ने अवस्था रहँदारहँदै सो नगरी गोली हानेकाले मृत्यु हुन गएको देखिंदा घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति स्वरूप उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११६८ अनुसन्धान ७८५।नेपालगन्ज मिति २०६८।१२।६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. ३२८ मिति २०६८।१२।१३ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितहरूका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या - ४६३**

१. **पीडितको नाम, थर र ठेगाना** हरिप्रसाद खनाल, पकवादी-४ चित्तडाँडा, स्याङ्जा।

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिसिल नं. २६५८/३९, जिल्ला स्याङ्जा पकवादी गा.वि.स. वा.नं. ४ चित्त डाँडा

निवासी वर्ष ४८ वर्षीय हरिप्रसाद खनाललाई मिति २०५९/३/२९ गते तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी हालसम्म बेपत्ता पारेको हुँदा निजको स्थिति सार्वजनिक गरीपाउँ भनि मिति २०५८/९/१६ गते आयोगमा उजूरी दर्ता भएको देखियो।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषीको पहिचान गरि मुलुकी ऐन, ज्यानसम्बन्धी महल बमोजिम कार्वाही चलाउन तथा मृतकका पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०३१ अनुसन्धान २६५८।पोखरा मिति २०६८।११।१५ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाईको पत्रमा पीडितका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक।

**क्रम संख्या – ४६४**

१. **पीडितको नाम, थर र ठेगाना** लक्ष्मी पाण्डे (लामिछाने), टेकनाथ सिग्देल, गुरूप्रसाद सुवेदी, लंक बहादुर वि.क, बलबहादुर वि.क.र दुर्गादत्त गौतम, देउराली, नवलपरासी।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिसिल नं. २०३/१५०२, जिल्ला नवलपरासी, देउराली गा.वि.स.वडा.नं. ४ बेलहानीकी ३४ वर्षिया लक्ष्मी पाण्डे (लामिछाने), ऐ.ऐ. वा.नं. ४ बस्ने ३९ वर्षीय टेकनाथ सिग्देल, ऐ.ऐ. बस्ने वर्ष ४१ का गुरूप्रसाद सुवेदी, ऐ.ऐ. वडा.नं. २ बस्ने वर्ष ३७ का लंक बहादुर वि.क,. ऐ.ऐ. बस्ने वर्ष ३८ का बलबहादुर वि.क.लाई मिति २०६०।११।१० गते र ऐ.ऐ. वडा.नं. २ बस्ने वर्ष ३३ का दुर्गादत्त गौतमलाई मिति २०६०।११।८ गते सुरक्षाकर्मीले पक्राउ गरी लगेकाले निजहरूको रिहाईका लागी पहल गरीपाउँ भनी मिति २०६०।११।१३ गते आयोगमा उजूरी दर्ता भएको देखियो।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निजहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी कावासोती प्रहरी चौकीमा थुनामा राखिएको, थुनामा राखिएका मध्ये लक्ष्मी पाण्डे, लंक बहादुर वि.क. र बलबहादुर वि.क.लाई मिति २०६०।११।१७ गते मुक्त गरिएको। निज दुर्गादत्त गौतमलाई केही समय भरतपुरमा राखिएकोमा चिवन सरदपुर इलाकामा सुरक्षा कारवाहीमा मृत्यु भएको भन्ने सेनाको भनाई भएपनि निजको सैनिक कारवाहीमा मृत्यु नभई निज गौतमलाई सुरक्षाकर्मीले पक्राउ गरी नियन्त्रणमा लिई कानून बमोजिम कार्वाही गर्नुको सट्टा बेपत्ता पारी गैरन्यायिक हत्या गरेको देखिंदा घटनामा संलग्न दोषीको पहिचान गरि मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०३२ अनुसन्धान २०३, १५०२।पोखरा मिति २०६८।११।१५ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा दुर्गादत्त गौतमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त।

च.नं. ८२५ मिति २०६८।११।२२, गृह मन्त्रालय, स्थानीय प्रशासन शाखाबाट प्र.प्रधान का.लाई पठाइएको पत्र आयोगलाई बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक।

**क्रम संख्या – ४६५**

१. **पीडितको नाम, थर र ठेगाना** विनोदकुमार चौधरी (यात्री), उदासीपुर-७, कैलाली

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** धनगढी, मिशिल नं. ७१२, जिल्ला कैलाली उदासीपुर गाविस वडा नं. ७ बस्ने ३३ वर्षीय यात्री भन्ने विनोदकुमार चौधरीलाई टिघडी व्यारेक कैलालीबाट आएका तत्कालीन शाही नेपाली सेनाले मिति २०५८।११।२७ गते पक्राउ गरी लगेकोमा हालसम्म बेपत्ता पारेकाले खोजतलाश गरीपाउँ भनि मिति २०६२।१०।३० गते आयोगमा निवेदन दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न तत्कालीन शाही नेपाली सेनाको गोरखनाथ गण तेघरी व्यारेक अत्तरियाका कमाण्डर तथा सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाहि गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११२४ अनुसन्धान ७१२।धनगढी मिति २०६८।१२।२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २७८ मिति २०६८।१२।६ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

च.नं. २४७ मिति २०६९।१।१७ प्रहरी प्र.का.मा.अ.इकाईबाट खुलाई पठाइएको सम्बन्धमा आयोगलाई पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक ।

**क्रम संख्या – ४६६**

१. **पीडितको नाम, थर र ठेगाना** सुरेश राना र सर्जु राना, दैजी-९ रानदैजी, कञ्चनपुर

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धनगढी, मिशिल नं. ३५८, जिल्ला कंचनपुर, दैजी गाविस वडा नं. ९ रानदैजी बस्ने सुरेश राना र सर्जु रानालाई मिति २०५९।६।१० गते कञ्चनपुर भगतपुर व्यारेकबाट आएका सुरक्षाफौजको टोलीले पक्राउ गरी हालसम्म बेपत्ता पारेकाले खोजतलास गरीपाउँ भनी मिति २०६३।४।२ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगको अनुसन्धानबाट निजहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी सुरेश रानाको हालसम्म स्थिति अज्ञात पारेको र सर्जु रानालाई पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा दोहोरो भिडन्तमा परी निजको मृत्यु भएको भन्ने सुरक्षा निकायको भनाइ तथ्यपरक र विश्वसनिय देखिएन । यसरी आफ्नो नियन्त्रणमा रहेको सर्जु रानालाई गैरन्यायिक हत्या गरेको र सुरेश रानाको हालसम्म स्थिति अज्ञात पारेको देखिदा सुरेश रानाको हकमा अनुसन्धान जारी राख्ने, निजका आश्रित कानून बमोमिजका हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत स्वरुप रकम उपलब्ध गराउन तथा सर्जु रानाको हकमा घटनामा संलग्न दोषी कमाण्डर तथा सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाहि गर्न र मृतकका आश्रित कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११२५ अनुसन्धान ३५८।धनगढी मिति २०६८।११।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २७७ मिति २०६८।१२।६ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा सर्जु रानाका परिवारले रु. ३,००,०००।- र सुरेश रानाको पारिवारले रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

च.नं. ९१४ मिति २०६८।१२।१०, गृह मन्त्रालयबाट प्र.प्रधान का.लाई कारवाहीको लागि पठाइएको पत्रको बोधार्थ पत्र ।

च.नं. २४७ मिति २०६९।१।१७, प्र.प्रधान का.मा.अ.इकाइबाट खुलाई पठाइएको सम्बन्धमा आयोगलाई पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक ।

**क्रम संख्या – ४६७**

१. **पीडितको नाम, थर र ठेगाना** दलबहादुर धामी र दिलबहादुर जाग्री, जोगबुढा-६, डडेलधुरा

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** धनगढी, मिशिल नं. ३५३/३५४, जिल्ला डडेल्धुरा जोगबुढा गाविस वडा नं. ६ बस्ने दलबहादुर धामी र ऐ. वडा नं. ५ बस्ने दिलबहादुर जाग्रीलाई मिति २०५८।१०।१५ गते जोगवुढा गाविसको कार्यालयमा मालपोत बुझाई घर फर्कने क्रममा संयुक्त सुरक्षाफौजले पक्राउ गरी बेपत्ता पारेकाले अवस्था सार्वजनिक गरीपाउँ भनि मिति २०६३।३।२७ गते आयोगमा उजूरी दर्ता भएको देखियो ।

४. **आयोगको निर्णय/सिफारिश** निजहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी इलाका प्रहरी कार्यालय जोगबुढाको हिरासतमा राखी भोलीपल्ट सैनिक सुरक्षा वेशक्याम्पमा बुझाएकोमा कानून बमोजिम कार्वाही गर्नुको सट्टा सुरक्षा कार्वाहीमा मारिएको भनी समाचार प्रचारप्रसार गरी गर्न लगाइ निजहरूको गैरन्यायिक हत्या गरेकाले निजहरूको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न इलाका प्रहरी कार्यालय जोगबुढाका तात्कालिन असई आनसिंह भण्डारी, इन्सपेक्टर किसनसिंह वडाल र सैनिक बेशक्याम्पका कमाण्डर र सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा मृतकद्वयका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११४२ अनुसन्धान ३५३।३५४।धनगढी मिति २०६८।१२।२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का. लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. ३०० मिति २०६८।१२।१२ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक ।

**क्रम संख्या – ४६८**

१. **पीडितको नाम, थर र ठेगाना** रमेश पौडेल (पेशल), जिता-९ कीर्तिपुर, लमजुङ्ग

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिशिल नं. ८९, जिल्ला लमजुङ्ग जिता गाविस वार्ड नं. ९ कीर्तिपुरका रमेश पौडेल (पेशल) लाई मिति २०५८।१२।९ गते तत्कालीन शाही नेपाली सेना भोर्लेटारबाट आएका सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता पारेकाले स्थिति सार्वजनिक गरीपाउँ भनि मिति २०६२।४।२६ गते आयोगमा उजूरी दर्ता भएको देखियो ।

४. **आयोगको निर्णय/सिफारिश** सुरक्षाफौजले आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई गैरन्यायिक हत्या गरेकोले निजको बाँच्न पाउने मानव अधिकारको हनन् भएको देखियो । घटनामा संलग्न कमाण्डर तथा सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा मृतकका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।-

क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११७५ अनुसन्धान ८९।पोखरा मिति २०६८।१२।६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. ३१९ मिति २०६८।१२।१३ मा गृह, र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक ।

**ख) माओवादीद्वारा हत्या**

**क्रम संख्या – ४६९**

१. **पीडितको नाम, थर र ठेगाना** इमानसिंह तामाङ्ग, नागदह-९, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** रामेछाप जिल्ला नागदह गा.वि.स. वडा नं. ९ सुर्केटोल निवासी इमानसिंह तामाङ्गलाई मिति २०६२।४।२ गते रामेछाप जिल्लाको सदरमुकाम मन्थलीबाट पासपोर्ट बनाएर आफ्नो घरतिर आउँदै गर्दा देउराली गा.वि.स.को थल्लेरी कुकुरकाटे भ१ज्याङ्गबाट नेकपा माओवादीका कार्यकर्ताले कब्जामा लिई मिति२०६२।४।३ मा कठजोर गा.वि.स.को पात्ले भन्ने स्थानमा लगि चिलाउनेको रुखमा बाँधी यातना दिइ हत्या गरेको हँदा घटनाको छानवीन गरी उचित क्षतिपूर्ति दिलाइपाउँ भनी आयोगमा मिति २०६२।८।५ मा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई माओवादीका कार्यकर्ताहरूले कुटपीट गर्ने क्रममा कब्जाबाट उम्केर भाग्न खोज्दा लखेट्दै गई ढुंगा, चक्कु तथा बञ्चरो जस्ता हतियार प्रहार गरी हत्या गरेको पाइयो । पीडित इमानसिंह तामाङ्गको कानून बमोजिमका नजिकका हकवालालाई क्षतिपूर्ति स्वरुप रु. ३,००,०००।- प्रदान गर्न र घटनामा संलग्न व्यक्तिहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।४।३० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३२५ संरक्षण ३३४९ मिति २०६७।६।१५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको भनी आयोगमा प्राप्त उजूरी।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी जनही रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र बाँकी क्षतिपूर्ति रकम गृह मन्त्रालयबाट कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४७०**

१. **पीडितको नाम, थर र ठेगाना** टिकाराम जोशी (अमल्दार, शाही नेपाली सेना) शक्तिखोर-७, चितवन

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** चितवन जिल्ला शक्तिखोर गा.वि.स. वडा नं. ७ निवासी नेपाली सेनामा कार्यरत अमल्दार टिकाराम जोशीलाई आफ्नो घरमा आएको अवस्थामा मिति २०६२।१।१६ गते बेलुका माओवादीहरू आई अपहरण गरी लगेकोमा राती ९ बजे हत्या गरेको भन्ने व्यहोराको चितवन स्थित मानव अधिकार शिक्षा अभियान नेपालका अध्यक्ष राजकुमार फुयालले टेलिफोन मार्फत जानकारी दिएको आधारमा आयोगमा मिति २०६२।१।१९ मा उजूरी दर्ता गरी आवश्यक कार्वाही अगाडि बढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज टिकाराम जोशीलाई माओवादीहरूले नियन्त्रणमा लिई हत्या गरेको पुष्टि भएकोले माओोवादीहरूको उक्त कार्य गैरकानूनी देखिन्छ। मिति २०६२।१।१६ मा एकजना निशस्त्र व्यक्तिलाई यस प्रकार नियन्त्रणमा लिई हत्या गर्नु जेनेभा महासन्धीको उल्लंघन हुन जान्छ। अतः घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही

गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।५।१५ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. ३४९ संरक्षण २९०६ मिति २०६७।६।१५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ४७१**

१. **पीडितको नाम, थर र ठेगाना** श्यामबहादुर उच्चै, लुंखु देउराली-६, पर्वत

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पर्वत जिल्ला लुंखु देउराली गा.वि.स. वडा नं. ६ बस्ने श्यामबहादुर उच्चैलाई मिति २०६१। ९।१४ गतेका दिन बेलुका ७:०० बजेको समयमा नेकपा (माओवादी) समूहले आफ्नै घरबाट अपहरण गरी हालसम्म बेपत्ता बनाएकोले निजको खोजतलास गरी सकुशल रिहाईको लागि आवश्यक पहल गरिदिन भनी आयोगमा मिति २०६१।९।१९ मा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई मिति २०६१।९।१५ गते दिउँसो नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी मिति २०६१।९।१७ गते पर्वतकै होश्राङ्दी गा.वि.स. मा मृत अवस्थामा फालेको बुझियो । यस कार्यबाट निजको बाँच्न पाउने अधिकार र मानवीय कानूनको उल्लंघन भएकोले पीडितका परिवारले क्षतिपूर्ति वापत रु. १,८०,०००।- प्राप्त गरेको देखिएकोले थप रु. १,२०,०००।- प्रदान गर्न र घटनाका दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।७।१५ गतेको आयोगको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५५६ संरक्षण २५१५।पोखरा मिति २०६७।८।२९ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश कार्यान्वयनको लागि पठाइएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४७२**

१. **पीडितको नाम, थर र ठेगाना** दिलमान गुरुङ्ग र इश्वर गुरुङ्ग, घान्द्रुक, कास्की

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कास्की जिल्ला घान्द्रुक गा.वि.स.का दिलमान गुरुङ्ग र इश्वर गुरुङ्गलाई नेकपा (माओवादी) ले अपहरण गरी हत्या गरेको र होटल ट्रेडर्स इनका सञ्चालक हरिमाया गुरुङ्गको ४६ तोला सुन कब्जामा लिएको भनी आयोगमा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** यस घटनामा निजहरूको बाँच्न पाउने अधिकार र मानवीय कानूनको हनन् भएकोले घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने । पीडित हरिमाया गुरुङ्गको हकमा ४६ तोला सुन लुटिएको र लामो समय होटल व्यवसाय समेत वन्द गरिएको बारे सम्पति क्षति अन्तर्गत छानवीन गरी निजलाई क्षतिपूर्ति प्रदान गर्नेतर्फ आवश्यक कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।७।१५ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५५४ संरक्षण १७४०।पोखरा मिति २०६७।८।२९ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ४७३**

१. **पीडितको नाम, थर र ठेगाना** लोक दर्शन थापा, खीओपी-२, काभ्रे

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** फाइल नं. २७९७, मिति २०६१ चैत्र ५ गते आयोगमा प्राप्त उजूरीमा काभ्रे जिल्ला, खीओपी गा.वि.स. वडा नं. २ स्थित आफन्तको घरमा बसिरहेको अवस्थामा शाही नेपाली जंगी अड्डामा कार्यरत हु. लोक दर्शन थापाको मिति २०६१।१२।१ गते विहान करिव ५:०० बजे माओवादीले हत्या गर्नुका साथै निजको छोरी तथा श्रीमतीलाई समेत सख्त घाइते बनाइएको भनी आयोगमा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** घटना २०६१ सालमा घटेको सम्बन्धमा हालसम्म पनि अनुसन्धान नभएको पाइएको हुँदा अपराधी पत्ता लगाई प्रचलित कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई लेखी पठाउने मिति २०६८।२।१९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११७९ अनुसन्धान २७९७ मिति २०६८।३।२६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १-०१-२६ (०६८/०६९) मिति २०६८।११।११ प्रहरी प्रधान कार्यालयबाट खुलाई पठाएको सम्बन्धमा गृह मन्त्रालयलाई पठाइएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४७४**

१. **पीडितको नाम, थर र ठेगाना** भविन्द्र कुँवर र शेरबहादुर कुँवर (मृतकहरू) तथा गणेश नेपाली (घाइते) वाग्लुङ्ग ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिशिल नं. ३५४, जिल्ला बाग्लुङ्ग बोहरा गाउँ प्राथमिक विद्यालय नजिक नेकपा माओवादी कार्यकर्ताले मिति २०५९।११।६ गते हतियार प्रर्दशन गरी स्वचालित हतियार पड्किई सोही ठाउँ बस्ने १० वर्षीय भविन्द्र कुँवर, वर्ष १२ का शेरबहादुर कुँवरको मृत्यु भएको र वर्ष १३ का गणेश नेपाली गोली लागी घाइते भएको हुँदा घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवार र घाइतेलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६३।२।२८ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** तत्कालीन नेकपा माओवादीका कार्यकर्तालाई पत्ता लगाई कानून बमोजिम कार्वाही गर्न तथा मृतकद्वयका कानून बमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन र गोली लागी घाइते भएका गणेश नेपालीलाई उल्लेखित आयोगको नियमावली २०५७ को नियम २० बमोजिम रु. १,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन, कृतिम खुट्टाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११७८ अनुसन्धान ३५४।पोखरा मिति २०६८।१२।६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. ३३२ मिति २०६८।१२।१३ मा गृह र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा मृतकहरूका परिवारले जनही रु. ३,००,०००।- र घाइते गणेश नेपालीले रु. १,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक ।

**क्रम संख्या – ४७५**

१. **पीडितको नाम, थर र ठेगाना** केदार वहादुर के.सी., सिंगौल-७ निजगढ, बारा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ११९५, बारा जिल्ला, सिंगौल गा.वि.स. निजगढ वडा नं. ७ बस्ने केदार वहादुर के.सी.लाई मिति २०६०।५।११ मा तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले सुराकी गरेको आरोपमा अपहरण गरी मरणासन्न हुने गरी कुटपीट गरेर छाडेको । सोही चोटका कारण उपचार गराउँदा गराउँदै पाटन अस्पतालमा निजको मृत्यु भएकोले दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६७।६।१७ मा आयोगमा दर्ता भएको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** नेकपा (माओवादी) का कार्यकर्ताबाट अपहरण गरी आफ्नो कब्जामा लिई मरणासन्न हुने गरी कुटपीट गरी छाडेको । सोही चोटको कारणबाट उपचार गराउदा गराउदै मृत्यु भएबाट घटनामा संलग्न दोषी माओवादी कार्यकर्ताको पहिचान गरी निज उपर प्रचलित कानून बमोजिम कार्वाही गर्न र मृतकका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने भन्ने मिति २०६८।३।२१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३६ अनुसन्धान ११७५ मिति २०६८।४।१८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९२, मिति २०६८।११।११, प्र.प्र.काबाट खुलाई पठाएको सम्बन्धमा गृ.म.लाई पठाएको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ४७६**

१. **पीडितको नाम, थर र ठेगाना** राजन प्रसाद चौलागाई, निजगढ-५ धियालटोल, बारा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** फाइल नं. ११९६ बारा जिल्ला निजगढ वडा नं. ५ धियालटोल बस्ने राजन प्रसाद चौलागाईलाई मिति २०६०।२।१४ गते तात्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले सुराकी गरेको आरोपमा घरबाट अपहरण गरी गोली हानी हत्या गरेकोले पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६७।६।२४ मा आयोगमा दर्ता भएको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान प्राप्त तथ्यको आधारमा राजन चौलागाईलाई अपहरण गरी नेकपा माओवादीबाट हत्या गरिएको घटनाले निजको बाँच्न पाउने अधिकारको हनन् भएबाट दोषी माओवादी कार्यकर्ताको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र मृतकका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने भन्ने मिति २०६८।३।२१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३५ अनुसन्धान ११९६ मिति २०६८।४।१८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४७७**

१. **पीडितको नाम, थर र ठेगाना** गणेशमान पालिखे (क्याम्पस प्रमुख, जनप्रिय बहुमुखी क्याम्पस) पोखरा, कास्की

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, फाईल नम्बर २९ कास्की जिल्ला स्थित जनप्रिय बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख गणेशमान पालिखेको मिति २०६२।२।२९ मा तात्कालीन नेकपा माओवादीका कार्यकर्ताबाट हत्या भएको भनी आयोगमा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** तात्कालीन नेकपा (माओवादी) का कार्यकर्ताबाट निज पालिखे र निजको सुरक्षार्थ खटिएका २ जना प्रहरी जवानलाई गोली प्रहार गरी हत्या गरिएको हुदा मृतक गणेशमान पालिखेको हकमा निजको कानून बमोजिमको हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति दिन र निजसंगै मारिएको २ जना सुरक्षाकर्मीहरूको हकमा प्रहरी ऐन बमोजिमको क्षतिपूर्ति प्राप्त नगरेको भए सो बमोजिम क्षतिपूर्ति दिन र थप अनुसन्धान र सबुत प्रमाणको आवश्यकता भए सो समेत गरी अपराधी पत्ता लगाई प्रचलित नेपाल कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।२१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३५ अनुसन्धान ११९६मिति २०६८।४।१८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४७८**

१. **पीडितको नाम, थर र ठेगाना** बिल्टु भन्ने आस महम्मद मन्सुरी र नरेश यादव, देवापुरटेटा, बारा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** फाइल नं. ३८८६/९५८, बारा जिल्ला देवापुरटेटा गा.वि.स मा स्थानीय एक महिलालाई सोही स्थानका बिल्टु भन्ने आस महम्मह अन्सारीले मिति २०६३ साल भदौ २२ गते बलात्कारको प्रयास गरेको आरोपमा निज बिल्टुलाई गाउँलेहरूले कुटपिटबाट मारिएको निजको मृत्यु भएपछि नेकपा (माओवादी) का कार्यकर्ताहरूले अन्धाधुन्ध चलाएको गोली लागि स्थानीय नरेश यादवको मृत्यु भएको, ३० जना भन्दा बढि घाइते भएको, ८ जना गाउँलेलाई माओवादीले नियन्त्रणमा लिएको भन्ने समाचारको आधारमा आयोगले आफ्नै सक्रियतामा उजूरी ग्रहण गरेको।

४. **आयोगको निर्णय/सिफारिश** मृत्यु भएका दुबै जनाको गैरन्यायिक हत्या भएको तर यस सम्बन्धमा कर्तव्य ज्यान मुद्दामा जाहेरी पत्र समेत दर्ता भैसकेको हुँदा जाहेरी दरखास्त बमोजिम प्रतिवादीहरूको खोजतलास गरी ज्यान सम्बन्धी महल अनुसार अनुसन्धान कार्य अगाडि बढाई दोषीमाथि कार्वाही गर्न, गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३४९ अनुसन्धान ३३८६/९५८ मिति २०६८।६।२ ९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८४८ मिति २०६८।११।२८ मा प्रहरी प्रधान कार्यालय, नक्साललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४७९**

१. **पीडितको नाम, थर र ठेगाना** सर्वसाधारण जनताहरू मंगलटार-९ नार्केपुल, काभ्रे

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** फाइल नं. ३०४७/९१४, काभ्रेपलाञ्चोक जिल्लाको मंगलटार गा.वि.स. वडा नं. ९ स्थित नार्केपुल बजारमा मिति २०६२।२।२७ गते साँझ सुरक्षाकर्मी चढेको यात्रुवाहक बसमा नेकपा माओवादीले आक्रमण गर्दा ६ सैनिक र २ सर्वसाधारणको हत्या भएको तथा २ सर्वसाधारण घाइते भएका छन् भनी घटनाको समाचार प्रकाशित भएको। यस सम्बन्धमा आयोगले मिति २०६२।२।३० मा आफ्नै सक्रियतामा उजूरी ग्रहण गरी कार्वाही अगाडि बढाएको।

४. **आयोगको निर्णय/सिफारिश** अनुसन्धान टोलीको प्रतिवेदन बमोजिम तत्कालीन नेकपा माओवादीले यात्रुवाहक बसमा आक्रमण गरी सर्वसाधारणको जीउधन जोखिममा पारेको। घटनामा शाहि नेपाली सेनाका ७ जना, गाडिमा यात्रा गरिरहेका २ जना सर्वसाधारणहरू (१ जना ट्रिपरको खलासी नुवाकोट जिल्ला रानीपौवा गा.वि.स. वडा नं. ३ ककनीका राम बहादुर लामा र अर्का नाम नखुलेका बसका यात्रु) को मृत्यु भएकोर २४ जना सेना, १ प्रहरी र २ सर्वसाधारण घाइते

भएको पाइएकोले मृतक तथा घाइते सेनाहरूको हकमा ऐन/कानून बमोजिम क्षतिपूर्ती लगायत अन्य सुविधा उपलब्ध गराउन, २ सर्वसाधारणहरूको हकमा मृतकका कानून बमोजिमको हकवालालाई जनही रु. ३,००,०००।- क्षतिपूर्ती दिन र घाइते सर्वसाधारणको हकमा उपचार खर्च उपलब्ध गराउन साथै क्षति भएका घरहरूलाई मर्मत खर्च, क्षति भएका सवारी साधनको क्षतिपूर्ती र सार्वजनिक बसमा एम्बुस थाप्ने दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न, आइन्दा सार्वजनिक बसमा यात्रुको सुरक्षार्थ खटिएका बाहेक सशस्त्र सैनिक वा प्रहरी टुकडी समेत नराख्न वा नबस्न नेपाल सरकारलाई सिफारिश गर्नेमिति २०६८।३।२३ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३४८ अनुसन्धान ३०४७/९१४ मिति २०६८।६।२९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८४८ मिति २०६८।११।२८ मा प्रहरी प्रधान कार्यालय, नक्साललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ४८०**

१. **पीडितको नाम, थर र ठेगाना** राजु शर्मा, भिमाद-३ भावर, तनहुं ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, फाइल नं. ८६/७९, तनहुँ जिल्ला भिमाद गा.वि.स. वडा नं. ३ भावर निवासी राजु शर्मालाई मिति २०६२।४।२ मा नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी मिति २०६२।४।६ गते हत्या गरेकाले घटनाको बारेमा आवश्यक अनुसन्धान गरी सत्यतथ्य सार्वजनिक गरिदिनुहुन भनी मिति २०६२।४।२४ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** सो सम्बन्धमा जि.प्र.का. तनहुँमा मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान भैरहेको देखिंदा घटनामा संलग्न दोषीलाई जाहेरी अनुसार कार्वाही अगाडि बढाउन र मृतक व्यक्तिको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति स्वरूप रकम उपलब्ध गराउन एवं निजका आश्रित बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था समेत गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८७२ अनुसन्धान ८६।७९।पोखरा मिति २०६८।१०।१८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८२५ मिति २०६८।११।२२ मा प्रहरी प्रधान कार्यालय, नक्सालालाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४८१**

१. **पीडितको नाम, थर र ठेगाना** भूमिराज गौतम (क्षेत्री), बाग्लुङ्ग-५, बाग्लुङ्ग

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, फाइल नं.५६१, बाग्लुङ्ग जिल्ला बा.न.पा. वडा नं. ५ घर भई बनेपा बस्दै आएका ७३ वर्षीय भूमिराज गौतम (क्षेत्री)लाई मिति २०५९।७।२५ गते अज्ञात ४/५ जनाको समूहले अपहरण गरी मिति २०५९।७।२६ गते भीमपोखरा गा.वि.स. वडा नं. ३ डुडिया भन्ने ठाउँमा हत्या गरिएको अवस्थामा लास भेटिएकोले घटनाको छानवीन गरी दोषीलाइ कार्वाही गराउन भनी मिति २०५९।८।५ गते आयोगमा निजकी श्रीमति टेक कुमारी के.सी. बाट उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट सशस्त्र द्वन्द्वको समयमा नेकपा माओवादीका कार्यकर्ताबाट अपहरण गरी हत्या भएको देखिंदा घटनामा संलग्न व्यक्तिको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न तथा मृतकका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८७६ अनुसन्धान ५६१।पोखरा मिति २०६८।१०।१८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८२५ मिति २०६८।११।२२ मा प्रहरी प्रधान कार्यालय, नक्सालललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४८२**

१. **पीडितको नाम, थर र ठेगाना** खलबहादुर मल्ल, देवीस्थान-९,बाग्लुङ्ग

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिसिल नं. ६५४/२६४, जिल्ला बाग्लुङ्ग देवीस्थान गा.वि.स. वा.नं. ९ बस्ने खलबहादुर मल्ललाई मिति २०६०।५।१० गते नेकपा माओवादीका आत्माराम र उत्तम भन्ने उज्वलको नेतृत्वमा आएका टोलीले अपहरण गरी मिति २०६०।५।२६ गते हत्या गरेकाले दोषीउपर कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराईपाउँ भनी मिति २०६४।४।१८ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** नेकपा माओवादीका उल्लेखित व्यक्तिहरूले अपहरण गरी निजको हत्या गरिएकाले उक्त घटनामा संलग्न आत्माराम र उत्तम भन्ने उज्वल लगायतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०२६ अनुसन्धान ६५४, २६४।पोखरा मिति २०६८।११।१५ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

आयोगको च.नं. १०७८ अनुसन्धान ६५४, २६४।पोखरा मिति २०६८।११।२१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८४८ मिति २०६८।११।२८ मा प्रहरी प्रधान कार्यालय, नक्सालललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक।

**ग) अज्ञातबाट हत्या**

**क्रम संख्या – ४८३**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्णप्रसाद भण्डारी, मधुमल्ला-६, मोरङ्ग

२. **उल्लंघनकर्ता** अज्ञात

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ६ घर भई धादिङ्ग जिल्ला पिंडा गा.वि.स. १

बेल्खु दोभानमा सुकुम्वासीको रुपमा गिट्टी कुटी बस्ने कृष्णप्रसाद भण्डारीलाई मिति २०६५।७।३ गते दिनको २ बजे नेकपा एमाले समर्थित आफूलाई युथ फोर्स बताउने जगन्नाथ नेपाल र भुमि त्रिपाठीको प्रत्यक्ष निर्देशनमा दिलिप श्रेष्ठको १००-१५० जनाको जत्थाले लाठी र ढुंगा र धारिलो हतियार प्रयोग गरी हत्या गरी त्रिशुली नदीमा फालिदिएको तथा दोषीलाई कार्वाही गर्न जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिंदा समेत हालसम्म प्रशासन मौन भई कार्वाही अगाडि नबढाएको भनी आयोगमा मिति २०६५।८।१० मा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** सो घटनाका सम्बन्धमा प्रहरी कार्यालयमा जाहेरी परेको भएता पनि राजनीतिक प्रभावमा परी प्रहरीले अनुसन्धान गर्न नसकेको बुझियो । नेपाल प्रहरीले कानून बमोजिम आवश्यक कार्यहरू नगरेको बुझिएकोले स्वतन्त्र र निश्पक्ष अनुसन्धान पुरा गरी अदालतमा मुद्दा दायर गर्न नेपाल प्रहरीलाई निर्देशन दिने । यस घटनामा परी मृत्यु भएका कृष्णप्रसाद भण्डारी, पुस्कर डंगोल र निर्मल पन्तका कानून बमोजिमका नजिकका हकवालाहरूलाई जनही रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन समेत नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।४।३० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३२६ संरक्षण ४५१८, ४४९४, ४४९३ मिति २०६७।६।१५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४८४**

१. **पीडितको नाम, थर र ठेगाना** पुस्कर डंगोल, स्युचाटार-२, काठमाडौं ।

२. **उल्लंघनकर्ता** अज्ञात

३. **उजूरीको संक्षिप्त विवरण** काठमाडौं जिल्ला स्यूचाटार गा.वि.स. वडा नं. २ बस्ने पुस्कर डंगोललाई मिति २०६५।७।४ गतेका दिन मलेखु स्थित एक होटलमा खाना खान बसेको अवस्थामा वाइसिएलका कार्यकर्ताहरूले अपहरण गरी बेपत्ता बनाएको र हालसम्म अवस्था अज्ञात भएको हुँदा आयोगबाट अनुगमन गरी मानव अधिकारको संरक्षण गरी पाउन इन्सेक मध्यमाञ्चल क्षेत्रिय कार्यालयबाट आयोगमा मिति २०६५।७।२६ मा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश**सो घटनाका सम्बन्धमा प्रहरी कार्यालयमा जाहेरी परेको भएतापनि राजनीतिक प्रभावमा परी प्रहरीले अनुसन्धान गर्न नसकेको बुझियो । नेपाल प्रहरीले कानून बमोजिम आवश्यक कार्यहरू नगरेको बुझिएकोले स्वतन्त्र र निश्पक्ष अनुसन्धान पूरा गरी अदालतमा मुद्दा दायर गर्न नेपाल प्रहरीलाई निर्देशन दिने । यस घटनामा परी मृत्यु भएका कृष्णप्रसाद भण्डारी, पुस्कर डंगोल र निर्मल पन्तका कानून बमोजिमका नजिकका हकवालाहरूलाई जनही रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन समेत नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।४।३० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. ३२६ संरक्षण ४५१८, ४४९४, ४४९३ मिति २०६७।६।१५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४८५**

१. **पीडितको नाम, थर र ठेगाना** निर्मल पन्त

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण**काठमाडौं जिल्ला स्यूचाटार गा.वि.स. वडा नं. २ बस्ने निर्मल पन्तलाई मिति २०६५।७।४ गतेका दिन मलेखु स्थित एक होटलमा खाना खान बसेको अवस्थामा वाइसिएलका कार्यकर्ताहरूले अपहरण गरी बेपत्ता बनाएको र हालसम्म अवस्था अज्ञात भएको हुँदा आयोगबाट अनुगमन गरी निजको सकुशल रिहा गराई दोषीहरूलाई पहिचान गरी आवश्यक कार्वाही गरीपाउँ भनी आयोगमा मिति २०६५।७।६ मा निजकी आमा चिनीमैया पन्तबाट प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश**सो घटनाका सम्बन्धमा प्रहरी कार्यालयमा जाहेरी परेको भएतापनि राजनीतिक प्रभावमा परी प्रहरीले अनुसन्धान गर्न नसकेको बुझियो। नेपाल प्रहरीले कानून बमोजिम आवश्यक कार्यहरू नगरेको बुझिएकोले स्वतन्त्र र निश्पक्ष अनुसन्धान पूरा गरी अदालतमा मुद्दा दायर गर्न नेपाल प्रहरीलाई निर्देशन दिने। यस घटनामा परी मृत्यु भएका कृष्णप्रसाद भण्डारी, पुस्कर डंगोल र निर्मल पन्तका कानून बमोजिमका नजिकका हकवालाहरूलाई जनही रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन समेत नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।४।३० को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं. ३२६ संरक्षण ४५१८, ४४९४, ४४९३ मिति २०६७।६।१५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**घ) दोहोरो भिडन्तमा मृत्यु**

**क्रम संख्या - ४८६**

१. **पीडितको नाम, थर र ठेगाना** रघुनाथ ढकाल मनहरी-७, मकवानपुर

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** मकवानपुर जिल्ला मनहरी गा.वि.स. वडा नं. ७ घर भई लमजुङ्ग जिल्ला गौडा प्रहरी चौकीमा कार्यरत रघुनाथ ढकालको मिति २०५९।७।२१ गते सुरक्षाकर्मी र नेकपा माओवादीबीच दोहोरो भिडन्त हुँदा मृत्यु भएको भनी आयोगमा मिति २०६१।५।९ मा प्राप्त उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** पीडितका कानून बमोजिमका नजिकका हकवालालाई हालसम्म पाएको राहत रकम कट्टा गरी बाँकी सबै किसिमका क्षतिपूर्ति राहत प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।५।१५ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३४६ संरक्षण २०६५ मिति २०६७।६।१५ मा प्र.म.म.प.को कार्यालय लाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** पीडितका हकदारले पाउने गरी जनही रु. १,००,०००।- राहत रकम सम्बन्धित जिल्लामा पठाइएको र आयोगको सिफारिश अगाडि पनि राहत रकम पाएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

च.नं.४६३ मिति २०६७।७।९, आयोगबाट जिल्ला प्रशासन कार्यालयलाई र बोधार्थ पत्र गृह मन्त्रालय।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या - ४८७**

१. **पीडितको नाम, थर र ठेगाना** हरेराम यादव र केवल राउत, बारा।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** बारा जिल्लाको औद्योगिक कोरीडोर क्षेत्रमा पर्ने नारायणी रोलिङ्ग मिलमा कार्यरत मजदुरहरूले स्थायी गर्नुपर्ने समेतका माग राखी आन्दोलन गर्दा मिति २०६५।५।१३ गते भएको झडपमा परी हरेराम यादव र केवल राउतको मृत्यु भएको, अन्य केही मजदुरहरू र प्रहरीहरू समेत घाइते भएको भनी विभिन्न समाचार माध्यमहरूबाट प्रकाशित तथा प्रसारित भएकोमा उक्त घटनाको आयोगको स्वविवेकमा उजूरी ग्रहण गरी मिति २०६५।५।१४ देखि अनुसन्धान तथा अनुगमन गरिएको।

४. **आयोगको निर्णय/सिफारिश** मृतकहरूका आश्रित परिवारलाई जनही रु. ५,००,०००।- का दरले क्षतिपूर्ति प्रदान गरेको बुझियो। आन्दोलनका क्रममा प्रदर्शनकारी मजदुरहरूले शान्तिपूर्ण प्रदर्शन नगरी ढुंगामुढा गरेको कारण प्रहरीका तर्फबाट गोली चलाइएको भएतापनि स्थानीय प्रशासन ऐन, २०२८ मा उल्लेखित प्रावधान विपरित हुने गरी गोली चलाएको कारण २ जनाको मृत्यु हुन गएकोले दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति

२०६७।५।१५ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३४५ संरक्षण ४४७७ मिति २०६७।६।१५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्रहरी प्रधान कार्यालयबाट दोषीउपर कार्वाही भइरहेको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ४८८**

१. **पीडितको नाम, थर र ठेगाना** रेलबहादुर गुरूङ्ग मनकामना-२, सपौदे, स्याङ्गजा।

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, फाइल नं.४९, स्याङ्गजा जिल्ला मनकामना गा.वि.स. वडा नं. २ स्थित सपौदेमा तत्कालीन शाही नेपाली सेनाद्वारा नेकपा माओवादी विरूद्ध सञ्चालन गरेको सुरक्षा कार्वाहीको क्रममा दोहोरो भिडन्तमा सुरक्षाकर्मीले चलाएको गोली लागि स्थानीय वासिन्दा रेलबहादुर गुरूङ्गको मिति २०६२।९।२९ गते मृत्यु भएकोले घटनाको छानवीन गरी दोषी उपर कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि आवश्यक पहल गरिदिन भनी मिति २०६२।१०।१७ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय⁄सिफारिश** लापरवाही गरी गोली चलाउने सुरक्षाकर्मीलाई विभागीय कार्वाही गर्न तथा मृतकका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८७८ अनुसन्धान ४९।पोखरा मिति २०६८।१०।१८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक।

**ङ) प्रतिकार समूहबाट** हत्या

**क्रम संख्या – ४८९**

१. **पीडितको नाम, थर र ठेगाना** ब्रम्हानन्द बरूण रामपुर-८, रूपन्देही।

२. **उल्लंघनकर्ता** प्रतिकार समिति

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिसिल नं. १४८, जिल्ला रूपन्देही, रामपुर गा.वि.स. ८ बस्ने नेकपा (एमाले) इलाका नं. १६ का पूर्व उप-सचिव ब्रम्हानन्द बरूणलाई नेकपा माओवादी प्रतिकार समितिका व्यक्तिहरूले मिति २०६०।६।३० गते रायपूरबाट अपहरण गरी सेमरा गा.वि.स मा लगी हत्या गरेकोले घटनाको छानवीन गरीपाउँ भनी मिति २०६२।७।८ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय⁄सिफारिश** घटनामा संलग्न माओवादी प्रतिकार समितिका अध्यक्ष सन्तोष श्रीवास्तव र घटनामा संलग्न रहेका अन्य व्यक्तिहरूको नाउँ निजबाट खुलाउन लगाइ उनीहरू समेत माथि मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०३३ अनुसन्धान १४८।पोखरा मिति २०६८।११।१५ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** रक्षा मन्त्रालयको च.नं. ५२ मिति २०६९।८।१९ को पत्रानुसार नेपाली सेना मानव अधिकार सेलको प.सं. १४६४४/३/ए/०६९/७०/१८।२२० मिति २०६९।८।११ को पत्रलाई उदृत गर्दै मृतकको श्रीमति कलावति बरुणले रु. ३,००,०००।- राहत रकम बुझिलिएको भनी आयोगमा विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक ।

**च) विष्फोटबाट मृत्यु**

**क्रम संख्या – ४९०**

१. **पीडितको नाम, थर र ठेगाना** मृतकहरू जानकी राई, राममाया राई र राजकुमार राई तथा घाइतेहरू कुमार राई अरविन राइ (वर्ष ७) र बालकृष्ण राई भण्डारा-८, चितवन

२. **उल्लंघनकर्ता** सशस्त्र प्रहरी बल

३. **उजूरीको संक्षिप्त विवरण** चितवन जिल्लाको भण्डारा गा.वि.स. वडा नं. ८ स्थित सुन्दरवस्तीमा २०६६ पुस १३ गते शक्तिशाली बम विष्फोट हुँदा स्थानीय ४२ वर्षिया महिला जानकी राई, निजकी १७ वर्षकी छोरी राममाया राई र आफन्त १४ वर्षीय राजकुमार राईको घटनास्थलमा मृत्यु भएको तथा मृतक जानकी राईका छोराहरू २४ वर्षीय कुमार राई, ७ वर्षीय अरवीन राई तथा छिमेकी २४ वर्षीय बालकृष्ण राई घाइते भएको भनि विभिन्न सञ्चार माध्यमबाट समाचार प्रकाशित भई आयोगको स्वविवेकमा उजूरी ग्रहण गरिएको ।

४. **आयोगको निर्णय/सिफारिश** भविष्यमा यस्ता प्रकारका घटनाहरू नदोहोऱ्याउनका लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न र मार्तलीखोला स्थित सशस्त्र प्रहरी बलको फायरिङ्ग रेञ्जलाई अन्यत्रै सार्ने विषयमा नीतिगत निर्णय गर्न, विष्फोटक पदार्थ लापरवाही तरिकाले छोडिएको देखिएकोले सोको नैतिक जिम्मेवारी सशस्त्र प्रहरी बल, गढीमाई गणले लिई दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न, घटनामा मृत्यु भएका जानकी राई, राममाया राई, राजकुमार राईका कानून बमोजिमका हकवालालाई क्षतिपूर्ति स्वरुप जनही रु. ३,००,०००।- प्रदान गर्न, घाइते भएकाहरूलाई निःशुल्क उपचारको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।५।१५ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३४८ मिति २०६७।६।१५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४९१**

१. **पीडितको नाम, थर र ठेगाना** अस्मिना चापागाई, देवदह-२ शान्तिनगर, रुपन्देही

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं २७२, मिति २०६२।११।९ मा दर्ता भएको उजूरीमा जिल्ला रुपन्देही देवदह गा.वि.स वडा नं २ शान्तिनगर घर भएकी अस्मिना चापागाई घरायसी सामान किनेर फर्कन लाग्दा परासी मार्गको नयाँ वस्तीमा ने.क.पा माओवादीबाट सुरक्षाफौजलाई लक्षित गरी थापिएको एम्वुस पड्किंदा सो एम्बुसमा परी घटनास्थलमै मृत्यु भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज मृतकको कानून बमोजिमको हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।२१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३४ अनुसन्धान २७२।पोखरा मिति २०६८।४।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**छ) विष्फोटमा घाइते**

**क्रम संख्या – ४९२**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्णप्रसाद ढुङ्गाना धिताल, कास्की

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा मिसिल नं. ८६१/३८६, जिल्ला कास्की धिताल गा.वि.स. घर भई पोखरा उप-महानगरपालिका वडा.नं. ७ बस्ने कृष्णप्रसाद ढुङ्गाना मिति २०६२।११।१५ गते दिउँसो करिब २ः३० बजे पोखराको चिप्ले ढुङ्गामा फलफूल किन्न भनी ग ३ प १०७४ नम्बरको मोटर साइकल साइड लगाउन खोज्दा अचानक बम विस्फोट भई घाइते भएको र सोको कारणले दुवै कानको श्रवण शक्ति गुमेकोले सुविधा सम्पन्न अस्पतालमा उपचारको लागि आवश्यक पहल गरीपाउँ भनी मिति २०६६।७।८ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** उक्त बम विष्फोटनमा परी निज कृष्णप्रसाद ढुंगानाको कानको श्रवण क्षमता ह्रास हुन गएको र राज्यबाट हालसम्म सहयोग समेत नपाएको मिशिल संलग्न कागजातबाट देखिंदा निजको निःशुल्क उपचार गराउनको लागि नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०७९ अनुसन्धान ८६१, ३८६।पोखरा मिति २०६८।११।२१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २६१ मिति २०६८।११।२९ मा गृह, शान्ति मन्त्रालयलाई लेखिएको पत्रको बोधार्थ प्राप्त।

च.नं १७९५ मिति २०६८।१२।३ राहत तथा पुनःस्थापना इकाई शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा आयोगलाई पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन।

**क्रम संख्या – ४९३**

१. **पीडितको नाम, थर र ठेगाना** रामलक्ष्मी जैसी र मुनि प्रसाद जैसी, हाकु-९ गौतमवाडा, जुम्ला

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** जुम्ला मिशिल नं १०७, जिल्ला जुम्ला हाकु गा.वि.स वडा नं ९ गौतमवाडाको रामलक्ष्मी जैसीको मिति २०६६।१२।२४ गते पर्खाल भत्काउने क्रममा बम फेला परेको र उक्त बम विष्फोट हुँदा दाहिने हात छुट्टिएको, दुबै आँखा गुमेको र सोहि घटनामा मुनि प्रसाद जैसीलाई समेत बमको छर्रा लागि दाँत, हात खुट्टामा चोट लागी घाइते भएकाले क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६७।३।१४ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम २० बमोजिम दुबै आँखा र दाहिने हात गुमाएका पीडित रामलक्ष्मी जैसीलाई रु. १,००,०००।- र सोही घटनामा परी घाइते भएका मुनिप्रसाद जैसीलाई रू. १५,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११४१ अनुसन्धान १०७।जुम्ला मिति २०६८।१२।२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारलाइ रु. १,००,०००।- र रु. १५,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त।

च.नं. ९२७ मिति २०६८।१२।१०, गृह मन्त्रालयबाट कारवाहीको सम्बन्धमा प्रहरी प्र.का.लाई पठाएको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण।

**ज) बेपत्ता**

**क्रम संख्या – ४९४**

१. **पीडितको नाम, थर र ठेगाना** मिलन नेपाली, धापासी-३, काठमाडौं

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** काठमाडौं जिल्ला धापासी गा.वि.स. वडा नं. ३ बस्ने मिलन नेपालीलाई २०५६।२।७ मा प्रहरीद्वारा पक्राउ गरी बेपत्ता पारिएकोले निजको खोजतलास गरी स्थिति सार्वजनिक गराइपाउँ भनी आयोगमा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** निज मिलन नेपालीको अवस्था यथाशीघ्र सार्वजनिक गर्न, घटनामा संलग्न दोषी पहिचान गरी कार्वाही गर्न र पीडितका कानून बमोजिमका हकवालाले क्षतिपूर्ति नपाएको भए अन्तरिम राहत स्वरुप रु. १,००,०००।- प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने । यस उजूरी उपरको अनुसन्धान कार्य जारी राख्ने भन्ने मिति २०६७।७।१५ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५५५ संरक्षण ४६९ मिति २०६७।८।२९ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ४९५**

१. **पीडितको नाम, थर र ठेगाना** तोयनाथ पोखरेल, विष्णुप्रसाद अधिकारी र तिर्थराज घिमिरे, भलायखर्क-३, लमजुङ्ग

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ५००/४९९/५०१, लमजुङ्ग जिल्ला भलायखर्क गा.वि.स. वडा नं. ३ निवासी तोयनाथ पोखरेल, ऐ.ऐ. बस्ने विष्णुप्रसाद अधिकारी र ऐ.ऐ. ४ बस्ने तिर्थराज घिमिरेलाई गोरखा जिल्लाको हर्मी वेसक्याम्पबाट खटी आएको तत्कालीन शाही नेपाली सेनाले मिति २०५८।११।१७ गते तोयनाथ पोखरेल र विष्णु अधिकारीलाई निजहरूकै घरबाट र तिर्थराज घिमिरेलाई ज्ञानोदय मा.वि. भलायखर्कबाट पक्राउ गरी हर्मी वेश क्याम्प लगी बेपत्ता बनाइएकोले निजहरूको अवस्था सार्वजनिक गर्नका लागि आवश्यक पहल गरिपाउँ भनी मिति २०६३।१०।४ गते आयोगमा छुट्टाछुट्टै ३ वटा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** पक्राउ गर्ने तत्कालीन शाही नेपाली सेनाको टोलीको नेतृत्व गर्ने बलवहादुर थापा र निजहरूलाई सैनिक हिरासतमा राखी बेपत्ता पार्ने गोर्खास्थित हर्मी वेसक्याम्पका तत्कालीन प्रमुख लेफ्टिनेन्ट रमेश महत सहितको टोलीलाई बन्द सवाल बयान लिन नेपाली सेना, मानव अधिकार सेललाई पत्राचार गर्ने तथा पीडितका कानून बमोजिमका हकवालालाइ जनही रु. १,००,०००।-अन्तरिम राहत रकम उपलब्ध गराउन र निजहरूका बालबालिकालाई निःशुल्क शिक्षाको समेत व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १००१ अनुसन्धान ५००।४९९।५०१।पोखरा मिति २०६८।११।९ मा निर्णय कार्यान्वयनको लागि नेपाली सेनालाई पत्राचार गरिएको ।

आयोगको च.नं. १००० अनुसन्धान ५००।४९९।५०१।पोखरा मिति २०६८।११।९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २३६ मिति २०६८।११।१५ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४९६**

१. **पीडितको नाम, थर र ठेगाना** ज्ञानसिंह थारू, लालबोझी-१, कैलाली

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धनगढी, मिशिल नं ३३७, जिल्ला कैलाली, लालबोझी १ हिम्मतपुर बस्ने ज्ञानसिंह थारूलाई मिति २०५८।११।२९ गते भजनी सुरक्षा क्याम्पबाट गएका तत्कालीन शाही नेपाली सेनाको टोलीले पक्राउ गरी हत्या गरी लाश वेपत्ता पारेकाले छानवीन गरीपाउँ भनि मिति २०६३।३।३ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय⁄सिफारिश** सुरक्षा निकायबाट आफ्नो नियन्त्रणमा लिई हत्या गरी लाश बेपत्ता पारिएको मिशिल संलग्न प्रमाणबाट पुष्टि हुने आधार नदेखिएकाले हाललाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम ३० बमोजिम निजका आश्रित कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११३३ अनुसन्धान ३३७।धनगढी मिति २०६८।१२।२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २९० मिति २०६८।१२।१२ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका हकवालालाई रु. १,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण।

**क्रम संख्या – ४९७**

१. **पीडितको नाम, थर र ठेगाना** पीडितहरूको नामावली

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १. | धर्मराज पराजुली | रूचाङ्ग-९, नवलपरासी |
| २. | टीका रानाभाट | प्रगतीनगर-३, नवलपरासी |
| ३. | जानकी रानाभाट | प्रगतीनगर-३, नवलपरासी |
| ४. | रामचन्द्र मिश्र | भानु गा.वि.स, तनहुँ |

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा मिसिल नं. २३१२, जिल्ला नवलपरासी, रूचाङ्ग गा.वि.स. वडा.नं. ९ बस्ने धर्मराज पराजुली, ऐ.ऐ. प्रगती नगर गा.वि.स. वडा.नं. ३ बस्ने टीका रानाभाट, ऐ.ऐ. बस्ने जानकी रानाभाट, जिल्ला तनहुँ भानु गा.वि.स. बस्ने रामचन्द्र मिश्र समेतलाई मिति २०५५।९।२९ गते जिल्ला नवलपरासी रत्नपुर गा.वि.स. को आलेबाट सुरक्षाकर्मीहरूले पक्राउ गरी बेपत्ता पारेको भनी मिति २०६१।७।१२ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय⁄सिफारिश** तत्कालीन इलाका प्रहरी कार्यालय, कावासोतीका इन्चार्ज प्रमुख धीरज प्रताप सिंहलाई बन्द सवाल बयान लिन नेपाल प्रहरी, मानव अधिकार सेललाई पत्राचार गर्ने तथा पीडितहरूका कानून बमोजिमका हकवालालाइ जनही रु. १,००,०००।- का दरले अन्तरिम राहत रकम उपलब्ध गराउन र पीडित धर्मराज पराजुलीको बालबालिकालाई निःशुल्क शिक्षाको समेत व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०३६ अनुसन्धान २३१२।पोखरा मिति २०६८।११।१५ मा निर्णय कार्यान्वयनको लागि नेपाल प्रहरी, मानव अधिकार सेललाई पत्राचार गरिएको।

आयोगको च.नं. १०२८ अनुसन्धान २३१२।पोखरा मिति २०६८।११।१५ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका हकवालालाई जनही रु. १,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ४९८**

१. **पीडितको नाम, थर र ठेगाना** सूर्यकुमार श्रेष्ठ, भोर्लेटार-७ बाहुनटोल, लमजुङ्ग ।

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिसिल नं. ७४७ /३०९, जिल्ला लमजुङ्ग भोर्लेटार गा.वि.स. ७ बाहुनटोल निवासी सूर्यकुमार श्रेष्ठलाई मिति २०५८।१०।८ गते तनहुँ जिल्लाको बैरेनीबाट तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी लगी अवस्था अज्ञात पारेकाले अवस्था सार्वजनिक गरिपाउँ भनी मिति २०६५।२।१९ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज श्रेष्ठ नेकपा माओवादी पार्टीमा २०४२ सालदेखि आबद्ध भई भूमिगत भएको, निजको घर ठेगाना लमजुङ्गको भोर्लेटार भएपनि उक्त ठाउँको जग्गा बेचविखन गरी २०५५ सालदेखि बाँके जिल्लाको बैजापुर गा.वि.स. मा बसाइसराई गरी बसोबास गर्दै अएकोमा तिर्ि २०५८।१०।५ गते तनहुँ जिल्लाको बैरनीबाट बाँके जाने क्रममा सुरक्षाकर्मीहरूले पक्राउ गरी हालसम्म स्थिति अज्ञात पारेको देखिंदा निजको अवस्था सार्वजनिक गर्न तथा निजका कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गन भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०३० अनुसन्धान ७४७, ३०९।पोखरा मिति २०६८।११।१५ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका हकवालालाई रु. १,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ४९९**

१. **पीडितको नाम, थर र ठेगाना** गणेश के.सी., (वर्ष १२ का) राङ्गखानी-७, बागलुङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिसिल नं. ४७४, बागलुङ्ग जिल्ला राङ्गखानी गा.वि.स. वडा नं. ७ पाहो डाँडापाट गैरा निवासी बिमल केसीको १२ वर्षीय छोरा गणेश के.सी.लाई बाग्लुङ्गको बलेवाको नारायणस्थानबाट मिति २०५८।३।३ गते पक्राउ गरी लगेकाले सकुसल रिहाई गराइपाँऊ भनि मिति २०६३।८।१२ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** सुरक्षाकर्मीले पक्राउ गरी नेकपा माओवादीहरूलाई चिनाउने कार्यमा संलग्न गराएकोमा हालसम्म बेपत्ता देखिएकोले स्थिति सार्वजनिक गर्न तथा निजका कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०२९ अनुसन्धान ६६।पोखरा मिति २०६८।११।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका हकवालालाई रु. १,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५००**

१. **पीडितको नाम, थर र ठेगाना** सूर्यप्रसाद शर्मा, बागलुङ्ग-२, बागलुङ्ग

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिशिल नं. ६६, जिल्ला बागलुङ्ग नगरपालिका वडा नं २ बस्ने सूर्यप्रसाद शर्मालाई मिति २०५८।१०।१ गते बागलुङ्ग, कालीदल गुल्मका क्याप्टेनको नेतृत्वमा आएको सुरक्षाकर्मीको टोलीले पक्राउ गरी लगेकोमा निजको अवस्था सार्वजनिक गरीपाउँ भनि मिति २०५९।५।९ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** हालसम्म निजको अवस्था अज्ञात देखिंदा निजको स्थिति सार्वजनिक गर्न तथा पीडितका कानून बमोजिमका हकवालालाइ रु. १,००,०००।- अन्तरिम राहत वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११२६ अनुसन्धान ३८७।धनगढी मिति २०६८।११।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २७९ मिति २०६८।१२।६ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५०१**

१. **पीडितको नाम, थर र ठेगाना** करणसिंह घर्ती मगर, सिंहविर मिजार र नरबहादुर घर्ती मगर, कैलाली

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धनगढी, मिशिल नं. २६५/६०, जिल्ला कैलाली मोहन्याल गा.वि.स. ५ जिमिरेका करणसिंह घर्ती मगर, रतनपुर गा.वि.स.-५ का सेहोत्री चौधरी, प्रतापपुरका सुधिर चौधरीलाई मिति २०५९।१।२१ गते, मसुरीया १ अण्डैयाजिरायतका १३ वर्षिया कुमारी दमाईलाई मिति २०५९।६।८ गते, जोशिपुर लक्कडका १८ वर्षिया कुसुमकुमारी चौधरीलाई मिति २०५९।७।८ गते, रामशिखरझाला १ रत्तिपुरका १९ वर्षीय नारायणप्रसाद चौधरीलाई मिति २०५९।७।२९ गते, डोटी घाँघल गाविस ५ मुलीचौर बस्ने सिंहविर मिजारलाई मिति २०५९।१।२० गते र कैलाली खैराला गा.वि.स. ६ तिल्केनीका नरबहादुर घर्ती मगरलाई मिति २०५९।१।२२ गते सुरक्षाकर्मीले पक्राउ गरी निजहरूको अवस्था अज्ञात रहेकाले सार्वजनिक गरीपाउँ भनी मिति २०६१।१०।११ गते र मिति २०६२।१२।११ गते आयोगमा उजूरीहरू दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** करणसिंह घर्ती मगर, सिंहविर मिजार र नरवहादुर घर्ती मगरलाई सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म निजहरूको अवस्था अज्ञात पारेको देखिंदा निजहरूको अकमा अनुसन्धान जारी राख्ने र पीडितका आश्रित कानून बमोजिमका हकवालालाई जनही रु. १,००,०००।- का दरले अन्तरिम राहत प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११२३ अनुसन्धान २६५।६०।धनगढी मिति २०६८।१२।२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २७५ मिति २०६८।१२।६ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितहरूका परिवारले जनही रु. १,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ५०२**

१. **पीडितको नाम, थर र ठेगाना** बन्धुराम डगौरा कोटा तुलसीपुर-७, कैलाली

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धनगढी, मिशिल नं. ४६४, जिल्ला कैलाली, कोटा तुलसीपुर गा.वि.स. वडा नं. ७, सुँगरखालका बन्धुराम डगौरा (उजूरीमा बाधुराम डगौरा उल्लेख) लाई मिति २०५९।५।१३ गते सुखड वेशक्याम्पबाट आएका सुरक्षाकर्मीले पक्राउ गरी सुख्खड व्यारेकमा लगी हालसम्म स्थिति सार्वजनिक नगरिएकाले खोजतलाशका लागि आवश्यक पहल गरीपाउँ भनि मिति २०६३।८।२० गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** यसमा अनुसन्धानबाट निज बन्धुराम डगौरालाई सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म स्थिति अज्ञात पारेको देखिंदा निजको हकमा अनुसन्धान जारी राख्ने र पीडितका आश्रित कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११२२ अनुसन्धान ४६४।धनगढी मिति २०६८।१२।२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २७६ मिति २०६८।१२।६ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त।

प्रहरी प्रधान कार्यालयको च.नं. २४७ मिति २०६९।१।१७ को प्राप्त पत्रानुसार निज बन्धुराम डगौराकी पत्नी बेलौछी देबी डगौराले मृतक सम्बन्धमा कार्वाही चलाई मृतक बापतको राहत रकम लिइसकेको देखिन्छ भनी जि.प्र.का. कैलालीको व्यहोरा उल्लेख।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. १,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ५०३**

१. **पीडितको नाम, थर र ठेगाना** परमलौटी चौधरी, हिरामान चौधरी र ज्योती चौधरी, देखटमूली-९ कटान, कञ्चनपुर

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** धनगढी, मिशिल नं. ५४०, जिल्ला कञ्चनपुर देखटमूली, वार्ड नं. ९ कटानकी कक्षा ६ मा अध्ययनरत १३ वर्षिया परमलौटी चौधरी, सोही जिल्लाको कृष्णपुर ५ मौवाफाँटका हिरामान चौधरी र वर्दियाकी ज्योती चौधरीलाई मिति २०५८।११।१३ गते तत्कालीन शाही नेपाली सेना मजगाउँ व्यारेकको गस्तीले पक्राउ गरी हालसम्म स्थिति सार्वजनिक नगरेकोले खोजतलाशका लागि आवश्यक पहल गरी पाउँ भनि मिति २०६४।२।१३ गते आयोगमा उजूरी दर्ता भएको देखियो।

४. **आयोगको निर्णय/सिफारिश** निजहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेको देखिंदा निजहरूको हकमा अनुसन्धान जारी राख्न र पीडितका कानून बमोजिमका हकवालालाइ जनही रु. १,००,०००।- का दरले अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११४४ अनुसन्धान ५४०।धनगढी मिति २०६८।१२।२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. ३०२ मिति २०६८।१२।१२ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. १,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ५०४**

१. **पीडितको नाम, थर र ठेगाना** चक्र बहादुर वि.क., बसौटी-८, कैलाली

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** धनगढी, मिशिल नं. ४७८ जिल्ला कैलाली बसौटी गाविस वडा नं. ८ बस्ने चक्रवहादुर वि.क.लाई मिति २०५९।९।७ गते सेनाले पक्राउ गरी हालसम्म स्थिति सार्वजनिक नगरिएकाले खोजतलाश गरीपाउँ भनी मिति २०६३।९।१४ गते आयोगमा उजूरी दर्ता भएको छ।

४. **आयोगको निर्णय/सिफारिश** निज चक्र बहादुर वि.क. लाई कैलाली सुख्खड स्थित सुरक्षाफौजको वेश क्याम्बाट गस्तीमा आएको सुरक्षा गस्तीले पक्राउ गरी हालसम्म स्थिति अज्ञात पारेको देखिंदा निजको हकमा अनुसन्धान जारी राख्ने र पीडितका आश्रित कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११३८ अनुसन्धान ४७८।धनगढी मिति २०६८।१२।२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २९५ मिति २०६८।१२।१२ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. १,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ५०५**

१. **पीडितको नाम, थर र ठेगाना** अम्वर बहादुर रोकाय, रामारोशन-९ तरीगैरा, अछाम

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धनगढी, मिशिल नं. ३६१, जिल्ला अछाम, रामारोशन गा.वि.स. वार्ड नं. ९ तरीगैरा घर भई हाल टिकापुर नगरपालिका वार्ड नं. ४ बस्ने अम्वरबहादुर रोकायलाई मिति २०५८।११।१६ गते तेघरी व्यारेकका सुरक्षाकर्मीले गेटमा चेकजाँच गर्ने क्रममा पक्राउ गरी मध्यपश्चिम पृतना नेपालगंजमा लगिएकोमाहालसम्म स्थिति सार्वजनिक नगरिएकाले खोजतालश गरीपाउँ भनी मिति २०६३।४।७ गते आयोगमा उजूरी दर्ता भएको देखियो।

४. **आयोगको निर्णय/सिफारिश** निज रोकायलाई चेकजाँच गर्ने क्रममा तेघरी व्यारेकका सुरक्षाकर्मीले पक्राउ गरी पश्चिम पृतनामा समेत राखी हालसम्म स्थिति अज्ञात पारेको देखिदा निजको हकमा अनुसन्धान जारी राख्न र पीडितका कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- का दरले अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११४३ अनुसन्धान ३६१।धनगढी मिति २०६८।१२।२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २९९ मिति २०६८।१२।१२ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. १,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ५०६**

१. **पीडितको नाम, थर र ठेगाना** रामरती थारू, हिम्मतकुमार थारु, बलीराम थारू गुलरिया-६ बालापुर, बर्दिया

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** नेपलागंज, मिशिल नं. १६६८/१६६७, जिल्ला बर्दिया गुलरिया वार्ड नं. ६ बालापुर बस्ने रामरती थारू, ऐ. बस्ने हिम्मतकुमार थारु र ऐ. महम्मदपुर गा.वि.स. वार्ड नं. ८ भसाही बस्ने बलीराम थारूलाई मिति २०५९।२।४ गते तत्कालीन संयुक्त सुरक्षा संयन्त्र युनिफाइडले दुध्धामिलबाट पक्राउ गरी हालसम्म स्थिति सार्वजनिक नगरिएकाले स्थिति सार्वजनिक गरीपाउँ भनी मिति २०६४।७।१० गते आयोगमा उजूरी दर्ता भएको देखियो ।

४. **आयोगको निर्णय/सिफारिश** निजहरूको हकमा अनुसन्धान जारी राख्ने र पीडितका कानून बमोजिमका हकवालालाई जनही रु. १,००,०००।- का दरले अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११३५ अनुसन्धान १६६८।१६६७।नेपालगन्ज मिति २०६८।१२।२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २९२ मिति २०६८।१२।१२ मा गृह, र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ५०७**

१. **पीडितको नाम, थर र ठेगाना** फिरू थारू, देउडकला-३ ककौरा, बर्दिया

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** नेपालगंज, मिशिल नं. १६५५, जिल्ला बर्दिया देउडकला गाविस वडा नं. ३ ककौरा बस्ने फिरू थारूलाई मिति २०५९।२।७ गते नेपाली सेनाले पक्राउ गरी हालसम्म स्थिति सार्वजनिक नगरेकाले आवश्यक पहल गरीपाउँ भनी मिति २०६४।७।९ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** निज फिरु थारुको हकमा अनुसन्धान जारी राख्न र पीडितका कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११३६ अनुसन्धान १६५५।नेपालगन्ज मिति २०६८।१२।२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २९३ मिति २०६८।१२।१२ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ५०८**

१. **पीडितको नाम, थर र ठेगाना** आनन्द परियार, पल्टा थारू, सर्जु थारू र रोहित (रोईना) थारू, बेलवा-७, बर्दिया

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** नेपालगञ्ज, मिशिल नं. १६५७, जिल्ला बर्दिया बेलवा गा.वि.स. वार्ड नं. ७ बेतहनीका

आनन्द परियार, पल्टा थारू, सर्जु थारू र रोहीत (रोईना) थारूलाई मिति २०५८।९।१४ गते तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी मिति २०५८।९।२३ गतेसम्म चिसापानी व्यारेकमा राखी तत्पश्चात बेपत्ता पारिएकाले खोजतलाश गरीपाउँ भनी मिति २०६४।७।९ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजहरूलाई मिति २०५८।९।।१४ गते तत्कालीन शाही नेपाली सेनाको भिमकाली गुल्म चिसापानी व्यारेकका मेजर अजित थापा र रमेश स्वाँर समेतको टोलीले पक्राउ गरी चिसापानी व्यारेकबाट हालसम्म स्थिति अज्ञात पारेको देखिंदा निजहरूको हकमा अनुसन्धान जारी राख्ने र निज पीडितहरूका कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- का दरले अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११३७ अनुसन्धान १६५७।नेपालगन्ज मिति २०६८।१२।२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का. लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २९४ मिति २०६८।१२।१२ मा गृह, र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण ।

**ज) अपहरण**

**क्रम संख्या – ५०९**

१. **पीडितको नाम, थर र ठेगाना** अरुण सुनुवार, जोरपाटी, काठमाडौं

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. नारायणटार बस्ने वर्ष १९ का अरुण सुनुवार, माहिला तामाङ्ग, सेते तामाङ्ग र बबुल तामाङ्गलाई मिति २०६३।६।१७ गते दिउँसो करिब ४:३० बजेको समयमा काठमाडौंबाट नेकपा (माओवादी) का कार्यकर्ताहरूले कब्जामा लिएकोमा अरुण सुनुवार बाहेक अन्य ३ जनालाई मुक्त गरेको तर निज अरुण सुनुवारको अवस्था अज्ञात पारेकोले निजको स्थिति सार्वजनिक गरी जीवन रक्षा तथा सकुशल रिहाइको लागि पहल गरिदिन भनी आयोगमा मिति २०६३।६।२४ मा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजको अवस्था हालसम्म अज्ञात रहेकोले निजको अवस्था यथाशीघ्र सार्वजनिक गर्न सम्बन्धित पक्षलाई लेखि पठाउने, पीडितका कानून बमोजिमका हकवालालाई अन्तरिम राहत स्वरुप रु. १,००,०००।- प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने र प्रस्तुत उजूरी उपरको अनुसन्धान जारी राख्ने भन्ने मिति २०६७।७।१५ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५५६ संरक्षण २८९ मिति २०६७।८।२९ मा प्र.म.म.प.को कार्यालय लाई आयोगको निर्णय सिफारिश गरिएको ।

च.नं. ५५८ संरक्षण २८९ मिति २०६७।८।२९ मा नेकपा माओवादीलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५१०**

१. **पीडितको नाम, थर र ठेगाना** शम्भुप्रसाद ज्ञवाली, दिगाम-६, गुल्मी

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिशिल नं. ४७८/ सिं.नं. १५७ गुल्मी जिल्ला दिगाम गा.वि.स. वडा नं. ६ घर भई सोही ठाउँको आदर्श माध्यामिक विद्यालयका शिक्षक शम्भुप्रसाद ज्ञवालीलाई मिति २०६२।७।१३ गते नेकपा

माओवादीका कार्यकर्ताहरूले अपहरण गरी कोठमा थुनी कुटपीट गरेकाले दोषीलाई कार्वाही तथा उपचार खर्च भराईपाउँ भनी मिति २०६२।७।२१ गते आयोगमा दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज ज्ञवालीलाई निकपा माओवादीका कार्यकर्ताबाट कुटपीट भई सो सम्बन्धी औषधी उपचार गर्दा लागेको विल भरपाई बमोजिम बमोजिमको रकम रु. ७१,५४९।२० उपचार खर्च उपलब्ध गराइदिन भनी जिल्ला प्रशासन कार्यालय, गुल्मीको च.नं. १८५ मिति २०६२।१०।६ को पत्रमार्फत रकम निकासाको लागि पठाइएकोमा हालसम्म रकम निकाशा भई आएको नदेखिंदा जिल्ला प्रशासन कार्यालय, गुल्मीले सिफारिश गरे बमोजिमको रकम निज शम्भुप्रसाद ज्ञवालीलाई उपलब्ध गराउन तथा नेकपा माओवादी कार्यकर्ताको पहिचान गरी दोषी उपर कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०५५ अनुसन्धान ८८७।९३१।नेपालगन्ज मिति २०६९।१।१० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८४८ मिति २०६८।११।२८ मा प्रहरी प्रधान कार्यालय, नक्साललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

प्र.म.म.का.को कार्यालयको च.नं. ३३४ मिति २०६८।१२।१५ मा शान्ति मन्त्रालयलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितलाई रु. ७१,५४९।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५११**

१. **पीडितको नाम, थर र ठेगाना** लाटा दमाई कोटगाउँ-४ गैरावारी, रोल्पा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** नेपालगंज, उजूरी नं. ४९, जिल्ला रोल्पा कोटगाउँ गाविस-४ गैरावारी बस्ने लाटा दमाईलाई मिति २०५९।२।१६ गते नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी लगेकोमा सफाया गरिसकेका छौं भनेको तर लाश नदिएकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराईपाउँ भनी मिति २०६३।५।३० गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजको हकमा अनुसन्धान कार्वाही जारी राखी नेकपा माओवादीकाका कार्यकर्ताहरू नेत्र बहादुर वि.क. र भुन्टे बाठासँग थप तथ्य बुझ्ने तथा निज लाटा दमाईँको कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**आयोगको च.नं. १२८९ अनुसन्धान ४९।नेपालगन्ज मिति २०६९।१।१० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. १,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**झ) यातना तथा दुर्व्यवहार**

**क्रम संख्या – ५१२**

१. **पीडितको नाम, थर र ठेगाना** विनोद लुइँटेल र राम नेपाली, जीवनपुर-९, धादिङ्ग

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** धादिङ्ग जिल्ला जीवनपुर गा.वि.स. वडा नं. ९ निवासी विनोद लुइटेल र ऐ. ऐ. का राम नेपालीलाई मिति २०५८।१०।७ को विहान ५ बजेतिर शाही नेपाली सेनाको मेजरको नेतृत्वमा आएका ४१ जना

सेनाको समूहले पक्राउ गरी कुटपीट गर्ने र मिति २०५८।१०।१६ देखि २०५८।११।२७ सम्म गैरकानूनी थुनामा राखीयातना दिइएकोले कानूनी कार्वाही गरी गैरकानूनी तवरबाट थुनामा राखेको अवधिको क्षतिपूर्ति दिलाईपाउँ भनी आयोगमा मिति २०६०।४।२८ मा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** यातनाका कारण पीडितहरूको मौलिक हकको उल्लंघन भई दीर्घकालीन असर परेको हुनाले राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही र क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ बमोजिम निज विनोद लुइटेल र राम नेपालीलाई जनही रु. ७५,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र दोषी पहिचान गरी कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।४।२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३२९ संरक्षण ८५८ मिति २०६७।६।१५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५१३**

१. **पीडितको नाम, थर र ठेगाना** लक्ष्मणप्रसाद तिमिल्सीना, सुडाल-६, भक्तपुर

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** भक्तपुर जिल्ला सुडाल गा.वि.स. वडा नं. ६ बस्ने लक्ष्मणप्रसाद तिमिल्सीनालाई सुरक्षाफौजबाट मिति २०६२।४।२३ मा तत्कालीन नेपाली सेनाले पक्राउ गरी गैरकानूनी रुपमा थुनामा राखी यातना दिएकाले दोषीलाई कानून बमोजिम कार्वाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनको भनी आयोगमा मिति २०६४।३।२१ मा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** अनुसन्धानबाट निजलाई पक्राउ गरी आँखामा पट्टी बाँधी भक्तपुर वागेश्वरी २ स्थित लप्टनडाँडा सैनिक क्याम्पमा लगी यातना दिइएको पाइयो । यस प्रकारको कार्यले निजको मौलिक हकको उल्लंघन हुन गएकोले निज लक्ष्मण प्रसाद तिमिल्सीनालाई क्षतिपूर्ति स्वरुप रु. ७५,०००।- उपलब्ध गराउन र घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।४।२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३३१ संरक्षण ४१७७ मिति २०६७।६।१५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५१४**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्ण के.सी., वागलुङ्ग-३, वागलुङ्ग

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** वागलुङ्ग जिल्ला वागलुङ्ग न.पा. वडा नं. ३ घर भई का.म.न.पा. वडा नं. ३१ बस्ने कृष्ण के.सी.लाई सुरक्षाकर्मीबाट यातना दिइएकोले दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी आयोगमा प्राप्त उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** सो सम्बन्धमा मिति २०६१।१०।६ गते संवैधानिक व्यवस्था विपरित नेपाली सेना अन्तर्गतको व्यारेकमा थुनामा राखेको देखिएको भन्ने समेत निर्णय आयोगले गरेको छ । यसरी निजलाई सेनाद्वारा पक्राउ गरी यातना दिएबाट मौलिक हक र मानव अधिकारको उल्लंघन हुन गएकोले निज कृष्ण के.सी.लाई क्षतिपूर्ति स्वरुप रु. १,००,०००।- उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६७।४।२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३३० संरक्षण ४३५० मिति २०६७।६।१५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५१५**

१. **पीडितको नाम, थर र ठेगाना** चन्दा अधिकारी र विनिता दाहाल, पद्म कन्या क्याम्पस, काठमाडौं

२. **उल्लंघनकर्ता** क्याम्पस प्रशासन

३. **उजूरीको संक्षिप्त विवरण** फाइल नं. ४०९९, जिल्ला काठमाडौं, पद्यम कन्या क्याम्पसमा क्याम्पस स्व.वि.यु. र क्याम्पस प्रशासन विच छात्रवृत्ति छानौटको विषयमा विवाद सृजना भई झडप हुन पुगेको र केही विद्यार्थीहरू घाइते समेत भएको घटनामा आयोगको कार्यालयबाट २०६३।१।१६ मा अनुगमनबाट प्राप्त तथ्यको आधारमा स्वविवेकमा उजूरी ग्रहण।

४. **आयोगको निर्णय/सिफारिश** निज चन्दा अधिकारी र विनिता दाहाललाई जनही रु. ५०,०००।- क्षतिपूर्ति वापत उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकारलाई लेखी पठाउने भन्ने मिति २०६८।२।१९ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११८२ अनुसन्धान ४०९९ मिति २०६८।३।२६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं ३२२, मिति २०६९।२।७ मा श्री प्रममपकाले श्री गृह मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ प्राप्त।

च.नं. ११३८ मिति २०६९।२।१० मा गृ.मन्त्रालयबाट प्रममपकालाई क्षतिपूर्ति सम्बन्धमा पठाएको पत्रको बोधार्थ प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन।

**क्रम संख्या – ५१६**

१. **पीडितको नाम, थर र ठेगाना** प्राचार्य वसन्तबहादुर सि.के. र गोविन्द प्रसाद पोखरेलश्री नारायण उच्च मा.वि. कुश्मा, पर्वत

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिशिल नं. ८८१/३९२, श्री नारायण उच्च मा.वि. कुश्माका प्राचार्य वसन्तबहादुर सि.के.लाई मिति २०६६।९।५ गते एकिकृत नेकपा माओवादीले आयोजना गरेको आम हड्तालको दिन विद्यालयमा वसिरहेको अवस्थामा ऐ. नेकपा माओवादीका कार्यकर्ताहरू विद्यालयभित्र प्रवेश गरी झण्डा लिई जुलुशमा हिड्न जवर जस्ती दवाव दिएको र सोही विद्यालयका शिक्षक गोविन्दप्रसाद पोखरेललाई आक्रमण गरी घाइते बनाएकाले दोषीलाई कार्वाही गरी जिउधनको सुरक्षाको प्रत्याभूति दिलाउन पहल गरिपाउँ भनि मिति २०६६।९।७ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** यसमा ऐनेकपा माओवादीका कार्यकर्ताहरू विद्यालयमा प्रवेश गरी शिक्षकहरू माथि दुर्व्यवहार गरेको र विद्यालय वन्द गर्न दवाव दिएको देखिंदा राजनैतिक पार्टी र भातृ संगठनबाट भैरहेका यस्ता अमानवीय कार्यलाई रोक्न राजनैतिक दलहरूलाई सचेत गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०५७ अनुसन्धान ८८१, ३९२।पोखरा मिति २०६८।११।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**प्र.म.म.का.को कार्यालयको च.नं. २४८ मिति २०६८।११।२३ मा गृह, रक्षालाई लेखिएको पत्रको बोधार्थ प्राप्त।

च.नं. ८१८ मिति २०६८।१२।३ मा शिक्षा मन्त्रालयले सक्कलै पत्र निवेदन फाईल आ.का.को लागि शिक्षा विभाग, सानोठिमीमा पठाएको पत्रको बोधार्थ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५१७**

१. **पीडितको नाम, थर र ठेगाना** इन्द्रनिधि पाण्डे पुर्कोट-३, तनहुँ

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिसिल नं. ७८३/३२८, जिल्ला तनहुँ पुर्कोट गा.वि.स.वा.नं. ३ निवासी इन्द्रनिधि पाण्डेलाई मिति २०५८।९।४ मा तत्कालीन शाही नेपाली सेनाका बाइस जंगार सूरक्षा बेस क्याम्पका हरि गुरुङ्गले पक्राउ गरी कुटपीट गरी यातना दिई जिल्ला प्रहरी कार्यालय लमजुङ्गमा ७ दिनसम्म गैरकानूनी थुनामा राखिएकाले क्षतिपूर्ति उपलब्ध गराई दोषीलाई कार्वाही गरीपाउँ भनी मिति २०६५।४।२२ गते आयोगमा उजूरी दर्ता भएको देखियो।

४. **आयोगको निर्णय/सिफारिश** यसमा निज इन्द्रनिधि पाण्डेलाई सुरक्षाकर्मीले पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुपर्नेमा कुटपीट गरी यातना दिएकोले तत्कालीन शाही नेपाली सेनाका बाइसजंगार सुरक्षा वेस क्याम्पका हरि गुरुङ्गलाई कानून बमोजिम कार्वाही गर्न तथा पीडित इन्द्रनिधि पाण्डेलाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १८ बमोजिम रू. २०,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०७७ अनुसन्धान ७८३।३२८।पोखरा मिति २०६८।११।२१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८४८ मिति २०६८।११।२८ मा प्रहरी प्रधान कार्यालय, नक्सालललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितलाई रु. २०,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५१८**

१. **पीडितको नाम, थर र ठेगाना** मदन गिरी, मालुमेला-२, बझाङ

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** नेपालगंज मिशिल नं १०१, जिल्ला बझाङ मालुमेला २ बस्ने १४ वर्षीय मदन गिरीलाई मिति २०५८।८।२८ गते सुरक्षाफौजले पक्राउ गरी कालिजंग ब्यारेकमा १० दिनसम्म राखी यातना दिएकाले क्षतिपूर्ति उपलब्ध गराईपाउँ भनि मिति २०६२।४।१० गते आयोगमा उजूरी दर्ता भएको देखियो।

४. **आयोगको निर्णय/सिफारिश** यातनाका कारण शरिरमा घाउ भई भारतमा उपचार गराउँदा ४० हजार भारतिय रूपैया खर्च लागेको र कहिं कतैबाट क्षतिपूर्ति नपाएको देखिंदा निजलाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १८ बमोजिम रु. ५०,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११३९ अनुसन्धान १०१।नेपालगन्ज मिति २०६८।१२।२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २९६ मिति २०६८।१२।१२ मा गृह, र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारलाई रु. ५०,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ५१९**

१. **पीडितको नाम, थर र ठेगाना** योगेन्द्रराज अवस्थी, गाँजरी-२, बैतडी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धनगढी, मिशिल नं. १७१२, जिल्ला बैतडी गाँजरी गा.वि.स वडा नं २ का योगेन्द्रराज अवस्थी डडेल्धुराको बसपार्क छेउ आकाशदीप होटलमा मिति २०६१।१।११ मा बास बसेको र राती २.३० बजेको समयमा कर्फ्यु लागेको थाहा नपाई पिसाब फेर्न बाहिर निस्कँदा सुरक्षाकर्मीले चलाएको गोली निजको बायाँ हातको हत्केलामा लाग्न गई उक्त घटनाका कारण निजको शारीरिक र मानसिक अवस्था कमजोर हुँदै गएकाले क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६१।१।२३ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम २० बमोजिम रु. ५०,०००।- क्षतिपूर्ति स्वरूप उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११३४ अनुसन्धान १७१२।धनगढी मिति २०६८।१२।२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २९१ मिति २०६८।१२।१२ मा गृह, र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारलाई रु. ५०,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**च) महिला विरुद्धको हिंसा**

**क्रम संख्या – ५२०**

१. **पीडितको नाम, थर र ठेगाना** कल्लीकुमारी वि.क. प्युटार-७, ललितपुर ।

२. **उल्लंघनकर्ता** विमला लामा

३. **उजूरीको संक्षिप्त विवरण** फाइल नं. ४५९३ मिति २०६५ चैत्र १२ गते विभिन्न सञ्चार माध्यमहरूमा ललितपुर जिल्लाको प्युटार ७ कि कल्लीकुमारी वि.क.लाई बोक्सी भन्दै स्थानीय गडिभन्ज्याङ्ग प्राथमिक विद्यालयकी प्रधानाध्यापिका विमला लामाले यातना दिएको तथा दुर्व्यवहार गरेको भन्ने समाचारमा आयोगको ध्यानाकर्षण भई मिति २०६५।१२।१६ मै स्वविवेकमा उजुर ग्रहण गर्ने निर्णय भई उजूरी ग्रहण ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई आमानविय व्यवहार गरिएको विषयमा सावैजनिक अपराधमा पक्राउ गरी हाल कुटपीट सम्बन्धमा जिल्ला अदालतमा मुद्दा विचाराधीन रहेको, पीडक हाल धरौटीमा छुटेकी विभिन्न संघसंस्था सहितको पहलमा सामाजिक तथा सामूहिक रुपमा मध्यस्थता गराई पीडितलाई पुनस्थापित गराई सकिएको र पीडकलाइ कारवाहीको सम्बन्धमा अदालतमा मुद्दा विचाराधीन रहेकोले सोही बमोजिम हुने हुँदा पीडितलाई राहत स्वरुप सरकारले पीडकबाट असुल गर्ने गरी क्षतिपूर्ति रु. ५०,०००।- उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकारलाई लेखी पठाउने भन्ने मिति २०६८।२।१९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११८० अनुसन्धान ४५९३ मिति २०६८।३।२६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ञ) बाल अधिकारः**

**क्रम संख्या – ५२१**

१. **पीडितको नाम, थर र ठेगाना** कविता भण्डारी, पक्वादी-८, स्याङ्गजा

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिसिल नं. ८७८/३८९ जिल्ला स्याङ्गजा पक्वादी गा.वि.स. वडा नं. ८ घर भई वालिङ्ग नगरपालिका वडा नं. २ वालिङ्ग बजार बस्ने सुभाष भण्डारीको वालिङ्ग नगरपालिका वडा नं. १ स्थित The Execellant Boarding School मा कक्षा ४ मा अध्ययनरत १३ वर्षिया छोरी कविता भण्डारीलाई विद्यालयकी शिक्षिका प्रतिमा पाठकले मिति २०६६।५।२४ गते कक्षा कोठामा ढिलो आएको भनी दाहिने हातमा बाँसको लठ्ठीले हान्दा हात फ्याक्चर भई निको नभएकोले घटनाको छानवीन गरी पाउँ भनि मिति २०६६।७।२७ गते आयोगमा उजूरी दर्ता भएको देखियो ।

४. **आयोगको निर्णय/सिफारिश** बाल अधिकारको सम्मान गर्न गराउन र सवै बिद्यालयलाई बाल यातना दिने कार्य नगर्न, गरेमा कार्वाही हुने भनी बाल संरक्षण नीति लागु गर्न मिति २०६७।९।११ गते आयोगबाट नीतिगत निर्णय गरी प्रममपकालाई च.नं. ७४५ मिति २०६७।११।४ गते सिफारिश पठाई सकिएकाले सोही बमोजिम गरी नेपाल सरकार शिक्षा मन्त्रालयलाई जानकारी गर्न गराउन समेत नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०५९ अनुसन्धान ८७८, ३८९।पोखरा मिति २०६८।११।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**प्र.म.म.का.को कार्यालयको च.नं. २४५ मिति २०६८।११।२३ मा शिक्षा, रक्षालाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

च.नं ८४० मिति २०६८।१२।६ को शिक्षा मन्त्रालयले आवश्यक कार्वाही सम्बन्धमा शिक्षा विभागमा पठाएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ५२२**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्णबहादुर ढकाल, लेखनाथ-७, कास्की

२. **उल्लंघनकर्ता** कारागार कार्यालय

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिसिल नं. ७३१/२९७, कास्की जिल्ला लेखनाथ न.पा.वा.नं. ७ बस्ने कृष्णबहादुर ढकाल मिति २०६४/१/१३ देखि जिल्ला कारागार शाखा, कास्कीमा जवरजस्तीकरणी मुद्दामा थुनामा रहेको । निजको उमेर १८ वर्ष मुनी भएपनि अन्य थुनुवा वन्दीसँगै कारागारमा थुनामा राखिएकोले बालसुधार गृहमा बस्न पाउँ भनी मिति २०६५।१।६ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** थुनामा रहँदा निजको उमेर १५ वर्ष देखिन आउँछ। हाल निजको उमेर १९ वर्ष पुगिसकेको र ५ वर्ष कैद र ५०,०००।- जरिवाना तोकी जिल्ला कारागारमा राखेको पाइयो । यसरी बालसुधार गृहको अभावमा कारागारमा अन्य वन्दीसँगै थुनामा राख्दा बालअधिकार महासन्धिको विपरीत पाइएकोले अब आईन्दा कुनै पनि नाबालकलाई अन्य कैदीको साथ कारागारमा नराखी अनिवार्य रूपले बालसुधार गृहमा राख्न र नाबालकको उमेर पुगी सावालक भैसकेपछि पनि भुक्तान गर्न बाँकी रहेको कैद जरिवानाको हकमा निजलाई बालसुधार गृहसँगै अर्को छुट्टै व्यवस्था गर्न नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०८० अनुसन्धान ७३१।२९७।पोखरा मिति २०६८।११।२१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २४८ मिति २०६८।१२।८ मा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५२३**

१. **पीडितको नाम, थर र ठेगाना** न्यू मिलेनियम एकेडेमी पोखरा-१७ विरौटाका २० जना छात्राहरू, कास्की

२. **उल्लंघनकर्ता** शिक्षक राजु शर्मा र श्रीधर गिरी

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिशिल नं. ८६७/४०८, कास्की न्यू मिलेनियम एकेडेमी पोखरा १७ विरौटाका कक्षा ८ मा अध्ययनरत २० जना छात्राहरूलाई सो विद्यालयका शिक्षक श्रीधर गिरीबाट कक्षा कोठामा दुर्व्यवहार गर्ने, संवेदनशील अंगहरू छुने तथा यातना दिने जस्ता कार्य हुँदै आएकोमा विद्यालय प्रशासनले निज शिक्षकलाई निश्काशन गरेकोमा केही अन्य शिक्षकबाट पीडित छात्राहरूलाई मानसिक यातना दिने गरेकाले घटनाको छानवीन गरीपाउँ भनि मिति २०६६।४।२३ गते आयोगमा उजूरी दर्ता भएको भएको देखियो ।

४. **आयोगको निर्णय/सिफारिश** त्यसका लागि बालसंरक्षण नीति लागु गर्न मिति २०६७।९।११ गते आयोगबाट नीतिगत निर्णय गरी श्री प्रममपका , काठमाडौंलाई च.नं. ७५४ मिति २०६७।११।४ गते सिफारिश गरिसकेकाले बालसंरक्षण नीति तत्काल लागू गर्न तथा नेपाल सरकार शिक्षा मन्त्रालयलाई जानकारी गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११७९ अनुसन्धान ८६७।४०८।पोखरा मिति २०६८।११।२१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का. लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**प्र.म.म.का.को कार्यालयको च.नं. ३०३ मिति २०६८।१२।१२ मा शिक्षा मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ट) न्याय प्रशासन**

**क्रम संख्या – ५२४**

१. **पीडितको नाम, थर र ठेगाना** श्रीषा कार्की, काठमाडौं

२. **उल्लंघनकर्ता** किशोर श्रेष्ठ

३. **उजूरीको संक्षिप्त विवरण** नेपाली चलचित्रकी नायिका श्रीषा कार्कीका सम्बन्धमा राजधानीबाट प्रकाशित जनआस्थाका सम्पादक किशोर श्रेष्ठ समेतले नैतिक प्रश्न उठाई वेइजती गर्दै समाचार प्रकाशित गर्ने र निज समेतले टेलिफोनबाट निजलाई बारम्बार धम्कीपूर्ण व्यवहार गरी मानसिक एवं शारीरिक यातना समेत दिएकाले मिति २०५९।६।२९ गते श्रीषा कार्कीलाई आत्महत्या गर्न बाध्य पारेकोले हत्या प्रकरणमा संलग्न अपराधीहरू माथि कानूनी कारवाहीका लागि जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराउँदा दोषीहरू पक्राउ गरी आवश्यक कार्वाही समेत नभएकोले अपराधीहरू माथि आवश्यक कार्वाही गराई क्षतिपूर्ति समेत दिलाई पाउँ भनी आयोगमा मिति २०५९।७।२९ मा दलबहादुर कार्कीको नामबाट उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** सञ्चार क्षेत्रलाई जिम्मेवार समेत बनाउन विद्यमान नियम कानून आदिमा भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयन र आवश्यकतानुसार पुनरावलोकन गरी आवश्यक व्यवस्था मिलाउन नेपाल सरकार र प्रेस काउन्सिलको ध्यानाकर्षण गर्ने भन्ने मिति २०६७।४।३० को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ३३३ संरक्षण ६८० मिति २०६७।६।१५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** जनआस्था साप्ताहिकका सम्पादकले क्षमायाचना समेत गरिसकेको र निज सम्पादकलाई अब उप्रान्त सो बमोजिमको काम नगर्न सचेत गराइएको । प्रेस काउन्सिल नेपाललाई ऐन नियममा सम्बोधन गर्न लेखी पठाइए बमोजिम सो काउन्सिलबाट पत्रकार आचार संहितामा परिमार्जन गरी कार्यान्वयनमा ल्याइसकिएको भनी सूचना तथा सञ्चार मन्त्रालयको च.नं. ३७, मिति २०६७।१०।५ को पत्रबाट लेखिआएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिश कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख ।

च.नं. २४ मिति २०७१।६।१२, सूचना तथा संचार मन्त्रालय, ऐन नियम परामर्श तथा फैसला कार्यान्वयन शाखाबाट प्र.तथा

मन्त्रिपरिषद्को का. मा.अ.प्रवर्द्धन शाखालाई विवरण अद्यावधिक गर्ने सम्बन्धी पत्रको बोधार्थ ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ५२५**

१. **पीडितको नाम, थर र ठेगाना** गोरखा जिल्लाबाट प्रकाशित हुने दरौंदी दैनिक, गोरखा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिशिल नं. ४६७ गोरखा जिल्लाबाट प्रकाशित हुने दरौंदी दैनिकको मिति २०६७।१०।१७ गते प्रकाशित अंक १३९ मा "व्यवस्थापन समिति र शिक्षकको झगडाले विद्यालय बन्द" भन्ने शीर्षकको समाचारमा असन्तुष्टी जनाउँदै एनेकपा माओवादी सम्बद्ध संगठन अनेरास्ववियू क्रान्तिकारीका सदस्य वन्दना पाण्डे लगायतले पत्रिकामा आगो लगाई सम्पादकलाई ज्यान मार्ने धम्की दिएको भनी मिति २०६७।१०।२० गते आयोगमा उजूरी दर्ता भएको देखियो।

४. **आयोगको निर्णय/सिफारिश** चित्त नबुझ्ने व्यक्तिले पत्रिका नै जलाउने प्रवृत्ति बढ्दै गएकोले पत्रिका जलाउने कार्य रोक्ने व्यवस्था मिलाउन तथा धम्की पाउने पत्रकारले सुरक्षा माग्न आएमा सुरक्षा दिने व्यवस्था मिलाउन समेत नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११८० अनुसन्धान ४६७।पोखरा मिति २०६८।१२।६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**प्र.म.म.का.को कार्यालयको च.नं. ३०५ मिति २०६८।१२।१२ मा गृह, र सुचना तथा सञ्चार मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५२६**

१. **पीडितको नाम, थर र ठेगाना** कमलराज शर्मा, दुलेगौडा-७, तनहुँ

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** मिशिल नं. ६००/२२७, जिल्ला तनहुँ दुलेगौडा बजार वडा नं. ७ का कमलराज शर्माको दुलेगौडा स्थित पैतृक सम्पत्तिको २ रोपनी जग्गामा लगाएको पर्खाल भत्काई जग्गा कब्जा गरी भौतिक कार्वाही गर्ने धम्की दिएकाले मानसिक यातनाबाट भयरहित भै बाँच्ने अवस्था सिर्जना गर्न पहल गरीपाउँ भनी मिति २०६४।३।५ गते आयोगमा दर्ता हुन आएको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** निज कमलराज शर्माको छिमेकीसँगको सिमाना विवाद देखिएकोले समाधानका लागि जिल्लाको सर्वदलीय बैठकबाट पहल भैरहेको देखिंदा निज शर्माले शान्ति सुरक्षाको माग गरेमा शान्ति सुरक्षाका लागि व्यवस्था मिलाउन समेत जिल्ला प्रशासन कार्यालय, तनहुँलाई निर्देशन दिने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११८१ अनुसन्धान ६००।२२७।पोखरा मिति २०६८।१२।६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रमपमकाबाट च.नं. ३२३, मिति २०६९।२।७ मा निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई लेखेको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५२७**

१. **पीडितको नाम, थर र ठेगाना** सुशीलकुमार लाखे, नेपालगञ्ज-७ फुल्टेक्रा, बाँके

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** नेपालगंज, मिशिल नं. १७८४, जिल्ला बाँके नेपागञ्ज नगरपालिका वार्ड नं. ७ फुल्टेक्रा बस्ने ४४ वर्षिया अधिवक्ता सुशीलकुमार लाखेको निजी निवासको भुँईतला अगाडीको कोठामा मिति २०६५।१।२९ गते साँझ ६:२० बजे अस्थायी प्रहरी पोष्ट फुल्टेक्राका करीव १० जना प्रहरीको टोलीले विना सूचना विना पूर्जि खानतलाशी गरेकाले दोषीउपर कार्वाही गरीपाउँ भनि मिति २०६५।१।३० गते आयोगमा उजूरी दर्ता भएको देखियो ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट अस्थायी प्रहरी पोष्ट फुल्टेक्राका प्रहरीद्वारा अधिवक्ता सुशिलकुमार लाखेको निजी घरमा विना सूचना प्रवेश गरी खानतलासी गरेको देखिंदा कानून बमोजिम सर्च गर्दा वारेन्ट जारी गरी मात्र सर्च गर्न पठाउने र विना वारेन्ट कसैको पनि घर खानतलाशी नगर्नु भनी निर्देशन जारी गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११४० अनुसन्धान १७८४।नेपालगन्ज मिति २०६८।१२।२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का. लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**प्र.म.म.का.को कार्यालयको च.नं. २९७ मिति २०६८।१२।१२ मा गृह, र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. ९२७ मिति २०६८।१२।१० मा प्रहरी प्रधान कार्यालयलाई कारवाहीको लागि पठाइएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**ठ) आन्तरिक विस्थापन**

**क्रम संख्या – ५२८**

१. **पीडितको नाम, थर र ठेगाना** अम्बमाया नेपाल, गजुरी-४, धादिङ्ग

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** फाइल नं. ४५६४, जिल्ला धादिङ्ग गजुरी गा.वि.स. ४ घर भएकी अम्बमाया नेपालले मिति २०५९ साल पुसमा गजुरी व्यारेकका सुरक्षाकर्मीले पक्राउ गरी ४ दिनसम्म थुनामा राखी निर्मम यातना दिएको र गाउँघरमा वस्दा नेकपा माओवादीले घरमा आई दुःख दिने गरेका कारणबाट डर, त्रास सृजना भै बस्न नसकी आफ्नो गाउँघरबाट विस्थापित हुन परेको भन्ने घटना सम्बन्धमा २०६५।१०।२६ मा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई २०५९ पुसमा सेनाले गिरफ्तार गरेको सम्बन्धमा जानकारी भएको, द्वन्द्व पीडित अन्तर्गत यातना पीडित सरोकार केन्द्रमा उपचार गराइरहेको समेत प्रतिवेदन संलग्न देखिएको हँदा यातनातर्फ रु. ५०,०००।- क्षतिपूर्ति उपलब्ध गराइदिन नेपाल सरकारलाई लेखी पठाउने भन्ने मिति २०६८।२।१८ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११४० अनुसन्धान ४५६४ मिति २०६८।३।२० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५२९**

१. **पीडितको नाम, थर र ठेगाना** नारायण प्रसाद उप्रेती, गजुरी-७, धादिङ्ग

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** फाइल संख्या ४५०३, जिल्ला धादिङ्ग, गजुरी गा.वि.स. वडा नं. ७ स्थायी घर भएका नारायण प्रसाद उप्रेतीलाई नेकपा माओवादीले घरमा आई खाना खाने, दुःख दिने गरेका सोही कारण नेकपा माओवादीलाई सहयोग गरेको भन्ने आरोप लगाई २०५९ साल पुसमा गजुरी व्यारेकका सुरक्षाकर्मीले पक्राउ गरी २९ दिन सम्म निर्मम यातना दिएका, निजको भाई श्रीमती समेतलाई सेनाले घरमै गई कुटपीट गरेको कारणले आफ्नो गाउँघरमा बस्न नसकी विस्थापित भएकाले मानव अधिकार रक्षार्थ आवश्यक पहलका लागि मिति २०६७।७।११ मा आयोगमा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** यस सम्बन्धमा अनुसन्धान अधिकृतबाट स्थलगत अनुसन्धान भई प्रतिवेदन पेश गरेको र

अनुसन्धान प्रतिवेदनमा स्थलगत बुझ्दा सेनाबाट पक्राउ गरिएको र यातना भएको देखिन आएको र सोही घटनाका कारण विस्थापित समेत भएको प्रतिवेदन संलग्न देखिएकोले यातनातर्फ रु. ५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकारलाई लेखी पठाउने भन्ने मिति २०६८।२।१८ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११४१ अनुसन्धान ४५०३ मिति २०६८।३।२० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २२८ मिति २०६८।३।२६ शान्ति मन्त्रालयबाट राहत इकाईलाई जानकारी उपलब्ध गराइदिने सम्बन्धमा पठाएको पत्रको बोधार्थ ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**संख्या – ५३०**

१. **पीडितको नाम, थर र ठेगाना** दिलबहादुर क्षेत्री, मुडिकुवा-८, पर्वत

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, फाइल नं. ८२८, जिल्ला पर्वत मुडिकुवा गा.वि.स वडा नं. ८ घर भएका दिलबहादुर क्षेत्रीको सोही जिल्ला देवीस्थान गा.वि.स. स्थित आफ्नै जग्गामा विद्यालय सञ्चालन गर्दै आएकोमा नेकपा माओवादीको भातृ संगठन अखिल क्रान्तिकारीले मिति २०६१।२।३१ गते बिद्यालयमा आगो लगाई विद्यालय बन्द गराएको र विद्यालयमा आगजनी भएपछि परिवार सहित त्रासका कारणले विस्थापित भएकोले दोषी पहिचान गरी कार्वाही गर्न र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६५।९।२९ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज दिलबहादुर क्षेत्री नेकपा माओवादीको कारणबाट विस्थापित भई चितवन गइ बसेको । निजको शिशुकल्याण बोडिङ्ग स्कुलभित्र रहेको सामानहरू जलाई नष्ट पारी रू. १,२७,६००।- बराबरको क्षति भएको र विद्यालय बन्द भई विस्थापीत हुनुपरेको अवस्था देखिँदा निजको क्षति भएको रकम उपलब्ध गराउन तथा निजले पुर्नस्थापनाका लागि सहयोग माग्न आएमा प्रशासनिक सहयोग उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९९६ अनुसन्धान ८२८।पोखरा मिति २०६८।११।९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. १,२७,६००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण ।

**क्रम संख्या – ५३१**

१. **पीडितको नाम, थर र ठेगाना** हरिप्रसाद श्रेष्ठ, देवीस्थान-६, पर्वत

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा मिसिल नं. ९९/८४, जिल्ला पर्वत देवीस्थान गा.वि.स. वडा.नं. ६ बस्ने हरिप्रसाद श्रेष्ठसँग मिति २०६१।४।१ गते नेकपा माओवादीले चन्दा नदिएको आरोपमा कुटपीट गरी घाइते वनाएकोले विस्थापित भई सदरमुकाममा बस्न बाध्य भएकोले दोषी उपर कार्वाही गरी क्षतिपूर्ती भराई पाउँ भनी मिति २०६२।५।१२ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट हाल निज आफ्नै घरमा पुनर्स्थापित भएको । साथै नेकपा माओवादीको कुटपिटका कारण अंगभंग भई निजले एउटा आँखा गुमाउनु परेकोले दोषी उपर कानून बमोजिम कार्वाही गर्न तथा निज हरिप्रसाद श्रेष्ठलाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १८ बमोजिम रु. १,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०७५ अनुसन्धान ९९।८४।पोखरा मिति २०६८।११।२१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २६२ मिति २०६८।११।२९ मा गृह, शान्ति मन्त्रालयलाई लेखिएको पत्रको बोधार्थ प्राप्त। प्रहरी प्रधान कार्यालय, मा.अ.इ.को च.नं. २४६ मिति २०६९।१।१७ को पत्र बमोजिम निजले जिल्ला प्रशासन कार्यालय पर्वतबाट रु. १,००,०००।- उपलब्ध गराइएको र कुटपीट सम्बन्धमा दोषीको अनुसन्धान भइरहेको भन्ने जानकारी।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**ड) सम्पत्तिको अधिकार**

**क्रम संख्या – ५३२**

१. **पीडितको नाम, थर र ठेगाना** राजेन्द्र श्रेष्ठ, का.म.न.पा.-१२, टेकु (भन्सार), काठमाडौं

२. **उल्लंघनकर्ता** प्र.जि.अ. भोलाप्रसाद शिवाकोटी

३. **उजूरीको संक्षिप्त विवरण** फाइल नं. ४६७५ जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १२, टेकु (भन्सार) मा बस्ने राजेन्द्र श्रेष्ठको नाममा रहेको घर सर्वोच्च अदालतले नभत्काउने दिएको आदेश विपरित जिल्ला प्रशासन कार्यालयको गलत आदेश र निर्णयले प्रोत्साहन पाई मिति २०६६।६।४ गते अमिर कुमार श्रेष्ठ समेत भई भत्काएको, सो कार्य भई सकेपछि प्रहरी प्रशासनबाट कानून बमोजिम कार्वाही अगाढी नवढाइएको कारणले सम्पति तथा आवासको अधिकार, जीवनको अधिकार, न्याय प्राप्त गरीपाउँ भन्ने सम्बन्धमा २०६६।६।१९ मा आयोगमा उजूरी पर्न आएको।

४. **आयोगको निर्णय/सिफारिश** यस सम्बन्धमा अनुसन्धानबाट प्राप्त तथ्यका र प्रस्तुत भएको प्रतिवेदन संलग्न प्रमाणको आधारमा तत्कालीन प्रमुख जिल्ला अधिकारी भोलाप्रसाद शिवाकोटीबाट स्थानीय प्रशासन ऐन बमोजिम पदिय दायित्व नगरेको देखिने हुँदा विभागिय कार्वाही गर्न र पीडितको सम्पत्ति क्षतिको हकमा क्षतिपूर्ति कानून बमोजिम उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकारलाई लेखी पठाउने भन्ने मिति २०६८।२।१८ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११३९ अनुसन्धान ४६७५ मिति २०६८।३।२० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** अब आइन्दा निज प्र.जि.अ. लाई मानव अधिकार संरक्षणप्रति सजग रहन निर्देशन दिने भनी मिति २०६८।४।१५ मा गृह मन्त्रालय (सचिवस्तर) बाट निर्णय भएको भनी प्र.म.म.प.को कार्यालयको च.नं. ३९ मिति २०६८।५।५ को पत्रानुसार उल्लेख भइ आएको।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५३३**

१. **पीडितको नाम, थर र ठेगाना** पदम बहादुर सिजापति, मनोहरा सुकुम्वासी बस्ती, भक्तपुर

२. **उल्लंघनकर्ता** नगरपालिका तथा राज्य

३. **उजूरीको संक्षिप्त विवरण** फाईल नं १२०२, जिल्ला भक्तपुर मनोहराका सुकुम्वासी बस्तीमा बस्ने पदम बहादुर सिजापतिले अन्य सुकुम्वासी बस्तीमा विद्युत जडान भएझै हाम्रो वस्तीमा जनसमुदायको सहयोगमा ट्रान्समिटर जडान सम्पन्न भई सकेपछि वस्तीमा विद्युत जडान गरिदिनलाई निवेदन दिएकोमा नगरपालिकाबाट सिफारिश ल्याए मात्र विद्युत लाइन जडान हुने जानकारी विद्युत कार्यालयले दिएको। नगरपालिकामा सिफारिश लिन जाँदा जग्गामा स्वामित्व कायम भएको प्रमाण, घर वनाउने नक्सा पास भएको प्रमाण पेश गर्नु भन्दा सो नरहेकोले विद्युत जडानको सिफारिश नपाउने जवाफ दियो। अन्य सुकुम्वासी वस्तीमा विद्युत जडान भएको तर हाम्रो सुकुम्वासी टोलमा विद्युत जडान नहुँदा भेदभाव भयो कार्वाही गरीपाउँ भनी आयोगमा मिति २०६७।५।२ मा पर्न आएको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** सबै नागरिकसँग व्यवहार गर्दा निकाय वा राष्ट्रसेवकले एकै किसिमको मादण्ड अपनाउनु पर्दछ। पृथक पृथक किसिमको मापदण्ड अपनाउदा विभेद हुनु स्वभाविकै हुन जान्छ। निवेदकले उजूरीमा उल्लेख गरे

अनुसार विना कुनै आधार प्रमाण अन्य सुकुम्वासी वस्तीमा विद्युत लाइन जडान गर्ने तर सोही सरहको उजुरकर्ताको वस्ती वा घरमा विद्युत लाइन जडान गर्न इन्कार गरेको कुरा सत्य भए, आधार प्रमाण विना अन्य सुकुम्वासी वस्तीमा विद्युत लाइन जडान गर्न आदेश दिने र सो आदेशानुसार विद्युत जडान गर्ने कर्मचारीको छानवीन गरी विभागीय कार्वाही गर्न नेपाल सरकारलाई लेखी पठाउने भनि मिति २०६८।३।२१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३८ अनुसन्धान १२०२।पोखरा मिति २०६८।४।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

आयोगको च.नं. ६०८ अनुसन्धान १२०२ मिति २०६८।८।२९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५३४**

१. **पीडितको नाम, थर र ठेगाना** विनबहादुर थापा, दोहली-६ हर्रेटार, गुल्मी

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, फाइल नं. १६८, जिल्ला गुल्मी दोहली गा.वि.स. वडा नं. ६ हर्रेटार बस्ने ७३ वर्षीय भु.पू. सैनिक सु.अ. क्याप्टेन विनबहादुर थापाको घरमा मिति २०६२।१।१ गते नेकपा माओवादीका कार्याकर्ताहरूले बम विष्फोटन गराई घर पूर्णरूपमा ध्वस्त बनाइदिएकोले निजको घर तथा धनसम्पत्ति नष्ट भएको भनी मिति २०६२।८।५ गते आयोगमा उजुरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगको अनुसन्धानबाट जिल्ला प्रशासन कार्यालय, गुल्मीमा मिति २०६२।१।२१ गते बसेको स्थानीय क्षति मूल्याङ्कन समितिको बैठकबाट रू. ५,५७,५६९।२५ बराबरको क्षति भएको ठहर भई राहत निकाशाको लागि गृह मन्त्रालयमा लेखि पठाइएकोमा गृह मन्त्रालयबाट रू. ४१,४८२।- मात्र निकासा भई सम्बन्धीत व्यक्तिलाई भुक्तानी दिई सकिएको भनी जिल्ला प्रशासन कार्यालय, गुल्मीको च.नं. २०५ मिति २०६२।१०।२७ को पत्रबाट देखिँदा जिल्ला मूल्याङ्कन समितिको मूल्याङ्कन बमोजिमको रकम किन दिनु नपर्ने हो सोको जानकारी निवेदक र आयोगलाई उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९९७ अनुसन्धान १६८।पोखरा मिति २०६८।११।९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ५५७५६९।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण ।

**क्रम संख्या – ५३५**

१. **पीडितको नाम, थर र ठेगाना** तेजिन्द्र सेन, बुर्तीबाङ्ग-२, बाग्लुङ्ग

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिसिल नं ३५१, जिल्ला बाग्लुङ्ग बुर्तीबाङ्ग गा.वि.स.वडा.नं. २ बस्ने तेजिन्द्र सेनको छोरा भुवन सेन नेकपा माओवादीमा संलग्न भएको आरोपमा नेपाली सेनाले मिति २०५९।२।२३ गते र मिति २०५९।३।४ गते २ पटक गरी २ वटा ढुंगे घर र गोठमा आगो लगाई नष्ट गरेको, घरमा भएको धनमाल, सरसामान, सुनचाँदी दोकानमा भएको किराना सामान र नगद समेत नष्ट गरी अनुमानित रकम रू. १३,६०,२००।- बराबरको नोक्सानी भएकोले दोषी उपर कार्वाही तथा क्षति भएको रकम उपलब्ध गराई पाउँ भनी पीडित तेजिन्द्र सेनले मिति २०६३।२।२९ गते आयोगमा उजूरी दर्ता गराउनु भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज तेजिन्द्र सेनको छोरा नेकपा माओवादी पार्टीमा रहेकाले

आस्थाको कारण चलअचल सम्पत्ति सुरक्षाकर्मीले नष्ट गरेको देखिंदा निजको भएको क्षति एकिन गरी क्षतिपूर्ति रकम उपलब्ध गराउन तथा दोषीलाई कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०७६ अनुसन्धान ३५१।पोखरा मिति २०६८।११।२१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८४८ मिति २०६८।११।२८ मा प्रहरी प्रधान कार्यालय, नक्सालललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त। प्रहरी प्रधान कार्यालय मा.अ.इ. को च.नं. २४६ मिति २०६९।१।१७ को आयोगलाई पठाइएको पत्र बमोजिम पीडितले जि.प्र.का. बाग्लुङ्गबाट क्षतिपूर्ति मूल्यांकन समितिले गरेको मूल्यांकन बमोजिम क्षतिपूर्ति पाइसकेको भन्ने जि.प्र.का.बाट लेखि आएको भनी उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ढ) शिक्षाको अधिकार**

**क्रम संख्या – ५३६**

१. **पीडितको नाम, थर र ठेगाना** सपना वि.क. र एलिसा नेपाली, लेखनाथ-९, कास्की

२. **उल्लंघनकर्ता** डाइमण्ड मोडेल बोर्डिङ्ग स्कुल

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिसिल नं. ८५२/३६९ जिल्ला कास्की लेखनाथ नगरपालिका वडा नं. ९ आकुरा एकल तथा संक्रमित महिला समूहद्वारा संचालित गैरसरकारी संस्थामा रहेका ६ वर्षिया सपना वि.क. र वर्ष ४ की एलिसा नेपालीलाई वेगनासताल स्थित डाईमण्ड मोडेल बोडिङ्ग स्कुलमा नर्सरीमा भर्ना गरी प्रिन्सिपललाई १ (एक) जना एचआईभी संक्रमीत भएको समेत जानकारी गराई मिति २०६६।१।२३ गते भर्ना पश्चात विद्यालय जान थालेको अवस्थामा एच. आई. भी. संक्रमित बच्चाहरू यस विद्यालयबाट हटाउनुस भनि विद्यालयबाट हटाइएकाले बालबालिकाको पढ्न पाउने अधिकार संरक्षण गरीपाउँ भनि मिति २०६६।२।८ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** कुनैपनि विद्यालय, बाल गृहबाट एच आई भी संक्रमित बालबालिकालाई पठनपाठनबाट भर्ना गर्नबाट वन्चित नगर्न तथा भर्ना भएकालाई निकाल्ने कार्य रोक्न र एच. आई. भी. सम्बन्धी जनचेतना फैलाउन बाल संरक्षण नीति लागु गर्न मिति २०६७।९।११ मा आयोगबाट नीतिगत निर्णय गरी श्री प्रममपका , काठमाडौंलाई च.नं. ७४५ मिति २०६७।११।४ गते नै सिफारिश पठाईसकिएकाले सोही बमोजिम तत्काल बाल संरक्षण नीति लागु गर्न र विद्यालयमा बालबालिकाको पठन पाठन सुचारु गराउन नेपाल सरकार शिक्षा मन्त्रालय र जनसंख्या तथा स्वास्थ्य मन्त्रालयलाई जानकारी गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**आयोगको च.नं. १०५६ अनुसन्धान ८८१, ८५२।३६९।पोखरा मिति २०६८।११।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**प्र.म.म.का.को कार्यालयको च.नं. २४४ मिति २०६८।११।२३ मा शिक्षा, रक्षालाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

स्वास्थ्य मन्त्रालयको च.नं. ४८२० मिति २०६८।११।२८ मा सम्बन्धित निकायलाई पत्राचार गरिएको बोधार्थ प्राप्त ।

च.नं ८४१ मिति २०६८।१२।६ को शिक्षा मन्त्रालयबाट शिक्षा विभाग, सानोठिमीमा आवश्यक कार्वाही सम्बन्धमा बोधार्थ ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ५३७**

१. **पीडितको नाम, थर र ठेगाना** स्थानीय वासिन्दा शिवालय-२ र ३, पर्वत

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, मिशिल नं. ४२८/१७५ पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. २ र ३ का १५६

घरमा बसोबास गर्दै आएका १०२४ घरधुरीका नाममा रहेको जग्गा २०५८ साल देखि तत्कालीन शाही नेपाली सेनाको दुर्गादल गुल्मले कब्जा गरी काँडेतार लगाएकाले परिवारको विचल्ली भएको तथा उक्त ठाउँमा रहेको युवा प्रा.वि. समेत रहेकाले गुल्म वरिपरि काँडेतार, बम वारुद विछ्याइएकाले बालबालिकाको पठनपाठनमा समेत असर पारेकोले सेनाको व्यारेक हटाउन पहल गरी पाउँ भनी मिति २०६३।५।२ र २०६४।४।३२ गते छुट्टाछुट्टै निवेदनहरू दर्ता भएको।

४. **आयोगको निर्णय⁄सिफारिश** सेनाले व्यारेक हटाउन पहल गरिरहेको भन्ने सेनाको जवाफ भएपनि विस्तृत शान्ति सम्झौताको विपरित हुने भएकाले सर्वसाधारण जग्गाधनीलाई कानून बमोजिमको मुआब्जा दिलाई निजहरूको जग्गा खाली गराई दिन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०५८ अनुसन्धान ४२८, १७५।पोखरा मिति २०६८।११।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २४७ मिति २०६८।११।२३ मा गृह, रक्षालाई लेखिएको पत्रको बोधार्थ प्राप्त।

च.नं. ५० मिति २०६९।८।१९ को रक्षा मन्त्रालयको पत्रानुसार नेपाली सेना मानव अधिकार सेलको जानकारी बमोजिम द्वन्द्वको समयमा व्यारेक परिमितिमा लगाइएको आइ.ई.डी.हरू हटाइसकेको तर बालिनालीको क्षतिपूर्ति निकासा भई नआएकोले वितरण हुन नसकेको र २० रोपनी जग्गा हाल पनि जिल्ला प्रहरी कार्यालयको नाममा रहेको भन्ने विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

### ४.१२ आर्थिक वर्ष २०६८⁄०६९ मा गरिएका सिफारिशहरू

**क) गैरकानूनी हत्या**

**क्रम संख्या – ५३८**

१. **पीडितको नाम, थर र ठेगाना** राकेश भनिने जीवन रञ्जितकार न्याले-३, काभ्रे र आरती भन्ने प्रेमकुमारी तामाङ्ग (लामा) श्यामपाटी-९, काभ्रे

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलान्चोक जिल्ला, न्याले गा.वि.स. वडा नं. ३ बस्ने वर्ष १९ को राकेश भनिने जीवन रञ्जितकारलाई सुरक्षाफौजले पक्राउ गरी मिति २०६०।९।१ मा भूमिडाँडा गा.वि.स.को अमिलचौर इलाकामा लगी हत्या गरेको र लास बेपत्ता पारेकोले घटनाको यथार्थ छानवीन गरी आफ्नो संस्कार अनुरुप लासको सदगत गर्न पाउँ भन्ने समेतको व्यहोरा उल्लेख गरी मिति २०६०।९।२१ गते आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय⁄सिफारिश** आयोगको अनुसन्धानबाट सेनाद्वारा जीवन रञ्जितकार र निजसँगै श्यामपाटी -९, कि वर्ष १५ कि वालिका आरती भन्ने प्रेम कुमारी तामाङ्गलाई समेत पक्राउ गरी यातना दिई गैरन्यायिक हत्या गरेको पाइयो। घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम मृतकद्वयका हकवालालाई जनही रु. ३,००,०००।- का दरले क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।९।७ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८१३ अनुसन्धान १३१८ मिति २०६८।१०।११ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५३९**

१. **पीडितको नाम, थर र ठेगाना** सरला भन्ने चिनीमाया लामा, होक्से-५ भँगेरी, च्याङ्वा लामा, मेच्छे काभ्रे, डम्बर श्रेष्ठ, निर्मला देवकोटा, शुभद्रा सापकोटा, सिन्धुपाल्चोक, गुम्बासिं तामाङ अनेकोट काभ्रे र ठेगाना नखुल्ने मञ्जु कुँवर ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी सं. ४१३८, काभ्रेपलान्चोक जिल्ला होक्से गा.वि.स. वडा नं. ५, भँगेरी बस्ने सरला भन्ने चिनीमाया लामालाई मिति २०५५।१२।५ मा काभ्रेपलाञ्चोक जिल्लाको अनेकोट गा.वि.स. वडा नं. १ स्थित अर्जुन प्रसाद दाहालको घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीहरूले घरमा आगो लगाई मारेको, निजसँगै अन्य ६ जना नेकपा माओवादीका कलाकारहरूलाई पनि हत्या गरी सातैजना व्यक्तिहरूको लाशलाई पाँचखाल प्रहरी चौकीमा ल्याएकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडितका परिवारहरूलाई क्षतिपूर्तिको लागि पहल गरीपाउँ भनी मिति २०६४।२।१६ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषी प्रहरीहरू पत्ता लगाई कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम मृतकहरूका कानून बमोजिमका हकवालाहरूलाई जनही रु. ३,००,०००।- का दरले क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।९।७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८१० अनुसन्धान ४१३८ मिति २०६८।१०।११ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५४०**

१. **पीडितको नाम, थर र ठेगाना** पार्वती पौडेल, कुमरी-६, नुवाकोट ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी सं. ३४९९, नुवाकोट जिल्ला कुमरी गाविस वडा नं ६ बस्ने पार्वती पौडेललाई मिति २०६२।११।१६ गते गस्तीमा गएको सुरक्षाफौजबाट सोही जिल्लाको बेल्कोट गाविस वडा नं ९ बाट लखेट्दै बेल्कोट वडा नं ५ ढुङ्गेनी भन्ने ठाउँमा पुर्‍याई पक्राउ पश्चात मारिएकोले निश्पक्ष छानवीन गरी पीडितलाई उचित क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६२।११।२८ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा दोषी देखिएका तत्कालीन शाही नेपाली सेनाका उ.से. अजित प्रताप सिंह र प्र.ना.नि. मिनवहादुर तामाङ्गलाई मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम मुद्दा चलाई कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८। ९।७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८०९ अनुसन्धान ३४९९ मिति २०६८।१०।११ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८२५ मिति २०६८।११।२२ मा प्रहरी प्रधान कार्यालय, नक्सालललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

   च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५४१**

१. **पीडितको नाम, थर र ठेगाना** आदर्शमन्यू राय, उडिसा, भारत ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रीय कार्यालय, फाइल नं. १२४४, भारतको उडिसा राज्यमा वसोवास भै काठमाडौंमा रहेका आफन्तलाई भेट गर्न आएका आदर्शमन्यू रायलाई ५ जुन, २००१ मा कर्फ्यू लगाएको समयमा विदेशी भई थाहा नपाई निर्दोष व्यक्तिको प्रहरीको गोलीबाट मृत्यू भएको भनी आयोगको स्वविवेकमा मिति २०६७।२।१२ मा उजूरी ग्रहण ।

४. **आयोगको निर्णय/सिफारिश** मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो । निर्णयको जानकारी भारतको उडिसा मानव अधिकार आयोग र भारतीय राजदुतावासलाई दिनु भन्ने मिति २०६८।१०।१२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९६१ अनुसन्धान १२४४ मिति २०६८।११।३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

आयोगको च.नं. १३०६ मिति २०६९।१।१४ मा भारतीय राजदुतावासलाई आयोगको निर्णयको जानकारी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २२१ मिति २०६८।११।५ मा गृह मन्त्रालयलाई लेखिएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५४२**

१. **पीडितको नाम, थर र ठेगाना** टंक चौधरी, पदमपुर-२, चितवन

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ३७३७ (ग), चितवन जिल्ला पदमपुर २ बस्ने टंक चौधरीलाई मिति २०५९।५।९ गते राष्ट्रिय निकुञ्ज चिवतनका सुरक्षाकर्मीले पक्राउ गरी त्यसको भोलीपल्ट गोली हानी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६३।५।१ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** त्यसरी हत्या गर्ने सुरक्षा निकायका व्यक्तिमाथि कानून बमोजिम कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।१०।१३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९६९ अनुसन्धान ३७३७(ग) मिति २०६८।११।३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २२५ मिति २०६८।११।५ को प्रममपकाबाट गृह मन्त्रालयलाई सिफारिश कार्यान्वयनको लागि पठाइएको बोधार्थ पत्र ।

च.नं. २४०, मिति २०६९।१।१०, प्र.प्र.का.बाट जाहेरी नपरेको सम्बन्धमा आयोगलाई पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५४३**

१. **पीडितको नाम, थर र ठेगाना** अनिल घिसिङ्ग, जुटपानी-६, चितवन

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रीय कार्यालय, फाइल नं. ३७३७ (घ), चितवन जिल्ला जुटपानी ६ बस्ने अनिल

घिसिङ्गको मिति २०५९।५।९ गते राष्ट्रिय निकुञ्ज चितवनका सुरक्षाकर्मीले पक्राउ गरी गोली हानी हत्या गरेकाले घटनाको छानवीन गरी पीडितहरूको अवस्था सार्वजनिक गरी दोषीलाई कार्वाही एवं पीडितलाई क्षतिपूर्तिको लागि आवश्यक पहल गरिदिनुहुन भनि मिति २०६३।५।१ गते आयोगमा होप नेपालबाट उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** सुरक्षा निकायका व्यक्तिले लापरवाहीपूर्वक नागरिकको बाँच्न पाउने अधिकार हरण गरेकाले त्यसरी हत्या गर्ने सुरक्षा निकायका व्यक्तिमाथि कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम कानून बमोजिमका हकवालालाई क्षतिपूर्ति वापत रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।१०।१३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९६८ अनुसन्धान ३७३७(घ) मिति २०६८।११।३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

च.नं २४०, मिति २०६९।१।१०, प्र.प्रधान कार्यालयबाट खुलाई पठाएको सम्बन्धमा आयोगलाई पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५४४**

१. **पीडितको नाम, थर र ठेगाना** प्रेमवहादुर लामा, रत्ननगर, चितवन

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रिय कार्यालय, मिसिल नं. ३७३७ (ङ), चितवन जिल्ला रत्ननगर बस्ने प्रेमवहादुर लामालाई २०५९।५।१० गते राष्ट्रिय निकुञ्ज चितवनका सुरक्षाकर्मीले पक्राउ गरी गोली हानी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनि मिति २०६३।५।१ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** सुरक्षा निकायका व्यक्तिले लापरवाहीपूर्वक नागरिकको बाँच्न पाउने अधिकार हरण गरेकाले त्यसरी हत्या गर्ने सुरक्षा निकायका व्यक्ति माथि कानून बमोजिम कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।१०।१३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९७२ अनुसन्धान ३७३७(ङ) मिति २०६८।११।३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं २२७ मिति २०६८।११।५ प्रममपकाबाट गृह मन्त्रालयलाई सिफारिश कार्यान्वयनको लागि लेखेको बोधार्थ पत्र ।

च.नं २४० मिति २०६९।१।१० प्रहरी प्रधान का. प्र.महानिरीक्षकको सचिवालय, मा.अ.इकाईबाट खुलाई पठाइएको सम्बन्धमा आयोगलाई पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५४५**

१. **पीडितको नाम, थर र ठेगाना** धनवहादुर वाइवा, पदमपुर-२ जितपुर, चितवन

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रिय कार्यालय, मिसिल नं. ३७८४, जिल्ला चितवन पदमपुर गा.वि.स. २ जितपुर बस्ने धनवहादुर वाइवालाई मिति २०५९।५।९ गते चितवन राष्ट्रिय निकुञ्ज कसरा तथा नेपाली सेना देवीदत्त गणबाट आएका

सुरक्षाकर्मीले पक्राउ गरी लगेको र वेपत्ता पारेकाले खोजतलाश गरीपाउँ भनी मिति २०६३।५।२८ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय⁄सिफारिश निजलाई** सुरक्षा कारवाहीको क्रममा मारिएको भनी सेनाले भनेपनि सो पुष्टि हुने कुनै आधार प्रमाण नरहेको, गैरकानूनी तरिकाले पक्राउ गरेको, सुरक्षा कारवाहीको क्रममा मरेको भए परिवारलाई लाश सदगदको लागि बुझाउनुपर्नेमा सो पनि नगरेकोले सुरक्षा निकायका व्यक्तिले लापरवाहीपूर्वक नागरिकको बाँच्न पाउने अधिकार हरण गरेकाले त्यसरी हत्या गर्ने सुरक्षा निकायका व्यक्तिमाथि कानून बमोजिम कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, उजूरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।१०।१३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९७० अनुसन्धान ३७८४ मिति २०६८।११।३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २२६ मिति २०६८।११।५ प्रममपकाबाट गृह मन्त्रालयलाई पत्र पठाएको सम्बन्धमा बोधार्थ पत्र ।

च.नं २४० मिति २०६९।१।१० प्रहरी प्रधान कार्यालयबाट खुलाई पठाइएको सम्बन्धमा पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५४६**

१. **पीडितको नाम, थर र ठेगाना** श्यामबहादुर लोप्चन, पदमपुर-१ जितपुर, चितवन

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रिय कार्यालय, फाइल नं. ३७८९, चितवन जिल्ला पदमपुर गा.वि.स. वडा नं. १ जितपुर स्थायी घर भएका श्यामबहादुर लोप्चनलाई मिति २०५९।५।९ गते राति १२:०० बजेतिर चितवन राष्ट्रिय निकुञ्ज र देवीदत्त गण नेपाली सेनाका सुरक्षाकर्मीका व्यक्तिहरूले पक्राउ गरी लगेको र हालसम्म निजको अवस्था अज्ञात रहेकोले निजको खोजतलास गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराईपाउँ भनी मिति २०६३।५।८ गते आयोगमा उजूरी दर्ता भएको देखियो ।

४. **आयोगको निर्णय⁄सिफारिश निजलाई** सुरक्षा कारवाहीको क्रममा मारिएको भनी सेनाले भने पनि सो पुष्टि हुने कुनै आधार प्रमाण नरहेको, गैरकानूनी तरिकाले पक्राउ गरेको, सुरक्षा कारवाहीको क्रममा मरेको भए परिवारलाई लाश सदगदको लागि बुझाउनु पर्नेमा सो पनि नगरेकोले सुरक्षा निकायका व्यक्तिले लापरवाहीपूर्वक नागरिकको बाँच्न पाउने अधिकार हरण गरेकाले त्यसरी हत्या गर्ने सुरक्षा निकायका सुरक्षाकर्मीहरूलाई अनुसन्धान गरी कार्वाही गर्न, पीडितका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।१०।१३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९७१ अनुसन्धान ३७८९ मिति २०६८।११।३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १२५६ मिति २०६९।३।१२ गृह मन्त्रालयबाट अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखालाई रकम निकासा सम्बन्धमा लेखेको बोधार्थ पत्र प्राप्त ।

च.नं मानव।०६८।०६९।२७२ मिति २०६९।३।२६ रक्षा मन्त्रालयबाट प्रममपकालाई पठाएको जानकारी सम्बन्धको पत्र बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५४७**

१. **पीडितको नाम, थर र ठेगाना** रामवहादुर प्रजा, पदमपुर-१ जितपुर, चितवन

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रिय कार्यालय, फाइल नं. ३७८५, चितवन जिल्ला पदमपुर गा.वि.स. १ जितपुर बस्ने रामवहादुर प्रजालाई मिति २०५९।२।२९ गते चितवन राष्ट्रिय निकुञ्ज र नेपाली सेना देवीदत्त गणका सुरक्षाकर्मीले पक्राउ गरी लगेकाले खोजतलाश गरी पाउँ भनि मिति २०६३।५।२८ गते आयोगमा उजूरी दर्ता भएको देखियो।

४. **आयोगको निर्णय/सिफारिश** सुरक्षा निकायका व्यक्तिले लापरवाहीपूर्वक नागरिकको बाँच्न पाउने अधिकार हरण गरेकाले त्यसरी हत्या गर्ने सुरक्षा निकायका व्यक्तिमाथि कानून बमोजिम कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।१०।१३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९७३ अनुसन्धान ३७८५।पोखरा मिति २०६८।११।३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. २२९ मिति २०६८।११।५ प्रममपकाबाट गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ।

च.नं. २४०, मिति २०६९।१।१०, प्र.प्र.काबाट खुलाई पठाएको सम्बन्धमा आयोगलाई पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५४८**

१. **पीडितको नाम, थर र ठेगाना** झलेन्द्र गुरुङ्ग, पदमपुर-२ जितपुर, चितवन।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रिय कार्यालय, फाइल नं. ३७८८, जिल्ला चितवन पदमपुर २ जितपुर बस्ने झलेन्द्र गुरुङ्गलाई मिति २०५९।५।९ गते सुरक्षाकर्मीले विना पूर्जि पक्राउ गरी लगेको हालसम्म कुनै जानकारी नदिएकाले खोजतलाश गरीपाउँन, छानवीन गरी दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन भनि मिति २०६३।५।२८ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** सुरक्षा निकायका व्यक्तिले लापरवाहीपूर्वक नागरिकको बाँच्न पाउने अधिकार हरण गरेकाले त्यसरी हत्या गर्ने सुरक्षा निकायका व्यक्तिमाथि कानून बमोजिम कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।१०।१३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ९६७ अनुसन्धान ३७८८, मिति २०६८।११।३ मार्फत निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. २२०, मिति २०६८।११।५ को प्रममपकाबाट गृह मन्त्रालयलाई लेखेको बोधार्थ पत्र।

च.नं. २४०, मिति २०६९।१।१०, प्र.प.का.बाट खुलाई पठाएको सम्बन्धमा आयोगलाई पत्र।

च.नं. १८०, मिति २०६९।७।१६ मा श्री प्रममपकाले शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा ताकेता पत्रको बोधार्थ।

च.नं १०२ मिति २०७०।८।१६ रक्षा मन्त्रालयबाट प्रममपकालाई जानकारी सम्बन्धमा पठाएको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५४९**

१. **पीडितको नाम, थर र ठेगाना** प्रेमबहादुर भंडेल, खलंगा-३, सल्यान

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** नेपालगंज, फाइल नं. १०६९, जिल्ला सल्यान खलंगा गाविस वडा नं. ३ बस्ने वर्ष ४४ का प्रेमबहादुर भडेललाई मिति २०५८।१२।१९ गते सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेका हुँदा निजको अवस्था सार्वजनिक गरी पाउँ भनी आयोग समक्ष मिति २०६३।७।१४ गते आयोगमा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई सुरक्षाकर्मीले फक्राउ गरिसकेपछि कानून बमोजिम कार्वाही गर्नु सट्टा गैरन्यायिक हत्या गरेको देखियो । तसर्थः घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(५) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।११।२२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १२९४ अनुसन्धान १०६९।नेपालगन्ज मिति २०६९।१।१० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५५०**

१. **पीडितको नाम, थर र ठेगाना** हरिभक्त नेपाली, तातोपानी-३, जुम्ला र दले नेपाली मान्म-४, कालीकोट ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जुम्ला, मिशिल नं. ७२/७३, जिल्ला जुम्ला तातोपानी गाविस ३ वाइरा बस्ने वर्ष २९ का हरिभक्त नेपाली र निजको साला नाता पर्ने कालीकोट जिल्ला मान्म गाविस ४ ओखरभिट्टा घर भएका वर्ष १९ का दले नेपालीलाई मिति २०५४।१।१८ गते सामान किनेर घर फर्कदै गर्दा स्थानीय निर्वाचनको सुरक्षाका लागि बसेको प्रहरीको टोलीले हत्या गरेकाले छानवीन गरी क्षतिपूर्ति उपलब्ध गराईपाउँ भनी मिति २०६४।१।२३ गते आयोगको तात्कालिक सम्पर्क कार्यालय जुम्लामा छुट्टाछुट्टै दुइवटा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** नेकपा माओवादीले सो समयमा प्रहरी पोष्टमा सुतली बम पड्काएकाले प्रहरी तनावपूर्ण अवस्थामा रहेको । उल्लेखित दुवैजना रक्सी खाई हल्ला गर्दै आइरहेको अवस्थामा पुनः हमला गर्न आइरहेको हुनसक्ने ठानी प्रहरीले गोली चलाउँदा निजहरूको मृत्यु हुन गएकोले मृतकद्वयका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ (३) बमोजिम जनही रु. ३,००,०००।- का दरले क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।१०।१८ को निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९८४ अनुसन्धान ७२।७३।जुम्ला मिति २०६८।११।३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ५५१**

१. **पीडितको नाम, थर र ठेगाना** मनिराम धराला, तातोपानी-२ राँका, जुम्ला

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जुम्ला जिल्ला तातोपानी गाविस वडा नं. २ राँका बस्ने मनिराम धरालालाई मिति २०६१।५।१७ गते आफ्नै घरको छतमाथि जौ चुटिरहेको बेला संयुक्त सुरक्षाफौजले पक्राउ गरी कुटपीट गर्दै लाम्रा गाविस ७ बांजारावलामा लगि हत्या गरेकाले घटनाको छानवीन गरी पीडकलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६२।१०।१२ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय ⁄ सिफारिश** यसमा निज मनिराम धरालाले सुरक्षाकर्मी माथि सकेट बम फाली भाग्न लाग्दा सुरक्षाफौजको कारवाहीमा परी मृत्यु भएको भन्ने सेनाको भनाई पुष्टि हुने आधारप्रमाण देखिएन। निज धरालालाई सुरक्षाकर्मीले पक्राउ गरिसकेपछि कानून बमोजिम कार्वाही गर्नुपर्नेमा सो नगरी आफ्नो नियन्त्रणमा लिई गैरन्यायिक हत्या गरेको देखिन आएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मिको पहिचान गरी मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (५) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।१०।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १२९० अनुसन्धान ४।जुम्ला मिति २०६९।१।१० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५५२**

१. **पीडितको नाम, थर र ठेगाना** ज्ञानबहादुर रसाईली, रिनपाटा-६ चौड, बझाङ्ग।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बझाङ्ग रिनपाटा-६ चौडका ज्ञानबहादुर रसाईलीलाई मिति २०५८।९।१ गते घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले जिल्ला प्रहरी कार्यालय, बझाङ्गमा बोलाएको छ भनी पक्राउ गरी लगेकोमा मिति २०५८।९।२ गते निज ज्ञानबहादुर रसाइली विरामी छ भेट्न आउनु भनी खबर आई भेट्न जाँदा लाश बुझ्न भनेकाले निर्दोष व्यक्तिलाई सुरक्षाफौजले हत्या गरेकाले दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६२।४।१२ गते आयोगमा उजूरी दर्ता।

४. **आयोगको निर्णय ⁄ सिफारिश** निज ज्ञानबहादुर रसाईलीलाई सुरक्षाकर्मीले पक्राउ गरी आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई गैरन्यायिक हत्या गरेको देखिएकोले घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (५) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन र निजका बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।१०।२३ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १२८१ अनुसन्धान ३१७।धनगढी मिति २०६९।१।१० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५५३**

१. **पीडितको नाम, थर र ठेगाना** बमबहादुर मल्ल, रायल-१, बझाङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ५८८, जिल्ला बझाङ्ग रायल गाविस वडा नं. १ बस्ने बमबहादुर मल्ललाई मिति २०५९।२।३० गते सुरक्षाफौजले पक्राउ गरी हत्या गरेकाले दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति र नाबालक छोराछोरीलाई निःशुल्क शिक्षाको व्यवस्था गरी पाउँ भनी मिति २०६४।११।१ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय ⁄ सिफारिश** निजलाई सुरक्षाकर्मीले पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई गैरन्यायिक हत्या गरेको देखिंदा घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन, ज्यान

सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(५) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन र निजका बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।१०।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १२८३ अनुसन्धान ५८८।धनगढी मिति २०६९।१।१० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५५४**

१. **पीडितको नाम, थर र ठेगाना** पाटनदिन लोहार, फत्तेपुर-१, बाँके

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** नेपालगंज, उजूरी नं. ६८६, जिल्ला बाँके फत्तेपुर गाविस वडा नं. १ बस्ने पाटनदिन लोहारलाई मिति २०५८।८।१३ गते जिल्ला प्रहरी कार्यालय, बांकेबाट गएका प्रहरी सुरक्षाकर्मीले हत्या गरेकाले दोषीलाई कार्वाही गरी क्षतिपूर्ति दिलाईपाउं भनी मिति २०६२।१०।३० गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** निज पाटनदिन लोहार घरमा फलाम सम्बन्धी काम गरिरहेकोमा दिसा गर्न गएको अवस्थामा सुरक्षाकर्मीले घेरा हाली गोली चलाई हत्या गरी लास लिएर गएको देखियो । यस घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(५) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।१०।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १२८७ अनुसन्धान ६८३।नेपालगन्ज मिति २०६९।१।१० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५५५**

१. **पीडितको नाम, थर र ठेगाना** तपराज जोशी, रैकवार विचवा-७ राजघाट, कन्चनपुर

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धनगढी, उजरी नं. ४८७, कन्चनपुर जिल्ला रैकवार विचवा गाविस-७ राजघाट बस्ने तपराज जोशीलाई मिति २०५९।१।११ गते गस्तीमा आएको सशस्त्र प्रहरीले हत्या गरेकाले दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराईपाउँ भनी मिति २०६३।१०।५ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** घटनामा संलग्न दोषी सुरक्षाकर्मिको पहिचान गरी मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(५) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन र निजका बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।१०।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १२८८ अनुसन्धान ४८७।धनगढी मिति २०६९।१।१० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु.

३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५५६**

१. **पीडितको नाम, थर र ठेगाना** झलकमान पुन, लक्ष्मी पुन र चेतना पुन, शिवरथ-१ लौराबाङ्ग, सल्यान

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** नेपालगंज, उजुरी नं. ७०, जिल्ला सल्यान शिवरथ गाविस-१ लौराबाङ्ग बस्ने एकैघरका सदस्य झलकमान पुन, लक्ष्मी पुन र चेतना पुनलाई मिति २०६१।६।१६ गते सुरक्षाफौजले घर घेराहाली पक्राउ गरी घरदेखि १०० मिटर पर बिचबाटोमा खुकुरी प्रहार गरिसकेपछि हत्या गरेकाले घटनाको छानवीन गरीपाउँ भनी मिति २०६१।१०।११ गते आयोगमा निवेदन दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषी सुरक्षाकर्मिको पहिचान गरी मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(५) बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।१०।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १२८६ अनुसन्धान ७०।नेपालगन्ज मिति २०६९।१।१० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५५७**

१. **पीडितको नाम, थर र ठेगाना** नन्दराम घर्ती (वर्ष १४) कोहलपुर-६ जमुनी, बाँके

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बाँके कोहलपुर गाविस वडा नं. ६ जमुनी घर भई जय जनता निम्न मा. वि. नयाँवस्ती थपुवा, बाँकेमा कक्षा ७ मा अध्ययनरत १४ वर्षीय नन्दराम घर्तीलाई मिति २०५९।२।२७ गते सुरक्षाकर्मीले पक्राउ गरी इलाका प्रहरी कार्यालयमा २ घण्टा राखी चिसापानी स्थित सेनाको व्यारेकमा लगी यातना दिई पछि कोहलपुर इलाका प्रहरी कार्यालयमा ल्याई १०/१५ दिन राखी जैसपुर प्रहरी चौकीमा लगिएकोमा जैसपुर चौकीमै निजको मृत्यु भयो भनी जानकारी दिइयो । निर्दोष व्यक्तिलाई पक्राउ गरी गैरकानूनी रूपमा थुनामा राखेको अवस्थामा के-कसरी निजको मृत्यु भएको हो घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराईपाउँ भनी मिति २०६३।१०।२ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** नेपालगंज, उजूरी नं.४४७, घटनामा संलग्न इलाका प्रहरी कार्यालय, कोहलपुरका तत्कालीन प्रमुख धर्म सुनार, चिसापानी सैनिक व्यारेकका तत्कालीन प्रमुख, जैसपुर प्रहरी चौकीका तत्कालीन प्रमुख र अन्य दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(५) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।१०।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १२८४ अनुसन्धान ४४७।नेपालगन्ज मिति २०६९।१।१० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५५८**

१. **पीडितको नाम, थर र ठेगाना** रोल्पा जिल्लाको पाटेगुम्चाल लगायत अन्य स्थलमा बालवालिकाहरूको सामुहिक हत्याको घटनाका मृतकहरू

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | समुन्द्रा घर्ती | तेवाङ -७, रोल्पा |
| २ | पार्वती परियार (पाक्ती) | तेवाङ -६, रोल्पा |
| ३ | पुने विष्ट | तेवाङ -६, रोल्पा |
| ४ | गोविन्द विक | तेवाङ -९, रोल्पा |
| ५ | बालसरी रोका | तेवाङ -८, रोल्पा |
| ६ | खोपीराम महरा | तेवाङ -८, रोल्पा |
| ७ | लालमती पुन | गुम्चाल-५, रोल्पा |
| ८ | जिउरा पुन | गुम्चाल-५, रोल्पा |
| ९ | तुमे वुढाथोकी | गुम्चाल-४, रोल्पा |
| १० | कामे पुन | गुम्चाल-४, रोल्पा |
| ११ | रत्ना गुरूङ | गुम्चाल-४, रोल्पा |
| १२ | झमक गुरुङ्ग | गुम्चाल-५, रोल्पा |
| १३ | ज्ञानबहादुर पुन मगर | गुम्चाल-५, रोल्पा |
| १४ | आइते बुढा | गुम्चाल-५, रोल्पा |
| १५ | गण पुन | गुम्चाल-५, रोल्पा |
| १६ | बलबहादुर पुन | गुम्चाल-५, रोल्पा |
| १७ | खगे पुन | गुम्चाल-२, रोल्पा |
| १८ | खिमे थापा | गुम्चाल-४, रोल्पा |
| १९ | जंगविर पुन | गुम्चाल-४, रोल्पा |
| २० | पूर्णे पुन | गुम्चाल-४, रोल्पा |
| २१ | सेरे पुन | गुम्चाल-४, रोल्पा |
| २२ | भिमु पुन | गुम्चाल-४, रोल्पा |
| २३ | बलजित बुढाथोकी | गुम्चाल-६, रोल्पा |

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** नेपालगंज, फाइल नं. १६५, जिल्ला रोल्पा जेलवाङका वर्ष १८ का विना रोका, वर्ष १७ का सुवानी पुन, ऐ. जिल्ला सिर्प ३ जुतुङखोलाका १७ वर्षिया देवीकला परियार, वर्ष १७ का श्याम वि.क, ऐ. जिल्ला तेवाङका वर्ष १५ का समुन्द्रा घर्ती, वर्ष १४ का पाक्ती परियार, वर्ष १६ को पुने विष्ट, वर्ष १६ को गोविन्द विक, वर्ष १८ को बालसरी रोका, ऐ. जिल्ला गुम्चाल ५ का वर्ष १८ को लालमती पुन, वर्ष १६ को जिउरा पुन, वर्ष १८ को तुमे वुढाथोकी, वर्ष १६ को कामे पुन र वर्ष १७ को रत्ना गुरूङलगायत अन्य गरी ५७ जना बालवालिकाको सुरक्षाफौजले सामूहिक हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउनको लागि मिति २०६५।१।१५ गते आयोगमा सिविन नेपालले उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगको अनुसन्धानबाट नेकपा माओवादीले आयोजना गरेको कार्यक्रममा निशस्त्र रुपमा भाग लिइरहेको सर्वसाधारण व्यक्तिहरूलाई सुरक्षाकर्मीहरूले घेरा हाली आफ्नो नियन्त्रणमा लिएको अवस्थामा गोली हान्दा मृत्यु हुन गएको देखिन्छ । कानून बमोजिम कार्वाही गर्नुपर्‍यो भने हिरासतमा लिई कानूनी कार्वाही गर्नुको साटो आफ्नो घेरा भित्र परिसकेको निशस्त्र व्यक्तिलाई हत्या गर्ने अधिकार सुरक्षाकर्मीलाई नभएकोले सुरक्षाकर्मीले गरेको कारवाहीबाट निशस्त्र सर्वसाधारण व्यक्तिहरूको गैरन्यायिक हत्या हुन गएको देखियो । उक्त कारवाहीमा रोल्पा जिल्लाको तेवाङ र गुम्चाल गाविसका समुन्द्रा घर्तीसमेतका माथि पीडितको विवरणमा उल्लेखित २३ जनाको मृत्यु हुन गएको

अनुसन्धानबाट देखियो । तसर्थ यस घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकहरूका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(५) बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।११।२२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १२९५ अनुसन्धान १६५।नेपालगन्ज मिति २०६९।१।१० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५५९**

१. **पीडितको नाम, थर र ठेगाना** सुरेन्द्र ठाकुर हजाम, कमलदेव महतो, दिपेन्द्र साह र भोला यादव डुमरीया मटिऔन-२, रौतहट ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** रौतहट जिल्ला डुमरीया मटिऔन गा.वि.स. वडा नं. २ का २४ वर्षीय सुरेन्द्र ठाकुर हजाम मिति २०६२।११।२५ गते कनकपुर गा.वि.स. ५ वलुवा गाउँको जन सामुदायिक प्राथमिक विद्यालयको चउरमा बसिरहेको अवस्थामा तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले माओवादी आधार इलाकामा विना अनुमती आएको भनी नियन्त्रणमा लिएर राखेको अवस्थामा चन्द्रनिगाहपुर र गरूडाबाट खटिएका संयुक्त सुरक्षाफौजले चारैतिर घेरा हाली एक्कासी फायरिंग गर्न लाग्दा नेकपा माओवादी कार्यकर्ताहरू गाउँतर्फ भाग्न लागेका र निज सुरेन्द्र ठाकुरले सेना समक्ष हात उठाई नेकपा माओवादीसँग आवद्ध नभएको भनी आत्मसमर्पण गरेकोमा घाइते बनाएको । केही समयपछि कन्चटमा हत्या गरेको, सोही समयमा अन्य ४ जना माओवादी कार्यकर्ताहरूको समेत हत्या भएकोले घटनाको छानवीन गरी हत्यामा संलग्न सुरक्षाकर्मीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६२।१२।३ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज सुरेन्द्र ठाकुर हजाम तत्कालीन माओवादीका कार्यकर्ताहरू कमलदेव महतो, दिपेन्द्र साह, भोला यादव र नाम नखुलेका एकजना कार्यकर्तालाई सुरक्षाफौजले कानून बमोजिम कार्वाही गर्नु सट्टा गैरन्यायिक हत्या गरेको आयोगको अनुसन्धानबाट देखियो । तसर्थः घटनामा संलग्न तत्कालीन सह-सेनानी प्रदीपकुमार श्रेष्ठ लगायत अन्य दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतक सुरेन्द्र ठाकुर हजाम, कमलदेव महतो, दिपेन्द्र साह, भोला यादवका कानून बमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनी आयोगबाट मिति २०६९।१।३१ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ६ अनुसन्धान ३५१५ मिति २०६९।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५६०**

१. **पीडितको नाम, थर र ठेगाना** पुन्यप्रसाद गौतम, पोखरीचौरी-३, काभ्रे ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलाञ्चोक जिल्ला पोखरीचौंरी गा.वि.स.वडा नं. ३ बस्ने पुन्यप्रसाद गौतमलाई हातहतियार सहित आएका सेनाले मिति २०६०।२।२५ गते विर्ता देउराली गा.वि.स.बाट पक्राउ गरी अमानवीय तरीकाले यातना दिई हत्या गरेकोले दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६४।२।६ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगको अनुसन्धानबाट निज पुन्यप्रसाद गौतम तत्कालीन नेकपा माओवादीको कार्यकर्ता रहेको देखियो । निज गौतमलाई सुरक्षाकर्मीद्वारा पक्राउ गरी आफ्नो नियन्त्रणमा लिइसकेपछि कानून बमोजिम कार्वाही गर्नुको सट्टा निजलाई डोरीले बाँधी घिसार्दै लगी गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन । साथै रक्षा मन्त्रालयको प.सं. कानून।०६८।६९ मिति २०६८।४।८ को पत्र मार्फत कार्यरथी विभाग मानव अधिकार निर्देशनालयको प.सं. १४६४४।३।ए।०६८।६९।०१।२० मिति २०६८।०४।३ को पत्रलाई उधृत गर्दै सेना तैनाथी रहेको स्थान, परिचालित फौज, सेनाको अपरेशन आदेश र सो सम्बन्धी ब्रिफिङ्ग, डिब्रिफिङ्ग खटिएका कमाण्डर सम्बन्धी सूचना अति संवेदनशिल मानी त्यस सम्बन्धी सूचना आवश्यक संस्था तथा पदाधिकारीहरूलाई मात्रै उपलब्ध गराउने विश्वका विकसित तथा प्रजातान्त्रिक राष्ट्रहरूमा समेत प्रचलनमा रहेको भनी पत्रबाट जवाफ दिएको देखिन्छ । शान्ति कायम गर्नका लागि गोली समेत हान्ने अधिकार देशको कानूनले सुरक्षाकर्मीहरूलाई अधिकार प्रदान गरेको हुन्छ । सुरक्षाकर्मीहरूले कानूनले दिएको अधिकार प्रयोग गरी कार्वाही गर्दा नागरिकको बाँच्न पाउने मानव अधिकार हनन् हुन गएको हो होइन ? त्यसको छानवीन गर्न, उल्लंघन भएको देखिन आएमा त्यस्ता सुरक्षाकर्मी माथि कार्वाही गर्न सिफारिश गर्न संवैधानिक आयोगको रूपमा राष्ट्रिय मानव अधिकार आयोगको गठन भएको सर्वविदितै छ । मानव अधिकारको हनन् भए नभएको छानवीन गरी सिफारिश गर्ने एक मात्र अधिकार सम्पन्न निकाय यो आयोग नै रहेको थाहा पाउँदा पाउँदै खटिएका कमाण्डर सम्बन्धी सूचना अति संवेदनशील मानी त्यस सूचना आवश्यक संस्था तथा पदाधिकारीहरूलाई मात्रै उपलब्ध गराउने प्रचलन रहेको भनी पत्रमा व्यहोरा उल्लेख गरी जवाफ दिनु गैर जिम्मेवारीपूर्ण कार्य देखियो । मानव अधिकारको हनन् भएको घटनाको छानवीनमा सहयोग नगर्ने संस्था वा पदाधिकारीको नाम मानवअधिकार उल्लंघनकर्ताको रूपमा सार्वजनिक गर्ने अधिकार पनि संविधानको धारा १३२ को उपधारा २ (१) को देहाय (ज) मा र आयोगलाई सहयोग नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लंघनकर्ताको रूपमा सार्वजनिक गरिनेछ भनी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७ (१) मा उल्लेख भएकोले ध्यानाकर्षण गराएको छ। अतः आयोगलाई गैर जिम्मेवारपूर्ण जवाफ लेख्ने सेनाका मानव अधिकार निर्देशनालयका तत्कालीन प्रमुख तथा जिम्मेवार सेनाका अधिकारीको नाम अभिलेख राख्न समेत नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।१।३१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १० अनुसन्धान ४१२७ मिति २०६९।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५६१**

१. **पीडितको नाम, थर र ठेगाना** पञ्जा बहादुर लामा, मादन कुडारी-६, काभ्रे ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलाञ्चोक जिल्ला मादन कुडारी गा.वि.स.वडा नं. ६ बस्ने पञ्जाबहादुर लामालाई २०६१ साल असोज १३ गते हातहतियार सहित आएका सेनाले घरमा घेरा हाली हत्या गरेकाले दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६४।२।६ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगको अनुसन्धानबाट निज पञ्जावहादुर लामा ने.क.पा.(माओवादी) का कार्यकर्ता रहेको देखियो । निजलाई नेपाली सेनाले निजको घरमा घेरा हाली घाइते बनाएको र आफ्नो नियन्त्रणमा लिइसकेको व्यक्तिलाई पुनः गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन र रक्षा मन्त्रालयको प.सं. कानून।०६८।६९ मिति २०६८।४।८ को पत्र मार्फत कार्यरथी विभाग मानव अधिकार निर्देशनालयको प.सं. १४६४४।३।ए।०६८।६९।०१।२० मिति २०६८।०४।३ को पत्रलाई उधृत गर्दै "सेना तैनाथी रहेको स्थान, परिचालित फौज, सेनाको अपरेशन आदेश र सो सम्बन्धी ब्रिफिङ्ग, डिब्रिफिङ्ग खटिएका कमाण्डर सम्बन्धी सूचना अति संवेदनशील मानी त्यस सम्बन्धी सूचना आवश्यक संस्था तथा पदाधिकारीहरूलाई मात्रै उपलब्ध गराउने विश्वका विकसित तथा प्रजातान्त्रिक राष्ट्रहरूमा समेत प्रचलनमा रहेको" भनी पत्रबाट जवाफ दिएको देखिन्छ। शान्ति कायम गर्नका लागि गोली समेत हान्ने अधिकार देशको कानूनले सुरक्षाकर्मीहरूलाई अधिकार प्रदान गरेको हुन्छ । सुरक्षाकर्मीहरूले कानूनले दिएको अधिकार प्रयोग गरी कार्वाही गर्दा नागरिकको "बाँच्न पाउने" मानव अधिकार हनन् हुन गएको हो होइन ? त्यसको छानवीन गर्न, उल्लंघन भएको देखिन आएमा त्यस्ता सुरक्षाकर्मी माथि कार्वाही गर्न सिफारिश गर्न संवैधानिक आयोगको रूपमा राष्ट्रिय मानव अधिकार आयोगको गठन भएको सर्वविदितै छ । मानव अधिकारको हनन् भए नभएको छानवीन गरी सिफारिश गर्ने एक मात्र अधिकार सम्पन्न निकाय यो आयोग नै रहेको थाहा पाउँदा पाउँदै "खटिएका कमाण्डर" सम्बन्धी सूचना अति संवेदनशील मानी त्यस सूचना आवश्यक संस्था तथा पदाधिकारीहरूलाई मात्रै उपलब्ध गराउने प्रचलन रहेको भनी पत्रमा व्यहोरा उल्लेख गरी जवाफ दिनु गैर जिम्मेवारीपूर्ण कार्य देखियो । मानव अधिकारको हनन् भएको घटनाको छानवीनमा सहयोग नगर्ने संस्था वा पदाधिकारीको नाम मानवअधिकार उल्लंघनकर्ताको रूपमा सार्वजनिक गर्ने अधिकार पनि संविधानको धारा १३२ को उपधारा २ (१) को देहाय (ज) मा र आयोगलाई सहयोग नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लंघनकर्ताको रूपमा सार्वजनिक गरिनेछ भनी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७(१) मा उल्लेख भएकोले ध्यानाकर्षण गराइएको छ । अतः आयोगलाई गैर जिम्मेवारपूर्ण जवाफ लेख्ने तत्कालीन मानव अधिकार निर्देशनालयका प्रमुख तथा जिम्मेवार सेनाका अधिकारीको नाम रेर्कड राख्न समेत नेपाल सरकारलाइ सिफारिश गर्ने" भनी आयोगबाट मिति २०६९।१।३१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं.१२ अनुसन्धान ४१२५ मिति २०६९।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५६२**

१. **पीडितको नाम, थर र ठेगाना** शिव बहादुर पहरी कोलाँती भुम्लु-४, काभ्रे ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलाञ्चोक जिल्ला कोलाँती भुम्लु गा.वि.स.वडा नं. ४ बस्ने शिव बहादुर पहरीलाई हातहतियार सहित आएका सेनाले मिति २०६०।९।२० गते पक्राउ गरी मिति २०६०।९।२८ गते गोठपानी गा.वि.स.को ढाँडखर्क भञ्ज्याङ्गमा लगी हत्या गरेकोले दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६४।२।६ गते आयोगमा उजुरी दर्ता हुन आएको देखियो ।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगमा अनुसन्धानबाट निज शिव वहादुर पहरीलाई सुरक्षाकर्मीले पक्राउ गरी आफ्नो नियन्त्रणमा लिईसकेपछि कानून बमोजिम कार्वाही गर्नुको सट्टा पक्राउ गरेको ८ दिनपछि काभ्रेपलान्चोक जिल्लाको धुसेनी शिवालयको ढाँडखर्क भन्ने स्थानमा लगी गैरन्यायिक हत्या गरेकाले निजहरूको बाँच्न पाउने मानव अधिकार उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम

कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन । साथै रक्षा मन्त्रालयको प.सं. कानून।०६८।६९ मिति २०६८।४।८ को पत्र मार्फत कार्यरथी विभाग मानव अधिकार निर्देशनालयको प.सं. १४६४४।३।ए।०६८।६९।०१।२० मिति २०६८।०४।३ को पत्रलाई उधृत गर्दै "सेना तैनाथी रहेको स्थान, परिचालित फौज, सेनाको अपरेशन आदेश र सो सम्बन्धी व्रिफिङ्ग, डिव्रिफिङ्ग खटिएका कमाण्डर सम्बन्धी सूचना अति संवेदशिल मानी त्यस सम्बन्धी सूचना आवश्यक संस्था तथा पदाधिकारीहरूलाई मात्रै उपलब्ध गराउने विश्वका विकसित तथा प्रजातान्त्रिक राष्ट्रहरूमा समेत प्रचलनमा रहेको" भनी पत्रबाट जवाफ दिएको देखिन्छ । शान्ति कायम गर्नका लागि गोली समेत हान्ने अधिकार देशको कानूनले सुरक्षाकर्मीहरूलाई अधिकार प्रदान गरेको हुन्छ । सुरक्षाकर्मीहरूले कानूनले दिएको अधिकार प्रयोग गरी कार्वाही गर्दा नागरिकको "बाँच्न पाउने" मानव अधिकार हनन् हुन गएको हो होइन ? त्यसको छानवीन गर्न, उल्लंघन भएको देखिन आएमा त्यस्ता सुरक्षाकर्मी माथि कार्वाही गर्न सिफारिश गर्न संवैधानिक आयोगको रूपमा राष्ट्रिय मानव अधिकार आयोगको गठन भएको सर्वविदितै छ । मानव अधिकारको हनन् भए नभएको छानवीन गरी सिफारिश गर्ने एक मात्र अधिकार सम्पन्न निकाय यो आयोग नै रहेको थाहा पाउँदा पाउँदै "खटिएका कमाण्डर" सम्बन्धी सूचना अति संवेदनशील मानी त्यस सूचना आवश्यक संस्था तथा पदाधिकारीहरूलाई मात्रै उपलब्ध गराउने प्रचलन रहेको भनी पत्रमा व्यहोरा उल्लेख गरी जवाफ दिनु गैरजिम्मेवारीपूर्ण कार्य देखियो । मानव अधिकारको हनन् भएको घटनाको छानवीनमा सहयोग नगर्ने संस्था वा पदाधिकारीको नाम मानवअधिकार उल्लंघनकर्ताको रूपमा सार्वजनिक गर्ने अधिकार पनि संविधानको धारा १३२ को उपधारा २ (१) को देहाय (ज) मा र आयोगलाई सहयोग नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लंघनकर्ताको रूपमा सार्वजनिक गरिनेछ भनी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७(१) मा उल्लेख भएको हुँदा त्यसतर्फ ध्यानाकर्षण गराइएको छ । अतः आयोगलाई गैर जिम्मेवारपूर्ण जवाफ लेख्ने सेनाका मानव अधिकार निर्देशनालयका तत्कालीन प्रमुख तथा जिम्मेवार सेनाका अधिकारीको नाम रेर्कड राख्न समेत नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।१।३१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८ अनुसन्धान ४१११ मिति २०६९।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्रहरी प्रधान कार्यालयको च.नं. १७० मिति २०६९।९।२५ को पत्रानुसार आयोगलाई जानकारी पठाइएकोमा निज शिव बहादुर पहरीको हकदार साहिली पहरीले रु. ३,००,०००।- जिल्ला प्रशासन कार्यालय काभ्रेबाट बुझिसकेको भन्ने व्यहोरा उल्लेख ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५६३**

१. **पीडितको नाम, थर र ठेगाना** श्यामकाजी पहरी, कोलाँती भुम्लु-४, काभ्रे ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलाञ्चोक जिल्ला कोलाँती भुम्लु गा.वि.स.वडा नं. ४ बस्ने श्यामकाजी पहरीलाई हातहतियार सहित आएका सेनाले मिति २०६०।९।२० गते पक्राउ गरी मिति २०६०।९।२८ गते गोठपानी गा.वि.स.को ढाँडखर्क भञ्ज्याङ्गमा लगी हत्या गरेकोले दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६४।२।६ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगमा अनुसन्धानबाट निज श्यामकाजी पहरीलाई सुरक्षाकर्मीले पक्राउ गरी आफ्नो नियन्त्रणमा लिईसकेपछि कानून बमोजिम कार्वाही गर्नुको सट्टा पक्राउ गरेको ८ दिनपछि काभ्रेपलान्चोक जिल्लाको धुसेनी शिवालयको ढाँडखर्क भन्ने स्थानमा लगी गैरन्यायिक हत्या गरेकाले निजहरूको बाँच्न पाउने मानव अधिकार उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम

कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन । साथै रक्षा मन्त्रालयको प.सं. कानून।०६८।६९ मिति २०६८।४।८ को पत्र मार्फत कार्यरथी विभाग मानव अधिकार निर्देशनालयको प.सं. १४६४४।३।ए।०६८।६९।०१।२० मिति २०६८।०४।३ को पत्रलाई उधृत गर्दै “सेना तैनाथी रहेको स्थान, परिचालित फौज, सेनाको अपरेशन आदेश र सो सम्बन्धी ब्रिफिङ्ग, डिब्रिफिङ्ग खटिएका कमाण्डर सम्बन्धी सूचना अति संवेदशिल मानी त्यस सम्बन्धी सूचना आवश्यक संस्था तथा पदाधिकारीहरूलाई मात्रै उपलब्ध गराउने विश्वका विकसित तथा प्रजातान्त्रिक राष्ट्रहरूमा समेत प्रचलनमा रहेको” भनी पत्रबाट जवाफ दिएको देखिन्छ । शान्ति कायम गर्नका लागि गोली समेत हान्ने अधिकार देशको कानूनले सुरक्षाकर्मीहरूलाई अधिकार प्रदान गरेको हुन्छ । सुरक्षाकर्मीहरूले कानूनले दिएको अधिकार प्रयोग गरी कार्वाही गर्दा नागरिकको ”बाँच्न पाउने” मानव अधिकार हनन् हुन गएको हो होइन ? त्यसको छानवीन गर्न, उल्लंघन भएको देखिन आएमा त्यस्ता सुरक्षाकर्मी माथि कार्वाही गर्न सिफारिश गर्न संवैधानिक आयोगको रूपमा राष्ट्रिय मानव अधिकार आयोगको गठन भएको सर्वविदितै छ । मानव अधिकारको हनन् भए नभएको छानवीन गरी सिफारिश गर्ने एक मात्र अधिकार सम्पन्न निकाय यो आयोग नै रहेको थाहा पाउँदा पाउँदै ”खटिएका कमाण्डर” सम्बन्धी सूचना अति संवेदनशील मानी त्यस सूचना आवश्यक संस्था तथा पदाधिकारीहरूलाई मात्रै उपलब्ध गराउने प्रचलन रहेको भनी पत्रमा व्यहोरा उल्लेख गरी जवाफ दिनु गैर जिम्मेवारीपूर्ण कार्य देखियो । मानव अधिकारको हनन् भएको घटनाको छानवीनमा सहयोग नगर्ने संस्था वा पदाधिकारीको नाम मानवअधिकार उल्लंघनकर्ताको रूपमा सार्वजनिक गर्ने अधिकार पनि संविधानको धारा १३२ को उपधारा २ (१) को देहाय (ज) मा र आयोगलाई सहयोग नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लंघनकर्ताको रूपमा सार्वजनिक गरिनेछ भनी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७(१) मा उल्लेख भएको हुँदा त्यसतर्फ ध्यानाकर्षण गराइएको छ । अतः आयोगलाई गैरजिम्मेवारपूर्ण जवाफ लेख्ने सेनाका मानव अधिकार निर्देशनालयका तत्कालीन प्रमुख तथा जिम्मेवार सेनाका अधिकारीको नाम रेर्कड राख्न समेत नेपाल सरकारलाई सिफारिश गर्ने” भनि आयोगबाट मिति २०६९।१।३१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८ अनुसन्धान ४१११ मिति २०६९।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्रहरी प्रधान कार्यालयको च.नं. १७० मिति २०६९।९।२५ को पत्रानुसार आयोगलाई जानकारी पठाइएकोमा निज श्यामकाजी पहरीको हकदार कृष्ण बहादुर पहरीले रु. ३,००,०००।- जिल्ला प्रशासन कार्यालय काभ्रेबाट बुझिसकेको भन्ने व्यहोरा उल्लेख ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५६४**

१. **पीडितको नाम, थर र ठेगाना** टसी लामा, मादन कुडारी-६, काभ्रे ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलाञ्चोक जिल्ला मादन कुडारी गा.वि.स.वडा नं. ६ बस्ने टसी लामालाई मिति २०६०।११।१ गते हतियार सहित आएका सेनाले पक्राउ गरी हत्या गरेकोले दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६४।२।६ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगको अनुसन्धानबाट निज टसी लामा ने.क.पा.(माओवादी) का कार्यकर्ता रहेको देखियो । निजलाई सेनाले पक्राउ गरी आफ्नो नियन्त्रणमा लिइसकेपछि कानून बमोजिम कार्वाही गर्नुको सट्टा गैरन्यायिक हत्या गरेकोले निजको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न तत्कालीन शेर गणका गणपति कर्मेन्द्र लिम्वु, सहायक गणपति शेर सिंह विष्ट, टोली कमाण्डर उपसेनानी सरोज बस्नेत, जम. देवान थापामगर, हु. शेर बहादुर रानाभाट, अम. काजी बहादुर कार्की, प्युठहरू बल बहादुर श्रेष्ठ, जगेन्द्र प्याकुरेल, सिपाहीहरू

खेटराज तामाङ्ग, दिपक नेपाली र लिला प्रसाद विकलाई मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन। साथै रक्षा मन्त्रालयको प.सं. कानून।०६८।६९ मिति २०६८।४।८ को पत्र मार्फत कार्यरथी विभाग मानव अधिकार निर्देशनालयको प.सं. १४६४४।३।ए।०६८।६९।०१।२० मिति २०६८।०४।३ को पत्रलाई उधृत गर्दै "सेना तैनाथी रहेको स्थान, परिचालित फौज, सेनाको अपरेशन आदेश र सो सम्बन्धी व्रिफिङ्ग, डिव्रिफिङ्ग खटिएका कमाण्डर सम्बन्धी सूचना अति संवेदशिल मानी त्यस सम्बन्धी सूचना आवश्यक संस्था तथा पदाधिकारीहरूलाई मात्रै उपलब्ध गराउने विश्वका विकसित तथा प्रजातान्त्रिक राष्ट्रहरूमा समेत प्रचलनमा रहेको" भनी पत्रबाट जवाफ दिएको देखिन्छ। शान्ति कायम गर्नका लागि गोली समेत हान्ने अधिकार देशको कानूनले सुरक्षाकर्मीहरूलाई अधिकार प्रदान गरेको हुन्छ। सुरक्षाकर्मीहरूले कानूनले दिएको अधिकार प्रयोग गरी कार्वाही गर्दा नागरिकको "बाँच्न पाउने" मानव अधिकार हनन् हुन गएको हो होइन ? त्यसको छानवीन गर्न, उल्लंघन भएको देखिन आएमा त्यस्ता सुरक्षाकर्मी माथि कार्वाही गर्न सिफारिश गर्न संवैधानिक आयोगको रूपमा राष्ट्रिय मानव अधिकार आयोगको गठन भएको सर्वविदितै छ। मानव अधिकारको हनन् भए नभएको छानवीन गरी सिफारिश गर्ने एक मात्र अधिकार सम्पन्न निकाय यो आयोग नै रहेको थाहा पाउँदा पाउँदै "खटिएको कमाण्डर" सम्बन्धी सूचना अति संवेदनशील मानी त्यस्तो सूचना आवश्यक संस्था तथा पदाधिकारीहरूलाई मात्रै उपलब्ध गराउने प्रचलन रहेको भनी पत्रमा व्यहोरा उल्लेख गरी जवाफ दिनु गैर जिम्मेवारीपूर्ण कार्य देखियो। मानव अधिकारको हनन् भएको घटनाको छानवीनमा सहयोग नगर्ने संस्था वा पदाधिकारीको नाम मानवअधिकार उल्लंघनकर्ताको रूपमा सार्वजनिक गर्ने अधिकार पनि संविधानको धारा १३२ को उपधारा २ (१) को देहाय (ज) मा र आयोगलाई सहयोग नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लंघनकर्ताको रूपमा सार्वजनिक गरिनेछ भनी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७ (१) मा उल्लेख भएको हुँदा त्यसतर्फ ध्यानाकर्षण गराइएको छ। अतः आयोगलाई गैर जिम्मेवारपूर्ण जवाफ लेख्ने सेनाका मानव अधिकार निर्देशनालयका तत्कालीन प्रमुख तथा जिम्मेवार सेनाका अधिकारीको नाम रेर्कड राख्न समेत नेपाल सरकारलाइ सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।१।३१ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११ अनुसन्धान ४१२६ मिति २०६९।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्रहरी प्रधान कार्यालयको च.नं. १७० मिति २०६९।९।२५ को पत्रानुसार आयोगलाई जानकारी पठाइएकोमा निज टसी लामाको हकदार पञ्च बहादुर तामाङ्गले रु. ३,००,०००।- जिल्ला प्रशासन कार्यालय काभ्रेबाट बुझिसकेको भन्ने व्यहोरा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५६५**

१. **पीडितको नाम, थर र ठेगाना** गायत्री खनाल, रजहर-८, नवलपरासी
रोशनी भण्डारी, भूमही, नवलपरासी
रोमा गुरूङ्ग, दुम्कीबास-३, नवलपरासी र
रमा रानामगर, प्रगतिनगर-९, नवलपरासी।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** नवलपरासी जिल्ला रजहर गाविस वडा नं. ८ बरटाँडीबाट मिति २०६१।१।२६ गते गायत्री खनाल, रोशनी भण्डारी, रोमा गुरूङ्ग र रमा रानामगरलाई नेपाली सेनाले पक्राउ गरी नियन्त्रणमा लिई आँखामा पट्टी लगाई हात पछाडी बाँधी सामुदायिक नर्सरी वनमा लगि बलात्कारपछि हत्या गरेको र जवाफी कारवाहीमा मरेको भनी सार्वजनिक गरिएको। यसरी अमानविय तरिकाले हत्या गरेको हुँदा निश्पक्ष छानवीन गरी सत्य तथ्य अगाडि ल्याई दोषी उपर कडा भन्दा कडा कार्वाही र निर्दोष व्यक्तिहरूलाई उचित क्षतिपूर्तिको लागि पहल गरीपाउँ भनी मिति २०६१।२।२१ गते आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगको अनुसन्धानबाट निजहरूलाई सेनाले पक्राउ गरी आफ्नो नियन्त्रणमा लिइसकेको व्यक्तिहरूलाई कानून बमोजिम कार्वाही गर्नुको सट्टा गैरन्यायिक हत्या गरेको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकहरूका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनी आयोगबाट मिति २०६९।१।३१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं.२ अनुसन्धान १७९४ मिति २०६९।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५६६**

१. **पीडितको नाम, थर र ठेगाना** मदन यादव, मखनाहा-८, धनुषा ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** धनुषा जिल्ला मखनाहा गाविस वडा नं. ८ मटही बस्ने वर्ष २७ का मदन यादवलाई मिति २०६७।३।२० गते जिप्रका धनुषाको मातहतको कार्यालय ईलाका प्रहरी कार्यालय सवैलाबाट खटि गएको प्रहरी टोलीले पक्राउ गरी सोही गाविसमा पर्ने बालुवाधार नदीमा लगी हत्या गरेको भन्ने घटनाको सम्बन्धमा आयोगले आफ्नै सक्रियतामा मिति २०६७।४।२ गते उजूरी दर्ता गरी कार्वाही अगाडि बढाएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न सवैला ईलाका प्रहरी कार्यालय, धनुषाका प्र.नि. रमेश वहादुर सिंहले गोली हान्ने आदेश दिने र निजको गैरकानूनी आदेशलाई मानि गोली हान्ने प्र.ना.नि. कुमारराज पौडेललाई मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) अनुसार रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।२।१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८३ अनुसन्धान २ मिति २०६९।४।१६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ८० मिति २०६९।५।५ मा प्रममपकाले आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा गृहलाई पठाएको पत्रको बोधार्थ ।

   च.नं. १२१ मिति २०७२।१०।५ मा गृ.म, स्थानीय प्र.शाखबाट प्र.प्र.कालाई कारवाहीको लागि पठाइएको सम्बन्धमा पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५६७**

१. **पीडितको नाम, थर र ठेगाना** फुलभारी मुखिया, मुखियापट्टी मुसहरनिया-२, धनुषा ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** धनुषा जिल्ला मुखियापट्टी मुसहरनिया गाविस वडा नं. २ बस्ने ४१ बर्षिया फुलभारी मुखियालाई मिति २०६८।६।१९ गते जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरीले हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६८।६।२३ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज फुलझारी मुखियालाई प्रहरीले पक्राउ गरी आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई कानून बमोजिम कार्वाही गर्नुको सट्टा हत्या गरेको देखिंदा घटनामा संलग्न प्रहरी चौकी मुसहरनियाका प्र.स.नि. जयनारायण यादवलाई मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न, प्र.ज.उपेन्द्र यादव र प्र.ज.रामदिनेश यादवलाई विभागीय कार्वाही गर्न, प्रहरी जवानहरू दिनेश साह र दिलिप साफीलाई सचेत गराउन, त्यस्तै आयोगको अनुसन्धान कार्यमा असहयोग गर्ने प्र.ना.उ. टेक बहादुर गुरूङ्गलाई विभागीय कार्वाही गर्न तथा मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।२।१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८१ अनुसन्धान १२ मिति २०६९।४।१६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ७९, मिति २०६९।५।५ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय,मा.अ.प्र.शाखाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह म.लाई पठाएको पत्रको बोधार्थ प्राप्त ।

च.नं. १२१, मिति २०६९।५।६ मा गृह मन्त्रालयले कारवाहीको लागि प्र.प्र.कार्यालय, नक्सालललाई पठाएको पत्रको बोधार्थ प्राप्त ।

च.नं. ४१६२, मिति २०७२।१०।५ मा प्रममपकाले आयोगको सिफारिश कार्यान्वयन सम्बन्धमा गृह म.लाई पठाएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५६८**

१. **पीडितको नाम, थर र ठेगाना** जमुना सिंह, हर्दिया-८, बारा ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** बारा जिल्ला हर्दिया गा.वि.स वडा नं. ८ बस्ने जमुना सिंहलाई मिति २०६४।५।१३ गते राति छिमेकी हितलाल सिंहको घरमा सुतिरहेको अवस्थामा प्रनाउ रण वहादुर रायमाझीको कमाण्डमा खटि गएको सुरक्षाकर्मीहरूले पक्राउ गरी हत्या गरेकाले घटनाको अनुसन्धान गरी दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भनि मिति २०६४।६।३० गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न प्रनाउ रणवहादुर रायमाझी, स.प्र.नि. श्यामवहादुर कार्की र प्रहरी उपरीक्षक श्यामवहादुर खत्रीलाई मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न, पीडित परिवारको तर्फबाट प्रेमचन्द्र सिंहले हुलाक मार्फत जिल्ला प्रहरी कार्यालयमा पठाएको जाहेरी दर्ता गरी कार्वाही अगाडि बढाउन तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाइ सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।२।१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८५अनुसन्धान ४२७५ मिति २०६९।४।१६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं ७३ मिति २०६९।४।३२ मा प्रममपकाबाट आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा गृह म.लाई पठाएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५६९**

१. **पीडितको नाम, थर र ठेगाना** सेते वली, धवाङ-७, रोल्पा ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** रोल्पा जिल्ला धवाङ गाविस वडा नं. ७ भनभनेका सेते वलीलाई मिति २०५७।७।४ गते घरमै बसिरहेको अवस्थामा प्रहरीले हत्या गरेकाले दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६४।६।१५ गते आयोगमा उजूरी दर्ता भएको देखियो।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनी आयोगबाट मिति २०६९।२।३ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८७अनुसन्धान १४५ मिति २०६९।४।१६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५७०**

१. **पीडितको नाम, थर र ठेगाना** शिवप्रसाद थारू, बगनाह-३, बर्दिया।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** बर्दिया जिल्ला बगनाह गाविस-३ मिरचहिया निवासी स्थानीय बखतपुर सामुदायिक बनको चौकीदार मुक्त कमैया २८ वर्षीय शिवप्रसाद थारूलाई मिति २०६१।३।२७ गते बन चौकीदारी गर्न गएको अवस्थामा सुरक्षाफौजले हत्या गरेकाले दोषी उपर कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६१।३।३१ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।२।३ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८८ अनुसन्धान १९२८ मिति २०६९।४।१६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५७१**

१. **पीडितको नाम, थर र ठेगाना** रामइश्वर सहनी अचलगढ-५ र शंकर सहनी अचलगढ-८, सर्लाही।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** सर्लाही जिल्ला अचलगढ गाविस वडा नं ५ निवासी रामइश्वर सहनी र ऐ.ऐ. वार्ड नं ८ बस्ने शंकर सहनीलाई मिति २०६०।६।२५ गते सुदामा व्यारेकका प्रहरीहरूले पक्राउ गरी हत्या गरेको भनी मिति २०६०।१०।२ ९ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** रामईश्वर सहनी र शंकर सहनीलाई स्थानीय व्यक्तिहरूले तत्कालीन नेकपा माओवादीको आरोपमा नियन्त्रणमा लिई कुटपीट गरी प्रहरी समक्ष बुझाएको र प्रहरीले निजहरूलाई हिरासतमा राखी कानून बमोजिम कार्वाही गर्नुको सट्टा गैरन्यायिक हत्या गरेकाले निजहरूको बाँच्न पाउने मानव अधिकार उल्लंघन भएको देखियो।

घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकद्वयका कानून बमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनी आयोगबाट मिति २०६९।२।१२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११० अनुसन्धान १४४६।१४४७ मिति २०६९।४।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५७२**

१. **पीडितको नाम, थर र ठेगाना** लक्ष्मी रिजाल भैरिकालिका-३ र लक्ष्मी शाही (वर्ष १७) भैरिकालिका-१, दैलेख ।

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला दैलेख भैरिकालिका गाविस ३ बस्ने लक्ष्मी रिजाल र ऐ. वडा नं. १ बस्ने १७ वर्षीया लक्ष्मी शाहीलाई मिति २०५९।२।१९ गते तत्कालीन शाही नेपाली सेनाले दैलेख बजारबाट पक्राउ गरी बडलम्जी गाविसको उत्तरतर्फको खोलामा लगी हत्या गरेकाले दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६०।४।१२ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी आफ्नो नियन्त्रणमा लिएको व्यक्तिहरूलाई कानून बमोजिम कार्वाही गर्नुको सट्टा गैरन्यायिक हत्या गरेको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकद्वयका कानून बमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।२।१२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०५अनुसन्धान १५२ मिति २०६९।४।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५७३**

१. **पीडितको नाम, थर र ठेगाना** उदय रेग्मी र सुकुल सिंह, नारायण-३, दैलेख ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला दैलेख नारायण नगरपालिका वडा नं. ३ खुर्सानीबारी बस्ने उदय रेग्मी र सुकुल सिंहलाई मिति २०६२।५।२० गते नेपाली सेनाका सुरक्षाकर्मीले पक्राउ गरी हत्या गरेकाले दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६३।२।१६ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न तत्कालीन शाही नेपाली सेनाले संचालन गरेको टाइगर ग्रुपका भुवनसिंह थापा र हरिबहादुर चन्द, तत्कालीन शाही नेपाली सेना भवानी वक्स गण दैलेखका गणपती नयनराज दाहाल र अन्य दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकद्वयका कानून बमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रू.

३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनी आयोगबाट मिति २०६९।२।१२ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०३ अनुसन्धान ८८८ मिति २०६९।४।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प.कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या - ५७४**

१. **पीडितको नाम, थर र ठेगाना** रामबहादुर बुढा, हर्कबहादुर बुढा, हस्तबहादुर बुढा, भावल बुढा, खडगबहादु बुढा, पूर्णबहादुर घर्ती दह-२, टसी दमाइ गर्खाकोट-९ र हर्क रावत गर्खाकोट-९ जाजरकोट (जम्मा संख्या ८)

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जाजरकोट जिल्ला दह गाविस २ जुर्क बस्ने रामबहादुर बुढा, हर्कबहादुर बुढा, हस्तबहादुर बुढा, भावल बुढा, खडगबहादु बुढा, पूर्णबहादुर घर्ती, ऐ. गर्खाकोट गाविस ९ बस्ने टसी दमाई र ऐ.ऐ. वडा नं. ७ का हर्क रावत गरी जम्मा ८ जनालाई मिति २०५५।३।३ गते सुरक्षाकर्मीले पक्राउ गरी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६५।७।२५ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश**निजहरूलाई हात पछाडी बाँधी आफुसँगै हिंडाइ कोर्ताङ गाविसको साँधलाग्ने लेकमा लगी सामूहिक गैरन्यायिक हत्या गरेकोले निजहरूको बाँच्न पाउने मानव अधिकार उल्लंघन भएको देखियो। घटनामा संलग्न दोषी ईलाका प्रहरी चौकी गर्खाकोटका प्रहरी सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकहरूका कानून बमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।२।२५ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं.११२ अनुसन्धान १८६८क मिति २०६९।४।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या - ५७५**

१. **पीडितको नाम, थर र ठेगाना** अमर हमाल, डाँडापराजुल-५ दैलेख।

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** दैलेख जिल्ला डाँडापराजुल वडा नं. ५ पाङ्गकोट बस्ने अमर हमालको मिति २०६२।१०।८ गते लाकुरी गाविस ५ मा तत्कालीन शाही नेपाली सेना र सेनाले भिजिलान्तेको रुपमा नियुक्त गरेका स्थानीय व्यक्ति यमबहादुर शाही समेतले निज हमाललाई गोली हानी हत्या गरेकाले घटनाको अनुसन्धान गरीपाउँ भनी मिति २०६२।११।२ गते आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई कानून बमोजिम कार्वाही गर्नुको सट्टा गैरन्यायिक हत्या गरेकोले बाँच्न पाउने मानव अधिकार उल्लंघन भएको देखियो। घटनामा संलग्न गोली हान्न आदेश दिने तत्कालीन

दैलेखका भवानी बक्स गणको गणपति नयनसिंह दाहाल र आदेश मानी गोली हान्ने यमबहादुर शाही समेतलाई मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।३।२७ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २७० अनुसन्धान ७१६ मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५७६**

१. **पीडितको नाम, थर र ठेगाना** हरिलाल चौधरी, खिमबहादुर पुन, उदयराम चौधरी, भिमबहादुर चौधरी, केदारनाथ चौधरी, प्रेमबहादुर नेपाली, धनीराम चौधरी, छटकबहादुर चौधरी वेला-२, दाङ्ग (जम्मा ८ जना)।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** दाङ्ग जिल्ला बेला गाविस दाङ्ग देउखुरी बस्ने हरिलाल चौधरी, खिमबहादुर पुन, उदयराम चौधरी, भिमबहादुर चौधरी, केदारनाथ चौधरी, प्रेमबहादुर नेपाली, धनीराम चौधरी, छटकबहादुर चौधरीलाई मिति २०५९।१।६ गते सोही जिल्लाको वेला गाविस वडा नं. २ कटवेरूवा बस्ने जंजिरू चौधरीको घरको छाना बनाइरहेको बेला सुरक्षाकर्मीले हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६०।१।२२ गते आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** नियन्त्रणमा रहेका व्यक्तिहरूलाई कानून बमोजिम कार्वाही गर्नुको सट्टा गैरन्यायिक हत्या गरेकोले निजहरूको बाँच्न पाउने हकको उल्लंघन भएको देखिंदा घटनामा संलग्न तत्कालीन शाही नेपाली सेना, बरखगण, दाङ्गका गणपति र मार्नमा सहयोग गर्ने अन्य सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा उल्लेखित मृतकहरूका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।३।२७ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २७६ अनुसन्धान १४६।नेपालगंज मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५७७**

१. **पीडितको नाम, थर र ठेगाना** हरिशंकर भण्डारी, मेलुङ्ग-७, दोलखा।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला दोलखा मेलुङ्ग गाविस वडा नं. ७ बस्ने हरिशंकर भण्डारीलाई मिति २०६०।८।३ गते घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले हत्या गरेकाले दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६०।८।२९ गते आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोलखाका तत्कालीन शेरगणका प्रमुख तथा अन्य सुरक्षाकर्मीको पहिचान

गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न, जिल्ला प्रहरी कार्यालय, दोलखाका तत्कालीन प्रमुखलाई उक्त घटनासँग सम्बन्धित कागजात तथा मुचुल्का कानून बमोजिम तयार गर्नुपर्ने कार्यहरू गरेको नदेखिएकाले सचेत गराउन, जिल्ला प्रशासन कार्यालय, दोलखाका तत्कालीन प्रमुख जिल्ला अधिकारी चण्डेश्वर आचार्यले उक्त घटनाको बारेमा अनुसन्धानका लागि तद्रूकता देखाउनुपर्नेमा सो नगरेकाले सचेत गराउन र मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।३।२८ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २८०अनुसन्धान ८९७ मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५७८**

१. **पीडितको नाम, थर र ठेगाना** सरला अधिकारी, सुंगुरे-८, काभ्रे (सरस्वती मा.वि.मा कक्षा १० मा अध्ययरत) ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलाञ्चोक जिल्ला सुंगुरे गाविस वडा नं. ८ घर भई गोठपानी गाविसस्थित सरस्वती मा.वि.मा कक्षा १० मा अध्ययरत सरला अधिकारीलाई मिति २०५५।७।१२ गते ईलाका प्रहरी कार्यालय, कात्तिके देउरालीमा आफन्त भेट्न गएको अवस्थामा पक्राउ गरी मिति २०५५।७।१९ गत्ते बलात्कारपछि हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६४।२।६ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** प्रहरीले निज अधिकारीलाई पक्राउ गरी आफ्नो जिम्मामा रहेको व्यक्तिलाई कानून बमोजिम कार्वाही गर्नुको सट्टा गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो। घटनामा संलग्न तत्कालीन प्रहरी निरीक्षक तेजबहादुर केसी तथा अन्य दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।३।२८ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं.२८१ अनुसन्धान ९१६ मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५७९**

१. **पीडितको नाम, थर र ठेगाना** कुमार चौलागाई, भुम्लु सल्ले-९, काभ्रे ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलाञ्चोक जिल्ला भुम्लु सल्ले गाविस वडा नं. ९ बस्ने कुमार चौलागाईलाई मिति २०५५।७।१९ गते कात्तिके देउराली गाविसका प्रहरीले गिरफ्तार गरी यातना दिई हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि २०६४।२।६ गते आयोगमा उजूरी दर्ता

भएको ।

४. **आयोगको निर्णय/सिफारिश** तत्कालीन इलाका प्रहरी कार्यालय, कात्तिके देउरालीका प्रहरी सुरक्षाकर्मीले प्रहरीले निजहरू कुमार चौलागाई र सरला अधिकारीलाई पक्राउ गरी आफ्नो जिम्मामा रहेको व्यक्तिलाई कानून बमोजिम कार्वाही गर्नुको सट्टा गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकार उल्लंघन भएको देखियो । घटनामा संलग्न तत्कालीन प्रहरी निरीक्षक तेजबहादुर केसी तथा अन्य दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।३।२८ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २८२ अनुसन्धान ९१६ मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

च.नं. ४७, मिति २०७१।५।५, प्र.प्रधान कार्यालयबाट खुलाई पठाएको सम्बन्धमा आयोगलाई पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५८०**

१. **पीडितको नाम, थर र ठेगाना** राजु पौडेल, भलुवाजोर-५, रामेछाप

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** रामेछाप जिल्ला भलुवाजोर गाविस वडा नं. ५ बस्ने राजु पौडेललाई मिति २०५९।१।१६ गते तत्कालीन नारायण दल गुल्म रामेछापबाट खटिई गएका सुरक्षाकर्मीले बारिमा काम गरिरहेको अवस्थामा पक्राउ गरी हत्या गरेकाले छानवीन गरी दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३।९।१६ गते आयोगमा उजूरी हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** नेपाली सेनाका सुरक्षाकर्मीले निज राजु पौडेललाई पक्राउ गरी आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई कानून बमोजिम कार्वाही गर्नुको सट्टा गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न तत्कालीन नारायण दल गुल्मका गणपति र अन्य सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न, घटनाको बारेमा प्रहरीलाई घटना भएको भोलीपल्टै जानकारी दिएको भनिएपनि प्रहरी कार्यालयले कुनै अनुसन्धान कार्य नगरेकाले तत्कालीन जिल्ला प्रहरी कार्यालय, रामेछापका प्रहरी प्रमुखलाई सचेत गराउन र मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।३।२८ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं.२८३ अनुसन्धान ३९४३ मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

च.नं. १३४, मिति २०७०।९।८, रक्षा मन्त्रालयबाट प्र.म.म.का.लाई जानकारी सम्बन्धमा आयोगलाई बोधार्थ पत्र ।

च.नं. ४७, मिति २०७१।५।५, प्र.प्रधान कार्यालयबाट खुलाई पठाएको सम्बन्धमा आयोगलाई पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ख) माओवादीद्वारा हत्या**

**क्रम संख्या – ५८१**

१. **पीडितको नाम, थर र ठेगाना** लक्ष्मीलाल पोडे, उग्रचण्डी नाला-४, लगनटोल, काभ्रे

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** फाइल नं. ३३२८, काभ्रेपलाञ्चोक जिल्ला उग्रचण्डी नाला गा.वि.स.वडा नं. ४, लगनटोल बस्ने लक्ष्मीलाल पोडेलाई मिति २०६२।७।१५ गते ने.क.पा.(माओवादी) का १०।१५ जनाको समूहमा रहेका व्यक्तिहरूले कन्चटमा घाइते बनाएकोले उपचारको लागि बनेपा स्थित शीर मेमोरियल अस्पतालमा लगिएकोमा उपचारको क्रममा सोही राती मृत्यु भएकोले दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति दिलाउनको लागि आवश्यक पहल गरी पाउँ भनी मिति २०६२।७।२९ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न रहेका तत्कालीन ने.क.पा.(माओवादी) का कार्यकर्ताको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षँतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराउन र निजका दुईजना नाबालिका छोरीहरूलाई निःशुल्क शिक्षाको समेत व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।९।७ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८१२ अनुसन्धान ३३२८ मिति २०६८।१०।११ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५८२**

१. **पीडितको नाम, थर र ठेगाना** कमान सिंह मोक्तान, भोर्ले-५, ठूलोभोर्ले, रसुवा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** फाईल सं. ४०६७, रसुवा जिल्ला भोर्ले गा.वि.स. वडा नं. ५, ठूलोभोर्ले बस्ने कमान सिंह मोक्तानलाई मिति २०६०।१२।२५ गते राती ८ः३० वजेको समयमा सोही स्थान बस्ने प्रेम तामाङ्ग, दमाई सिंह तामाङ्ग, हिरा लामा, हर्के तामाङ्ग (लाङदुङ), काले तामाङ्ग, बहिदार तामाङ्ग, सोही गा.वि.स. वडा नं. ७ बस्ने रेनुका मगर समेत १५।२० जनाका संख्यामा रहेका नेकपा माओवादी कार्यकर्ताहरूले कुटपीट गरी हत्या गरेकाले दोषीहरू माथि कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराईपाउँ भनि मिति २०६३।१२।२० गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** हत्यामा संलग्न उल्लेखित नेकपा माओवादी कार्यकर्ताहरूलाई मुलुकी ऐन ज्यान सम्बन्धि महल बमोजिम मुद्दा चलाई कार्वाही गर्न तथा पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।९।७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८११ अनुसन्धान ४०६७ मिति २०६८।१०।११ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८२५ मिति २०६८।११।२२ मा प्रहरी प्रधान कार्यालय, नक्साललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५८३**

१. **पीडितको नाम, थर र ठेगाना** सरस्वती पाण्डे (जयलक्ष्मी) हाँकु-७, जुम्ला

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जुम्ला, मिशिल नं. ३३, जिल्ला जुम्ला हाँकु गाविस वडा नं. ७ घर भएका जयलक्ष्मी भन्ने सरस्वती पाण्डेलाई मिति २०५९।५।२९ गते नेकपा माओवादीका हिमाल भन्ने गणेश गौतम, पर्वत भन्ने मनिकेश गौतमले कुटपीट गरेको र सोही कुटपीटबाट मिति २०५९।५।२९ गते निजको मृत्यु हुन गएकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६३।६।५ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगको अनुसन्धानबाट निज पाण्डेलाई नेकपा माओवादीका कार्यकर्ताहरू हिमाल भन्ने हिमाल भन्ने गणेश गौतम र मनिकेश गौतमले मिति २०५९।५।२७ गते घरबाट नियन्त्रणमा लिई कुटपीट गरेको, सोही कुटपीटबाट अशक्त भई मिति २०५९।५।२९ गते निज जयलक्ष्मी भन्ने सरस्वती पाण्डेको मृत्यु हुन गएको देखिंदा घटनामा संलग्न उल्लेखित नेकपा माओवादीका कार्यकर्ताहरूमाथि मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन र निजको नावालक छोरालाई पठनपाठनको निःशुल्क व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।१०।१८ को निर्णय गरियो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९८२ अनुसन्धान ३३।जुम्ला मिति २०६८।११।४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८२५ मिति २०६८।११।२२ मा प्रहरी प्रधान कार्यालय, नक्साललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

च.नं २३५ मिति २०६८।११।१५ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय,मा.अ.प्र.शाखाले आयोगको सिफारिश कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय र शान्ति मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५८४**

१. **पीडितको नाम, थर र ठेगाना** मनप्रसाद उपाध्याय, तलिउम–१ श्रीदुस्का, जुम्ला

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जुम्ला, मिशिल नं. ३४, जिल्ला जुम्ला तलिउम गाविस–१ श्रीदुस्का बस्ने मनप्रसाद उपाध्यायलाई मिति २०६०।११।१९ गते नेकपा माओवादीको समूहले अपहरण गरी हत्या गरेकोले दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६१।७।२२ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न दोषी तत्कालीन नेकपा माओवादीका एरिया इञ्चार्ज प्रविण र घटनामा संलग्न रहेका अन्य व्यक्तिहरूको नाउँ निजबाट खोलाई उनीहरू मसेत माथि मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।१०।१८ मा निर्णय गरियो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९८३ अनुसन्धान ३४।जुम्ला मिति २०६८।११।४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयको च.नं. ८२५ मिति २०६८।११।२२ मा प्रहरी प्रधान कार्यालय, नक्साललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स.

प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५८५**

१. **पीडितको नाम, थर र ठेगाना** मिनबहादुर सिंह, खिरातडी-७, बझाङ्ग

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** धनगढी, उजूरी नं. ५८९, जिल्ला बझाङ्ग खिरातडी गाविस वडा नं. ७ घर भई इलाका प्रहरी कार्यालय, ढोढरी बर्दियामा कार्यरत प्रहरी हवल्दार मिनबहादुर सिंहलाई कामको सिलसिलामा बर्दियाको ताराताल गैरहेको अवस्थामा मिति २०५८।१२।२४ गते नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी मिति २०५९।३।१३ गते बझाङ्गको बाँझ गाविसको निजार भन्ने खोलामा हत्या गरेकाले दोषीलाई कार्वाही तथा राज्यबाट पाउनु पर्ने सुविधा उपलब्ध गराई पाउँ भनी मिति २०६४।११।१ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न नेकपा माओवादीका स्थानीय कार्यकर्ताहरू धनवहादुर मल्ल, दिपक केसी, प्रकाश स्याडा, हरि कुँवर र उक्त घटनामा सलंग्न अन्यलाई उल्लेखित व्यक्तिहरूबाटै नाम खुलाउन लगाई उनीहरूलाई समेत मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका परिवारले नेपाल प्रहरीवाट पाउनुपर्ने क्षतिपूर्ति रकम अघि नपाएको भए राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(५) बमोजिम मृतकका कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।१०।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १२८५ अनुसन्धान ५८९।धनगढी मिति २०६९।१।१० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५८६**

१. **पीडितको नाम, थर र ठेगाना** प्रेमबहादुर शाही, वीरपथ-५, अछाम ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला अछाम वीरपथ गाविस वडा नं. ५ बस्ने प्रेमबहादुर शाहीलाई मिति २०६०।६।१३ गते नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी मिति २०६०।६।१६ गते हत्या गरेकाले दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३।४।२३ गते आयोगमा उजूरी दर्ता भएको देखियो ।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगको अनुसन्धानबाट निज प्रेमबहादुर शाहीलाई नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी कालागाउँ भन्ने ठाउँमा लगी हत्या गरेको देखिंदा घटनामा संलग्न नेकपा माओवादीका दोषी कार्यकर्ताहरूको पहिचान गरी मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (५) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।१०।२३ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १२८२ अनुसन्धान ३९५।धनगढी मिति २०६९।१।१० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५८७**

१. **पीडितको नाम, थर र ठेगाना** अशोककुमार महतो सिंग्यानी मडान-८, धनुषार भोजराज ज्ञवाली सुनवल-१, नवलपरासी

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** धनुषा जिल्ला सिंग्यानी मडान गा.वि.स. वडा नं. ८ स्थायी घर भै सीप विकास तालिम केन्द्र वुटवलमा कार्यरत अशोककुमार महतोलाई मिति २०६०।७।९ गते आफ्नो घरतर्फ गइरहेको अवस्थामा नवलपरासी स्थित सुनवलमा तत्कालीन नेकपा माओवादी समूहले हत्या गरेकाले घटनाको छानवीन गरी पाउँ भनी मिति २०६१।४।६ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगको अनुसन्धानबाट निज अशोककुमार महतो र नवलपरासी जिल्ला सुनवल १ बस्ने वर्ष ६० को भोजराज ज्ञवालीलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताबाट चलाइएको गोली लागी मृत्यु भएको पाइएकोले घटनामा संलग्न तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकद्वयका कानून बमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।१।३१ मा निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५ अनुसन्धान १९४९ मिति २०६९।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५८८**

१. **पीडितको नाम, थर र ठेगाना** मुक्तिनाथ अधिकारी चन्द्रेश्वर-६, लमजुङ (पाणिनी संस्कृत मा.वि., दुराडाँडामा अध्यापनरत शिक्षक)

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** लमजुङ जिल्ला, चन्द्रेश्वर गा.वि.स.वडा नं. ६ घर भई सोही जिल्लाको पाणिनी संस्कृत मा.वि., दुराडाँडामा अध्यापन गराइरहेका शिक्षक मुक्तिनाथ अधिकारीलाई मिति २०५८।१०।३ गते दिउँसो करिव १:३० बजेको समयमा हतियारसहित आएका तत्कालीन नेकपा (माओवादी) का ८/१० जना कार्यकर्ताहरूले अपहरण गरी सोही गा.वि.स.वडा नं. ४ स्थित खजेगाउँमा उत्तीसको रूखमा डोरी र गलवन्दीले बाँधी गोली र चुप्पी प्रहार गरी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६७।१०।२० गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगको अनुसन्धानबाट युद्धमा संलग्न नभएको एवं निशस्त्र व्यक्ति निज मुक्तिनाथ अधिकारीलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी हत्या गरेको पाइयो। घटनामा संलग्न दोषी तत्कालीन नेकपा माओवादीका कार्यकर्ताको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।१।३१ मा निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १ अनुसन्धान ४६६ मिति २०६९।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्रहरी प्रधान कार्यालयको च.नं. १७० मिति २०६९।९।२५ को पत्रानुसार आयोगलाई जानकारी पठाइएकोमा निज मुक्तिनाथ अधिकारीको हकदार श्रीमति इन्दिरा अधिकारीले तिन किस्ता गरी रु. ४,५०,०००।- जिल्ला

प्रशासन कार्यालय लमजुङ्गबाट बुझिसकेको भन्ने व्यहोरा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५८९**

१. **पीडितको नाम, थर र ठेगाना** वीरेन्द्रकुमार साह इनरूवासिरा-८, बारा (प्रेस चौतारी नेपालका केन्द्रिय सदस्य पत्रकार) (क्र.सं. १९९ मा अपहरण शिर्षकमा दोहोरो सिफारिश)

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बारा जिल्ला इनरूवासिरा गाविस वडा नं. ८ बसडिलवा स्थायी घर भै प्रेस चौतारी नेपालका केन्द्रिय सदस्य पत्रकार वीरेन्द्रकुमार साहलाई मिति २०६४।६।१८ गते बारा जिल्ला उमजन गा.वि.स. वडा नं. १ बाट तत्कालीन ने.क.पा.(माओवादी) का कार्यकर्ता कुन्दन फौज्दार र राम एकवाल सहनीको टोलीले अपहरण गरेको भनी मिति २०६४।६।२० गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगको अनुसन्धानबाट तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरू कुन्दन भनिने नरेन्द्र फौज्दार, लाल बहादुर चौधरी, मनेजर गिरी, राम एकबाल सहनी र हरेराम पटेल समेत ५ जना व्यक्तिहरूले पत्रकार विरेन्द्र साहलाई अपहरणपछि हत्या गरेको देखियो । घटनामा संलग्न तत्कालीन नेकपा माओवादीका उल्लेखित कार्यकर्ताहरूलाई मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाइ सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।१।३१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३ अनुसन्धान ४२५८ मिति २०६९।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्रहरी प्रधान कार्यालयको च.नं. १७० मिति २०६९।९।२५ को आयोगमा प्राप्त पत्रानुसार निज विरेन्द्र कुमार शाहको हत्या सम्बन्धमा निजका भाई भैयाराम शाहको किटानी जाहेरी दरखास्त परी जि.प्र.का. को १० नं. डायरीमा कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गरी अभियुक्तहरू मध्येका मनेजर गिरी तत्कालै पक्राउ परी सम्पुर्ण अनुसन्धान कार्य पुरा गरी वारदातमा संलग्न अभियुक्तहरूलाई मुलुकी ऐन ज्यान सम्बन्धी महल र अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महल अनुसार दण्ड सजाँयको माग दावी लिई यस कार्यालयको मिति २०६५।७।११ गतेको राय प्रतिवेदन साथ जिल्ला सरकारी वकिल कार्यालय बारा मार्फत सम्मानित बाराजिल्ला अदालतमा पेश गरिएकोमा सम्मानित अदालतको आदेश अनुसार प्रतिवादी मनेजर गिरीलाई पुर्पक्षका लागि थुनामा पठाइको र त्यस पश्चात फरार रहेको प्रतिवादीहरूको खोज तलास गर्दै जाँदा फरार प्रतिवादीहरू मध्येका राम एकवाल सहनी पक्राउमा परी यस कार्यालयको मिति ०६५।९।२१ गतेको पत्रसाथ अदालतमा पेश गरिएकोमा निज राम एकवाल सहनीलाई पनि पुर्पक्षको लागि थुनामा पठाइएको र सम्मानित बारा जिल्ला अदालतको मिति ०६८।२।१७ गतेको फैसला अनुसार पक्राउमा परी पुर्पक्षका लागि थुनामा गएका प्रतिवादी मनेजर गिरी र राम एकवाल सहनीलाई सर्वस्व सहित जन्म कैद र बाँकी फरार अभियुक्तहरूको हकमा मुलतवी रहेको भनी जि.प्र.का. बाराबाट लखि आएको भनी खुलाइएको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ५९०**

१. **पीडितको नाम, थर र ठेगाना** डोरबहादुर वली धवाङ-८, रोल्पा ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रोल्पा धवाङ- ८ बस्ने निवर्तमान जिल्ला विकास समितिका क्षेत्रिय सदस्य खिमलाल वलीका छोरा डोरबहादुर वलीलाई मिति २०६०।६।८ गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी लगेकाले निजको रिहाईका लागि पहल गरीपाउँ भनी मिति २०६०।७।२४ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** घटनामा संलग्न तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरू धवाङ गाविस ८ बस्ने प्रज्वल भन्ने कैले रोका र ऐ. वडा नं. ७ बस्ने विश्लेषण भन्ने धनबहादुर थापालाई मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये रू. ७५,०००।- क्षतिपूर्ति वापत रकम मृतकका आफन्तले बुझिसकेको भनी जिल्ला प्रशासन कार्यालय, रोल्पाको मिति २०६४।१२।१ गतेको पत्रबाट देखिंदा सो रकम कट्टा गरी सिफारिश भए बमोजिम क्षतिपूर्तिका बाँकी रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।२।१२ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०४ अनुसन्धान १०९६ मिति २०६९।४।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५९१**

१. **पीडितको नाम, थर र ठेगाना** लक्ष्मीप्रसाद पौडेल, ढुंगेसाँगु-३, ताप्लेजुङ्ग।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** ताप्लेजुङ्ग जिल्ला ढुंगेसाँगु गाविस वडा नं. ३ तेलावुङ्ग बस्ने वर्ष २६ को लक्ष्मीप्रसाद पौडेललाई मिति २०५९।८।६ गते राती १० बजे सोही गाविसको डाँडा गाउँ स्कुलको क्षेत्रभित्र तत्कालीन नेकपा माओवदीद्वारा हत्या गरेकाले दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराईपाउँ भनी मिति २०६२।२।२० गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय⁄सिफारिश** निज लक्ष्मीप्रसाद पौडेलको तत्कालीन नेकपा माओवादी कार्यकर्ताबाट हत्या भएको देखिंदा घटनामा संलग्न दोषीको पचिहान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।३।२८ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २८४ अनुसन्धान २९७४ मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त।

च.नं. ४७, मिति २०७१।५।५, प्र.प्र. कार्यालयबाट खुलाई पठाएको सम्बन्धमा आयोगलाई पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५९२**

१. **पीडितको नाम, थर र ठेगाना** राजकुमार उप्रेती, नाम्दु-१, दोलखा।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** दोलखा जिल्ला नाम्दु गाविस वडा नं. १ बस्ने राजकुमार उप्रेतीलाई मिति २०६१।५।२९ गते सोही गाविसको वडा नं. ८ स्थित कान्लेभीरमा नेकपा माओवादीका कार्यकर्ताहरूले हत्या गरेकाले दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३।८।१६ गते आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय⁄सिफारिश** घटनामा संलग्न तत्कालीन नेकपा माओवादीका कार्यकर्ता किरण दाहाल (टहल बहादुर

दाहाल) तथा अन्य कार्यकर्ताको पचिहान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न, घटनाको बारेमा प्रहरीलाई जानकारी दिएको भनिए पनि प्रहरी कार्यालयले कुनै अनुसन्धान कार्य नगरेकाले तत्कालीन जिल्ला प्रहरी कार्यालय, दोलखाका प्रहरी प्रमुखलाई सचेत गराउन र मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अधि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।३।२८ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २८५अनुसन्धान ३९४८ मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५९३**

१. **पीडितको नाम, थर र ठेगाना** श्रीप्रसाद बनेम, ढुंगेसाँगु-२, ताप्लेजुङ्ग ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला ताप्लेजङ्ग ढुंगेसाँगु गाविस वडा नं. २ बस्ने श्रीप्रसाद बनेमलाई मिति २०५९।८।६ गते तत्कालीन नेकपा माओवदीद्वारा सोही ठाउँका लक्ष्मी प्रसाद बनेम सँगै हत्या गरेको अनुसन्धानको क्रममा पाइएकाले मिति २०६९।२।१० मा छुट्टै फाइल खडा गरी आयोगबाट उजूरीको रुपमा ग्रहण गरी कार्वाही अगाडि बढेको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज श्रीप्रसाद बनेमको तत्कालीन नेकपा माओवादीका कार्यकर्ताबाट हत्या भएको देखिंदा घटनामा संलग्न दोषीको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अधि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।३।२८ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २८६अनुसन्धान २४७क मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- राहत रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

च.नं. ४७, मिति २०७१।५।५, प्र.प्रधान का, प्र.महानिरीक्षकको सचिवालय, मा.अ.ईकाइबाट खुलाई पठाएको सम्बन्धमा आयोगलाई पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५९४**

१. **पीडितको नाम, थर र ठेगाना** पारस पौडेल, धरमपुर, चितवन ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** चितवन जिल्ला धरमपुर गाविस स्थायी घर भई ललितपुर टिकाथली-९, बस्ने पारस पौडेललाई मिति २०६१।९।१९ गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ताले सप्तगण्डकी मल्टिपल कलेज भरतपुरमा विहानको सिफ्ट पढाई सकेर निस्कन लाग्दा मोटरसाईलकलमा हालेर लिएर गई कलेजको ३ किमि पर लगी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६२।१२।१४ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज पारस पौडेलको तत्कालीन नेकपा माओवादी कार्यकर्ताबाट हत्या भएको देखिंदा घटनामा संलग्न दोषीको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।३।२८ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २८७अनुसन्धान ३५४० मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त।

च.नं. ४७ मिति २०७१।५।५, प्र.प्रधान का., प्र.महानिरीक्षकको सचिवालय, मा.अ इकाईबाट खुलाई पठाइएको सम्बन्धमा आयोगलाई पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५९५**

१. **पीडितको नाम, थर र ठेगाना** गणेशकुमार श्रेष्ठ, साँघुटार-१, रामेछाप।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप साँघुटार गाविस वडा नं. १ बस्ने गणेशकुमार श्रेष्ठलाई मिति २०५९।८।६ गते धान काटिरहेको अवस्थामा नेकपा माओवादीका कार्यकर्ताहरू आई केही काम छ भनी कब्जामा लिई हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराईपाउँ भनी मिति २०६३।६।२७ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** निज श्रेष्ठको तत्कालीन नेकपा माओवादी कार्यकर्ताबाट हत्या भएको देखिंदा घटनामा संलग्न दोषीको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये १,५०,०००।- क्षतिपूर्ति वापत रकम मृतकका आफन्तले बुझिसकेको भन्ने देखिंदा सो कट्टा गरी बाँकी रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।३।२८ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २७९ अनुसन्धान ३८४८ मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त।

च.नं. ३०, मिति २०७०।४।१४, प्र.म.म.का.बाट गृ.म., शा.पु.नि.म., निर्णय कार्यान्वयन सम्बन्धमा आयोगलाई बोधार्थ पत्र।

च.नं ०८, मिति २०७०।४।२९, गृ.म.बाट प्र.प्रधान का, कारबाहीका लागि पठाएको सम्बन्धमा आयोगलाई बोधार्थ पत्र।

च.नं ४७, मिति २०७१।५।५, प्रहरी प्रधान कार्यालयबाट खुलाई पठाएको सम्बन्धमा आयोगलाई पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ग) दोहोरो भिडन्तमा मृत्यु**

**क्रम संख्या – ५९६**

१. **पीडितको नाम, थर र ठेगाना** गजेन्द्र भनिने गंगा वहादुर भुजेल, चौलाखर्क-९, सोलुखुम्बु

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** फाईल सं. ४४००, सोलुखुम्बुमा चुनावी सभामा झडप, एक माओवादीको मृत्यु शीर्षकमा सोलुखुम्बु जिल्लाका तत्कालीन नेकपा माओवादीका भातृ संगठन वाई.सी.एल.का सदस्य गजेन्द्र भनिने गंगा वहादुर भुजेलको २०६४।१२।१३ गते मृत्यु भएको भनी कान्तिपुर अनलाइन लगायत विभिन्न समाचार माध्यममा प्रकाशित समाचारको आधारमा आयोगले आफ्नै स्वविवेकमा मिति २०६५।१।१८ गते उजूरी दर्ता गरेको ।

४. **आयोगको निर्णय/सिफारिश** उक्त घटनामा गोली चलाउन के कस्तो परिस्थितिको सिर्जना भएको हो सोको एकिन गरी दोषी पत्ता लगाई कानून बमोजिम कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराउन र घाइते भएका व्यक्तिलाई यथोचित उपचार खर्च भराई दिन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।९।७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८०८ अनुसन्धान ४४०० मिति २०६८।१०।११ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** श्री जि.प्र.का. सोलुखुम्बुको च.नं. १३९३ मिति २०७०।१।४ को पत्र मार्फत निज गंगा बहादुर भुजेलको नाउँमा रु. ३,००,०००।- निकासा भई आएकोमा निजको ठेगाना नखुलेका कारण आर्थिक सहायता वितरण गर्न समस्या भएको भनी ठेगाना खुलाइपाउन भनी आएको पत्र ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ५९७**

१. **पीडितको नाम, थर र ठेगाना** रेशम व्लोन, मानबहादुर बजु र प्रतापसिंह बजु, फापरबारी-५, मकवानपुर ।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी तथा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** मकवानपुर जिल्लाको फापरबारी गाविस वडा नं. ५ मा मिति २०६२।१०।८ गते सुरक्षाफौज र तत्कालीन नेकपा (माओवादी) बीच दोहोरो भिडन्त हुँदा १७ जना तत्कालीन माओवादीका कार्यकर्ता, ६ जना सुरक्षाकर्मी र २ जना सर्वसाधारण व्यक्ति तथा १ जना बालक समेत सुरक्षाकर्मीको बम प्रहारबाट मृत्यु भएको भन्ने घटनाको सम्बन्धमा आयोगको आफ्नै सक्रियतामा मिति २०६२।११।१७ गते उजूरी दर्ता गरी कार्वाही अगाडि बढाएको ।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगको अनुसन्धानबाट सर्वसाधारण व्यक्तिहरूको बस्तीमा नेपाली सेना तथा तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरू बीच भिडन्त हुँदा सर्वसाधारण व्यक्तिहरू रेशम व्लोन, मानबहादुर बजु र प्रतापसिं बजुको मृत्यु भएको । साथै सर्वसाधारणहरूको घर, गोठ तथा पशुहरूको समेत क्षति भएको पाइएकोले द्वन्द्वरत दुवै पक्षले जेनेभा महासन्धिको साझा धारा ३ को उल्लंघन गरेको पाइयो । घटनामा संलग्न सेनाका कमाण्डर र नेकपा माओवादीका जिम्मेवार व्यक्तिलाई सचेत गराउन तथा उल्लेखित मृतकहरूका कानून बमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनी आयोगबाट मिति २०६९।१।३१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ७ अनुसन्धान ३५२१ मिति २०६९।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**घ) हिरासतमा मृत्यु**

**क्रम संख्या – ५९८**

१. **पीडितको नाम, थर र ठेगाना** समन बहादुर वि.क., रत्ननगर-२ हाँडी, चितवन

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रीय कार्यालय मिसिल नं. ३२५५, चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. २ हाँडी निवासी समन बहादुर वि.क.लाई मिति २०६२।५।३१ गते सुरक्षाकर्मीले पक्राउ गरी लगेकोमा मिति २०६२।६।१ गते जिल्ला प्रहरी कार्यालयबाट फोन आई सम्पर्क राख्न जाँदा चितवन राष्ट्रिय निकुञ्जमा सोधपुछका लागि लगिएको र मिति २०६२।५।३१ गते घाँटीमा पासो लगाई आत्महत्या गरेको भनी परिवारलाई मौखिक जानकारी दिएकाले घटनाको छानवीन गरी पाउँ भनि मिति २०६२।६।११ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आफ्नो हिरासतमा रहेको व्यक्तिको सम्बन्धमा पर्याप्त निगरानी राख्नुपर्ने, समयमै आवश्यक सतर्कता अपनाउनु पर्नेमा सो नगरेकाले आफै झुण्डीई निजको मृत्यु हुन गएको देखियो । सम्बन्धित पालो पहरामा रहेका व्यक्तिलाई विभागीय कार्वाही गर्न तथा मृतक पुपर्क्षको लागि हिरासतमा रहेको अवस्था भएको हुँदा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. १,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।१०।१२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९६२ अनुसन्धान ३२५५ मिति २०६८।११।३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. ३०८, मिति २०६९।१।३१ को निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ५९९**

१. **पीडितको नाम, थर र ठेगाना** झाँक्री माइला भन्ने लालबहादुर तामाङ्ग, जगतपुर-७, चितवन

२. **उल्लंघनकर्ता** चितवन राष्ट्रिय निकुञ्ज

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रीय कार्यालय, फाइल नं. ३९०१, जिल्ला चितवन जगतपुर गा.वि.स. ७ बस्ने झाक्री माइला भन्ने लालबहादुर तामाङ्गलाई गैंडा मारेको अभियोगमा मिति २०६३।७।२५ गते चितवन राष्ट्रिय निकुञ्ज कसरामा थुनामा राखेको र मिति २०६३।७।२८ गते निकुञ्जका कर्मचारीहरूले यातना दिएका कारण मृत्यु भएकोमा आत्महत्या गरेको भनी झुठो व्यहोरा बनाएकाले उक्त घटनाको छानवीन गरी पाउँ भनी मिति २०६३।८।४ गते आयोगमा उजूरी दर्ता भएको देखियो ।

४. **आयोगको निर्णय/सिफारिश** आफ्नो हिरासतमा रहेको व्यक्तिको सम्बन्धमा पर्याप्त निगरानी राख्नुपर्ने, समयमै आवश्यक सतर्कता अपनाउनुपर्ने सो अपनाउन नसकेको देखिएकोले आफै झुण्डीई निजको मृत्यु हुन गएको देखियो । सम्बन्धित पालो पहरामा रहेका व्यक्तिलाई विभागिय कार्वाही गर्न तथा मृतक पुपर्क्षका लागि हिरासतमा रहेको अवस्था देखिदा निजको कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम रु. १,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।१०।१२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९६५ अनुसन्धान ३९०१ मिति २०६८।११।३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २२३, मिति २०६८।११।५, प्रममकाबाट गृह मन्त्रालयमा पठाएको पत्रको बोधार्थ पत्र ।

च.नं. ८२५ मिति २०६८।११२२, गृह मन्त्रालयबाट प्रहरी प्रधान कार्यालय आवश्यक कारवाहीको सम्बन्धमा आयोगलाई बोधार्थ पत्र ।

च.नं. ६५, मिति २०६९।८।२७ रक्षा मन्त्रालयबाट आयोगलाई प्रतिलिपि पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६००**

१. **पीडितको नाम, थर र ठेगाना** भक्तबहादुर लामा (सोनाम), बेथान-५, रामेछाप ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप बेथान गाविस वडा नं. ५ घर भई कारागार शाखा नख्खु ललितपुरमा थुनामा रहेको अवस्थामा मिति २०६६।१२।२० गते टिका वि.क. भन्ने कैदीले आक्रमण गर्दा भक्तबहादुर लामाको मृत्यु भएकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन पहल गरीपाउँ भनी मिति २०६६।१२।२२ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगको अनुसन्धानबाट उक्त कारागारमा रहेका अर्का मानसिक स्वास्थ्य उपचार गराइरहेका व्यक्तिले ईटा प्रहार गर्दा निज लामा घाइते भई उपचारकै क्रममा मृत्यु भएको देखियो । आफ्नो नियन्त्रणमा रहेको व्यक्तिको हेरविचार, सुरक्षाको जिम्मेवारी सम्बन्धित निकायकै हुन्छ । कारागार भित्र मानसिक रोगको उपचार गराइरहेको व्यक्ति अन्य बन्दीहरूसँगै रहेको देखियो । यस्तो अवस्थामा वस्तुस्थितको हेक्का राखी आन्तरिक सुरक्षाको बन्दोबस्त मिलाउनुपर्नेमा सो गरिएको नपाइएकोले मृतक व्यक्तिको बाँच्न पाउने अधिकारको उल्लंघन भएको देखियो । मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन र कारागारको सुरक्षाको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।१।३१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**आयोगको च.नं.४ अनुसन्धान ४७३६ मिति २०६९।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १२ मिति २०६९।४।५ मा प्र.म.म.का, मा.अ.प्र.शाखाले आयोगको निर्णय कार्यान्यिन सम्बन्धमा गृह र शा.पु.म.लाई पठाएको पत्रको बोधार्थ प्राप्त ।

च.नं. १७० मिति २०६९।९।२५ मा प्र.प्र.कार्यालयले खुलाई पठाइएको सम्बन्धमा आयोगलाई पठाएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ङ) बेपत्ता**

**क्रम संख्या – ६०१**

१. **पीडितको नाम, थर र ठेगाना** धमेन्द्र कुमार अधिकारी, देउडाकला-९, वर्दिया

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** नेपालगन्ज, मिसिल नं. ३९, वर्दिया जिल्ला देउडाकला गा.वि.स. ९ ककौरा बस्ने धमेन्द्र कुमार अधिकारी तत्कालीन नेकपा माओवादी र नेपाली सेनाबीच मिति २०६१।९।७ गते कर्णाली चिसापानीमा भएको दोहोरो भिडन्तमा परी वेपत्ता भएकाले खोजतलाश गरी क्षतिपूर्ति दिलाइपाउँ भनी मिति २०६२।३।१४ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजको हालसम्म अवस्था अज्ञात देखिंदा अनुसन्धान जारी राखी निजका कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत स्वरुप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।१०।१२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९६३ अनुसन्धान ३९।नेपालगन्ज मिति २०६८।११।३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु.

१,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६०२**

१. **पीडितको नाम, थर र ठेगाना** धनजीत सुनार र परिमल सुनार, कडारी-४, जुम्ला

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जुम्ला, मिशिल नं. १४/१५, जुम्ला जिल्ला कडारी गाविस वडा नं. ४ का धनजीत सुनार र परिमल सुनारलाई मिति २०५९।७।२४ गते बोहरा गाउँबाट सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता पारेकाले खोजतलाश गरीपाउँ भनी मिति २०६३।२।७ गते आयोगमा उजूरी दर्ता भएको देखियो ।

४. **आयोगको निर्णय/सिफारिश** निजहरूको हकमा अनुसन्धान जारी राखी पीडितहरूका कानून बमोजिमका हकवालालाई जनही रु. १,००,०००।- का दरले अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।१०।१८ को निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९८५ अनुसन्धान १४।१५।जुम्ला मिति २०६८।११।४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २३६ मिति २०६८।११।१५ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. ८२५ मिति २०६८।११।२२ मा प्रहरी प्रधान कार्यालय, नक्सालललाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६०३**

१. **पीडितको नाम, थर र ठेगाना** गोवरा भन्ने सन्तराम थारू, बेलुवा-४ लगनागाउँ, बर्दिया

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** नेपालगंज, फाइल नं. ११९, जिल्ला बर्दिया बेलुवा गाविस वडा नं. ४ लगनागाउँ बस्ने गोवरा भन्ने सन्तराम थारूलाई मिति २०५८।१२।१० गते सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेकाले खोजतलाश गरीपाउँ भनी मिति २०५८।११।११ गते आयोग समक्ष उजूरी पर्न आएको देखियो ।

४. **आयोगको निर्णय/सिफारिश** निज सन्तराम थारूलाई सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारी हालसम्म निजको अवस्था अज्ञात रहेको देखियो । निजको हकमा अनुसन्धान कार्वाही जारी राखी निज थारूको कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।११।२२ को निर्णय । २०६९।२।२२

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १२९१ अनुसन्धान ११९।नेपालगन्ज मिति २०६९।१।१० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६०४**

१. **पीडितको नाम, थर र ठेगाना** मोहरसिंह बन्जारा, गुलरिया-४, बर्दिया

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** नेपालगंज, फाइल नं. १६६६, जिल्ला बर्दिया गुलरिया नगरपालिका वार्ड नं. ४ खैरापुर सिरकोहिया बस्ने मोहरसिंह बन्जारालाई मिति २०६२।२।१४ गते सेनाले पक्राउ गरी हालसम्म बेपत्ता पारेकाले अवस्था सार्वजनिक गरी पाउँ भनी मिति २०६४।६।२७ गते आयोग समक्ष उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज मोहरसिंह बन्जारालाई सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारी हालसम्म निजको अवस्था अज्ञात रहेको देखियो । निजको हकमा अनुसन्धान कार्वाही जारी राखी निज बन्जाराको कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।११।२२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १२९३ अनुसन्धान १६६६।नेपालगन्ज मिति २०६९।१।१० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६०५**

१. **पीडितको नाम, थर र ठेगाना** दिपक रोका क्षेत्री, ताराताल-७, बर्दिया

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** नेपालगंज, फाइल नं. ८८७/९३१, जिल्ला बर्दिया ताराताल गाविस-७ बस्ने वर्ष २९ का दिपक रोका क्षेत्रीलाई गस्तीमा गएका प्रहरीले पक्राउ गरी हालसम्म बेपत्ता पारेकाले अवस्था सार्वजनिक गरीपाउँ भनी मिति २०६३।२।३१ गते आयोग समक्ष उजूरी पर्न आएको देखियो ।

४. **आयोगको निर्णय/सिफारिश** निज दिपक रोका क्षेत्रीलाई प्रहरीले पक्राउ गरी बेपत्ता पारी हालसम्म निजको अवस्था अज्ञात रहेको देखियो । निजको हकमा अनुसन्धान कार्वाही जारी राखी निज दिपक रोका क्षेत्रीको कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।११।२२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १२९२ अनुसन्धान ८८७।९३१।नेपालगंज मिति २०६९।१।१० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६०६**

१. **पीडितको नाम, थर र ठेगाना** घोगुवा थारू भन्ने दशराम थारू बगनाह-६, बर्दिया ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बर्दिया बगनाह गाविस वडा नं. ६ तकिया बस्ने घोगुवा थारू भन्ने दशराम थारूलाई मिति २०५८।९।३ गते विहान ६:०० बजे सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म निजको अवस्था सार्वजनिक नगरेकाले स्थिति सार्वजनिक गराई पाउँ भनी २०६४।६।२७ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** जिल्ला प्रहरी कार्यालय बर्दियाका तत्कालीन इन्सपेक्टर गणेशविक्रम शाह र मुद्दा फाँटको

नायव निरीक्षक नेत्रप्रसाद पोखेल समेतका सुरक्षाकर्मीको संलग्नतामा कारागार शाखा बर्दियाबाट बेपत्ता पारी हालसम्म निजको स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानून बमोजिमका हकवालालाई रू. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।२।३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. अनुसन्धान ८४७ मिति २०६९।३।८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६०७**

१. **पीडितको नाम, थर र ठेगाना** फुलराज चौधरी र राजबहादुर चौधरी, नौवस्ता-८, बाँके ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बाँके नौवस्ता गाविस वार्ड नं. ८ बस्ने फुलराज चौधरी र राजबहादुर चौधरीलाई मिति २०५९।५।१३ गते चिसापानी व्यारेक बाँकेबाट आएका गणपति अजीत थापा समेत रहेको नेपाली सेनाका सुरक्षाकर्मीले घरमा सुतिरहेको अवस्थामा पक्राउ गरी हालसम्म बेपत्ता पारेकाले निजहरूको स्थिति सार्वजनिक गरी पाउँ भनी मिति २०६२।१०।२७ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजहरू फुलराज चौधरी र राजबहादुर चौधरीको हालसम्म स्थिति अज्ञात देखिँदा निजहरूको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितहरूका कानून बमोजिमका हकवालालाई जनही रू. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।२।२२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**आयोगको च.नं.१०२ अनुसन्धान ६७७।नेपालगंज मिति २०६९।४।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६०८**

१. **पीडितको नाम, थर र ठेगाना** कर्णबहादुर थारू, नौवस्ता-८, बाँके ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बाँके नौवस्ता गाविस वार्ड नं. ८ बस्ने कर्णबहादुर थारूलाई मिति २०५९।४।२९ गते चिसापानी व्यारेक बाँकेबाट आएका नेपाली सेनाका सुरक्षाकर्मीले घरैबाट पक्राउ गरी हालसम्म बेपत्ता पारेकाले निजको स्थिति सार्वजनिक गर्न पहल गरी पाउँ भनी मिति २०५९।५।३ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज कर्णबहादुर थारूलाई मिति २०५९।४।२९ गते चिसापानी व्यारेबाट आएका क्याप्टेन रमेश स्वाँर सहितको सुरक्षाकर्मीको टोलीले घरैबाट पक्राउ गरी चिसापानी व्यारेकमा लगी तहाँबाट हालसम्म बेपत्ता पारेको देखियो । निज कर्णबहादुर थारूको हालसम्म स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानून बमोजिमका हकवालालाई रू. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।२।२२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९९ अनुसन्धान ७१।नेपालगंज मिति २०६९।४।२२

मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६०९**

१. **पीडितको नाम, थर र ठेगाना** जीतवहादुर पुन र चन्द्रबहादुर वि.क., कोहलपुर-४, बाँके ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बाँके कोहलपुर ४ मुसुरीखेत बस्ने जीतवहादुर पुन र चन्द्रबहादुर विकलाई मिति २०५९।१।२९ गते सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेकाले निजहरूको स्थिति सार्वजनिक गरीपाउँ भनी मिति २०६२।९।१५ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजहरू जीतवहादुर पुन र चन्द्रबहादुर विकलाई मिति २०५९।१।२९ गते इलाका प्रहरी कार्यालय, कोहलपुरका इन्चार्ज प्रहरी निरिक्षक धर्मराज सुनार र गोविन्द थपलिया समेत रहेको प्रहरी टोलीले पक्राउ गरी इ.प्र.का. कोहलपुरमा थुनामा राखी तत्पश्चात हालसम्म बेपत्ता पारेको देखियो । निजहरू जीतवहादुर पुन र चन्द्रबहादुर विकको हालसम्म स्थिति अज्ञात देखिँदा निजहरूको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितहरूका कानून बमोजिमका हकवालाहरूलाई जनही रू. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनी आयोगबाट मिति २०६९।२।२२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०० अनुसन्धान ७१ मिति २०६९।४।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६१०**

१. **पीडितको नाम, थर र ठेगाना** विजय भण्डारी, थारमारे-७, सल्यान ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला सल्यान थारमारे गाविस ७ बस्ने वर्ष २० को विजय भण्डारीलाई मिति २०५६।४।१३ गते प्रहरी सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेकाले निजको स्थिति सार्वजनिक गर्न पहल गरीपाउँ भनी मिति २०६३।७।१३ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज भण्डारीको हालसम्म स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानून बमोजिमका हकवालालाई रू. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।२।२२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०१ अनुसन्धान १०७०।नेपालगंज मिति २०६९।४।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६११**

१. **पीडितको नाम, थर र ठेगाना** गिता घर्तीमगर र नन्द केसी गढवा-९, दाङ्ग।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** दाङ्ग जिल्ला गडवा गाविस ९ सुकैला बस्ने गिता घर्तीमगर र सोही गाविसको वडा नं. ९ बस्ने नन्द केसीलाई मिति २०५८।१०।११ गते सोही गाविसको चन्दनपुर भन्ने स्थानबाट सुरक्षाकर्मीले पक्राउ गरी लगेर कारागार शाखा, तुल्सीपुरमा राखीएको। मिति २०५९।२।३ गते कारागार शाखा तुल्सीपुरमा आफन्तले भेटघाट गरेको तत्पश्चात हालसम्म बेपत्ता पारेकाले निजहरूको स्थिति सार्वजनिक गरीपाउँ भनी मिति २०६३।४।१६ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** निजहरू गिता घर्तीमगर र नन्द केसीको हालसम्म स्थिति अज्ञात देखिँदा निजहरूको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितहरूका कानून बमोजिमका हकवालाहरूलाई जनही रू. १,००,०००।- का दरले अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।२।२५ मा निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०६ अनुसन्धान ९७३।नेपालगंज मिति २०६९।४।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६१२**

१. **पीडितको नाम, थर र ठेगाना** गंगाराम वली, दुर्गबहादुर वली र दलविर परियार, छिन्चु-१, सुर्खेत।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला सुर्खेत छिन्चु गाविस वडा नं. १ ववई गोरूपानी बस्ने वर्ष २८ को गंगाराम वली, वर्ष २० को दुर्गबहादुर वली र वर्ष २६ को दलविर परियारलाई मिति २०५९।६।१२ गते चिसापानी व्यारेकबाट आएको संयुक्त सुरक्षाफौजले घरैबाट पक्राउ गरी हालसम्म बेपत्ता पारेको भनी मिति २०६३।११।१० गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** निजहरू गंगाराम वली, दुर्गबहादुर वली र दलविर परियारको हालसम्म स्थिति अज्ञात देखिँदा निजहरूको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितहरूका कानून बमोजिमका हकवालाहरूलाई जनही रू. १,००,०००।- का दरले अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।२।२५ मा निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०७ अनुसन्धान १२७६।नेपालगंज मिति २०६९।४।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६१३**

१. **पीडितको नाम, थर र ठेगाना** जनकप्रसाद उपाध्याय, डेउडाकला-३, बर्दिया।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बर्दिया डेउडाकला गाविस ३ खैरेनीटोल बस्ने जनकप्रसाद उपाध्यायलाई मिति २०५९।३।४ गते सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेको भनी मिति २०६२।११।२७ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज जनकप्रसाद उपाध्यायलाई मिति २०५९।३।४ गते रातीको समयमा नेपाली सेना रम्भापुर व्यारेकबाट आएका सुरक्षाकर्मीहरूले घरैबाट पक्राउ गरी हालसम्म बेपत्ता पारेको देखियो । निज उपाध्यायको हालसम्म स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानून बमोजिमका हकवालालाई रू. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।२।२५ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. अनुसन्धान ७५४ मिति २०६९।४।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६१४**

१. **पीडितको नाम, थर र ठेगाना** सगुनलाल चौधरी, धधवार-८, बर्दिया ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बर्दिया धधवार गाविस वडा नं ८ बस्ने जनसेवा माविका शिक्षक सगुनलाल चौधरीलाई मिति २०५८।९।१२ गते चिसापानी व्यारेकका तत्कालीन क्याप्टेन रमेश स्वाँरको टोलीले पक्राउ गरी हालसम्म बेपत्ता पारेको भनी मिति २०६३।३।२१ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज शिक्षक सगुनलाल चौधरीलाई मिति २०५८।९।१२ गते चिसापानी व्यारेकका तत्कालीन क्याप्टेन रमेश स्वाँरको टोलीले पक्राउ गरी मिति २०५८।१२।२२ सम्म भिमकाली गुल्म चिसापानी व्यारेकमा हिरासतमा राखिएको तत्पश्चात कुनै जानकारी नदिई बेपत्ता पारेको देखियो । निज चौधरीको हालसम्म स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानून बमोजिमका हकवालालाई रू. १,००,०००।- का अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।२।२५ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११३ अनुसन्धान ९४३।नेपालगंज मिति २०६९।४।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६१५**

१. **पीडितको नाम, थर र ठेगाना** त्रिभुवन गिरी, मोतिपुर-७, बर्दिया ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बर्दिया मोतिपुर गाविस वार्ड नं. ७ बस्ने लक्ष्मण गिरीको छोरा वर्ष २४ को त्रिभुवन गिरीलाई मिति २०५८।९।३ गते बाँकेको कोहलपुरबाट प्रहरीले पक्राउ गरी बेपत्ता पारेको थियो । मिति २०५९।१।१९ गते जिल्ला प्रशासन कार्यालय, बर्दियाको आदेशानुसार निजलाई छाडिएको भनिएपनि उक्त व्यहोरा झुठ्ा भएको र निज गिरीलाई मिति २०५९।१।१९ गते कारागार शाखा बर्दियाबाट राती १२.०० बजे तत्कालीन शाही नेपाली सेनाले लगेकाले घटनाको बारेमा बुझी उचित न्याय दिलाई पाउँ भनि मिति २०६०।५।१९ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज त्रिभुवन गिरीलाई मिति २०५८।९।३ गते थुनामुक्त गरेको भनिएतापनि कसको रोहवरमा छोडिएको भन्ने जानकारी नदिई निज गिरीलाई मिति २०५९।१।१९ गतेसम्म बर्दिया कारागारमा राखी तत्पश्चात जिल्ला प्रहरी कार्यालय, बर्दियामा ल्याई जिल्ला प्रहरी कार्यालयबाटै सोही राती निकाली

गाडीमा राखी लगी बेपत्ता पारेको भन्ने देखियो । निज त्रिभुवन गिरीको हालसम्म स्थिति अज्ञात देखिंदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानून बमोजिमका हकवालालाई रू. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम अघि नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।३।२७ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २७७अनुसन्धान १६३।नेपालगंज मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६१६**

१. **पीडितको नाम, थर र ठेगाना** रुपलाल थारु, खड्गबहादुर सापकोटा, हरिप्रसाद थारु र दुर्गबहादुर सापकोटा, सुर्यपटुवा-४, बर्दिया ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बर्दिया सुर्यपटुवा गाउँ विकास समिति वडा नं. ४ बस्ने रूपलाल थारू, ऐ. बस्ने खड्गबहादुर सापकोटा, ऐ. बस्ने हरिप्रसाद थारू, ऐ. बस्ने दुर्गबहादुर सापकोटालाई मिति २०५९।१।७ गते सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेकाले सत्यतथ्य पत्ता लगाई स्थिति सार्वजनिक गराई बेपत्ता पार्ने दोषीलाई कार्वाही गरीपाउँ भनि मिति २०६४।६।२७ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजहरू रूपलाल थारू, खड्गबहादुर सापकोटा, हरिप्रसाद थारू, दुर्गबहादुर सापकोटाको हालसम्म स्थिति अज्ञात देखिँदा निजहरूको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितहरूका कानून बमोजिमका हकवालालाई जनही रु. १,००,०००।- का दरले अन्तरिम राहत स्वरूप रकम अघि नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।३।२७ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं.२६७ अनुसन्धान १६२०।२१।२२।२३ मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६१७**

१. **पीडितको नाम, थर र ठेगाना** भगौतीप्रसाद थारू, राजकुमार थारू र पहारी थारू, शम्सेरगञ्ज-४, बाँके ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला शम्सेरगञ्ज गाविस वडा नं. ४ चन्नहवा बस्ने भगौतीप्रसाद थारू, ऐ. बस्ने राजकुमार थारू र ऐ. बस्ने पहारी थारूलाई सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेको हुँदा निजहरको मानव अधिकारको संरक्षणार्थ मिति २०६४।२।१३ गते आयोगको आफ्नै सक्रियतामा उजूरी ग्रहण भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजहरू भगौतीप्रसाद थारू, राजकुमार थारू र पहारी थारूको हालसम्म स्थिति अज्ञात देखिँदा निजहरूको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितहरूका कानून बमोजिमका हकवालालाई जनही रू. १,००,०००।- का दरले अन्तरिम राहत स्वरूप रकम अघि नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।३।२७ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. अनुसन्धान १४०६ मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

च.नं. १०७ मिति २०७०।८।१८ रक्षा मन्त्रालय, मा.अ.अनुगमन तथा गुनासो व्यवस्थापन शाखाबाट जानकारी सम्बन्धमा प्र.म.म.का.लाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६१८**

१. **पीडितको नाम, थर र ठेगाना** सुरेशकुमार ओली, बानियाभार-१, बर्दिया ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बर्दिया बानियाभार गाविस वार्ड नं. १ जमुनी बस्ने सुरेशकुमार ओलीलाई मिति २०५९।९।७ गते सुरक्षाकर्मीहरूले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय गुलरिया लिएर गएको, मिति २०५९।९।१९ गतेसम्म जिल्ला प्रहरी कार्यालय, गुलरियामा परिवारले भेट गरेको, पुस २२ गते परिवारले भेट्न जाँदा सुर्यपटुवा गाविसको जंगलमा पुस २१ गते दिउँसो ४:३० बजे माओवादी सेल्टर देखाउन लगेको बेला जंगलमा सुरक्षाफौजको घेरा तोडी भागेकोले १३ राउण्ड गोली चलाएको जिउँदो बाँचेको थाहा नभएको भनी प्रहरीले जानकारी गराएकोले घटनाको छानवीन गरी पाउँ भनी मिति २०५९।९।२९ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** तत्कालीन प्रहरी प्रमुख एसपी रविप्रताप राणा, डिएसपी रणबहादुर गौतम र इन्सपेक्टर केदार कोइरालाले निज सुरेश वलीलाई बेपत्ता पारी निजको अवस्था हालसम्म सार्वजनिक नगरी निजको अवस्था बेपत्ता नै रहेको देखियो । निजको हालसम्म स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानून बमोजिमका हकवालालाई रू. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम अघि नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।३।२७ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २७५ अनुसन्धान १२५।नेपालगंज मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६१९**

१. **पीडितको नाम, थर र ठेगाना** केशरबहादुर बस्नेत नेउलापुर-४, बर्दिया र शालिकराम अर्याल, मोतिपुर-८, रुपन्देही ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बर्दिया नेउलापुर गाविस वडा नं. ४ घर भई सामुदायिक जागरण स्वास्थ्य केन्द्र भुरीगाउँ बजारमा लेखापालको काम गर्ने केशरबहादुर बस्नेत र जिल्ला रूपन्देही मोतिपुर गाविस वडा नं. ८ रानीवारी घर भै जिल्ला बर्दिया नेउलापुर गाविस भुरीगाउँ बजारमा हार्डवयरको पसल गरी बस्ने शालिकराम अर्याललाई मिति २०५८।११।२७ गते तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी लगेकोमा हालसम्म स्थिति सार्वजनिक नगरेकाले अवस्थाको बारेमा जानकारी लिई रिहाईका लागि पहल गरीपाउँ भनी मिति २०६९।४।३० र मिति २०६४।१०।१३ गते यस आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न ठाकुरद्धारा व्यारेकका तत्कालीन प्रमुख लवकुमार रायमाभी, पक्राउ गर्न नेतृत्व गर्ने रमेश स्वाँर र अन्य सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही

गर्न, मृतक केशरबहादुर बस्नेतको कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६३ को दफा १३(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन साथै निज शालिकराम अर्यालको हालसम्म स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानून बमोजिमका हकवालालाई रू. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम अघि नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन समेत नेपाल सरकारलाई सिफारिश गर्ने" भनी आयोगबाट मिति २०६९।३।२७ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २७८ अनुसन्धान ३६२। बुटवल १६३ मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितहरूका परिवारले रु. ३,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ६२०**

१. **पीडितको नाम, थर र ठेगाना** कमलबहादुर तिरूवा, विन्धयावासिनी-८, दैलेख ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** दैलेख जिल्ला विन्धयावासिनी गाविस ८ जुँफियाका वर्ष २२ का कमलबहादुर तिरूवालाई मिति २०६१।९।४ गते सुर्खेतबाट सशस्त्र प्रहरीमा भर्ती हुन गई आफ्नै घर फर्कने क्रममा रानिमत्ता बेशक्याम्पबाट पक्राउ गरेकोमा दैलेख भवानी वक्स गणमा परिवारले बुझ्न जाँदा त्यही व्यारेकमा छ भनेको, मिति २०६१।९।२८ गते परिवारले पुनः भेट्न जाँदा छैन भन्ने जानकारी दिएकाले निजको बारेमा जानकारी लिई परिवारलाई जानकारी उपलब्ध गराई पाउँ भनी मिति २०६२।३।२४ गते यस आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज कमलबहादुर तिरूवाको हालसम्म स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानून बमोजिमका हकवालालाई रू. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम अघि नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन समेत नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।३।२७ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. अनुसन्धान ४१५ मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**छ) अपहरण**

**क्रम संख्या – ६२१**

१. **पीडितको नाम, थर र ठेगाना** युवराज शर्मा, हेकुली-४, दाङ ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** दाङ जिल्ला हेकुली गाविस वडा नं. ४ मौली बस्ने युवराज शर्मालाई मिति २०५८।१०।१५ गते राती तत्कालीन नेकपा माओवादीको समूहले अपहरण गरी लगेकोमा हालसम्म स्थिति पत्ता नलागेकाले खोजतलाश गरी मुक्त गराइपाउँ भनी मिति २०५८।१०।१८ गते आयोगमा उजूरीको रुपमा अपिल दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगको अनुसन्धानबाट निज युवराज शर्मालाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरू जनअदालत प्रमुख रामबहादुर थापा (शुन्दर), वकिल भिमबहादुर चौधरी (भिम) तथा तत्कालीन पार्टीको

नाम जेहेन्दार नाम गरेका कार्यकर्ताहरूले अपहरण गरी लगेकोमा निज युवराज शर्माको हालसम्म स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानून बमोजिमका हकवालालाई रू. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।२।१२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. अनुसन्धान ६१३।१०४ मिति २०६९।४।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६२२**

१. **पीडितको नाम, थर र ठेगाना** निरज यादव भनिने रमेश यादव, गुलरिया-२, बर्दिया ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बर्दिया गुलरिया नगरपालिका वार्ड नं. २ जैनपुर बस्ने शम्सेर यादवको छोरो वर्ष २० को निरज यादव भनिने रमेश यादवलाई मिति २०६१।७।१२ गते नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी बेपत्ता पारेको हुँदा निजको स्थिति सार्वजनिक गरी दोषी माथि कार्वाही गरी पीडित परिवारलाई उचित क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६३।७।२३ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज यादवलाई मोटरसाईकल सहित मिति २०६१।७।१२ गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ता लक्षीराम यादव, प्रमोद खड्का, प्रतिभा, गुरूङ थरका एकजना र जीवन सहित ५ जनाले ताराताल-७ चौराहबाट अपहरण गरी लगेकोमा निजको स्थिति सार्वजनिक नगरी हालसम्म बेपत्ता पारेको देखियो । निज निरज यादव भनिने रमेश यादवको हालसम्म स्थिति अज्ञात देखिंदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानून बमोजिमका हकवालालाई रू. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम अघि नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।३।२७ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २६९ अनुसन्धान ११०० मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६२३**

१. **पीडितको नाम, थर र ठेगाना** उत्तम थारू र प्रेमबहादुर थारू, देउडाकला-९, बर्दिया ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बर्दिया देउडाकला गाउँ विकास समिति वार्ड नं. ९ ककौरा बस्ने उत्तम थारू र प्रेमबहादुर थारूलाई मिति २०६१।१२।३ गते राती नेकपा माओवादी कार्यकर्ताहरूले घरैबाट अपहरण गरी लगी स्थिति अज्ञात पारेको भनि २०६२।३।६ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निजहरू उत्तम थारू र प्रेमबहादुर थारूलाई मिति २०६१।१२।३ गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी लगेकोमा निजको स्थिति सार्वजनिक नगरी हालसम्म बेपत्ता पारेको देखियो । निजहरू उत्तम थारू र प्रेमबहादुर थारूको हालसम्म स्थिति अज्ञात देखिँदा निजहरूको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितहरूका कानून बमोजिमका

हकवालालाई जनही रू. १,००,०००।- का दरले अन्तरिम राहत स्वरूप रकम अघि नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।३।२७ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. अनुसन्धान २२२ मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले जनही रु. १,००,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**च) यातना**

**क्रम संख्या – ६२४**

१. **पीडितको नाम, थर र ठेगाना** बाबुराम अधिकारी शिवपुर-९, कपिलवस्तु (हाल बाग्लुङ्ग, एड्भोकेसी फोरममा कार्यरत)

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, फाईल सं. ८५७, कपिलबस्तु जिल्ला शिवपुर गा.वि.स. बडा नं. ९ घर भई जिल्ला बाग्लुङ्ग नगरपालिका वडा नं. २ बस्ने एड्भोकेसी फोरम नेपाल, धौलागिरी कार्यालय, बाग्लुङ्गका कानून अधिकृत बाबुराम अधिकारीलाई मिति २०६६।३।८ गते प्रहरीले अमानविय तरिकाले कुटपीट गरी घाइते बनाएको भन्ने सम्बन्धमा दोषी प्रहरी उपर कार्वाही गरी उचित क्षतिपूर्ति दिलाउनको लागि आवश्यक पहल गरीपाउँ भनी मिति २०६६।३।१४ मा यस आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** कुटपीटमा संलग्न प्रहरी उपर विभागीय कार्वाही गर्ने, घटनालाई ढाकछोप गर्न सहयोग गरि धम्की तथा विभिन्न प्रलोभन देखाउने तत्कालीन जिल्ला प्रहरी कार्यालय प्रमुखलाई समेत विभागीय कार्वाही गर्न र पीडितलाई क्षतिपूर्ती स्वरूप रु. १,००,०००।- उपलब्ध गराउन र सोहि घटनाको चोटबाट पीडितलाई पर्न गएको शारीरिक तथा मानसिक प्रभावको सम्बन्धमा उपचारको व्यवस्था मिलाउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६८।८।१५ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ७४५ अनुसन्धान ८५७ मिति २०६८।९।२९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** श्री गृह मन्त्रालयबाट च.नं. ३१८, मिति २०६९।६।१८ मा अर्थ मन्त्रालयलाई रकम निकासाको लागि लेखिएको पत्रको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६२५**

१. **पीडितको नाम, थर र ठेगाना** पुष्कर थापा, भूपेन्द्र शाही, रत्न शाही र खगेन्द्र थापा नेपाल पत्रकार महासंघ दैलेख शाखा

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** नेपालगंज, फाईल सं २०१९, नेपाल पत्रकार महासंघ दैलेख शाखाका अध्यक्ष पुष्कर थापा, एभिन्युज टि.भी. का संवाददाता भूपेन्द्र शाही र हिमालयन टि.भी. का संवाददाता रत्न शाही र जि.वि.स. दैलेखका ना.सु. खगेन्द्र थापालाई मिति २०६८।७।१ गते राती अन्दाजी ९ बजेको समयमा प्रहरीद्वारा कुटपीट भएको भन्ने घटना सम्बन्धमा आवश्यक अनुसन्धान गरी दोषीलाई कार्वाही गरीपाउँ भन्ने सम्बन्धमा मिति २०६८।६।२९ मा आयोगमा उजूरी प्राप्त हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** घटनामा संलग्न नाम खुल्न आएका प्रहरी नायब निरिक्षकद्धय हरिबोल के.सी., सोभन राणा, प्रहरी सहायक निरिक्षक ईन्द्रबहादुर मल्ल, हवल्दार हरिलाल थापा मगर, प्रहरी जवान रन्जित खड्का समेतलाई विभागिय कार्वाही गर्न र पीडितहरूलाई जनही रू. २५,०००।- क्षतिपुर्ती उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६८।८।१५ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ७४६ अनुसन्धान २०१९।नेपालगन्ज मिति २०६८।

९।२९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का. लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १२५४ मिति २०६९।३।१२ मा गृह मन्त्रालयको अर्थ मन्त्रालयलाई क्षतिपूर्ति बापतको रकम निकासाको लागि भनी लेखिएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६२६**

१. **पीडितको नाम, थर र ठेगाना** पीडितहरूको नामावली विवरण

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | उषादेवी झा | लक्ष्मीपुरवगेवा-५ धनुषा |
| २ | सरोजि सिंह | वमनगामा गापीन-५, सप्तरी |
| ३ | श्रीवति मण्डल | भोयल-३, धनुषा |
| ४ | निर्मला झा | मिठ्ठामोड पञ्चायत सितामढी जिल्ला भारत |
| ५ | ललिता सिंह | महेशपुर पिप्रा-४ सिरहा |
| ६ | अमरिका पासवान | भरतपुर-२, धनुषा |

२. **उल्लंघनकर्ता** जेलर तथा प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** महोत्तरी, सप्तरी जिल्ला वमनगामा गापीन गाविस वडा नं ५ घर भै हाल कारागार शाखा कार्यालय, महोत्तरीमा रहेकी बर्ष ४५ की सरोजि सिंह, धनुषा जिल्ला भोयल गाविस वडा नं. ३ महुवा घर भई हाल कारागार शाखा कार्यालय, महोत्तरीमा रहेकी बर्ष ६० की श्रीवति मण्डल, भारत सितामढि जिल्ला मिठ्ठामोड पञ्चायत टोल हनुमानगर घर भई हाल कारागार शाखा कार्यालय, महोत्तरीमा रहेकी बर्ष ४५ की निर्मला झा, सिरहा जिल्ला महेशपुर पिप्रा गाविस वडा नं ४ पिप्रा घर भई हाल महोत्तरी कारागारमा रहेकी बर्ष ३७ की ललिता सिंह, धनुषा जिल्ला लक्ष्मीपुरवगेवा गाविस वडा नं ५ कुम्रौरा घर भई हाल महोत्तरी कारागारमा रहेकी बर्ष ३६ की उषादेवी झा, धनुषा जिल्ला भरतपुर गाविस वडा नं २ बिरेन्द्रबजार घर भई हाल कारागार शाखा कार्यालय महोत्तरीमा रहेकी बर्ष ३१ की अमरिका पासवानलाई कारागार कार्यालय, महोत्तरीमा मिति २०६८।१२।१० गते राति १०:०० वजे महिला गृहमा महिला थुनुवाहरू बीच आपसी झडप हुँदा कारागारका जेलर शोभेन्द्र ठाकुर लगायत महिला प्रहरी समेतले अमानवीय तरिकाले कुटपीट गरी यातना दिएकोले घटनाका छानवीन गरी दोषीलाई कार्वाहि तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराईपाउँ भनी मिति २०६८।१२।१५ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** थुनामा रहेका कैदीहरूले आपसमा कुटपीट गरेको भए कानूनले निर्दिष्ट गरे अनुसार कानूनी कार्वाहि गर्नुको सट्टा नीजहरूलाई शारीरिक र मानसिक यातना दिने अधिकार कारागार सुरक्षाका लागि खटिएका प्रहरी कर्मचारीलाई कानूनले प्रदान गरेको छैन । त्यसरी कुटपीट गर्ने प्रहरीले अनाधिकृत कार्य गरेकाले त्यसका लागि कुटपीट गर्ने प्रहरी व्यक्तिगत रूपमा जिम्मेवार हुन्छ । यसरी कुटपीट गरी यातना दिने महिला प्रहरीहरू हीराकुमारी चौधरी र भगवती राना मगर देखिन आएकाले निजहरूबाट राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ को उपदफा ७ बमोजिम पीडितहरूलाई जनही रू. १०,०००।- का दरले क्षतिपूर्ति रकम भराईदिन तथा कारागारमा थुनुवा बन्दीहरू बीच झै-झगडा हुन नदिने, झै-झगडा हुँदा मेलमिलापको वातावरण तयार गर्नुपर्नेमा सो नगरी कुटपीट गरी यातना दिने कार्यमा सहयोग गर्ने कारागार प्रशासन प्रमुख जेलर शोभेन्द्र ठाकुर, कारागार सुरक्षा प्रमुख प्रनानि सत्यनारायण यादव, कारागार पीयन नुनु पाण्डेलाई विभागीय कार्वाहि गर्न र पुरूष चौकिदार विक्कु मिजारलाई सचेत गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।२।१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८४ अनुसन्धान २४ मिति २०६९।४।१६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** श्री गृह मन्त्रालयबाट च.नं. १२१, मिति २०६९।५।६ मा श्री प्रहरी प्रधान कार्यालयमा कार्वाहीको लागि पठाएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६२७**

१. **पीडितको नाम, थर र ठेगाना** अमरिका प्रसाद यादव, गम्हरिया-३, पर्सा ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** पर्सा जिल्ला गम्हरिया गाविस वडा नं. ३ बस्ने बर्ष ४५ को अमरिका प्रसाद यादवलाई मिति २०६८/०३/२४ गते महुवन प्रहरी चौकीबाट आएका प्रहरीले पक्राउ गरि चौकीमा लगी चौकीका असई गोविन्द कुश्वाहाले चरम यातना दिने काम गरेको । सोही दिन राति उक्त चौकीबाट ईलाका प्रहरी कार्यालय, पोखरियाका ईन्चार्ज प्रहरी निरिक्षक सन्तु जयसवालले आफनो गाडीमा हालि आफु कार्यरत रहेको ईप्रकामा लगि बाँस, प्लाष्टिकको लठ्ठि, बुट र हातले शरीरको विभिन्न भागमा कुटपीट गरी अमानवीय यातना दिने काम गरे । सोही राति १.३० वजे जिल्ला प्रहरी कार्यालय, पर्सा पुऱ्याएपछि यातना नदिई मिति २०६८।३।२६ गते रिहा गरिएकाले निजलाई पक्राउ गरि अमानवीय यातना दिने प्रहरी महुवन चौकी पर्साका इन्चार्ज असई गोविन्द कुश्वाह र इलाका प्रहरी कार्यालय, पोखरियाका प्रहरी निरीक्षक सन्तु जयसवाललाई कार्वाही गरी पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाउँ भनी मिति २०६८।४।१२ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगको अनुसन्धानबाट निज अमरिका राउत अहिरलाई मिति २०६८।३।२४ गते मधुवन चौकी ईन्चार्ज प्रहरी सहायक निरीक्षक गोविन्द महतो कोइरीले सावित‍ि बयान गराई गलत सुचना संकलन गरी गैरकानूनी उद्देश्य पूर्ति गर्न पक्राउ गरी चौकीको हिरासत कक्षमा थुनामा राखी शारीरिक तथा मानसिक यातना दिई अपमानजक व्यवहार गरेको देखियो । ईलाका प्रहरी कार्यालय, पोखरीयाका ईन्चार्ज प्रहरी निरीक्षक सन्तु जयसवालले यातना दिएको आधार प्रमाण देखिएन । यातना दिने कार्य गर्ने तत्कालीन महुवन प्रहरी चौकीका ईन्चार्ज प्रसनि गोविन्द महतो कोइरीबाट राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ को उपदफा ७ बमोजिम पीडितलाई रू. १०,०००।- क्षतिपूर्ति रकम भराई दिन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।२।१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. अनुसन्धान १ मिति २०६९।४।१६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६२८**

१. **पीडितको नाम, थर र ठेगाना** शोभित बुढाथोकी ।

२. **उल्लंघनकर्ता** होस्टल इन्चार्ज नवराज खरेल

३. **उजूरीको संक्षिप्त विवरण** शान्ति सेवा गृह गौशाला, काठमाडौंमा आश्रित रुपमा रहेका शोभित बुढाथोकीलाई मिति २०६३।४।२५ गते सोही गृहको इन्चार्जले कुटपीट गरी बेहोस बनाएकोले दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३।३।३२ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** शान्ति गृहमा आश्रित भई वसेका विरामी शोभित बुढाथोकीलाई संझाइ बुझाई गर्नुपर्नेमा कुटपीट गर्ने होस्टेल ईन्चार्ज नवराज खरेललाई सचेत गराउन कार्वाही अगाडि बढाउन तथा यस्ता सामाजिक संघसंस्थाको नियमित अनुगमन गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।२।१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. अनुसन्धान ६५८ मिति २०६९।४।१६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ३९६ मिति २०६९।७।१६ मा प्र.प्र.का.लाई कारवाहीको लागि पठाइएको सम्बन्धमा आयोगलाई बोधार्थ प्राप्त ।

च.नं १६९ मिति २०६९।६।२९ मा प्रममपकाले गृह र महिला, बालवालिका मन्त्रालयलाई आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ प्राप्त ।

च.नं. १२१ मिति २०६९।५।६ मा गृहबाट कारवाहीको लागि प्र.प्र.का.लाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६२९**

१. **पीडितको नाम, थर र ठेगाना** मिना घर्तीमगर, खुमेल-६, रोल्पा ।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रोल्पा खुमेल गाविस वडा नं. ६ घर भै तुल्सीपुर कारागार शाखा दाङ्गमा नजरवन्दमा रहेकी १७ वर्षिया मिना घर्तीमगरले सुरक्षाकर्मीको दुर्व्यवहार र यातनाका कारण कारागारभित्रै शरीरमा मट्टितेल खनाई आत्महत्या गर्ने प्रयास गरेको र उपचारको क्रममा मिति २०६२।१२।३ गते भेरी अञ्चल अस्पतालमा मृत्यु भएको भनी समाचार प्रकाशित भएको घटनाको सम्बन्धमा आयोगको ध्यानाकर्षण भई आयोगले आफ्नै सक्रियतामा मिति २०६२।१२।३ गते उजूरी ग्रहण गरी कार्वाही अगाडि बढाइएको ।

४. **आयोगको निर्णय/सिफारिश** उमेर नपुगेको नाबालकलाई बालसुधार गृहमा राख्ने, कारागारमा शारीरिक वा मानसिक यातना दिन नहुने, कारागारभित्र रहेका सवैको जीवन रक्षा गर्ने अभिभारा कारागार प्रशासनकै भएकोले त्यसतर्फ लापरवाही भएको देखिंदा कारागार प्रशासकलाई सचेत गराउन नेपाल सरकारलाईसिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।२।३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८९ अनुसन्धान ७७५ मिति २०६९।४।१६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ७५ मिति २०६९।४।३२ मा प्रममपकाले गृ.म.लाई आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ प्राप्त ।

च.नं १२१ मिति २०६९।५।६ मा गृ.म.बाट प्रहरी प्रधान कार्यालयलाई कारवाहीको लागि पठाइएको सम्बन्धमा बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६३०**

१. **पीडितको नाम, थर र ठेगाना** पदम बहादुर ओली, बानियाभार-१, बर्दिया ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बर्दिया वानियाभार गाविस वार्ड नं. १ जमुनी बस्ने पदमबहादुर वलीलाई मिति २०५९।९।७ गते जिल्ला प्रहरी कार्यालय, बर्दिया प्रहरीले थुनामा राखी यातना दिएको भनी २०६३।२।१५ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज पदमबहादुर वली र निजको छोरा सुरेश वली सहित निजहरूको मोटरसाईकल वा१२प ९८१८ वाई वि एक्स समेत पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, बर्दियामा हिरासतमा पाँच दिन थुनामा राखी उक्त कार्यालयका तत्कालिन एसपी रविप्रताप राणा, डिएसपी रणबहादुर गौतम र इन्सपेक्टर केदार कोईरालाको प्रत्यक्ष संलग्नतामा कुटपीट गरी शारीरिक यातना दिएको र निजको छोरा सुरेश वलीलाई हालसम्म बेपत्ता पारेको, निजको मोटरसाईकल समेत फिर्ता नगरेको देखियो । यातना दिने कार्यमा संलग्न तत्कालिन एसपी रविप्रताप राणा, डिएसपी रणबहादुर गौतम र इन्सपेक्टर केदार कोइरालालाई विभागिय कार्वाही गर्न, पीडित पदमबहादुर वलीलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १३ (३) तथा राष्ट्रिय मानव अधिकार आयोग, क्षतिपूर्ति निर्धारण नियमावली, २०५७ को नियम १८ बमोजिम रू. ५०,०००।- क्षतिपूर्ति बापत रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन, निजको मोटरसाईकल समेत फिर्ता गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।३।२७ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २७२ अनुसन्धान ८५९।नेपालगंज मिति २०६९।५।२४

मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ५०,०००।- क्षतिपूर्ति रकम पाइसकेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वियन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ६३१**

१. **पीडितको नाम, थर र ठेगाना** पिताम्वर लामिछाने, बागेश्वरी-२, बाँके ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बाँके बागेश्वरी गाउँ विकास समिति वडा नं. २ बस्ने वर्ष २९ का पिताम्वर लामिछानेलाई मिति २०६५।१२।२० गते अन्दाजी ६/७ बजेको समयमा इलाका प्रहरी कार्यालय, धनौलका प्रहरी निरीक्षक विनोद निरौला र प्रहरी नायव रासबहादुर थापा सहितको टोलीले पक्राउ गरी कार्यालयमा लगी प्रहरी नायव निरीक्षक राजबहादुर थापाले बाँसको लठीले शरीरको विभिन्न भागमा कुटपीट गरी हिरासत कक्षमा राखी शारीरिक र मानसिक यातना दिएकाले दोषी सुरक्षाकर्मीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६५।१२।२३ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट जेठी श्रीमती छदाँछँदै पिताम्वर लामिछानेले दोश्रो विवाह गरेको आरोपमा निजलाई पक्राउ गरी प्रहरी कार्यालयको प्राङ्गणमा प्रहरी नायव निरिक्षक राजबहादुर थापाले बाँसको लठीले शरीरको विभिन्न भागमा कुटपीट गरी हिरासत कक्षमा लगी चरम शारीरिक यातना दिएको कुरा पुष्टि भएको देखिएकाले घटनामा संलग्न दोषी प्रहरीलाई कानून बमोजिम विभागिय कार्वाही गर्न, पीडित पिताम्वर लामिछानेलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १३(३) तथा राष्ट्रिय मानव अधिकार आयोग (क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १८ बमोजिम रू. ५०,०००।- क्षतिपूर्ति बापत रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।३।२७ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**आयोगको च.नं. २७३ अनुसन्धान १९२६ मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ५०,०००।- आ.स. प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**छ) स्वास्थ्यको अधिकार**

**क्रम संख्या – ६३२**

१. **पीडितको नाम, थर र ठेगाना** जमुना बुढामगर, काँडा-५ सेरावाङ, रुकुम

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** बालबालिकाको दिर्घ जीवन, संरक्षण तथा विकासका अधिकारको दृष्टिकोणबाट नेपालगञ्ज स्थित भेरी अञ्चल अस्पतालमा उपचार गरिरहेकी रुकुम जिल्लाको विकट क्षेत्र काँडा गा.वि.स. वडा नं. ५ सेरावाङ घर भएकी १२ बर्षकी जमुना बुढामगरको स्वास्थ्य स्थिति अनुगमन गरिएको ।

४. **आयोगको निर्णय/सिफारिश** तसर्थ निज बालिकाको स्वास्थ्य लाभ तथा पोषण पुर्नस्थापनाको लागि र देशभर कुपोषणबाट पीडित तथा प्रभावित बालबालिकाहरूका हकहीत संरक्षणको निम्ति आयोगको प्रारम्भिक अनुसन्धान प्रतिवेदन सहित निम्न सुझावहरू कार्यान्वयानार्थ नेपाल सरकारमा सिफारिश गर्नेः

- पीडित बालिकाको उपचारमा लाग्ने खर्च तथा परिवारको जीवनयापनको लागि बिशेष सहयोग गर्नुपर्ने ।
- सरकारको निःशुल्क स्वास्थ्य नीति तथा बालबालिकाको स्वास्थ्य सम्बन्धी विशेष कार्यक्रमहरू भएतापनि विगत

८ बर्षदेखि उपचार नपाई कुपोषण लगायत अन्य रोगबाट निज ग्रसित हुनपरेको स्थितिमा नेपाल सरकारले उच्च पहाडी, हिमाली क्षेत्र तथा ग्रामीण क्षेत्रमा अनुगमन गरी त्यस्ता बालबालिकाहरूको लागि स्वास्थ्य उपचार र पोषण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।

- ग्रामीण क्षेत्रमा कार्यरत स्वास्थ्य निकायका कार्यालय, तथा त्यस क्षेत्रमा कार्य गर्ने गैसस समेतलाई सक्रीय गराई समन्वयात्मक रुपमा काम गर्न गराउन र जनचेतनाको विस्तार व्यापक रुपमा गरिनु पर्ने ।
- प्रत्येक जिल्लामा नेपाल सरकारले गम्भीर रुपमा कुपोषित बाल बालिकाहरूको निम्ति पोषण पुर्नस्थापना केन्द्रहरूको स्थापना गर्नुपर्ने ।
- सहस्राब्दी विकास लक्ष्यको प्रथम लक्ष्य नै गरिवी र भोकमरीको उन्मूलन गर्ने रहेको छ। बालबालिकाका लागि १० वर्षीय राष्ट्रिय कार्ययोजना(२०६१/०६२ - २०७१/०७२) ले शिक्षा, स्वास्थ्य र पोषणयुक्त खानेकुरा र अन्य क्षेत्रमा बालमैत्री वातावरणको निर्माण गर्ने प्रावधान रहेको छ । सहस्राब्दी विकास लक्ष्यहरूमा विश्वव्यापी प्राथमिक शिक्षा प्राप्त गर्ने, बाल मृत्युदर न्यूनीकरण गर्ने लगायत रहेको छ । तसर्थ ती राष्ट्रिय नीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी बालबालिकाको हकहीत संरक्षण गर्नु राज्यको दायित्व भएको हुँदा बाल कुपोषण न्यूनीकरण गर्न कार्यान्वयनको अवस्था के कस्तो रहेको छ? त्यसबारे नेपाल सरकारको प्रतिवेदन माग गर्ने आयोगको मिति २०६८।५।८ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २३० मिति २०६८।५।१८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ज) आवासको अधिकार**

**क्रम संख्या – ६३३**

१. **पीडितको नाम, थर र ठेगाना** काठमाडौं जिल्लाको बागमती किनार लगायत मुलुकका विभिन्न स्थानमा बसोबास गरेका सुकुम्वासीहरू ।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** काठमाडौं जिल्लाको बागमती किनार लगायत मुलुकका विभिन्न स्थानमा बसोबास गरेका सुकुम्वासीहरूको घर टहरा हटाउने सरकारको निर्णयले आर्थिक, सामाजिक अधिकारमा आघात पुग्न गएकोले न्योचित बैकल्पिक व्यवस्था गरी मानव अधिकारको संरक्षण गरी पाउँ भनी आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** घर टहरा बनेका यतिका दिनपछि घर टहरा भत्काउनु पूर्व मानवीय मूल्य मान्यताका संवेदनशिलताको विचार गरी मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनको मापदण्डलाई पालना गर्दै घर टहरा भत्काउनुपर्नेमा सो गरेको देखिन आएन । घर टहरा भत्काइएकोले विस्थापित भएका सुकुम्वासीहरूको पहिचान गरी निजहरूको वसोवासको वैकल्पिक व्यवस्था मिलाएर मात्र निजहरू वसोवास गरेको सरकारी स्वामित्वमा रहेको जग्गा खाली गराउनपर्ने तथा घर टहरा भत्काउँदा उनीहरूलाई हुन गएको क्षतिको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति दिन र अन्य ठाउँको अतिक्रमित सरकारी जग्गा खाली गराउँदा माथि उल्लेख गरिएका मापदण्ड अपनाई मात्र अतिक्रमित जग्गा खाली गराउने तर्फ कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनि आयोगबाट मिति २०६९।२।१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १५९१अनुसन्धान ८४७ मिति २०६९।३।८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**झ) घाइते/कुटपीट**

**क्रम संख्या – ६३४**

१. **पीडितको नाम, थर र ठेगाना** नन्दादेवी शाही मल्ल, सेरी–९, मुगु ।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला मुगु गाविस सेरी -९ बस्ने नन्दादेवी शाही मल्ल मिति २०५९।२।२१ गते सोही जिल्लाको कालिका मा.वि. श्रीकोट बुगामा पढाउन जान लगेको समयमा नेकपा माओवादीका कार्यकर्ता र सुरक्षाकर्मीबीच भिडन्त हुँदा सुरक्षाकर्मीको गोली लागी घाइते भई क्षतिपूर्तिका लागि जिल्ला प्रशासन कार्यालय, मुगुमा गएकोमा कुनै कार्वाही नभएकाले आवश्यक पहल गरीपाउँ भनी मिति २०६१।८।२२ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** नेपालगंज, फाइल नं. २३४५, नेपाली सेनाले नेकपा माओवादीका कार्यकर्ता माथि गोली चलाउँदा स्कुल गइरहेकी शिक्षिका निज नन्दादेवि शाही (मल्ल) लाइ गोली लागि घाइते हुन गएकाले निर्दोष व्यक्ति परेको हुनाले निजलाई राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम २० बमोजिम रु. १,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।१०।१८ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९८१ अनुसन्धान २३४५।नेपालगन्ज मिति २०६८।११।४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्र.म.म.का.को कार्यालयको च.नं. २३६ मिति २०६८।११।१५ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ५०,०००।- उपलब्ध गराउने प्रक्रिया अगाडि बढाएको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६३५**

१. **पीडितको नाम, थर र ठेगाना** अमरप्रसाद आचार्य मोतीपुर-१, बर्दिया ।

२. **उल्लंघनकर्ता** सशस्त्र प्रहरी बल

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बर्दिया मोतीपुर गाविस वडा नं. १ हावापुर बस्ने अमरप्रसाद आचार्यलाई मिति २०६१।९।१८ गते सशस्त्र प्रहरीका सुरक्षाकर्मीहरूले घाइते बनाएको हुँदा घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३।३।७ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** यसमा आयोगको अनुसन्धानबाट निज अमरप्रसाद आचार्यलाई सशस्त्र प्रहरीका सुरक्षाकर्मीबाट चलाइएको गोली लागी घाइते भएको । निजको भेरी अञ्चल अस्पतालमा उपचार भएको र उपचारको क्रममा निजको १५,०००।- खर्च भएको । हालसम्म निजले कहीं कतैबाट क्षतिपूर्ति नपाएको भन्ने देखिंदा निजको उपचार गर्दा लागेको रू. १५,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनि आयोगबाट मिति २०६९।२।२२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९८ अनुसन्धान ९००।नेपालगंज मिति २०६९।४।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितलाई रु. १५,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ६३६**

१. **पीडितको नाम, थर र ठेगाना** नेत्रपाणी सुवेदी, कास्कीकोट-४, कास्की ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** कास्की जिल्ला कास्कीकोट गाविस वडा नं. ४ रईकर बस्ने बर्ष ४८ को नेत्रपाणी सुवेदीलाई २०६२।०६३ को जनआन्दोलनको क्रममा मिति २०६३।१।५ गते पोखरा सभागृह चोकमा प्रहरीबाट कुटपीट भएकाले उपचारको लागि आवश्यक पहल गरीपाउँ भनी मिति २०६८।३।१२ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** जनआन्दोलनको क्रममा प्रहरीको लाठी चार्जबाट घाइते भएका निजको स्वास्थ्यको अधिकार संरक्षणका लागि आवश्यक प्रबन्ध मिलाउन, सुविधा सम्पन्न ठाउँमा प्रभावकारी उपचारको व्यवस्था गर्न गराउन नेपाल सरकारबाट जे, जो गर्नुपर्ने आवश्यक पहल गर्न जिल्ला प्रशासन कार्यालय, कास्कीको च.नं. १२७८९ मिति २०६८।३।२९ गतेको पत्रबाट समेत जानकारी गराएको देखियो । निजले हालसम्म कहीकतैबाट क्षतिपूर्ति रकम नपाएको देखिंदा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. १,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन र उपयुक्त अस्पतालमा निजको उपचार गराइदिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।२।२५ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १११ अनुसन्धान ९०० मिति २०६९।४।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यान्वयको लागि पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ६८ मिति २०६९।४।३२ प्र.म.म.का.बाट आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. १८४ मिति २०६९।६।७ राहत तथा पुनःस्थापन इकाईबाट निर्णय कार्यान्वयन सम्बन्धमा स्वास्थ्य मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. २४१ मिति २०६९।७।१५ राहत तथा पुनःस्थापन इकाईबाट विवरण उपलब्ध गराइदिने बारे सम्बन्धमा मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६३७**

१. **पीडितको नाम, थर र ठेगाना** शालीकराम भुसाल, ठाकुरद्वारा-३, बर्दिया ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बर्दिया ठाकुरद्वारा गाविस वार्ड नं. ३ चिड्कैया बस्ने वर्ष ३४ को शालीकराम भुसाललाई मिति २०६३।१।७ गते नेपाली सेनाका सुरक्षाकर्मीले घाइते बनाएकाले न्याय दिलाई पाउँ भनी मिति २०६३।२।२३ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न, निज शालीकराम भुसालले कुनै क्षतिपूर्ति तथा राहत नपाएको भन्ने देखिंदा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ५०,०००।- क्षतिपूर्ति रकम मध्ये यस अघि क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।३।२७ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २६६ अनुसन्धान ८६८।नेपालगंज मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.प. कार्यालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ५०,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

च.नं. २५०१ मिति २०७०।११।११ मा प्र.म.म.का, मा.अ.प्र.शाखाले निर्णय कार्यान्यिन सम्बन्धमा ताकेता गृह, रक्षा र शा

मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ प्राप्त ।

च.नं. ३२२१ मिति २०७०।१२।१० मा प्र.म.म.का, मा.अ.प्र.शाखाले निर्णय कार्यान्यिन सम्बन्धमा निजको राहत रकम जिल्ला प्रशासन कार्यालय बर्दियामा पठाइसकिएको भन्ने व्यहोराको पत्र ।

च.नं. ७१ मिति २०७१।८।१५ मा रक्षा मन्त्रालयले जानकारी सम्बन्धमा प्र.म.म.का.मा पठाएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

### ४.१३ आर्थिक वर्ष २०६९/०७० मा गरिएका सिफारिशहरू

**क) गैरकानूनी हत्या**

**क्रम संख्या – ६३८**

१. **पीडितको नाम, थर र ठेगाना** चन्द्रकुमार यादव, अर्नामा प.पी.-२, सिरहा

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** सिरहा जिल्ला अर्नामा प.पी. गाविस वडा नं. २ निवासी ३० बर्षिय चन्द्रकुमार यादवलाई जिल्ला प्रहरी कार्यालय, सिरहाका प्रहरी टोलीले मिति २०६५।६।२८ गते बिहान ३ बजे घरमा सुतिरहेको अवस्थामा पक्राउ गरी लगेकोमा सोही दिन राती प्रहरी हिरासतमा यातना दिइएकोले यातनाको कारण निजको मृत्यु भएको हुँदा घटनाको छानवीन गरी दोषीलाई कार्वाही र परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६५।६।३० गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** विराटनगर, उजूरी नं. १३५८, आयोगको अनुसन्धानबाट निज चन्द्रकुमार यादवलाई जिल्ला प्रहरी कार्यालय, सिरहाले मिति २०६५।३।२८ गते पक्राउ गरी हिरासतमा राखिएको, अनुसन्धानको क्रममा केरकार गर्दा निजको टाउकोमा चोट लागेको, सोही चोटको कारण निजको मृत्यु भएको देखियो । आफ्नो जिम्मामा रहेको व्यक्तिलाई कानून बमोजिम कार्वाही गर्नुको सट्टा प्रहरी नायव निरीक्षक रामबहादुर ढकाल, हेड कन्सटेवल हरिशंकर यादव, प्रहरी जवान सुरेन्द्र चौधरी समेत संलग्न टोलीले अनुसन्धानको सिलसिलामा केरकार गरी कुटपीट गरेको कारण निज चन्द्रकुमार यादवको मृत्यृ हुन गएको देखिंदा घटनामा संलग्न उल्लेखित प्रहरीहरूलाई मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।६।९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४७६ अनुसन्धान १३५८ मिति २०६८।१०।११ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६३९**

१. **पीडितको नाम, थर र ठेगाना** पनराज लावुङ लिम्बु, इखावु-५, ताप्लेजुङ्ग

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** ताप्लेजुङ्ग जिल्ला इखावु गा.वि.स. वडा नं. ५ बस्ने वर्ष १६ का पनराज लावुङ लिम्बुलाई ऐ. वडा नं. २ सेतोवामा आफन्तको घरमा सुतिरहेको अवस्थामा मिति २०६०।८।१८ गते तत्कालीन शाही नेपाली सेनाले नियन्त्रणमा लिई यातना दिई हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६३।४।१९ गते यस आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** पोखरा, उजूरी नं. ८१९, निज पनराज लावुङ लिम्बुलाई मिति २०६०।८।१८ गते आफन्तको घरमा सुतिरहेको अवस्थामा तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी सुरक्षाकर्मीको सुरक्षा घेरामा रहेको व्यक्तिलाई

कानून बमोजिम कार्वाही गर्नुको सट्टा गोली हानी गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकार र अन्तर्राष्ट्रिय मानविय कानूनको समेत उल्लंघन भएको देखियो। घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न तथा मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।१२।११ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०९२ अनुसन्धान ८१९ विराटनगर मिति २०७०।१।२३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं ४५९ मिति २०७०।२।९ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले निर्णय कार्यान्वयन सम्बन्धमा गृह, रक्षा र शा.पु.म.लाई पठाएको पत्रको बोधार्थ प्राप्त।

च.नं ७५ मिति २०७१।८।१५ मा रक्षा मन्त्रालयले प्रमंमपकालाई जानकारी गराएको सम्बन्धमा आयोगलाई बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६४०**

१. **पीडितको नाम, थर र ठेगाना** शम्भुप्रसाद भनिने विश्वनाथ ढकाल, मात्तिमविर्ता-३, खोटाङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** खोटाङ्ग जिल्ला मात्तिमविर्ता गा.वि.स. वडा नं. ३ निवासी शम्भुप्रसाद भन्ने विश्वनाथ ढकाललाई मिति २०६२।१२।२९ गते विहान ८:०० वजे दिक्तेलबाट गस्तीमा गएका संयुक्त सुरक्षाफौजको टोलीले निशस्त्र अवस्थामा समातेर गोली हानी मारेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३।१।३ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** खोटाङ्ग, फाइल नं. १५, आयोगको अनुसन्धानबाट निज शम्भुप्रसाद भन्ने विश्वनाथ ढकाल तत्कालीन नेकपा माओवादीको कार्यकर्ता भए पनि सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा लिइसकेपछि पुनः गोली हानी गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो। त्यसपछि मृतकको कानून बमोजिम रितपूर्वकको लाश जाँच अन्य कानूनी प्रक्रिया पूरा गरी अन्तिम दाह संस्कारको लागि मृतकको परिवारलाई लाश जिम्मा दिनुपर्नेमा सो नगरी लाश सोही ठाउँमा छोडी लाशको निरीक्षण नगरेर नै पोष्टमार्टम प्रतिवेदन तयार गर्न लगाएकोले सो कार्य समेत कानून बमोजिम गरेको देखिएन। घटनामा संलग्न चेन अफ कमाण्ड मेजर र गोली हान्ने सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।१२।११ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०९१ अनुसन्धान १५ खोटाङ मिति २०७०।१।२३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं ४५७ मिति २०७०।२।९ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, मा.अ.प्र.शाखले निर्णय कार्यान्वयन सम्बन्धमा गृह, र शा.पु.म.लाई पठाएको पत्रको बोधार्थ प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६४१**

१. **पीडितको नाम, थर र ठेगाना** अर्जुन सुब्बा (मेन्याङ्बो), थेचम्बु-६, ताप्लेजुङ्ग

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** ताप्लेजुङ्ग जिल्ला थेचम्बु गा.वि.स. वडा नं. ६ का अर्जुन सुब्बा (मेन्याङ्बो) लाई मिति

२०६२।७।२ गते विहान ८:१० बजे सोही जिल्लाको थुम्वेदिन गा.वि.स. ७ वडहरेस्थित संयुक्त सुरक्षाफौजले नियन्त्रणमा लिई गोली हानी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६२।८।१७ गते यस आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** विराटनगर, फाइल नं. ४९२, आयोगको अनुसन्धानबाट निज अर्जुन सुब्बा (मेन्याङ्वो) तत्कालीन नेकपा माओवादीको कार्यकर्ता भएपनि सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा लिई सकेपछि कानून बमोजिम कार्वाही गर्नुको सट्टा गोली हानी गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानविय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न तत्कालीन इन्द्रदल गुल्मका सेनानी रुपेन्द्र बुढाथोकी र गोली हान्ने सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही तथा मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।१२।११ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०९३ अनुसन्धान ४९२ विराटनगर मिति २०७०।१।२३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६४२**

१. **पीडितको नाम, थर र ठेगाना** सुनिल राजवंशी, बालुवाडी-४, झापा

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** झापा जिल्ला बालुवाडी गाविस वडा नं. ४ बस्ने सुनिल राजवंशीलाई सुरक्षाकर्मीहरूले मिति २०६०।९।२५ गते दिउँसो १२:३० बजे ऐ. राजगढ गाविसको राजगढ बजारबाट पक्राउ गरी हत्या गरेकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६७।९।१८ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज सुनिल राजवंशी तत्कालीन नेकपा माओवादीको कार्यकर्ता भए पनि सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा लिइसकेपछि गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । त्यसपछि मृतकको कानून बमोजिम रितपूर्वकको लाश जाँच अन्य कानूनी प्रक्रिया पुरा गरी अन्तिम संस्कारको लागि मृतकका परिवारलाई लाश जिम्मा दिनुपर्नेमा सो नगरी लाश सोही ठाउँमा छोडी गएकोले उक्त कार्य समेत कानून बमोजिम गरेको देखिएन । उक्त घटनाको किटानी जाहेरी जिल्ला प्रहरी कार्यालय, झापामा दिएकोमा प्रहरीले जाहेरी दर्ता गर्न नमानेको, पुनरावेदन अदालतबाट उक्त जाहेरी दर्ता गराउनु भनी आदेश समेत जारी भइसकेको देखियो । यसमा आदेश दिने प्रहरी प्रमुख र गोली हान्ने सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कार्वाही गर्न, साथै मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।१।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३९० अनुसन्धान १५६२ विराटनगर मिति २०७०।३।३० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं १८ मिति २०७०।४।६ प्र.म.म.प.काबाट, निर्णय कार्यान्वयन सम्बन्धमा गृ.म र शान्ति मन्त्रालयलाई लेखेको पत्रको बोधार्थ पत्र आयोगलाई प्राप्त ।

च.नं. १८६, मिति २०७०।१२।१४ गृह मन्त्रालयबाट निर्णय कार्यान्वयन लागि प्रहरी प्र.का.लाई पठाइएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६४३**

१. **पीडितको नाम, थर र ठेगाना** सानु यादव, देवानगञ्ज-४, सुनसरी

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** सुनसरी जिल्ला देवानगञ्ज गाविस वडा नं. २ देवानगञ्ज बजारमा मिति २०६८।४।१३ गते प्रहरीले चलाएको गोली लागी सोही जिल्लाको देवानगञ्ज गाविस वडा नं. ८ बस्ने सानु यादवको मृत्यु भएको । उक्त घटना हुनुभन्दा अघी स्थानीय बासिन्दाले भारतबाट ल्याएको मलखाद लगायतका दैनिक उपभोगका सामाग्री नियन्त्रणमा लिइएको विषयमा इलाका प्रहरी कार्यालय, देवानगञ्जका प्रहरीहरू र स्थानीय मानिसहरू बीच छलफल भैराखेको अवस्थामा सशस्त्र प्रहरीहरूले जथाभावी लाठीजार्च गर्दा ३५/३६ जना घाइते समेत भएकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६८।४।१८ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** अनुसन्धान टोलीको प्रतिवेदन अनुसार सुरक्षाकर्मीले गोली चलाउनुपर्ने स्थिति र आवश्यकता नभएको अवस्थामा गोली चलाएको र सो गोली लागी सानु यादवको गैरन्यायिक हत्या भएकोले निजको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । साथै उक्त घटना हुनुभन्दा अघि इप्रका वरिपरि भिडलाई नियन्त्रण गर्न प्रहरीबाट लाठीचार्ज, अश्रुग्यास तथा हवाई फायरिङ भएको र सो क्रममा प्रदर्शनकारीहरू घाइते समेत भएको । प्रहरीहरू स्थानीय केही व्यक्तिहरूको घरमा पसी कुटपीट गरेको भन्ने देखिएकोले प्रहरीको यस्तो कार्यले आवश्यकता, परिस्थिति र समानुपातिक भन्दा वढी बल प्रयोग गरेको पाइयो । घटनामा संलग्न मृतक सानु यादवलाई गोली चलाउने प्रहरी दानबहादुर घिमिरे र निजलाई गोली चलाउन आदेश दिने व्यक्तिको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न, प्रहरीहरू स्थानीय व्यक्तिहरूको घरमा पसी कुटपीट गरेको तथा लापरवाही गरेको देखिंदा उक्त कार्यमा संलग्न प्रहरीहरूको पहिचान गरी सचेत गराउन । साथै मृतक सानु यादवको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।१।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३९३ अनुसन्धान १०४६ विराटनगर मिति २०७०।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६४४**

१. **पीडितको नाम, थर र ठेगाना** बुझवान डगौरा चौधरी, बेल्डाडी-८, कंचनपुर

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर जिल्ला बेल्डाडी गाविस वडा नं. २ बैवाह सिमलडाडा टोल बस्ने बुझवान डगौरा चौधरीलाई मिति २०५८ सालमा सेनाले तत्कालीन माओवादीको आशंकामा पक्राउ गरी कुटपीट गरेको कारण अपाङ्ग भई उपचार समेत गराउन नसक्ने अवस्थामा रहेकाले घटनाको छानवीन गरी पीडितलाई न्याय दिलाई पीडकलाई कार्वाही गरीपाउँ भनी मिति २०६७।८।२८ गते आयोग समक्ष उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज चौधरीको उपचार गर्दा गर्दै मिति २०६८।७।२७ गते घर ठेगानामै मृत्यु भएको भनी आयोगको क्षेत्रिय कार्यालय, धनगढीबाट मिति २०६९।७।२४ गते खटिई गएको अनुसन्धान टोली समक्ष पीडितका आफन्तले जानकारी गराएको समेत देखियो । यसरी द्वन्द्वको समयमा २०५८ सालमा तत्कालीन शाही नेपाली सेनाले निज बुझवान डगौरा चौधरीलाई तत्कालीन नेकपा माओवादीको आशंकामा तीन महिनासम्म पटक-पटक गरी कुटपीट गरी यातना दिएको सोही चोटका कारण निजले औषधी सेवन गरी उपचार गराइरहेको अवस्थामा मिति २०६८।७।२७ गते निजको मृत्यु हुन गएको । सुरक्षाकर्मीले निजलाई पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा कुटपीट गरी यातना दिएको । सोही चोटको कारण थला परी खुट्टा समेत नचल्ने भई निजले लामो समयसम्म औषधी सेवन गरी उपचारकै

क्रममा निजको मृत्यु हुन गएको देखिंदा निजको मानव अधिकारको उल्लंघन हुन गएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न । पीडितको मृत्यु भइसकेको देखिंदा निजको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. १,००,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।११ गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३२ अनुसन्धान ६८८।धनगढी मिति २०७०।४।८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६४५**

१. **पीडितको नाम, थर र ठेगाना** मनोज दास, रक्सौल, भारत

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६३।६।२९ गते तत्कालीन वडा प्रहरी कार्यालय, जनसेवा काठमाडौंले भारत रक्सौल घर भई काठमाडौं वस्दै आएका मनोज दासलाई चोरीको आरोपमा पक्राउ गरी थुनामा राखेकोमा प्रहरीले यातना दिएको कारण घाइते भई उपचारको क्रममा विर अस्पताल लैजाँदै गर्दा निजको मृत्यु भएको भनी मिति २०६३।६।३१ गते विभिन्न पत्रिकामा प्रकाशित भएको समाचारप्रति आयोगको ध्यानाकर्षण भई आफ्नै सक्रियतामा मिति २०६३।७।१ गते उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** चोरीको आरोपमा पक्राउ परेका भारतीय नागरिक मनोज दासलाई प्रहरीले कानून बमोजिम कार्वाही गर्नुको सट्टा आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई कुटपीट गरी यातना दिएको कारणबाट निजको मृत्यु हुन गएको देखिंदा निज मनोज दासको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न । साथै मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।१३ गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८३ अनुसन्धान ८५६ मिति २०७०।४।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६४६**

१. **पीडितको नाम, थर र ठेगाना** कितबहादुर तामाङ्ग, कुमरी-३, नुवाकोट

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** नुवाकोट जिल्ला कुमरी गाविस वडा नं. ३ नयाँवस्ती बस्ने वर्ष २८ को कितबहादुर तामाङ्गको मिति २०६०।७।१५ गते सोही जिल्लाको चाउथे गाविस स्थित दिनेश ढुंगानाको घरमा मिस्त्रीको काम गरिरहेको अवस्थामा सरक्षाकर्मीहरूको गोलीद्वारा मृत्यु भएकोले घटनाको छानवीन गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६०।९।९ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** सुरक्षाकर्मीले पहिला निजलाई घाइते बनाएर आफ्नो नियन्त्रणमा लिइसकेको व्यक्तिलाई कानून बमोजिम कार्वाही गर्नुको सट्टा चाउँथे खोलाको किनारामा लगी गैरन्यायिक हत्या गरेको देखिंदा निज कितबहादुर तामाङ्गको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न । साथै मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम

रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।१३ गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ७८ अनुसन्धान २०६/८५३ मिति २०७०।४।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ४५ मिति २०७०।४।२३ प्र.म.म.का, मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह म., शा.तथा मन्त्रालयलाई लेखेको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६४७**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्ण अधिकारी, तुप्चे-१, नुवाकोट

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** नुवाकोट जिल्ला तुप्चे गाविस वडा नं. १ घर भै काठमाडौं पुरानो बानेश्वर डेरा गरी बस्ने कृष्ण अधिकारीलाई मिति २०६१।३।२९ गते साँझ ८ बजे पुरानो बानेश्वरमा सुरक्षाफौजले चलाएको गाली लागी मृत्यु भएको। निजको साथमा भएको बा १७ प ७७९० को प्यासन मोटरसाइकल, सुनको सिक्री, मोवाइल फोन, परिचयपत्र, घडी समेत सुरक्षाफौजले जफत गरी निजको बैंक खाता समेत रोक्का गरेकोले आवश्यक छानवीन गरी पिडित परिवारलाई उचित क्षतिपूर्ति र कब्जा गरिएका सामानहरू फिर्ता दिलाइदिन पहल गरी पाउँ भनी मिति २०६१।१०।१३ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज कृष्णप्रसाद अधिकारीलाई सुरक्षाकर्मीहरूले पक्राउ गर्न सक्ने अवस्था हुँदा हुँदै पक्राउ नगरी हत्या गरेको देखिंदा निज कृष्ण अधिकारीको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन हुन गएको देखियो। घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न । प्रहरीद्वारा नियन्त्रणमा लिएका समानहरू सम्बन्धित परिवारले फिर्ता पाइसकेकोले यसतर्फ केही गरिरहनु परेन । मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।१३ गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ७९ अनुसन्धान २०७/८५४ मिति २०७०।४।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ४९ मिति २०७०।४।२३प्र.म.म.का, मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह.म, शान्ति तथा पु.म.लाई पठाएको पत्रको बोधार्थ पत्र ।

च.नं०८ मिति २०७०।४।२९ गृ.म, मा.अ.प्र.तथा अ.स.शाखाबाट प्र.प्रधान का.लाई पठाएको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६४८**

१. **पीडितको नाम, थर र ठेगाना** उल्लास वैद्य, का.म.न.पा-३५, काठमाडौं

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** नुवाकोट जिल्ला तुप्चे गाविस वडा नं. १ घर भै काठमाडौं पुरानो वानेश्वर डेरा गरी बस्ने कृष्ण अधिकारीलाई मिति २०६१।३।२९ गते साँझ ८:०० बजे पुरानो वानेश्वरमा सुरक्षाफौजले चलाएको गोली लागी मृत्यु भएको। निजको साथमा भएको बा. १७ प. ७७९० को प्यासन मोटरसाइकल, सुनको सिक्री, मोवाइल फोन, परिचय पत्र, घडी समेत सुरक्षाफौजले जफत गरी निजको बैंक खाता समेत रोक्का गरेकोले आवश्यक छानवीन गरी पिडित परिवारलाई

उचित क्षतिपूर्ति र कब्जा गरिएका सामानहरू फिर्ता दिलाई दिन पहल गरी पाउँ भनी मिति २०६१।१०।१३ गते उजूरी दर्ता हुन आएकोमा उक्त घटनाको अनुसन्धान गर्ने क्रममा काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ३५ बस्ने तथा नेपाल विद्युत प्राधिकरणमा कार्यरत उल्लास वैद्यको समेत सोही घटनामा मृत्यु हुन गएको भन्ने देखिंदा निज वैद्यको सम्बन्धमा समेत आयोगको नीति बमोजिम छुट्टै फाइल खडा गरी कार्वाही अगाडि बढाएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज उल्लास वैद्यको सुरक्षाकर्मीको गोली लागी मृत्यु हुन गएको देखिंदा निज उल्लास वैद्यको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन हुन गएको देखियो। घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।१३ गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८१ अनुसन्धान ६६९ मिति २०७०।४।१६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ४७ मिति २०७०।४।२३ प्र.म.म.का, मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृ.म, शा.पु.म.लाई पठाएको पत्रको बोधार्थ पत्र ।

च.नं०८ मिति २०७०।४।२९ गृ.म, मा.अ.प्र.तथा अ.स.शाखाबाट प्र.प्रधान का.लाई पठाएको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६४९**

१. **पीडितको नाम, थर र ठेगाना** मैतीदेवी चौधरी, रैकवार विचवा-७, कञ्चनपुर

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कञ्चनपुर रैकवार विचवा गाविस वार्ड नं. ७ राजघाट बस्ने मैतीदेवी चौधरीलाई मिति २०५९।५।२७ गते जिल्ला कञ्चनपुर कृष्णपुर गाविस वार्ड नं. ३ किचाईमा तिजको अवसरमा अन्य महिलाहरूसँग नाचगान गरिरहेको अवस्थामा सुरक्षाकर्मीहरूले अन्धाधुन्ध गोली चलाई हत्या गरेकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३।१०।१२ गते उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** तीजको अवसरमा नाचगान भइरहेको अवस्थामा सुरक्षाकर्मीले कानून बमोजिम कोही कसैलाई सोधपुछ नगरी सुरक्षाकर्मीले एक्कासी गोली चलाउँदा निज मैतीदेवी चौधरीको मृत्यु हुन गएको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन हुन गएको देखियो। मृतकको लाश कानून बमोजिम मृतकका आफन्तलाई जिम्मा दिनुको सट्टा सुरक्षाकर्मीहरू आफैले लिएर गई कञ्चनपुर जिल्लाको वाणीको बिचको जंगलमा छोडी गएको भन्ने देखिंदा उक्त कार्य समेत कानून बमोजिम गरेको देखिएन। घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको क्षतिपूर्ति रकम उपलब्ध गराउन साथै मृतकका आश्रित नाबालक बालबालिकालाई पठनपाठनको लागी व्यवस्था मिलाउन समेत नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।१४ गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९५ अनुसन्धान ४९० धनगढी मिति २०७०।४।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ३२ मिति २०७०।५।१३, गृह मन्त्रालयबाट, मा.अ.प्र.अ.स.शाखाबाट प्र.प्रधान का.लाई कारवाहीको लागि पठाइएको सम्बन्धमा आयोगलाई बोधार्थ पत्र ।

च.नं ६३, मिति २०७०।५।३, प्र.म.म.का, मा.अ.प्र.शाखाबाट गृ.म., मा.अ.प्र.अ.स.शाखा र शा.तथा पु.म.लाई निर्णय कार्यान्वयन सम्बन्धमा आयोगलाई बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६५०**

१. **पीडितको नाम, थर र ठेगाना** लक्ष्मीदेवी वि.क., रैकवार विचवा-७, कञ्चनपुर

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कञ्चनपुर रैकवार विचवा गाविस वार्ड नं. ७ राजघाट बस्ने लक्ष्मीदेवी वि.क.लाई मिति २०५९।१।११ गते कञ्चनपुर रैकवार विचवा गा.वि.स. वडा नं. ९ पिपरिया माइती घरबाट राजघाट वहिनीसँग आइरहेको अवस्थामा प्रेमनगर नालानिर सुरक्षाकर्मीहरूले हत्या गरेकोले घटनाको छानवीन गरी पीडित परिवारलाई क्षतिपूर्ति र दोषीलाई कार्वाही गरी पाउँ भनी मिति २०६३।१०।१२ गते उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आफ्नो घरमा आइरहेको अवस्थामा सुरक्षाकर्मीले कानून बमोजिम सोधपुछ नगरी हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन हुन गएको देखियो । मृतकको लाश कानून बमोजिम मृतकका आफन्तलाई जिम्मा दिनुको सट्टा सुरक्षाकर्मीहरू आफैले लिएर गएको भन्ने देखिंदा उक्त कार्य समेत कानून बमोजिम गरेको देखिएन । मृतकका हकवालाले क्षतिपूर्ति रकम अघि पाइसकेको भन्ने देखिंदा त्यसतर्फ बोलिरहनु परेन । घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।१४ गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९४ अनुसन्धान ४९१ धनगढी मिति २०७०।४।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ३२ मिति २०७०।५।१३, गृह मन्त्रालयबाट, मा.अ.प्र.अ.स.शाखाबाट प्र.प्रधान का.लाई कारवाहीको लागि पठाइएको सम्बन्धमा आयोगलाई बोधार्थ पत्र ।
च.नं ६२, मिति २०७०।५।३, प्र.म.म.का, मा.अ.प्र.शाखाबाट गृ.म., मा.अ.प्र.अ.स.शाखा र शा.तथा पु.म.लाई निर्णय कार्यान्वयन सम्बन्धमा आयोगलाई बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६५१**

१. **पीडितको नाम, थर र ठेगाना** झिल्के नेपाली, अर्थुङ्गे-४, म्याग्दी

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** म्याग्दी जिल्ला अर्थुङ्गे गाविस वडा नं. ४ बस्ने झिल्के नेपाली मिति २०६०।१२।८ गते आफ्नो विष्टको घरमा पैसा लिन गएको बेला बासकोट भन्ने ठाउँमा तत्कालीन शाही नेपाली सेनाले हेलिकप्टरबाट खसाएको गोली लागी मृत्यु भएकोले घटनाको छानवीन गरी पाउँ भनी मिति २०६७।६।१६ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार मृतक झिल्के नेपालीको मृत्यु वेनी आक्रमण भएको १/२ दिनपछि मिति २०६०।१२।८ गते अर्थुङ्गे गाविसको बासकोट भन्ने ठाउँमा तत्कालीन शाही नेपाली सेनाको हेलिकप्टरले माथिबाटै खसालेको बम/गोली लागी घाइते भएको अवस्थामा स्थानीय व्यक्तिहरूको घरमा लगेको केहि समयपछि नै मृत्यु भएको । निज नेपाली सर्वसाधारण रहेको र तत्कालीन शाही नेपाली सेनाको लापरवाहीपूर्ण कारवाहीको कारण निजको मृत्यु भएको भन्ने देखिंदा निज झिल्के नेपालीको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । मृतकको कानून बमोजिम रितपूर्वकको लाशजाँच लगायतको कानूनी प्रक्रिया पुरा गर्नुपर्नेमा सो समेत गरेको देखिएन । घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी सचेत गराउन, साथै मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको क्षतिपूर्ति रकम उपलब्ध गराउन, मृतकका नाबालक बालबालिकाको लागि निःशुल्क पठनपाठनको व्यवस्था समेत गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।२८ गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११८ अनुसन्धान ४३०।पोखरा मिति २०७०।४।३० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६५२**

१. **पीडितको नाम, थर र ठेगाना**

मृतक व्यक्तिहरूको नामावली

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | छविलाल गौतम | ग्वालीचौर-७, बाग्लुङ्ग |
| २ | प्रकाश चुके श्रेष्ठ | ग्वालीचौर-७, बाग्लुङ्ग |
| ३ | छविलाल मल्ल | दर्लिङ्ग-१, बाग्लुङ्ग |
| ४ | निम बहादुर वि.क. | वोवाङ्ग-६, बाग्लुङ्ग |
| ५ | फुलमाया वि.क. (लाटी महिला) | दर्लिङ्ग-४, बाग्लुङ्ग |
| ६ | विजय कुमाल | नेटा-१, गुल्मी |
| ७ | खिम बहादुर जि.सी. | ग्वालीचौर-७, बाग्लुङ्ग |

घाइतेहरू

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | सुमित्रा आचार्य | ग्वालीचौर-७, बाग्लुङ्ग |
| २ | भिम बहादुर वि.क. | ग्वालीचौर-७, बाग्लुङ्ग |
| ३ | देव बहादुर घर्तिमगर | भिमगिठे-८, बाग्लुङ्ग |
| ४ | जगते सुनार | वोवाङ्ग-६, बाग्लुङ्ग |
| ५ | नर बहादुर सिंजाली | भिमगिठे-९, बाग्लुङ्ग |

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बाग्लुङ्ग, ग्वालीचौर गा.वि.स.को खार बजारको छेउ दारेगौडामा मिति २०५९।७।२५ गते सुरक्षाफौजलाई लक्षित गरी नेकपा माओवादीले राखेको एम्बुस विष्फोट भएपछि सुरक्षाफौजले गोली चलाउँदा खलियानमा काम गरिरहेका छविलाल गौतम समेत ६ जना मारिएको र ६ जना घाइते भएको भनी मिति २०५९।९।१ गते मानव अधिकार तथा शान्ति समाज केन्द्रीय कार्यसमितिको प्रतिवेदन उजूरीको रुपमा दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले एम्वुस राखेको भनी सुरक्षाकर्मीहरूले खारा गाउँमा अन्धाधुन्ध गोली चलाउँदा सर्वसाधारण व्यक्तिहरू दर्लिङ्ग गाविस वडा नं. ४ बाग्लुङ्गको लाटी महिला फुलमाया विक, बोवाङ्ग गाविस वडा नं. ६ बाग्लुङ्गको निमबहादुर विक, ग्वालीचौर गाविस वडा नं. ७ बाग्लुङ्गका छविलाल गौतम र प्रकाश श्रेष्ठ, दर्लिङ्ग गाविस वडा नं. १ बाग्लुङ्गको छविलाल मल्ल, गुल्मी जिल्ला नेटा गाविस वडा नं. १ घर भएका विजय कुमाल गरी ६ जनाको मृत्यु भएको। ग्वालीचौर गाविस वडा नं. ७ का कामीकान्छो भन्ने भिमबहादुर वि.क., भिमगिठ्ठे गाविस वडा नं. ८ बाग्लुङ्गका नरबहादुर सिंजाली र देवबहादुर घर्तीमगर, ग्वालीचौर गाविस वडा नं. ७ बाग्लुङ्गका सुमित्रा आचार्य र खिमबहादुर जि.सी., बोबाङ्ग गाविस वडा नं. ६ बाग्लुङ्गको जगते सुनार गरी ६ जना घाइते भएको । उल्लेखित घाइतेहरू मध्ये खिमबहादुर जि.सी.को उपचारकै क्रममा मिति २०६८।७।१ गते मृत्यु भएको । कामीकान्छो भन्ने भिमबहादुर वि.क.को हाल पोखरास्थित हरियोखर्क अस्पतालमा निजको देब्रे खुट्टाको उपचार भइरहेको, नरबहादुर सिंजाली, देववहादुर घर्तिमगर, सुमित्रा आचार्य र जगते सुनारको उपचार पश्चात हाल ठिक भएको भन्ने देखिंदा सुरक्षाकर्मीबाट कानून बमोजिम कार्वाही गर्नुको सट्टा गोली चलाउँदा गोली लागी तत्कालीन अवस्थामा ६ जनाको मृत्यु भएको र ६ जना घाइते भएको, घाइते मध्ये १ जनाको उपचारकै क्रममा मिति २०६८।७।१ गते मृत्यु भएकोले निजहरूको मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न तत्कालीन सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न । साथै उल्लेखित सातजना मृतकहरूका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम जनही रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन । त्यस्तै उल्लेखित पाँच जना घाईतेहरू मध्ये कामीकान्छो भन्ने भिमबहादुर वि.क.लाई रू. १,००,०००।- क्षतिपूर्ति वापत रकमको साथै निजको निःशुल्क उपचार गराउन र नरबहादुर

सिंजाली, देवहादुर घर्तीमगर, सुमित्रा आचार्य, जगते सुनारलाई जनही रू. १,००,०००।- का दरले क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।२८ गते आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**आयोगको च.नं. ११७ अनुसन्धान ५८७।पोखरा मिति २०७०।४।३० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६५३**

१. **पीडितको नाम, थर र ठेगाना**

मृतक व्यक्तिहरूको नामावली

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | बाबुराम खनाल | जहदा-७, नवलपरासी |
| २ | बैकुण्ठ पौडेल | गैंडाकोट, नवलपरासी |
| ३ | दिलमाया वि.क. “सन्ध्या” | घिरिङ्ग गजरकोटी, तनहुँ |

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** नवलपरासी जिल्ला जहदा गाविस वडा नं. ७ धनेवाका बाबुराम खनाल, सोही जिल्ला गैडाकोटका बैकुण्ठ पौडेल र तनहुँ जिल्ला घिरिङ्ग गजरकोटीकी सन्ध्या भनिने दिलमाया वि.क.लाई मिति २०६१।१।२६ गते सुरक्षाफौजले नवलपरासीको भारतीपुरमा पक्राउ गरी हत्या गरेकोले घटनाको छानवीन गरी पाउँ भनी मिति २०६१।२।२१ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** तिनैजनालाई हत्या गरी लाश फाली गएको भन्ने देखिंदा निजहरूको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो। मृतकहरूको रितपूर्वकको लाशजाँच मुचुल्का तयार गरी उक्त मुचुल्का र अन्य कानूनी प्रक्रिया पुरा गरी अन्तिम दाहसंस्कारको लागि मृतकका परिवारलाई लाश जिम्मा दिनुपर्नेमा सो नगरी लाश सोही ठाउँमा छोडी गएकाले उक्त कार्य समेत कानून प्रावधानको विपरित देखियो। बलात्कारको कुरा एकिन हुन नसकेको, तर निजहरूको सुरक्षाकर्मीले क्रुरतापूर्वक हत्या गरेकोले घटनामा संलग्न सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न। मृतकहरू तिनै जनाको कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम जनही रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको क्षतिपूर्ति रकम उपलब्ध गराउन साथै मृतकहरूका नाबालक छोराछोरीको पठनपाठनको निःशुल्क व्यवस्था समेत गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १८० अनुसन्धान ११बुटवल मिति २०७०।५।१३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. ८९ मिति २०७०।५।१६ प्र.म.म.का., मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र।

च.नं. ४० मिति २०७०।५।२० गृह मन्त्रालय, मा.अ.प्र.अ.स.शाखाबाट निर्णय कार्यान्वयन लागि पठाइएको सम्बन्धमा प्रहरी प्रधान कार्यालय पठाएको पत्रको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६५४**

१. **पीडितको नाम, थर र ठेगाना** दुर्गा परियार, बरंजा-५, म्याग्दी

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** म्याग्दी जिल्ला बरंजा गाविस वडा नं. ५ निवासी दुर्गा परियारलाई मिति २०५८।१०।९ गते तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी लगेर हत्या गरेकोले घटनाको छानवीन गरी पाउँ भनी मिति २०६८।७।२३ गते आयोगमा उजुरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज दुर्गा परियारलाई कालीप्रसाद गणको सुरक्षाकर्मीले निशस्त्र अवस्थामा पक्राउ गरी डोरीले हात बाँधी आफ्नो नियन्त्रणमा २ दिन राखी हत्या गरेकोले सुरक्षाकर्मीले निजलाई पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा गैरन्यायिक हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न कालीप्रसाद गणको दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न । मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १८२ अनुसन्धान २६६पोखरा मिति २०७०।५।१३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं १०९ मिति २०७०।५।२० प्र.म.म.का.,मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६५५**

१. **पीडितको नाम, थर र ठेगाना** दशरथ वि.क., बरंजा-८, म्याग्दी

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** म्याग्दी जिल्ला बरंजा गाविस वडा नं. ८ निवासी दशरथ वि.क.लाई मिति २०५८।८।२८ गते तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी लगेर हत्या गरेकोले घटनाको छानवीन गरी पाउँ भनी मिति २०६८।७।२३ गते आयोगमा उजुरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज दशरथ वि.क.लाई कालीप्रसाद गणको सुरक्षाकर्मीले निशस्त्र अवस्थामा पक्राउ गरी आफ्नो नियन्त्रणमा लिएको व्यक्तिलाई कानून बमोजिम कार्वाही गर्नुको सट्टा चरम यातना दिई गैरन्यायिक हत्या गरेकोले निजको बाँच्न पाउने मानव अधिकारको हनन् तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न कालीप्रसाद गणको सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न । मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १८४ अनुसन्धान २६९पोखरा मिति २०७०।५।१३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १०८ मिति २०७०।५।२० प्र.म.म.का.,मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६५६**

१. **पीडितको नाम, थर र ठेगाना** कमला शाह (नाबालिका), बेलवा-७, बर्दिया

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६३।३।१० गते म्याग्दी जिल्ला स्थित बज्रदल बटालिएन चार नं. सेन्ट्रिमा बसेको भिम ब. थापाले गोली चलाउँदा सो स्थान भन्दा १०० मीटर टाढा धारामा हात धुँदै गरेकी जिल्ला बर्दिया बेलवा गाविस ७ राजागाउँ बस्ने भरतजंग शाहकी छोरी वर्ष १२ की कमला शाहलाई गोली लागी मृत्यु भएकोले घटनाको अनुसन्धान गरी पाउँ भनी मिति २०६४।४।१३ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** म्याग्दी जिल्ला अदालतमा मुद्दा दायर भई अदालतबाट सैनिकको हेलचेक्राईको कारण निज कमला शाहको मृत्यु भएकोले आरोपीत व्यक्तिलाई २ वर्ष कैद र रू. ५००। जरिवाना गर्ने गरी मिति २०६५।६।८ गते फैसला भएको मिशिल संलग्न कागजातबाट देखिंदा आयोगबाट त्यसतर्फ बोलिरहनु परेन । मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १८३ अनुसन्धान २८०पोखरा मिति २०७०।५।१३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं १०७ मिति २०७०।५।२० प्र.म.म.का., मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र ।

च.नं. १८६ मिति २०७०।१२।१४ गृह मन्त्रालय, मा.अ.प्र.अ.स.शाखाबाट निर्णय कार्यान्वयन लागि पठाइएको सम्बन्धमा प्रहरी प्रधान कार्यालय पठाएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६५७**

१. **पीडितको नाम, थर र ठेगाना** केशरबहादुर नेपाली र तुलबहादुर नेपाली छोप्राक-७, गोरखा

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** गोरखा जिल्ला छोप्राक गाविस वडा नं. ७ श्रीमण्डली प्रा.वि.मा कार्यरत केशरबहादुर नेपालीलाई मिति २०५९।८।१९ गते र निजको छोरा तुलबहादुर नेपालीलाई मिति २०५९।१०।२६ गते दिउँसो ३ बजे छोप्राक गाविस वडा नं. ९ बाट सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेकोले खोजतलाश गरी पाउँ भनी मिति २०६०।१।२४ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** पक्राउ गरी आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई कानून बमोजिम कार्वाही गर्नुको सट्टा हत्या गरेकोले निज केशरबहादुर नेपालीको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति बापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको क्षतिपूर्ति रकम उपलब्ध गराउन । साथै निज तुलबहादुर नेपालीको अवस्था सार्वजनिक नगरी बेपत्ता पारी हालसम्म निजको स्थिति अज्ञात रहेको देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानून बमोजिमको हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २१९ अनुसन्धान २२१ पोखरा मिति २०७०।५।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १२९ मिति २०७०।१२।५, शा.तथा पु.मबाट निर्णय कार्यान्वयन सम्बन्धमा मन्त्रिपरिषदमा प्रस्ताव पठाउने गरी कार्वाही भईरहेको भन्ने आयोगलाई पठाइएको पत्र ।

च.नं. ४, मिति २०७१।१।१९, प्र.म.म.काबाट गृ.म., र शा.तथा पु.म.लाई निर्णय कार्यान्वयन सम्बन्धमा ताकेता पत्र आयोगलाई बोधार्थ पत्र ।

च.नं १५३, मिति २०७०।६।४, प्र.म.म.का, मा.अ.प्र.शाखाबाट गृ.म., मा.अ.प्र.अ.स.शाखा र शा.तथा पु.म.लाई निर्णय कार्यान्वयन सम्बन्धमा आयोगलाई बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६५८**

१. **पीडितको नाम, थर र ठेगाना** तारा पौडेल, वावियाचौर, रणभाङ्ग, म्याग्दी

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** म्याग्दी जिल्ला वावियाचौर गाविस रणभाङ्ग स्थायी ठेगाना भएकी तारा पौडेललाई मिति २०६२।३।१४ गते सुरक्षाकर्मीले पक्राउ गरी चरम शारीरिक तथा मानसिक यातना दिई हत्या गरेकोले छानवीन गरिपाउँ भनी मिति २०६३।३।३१ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** मिति २०६२।३।१५ गते म्याग्दी पुलाचौर गाविस वडा नं. ५ स्थित जगन्नाथ प्राथमिक विद्यालयको प्राङ्गणमा आयोजित गान्द्रे गाजस प्रमुख घोषण कार्यक्रममा सहभागी भैरहेको बेला तत्कालीन शाही नेपाली सेनाको टोलीले निजलाई भाग्न नसक्ने अवस्थामा पक्राउ गरी सोधपुछ गरी हत्या गरी खाल्डो खनी गएको । भोलीपल्ट तत्कालीन नेकपा माओवादी पार्टीका कार्यकर्ता आई खाल्डोबाट लाश झिकी मृतकको माइती गाउँ वावियाचौरमा लगी दाहसंस्कार गरेको भन्ने देखियो । यसरी तत्कालीन शाही नेपाली सेनाले निजलाई पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा गैरन्यायिक हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । मृतकको कानून बमोजिम रितपूर्वकको लाशजाँच लगायतको कानूनी प्रक्रिया पुरा गर्नुपर्नेमा सो समेत गरेको देखिएन । घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति बापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको क्षतिपूर्ति रकम उपलब्ध गराउनुका साथै मृतकको नाबालक बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था समेत गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २१६ अनुसन्धान १६ पोखरा मिति २०७०।५।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६५९**

१. **पीडितको नाम, थर र ठेगाना** रामबहादुर शाह, पुतलीबजार-४, स्याङ्जा

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. ४ सरादुम बस्ने रामबहादुर शाहलाई मिति २०५८।९।११ गते सोही जिल्लाको बाडखोला बजारमा बुबालाई पेन्सन थाप्न लिएर गएको बेला सोही स्थानामा रहेको ब्रिटीस वेलफेयर क्याम्पको हाताभित्रबाट सुरक्षाकर्मीले पक्राउ गरी नजिकै रहेको सेनाको अस्थाई क्याम्पभित्र लगी हत्या गरेकोले घटनाको छानवीन गरी पाउँ भनी मिति २०६२।५।१४ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज रामबहादुर शाहलाई सेनाले पक्राउ गरी स्याङ्जास्थित बाडखोलामा रहेको अस्थाई क्याम्पमा राखेको अवस्थामा हत्या गरेको भन्ने देखियो । यसरी तत्कालीन शाही नेपाली सेनाले निजलाई पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा गैरन्यायिक हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार

आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २१४ अनुसन्धान ९२ पोखरा मिति २०७०।५।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६६०**

१. **पीडितको नाम, थर र ठेगाना** राजु गिरी, राम्जा देउराली-९, पर्वत

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** पर्वत जिल्ला राम्जा देउराली गाविस वडा नं. ९ बस्ने राजु गिरीलाई मिति २०५९।१।४ गते दुर्गा दल गुल्म कुश्माबाट गएका ७ जना नेपाली सेनाका टोलीले घरैबाट पक्राउ गरी पकुवा गाविसको चण्डिकास्थानमा हत्या गरेकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६४।९।१७ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** तत्कालीन शाही नेपाली सेनाले निजलाई पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा गैरन्यायिक हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । मृतकको कानून बमोजिम रितपूर्वकको लाशजाँच लगायतको कानूनी प्रक्रिया पुरा गर्नुपर्नेमा सो समेत गरेको देखिएन । घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको क्षतिपूर्ति रकम उपलब्ध गराउनुका साथै मृतकको नाबालक बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था समेत गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २११ अनुसन्धान २७२ पोखरा मिति २०७०।५।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६६१**

१. **पीडितको नाम, थर र ठेगाना** दिपक परियार, कटुवाचौपारी-९, पर्वत

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** पर्वत जिल्ला कटुवाचौपारी वडा नं. ९ का दिपक परियारलाई मिति २०५९।१०।१५ गते पूर्णिमाको दिन चौरासी पूजाको निम्तो मानेर फर्कने क्रममा तत्कालीन नेकपा माओवादीको कार्यकर्ताको भेष गरी दुर्गा दल गुल्म कुश्माबाट आएका सादा पोशाकका सुरक्षाकर्मीले पक्राउ गरी रातभर गाउँमा डुलाई मिति २०५९।१०।१६ गते विहान जिल्ला प्रहरी कार्यालयमा ल्याए पश्चात यातना दिई हत्या गरेकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६४।९।१७ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज दिपक परियारलाई तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी हत्या गरेको देखियो । यसरी तत्कालीन शाही नेपाली सेनाले निजलाई पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई गैरन्यायिक हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको

समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको क्षतिपूर्ति रकम उपलब्ध गराउनुका साथै मृतकको नाबालक बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था समेत गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २१० अनुसन्धान २६८ पोखरा मिति २०७०।५।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६६२**

१. **पीडितको नाम, थर र ठेगाना** कुलविर किसान, कुहुँ-५, म्याग्दी

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** म्याग्दी जिल्ला कुहुँ गाविस वडा नं. ५ बस्ने कुलविर किसानलाई मिति २०६०।१।२० गते तत्कालीन शाही नेपाली सेनाले म्याग्दी स्थित सिमलचौर भन्ने ठाउँबाट पक्राउ गरी रातो ढुंगा भन्ने ठाउँमा लगी मारेकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६४।११।१७ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** तत्कालीन शाही नेपाली सेनाले निजलाई पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा गैरन्यायिक हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । मृतकको कानून बमोजिम रितपूर्वकको लाशजाँच लगायतको कानूनी प्रक्रिया पुरा गर्नुपर्नेमा सो समेत गरेको देखिएन । घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २३३ अनुसन्धान २८४ पोखरा मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं १२३ मिति २०७०।५।२३ प्र.म.म.का., मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र ।

च.नं. २०४ मिति २०७१।२।५ रक्षा मन्त्रालय, मा.अ.अ.गु.व्य.शाखाबाट प्र.म.म.का., मा.अ.प्र.शाखा र रा.मा.अ.आ.लाई पठाएको पत्रमा निजकी आमा गौरी सार्किनीले रु. ३ लाख राहत रकम प्राप्त गरेको भनी स्थानीय शान्ति समिति म्याग्दीबाट खुल्न आएको भन्ने व्यहोरा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक ।

**क्रम संख्या – ६६३**

१. **पीडितको नाम, थर र ठेगाना** तीर्थनारायण काफ्ले, रापाकोट-६, स्याङ्गजा

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** स्याङ्गजा जिल्ला रापाकोट गाविस वडा नं. ६ स्थायी घर भई हाल श्री गणेश प्रा.वि. स्याङ्गजामा पियन पदमा कार्यरत वर्ष २४ को सुस्त मनस्थितिको तीर्थनारायण काफ्लेलाई मिति २०५८।९।१८ गते

स्याङजाको बाडखोलाबाट सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेकोले स्थिति सार्वजनिक गरी पाउँ भनी मिति २०६०।१०।२६ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई सुरक्षाकर्मीले पक्राउ गरी आफ्नो नियन्त्रणमा रहको व्यक्तिलाई हत्या गरेको भन्ने देखियो । यसरी सुरक्षाकर्मीले निजलाई पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा बेपत्ता बनाई हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । मृतकको कानून बमोजिम रितपूर्वकको लाशजाँच लगायतको कानूनी प्रक्रिया पुरा गर्नुपर्नेमा सो समेत गरेको देखिएन । घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २४० अनुसन्धान ६९०पोखरा मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६६४**

१. **पीडितको नाम, थर र ठेगाना** विष्णुप्रसाद शर्मा, नाग्लीबाङ्ग-९, पर्वत

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पर्वत जिल्ला नाग्लीबाङ्ग गाविस वडा नं. ९ फर्से निवासी विष्णुप्रसाद शर्मालाई मिति २०६१।३।४ गते विहान ६:०० बजेको समयमा तत्कालीन सुरक्षाफौजको टोलीले घरबाट पक्राउ गरी लगेर हत्या गरेकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६४।९।१७ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश निजलाई** सुरक्षाकर्मीले पक्राउ गरी आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई हत्या गरेको भन्ने देखियो । यसरी सुरक्षाकर्मीले निजलाई पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । मृतकको कानून बमोजिम रितपूर्वकको लाशजाँच लगायतको कानूनी प्रक्रिया पुरा गर्नुपर्नेमा सो समेत गरेको देखिएन । घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २३९ अनुसन्धान २७४पोखरा मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६६५**

१. **पीडितको नाम, थर र ठेगाना** पूर्णबहादुर फगामी, दाना-८, म्याग्दी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** म्याग्दी जिल्ला दाना गाविस वडा नं. ८ घर भएका पूर्णबहादुर फगामीलाई दाउरा काट्न गई घर फर्कदा मुस्ताङ्ग जिल्लाको घासा भन्ने ठाउँमा अवस्थित चेकपोष्टमा कार्यरत सिभिल ड्रेसमा आएका सुरक्षाकर्मीले मिति २०६१।१२।२० गते पक्राउ गरी यातना दिई २ घण्टा हिडाई खामभित्ता भन्ने ठाउँमा हत्या गरेकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६२।३।३१ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** सुरक्षाकर्मीले निजलाई पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा गैरन्यायिक हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो।। घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको क्षतिपूर्ति रकम उपलब्ध गराउनुको साथै मृतकका नाबालक बालबालिकालाई निःशुल्क शिक्षाको समेत व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २४७ अनुसन्धान १३ पोखरा मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६६६**

१. **पीडितको नाम, थर र ठेगाना** विजय ढकाल, पोखरा उमनपा-८, कास्की

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६१।९।२९ गते सुरक्षाफौजद्वारा गरिएको कारवाहीमा कास्कीको निर्मलपोखरी गाविस १ अन्तर्गत साम्मी मैदानमा माओवादी कार्यकर्ता टुकबहादुर थापा मारिएको भनी पश्चिम पृतना अड्डा पोखराबाट समाचार संप्रेशित भए पनि प्रत्यक्षदर्शीको भनाईबाट कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. ८ सिमलचौर निवासी तत्कालीन माओवादी कास्कीका सेक्रेटरी विश्वास भनिने विजय ढकाल हुन भन्ने बुझिन आएकोले लाशको पहिचान गरी दाहसंस्कार गरीपाउँ भनी मिति २०६१।१०।२ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** जिल्ला प्रशासन कार्यालय, कास्कीको मिति २०६१।१०।५ गतेको पत्रानुसार मृतक विजय ढकालको शव निजका पिता घनश्याम ढकाल लगायत आफन्तले मिति २०६१।१०।४ गते बुझी लिई दाहसंस्कार गरी सकेको भनी आयोगलाई जानकारी पत्र उपलब्ध गराएको । आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार निज विजय ढकाललाई सुरक्षाकर्मीले पक्राउ गरी आफ्नो नियन्त्रणमा लिन सक्ने अवस्था हुँदाहुँदै गोली हत्या गरेको भन्ने देखियो । यसरी सुरक्षाकर्मीले निजलाई पक्राउ गर्न सक्ने अवस्था हुँदा हुँदै गैरन्यायिक हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २४५ अनुसन्धान १५पोखरा मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ख) माओवादीद्वारा हत्या**

**क्रम संख्या – ६६७**

१. **पीडितको नाम, थर र ठेगाना** दीपनारायण यादव, बरमझिया-७, धनुषा ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जनकपुर, फाईल नं. ५५, जिल्ला धनुषा बरमझिया गाउँ विकास समिति वडा नं. ७ घर भएका दीपनारायण यादवलाई मिति २०६३।४।२१ गते नेकपा माओवादीका कार्यकर्ताले कब्जामा लिई हात बाँधी कुटपीट गर्दै गाउँको पूर्वतर्फ कमलाधार तर्फ लगी निजको अवस्था अज्ञात बनाइरहेकोले स्थिति सार्वजनिक गराई जिवन रक्षा गराइपाउँ भनी मिति २०६३।४।२२ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज दीपनारायण यादव नेपाली कंग्रेसको साधारण कार्यकर्ता रहेको, निजलाई मिति २०६३।४।२१ गते बिहान १० बजे तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरू जगन्नाथ तामाङ्ग, ठकहर, दयाराम समेतले समाती निजको दुबै हात पछाडी बाँधी कुटपीट गर्दै लिएर गई कमला नदीको पानीमा डुवाई यातना दिई निजको हत्या गरी कमला नदी पारी लाश छाडी गएको भन्ने घटनाको प्रत्यक्षदर्शीको बयान समेतबाट देखियो। घटनामा संलग्न तत्कालीन नेकपा माओवादीका कार्यकर्ता जगन्नाथ तामाङ्ग, ठकहर, दयाराम लगायत अन्य दोषीको समेत पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।६।९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४७४ अनुसन्धान ५५।जनकपुर मिति २०६९।७।२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ६६८**

१. **पीडितको नाम, थर र ठेगाना** नेत्र नारायण भण्डारी चापाकोट-५, स्याङ्गजा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, फाइल नं ४३०, स्याङ्जा चापाकोट गा.वि.स वडा नं ५ सुन्तलीटारका नेत्र नारायण भण्डारीलाई मिति २०५८।०७।१७ गते राती ९.०० बजे माओवादी समूहले अपहरण गरी वेपत्ता बनाएकोले निजको सहकुसल रिहाईको लागी आवश्यक पहल गरिदिन भनी मिति २०५९।१२।१९ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** प्रस्तुत विषयमा आयोगको अनुसन्धानबाट निज नेत्र नारायण भण्डारीलाई ने.क.पा माओवादीले अपहरण गरी मारेको पुष्टि भएकोले सो घटनाको अनुसन्धान गरी घटनामा संलग्न दोषीहरूलाई कार्वाही गर्न र मृतकका हकवालालाई यस अघि राहत वा क्षतिपूर्ति नपाएको भए रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।११।२८ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**आयोगको च.नं. ७७ अनुसन्धान४३०पोखरा मिति २०७०।४।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ५१ मिति २०७०।४।२३ मा प्र.म.म.का., मा.अ.प्र.शाखाले निर्णइ कार्यान्वयन सम्बन्धमा गृह म.तथा शा.पु.नि.म.लाई पठाएको पत्रको बोद्यर्था पत्र प्राप्त ।

च.नं. ०८ मिति २०७०।४।२९ गृह म., मा.अ.प्र.तथा अ.स.शाखाले कारवाहीको लागि प्र.प्र.का, नक्सालाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६६९**

१. **पीडितको नाम, थर र ठेगाना** रामलाल मोक्तान लिम्बु, चुड्वाङ्ग-१, धनकुटा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** विराटनगर, फाइल नं. ५५, धनकुटा जिल्ला चुड्वाङ्ग गा.वि.स. वडा नं. १ बस्ने भारतीय सेनामा कार्य गरेका भु.पू सैनिक ४४ वर्षीय रामलाल मोक्तानलाई मिति २०६१।१२।१९ गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले निजको घरैबाट अपहरण गरी हत्या गरेकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६५।७।२५ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज रामलाल मोक्तानलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले मिति २०६१।१२।१९ तगे घरैबाट अपहरण गरी निजको घर नजिकै गोली हानी हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी तत्कालीन नेकपा माओवादीका कार्यकर्ताको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न तथा मृतकका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।१२।११ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०९० अनुसन्धान ५५ विराटनगर मिति २०७०।१।२३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ४६०, मिति २०७०।२।९, प्र.म.म.काबाट गृ.म., शा.पुन.नि.म., निर्णय कार्यान्वयन सम्बन्धमा आयोगलाई बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६७०**

१. **पीडितको नाम, थर र ठेगाना** विमला पाठक, शरणामती-८, झापा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** विराटनगर, फाइल नं. ९९१, झापा जिल्ला शरणामती गा.वि.स. वडा नं. ८ बस्ने कक्षा १० मा अध्ययनरत विमला पाठकलाई मिति २०६१।१०।१७ गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले घरमा सुतिरहेको अवस्थामा अपहरण गरी हत्या गरेकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६३।११।२१ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट सुराकीको आरोप लगाई वर्ष १९ की विमला पाठकलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले मिति २०६१।१०।१७ गते निजकै घरबाट अपहरण गरी लगेको र गोली हानी गैर न्यायिक हत्या गरेको कुरा निजको शव परीक्षण प्रतिवेदनबाट पुष्टि भएको छ । साथै एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) झापा जिल्ला समितिका सेक्रेटरी राजु आचार्य (अग्नी) ले मिति २०६६।९।२३ मा यस आयोगको क्षेत्रिय कार्यालय विराटनगरलाई जानकारी गरेको पत्रमा "जिल्ला झापा शरणामती गा.वि.स. वडा नं. ८ निवासी विमला पाठकलाई पार्टी र क्रान्तिको विरुद्धमा सुराकी गरेको तथ्यका आधारमा मिति २०६१।१०।१७ मा नियन्त्रणमा लिई सफाया गरिएको" भनी उल्लेख भएकाले निज विमला पाठकको तत्कालीन नेकपा माओवादी पार्टीका कार्यकर्ताले हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानविय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी तत्कालीन नेकपा माओवादी पार्टीका कार्यकर्ताको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न तथा मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०६९।१२।११ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०८९ अनुसन्धान ९९१ विराटनगर मिति २०७०।१।२३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६७१**

१. **पीडितको नाम, थर र ठेगाना** गोपाल राजवंशी, अर्जुनधारा-२, झापा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** विराटनगर, फाइल नं. ७०९, झापा जिल्ला अर्जुनधारा गा.वि.स. वडा नं. २ बस्ने गोपाल राजवंशीलाई मिति २०६३।६।२८ गते तत्कालीन नेकपा माओवादी पार्टीका कार्यकर्ताहरूले भारतको नक्सालवादी वजारबाट अपरहण गरी झापा जिल्लाको मेची नगरपालिका वडा नं. ९ स्थित दानवहादुर राईको घरमा राखी त्यसपछि अर्जुन कार्कीको घरमा वन्द गरी राखेको अवस्थामा मिति २०६३।७।४ गते विहान ११:३० वजे मृत्यु भएकोले तत्कालीन नेकपा माओवादी कार्यकर्ताले प्रहरी प्रशासनलाई सो घटनाको बारेमा खबर गरेको तर प्रहरी प्रशासनबाट कुनै कार्वाही नभएपछि नेकपा माओवादी कार्यकर्ताले मृतकको बाबु दिनेश राजवंशीको रोहवरमा पोष्टमार्टम नगरी जवरजस्ती लाश गाड्न लगाएको । निजको मृत्यु माओवादी कार्यकर्ताको कुटपीट र विष सेवनबाट भएकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३।७।१९ गते आयोगमा निवेदन दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट मृतक गोपाल राजवंशीको मृत्यु तत्कालीन नेकपा माओवादीको नियन्त्रणमा नै भएको भन्ने कुरामा कुनै विवाद नरहेको, नियन्त्रणमा रहेको अवस्थामा निज उपर कुटपीट भएको र निजलाई थुनिएको कोठामा रहेको इथेन नामक विषादी रहेको शिशीको विर्को फालेको र केही विषादी समेत कमी भएको भन्ने प्रत्यक्षदर्शीको भनाई रहेपनि निजको मृत्यु कुटाईको चोट पीरले हो वा विषादीको सेवनका कारणले भएको थियो भन्ने कुरा पोष्टमार्टम प्रतिवेदनको अभावमा किटान गरी भन्न सकिने अवस्था देखिएन । सशस्त्र द्वन्द्वमा संलग्न नभएको व्यक्तिलाई सुधार्ने वहानामा तत्कालीन नेकपा माओवादी कार्यकर्ताले निजलाई नियन्त्रणमा लिनु र नियन्त्रणमा नै निजको मृत्यु हुनु तथा तत्काल प्रहरी प्रशासनबाट घटनाको सम्बन्धमा आवश्यक छानवीन एवं अनुसन्धान नभएबाट मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानविय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न तत्कालीन नेकपा माओवादी कार्यकर्ताको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र घटनाको बारेमा थाहा पाई तत्काल अनुसन्धान नगर्ने तत्कालीन प्रहरीहरूको पहिचान गरी विभागिय कार्वाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।१२।११ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०९४ अनुसन्धान ७०९ विराटनगर मिति २०७०।१।२३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६७२**

१. **पीडितको नाम, थर र ठेगाना** रामबहादुर राई, पथरीया-९, झापा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** झापा जिल्ला पथरीया गाविस वडा नं. ९ आदर्श टोल बस्ने वर्ष ७२ का रामबहादुर राईलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताले मिति २०६२।५।१२ गते साँझ छिमेकी केचना गाविस वडा नं. २ स्थित इन्द्र बास्तोलाको घरमा लगी हत्या गरेकोले घटनाको छानवीन गरीपाउँ भनी मिति २०६७।९।१८ गते आयोगमा निवेदन दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज राई सशस्त्र द्वन्द्वको समयमा युद्धमा संलग्न नभएको व्यक्तिलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूबाट कब्जामा लिई हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न तत्कालीन नेकपा माओवादीका कार्यकर्ताको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।१।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. अनुसन्धान १५६१ विराटनगर मिति २०७०।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६७३**

१. **पीडितको नाम, थर र ठेगाना** चन्द्रमणी भट्टराई, बालुवावाडी-२, झापा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** झापा जिल्ला बालुवावाडी गाविस वडा नं. २ बस्ने पूर्व गाविस अध्यक्ष चन्द्रमणी भट्टराईलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताले मिति २०६०।६।६ गते दिनको ३:३० बजे निजको आफ्नै घरमा बसिरहेको अवस्थामा हत्या गरेकाले घटनाको छानवीन गरीपाउँ भनी मिति २०६७।९।१८ गते आयोगमा निवेदन दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज भट्टराई सशस्त्र द्वन्द्वका समयमा युद्धमा संलग्न नभएको व्यक्तिलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूबाट कब्जामा लिई हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न तत्कालीन नेकपा माओवादी कार्यकर्ताको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनी मिति २०७०।१।३० गते आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३९५ अनुसन्धान १५६३ विराटनगर मिति २०७०।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६७४**

१. **पीडितको नाम, थर र ठेगाना** गणेशदत्त चिलुवाल, (माओवादी पीडित संघका अध्यक्ष) धमिलिकुवा-२, लमजुङ

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला लमजुङ धमिलिकुवा गाविस वडा नं. २ स्थायी घर भई गणेशस्थान का.म.न.पा-५ काठमाडौं बस्ने माओवादी पीडित संघका अध्यक्ष गणेशदत्त चिलुवालको मिति २०६०।११।३ गते अन्दाजी ५:०० बजे कार्यालयमा बसिरहेको समयमा तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउन पहल गरीपाउँ भनी मिति २०६२।९।२० गते यस आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूबाट निज गणेशदत्त चिलुवालको हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा

संलग्न तत्कालीन नेकपा माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न । साथै मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।१३ गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ७६ अनुसन्धान ३४०० मिति २०७०।४।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं ५२ मिति २०७०।४।२३ प्र.म.म.का., मा.अ. प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृ.म, शान्ति तथा पु.म.लाई पठाएको पत्रको बोधार्थ पत्र ।

च.नं. ०८ मिति २०७०।४।२९ गृह मन्त्रालयबाट कारवाहीका लागि पठाइएको प्रहरी प्रधान का.लाई पठाएको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६७५**

१. **पीडितको नाम, थर र ठेगाना** इन्द्रबहादुर लामा (प्रहरी निरीक्षक) साँखु, काठमाडौं

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** राजधानीको साँखुमा तत्कालीन नेकपा माओवादी कार्यकर्ताको आक्रमणबाट निरीक्षक सहित पाँच प्रहरीको मृत्यु, पच्चीस थान हतियार लुटिएको भनी मिति २०६१।९।४ गते विभिन्न राष्ट्रिय दैनिक समाचार पत्रमा प्रकाशित समाचारप्रति आयोगको ध्यानाकर्षण भई तत्काल आयोगको आफ्नै सक्रियतामा उजूरी ग्रहण गरी कार्वाही अगाडि बढाएको ।

४. **आयोगको निर्णय/सिफारिश** तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूबाट प्रहरी चौकीमा आक्रमण गरी निज प्रहरी निरीक्षक इन्द्रबहादुर लामाको हत्या गरी हातहतियार समेत लुटी लगेको देखिंदा निज प्रहरी निरीक्षक इन्द्रबहादुर लामाको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न तत्कालीन नेकपा माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न, साथै मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति बापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।१३ गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८० अनुसन्धान ८५७ मिति २०७०।४।१६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ४८ मिति २०७०।४।२३ प्र.म.म.का., मा.अ.प्र.शाखाबाट गृ.म, शा.पु.मलाई पठाएको पत्रको बोधार्थ पत्र ।

च.नं. ०८ मिति २०७०।४।२९ गृह मन्त्रालयबाट प्र.प्रधान का.लाई पठाएको पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६७६**

१. **पीडितको नाम, थर र ठेगाना** पूर्ण लामा, राकाथुम-९, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** रामेछाप जिल्ला राकाथुम गाविस वडा नं. ९ घर भै काठमाडौं जिल्ला नरेफाँटमा बसोबास गर्दै आएका पूर्ण लामा मिति २०६७।८।१२ गते राकाथुमस्थित छिमेकीको विवाहमा गएको अवस्थामा सोही दिन करिव १२:०० बजेको समयमा एकीकृत नेकपा माओवादीका करिव १५-२० जनाको कार्यकर्ताहरूको समूहले कुटपीट गरी काटेर मारेको र निजको लाश मौलाटे जंगलको बाटोमा अन्दाजी ५:३० बजेको समयसम्म देखिएकोमा भोलीपल्ट उक्त

लाश समेत बेपत्ता बनाएकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६७।८।२१ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज पूर्ण लामाको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न एकिकृत नेकपा माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न प्रस्तुत घटनाको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, रामेछापमा किटानी जाहेरी दरखास्त दर्ता भई प्रहरीद्वारा प्रभावकारी अनुसन्धान भई अदालतमा मुद्दा दायर भएकोले त्यहाँबाट कार्वाही हुने हुनाले त्यसतर्फ आयोगबाट केही कार्वाही गरी रहनु परेन । मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।१३ गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८२ अनुसन्धान ३३५ मिति २०७०।४।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं ४६ मिति २०७०।४।२३ प्र.म.म.का., मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६७७**

१. **पीडितको नाम, थर र ठेगाना** अन्तराम भट्ट, चाँदनी-७, कञ्चनपुर

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कञ्चनपुर चाँदनी गाविस वार्ड नं. ७ बस्ने अन्तराम भट्टलाई मिति २०६२।३।५ गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले घरबाट अपहरण गरी मिति २०६२।३।६ गते बाबाथान भन्ने ठाउँमा खुकुरी प्रहार गरी ६ टुक्रा पारी हत्या गरेको भनी मिति २०६२।३।८ गते विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारप्रति आयोगको ध्यानाकर्षण भई आयोगको आफ्नै सक्रियतामा मिति २०६२।३।२४ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज अन्तराम भट्टलाई मिति २०६२।३।५ गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले घरबाट अपहरण गरी मिति २०६२।३।६ गते बाबाथान भन्ने ठाउँमा खुकुरी प्रहार गरी हत्या गरेको देखिंदा निज अन्तराम भट्टको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन हुन गएको देखियो । मृतकका हकवालाले क्षतिपूर्ति रकम अघि पाइसकेको भन्ने देखिंदा त्यसतर्फ बोलिरहनु परेन । मृतकका आश्रित नाबालक बालबालिकालाई पठनपाठनको लागी व्यवस्था मिलाउन र घटनामा संलग्न दोषी तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।१४ गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९३ अनुसन्धान २६५धनगढी मिति २०७०।४।२२ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६७८**

१. **पीडितको नाम, थर र ठेगाना** नन्दलाल कोइराला, सौरपानी-३, गोरखा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** गोरखा जिल्ला सौरपानी गाविस वडा नं. ३ घर भई स्थानीय सिद्धार्थ नि.मा.वि.का प्राध्यापक नन्दलाल कोइरालालाई विद्यालयमा जिल्ला स्तरिय परिक्षा संचालन गरिरहेको अवस्थामा मिति २०५४।१२।३ गते दिउँसो

१:१५ को समयमा १५/२० जनाको समूहमा आएका तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले खुकुरी तथा लाठीले हानी गम्भीर घाइते बनाई विद्यालय परिसरमा फ्याकी दिएपश्चात् प्राथमिक उपचार गर्दागर्दै मृत्यु हुन गएकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३।१०।१५ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** उक्त घटनालाई लिएर कर्तव्य ज्यान मुद्दा मिति २०५५।१।२३ मा जिल्ला अदालत गोरखामा दर्ता भई मिति २०६५।८।१६ गते फैसला हुँदा आरोपित व्यक्तिहरू मध्ये भागीरथ कोइरालालाई सफाई दिने गरी गोरखा जिल्ला अदालतबाट निर्णय फैसला भएको र आरोपित व्यक्तिहरू मध्ये चारजना फरार रहेकोले ज्यान मुद्दा उक्त अदालतमा मुल्तवी रहेकोमा जिल्ला अदालतमा चलिरहेको मुद्दाबाट नै निर्णय निरोपन हुने हुँदा सोही घटनालाई लिएर आयोगबाट त्यसतर्फ बोलिरहनु परेन । मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १७९ अनुसन्धान ३१४ख पोखरा मिति २०७०।५।१३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६७९**

१. **पीडितको नाम, थर र ठेगाना** मोहनकुमार गुरूङ्ग, हौंचुर-२, खोटाङ्ग

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** खोटाङ जिल्लाको हौंचुर गाविस वडा नं. २ घर भएका मोहनकुमार गुरूङलाई मिति २०६२।४।१५ गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी हत्या गरेकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३।२।३ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** मोहनकुमार गुरूङलाई सशस्त्र द्वन्द्वको समयमा युद्धमा संलग्न नभएको व्यक्तिलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूबाट कब्जामा लिई हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी तत्कालीन नेकपा माओवादी कार्यकर्ताको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १९६ अनुसन्धान २१खोटाङ्ग मिति २०७०।५।१६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ४६०, मिति २०७०।२।९, प्र.म.म.का., मा.अ.प्र.शाखाबाट गृ.म., शा.पुन.नि.म., निर्णय कार्यान्वयन सम्बन्धमा आयोगलाई बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६८०**

१. **पीडितको नाम, थर र ठेगाना** सुर्य बाँनिया र दिपक बाँनिया, गाउँशहर-४, लमजुङ्ग

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** लमजुङ्ग जिल्ला गाउँशहर गाविस वडा नं. ४ घर भई भारतीय सेनामा कार्यरत वर्ष ३० को सुर्य बाँनिया र वर्ष २६ का दिपक वाँनियालाई मिति २०६१।८।१ गते गाउँशहर गाविस ४ बाट काठमाडौं आउने बस चढ्दै गर्दा द्वन्द्वरत पक्षबाट १२/१२ वटा हत्या गरेकोले छानवीन गरी पाउँ भनी मिति २०६१।८।४ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजहरू सुर्य बाँनिया र दिपक बाँनियालाई सशस्त्र द्वन्द्वका समयमा युद्धमा संलग्न नभएको व्यक्तिलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूबाट हत्या गरेको देखिंदा निजहरूको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी तत्कालीन नेकपा माओवादी कार्यकर्ताको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकहरूका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २१७ अनुसन्धान ४१/३३०२ पोखरा मिति २०७०।५।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६८१**

१. **पीडितको नाम, थर र ठेगाना** दुख्खा तेली, गणेशपुर-९, कपिलवस्तु

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कपिलवस्तु गणेशपुर गाविस ९ झिंगाहा चौराहा रामनगर बस्ने दुख्खा तेलीलाई मिति २०६१।११।५ गते ३ जनाको समूहमा आएको नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी लगेकोमा मिति २०६१।१२।५ गते सफाया गरेको भनी सूचना टाँस गरेकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६२।४।९ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज दुख्खा तेलीलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूबाट अपहरण गरी हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी तत्कालीन नेकपा माओवादी कार्यकर्ताको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २२१ अनुसन्धान ७१बुटवल मिति २०७०।५।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६८२**

१. **पीडितको नाम, थर र ठेगाना** तिलकराज पाण्डे परेवाडाँडा-२, लमजुङ्ग

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** लमजुङ्ग जिल्ला परेवाडाँडा गाविस वडा नं. २ निवासी युद्धराज पाण्डेको छोरा तिलकराज पाण्डेलाई मिति २०६१।१०।१६ गते दिउँसो निजकै घरमा भईरहेको भतिजाको विवाहको दिन वेहुली अन्माउने समयमा अपहरण गरी हत्या गरेकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई

पाउँ भनी मिति २०६२।५।८ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज तिलकराज पाण्डेलाई सशस्त्र द्वन्द्वका समयमा युद्धमा संलग्न नभएको व्यक्तिलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूबाट अपहरण गरी हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न तत्कालीन नेकपा माओवादी कार्यकर्ताको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २१५ अनुसन्धान ८३पोखरा मिति २०७०।५।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६८३**

१. **पीडितको नाम, थर र ठेगाना** डिलबहादुर बस्नेत, दोहली-७, गुल्मी

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** गुल्मी जिल्ला दोहली गाविस वडा नं. ७ चैंया नुनथला बस्ने डिलबहादुर बस्नेतलाई मिति २०६१।१२।२४ गते राती नेकपा माओवादीका कार्यकर्ताहरूले घरबाट निकाली घरदेखि करिव १०० मिटर पर लगी धारीलो हतियारले काटेर मारेको हुनाले घटनाको अनुसन्धान गरी दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६२।८।५ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज डिलबहादुर बस्नेतलाई सशस्त्र द्वन्द्वका समयमा युद्धमा संलग्न नभएको व्यक्तिलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूबाट अपहरण गरी धारिलो हतियार प्रयोग गरी हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी तत्कालीन नेकपा माओवादी कार्यकर्ताको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २२० अनुसन्धान १६०बुटवल मिति २०७०।५।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६८४**

१. **पीडितको नाम, थर र ठेगाना** राजकुमार रिमाल, चण्डीस्थान-८, लमजुङ्ग

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** लमजुङ्ग जिल्ला चण्डीस्थान गाविस वडा नं. ८ घर भई सोही जिल्लाको खुदी गाविस वडा नं. ३ मा रहेको गोठमा बस्ने राजकुमार रिमाललाई मिति २०६१।५।११ गते निजको बुबा सन्तबहादुर रिमाललाई खाना पुऱ्याउन गईरहेको अवस्थामा खुदी गाविस वडा नं. ३ द्ववै भन्ने स्थानबाट तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी हालसम्म स्थिति सार्वजनिक नगरेकाले घटनाको छानवीन गरी पाउँ भनी मिति २०६४।१०।४

गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज राजकुमार रिमाललाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूबाट अपहरण गरी हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी तत्कालीन नेकपा माओवादी कार्यकर्ताको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २०९ अनुसन्धान २८३पोखरा मिति २०७०।५।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या - ६८५**

१. **पीडितको नाम, थर र ठेगाना** देवबहादुर हमाल, तिलहार-२, पर्वत

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पर्वत जिल्ला तिलहार गाविस वडा नं. २ गिज्यान निवासी इन्डिएन आर्मीका सेवानिवृत क्याप्टेन देवबहादुर हमाललाई मिति २०६१।१।२१ गते राती करीव १२:०० बजे घरैबाट तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी हत्या गरी पर्वत जिल्ला तिलहार गाविसस्थित नवदुर्गा प्रावि नजिकको समीको बोटमा लाश झुन्डाई गएकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३।११।२ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज हमाललाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूबाट अपहरण गरी हत्या गरेको देखिंदा निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी तत्कालीन नेकपा माओवादी कार्यकर्ताको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न र मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति बापत रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २४६ अनुसन्धान २००पोखरा मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ग) बम विष्फोटबाट मृत्यु**

**क्रम संख्या - ६८६**

१. **पीडितको नाम, थर र ठेगाना** मृतक बालकहरू

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | बालकृष्ण वि.क. | चन्दननाथ, जुम्ला |
| २ | धिरज धराला | चन्दननाथ, जुम्ला |
| ३ | मुगा धराला | चन्दननाथ, जुम्ला |

घाइते बालकहरू

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | गोरख वि.क. | चन्दननाथ, जुम्ला |
| २ | निरु बुढा | चन्दननाथ, जुम्ला |
| ३ | जयलक्ष्मी चौलागाई | चन्दननाथ, जुम्ला |

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** जुम्ला जिल्ला चन्दननाथ गा.वि.स. वडा नं. ९ स्थित कनिका निसा विद्यालयको प्राङ्गणमा रहेको सकेट बम चलाउँदा सोही गा.वि.स. बस्ने ३ वर्षे बालक काले वि.क. भनिने बालकृष्ण वि.क.को मृत्यु भएको र ऐ.ऐ. बस्ने वर्ष ५ को बालक गोरख वि.क., ऐ.ऐ. बस्ने निरु बुढा, ऐ.ऐ. बस्ने जयलक्ष्मी चौलागाई घाइते भएको, त्यसैगरि मिति २०६१।८।४ गते सोही जिल्लाको तलिउम गा.वि.स. वडा नं. ६ स्थित भैरव प्रा.वि.को कक्षा कोठामा भएको बम विष्फोटमा सोही गा.वि.स.का वर्ष ३ को बालक धिरज धराला र ऐ.ऐ. बस्ने वर्ष ३ को मुगा धरालाको मृत्यु भएकोले घाइतेलाई उपचार तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइदिन भनी मिति २०६१।८।२९ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** दुवै पक्षको लापरवाहीबाट विद्यालय जाने उमेर समूहका बालबालिकाहरू अन्जानमा अकालमा मृत्युवरण गर्ने गरेको र मृत्यु हुन गएको बालबालिकाको पीडित परिवारलाई रु. १,५०,०००।- सरकारले दिई औपचारिकता मात्र पूरा गर्ने गरेको मानवोचित र न्यायोचित दुवै दृष्टिले उचित नदेखिंदा मृतक बालकृष्ण वि.क., धिरज धराला र मुगा धरालाको परिवारलाई रु. १,५०,०००।- का दरले क्षतिपूर्ति वापत दिने निर्णयको पछाडि कुनै औचित्यता देखिदैन । बम पड्की मृत्यु भएको व्यक्तिलाई तत्कालिक रुपमा सरकारले केही रकम दिएपनि मिति २०६१।८।२९ मा यस आयोगमा दर्ता भएको प्रस्तुत उजूरीमा तत्कालीन अवस्थामा लागु रहेको राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ मा कसैको जीवन गैरन्यायिक कारणबाट हरण हुन गएको रहेछ भन्ने त्यस्तो अवस्थामा रु. ३,००,०००।- क्षतिपूर्ति भराउन सकिने अधिकार यस आयोगलाई रहे भएको देखियो । निर्दोष अवोध बालबालिका विद्यालयमा शिक्षा ग्रहण गर्न गएका थिए, लापरवाही तथा अरुले छाडि गएका बम अन्जानमा खेलाउन थाल्दा अकाल मृत्युवरण गर्नुपर्‍यो त्यस्तोलाई पूरै क्षतिपूर्तिको रकम दिंदा पनि तिनको अभाव पूर्ति हुन सक्दैन । तथापि सन्तोषका लागि नियममा भएको व्यवस्था अनुसारको क्षतिपूर्ति भराईदिनु नै न्यायोचित हुने हुनाले मृत्यु भएका तिनैजना बालबालिकाको पीडित कानून बमोजिमको हकवालालाई नियममा उल्लेख भए अनुसार जनही रु. ३,००,०००।- नै क्षतिपूर्ति भराउन उपयुक्त देखिन आएकोले उक्त रकम मध्ये अघि पाईसकेको रु. १,५०,०००।- कट्टा गरी बाँकी रहेको रु १,५०,०००।- जनही क्षतिपूर्ति रकम उपलब्ध गराउनका साथै घाइते भएका जयलक्ष्मी चौलागाई, गोरख वि.क. र निरु बुढाको कानून बमोजिमको हकवालालाई जनही रु. २५,०००।- का दरले क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो । यसरी विभिन्न विद्यालय तथा त्यसको प्राङ्गणमा वेवारिसे बम फेला पर्ने संभावना अझै कायमै रहेको र त्यस्ता बमबाट हुनसक्ने सम्भावित खतरालाई पनि इन्कार गर्न नसकिने भएकोले त्यसको सुरक्षाको लागि उक्त ठाउँमा तारवार लगाई बालबालिकाको पहुँचबाट टाढा राख्न तथा डिफ्युज गरी आई.डि. land mineमुक्त क्षेत्र वनाउन समेत नेपाल सरकारलाई पत्र लेखी पठाउने भनी मिति २०७०।२।२३ गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १४ अनुसन्धान ४३ जुम्ला मिति २०७०।४।३ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं २० मिति २०७०।४।९ प्र.म.म.का.,मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६८७**

१. **पीडितको नाम, थर र ठेगाना** हिरा खाँण, जामुने-६, तनहुँ

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** तनहुँ जिल्ला जामुने गाविस वडा नं. ६, वरडाँडा बस्ने हिरा खाँणको मिति २०६२/१/८ गते वेवारिसे वमलाई खेलौना भनि खेलाउँदा विष्फोट भई घाइते भई उपचारको क्रममा पोखराको गण्डकी क्षेत्रीय अस्पतालमा मृत्यु भएकोले क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६२।९।५ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज हिरा खाँणको मिति २०६२/१/८ गते वेवारिसे वम विष्फोटमा परी उपचारको क्रममा मृत्यु भएको देखियो । बम कसले छोडेको थियो भन्ने पत्ता नलागेकोले यस सम्बन्धमा बोलिरहनु परेन । मृतकको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २३७ अनुसन्धान ३५८, ७५०।२४९पोखरा मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १३० मिति २०७०।५।२४ प्र.म.म.का.,मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

### घ) घाइते / कुटपीट

**क्रम संख्या -** ६८८

१. **पीडितको नाम, थर र ठेगाना** चन्द्रदत्त सुवेदी, मेघौली-८, चितवन

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रीय कार्यालय, फाईल नं. ३९९९/८४८/५६९, चितवन जिल्ला मेघौली गाविस वडा नं. ८, पर्शाढाब स्थायी बसोबास भई श्री आदर्श मावि दिव्यनगरका प्रध्यानापक चन्द्रदत्त सुवेदीलाई मिति २०५९।५।१८ गते दिउँसो १:३० बजेको समयमा नेकपा माओवादीका हतियार सहितका कार्यकर्ताहरूले विद्यालयको प्राङ्गणमा गई अपशव्द प्रयोग गर्दै शरीरका विभिन्न भागमा हतियारले कुटपीट गरी यातना दिएकाले दोषीलाई कार्वाही गरी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३।११।६ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज चन्द्रदत्त सुवेदीलाई नेकपा माओवादीका कार्यकर्ताले विद्यालय जस्तो शान्ति क्षेत्रमा प्रवेश गरी सबै विद्यार्थीको अगाडि शिक्षकलाई अपशव्द बोली, कुटपीट गरेको अशोभनिय देखियो । यस्तो अमानवीय कार्य भएकाले निजको मानव अधिकारको गम्भीर उल्लंघन भएको देखिंदा घटनामा संलग्न तत्कालीन नेकपा माओवादीका कार्तकर्ताको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न तथा पीडित प्राध्यापक चन्द्रदत्त सुवेदीलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) तथा राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १८ बमोजिम रू. ३५,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।४।३२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २९० अनुसन्धान ३९९९ मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितलाई रु. ३५,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या –** ६८९

१. **पीडितको नाम, थर र ठेगाना** पम्फा बुढाथोकी, गेलु-५, रामेछाप

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रिय कार्यालय, र्फाइल नं. ३००४/७२९/४४३०, रामेछाप जिल्ला गेलु गाविस वडा

नं. ५ घर भई हाल गैरीगाउँ सिनामंगल, काठमाडौं बस्ने पम्फा बुढाथोकीलाई मिति २०५८।२।२२ गते पोशाकमा आएका नेकपा माओवादीका हतियार सहितका कार्यकर्ताहरूले सोही गाविसको वडा नं. ५ स्थित सावाडाँडामा भएको आमसभामा कालोमोसो दलेर अमानवीय व्यवहार गरेको र पुनः सोही गाविसको तत्कालीन अध्यक्षको घरमा बाँधेर राखी रू. १९,०००।- दिएपछि छाडेको, कुटपीटका कारणले शरीर दुख्ने, आँखामुनि र टाउकोमा घाउको खत भएको, धम्कीको कारणले गाउँमा बस्न सक्ने अवस्था नभएकोले विस्थापित भई काठमाडौं बस्दै आएकोले क्षतिपूर्ति पाउँ भनी मिति २०६२।३।३ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज पम्फा बुढाथोकीलाई तत्कालीन नेकपा माओवादी कार्यकर्ताबाट आमसभामा सबैको सामु कालोमोसो दली कुटपीट गरी यातना तथा दुव्र्यवहार गरेको देखिंदा घटनामा संलग्न दोषी तूतकालिन नेकपा माओवादीको कार्यकर्ताहरूको पचिहान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित पम्फा बुढाथोकीलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) तथा राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १८ बमोजिम रू. ३५,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।५।२४ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. अनुसन्धान मिति २०६८।१०।११ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितलाई रु. ३५,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ६९०**

१. **पीडितको नाम, थर र ठेगाना** जीवनाथ खतिवडा, बाबरे-८, दोलखा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रिय कार्यालय, फाईल नं. ३९४४/७४८/४२९, दोलखा जिल्ला बाबरे गाविस वडा नं. ८ सिस्नेरी बस्ने जीवनाथ खतिवडालाई मिति २०६०।६।४ गते नेकपा माओवादीका कार्यकर्ताहरूले घरमा बसिरहेको अवस्थामा कब्जामा लिई असोज १० गतेसम्म जिल्लाका विभिन्न ठाउँमा घुमाई शारीरिक तथा मानसिक यातना दिएको र जवरजस्ती रू. ३० हजार पनि लिई गएकोले दोषीलाई कार्वाही गरी उचित क्षतिपूर्ति र जवरजस्ती लिएको रकम समेत फिर्ता गरी पाउँ भनी मिति २०६३।९।१६ गते आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज जीवनाथ खतिवडालाई तत्कालीन नेकपा माओवादी कार्यकर्ताबाट कब्जामा लिई कुटपीट तथा यातना दिने कार्य गरेको देखिंदा घटनामा संलग्न दोषी तूतकालिन नेकपा माओवादीको कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित जीवनाथ खतिवडालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) तथा राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १८ बमोजिम रू. २५,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०६९।४।३२ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४११ अनुसन्धान ३९४४ मिति २०६९।६।२१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितलाई रु. २५,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ६९१**

१. **पीडितको नाम, थर र ठेगाना** पुस्कर खतिवडा, बाबरे-८, दोलखा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रिय कार्यालय, फाइल नं. ३९४९।४३५, दोलखा जिल्ला बाबरे गाविस वडा नं. ८ सिस्नेरी बस्ने पुस्कर खतिवडालाई नेकपा माओवादीका कार्यकर्ताहरूले मिति २०६०।६।४ गते विद्यालयबाट फर्कदै गरेको अवस्थामा नियन्त्रणमा लिई असोज १२ गतेसम्म जिल्लाका विभिन्न ठाउँमा घुमाई शारीरिक तथा मानसिक यातना दिएको र पटक-पकट गरी रू. २० हजार रूपैंया पनि लिइएकोले दोषीलाई कार्वाही गरी उचित क्षतिपूर्ति र जवर्जस्ती लिएको रकम फिर्ता गरीपाउँ भनी मिति २०६३।९।१६ गते यस आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज पुस्कर खतिवडालाई तत्कालीन नेकपा माओवादी कार्यकर्ताहरूबाट कब्जामा लिई कुटपीट तथा यातना दिने कार्य गरेको देखिंदा घटनामा संलग्न दोषी तृतकालिन नेकपा माओवादीको कार्यकर्ताको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित पुस्कर खतिवडालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) तथा राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १८ बमोजिम रू. २५,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।४।३२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४१० अनुसन्धान ३९४९ मिति २०६९।६।२१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितलाई रु. २५,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

च.नं. ४७ मिति २०७१।५।५ मा प्र.प्र.का, ले खुलाई पठाएको सम्बन्धमा आयोगलाई पठाएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ६९२**

१. **पीडितको नाम, थर र ठेगाना** विजय साँवा, फुङलिङ-५, ताप्लेजुङ्ग

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** ताप्लेजुङ्ग जिल्ला फुङलिङ गा.वि.स. वडा नं. ५ बस्ने विजय साँवा लगायतका व्यक्तिहरूको समूहले तास खेलिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङ्गका प्रहरी जवान सुरेन्द्र दाहाल, सुर्य लिम्बुले मिति २०६८।११।४ गते पक्राउ गर्ने क्रममा विजय साँवालाई कुटपीट र दुर्व्यवहार गरेकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६८।११।१८ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङ्ग पुऱ्याएपछि पनि निज विजय साँवालाई निजको मुटुको अप्रेशसन गरेको ठाउँमा हानेको, पछि प्रहरी नायव उपरीक्षक समक्ष पुऱ्याएपछि निजलाई रिहा गरिएको । निजलाई प्रहरीले कुटपीट गरेको कारणबाट निजको स्वास्थ्यमा असर पर्न थालेकोले निजलाई जिल्ला अस्पताल, ताप्लेजुङ्ग पुऱ्याएको । त्यहाँबाट रिफर गरी विराटनगर नर्सिङ होम लगिएको र त्यहाँबाट निजलाई गंगालाल हृदय केन्द्र काठमाडौंमा ल्याई हालसम्म नियमित औषधी सेवन गर्दै आएको । निजको औषधी उपचारमा रू. ४५,६६६।२२ खर्च भएको निजले पेश गरेको कागजपत्रबाट समेत देखियो । निजलाई प्रहरीले पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा कुटपीट गरेको सोही कुटपीटको कारण निज विजय साँवाले हालसम्म औषधी सेवन गर्नु परेकोले निजको मानव अधिकार उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी प्रहरीको पहिचान गरी कानून बमोजिम सचेत गराउन । साथै घटनाका पीडित विजय साँवालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रू. १,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनी मिति २०७०।१।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३७४ अनुसन्धान१०६५विराटनगर मिति २०७०।३।३० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६९३**

१. **पीडितको नाम, थर र ठेगाना** जगतबहादुर भण्डारी, नरेठाँटी-४, बागलुङ्ग

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बागलुङ्ग जिल्ला नरेठाँटी गाविस वडा नं. ४ देविस्थान बस्ने जगतबहादुर भण्डारीलाई मिति २०६१।१।२३ गते राती घरमा सुतिरहेको अवस्थामा नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी यातना दिई निजको खुट्टा समेत काटीदिएकोले राम्रोसँग हिड्डुल गर्न नसक्ने भएकोले दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी २०६४।११।२१ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई घरमा सुतिरहेको अवस्थामा तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी डोरीले बाँधी घरदेखि तल गोठमा ल्याई माओवादी पार्टीको निर्णय भनी निजलाई व्यहोरा पढी सुनाई निजको दाँया खुट्टा ढुंगाको अचानोमा राखी खुकुरीले हानी बेहोस बनाई छाडेको, गाउँलेहरूले उठाई उपचारको लागि लगेको, हालसम्म औषधी सेवन गरिहनु परेको, राम्रोसँग हिड्डुंल गर्न नसक्ने अवस्थामा रहेकोले निजको मानव अधिकारको हनन् तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी तत्कालीन नेकपा माओवादी कार्यकर्ताको पहिचान गरी कानूनी कार्वाही गर्न र पीडितलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ५०,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउनुको साथै निजको निःशुल्क उपचार समेत गराइदिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।११ गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २३२ अनुसन्धान २५५पोखरा मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १८६ मिति २०७०।१२।१४, गृह मन्त्रालय, मा.अ. प्र.अ.स.शाखाबाट प्र.प्रधान का.लाई निर्णय कार्याान्वयको लागि पठाइएको सम्बन्धमा आयोगलाई बोधार्थ पत्र ।

च.नं १२४, मिति २०७०।५।२४, प्र.म.म.का, मा.अ.प्र.शाखाबाट गृ.म. र शा.तथा पु.मलाई निर्णय कार्यान्वयन सम्बन्धमा पत्र आयोगलाई बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६९४**

१. **पीडितको नाम, थर र ठेगाना** जितबहादुर घर्ती देविस्थान-८, बाग्लुङ्ग

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बाग्लुङ्ग जिल्ला देविस्थान गाविस वडा नं. ८ घर भै नापी शाखा कार्यालय २ नं. नापी गोश्वारा नेपालगञ्जमा पियन पदमा कार्यरत जितबहादुर घर्तीलाई मिति २०६२।२।२३ गते दिनको १२:३० बजे कार्यालय परिसरमा ड्युटीमा बसेको बेला नेकपा माओवादीका कार्यकर्ताहरूले अफिसको कम्पाउण्डभित्र सकेट बम फाल्दा सो सकेट बम लागी घाइते भई नेपालगंज अस्पतालमा उपचार गराउँदा गराउँदै हाल बाग्लुङ्ग नापी शाखामा सरूवा भई कार्यरत रहेकोले उपचार र क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३।४।१ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट मिति २०६२।३।२३ गते दिनको १२:३० बजेको समयमा नेपालगंजस्थित नापी कार्यालयमा तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले बम विष्फोट गराउँदा ड्यूटीमा रहेका जितबहादुर घर्तीलाई बम लागी घाइते भएको, बम लागेको ठाउँमा सिलाई (stitch) गर्दा हाल २ इन्च फराकिलो घाँखत रहेको । निजले नेपालगञ्ज भेरी अञ्चल असपताल, विश्वास क्लिनिकमा उपचार गराएको देखिंदा निजको मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घाइते निज जितबहादुर घर्तीलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ६०,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन

नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २१३ अनुसन्धान १५८पोखरा मिति २०७०।५।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६९५**

१. **पीडितको नाम, थर र ठेगाना** उर्मिला श्रेष्ठ (बर्ष १४), जामुने-६, तनहुँ

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** तनहुँ जिल्ला जामुने गाविस वडा नं. ६ वरडाँडा बस्ने टेक नारायणको छोरी बर्ष १४ की उर्मिला श्रेष्ठलाई मिति २०६२।१।८ गते नावालक बच्चाले वेवारिसे वम खेलौनाको रूपमा खेलाउँदा अचानक पड्कन गई घाइते भएकोमा उपचार पश्चात हालसम्म हात तथा खुट्टामा बमको छर्रा रहिरहेकोले थप उपचारको पहल गरी उपचार खर्च दिलाई क्षतिपूर्ति दिलाउन पहल गरी पाउँ भनी मिति २०६२।९।५ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिशर** निज उर्मिला श्रेष्ठसँगै अरू बालबालिकाहरू पनि खेलिरहेको अवस्थामा बेवारिसे अवस्थामा फालिएको बमलाई खेलाउना सम्झी खेलाउँदै गर्दा सो पड्कन गई निज उर्मिला श्रेष्ठको खुट्टामा छर्रा लागी घाइते भई उपचार पश्चात हालसम्म ठिक नभएको, बमको छर्रा हालसम्म रहेको भनी उल्लेख भएको देखियो । बम कसले छोडेको थियो भन्ने पत्ता नलागेकोले यस सम्बन्धमा बोलिरहनु परेन । पीडित उर्मिला श्रेष्ठलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रू. २५,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउनुको साथै निजको छर्रा निकाल्न थप उपचार समेत गराइदिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २३४ अनुसन्धान १०१।३१४(च)पोखरा मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १३५ मिति २०७०।५।२४ प्र.म.म.का.,मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति तथा पुनर्निमाण मन्त्रालय, स्वा. तथा ज.म.लाई पठाएको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६९६**

१. **पीडितको नाम, थर र ठेगाना** कोपीला खाँण (बर्ष १३) जामुने-६, तनहुँ

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** तनहुँ जिल्ला जामुने गाविस वडा नं. ६, वरडाँडा बस्ने तेज बहादुर खाँणकी छोरी बर्ष १३ की कोपीला खाँण मिति २०६२/१/८ गते नावालक बच्चाले वेवारिसे वम खेलौनाको रूपमा खेलाउँदा अचानक पड्कन गई आँखामा वमका छर्रा लागी घाइते भएकोमा उपचार गराउँदा निको नभई दायाँ आँखाको दृष्टि गुम्न गएको र थप उपचारको अवश्यकता रहेकोले उपचारको लागि पहल गरी पाउँ भनी मिति २०६२।९।५ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज कोपीला खाँणसँगै अरू बालबालिकाहरू पनि खेलिरहेको अवस्थामा बेवारिसे अवस्थामा फालिएको बमलाई खेलाउना सम्झी खेलाउँदै गर्दा सो पड्कन गई निज कोपीला खाँणको आँखामा छर्रा लागी घाइते भई उपचार पश्चात पनि दाहिने आँखाको दृष्टि गुम्न गएको । बमको छर्रा सबै निकाल्न नसकिएको अवस्था देखिएकोले निजको मानव अधिकार उल्लंघन भएको देखियो । बम कसले छोडेको थियो भन्ने पत्ता नलागेकोले यस सम्बन्धमा बोलिरहनु परेन । पीडित कोपिला खाँणलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. १,००,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २३५ अनुसन्धान १९५।३१४(ज)पोखरा मिति

२०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १२८ मिति २०७०।५।२४ प्र.म.म.का.,मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६९७**

१. **पीडितको नाम, थर र ठेगाना** तिज कुमारी खाँण, जामुने-६, तनहुँ

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** तनहुँ जिल्ला जामुने गाविस वडा नं. ६, वरडाँडा बस्ने तेज बहादुर खाँणकी श्रीमती बर्ष ४६ की तिज कुमारी खाँणलाई मिति २०६२/१/८ गते बालबालिकाहरूले वेवारिसे वम खेलौनाको रूपमा खेलाउँदा अचानक पड्कन गइ निज तिजकुमारीको खुट्टामा छर्रा लागी घाइते भएकोमा उपचार पश्चात हालसम्म खुट्टामा रहेका वमका छर्राहरू निकाल्न नसकिएकोले थप उपचारको लागि पहल गरी पहल गरी पाउँ भनी मिति २०६२।९।५ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज तिजकुमारी खाँणसँगै अरू बालबालिकाहरू पनि सो घटनामा परी घाइते भएको । निज तिजकुमारी खाँणको खुट्टामा छर्रा लागी घाइते भई उपचार पश्चात हालसम्म ठिक नभएको । बमको छर्रा अझै निकाल्न नसकिएको अवस्था रहेको भनी उल्लेख भएको देखियो । बम कसले छोडेको थियो भन्ने पत्ता नलागेकोले यस सम्बन्धमा बोलिरहनु परेन । पीडित तिज कुमारी खाणलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रू. २५,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउनुको साथै निजको छर्रा निकाल्न थप उपचार समेत गराइदिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २३१ अनुसन्धान १९२।१०१।९६पोखरा मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १२५ मिति २०७०।५।२४ प्र.म.म.का.,मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६९८**

१. **पीडितको नाम, थर र ठेगाना** देवेन्द्र खाँण (बर्ष ७), जामुने-६, तनहुँ

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** तनहुँ जिल्ला जामुने गाविस वडा नं. ६, वरडाँडा बस्ने तेज बहादुर खाँणको छोरा बर्ष ७ को देवेन्द्र खाँण मिति २०६२/१/८ गते अन्य बालबालिकाहरूसँगै बेवारिसे बम खेलौनाको रूपमा खेलाउँदा अचानक पड्कन गई निज देवेन्द्रको खुट्टामा छर्रा लागी घाइते भएकोमा उपचार पश्चात हालसम्म खुट्मा रहेका वमका छर्राहरू निकाल्न नसकिएकोले थप उपचारको लागि पहल गरी पाउँ भनी मिति २०६२।९।५ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज देवेन्द्र खाँणको खुट्टामा छर्रा लागी घाइते भई उपचार पश्चात हालसम्म ठिक नभएको । बमको छर्रा अझै निकाल्न नसकिएको अवस्था देखिएकोले निजको मानव अधिकार उल्लंघन भएको देखियो । बम कसले छोडेको थियो भन्ने पत्ता नलागेकोले यस सम्बन्धमा बोलिरहनु परेन । पीडित देवेन्द्र खाँणलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. २५,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउनुको साथै निजको छर्रा निकाल्न थप उपचार समेत गराइदिन नेपाल सरकारलाइ सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २३६ अनुसन्धान १९५।३१४(झ)पोखरा मिति

२०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ६९९**

१. **पीडितको नाम, थर र ठेगाना** सुदिप शाही (बर्ष १२) जामुने-६, तनहुँ

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** तनहुँ जिल्ला जामुने गाविस वडा नं. ६, वरडाँडा बस्ने मनबहादुर शाहीको छोरा बर्ष १२ को सुदिप शाही मिति २०६२/१/८ गते अन्य बालबालिकासँगै वेवारिसे वम खेलौनाको रूपमा खेलाउँदा अचानक पड्कन गई निज नावालक सुदिप शाहीको खुट्टामा छर्रा लागी घाइते भएकोमा उपचार पश्चात हालसम्म खुट्टमा रहेका वमका छर्राहरू निकाल्न नसकिएकोले उपचारको लागि पहल गरी पाउँ भनी मिति २०६२।९।५ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज सुदिप शाही सहित वम खेलाउँदै गर्दा सो घटनामा परी घाइते भएको । निज शाहीको खुट्टामा वमको छर्रा लागी घाइते भई उपचार पश्चात हालसम्म ठिक नभएको । बमको छर्रा अझै निकाल्न नसकिएको अवस्था देखिएकोले निजको मानव अधिकार उल्लंघन भएको पाइयो । बम कसले छोडेको थियो भन्ने पत्ता नलागेकोले यस सम्बन्धमा बोलिरहनु परेन । पीडित सुदीप शाहीलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रू. २५,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउनुको साथै निजको छर्रा निकाल्न थप उपचार समेत गराइदिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २३८ अनुसन्धान १९४।३१४(च)पोखरा मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७००**

१. **पीडितको नाम, थर र ठेगाना** कुशल खाँण (बर्ष ५) जामुने-६, तनहुँ

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** तनहुँ जिल्ला जामुने गाविस वडा नं. ६, वरडाँडा बस्ने मोहन खाँणको छोरा बर्ष ५ को कुशल खाँण समेत भई मिति २०६२/१/८ गते वेवारिसे वम खेलौनाको रूपमा खेलाउँदा अचानक पड्कन गई दुबै आँखामा छर्रा लागी घाइते भएकोमा उपचार पश्चात हालसम्म आँखाको छर्राहरू सबै निकाल्न नसकिएकोले उपचारको लागि पहल गरी पाउँ भनी मिति २०६२।९।५ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज कुशल खाँणको दुवै आँखामा छर्रा लागी घाइते भई उपचार पश्चात हालसम्म ठिक नभएको । बमको छर्रा अझै निकाल्न नसकिएको अवस्था देखिएकोले पीडितको मानव अधिकार उल्लंघन भएको देखियो । बम कसले छोडेको थियो भन्ने पत्ता नलागेकोले यस सम्बन्धमा बोलिरहनु परेन । पीडित कुशल खाँणलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. २५,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउनुको साथै निजको छर्रा निकाल्न थप उपचार समेत गराइदिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ६३० अनुसन्धान १९७।३१४(छ)पोखरा मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १२३ मिति २०७०।५।२४ प्र.म.म.का.,मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७०१**

१. **पीडितको नाम, थर र ठेगाना** अशोकमाया पोडे, उग्रचण्डी-७, काभ्रे

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला काभ्रेपलाञ्चोक उग्रचण्डी गाविस वडा नं. ७ घर भई हाल छक्कुवक्कु मार्ग नयाँ बानेश्वर बस्ने अशोकमाया पोडेलाई मिति २०६५।७।१७ गते एभरेष्ट होटलको कम्पाउण्डभित्र शान्तिपूर्ण विरोध जुलुश गरिरहेको समयमा महानगरिय प्रहरी वृत्त तिनकुनेबाट प्र.नि. विरेन्द्रबहादुर शाहीको नेतृत्वमा खटिई आएको प्रहरी टोलीले लाठीचार्ज गर्दा निजको तिघ्राको भित्री भाग फुटी गम्भीर घाइते भई ५ दिनसम्म कान्तिपुर अस्पतालमा भर्ना भई उपचार गरेको र लामो समयसम्म अफिस समेत जान नसकेकोले कुटपीट गर्ने दोषी प्रहरीलाई कार्वाही गरी उचित क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६५।८।१३ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** एभरेष्ट होटलका कर्मचारीले होटल हाताभित्र शान्तिपूर्ण विरोध जुलुश गर्दा महानगरिय प्रहरी वृत्त, तिनकुनेबाट खटेको प्रहरी टोलीले घेरा हाली निज अशोकमाया पोडेलाई अत्याधिक वल प्रयोग गरी कुटपीट गरेकोले निजको मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी प्रहरीको पहिचान गरी विभागिय कार्वाही गर्न र पीडित अशोकमाया पोडेलाई कुटपीट गरे बापत राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रू. १५,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २२८ अनुसन्धान ७९१के.का. मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं १३२ मिति २०७०।५।२४ प्र.म.म.का, मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृहमन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र । च.नं४४ मिति २०७०।५।१३ (३१ गते हुनुपर्ने) गृह मन्त्रालय, मा.अ.प्र.तथा अन्तर्राष्ट्रिय समन्वय शाखाबाट प्रहरी प्रधानकायार्यालयलाई पठाएको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७०२**

१. **पीडितको नाम, थर र ठेगाना** तोयाराज भट्ट, नयाँ बानेश्वर, काठमाडौं

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला काठमाडौं नयाँ बानेश्वर बस्ने तोयाराज भट्टलाई मिति २०६५।७।१७ गते एभरेष्ट होटलको कम्पाउण्डभित्र शान्तिपूर्ण विरोध जुलुश गरिरहेको समयमा महानगरिय प्रहरी वृत्त तिनकुनेबाट खटि आएको प्रहरी टोलीले लखेट्दै नोवल स्कुल अगाडि लाठी र बुटले कुटपीट गर्दा खुट्टा भाँच्चिन गई अपाङ्ग भएकोले दोषी प्रहरीलाई कार्वाही गरी उचित क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६५।८।८ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज तोयाराज भट्टलाई अत्याधिक वल प्रयोग गरी कुटपीट गर्दा निजको खुट्टा र करङ भाँची अस्पतालमा उपचार गराउनु परेकोले निजको मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी प्रहरीको पहिचान गरी विभागिय कार्वाही गर्न र पीडित तोयाराज भट्टलाई कुटपीट गरे बापत राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रू. ४०,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २२९ अनुसन्धान ७९८के.का. मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १३१, मिति २०७०।५।२४, प्र.म.म.का, मा.अ.प्र.शाखाबाट गृ.म., निर्णय कार्यान्वयनका लागि सम्बन्धमा पत्र आयोगलाई बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ङ) बेपत्ता**

**क्रम संख्या – ७०३**

१. **पीडितको नाम, थर र ठेगाना** नमुना भन्ने पार्वती पौडेल, भानु-६, तनहुँ

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला तनहुँ भानु गाविस वडा नं. ६ निवासी नमुना भन्ने पार्वती पौडेललाई मिति २०६०।१२।२९ गते राती ११:०० बजे सुतिरहेको समयमा तत्कालीन शाही नेपाली सेनाले पोखरा उपमहानगरपालिका वडा नं. ८ सिमलचौरस्थित घनश्याम ढकालको घरबाट पक्राउ गरी बेपत्ता पारेकोले स्थिति सार्वजनिक गरी पाउँ भनी मिति २०६१।१।११ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** नमुना भन्ने पार्वती पौडेल नेकपा माओवादी पार्टीको सदस्य भई कास्की जिल्लामा कार्यरत रही मिति २०६१।१२।२९ गते राती ११:०० बजे पोखरा उपमहानगरपालिका, सिमलचौरस्थित घनश्याम ढकालको घरमा औषधी उपचार गरी आराम गरी बसेको अवस्थामा तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी पश्चिम पृतनाको फुलवारी व्यारेकमा राखी १/२ महिनासम्म विभिन्न ठाउँमा तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरू चिनाउन भनी सेनाहरूले लिएर जाने गरेको । तत्पश्चात निजको अवस्था सार्वजनिक नगरी बेपत्ता पारी हालसम्म निजको स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**आयोगको च.नं. २१८ अनुसन्धान १४ पोखरा मिति २०७०।५।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७०४**

१. **पीडितको नाम, थर र ठेगाना** चन्द्रप्रसाद खनाल, हंसपुर-२, गोरखा

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** गोरखा जिल्ला हंसपुर गा.वि.स. वडा नं २ का चन्द्रप्रसाद खनाललाई मिति २०५८।८।१६ गते घर नजिकको खेतमा दाईँ गरिरहेको अवस्थामा करिब दिनको ३.०० बजे शाही नेपाली सेना तथा ईलाका प्रहरी कार्यालय भच्चेक, गोरखाका प्रहरी सहितको संयुक्त टोलीले गिरफ्तार गरी लगेर बेपत्ता बनाएकोले निजको तत्काल खोजतलास गरी जीवनको सुरक्षा गरी अवस्था सार्वजनिक गरी पाउँ भनी मिति २०६०।२।१ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज खनाललाई सुरक्षाकर्मीले पक्राउ गरी ३ महिनाभन्दा बढी थुनामा राखी मिति २०५८।११।१५ गते श्रीनाथकोट गाविस नयाँसाघु भन्ने स्थानमा लगी हत्या गरेको भन्ने देखिए पनि यसमा मृतकको कानून बमोजिम रितपूर्वकको लाशजाँच लगायतको कानूनी प्रक्रिया पुरा गर्नुपर्नेमा उक्त कार्य गरेको नदेखिंदा निजको अवस्था हालसम्म बेपत्ता नै देखिएकोले निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानून बमोजिमको हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २४३ अनुसन्धान १५१पोखरा मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७०५**

१. **पीडितको नाम, थर र ठेगाना** माधव अधिकारी, हंसपुर-१, गोरखा

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** गोरखा जिल्ला हंसपुर गा.वि.स. वडा नं १ बस्ने वर्ष ४७ का माधव अधिकारीलाई गोरखा जिल्लाको हंशपुर गाविस, भच्चेक स्थित संयुक्त सुरक्षाफौजको वेशक्याम्पबाट आएको तत्कालीन शाही नेपाली सेना तथा प्रहरीको टोलीले मिति २०५८।८।१४ गते आफ्नो घरमा सुतिरहेको अवस्थामा पक्राउ गरी हालसम्म अवस्था सार्वजनिक नगरेकोले निज अधिकारीको खोजी गरी अवस्था सार्वजनिक गरी पाउँ भनी मिति २०६३।३।४ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** निज माधव अधिकारीलाई मिति २०५८।८।१४ गते सुरक्षाकर्मीले पक्राउ गरी गोरखा भच्छेकस्थित सुरक्षापोष्टको हिरासतमा राखेको तत्पश्चात हालसम्म अवस्था सार्वजनिक नगरी निजको अवस्था हालसम्म वेपत्ता नै देखिएकोले निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानून बमोजिमको हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २४४ अनुसन्धान १४९पोखरा मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७०६**

१. **पीडितको नाम, थर र ठेगाना** शारदाप्रसाद अधिकारी, हंसपुर-१, गोरखा

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** गोरखा जिल्ला हंसपुर गा.वि.स. वडा नं १ का भरत भन्ने शारदाप्रसाद अधिकारीलाई मिति २०५८।८।३० गते ईलाका प्रहरी कार्यालय, भच्चेक र सोही ई.प्र.का.मा बेस बनाई बसेको तत्कालीन शाही नेपाली सेना सहितको संयुक्त टोलीले घरैबाट बिहानको करिब १०:०० बजे पक्राउ गरी हालसम्म वेपत्ता पारेकोले यथार्थ जानकरीको लागि पहल गरी पाउँ भनी मिति २०५९।२।१४ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** निज भरत भन्ने शारदाप्रसाद अधिकारीलाई मिति २०५८।८।३० गते सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म अवस्था सार्वजनिक नगरी निजको अवस्था हालसम्म बेपत्ता नै देखिएकाले निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानून बमोजिमको हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २४१ अनुसन्धान १४७पोखरा मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७०७**

१. **पीडितको नाम, थर र ठेगाना** बुद्धिबल शिल्पकार (वि.क.) हंसपुर-३, गोरखा

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** गोरखा जिल्ला हंसपुर गा.वि.स. वडा नं ३ बस्ने श्री भुमी ज्योती प्रा.बि. धारापानी, गोरखाका शिक्षक बुद्धिबल शिल्पकार (वि.क.)लाई मिति २०५८।८।१७ गते विद्यालयमा पढाउन जान लागेको अवस्थामा स्थानीय

बजार भच्चेकबाट तत्कालीन शाही नेपाली सेना तथा ईलाका प्रहरी कार्यालय, भच्चेक गोरखाका प्रहरी सहितको संयुक्त टोलीले गिरफ्तार गरी हालसम्म वेपत्ता पारेकोले यथार्थ जानकरीको लागि पहल गरी पाउँ भनी मिति २०६३।३।५ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज बुद्धिवल शिल्पकार विकलाई सुरक्षाकर्मीले पक्राउ गरी भच्छेस्थित प्रहरी चौकीमा राखी निजको बुबाले समेत भेटेको । ततूपश्चात वेपत्ता पारी हत्या गरेको भन्ने देखिएपनि यसमा मृतकको कानून बमोजिम रितपूर्वकको लाशजाँच लगायतको कानूनी प्रक्रिया पुरा गर्नुपर्नेमा उक्त कार्य गरेको नदेखिंदा निजको अवस्था हालसम्म बेपत्ता नै देखिएकोले निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानून बमोजिमको हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २४२ अनुसन्धान ३७पोखरा मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**च) अपहरण**

**क्रम संख्या – ७०८**

१. **पीडितको नाम, थर र ठेगाना** संगीता सेन ठकुरी, मुकसार-१, सिरहा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** सिरहा जिल्ला मुकसार गाविस वडा नं. १ बस्ने पृथ्वी बहादुर सेन ठकुरीकी छोरी वर्ष २२ की संगीता सेन ठकुरी सिरहा जिल्लाको धनगढी गाविसको धनगढी बजारमा साहुको कुखुरा पालन केन्द्रमा काम गरिरहेको अवस्थामा मिति २०६१।६।१९ गते तत्कालीन नेकपा माओवादी पार्टीका कार्यकर्ताहरूले अपहरण गरी लगेको । अपहरण गरेकै दिन हत्या गरिएको र निज संगीता सेनलाई किन के कारणले अपहरण गरिएको नखुलाइएकोले घटनाको छानवीन गरीपाउँ भनी मिति २०६१।७।१३ गते यस आयोगमा निवेदन दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान प्रतिवेदनबाट निज संगिता सेन ठकुरीलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताबाट अपहरण गरी हत्या गरेको भन्ने भनाई रहेपनि निज संगिता सेनको तत्कालीन नेकपा माओवादीबाट अपहरण पश्चात मृत्यु भएको भन्ने पुष्टि हुने आधार प्रमाण जस्तो मृतकको लाश समेत प्राप्त हुन नसकेको, निजको हालसम्म स्थिति अज्ञात नै रहेको । तसर्थ प्रस्तुत घटनाको अनुसन्धान कार्वाही जारी राखी निजको कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम रु. १,००,०००।- अन्तरिम राहत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।१।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३९७ अनुसन्धान ११९ विराटनगर मिति २०७०।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७०९**

१. **पीडितको नाम, थर र ठेगाना** रघुविर यादव, असनपुर-३, सिरहा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** सिरहा जिल्ला असनपुर गोलबजार वार्ड नं. ३ असनपुर बस्ने वर्ष २८ को रघु भन्ने रघुविर यादवलाई मिति २०६१।११।१२ गते असनपुरको चौबाटोबाट तत्कालीन नेकपा माओवादीहरूले अपहरण गरी लगेकोमा हालसम्म पनि स्थिति अज्ञात नै रहेकोले स्थिति सार्वजनिक गरी निजको जीवन रक्षा गरी पाउँ भनी मिति २०६२।६।१६

गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** निज रघु भन्ने रामरघुविर यादवलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताबाट अपहरण गरी हत्या गरेको भन्ने रहेपनि निज रघु भन्ने रामरघुविर यादवको तत्कालीन नेकपा माओवादीबाट अपहरण पश्चात हत्या भएको भन्ने पुष्टि हुने आधार प्रमाण जस्तो मृतकको लाश समेत प्राप्त हुन नसकेको नदेखिंदा निजको हालसम्म स्थिति अज्ञात नै देखिन आउँछ । तसर्थ प्रस्तुत घटनाको अनुसन्धान कार्वाही जारी राखी निजको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम रु. १,००,०००।- अन्तरिम राहत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।१।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३९९ अनुसन्धान १२० विराटनगर मिति २०७०।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १६ मिति २०७०।४।६७ प्र.म.म.का, मा.अ.प्र.शाखाबाट गृ.म, शा.तथा पुन.नि.मलाई निर्णय कार्यान्वयन सम्बन्धमा आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ७१०**

१. **पीडितको नाम, थर र ठेगाना** जोगेन्द्र साह, राजपुर-५, सिरहा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** सिरहा जिल्ला राजपुर गाविस वडा नं. ५ बस्ने वर्ष ४८ का जोगेन्द्र साहलाई मिति २०६२।१२।१७ गते व्यापारको सिलसिलामा देविपुर गाउँमा गएको बेला विहान १०:०० बजे ७-८ जना तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले समातेर लगेकोमा निजको स्थिति हालसम्म अज्ञात रहेकोले स्थिति सार्वजनिक गरी निजको जीवन रक्षा गरीपाउँ भनी मिति २०६३।१।५ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** निज जोगेन्द्र साहलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताबाट अपहरण गरी हत्या गरेको भन्ने रहेपनि निज जागेन्द्र साहको तत्कालीन नेकपा माओवादीबाट अपहरण पश्चात हत्या भएको भन्ने पुष्टि हुने आधार प्रमाण जस्तो कि मृतकको लाश समेत प्राप्त हुन नसकेको देखिंदा निजको हालसम्म स्थिति अज्ञात नै देखिन आउँछ । तसर्थ प्रस्तुत घटनाको अनुसन्धान कार्वाही जारी राखी निजको कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम रु. १,००,०००।- अन्तरिम राहत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।१।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३९५ अनुसन्धान १२० विराटनगर मिति २०७०।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**छ) यातना**

**क्रम संख्या – ७११**

१. **पीडितको नाम, थर र ठेगाना** सरितादेवी शर्मा, बर्राचौर-२, विहादी, पर्वत

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला पर्वत बर्राचौर गाविस वडा नं. २ विहादी स्थायी घर भई हाल महाराजगंज, काठमाडौं बस्ने सरितादेवी शर्मालाई मिति २०६०।७।३ गते विहान १०:०० बजे चण्डोल काठमाडौंबाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले पक्राउ गरी भैरवनाथ गण, महाराजगंजमा गैरकानूनी थुनामा राखी निरन्तर रूपले निर्घात कुटपीट गर्ने, बुटले हान्ने, पाइपको लठ्ठीले कुट्ने, टाउको डुबाइदिने, खाना खान नदिने, उपचारको लागि वेवास्ता गर्ने, मार्ने धम्की दिने जस्ता शारीरिक र मानसिक यातना दिई मिति २०६२।३।१५ गते मानव अधिकारकर्मी र आफन्तको रोहवरमा मुक्त

गरिएको, उल्लेखित यातनाका कारण शरीर सुन्निने, रक्तअल्पता, वाकवाकी लाग्ने, पेट दुख्ने, टाउको दुख्ने, निन्द्रा नलाग्ने, ध्यान केन्द्रित गर्न नसक्ने जस्ता समस्या देखिनुका साथै शारीरिक स्थिति कमजोर भई हालसम्म पनि औषधी तथा उपचार गराईरहनु परेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६८।४।२४ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** केन्द्रिय कार्यालय, उजूरी नं. २३८६/५६०, आयोगको अनुसन्धानबाट निज सरितादेवी शर्मालाई मिति २०६०।७।३ गते सुरक्षाकर्मीले पक्राउ गरी मिति २०६२।३।१५ गतेसम्म १ वर्ष ८ महिना ६ दिन नेपाली सेनाको भैरवनाथगण व्यारेकमा गैरकानूनी थुनामा राखी निजलाई पटक-पटक कुटपीट गर्ने, बुटले हान्ने, पाईपको लठ्ठीले कुट्ने, पानीमा टाउको डुवाईदिने, खान नदिने, उपचारको लागि वेवास्ता गर्ने, मार्ने धम्की दिने जस्ता शारीरिक र मानसिक यातना दिएको, यातनाका कारण निजलाई चोट लागेको डाक्टरको प्रतिवेदनबाट प्रमाणित भएको देखियो । निज सरिता शर्मालाई सुरक्षाकर्मीले पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा नेपाली सेनाको भैरवनाथगण, व्यारेकमा गैरकानूनी थुनामा राखी यातना दिने कार्य गरेकाले निजको मानव अधिकारको गंम्भीर उल्लंघन भएको देखियो । घटनामा संलग्न गैरकानूनी थुनामा राख्ने र यातना दिने सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित सरिता शर्मालाई चरम यातना दिए बापत राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) तथा राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १८ बमोजिम रू. १,००,०००।- र गैरकानूनी थुनामा १ वर्ष ८ महिना ६ दिन अवधिसम्म राखेकाले उल्लेखित नियमावलीको नियम १९ बमोजिम प्रतिदिन १ सयका दरले ६१,२००।- गरी जम्मा रू. १,६१,२००।-क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।४।३२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २८८ अनुसन्धान २३८६ मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितलाई रु. १,६१,२००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

च.नं. १०३ मिति २०७०।८।१६ रक्षा मन्त्रालयले जानकारी सम्वन्धका प्र.म.म.का.लाई लेखेको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ७१२**

१. **पीडितको नाम, थर र ठेगाना** माधवप्रसाद न्यौपाने, कपन-३, काठमाडौं

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** काठमाडौं जिल्ला कपन गाविस वडा नं. ३ बस्ने व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र पुल्चोक, ललितपुरमा कार्यरत माधवप्रसाद न्यौपानेलाई मिति २०६०।८।१ गते सादा पोशाकका सुरक्षाकर्मीले निज कार्यरत कार्यालयबाटै पक्राउ गरी नेपाली सेनाको भैरवनाथगण, महाराजगंजमा राखी आँखामा पट्टी बाँधी कुट्ने, करेन्ट लगाउने, चिसो पानीको डूममा राख्ने, गुप्ताङ्गमा पोल्ने, लिङ्गमा करेन्ट लगाउने, खान नदिने जस्ता कार्य गरी नौ महिनासम्म आँखामा पट्टी बाँधी राखिएको, थुनामा राखिएको अवस्थामा बुबाको मृत्यु भएकोमा काजक्रिया समेत गर्न नदिई चरम यातना दिई राखेकाले दोषीलाई कार्वाही गरी र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३।११।१८ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** केन्द्रिय कार्यालय, फाईल नं. ४०१८/५५९, आयोगको अनुसन्धानबाट निज माधवप्रसाद न्यौपाने व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र पुल्चोकका कर्मचारी समेत रहेको, निजलाई सुरक्षाकर्मीले पक्राउ गरी नेपाली सेनाको भैरवनाथगण व्यारेकमा ८ महिना ६ दिन थुनामा राखी आँखामा पट्टी बाँधी कुट्ने, करेन्ट लगाउने, चिसो पानीको डूममा राख्ने, गुप्ताङ्गमा पोल्ने, लिङ्गमा करेन्ट लगाउने, खान नदिने जस्ता कार्य गरी शारीरिक मानसीक यातना दिएको । आयोगमा निजको बेपत्ता सम्बन्धी उजरी परी छानवीन भएको, निजलाई नियन्त्रणमा लिएको कुरा सेनाले समेत स्वीकार गरेको, निजलाई उक्त व्यारेकमा थुनामा राखेको बारे निजसँगै थुनामा रहेका व्यक्तिहरूको बयान समेतबाट पुष्टि भएको

देखियो । निज माधवप्रसाद न्यौपानेलाई सुरक्षाकर्मीले पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा नेपाली सेनाको भैरवनाथगण व्यारेकमा ८ महिना ६ दिन लामो गैरकानूनी थुनामा राख्नु नै यातना दिने कार्य भएकाले निजको मानव अधिकारको गम्भीर उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न तथा पीडित माधवप्रसाद न्यौपानेलाई यातना दिएबापत राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) तथा राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १८ बमोजिम रू. १,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।४।३२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २८९ अनुसन्धान ४०१८ मिति २०६९।५।२४ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितलाई रु. १,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

च.नं. १०४ मिति २०७०।८।१६ रक्षा मन्त्रालयले जानकारी सम्बन्धमा प्र.म.म.कालाई पठाएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ७१३**

१. **पीडितको नाम, थर र ठेगाना** रहमत अली, विराटनगर-८, मोरङ्ग

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ्ग जिल्ला विराटनगर उपमहानगरपालिका वार्ड नं. ८ जतुवा बस्ने वर्ष ३१ को रहमत अलीलाई मिति २०६८।१।११ गते दिउँसो २ बजेको समयमा १०/१२ जना प्रहरीहरूले विराटनगर १७ गौशला चोकस्थित रहेको निज रहमत अलीकै पसलबाट पक्राउ गरी मोटरसाइकलमा बसाई जिल्ला प्रहरी कार्यालय, मोरङ्गमा ल्याई हिरासतमा राखेको र हिरासतमा निजलाई शारीरिक तथा मानसिक यातना दिएकोले घटनाको छानवीन गरी पीडकलाई कार्वाही गरी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६८।१।२० गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज रहमत अलीलाई प्रहरीले हिरासतमा यातना दिएको पाइएकोले निजलाई यातना दिने कार्यमा प्रहरी हवल्दार श्याम गुरूङ्ग, थर र दर्ता नखुलेका देवानन्द नामका प्रहरी र एकजना नाम नखुलेका प्रहरी निरीक्षक समेत संलग्न रहेको भन्ने पाइएकोले निज रहमत अलीको मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी प्रहरीहरूको पहिचान गरी कानून बमोजिम सचेत गराउन साथै पीडित रहमत अलीले कोशी अञ्चल अस्पतालमा परीक्षण गराई औषधी सेवन गर्दै गरेको, निलडाम बाहेक अन्य कुनै घाँ-खत नरहेको र स्वास्थ्य उपचार पश्चात पूर्णरूपमा निको हुनसक्ने अवस्था देखिएको भए पनि प्रहरी हिरासतमा निजलाई कुटपीट गरी यातना दिएको पुष्टि भएको हुँदा निजलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. १५,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।१।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३९८ अनुसन्धान १५७१।विराटनगर मिति २०७०।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७१४**

१. **पीडितको नाम, थर र ठेगाना** टेकराज पनेरू, भद्रपुर-६, डडेल्धुरा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी र सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला डडेल्धुरा भद्रपुर गाविस वडा नं. ६ बस्ने वर्ष २९ को टेकराज पनेरूलाई मिति

२०५९।३।१६ गते सुरक्षाकर्मीबाट दाँया खुट्टामा गोली लागी अपाङ्ग भएको । त्यसैगरी मिति २०६०।४।६ गतेदेखि भदौ १६ गतेसम्म तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरेको, मिति २०६०।१०।१५ देखि २०६२।२।२५ सम्म सुरक्षाकर्मीले वन्दी वनाएकोले राज्यले घोषणा गरे बमोजिम राहत तथा क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी मिति २०६८।५।२६ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** यसरी निज पनेरूलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताबाट अपहरण गरी कव्जामा राखी यातना दिएको र सुरक्षाकर्मीबाट समेत निजलाई पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा कुटपीट गरी यातना दिएको देखिंदा निजको मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मी र तत्कालीन नेकपा माओवादी कार्यकर्ताको पहिचान गरी कानून बमोजिम कार्वाही गर्नका साथै घटनाका पीडित टेकराज पनेरूलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. १,००,०००।- क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।११ गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३१ अनुसन्धान ६९८।धनगढी मिति २०७०।४।८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०८ मिति २०७०।४।२९, गृह मन्त्रालयबाट प्र.प्रधान का.लाई कारवाहीको लागि पठाइएको सम्बन्धमा आयोगलाई बोधार्थ पत्र ।

च.नं. ३१, मिति २०७०।४।१४, प्र.म.म.काबाट गृ.म., मा.अ.प्र.अ.स.शाखा र शा.तथा पु.मलाई निर्णय कार्यान्वयन सम्बन्धमा आयोगलाई बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७१५**

१. **पीडितको नाम, थर र ठेगाना** डिल्लीराम न्यौपाने, जानकीनगर-३, सर्लाही

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला सर्लाही जानकीनगर गाविस वडा नं. ३ बस्ने डिल्लीराम न्यौपानेलाई मिति २०६१।८।२१ गते दिनको १ बजे घरैबाट सुरक्षाकर्मीले पक्राउ गरी नवलपुर तोरीवारीस्थित अर्जुनवान गुल्ममा पुऱ्याई आखाँमा पट्टी बाँधी, शरीरका विभिन्न भागमा पिट्ने, मुखमा पानी खन्याउने, भुईमा सुताएर माथिबाट कुल्चने, करेन्ट लगाउने, व्लेडले चिर्ने जस्ता कार्य गरी मिति २०६२।५।१३ गतेसम्म सैनिक हिरासतमा यातना दिई गैरकानूनी थुनामा राखेकोले दोषीलाई कारावही गरी उचित क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६३।४।२८ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** निज डिल्लीराम न्यौपानेलाई सेनाले पक्राउ गरी लामो समयसम्म सैनिक हिरासतमा राखी शारीरिक र मानसिक यातना दिएको । यातनाका कारण निजले उपचार गराउनु परेको । यातनाको कारण निजलाई शारीरिक तथा मानसिक समस्या रहेको भनी डाक्टरको प्रतिवेदनबाट समेत प्रमाणित भएको देखियो । निज न्यौपानेलाई सुरक्षाकर्मीले पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा गणमा लामो समयसम्म थुनामा राखी यातना दिने कार्य गरेकोले निजको मानव अधिकारको गंम्भीर उल्लंघन भएको देखियो । घटनामा संलग्न यातना दिने दोषी सुरक्षाकर्मीको पहिचान गरी विभागिय कार्वाही गर्न र पीडित डिल्लीराम न्यौपानेलाई यातना दिए बापत राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रू. ५०,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।११ गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २४९ अनुसन्धान ८२०के.का. मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ६५, मिति २०७०।६।२० गृह मन्त्रालय, मा.अ प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय समन्वय शाखाबाट कारवाहीको लागि पठाइएको सम्बन्धमा प्रहरी प्रधान कार्यालयलाई पठाएको पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७१६**

१. **पीडितको नाम, थर र ठेगाना** धनलाल योञ्जन, दोरम्बा-७, रामेछाप

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप दोरम्वा गाविस वडा नं. ७ घर भई हाल चरिकोट दोलखा बस्ने वर्ष २२ को धनलाल योञ्जनलाई मिति २०६२।६।८ गते चरिकोटमा आफ्नो पारिश्रमिक लिन गएको बेला सादा पोशाकमा आएका सुरक्षाकर्मीले पक्राउ गरी यातना दिई एक रात सैनिक व्यारेकमा राखी भोलीपल्ट विहान जिल्ला पूहरी कार्यालयमा बुझाएको तहाँ समेत कुटपीट गरी अमानवीय व्यवहार गरेकोले दोषीलाई कार्वाही गरी उचित क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६२।७।१ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई सुरक्षाकर्मीले पक्राउ गरी यातना दिएको देखियो । निज योन्जनलाई सुरक्षाकर्मीले पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा कुटपीट गरी यातना दिने कार्य गरेकाले निजको मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न तत्कालीन शेरगण चरिकोटका प्रमुख र जिल्ला प्रहरी कार्यालयको दोषी सुरक्षाकर्मीको पहिचान गरी विभागिय कार्वाही गर्न र पीडित धनलाल योञ्जनलाई यातना दिए बापत राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रू. ३०,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।११ गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २५० अनुसन्धान ७५३के.का. मिति २०७०।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७१७**

१. **पीडितको नाम, थर र ठेगाना** सुव्वाप्रसाद दुलाल, सानुसिरूवारी-९, सिन्धुपाल्चोक

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला सिन्धुपाल्चोक सानुसिरूवारी गाविस वडा नं. ९ घर भई हाल लगनखेल बस्ने वर्ष २५ को सुव्वाप्रसाद दुलाललाई मिति २०६१।६।१६ गते राती सादा पोशाकमा आएका सुरक्षाकर्मीले पक्राउ गरी सिंहदरवार स्थित श्रीजंग गणमा राखी ड्रमको पानीमा डुवाउने, करेन्ट लगाउने कार्य गरी मिति २०६१।८।९ गतेबाट सुन्दरीजलस्थित छानवीन केन्द्रमा लगी पौष २४ गते पुनः ९० दिने नजरवन्दको पूर्जी दिई श्रीजंग गण सिंहदरवारमा ल्याई पुनः यातना दिने कार्य गरी मिति २०६२।२।१३ गते नख्खु कारागारमा थुनामा राखेको । मिति २०६२।३।२१ गते सम्मानित सर्वोच्च अदालतको बन्दी प्रत्यक्षीकरण रिटद्वारा रिहा भएको । यातनाको कारण हालसम्म समस्या देखिएकोले पीडकलाई कार्वाही गरी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६४।२।२३ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई सुरक्षाकर्मीले पक्राउ गरी नेपाली सेनाको श्रीजंग गणमा समेत हिरासतमा राखी यातना दिने कार्य गरेकोले निजको मानव अधिकारको हनन् भएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी विभागिय कार्वाही गर्न र पीडित सुव्वाप्रसाद दुलाललाई यातना दिएबापत राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रू. ५०,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।११ गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २४८ अनुसन्धान ७०३के.का. मिति २०७०।५।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ६५ मिति २०७०।६।२० गृह मन्त्रालयबाट प्रहरी प्रधान कार्यालयमा पठाएको पत्र ।

च.नं. १४३ मिति २०७०।६।३ प्र.म.तथा म.का, मा.अ.प्र शाखाबाट गृहमन्त्रालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, रक्षा मन्त्रालयलाई लेखिएको पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**झ) गैरकानूनी थुना**

**क्रम संख्या – ७१८**

१. **पीडितको नाम, थर र ठेगाना** ग्लोव मानव, धरान-१७, सुनसरी।

२. **उल्लंघनकर्ता** सरकारी अधिकारी

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रिय कार्यालय, फाइल नं. ८९४, जिल्ला सुनसरी धरान न.पा वडा नं १७ का ग्लोव मानवलाई जिल्ला प्रशासन कार्यालय, ललितपुरका तत्कालीन प्रमुख जिल्ला अधिकारी चुडामणी शर्मा, महानगरीय प्रहरी परिसर, जावलखेलका वरिष्ठ प्रहरी उपरीक्षक भोग बहादुर थापा र प्रहरी सहायक निरिक्षक दिपक आचार्य समेतले मिति २०६८।१२।१ गते देखी मिति २०६८।१२।२१ गतेसम्म गैरकानूनी थुनामा राखिएकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही गरी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६९।१।२५ गते आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** निज ग्लोव मानवलाई मिति सच्याई गैर कानूनी रूपमा प्रहरी हिरासतमा राखेको, गैर कानूनी थुनालाई कानूनी पुष्टि गर्न खोजेको तथा आयोगलाई समेत झुठ्ठा जानकारी दिई निज ग्लोव मानवलाई मिति २०६८/१२/१ देखी २०६८/१२/२१ गतेसम्म २० दिन गैरकानूनी थुनामा राखिएको देखियो। गैरकानूनी थुनामा राख्न आदेश दिने जिल्ला प्रशासन कार्यालय, ललितपुरका तत्कालीन प्रमुख जिल्ला अधिकारी चुडामणी शर्मा, महानगरिय प्रहरी परिसर ललितपुरका प्रहरी उपरीक्षक भोगवहादुर थापा, प्रहरी निरीक्षक अवदेश विष्ट, प्रहरी सहायक निरिक्षक दिपक आचार्य, महानगरिय प्रहरी प्रभाग ललितपुरका प्रहरी नायव निरीक्षक वलबहादुर विष्ट, महानगरिय प्रहरी परिसर अपराध तथा कार्वाही शाखा, जावलाखेल ललितपुरका प्रहरी नायव निरिक्षक नरेश बहादुर शाहीलाई कानून बमोजिम विभागीय कार्वाही गर्न र निज ग्लोव मानवलाई गैरकानूनी थुनामा राखिएकाले राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८, को दफा १६ र राष्ट्रिय मानव अधिकार (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १९ बमोजिम प्रति दिन २०० को दरले २० दिनको रू. ४,००० क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।५।१० को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३१६अनुसन्धान ८९४ मिति २०६९।५।२८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं १३१ मिति २०६९।६।३ प्र.म.म.का.,मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र। क्षतिपूर्ति पाएको

च.नं २९४ मिति २०६९।६।७ गृ.म, स्थानीय प्रशासन शाखाबाट कारवाहीको लागि पठाइएको सम्बन्धमा प्रहरी प्रधान का.लाई पठाएको पत्रको बोधार्थ पत्र, क्षतिपूर्ति पाएको बुझिएको।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ७१९**

१. **पीडितको नाम, थर र ठेगाना** मनोज राई, (वर्ष १५) जुविङ्ग-२, सोलुखुम्बु

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रिय कार्यालय, फाइल नं. १२०६/७६२, जिल्ला सोलुखुम्वु जुविङ्ग गाविस वडा नं. २ स्थायी घर भई हाल काठमाडौं महानगरपालिका-२ गैरीधाराका नन्दीरात्री माविमा कक्षा ८ मा अध्ययनरत वर्ष १५ को मनोज राईलाई मिति २०६०।६।२० गते सादा पोशाकमा आएका प्रहरीद्वारा पक्राउ गरी हनुमानढोकामा राखिएको र मिति २०६०।८।१३ गते देखि परिवारलाई भेटघाट गर्न नदिई कठोर शारीरिक यातना दिई हड्डीसमेत भाँचिदिएको हुँदा जीवनरक्षाको लागि आवश्यक पहल गरीपाउँ भनी मिति २०६०।८।१६ गते आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज मनोज राईलाई मिति २०६०।६।१० गते तत्कालीन वडा प्रहरी कार्यालय, महाराजगंजले पक्राउ गरी तत्कालीन जिल्ला प्रहरी कार्यालय, हनुमानढोका हिरासतमा राखी आखाँमा पट्टि बाँधेर नाङ्गो तारले कुटपीट गर्ने, हिटर बालेर पिसाव फेर्न लगाउने, करेन्ट लगाउने, पैतालामा पिटेर टेबलमाथिबाट हाम फाल्न लगाउने, जहाँ पायो त्यही बक्सिङ्गले हिर्काउने जस्ता कार्य गरेको, १ महिनापछि उक्त कार्यालयबाट तत्कालीन सोह्रखुट्टे प्रहरी कार्यालयको हिरासतमा १ हप्तासम्म खाना पनि नदिई राखेको। २०/२२ दिनपछि उक्त कार्यालयबाट पुनः

हनुमानढोका प्रहरी हिरासतमा ल्याई प्रहरीको लुगा, गाडी धुन लगाई कुटपीट समेत गरेको, त्यसपछि तत्कालीन वडा प्रहरी कार्यालय, बौद्धको हिरासतमा लगी प्रहरीको लुगा धुन, कोठा सफा गर्न, जुत्तामा पोलिस लगाउने जस्ता कार्य गर्न लगाएको, मिति २०६०।९।९ गते आयोगको अनुगमन टोलीले निजलाई भेटेपछि सोही दिन पुनः तत्कालीन जिल्ला प्रहरी कार्यालय, हनुमानढोकामा फिर्ता लगि मिति २०६०।९।१८ गते रिहा गरेको देखियो । निज मनोज राईलाई प्रहरीले पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा प्रहरीको विभिन्न कार्यालयहरूमा ९७ दिनसम्म गैरकानूनी थुनामा राखी यातना दिने कार्य गरेकाले निजको मानव अधिकारको गंम्भीर उल्लंघन भएको देखियो । घटनामा संलग्न गैरकानूनी थुनामा राख्ने र यातना दिने सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित मनोज राईलाई चरम यातना दिएबापत राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) तथा राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १८ बमोजिम रू. ७५,०००।- र गैरकानूनी थुनामा ९७ दिनसम्म राखेकाले उल्लेखित नियमावलीको नियम १९ बमोजिम प्रतिदिन २ सयका दरले १९,४०० गरी जम्मा रू. ९४,४००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।५।११ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३५४ अनुसन्धान ७६२ के.का. मिति २०६९।६।८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं १७५ मिति २०६९।६।२९ प्र.म.म.का.,मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र ।

च.नं. ३९६ मिति २०६९।७।१६ गृ.म, स्था.प्र.शाखाबाट प्र.प्रधान.कालाई कारवाहीको लागि पठाइएको सम्बन्धमा आयोगलाई पठाएको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या** – ७२०

१. **पीडितको नाम, थर र ठेगाना** दिलिप सत्याल, फुलवारी-५, काभ्रे ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रीय कार्यालय, फाइल नं. ३३६७/५८३/७६९, जिल्ला काभ्रेपलाञ्चोक फुलवारी गाविस वडा नं. ५ स्थायी घर भई काठमाडौं गौशालामा बसोवास गर्दै आएका दिलिप सत्याललाई मिति २०६०।८।१० गते काठमाडौं कोटेश्वरबाट सादा पोशाकका सुरक्षाकर्मीले पक्राउ गरी कारागार शाखा धुलिखेल, काभ्रेमा राखेकाले निज निर्दोष भएकाले निजको मानव अधिकारको संरक्षण गरीपाउँ भनी मिति २०६२।८।२८ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज दिलिप सत्याललाई पहिलो पटक मिति २०६०।८।१० गते काठमाडौं कोटेश्वरबाट सुरक्षाकर्मीले पक्राउ गरी काभ्रेपलाञ्चोक स्थित भकुण्डेवेशीको नेपाली सेनाको ९ नं. बाहिनीमा १६ दिन राखी नेपाली सेनाको शत्रुमर्दन गुल्म, धुलिखेलमा तारेखमा हाजिर हुन आउने गरी रिहा गरेको । दोश्रोपटक २०६१ साल बैशाखमा तारेख लिएर काठमाडौं आउने क्रममा धुलिखेल र बनेपाबीचको बुडोल भन्ने स्थानबाट सुरक्षाकर्मीले पक्राउ गरी नेपाली सेनाको तत्कालीन शत्रुमर्दन गुल्ममा ३ दिन राखी, पनौतीस्थित नेपाली सेनाको तत्कालीन गोरखनाथ गणमा ४।५ महिना राखी कुटपीट गरी यातना दिने कार्य गरेको, त्यसपछि मिति २०६३।१।२९ गते कारागारबाट रिहा गरेको देखियो । निज दिलीप सत्याललाई सुरक्षाकर्मीले पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा नेपाली सेनाको विभिन्न व्यारेकको हिरासतमा र कारागारमा गरी ४५५ दिनसम्म थुनामा राखी नेपाली सेनाको व्यारेकमा यातना दिने कार्य समेत गरेकाले निजको मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न थुनामा राख्ने र यातना दिने सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न तथा पीडित दिलीप सत्याललाई लामो समयसम्म थुनामा राखी यातना समेत दिए बापत राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) तथा राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १९ बमोजिम प्रतिदिन २ सयका दरले ९१,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए

बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।५।११ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४१४ अनुसन्धान ७६९ मिति २०६९।६।२१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितलाई रु. ९१,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराइएको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ७२१**

१. **पीडितको नाम, थर र ठेगाना** अब्दुल खलिक, बलुचिस्तान, पाकिस्तान ।

२. **उल्लंघनकर्ता** अध्यागमन विभाग, नेपाल सराकार

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रीय कार्यालय, फाइल नं. ८८३, पाकिस्तान, बलुचिस्तान घर भै लागुऔषध कारोवारमा काठमाडौं जिल्ला अदालतबाट फैसला भई भद्रबन्दी गृहबाट मिति २०६८।३।२० गते कारागार मुक्त भएका अव्दुल खलिकलाई कारागार मुक्त भए लगत्तै पक्राउ गरी मिति २०६८।४।१३ सम्म २६ दिन अध्याागमन विभागको हिरासत कक्षमा गैरकानूनी थुनामा राखेकोले क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६८।१२।१० गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज अव्दुल खलिकलाई मिति २०६८।३।२० देखि मिति २०६८।४।१३ गतेसम्म २६ दिन अद्यागमन विभागको कार्यालयको एउटा कोठामा गैरकानूनी रूपमा थुनामा राखेकोले सम्मानित सर्वोच्च अदालतको मिति २०६८।४।१६ को आदेश समेतबाट गैरकानूनी थुनामा राखेको पुष्टि हुन आएको देखियो । निज अव्दुल खलिकलाई अद्यागमन विभागबाट पक्राउ गरी कानून बमोजिम कार्वाही गर्नुको सट्टा २६ दिन थुनामा राखेकोले निजको मानव अधिकारको उल्लंघन भएको देखियो । हाल गैरकानूनी थुनामा रहेको व्यक्ति अव्दुल खलिक थुनाबाट मुक्त भई आफ्नो देश पाकिस्तान गईसकेको र निजको तर्फबाट सर्वोच्च अदालतमा दायर भएको बन्दी प्रत्यक्षीकरणको रिटमा निर्णय हुँदा गैरकानूनी थुनामा राखेको अधिकारीलाई सचेत गराउने आदेश समेत भइसकेकोले त्यसतर्फ बोलिरहनु परेन । तर निजलाई गैरकानूनी थुनामा राखे बापत राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) तथा राष्ट्रिय मानव अधिकार आयोग, (उजूरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १९ बमोजिम प्रतिदिन १५० का दरले रू. ३९००।- क्षतिपूर्ति वापत रकम निज अव्दुल खलिफ आफैं उपस्थित भएका वखत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।५।१९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४१६ अनुसन्धान ८८३ के.का. मिति २०६९।६।२१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. ४६, मिति २०६९।६।२९ मा गृह मन्त्रालयलाई आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा लेखिएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**झ) आन्तरिक विस्थापन**

**क्रम संख्या – ७२२**

१. **पीडितको नाम, थर र ठेगाना** नारायण प्रसाद देवकोटा, कलैया-६, बारा

२. **उल्लंघनकर्ता** जनतान्त्रिक तराई मुक्ति मोर्चा

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रीय कार्यालय, फाइल नं. ४३४६/६४५/८११, जिल्ला बारा कलैया नगरपालिका वडा नं. ६ निवासी मानव अधिकार संरक्षण मञ्च, बाराका अध्यक्ष नारायण प्रसाद देवकोटालाई जनतान्त्रिक तराई मुक्ति मोर्चा, संयुक्त जनतान्त्रिक मोर्चा, मधेश मुक्ति टाईगर तथा जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) समेतका बारा जिल्लामा कार्यरत हतियारधारी समूहले मिति २०६४।५।२० गतेदेखि हालसम्म पटक-पटक जिल्ला छाड्न, लाखौं रूपैंया नगद चन्दा

उपलब्ध गराउन दवाव दिने, घरमा फोन गरी परिवारलाई धम्की दिने, घर नजिक बम विष्फोट गराउने तथा गोली हान्ने भनी घरमा आई धम्की दिएकाले बसोबास गरिरहेको स्थानबाट विस्थापित हुनुपर्ने अवस्था आएकोले आयोगबाट आवश्यक पहल गरी पाउँ भनी मिति २०६४।९।३० गते आयोगमा उजुरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज नारायणप्रसाद देवकोटालाई संयुक्त जनतान्त्रिक मुक्ति मोर्चा, मधेशी मुक्ति टाईगर तथा जनतान्त्रिक तराई मुक्ति मोर्चा समेतले धाक धम्की दिई चन्दा माग्ने, चन्दा नदिएमा बालबच्चा परिवारको अपहरण गर्ने धम्की दिई जिल्ला छाड्न बाध्य बनाएकोले निज नारायण प्रसाद देवकोटा बाध्य भई परिवार सहित विस्थापित भै हाल काठमाडौंमा बसोबास गर्दै आएको भनी जिल्ला प्रशासन कार्यालय, बारा र जिल्ला प्रहरी कार्यालय, बाराको पत्र समेत देखियो । निजको हाल बसोबास गरेको ठेगाना माग गरी निजको शान्ति सुरक्षाको व्यवस्था मिलाउन भनी गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, बारालाई लेखी पठाउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।५।११ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५७९ अनुसन्धान ८११ मिति २०६९।८।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २४६ मिति २०६९।९।८ प्र.म.म.का.,मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र । वर्तमान अवस्थामा शान्ति सुरक्षाको अवस्था सामान्य रहेको बुझिन आएको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ७२३**

१. **पीडितको नाम, थर र ठेगाना** ओमकृष्ण के.सी., भिमेश्वर-१३, दोलखा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रीय कार्यालय, फाइल नं. ४३९६/६३४/८१६, दोलखा जिल्ला भिमेश्वर गाविस वडा नं. १३ स्थायी घर भएका ओमकृष्ण के.सी.को घरमा मिति २०५८।१०।२० गते नेकपा माओवादीका कार्यकर्ताहरू आई निजका आमा-बुबालाई कुटपीट गरी सम्पत्ति समेत लुटेर निजलाई खोजी गरेको हुँदा विस्थापित भएकोले दोषीको पहिचान गरी उचित क्षतिपूर्तिका लागि आवश्यक पहल गरी पाउँ भनि मिति २०६४।१२।२४ गते यस आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज ओमकृष्ण के.सी. र निजका परिवार तत्कालीन नेकपा माओवादीका कारण विस्थापित भई हालसम्म कुनै क्षतिपूर्ति नपाएको देखिंदा जिल्ला स्तरिय समितिबाट निजको भएको क्षति मूल्यांकन गर्न लगाई क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।५।१९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४१३ अनुसन्धान ८१६ मिति २०६९।५।१९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं १६५ मिति २०६९।६।२५ प्र.म.म.का.,मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७२४**

१. **पीडितको नाम, थर र ठेगाना** राजेन्द्र भक्त जोन्छे सिस्वा बेल्ही-५, सप्तरी

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला सप्तरी सिस्वा बेल्ही वडा नं. ५ निवासी राजेन्द्र भक्त जोन्छेको घरमा २०५९।९ मा नेकपा माओवादीका कार्यकर्ताद्वारा घरमा चल अचल सम्पति कब्जा गरेको कारण विस्थापित भएको र लाखौंको सम्पति हिनामिना पारेकोले सम्पूर्ण नोक्सानको क्षतिपूर्ति र पुर्नस्थापित हुन पाउँ भनि मिति २०६३।४।३ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** राजेन्द्र भक्त जोन्छेको सशस्त्र द्वन्द्वको अवधिमा ६ वर्षसम्म तत्कालीन नेकपा माओवादीबाट घर कब्जा गरी त्यसको आम्दानी समेत जग्गा धनीहरूलाई उपलब्ध नगराएकोले निजको आफ्नो सम्पत्ति उपभोग गर्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो। उल्लेखित व्यक्ति राजेन्द्र भक्तले जिल्ला प्रशासन कार्यालय, सप्तरीमा उजूरी गरेकोमा हालसम्म क्षतिपूर्ति प्राप्त गर्न नसकेको देखिंदा निजको क्षति भएको सम्पत्तिको मूल्यांकन गरी क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गतेको आयोगको निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १९९ अनुसन्धान ३०१जनकपुर मिति २०७०।५।१६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १८६ मिति २०७०।१२।१४, गृह मन्त्रालय, मा.अ. प्र.अ.स.शाखाबाट प्र.प्रधान का.लाई निर्णय कार्याान्वयको लागि पठाइएको सम्बन्धमा आयोगलाई बोधार्थ पत्र।

च.नं ३०१९, मिति २०७०।१२।४, प्र.म.म.का, मा.अ.प्र.शाखाबाट गृ.म., मा.अ.प्र.अ.स.शाखा र शा.तथा पु.मलाई निर्णय कार्यान्वयन सम्बन्धमा ताकेता पत्र आयोगलाई बोधार्थ पत्र।

च.नं १०४, मिति २०७०।५।२३, प्र.म.म.का, मा.अ.प्र.शाखाबाट गृ.म., मा.अ.प्र.अ.स.शाखा र शा.तथा पु.मलाई निर्णय कार्यान्वयन सम्बन्धमा आयोगलाई बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७२५**

१. **पीडितको नाम, थर र ठेगाना** नविन जोन्छे, सिस्वा बेल्ही-५, सप्तरी

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला सप्तरी सिस्वा बेल्ही वडा नं. ५ सप्तरी निवासी नविन जोन्छेको नाममा रहेको घरजग्गा नेकपा माओवादी, जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) लगायतका समूहले कब्जा गरी विस्थापित बनाएकोले सम्पति आर्जन एवं भोगचलन गर्न पाउने अधिकार हनन् भएको हुँदा सम्पति उपभोगको लागि आवश्यक वातावरण मिलाईदिनुहुन भनि मिति २०६४।७।२८ गते आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** नविन जोन्छेको सशस्त्र द्वन्द्वको अवधिमा ६ वर्षसम्म तत्कालीन नेकपा माओवादीबाट घरजग्गा कब्जा गरी त्यसको आम्दानी समेत जग्गा धनीहरूलाई उपलब्ध नगराएकोले निजको आफ्नो सम्पत्ति उपभोग गर्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो। उल्लेखित व्यक्तिले जिल्ला प्रशासन कार्यालय, सप्तरीमा उजूरी गरेकोमा हालसम्म कसैले क्षतिपूर्ति प्राप्त गर्न नसकेको देखिंदा निजको सम्पत्तिको मूल्यांकन गरी क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गतेको आयोगको निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २०० अनुसन्धान ३००जनकपुर मिति २०७०।५।१६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं १०६ मिति २०७०।५।२३ प्र.म.म.का., मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र।

च.नं१८६ मिति २०७०।१२।१४ गृह मन्त्रालय, मा.अ.प्र.अ.स.शाखाबाट प्रहरी प्रधान कार्यालय पठाएको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७२६**

१. **पीडितको नाम, थर र ठेगाना** महेन्द्र प्रसाद जोन्छे, सिस्वा बेल्ही-५, सप्तरी

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला सप्तरी सिस्वा बेल्ही वडा नं. ५ सप्तरी निवासी महेन्द्र प्रसाद जोन्छेको घरमा मिति २०५९ साल पुस महिनामा नेकपा माओवादीका कार्यकर्ताहरूले घरमा रहेका मानिसहरूलाई बाँधी घरमा रहेको चल अचल सम्पति र खेत समेत कब्जा गरेको कारण विस्थापित भएको हुँदा नोक्सानीको क्षतिपूर्ति र स्थापित हुन पाउँ भनि

मिति २०६३।४।३ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** महेन्द्र जोन्छेको सशस्त्र द्वन्द्वको अवधिमा ६ वर्षसम्म तत्कालीन नेकपा माओवादीबाट घर कब्जा गरी त्यसको आम्दानी समेत जग्गा धनीहरूलाई उपलब्ध नगराएकोले निजको आफ्नो सम्पत्ति उपभोग गर्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । उल्लेखित पीडित व्यक्तिले जिल्ला प्रशासन कार्यालय, सप्तरीमा उजूरी गरेकोमा हालसम्म कसैले क्षतिपूर्ति प्राप्त गर्न नसकेको देखिंदा निजको क्षति भएको सम्पत्तिको मूल्यांकन गरी क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गतेको आयोगको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २०१ अनुसन्धान ७९९जनकपुर मिति २०७०।५।१६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १८६ मिति २०७०।१२।१४, गृह मन्त्रालयबाट प्र.प्रधान का.,मा.अ.प्र.तथा अ.स.शाखाले प्र.प्रधान का.निर्णय कार्यान्वयनको लागि पठाइएको सम्बन्धमा आयोगलाई बोधार्थ पत्र ।

च.नं ३०१८, मिति २०७०।१२।४, प्र.म.म.का, मा.अ.प्र.शाखाबाट गृ.म., मा.अ.प्र.अ.स.शाखा र शा.तथा पु.मलाई निर्णय कार्यान्वयन सम्बन्धमा ताकेता पत्र आयोगलाई बोधार्थ पत्र ।

च.नं १०५, मिति २०७०।५।२३, प्र.म.म.का, मा.अ.प्र.शाखाबाट गृ.म., मा.अ.प्र.अ.स.शाखा र शा.तथा पु.मलाई निर्णय कार्यान्वयन सम्बन्धमा आयोगलाई बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७२७**

१. **पीडितको नाम, थर र ठेगाना** ताराप्रसाद राउत, सिताराम राउत, श्रीकान्त राउत शम्भुनाथ-२, सप्तरी

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** सप्तरी जिल्ला शम्भुनाथ गाविस २ बस्ने ताराप्रसाद राउत, सिताराम राउत, श्रीकान्त राउतलाई मिति २०६०।९।४ गते साँझ ७ बजे नेकपा माओवादीका कार्यकर्ताहरूले कुटपीट गरी घरमा भएको ५ लाख बराबरको धन सम्पत्ति लुटपीट गरी ११ विघा जग्गा जमीन कब्जा गरेकोले १२ जनाको परिवार जिल्ला सदरमुकाम राजविराजमा बसोबास गरी आई राखेको हुनाले सोको क्षतिपूर्ति समेत दिलाई पाउँ भनी मिति २०६२।५।१७ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** चन्दा नदिएको विषयलाई लिएर तत्कालीन नेकपा माओवादी कार्यकर्ता तारणी चौधरी, सुकदेव साह, देवप्रसाद पाल समेत करिव २५ जना कार्यकर्ताहरूले कुटपीट गरी ज्यान मार्ने धम्की दिने गरेको, सीताराम राउतले कुटपीटका कारण अपाङ्ग भई हाल अपाङ्गको प्रमाणपत्र लिएको, घटना सम्बन्धी ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भई हाल पुनरावेदन अदालत राजविराजमा विचाराधीन रहेको, स्थानीय क्षति मूल्यांकन समिति सप्तरीले मूल्यांकन गरी शान्ति मन्त्रालयमा पठाउने निर्णय गरेको, १२ जनाको परिवार विस्थापित भएको भनी जिल्ला प्रशासन कार्यालय सप्तरीबाट प्रमाणित गरिदिएको भन्ने देखिंदा निजहरूको आफ्नो सम्पत्ति उपभोग गर्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । निजहरूको सम्पत्तिको मूल्यांकन गरी क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गतेको आयोगको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १९८ अनुसन्धान २९९ जनकपुर मिति २०७०।५।१६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १०३ मिति २०७०।५।२३ प्र.म.म.का., मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. १८६ मिति २०७०।१२।१४ गृह मन्त्रालय, मा.अ.प्र.अ.स.शाखाबाट प्रहरी प्रधान कार्यालय पठाएको पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ञ) बन्दिका अधिकार**

**क्रम संख्या – ७२८**

१. **पीडितको नाम, थर र ठेगाना** जगन्नाथ देवल, केन्द्रीय कारागारका थुनुवा, बन्दीहरू, काठमाडौं

२. **उल्लंघनकर्ता** कारागार प्रशासन

३. **उजूरीको संक्षिप्त विवरण** केन्द्रीय कार्यालय, फाइल नं. १२४९/७५६, केन्द्रिय कारागार जगन्नाथ देवलमा रहेका थुनुवा एवं बन्दीहरूले एक वर्षसम्म थुनामा रहँदा समेत नुहाउने एवं कपडा धुने पानी नपाएको भनी गुनासो गरेकोले कारागारमा पानीको अभाव हटाउनका लागि आवश्यक पहल गरी पाउँ भनी मिति २०६७।११।१५ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** कारागारमा पानीको अभाव रहेको र दीर्घकालिन समाधानका लागि नेपाल सरकारबाट ढीला भैरहेको भनी आयोगको अनुगमन प्रतिवेदन समेतबाट देखियो । पानी विना मानिस बाँच्न सक्ने अवस्था रहन नसक्ने भएकाले पानीको व्यवस्था गर्न तुरून्त आवश्यक कार्वाही अगाडि बढाउन गृह मन्त्रालय र कारागार व्यवस्था विभागलाई निर्देशन दिने भन्ने मिति २०६९।५।१९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४१२ अनुसन्धान ७५६ मिति २०६९।६।२१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ट) स्वास्थ्यको अधिकार**

**क्रम संख्या – ७२९**

१. **पीडितको नाम, थर र ठेगाना** सर्वसाधारण जनताहरू, विराटनगर

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** नेपाल रेडक्रस सोसाईटी, मोरङ्ग जिल्ला शाखा अन्तर्गतको रक्त सञ्चार सेवा केन्द्रले मानव जीवनमा अति आवश्यक पर्ने रगतमा चर्को मूल्य वृद्धि गरी नाफा लिने उद्देश्यले विभेदकारी नीति लिएर रगत सेवा शुल्कमा दुईथरी मूल्य कायम गरेको, रगत जस्तो संवेदशील विषयमा रगत भण्डारण गर्दा व्यवस्थापन पक्ष कमजोर भएकोले बिरामीले समयमा स्वस्थ रगत पाउन नसकेको र सोही कारण चार दिनको बच्चा निर्मला खड्काको मिति २०६८।८।४ गते ज्यान समेत गएको हुँदा उक्त विषयहरू मानिसको स्वास्थ्य तथा जीवनको अधिकार र उपभोक्ताको मानव अधिकारसँग सम्बन्धित भएकोले आवश्यक पहल गरी पाउँ भनी मिति २०६८।८।४ गते अयोगमा निवेदन दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** नेपाल रेडक्रस सोसाइटीको बारेमा लगाइएका कतिपय आरोपहरू पुष्टि हुन नसकेतापनि रगतको दोहोरो मुल्य, रक्ततत्व छुट्याउने मेशीनको अभावका कारण सर्वसाधारण नागरिकले कठिनाई भोग्नु परेकोले स्वास्थ्यको हक सम्बन्धी मानव अधिकारको उल्लंघन भएको देखियो । यसमा सर्वसाधारण जनतालाई सजिलै सहज र सुलभ तरिकाले रगत उपलब्ध हुने गरी व्यवस्था मिलाउन भनी नेपाल रेडक्रस सोसाईटीलाई लेखी पठाउने" भनी मिति २०७०।१।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३७३ अनुसन्धान १०५१ विराटनगर मिति २०७०।३।३० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ठ) जेष्ठ नागरिकको अधिकार**

**क्रम संख्या – ७३०**

१. **पीडितको नाम, थर र ठेगाना** जगदिश ठाकुर, विराटनगर-२१, मोरङ्ग

२. **उल्लंघनकर्ता** स्थानीय विकास मन्त्रालय

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ्ग जिल्ला विराटनगर उमनपा वडा नं. २१ का ८८ वर्षीय ज्येष्ठ नागरिक श्री जगदिश ठाकुरले विगत ६ महिनादेखि बृद्धभत्ता नपाएको, सो भत्ता असार मसान्तसम्ममा समेत वितरण नभएर ६ महिना काटी श्रावण महिना समेत आधा भैसक्दा पनि गत आर्थिक वर्षको रकम भन्ने बहानामा अशक्त वयोवृद्ध जेष्ठ नागरिक आफै पटक-पटक वडा कार्यालय धाउँदा समेत रकम नपाएकोले ततूकाल बजेट निकासा गराई जेष्ठ नागरिकको बाँकी भत्ता एकमुष्ट रूपमा वितण गराउने व्यवस्था गराई पाउँ भनी मिति २०६९।४।१७ गते यस आयोगमा निवेदन दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** विराटनगर उपमहानगरपालिका कार्यालयले सामाजिक सुरक्षा भत्ता वापतको रकम निकासाको लागि माग गरेकोमा माग बमोजिमको रकम निकासा नभई आंशिक मात्रको निकासा भएकोले प्राथमिकता तोकी वितरण गर्दा जेष्ठ नागरिक तथा एकल महिलाको सामाजिक सुरक्षा भत्ता वितरण गर्न बाँकी रहेको देखियो । यसरी ज्येष्ठ नागरिकहरूलाई प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता सालको दुई पटक अर्थात ६-६ महिनाको गरी दुई पटक दिन सरकारले निर्णय गरेपनि पहिलो किस्ता पनि नदिएकोले जेष्ठ नागरिक मर्कामा पर्न गएको देखिन आएकोले अविलम्व बजेट निकासाको व्यवस्था मिलाई दिन भनी नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने भनी मिति २०७०।१।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३९१ अनुसन्धान १०७२ विराटनगर मिति २०७०।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २१ मिति २०७०।४।६ प्र.म.म.काबाट निर्णय कार्यान्वयन लागि अर्थ, महिला, बा.तथा स.कल्याण म., संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ३९ मिति २०७०।४।२० अर्थ म., बजेट तथा कार्यक्रम महाशाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**ड) शिक्षाको अधिकार**

**क्रम संख्या – ७३१**

१. **पीडितको नाम, थर र ठेगाना** दिलिप कुमार यादव, श्रीपुर जब्दी-५, सुनसरी

२. **उल्लंघनकर्ता** कोशी मा.वि., सिरहा

३. **उजूरीको संक्षिप्त विवरण** सुनसरी जिल्ला श्रीपुर जब्दी वार्ड नं. ५ बस्ने सुर्यनारायण यादवको घर जग्गा २०६५।५।२ गते कोशी नदीको कटानले क्षतिग्रस्त हुन गई निजका परिवारहरू सिरहा जिल्लाको लौकही-२ स्थित आश्रय लिई बसिरहेको अवस्थामा निज यादवको छोरा दिलिप कुमार यादवलाई पायक पर्ने विद्यालय कोशी माध्यमिक विद्यालयमा आवश्यक प्रमाण सहित कक्षा ९ मा भर्ना गर्न मिति २०६६।१।२५ गते जाँदा उक्त विद्यालयका प्रधानाध्यापक लक्ष्मण यादवले विद्यालयमा भर्ना नगरी निजको पढ्न पाउने हकबाट बन्चित गरेकोले निज विद्यार्थीको नामांकनको व्यवस्था गराई प्रधानाध्यापक माथि आवश्यक कार्वाही समेत गरी पाउँ भनी मिति २०६६।५।३१ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** वाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९, बालबालिका सम्बन्धी ऐन, २०४८, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ समेतमा उल्लेख भएको प्रावधान विपरित पारिवारिक तथा सामाजिक विवादको कारणबाट निज दिलिपकुमार यादवलाई विद्यालयमा भर्ना नगरी निजको पढ्न पाउने अधिकारबाट वन्चित गरेको देखिंदा निज दिलिपकुमार यादव लगायत कसैलाई पनि यस्ता पारिवारिक तथा सामाजिक विवादको कारणबाट बालबालिकाको पढ्न पाउने अधिकारबाट बन्चित नगरी सहज वातावरण मिलाउन । साथै आयोगले माग गरेको जानकारी जिल्ला शिक्षा कार्यालय, सुनसरीले उपलब्ध नगराएको देखिंदा उक्त विषयमा सचेत गराई कानून बमोजिम आयोगले माग

गरेको जानकारी आयोगलाई उपलब्ध गराई आयोगको काम कारवाहीलाई सहयोग गर्न गराउन समेत नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।१।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३९२ अनुसन्धान १४६३ विराटनगर मिति २०७०।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं १५, मिति २०७०।४।६, प्र.म.म.का, मा.अ.प्र.शाखाबाट शिक्षा म.लाई निर्णय कार्यान्वयन सम्बन्धमा आयोगलाई बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ढ) न्याय प्रशासन**

**क्रम संख्या – ७३२**

१. **पीडितको नाम, थर र ठेगाना** इन्दिरा पराजुली, अयोध्यापुरी-३, चितवन

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** बुटवल, फाइल नं. ३८१, चितवन जिल्ला अयोध्यापुरी गाविस वार्ड नं. ३ स्थायी ठेगाना भई वी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनमा कार्यरत इन्दिरा पराजुलीको उक्त अस्पतालका कार्यकारी निर्देशक डा. भक्तमान श्रेष्ठले अस्पताल परिसर भित्र रहेको आवासको पानी, बिजुली, टेलीफोन समेत विच्छेद गराई आवासको सामान सहित कोठाको चावी समेत कब्जामा लिएकोले सो सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, चितवन र जिल्ला प्रहरी कार्यालय, चितवनमा उजूरी दर्ता गराएकोमा हालसम्म पनि कार्वाही नभएकोले आवासको पानी, बिजुली, टेलिफोन जडान गर्न लगाई कोठाको सामानहरू सुरक्षित फिर्ता गराई पीडकलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति दिलाइपाउँ भनी मिति २०६७।९।१ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज इन्दिरा पराजुलीलाई जागीरबाट हटाएकोबारे अदालतमा चलिरहेको मुद्दाबाट कानून बमोजिम निर्णय हुने हुनाले त्यसतर्फ यस कार्यालयबाट निर्णय गरिरहनु परेन । निज विस्थापित रहेको पनि देखिंदैन । उजूर गर्नेको के-कुन सामान सडीगली काम नलाग्ने अवस्थामा रहे, नरहेको प्रमुख जिल्ला अधिकारीबाट छानवीन गरी गराई नोक्सान भएको सामानको मूल्यांकन अनुसारको क्षतिपूर्ति र अन्य सामान उजुरकर्तालाई दिलाई दिने व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६९।६।९ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८१३ अनुसन्धान १३१८ मिति २०६८।१०।११ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १८५ मिति २०६९।७।१६ प्र.म.म.का., मा.अ.प्र.शाखाबाट आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालायलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ४२७ मिति २०६९।७।२४ गृ.म., स्थानीय प्रशासन शाखाबाट कारवाहीको लागि पठाइएको सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ६२१ मिति २०६९।८।१७ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय आन्तरिक प्रशासन शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा जिल्ला स्वास्थ्य कार्यालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. १९८ मिति २०६९।१०।२३ प्र.प्र.का.बाट खुलाई पठाइएको सम्बन्धमा पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७३३**

१. **पीडितको नाम, थर र ठेगाना** सुनिलकुमार चौधरी, विशाल साह, निरस चौधरी, रामबलम साह, उमेश मल्लिक र गेहेन महर्जन (पाहुना चापागाउँ, ललितपुर) लाहान, सिराहा

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** सिरहा जिल्लाको लाहानस्थित विशाल होटलमा मिति २०६९।३।२० गते राती ९:३० बजे

सादा पोशाकमा आएका प्रहरीले होटलका मेनेजर सुनिलकुमार चौधरी सहित ६ जना कर्मचारी र पाहुना समेतलाई कुटपीट गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही गरीपाउँ भनी मिति २०६९।३।२९ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** प्रहरीले खानतलाशी वा सूचना संकलन गर्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १० बमोजिमको प्रक्रिया अबलम्न गर्नु पर्नेमा सो समेत गरेको देखिएन । अब आइन्दा कुनैपनि नागरिकको घर खान तलाशी गर्नु पर्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ बमोजिमको प्रक्रिया पूरा गरी खानतलासी कार्य गर्नु, गराउनु भनी मातहतका सबै प्रहरी कार्यालयहरूमा निर्देशन दिन प्रहरी प्रधान कार्यालयलाई पत्र लेखी जानकारी गराउनु । साथै उक्त विशाल होटलका मेनेजर सुनिल चौधरी, होटलका अन्य कामदार विशाल साह, निरस चौधरी, रामबलम साह, उमेश मल्लिक र होटलका पाहुना ललितपुर चापागाउँ घर भएका इन्जिनियर गेहेन महर्जनलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम जनही रू. ५,०००।- का दरले क्षतिपूर्ति रकम समेत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनि मिति २०७०।१।३० गते आयोगबाट भएको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १३७५ अनुसन्धान४२ जनकपुर मिति २०७०।३।३० मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ण) बाल अधिकार**

**क्रम संख्या – ७३४**

१. **पीडितको नाम, थर र ठेगाना** दिव्यरोशनी साह र दिव्यज्योति साह (नाबालिकाहरू) देउरी-३, सप्तरी

२. **उल्लंघनकर्ता** शिक्षक नकुलप्रसाद साह

३. **उजूरीको संक्षिप्त विवरण** सप्तरी जिल्ला देउरी गाविस वडा नं. ६ बस्ने नरेन्द्र नारायण साहुका छोरीहरू श्री जनता निम्न माध्यामिक विद्यालय देउरीमा कक्षा ५ र ६ मा अध्ययनरत दिव्यरोशनी साह र दिव्यज्योति साहलाई उक्त विद्यालयका शिक्षक नकुलप्रसाद साहले मिति २०६७।३।११ गते विद्यालयमा थप्पड, मुड्की, लठ्ठी समेतले हिकाई सख्त घाइते बनाएकोले हाल अस्पतालमा उपचार भैरहेको हुँदा शिक्षकलाई कार्वाही र पीडितलाई उपचार खर्च उपलब्ध गराई पाउँ भनी मिति २०६७।४।१८ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** त्रि.वि. शिक्षण अस्पतालमा उपचार गराएको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पनि शिक्षकबाट कुटपीट भएको भनी उल्लेख भएको देखिंदा निजहरूको बाल अधिकारको हनन् भएको देखियो । हाल दिव्यज्योती साह कक्षा ६ मा राराईन बोर्डिङ्ग स्कूल र दिव्य रोशनी सप्तरी जिल्लाकै कञ्चिरास्थित राष्ट्रिय प्रा.वि. मा पढ्दै गरेको । दुवै पक्ष विच मिलापत्र भई पीडकबाट पीडित परिवारले रु. १५,०००।- बुझिलिएको भन्ने देखिंदा क्षतिपूर्ति तर्फ आयोगबाट बोलिरहनु परेन । घटनामा संलग्न शिक्षक नकुलप्रसाद साहलाई अब आईन्दा बालबालिकालाई यसरी कुटपीट नगर्न सचेत गराउनुको साथै बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ नं. ९.२ बमोजिम विद्यालयमा बालबालिकालाई शारीरिक र मानसिक यातना दिने शिक्षकलाई विभागीय कार्वाही हुने भन्ने कुराको जानकारी नेपाल राज्यभरका विद्यालयहरूमा निर्देशन जारी गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १९५ अनुसन्धान १५३२जनकपुर मिति २०७०।५।१६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १०१ मिति २०७०।५।२३, प्र.म.म.का, मा.अ.प्र.शाखाबाट शिक्षा मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा आयोगलाई बोधार्थ पत्र ।

च.नं. ३०२२, मिति २०७०।१२।४, प्र.म.म.का, मा.अ.प्र.शाखाबाट शिक्षा मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा ताकेता पत्र आयोगलाई बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**त) अपाङ्गता सम्बन्धी अधिकार**

**क्रम संख्या – ७३५**

१. **पीडितको नाम, थर र ठेगाना** खिलप्रसाद तिमिल्सना, महादेवस्थान-२, काभ्रे

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला काभ्रेपलाञ्चोक महादेवस्थान गाविस वडा नं. २ निवासी खिलप्रसाद तिमिल्सना जन्मजात दृष्टिविहिन रहेको, पैत्रिक तथा व्यक्तिगत सम्पत्ति नरहेकोले निज लगायत निजको ४ वर्षको छोरा र ७० वर्षको वृद्ध आमा समेत घरमा बस्दै आएको हुँदा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण साथै उचित व्यवस्थाको पहल गरी पाउँ भनी मिति २०६८।८।२६ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज खिलप्रसाद अपाङ्ग भएको, निजको बासस्थान मिति २०६७।५।१५ को अविरल वर्षाको कारण भत्केको, परिवारमा श्रीमती समेत पक्षघात भएको निजको नावालक छोरा र वृद्ध आमा समेत आश्रीत रहेकोले निजहरूको दैनिक जीवन गुजारा गर्न कठिन रहेको देखिंदा निजहरूलाई आवश्यक सहायता उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १९७ अनुसन्धान १८७ मिति २०७०।५।१६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २५०० मिति २०७०।११।११ प्र.तथा म.का., मा.अ प्रवर्द्धन शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा ताकेता, गृह मन्त्रालयलाई पठाइएको पत्रको बोधार्थ पत्र ।

च.नं. १७० मिति २०७०।११।३० गृह मन्त्रालयबाट निर्णय कार्यान्वयन लागि पठाइएको सम्बन्धमा प्रहरी प्रधान कार्यालयलाई पठाइएको पत्रको बोधार्थ पत्र ।

च.नं. १७०२ मिति २०७३।४।११ प्रममपकाबाट आयोगको सिफारिश कार्यान्वयन सम्बन्धमा, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई पठाइएको पत्रको वोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**थ) सम्पत्ति कब्जा**

**क्रम संख्या – ७३६**

१. **पीडितको नाम, थर र ठेगाना** जीवनराज विष्ट, चिती-८, लमजुङ्ग

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** लमजुङ्ग जिल्ला चिती गाविस वडा नं. ८ निवासी जीवनराज विष्टको घरमा तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले मिति २०६३।१।२० गते घरभित्र प्रवेश गरी सम्पूर्ण सामग्रीहरू कब्जा गरेकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही गरी क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी २०६३।९।१३ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले निजको घर र मिलमा ताला लगाउनुका साथै चल अचल सम्पत्ती लुटी लगेकोले सपरिवार विस्थापित हुनुपरेको भन्ने देखिंदा निजको आफ्नो सम्पत्ति उपभोग गर्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । निजको बास्तविक रूपमा भएको क्षति रकम यकीन गरी भुक्तानी गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।३।३० गते आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २१२ अनुसन्धान १९६पोखरा मिति २०७०।५।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**४.१४ आर्थिक वर्ष २०७०/०७१ मा गरिएका सिफारिशहरू**

**क) हिराशतमा दिएको यातनाबाट मृत्यु**

**क्रम संख्या ७३७**

१. **पीडितको नाम, थर र ठेगाना** भुदेउ भन्ने किरण राई, पाथेका -२, खोटाङ

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** खोटाङ जिल्ला, पाथेका गा.वि.स. वडा नं. २ बस्ने भुदेउ भन्ने किरण राई मिति २०७०।३।२१ गते जिल्ला प्रहरी कार्यालय, खोटाङको हिरासतबाट भागेको र सोही दिन पुनः पक्राउ परेको। पक्राउ गर्दा प्रहरीले चरम यातना दिएको। जिल्ला अदालत खोटाङको मिति २०७०।३।२३ गतेको आदेशले पुर्पक्षको लागि कारागार कार्यालय लगिएकोमा विरामी परी उपचारका लागि २०७०।३।२४ मा जिल्ला अस्पतालमा लगिएको। जिल्ला अस्पतालले २५ गते निजलाई डिस्चार्ज गरेको। २५ गते राती पुनः विरामीले च्याप्दै गएपछि राती नै उपचारका लागि जिल्ला अस्पताल लगिएको। उपचारकै क्रममा किरण राईको २६ गते मृत्यु भएको। प्रहरीको यातनाका कारण निजको मृत्यु भएको र चिकित्सकलाई समेत दवाव दिएकोले चिकित्सकले स्वतन्त्र रुपले काम गर्न नसक्ने भएकोले आयोगको रोहवरमा स्वतन्त्र चिकित्सक झिकाई पोष्टमार्टम गरी घटनाको अनुसन्धान गरी पाउँ भनी मिति २०७०।३।२७ गते आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज भुदेऊ भन्ने किरण राई र अर्का एक अभियुक्त प्रहरीको भौतिक संरचनाको कमजोरीका कारण तथा प्रहरीको लापरवाहीका कारण भाग्न सफल भएको। निजलाई पुनः पक्राउ पश्चात चरम यातना दिइएको। फरेन्सिक विशेषज्ञ डा. हरीहर वस्ती, पोष्टमार्टममा संलग्न चिकित्सक डा. युवराज पोखरेल र डा. नवलकिशोर झासँगको छलफल र पोष्टमार्टम प्रतिवेदनमा Cause of death Multiple Blunt Force Injuries in Lower Limbs भनी उल्लेख भएको। अनुसन्धानका क्रममा बुझिएको साक्षीहरूका बयानमा प्रहरीले कुटपीट गरेको भन्ने उल्लेख भएको र पोष्टमार्टम प्रतिवेदनमा समेत उल्लेख भएका तथ्यहरूका आधारमा प्रहरीले दिएको यातनाकै कारण निजको मृत्यु भएको देखियो। घटनामा संलग्न पहिचान भएका मुख्य दोषी देखिएका प्रहरी हवल्दार सुरेश प्रसाद यादव, प्रहरी जवानहरू नकुल राई, रामकुमार बोगटी, कैलाश खत्री, चन्द्र खड्का, देवराज माझी र नारायण खड्का, प्रहरी नायव निरिक्षकहरू महेन्द्र खत्री, मुकुन्द प्रसाद विडारीलाई र अन्य दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न, प्रहरी उपरिक्षक राजीव बहादुर बस्नेत र प्रहरी निरिक्षक रमेश कुमार देवलाई विभागीय कार्वाही गर्न। जिल्ला स्वास्थ्य कार्यालय, खोटाङमा कार्यरत डा. नवलकिशोर झालाई अब उप्रान्त कुनै पनि बिरामीको उपचारमा र कानूनी जटिलताका विषयवस्तुहरूमा संवेदनशील हुन एवं मातहतका कर्मचारीले गरेका काम कार्वाहीहरू उपर प्रभावकारी रूपमा सुपरिवेक्षण गर्न सचेत गराउन। मृतकका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रू. ३ लाख क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन, जिल्ला प्रहरी कार्यालय, खोटाङ्गको शौचालयको भौतिक संरचना सुधार गर्न र सुरक्षित स्थानमा सार्न समेत नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।४।२३ गते आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. अनु. ६८० के.का. १९३, मिति २०७०।५।१६ मार्फत श्री प्रममपकालाई निर्णय कार्यान्वयनको लागि पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपका सिंहदरबारबाट च.नं. १११, मिति २०७०।५।२० मार्फत गृह, शान्ति मन्त्रालय, स्वास्थ्य मन्त्रालयलाई आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा पत्राचार गरिएको पत्रको बोधार्थ देखियो।

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट घटनामा संलग्न जिल्ला स्वास्थ्य कार्यालय खोटाङमा कार्यरत डा. नवल किशोर झालाई सचेत गराइएको विवरणको पत्र मिसिल संलग्न रहेको देखिन्छ।

आयोगको निर्णय कार्यान्वयन नभएकोले सिफारिश कार्यान्वयन गर्न भनी आयोगमा पीडितका तर्फबाट दिइएको ज्ञापन सहित आयोगको उपक्षेत्रीय कार्यालय खोटाङ्बाट केन्द्रीय कार्यालयमा मिति २०७१।४।१४। च.नं. ४ मार्फत पत्राचार गरिएको कुरा मिसिल संलग्न रहेको।

आयोगको सिफारिश कार्यान्वयन सम्बन्धमा श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारको मिति २०७३।१।७, च.नं. ६४६३ मार्फत श्री गृह मन्त्रालय, सिंहदरबार लाई पत्राचार गरिएको पत्र देखिएको। जसमा सिफारिश कार्यान्वयन

क्षतिपूर्ति उपलब्ध गराउन तथा कार्वाही अगाडि बढाउन भन्ने व्यहोरा उल्लेख भएको।

मिति २०७३।३।२९, च.नं. १२२२ मार्फत श्री प्रहरी प्रधान कार्यालयलाई निर्णयको प्रतिलिपि उपलब्ध गराइएको व्यहोरा उल्लेख भएको।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ख) बोक्सीको आरोपमा हत्या (महिला हिंसा)**

**क्रम संख्या ७३८**

१. **पीडितको नाम, थर र ठेगाना** पार्वती देवी राउत, सुपौली -९, पर्सा

२. **उल्लंघनकर्ता** स्थानीय व्यक्तिहरू

३. **उजूरीको संक्षिप्त विवरण** पर्सा जिल्ला सुपौली गा.वि.स. वडा नं. ९ बस्ने वर्ष ५० की पार्वती देवी राउतलाई सोही ठाउँ बस्ने प्रतिमा राउतले बोक्सी लगाएको भन्ने आरोप लगाई मिति २०७०।४।३२ गते कुटपीट गरी यातना दिई हत्या गरिएको घटनाको सम्बन्धमा आयोगको ध्यानाकर्षण भई आयोगबाट मिति २०७०।४।३२ मा स्वविवेकमा उजुरी ग्रहण गरिएको।

४. **आयोगको निर्णय/सिफारिश** सो सम्बन्धमा आयोगको अनुगमन टोलीको प्रतिवेदन अनुसार निज प्रतिमा राउत थारूलाई भुत लागेको विषयमा निजलाई भुत लगाउने ऐ.ऐ. बस्ने निज मृतक पार्वतीदेवी राउत भएको भनी गाउँका मानिसहरूको सहभागितामा मिति २०७०।४।३२ गते शुक्रवार राती ८:०० बजे बसेको गाउँलेहरूले समाजमा चल्दै आएको गलत सामाजिक मान्यता अनुसार बोक्सीको आरोप लगाई गाउँ निकाला गर्ने गरी सोही ठाउँमा भेला भएका व्यक्तिहरूले निर्णय गरी कुटपीट गरी यातना दिई सोही चोटका कारण निजको मृत्यु भएकोले निजको बाँच्न पाउने मानव अधिकार हनन् हुन गएको देखियो। घटनामा संलग्न दोषीको पहिचान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कानूनी कार्वाही गर्न, मृतकको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रू. ३ लाख क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन र मृतकको नाबालक छोराछोरीलाई निःशुल्क शिक्षाको समेत व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७०।५।११ गते आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको मिति २०७०।५।१९, च.नं.२५३ मार्फत श्री प्र.म.म.प.को कार्यालयलाई निर्णय कार्यान्वयनको लागि पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** प्रममपको कार्यालयबाट मिति २०७०।६।३, च.नं. १४० मार्फत श्री गृह मन्त्रालय, श्री शान्ति तथा पुननिर्माण मन्त्रालय र श्री शिक्षा मन्त्रालयलाई पत्राचार गरिएको बोधार्थ पत्र प्राप्त।

गृह मन्त्रालयको मिति २०७१।८।१८, च.नं. ९२ को पत्र मार्फत श्री अर्थ मन्त्रालयमा क्षतिपूर्ति रकम उपलब्ध गराउने प्रयोजनको लागि पत्राचार गरिएको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**४.१५ आर्थिक वर्ष २०७१/०७२ मा गरिएका सिफारिशहरू**

**क) सुरक्षाकर्मीबाट हत्या**

**क्रम संख्या ७३९**

१. **पीडितको नाम, थर र ठेगाना** टोप बहादुर आले मगर, घैरुङ्ग -९, गोरखा

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** गोरखा जिल्ला, घैरुङ्ग गा.वि.स. वडा नं. ९, तिनघरे घर भै का.म.न.पा. वडा नं. २३ वसन्तपुर, ओमवहाल बस्ने वर्ष ४४ को भुतपूर्व सैनिक टोप बहादुर आले मगरलाई मिति २०६१।६।३० गते कार्यालय गएदेखि परिवारको सम्पर्कमा नरहेको र अकस्मात मिति २०६१।७।३ गते सैनिक अस्पताल छाउनीमा निजको छोरा तथा श्रीमतीलाई बोलाएर तत्कालीन शाही नेपाली सेनाले जबर्जस्ती लास बुझाएको। शान्तिपूर्ण वातावरणमा आफ्नो पेशा रोजगार गरी बसेको, सशस्त्र द्वन्द्वमा संलग्न नभएको हुँदा मानव अधिकार उल्लंघन हुन गएकोले दोषीलाई कार्वाही गरी क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६१।७।१० मा राष्ट्रिय मानव अधिकार आयोगमा उजूरी पर्न आएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा तत्कालीन शाही नेपाली सेनाले टोप बहादुर आले मगरलाई काठमाडौ जिल्ला खड्का भद्रकालीबाट पक्राउ गरेको, निजलाई पक्राउ गर्दा कुनै पूर्जि नदिएको, हिरासतमा स्वास्थ्य परीक्षण नगराएको र २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेमा सो गराइएको पाइएन। निजलाई पक्राउ गरी काठमाडौ महाराजगञ्जस्थित भैरवनाथ गणमा राखिएको, यातनाको कारण सैनिक हिरासतमै मृत्यु भएको, मृत्यु पश्चात कानून बमोजिम पोष्टमार्टम नगरिएको विद्यमान नेपाल कानूनको पालना भएको पाइएन। सेनाको सो कार्य प्रचलित मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून, मानव अधिकारका आधारभूत सिद्धान्त विपरित भएको र निजको बाँच्न पाउने अधिकारको उल्लंघन हुन गएको देखिदा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम रु. ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन र दोषी सेनाको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने २०७१।०७।०३ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४२८ अनुसन्धान २२२९/काठमाडौँ मिति २०७१।७।२८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.र शान्ति तथा पु. नि. म. लाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७४०**

१. **पीडितको नाम, थर र ठेगाना** जयनारायण पटेल र शाह महम्मद हवारी, हरिहरपुर, बारा

२. **उल्लंघनकर्ता** सशस्त्र प्रहरी बल

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०७१।६।२५ गते भएको बाराको सिमरौनगढ घटना सम्बन्धमा स्थानीय विद्यार्थीहरूले निकालेको जुलूसमा सशस्त्र प्रहरीले चलाएको गोली लागी घटनास्थलमै जयनारायण पटेलको मृत्यु भएको भन्ने बिषयमा खटिएको सशस्त्र प्रहरीको सुरक्षाफौजले अत्यधिक बल प्रयोग गरी चलाएको गोली छातीमा लागी बारा जिल्ला हरिहरपुर गा.वि.स. वडा नं ७ बस्ने वर्ष ४२ को जयनारायण प्रसाद पटेलको मृत्यु भएको र बारा जिल्ला हरिहरपुर गा.वि.स. वडा नं. ५ बस्ने वर्ष ३० को शाह महम्मद हवारीको छातीमा गोली लागी घाइते भएको विषयमा राष्ट्रिय मानव अधिकार आयोगमा मिति ........ मा उजूरी पर्न आएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार उक्त घटनामा नेतृत्व गर्ने सशस्त्र प्रहरी नायव उपरीक्षक श्री अर्जुन प्रसाद सापकोटाको भनाई र स्थानीय प्रत्यक्षदर्शीहरूको भनाइ अनुसार गोली चलाउँदाको बखत अवस्था सामान्यीकरण भइसकेको र अवस्थालाई समान्यीकरण गर्नको लागि आन्दोलनकारी र सुरक्षाकर्मीहरूबीच दोहोरो सम्वाद गर्ने कार्यतर्फ उन्मुख भइरहेको अवस्थामा आन्दोलनकारीहरूको भीडबाट प्रहरीतर्फ दुईवटा ढुङ्गा प्रहार भएपछि सुरक्षाकर्मीले फायर गरेको, सो वखत फायर गर्दा भीड नियन्त्रण र गोली चलाउनु पूर्वको कानूनी प्रक्रिया अवलम्बन गरिएको नपाइएको, सो घटनामा परी सशस्त्र प्रहरीको गोलीबाट बारा जिल्ला हरिहरपुर गा.वि.स. वडा नं ७ बस्ने वर्ष ४२ को जयनारायण प्रसाद पटेलको मृत्यु भएको र ऐ. वडा नं. ५ बस्ने वर्ष ३० को शाह महम्मद हवारीका छातीमा गोली लागी घाइते भएको र अर्का एकजना बारा जिल्ला श्रीनगरबैरीया वडा नं. ३ घर भई गोलगञ्ज गा.वि.स. वडा नं. ९ बस्ने वर्ष २३ को प्रचण्ड जयसवाललाई मानसिक आघात परेको पाइन्छ। तसर्थ, अनुसन्धानबाट प्राप्त तथ्यबाट सशस्त्र प्रहरीले अत्यधिक बल प्रयोग गरी बाँच्न पाउने अधिकारको उल्लंघन भएको, घाइतेहरूको स्वतन्त्र रुपमा जीवन यापन गर्ने अधिकार उल्लंघन भएको देखिंदा उक्त घटनामा नेतृत्व गर्ने सशस्त्र प्रहरीका कमाण्डर प्रहरी नायव उपरीक्षक श्री अर्जुनप्रसाद सापकोटालाई नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ (२) (ङ) बमोजिम विभागीय कार्वाही गर्न र गोली चलाउने सशस्त्र प्रहरीलाई पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने। साथै राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ (३) वमोजिम मृतकका पीडित परिवारको भरण पोषणको लागि मृतकका परिवारलाई रु ३,००,०००/ (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन र मृतकको अर्थोपार्जनमा आश्रित निजका सन्ततिहरू कृमशः (१) शोभा पटेल वर्ष १८ (२) नीलम पटेल वर्ष १४ (३) पूजा पटेल बर्ष ५ (४) छोरा विवेक पटेल वर्ष ८ लगायतका सन्ततिहरूको उच्च माध्यमिक शिक्षासम्मको अध्ययन निःशुल्क गराउन नेपाल सरकारलाई सिफारिश गर्ने। त्यसैगरी छातीमा गोली लागी घाइते भएको बारा जिल्ला हरिहरपुर गा.वि.स. वडा नं. ५ बस्ने बर्ष ३० को शाह महम्मद हवारी र मानसिक रुपमा आघात परेका जिल्ला बारा श्रीनगरबैरीया वडा नं ३ घर भई गोलगञ्ज गा.वि.स.

वडा नं. ९ बस्ने बर्ष २३ को प्रचण्ड जयसवालको निःशुल्क उपचारका लागि राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ती निर्धारण) नियमावलीको २०६९ को नियम २४ अनुसार निज घाइतेहरूको नेपाल सरकारबाट निःशुल्क स्वास्थ्योपचार गर्न, गराउन र राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ (३) अनुसार जनही रु. १,००,०००।- (अक्षरेपी रु. एक लाख) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा परी घाइते भएका सुरक्षाकर्मी तथा सर्वसाधारणको निःशुल्क उपचारको व्यवस्था मिलाउन नेपाल सरकार प्रधानमन्त्रीको कार्यालयलाई लेखी पठाउने । घटनाको मूल कारकको रुपमा सडकको स्तरोन्नतिको माग राखी स्थानीय व्यक्तिको प्रदर्शनको कारण घटना हुन गई आमजनताको विकासको अधिकारसँग सम्बन्धित रहे भएको देखिंदा र विकासको अधिकार पनि मानव अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने विषय भएको हुनाले स्थानीय व्यक्तिहरूको मागलाई अविलम्ब यथोचित सम्बोधन गरी आवश्यक वजेट विनियोजन गरी सडक स्तरोन्नती लगायतका जो जे गर्नुपर्ने आवश्यक कार्य गर्न गराउन सम्बन्धित निकायलाई निर्देशन दिनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाउने । उल्लेखित घटना पश्चात् मिति २०७१/६/२६ गते जिल्ला प्रशासन कार्यालय वारा र स्थानीय आन्दोलनकारीको तर्फबाट सुरक्षाकर्मीतर्फ लक्षित गरी सुरक्षा निकायमा भौतिक सम्पत्तिमा तोडफोड गर्ने, आक्रमण गर्ने कार्य समेत भएको पाइएकोले आन्दोलनकारीलाई पनि आफ्नो अधिकारको प्रयोग शान्तिपूर्ण रुपमा गर्न आग्रह गर्ने भनी मिति २०७१।८।१६ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. अनुसन्धान मिति ... मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या–७४१**

१. **पीडितको नाम, थर र ठेगाना** टेकराज घिसिङ, ओखेनी -१, रामेछाप

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** रामेछाप जिल्ला ओखेनी गा.वि.स. वडा नं. १ घर भै रामेछाप जिल्ला सालु गा.वि.स. वाड नं. ६ स्थित विर्ख बहादुर श्रेष्ठको होटेलमा काम गर्ने बर्ष १७ को टेकराज घिसिङ मिति २०६०।९।२७ गते राती अन्दाजी ८:३० बजेतिर खाना खाई दिसा बस्न भनी शौचालय गएको अवस्थामा नारायणदल गुल्म, रामेछापबाट खटिएको सैनिक गस्ती टोलीले प्रहार गरेको गोली लागी निजको घटनास्थलमा नै मृत्यु भएकोले घटनाको अनुसन्धान गरी दोषी सैनिकमाथि कार्वाही र मृतकका परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराइपाउँ भन्ने समेतको व्यहोरा उल्लेख गरीमिति २०६३।८।१४ मा आयोगको केन्द्रीय कार्यालय, ललितपुरमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज टेकराज घिसिङलाई गोली चलाउनुपर्ने पर्याप्त आधार विना गोली चलाएको, गोली चलाउनु पुर्व कुनै सोधपुछ नगरिएको, घटनापछि स्थानीय व्यक्तिहरूलाई घटनाका बारेमा हल्ला नगर्नु भनी सुरक्षाकर्मीहरूले धम्की दिएको भनाई रहेको पाइयो । सुरक्षाकर्मीहरूको उक्त काम कार्वाही प्रचलित मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय र राष्ट्रिय कानून, सिद्धान्तहरू विपरित भएको पाइएको र मानव अधिकार उल्लंघन भएको पाइएकोले मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २३ बमोजिम रु. ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन र दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७१।९।१६ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३३४७ अनुसन्धान ६४३ मिति २०७१।०९।१८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकामा र शान्ति तथा पुनर्निर्माण मन्त्रालय सिंहदरबार, काठमाडौंलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** :

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७४२**

१. **पीडितको नाम, थर र ठेगाना** वद्री तिवारी, पोखरीचौरी -७, काभ्रेपलाञ्चोक

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलाञ्चोक जिल्ला, पोखरीचौरी गा.वि.स.वडा नं.७ बस्ने वद्री तिवारीलाई २०५९ माघ महिना सोही जिल्लाको सल्ले भुम्लु गा.वि.स.मा बाटोमा जम्काभेट भएका सुरक्षाकर्मीले कब्जामा लिई अमानवीय ढंगले कुटपीट गरी हत्या गरेकोले दोषी माथि कार्वाही गरी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइ पाउँ भनी मिति २०६४।२।६ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निजलाई तत्कालीन विद्रोही पक्ष नेकपा (माओवादी) का स्थानीय कार्यकर्ताहरू अनिरुद्र चौलागाईं र मोतीलाल चौलागाईं समेतले करकाप र आश्वासनमा पारी ने.क.पा.( माओवादी) को सशस्त्र समूहमा आवद्ध गराएको र नेकपा (माओवादी) मा आवद्ध हुँदा हातहतियार सम्बन्धी तालीम समेत राम्रोसँग नगरेको अवस्थामा बद्री तिवारी समेत ६ जना ने.क.पा.(माओवादी) का कार्यकर्ताहरू काभ्रेपलान्चोक जिल्लाको सल्लेभुम्लु गा.वि.स.को सल्ले भन्ने स्थानमा विद्युतिय धराप विष्फोट गराउन खटाएकोमा बद्री तिवारी बाहेक अन्य ५ जना ने.क.पा.(माओवादी) का कार्यकर्ताहरू भागेको र बद्री तिवारीलाई निशस्त्र अवस्थामा सुरक्षाकर्मीले पक्राउ गर्न सक्ने अवस्था हुँदाहुँदै मारेकोले निजको मानव अधिकार उल्लंघन भएको पाइयो । उजूरीमा निजको मृत्यु ०५९ माघ महीनामा भएको र केही साक्षीहरूको भनाईमा ०५९ पुष २७ गते भएको भन्ने रहेपनि अनुसन्धानबाट निजको मृत्यु २०५९ मंसीर २७ गते भएको बुझियो । नेपाली सेनाले आयोगले माग गरेको विवरण उपलब्ध नगराएको र प्रहरीले घटनाका बारेमा कुनै पनि अभिलेख नराखेको, निज माथि सुरक्षाकर्मीहरूले अत्यधिक वा घातक बल प्रयोग गरी बाँच्न पाउने अधिकारको उल्लंघन गरेको आयोगको अनुसन्धान टोलीको निष्कर्ष रहेको छ । विद्रोही पक्ष तत्कालीन ने.क.पा.(माओवादी) का उल्लेखित स्थानीय कार्यकर्ताहरूले निज बद्री तिवारीको अन्तिम संस्कार गर्न परिवारलाई डर धम्की दिएको कारण परिवार तथा आफन्तजनहरू घटनास्थलमा गई लास तथा घटनास्थलको सम्बन्धमा विस्तृत जानकारी लिन नपाएको पाइयो । यस घटनामा तत्कालीन ने.क.पा (माओवादी) का कार्यकर्ताहरूले समेत अन्तर्राष्ट्रिय मानवीय कानून जेनेभा महासन्धिको विपरित ललाई फकाई शसस्त्र द्वन्द्वमा संलग्न गराएकोले अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघन गरेको र पक्राउ गर्न सक्ने अवस्था विद्यमान हुँदाहुँदै मार्ने सुरक्षाकर्मीहरूको यस्तो कार्य प्रचलित मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनहरू, सिद्धान्तहरू विपरित भएको पाइएकोले मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २३ बमोजिम रु. ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन र दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न तथा अन्तर्राष्ट्रिय मानवीय कानून जेनेभा महासन्धिको साझा धारा ३ को उल्लंघन गर्ने विद्रोही पक्ष तत्कालीन ने.क.पा.(माओवादी) का कार्यकर्ताहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघनकर्ताको रुपमा अभिलेख राखी कार्वाही गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७१।९।१६ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४११८ अनुसन्धान महाशाखा ६४४ मिति २०७१। ९।१८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.र शान्ति तथा पु. नि. म. लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७४३**

१. **पीडितको नाम, थर र ठेगाना** रुद्र चापागाई; नेपालेडाँडा, भोजपुर

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** भोजपुर जिल्ला, नेपालेडाँडा गा.वि.स. स्थायी घर भै मोरङ जिल्ला, विराटनगर उपमहानगरपालीका वडा नं. ११, हाटखोला बसोबास गर्ने र काठमाडौ जिल्ला काठमाडौ महानगरपालीका, मैतीदेवी स्थित डेरा गरी बस्ने, काठमाडौ स्थित एक मेनपावर कम्पनीमा कार्यरत रुद्र चापागाईंलाई मिति २०६२।१।७ मा काठमाडौ नयाँबानेश्वर स्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र पछाडी मिनभवन नजिक सुरक्षाफौजले प्रहार गरेको गोली लागि मृत्यु

भएकोले घटनाको छानवीन गरी क्षतिपूर्ति समेत उपलब्ध गराई पाउँ भन्ने समेतको व्यहोरा उल्लेख गरी मिति २०६२।१।१२ मा आयोगमा उजुरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश**आयोगको अनुसन्धानबाट रुद्र चापागाईं र अर्का नाम पहिचान हुन नसकेका एक जना व्यक्ति समेत २ जनाले चन्दा उठाइरहेको अवस्थामा उपत्यका पृतना हेडक्वाटरबाट खटिई गएको पट्रोल टोलीले समात्न खोज्दा निज चापागाईं भागेकोले घाइते भएको र उपचारको लागि वीरेन्द्र सैनिक अस्पताल छाउनीमा ल्याउँदा बाटैमा निजको मृत्यु भएको भन्ने श्री वीरेन्द्र अस्पताल, छाउनीको अभिलेखबाट सुरक्षाकर्मीहरूले चलाएको गोली लागि निज रुद्र चापागाईंको मृत्यु भएको पाइयो । निजको साथमा रहेका धरान घर भएका भनिएका राजकुमार लिम्बूलाई सैनिकहरूले पक्राउ गरेको भन्ने बुझियो । विना हात हतियार रहेका तथा २ जनाको संख्यामा रहेका व्यक्तिहरूलाई सशस्त्र सुरक्षाफौजले पक्राउ गर्न सक्ने अबस्था रहेको देखिन्छ । लाशजाँच प्रकृती मुचुल्कामा मृतकको तीघ्रा र दाहिने छातीमा गोली लागि पछाडीबाट गोली निस्केको भन्ने उल्लेख छ । पोष्ट मार्टम प्रतिवेदनमा राइफलबाट प्रहार गरिएको गोली लागी मृत्यु भएको उल्लेख छ। निजलाई अगाडि पटीबाट गोली लागि पछाडीबाट निस्किएको भन्ने विशेषज्ञ प्रमाणहरूको आधारमा भाग्दै गर्दा गोली हानिएको भन्ने सुरक्षा निकायको भनाइमा विश्वास गर्न सकिएन । निजलाई गोली हान्नुपर्ने के कस्तो अवस्था सिर्जना भएको थियो भनी सुरक्षा निकायबाट चित्त बुझ्दो आधार र कारण प्राप्त हुन आएको पाइएन । सुरक्षाकर्मीहरूको यस्तो कार्य प्रचलित मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनहरू, सिद्धान्तहरू विपरित भएको पाइएकोले मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २३ बमोजिम रु. ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन र दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७१।९।१६मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २८८६ मिति २०७१।०९।१८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ख) माओवादीबाट** हत्या

**क्रम संख्या ७४४**

१. **पीडितको नाम, थर र ठेगाना** पदम बहादुर विष्ट, राम भगत आले मगर र चेतनाथ पुरी (तत्कालीन शाही नेपाली सेनाका प्युठहरू) काभ्रे -४, काभ्रेभञ्ज्याङ्ग, काभ्रेपलान्चोक

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलान्चोक जिल्ला काभ्रे गा.वि.स. वडा नं.४, काभ्रेभञ्ज्याङ्गमा नियमित सुरक्षा जाँचमा खटिएको सुरक्षाकर्मीलाई लक्षित गरी मिति २०६२।११।१५ गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ताले आक्रमण गर्दा तत्कालीन शाही नेपाली सेनाका प्यूठहरू पदम बहादुर विष्ट, राम भगत आले मगर र चेतनाथ पुरीको हत्या भएको तथा प्यूठ जस बहादुर राई हराइरहेको हुँदा अन्तराष्ट्रिय मानव अधिकार सम्बन्धी कानून समेतको पालना गराउन र मानव अधिकारको उल्लंघनमा कार्वाही गरी पाउँ भनी मिति २०६२।११।२१ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** सो सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा प्यूठ जस बहादुर राइको अवस्था सार्वजनिक भै सकेको र प्यूठहरू पदम बहादुर विष्ट, राम भगत आले मगर र चेतनाथ पुरीलाई तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीका कार्यकर्ताले नियन्त्रणमा लिई मारेको, सर्वसाधारणको यातायात सम्बन्धमा निशाना बनाएको पाइएकोले यस्तो कार्य जेनेभा महासन्धि, १९४९ को साझा धारा ३ को मर्म र भावना विपरित हुन गई मानवीय कानूनको उल्लंघन हुन गएको देखिदा मृतकका कानून बमोजिमका हकवालालाई जनही रु. ३।३ लाखका दरले क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न तत्कालीन विद्रोही पक्ष नेकपा (माओवादी) का कार्यकर्ताको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारसमक्ष सिफारिश गर्ने मिति २०७१।०७।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४२९ अनुसन्धान ३४८२/काठमाडौँ मिति २०७१।७।२८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.र शान्ति तथा पु. नि. म. लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ग) दोहोरो भिडन्तमा मृत्यु**

**क्रम संख्या ७४५**

१. **पीडितको नाम, थर र ठेगाना** झलक गैरे, दल बहादुर गुरुङ्ग, गंगा बहादुर बुढाथोकी समेत म्याग्दी (**बेनी घटना**)

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी तथा तत्कालीन विद्रोही नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** शसस्त्र द्वन्द्वको समयमा तत्कालीन विद्रोही पक्ष ने.क.पा.(माओवादी) ले म्याग्दी जिल्लाको सदरमुकाम बेनीमा २०६०।१२।७ मा आक्रमण गर्दा केही सर्वसाधारण व्यक्तिहरूको मृत्यु भएको, भौतीक संरचनाहरूको क्षति भएको, सेनाले हवाइ आक्रमण गर्दा केही सर्वसाधारणको मृत्यु भएको तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघन भएको भन्ने समेतको विभिन्न समाचार माध्यमहरूमा प्रकाशित, प्रशारीत समाचारप्रति आयोगको ध्यानाकर्षण भै स्वविवेकीय आधारमा मिति २०६०।१२।१८ मा उजूरी ग्रहण गरिएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट घटनामा परी मृत्यु भएका तत्कालीन जिल्ला विकास समितीमा कार्यरत कर्मचारी (कार्यालय सहयोगी पियन) झलक भन्ने योगेन्द्र गैरे, विद्रोही पक्ष ने.क.पा.(माओवादी) का कार्यकर्ताले घरमा आगो लगाइदिँदा जलेर मृत्यु भएका म्याग्दी जिल्ला वाबियाचौर गा.वि.स. वडा नं. ४ बस्ने दल बहादुर गुरुङ्ग र ऐ. जिल्ला अर्मन गाविस वडा नं. १ बस्ने गंगा बहादुर बुढाथोकी, क्रस फायरिङमा परी मृत्यु भएका म्याग्दी जिल्ला पुलाचौर गाविस वडा नं. ७ बस्ने मोहन वानिया, ऐ. जिल्ला दाना गाविस वडा नं. ९ बस्ने अनिल फगामी, म्याग्दी जिल्ला निस्कोट गाविस वडा नं. २ बस्ने चित्र बहादुर पुन, ऐ. वडा नं. ९ बस्ने सोम बहादुर वि.क., सैनिकको हवाई आक्रमणमा परी मृत्यु भएका म्याग्दी जिल्ला पुलाचौर गा.विस. वडा नं. १ बस्ने फौद बहादुर दर्जी, सूर्य दर्जी र ठेगाने दर्जी, सोही गा.वि.स. वडा नं. २ बस्ने खम्वे दर्जी र सुन्ते दर्जी, म्याग्दी जिल्ला ज्यामरुकोट गाविस वडा नं. ८ बस्ने लक्ष्मी कार्की, म्याग्दी जिल्ला भगवती गाविस वडा नं. २ वैसरी बस्ने यामलाल शर्मा, म्याग्दी जिल्ला ताकम गाविस वडा नं. ५ बस्ने गोरी गर्वुजा, म्याग्दी जिल्ला अर्थुङ्गे गा.वि.स. वडा नं. ४ बस्ने झिल्के सार्की, म्याग्दी जिल्ला भगवती गा.वि.स. वडा नं. ५ बस्ने ठक्करे दर्जी पर्वत जिल्ला, लेकफाँट बस्ने दिल बहादुर अर्मजा, वाग्लुङ जिल्ला बस्ने तर गा.वि.स. खुल्न नसकेका टिका गैरे र वैंशरी भन्ने स्थानबाट मोटरसाइकलमा म्याग्दी सदरमुकाम बेनीतर्फ आउँदै गरेका नाम खुल्न आएको तर आयोगको टोलीलाई उपलब्ध गराइएको मृतकहरूको विवरणमा ठेगाना नखुलेको हेमलाल केसी सहित मृतक जना २० को कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २३ का आधारमा जनही मृतक रु. ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा परी घाइते भएका व्यक्तिहरूलाई र भौतीक संरचना क्षति भएका व्यक्तिहरूलाई लगत संकलन कार्यदलको प्रतिवेदनका आधारमा पर्याप्त र यथोचित क्षतिपूर्ति उपलब्ध गराउन साथै द्वन्द्वरत दुवै पक्षबाट अन्तर्राष्ट्रिय मानवीय कानून जेनेभा महासन्धि– १९४९ को साझा धारा ३ को उल्लंघन भए गरेको पाइएकोले दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७१।९।१६मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १६२० अनुसन्धान ६४२ मिति २०७१।९।१८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.र शान्ति तथा पु. नि. म. लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**घ) शरणार्थीको अधिकार**

**क्रम संख्या ७४६**

१. **पीडितको नाम, थर र ठेगाना** मुहम्मद जनीद सिद्धिकी लगायत ६ जना , पाकीस्तानी नागरिक

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** पाकिस्तानबाट नेपाल आएका मुहम्मद जनीद सिद्धिकी, जाहीद नजार सिद्धिकी, मुहम्मद कयुम, मुहम्मद अयहमद खान, रसिद अलि सिद्धिकी र मुहम्मद आलमलाई हाल अध्यागमन विभाग काठमाडौंको हिराशतमा राखिएको निजहरूले मुस्लिम धर्मबाट कलकी अवतार फाउण्डेशनमा सामेल भई धर्म परिवर्तन गरेको तथा धर्म परिवर्तन सम्बन्धी कार्य उनीहरूको मुलुकमा मृत्युदण्ड हुनसक्ने भएकोले जीवन रक्षा गरिदिन भनि मिति २०७१।०९।११ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान यस उजूरीको बारेमा अध्ययन गर्दा कुनैपनि व्यक्तिलाई आफ्नो मुलुकमा जीवन जोखिममा पार्ने दावी लिई अन्य कुनैपनि मुलुकमा शरण माग गर्ने अधिकार अन्तर्राष्ट्रिय कानूनले प्रदान गरेको छ । उल्लेखित व्यक्तिहरूले पनि नेपालमा शरण माग गरिरहेको अवस्थामा निजहरूलाई स्वदेश फर्काउने हो भने जीवन जोखिममा पर्ने वा यातना नपाउने कुराको सुनिश्चितता नभई स्वदेश फर्काउनु मानव अधिकारको अन्तर्राष्ट्रिय कानून विपरित हुने हुँदा उक्त कुराको सुनिश्चितता नगरी निजहरूलाई स्वदेश फर्काउने कार्वाही गर्न नगराउन रा.मा.अ.आ. ऐन २०६८ को दफा ११ (२) बमोजिम नेपाल सरकारलाई निर्देशन दिने निर्णय मिति २०७१।१०।०९मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ७७२ अनुसन्धान ७०५ मिति २०७१।१०।०९ मा विदेशी नागरिकहरूको मानव अधिकार संरक्षण सम्बन्धमा गृह मन्त्रालय अध्यागमन तथा सीमा प्रशासन शाखा सिंहदरबार, काठमाडौंलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**४.१६ आर्थिक वर्ष २०७२/०७३ मा गरिएका सिफारिशहरू**

**क) सुरक्षाकर्मीबाट हत्या**

**क्रम संख्या ७४७**

१. **पीडितको नाम, थर र ठेगाना** झुसी चन्द, दुर्गास्थान ८ वैतडी

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** वैतडी जिल्ला दुर्गास्थान गा.वि.स. वडा नं. ८ घर भई कञ्चनपुर जिल्ला भिमदत्त न.पा. वडा नं. ६ बस्ने पदम भन्ने झुसी चन्दलाई मिति २०५९/६/१० गतेका दिन नेपाल प्रहरीको हवल्दार पदबाट वर्खास्त गरेको विषयमा पुनरावेदन गर्न पुनरावेदन अदालत महेन्द्रनगर जान लागेको बेला महेन्द्रनगर बजारबाट सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता पारेकोले मानव अधिकार संरक्षणका लागि आयोगमा मिति २०६३।३।२२ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** जिल्ला प्रहरी कार्यालय कन्चनपुरको २०६३/४/२२ को पत्र हेर्दा निज झुसी चन्द (क. पदम) नेकपा माओवादी कृयाकलापमा संलग्न (पि.एल.ए.) रहि जिल्ला कन्चनपुर झलारी गा.वि.स. अन्तर्गत वेल्डाडी इलाकामा मिति २०५९/६/२३ गते गस्तीमा रहेको सुरक्षाफौजलाई लक्षित गरी सकेट बम प्रहार गर्दा भएको दोहोरो भिडन्तमा परी मृत्यु भएको भन्ने बुझिन आएको, आयोगको अनुसन्धान टोलीबाट घटनास्थल लगायत प्रत्यक्षदर्शीबाट प्राप्त तथ्य हेर्दा रोल्पामा कार्यरत भएको अवस्थामा माओवादीसँग दोहोरो भिडन्तमा परेपछि मानसिक असन्तुलन भएको, धनगढीमा सरुवा भएपछि कार्यालय प्रमुखसँग विवाद भई नोकरीबाट २०५९ असारमा वर्खास्त गरिएको, तत्पश्चात केही समय वैदेशिक रोजगारीको सिलसिलामा दुवईमा काम गरी घर फर्कि आएको र निजलाई २०५९ साल असोज १० गते अपरान्ह ४:०० बजे घर नजिकै मामाघरमा जान्छु भनी हिडेको, निजलाई पक्राउ गरेको कुरा जिल्ला प्रहरी कार्यालय कन्चनपुरमा कार्यरत कर्मचारीबाट थाहा पाएको, भोलीपल्ट अज्ञात स्थलतर्फ लगेको अवस्थामा दोहोरो भिडन्तमा मृत्यु भएको भन्ने तथ्यसँग पत्यार लाग्दो देखिएन । निजले राज्यबाट प्राप्त राहत समेत प्राप्त गरेको नदेखिंदा र पारिवारिक अवस्था कमजोर रहेको भन्ने देखिन आएकोले राष्ट्रिय मानव अधिकार आयोगको उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम बमोजिम क्षतिपूर्ति रु. ३ लाख उपलब्ध गराउन, दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडितको आश्रित बालबालिकाको पठनपाठनको निःशुल्क व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश

गर्ने मिति २०७२।०९।२६ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ७१६, श्री प्र.म.म.का.मा मिति २०७२।११।२८ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७४८**

१. **पीडितको नाम, थर र ठेगाना** ज्ञानेन्द्र हमाल, रामशिखरझाला -६, गणेशपुर, कैलाली

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला, रामशिखरझाला गाविस वडा नं. ६, गणेशपुर घर भई जनमोर्चा नेपालका कार्यकर्ता तथा अनेरास्ववियु (एकिकृत) कैलालीका जिल्ला सदस्य ज्ञानेन्द्र हमाललाई २०५९ सालमा सुरक्षाकर्मीले हत्या गरेकोले निशपक्ष छानवीन र पीडित आफन्तलाई राहत र दोषीउपर कार्वाही गरी पाउँ भनी मिति २०५९/१२/११ मा जनमोर्चा नेपालको उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट ज्ञानेन्द्र हमाललाई सोही गाँउका संजय सिंहको हत्याको अभियोगमा २०५७ फाल्गुण/चैत्र महिनामा पक्राउपछि छोडेको पुनः मिति २०५८/९/११ गते ज्ञानेन्द्र हमाल सहित ६ जनालाई पक्राउ गरी पुनः छाडेको र २०५९/७/३० मा पक्राउ गरी हत्या गरेको मिति २०५९/११/२८ गते महेन्द्र राजमार्गदेखि दक्षिण वेहडा भन्ने स्थानबाट लाश खाल्डोबाट झिकी दाहसंस्कार गरेको कारण कब्जामा लिई हत्या भएको पुष्टी हुन आएको छ । निजको परिवारले राज्यको तर्फबाट रु ३ लाख प्राप्त गरेको भएतापनि दोषीलाई कार्वाही हुन नसकेको । अतः नेपालको संविधान (२०७२) को धारा २४९ को उपधारा (२) खण्ड (ग) बमोजिम नेपाली सेना सुखड वेस क्याम्पका तत्कालीन प्रमुख समेतबाट बुझी दोषीलाई कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिश गर्ने भनी आयोगबाट मिति २०७३/१/२८ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५९० अनुसन्धान महाशाखा ४४६/धनगढी मिति २०७३।०७।१८, मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म. तथा मन्त्रिपरिषद्को कार्यालय रक्षा मन्त्रालयमा पठाई सोको बोधार्थ/कार्यार्थ नेपाली सेना, मानव अधिकार निर्देशनालयलाई दिइएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७४९**

१. **पीडितको नाम, थर र ठेगाना** विष्णु प्रसाद ढकाल, घ्याङ सुकाठोकर -७, दोलखा

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** विष्णु प्रसाद ढकाललाई दोलखा जिल्लाको च्यामा गा.वि.स. स्थित देउराली भन्ने ठाउँमा तत्कालीन शाही नेपाली सेनाले घेरा हालि नियन्त्रणमा लिएर गोली हानी हत्या गरेकोले घटनाको अनुसन्धान गरी दोषीलाई कार्वाही र मृतकका आश्रित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६८।६।२ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीबाट अनुसन्धान हुँदा मिति २०६०/५/२८ मा खिम्ती ड्याम सुरक्षार्थ खटिएको पलांती व्यारेक रामेछापबाट खटिएको सेनाले निज विज्ञान भन्ने विष्णुप्रसाद ढकालको नियन्त्रणमा लिई हत्या गरेको पाइयो । सुरक्षाकर्मीको त्यस्तो कार्य नेपालको संविधानद्वारा प्रदत्त मौलिक हक, नेपाल कानून, नेपाल पक्ष राष्ट्र भएका मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी सम्झौता र सशस्त्र द्वन्द्वको बेला लागु हुने जेनेभा महासन्धी १९४९ को साझा धारा ३ विपरित मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघन भएको पाइएकोले सो घटनामा दोषी देखिएका खिम्ती ड्यामका सुरक्षार्थ खटिएका पंलाती व्यारेकका प्रमुख र निज मार्फत घटनामा संलग्न सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित परिवारको भरणपोषणको लागि राष्ट्रिय मानव अधिकार

आयोग ऐन २०६८ को दफा १६ को उपदफा ३ बमोजिम रु. ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७३।०१।२८ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ७०५, श्री प्र.म.म.का.मा मिति २०७३।७।२८ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.न मा.अ ८२-०७३।७४/३४१२ मिति २०७३।८।२७, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, रक्षा मन्त्रालय र शा.तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त।

च.न ५२९९ मिति २०७३।११।३, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, रक्षा मन्त्रालय र शा.तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७५०**

१. **पीडितको नाम, थर र ठेगाना** देववहादुर सुनुवार, अरुणठाकुर ५, जलकिनी, सिन्धुली।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** सिन्धुली जिल्ला अरुणठाकुर गा.वि.स. वडा नं. ५ जलकिनी बस्ने देववहादुर सुनुवारलाई ताराघारी व्यारेक उदयपुरका तत्कालीन नेपाली सेनाले मिति २०५९/१/८ मा पक्राउ गरी सिन्धुली जिल्लाको दुधौली १ रातमाटेमा माओवादीले शहिदगेट बनाएको छ त्यहाँ कार्यक्रम रहेको छ भनी स्कुल नजिकै लगेर गोली हानी हत्या गरेकोले पीडित परिवारलाई क्षतिपूर्ति समेत उपलब्ध गराई पाउँ भनी मिति २०६४/१२/१० मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिशः** आयोगको अनुसन्धान टोलीले घटनास्थलमा गई अनुसन्धान गर्दा निज देव वहादुर सुनुवारलाई नियन्त्रणमा लिई मारेको पाइयो। अतः सुरक्षाकर्मीको यस्तो कार्य नेपालको संविधानद्वारा प्रदत्त मौलिक हक, नेपाल कानून, नेपाल पक्ष राष्ट्र भएका मानव अधिकारसँग सम्बन्धित महासन्धीद्वारा प्रदत्त मानव अधिकारका साथै सशस्त्र द्वन्द्वको वेला लागु हुने जेनेभा महासन्धी १९४९ को साझा धारा ३ प्रतिकुल भई मानव अधिकार र मानविय कानूनको उल्लंघन भएको देखिदा ताराघारी व्यारेकका तत्कालीन प्रमुख र निज मार्फत घटनामा संलग्न सुरक्षाकर्मीको पहिचान गरी कार्वाही गर्न र मृतकका पीडित परिवारको भरणपोषणको लागि राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ को उपदफा ३ बमोजिम रु. ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७३।१।२८ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ७०९ मिति २०७३/७/२८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह, रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह, रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई पठाएको च.नं. ३४१० मिति २०७३/८/२७ को श्री प्रममपकाको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७५१**

१. **पीडितको नाम, थर र ठेगाना** राजनारायण सदा मुसहर, टाडी -८, सिन्धुली

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** सिन्धुली जिल्ला टाडी गाउँ विकास समिति ८ बस्ने राजनारायण सदा मुसहरलाई तत्कालीन नेपाली सेनाले मिति २०५९/१/८ मा नक्कली माओवादी बनाई दोहोरो भिडन्तको नाउँमा हत्या गरेकोले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी आयोगमा मिति २०६४/१२/१० मा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिशः** आयोगको अनुसन्धान टोलीको प्रतिवेदन हेर्दा निजलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिई गोली हानी हत्या गरेको पुष्टि हुन आयो। अतः सुरक्षाकर्मीको यस्तो कार्य नेपालको संविधानको मौलिक हक, प्रचलित नेपाल कानून, नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताका साथै द्वन्द्वको समयमा लागु हुने जेनेभा महासन्धी

१९४९ को साझा धारा ३ प्रतिकुलको कार्य भई गम्भीर मानव अधिकारको उल्लंघन भएको देखिदा तारागारी व्यारेक सिन्धुलीका तत्कालीन प्रमुख र निज मार्फत घटनामा संलग्न सुरक्षाकर्मीको पहिचान गरी कार्वाही गर्न र मृतकका परिवारको भरणपोषणको लागि रु ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७३।१।२८ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ७०८ मिति २०७३/७/२८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह, रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह, रक्षा रशान्ति तथा पुननिर्माण मन्त्रालयलाई पठाएको च.नं. ३४०९ मिति २०७३/८/२७ को श्री प्रममपकाको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७५२**

१. **पीडितको नाम, थर र ठेगाना** सोम वहादुर सुनुवार, अरुणठाकुर -५, सिन्धुली

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** सिन्धुली जिल्ला अरुणठाकुर गा.वि.स. वडा नं. ५ बस्ने सोम वहादुर सुनुवारलाई तारागारी व्यारेक उदयपुरका सेनाका जवानले २०५९/१/८ गते सिन्धुलीको दुधौली १ रातमाटेमा माओवादीले शहिदगेट बनाएको, कार्यक्रम छ भनी स्कुल भएको ठाउँमा लगि गोली हानी हत्या गरेकोले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६४/१२/७ माआयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिशः** आयोगको अनुसन्धानबाट निज सोम वहादुर सुनुवारको कब्जामा लिई हत्या भएको पुष्टि हुन आएको छ। अतः सैनिकको यस्तो कार्यले नेपालको संविधान प्रदत्त मौलिक हक, नेपाल कानून, नेपाल पक्ष राष्ट्र भएका मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी सम्झौताद्वारा प्रदत्त मानव अधिकार, जेनेभा महासन्धी १९४९ को साझा धारा ३ विपरित भई मानव अधिकारको गम्भीर उल्लंघन भएको पाइएकोले तारागारी व्यारेक सिन्धुलीका तत्कालीन प्रमुख र निज मार्फत घटनामा संलग्न अन्य सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र मृतकका परिवारको भरणपोषणको लागि रु ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७३।१।२८ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५९५ मिति २०७३/७/१९ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश एवं गृह र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति :**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७५३**

१. **पीडितको नाम, थर र ठेगाना** लोर्के वहादुर विश्वकर्मा, हावा -३, दोलखा

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** दोलखा जिल्ला हावा गा.वि.स. वडा नं. ३ बस्ने वर्ष ४६ को लोर्के वहादुर विश्वकर्मालाई २०५९ साल असोज महिनामा रामेछाप जिल्ला वेताली पलाती व्यारेकबाट खटिएका सुरक्षाकर्मीले गाउँमा खुकुरी वेच्न हिडेको वेला पक्राउ गरी व्यारेकमा लगि यातना दिएको कारण निजको मृत्यु भएकोले सो घटनाको छानवीन गरी पाउँ भनी मिति २०६३।०९।१६ मा आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धाबाट सो घटनामा विज्ञान भन्ने विष्णु ढकाल, लोर्के वहादुर वि.क., सुरत तामाङ्ग, ढाल वहादुर तामाङ्गलाई खिम्ती ड्यामको सुरक्षार्थ खटिएका तत्कालीन चरिकोट, दोलखा अवस्थित सैनिक गण मातहत पलाँती व्यारेकका सैनिकले नियन्त्रणमा लिई गोली हानी मारेको, सोको जानकारी पीडित परिवारलाई नदिएको, लाश फालेर हिडेको र लोर्के वहादुर वि.क.को लास वेपत्ता वनाएको र माओवादीको आशंकामा पक्राउ गरिएका हावा

गा.वि.स. वडा नं. ९ का दिलिप सुनुवार समेतलाई यातना दिएको पाइयो । माओवादीकै आशंकामा पक्राउ गरिएका हावा गा.वि.स. वडा नं. ७ का प्रकाश सुनुवार, ऐ. वडा नं. ८ का जीवन सुनुवार, ऐ. वडा नं. ९ का भुरुङ्गे भन्ने तीलक तामाङ्ग र जीत वहादुर नेपालीलाई यातना दिएको पाइयो । उजुरकर्ताले घटना मिति २०५९ असोज भनी उल्लेख गरेतापनि अनुसन्धानको क्रममा घटना मिति २०६० भाद्र २२ गते भएको पाइयो । तत्कालीन नेपाली सेनाद्वारा भएको यस्तो काम कार्वाही नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय महासन्धी, संयुक्त राष्ट्र संघीय सिद्धान्त, सं.रा. संघीय मानव अधिकार परिषदले गरेका सिफारिश, नेपालको वर्तमान संविधान एवं राष्ट्रिय कानूनको प्रतिकुल रहेको पाइयो । अतः उक्त घटनामा दोषी देखिएका तत्कालीन खिम्ती ड्याम सुरक्षार्थ खटिएका पलाँती व्यारेकका प्रमुखलाई कार्वाही गरी निज मार्फत को कसको संलग्नता छ भन्ने समेत खुलाउन लगाई दोषीको पहिचान गरी कार्वाही गर्न र मृतकका पीडित परिवारको भरणपोषणको लागि रु ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन र यातना पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७३।१।२८ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ७०१ मिति २०७३।०७।२६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ५२९९ मिति २०७३।११।०३ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह, शान्ति तथा पुनर्निर्माण र रक्षा मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७५४**

१. **पीडितको नाम, थर र ठेगाना** सुरत तामाङ्ग, गैरीमुदी -३, दोलखा

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** दोलखा जिल्ला, गैरीमुदी गाविस वडा नं. ३ बस्ने सुरत तामाङ्गलाई २०५९ साल असोज महिनामा रामेछाप जिल्ला वेताली पलाती व्यारेकबाट खटिएका सुरक्षाकर्मीले गाउँमा खुकुरी बेच्न हिडेको बेला पक्राउ गरी व्यारेकमा लगी यातना दिएको कारण निजको मृत्यु भएकोले सो घटनाको छानवीन गरी पाउँ भनी आयोगमा मिति २०६८।६।२ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धानको लागि खटिएको टोलीबाट घटनाको स्थलगत अनुसन्धान हुँदा सो घटनामा विज्ञान भन्ने विष्णु ढकाल, लोर्के वहादुर वि.क., सुरत तामाङ्ग, ढाल वहादुर तामाङ्गलाई खिम्ती ड्यामको सुरक्षार्थ खटिएका तत्कालीन चरिकोट, दोलखा अवस्थित सैनिक गण मातहत पलाँती व्यारेकका सैनिकले नियन्त्रणमा लिई गोली हानी मारेको, सोको जानकारी पीडित परिवारलाई नदिएको, लाश फालेर हिडेको र लोर्के वहादुर वि.क.को लास वेपत्ता बनाएको र माओवादीको आशंकामा पक्राउ गरिएका हावा गा.वि.स. वडा नं. ९ का दिलिप सुनुवार समेतलाई यातना दिएको पाइयो । माओवादीकै आशंकामा पक्राउ गरिएका हावा गा.वि.स. वडा नं. ७ का प्रकाश सुनुवार, ऐ. वडा नं. ८ का जीवन सुनुवार, ऐ. वडा नं. ९ का भुरुङ्गे भन्ने तीलक तामाङ्ग र जीत वहादुर नेपालीलाई यातना दिएको पाइयो । उजुरकर्ताले घटना मिति २०५९ असोज भनी उल्लेख गरेता पनि अनुसन्धानको क्रममा घटना मिति २०६० भाद्र २२ गते भएको पाइयो । तत्कालीन नेपाली सेनाद्वारा भएको यस्तो काम कार्वाही नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय महासन्धी, संयुक्त राष्ट्र संघीय सिद्धान्त, सं.रा. संघीय मानव अधिकार परिषदले गरेका सिफारिश, नेपालको वर्तमान संविधान एवं राष्ट्रिय कानूनको प्रतिकुल रहेको पाइयो । अतः उक्त घटनामा दोषी देखिएका तत्कालीन खिम्ती ड्याम सुरक्षार्थ खटिएका पलाँती व्यारेकका प्रमुखलाई कार्वाही गरी निज मार्फत को कसको संलग्नता छ भन्ने समेत खुलाउन लगाई दोषीको पहिचान गरी कार्वाही गर्न र मृतकका पीडित परिवारको भरणपोषणको लागि रु ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन र यातना पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७३।१।२८ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ७०६, श्री प्र.म.म.का.मा मिति २०७३।७।२८ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखि पठाइएको ।

६. **कार्यान्वयनको स्थिति**

च.न ५२९९ मिति २०७३।११।३, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, रक्षा मन्त्रालय र शा.तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७५५**

१. **पीडितको नाम, थर र ठेगाना** ढाल वहादुर तामाङ्ग, गैरीमुदी -३, दोलखा

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** दोलखा जिल्ला गैरीमुदी गविस वडा नं. ३ बस्ने ढाल वहादुर तामाङ्ग समेतलाई २०५९ साल असोज महिनामा रामेछाप जिल्ला वेताली पलाती व्यारेकबाट खटिएका सुरक्षाकर्मीले गाउँमा खुकुरी वेच्न हिडेको वेला पक्राउ गरी व्यारेकमा लगि यातना दिएको कारण निजको मृत्यु भएकोले सो घटनाको छानवीन गरी पाउँ भनी मिति २०६८।६।२ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धानको लागि खटिएको टोलीबाट घटनाको स्थलगत अनुसन्धान हुँदा सो घटनामा विज्ञान भन्ने विष्णु ढकाल, लोर्के वहादुर वि.क., सुरत तामाङ्ग, ढाल वहादुर तामाङ्गलाई खिम्ती ड्यामको सुरक्षार्थ खटिएका तत्कालीन चरिकोट, दोलखा अवस्थित सैनिक गण मातहत पलाँती व्यारेकका सैनिकले नियन्त्रणमा लिई गोली हानी मारेको, सोको जानकारी पीडित परिवारलाई नदिएको, लाश फालेर हिडेको र लोर्के वहादुर वि.क.को लास वेपत्ता वनाएको र माओवादीको आशंकामा पक्राउ गरिएका हावा गा.वि.स. वडा नं. ९ का दिलिप सुनुवार समेतलाई यातना दिएको पाइयो । माओवादीकै आशंकामा पक्राउ गरिएका हावा गा.वि.स. वडा नं. ७ का प्रकाश सुनुवार, ऐ. वडा नं. ८ का जीवन सुनुवार, ऐ. वडा नं. ९ का भुरुङ्गे भन्ने तीलक तामाङ्ग र जीत वहादुर नेपालीलाई यातना दिएको पाइयो । उजुरकर्ताले घटना मिति २०५९ असोज भनी उल्लेख गरेतापनि अनुसन्धानको क्रममा घटना मिति २०६० भाद्र २२ गते भएको पाइयो । तत्कालीन नेपाली सेनाद्वारा भएको यस्तो काम कार्वाही नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय महासन्धी, संयुक्त राष्ट्र संघीय सिद्धान्त, सं.रा. संघीय मानव अधिकार परिषदले गरेका सिफारिश, नेपालको वर्तमान संविधान एवं राष्ट्रिय कानूनको प्रतिकुल रहेको पाइयो । अतः उक्त घटनामा दोषी देखिएका तत्कालीन खिम्ती ड्याम सुरक्षार्थ खटिएका पलाँती व्यारेकका प्रमुखलाई कार्वाही गरी निज मार्फत को कसको संलग्नता छ भन्ने समेत खुलाउन लगाई दोषीको पहिचान गरी कार्वाही गर्न र मृतकका पीडित परिवारको भरणपोषणको लागि रु. ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन र यातना पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७३।१।२८ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ७०६, श्री प्र.म.म.का.मा मिति २०७३।७।२८ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखि पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न ५२९९ मिति २०७३।११।३, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, रक्षा मन्त्रालय र शा.तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ख) माओवादीद्वारा हत्या**

**क्रम संख्या ७५६**

१. **पीडितको नाम, थर र ठेगाना** फुलमाया स्याङतान, घुसेल ३, ललितपुर

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** ललितपुर जिल्ला, घुसेल गाविस वडा नं. ३, डिकुदमार बस्ने फुलमाया स्याङतानलाई मिति २०६०/०६/२० गते पाँच जनाको समूहमा आएका माओवादीका कार्यकर्ताहरूले आफ्नै घरमा बसीरहेको अवस्थामा कुटपीट गरी हत्या गरेकोले दोषीमाथि कार्वाही तथा पीडितका परिवारलाई उचित क्षतिपुर्तिको लागी आवश्यक पहल गरिदिन मिति २०६४/१०/१४ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** ललितपुर जिल्ला, घुसेल गाविस वडा नं. ३, डिकुदमार बस्ने फुलमाया स्याङतानलाई मिति २०६०/०६/२० गते पाँच जनाको समूहमा आएका माओवादीका कार्यकर्ताहरूले आफ्नै घरमा बसीरहेको अवस्थामा कुटपीट गरी हत्या गरेकोले दोषीलाई समेतको लागि आयोगमा उजूरी पर्न आएको, आयोगको अनुसन्धानबाट निज फुलमाया स्याङतानलाई तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरू ललितपुर जिल्ला प्युटार गा.वि.स. वडा नं. १ बस्ने अर्जुन भन्ने झम्कनाथ घिमिरे, ऐ माल्टा गा.वि.स. वडा नं. ७ बस्ने दिपक पुलामी मगर, ऐ वडा नं. ८ बस्ने रेणु मगर र गोमा घर्ति मगरले कुटपीट गर्दा मृत्यु हुन गएको पाइयो । माओवादी कार्यकर्ताले नियन्त्रणमा लिई यातना कुटपीट गर्दा मृत्यु हुन गउको पाइयो । माओवादी कार्यकर्ताले नियन्त्रणमा लिई यातना दिई हत्या गरेको कार्य जेनेभा महासन्धी १९४९ को साझा धारा ३ विपरित रहे भएको पाइयो । अतः उक्त घटनामा दोषि देखिएका व्यक्तिहरू मध्ये गोमा घर्ती मगर तत्कालीन अवस्थामा नाबालक नै रहेको देखिएकोले अन्य पहिचान भएका माओवादी कार्यकर्ता र निजहरू मार्फत अन्य दोषिको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र मृतकका आश्रित परिवारको भरणपोषणको लागि रु ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो साथै शसस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग गरेको पाइएकोले तत्कालीन नेकपा (माओवादी) को नेतृत्वलाई सचेत गराउन लेखी पठाउने भनी आयोगबाट मिति २०७३/१/२८ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ७०३ अनुसन्धान महाशाखा ४३५५/के.का. मिति २०७३।०७।२८, मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म. तथा मन्त्रिपरिषदको कार्यालयमा पठाई सोको बोधार्थ/कार्यार्थ गृह मन्त्रालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाइ दिइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ८२/०७३/७४/३४०८ मिति २०७४/०८/२७ गते प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट निर्णय कार्यान्वयनको लागी गृह तथा शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाइएको पत्रको बोधार्थ आयोगलाई प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७५७**

१. **पीडितको नाम, थर र ठेगाना** टिकाराज आरोन, पुरानागाउँ -५, रामेछाप ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** रामेछाप जिल्ला पुरानागाउँ गा.वि.स. वडा नं. ५ घर भई नेपाली काँग्रेस शान्ति प्रक्रिया एवं द्वन्द्वपीडित अनुगमन तथा समन्वय समितिका पूर्व केन्द्रीय सदस्यको रुपमा कार्यरत टिकाराज आरोनलाई मिति २०५७/११/१६ मा तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरू दिलिप गिरी, रामबाबु गिरी, तुलसी गिरी, लालमान लामा, हेम वहादुर बुढाथोकीले घरबाट अपहरण गरी नियन्त्रणमा लिई चरम यातना दिएर गोली हानी हत्या गरेकोले दोषीलाई कार्वाही गरी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६८/२/२७ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिशः** आयोगको अनुसन्धान टोलीले स्थलगत अनुसन्धान गरी पेश गरेको प्रतिवेदनबाट तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले निज टिकाराम आरानलाई घरबाटै अपहरण गरी गोली हानी हत्या गरेको पाइयो । उक्त घटनाको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय रामेछापमा जाहेरी दर्खास्त दर्ता भएकोमा प्रहरीबाट प्रभावकारी अनुसन्धान समेत गरेको पाइएन । सशस्त्र द्वन्द्वको बेला नेकपा माओवादीबाट भएको यस्तो कार्य अन्तर्राष्ट्रिय मानविय कानूनको विपरित भई जेनेभा महासन्धी १९४९ को साझा धारा ३ को उल्लंघन हुन गएको प्रष्ट देखिन्छ । अतः उक्त घटनामा संलग्न अभियुक्तहरूको पहिचान गरी अन्य अभियुक्तहरू भए आरोपित उल्लेखित व्यक्तिहरूबाट खोल्न लगाई पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित परिवारको भरणपोषणको लागि राष्ट्रिय मानव अधिकार आयोग २०६८ को दफा १६ को उपदफा ३ बमोजिम रु. ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७३।१।२८ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ७०७ मिति २०७३/७/२८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई पठाएको च.नं. ०८२–०७३/७४–३४१३ मिति २०७३/८/२७ को श्री प्रममपकाको बोधार्थ पत्र। प्रहरी प्रधान कार्यालयलाई पठाएको च.नं. ८५ मिति २०७३/९/१ को गृह मन्त्रालयको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७५८**

१. **पीडितको नाम, थर र ठेगाना** सरोज तामाङ्ग, दुई पिपल -८, नुवाकोट

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** नुवाकोट जिल्ला दुई पिपल गा.वि.स. वडा नं. ८ मुसुरे घर भई तारादल गण देवीघाट व्यारेक, नुवाकोटमा कार्यरत सरोज तामाङ्गलाई मिति २०६०/४/२४ गते तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले अपहरण गरी लगेकोले जीवन रक्षाको लागि पहल गरी पाउँ भन्ने व्यहोराको उजूरी आयोगमा मिति २०६३/५/१५ मा दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार तत्कालीन अवस्थामा नुवाकोट जिल्ला दुई पिपल ७ बस्ने नेकपा माओवादीका कार्यकर्ता दिवाकर भन्ने रामशरण सुवेदी समेतका माओवादी कार्यकर्ताले दुई पिपल गाउँ विकास समितिको भवन नजिकैबाट २०६०/४/२४ मा अपहरण गरी २०६०/४/२८ मा ऐ. दुई पिपल गा.वि.स.को डडुवा भन्ने स्थानमा लगि मारेको पाइयो। अपहरण पश्चात मारिएका निजको लाश परिवारलाई उपलब्ध नगराएबाट आफ्नो रिती, परम्परा, संस्कृति बमोजिम दाहसंस्कार गर्न पाउने परिवारको साँस्कृतिक अधिकार समेत हनन् भएको पाइयो। अतः द्वन्द्वको वेला लागु हुने जेनेभा महासन्धी १९४९ को साझा धारा ३ समेतको माओवादीबाट हनन् भएको पाइयो। अतः उक्त घटनामा पहिचान भएका तत्कालीन नेकपा (माओवादी) का इन्चार्ज नुवाकोट जिल्ला दुई पिपल गा.वि.स. ७ बस्ने दिवाकर भन्ने रामशरण सुवेदी समेतबाट घटनामा दोषी रहेका अन्य माओवादी कार्यकर्ता समेतको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित परिवारको भरणपोषणको लागि राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ बमोजिम रु ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७३।१।२८ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ७०० मिति २०७३/७/२८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको च.नं. ८२/०७३/७४/३४०७ मिति २०७३/८/२७ को श्री प्रममपकाको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ग) हिरासतमा मृत्यु**

**क्रम संख्या ७५९**

१. **पीडितको नाम, थर र ठेगाना** मधु ताजपुरिया, सिजुवा -३, मोरङ्ग

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला मोरङ्ग सिजुवा गा.वि.स. वडा नं. ३ निवासी चिया पसल गरी बस्ने वर्ष ५७ को मधु ताजपुरियालाई मादक पदार्थ सेवन गरी होहल्ला गरेको भन्ने आरोपमा इलाका प्रहरी कार्यालय सिजुवा मोरङ्गबाट २०७१/७/७ गते दिउँसो ४:०० बजे निजको घर नजिकै संचालित ओम शान्ति धार्मिक कार्यक्रम स्थलबाट पक्राउ गरी हिराशतमा राखेको अवस्थामा विरामी परी निजको अवस्था गम्भीर भई उपचारको लागि कोशी अञ्चल अस्पताल लैजादै गर्दा मृत्यु भएकोले मानव अधिकार संरक्षण गरी पाउँ भनी मिति २०६१/७/१४ मा उजूरी दर्ता।

४. **आयोगको निर्णय/सिफारिश** प्रहरी हिराशतमा प्रहरीको लापरवाहीको कारण मृत्यु भएको देखिदा मृतकका कानून बमोजिमका हकवालालाई रु. ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन, इलाका प्रहरी कार्यालयका तत्कालीन प्रमुख बाबुराम

पोखरेललाई सचेत गराउन र हिराशतमा लिइने व्यक्तिको स्वास्थ्य परीक्षण र पोष्टमार्टम प्रक्रियामा समेत लापरवाही देखिएकोले स्वास्थ्य परीक्षण र पोष्टमार्टम प्रतिवेदनलाई कानून अनुरुप हुने गरी सुधार गर्न साथै स्वास्थ्य मन्त्रालय मार्फत मेडिको लिगल सम्बन्धी तालीम, भौतिक संख्यामा सुधारका लागि मिसिल संलग्न सुझाव टिप्पणी बमोजिम नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने भनी मिति २०७२/९/२६ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ७९४ मिति २०७२/१२/१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सिंहदरबार काठमाडौँलाई सिफारिश गरेको ।

आयोगबाट च.नं. २०११ मिति २०७५/३/१९ मा निर्णय कार्यान्वयनको (ताकेता) सम्बन्धमा श्री गृह मन्त्रालय सिंहदरबार काठमाडौँलाई सिफारिश गरेको ।

६. **कार्यान्वयनको स्थिति** गृह र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाएको च.नं. मा.अ.२०७२/०७३–६६९१ मिति २०७३/९/१ को श्री प्रममपकाको बोधार्थ पत्र । प्रहरी प्रधान कार्यालयलाई पठाएको च.नं. १२९ मिति २०७३ /१/२१ को गृह मन्त्रालयको मानव अधिकार प्रवर्द्धन तथा अन्तराष्ट्रिय समन्वय शाखाको बोधार्थ पत्र । महानगरीय प्रहरी कार्यालय रानीपोखरीलाई पठाएको च.नं. १४३५ मिति २०७३/२/३ को प्रहरी प्रधान कार्यालयको बोधार्थ पत्र । महानगरीय प्रहरी कार्यालय रानीपोखरीलाई पठाएको च.नं. १५२२ मिति २०७३/२/२१ को प्रहरी प्रधान कार्यालयको बोधार्थ पत्र । गृह मन्त्रालयलाई पठाएको च.नं. १५५० मिति २०७३/२/२७ को प्रहरी प्रधान कार्यालयको बोधार्थ पत्र । सहजीकरण शाखा गृह मन्त्रलयलाई पठाएको च.नं २०१ मिति २०७४/१२/५ को गृह मन्त्रालयको बोधार्थ पत्र । गृह र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाएको च.नं. ७१०५९१ मिति २०७५/३/२२ को श्री प्रममपकाको बोधार्थ पत्र । मृतकका कानून बमोजिमका हकवालालाई रु. ३ लाख क्षतिपूर्ति नपाएको, त्यसको लागि सम्बन्धित निकायलाई निर्देशनको लागि अनुरोध गर्ने, प्र.स.नि बाबुराम पोखरेललाई मिति २०७१/७/२७ मा अभिलेख जनीने गरी जि.प्र.का मोरङले नसिहत दिएको र हिरासतमा लिएको व्यक्तिको स्वास्थ्य परीक्षण र पोष्टमार्टमलाई गम्भीरतापूर्वक लिई कानून सम्मत ढंगबाट गर्न तथा कुनै पनि व्यक्तिलाई हिरासतमा राख्नुपूर्व र हिरासतबाट मुक्त गर्दा वा अदालतमा पेश गर्ने क्रममा समेत अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गर्ने/गराउने भनी प्र.प्र.का. अपराध अनुसन्धान विभाग एवं यस शाखाबाट मातहत सम्पूर्ण प्रहरी कार्यालयहरूलाई निर्देशन दिई सोको कार्यान्वयन भए/नभएको सम्बन्धमा नियमित अनुगमन समेत गर्ने व्यहोरा उल्लेखित च.नं. ७ मिति २०७५/४/ को प्रहरी प्रधान कार्यालयको छाँयाप्रति सहित च.नं. ९ मिति २०७५/४/९ को गृह मन्त्रालयको जानकारी पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या ७६०**

१. **पीडितको नाम, थर र ठेगाना** निरज देवकोटा, सिन्धुली

२. **उल्लंघनकर्ता** कारागार प्रशासन

३. **उजूरीको संक्षिप्त विवरण** कारागार कार्यालय सिन्धुलीमा थुनामा रहेको अवस्थामा मिति २०६९।९।१८ गते रातको समयमा वन्दीहरूबीच झडप भई चौकीदार निरज देवकोटाको मृत्यु भएकोमा उक्त घटनाको आयोगबाट अनुगमनमा खटिएको टोलीले अनुगमन पश्चात पेश गरेको प्रतिवेदनलाई उजूरीको रुपमा ग्रहण गरी कार्वाही अगाडि बढाएको र मिति २०७१।८।२ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** जिल्ला कारागार कार्यालय सिन्धुलीमा थुनामा रहेको अवस्थामा मिति २०६९/९/१८ गते राती वन्दीहरूबीच झडप भई थुनुवा चौकिदार निरज देवकोटाको मृत्यु भएकामा उक्त घटनाको आयोगको क्षेत्रीय कार्यालय जनकपुर समेतबाट खटिएको टोलीले अनुगमन पश्चात पेश गरेको प्रतिवेदनको आधारमा उजूरी ग्रहण गरिएको प्रस्तुत घटनामा घटनामा परी मृत्यु भएका निरज देवकोटाको आश्रित परिवारको भरणपोषणको लागि कानून बमोजिमका हकवालालाई रु. ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा परी घाइते भएका व्यक्तिलाई रु २५ हजारका दरले उपलब्ध गराउन साथै कारागार कार्यालय सिन्धुलीका तत्कालीन प्रमुख र कारागारको सुरक्षार्थ खटिएका सुरक्षा प्रमुखलाई विभागिय कार्वाही गरी कारागारभित्र हुने गैरकानूनी क्रियाकलाप रोक्न उचित संयन्त्र र सुरक्षा व्यवस्था गर्न नेपाल सरकारलाई

सिफारिश गर्ने मिति २०७२।०९।२६ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ७८८ अनुसन्धान ६४८ मिति २०७२।१२।१ मा निर्णय कार्यान्वयनको लागि सिफारिश गरिएको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १३३ मिति २०७३।०६।१२ को अर्थ मन्त्रालयले महालेखा नियन्त्रक कार्यालय, अनामनगरलाई आयोगको सिफारिश अनुसार निरज देवकोटाको आश्रित परिवारलाई रु. ३ लाख र रिद्धि बहादुर गुर्मछान (रु. २५ हजार) क्षतिपूर्ति उपलब्ध गराउन गृह मन्त्रालयको नाममा रकम निकासा गरेको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या ७६१**

१. **पीडितको नाम, थर र ठेगाना** भवानी तामाङ, थाक्रे ७, धादिङ

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** महानगरीय प्रहरी वृत्त कालिमाटी, काठमाडौंको हिरासतमा रहेकी धादिङ्ग जिल्ला, थाक्रे गा.वि.स. वडा नं. ७ बस्ने भवानी तामाङ्गको झुण्डिएर मृत्यु भएको भनी राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालयमा २०६८/१२/५ गते महानगरीय प्रहरी बृत्त कालिमाटी, काठमाडौंका प्रमुख (प्र.ना.उ.) टेक बहादुर तामाङबाट टेलिफोन मार्फत सूचना प्राप्त भएको र मिति **२०६८।१२।५** मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश**आयोगको अनुसन्धान टोलि २०६८/१२/५ गते घटना भएकै दिन खटिई पेश भएको अनुसन्धान प्रतिवेदन हेर्दा निजले आत्महत्या गर्नुको मुल कारण ढुकुटी खेल रहेको पाइएकोले ढुकुटी खेललाई नियन्त्रण गर्न, नियमित बनाउन आवश्यक नीति तर्जुमा गर्न नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने भनी आयोगबाट मिति २०७३/१/२८ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ८३९अनुसन्धान महाशाखा ८८७/के.का. मिति २०७३।०८।२१, मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म. तथा मन्त्रिपरिषदको कार्यालयलाई पत्र पठाइएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**घ) घाइते/कुटपीट**

**क्रम संख्या ७६२**

१. **पीडितको नाम, थर र ठेगाना** लोकेन्द्र मल्ल, दरख -७, कैलाली

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी तथा नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला, दरख गा.वि.स. वडा नं. ७ बस्ने लोकेन्द्र मल्ललाई २०५९/८/२५ गते वैतडी जिल्लाबाट कैलाली जिल्लाको सुखडतर्फ आउँदै गर्दा डडेल्धुरा जिल्ला अमरगढी नगरपालिकाको चेक पोष्टका प्रहरी कर्मचारीले विद्रोही पक्ष नेकपा माओवादीको आशंकामा पक्राउ गरी हिराशतमा यातना दिएको ३ महिनापछि कारागार कार्यालय डडेल्धुराबाट रिहा भई घरमा वसोवास गरी आएको अवस्थामा नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी निर्घात कुटपीटको कारण खुट्टा समेत भाँचिएकाले घटनाको छानवीन गरी पीडितका परिवारलाई उचित क्षतिपूर्ति तथा पीडकलाई कार्वाही गरी पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय धनगढीमा मिति २०६३।१०।१४ मा उजूरी दिएको ।

४. **आयोगको निर्णय/सिफारिश** अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूको वयान, उपचार गराएको कागजात, पत्रपत्रिकामा तत्काल प्रकाशित समाचार र विभिन्न राजनीतिक दलबाट भएका सिफारिशको आधारमा सुरक्षाकर्मी र माओवादीको यातना कुटपीटको कारण मानव अधिकार उल्लंघन भएको देखिदा उक्त कार्य जेनेभा महासन्धी १९४९ को साझा धारा ३, मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा ५, यातना तथा अन्य अमानवीय, क्रुर तथा अपमानजनक व्यवहार विरुद्धको महासन्धी १९८४ को धारा १, ३, ४, यातना क्षतिपूर्ति सम्बन्धी ऐन २०५३ को दफा ३ (१) समेतको

उल्लंघन हुन गएको पाइएकोले आयोगको उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम १८ बमोजिम रु. १ लाख क्षतिपूर्ति उपलब्ध गराउन, निजको निःशुल्क स्वास्थ्योपचारको व्यवस्था मिलाउन, यातना दिन संलग्न सुरक्षाकर्मी र नेकपा माओवादीका कार्यकर्तालाई पहिचान गरी कानून बमोजिम कार्वाही गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७२।०९।२६ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ७१७ अनुसन्धान ४९२ मिति २०७२।११।२८ मा निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा पममपको कार्यालय र शान्ति मन्त्रालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २/७२२ मिति २०७२।१२।२६ मा स्वास्थ्य मन्त्रालय (समन्वय शाखा) ले निःशूल्क औषधोपचारको व्यवस्था गरिदिने सम्बन्धमा त्रि.वि. शिक्षण अस्पताल महाराजगञ्जलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या ७६३**

१. **पीडितको नाम, थर र ठेगाना** शंकरदेव क्याम्पसका शिक्षक, विद्यार्थी र कर्मचारी समेत

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** पत्रकार खिलनाथ ढकाललाई नेकपा (एमाले) निकट भातृ संगठन युवा संघ नेपालका अध्यक्ष पर्शुराम बस्नेतले कुटपीट गरिएको र सो घटनामा सोही संगठनका कार्यकर्ता महेश बस्नेतको संलग्नता भएको भनी विभिन्न सञ्चार माध्यममा समाचार प्रकाशित भएको र २०६८/३/१ गते महेश बस्नेतलाई पक्राउ गरिएको विरोधमा २०६८/३/२ मा सम्बन्धित विद्यार्थी संगठनका कार्यकर्ताहरूले विरोध प्रदर्शन गरेको, त्यसै क्रममा काठमाडौंको त्रिचन्द्र कलेज अगाडि र पुतलीसडक स्थित कुमारी बैंक अगाडि नेपाल विद्युत प्राधिकरणको एउटा गाडी र अर्को सरकारी गाडीमा आगजनी गरेको, आगजनी पश्चात शान्ति सुरक्षाको लागि खटिएको प्रहरीले भीड नियन्त्रणका लागि कार्वाही गरेको, त्यसै सिलसिलामा प्रहरीहरू शंकरदेव क्याम्पसमा प्रवेश गरी बल प्रयोग गर्दा नियमित रुपमा पठनपाठन र कार्यालयको कार्यमा संलग्न क्याम्पसका शिक्षक, विद्यार्थी र कर्मचारी समेत घाइते हुन पुगेका, क्याम्पसको सम्पत्ति तोडफोड भएकोले अत्यधिक बल प्रयोगमा संलग्न सुरक्षाकर्मीलाई कार्वाही गरी पाउँ भनी मिति २०६८/३/१२ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीबाट घटनाको अनुसन्धान समेत भएको र सो घटना सम्बन्धमा छानवीन गर्न नेपाल सरकारबाट कारागार व्यवस्थापन विभागका महा निर्देशक दुर्गा प्रसाद भण्डारीको संयोजकत्वमा समिति समेत गठन गरी सो समितिले प्रतिवेदन समेत पेश गरिसकेको पाइएकोले सो समितिले पेश गरेको प्रतिवेदनको सुझाव र सिफारिश खण्डमा उल्लेखित सुझाव तथा सिफारिशको कार्यान्वयन गरी उक्त प्रतिवेदनका बुँदा लागु गर्न गराउन नेपाल सरकार प्रममपकालाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७३।१।२८ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५९२ मिति २०७३/७/१९ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** :

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७६४**

१. **पीडितको नाम, थर र ठेगाना** मोतीलाल खत्री, विराट -८, जुम्ला

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जुम्ला जिल्ला विराट गा.वि.स. वडा नं. ८ बस्ने मोतीलाल खत्रीलाई हत्या सम्बन्धित मुद्दामा जुम्ला जिल्ला अदालतमा २०६८/१२/१९ को थुनछेक आदेशको क्रममा मौन जुलुसमा रहेको अवस्थामा प्रहरीबाट लाठी प्रहार भएकोले आवश्यक कार्वाही गरी पाउँ भनी आयोगमा उजूरी मिति २०६८।१२।२० मा दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** अदालतमा विचाराधीन मुद्दामा प्रभाव पार्ने गरी नारा जुलुस, विरोध प्रदर्शन भएकोले सामान्य

बल प्रयोग भएको भन्ने सम्बन्धित सुरक्षा निकायको जवाफ रहेको देखिन्छ। घाइते भएको भनिएका व्यक्तिबाट उपचार गराएको प्रमाण पेश गर्न सकेको देखिएन। अतः सुरक्षाकर्मीले भीड नियन्त्रण गर्दा कानून बमोजिम प्राप्त अधिकार बाहेक अत्यधिक बल प्रयोग नगर्न नगराउन सम्बन्धित निकायमा नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७३।०१।२८ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ६२७ मिति २०७५।०५।२२ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १८६७ मिति २०७५।६।२ मा प्रममपकाले निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ङ) बेपत्ता**

**क्रम संख्या ७६५**

१. **पीडितको नाम, थर र ठेगाना** चन्द्र लामिछाने, वगनाह १, वर्दिया

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** वर्दिया जिल्ला वगनाह गा.वि.स. वडा नं. १ बस्ने चन्द्र लामिछानेलाई सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता पारेकोले जीवन रक्षाको लागि मिति २०६३।८।१२ मा आयोगमा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार माओवादीको आशंकामा चन्द्र लामिछानेलाई सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता पारेको प्रतिवेदन प्राप्त हुन आएकोले दोषीको पहिचान गरी कार्वाही गर्न र पीडितलाई सम्मानीत सर्वोच्च अदालतबाट भएको आदेश अनुसार रु. १ लाख राहत स्वरुप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७३।१।२८ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५९१, श्री प्र.म.म.का.मा मिति २०७३।७।१८ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. २९ मिति २०७३।५।२५, शा.तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना महाशाखाबाट विवरण उपलब्ध गराएको बारे सम्बन्धमा आयोगलाई पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**च) यातना**

**क्रम संख्या ७६६**

१. **पीडितको नाम, थर र ठेगाना** लक्ष्मण रोकाया, सनिगाउ ५, जुम्ला

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जुम्ला जिल्ला सनिगाउ गा.वि.स. वडा नं. ५ बस्ने लक्ष्मण रोकायालाई नेपाली सेनाका सुरक्षाकर्मीले कुटपीट गरेकोले कार्वाही गरी पाउँ भनी २०६८।८।१ मा आयोगमा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा पीडितले ज्यान मार्ने उद्योग मुद्दा दर्ता गरी आवश्यक कार्वाही भइरहेको देखिएको, पीडितको राहत क्षतिपूर्तिको लागि आयोगको (उजूरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम २४ (१) (घ) बमोजिम रु. १ लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७३।१।२८मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ८३५ अनुसन्धान महाशाखा १४२ जुम्ला, मिति २०७३।०७।१२ को निर्णय कार्यान्वयनको लागि प्रममपकालाई पत्राचार गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयको राहत तथा पुर्नस्थापना

इकाई र गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७६७**

१. **पीडितको नाम, थर र ठेगाना** गयाप्रसाद चौधरी, राजापुर -३ मुरैया, बर्दिया

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बर्दिया, राजापुर गा.वि.स. वडा नं. ३ मुरैया बस्ने गयाप्रसाद चौधरीलाई अस्थायी बेस क्याम्पबाट आएका सयुक्त सुरक्षाफौजका सुरक्षाकर्मीले मिति २०६०/९/२ गते घरमा आई माओवादीको आरोपमा पक्राउ गरी बेसक्याम्पमा लगी लाठी, बुटले कुटपीट गरी करेन्ट लगाई शारीरिक यातना दिएकाले दोषीलाई कानून बमोजिम कार्वाही गर्न र पीडितलाई क्षतिपूर्ति प्रदान गर्न पहल गरिपाउँ भनी आयोगमा मिति २०६४।१२।१५ मा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान प्रतिवेदन अनुसार द्वन्द्वपीडित घाइतेको प्रभावकारी उपचार समेत गराएको नदेखिएकोले दोषीको पहिचान गरी कार्वाही गर्न र पीडितको यातनाको कारण मेरुदण्ड, मृगौला, खुट्टामा गम्भीर असर पुगेकोले मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ को उपदफा (३) बमोजिम र राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम २२ बमोजिम र नियम २४ को उपनियम (घ) बमोजिम औषधी उपचारमा लागेको खर्च, भविष्यमा निःशुल्क उपचार गराउन र पीडितलाई रु. १०००००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनी आयोगबाट मिति २०७३/१/२८ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५८८ मिति २०७३।०७।१८ मा आयोगको निर्णय कार्यान्वयनको लागि प्रममपकामा पठाई सोको बोधार्थ/कार्यार्थ गृह मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालय तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाइएको ।

च.नं. ४१८ अनुसन्धान महाशाखा मिति २०७४/०५/३० सिफारिश कार्यान्वयनको सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई ताकेता पत्र पठाइएको र सोको बोधार्थ/कार्यार्थ गृह मन्त्रालयलाई पठाइएको ।

६. **कार्यान्वयनको स्थिति**ः प्रममपकाबाट च.नं. मा.अ. १४६५, मिति २०७४/०६/४ मा निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाइएको पत्रको बोधार्थ ।

प्रममपकाबाट च.नं. ५०२२ मिति २०७४/१२/२९ मा निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालयलाई पठाइएको पत्रको बोधार्थ ।

गृह मन्त्रालयबाट च.नं. ९८ मिति २०७५/०१/१० मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई आयोगको निर्णय कार्यान्वयनको लागि पठाइएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७६८**

१. **पीडितको नाम, थर र ठेगाना** विजयकुमार थारु, धधवार -८, वर्दिया

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला वर्दिया, धधवार गा.वि.स.-८ बस्ने विजयकुमार थारुलाई मिति २०५५/०७/१५ गो इलाका प्रहरी कार्यालय, मगरागाडीका प्रहरीले पक्राउ गरी थुनामा राखेको र चरम यातना दिएको घटनाको छानवीन गरी सत्य, तथ्य पत्ता लगाई दोषि उपर कार्वाही गरी पाउँ भनी मिति २०६३।१२।२८ मा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** वर्दिया जिल्ला धधवार गा.वि.स. वडा नं. ८ बस्ने विजय कुमार थारुलाई मिति २०५५/७/१५ गते इलाका प्रहरी कार्यालय मगरागाडीका प्रहरीले पक्राउ गरी थुनामा राखी यातना दिएकोले छानवीन गरी पाउँ भनी आयोगमा उजूरी दर्ता हुन आएको, वन्दी प्रत्यक्षीकरणको आदेशपछि थुनामुक्त भएको र यातनाको सम्बन्धमा

कहि कतैबाट सहायता नपाएको भारतको लखनउ र दिल्लीमा उपचार गराएको भनी आयोगको टोली समक्ष वयान गरेको देखिदा पीडितको राहतको लागि राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम रु. १ लाख क्षतिपूर्ति उपलब्ध गराउन र निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्नेभनी आयोगबाट मिति २०७३/१/२८ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५६१ मिति २०७३।०७।०९ मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म. तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइ सोको बोधार्थ/कार्यार्थ गृह मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालय तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाइएको ।

६. **कार्यान्वयनको स्थिति**ः प्र.म.तथा म.प. को कार्यालयबाट च.नं. मा.अ.८२-०७३/७४-३६६६ मिति २०७३/०९/०६ मा शान्ति तथा पुनर्निर्माण मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाइएको पत्रको बोधार्थ आयोगमा प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७६९**

१. **पीडितको नाम, थर र ठेगाना** वलिराम चौधरी, रामपुर विलासपुर -१, कञ्चनपुर ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर जिल्ला रामपुर विलासपुर गा.वि.स. वडा नं. १ बस्ने वलिराम चौधरीलाई २०५९/४/१९ गते आफ्नै मेडिकलबाट पक्राउ गरी सुरक्षाकर्मीले कुटपीट गरेको कारण स्वास्थ्य अवस्था बिग्रेकोले आवश्यक कार्वाही गरी पाउँ भनी आयोगमा उजूरी २०६७।७।२८ मा दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट भएको अनुसन्धानबाट प्रत्यक्षदर्शीको वयान, सर्जमिन मुचुल्का आदिको आधारमा प्रहरी कार्यालय कंचनपुरका प्रहरीले पक्राउ गरेको र यातना दिएको पुष्टि हुन आएकोले दोषी सुरक्षाकर्मीको पहिचान गरी कार्वाही गर्न र पीडितलाई राष्ट्रिय मानव अधिकार आयोग उजूरी कार्वाही क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम नियम २४ (१) (घ) बमोजिम रु. १ लाख क्षतिपूर्ति उपलब्ध गराउन र निजको उपचारमा लागेको खर्च सहित निःशुल्क उपचारको प्रबन्ध गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७३।१।२८ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २६६, श्री प्र.म.म.का.मा मिति २०७४।५।२५ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २५ मिति २०७४।६।२, शान्ति तथा पुनर्निमाण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाइबाट जानकारी सम्बन्धमा आयोगलाई पत्र प्राप्त ।

च.नं. १५१८ मिति २०७४।६।६, प्रममपकाबाट सिफारिश कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शा. तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.नं. २८ मिति २०७३।५।२५, शा. तथा पुनर्निमाण मन्त्रालय, राहत तथा पुनःस्थापना महाशाखाबाट विवरण उपलब्ध गराइएको बारे सम्बन्धमा आयोगलाई पत्र प्राप्त

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक ।

**छ) आन्तरिक विस्थापन**

**क्रम संख्या ७७०**

१. **पीडितको नाम, थर र ठेगाना** वेद प्रसाद रेग्मी, केरवानी -२, रुपन्देही

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण**ः रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. २ निवासी वेद प्रसाद रेग्मीलाई २०६१/१/२२ गते नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी कब्जामा लिई दाहिने खुट्टामा फलामे छडले हिर्काइ घाइते बनाएको, द्वन्द्वको त्रासको कारण सपरिवार विस्थापित भई काठमाडौं वस्नु परेकोले मानव अधिकार संरक्षण गरी पाउँ भनी मिति

२०६३।०४।१२ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज वेद प्रसाद रेग्मी यातनाको कारण अपाङ्ग भएको कारण जिल्ला प्रशासन कार्यालय रुपन्देहीबाट रु ९०,०००।– आर्थिक सहायता प्राप्त गरेको भन्ने र थप रु ३०,५००।– समेत राहत प्राप्त गरेको प्रमाण मिसिल संलग्न कागजातबाट देखिन आएको छ । द्वन्द्वरत पक्ष तत्कालीन नेकपा (माओवादी) को सो कार्य जेनेभा महासन्धी १९४९ को साझा धारा ३ विपरीत भई अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लघंन भएको देखिंदा घटनामा संलग्न दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न, पीडितलाई राष्ट्रिय मानव अधिकार आयोग उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम २४ बमोजिम रु. १ लाख क्षतिपूर्ति उपलब्ध गराउन र निजको निःशुल्क स्वास्थ्योपचारको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७२।०९।२६ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १८२१ अनुसन्धान ५७९ मिति २०७५।०२।१६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह, कानून न्याय तथा संसदीय मामिला र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. अस्थायी ४ मिति २०७५।०२।२४ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. १४५ मिति २०७५।०३।१० मा गृह मन्त्रालय राहत तथा तथ्यांक व्यवस्थापन शाखाले निर्णय कार्यान्वयन सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. १४६ मिति २०७५।०३।१० मा गृह मन्त्रालय राहत तथा तस्थांक व्यवस्थापन शाखाले निज वेद प्रसाद रेग्मीलाई क्षतिपूर्ति वापत रु. एक लाख उपलब्ध गराउन सहमति भएको सम्बन्धमा अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ज) न्याय प्रशासन**

**क्रम संख्या ७७१**

१. **पीडितको नाम, थर र ठेगाना** भुदेउ भन्ने किरण राई, पाथेका -२, खोटाङ्ग

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला खोटाङ्ग पाथेका गा.वि.स. बस्ने भुदेउ भन्ने किरण राईको प्रहरीको कुटपिटबाट हिराशतमा मृत्यु भएको भन्ने उजूरी सम्बन्धमा आयोगबाट अनुसन्धान गरी नेपाल सरकारलाई भएको सिफारिश कार्यान्वयन नभएको कारण न्याय पाउने अधिकारबाट वञ्चित भएको भनी आयोगको उप क्षेत्रीय कार्यालय खोटाङ्गमा मिति २०७१/४/१२ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** राष्ट्रिय मानव अधिकार आयोगबाट २०७०/४/३० मा दोषीलाई कार्वाही र पीडितलाई रु ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन सिफारिश भएको हुँदा आयोगको सिफारिश बमोजिम तत्काल जाहेरी दर्खास्त दर्ता गरी कार्वाही गर्न गराउन प्रममपकालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा ४।१ (क) नं. बमोजिम निर्देशन दिने भनी मिति २०७२।९।२६ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ७९२ मिति २०७२/१२/१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** :

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७७२**

१. **पीडितको नाम, थर र ठेगाना** सुन्तली तामाङ्ग, सैपु -१, रामेछाप

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप सैपु गा.वि.स. वडा नं. १ बस्ने डिल्लीमाया तामाङ्गकी छोरी वर्ष १४ की सुन्तली तामाङ्गलाई सोही गा.वि.स. वडा नं. १ को खुर्दुकी भन्ने स्थानमा ऐ. ऐ. बस्ने श्याम राउतले कर्तव्य गरी मारेको र सो घटना उपर जिल्ला प्रहरी कार्यालय रामेछापमा पटक पटक किटानी जाहेरी दर्खास्त दिएकोमा जाहेरी दर्खास्त लिन इन्कार गरेको किटानी जाहेरी उपर प्रभावकारी अनुसन्धान नगरेको, तत्कालीन प्रहरी प्रमुख संजिव शर्मा दासले अभियुक्तलाई पक्राउ नगरेको कारण न्याय पाउनबाट वञ्चित भएको, आरोपित श्याम राउतको परीवारको डर धम्कीको कारण बसिरहेको स्थानबाट विस्थापित भई सिन्धुली जिल्लामा वस्न बाध्य भएकोले घटनाको प्रभावकारी अनुसन्धान गर्न लगाई आफ्नै घरमा वस्न सक्ने वातावरण मिलाई पाउँ भन्ने समेत व्यहोरा उल्लेख गरी आयोगमा मिति २०६९/५/५ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिशः** आयोगबाट अनुसन्धान हुँदा कर्तव्य ज्यान जस्तो गम्भीर प्रकृतिको फौजदारी मुद्दामा जाहेरी दर्खास्त दर्ता गरी तत्काल अनुसन्धान गर्नुपर्नेमा तत्कालीन नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ को उपधारा २ (ख) र वर्तमान नेपालको संविधान २०७२ को धारा २४९ को उपधारा २ (ख) विपरीत उदासिनता देखाएकोले रामेछाप जिल्लाका तत्कालीन प्रहरी नायव उपरीक्षक संजिव शर्मा दासलाई विभागिय कारवाहीका लागि पत्राचार गर्ने र घटनाको प्रभावकारी अनुसन्धान गरी मृतकका हकवालालाई बारा कलैयाकी बालिका पूजा साहलाई यस्तै प्रकृतिको घटनामा उपलब्ध गराए सरह राहत क्षतिपूर्ति उपलब्ध गराउन साथै पीडित परीवारले न्यायको खोजीमा गरेको खर्च र आन्तरिक रुपमा विस्थापित भएको अवस्थामा भएको आर्थिक क्षति समेतको मूल्यांकन गरी राहत क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७२।९।२६ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ७९३/७९५ मिति २०७२/१२/१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयलाई पठाएको च.नं. मा.अ. ०७२/७३/६६९२ मिति २०७३/१/९ को श्री प्रममपकाको बोधार्थ पत्र ।

मिति २०७३/११/०२ को संजिव शर्मा दासलाई पहिलो पटक सचेत गराउने गरी विभागिय कार्वाही गरिएको व्यहोराको पत्र ।

मिति २०७३/०६/१२ को सुन्तली तामाङ्गको हकवालालाई रु. ६ लाख क्षतिपूर्ति रकम गृह मन्त्रालयको नाममा निकासा भएको अर्थ मन्त्रालयको बोधार्थ पत्र ।

मिति २०७४/०५/११ को पत्र अनुसार निज संजिव शर्मा दासलाई (सचिवस्तरीय) निर्णयबाट निलम्बन गरिएको तर सर्वोच्च अदालतबाट निलम्बन गर्ने निर्णय कार्यान्वयन नगर्नु भन्ने व्यहोराको प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागको पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या ७७३**

१. **पीडितको नाम, थर र ठेगाना** मेघी चौधरी, चौमाला गाविस वडा नं. ८, कैलाली

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला, चौमाला गाविस वडा नं. ८, कमैया बस्ती बस्ने वर्ष २० की मेघी चौधरी विगत ७ वर्षदेखि काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका बानेश्वर बस्ने बालकृष्ण शाहको घरमा कमलरीको रुपमा काम गर्दै आएकोमा मिति २०६८/०५/०१ मा शरीरमा आगो लगाई मृत्यु भएकोले निज पीडितलाई ७ वर्षको पारिश्रमिक उपलब्ध गराउन तथा दोषीलाई कारवाही गरीपाउँ भन्ने समेतको व्यहोरा उल्लेख गरी मुक्त कमलरी विकास मञ्च, कैलालीले मिति २०६८/०६/०८ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** उक्त घटनाको सम्बन्धमा अनुसन्धान हुँदा आत्महत्याको घटनाको अनुसन्धान गर्दा आत्महत्या गर्नु पर्नाको कारण समेतको खोजी गर्न र सोही बमोजिम अनुसन्धान गर्न नेपाल प्रहरीलाई सुझाव दिने नीतिगत निर्णय गरियो । यसका अतिरिक्त नेपाल सरकारले कमैया र कमलरी मुक्त गर्ने निर्णय गरी सकेपछि पनि यस प्रकारका घटना भइरहेकोले आवश्यक कानून र नीति तर्जुमा गरी लागु गर्न, मुक्त कमैया कमलरीको पुनर्स्थापनाका लागि आवश्यक पूर्वाधार तयार गरी सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संरक्षणका लागि नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने निर्णय गरियो साथै पीडितका आश्रित परिवारको भरणपोषणको लागि उचित क्षतिपूर्ति उपलब्ध गराउन सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७३/०१/२८ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ७०४ मिति २०७३।७।२८ मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म. तथा मन्त्रिपरिषदको कार्यालयमा पठाई सोको बोधार्थ/कार्यार्थ गृह मन्त्रालयलाइ दिइएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**४.१७ आर्थिक वर्ष २०७३/०७४ मा गरिएका सिफारिशहरू**

**क) सुरक्षाकर्मीबाट हत्या**

**क्रम संख्या ७७४**

१. **पीडितको नाम, थर र ठेगाना** श्यामादेवी डगौरा, लालबोझी -६, कैलाली

२. **उल्लंघनकर्त** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवर** कैलाली जिल्ला लालवोझी गा.वि.स. वडा नं. ६ बस्ने श्यामादेवी डगौरालाई २०५९ जेठ २९ गते विहान ९:०० बजे सुरक्षाकर्मीले मारेकाले छानवीन गरी पाउँ भनी आयोगमा मिति २०६३।५।२ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार निज श्यामादेवी डगौराको घरमा तत्कालीन नेकपा माओवादी कार्यकर्ता बसेको, सेनाको गस्तीमा माओवादी कार्यकर्ताबाट सकेट बम प्रहार भएपछि सुरक्षाकर्मीले घरभित्र प्रवेश गरी गोली हानेको, भागीराम डगौरा, हर्क बहादुर साउद समेतका ७ जनालाई संयुक्त सुरक्षफौजले पक्राउ गरी भजनीस्थित सुरक्षा बेस क्याम्पमा लगेकोमा ३ जनालाई छाडिएको र बाँकी ४ जनालाई बेपत्ता पारेको, सोही साँझको समचारमा भिडन्तमा ६ जना माओवादी कार्यकर्ताको मृत्यु भएको भन्ने समाचार प्रसारण भएको, पीडित परिवारलाई राज्यबाट रु. ३ लाख उपलब्ध गराइसकेको देखिंदा घटनामा संलग्न तत्कालीन भजनी बेस क्याम्पका लेफ्टिनेन्ट रामसिँह बोहरा समेत मार्फत जो जे बुझनु पर्ने हो बुझी दोषीलाई बुझी राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १७(२) बमोजिम आवश्यक कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७३।९।१९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १७९६ मिति २०७४।०२।१२ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ८३१० मिति २०७४।०२।२१ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह, रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या ७७५**

१. **पीडितको नाम, थर र ठेगाना** बावुराम चौधरी र भेषराज राना गदरिया ४, कैलाली ।

२. **उल्लंघनकर्ता:** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण:** कैलाली जिल्ला गदरिया गा.वि.स. वडा नं. ४ बस्ने वर्ष १६ को बावुराम चौधरी र ऐ. ऐ. बस्ने भेषराज रानालाई २०६० साल भदौ १४ गते किताव कापी किन्न जाँदा ऐ. चौमाला गाविसस्थित राजीपुरतर्फ जाने

बाटोमा सुरक्षाकर्मीले पक्राउ गरी मारेकोले छानवीन गरी पाउँ भनी आयोगमा मिति २०६३/२/१८ मा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** पीडितको परिवारलाई नेपाल सरकारबाट जनही रु. ३/३ लाख उपलब्ध गराएको देखिंदा घटनामा संलग्न सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित परिवारको स्वास्थोपचार लगायत परिपुरणको लागि आवश्यक व्यवस्था गर्न राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १७(२) बमोजिम नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७३।०९।१९ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ८३६/१८५१ मिति २०७४/२/१७ मा निर्णय कार्यान्वयनको लागि प्रममपकालाई सिफारिश गरेको एवं गृह, शान्ति तथा पुनर्निर्माण र स्वास्थ्य मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह, रक्षा, शान्ति तथा पुननिर्माण र स्वास्थ्य मन्त्रालयलाई पठाएको च.नं. ८३३० मिति २०७४/२/२१ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७७६**

१. **पीडितको नाम, थर र ठेगाना** राम अवतार चौधारी समेत, रामशिखरमाला -८, कैलाली

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला, रामशिखरमाला गा.वि.स. वडा नं. ८ बस्ने राम अवतार चौधारी र सिताराम चौधारीलाई २०५९ साल भदौ १४ घरबाट सुखड बेस क्याम्पका सुरक्षाकर्मीले पक्राउ गरी ऐ. १५ गते रेडियो नेपालको समाचारमा निजहरूको सुरक्षा कारवाहीमा मृत्यु भएको भनी भनेकोमा आवश्यक छानवीन गरी न्याय दिलाई पाउँ भनी मिति २०६२।१२।१६ गते आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको प्रतिवेदन अनुसार निजहरूलाई गिरफ्तार गरी मारेको देखिन आएकाले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा बमोजिम मानव अधिकार उल्लंघनमा नेपाली सेना सुखड बेस क्यामपका कमान्डर मार्फत बुझी जो जसको संलग्नता छ निजहरूलाई कानून बमोजिम कार्वाहि गर्न र नेपाल सरकारबाट रु. ३ लाख राहत उपलब्ध गराइसकेको देखिंदा निजको आश्रित परिवारको लागि शिक्षा, रोजगार, स्वास्थोपचार लगायत परिपुरणको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७३।०९।१९ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १७९२ मिति २०७४।०२।१२ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**

च.नं. ८३२९ मिति २०७४।०२।२१ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह, शान्ति तथा पुनर्निर्माण, शिक्षा र स्वास्थ्य मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७७७**

१. **पीडितको नाम, थर र ठेगानाः** भागीराम चौधरी, रतनपुर -४ तिधौडी, कैलाली।

२. **उल्लंघनकर्ताः** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरणः** कैलाली जिल्ला रतनपुर गा.वि.स. वडा नं. ४ तिधौडी बस्ने भागीराम चौधरीलाई २०५९ साल पुस १८ गते सुरक्षाकर्मीले माओवादीलाई लखेट्दै आएको देखी डरले भाग्न लाग्दा सुरक्षाकर्मीले मारेकाले छानवीन गरी पाउँ भनी आयोगमा मिति २०६३/८/१० मा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिशः** राष्ट्रिय मानव अधिकार आयोगको अनुसन्धान प्रतिवेदन अनुसार नेपाली सेना भजनी बेसक्याम्पका तत्कालीन क्याप्टेन राम सिंह वोहराको नेतृत्वमा आएको सुरक्षाफौजको कारवाहिमा मृत्यु भएको हुँदा

राज्यबाट रु. ३ लाख राहत प्राप्त गरिसकेको भन्ने समेत देखिदा नेपाली सेना भजनी बेसक्याम्पका क्याप्टेन राम सिंह वोहोराबाट को कसको संलग्नता छ भन्ने बारेमा बुझी मानव अधिकार आयोग (उजूरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १७(२) बमोजिम निज उपर आवशयक कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७३।०९।१९ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**ः आयोगबाट च.नं. १७९७ मिति २०७४/२/१२ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह, रक्षा, शान्ति तथा पुननिर्माण र स्वास्थ्य मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह, रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई पठाएको च.नं. ८३०९ मिति २०७४/२/२१ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७७८**

१. **पीडितको नाम, थर र ठेगाना** सुकलाल वि. क., मार्तडी -२, बाजुरा।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बाजुरा मार्तडी गा.वि.स. वडा नं. २ बस्ने सुकलाल वि. क. लाई २०५९ साल असोज १२ गते तत्कालीन नेकपा माओवादीले अपहरण गरी लगेको र सो जानकारी प्रशासनलाई गराएपछि मार्तडीबाट खटिएको सुरक्षाकर्मीले सर्च गरी ४ जना माओवादी कार्यकर्ता सहित निजलाई पक्राउ गरी मारेकाले कार्वाही गरिपाउँ भनी मिति २०६२/५/२४ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान प्रतिवेदन अनुसार कब्जामा लिई मारेको देखिन आएकाले मानव अधिकार उल्लंघन भएको देखिन आएकोले राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ बमोजिम नेपाली सेना मार्तडीका कमाण्डरबाट बुझी जो जसको संलग्नता छ निजलाई कानून बमोजिम कार्वाही गर्न र नेपाल सरकारबाट राहत रु. ३ लाख पाइसकेको देखिदा निजको आश्रित परिवारको परिपुरण तथा स्वास्थोपचार समेतको आवश्यक व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७३।०९।१९ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १८०० र १८५० मिति २०७४/२/१७ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह, शाान्ति तथा पुनर्निर्माण र स्वास्थ्य मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति**ः गृह, शाान्ति तथा पुनर्निर्माण र स्वास्थ्य मन्त्रालयलाई पठाएको च.नं. ८३०६ मिति २०७४/२/२१ को श्री प्रममपका बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७७९**

१. **पीडितको नाम, थर र ठेगाना** राज कुमार नेपाली, सुन्दरादेवी १, नुवाकोट (वर्ष १३ को)

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला नुवाकोट सुन्दरादेवी गा.वि.स. वडा नं. १ बस्ने वर्ष १३ को राजकुमार नेपालीलाई २०६० कात्तिक १५ गते नेपाली सेनाले पक्राउ गरी मारेकाले दोषीलाई कारवाहि गरी पाउँ भनी आयोगमा मिति २०६४।०२।०७ मा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान प्रतिवेदन अनुसार दोषी सुरक्षाकर्मीको पहिचान गरी कार्वाही गर्न र क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने भन्ने देखिंदा रक्षा मन्त्रालयको २०७३/६/१६ च. नं. २८ मा उल्लेख भएको दोहोरो भिडन्तमा मृत्यु भएको भन्ने भनाइसँग सहमत हुन सकिएन। अतः घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कार्वाही गर्ने र पीडित परिवारलाई नेपाल सरकारबाट रु २,५३,०००/- आर्थिक सहायता उपलब्ध गराएको भन्ने

देखिंदा थप राहत क्षतिपूर्ति उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ को उपदफा (३) र (४) नं. बमोजिम सिफारिश गर्ने भनी मिति २०७३।०९।१९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १८३८ मिति २०७४।०२।१७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. ८२९८, मिति २०७४।२।२१ मा गृह, रक्षा र शान्ति मन्त्रालयलाई निर्णय कार्यान्वयव सम्बन्धमा पठाएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७८०**

१. **पीडितको नाम, थर र ठेगाना** चन्दन कुमार पटेल (४ वर्षीय बालक) पोखरिया -१, पर्सा, रञ्जना सिंह क्षेत्री, (१२ वर्षीय), विन्दु भनिने विनोद लाकौल र राजकुमार वरई, गोनाहा ६, रुपन्देही

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** नेपालको संविधानको मस्यौदा छलफलको चरणमा मिति २०७२ साल श्रावण महिनादेखि तराई केन्द्रीत विभिन्न राजनीतिक दल र जातिगत संस्था आदिको संयुक्त लोकतान्त्रिक मोर्चाबाट सञ्चालित आन्दोलनको क्रममा मिति २०७२/५/२९ गते रुपन्देही जिल्ला गोनाहा गा.वि.स. वडा नं. ६ वेथरी वजारमा सुरक्षाकर्मीहरूबाट गोली प्रहार हुँदा पर्सा जिल्ला पोखरिया न.पा. १ वनकटवा घर भई हाल रुपन्देही जिल्ला गोनाहा ६ वेथरी बस्ने ४ वर्षीय बालक चन्दन कुमार पटेल, गोनाहा ६ बस्ने १२ वर्षीय रञ्जना सिंह क्षेत्री, गोनाहा ६ बस्ने विन्दु भनिने विनोद लाकौल, गोनाहा ६ बस्ने राजकुमार वरई समेत ४ जना व्यक्तिहरूको तत्काल मृत्यु भएको, ऐ. जिल्ला हाटी वनगाई गा.वि.स. वडा नं. १ छोटी वनगाई घर भएकी सोहवाती मुराव र वेथरी बस्ने नन्दनी पाण्डेको उपचारको क्रममा मृत्यु भएको । सोही घटनामा रुपन्देही जिल्ला मैनहिया ६ मुर्हहवा बस्ने दिपेन्द्र केवट सहनी, ऐ. जिल्ला हाटि वनगाई गा.वि.स. वडा नं. १ बस्ने सोरस्वती मुराव, ऐ. जिल्ला मैनहिया गा.वि.स. वडा नं. ५ बस्ने राम नरेश हरिजन, रुपन्देही जिल्ला मैनहिया गा.वि.स. बस्ने पुर्नवासी धोवी समेत ४ जना व्यक्तिहरू घाइते हुनुका साथै हाटबजारमा व्यापार गर्न वसेका व्यापारीहरूको सरसामान समेत नष्ट भई क्षति पुग्न गएको घटनाका सम्बन्धमा आयोगको अनुगमन प्रतिवेदनलाई उजूरी ग्रहण ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ८६३, आयोगबाट खटिएको टोलीले गरेको स्थलगत अनुगमन प्रतिवेदन मिति २०७३।११।२० मा आयोगको बैठक समक्ष पेश हुन आएकोमा उक्त प्रतिवेदन माथि छलफल हुँदा देहाय बमोजिम नेपाल सरकार समक्ष सिफारिश गर्ने भनी मिति २०७३/११/२० मा निर्णय भएको :–

१) रुपन्देही जिल्ला गोनाहा गा.वि.स. वडा नं. ६ स्थित वेथरी वजारमा भएको घटनामा ४ वर्षीय बालक सहित ६ जना सर्वसाधारण व्यक्तिहरूलाई सुरक्षाकर्मीको गोली लागि मृत्यु भएका व्यक्तिहरूको सम्बन्धमा सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गरेको देखिंदा दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न,

२) घटनामा परी उपचारका क्रममा मृत्यु हुने सोहवाती मुराव र नन्दनी पाण्डेका हकवालाले हालसम्म पनि क्षतिपूर्ति नपाएको भन्ने देखिन आएकोले निजहरूका हकवालालाई आन्दोलनको क्रममा मृत्यु भएका सरह क्षतिपूर्ति उपलब्ध गराउन,

३) घाइतेहरू पुर्नवासी धोवी, रामनरेश हरिजन, सोरस्वती मुराव र दीपेन्द्र केवट सहनी समेतलाई उपचार खर्च उपलब्ध गराउन तथा थप निःशुल्क उपचारको समेत व्यवस्था गर्न,

४) वेथरी वजारमा तत्कालीन समयमा हाटवजारमा व्यापार गर्न भनी आएका व्यापारीहरूको क्षतिको मूल्यांकन गरी क्षतिपूर्ति उपलब्ध गराउन ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १५२ मिति २०७४।४।१६ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. १२६२, मिति २०७४।५।२४ को गृह मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ प्राप्त ।

मिति २०७५।५।१४ को जिल्ला प्रहरी कार्यालय रुपन्देहीको पत्रमा पीडितका परिवारले क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ख) माओवादीद्वारा हत्या**

**क्रम संख्या ७८१**

१. **पीडितको नाम, थर र ठेगाना** जंग वहादुर बोहोरा, रिठापाटा -१, बझाङ्ग

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बझाङ्ग जिल्ला रिठापाटा गा.वि.स. वडा नं. १ बस्ने जंग वहादुर बोहोरालाई २०६०/६/११ गतेका दिन नेकपा माओवादीका कार्यकर्ताले कब्जामा लिई हत्या गरेकोले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६०।११।१२ मा आयोगमा दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान भई अनुसन्धान टोलीको प्रतिवेदन हेर्दा सशस्त्र द्वन्द्वको बेला नेकपा (माओवादी) ले कब्जामा लिई हत्या भएको कार्य अन्तर्राष्ट्रिय मानवीय कानून जेनेभा महासन्धी १९४९ को साझा धारा ३ विपरित भई मानविय कानूनको उल्लंघन भएको देखिंदा दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडितको परिवारले नेपाल सरकारबाट राहत क्षतिपूर्ति प्राप्त गरिसकेको देखिंदा सोही व्यहोरा नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७३।०५।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०७४ मिति २०७३।१०।०३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ५१३४ मिति २०७३।१०।२८ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ३०१ मिति २०७३।११।०१ मा प्रहरी प्रधान कार्यालयले क्षेत्रीय प्रहरी कार्यालय, दिपायललाई आयोगको आदेश कार्यान्वयन गरी/गराई भए गरेको कामको विवरण खुलाई पठाउनु हुन भन्ने व्यहोराको पत्रको बोधार्थ ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७८२**

१. **पीडितको नाम, थर र ठेगाना** कमल वि.क, कालिका -१, दशरथ वस्ती, कञ्चनपुर

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर जिल्ला कालिका गा.वि.स. वडा नं. १ दशरथ वस्ती बस्ने कमल वि.क.लाई २०६०/७/३ गते नेकपा (माओवादी) का कार्यकर्ताले चोरीको अभियोगमा अपहरण/कब्जामा लिई चौराहमा ल्याई हत्या गरेकोले छानवीन गरी पाउँ भनी मिति २०६३।१०।१४ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निजलाई कब्जामा लिई हत्या गरेको पुष्टि भएकोले माओवादीका कार्यकर्ताको उक्त कार्य सशस्त्र द्वन्द्वमा लागु हुने जेनेभा महासन्धी १९४९ को साझा धारा ३ विपरित भएको देखिंदा दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७३।५।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२२४, श्री प्र.म.म.का.मा मिति २०७३।१०।१० गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७३।७४-८२-५१३६ मिति २०७३।५।२५, प्र.म.तथा म.का, मा.अ. प्र. शाखाबाट निर्णय कार्यन्वयन सम्बन्धमा गृह मन्त्रालयलाई सम्बन्धमा आयोगलाइ बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७८३**

१. **पीडितको नाम, थर र ठेगाना** शोभाकर शर्मा, पहलमानपुर -२, कैलाली ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला पहलमानपुर गा.वि.स. वडा नं. २ बस्ने शोभाकर शर्मालाई तत्कालीन (माओवादी) कार्यकर्ता घरमा आई चरम यातना दिई २०५९ भदौ १८ गते हत्या गरेकाले कानूनी कारवाहि गरी पाउँ भनी मिति २०६३/४/२३ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट राज्यले क्षतिपूर्ति स्वरुप रु. ३ लाख उपलब्ध गराएकाले दोषी माओवादी कार्यकताको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७३।०९।१९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १७९९ मिति २०७४/२/१२ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह, शाान्ति तथा पुननिर्माण र स्वास्थ्य मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह र शाान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको च.नं.८३०७ मिति २०७४/२/२१ को श्री प्रममपकाको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७८४**

१. **पीडितको नाम, थर र ठेगाना** सितल दास चौधरी, पहलमानपुर, कैलाली

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला पहलमानपुर गा.वि.स. बस्ने सितल दास चौधरीलाई २०५९ मंसिर २० गते करीब ६.३० बजेतिर तत्कालीन नेकपा माओवादीका कार्यकर्ताले बैठकमा जानुछ भनी बोलाई करीब ८:०० बजेतिर हत्या गरेको, पहलमानपुर बजारमा लास भुण्ड्याएको र मानव अधिकार हनन गरेकोले कार्वाही गरी पाउँ भनी मिति २०६३/४/२३ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार पीडितले राहत क्षतिपूर्ति वापत रु. ३ लाख बुझी सकेको देखिंदा दोषी माओवादी कार्यकर्ताको पहिचान गरी कानून बमोजिम कारवाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७३।०९।१९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १८०२ मिति २०७४/२/१२ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह र शाान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थितिः** गृह र शाान्ति तथा पुननिर्माण मन्त्रालयलाई पठाएको च.नं. ८३०३ मिति २०७४/२/२१ को श्री प्रममपका बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७८५**

१. **पीडितको नाम, थर र ठेगाना** पारस वि. क., मसुरिया -१, अण्डैया, कैलाली ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कैलाली मसुरिया गा.वि.स. वडा नं. १ अण्डैया बस्ने पारस वि. क. लाई २०६० कात्तिक ४ गते कञ्चनपुर जिल्ला कालिका गा.वि.स. स्थित आई.वि.आर.डि. बजारमा नातेदार भेट्न गएको बेला तत्कालीन नेकपा माओवादीका कार्यकर्ताले चोरीको आरोपमा कब्जामा लिई हत्या गरेकाले छानवीन गरी पाउँ भनी मिति २०६३।०२।२६ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान प्रतिवेदन अनुसार निजलाई कब्जामा लिई हत्या गरेको पाईकोले र नेपाल सरकारबाट रु. ३ लाख राहत प्राप्त गरिसकेको देखिंदा दोषी तत्कालीन नेकपा माओवादीका कार्यकर्ताबाट जेनेभा महासन्धी १९४९ को साझा धारा ३ विपरीत मानविय कानूनको उल्लंघन गरेकाले दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित परिवारको स्वास्थोपचार, परिपुरणको लागि नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७३।०९।१९ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १८०१ मिति २०७४।०२।१२ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. ८३०५ मिति २०७४।०२।२१ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह, शान्ति तथा पुनर्निर्माण र स्वास्थ्य मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ग) दोहोरो भिडन्त / झडपमा मृत्यु**

**क्रम संख्या ७८६**

१. **पीडितको नाम, थर र ठेगाना** हेम सागर बराल, पहलमानपुर ६, कैलाली

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी र माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कैलाली पहलमानपुर गा.वि.स. वडा नं. ६ पहलमानपुर बजार बस्ने हेम सागर बरालको २०५९ साल पुस २६ गते बेलुकी अं. ७:०० बजे पहलमानपुर बजारमा नेपाली सेना र माओवादीबीच दोहोरो भिडन्त हुँदा कोठामा सुतिरहेको अवस्थामा गोली लागी मृत्यु भएकोले दोषीको छानवीन गरी कार्वाही गरी पाउँ भनी मिति २०६३/४/२३ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट पीडित परिवारले रु. ३ लाख प्राप्त गरिसकेको देखिएको, दोहोरो भिडन्तमा क्रस फायरिङ्गबाट मृत्यु भएको देखिंदा पीडितको आश्रित परिवारका लागि स्वास्थोपचार, परिपुरण आदिको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७३।०९।१९ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १७९८ मिति २०७४/२/१२ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह, रक्षा शान्ति तथा पुनर्निर्माण र स्वास्थ्य मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह, रक्षा शान्ति तथा पुननिर्माण र स्वास्थ्य मन्त्रालयलाई पठाएको च.नं. ८३०८ मिति २०७४/२/२१ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७८७**

१. **पीडितको नाम, थर र ठेगाना** भूमिहिनहरू, बलिया-८, डुडेझाडी कैलाली (**डुँडेझारी घटना**)

२. **उल्लंघनकर्ता** प्रहरी प्रशासन/सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कैलाली, बलिया गाविस -८ अन्तर्गत डुडेझाडीको सुकुम्बासी बस्तीमा प्रहरी प्रशासनद्वारा भएको गोली काण्ड घटनाको छानवीन गरी पाउँ भनी आयोगको कार्यालयमा मिति २०६६/०८/२३ गते उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ६७२, आयोगको अनुसन्धान टोलिको प्रतिवेदन अनुसार २०६६ मंसिर १९ गते भएको घटनाका सम्बन्धमा राजनैतिक पार्टी समेतको आह्वानमा सुकुम्बासी भनिएका व्यक्तिले वन अतिक्रमण गरेको, अतिक्रमण हटाउन वन कार्यालय, प्रहरी प्रशासनबाट सूचना दिइएको, त्यसको अटेर गरी वन अतिक्रमण जारी राखेकोले बल प्रयोग हुँदा दोहोरो झडप र भिडन्तमा सुरक्षाकर्मी प्रहरी जवान पदम सिंह ऐर, र वन अतिक्रमण गर्ने व्यक्ति मध्ये संजय ढकाल, रुपलाल डगौरा थारु, नरेन्द्र बहादुर वि.क. समेतको मृत्यु भएको र ३४ जना घाइते प्रहरी र १३ जना

आन्दोलनकारी घाइते भएको पाइएकोले प्रहरी जवान सहित मृतकको परिवारको भरणपोषणको लागि जनही रु. १ लाख क्षतिपूर्ति उपलब्ध गराउन र घाइतेको निःशुल्क स्वास्थोपचारको लागि राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ उपदफा ३ र ४ बमोजिम नेपाल सरकारलाई सिफरिस गर्ने भनी मिति २०७३/०९/१९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १८२२ मिति २०७४।०२।१७, च.नं. १९२३ मिति २०७४/०२/२८ मा आयोगको निर्णय कार्यान्वयनको लागि प्रममपकामा पठाई सोको बोधार्थ/कार्यार्थ गृह मन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रहरी प्रधान कार्यालयलाई दिइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ८६४५ मिति २०७४/०३/०५ गते प्रममपकाबाट निर्णय कार्यान्वयनको लागि गृह तथा स्वास्थ्य मन्त्रालयलाई पठाइएको पत्रको बोधार्थ आयोगलाई प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७८८**

१. **पीडितको नाम, थर र ठेगाना** सुनमाया बुढामगर, धवाङ्ग -५, तितेपानी, रोल्पा

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी र माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** रोल्पा जिल्ला धवाङ्ग गा. वि. स. वडा नं. ५ तितेपानी बस्ने सुनमाया बुढामगरलाई २०५९ श्रावण ७ गते तत्कालीन नेपाली सेनाको टोलीले पक्राउ गरी गोली हानी मारेकोले छानवीन गरी पाउँ भनी आयोगमा मिति २०६४।६।१५ उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजुरी नं. १४४ आयोगको अनुसन्धान टोलीबाट बुझ्दा क्षतिपूर्ति राहत वापत रू. १,५०,०००।- प्राप्त गरिसकेको, दोहोरो भिडन्तमा सर्वसाधारणको मृत्यु भएको भन्ने खड्क रोकाको बयानबाट समेत बुझिन आएकोले राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ को उपदफा ३ र ४ बमोजिम थप रू. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७३।०९।२८ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १०४ मिति २०७७।५।२८, को पत्रमार्फत आयोगको निर्णय कार्यान्वयनको लागि प्रममपकामा पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ४४, मिति २०७७।६।८ को गृह मन्त्रालयको पत्रमा पीडित परिवारले रु. १० लाख क्षतिपूर्ति प्राप्त गरिसकेको व्यहोरा उल्लेख भएको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ७८९**

१. **पीडितको नाम, थर र ठेगानाः** लक्ष्मण न्यौपाने समेत (८ सुरक्षाकर्मी र १ नाबालक) (**टिकापुर घटना**)

२. **उल्लंघनकर्ता** प्रहरी /प्रशासन र थरुहट कार्यकर्ता

३. **उजूरीको संक्षिप्त विवरण** :मिति २०७२ भदौ ७ गतेको दिन कैलाली जिल्लाको टीकापुरमा थरूहट र सुरक्षाकर्मीको बीचमा भएको झडपमा परी ८ जना सुरक्षाकर्मी र १ जना सर्वसाधारण नाबालक गरी ९ जना व्यक्तिहरूको मृत्यु भएको, उल्लेख्य संख्यामा सुरक्षाकर्मी र आन्दोलनरत पक्षका व्यक्तिहरू घाइते भएको र भदौ ४, ५ ,६, ७ र ८ गतेका दिनमा धनजनको क्षति सम्बन्धी घटना विभिन्न समाचार माध्यमहरूबाट प्रसारित एवं प्रकाशित भए लगत्तै आयोगको ध्यानाकर्षण भई आयोगको क्षेत्रीय कार्यालय धनगढीबाट मिति २०७२।८।१५ मा उजूरी दर्ता गरिएको ।

४. **आयोगको निर्णय/सिफारिशः** उजूरी नं. ७६१, अनुगमन प्रतिवेदनका आधारमा आयोगले स्वविवेकीय क्षेत्राधिकार अन्तर्गत ग्रहण गरिएको उजूरीमा आयोग टोलीबाट अनुसन्धान गरी आयोग समक्ष पेश हुन आएको प्रतिवेदन मिति २०७३।११।२० मा आयोगको बैठकमा पेश हुन आएकोमा प्रतिवेदन माथि छलफल हुँदा देहाय बमोजिमका निर्णयहरू गरियो ः

१ टीकापुर घटनामा क्षेत्रीय प्रहरी कार्यालय, धनगढीका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने सहितका ८ जना सुरक्षाकर्मी, १ नावालकको मृत्यु भएको घटनामा घरभित्रबाट बाहिर निकाली नियोजित रुपमा कब्जामा लिई तथा पेट्रोल छर्की आगो लगाउने समेतका नृसंश र अमानवीय तरीकाले हत्या गरी निजहरूको जीवनको अधिकार अपहरित गरेको समेत पाइयो । यस सन्दर्भमा जिल्ला अदालत कैलालीमा मुद्दा दायर भइसकेकाले यो विषय अदालतको विचाराधीन हुन पुगी सोही निकायद्वारा को कसबाट के कसरी सो घटना भएको हो न्याय इन्साफ हुने नै हुँदा आयोगबाट थप केही बोलिरहन परेन ।

२ टीकापुर घटनामा ज्यान गुमाएका प्रहरीका परिवारजनहरूको हेरविचार, उचित शिक्षा-दीक्षा, रोजगारी समेतको हरसंभव सुविधा दिन दिलाउन र तिनको निरन्तर अनुगमन गर्न नेपाल सरकारलाई सिफारिश गर्ने ।

३ टीकापुर नगरपालिकामा २०७२ भदौ ७ गते बेलुका र ८ गतेका दिन कर्फ्युको समयमा थारू समुदायका रिर्सोट, घर, पसल, होटल, एफ एम रेडियो स्टेसनका सरसामान लगायतमा तोडफोड र आगजनी गरिएको सामग्रीको मूल्यांकन गरी वास्तविक क्षतिको अविलम्व क्षतिपूर्ति र अहिले सम्म पेशा, व्यापार, व्यवसाय गर्न नपाएको नोक्सानीको आंकलन गरी सो बापतको मुआब्जा समेत दिन नेपाल सरकारलाई सिफारिश गर्ने ।

४ टीकापुरमा २०७२ भदौ ७ गते बेलुका र ८ गतेका घटनाका सम्बन्धमा स्वस्फूर्त (स्व–विवेक) रुपमा जानकारी लिई कार्वाही गर्नुपर्नेमा यसो पनि नगरिएको र पीडित पक्षद्वारा दिइएको जाहेरी पनि ग्रहण नगरिएको भई सो आगजनी, तोडफोड र लूटपाटको घटनाका सम्बन्धमा अनुसन्धान गरी दोषीहरूलाई अविलम्व कानून बमोजिम कारबाही गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने ।

५ सुरक्षा निकायको असावधानी, गुप्तचर संस्थाको कमी कमजोरी तथा प्रहरी संगठनहरू बीच एकआपसमा असहयोग र समन्वयको कमी तथा फितलो सुरक्षा योजना तथा सुरक्षा लापरवाहीको कारण समेतबाट टीकापुर घटना भएको देखिएको हुँदा भविष्यमा त्यसतर्फ सजग रहन र सुरक्षाकर्मी तर्फको ठूलो क्षति रोक्न समुचित प्रयाससम्म नगर्ने सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी नायव महानिरीक्षक (डि.आई.जी) खडानन्द चौधरी तथा सशस्त्र प्रहरी बल, उग्रतारा गणका प्रहरी उपरीक्षक (एस.पी.) लक्ष्मण बहादुर सिंहलाई विभागीय कार्वाही गर्न र जिल्ला प्रशासन कार्यालय कैलालीका तत्कालीन प्रमुख जिल्ला अधिकारी राजकुमार श्रेष्ठ तथा ईलाका प्रशासन कार्यालय टीकापुर कैलालीका तत्कालीन प्रशासकीय अधिकृत सुमन धिताल समेतलाई मानव अधिकार उल्लंघनका कार्यमा संलग्नता पुष्टि भई निजहरूको कार्य उदासीनता ९ब्अत या झ्ष्कष्यल० भएबाट सचेत गराउनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।

६ समुदाय स्तरमा मेलमिलापका कार्यक्रम निरन्तर रूपमा सञ्चालन गर्दै थारू समुदायको साँस्कृतिक हकका रूपमा रहेको बडघर प्रथालाई पूर्ववत अवस्थामा ल्याउने प्रयोजनका लागि भय र संत्रासको वातावरण हटाई पूर्ववत अवस्था कायम राख्न आवश्यक प्रवन्धको लागि नेपाल सरकारलाई ध्यानाकृष्ट गराउने ।

७ अखण्ड सुदूरपश्चिम र थारूवान पक्ष लगायत अन्य राजनीतिक दलहरूका नेताहरू खासगरी नेपाल सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतो, संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादव, नेपाली कांग्रेसका सभासद अमरेसकुमार सिँह, नेकपा-माओवादीका नेता देब गुरूङ समेतले उत्तेजक भाषण गर्दा स्थिति तनावपूर्ण भई मानव अधिकार उल्लंघन हुन जाने पृष्ठभूमि तयार भएबाट जिम्मेवार राजनीतिक दलको नेतृत्वबाट मर्यादित व्यवहारको अपेक्षा राख्दै सम्बन्धित राजनीतिक दलहरूको ध्यानाकृष्ट गराउने ।

टीकापुर घटनाको पृष्ठभूमिको क्रममा २०७२ भदौ ४, ५ र ६ गते भएको घटनामा पनि व्यक्तिको धन सम्पत्तिमा क्षति पुगी सरकारले सुरक्षा प्रदान गर्न नसकेको पाइएकोले मूल्यांकनको आधारमा क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७३/११/२० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**ः च.नं. १०५ मिति २०७४।४।११ मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**ः श्री प्रममपकाको च.नं. १२६१, मिति २०७४।५।२७ को गृह मन्त्रालयलाई निर्णय कार्यान्वयवन सम्बन्धमा लेखेको पत्रको बोधार्थ ।

च.नं. ९७ मिति २०७५।०८।११ मा गृह मन्त्रालय मानव अधिकार प्रवर्द्धन शाखाबाट जानकारी सम्बन्धमा सशस्त्र प्रहरी

बल नेपाललाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७९०**

१. **पीडितको नाम, थर र ठेगानाः** द्रौपतिदेवी चौधरी, महादेव ऋषिदेव र शिबु माझी (मृतक) प्रहरी र केही सर्वसाधारण घाइते (**रंगेली घटना**)

२. **उल्लंघनकर्ता** संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र युवासंघ नेपाल तथा प्रहरी प्रशासन

३. **उजूरीको संक्षिप्त विवरण** तराई मधेशमा आन्दोलनरत् संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र नेकपा (एमाले) को भ्रातृ संगठन युवासंघ नेपालले मोरङ जिल्लाको रङ्गेलीमा आ-आफ्नो कार्यक्रम गर्ने सन्दर्भमा २०७२ माघ ७ गते प्रहरी र मोर्चाका कार्यकर्ताबीच मोरङ जिल्लाको रङ्गेली र डायनियामा झडप हुँदा आन्दोलनकारी समेत ३ जनाको मृत्यु, प्रहरी र केही व्यक्ति समेत घाइते भएकोमा आयोगको केन्द्रीय र क्षेत्रीय कार्यालय विराटनगरको टोलीले गरेको अनुगमन प्रतिवेदन र संयुक्त मधेशी मोर्चाले मिति २०७२ माघ १० गते आयोगको केन्द्रीय कार्यालयमा घटनाको छानवीनको लागि पेश गरेको ज्ञापन–पत्र मार्फत उजूरी ग्रहण गरिएको।

४. **आयोगको निर्णय/सिफारिशः** तराई मधेशमा आन्दोलनरत् संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र नेकपा (एमाले) को भ्रातृ संगठन युवासंघ नेपालले मोरङ जिल्लाको रङ्गेलीमा आ-आफ्नो कार्यक्रम गर्ने सन्दर्भमा २०७२ माघ ७ गते प्रहरी र मोर्चाका कार्यकर्ताबीच मोरङ जिल्लाको रङ्गेली र डायनियामा झडप हुँदा आन्दोलनकारी समेत ३ जनाको मृत्यु, प्रहरी र केही व्यक्ति समेत घाइते भएकोमा आयोगको केन्द्रीय र क्षेत्रीय कार्यालय विराटनगरको टोलीले गरेको अनुगमन प्रतिवेदन र संयुक्त मधेशी मोर्चाले माघ २०७३ माघ १० गते आयोगको केन्द्रीय कार्यालयमा घटनाको छानवीनको लागि पेश गरेको ज्ञापन–पत्र समेतको आधारमा उक्त घटनाको आयोगको टोलीबाट अनुसन्धान भई पेश हुन आएको प्रतिवेदन मिति २०७३।११।२० मा आयोगको बैठकमा पेश हुन आएकोमा प्रतिवेदन माथि छलफल हुँदा देहाय बमोजिमका निर्णयहरू गरियो।

क) **नेपाल सरकारलाई सिफारिश** गर्ने :

१ गृह मन्त्रालयलाई शान्ति सुरक्षाको जोखिमपूर्ण अवस्था रहेका अवस्थामा प्रमुख जिल्ला अधिकारीको जिल्लामा उपस्थिति अनिवार्य हुने व्यवस्था मिलाउन।

२ मृतकहरू द्रौपतिदेवी चौधरी, महादेव ऋषिदेव र शिबु माझिका परिवारहरूलाई नेपाल सरकारले गरेको निर्णय बमोजिमको आर्थिक सहायता तत्काल उपलब्ध गराई मृतकका बालबालिकाहरू र आश्रित परिवारका सदस्यहरूको आवश्यकता अनुसार उचित शिक्षा र स्वास्थ्यको प्रबन्ध गर्न।

३ रङ्गेली र डायनियामा भएका घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था र स्वयं उपचार गराएका घाइतेहरूलाई उपचार वापतको उचित रकम शोधभर्ना उपलब्ध गराउन।

४ मोर्चाका कार्यकर्ताबाट डायनियामा जलाइएका बसका धनीहरूलाई तत्काल क्षतिपूर्ति उपलब्ध गराई सो कार्यमा संलग्न व्यक्तिहरूको पहिचान गरी कानूनी कार्वाही गर्न, गराउन।

५ नेपालको संविधानको धारा २४९ को उपदफा (२) बमोजिम गृह मन्त्रालयका सचिव नारायण गोपाल मलेगो, मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी तोयम रायमाझी र प्रहरी उपरिक्षक तारणीप्रसाद लम्सालला‍ई सचेत गराउन।

६ प्रकाश ढकाल लगायतका व्यक्तिहरूलाई आक्रमण गरी गम्भीर घाइते बनाउने व्यक्तिहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न।

७ रङ्गेली तथा डायनियामा द्रौपतिदेवी चौधरी, महादेव ऋषिदेव र शिबु माझीको मृत्यु तथा अन्य व्यक्तिहरू घाइते हुने गरी भएका घटनाहरूको सूक्ष्म अनुसन्धान गरी अनुसन्धानबाट देखिएका दोषी उपर कानूनी कार्वाही गर्न।

ख) **संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र युवासंघलाई** :

१ दुवै पक्षले नागरिकहरूको मानव अधिकार जोखिम हुने प्रकृतिका कुनै पनि कार्यक्रमहरूको आयोजना नगर्न र त्यस्ता कार्यक्रमहरू गर्नलाई आफ्ना नेता कार्यकर्ताहरूलाई उत्साहित गर्ने कार्य तत्काल बन्द गर्न ।

२ सार्वजनिक रूपमा सामान्य राजनीतिक संस्कार विपरीतका उत्तेजक मन्तव्य, अश्लील शब्द र गीत रचनाहरूको माध्यमबाट एकअर्काको मर्यादामा आँच पुऱ्याउने कार्य तत्काल बन्द गरी राजनीतिक संस्कार अवलम्बन गर्दै एक अर्काबीच मानव अधिकार मैत्री व्यवहार गर्न ।

३ रङ्गेलीमा युवासंघले त्यस स्थानको अवस्था र परिस्थिति बारेमा पूर्ण जानकारी हुँदाहुदै हठपूर्वक स्थानीय राजनीतिक दलसँग समझदारी र सहमति नगरी सोही स्थानमा कार्यक्रम गर्नुपर्ने आधार पुष्टि गर्न नसकेको सन्दर्भमा आइन्दा यस प्रकारका कार्यक्रमहरू जुधाउने गरी नगर्न तथा युवासंघ, मोर्चा र सम्बद्ध अन्य सबै राजनीतिक दल तथा संघ संगठनहरूबाट यस प्रकारका घटना नदोहोऱ्याउन ।

४ आफ्ना दोषी कार्यकर्ताहरूको पहिचान गरी कानूनी कार्वाही गर्ने कार्यमा नेपाल प्रहरीलाई सहयोग गर्न ।

५ शान्तिपूर्ण कार्यक्रमलाई पूर्णतः शान्ति पूर्ण राख्न कुनै पनि संस्कार र वाहनामा कुनैपनि किसिमका हतियार हरूको प्रयोग निषेध गरी राष्ट्रिय र अन्तराष्ट्रिय कानूनी व्यवस्थाको सम्मान गरी उच्च राजनैतिक चरित्र प्रदर्शन गर्न ।

६ जोखिमपूर्ण अवस्थामा गरिने हरेक सार्वजनिक कार्यक्रमहरूको बारेमा अनिवार्य रूपमा स्थानीय प्रशासनलाई समयमा नै जानकारी दिने व्यवहारको विकास गर्न ।

ग) **राष्ट्रिय मानव अधिकार आयोगलाई**

आयोगका माननीय सदस्यज्यूहरू स्वयं अनुसन्धानमा जाँदा निर्णय प्रक्रियामा पनि सहभागी हुनु पर्ने हुँदा अब उप्रान्त मानव अधिकारका गम्भीर उल्लङ्घनका घटनाका अनुसन्धानहरूमा राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १२ तथा राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) निमयमावली २०६९ को नियम ७ बमोजिम आवश्यकता अनुसार विशेषज्ञ सम्मिलित समिति वा उप समिति गठन गरी अनुसन्धान कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउन ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**: आयोगबाट च.नं. १५३ मिति २०७४/४/१७ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति**: गृह मन्त्रालयलाई पठाएको च.नं. १२६० मिति २०७४/५/२७ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ङ) घाइते/कुटपीट**

**क्रम संख्या ७९१**

१. **पीडितको नाम, थर र ठेगाना** नरदेवी वोहरा, धनगढी -८, कैलाली

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी र नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला धनगढी नगरपालिका वडा नं. ८ बस्ने नरदेवी वोहरालाई मिति २०६०/७/१ गते ऐ. फुलवारी वसपार्क सेतोपुल स्थित आफ्नै चियापसलमा वसिरहेको बेला तत्कालीन द्वन्द्वको बेला सुरक्षाकर्मी र नेकपा माओवादीका कार्यकर्ताबीच दोहोरो भिडन्तमा क्रस फायरिङ्गमा परी गोली लागि घाइते भएकोले क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी मिति २०६४।११।१४ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीबाट घटनाको छानवीन अनुसन्धान हुँदा प्राप्त प्रमाणको आधारमा दोहोरो भिडन्तमा परी गोली लागि घाइते भएको देखिन आएकोले पीडितलाई क्षतिपूर्ति रु १ लाख उपलब्ध गराउन र निजको स्वास्थ्योपचार निःशुल्क उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७३।५।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ११२३, श्री प्र.म.म.का.मा मिति २०७३।१०।१० गते आयोगबाट

निर्णय कार्यान्वयनका लागि लेखि पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न ०७३।७४-८२-५१३७ मिति २०७३।१०।२८, प्र.म.म.का, मा.अ. प्र. शाखाबाट निर्णय कार्यन्वयन सम्बन्धमा गृह मन्त्रालय, शा.तथा पुनर्निमाण मन्त्रालय र स्वास्थ्य मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.न ३०३ मिति २०७३।११।१, प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, मा.अ. शाखाबाट खुलाई पठाउनु हुन सम्बन्धमा क्षेत्रीय प्रहरी कार्यालय, दिपायललाई पठाएको आयोगलाइ बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७९२**

१. **पीडितको नाम, थर र ठेगाना** गगनसिंह वि.क., वेलादेवीपुर ३, कैलाली

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला वेलादेवीपुर गा.वि.स. वडा नं. ३ बस्ने गगनसिंह वि.क.लाई नेकपा (माओवादी) का कार्यकर्ताले मिति २०६०/५/८ मा सुराकीको आरोपमा अपहरण गरी मरणासन्न हुने गरी कुटपीट गरी घाइते वनाएकोले दोषीलाई कार्वाही र क्षतिपूर्ति दिलाइपाउँ भनी मिति २०६७।०७।०९ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीबाट घटनाको अनुसन्धान हुँदा माओवादीका कार्यकर्ताले कुटपीट गरी मरणासन्न अवस्थामा छाडि गएको, नेपाल सरकारबाट राहत स्वरुप रु ४० हजार प्राप्त गरेको देखिदा माओवादी कार्यकर्ताको उक्त कार्य जेनेभा महासन्धी १९४९ को साझा धारा ३ विपरित भएको देखिदा दोषीको पहिचान गरी कार्वाही गर्न र स्वास्थ्योपचार निःशुल्क गरी थप रु ६० हजार उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७३।०५।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११२२ मिति २०७३।१०।१० मा निर्णय कार्यान्वयनको लागि प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** मिति २०७३।१०।२८ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा शान्ति तथा पुनर्निर्माण, स्वास्थ्य र गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ३०२ मिति २०७३।११।०१ मा प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग मानव अधिकार शाखाले क्षेत्रीय प्रहरी कार्यालय, दिपायललाई आयोगको आदेश कार्यान्वियन गरी/गराई भए गरेको कामको विवरण खुलाई पठाउनु हुन भन्ने व्यहोराको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७९३**

१. **पीडितको नाम, थर र ठेगाना** प्रमिला तामाङ र राजकुमारी तामाङ, फुल्पीङ्गकोट १, सिन्धुपाल्चोक

२. **उल्लंघनकर्ता** अज्ञात

३. **उजूरीको संक्षिप्त विवरण** सिन्धुपाल्चोक जिल्ला फुल्पीङ्कोट गा.वि.स. वडा नं. १ बस्ने निर बहादुर तामाङको घरमा २०६६ जेठ १५ गते राती बम विष्फोट भई घरमा क्षति पुगेको र छोरी प्रमिला तामाङ र श्रीमती राजकुमारी तामाङ गम्भीर घाइते भएकाले छानवीन गरी पाउँ भनी मिति २०६६।०२।१९ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** अनुसन्धान प्रतिवेदन अनुसार को बसेको कारणबाट बम विष्फोट भएको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोकको मिति २०६६/४/२८, च.नं. २३६ को पत्रानुसार छानवीन टोली गठन भई अनुसन्धान भएको र थप कार्वाही भइरहेको भन्ने प्रहरीको अनुसन्धान प्रतिवेदनबाट समेत खुल्न आएको देखिदा पीडितको क्षति भएको सम्पत्तीको क्षतिपूर्ति उपलब्ध गराउन, पीडितहरूको स्वास्थ्यउपचार, शिक्षा, मनोसामाजिक परामर्श समेत उपलब्ध गराउन सरकारलाई सिफारिश गर्ने र घटनाको सन्दर्भमा राजनीतिक दलहरूबाट आरोप प्रत्यारोप भएको बुझिन आएकाले आगामी

दिनमा त्यस तर्फ सचेत र जिम्मेवार बन्न राजनीतिक दलहरूलाई ध्यानाकर्षण गराउने मिति २०७३।०९।१९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४६२६ अनुसन्धान ११९३ मिति २०७३।१०।१९ मा निर्णय कार्यान्वयनको लागि सिफारिश गरिएको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७९४**

१. **पीडितको नाम, थर र ठेगाना** विजया सुवेदी, पोखरा -१४, कास्की

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** कास्की जिल्ला पोखरा उपनगरपालिका वडा नं. १४ बस्ने विजया सुवेदीले २०६२/६३ को जनआन्दोलनको क्रममा २०६३/१/५ गते सभागृह चोकमा सुरक्षकर्मीले चलाएको टियर ग्यास, लाठीचार्जबाट घाइते भई प्रभावकारी उपचार नभएकोले राम्रो स्वास्थ्य उपचार उपलब्ध गराई पाउँ भनी २०७२।१२।१७ मा आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान प्रतिवेदन अनुसार निजको निरन्तर स्वास्थ्य उपचार गराउन र रु. १ लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७३।१०।२७ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १९२५ मिति २०७४।०२।२८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ८६३९ मिति २०७४।०३।०४ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह, स्वास्थ्य र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**च) यातना**

**क्रम संख्या – ७९५**

१. **पीडितको नाम, थर र ठेगाना** अमृत थारु, नेउलापुर-४, बर्दिया

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** बर्दिया जिल्ला नेउलापुर गा.वि.स. वडा नं. ४ बस्ने अमृत थारु, बसन्ती थारु र लोटन थारु समेतका ३ जनालाई २०५८ असार १६ गते नेपाली सेनाका सुरक्षाकर्मीले पक्राउ गरी यातना दिएकाले छानवीन गरी पाउँ भनी मिति २०६५।०६।१५ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी १५५८, आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार नेपाली सेनाको वरख दल गणका सुरक्षाकर्मीहरू पर्शुराम कुमाल थारु र लुमाकान्त भण्डारीलाई विभागीय कार्वाही गर्न, पीडित अमृत थारुलाई रु १ लाख उपलब्ध गराउन र बसन्ती थारु र लौटन थारुको स्वास्थ्यउपचार निःशुल्क गर्न समेत राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कारवाहि तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १७ र २४ बमोजीम नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो । साथै यातनालाई अपराधिक कार्य मान्ने गरी कानूनको व्यवस्था मिलाउन समेत नीतिगत सिफारिश गर्ने मिति २०७३।०९।१९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १८५३ मिति २०७४।०२।१७ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. ८६४६, मिति २०७४।३।५ को गृह र स्वास्थ्य मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७९६**

१. **पीडितको नाम, थर र ठेगाना** वसन्ती थारु, नेउलापुर ४, बर्दिया

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी १८५९, बर्दिया जिल्ला नेउलापुर गा.वि.स. वडा नं. ४ बस्ने अमृत थारु, बसन्ती थारु र लोटन थारु समेतका ३ जनालाई २०५८ असार १६ गते नेपाली सेनाका सुरक्षाकर्मीले पक्राउ गरी यातना दिएकाले छानवीन गरी पाउँ भनी मिति २०६५।०६।१५ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार नेपाली सेनाको वरख दल गणका सुरक्षाकर्मीहरू पर्शुराम कुमाल थारु र लुमाकान्त भण्डारीलाई विभागीय कार्वाही गर्न, पीडित अमृत थारुलाई रु १ लाख उपलब्ध गराउन र बसन्ती थारु र लौटन थारुको स्वास्थ्योपचार निःशुल्क गर्न समेत राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कारवाहि तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १७ र २४ बमोजीम नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो । साथै यातनालाई अपराधिक कार्य मान्ने गरी कानूनको व्यवस्था मिलाउन समेत नीतिगत सिफारिश गर्ने मिति २०७३।०९।१९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १८५३ मिति २०७४।०२।१७ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ७९७**

१. **पीडितको नाम, थर र ठेगाना** लोटन थारु, नेउलापुर ४, बर्दिया

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी १८६० बर्दिया जिल्ला नेउलापुर गा.वि.स. वडा नं. ४ बस्ने अमृत थारु, बसन्ती थारु र लोटन थारु समेतका ३ जनालाई २०५८ असार १६ गते नेपाली सेनाका सुरक्षाकर्मीले पक्राउ गरी यातना दिएकाले छानवीन गरी पाउँभनी मिति **२०६५।०६।१५** गते आयोगमा दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार नेपाली सेनाको वरख दल गणका सुरक्षाकर्मीहरू पर्शुराम कुमाल थारु र लुमाकान्त भण्डारीलाई विभागीय कार्वाही गर्न, पीडित अमृत थारुलाई रु १ लाख उपलब्ध गराउन र बसन्ती थारु र लौटन थारुको स्वास्थ्यउपचार निःशुल्क गर्न समेत राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कारवाहि तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १७ र २४ बमोजीम नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो । साथै यातनालाई अपराधिक कार्य मान्ने गरी कानूनको व्यवस्था मिलाउन समेत नीतिगत सिफारिश गर्ने मिति २०७३।०९।१९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १८५३ मिति २०७४।०२।१७ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या ७९८**

१. **पीडितको नाम, थर र ठेगाना** चित्रनाथ योगी, मान बहादुर खत्री र दिप बराल, सुगरखाल ७, कैलाली ।

२. **उल्लंघनकर्ताः** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला सुगरखाल गा.वि.स. वडा नं. ७ बस्ने चित्रनाथ योगी, मान बहादुर खत्री र दिप बराल लगायतलाई २०६० मंसिर १० गते ऐ. वडा नं. हात्ती ढुंगा भन्ने स्थानमा तत्कालीन शाही नेपाली सेनाले यातना दिएको घटना को सम्बन्धमा छानवीन गरी पाउँ भनी आयोगमा मिति २०६५/४/३० मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिशः** आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार घटनामा संलग्न दोषी सुरक्षाकर्मी को पहिचान गरी विभागीय कार्वाही गर्न, पीडितहरू (१) चित्रनाथ योगी, (२) मान बहादुर खत्री र (३) दिप बराल लगायत लाई जनही १/१ लाखका दरले क्षतिपूर्ति उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कारवाहि तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १७ उपनियम ३ बमोजीम नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७३।०९।१९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** :आयोगबाटच.नं. २१३७ मिति २०७४/२/१७ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह, रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह, रक्षा र शान्ति तथा पुनर्निर्माण पठाएको च.नं. ८६४४ मिति २०७४/३/५ को श्री प्रममपकाको बोधार्थ पत्र ।

च.नं. मा.अ. १९६५ मिति २०७४।०७।०५ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह र स्वास्थ्य मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**छ) विभेदविरुद्धको अधिकार**

**क्रम संख्या ७९९**

१. **पीडितको नाम, थर र ठेगानाः** राम प्रसाद खनाल, जुम्ला ।

२. **उल्लंघनकर्ताः** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०५९/७/२८ गते जुम्ला सदरमुकाममा सशस्त्र द्वन्द्वको बेला तत्कालीन विद्रोही पक्ष नेकपा (माओवादी) बाट आक्रमण हुँदा मृत्यु भएका मालपोत कार्यलयमा कार्यरत पियन राम प्रसाद खनालको परिवारलाई रु. १ लाख ५० हजार उपलब्ध गराइएको, सोही घटनामा परी मृत्यु हुने प्रमुख जिल्ला अधिकारीका परिवारलाई रु. ७ लाख ५० हजार उपलब्ध गराएकोले भेदभाव भएको भनी आयोगमा मिति २०६१/३/२ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिशः** राज्यका पदाधिकारी सरह विना भेदभाव समान रुपमा क्षतिपूर्ति उपलब्ध गराउन आयोगको अनुसन्धान प्रतिवेदनबाट देखिन आएकोले विना भेदभाव समान रुपमा क्षतिपूर्ति राहत र छात्रवृत्तिको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७३।१०।२७ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचारः** आयोगबाट च.नं. १८६५ मिति २०७४/२/१८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवम गृह, शिक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह, शिक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको च.नं. ८६३८ मिति २०७४/३/४ को प्रममपकाको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ज) स्वास्थ्यको अधिकार**

**क्रम संख्या ८००**

१. **पीडितको नाम, थर र ठेगानाः** रविलाल खत्री मध्यपश्चिम क्षेत्र ।

२. **उल्लंघनकर्ताः** स्वास्थ्यकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** मध्यपश्चिम क्षेत्रमा चिकित्सकले विरामीलाई औषधी प्रयोग गर्ने विधि सम्बन्धमा स्पष्ट जानकारी नगराएको कारण आम सेवाग्राही उपभोक्ता पीडित रहेकोले कार्वाही गरीपाउँ भनी रविलाल खत्रीले मिति २०६३/३/७ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** चिकित्सकले प्रेसक्रिप्सनमा स्पष्ट बुझिने गरी औषधीको असर, प्रभाव वारे स्पष्ट जानकारी गराउने व्यवस्था गर्न नेपाल सरकार स्वास्थ्य मन्त्रालय र नेपाल मेडिकल काउन्सिललाई नीतिगत सिफारिश गर्ने भनी मिति २०७३।१०।०६ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १८६८ मिति २०७४/२/१८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री स्वास्थ्य मन्त्रालय र नेपाल मेडिकल काउन्सिललाई सिफारिश गरेको एवं प्रममपकालाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** स्वास्थ्य मन्त्रालयलाई पठाएको च.नं. ८६३६ मिति २०७४/३/४ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**झ) बाल अधिकार**

**क्रम संख्या ८०१**

१. **पीडितको नाम, थर र ठेगाना** बालकष्ण खड्का (वर्ष ६) कठरी -९, सिन्धुपाल्चोक ।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ८४५, सिन्धुपाल्चोक जिल्ला कठरी गा.वि.स. वडा नं. ९ बस्ने ६ वर्षीय बालक बालकष्ण खड्कालाई २०६० सालमा सरिता श्रेष्ठले पालनपोषण गर्न, बालगृहमा पढाइ दिने भनी प्रलोभनमा पारी वच्चा जिम्मा लगाएको र वच्चासँग लामो समय सम्पर्क विहीन गराएकोले कार्वाही गरिपाउँ भनी आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** बाल सेवा केन्द्र खुसीवन, बालाजु काठमाडौंको संस्था मार्फत गोरखापत्रमा सुचना समेत २०६५।५।८ मा प्रकाशित गरी हाल धर्मपुत्रको रुपमा इटली पठाएको फाइल संलग्न कागजातबाट देखिन आएकाले मानव अधिकार उलंघन भएको देखिन आएको, बाल संगठन नक्सालमार्फत धर्मपुत्रको रुपमा पठाएको भन्ने देखिदा धर्मपुत्र सम्बन्धी कानूनी व्यवस्था,नीति समेत आवश्यक संशोधन गर्न, जनचेतना र सचेतना वृद्धि गर्न दायीत्व अभिभावक बाबु, आमा स्वयंको हुने भएकाले त्यसतर्फ सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न गराउन नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने भनी मिति २०७३/९/१९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १९२४, मिति २०७४।०२।२८ आयोगको निर्णय कार्यान्वयनको लागि प्रममपकामा पठाई गृह, शान्ति तथा पुनर्निर्माण र म.बा.तथा समाज कल्याण मन्त्रालयलाई बोधार्थ दिइएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. ८३०१, मिति २०७४।२।२१ मा गृह, शान्ति र महिला तथा बालबालिका मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८०२**

१. **पीडितको नाम, थर र ठेगाना** नारायण बजगाईं समेत ८ जना विद्यार्थी, विरेन्द्र विद्यामन्दिर उच्च मा.वि. टिकापुर कैलाली ।

२. **उल्लंघनकर्ता** विद्यालय इन्चार्ज ।

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला, टिकापुर न. पा. स्थित विरेन्द्र विद्या मन्दिर उच्च मा. वि. का इन्चार्जले सोही विद्यालयका ८ जना विद्यार्थीलाई कुटपीट गरेकोले आवश्यक कार्वाही गरी पाउँ भनी मिति २०७२।३।२७ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा हाल उक्त विषय सामान्य भइसकेकोले यस उजूरी उपरको कारवाहीलाई तामेलीमा राख्ने निर्णय गरियो । साथै, विद्यालयमा बालबालिका विरुद्ध शारीरिक दण्ड सजायका घटनाले हालसम्म पनि निरन्तरता पाइरहेको देखिएकोले विद्यालय तहमा यस प्रकारका कार्यविरुद्ध सचेतनामुलक कार्यक्रमहरू दिने नीतिगत सिफारिश गर्ने मिति २०७४।२।२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ३०७, श्री प्र.म.म.का.मा मिति २०७४।५।१६ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं १२३६ मिति २०७४।५।२६, प्र. ममपका, मा.अ.शाखाबाट निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा शिक्षा मन्त्रालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**ञ) अपांगताको अधिकार**

**क्रम संख्या –८०३**

१. **पीडितको नाम, थर र ठेगाना** हरिवहादुर राना मगर, पृथ्वीनारायण -४, गोरखा ।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** जनआन्दोलन २०६२/६३ मा घाइते भई जीवन निर्वाहमा कठिनाई उत्पन्न भएकोले घाइते अपांगता भएका व्यक्तिको सम्बन्धमा जीविकोपार्जन, आजीवन स्वास्थ्योपचार, सन्ततीहरूको लागि निःशुल्क शिक्षाको प्रवन्ध गराई पाउँ भनी मिति २०६१।०२।३० मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३८१०, नेपाल सरकारले माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरू, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरूका लागि पुनर्स्थापना एवं हेरचाह निर्देशिका २०६८ जारी गरेको पाइयो । उक्त निर्देशिकाले जनआन्दोलन २०६२/६३ का घाइते, अपाङ्ग समेतको लागि निश्चित मापदण्ड तोकिएको देखिदा उक्त निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्न गराउनको लागि नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने मिति २०७३।०५।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५५६ मिति २०७३।०७।९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.र गृह मन्त्रालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८०४**

१. **पीडितको नाम, थर र ठेगाना** पार्वती न्यौपाने, पटहानी -२, चितवन ।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ३८११, जनआन्दोलन २०६२/६३ मा घाइते भई जीवन निर्वाहमा कठिनाई उत्पन्न भएकोले घाइते अपांगता भएका व्यक्तिको सम्बन्धमा जीविकोपार्जन, आजीवन स्वास्थ्योपचार, सन्ततीहरूको लागि निःशुल्क शिक्षाको प्रवन्ध गराई पाउँ भनी मिति २०६१।०२।३० मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** नेपाल सरकारले माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरू, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरूका लागि पुनर्स्थापना एवं हेरचाह निर्देशिका २०६८ जारी गरेको पाइयो । उक्त निर्देशिकाले जनआन्दोलन २०६२/६३ का घाइते, अपाङ्ग समेतको लागि निश्चित मापदण्ड तोकिएको देखिदा उक्त निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्न गराउनको लागि नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने मिति २०७३।०५।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५५६ मिति २०७३।०७।९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का. र गृह मन्त्रालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८०५**

१. **पीडितको नाम, थर र ठेगाना** रमेश कुमार राई, महेन्द्र झ्याडी ५, सिन्धुली ।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ३८०७ जनआन्दोलन २०६२/६३ मा घाइते भई जीवन निर्वाहमा कठिनाई उत्पन्न भएकोले घाइते अपांगता भएका व्यक्तिको सम्बन्धमा जीविकोपार्जन, आजीवन स्वास्थ्योपचार, सन्ततीहरूको लागि निःशुल्क शिक्षाको प्रवन्ध गराई पाउँ भनी मिति २०६३।०२।३० मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** नेपाल सरकारले माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरू, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरूका लागि पुनर्स्थापना एवं हेरचाह निर्देशिका २०६८ जारी गरेको पाइयो । उक्त निर्देशिकाले जनआन्दोलन २०६२/६३ का घाइते, अपाङ्ग समेतको लागि निश्चित मापदण्ड तोकिएको देखिदा उक्त निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्न गराउनको लागि नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने मिति २०७३।०५।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५५६ मिति २०७३।०७।९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का. र गृह मन्त्रालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८०६**

१. **पीडितको नाम, थर र ठेगाना** रचना राई, गजुरी, धादिङ्ग ।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ३८०६ जनआन्दोलन २०६२/६३ मा घाइते भई जीवन निर्वाहमा कठिनाई उत्पन्न भएकोले घाइते अपांगता भएका व्यक्तिको सम्बन्धमा जीविकोपार्जन, आजीवन स्वास्थ्योपचार, सन्ततीहरूको लागि निःशुल्क शिक्षाको प्रवन्ध गराई पाउँ भनी मिति २०६३।०२।२९ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** नेपाल सरकारले माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरू, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरूका लागि पुनर्स्थापना एवं हेरचाह निर्देशिका २०६८ जारी गरेको पाइयो । उक्त निर्देशिकाले जनआन्दोलन २०६२/६३ का घाइते, अपाङ्ग समेतको लागि निश्चित मापदण्ड तोकिएको देखिदा उक्त निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्न गराउनको लागि नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने मिति २०७३।०५।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५५६ मिति २०७३।०७।९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.र गृह मन्त्रालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८०७**

१. **पीडितको नाम, थर र ठेगाना** सुमन वहादुर मगर, गोरखा ।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ३८०४ जनआन्दोलन २०६२/६३ मा घाइते भई जीवन निर्वाहमा कठिनाई उत्पन्न भएकोले घाइते अपांगता भएका व्यक्तिको सम्बन्धमा जीविकोपार्जन, आजीवन स्वास्थ्योपचार, सन्ततीहरूको लागि निःशुल्क शिक्षाको प्रवन्ध गराई पाउँ भनी मिति २०६३।०२।२९ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** नेपाल सरकारले माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरू, सशस्त्र द्वन्द्व, ऐतिहासिक

जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरूका लागि पुनर्स्थापना एवं हेरचाह निर्देशिका २०६८ जारी गरेको पाइयो । उक्त निर्देशिकाले जनआन्दोलन २०६२/६३ का घाइते, अपाङ्ग समेतको लागि निश्चित मापदण्ड तोकिएको देखिदा उक्त निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्न गराउनको लागि नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने मिति २०७३।०५।२९ मा आयोगबाटनिर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५५६ मिति २०७३।०७।९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.र गृह मन्त्रालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८०८**

१. **पीडितको नाम, थर र ठेगाना** जगत वहादुर रायमाझी, छतिवन -८, मकवानपुर ।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ३६१० जनआन्दोलन २०६२/६३ मा घाइते भई जीवन निर्वाहमा कठिनाई उत्पन्न भएकोले घाइते अपांगता भएका व्यक्तिको सम्बन्धमा जीविकोपार्जन, आजीवन स्वास्थ्योपचार, सन्ततीहरूको लागि निःशुल्क शिक्षाको प्रवन्ध गराई पाउँ भनी मिति २०६३।०२।०२ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** नेपाल सरकारले माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरू, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरूका लागि पुनर्स्थापना एवं हेरचाह निर्देशिका २०६८ जारी गरेको पाइयो । उक्त निर्देशिकाले जनआन्दोलन २०६२/६३ का घाइते, अपाङ्ग समेतको लागि निश्चित मापदण्ड तोकिएको देखिदा उक्त निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्न गराउनको लागि नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने मिति २०७३।०५।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५५६ मिति २०७३।०७।९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.र गृह मन्त्रालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८०९**

१. **पीडितको नाम,थर र ठेगाना** रामशरण पौडेल, तर्जामण्डप ७, नुवाकोट ।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** जनआन्दोलन २०६२/६३ मा घाइते भई जीवन निर्वाहमा कठिनाई उत्पन्न भएकोले घाइते अपांगता भएका व्यक्तिको सम्बन्धमा जीविकोपार्जन, आजीवन स्वास्थ्योपचार, सन्ततीहरूको लागि निःशुल्क शिक्षाको प्रवन्ध गराई पाउँ भनी मिति २०६३।०२। २८ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३८१३, आयोगको अनुसन्धानबाट नेपाल सरकारले माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरू, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरूका लागि पुनर्स्थापना एवं हेरचाह निर्देशिका २०६८ जारी गरेको पाइयो । उक्त निर्देशिकाले जनआन्दोलन २०६२/६३ का घाइते, अपाङ्ग समेतको लागि निश्चित मापदण्ड तोकिएको देखिदा उक्त निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्न गराउनको लागि नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने मिति २०७३।०५।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५५६ मिति २०७३।०७।९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का. र गृह मन्त्रालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८१०**

१. **पीडितको नाम, थर र ठेगाना** टेक वहादुर थापा, डुडभञ्ज्याङ्ग -९, सिन्धुली ।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** जनआन्दोलन २०६२/६३ मा घाइते भई जीवन निर्वाहमा कठिनाई उत्पन्न भएकोले घाइते अपांगता भएका व्यक्तिको सम्बन्धमा जीविकोपार्जन, आजीवन स्वास्थ्योपचार, सन्ततीहरूको लागि निःशुल्क शिक्षाको प्रवन्ध गराई पाउँ भनी मिति २०६३।०२।२८ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३८१२, नेपाल सरकारले माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरू, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरूका लागि पुनर्स्थापना एवं हेरचाह निर्देशिका २०६८ जारी गरेको पाइयो । उक्त निर्देशिकाले जनआन्दोलन २०६२/६३ का घाइते, अपाङ्ग समेतको लागि निश्चित मापदण्ड तोकिएको देखिदा उक्त निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्न गराउनको लागि नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने मिति २०७३।०५।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५५६ मिति २०७३।०७।९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का. र गृह मन्त्रालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८११**

१. **पीडितको नाम, थर र ठेगाना** खलमाया थापा, डुडभञ्ज्याङ्ग -९, सिन्धुली ।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** जनआन्दोलन २०६२/६३ मा घाइते भई जीवन निर्वाहमा कठिनाई उत्पन्न भएकोले घाइते अपांगता भएका व्यक्तिको सम्बन्धमा जीविकोपार्जन, आजीवन स्वास्थ्योपचार, सन्ततीहरूको लागि निःशुल्क शिक्षाको प्रवन्ध गराई पाउँ भनी मिति २०६३।०२।२८ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं.३८०८, नेपाल सरकारले माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरू, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरूका लागि पुनर्स्थापना एवं हेरचाह निर्देशिका २०६८ जारी गरेको पाइयो । उक्त निर्देशिकाले जनआन्दोलन २०६२/६३ का घाइते, अपाङ्ग समेतको लागि निश्चित मापदण्ड तोकिएको देखिंदा उक्त निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्न गराउनको लागि नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने भनी मिति २०७३।०५।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं.५५६ मिति २०७३।०७।९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.र गृह मन्त्रालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८१२**

१. **पीडितको नाम, थर र ठेगाना** सविन गाइजु, भक्तपुर

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** जनआन्दोलन २०६२/६३ मा घाइते भई जीवन निर्वाहमा कठिनाई उत्पन्न भएकोले घाइते अपांगता भएका व्यक्तिको सम्बन्धमा जीविकोपार्जन, आजीवन स्वास्थ्योपचार, सन्ततीहरूको लागि निःशुल्क शिक्षाको प्रवन्ध गराई पाउँ भनी मिति २०६३।०२।२९ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३८०९, नेपाल सरकारले माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरू, सशस्त्र

द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरूका लागि पुनर्स्थापना एवं हेरचाह निर्देशिका २०६८ जारी गरेको पाइयो । उक्त निर्देशिकाले जनआन्दोलन २०६२/६३ का घाइते, अपाङ्ग समेतको लागि निश्चित मापदण्ड तोकिएको देखिंदा उक्त निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्न गराउनको लागि नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने मिति २०७३।०५।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**आयोगको च.नं. ५५६ मिति २०७३।०७।९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.र गृह मन्त्रालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८१३**

१. **पीडितको नाम, थर र ठेगाना** राममणि पोखरेल, त्रियुगा -७, उदयपुर ।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** जनआन्दोलन २०६२/६३ मा घाइते भई जीवन निर्वाहमा कठिनाई उत्पन्न भएकोले घाइते अपांगता भएका व्यक्तिको सम्बन्धमा जीविकोपार्जन, आजीवन स्वास्थ्योपचार, सन्ततीहरूको लागि निःशुल्क शिक्षाको प्रवन्ध गराई पाउँ भनी मिति २०६३।०४।२६ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३७२९, नेपाल सरकारले माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरू, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरूका लागि पुनर्स्थापना एवं हेरचाह निर्देशिका २०६८ जारी गरेको पाइयो । उक्त निर्देशिकाले जनआन्दोलन २०६२/६३ का घाइते, अपाङ्ग समेतको लागि निश्चित मापदण्ड तोकिएको देखिदा उक्त निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्न गराउनको लागि नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने मिति २०७३।०५।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं.५५६ मिति २०७३।०७।९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.र गृह मन्त्रालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८१४**

१. **पीडितको नाम, थर र ठेगाना** गीतादेवी रेग्मी, त्रियुगा -४, गाईघाट, उदयपुर ।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** (**दोहोरिएको**) जनआन्दोलन २०६२/६३ मा घाइते भई जीवन निर्वाहमा कठिनाई उत्पन्न भएकोले घाइते अपांगता भएका व्यक्तिको सम्बन्धमा जीविकोपार्जन, आजीवन स्वास्थ्योपचार, सन्ततीहरूको लागि निःशुल्क शिक्षाको प्रबन्ध गराई पाउँ भनी मिति २०६३।०४।२६ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३७२९, नेपाल सरकारले माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरू, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरूका लागि पुनर्स्थापना एवं हेरचाह निर्देशिका २०६८ जारी गरेको पाइयो । उक्त निर्देशिकाले जनआन्दोलन २०६२/६३ का घाइते, अपाङ्ग समेतको लागि निश्चित मापदण्ड तोकिएको देखिंदा उक्त निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्न गराउनको लागि नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने मिति २०७३।०५।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं.५५६ मिति २०७३।०७।९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.र गृह मन्त्रालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८१५**

१. **पीडितको नाम, थर र ठेगाना** श्याम प्रसाद ढुंगाना, त्रियुगा १७, उदयपुर

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** जनआन्दोलन २०६२/६३ मा घाइते भई जीवन निर्वाहमा कठिनाई उत्पन्न भएकोले घाइते अपांगता भएका व्यक्तिको सम्बन्धमा जीविकोपार्जन, आजीवन स्वास्थ्योपचार, सन्ततीहरूको लागि निःशुल्क शिक्षाको प्रवन्ध गराई पाउँ भनी मिति २०६३।०४।२६ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३७२८, नेपाल सरकारले माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरू, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरूका लागि पुनर्स्थापना एवं हेरचाह निर्देशिका २०६८ जारी गरेको पाइयो । उक्त निर्देशिकाले जनआन्दोलन २०६२/६३ का घाइते, अपाङ्ग समेतको लागि निश्चित मापदण्ड तोकिएको देखिंदा उक्त निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्न गराउनको लागि नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने मिति २०७३।०५।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५५६ मिति २०७३।०७।९ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.र गृह मन्त्रालयलाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८१६**

१. **पीडितको नाम, थर र ठेगाना** तुलसा वि.क, कोहलपुर रझेना- ४, बाँके ।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला, रझेना- ४ बस्ने तुलसा वि.क. ले शारीरिक अपाङ्गता र आर्थिक अवस्था कमजोर भएकाले आर्थिक सहयोग गरीपाउँ भनी आयोगमा मिति २०६१/१०/१० मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान प्रतिवेदन समेतको आधारमा अपाङ्गता भएका व्यक्तिको पालन पोषणको लागी नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७३।१०।२७ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १८६७ मिति २०७४/२/१८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं अर्थ र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** अर्थ र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई पठाएको च.नं. ८६४१ मिति २०७४/३/४ को श्री प्रममपकाको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**सम्पत्तिको अधिकार**

**क्रम संख्या – ८१७**

१. **पीडितको नाम, थर र ठेगाना** झिल्के खड्का, रिठापाटा -९, बझाङ ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बझाङ, रिठापाटा गा.वि.स. वडा नं. ९ स्थायी घर भई जिल्ला बन कार्यालय, बझाङ्गमा बनपाले पदमा कार्यरत झिल्के खड्कालाई मिति २०६१/०६/०१ गते रातको १:३० बजेको समयमा माओवादीको एक समूहले निजलाई अपहरण गरी बेपत्ता पार्नुका साथै निजको पसल भएको घरमा आगजनी समेत गरेकोले निजको सकुशल रिहाईको साथै उचित क्षतिपुर्तिका लागि पहल गरी पाउँ भनी आयोग कार्यालयमा मिति २०६१/०६/०४ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान प्रतिवेदन अनुसार माओवादीका कार्यकर्ताले ६ दिन कब्जामा राखी मुक्त गरिदिएको र १२ कोठे पक्की घर जलेकोले मूल्यांकन बमोजिम क्षतिपूर्ति उपलब्ध गराउन, दोषीलाई कार्वाही गर्न समेत राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ को उपदफा (२), (३) नं. बमोजिम सिफारिश गर्ने भनी मिति २०७३।०९।१९ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १९२२ मिति २०७४।०२।२८ मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म. तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइ सोको बोधार्थ/कार्यार्थ गृह मन्त्रालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, स्वास्थ्य मन्त्रालय।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. ८३११, मिति २०७४।२।२१ को गृह र शान्ति मन्त्रालयमा निर्णय कार्यान्वयनको लागि लेखिएको पत्रको बोधार्थ प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**४.१८ आर्थिक वर्ष २०७४/०७५ मा गरिएका सिफारिशहरू**

**क) सुरक्षाकर्मीबाट हत्या**

**क्रम संख्या – ८१८**

१. **पीडितको नाम, थर र ठेगाना** चतुरनारायण योगी, शिखरवेशी -६, नुवाकोट

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** नुवाकोट जिल्ला शिखरवेशी गा. वि. स. वडा नं. ६ बस्ने चतुरनारायण योगी (चतुरनाथ कमर योगी) लाई मिति २०६१।१।२७ मा बाटोमा हिडीरहेको अवस्थामा नुवाकोट जिल्ला गणेशस्थान गा.वि.स. को नयाँपुलबाट सुरक्षाकर्मीले पक्राउ गरी २०६१।२।२ गतेसम्म नुवाकोट जिल्लाको खरानीटार सुरक्षा क्याम्पमा राखी तारेखमा छाडेको सुरक्षा क्याम्पमा राख्दा सुरक्षाकर्मीले यातना दिएको सोही यातनाको कारण मिति २०६१।८।१६ गते निजको मृत्यु भएकोले दोषी सुरक्षाकर्मीलाई कारबाही गरी मृतकका परिवारलाई क्षतिपूर्ति र बालबालिकालाई शिक्षा उपलब्ध गराई पाउँ भनी मिति २०६२।६।१० मा आयोगमा दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान बाट निजलाई सुरक्षाकर्मीले पक्राउ गरी सैनिक क्याम्पमा राख्दा यातना दिएको, यातना पश्चात् उपचारको लागि भारत लगेकोमा उपचार असंभव भएकोले नेपालमै फिर्ता आएकोमा सोही यातनाको कारण निजको २०६१।०८।१६ मा मृत्यु भएको देखिदा दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कारबाही गर्ने र मृतकका कानून बमोजिमका हकवालालाई रू. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।०४।३ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५१२, श्री प्र.म.म.का.मा मिति २०७४।६।१८ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९१२ मिति २०७४।६।३०, प्रममपका, मा.अ.प्र.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय र शा.तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त।

च.नं. ४९ मिति २०७४।६।२७, शा.तथा पुनर्निमाण मन्त्रालय, राहत था पुनःस्थापना महाशाखाबाट जानकारी उपलब्ध गराउने सम्बन्धमा राहत तथा पुनर्स्थापना इकाइलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त।

च.न १४३ मिति २०७५।३।८, गृह मन्त्रालय, राहत तथा तथ्यांक व्यवस्थापन शाखाबाट सहमति गराउने बारे अर्थ मन्त्राालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८१९**

१. **पीडितको नाम, थर र ठेगाना** जानकी कुमारी चौधरी, उर्मा -६, कैलाली।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला उर्मा गा.वि.स. वडा नं. ६ बस्ने वर्ष २२ कि जानकी कुमारी चौधरी २०६०/६/११ गते धनगढी डेराबाट चामल लिन भनी साईकल चढी आफ्नो घर उर्मातर्फ गइरहेको अवस्थामा कतरी नदी किनारमा पुग्दा माओवादीको आरोपमा सुरक्षाकर्मीले हत्या गरेकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३/५/३० र मिति २०६३/६/४ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** युद्धमा संलग्न नभएको निःशस्त्र महिलालाई तत्कालीन शाही नेपाली सेना कैलालीको बोराडाँडी र तेघरी वरखगडा तथा जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएका संयुक्त सुरक्षाकर्मीहरूबाट नियन्त्रणमा लिई मारिएको पाइएकोले निजको बाँच्न पाउने अधिकार उल्लघंन भएको देखिदा दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कारबाही गर्न र मृतकका कानून बमोजिमका हकवालालाई रु ३,००,०००।- (तीन लाख) क्षतिपूर्ती उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५६३ मिति २०७४/६/२६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह, रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** प्रहरी प्रधान कार्यालयलाई पठाएको च.नं. १६१ मिति २०७४/६/३१ को गृह मन्त्रालय मानव अधिकार शाखाको बोधार्थ पत्र। गृह, रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई पठाएको च.नं. १९७६ मिति २०७४/७/५ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र। जानकी कुमारी चौधरी नजिकको हकदार बुवा श्री काजी चौधरीले रु १० लाख बुझेको व्यहोरा उल्लेख गरेको च.नं. ११३७ मिति २०७५/६/९ को जिल्ला प्रशासन कार्यालय कैलालीको छायाँकपी पत्र सहित च.नं. १५५६ मिति २०७५/६/१५ को खुलाई पठाएको सम्बन्धमा प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालय (मानव अधिकार शाखा)को पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ८२०**

१. **पीडितको नाम, थर र ठेगाना** शुक बहादुर थिङ, माल्टा -३, ललितपुर।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** शुक बहादुर थिङलाई २०६०।८।२४ मा गस्तीमा आएको राजदल गण र देवीदल गणका सेनाको टोलीले घरबाटै गिरफ्तार गरी ललितपुर जिल्ला माल्टा गा. वि. स. वडा नं. ३ स्थित पाङ्गे भन्ने स्थानमा लगी मारेकोले घटनाको छानवीन गरी दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी २०६३।९।२० मा आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निजलाई २०६०।८।२४ गते सैनिकहरूले पक्राउ गरेपछि मारेको र निजको बाँच्न पाउने अधिकारको उल्लंघन भएको पाइयो। अतः दोषी सैनिकको पहिचान गरी कानून बमोजिम कारबाही गर्न र मृतकका परिवारलाई रू. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५०७ मिति २०७४।०६।१८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९५० मिति २०७४।०६।३१ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

च.नं. ४९ शान्ति तथा पुनर्निर्माण मन्त्रालय राहत तथा पुनस्र्थापना महाशाखाले मिति २०७४।०६।२७ मा राहत तथा पुनःस्थापना इकाईलाई राहत पाए नपाएको विषयमा जानकारी पठाउने भनी उल्लेख गरेको व्यहोराको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८२१**

१. **पीडितको नाम, थर र ठेगाना** प्रकाश कंडेल, छत्रे देउराली -८, धादिङ ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** धादिङ जिल्ला, छत्रे देउराली गा. वि. स. वडा नं. ८ घर भई नुवाकोट जिल्ला चाउथे गा. वि. स. वडा नं. ९ मा बसोवास गर्ने प्रकाश कंडेललाई आफ्नो खेतमा काम गरिरहेको अवस्थामा मिति २०६०।७।१५ गते साँझ करीब ५:०० बजेतिर सुरक्षाफौजले मारेको र भोलीपल्ट छिमेकीहरूलाई खोलाको किनारमा खाल्डो खन्न लगाई गाडेको र लाश निकाले ठिक नहुने भनी धम्की दिएको कारणले निजको धर्मपरम्परा अनुसार दाह-संस्कार समेत गर्न नपाएको हुँदा घटनाको तत्काल छानवीन गरी दोषीलाई कारबाही तथा पीडितलाई क्षतिपूर्ति समेत दिलाई पाउँ भनी मिति २०६०।७।१८ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** आयोगको अनुसन्धानबाट तत्कालीन शाही नेपाली सेनाका सेनानी (मेजर) श्री सुवास थापाको नेतृत्वमा खटिएको सैनीक टोलीले अनावश्यक बल प्रयोग गरी घाइते भएका प्रकाश कंडेललाई पुनः मारेको पाइएकोले निज सुवास थापा र अन्य दोषी सुरक्षाकर्मी सैनिकको पहिचान गरी कानून बमोजिम कारबाही गर्न र मृतकका कानून बमोजिमका हकवालालाई रू. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ४३७ मिति २०७४/६/६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको च.नं. १६१२ मिति २०७४/६/२२ को श्री प्रममपकाको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८२२**

१. **पीडितको नाम, थर र ठेगाना** भीम बहादुर भोम्जन, माल्टा -३, ललितपुर ।

२. **उल्लंघनकर्ता** :नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** ललितपुर जिल्ला, माल्टा गा. वि. स. वडा नं. २ बस्ने वर्ष ३२ का भीम बहादुर भोम्जनलाई २०६०।८।२४ मा गस्तीमा आएको राजदल गण र देवीदल गणका सेनाको टोलीले घरबाटै गिरफ्तार गरी ललितपुर जिल्ला माल्टा गा. वि. स. वडा नं. ३ स्थित पाङ्ने भन्ने स्थानमा लगी मारेकोले घटनाको छानवीन गरी दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३।९।२० मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** आयोगको अनुसन्धानबाट निजलाई मिति २०६०।८।२४ गते सैनिकहरूले पक्राउ गरेपछि मारेको र निजको बाँच्न पाउने अधिकारको उल्लंघन भएको देखिदा, दोषी सैनिकको पहिचान गरी कानून बमोजिम कारबाही गर्न र मृतकका परिवारलाई रू. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५११ मिति २०७४।०६।१८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९१३ मिति २०७४।०६।३० मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ४९ शान्ति तथा पुनर्निर्माण मन्त्रालय राहत तथा पुनःस्थापना महाशाखाले मिति २०७४।०६।२७ मा राहत तथा पुनःस्थापना इकाई बबरमहललाई राहत पाए नपाएको विषयमा जानकारी पठाउने भनी उल्लेख गरेको व्यहोराको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८२३**

१. **पीडितको नाम, थर र ठेगाना** प्रेम वि.क, फूलवारी -७, कैलाली ।

२. **उल्लंघनकर्ता**ः सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. ३८६, कैलाली जिल्ला फुलवारी गा.वि.स. वडा नं. ७ बस्ने वर्ष २७ को प्रेम वि.क. र वर्ष २२ को तुलाराम सार्कीलाई धनगढीबाट खटिएको संयुक्त सुरक्षाफौजको गस्ती टोलीले मिति २०५९/१/१५ गतेका दिन गस्ती टोलीलाई देखी भागेर स्थानीयको घरमा लुक्न गएको अवस्थामा सुरक्षाकर्मीहरूले घरबाट बाहिर निकाली रुखमा बाँधी निर्घात कुटपीट गरी आँखा समेत फुटाई रत्ताम्मे बनाइसकेपछि दुबै जनालाई गाडीमा राखी धनगढीतर्फ लगेको भोलीपल्ट रेडियो नेपालबाट २ जना आतंककारीको सुरक्षा कारबाहीमा मृत्यु भएको भन्ने समाचार प्रसारण भएकोमा सर्व साधारण व्यक्तिहरूलाई नियन्त्रणमा लिई मारेकोले घटनाको छानवीन गरी दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन पहल गरी पाउँ भनी मिति २०६३/४/२३ मा आयोगमा उजुरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** प्रेम वि.क र तुलाराम सार्कीलाई सुरक्षाकर्मीहरूले नियन्त्रणमा लिएर यातना पश्चात् मारेको देखिदा दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कारबाही गर्न निजहरूको परिवारलाई परिपुरणको व्यवस्था गर्न र मृतकका कानून बमोजिमका हकवालालाई जनही रु. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।४।३ मा आयोगबाट निर्णय भएको । ( तुलाराम सार्कीको क्र.सं. ४४७ मा सिफारिश रहेको)

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५६१ मिति २०७४/६/२६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह, रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. १९६८, मिति २०७४/७/५ मा गृह, रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई पठाएको बोधार्थ पत्र । शान्ति तथा पुननिर्माण मन्त्रालयले राहत तथा पुर्नस्थापना एकाइलाई पठाएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८२४**

१. **पीडितको नाम, थर र ठेगाना** लाल प्रसाद तिमल्सिना, सरमथली -७ फामचेत, रसुवा ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** रसुवा जिल्ला सरमथली गा. वि. स. वडा नं. ७ फामचेत बस्ने वर्ष २३ का लाल प्रसाद तिमल्सिनालाई २०५९।५।९ मा सोही जिल्ला कालीका स्थान बजारबाट सामान किनेर फर्कदै स्थानीय धोवी खोला भन्ने स्थान बाट सेनाले पक्राउ गरी तत्कालीन अस्थायी पोष्ट राम्चे पुऱ्याएको र भोलीपल्ट सैनिक पोशाक लगाएर निजको गाँउतर्फ लिएर गएकोमा नुवाकोट जिल्लाको सेरा गा.वि.स. मा पुऱ्याई मारेको भनी २०६३।१२।२१ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धानबाट निज लाल प्रसाद तिमल्सिनालाई सेनाले पक्राउ गरी सेरा भन्ने स्थानमा पुऱ्याई मारेको, निजको लास परिवारलाई नदिएर सांस्कृतिक अधिकार समेतको उल्लंघन भएको देखिंदा दोषी सैनिकको पहिचान गरी कानूनबमोजिम कारबाही गरी मृतकका हकवालालाई रू. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५०८ मिति २०७४।०६।१८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९१६ मिति २०७४।०६।३० मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा शान्ति तथा पुनर्निर्माण र रक्षा मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ४९ शान्ति तथा पुनर्निर्माण मन्त्रालयले मिति २०७४।०६।२७ मा राहत तथा पुनःस्थापना इकाई बबरमहललाई राहत पाए नपाएको विषयमा जानकारी पठाउने भनी उल्लेख गरेको व्यहोराको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८२५**

१. **पीडितको नाम, थर र ठेगाना** लीलामाया तामाङ, सरमथली -७ फामचेत, रसुवा ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** रसुवा जिल्ला सरमथली गा. वि. स. वडा नं. ७ बस्ने लीलामाया तामाङ समेतलाई सुरक्षाकर्मीको टोलीले पक्राउ पश्चात् मारेको भनी आयोगको स्वविवेकीय क्षेत्राधिकार अन्तर्गत मिति २०७१।०४।१२ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट मिति २०५९।०५।१९ गते रसुवा जिल्ला सरमथली वडा नं. ७ बस्ने लाल प्रसाद तिमल्सिनालाई पक्राउ गरी सोको भोलीपल्ट निज मार्फत लिलामाया तामाङलाई पहिचान गरी पक्राउ गरेपश्चात् सेरा भन्ने स्थानमा पुऱ्याई मारेको र परिवारलाई लाश समेत नदिएर साँस्कृतिक अधिकार समेतको उल्लंघन भएको देखिंदा दोषी सेनाको पहिचान गरी कानूनबमोजिम कारबाही गर्न र मृतकका हकवालालाई रू. ३,००,०००।- (तीन लाख) उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४९७ मिति २०७४।०६।१८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९५५ मिति २०७४।०६।३१ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा शान्ति तथा पुनर्निर्माण र गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ४९ शान्ति तथा पुनर्निर्माण मन्त्रालय राहत तथा पुनर्स्थापना महाशाखाले मिति २०७४।०६।२७ मा राहत तथा पुनर्स्थापना इकाई बबरमहललाई राहत पाए नपाएको विषयमा जानकारी पठाउने भनी उल्लेख गरेको व्यहोराको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८२६**

१. **पीडितको नाम, थर र ठेगाना** धनेन्द्र तामाङ, धुवाकोट -१, धादिङ ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** धादिङ जिल्ला धुवाकोट गा. वि. स. वडा नं. १ बस्ने आईते भन्ने धनेन्द्र तामाङलाई मार्पाक गा.वि.स. स्थित ससुराली घरमा गएको अवस्थामा २०५६।१०।०६ गते मार्पाक ईलाका प्रहरी कार्यालयका प्रहरीहरूले हात उठाउन लगाई मारेकोले दोषी प्रहरीलाई कारबाही गरी मृतकका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी २०६६।०८।०४ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट प्रहरीहरूले निजलाई पक्राउ गर्न सक्ने अवस्था हँदाहुँदै पक्राउ नगरी मारेको, परिवारलाई लास नबुझाई वेपत्ता बनाएको, घटना पश्चात् कानून बमोजिम गर्नुपर्ने घटनास्थल प्रकृति मुचुल्का, लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण लगायतका कार्यहरू नगरी मानव अधिकार उल्लंघन गरेको पाइएकोले तत्कालीन इलाका प्रहरी कार्यालय मार्पाक धादिङका कार्यालय प्रमुख सँग बुझी दोषी पत्ता लगाई कारबाही गर्न र मृतकका परिवारलाई रू. ३,००,०००।- (तीन लाख) उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।०४।३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५०९, श्री प्र.म.म.का.मा मिति २०७४।६।१८ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९१४ मिति २०७४।६।३०, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय र शा.तथथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.नं. ४९ मिति २०७४।६।२७, शा.तथा पुनर्निमाण मन्त्रालय, राहत था पुनःस्थापना महाशाखाबाट जानकारी उपलब्ध गराउने सम्बन्धमा राहत तथा पुनःस्थापना इकाईलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८२७**

१. **पीडितको नाम, थर र ठेगाना** अर्जुन पाण्डे, सुनखानी ९, नुवाकोट।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** नुवाकोट जिल्ला सुनखानी गा. वि. स. वडा नं. ९ बस्ने वर्ष ३६ का अर्जुन पाण्डेलाई मिति २०५९ मंसिर २४ गते गोठमा काम गरिरहेको अवस्थामा सादा पोशाकमा आएका सुरक्षाकर्मीहरूले घर खानतलासी गरी बाटो देखाइदिनुहोस् भनी घरबाटै पक्राउ गरी ढिकुरे भन्ने स्थानबाट त्रिशुली तर्फ गाडीमा हाली लिएर गएकोमा त्रिशुली व्यारेकमा बुझ्न जाँदा निजलाई पक्राउ नगरिएको भन्ने जवाफ दिएकोले निजको अवस्था के कस्तो छ बाँच्न पाउने अधिकारको संरक्षण गरी पाउँ भन्ने समेतको व्यहोरा उल्लेख गरी मिति २०५९।८।२६ मा आयोगमा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज अर्जुन पाण्डेलाई तत्कालीन शाही नेपाली सेनाले मिति २०५९।८।२४ मा पक्राउपछि मारेको देखिंदा नेपाली सेनाको जिम्मेवार व्यक्तिको पहिचान गरी कानून बमोजिम कारबाही गर्न र पीडितका कानून बमोजिमका हकवालालाई रू. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।४।३ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १८२९, श्री प्र.म.म.का.मा मिति २०७५।२।१७ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. १६१३, मिति २०७४।६।२२ को रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ प्राप्त।

च.नं मा.अ.अस्थायी ३ मिति २०७५।२।२४, प्रममपकाबाट निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा गृह मन्त्रालय र रक्षा मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त।

च.न १४३ मिति २०७५।३।८, गृह मन्त्रालय, राहत तथा तथ्यांक व्यवस्थापन शाखाबाट सहमति गराउने बारे अर्थ मन्त्राालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८२८**

१. **पीडितको नाम, थर र ठेगाना** अर्जुन लामिछाने, लहरेपौवा -२, रसुवा।

२. **उल्लंघनकर्ता** गोविन्द कार्की (कार्वाही भइसकेको नेपाली सेनाका अमलदार)

३. **उजूरीको संक्षिप्त विवरण** रसुवा जिल्ला लहरेपौवा गा. वि. स. वडा नं. २ घर भई काठमाडौं जिल्ला मनमैजु गा. वि. स. वडा नं. ८ लामाबगरमा मट्टितेल व्यवसाय गरी बस्ने अर्जुन लामिछानेलाई २०६१।१२।११ गते राती ८:०० बजे काठमाडौं जिल्ला धर्मस्थली गा. वि. स. वडा नं. ५ घर भई तत्कालीन शाही नेपाली सेनाको खरिपाटी व्यारेकमा कार्यरत अमलदार गोविन्द कार्कीले गोली प्रहार गरी हत्या गरेकोले छानवीन गरी दोषीलाई कारबाही गरी पाउँ भनी मिति २०६१।१२।१७ मा आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट घटनाका सम्बन्धमा नेपाल प्रहरीबाट अनुसन्धान तहकीकात भई सम्मानित जिल्ला अदालतबाट फैसला भई निज गोविन्द कार्कीले सजायँ समेत तोकी कैद भुक्तान गरिरहेको पाइएकोले कारवाहीतर्फ केही बोलिरहनु परेन। मृतकका कानून बमोजिमका हकवालालाई रू. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४३८ मिति २०७४।०६।०६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १६१४ मिति २०७४।०६।२२ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८२९**

१. **पीडितको नाम, थर र ठेगाना** विर बहादुर तामाङ्ग, सरमथली - ७, रसुवा ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** रसुवा जिल्ला, सरमथली गा. वि. स. वडा नं. ७ बस्ने विर बहादुर तामाङलाई सुरक्षाकर्मीको टोलीले पक्राउ पश्चात् मारेको भनी आयोगको स्वविवेकीय क्षेत्राधिकार अन्तर्गत २०७१।०४।१२ मा उजूरी दर्ता गरिएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निजलाई पक्राउ गर्दा रसुवा सरमथली वडा नं. ७ बस्ने वीर बहादुर तामाङ, लिला माया तामाङ र नुवाकोट जिल्लाका नाम खुल्न नसकेका अर्का एक व्यक्तिलाई पनि सेनाले पक्राउ गरी सेरा भन्ने स्थानमा पुऱ्याई मारेको, निजहरूको लास परिवारलाई नदिएर साँस्कृतिक अधिकार समेतको उल्लंघन भएको देखिंदा दोषी सैनिकको पहिचान गरी कानूनबमोजिम कारबाही गरी मृतकका हकवाला लाई रू. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।४।३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५०२, श्री प्र.म.म.का.मा मिति २०७४।४।१८ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं १९४९ मिति २०७४।४।३१, प्र. तथा मन्त्रिपरिषद्को का, मा.अ. शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.न ४९ मिति २०७४।६।२७, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनर्स्थापना महाशाखाबाट जानकारी उपलब्ध गराउने सम्बन्धमा राहत तथा पुनर्स्थापना इकाईलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.नं १९५३ मिति २०७४।६।३१, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा रक्षा मन्त्रालय, शा.तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८३०**

१. **पीडितको नाम, थर र ठेगाना** पोषकनाथ पुडासैनी, कुमरी-६, नुवाकोट ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** नुवाकोट जिल्ला कुमरी गा. वि. स. वडा नं. ७ स्थित पोखरी प्राथमिक विद्यालयका प्र. अ. पोषकनाथ पुडासैनी र सोही गा.वि.स. वडा नं. २ बस्ने लक्ष्मेश्वरी नि. मा. वि. रुपिङका शिक्षक कृष्ण प्रसाद घिमिरेलाई २०५९ असार ११ गते गिरफ्तार गरेको गिरफ्तार गरी १३ गते भेट्न आउनु भनी लगेकोमा परिवारले भेट गर्न नपाएको निजहरूको अवस्था के कस्तो छ जीवन रक्षा सहित मानव अधिकार संरक्षण गरी पाउँ भन्ने समेतको व्यहोरा उल्लेख भई २०५९।४।१३ मा आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिशः** उजूरी ३४५, आयोगको अनुसन्धानबाट पोषकनाथ पुडासैनी र कृष्ण प्रसाद घिमिरेलाई पक्राउ गरेकै दिन सुरक्षा घेरा तोडी भागेको भन्ने आरोप लगाई मारेको, निजहरूको लाश परिवारलाई नदिएर सांस्कृतिक अधिकार समेतको उल्लघंन भएको पाइयो । यस्तै गरी दामोदर गौतम र लक्ष्मण न्यौपानेलाई पक्राउ पश्चात यातना दिएको पाइयो । अतः उक्त घटनामा खटिएका सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कारबाही गर्न र मृतकका परिवारलाई रू. ३,००,०००/- (तीन लाख) क्षतिपूर्ति र यातना पीडित व्यक्तिहरूलाई जनही रू. १,००,०००।- (एक लाख) क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७४।४।३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ४३६ मिति २०७४/६/६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश एवं गृह, शान्ति तथा पुनर्निर्माण र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाबाट च.नं. मा.अ. ५१७, मिति २०७५।४।१८ को पत्रबाट सिफारिश कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई ताकेता पत्रको बोधार्थ प्राप्त ।

श्री गृह मन्त्रालयबाट च.नं. १०९, मिति २०७५।६।४ को पत्रबाट आयोगलाई पीडित परिवारले रु. १० लाख प्राप्त गरेको

भन्ने जानकारी प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ८३१**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्ण प्रसाद घिमिरे, दामोदर प्रसाद गौतम र लक्ष्मण न्यौपाने कुमरी, नुवाकोट ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** नुवाकोट जिल्ला कुमारी गा. वि. स. वडा नं. ७ स्थित पोखरी प्राथमिक विद्यालयका प्र.अ. पोषकनाथ पुडासैनी र सोही गा.वि.स. वडा नं. २ बस्ने लक्ष्मेश्वरी नि. मा. वि. रुपिङ्का शिक्षक कृष्ण प्रसाद घिमिरेलाई २०५९ असार ११ गते गिरफ्तार गरेको गिरफ्तार गरी १३ गते भेट्न आउनु भनी लगेकोमा परिवारले भेट गर्न नपाएको निजहरूको अवस्था के कस्तो छ जीवन रक्षा सहित मानव अधिकार संरक्षण गरी पाउँ भन्ने समेतको व्यहोरा उल्लेख भई २०५९।४।१३ मा आयोगमा उजूरी दर्ता हुन आएको, यसै गरी सोही मितिमा कुमरी गा. वि. स. वडा नं. २ बस्ने दामोदर प्रसाद गौतम र वडा नं. ६ बस्ने लक्ष्मण न्यौपानेलाई सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता बनाएको भन्ने उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिशः** उजूरी ७०७ आयोगको अनुसन्धानबाट पोषकनाथ पुडासैनी र कृष्ण प्रसाद घिमिरेलाई पक्राउ गरेकै दिन सुरक्षा घेरा तोडी भागेको भन्ने आरोप लगाई मारेको, निजहरूको लाश परिवारलाई नदिएर सांस्कृतिक अधिकार समेतको उल्लघंन भएको पाइयो । यस्तै गरी दामोदर गौतम र लक्ष्मण न्यौपानेलाई पक्राउ पश्चात यातना दिएको पाइयो । अतः उक्त घटनामा खटिएका सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कारबाही गर्न र मृतकका परिवारलाई रू. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति र यातना पीडित व्यक्तिहरूलाई जनही रू. १,००,०००।- (एक लाख) क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।४।३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ४३६ मिति २०७४/६/६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश एवं गृह, शान्ति तथा पुननिर्माण र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाबाट च.नं. मा.अ. ५१९, मिति २०७५।४।१८ को पत्रबाट सिफारिश कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई ताकेता पत्रको बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको च.नं. २२२, मिति २०७६।९।२४ को पत्रमा आयोगको सिफारिश बमोजिम रु. १ लाख आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने मन्त्रिपरिषदको मिति २०७६।९।१४ मा निर्णय भएको भन्ने जानकारी प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ८३२**

१. **पीडितको नाम, थर र ठेगाना** दान बहादुर पुनमगर, सुगरखाल -१, कैलाली ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कैलाली सुगरखाल -१ का दान बहादुर पुन मगरलाई गस्तिमा आएका सुरक्षाकर्मीले पक्राउ गरी बाँसपानी पुऱ्याई २०६०/५/२३ मा हत्या गरेकोले छानवीन गरी पाउँ भनीमिति २०६३/५/२६ गते आयोगमा दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान प्रतिवेदनबाट सुरक्षाकमीले निर्दोष व्यक्तिको कब्जामा लिइ हत्या गरेको पाइएकोले निजको बाँच्न पाउने अधिकार हनन भएको, निजका परिवालरले राहत तर्फ रु ३,००,०००। प्राप्त गरिसकेको पाइएको, निजका आश्रित परिवारमा नाबालिका छोरी, बृद्ध आमाबाबु समेत भएको पाइएकोले निज नाबालीका छोरीको निःशुल्क पठनपाठन र निजका परिवारलाई परिपुरण साथै दोषीको पहिचान गरी कार्वाही गर्ने नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।४।१२ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ६१६, श्री प्र.म.म.का.मा मिति २०७४।६।२६ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखि पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न मा.अ.१५५१ मिति २०७५।५।३१, प्रममपकाबाट निर्णय कार्यन्वयन सम्बन्धमा गृह मन्त्रालय, अर्थ मन्त्रालयलाई पठाएको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.न १७५ मिति २०७५।७।१८, गृह मन्त्रालय, राहत तथा तथ्यांक व्यवस्थापन शाखाबाट खुलाई पठाई दिने बारे सम्बन्धमा आयोगलाई पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८३३**

१. **पीडितको नाम, थर र ठेगाना** ठग्गी कामी, आलिताल -८, डडेल्धुरा ।

२. **उल्लंघनकर्ताः** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला डडेल्धुरा, आलिताल गाविस वडा नं ८ बस्ने ठग्गी कामी र प्रेम कामी लाई मिति २०५९/१०/११ विहान प्रहरीले जोगबुढाका ईश्वरी कामीको घरबाट पक्राउ गरी डंगेसेरा खोलामा हत्या गरी फालेको घटनाको छानवीन गरी पाउँ भनी मिति २०६२/६/१६ गते आयोगमा दर्ता भएको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान प्रतिवेदनबाट पीडितहरू ठगी कामी र प्रेम कामीलाई मिति २०५९।१०।११ गते बिहान १० बजेको समयमा तत्कालीन जोगबुढा वेश क्याम्पबाट आएका सुरक्षाकर्मीले माओबादीको आशंकामा पक्राउ गरी हत्या गरेको देखिन आएकोले निजहरूको बाँच्न पाउने अधिकार उल्लघंन भएको पाइएको, राहत तर्फ नेपाल सरकारबाट जनही रु ३,००,०००।- प्राप्त गरिसकेको पाइएकोले पिडित परिवारलाई परिपुरण र दोषीको पहिचान गरी कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।४।१२ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ६१७ मिति २०७४/७/१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह र रक्षा मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति :**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८३४**

१. **पीडितको नाम, थर र ठेगाना** लक्ष्मी यादव, रघुनाथपुर -३, धनुषा ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धनुषा जिल्ला रघुनाथपुर गा.वि.स. वडा नं. ३ निवासी लक्ष्मी यादवलाई मिति २०६२।३।२२ गते सुरक्षाकर्मीले पक्राउ गरी हत्या गरेको भनी आयोगको क्षेत्रीय कार्यालय जनकपुरमा मिति २०६३/१२/७ मा दर्ता भएको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिशः** मृतकका परिवारले नेपाल सरकारबाट क्षतिपूर्ति स्वरुप रु ३,००,०००।- र जि.वि.स. बाट रु २५,०००।- प्राप्त गरिसकेको देखिंदा पीडित परिवारलाई परिपुरणको लागि तथा दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।१७ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ६२६ मिति २०७४/७/१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह, रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८३५**

१. **पीडितको नाम, थर र ठेगाना** कारीचरन कापर, रघुनाथपुर-३, धनुषा ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धनुषा जिल्ला रघुनाथपुर गा.वि.स. वडा नं. ३ निवासी कारीचरन कापरलाई मिति २०६२।३।२२ गते सुरक्षाकर्मीले पक्राउ गरी गोली हानी हत्या गरेको भनी आयोगको क्षेत्रीय कार्यालय जनकपुरमा मिति २०६३/१२/७ मा दर्ता भएको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** निजका हकवालाले नेपाल सरकारबाट क्षतिपूर्ति वापत रु ३,००,०००/- र जि.वि.स. बाट रु २५,०००।- प्राप्त गरिसकेको देखिदा दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित परिवारलाई परिपुरण, मृतकका आश्रित बालबालिकालाई निःशुल्क शिक्षाको व्यबस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।१७ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ६२४ मिति २०७४/७/१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह, रक्षा, शिक्षा र महिला तथा बालबालिका समाज कल्याण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** शिक्षा बिभाग, सानोठिमी, भक्तपुरलाई पठाएको च.नं. २६९ मिति २०७४/४/२५ को शिक्षा मन्त्रालयको बोधार्थ पत्र । मृतक कारीचन कापरका छोरा छोरीलाई निःशुल्क पठनपाठनको व्यवस्था मिलाउन भनी जिल्ला शिक्षा कार्यालय धनुषा र शैक्षिक प्रयोजन बाहेक अन्य कुनै पनि प्रयोजनका लागि शैक्षिक सस्थाबाट बालबालिका प्रयोग गरेमा कार्वाही हुने व्यहोरा उल्लेख गरी ७७ वटै जिल्ला शिक्षा कार्यालयलाई च.नं. २३ र १८ मिति २०७४/९/६ को शिक्षा विभागको पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ८३६**

१. **पीडितको नाम, थर र ठेगाना** हरिप्रसाद यादव, रघुनाथपुर -३, धनुषा ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. १४२, क्षे.का. जनकपुर, जिल्ला धनुषा, रघुनाथपुर गा.वि.स. वडा नं. ३, निवासी हरिप्रसाद यादवलाई मिति २०६२।३।२२ गते सुरक्षाकर्मीले पक्राउ गरी गोली हानी हत्या गरेको भनी आयोगमा मिति २०६३।१२।०७ गते उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफासि** आयोगबाट अनुसन्धान हुदा निजका हकवालाले नेपाल सरकारबाट क्षतिपुर्तिवापत रु. ३,००,०००।- र जि.वि.स. बाट रु २५,०००।- प्राप्त गरिसकेको देखिंदा दोषी सुरक्षाकर्मीको पहिचान गरी कानूनबमोजिम कार्वाही गर्न र पीडित परिवारलाई परिपुरण, नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।४।१७ निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ६२२ मिति २०७४/७/१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह र रक्षा मन्त्रालयलाई बोर्धाथ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८३७**

१. **पीडितको नाम, थर र ठेगाना** रामउदगार कापर, रघुनाथपुर -२, धनुषा ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं. १४१, हत्या, क्षे.का. जनकपुर, धनुषा जिल्ला रघुनाथपुर गा.वि.स. वडा नं. २ बस्ने वर्ष ४१ का रामउदगार कापरलाई सुरक्षाकर्मीहरूले पक्राउ गरी गोली हानी हत्या गरी लाश समेत वेपत्ता वनाएको भनी मिति २०६३।१२।०७ गते आयोगमा दर्ता भएको

४. **आयोगको निर्णय/सिफारिश** उजूरी सम्बन्धमा निजले नेपाल सरकारबाट पटक पटक गरी रु. ३,००,०००/-
रकम प्राप्त गरिसकेको देखिएको, सुरक्षाकर्मीहरूले निजलाई पक्राउ गरी लगेपश्चात् हत्या गरेको पाइएको भनी आयोगको अनुसन्धानबाट खुल्न आएकोले निजको बाँच्न पाउने अधिकारबाट बञ्चित भएको देखिदा निजका परिवारलाई परिपुरण,

बालबालीकाहरूलाई निःशुल्क पठनपाठनको व्यवस्था मिलाउन र तत्कालीन समयमा सुरक्षाकर्मीको कमाण्डर को थियो पहिचान गरी कारवाहीको लागि सिफारिश गर्ने मिति २०७४।०४।१७ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ६१९ मिति २०७४।७।१ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि प्रममपकालाई पत्राचार गरी शिक्षा र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २२ मिति २०७४।०९।०६ मा शिक्षा मन्त्रालय शिक्षा विभाग अनिवार्य शिक्षा तथा बाल अधिकार शाखा सानोठिमी भक्तपुरले आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा जिल्ला शिक्षा कार्यालय धनुषालाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. १८ मिति २०७४।०९।०६ मा शिक्षा मन्त्रालय शिक्षा विभाग अनिवार्य शिक्षा तथा बाल अधिकार शाखा सानोठिमी भक्तपुरले आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा ७७ वटै जिल्ला शिक्षा कार्यालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.न.२६९ मिति २०७४।०८।२५ मा शिक्षा मन्त्रालय आधारभूत शिक्षा विभाग अनिवार्य शिक्षा शाखा सिंहदरबारले आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा शिक्षा विभाग सानोठिमीलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ८३८**

१. **पीडितको नाम, थर र ठेगाना** ब्रह्मदेव ठाकुर, भरतपुर धनुषा ।

२. **उल्लंघनकता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** क्षे.का.जनकपुर, मृत्यु, धनुषा जिल्ला भरतपुर बस्ने वर्ष १८ का ब्रह्मदेव ठाकुरलाई मिति २०६४।१।१२ गते सुरक्षाकर्मीले चलाएको गोली लागि मृत्यु भएको भनी मिति २०६४।१।२० गते आयोगमा दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १५६, उजूरी सम्बन्धमा मृतक ब्रम्हदेव ठाकुरका परिवारले नेपाल सरकारबाट रु. १०,००,०००।- प्राप्त गरिसकेको देखिदा क्षतिपुर्तितर्फ केहि गरिरहनु परेन । निजको सुरक्षाकर्मीको गोली लागि मृत्यु भएको भनी अनुसन्धान प्रतिवेदनबाट खुल्न आएकोले तत्कालीन समयमा सुरक्षाकर्मीको कमाण्डर को थियो? पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।०४।१७ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ६२० श्री प्र.म.म.का.मा मिति २०७४।७।१ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखि पठाइएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८३९**

१. **पीडितको नाम, थर र ठेगाना** विहारी अधिकारी दनुवार, भरतपुर -७, धनुषा ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धनुषा जिल्ला भरतपुर गा.वि.स. वडा नं. ७ बस्ने वर्ष ३५ को विहारी अधिकारी दनुवारलाई सुरक्षाकर्मीहरूले पक्राउ गरी हत्या गरेकोले घटनाको अनुसन्धान गरी पीडितलाई क्षतिपूर्ति र पीडकलाई कार्वाही गरी पाउँ भनी मिति २०६३।१२।०७ मा उजूरी आयोगमा दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १३९, उजूरीको सम्बन्धमा मिति २०७४।४।१७ गतेको आयोगको बैठकको निर्णय अनुसार माग गरिएको काजग पत्र प्राप्त गरिएको र मृतकका अश्रित परिवारले क्षतिपूर्ति वापत रु. ५ लाखका दरले दुई किस्ता गरी रु १० लाख बुझिसकेको भन्ने देखिन आएको तर दोषीमाथि कुनै कार्वाही भएको नदेखिएकोले दोषि सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।१२।१४ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १३९ अनुसन्धान १५९७ मिति २०७५।०१।१० मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको तथा गृह मन्त्रालयलाई बोधार्थ दिईएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचो** विचाराधीन

**क्रम संख्या – ८४०**

१. **पीडितको नाम, थर र ठेगानाः** मलेठ घटना, सप्तरी

२. **उल्लंघनकर्ताः** मधेशी मोर्चा तथा ने.क.पा (एमाले) र सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरणः** मिति २०७३ साल फागुन २३ गते सप्तरी जिल्लाको मलेठ गाउँ नजिकै रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्र भित्र तत्कालीन नेकपा (एमाले) ले आयोजना गरेको आमसभाको विरोधमा भएको लोकतान्त्रिक मधेशी मोर्चाका प्रदर्शनकारीहरू माथि सुरक्षार्थ तैनाथ गरिएका सुरक्षाकर्मीले चलाएको गोलीबाट ५ जना प्रदर्शनकारीको मृत्यु र केही प्रदर्शनकारी एवं प्रहरीहरू समेत घाइते भएको घटनाको छानवीन सम्बन्धमा आयोगको मिति २०७३/१२/३१ को निर्णय बमोजिम सर्वोच्च अदालतका पूर्व न्यायाधीश ताहिर अली अन्सारीको संयोजकत्वमा गठित विज्ञ सहितको एक उच्चस्तरीय छानवीन समितिले आयोग समक्ष पेश गरेको प्रतिवेदन उपर छलफल हुँदा ।

४. **आयोगको निर्णय/सिफारिशः** मिति २०७५/३/८ गतेको निर्णयानुसार प्रतिवेदनमा उल्लेखित सिफारिशहरू सम्बन्धमा सम्बन्धित निकायमा सिफारिश गरी पठाउने निर्णय भएको हुँदा निर्णय बमोजिम उक्त प्रतिवेदनमा उल्लेखित तपशिल बमोजिमका सिफारिश कार्यान्वयनको लागि पठाइएको व्यहोरा अनुरोध छ ।

(क) नेपाल सरकारलाईः

- स्थानीय प्रशासन ऐन, २०२८ मा परिमार्जन
- घाइतेलाई श्रेणी विभाजन गरी आवश्यक राहत उपलब्ध गराउने
- मृतकको परिवारको जीविकोपार्जन तथा परिपूरणको व्यवस्था

(ख) स्थानीय प्रशासन र सुरक्षा निकायलाई :

- दुई विरोधी कार्यक्रमलाई एकै साथ एकै ठाउँमा गर्न नदिने
- बल प्रयोग गर्दा समम्यम र व्यहारीक हुनु पर्ने
- घटनामा प्रयोग भएको गोलीको एकिन प्रतिवेदन तयार गरी दिनु पर्ने व्यवस्था गर्ने
- सुरक्षाकर्मीको उच्च मनोबलको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने
- दक्षता अभिवृद्धिमा ध्यान दिने

(ग) राजनैतिक दलहरूलाई :

- अरुको अधिकारको सम्मान गर्दै आफ्नो राजनैतिक अधिकार प्रयोग गर्ने
- राजनैतिक प्रतिष्पर्धाको सस्कारको विकास गर्ने
- शान्तिपूर्ण रुपमा राजनैतिक विचार अभिव्यक्त गर्ने
- मसाल र लाठी जुलुस प्रदर्शन नगर्ने

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचारः** आयोगबाटच.नं. १० मिति २०७५/४/२ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ र श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, श्री राष्ट्रिय जनता पार्टी, श्री नेपाल कम्युनिष्ट पार्टी, श्री नेपाली काँग्रेस, र श्री सशस्त्र प्रहरी बल लाई बोधार्थ ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८४१**

१. **पीडितको नाम, थर र ठेगानाः** कारी साह तेली, वरमझिया -६, धनुषा ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धनुषा जिल्ला वरमझिया गा.वि.स. वडा नं. ६ बस्ने कारी साह तेलीलाई सुरक्षाकर्मीले पक्राउ गरी ऐ. जिल्ला रघुनाथपुर गा.वि.स. वडा नं. २ ढोलबजारमा हत्या गरेकोले घटनाको अनुसन्धान गरी पाउँ भनी आयोगको क्षेत्रिय कार्यालय जनकपुरमा मिति २०६३/१२/७ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिशः** मृतकका हकवालाले क्षतिपूर्ति पाइसकेको देखिएको तर घटनाको दोषीमाथि कारवाहीको सम्बन्धमा केही जानकारी प्राप्त हुन नआएकोले घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र निजका आश्रित बालबालिकालाई निःशुल्क पठनपाठनको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५।०३।१२ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ७१३ मिति २०७५/५/३१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह र शिक्षा र मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ । प्रहरी प्रधान कार्यालय मानव अधिकार शाखालाई आयोगको निर्णय पठाएको च.नं. ८२३ मिति २०७५/६/१८ को पत्र ।

६. **कार्यान्वयनको स्थिति** प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंलाई पठाएको च.नं. ४९ मिति २०७५/६/९ को गृह मन्त्रालयको बोधार्थ पत्र । आयोगको निर्णयको पूर्ण जानकारी उपलब्ध गराइदिने सम्बन्धमा च.नं. १४९ मिति २०७५/६/१४ को प्रहरी प्रधान कार्यालय मानव अधिकार शाखाको पत्र । निर्णय कार्यान्वयनको लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरलाई पठाएको च.नं. १५८ मिति २०७५/६/२३ को शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ८४२**

१. **पीडितको नाम, थर र ठेगाना** टिका नेपाल दाहाल, पिपरा, बारा ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** बारा जिल्ला पिपरा घर भएका टिका नेपाल दाहाल समेतलाई सुरक्षाकर्मीहरूले आफ्नै घरबाट पक्राउ गरी वेपत्ता बनाएकोले स्थिति सार्वजनिक गरी जीवन रक्षा गरी पाऊँ, भनी मिति २०६०/६/३० मादर्ता भएको उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिशः** आयोगबाट अनुसन्धान हुँदा निज टीका नेपाल दाहाललाई मिति २०६०।६।१८ मा पक्राउ गरी मिति २०६१।१।१७ गते बारा जिल्लाको लालगाउँ अन्तर्गत भालुखोला इलाकामा सुरक्षाकर्मीको कारबाहीमा परी मृत्यु भएको पाइएकोले निजको कानून बमोजिमको हकवालालाई रु. ३,००,०००।- (तीन लाख रुपैंया) क्षतिपूर्ति उपलब्ध गराउन तथा घटनामा संलग्न व्यक्तिलाई कानून बमोजिम कारबाहीको लागि सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५।३।१२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ६५६ मिति २०७५/५/२५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं अर्थ र गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह र अर्थ मन्त्रालयलाई पठाएको च.नं. ०८२–०७५/७६–१५२९ मिति २०७५/५/२९ को श्री प्रममपकाको बोधार्थ पत्र । टीका नेपाल दाहालका कानून बमोजिमका हकदारले जिल्ला प्रशासन कार्यालय बारा मार्फत रु. १० लाख राहत तथा क्षतिपूर्ति प्राप्त गरिसकेको तथा द्वन्द्वकालीन मानव अधिकार उल्लंघनका घटनाहरूको अध्ययन अनुसन्धान गरी मानव अधिकार उल्लंघनकर्तालाई कार्वाही गर्नको लागि वेपत्ता पारिएका व्यक्तिको छानवीन, सत्यनिरुपण ताथ मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरुपण तथा मेलमिलाप आयोग गठन भई काम भैरहेकोले घटनामा संलग्न व्यक्तिहरूलाई आयोगले छानवीन तथा सिफारिशपश्चात् कार्वाही हुने व्यहोरा समेत उल्लेख गरी च.नं. १७१ मिति २०७५/७/१५ को गृह मन्त्रालयको पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या - ८४३**

१. **पीडितको नाम, थर र ठेगाना** रोहित कोइराला, इनरुवा -९, सुनसरी ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** सुनसरी जिल्ला इनरुवा न.पा. ९- का रोहित कोइरालालाई सुरक्षाफौजले विराटनगर मधुमाराबाट पक्राउ गरी इन्द्रपुर खोर्सानिको जंगलमा लगी हत्या गरेकोले घटनाको छानवीन गरी दोषी माथि कारबाही र पीडितका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइ पाउँ भनी आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय⁄सिफारिस** उजूरी नं. ३६४, आयोगबाट अनुसन्धान हुँदा मृतक रोहित कोइरालालाई सुरक्षाफौजले यातना दिई मारेको देखिएको र निजको आफन्तले जिल्ला प्रशासन कार्यालयबाट रु ५,००,०००।- (पाँच लाख) रूपैंया राहत तथा क्षतिपूर्ति बुझेको भन्ने देखिएको तर घटनामा संलग्न दोषी उपर कारबाही भएको नदेखिएकोले दोषी पहिचान गरी कानून बमोजिम कारबाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।०३।१२ को आयोगको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ६५५ मिति २०७५।०५।२५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०८२-०७५⁄७६-१५३० मिति २०७५।०५।२९ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. १७८ मिति २०७५।०७।१९ मा गृह मन्त्रालय राहत तथा तथ्यांक व्यवस्थापन शाखाले आयोगलाई उक्त घटनामा संलग्न दोषी उपर पनि सत्य निरुपण तथा मेलमिलाप आयोगको निर्णयानुसार कार्वाही हुने भन्ने व्यहोराको पत्र पठाएको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या - ८४४**

१. **पीडितको नाम, थर र ठेगाना** जगदिश यादव, वरमझिया -५, धनुषा ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धनुषा जिल्ला वरमझिया गा.वि.स. वडा नं. ५ बस्ने जगदिश यादवलाई आफ्नै घरबाट सुरक्षाकर्मीले पक्राउ गरी हत्या गरेकोले पीडितलाई क्षतिपूर्ति र पीडकलाई कार्वाही गराई पाउँ भनी मिति २०६३।१२।०७ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** उजूरी नं. १३७, आयोगबाट अनुसन्धान हुँदा मृतकका हकवालालाई नेपाल सरकारबाट रु. ३,००,०००।- (तीन लाख) रूपैंया रकम क्षतिपूर्ति उपलब्ध गराइसकेको देखिएको, तर दोषीलाई कारवाहीको बारेमा जानकारी आएको नदेखिएकोले घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र निजका तीनजना छोराछोरीलाई निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।०३।१२ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ७१४ मिति २०७५⁄०५⁄३१ माआयोगबाट निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश एवं गृह र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ४६⁄२०७५⁄०७६ गृह मन्त्रालय मानव अधिकार प्रवर्द्धन शाखाले आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा प्रहरी प्रधान कार्यालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त । च.नं. १४९ मिति २०७५।०६।१४ मा प्रहरी प्रधान कार्यालयले आयोगबाट भएको निर्णयको पूर्ण जानकारी उपलब्ध गराइदिने व्यवस्था हुन भनी आयोगलाई पत्राचार गरेको । च.नं. ८२३ मिति २०७५।०६।१८ मा आयोगबाट प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालय मानव अधिकार शाखालाई आयोगबाट भएको निर्णयको पूर्ण विवरण उपलब्ध गराई पत्राचार गरेको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८४५**

१. **पीडितको नाम, थर र ठेगाना** इद्रिश नदाफ, वरमभिया -२, धनुषा ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धनुषा जिल्ला वरमभिया गा.वि.स. वडा नं. २ बस्ने इद्रिश नदाफलाई सुरक्षाकर्मीले पक्राउ गरी गोली हानी हत्या गरेकाले पीडितलाई क्षतिपूर्ति र पीडकलाई कार्वाही गराई पाउँ भनी आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १३४, आयोगबाट अनुसन्धानहुँदा मृतकका हकवालालाई नेपाल सरकारबाट ३,००,०००।– तीन लाख) रूपैंया रकम क्षतिपूर्ति उपलब्ध गराई सकेको देखिएको, तर दोषीलाई कारवाहीको बारेमा केही जानकारी आएको नदेखिएकोले घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र आश्रित बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।३।१२ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ७१५ मिति २०७५/०५/३१ माआयोगबाट निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश एवं गृह र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १४९ मिति २०७५।०६।१४ मा प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालय मानव अधिकार शाखाले आयोगबाट भएको निर्णयको पूर्ण जानकारी उपलब्ध गराइदिने व्यवस्था हुन भनी आयोगलाई पत्राचार गरेको ।

च.नं. ८२३ मिति २०७५।०६।१८ मा आयोगबाट प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालय मानव अधिकार शाखालाई आयोगबाट भएको निर्णयको पूर्ण विवरण उपलब्ध गराई पत्राचार गरेको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८४६**

१. **पीडितको नाम, थर र ठेगाना** जीवनाथ घिमिरे, इनरुवा, सुनसरी

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** सुनसरी जिल्ला इनरुवा बलाहा बस्ने जीवनाथ घिमिरेलाई आत्मसमर्पण गरी हात उठाइसकेपछि सुरक्षाकर्मीले मारेकोले दोषीमाथि कारबाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी २०६२।०३।०३ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज जीवनाथ घिमिरेलाई आत्मसमर्पण गरी हात उठाई सकेपछि सुरक्षाकर्मीले मारेको भन्ने देखिएकोले दोषी पहिचान गरी कारबाही गर्न तथा पीडितका परिवारलाई रु. ३ लाख (तीन लाख) रकम क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०७५।०३।२२ को आयोगको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ७६६ मिति २०७५।०६।११ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९५७ मिति २०७५।०६।१४ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ५९ मिति २०७५।०६।१६ मा गृह मन्त्रालय मानव अधिकार प्रवर्द्धन शाखाले आवश्यक कार्वाही सम्बन्धमा प्रहरी प्रधान कार्यालय नक्साललाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ५८३ मिति २०७५।१०।२३ मा गृह मन्त्रालय राहत तथा तथ्यांक व्यवस्थापन शाखाले आयोगलाई निज जीवनाथ घिमिरेका हकवालाले जि.प्र.का. सुनसरीबाट रु. दश लाख राहत/क्षतिपूर्ति बुझेको भन्ने व्यहोराको पत्र पठाएको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ८४७**

१. **पीडितको नाम, थर र ठेगाना** सुरेश राई, लखनपुर-१ झापा

२. **उल्लंघनकर्ता** सशस्त्र प्रहरी बल

३. **उजूरीको संक्षिप्त विवरण** झापा जिल्ला, लखनपुर गा.वि.स.बडा नं. १ का सुरेश राई स्थानीय रतुवा माई वृक्षारोपण आयोजनामा कार्यरत रहेका र ड्युटीमा नै रहेका बेला सशस्त्र प्रहरी गण पाथिभरा गणमा तालीमरत सिपाहीले चलाएको गोली लागि मृत्यु भएको थियो । सो घटनाको लगत्तै सशस्त्र प्रहरी पाथिभरा गणमा भएको वार्तामा मृतकका छोराछोरीलाई प्लस टुसम्मको निःशुल्क अध्ययन अध्यापनका लागि व्यवस्था गरिदिने तथा मृतकका हकवालालाई १० लाख रुपैया क्षतिपूर्ति दिलाउन जिल्ला प्रशासन कार्यालय र सरकारसँग पहल गर्ने सहमति भएकोमा सो सहमति बमोजिमको कार्यान्वयन नभएको भनी मिति २०७०।०८।२८ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निजले क्षतिपूर्ति वापत राहत रकम पाएको, निजकी श्रीमतीलाई रतुवामाई वृक्षारोपण आयोजनामा रोजगार समेत दिएको देखिएकोले प्रस्तुत उजूरी उपरको कार्वाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो तथा यसरी सुरक्षाकर्मीको फायरिङ्गको तालिम गर्दा मानवीय क्षति हुन गएको पाइएकोले यस प्रकारको तालिमबाट भविष्यमा मानवीय क्षति हुन नदिन ः

१. सुरक्षाकर्मीहरूलाई फायरिङ्ग तालिम संचालन गर्दा सुरक्षाको मापदण्ड अपनाउन ।

२. फायरिङ्गको तालिमको समयमा स्थानीयलाई सुसूचित गर्न भनी नेपाल सरकार समक्ष नीतिगत सिफारिश गर्ने मिति २०७५।३।३२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०० मिति २०७७।५।२६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रमपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ख) माओवादीद्वारा हत्या**

**क्रम संख्या – ८४८**

१. **पीडितको नाम, थर र ठेगाना** धन बहादुर थापा, छत्र रतनुपर -२, बारा ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** वारा जिल्ला छत्र रतनुपर गा. वि. स. वडा नं. २ घर भई सशस्त्र प्रहरी बल भद्रकाली गण पिलुवा वारामा सशस्त्र प्रहरी जवान पदमा कार्यरत धन बहादुर थापालाई मिति २०५९।०४।३१ गते वारा जिल्लाको पिलुवा भन्ने स्थानबाट तत्कालीन ने.क.पा.माओवादीका कार्यकर्ताहरूले अपहरण गरेकोले निजको सकुशल उद्दार गरी मानव अधिकारको रक्षा गरी पाउँ भन्ने २०६४।६।२१ मा आयोगमा उजूरी दर्ता हुन आएको । मेरो छोरा धनबहादुर थापालाई ड्युटीमा रहेको अवस्थामा माओवादी कार्यकर्ताहरूले अपहरण गरी मारेको बुझिन आएकोमा निज कार्यरत सशस्त्र प्रहरी बल कार्यालयले छानवीन गर्न र प्रहरीबाट पाउनु पर्ने सम्पूर्ण सुविधा उपलब्ध गराउन इन्कार गरेकोले आवश्यक सहयोग पाउँ भनी मिति २०६६।७।८ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** आयोगको अनुसन्धानबाट ड्युटीमा रहेको अवस्थामा निज धनबहादुर थापालाई माओवादी कार्यकर्ताहरूले अपहरण पश्चात् मारेको पाइयो । तत्कालीन अवस्थामा ड्युटीमा रहेकोमा निजको मृत्यु भएको ड्युटीमै रहंदा कुनै सुरक्षाकर्मीको द्वन्द्वकै कारण मृत्यु भएमा निजको परिवारलाई सम्बन्धित सुरक्षा निकायबाट रू. ७,००,०००।- (सात लाख) क्षतिपूर्ति उपलब्ध गराउने निती अनुरुप निज धनबहादुर थापाले सशस्त्र प्रहरी बलबाट उल्लेखित रकम प्राप्त गरेको नदेखिएको द्वन्द्वमा मारिएका अन्य सुरक्षाकर्मी सरह विना विभेद राहत क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकार मार्फत सशस्त्र प्रहरी बल प्रधान कार्यालयलाई नीतिगत सिफारिश गर्ने, मृतकका कानून बमोजिमका हकवालालाई रू. ३,००,०००।- (तीन लाख) उपलब्ध गराउन र दोषी माओवादी कार्यकर्ताको पहिचान गरी जेनेभा महासन्धिको साझा

धारा ३ उल्लघंन गरेकोले फौजदारी मुद्दा दायर गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५१० मिति २०७४।०६।१८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. कार्यान्वयनको स्थितिः च.नं. ५११, मिति २०६६।१।२९ मा गृह मन्त्रालयको जिल्ला प्रशासन कार्यालय बारामा आश्रित परिवारलाई उपलब्ध गराउन पेश्की स्वरुप रु. १,००,०००।- पठाएको व्यहोराको पत्रको बोधार्थ प्राप्त ।

च.नं. १९१७ मिति २०७४।०६।३१ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा शान्ति तथा पुनर्निर्माण र गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ४९ शान्ति तथा पुनर्निर्माण मन्त्रालय राहत तथा पुनःस्थापना महाशाखाले मिति २०७४।०६।२७ मा राहत तथा पुनःस्थापना इकाई बबरमहललाई राहत पाए नपाएको विषयमा जानकारी पठाउने भनी उल्लेख गरेको व्यहोराको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ८४९**

१. **पीडितको नाम, थर र ठेगाना** कालुराम राना, धनगढी -१०, कैलाली ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली ध.न.पा-१० बस्ने कालुराम रानालाई ने.क.पा माओवादीले मिति २०६०/५/११ गते अज्ञात समूहले अपहरण गरी लगेको ६ दिनपछि मनहरा जंगलमा हत्या गरेको घटनाको छानवीन गरी पाउँ भनी मिति २०६२/१२/१८ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान प्रतिबेदनबाट पीडित राजनितीक रुपमा राष्ट्रिय प्रजातन्त्र पार्टीमा संलग्न भई धनगढी न.पा.को वडाध्यक्ष समेत भएकोले राजनितीक रिसईवीका कारण तत्कालीन माओबादीहरूले निजको हत्या गरेको भन्ने भनाई रहेको र घटनाको सम्बन्धमा नेकपा माओबादीसंग पत्राचार गरिदा कुनै जानकारी उपलब्ध हुन नसकेको साथै माओबादी पक्षबाट यस पूर्व पनि निज कालु रानालाई अपहरण गरेको र पछि पनि राजनिती छोड्न निरन्तर दवाव दिएको कारणले उक्त घटनामा माओबादीको संलग्नता रहेको खुल्न आएकोले तत्कालीन द्वन्द्वरत पक्षबाट निजको बाँच्न पाउने अधिकार उल्लघंन भएको पाइएको, राहत तर्फ नेपाल सरकारबाट रु ३,००,०००। प्राप्त गरिसकेको पाइएको, निजका नावालक एक छोरा र एक छोरी आश्रित रहेको देखिन आएकोले निजहरूलाई निःशुल्क पठनपाठनको व्यबस्था मिलाउन र पिडित परिवारलाई परिपुरण र दोषीको पहिचान गरी कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ६१५ मिति २०७४।०७।०१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८५०**

१. **पीडितको नाम, थर र ठेगाना** प्रेम बहादुर भण्डारी, बाँफा -६, बझाङ्ग

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बझाङ्ग बाँफा गा.वि.स ६ का प्रेम बहादुर भण्डारीलाई मिति २०६२/२/१५ गते घरैबाट अज्ञात समूहले लिएर गै शारीरिक यातना दिई हत्या गरेको २ दिन पछि जंगलमा लाश फेला परेको घटना छानवीन गरी पाउँ भनीमिति २०६३/५/३० गते आयोगमा दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान प्रतिवेदनबाट निजलाई मिति २०६२।२।१५ गते राती निजकै खर्क

भन्ने स्थानबाट तत्कालीन माओबादीले लिएर गएको दुई दिन पछि भूमिराज सामुदायिक वनमा हत्या गरी शव फालिएको अवस्थामा पाइएकोले निजको बाँच्न पाउने अधिकार हनन भएको, निजले पटक पटक गरी राहत तर्फ रु ३,००,०००। प्राप्त गरिसकेको देखिएकोले पिडित परिवारलाई परिपुरण र दोषीको पहिचान गरी कार्वाहि गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।४।१२ को निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ६१८, श्री प्र.म.म.का.मा मिति २०७४।७।१ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखि पठाइएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८५१**

१. **पीडितको नाम, थर र ठेगाना** श्रीराम थारु, नेउलापुर -९, बर्दिया

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बर्दिया जिल्ला नेउलापुर गा.वि.स वडा नं ९ निवासी श्रीराम थारु लाई ने.क.पा माओवादी विरुद्ध सुराकी गरेको आरोपमा ने.क.पा माओवादीका कार्यकर्ताले हत्या गरेको भनी मिति २०६४/९/२५ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई मिति २०५८ साल कार्तिक १२ गते ने.क.पा माओवादीले अपहरण गरी हत्या गरेकोले जिल्ला प्रशासन कार्यालय बर्दियाबाट पीडितका परिवारले कानून बमोजिम रु ५,००,०००। (रु. पाँच लाख) राहत प्राप्त गरेको देखिएकोले क्षतिपूर्ति तर्फ केही गरिरहनु परेन । पीडितका आश्रित नाबालक छोराछोरीलाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम २३ (ग) को आधारमा उच्च शिक्षासम्म निःशुल्क पठनपाठनको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५।३।१२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ६४४ मिति २०७५/५/२४ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश ।

६. **कार्यान्वयनको स्थिति** गृह, अर्थ मन्त्रालयलाई पठाएको च.नं. मा.अ.१५५३ मिति २०७५/५/३१ को श्री प्रममपकाको बोधार्थ पत्र । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई पठाएको च.नं. ११० मिति २०७५/६/४ को गृह मन्त्रालयको बोधार्थ पत्र । विश्वविद्यालय अनुदान आयोग र शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई पठाएको च.नं. २५७ मिति २०७५/७/१५ को शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको बोधार्थ पत्र । राष्ट्रिय मानव अधिकार आयोग -उजूरी, कार्वाही ताथ क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २३ (ग) को साविक व्यवस्थामा संशोधन भई उच्च माध्यमिक तह सम्मको सट्टा उच्च शिक्षासम्म भनी कायम भए/नभएको एकिन गरी जानकारी गराइदिने सम्बन्धमा च.नं. ३१ मिति २०७६/४/१५ को अर्थ मन्त्रालयको छायाँकपी पत्र सहित च.नं. ४० मिति २०७६/४/१६ को शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८५२**

१. **पीडितको नाम, थर र ठेगाना** कुलबहादुर बस्नेत, अमरपुर -६, पाँचथर ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पाँचथर जिल्ला अमरपुर गा.वि.स. वडा नं ६ स्थायी घर भएका कुलबहादुर बस्नेतलाई नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी लगेको र ७ दिन पछि दुइजना कम्व्याट ड्रेसमा आएका व्यक्तिहरूले निजको भौतिक सफाया गरेको र काजक्रिया गर्नु भनी सूचना टाँस गरिदिएकोले घटनाको निश्पक्ष छानवीन गरी दोषी माथि कारबाही तथा पीडितका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराईपाउँ भन्ने मिति २०६४/३/१४ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा पीडितका परिवारले जिल्ला प्रशासन कार्यालयबाट राहत/क्षतिपूर्ति स्वरुप ५ लाख रुपैयाँ बुझिलिएको देखिएको तर दोषीउपर कारबाही भएको भन्ने नदेखिएकोले दोषी पहिचान गरी कानून बमोजिम कारबाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५।३।२२ मा निर्णय भएको छ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ७६५ मिति २०७५/६/११ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयलाई पठाएको च.नं.१९५५ मिति २०७५/६/१४ को श्री प्रममपकाको बोधार्थ पत्र। प्रहरी प्रधान कार्यालयलाई पठाएको च.नं. ५७ मिति २०७५६/६/१६ को श्री गृह मन्त्रालयको बोधार्थ पत्र। कुल बहादुर बस्नेतको बुवा टिकाराम बस्नेतले पटक –पटक गरी क्षतिपूर्ति बापतको रकम जम्मा रु १० लाख जिल्ला प्रशासन कार्याल पाँचथरबाट प्राप्त गरेको व्यहोरा समेत उल्लेख गरेको च.नं. २४६ मिति २०७५/८/११ को प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालय (मानव अधिकार शाखा) को छाँयाकपी सहित च.नं. ११४ मिति २०७५/८/२८ को गृह मन्त्रालयको विवरण पठाइएको सम्बन्धमा पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८५३**

१. **पीडितको नाम, थर र ठेगाना** तिलविक्रम खत्री, अमरपुर -६, पाँचथर

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पाँचथर जिल्ला अमरपुर गा.वि.स. वडा नं ६ स्थायी घर भएका तिलविक्रम खत्रीलाई मिति २०६०।७।१५ मा नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी लगेको र ७ दिनपछि दुईजना कम्व्याट ड्रेसमा आएका व्यक्तिहरूले निजको भौतिक सफाया गरेको र काजक्रिया गर्नु भनी सूचना टाँस गरिदिएकोले घटनाको निश्पक्ष छानवीन गरी दोषी माथि कारबाही तथा पिडितका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाउँ भन्ने मिति २०६४/४/१० माउजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा पिडितका परिवारले जिल्ला प्रशासन कार्यालयबाट राहत/क्षतिपूर्ति स्वरुप ५ लाख रुपैया बुझिलिएको देखिएको तर दोषी उपर कारबाही भएको भन्ने नदेखिएकोले दोषी पहिचान गरी कानून बमोजिम कारबाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५।३।२२ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ७६७ मिति २०७५/६/११ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयलाई पठाएको च.नं.१९५४ मिति २०७५/६/१४ को श्री प्रममपकाको बोधार्थ पत्र। प्रहरी प्रधान कार्यालयलाई पठाएको च.नं.५८ मिति २०७५/६/१६ को श्री गृह मन्त्रालयको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ग) बम विष्फोटबाट मृत्यु**

**क्रम संख्या – ८५४**

१. **पीडितको नाम, थर र ठेगाना** लौहौराम राना समेत, रामशिखरमाला -८, कैलाली

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर गा.वि.स वडा नं. ५ कसुवा भन्ने स्थानमा मिति २०६१/३/१२ मा तात्कालीन नेकपा माओवादी छापामारले बोकेको ग्रिनेट विस्फोट हुँदा सोही स्थान बस्ने सर्वसाधारण बर्ष ७ को लौहौराम रानाको घटनास्थलमा नै मृत्यु भएको र अन्य तीनजना वर्ष १० का रामसमाज राना, बर्ष ११ का रामसिंह राना तथा बर्ष ३० का मायाराम राना घाइते भएको घटनाको छानवीन गरी दोषीउपर कार्वाही गरी क्षतिपूर्ति भराई पाउँ भनी २०६१/३/२२ गते

आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट प्राप्त तथ्यका आधारमा मृतक लौहौराम रानाको परिवारलाई क्षतिपूर्ति वापत रू. ३,००,०००।- लाख उपलब्ध गराउन, उक्त घटनामा परि अपाङ्ग भएका नाबालक रामसमाज राना र नावालक रामसिंह राना निज दुबै जनालाई क्षतिपूर्ती साथै निःशुल्क औषधि उपचारको व्यवस्था मिलाउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०७४।०८।०८ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०५४ मिति २०७४।०९।२८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**घ) हिरासतमा मृत्यु**

**क्रम संख्या – ८५५**

१. **पीडितको नाम, थर र ठेगाना** टिक बहादुर राइ, दुर्छिम -९, खोटाङ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** खोटाङ जिल्ला दुर्छिम गा.वि.स. वडा नं. ९ घर भई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.६ बौद्ध चुच्चेपाटी बस्ने वर्ष ४० को टिक बहादुर राईलाई २०७३/१/२७ गते चुच्चेपाटी स्थित हेलम्बु ग्यास डिपोमा लाईन बस्दा होटेल व्यवसायी डोल्मा शेर्पासँग सामान्य विवाद हुँदा महानगरीय प्रहरी बृत्त बौद्धले पक्राउ गरी हिरासतमा राखेको, निजलाई २०७३/१/२८ गते राहुल मगरको जिम्मा लगाई छाडिएकोमा निज टिक बहादुरलाई बेहोश अवस्थामा ओम अस्पतालमा पुर्याइएको र आर्थिक अवस्थाका कारण ओम अस्पतालमा उपचार गर्न असमर्थ भएपछि जोरपाटी स्थित नेपाल मेडिकल कलेजमा लगी उपचार गर्दा २०७३/१/२९ गते निजको मृत्यु भएको । प्रहरीको हिरासतमा रहेको अवस्थामा निजलाई दिएको यातना वा कुटपिटबाट मृत्यु भएको हुनसक्ने भएकोले यस विषयमा अनुसन्धान गरीपाउँ भनी २०७३/१/३० मा आयोगमा दर्ता हुन आएको उजूरी र सोही विषयमा मृतकका आफन्तले महानगरीय प्रहरी वृत्त बौद्धमा जोहरी दिन गएकोमा प्रहरीले जाहेरी लिन अस्वीकार गरेकोले प्रहरीको उक्त काम कार्वाहीले न्याय र सत्य तथ्य जानकारी प्राप्त गर्ने हक अधिकारको उल्लघंन भएकोले प्रहरीलाई जाहेरी दर्ता गर्न गराउन लगाई पाउँ भनी २०७३/२/२ मा आयोगमा दर्ता हुन आएको अर्को उजूरी तथा टिकबहादुर राईलाई हिरासत भित्र कुटपीट गर्ने भनी मुद्दा चलाइएका आरोपीहरू प्रकाश इदिंगो (सुब्बा), दावा फेञ्जु शेर्पा र केशव पुलामी मगरले आफुलाई झुठो आरोप लगाई मुद्दा चलाएको घटनाको छानवीन गरी पाउँ भनी क्रमशः मिति २०७३।२।१४, २०७३।२।२८ र २०७३।३।१६ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट मानव अधिकारकर्मी तुलसी थापाले गरेका क्रियाकलापहरू निज कार्यरत संस्थाको विधान विपरित कार्यक्षेत्र बाहिर भएको र प्रहरीलाई असल नियतले टिक बहादुरको बारेमा खबर गरेको नदेखिएको साथै निजको भनाईको प्रभावमा परी प्रहरीले यथेष्ट आधार र कारण विना नै निजलाई प्रक्राउ गरेको हिराशतमा राख्नुपूर्व स्वास्थ्य परीक्षण नगराई विरामी परिसकेपछि मात्र स्वास्थ्य परीक्षण गराएको र स्वास्थ्य परिक्षणमा उल्लेख गर्नु पर्ने महत्त्वपूर्ण तथ्यहरू नै उल्लेख गरेको पाईएन । निजलाई हिराशत भित्र रहेका अन्य थुनुवाहरूले कुटपीट गर्दा टाउकोमा गंभीर चोट लागेको र सोही कारणले निजको मृत्यु हुन पुगेकोले बाँच्न पाउने अधिकार उल्लंघन भएको । यस घटनाको छानविनगर्न नेपाल प्रहरीले आन्तरिक छानवीन टोली गठन गरी टोलीले प्रतिवेदन समेत पेश गरेको देखियो । सो प्रतिवेदनमा ड्युटीमा रहेका र जिम्मेवार प्रहरी कर्मचारीहरूलाई लापरबाही गरेको, हिराशत कक्षको उचित निगरानी नगरेको पाइएकोले कसुर अनुसारको कारवाही गर्नुपर्ने राय प्रस्तुत गरेको देखिन्छ ।

अतः निर्दोष व्यक्तिको हिराशत कक्षभित्र गरिएको कुटपिटका कारण मृत्यु भएकोले प्रहरीको छानवीन टोलीले पेश गरेको प्रतिवेदन अनुसार सम्बन्धित प्रहरी कर्मचारीहरूलाई के कस्तो कारबाही गरेको छ सो को अनुगमन गर्ने । मानव अधिकारकर्मी निज तुलसी थापालाई सचेत गराउन, मेडिकल लिगल परिक्षणका लागि Medical Examination Protocol सबै अस्पतालहरूमा अनिवार्य रुपमा लागू गर्न र केशको प्रकृतिलाई हेरेर थुनुवाहरूको शारीरिक मानसिक

र अन्य अवस्थाको स्वास्थ्य परीक्षण गर्ने, एकै प्रकारको ढाँचा तोक्ने र मृतकका कानून बमोजिमका हकवालाई रु. ३,००,०००/- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५५३ मिति २०७४/६/२५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालयलाई र प्रहरी प्रधान कार्यालय बोधार्थ तथा कार्यार्थ । मिति २०७५/०३/१४ र मिति २०७५/०२/३१ को आयोगको ताकेता पत्र ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयलाई पठाएको च.नं. १९६७ मिति २०७४/७/५ को श्री प्रममपकाको बोधार्थ पत्र । प्रहरी प्रधान कार्यालयलाई पठाएको च.नं. २२७ मिति २०७५/३/६ को गृह मन्त्रालयको बोधार्थ पत्र । रु. ३ लाख क्षतिपूर्ति रकम सम्बन्धमा सहमति उपलब्ध गराउने व्यहोरा उल्लेख गरी अर्थ मन्त्रालयलाई पठाएको च.नं. १५२ मिति २०७५/३/१४ को गृह मन्त्रालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८५६**

१. **पीडितको नाम, थर र ठेगाना** बलराम क्षेत्री, कास्की ।

२. **उल्लंघनकर्ता** त्रि. वि. अध्यागमन विभाग

३. **उजूरीको संक्षिप्त विवरण** त्रि. वि. अध्यागमन विभागले २०६७।०६।१३ गते विमानस्थलबाट पक्राउ गरी विभागको हिराशतमा राखेकोमा निजले घाँटीमा डोरी लगाई आत्महत्या गरेको भनिएको घटना शंकास्पद भएकोले सो सम्बन्धमा आवश्यक छानवीन गरिपाउँ भनी मिति २०६७।६७।१५मा आयोगमा दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज बलराम क्षेत्रीको मानव अधिकार उल्लंघन भएको भनी स्पष्ट नदेखिएको तर अध्यागमन ऐन,२०४९ मा केही त्रुटीहरू देखिएको हुँदा अध्यागमन विभागलाई हिरासतमा रहेको थुनुवाहरूको संरक्षणार्थ संवेदनशील भई कार्य गर्न, हिराशत कक्षको भौतिक संरचना मानव अधिकार मैत्री ढंगले निमार्ण गर्न र अध्यागमन ऐन, २०४९मा स्वास्थ्य परीक्षण तथा हिराशत सम्बन्धी थप व्यवस्थाका लागि आवश्यक संशोधन गर्न नेपाल सरकार समक्ष नीतिगत सिफारिश गर्ने मिति २०७४।०४।३ मा निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५०६, श्री प्र.म.म.का.मा मिति २०७४।६।१८ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखि पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न १९५१ मिति २०७४।६।३१, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय र त्रिभुवन अनतराष्ट्रिय विमानस्थल अध्यागमन विभागलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ङ) अन्यबाट मृत्यु**

**क्रम संख्या – ८५७**

१. **पीडितको नाम, थर र ठेगाना** श्यामकिशोर यादव, देवापुरटेटा २, बारा

२. **उल्लंघनकर्ता** स्थानीय वासिन्दाहरू

३. **उजूरीको संक्षिप्त विवरण** बारा जिल्ला देवापुरटेटा निवासी श्यामकिशोर यादवलाई सोही स्थानका शिक्षक सियाराम यादवको हत्या भएको विषयमा निजका आफन्तहरूले कुटपीट गरी हत्या गरेकोले छानवीन गरी पाऊँ भनी २०६२।०४।०४ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा देवापुरटेटा निवासी सियाराम यादवलाई नेकपा माओवादीका कार्यकताहरूले हत्या गरेको र सोही हत्यामा श्यामकिशोर यादवको समेत संलग्नता रहेको भनी स्थानीय वासिन्दाहरूले कुटपीट गर्दा निजको समेत मृत्यु भएको पाइएकोले मृतक सियाराम यादव र श्यामकिशोर यादवका कानून बमोजिमको हकवालालाई जनही रु. ३,००,०००।- (तीन लाख रुपैँया मात्र) क्षतिपूर्ति उपलब्ध गराउन तथा घटनामा संलग्न व्यक्तिहरूको

पहिचान गरी कानून बमोजिम कारबाहीको लागि सिफारिश गर्ने मिति २०७५।०३।१२ को आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ६६० मिति २०७५।०५।२५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १५२६ मिति २०७५।०५।२९ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

च.नं. २७८ मिति २०७५।१०।१७ गृह मन्त्रालय राहत तथा तथ्यांक व्यवस्थापन शाखाले आयोगलाई निजका हकवालाले जि.प्र.का. बाराबाट रु. दश लाख राहत/क्षतिपूर्ति बुझेको भन्ने व्यहोराको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**च) बम विष्फोटका घाइते**

**क्रम संख्या – ८५८**

१. **पीडितको नाम, थर र ठेगाना** तेज बहादुर साउद, मालाखेती -३, कैलाली।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला मालाखेती गा. वि. स. वडा नं. ३ बस्ने तेज बहादुर साउद मिति २०५९।७।१० गते भाई टिकाको दिनमा स्थानीय व्यक्तिहरू सहित पसलको आँगनमा तास खेलिरहेको अवस्थामा तीन जना माओवादी कार्यकर्ताहरू आएर तास बन्द गर्न भनेको र तास खेलिरहने व्यक्तिहरूले रमाइलोको लागि तास खेलेकोले बन्द नगर्ने भनेपछि दुई पक्षबीच विवाद बढ्दै जाँदा माओवादीहरूले सकेट बम प्रहार गरेको बमको छर्रा लागि तेज बहादुर साउद गम्भीर घाइते भएकोले घटनाको अनुसन्धान गरी न्याय दिलाई पाउँ भनी २०६४।०५।१६ मा आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** एक जना माओवादी कार्यकर्ताले विवाद हुँदै जाँदा निजको पकेटबाट सकेट बम निकाली विष्फोट गराउन खोज्दा उक्त बम निजकै हातमा पड्किदा दुई जना माओवादी कार्यकर्ताको घटनास्थलमा नै मृत्यु भएको र तेज बहादुर साउदको टाउको, घाँटी, हात, छाती र खुट्टामा समेत छर्रा लागि नेपालगञ्ज मेडिकल कलेजमा उपचार गराई तीन वटा अपरेशन गरेको र हाल निजको शारीरिक अवस्था अशक्त अवस्थामा रहेको राज्यबाट हालसम्म कुनै क्षतिपूर्ति, राहत तथा सुविधा नपाएको देखिदा उपचारमा लागेको रु. १,००,०००।- (एक लाख) को शोधभर्ना सहित रू. २,००,०००।- (दुई लाख) क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक भएमा निःशुल्क औषधोपचारको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७४।०४।०३ मा निर्णय भएको छ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५५९ मिति २०७४/६/२६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं स्वास्थ्य र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** स्वास्थ्य, रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको च.नं. २००२ मिति २०७४/७/५ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८५९**

१. **पीडितको नाम, थर र ठेगाना** भीम बहादुर विष्ट, देखतभुलि ८, कञ्चनपुर।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर जिल्ला, देखतभुलि गा.वि.स. वडा नं. ८ बस्ने भीम बहादुर विष्टलाई २०६०/११/९ गते शाही शुक्ला फाँट बन्यजन्तु आरक्षले काठचोरी तस्करीको अभियोगमा पक्राउ गरी थुनामा राखेको अवस्थामा जीपमा राखी मजगाँउ चेकपोष्टबाट शिवपुरी भएर वेलडाडी जाने बाटो बनाउन लैजादै गर्दा माओवादीले थापेको एम्बुसमा परी गाडीमा सवार १५ जना मध्ये ११ जनाको घटनास्थलमा मृत्यु भएको वाँकी ४ जना गम्भीर घाइते भएको ४ जना मध्येका एक भीम बहादुर विष्ट समेत घाइते भई दायाँ खुट्टा काम नलाग्ने भएकोले घटनाको बारेमा अनुसन्धान गरी न्याय दिलाई

पाउँ भनी मिति २०६३/५/१ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** माओवादीले थापेको एम्बुसमा परी निज भीम बहादुर विष्ट गम्भीर घाइते भई दायाँ खुट्टा अपाङ्ग समेत भएको र हालसम्म कुनै किसिमको क्षतिपूर्ति राहत एवं औषधोपचार खर्च प्राप्त गरेको नदेखिएकोले घाइतेका परिवारको परिपुरणको व्यवस्था गर्न र घाइतेलाई रु. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराई जेनेभा महासन्धिको साझा धारा ३ को उल्लघंन गर्ने दोषी माओवादी कार्यकर्ताको पहिचान गरी कानून बमोजिम कारबाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५६८ मिति २०७४/६/२६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह, शान्ति तथा पुननिर्माण मन्त्रालयलाई र एकिकृत नेकपा माओवादी, केन्द्रिय कार्यालय, पेरिस डाँडालाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. १९७२, मिति २०७४।७।५ को गृह मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई आयोगको निर्णय कार्यान्वियन गरी जानकारी दिनु भन्ने व्यहोराको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८६०**

१. **पीडितको नाम, थर र ठेगाना** भुवन राज न्यौपाने, भजनी -३, कैलाली ।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला भजनी गा. वि. स. वडा नं. ३ बस्ने अन्दाजी वर्ष ४२ को भुवन राज न्यौपाने मिति २०६४।४।२ गते आफ्नै खेत बारीमा काम गर्न जाँदा खेतको आलीमा रेहेको वेवारिशे बम विष्फोट हुँदा बायाँ हातको हत्केला नै छिन्न भिन्न भएकोले औषधी उपचार र क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी २०६४।०४।२८ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट भुवन राज न्यौपाने र निजको छोरी बारीमा घाँस काट्न जाँदा उल्लेखित मितिमा घाँस सँगै फलामको डल्लो पनि हातमा आएको र उक्त डल्लो के रहेछ भनी हेर्दा विष्फोट भएको, विष्फोटबाट बुढी औला सहित तीन वटा औला र हत्केला क्षति भएको जीउमा छर्रा लागेको निजको छोरी राजु न्यौपाने को जीउमा छर्रा लागि घाइते भएको र उपचारको लागि कोहलपुर मेडिकल कलेजमा गएको देखियो । निजहरूले औषधी उपचार लगायत राहत क्षतिपूर्ति सम्बन्धी कुनै सुविधा राज्यबाट प्राप्त गरेको नदेखिंदा भुवन राज न्यौपानेलाई रू. ३,००,०००/- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन र दोषी पहिचान गरी कानून बमोजिम कारबाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५७० मिति २०७४/६/२६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह, स्वास्थ्य र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह, स्वास्थ्य र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई पठाएको च.नं. १९८० मिति २०७४/७/५ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८६१**

१. **पीडितको नाम, थर र ठेगाना** राजन रजक र लोकेश हमाल, चैनपुर -८, बभाङ (नाबालकहरू संख्या २) ,

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बभाङ जिल्ला चैनपुर गा.वि.स. वडा नं. ८ भोपुर बस्ने बालकहरू वर्ष ८ को राजन रजक र वर्ष ७ को लोकेश हमाल माओवादीहरूले राखेको बम २०६२/१२/३ मा विस्फोट हुँदा गम्भीर घाइते भएकोले उक्त घटनाको बारेमा अनुसन्धान गरी पाउँ भनी २०६२/१२/१० मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** बेवारिसे बम विष्फोट हुँदा घाइते भएका बालक राजन कुमार रजक हाल पनि अपाङ्गताको अवस्थामा रहेको हुनाले निजको भविष्यको सुनिश्चितताको लागि शिक्षा, स्वास्थ्य, रोजगार लगायतका बिषयमा व्यबस्था गर्न र निजलाई रु. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन एवं लोकेश हमालको शरीरमा हालसम्म पनि बमका छर्राहरू रहेको भन्ने पाइएकोले निःशुल्क उपचारको प्रबन्ध गरी राज्यको तर्फबाट हाल सम्म कुनै राहत क्षतिपूर्ति तथा सुविधा उपलब्ध गराएको नपाइएकोले रु. २,५०,०००।- (दुई लाख पचास हजार) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।४।३ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५५० मिति २०७४/६/२५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह, रक्षा, स्वास्थ्य र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह, रक्षा, स्वास्थ्य र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको च.नं. १९०८ मिति २०७४/६/३० को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र। शान्ति तथा पुननिर्माण मन्त्रालयले राहत तथा पुनर्स्थापना एकाइलाई पठाएको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८६२**

१. **पीडितको नाम, थर र ठेगाना** रमदैया चौधरी, उर्मा -५, कैलाली।

२. **उल्लंघनकर्ताः** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरणः** कैलाली जिल्ला उर्मा गा. वि. स. वडा नं. ५ बस्ने रमदैया चौधरी प्रदेशु चौधरी, प्रदेशनी चौधरी, अमिसा चौधरी, माघुरी चौधरी, अलिसा चौधरी र रुपादेवी चौधरी गरी जम्मा सात जना एकै घर परिवारका सदस्यहरू तत्कालीन ने.क.पा माओवादीका कार्यकर्ताहरूले राखेको बम मिति २०६२/११/४ मा विस्फोट हुँदा उल्लेखितमध्ये रामदैया चौधरीको खुट्टा काम नलाग्ने गरी क्षती भएको, प्रदेशनी चौधरीको अवस्था गम्भीर भएकोले औषधोपचार र क्षतिपूर्तिका लागि आवश्यक पहल गरी पाउँ भनी आयोगमा मिति २०६४/१/२६ मा दर्ता भएको उजूरी।

४. **आयोगको निर्णय/सिफारिशः** माओवादी कार्यकर्ताले राखेको बम विस्फोट हुँदा रमदैया चौधरीको वाँया खुट्टा काम नलाग्ने भई पूर्ण रुपमा अपाङ्ग भएको दायाँ खुट्टाको घुँडा मुनिको मासु क्षति भएको प्रेदेशु चौधरीको दायाँ कानको सुन्ने क्षमता गुमी दायाँ तिरको शरीर नचल्ने भएको अमिसा चौधरीको दुवैकानको सुन्ने क्षमता गुमेको माधुरी चौधरीको बायाँ कानको सुन्ने क्षमता गुमेको अलिसाको दुवै कानको सुन्ने क्षमता गुमेको, रुपादेवी र प्रदेशनी चौधरीको शरिरमा छर्रा लागी घाइते भएको पाइएको र उपचारको लागि कोहलपुर मेडिकल कलेज, पोखरा तथा भारत समेत गएको देखिन्छ। निजहरूले हाल सम्म राज्यबाट कुनै किसिमको राहत, क्षतिपूर्ति एवं औषधोपचार खर्च प्राप्त गरेको नेखिदा रमदैया माधुरी र अमिसा चौधरीलाई जनही रू. ३०००००।- (तीन लाख) का दरले र अन्य घाइतेहरूलाई जनही २,५०,०००।- (दुईलाख पचास हजार) का दरले क्षतिपूर्ति उपलब्ध गराउन साथै जेनेभा महासन्धि साझा धारा ३ को उल्लंघन गर्ने दोषी माओवादी कार्यकर्ताको पहिचान गरी कानून बमोजिम कारबाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५६६ मिति २०७४/६/२६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह, स्वास्थ्य र शान्ति तथा पुननिर्माण मन्त्रालय र एमाओवादी केन्द्रिय कार्यालय, पेरिस डाँडालाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** प्रहरी प्रधान कार्यालयलाई पठाएको च.नं. १६१ मिति २०७४/६/३१ को गृह मन्त्रालय मानव अधिकार शाखाको बोधार्थ पत्र। गृह, स्वास्थ्य र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको च.नं. १९७७ मिति २०७४/७/५ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र। रमदैयाको बारेमा कुनै अभिलेख नभएको व्यहोरा उल्लेख गरेको च.नं. ११३७ मिति २०७५/६/१० को जिल्ला प्रशासन कार्यालय कैलालीको छायाँकपी पत्र र बम विस्फोटमा घाइते भएको तर क्षतिपूर्ति नपाएको स्थानीय व्यक्तिहरूको रोहवरमा लेखिएको मिति २०७५।४।९ गतेको मुचुल्का सहित प्रहरी चौकी कनरी कैलालीको च.नं. २० मिति २०७५/६/१५ को छायाँकपी सहित खुलाई पठाएको

सम्बन्धमा प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालय (मानव अधिकार शाखा)को पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८६३**

१. **पीडितको नाम, थर र ठेगाना** राधिका भण्डारी र शारदा भण्डारी (वर्ष १०), धम्पुस १, कास्की।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कास्की जिल्ला धम्पुस गा.वि.स. वडा नं. १ बस्ने राधिका भण्डारी र निजकी १० वर्षीय छोरी शारदा भण्डारी नेकपा माओवादीले मिति २०५९।५।३१ गते प्रहार गरेको बम विष्फोट भई घाइते भएको र निजहरूको घर समेत क्षति भएकोले क्षतिपूर्ति दिलाई उपचारको व्यवस्था गरी पाउँ भनी आयोगमा मिति २०६४।३।२७ मा आयोगमा दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धानपछि उजूरी सम्बन्धमा निज घाइतेहरूलाई यथोचित क्षतिपूर्ति र उपचार खर्च उपलब्ध गराउन र थप उपचार गर्नु परे निःशुल्क उपचारको व्यवस्थाको लागि सिफारिश गर्ने भनी मिति २०७४।४।१७ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९६९ मिति २०७४।०९।१२ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**च) गैरकानूनी थुना**

**क्रम संख्या – ८६४**

१. **पीडितको नाम, थर र ठेगाना** घनश्याम बस्ताकोटी, नाङ्लेभारे -२, काठमाडौ

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** काठमाडौं जिल्ला नाङ्लेभारे गा. वि.स.वडा नं. २ बस्ने घनश्याम बस्ताकोटीलाई २०६१।१०।७ गते विहान ९:०० बजे व्यापारिक सिलसिलामा साँखुबाट सामान लिएर आउँदै गर्दा भाईहरू बयान बहादुर बस्ताकोटी र केशव वस्ताकोटीलाई शाही नेपाली सेनाले आफ्नो नियन्त्रणमा लिएको र दाईलाई पनि बोलाउनु भनेपछि मोबाईल सम्पर्क गरी चेकपोष्टमा बोलाइएको, निज चेकपोष्टमा पुग्दा शाही नेपाली सेनाले नियन्त्रणमा लिएकोले निजको जीवन रक्षा र तुरुन्त रिहाइको लागी आवश्यक पहल गरी पाउँ भनी २०६१।१०।०८ मा आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा २१ दिन सम्म निजलाई गैरकानूनी थुनामा राखेको देखिंदा प्रति दिन रु. ५००।- का दरले हुन आउने रकम रु. १०,५००।- (दश हजार पाँच सय) राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम २५ (२) नं. बमोजिम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट नर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५०१ मिति २०७४।०६।१८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८६५**

१. **पीडितको नाम, थर र ठेगाना** गणेश कुमार खड्का, लुडग्र -४, अछाम

२. **उल्लंघनकर्ता** सशस्त्र प्रहरी बल

३. **उजूरीको संक्षिप्त विवरण** अछाम जिल्ला लुडग्र गा.वि.स. वडा नं ४ बस्ने विद्यार्थी गणेश कुमार खड्कालाई कोहलपुर बाँकेका सशस्त्र प्रहरीले पक्राउ गरी गैरकानूनी थुनामा राखेकोमा पुनरावेदन अदालत नेपालगंजको आदेशले थुना मुक्त भएको र पुनः पक्राउको संभावना रहेकोले मानव अधिकार रक्षा गरिदिने सम्वन्धमा मिति २०६२।०३।२८ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं.- ५८, आयोगबाट अनुसन्धान हुँदा निजलाई गैरकानूनी रुपमा थुनामा राखिएको र पूनरावेदन अदालत नेपालगञ्जको बन्दी प्रत्यक्षीकरणको रिट मार्फत थुनामुक्त भएको देखिएकोले राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम २५(२) नं. बमोजिम रु. १,००,०००।- (एक लाख) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७५।०३।१२ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ६४१ मिति २०७५।०५।२४ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०८२-०७५/७६-१५३२ मिति २०७५।०५।२९ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. २२२, मिति २०७६।९।२४ को पत्रमा आयोगको सिफारिश बमोजिम रु. १ लाख आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने मन्त्रिपरिषदको मिति २०७६।९।१४ मा निर्णय भएको भन्ने जानकारी प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ८६६**

१. **पीडितको नाम, थर र ठेगाना** दिलिप ऋषिदेव, बैजनाथपुर, मोरङ्ग ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ्ग जिल्ला बैजनाथपुर गा.वि.स. बस्ने वर्ष १५ को दिलिप ऋषिदेवलाई जिल्ला प्रहरी कार्यलय मोरङ्गबाट आएको प्रहरीले बिना पक्राउ पूर्जी पक्राउ गरी बयस्क राख्ने हिरासतमा राखिएकोले छानबिन गरी न्याय दिलाई पाउँ भनी आयोगमा उजूरी मिति २०७१/१०/८ गते आयोगमा दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा पिडित दिलिप ऋषिदेवलाई प्रहरीले बिना पूर्जी पक्राउ गरी बयस्कहरू राख्ने हिरासतमा राखेको देखिएकोले यस कार्यमा संलग्न जिल्ला प्रहरी कार्यालयका प्रहरीलाई सचेत गराउने साथै बयस्कहरू सरह नाबालकहरूलाई हिरासत तथा कारागारमा नराखी सुधारगृहमा राख्नको लागि उचित व्यवस्था गन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।३।१२ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ६५९, श्री प्र.म.म.का.मा मिति २०७५।५।२५ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखि पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०८२-०७५।७६-१५२५ मिति २०७५।५।२९, प्र.म.म.का., मा.अ.शाखाबाट निर्णय कार्यन्वयन सम्बन्धमा गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं ५० मिति २०७५।६।९, गृह मन्त्रालय, मा.अ.प्रवर्द्धन शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा प्रहरी प्रधान कार्यालय, मा.अ.शाखालाई पठाएको पत्र आयोगलाई पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८६७**

१. **पीडितको नाम, थर र ठेगाना** देवेन्द्र प्रसाद वैष्य (सोनी), बिर्तामोड, झापा ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी ।

३. **उजूरीको संक्षिप्त विवरण** झापा जिल्ला, विर्ता वजार बस्ने देवेन्द्र प्रसाद वैष्य (सोनी) लाई डा. सि.के. राउतको विषयलाई लिएर मिति २०७१/६/१८ गते पूर्व वन्द कार्यक्रमलाई सफल पार्ने मिति २०७१/६/१६ गते विहान ७

वजे पर्चा टाँस्दै गरेको अवस्थामा इलाका प्रहरी कार्यालय विर्तामोडबाट खटिएका प्रहरी टोलीले पक्राउ गरेकोले मानव अधिकार संरक्षण गरी पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय विराटनगर मिति २०७१/६/१९ मा दर्ता हुन आएको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई जिल्ला प्रहरी कार्यालय झापाले मिति २०७१/६/१५ गतेदेखि नै सार्वजनिक विदा परेकोले निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष प्रस्तुत गर्न नसकिएको भनी गैरकानूनी थुनामा राखिएको र मिति २०७१/६/१९ गते निजको श्रीमतीको जिम्मा लगाई रिहा गरिएको, हिराशतमा रहँदा निजलाई कुनैपनि प्रकारको यातना नदिएको भन्ने आयोगको अनुसन्धान प्रतिवेदनबाट देखिंदा निज देवेन्द प्रसाद वैष्य (सोनी) लाई गैरकानूनी थुनामा राखिएको अवधिको प्रत्येक दिनको रु. ५००।– का दरले क्षतिपूर्ति उपलब्ध गराउन र सोको बोधार्थ प्रहरी प्रधान कार्यालयलाई प्रदान गर्न राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २५ को (१) र (२) बमोजिम नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/०३/३२ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ७२५ मिति २०७५/६/१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह, अर्थ मन्त्रालय र प्रहरी प्रधान कार्यालयलाई बोधार्थ तथा कार्यार्थ। च.नं. ९०९ मिति २०७५/७/१८ मा माग भए बमोजिमको व्यहोरा उल्लेख गरी पत्र पठाएको।

६. **कार्यान्वयनको स्थिति** गृह र अर्थ मन्त्रालयलाई पठाएको च.नं. मा.अ. १८७० मिति २०७५/६/९ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र। गृह मन्त्रालय राहत तथा तथ्याङ्क शाखा र प्रहरी प्रधान कार्यालयलाई सम्बोधन गरी देवेन्द्र प्रसाद वैस्य (सोनी) लाई क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था सम्बन्धमा च. नं. ६२ मिति २०७५/६/१५ को गृह मन्त्रालयको बोधार्थ पत्र। कुन निकाय मार्फत रकम भुक्तानी प्राप्त गर्ने हो र क्षतिपूर्ति कति हो स्पष्ट खुलाई दिने सम्बन्धमा च.नं. ४२८ मिति २०७५/६/२४ को अर्थ मन्त्रालयको छायाँ पत्रसहित च.नं. मा.अ. २५३४ मिति २०७५/७/५ को खुलाई पठाउने सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र। अर्थ मन्त्रालयलाई पठाएको च.नं. मा.अ. ३१९० मिति २०७५/८/४ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र। देवेन्द्र प्रसाद वैस्य सोनीको मृत्यु भइसकेको, निजको छोरा बैदेशिक रोजगारमा रहेको, श्रीमती र छोरा आफन्तको विवाहमा भारत तर्फ गएको भनी जिल्ला प्रहरी कार्यालय झापाको च.नं. ५९२७ मिति २०७६/२/३१ को पत्रबाट लेखि आएको व्यहोरा समेतको जिल्ला प्रशासन कार्यालय झापाको छायाँपत्र सहित च.नं. ३६६ मिति २०७६/३/२६ को गृह मन्त्रालयको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**छ) जातिय विभेद**

**क्रम संख्या – ८६८**

१. **पीडितको नाम, थर र ठेगाना** वैतडी जिल्ला उदयदेव गा.वि.स. का दलितहरू।

२. **उल्लंघनकर्ता** शेर बहादुर चन्द लगायतका मानिसहरू

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६४।७।३ गते महानवमी का दिन वैतडी जिल्लाको उदयदेव गा.वि.स. स्थित मन्दिरमा बली चढाईएका राँगाको मासु स्थानीय दलितहरूले खान इन्कार गर्दा शेरबहादुर चन्द लगायतका मानिसहरूले दलितहरूलाई कुटपीट गरी धम्की दिएको पसलहरू तोडफोड र लुटपाट गरेको प्रहरी ले शान्ति सुरक्षा नदिएको र घटनापश्चात कारबाहीको लागी स्थानीय प्रशासनमा उजूरी दिंदा कुनै कारबाही नभएकोले कारबाही र क्षतिपूर्तिको आवश्यक पहल गरी पाउँ भनी २०६४।०७।८ मा आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ५७०, आयोगबाट अनुसन्धान हुँदा जातीय विभेद विरुद्धमा सरकारी तथा गैरसकारी संघ संस्थाहरूलाई समावेश गराई सबै सञ्चार माध्यमहरू मर्फत प्रभाकारी रुपमा जनचेतनामूलक कार्यक्रम संञ्चालन गरी, गर्न लगाई जातीय विभेदका कारण हुन सक्ने घटनाहरूलाई निरुसाहित गर्न, घटना भई हालेमा प्रभावकारी अनुसन्धान गर्न नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५५७ मिति २०७४।०६।२६, मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म. तथा मन्त्रिपरिषदको कार्यालयलाई पत्र पठाइ सोको बोधार्थ तथा कार्यार्थ गृह मन्त्रालय र जिल्ला प्रशासन

कार्यालय, धनगढी कैलालीलाई पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट च.नं. १९६३ मिति २०७४/०७/०५ मा आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाइएको पत्रको बोधार्थ आयोगमा प्राप्त भएको

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८६९**

१. **पीडितको नाम, थर र ठेगाना** लिलिया मलिक, धनगढी -३, सिरहा ।

२. **उल्लंघनकर्ता** स्थानीय गैर दलित समूदाय

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला सिरहा, धनगढी नगरपालिका-३ का लिलिया मलिक र जहरी मलिकका परिवारहरू मिति २०७३/७/२१ मा छठीमाईको पूजामा पोखरीमा अर्घ दिई पूजाआजा गर्न लाग्दा गैर दलित समुदायले पूजा गर्न नदिई खेदेको र जातिय छुवाछुत कसुर गरेको भनी स्थानीय प्रहरीमा उजूरी गरेकोमा प्रहरी चौकीबाट कुनै कार्वाही नभएको भन्ने मिति २०७३/७/२५ मा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं १३, जातिय विभेद, क्षे.का. जनकपुर, सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं ३ निवासी लिलिया मलिक समेतलाई अछूत जातको भनी रामसकल महतो र जीवछ यादव समेतले छठ पर्वको पूजा गर्न नदिएको भनी आयोगमा पर्ने आएको उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा उक्त घटनामा पीडित भएका व्यक्तिहरूले भएको र सो सम्बन्धमा इलाका प्रहरी कार्यालय लहान सिरहामा जातीय विभेद तथा छुवाछुत शिर्षकमा मुद्दा दर्ता भई अनुसन्धान समेत भईरहेको, प्रस्तुत उजूरी उपरको कारबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कारबाही तथा क्षतिपूर्ति निधार्रण) नियमावली २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने तथा हालसम्म पनि समाजमा जातिय विभेद हुने गरेको पाइएकोले यस्तो कार्यको अन्त्य गर्नको लागि आवश्यक पहल गर्न नेपाल सरकारलाई लेखी पठाउने भनी मिति २०७५।३।३२ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ७६४ मिति २०७५/६/११ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयलाई पठाएको च.नं. १९५६ मिति २०७५/६/१४ को श्री प्रममपकाको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाकोनिचोड** विचाराधीन

**ज) कुटपीट/घाइते**

**क्रम संख्या – ८७०**

१. **पीडितको नाम, थर र ठेगाना** विष्णु वन सन्यासी, नेउलापुर -५ भुरी गाउँ, बर्दिया

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बर्दिया नेउलापुर ५ भुरी गाउँ बस्ने विष्णु वन सन्यासीलाई माओवादीहरूले काठमाडौं किर्तिपुरबाट कुटपीट गरी यातना दिएको कारण मानसिक सन्तुलन ठीक नभएकाले दोषीलाई कारबाही गरी क्षतिपूर्ति दिलाई पाउँ भनी २०६५।२।१२ गते आयोगमा दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट सुरक्षा निकायको भनाई, आफन्तहरूको बयान, गा.वि.स. कार्यालय नेउलापुरको सिफारिश, आफन्तहरूको निजले यातना पाएको र औषधी उपचार गराएको तर तत्कालीन समयमा माओवादीको डर र त्रासका कारण कागजातहरू फालिदिएको र घटना पुरानो भएको कारण साक्षीहरू सर्म्पकमा नआएका, औषधी उपचार गराएका कागजात उपलब्ध गराउन नसक्ने भनाई, हालसम्म कुनै राहत प्राप्त नगरेको निज पीडित विष्णु वन हाल विदेशको दिल्लीमा कार्यरत रहेको र उपचार समेत गराईरहनु परेको भन्ने देखिएकोले क्षतिपूर्ति वापत निज विष्णु वन सन्यासीलाई रू. १,००,०००/- (एक लाख) उपलब्ध गराउन र दोषी पहिचान गरी कानून बमोजिम कारबाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।४।२९ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ६२१, श्री प्र.म.म.का.मा मिति २०७४।७।१ गते आयोगबाट

निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८७१**

१. **पीडितको नाम, थर र ठेगाना** झक वहादुर कुमाल र नेत्र वहादुर कुमाल, अरुणोदय -६, तनहुँ

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** तनहुँ जिल्ला अरुणोदय गा.वि.स. वडा नं. ६ बस्ने वर्ष १४ का झक वहादुर कुमाल र वर्ष १२ को नेत्र वहादुर कुमाललाई मिति २०६२।८।२७ गते नेपाली सेना र ने.क.पा माओवादी गरी दुवै पक्षले यातना दिएको भनी मिति २०६२।८।२७ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** आयोगको अनुसन्धानबाट निजहरूलाई माओवादीले अपहरण गरी हातखुट्टा बाँधी, कोठामा थुनी यातना दिएको कारण हालसम्म पनि निजहरूको अवस्था राम्रो नभएको देखिदा पीडितहरूलाई जनही रु १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन, निःशुल्क उपचारको व्यबस्था गर्न र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।१७ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**च.नं ६२३, श्री प्र.म.म.का.मा मिति २०७४।७।१ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखि पठाइएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८७२**

१. **पीडितको नाम, थर र ठेगाना** श्यामसुन्दर चौधरी, टिकापूर-१, कैलाली (बर्ष १५ को बालक) ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कैलाली टिकापूर -१ बस्ने बर्ष १५ को श्यामसुन्दर चौधरी आफ्नो मावल बर्दियातर्फ जाँदै गर्दा कर्णाली नदीको पूल पुगेको समयमा तात्कालिन शाहि नेपाली सेनाले माओवादीलाई लक्षित गरी हानेको गोली बालक श्यामसुन्दर चौधरीको दाहिने खुट्टामा लाग्न पुगेको र निज घाइते भएको भन्ने मिति २०६२/२/१२ मा उजूरीका दर्ता भएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** आयोगको अनुसन्धान प्राप्त तथ्यका आधारमा निज घाइतेलाई रू. १,००,०००।- मात्र क्षतिपूर्ति उपलब्ध गराउन र निजको निरन्तर निःशुल्क उपचारको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने" भनी आयोगबाट मिति २०७४।०८।०८ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १०५१ मिति २०७४/९/२८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं स्वास्थ्य र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** :

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८७३**

१. **पीडितको नाम, थर र ठेगाना** दशरथ उपाध्याय, कुमाल गाउँ-५, कालिकोट ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कालिकोट, कुमाल गाउँ -५ बस्ने दशरथ उपाध्यायलाई नेकपा माओवादीले २०५९/११/१० मा जनकारवाहीको नाममा कुटपीट गर्दा ढाँडको नशामा असर पर्न गएकोले उपचारको व्यवस्था गराई

पाउँ भनी मिति २०६२।०४।०७ गते आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा उजूरी सम्बन्धमा निजको उपचारमा लागेको खर्च मूल्यांकन गरी उपचार खर्च तथा क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०९।२० मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०७७ मिति २०७४।१०।०३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. ४६४६, मिति २०७४।१२।१४ को स्वास्थ्य तथा जनसंख्या र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८७४**

१. **पीडितको नाम, थर र ठेगाना** लक्षीराम हमाल, खैराला-५, कैलाली

२. **उल्लंघनकर्ता** सन्तोष (नेकपा माओवादी कार्यकर्ता)

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला खैराला गा.वि.स वडा नं. ५ बस्ने लक्षीराम हमाललाई ने.क.पा माओवादीका कार्यकर्ता सन्तोष समेतले कुटपीट गरेकोले दोषीलाई कार्वाही र क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी आयोगमा उजूरी मिति २०६३/२/१५ गते आयोगमा दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफासि** आयोगबाट अनुसन्धान हुँदा पीडित लक्षिराम हमाललाई तत्कालीन ने.क.पा माओवादी कार्यकर्ताले कुटपीट गर्दा निजले सहजरुपमा जीवनयापन गर्न पाउने अधिकारको उल्लंघन भएको, माओवादी कार्यकर्ताको यस्तो कार्य जेनेभा महासन्धी १९४९ को साझा धारा ३ विपरीत भएकोले घटनामा संलग्न दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न तथा पीडितलाई रु. ५०,०००।- (पचास हजार रुपैयाँ) क्षतिपूर्ति रकम उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ बमोजिम नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।३।१२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ६३९, श्री प्र.म.म.का.मा मिति २०७५।५।२४ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०८२-०७५।७६-१५३५ मिति २०७५।५।२९, प्र.म.म.का., मा.अ.शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्र आयोगलाई बोधार्थ पत्र ।

गृह मन्त्रालयको च.नं. २२२, मिति २०७६।९।२४ को पत्रमा आयोगको सिफारिश बमोजिम रु. ५० हजार आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने मन्त्रिपरिषदको मिति २०७६।९।१४ मा निर्णय भएको भन्ने जानकारी प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोडः** पूर्ण

**झ) बेपत्ता**

**क्रम संख्या – ८७५**

१. **पीडितको नाम, थर र ठेगाना** धरमपाल चौधरी, रतनपुर -६, कैलाली

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला रतनपुर गा. वि.स. वडा नं. ६ बस्ने धरमपाल चौधरी, बृजलाल चौधरी र हनुमान चौधरीलाई हतियारधारी सुरक्षाकर्मीको टोलीले २०५८/४/१५ गते राती घर बाटै पक्राउ गरी वेपत्ता बनाएको र पक्राउ गरेको २/३ दिन पछि रेडियोको समाचारमा निजहरू मारिएको भन्ने समाचार प्रसारित भएकोले घटनाको छानवीन गरी स्थिती पत्ता लगाई दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्ति समेत दिलाई पाउँ भनी मिति २०६३/५/२७ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ४२२, आयोगबाट भएको अनुसन्धानबाट सुरक्षाकर्मीहरूले निजहरूलाई घरबाटै

पक्राउ गरी वेपत्ता बनाएको स्थिती सार्वजनिक नगरेको र प्रचलित कानून प्रदत्त हक अधिकारको संरक्षण गर्न नसकेको भनी आयोगको प्रतिवेदनबाट खुल्न आएको देखिदा वेपत्ता व्यक्तिहरूको अवस्था सार्वजनिक गरी दोषी सुरक्षाकर्मीलाई कार्वाही गर्न पीडित परिवारको परिपुरणको व्यवस्था गर्न राज्यबाट राहत क्षतिपूर्ति नपाएको भए जनही रु. ३,००,०००।- (तीन लाख) राहत क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५६५ मिति २०७४।०७।२६, मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म. तथा मन्त्रिपरिषदको कार्यालयलाई पत्र पठाई सोको बोधार्थ तथा कार्यार्थ गृह मन्त्रालय, रक्षा मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाइएको।

६. **कार्यान्वयनको स्थिति** प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट च.न.१९७४ मिति २०७४/७/०५ मा आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, रक्षा मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाइएको पत्रको बोधार्थ आयोगमा प्राप्त भएको साथै प्रहरी प्रधान कार्यालयको च.नं. १५५ मिति २०७५/६/१५मा आयोगलाई प्राप्त पत्रमा जिल्ला प्रशासन कार्यालय कैलालीको अभिलेखबाट निजहरू बेपत्ता नभई मृतक रहेको देखिन आएकोमा निज मृतकका हकदारहरूले जनही रु. १०,००,००० -दश लाख) राहत पाइसकेको भन्ने व्यहोरा उल्लेख भएको।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ८७६**

१. **पीडितको नाम, थर र ठेगाना** बृजलाल चौधरी, रतनपुर -६, कैलाली

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला रतनपुर गा. वि.स. वडा नं. ६ बस्ने धरमपाल चौधरी, बृजलाल चौधरी र हनुमान चौधरीलाई हतियारधारी सुरक्षाकर्मीको टोलीले २०५८/४/१५ गते राती घर बाटै पक्राउ गरी वेपत्ता बनाएको र पक्राउ गरेको २/३ दिन पछि रेडियोको समाचारमा निजहरू मारिएको भन्ने समाचार प्रसारित भएकोले घटनाको छानवीन गरी स्थिति पत्ता लगाई दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्ति समेत दिलाई पाउँ भनी मिति २०६३/५/२७ मा आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ४२३, आयोगबाट भएको अनुसन्धानबाट सुरक्षाकर्मीहरूले निजहरूलाई घरबाटै पक्राउ गरी वेपत्ता बनाएको स्थिति सार्वजनिक नगरेको र प्रचलित कानून प्रदत्त हक अधिकारको संरक्षण गर्न नसकेको भनी आयोगको प्रतिवेदनबाट खुल्न आएको देखिंदा वेपत्ता व्यक्तिहरूको अवस्था सार्वजनिक गरी दोषी सुरक्षाकर्मीलाई कार्वाही गर्न पीडित परिवारको परिपुरणको व्यवस्था गर्न राज्यबाट राहत क्षतिपूर्ति नपाएको भए जनही रु. ३,००,०००।- (तीन लाख) राहत क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५६५ मिति २०७४।०७।२६, मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म. तथा मन्त्रिपरिषदको कार्यालयलाई पत्र पठाइ सोको बोधार्थ तथा कार्यार्थ गृह मन्त्रालय, रक्षा मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाइएको।

६. **कार्यान्वयनको स्थिति** प्रममपका बाट च.नं. १९७४ मिति २०७४/७/०५ मा आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, रक्षा मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाइएको पत्रको बोधार्थ आयोगमा प्राप्त भएको साथै प्रहरी प्रधान कार्यालयको च.नं. १५५ मिति २०७५/६/१५ मा आयोगलाई प्राप्त पत्रमा जिल्ला प्रशासन कार्यालय कैलालीको अभिलेखबाट निजहरू बेपत्ता नभई मृतक रहेको देखिन आएकोमा निज मृतकका हकदारहरूले जनही रु. १०,००,००० (दशलाख) राहत पाईकेको भन्ने व्यहोरा उल्लेख भएको।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ८७७**

१. **पीडितको नाम, थर र ठेगाना** हनुमान चौधरी, रतनपुर - ६, कैलाली

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला रतनपुर गा. वि.स. वडा नं. ६ बस्ने धरमपाल चौधरी, बृजलाल चौधरी र हनुमान चौधरीलाई हतियारधारी सुरक्षाकर्मीको टोलीले २०५८/४/१५ गते राती घरबाटै पक्राउ गरी वेपत्ता बनाएको र पक्राउ गरेको २/३ दिनपछि रेडियोको समाचारमा निजहरू मारिएको भन्ने समाचार प्रसारित भएकोले घटनाको छानवीन गरी स्थिती पत्ता लगाई दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्ति समेत दिलाई पाउँ भनी मिति २०६३/५/२७ मा आयोगमा दर्ता हुन आएको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ४२४, कैलाली जिल्ला रतनपुर गा.वि.स. वडा नं. ६ बस्ने धरमपाल चौधरी, बृजलाल चौधरी र हनुमान चौधरीलाई हतियारधारी सुरक्षाकर्मीको टोलीले मिति २०५८/४/१५ गते राती घरबाटै पक्राउ गरी वेपत्ता बनाएको र पक्राउ गरेको २/३ दिनपछि रेडियोको समाचारमा निजहरू मारिएको भन्ने समाचार प्रसारित भएकोले घटनाको छानवीन गरी स्थिति पत्ता लगाई दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्ति समेत दिलाई पाउँ भनी मिति २०६३/५/२७ मा आयोगमा दर्ता हुन आएको उजुरी सम्बन्धमा सुरक्षाकर्मीहरूले निजहरूलाई घरबाटै पक्राउ गरी वेपत्ता बनाएको स्थिती सार्वजनिक नगरेको र प्रचलित कानून प्रदत्त हक अधिकारको संरक्षण गर्न नसकेको भनी आयोगको प्रतिवेदनबाट खुल्न आएको देखिंदा वेपत्ता व्यक्तिहरूको अवस्था सार्वजनिक गरी दोषी सुरक्षाकर्मीलाई कार्वाही गर्न पीडित परिवारको परिपुरणको व्यवस्था गर्न राज्यबाट राहत क्षतिपूर्ति नपाएको भए जनही रु. ३,००,०००।- (तीन लाख) राहत क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५६५ मिति २०७४।७।२६, मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म. तथा मन्त्रिपरिषदको कार्यालयलाई पत्र पठाई सोको बोधार्थ तथा कार्यार्थ गृह मन्त्रालय, रक्षा मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट च.नं. १९७४ मिति २०७४/७/०५ मा आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, रक्षा मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाइएको पत्रको बोधार्थ आयोगमा प्राप्त भएको साथै प्रहरी प्रधान कार्यालयको च.नं. १५५ मिति २०७५/६/१५ मा आयोगलाई प्राप्त पत्रमा जिल्ला प्रशासन कार्यालय कैलालीको अभिलेखबाट निजहरू बेपत्ता नभई मृतक रहेको देखिन आएकोमा निज मृतकका हकदारहरूले जनही रु. १०,००,००० (दश लाख) राहत पाइसकेको भन्ने व्यहोरा उल्लेख भएको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ८७८**

१. **पीडितको नाम, थर र ठेगाना** बल्चीराम चौधरी लगायत अन्य ४ जना, दरख -२, कैलाली ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला दरख गा.वि.स. वडा नं. २ बस्ने बल्चीराम चौधरी ऐ. ९ बस्ने कप्टैन डगौरालाई २०५९/७/२९ गते ऐ ७ बस्ने विशाल चौधरीलाई २०५९/०५/०१ गते ऐ ९ बस्ने खुशीराम चौधरी, ऐ २ बस्ने तेजबहादुर डगौरा, ऐ ९ बस्ने पुन्सीराम चौधरीलाई २०५९/७/२९ गते र ऐ ७ बस्ने कमलराज चौधरीलाई २०५९/५/१ गते संयुक्त सुरक्षा बेश क्याम्प सुख्खडका सुरक्षाकर्मीहरूले घरबाटै पक्राउ गरी हालसम्म वेपत्ता पारेकोले निजहरूको खोजतलास गरी क्षतिपूर्ति तथा कारबाहीको लागि पहल गरी पाउँ भनी मिति २०६३/३/२५ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजहरूलाई घरबाटै पक्राउ गरेको पक्राउ परेकामध्ये खुशीराम चौधरी कप्टैन डगौरा र पुन्सीराम चौधरीको मिति २०५९/७/२९ गते सुरक्षा कारबाहीमा मृत्यु भएको र बाँकी ४ जना व्यक्तिहरूको अवस्था सार्वजनिक नभएको देखिंदा सुख्खडवेशका तत्कालीन सुरक्षा प्रमुख र संलग्न अन्य सुरक्षाकर्मीहरूलाई कानून बमोजिम कारबाही गर्न र मृतकका परिवारलाई जनही रु. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन, वेपत्ता भएका

चार जना व्यक्तिहरूको अवस्था सार्वजनिक गर्न र निजका परिवारले राज्यबाट राहत, क्षतिपूर्ति प्राप्त नगरेको भए जनही रु ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति राहत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाटच.नं. ५७२ मिति २०७४/६/२६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह, रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह, रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई पठाएको च.नं. १९७८ मिति २०७४/७/५ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । शान्ति तथा पुननिर्माण मन्त्रालयले राहत तथा पुर्नस्थापना एकाइलाई पठाएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८७९**

१. **पीडितको नाम, थर र ठेगाना** भीम बहादुर शाही, विरपथ -९, अछाम ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** अछाम जिल्ला विरपथ गा.वि.स. वडा नं. ९ बस्ने भीम बहादर शाहीलाई २०६०/६/७ गते संयुक्त सुरक्षाफौजले पक्राउ गरी हालसम्म वेपत्ता पारेकोले निजको स्थिति सार्वजनिक गरी जीवन रक्षा गरी पाउँ भनी मिति २०६०/१२/२२ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ६६९१, सम्बन्धमा आयोगको अनुसन्धानबाट भीम बहादुर शाही र छत्र बहादुर शाहीलाई अछाम मंगलसेनका संयुक्त सुरक्षाफौजले पक्राउ गरी वेपत्ता पारेको पाइएकोले निजहरूको अवस्था सार्वजनिक गर्न र वेपत्ता पार्ने कार्यमा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कारबाही गर्नका साथै पीडित परिवारले हालसम्म राहत क्षतिपूर्ति नपाएको भए जनही रु. ३,००,००० (तीन लाख) राहत क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५४७ मिति २०७४/६/२५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह, रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह, रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई पठाएको च.नं. १८९९ मिति २०७४/६/३० को प्रममपकाको बोधार्थ पत्र । शान्ति तथा पुननिर्माण मन्त्रालयले राहत तथा पुनर्स्थापना एकाइलाई पठाएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८८०**

१. **पीडितको नाम, थर र ठेगाना** छत्रबहादुर शाही, विरपथ ९, अछाम

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** अछाम जिल्ला विरपथ गा.वि.स. वडा नं. ९ बस्ने भीम बहादर शाहीलाई २०६०/६/७ गते संयुक्त सुरक्षाफौजले पक्राउ गरी हालसम्म वेपत्ता पारेकोले निजको स्थिति सार्वजनिक गरी जीवन रक्षा गरी पाउँ भनी मिति २०६०/१२/२२ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३९२, आयोगको अनुसन्धानबाट भीम बहादुर शाही र छत्र बहादुर शाहीलाई अछाम मंगलसेनका संयुक्त सुरक्षाफौजले पक्राउ गरी वेपत्ता पारेको पाइएकोले निजहरूको अवस्था सार्वजनिक गर्न र वेपत्ता पार्ने कार्यमा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानूनबमोजिम कारबाही गर्नका साथै पीडित परिवारले हालसम्म राहत क्षतिपूर्ति नपाएको भए जनही ३,००,००० (तीन लाख) रुपैयाँ राहत क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५४७ मिति २०७४/६/२५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह, रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह, रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई पठाएको च.नं. १७९९ मिति २०७४/६/३० को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । शान्ति तथा पुनर्निर्माण मन्त्रालयले राहत तथा पुनर्स्थापना एकाइलाई पठाएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८८१**

१. **पीडितको नाम, थर र ठेगाना** वृजेन्द्रलाल कर्ण, भजनी ४, कैलाली ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला भजनी गा.वि.स वडा नं. ४ पडरिया बस्ने वर्ष ३६ को वृजेन्द्रलाल कर्णलाई २०५९/१/२० गने साँझ ७:३० बजे पसलबाट घर फर्कने क्रममा तत्कालीन शाही नेपाली सेना भजनी सुरक्षा वेशक्याम्पबाट खटी गएका सुरक्षाकर्मीहरूले पक्राउ पछि वेपत्ता पारेकोले निजको अवस्था सार्वजनकि गरी घटनाको छानवीन गरी दोषीमाथि कानून बमोजिम कारबाही गरी पाउँ भनी मिति २०६३/३/१७ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिशः** आयोगको अनुसन्धानबाट निजलाई सुरक्षा फौजले नियन्त्रण पश्चात् वेपत्ता पारेको लामो समय सम्म निजको अवस्था सार्वजनिक नगरेको देखिएकोले वेपत्ता व्यक्तिको अवस्था सार्वजनिक गर्न, पीडितका परिवारलाई परिपुरणको व्यवस्था गर्न, दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कारबाही गर्न र पीडितका परिवाले राज्यबाट राहत, क्षतिपूर्ति नपाएको भए रु. ३,००,०००।- (तीन लाख) राहत, क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५५६ मिति २०७४/६/२६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह, रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई पठाएको च.नं. १९६४ मिति २०७४/७/५ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । शान्ति तथा पुननिर्माण मन्त्रालयले राहत तथा पुर्नस्थापना एकाइलाई पठाएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८८२**

१. **पीडितको नाम, थर र ठेगाना** छोटेलाल चौधरी, श्रीपुर -२, कञ्चनपुर ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर जिल्ला श्रीपुर गा.वि.स. वडा नं. २ बस्ने वर्ष १४ को छोटेलाल चौधरी, वर्ष २२ को नाथुराम चौधरी र वर्ष २८ को जंग बहादुर चौधरीलाई सुरक्षाकर्मीले २०५९/६/२ मा पक्राउ गरी वेपत्ता बनाएको भनी मिति २०६३/३/२१ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. २६०, निजहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता बनाएको पाइएको र हालसम्म निजहरूको अवस्था अज्ञात नै रहेको पाइएकोले अवस्था सार्वजनिक गरी दोषी सुरक्षाकर्मी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडितका परिवाले हालसम्म कुनै राहत, क्षतिपूर्ति नपाएको भए रु. ३,००,०००।- (तीन लाख) जनही उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५४८ मिति २०७४/६/२५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह, रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह, रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई पठाएको च.नं. १९०० मिति २०७४/६/३० को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । शान्ति तथा पुनर्निर्माण मन्त्रालयले राहत तथा पुर्नस्थापना इकाईलाई पठाएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८८३**

१. **पीडितको नाम, थर र ठेगाना** जंग बहादुर चौधरी, श्रीपुर २, कञ्चनपुर ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर जिल्ला श्रीपुर गा.वि.स. वडा नं. २ बस्ने वर्ष १४ को छोटेलाल चौधरी, वर्ष २२ को नाथुराम चौधरी र वर्ष २८ को जंग बहादुर चौधरीलाई सुरक्षाकर्मीले २०५९/६/२ मा पक्राउ गरी वेपत्ता बनाएको भनी मिति २०६३/३/२१ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३४४, निजहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता बनाएको पाइएको र हालसम्म निजहरूको अवस्था अज्ञात नै रहेको पाइएकोले अवस्था सार्वजनिक गरी दोषी सुरक्षाकर्मी पहिचान गरी कानूनबमोजिम कार्वाही गर्न र पीडितका परिवारले हालसम्म कुनै राहत, क्षतिपूर्ति नपाएको भए रु. ३,००,०००।- (तीन लाख) जनही उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५४८ मिति २०७४/६/२५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह, रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह, रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको च.नं. १९०० मिति २०७४/६/३० को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । शान्ति तथा पुननिर्माण मन्त्रालयले राहत तथा पुर्नस्थापना एकाइलाई पठाएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८८४**

१. **पीडितको नाम, थर र ठेगाना** नाथुराम चौधरी, श्रीपुर -२, कञ्चनपुर ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर जिल्ला श्रीपुर गा.वि.स. वडा नं. २ बस्ने वर्ष १४ को छोटेलाल चौधरी, वर्ष २२ को नाथुराम चौधरी र वर्ष २८ को जंग बहादुर चौधरीलाई सुरक्षाकर्मीले २०५९/६/२ मा पक्राउ गरी वेपत्ता बनाएको भनी आयोगमा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३४५, कञ्चनपुर जिल्ला श्रीपुर गा.वि.स. वडा नं. २ बस्ने वर्ष १४ को छोटेलाल चौधरी, वर्ष २२ को नाथुराम चौधरी र वर्ष २८ को जंग बहादुर चौधरीलाई सुरक्षाकर्मीले २०५९/६/२ मा पक्राउ गरी वेपत्ता बनाएको भनी आयोगमा उजूरी पर्न आएकोमा आयोगको अनुसन्धानबाट निजहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता बनाएको पाइएको र हालसम्म निजहरूको अवस्था अज्ञात नै रहेको पाइएकोले अवस्था सार्वजनिक गरी दोषी सुरक्षाकर्मी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडितका परिवाले हालसम्म कुनै राहत, क्षतिपूर्ति नपाएको भए रु. ३,००,०००।- (तीन लाख) जनही उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५४८ मिति २०७४।०६।२५, मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म. तथा मन्त्रिपरिषदको कार्यालयलाई पत्र पठाइ सोको बोधार्थ तथा कार्यार्थ गृह मन्त्रालय, रक्षा मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट च.नं. १९०० मिति २०७४/६/३० मा आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, रक्षा मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाइएको पत्रको बोधार्थ आयोगमा प्राप्त भएको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८८५**

१. **पीडितको नाम, थर र ठेगाना** रामचरण चौधरी, लालबोझी –५, कैलाली ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला लालबोझी गा.वि.स वडा नं. ५ बस्ने रामचरण चौधरी र वडा नं. १ बस्ने रामेश्वर कठरियालाई २०५८/११/१ गते क्रमश गाई बस्तु चराईरहेको अवस्था र कुटानी पिसानी मिलबाट २०५८/११/१ गते भजनी स्थित सुरक्षा वेश क्याम्पका लप्टन राम सिंह बोहराको नेतृत्वमा आएको सुरक्षाफौजको टोलीले पक्राउ गरी लगेकोमा हाल सम्म निजको अवस्था सार्वजनिक नभएकोले घटनाको अनुसन्धान गरी दोषीलाई कारर्वाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन पहल गरी पाउँ भनी मिति २०६३/५/२० मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. आयोगको निर्णय/सिफारिशः उजूरी नं. ४१६, निजहरूलाई तत्कालीन शाही नेपाली सेना भजनी वेश क्याम्पका लप्टन राम सिंह बोहराले पक्राउ गरी हिरासतबाट नै वेपत्ता पारेको देखिएकोले निजहरूको अवस्था सार्वजनिक गर्न वेपत्ता पार्ने कार्यमा संलग्न लप्टन रामसिंह बोहरा र निजमार्फत अन्य दोषी सैनिकहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न पीडितका परिवारको परिपुरणको व्यवस्था गर्न राज्यबाट राहत क्षतिपूर्ति नपाएको भए जनही रु. ३,००,०००।- (तीन लाख) राहत क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५६९ मिति २०७४/६/२६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई पठाएको च.नं. १९८१ मिति २०७४/७/५ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । शान्ति तथा पुननिर्माण मन्त्रालयले राहत तथा पुनर्स्थापना एकाइलाई पठाएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८८६**

१. **पीडितको नाम, थर र ठेगाना** रामेश्वर कठरिया, लालबोझी –१, कैलाली ।

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला लालबोझी गा.वि.स वडा नं. ५ बस्ने रामचरण चौधरी र वडा नं. १ बस्ने रामेश्वर कठरियालाई २०५८/११/१ गते क्रमश गाई बस्तु चराईरहेको अवस्था र कुटानी पिसानी मिलबाट २०५८/११/१ गते भजनी स्थित सुरक्षा वेश क्याम्पका लप्टन रामसिंह बोहराको नेतृत्वमा आएको सुरक्षाफौजको टोलीले पक्राउ गरी लगेकोमा हालसम्म निजको अवस्था सार्वजनिक नभएकोले घटनाको अनुसन्धान गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन पहल गरी पाउँ भनी मिति २०६३/५/२० मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निजहरूलाई तत्कालीन शाही नेपाली सेना भजनी वेश क्याम्पका लप्टन राम सिंह बोहराले पक्राउ गरी हिरासतबाट नै वेपत्ता पारेको देखिएकोले निजहरूको अवस्था सार्वजनिक गर्न वेपत्ता पार्ने कार्यमा संलग्न लप्टन रामसिंह बोहरा र निज मार्फत अन्य दोषी सैनिकहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न पीडितका परिवारको परिपुरणको व्यवस्था गर्न राज्यबाट राहत क्षतिपूर्ति नपाएको भए जनही रु. ३,००,०००।- (तीन लाख) राहत क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७४।०४।०३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५६९ मिति २०७४।०६।२६, मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म. तथा मन्त्रिपरिषदको कार्यालयलाई पत्र पठाइ सोको बोधार्थ तथा कार्यार्थ रक्षा मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट च.न.१९७९ मिति २०७४/७/०५ मा आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा रक्षा मन्त्रालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाइएको पत्रको बोधार्थ आयोगमा प्राप्त भएको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८८७**

१. **पीडितको नाम, थर र** ठेगाना जगन्नाथ डगौरा र रामशंकर डगौरा, भजनी –९ कन्हैयापुर, कैलाली ।

२. **उल्लंघनकर्ता** शाही नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला, भजनी गा.वि.सं. वडा नं. ९ कन्हैयापुर बस्ने जगन्नाथ डगौरा र रामशंकर डगौरालाई भजनीस्थत तत्कालीन शाही नेपाली सेनाको क्याम्पबाट लप्टन रामसिंह बोहराको नेतृत्वमा आएको संयुक्त सुरक्षाफौजको टोलीले मिति २०५९/९/५ गते घरबाटै पक्राउ गरी लगेर वेपत्ता बनाएकोले निजहरूको अवस्था सार्वजनिक गरी पाउँ भनी २०६३/२/२३ गते आयोगमा दर्ता हुन आएको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिशः** निजहरूलाई तत्कालीन शाही नेपाली सेना भजनी व्यारेकका लप्टन राम सिंह बोहराले पक्राउ गरी हिरासतबाट नै वेपत्ता पारेको पुष्टि हुन आएकोले निजहरूको अवस्था सार्वजनिक गरी दोषी देखिएका लप्टन राम सिंह बोहरा र निज मार्फत अन्य दोषी सेनाको पहिचान गरी कारबाही गर्न, निजका परिवारलाई परिपुरणको व्यवस्था गर्न र राज्यका तर्फबाट राहत क्षतिपूर्ति प्राप्त नगरेको भए जनही रु. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति राहत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५६७ मिति २०७४/६/२६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह, रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह, रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई पठाएको च.नं. १९८२ मिति २०७४/७/५ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । शान्ति तथा पुननिर्माण मन्त्रालयले राहत तथा पुनर्स्थापना एकाइलाई पठाएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८८८**

१. **पीडितको नाम, थर र ठेगाना** सीताराम चौधरी, मगरागढी -४ मानपुर, बर्दिया ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** बर्दिया जिल्ला मगरागढी गा.वि.स. वडा नं. ४ मानपुर बस्ने वर्ष ४५ को सीताराम चौधरीलाई २०५८/९/१ गते साँझ ५:०० बजेको समयमा चिसापानीबाट आएका शाही नेपाली सेनाका सुरक्षाकर्मीले विना कारण पक्राउ गरी हालसम्म पनि बेपत्ता पारेकोले निजको स्थिति सार्वजनकि गरी घटनामा संलग्न दोषीहरूलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति समेत उपलब्ध गराई पाउँ भनी २०६२/५/१४ मा आयोगमा दर्ता हुन आएको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता बनाएको पाइएको र हालसम्म निजको अवस्था अज्ञात नै रहेको पाइएकोले अवस्था सार्वजनिक गर्न र दोषी सुरक्षाकर्मी पहिचान गरी कानून बमोजिम कारबाही गर्न र पीडितका परिवारले हालसम्म कुनै राहत क्षतिपूर्ति नपाएको भए रु ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति राहत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५४९ मिति २०७४/६/२५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह, रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह, रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको च.नं. १९०९ मिति २०७४/६/३० को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । शान्ति तथा पुननिर्माण मन्त्रालयले राहत तथा पुर्नस्थापना एकाइलाई पठाएको बोधार्थ पत्र

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८८९**

१. **पीडितको नाम, थर र ठेगाना** रामदास चौधरी, नेउलापुर-७, बर्दिया

२. **उल्लंघनकता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** बर्दिया जिल्ला नेउलापुर गा.वि.स. वडा नं. ७ घर भई इलाका हुलाक कार्यालय नेउलापुरमा हल्कारा पदमा कार्यरत बर्ष ३२ को रामदास चौधरीलाई मिति २०५९।१२।२६ मा कार्यलयबाट सेनाले पक्राउ गरी वेपत्ता पारेकोले स्थिति सार्वजनिक गरी पाउँ भनी २०६२।७।७ गते आयोगमा दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. २०६०, आयोगको अनुसन्धानबाट निज रामदास थारु (रामदास चौधरी) लाई मिति २०५९।१२।२६ गते अन्दाजी राती १२:३० बजेको समयमा आफू कार्यरत इलाका हुलाक कार्यालय भूरी गाँउ कार्यलयमा काम गर्दागर्दैको अवस्थामा तत्कालीन शाही नेपाली सेनाका सुरक्षाकर्मीले कार्यालयमा नै आई पक्राउ गरी गाडीमा राखेर ठाकुरद्वारा व्यारेकमा लगी हाल सम्म वेपत्ता पारेको बुझिन आएको छ, साथै निजकी श्रीमती सुगमती थारुले द्वन्द्वपीडित राहत स्वरुप रू. ३,००,०००/- (तीन लाख) बुझेको देखिएकोले निजका परिवारलाई परिपुरणको व्यवस्था मिलाउन दोषी पहिचान गरी कानून बमोजिम कारबाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।४।२९ निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ६२९ मिति २०७४/७/१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं रक्षा र गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८९०**

१. **पीडितको नाम, थर र ठेगाना** कन्हैयालाल चौधरी, धधवार –८, बर्दिया ।

२. **उल्लंघनकर्ता** नेपाली सेना र प्रमुख जिल्ला अधिकारी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बर्दिया धधवार गा.वि.स. वडा नं. ८ बस्ने कन्हैयालाल चौधरीलाई मिति २०५८ साल चैत्र १ गतेका दिन दिउसो १:०० बजेको समयमा सुरक्षाकर्मीले गाँउलेहरूलाई लखेटदै जाँदा निज तीन जनालाई कब्जामा लिई मारेको र लाश सुरक्षाकर्मीले नै गाडीमा हाली लगेको भन्ने मिति २०६३/७/२५ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं ११३४, तथ्यका आधारमा निजहरूलाई सुरक्षाकर्मीले नै पक्राउ गरी वेपत्ता पारेकोले उक्त कार्यमा संलग्न तात्कालिन मध्यपश्चिम पृतनापति, तात्कालीन बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा घटनामा संलग्न रम्भापुर ब्यारेकका तात्कालीन प्रमुखलाई पहिचान गरी तत्काल कानून बमोजिम कार्वाही अगाडि बढाउन, पीडित परिवारलाई अन्तरिम राहत स्वरुप रू. १,००,०००।- (अक्षेरपी रू. एक लाख मात्र) उपलब्ध गराउन र निजहरू वेपत्ता रहेको भन्ने सम्बन्धमा स्थिति सार्वजनिक गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७४। ९।२० मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १०७८ मिति २०७४/१०/३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह, रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाले च.नं. ४८०४, मिति २०७४।१२।२१ को श्री गृह र रक्षा मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ प्राप्त ।

राहत तथा पुनःस्थापना इकाई, बबरमहल काठमाडौंलाई पठाएको च.नं. १३१ मिति २०७४/१०/१९ को शान्ति तथा पुननिर्माण मन्त्रालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८९१**

१. **पीडितको नाम, थर र ठेगाना** सुरेश चौधरी, धधवार -८, बर्दिया ।

२. **उल्लंघनकर्ता** नेपाली सेना र प्रमुख जिल्ला अधिकारी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं ११३५,जिल्ला बर्दिया धधवार गा.वि.स. वडा नं. ८ बस्ने सुरेश चौधरीलाई मिति २०५८ साल चैत्र १ गतेका दिन दिउसो १:०० बजेको समयमा सुरक्षाकर्मीले गाँउलेहरूलाई लखेटदै जाँदा निज तीन जनालाई कब्जामा लिई मारेको र लाश सुरक्षाकर्मीले नै गाडीमा हाली लगेको भन्ने मिति २०६३/७/२५ मा उजूरी दर्ता

भएको ।

४. **आयोगको निर्णय/सिफारिशः** तथ्यका आधारमा निजहरूलाई सुरक्षाकर्मीले नै पक्राउ गरी वेपत्ता पारेकोले उक्त कार्यमा संलग्न तात्कालिन मध्यपश्चिम पृतनापति, तात्कालिन बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा घटनामा संलग्न रम्भापुर ब्यारेकका तात्कालिन प्रमुखलाई पहिचान गरी तत्काल कानून बमोजिम कार्वाही अगाडि बढाउन, पीडित परिवारलाई अन्तरिम राहत स्वरुप रू. १,००,०००।- (अक्षेरपी रू. एक लाख मात्र) उपलब्ध गराउन र निजहरू वेपत्ता रहेको भन्ने सम्बन्धमा स्थिति सार्वजनिक गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७४।९।२० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १०७८ मिति २०७४/१०/३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह, रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** :राहत तथा पुनःस्थापना इकाई, बबरमहल काठमाडौँलाई पठाएको च.नं. १३१ मिति २०७४/१०/१९ को शान्ति तथा पुनर्निर्माण मन्त्रालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८९२**

१. **पीडितको नाम, थर र ठेगाना** कर्ण बहादुर थारु, धधवार –८, बर्दिया ।

२. **उल्लंघनकर्ता** नेपाली सेना र प्रमुख जिल्ला अधिकारी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं ११३६, जिल्ला बर्दिया धधवार गा.वि.स. वडा नं. ८ बस्ने कर्ण बहादुर थारुलाई २०५८ साल चैत्र १ गतेका दिन दिउसो १:०० बजेको समयमा सुरक्षाकर्मीले गाँउलेहरूलाई लखेटदै जाँदा निज तीन जनालाई कब्जामा लिई मारेको र लाश सुरक्षाकर्मीले नै गाडीमा हाली लगेकोले छानवीन गरिपाउँ भनी मिति २०६३/७/२५ मा आयोगमा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिशः** तथ्यका आधारमा निजहरूलाई सुरक्षाकर्मीले नै पक्राउ गरी वेपत्ता पारेकोले उक्त कार्यमा संलग्न तात्कालिन मध्यपश्चिम पृतनापति, तात्कालिन बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा घटनामा संलग्न रम्भापुर ब्यारेकका तात्कालीन प्रमुखलाई पहिचान गरी तत्काल कानून बमोजिम कार्वाही अगाडि बढाउन, पीडित परिवारलाई अन्तरिम राहत स्वरुप रू. १,००,०००।- (अक्षेरपी रू.एक लाख मात्र) उपलब्ध गराउन र निजहरू वेपत्ता रहेको भन्ने सम्बन्धमा स्थिति सार्वजनिक गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनि मिति २०७४।९।२० मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १०७८ मिति २०७४/१०/३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवम गृह, रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** राहत तथा पुनःस्थापना इकाई, बबरमहल काठमाडौँलाई पठाएको च.नं. १३१ मिति २०७४/१०/१९ को शान्ति तथा पुनर्निर्माण मन्त्रालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८९३**

१. **पीडितको नाम, थर र ठेगाना** राजकुमार (कुमार) तामाङ्ग, हगाम -७, सिन्धुपाल्चोक ।

२. **उल्लंघनकर्ता** सशस्त्र प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** सिन्धुपाल्चोक जिल्ला, हगाम गा.वि.स वडा नं. ७, बस्ने राजकुमार (कुमार) तामाङ्गलाई सिन्धुपाल्चोक जिल्लाको तातोपानी बजारबाट सशस्त्र प्रहरीहरूले पक्राउ गरी लगेको तत् पश्चात निजको अवस्था अज्ञात रहेको सम्बन्धमा आयोगमा उजूरी मिति २०७२।७।२२ मा आयोगमा दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान क्रममा निज राजकुमार तामाङ्ग अज्ञात भएको सम्बन्धमा नेपाल

सरकार गृह मन्त्रालयद्वारा प्र.ना.म.नि. श्री नवराज सिलवालको संयोजकत्वमा उच्चस्तरीय छानवीन आयोग गठन गरेको पाइयो । उक्त छानवीन आयोगको प्रतिवेदनले निज राजकुमार तामाङ्ग अवस्था सशस्त्र प्रहरीहरूले पक्राउ गरे पश्चात अज्ञात भएको निष्कर्ष निकालेको देखिन्छ। सुरक्षाकर्मीले आफ्नो नियान्त्रणमा रहेको व्यक्तिको सुरक्षाको जिम्मा लिनुपर्ने र नियन्त्रणमा रहेको व्यक्तिको अवस्थाको बारेमा सम्बन्धित परिवार तथा आफन्तजनलाई जानकारी गराउनु पर्ने दायित्व रहन्छ। प्रस्तुत घटनामा सशस्त्र प्रहरीहरूकै लापरवाहीबाट आफ्नो नियन्त्रणमा रहेको व्यक्ति वेपत्ता भएको पाइएकोले निज राजकुमार (कुमार) तामाङ्गको अवस्था हालसम्म पनि अज्ञात रहेको देखिएकोले सम्बन्धित निकायलाई निजको खोजतलास जारी राख्न, उक्त घटनामा संलग्न देखिएका सशस्त्र प्रहरीहरूलाई कानून बमोजिम कार्वाही गर्न तथा पीडित परिवारको भरण पोषणको लागि राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कार्वाही तथा क्षतिपूर्ति निर्धारण ) नियमावली २०६९ को नियम २० बमोजिम रु. ३ लाख राहत उपलब्ध गराउन तथा निजका बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।१२।१४ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ८३६, श्री प्र.म.म.का.मा मिति २०७५।१।३ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ५२७८ मिति २०७५।१।१३, प्रममपकाबाट निर्णय कार्यन्वयन सम्बन्धमा गृह मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई पठाएको आयोगलाइ बोधार्थ पत्र प्राप्त ।

च.न ४९ मिति २०७५।१।२०, शिक्षा विभाग, अनिवार्य तथा बाल अधिकार शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाईलाई पठाएको आयोगलाइ बोधार्थ पत्र प्राप्त ।

च.न १५२ मिति २०७५।३।१४, गृह मन्त्रालय, राहत तथा तथ्यांक व्यवस्थापन शाखाबाट सहमति उपलब्ध गराउने बारे सम्बन्धमा अर्थ प्रविधि मन्त्रालयलाई पठाएको आयोगलाइ बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ञ) अपहरण**

**क्रम संख्या – ८९४**

१. **पीडितको नाम, थर र ठेगाना** दिवाकर पाल, दार्चुला

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** दार्चुला जिल्ला प्रा.वि. तहका शिक्षक एवं नेपाल शिक्षक संघका सदस्य दिवाकर पाललाई करिब १५/२० जनाको संख्यामा आएका सशस्त्र माओवादीहरूले अपहरण गरी लगेको भन्नेमिति २०६१/३/२२ मा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी ६८ दिनसम्म निजहरूको कब्जामा राखी शारीरिक तथा मानसिक यातना दिई मुक्त गरेको पाइएको, माओवादीको यस्तो कार्य जेनेभा महासन्धी १९४९ को साझा धारा ३ विपरितको कार्य भएको देखिएकोले राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ बमोजिम रु. १ लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७५।३।३२ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ६४९ मिति २०७५/५/२४ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं अर्थ र गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ। घटनाको मिति खुलाई गृहमन्त्रालयलाई पठाएको च.नं. १०१९ मिति २०७५/८/१३ को पत्र।

६. **कार्यान्वयनको स्थिति** अर्थ र गृह मन्त्रालयलाई पठाएको च.नं. मा.अ. १५५२ मिति २०७५/५/३१ को श्री प्रममपकाको बोधार्थ पत्र। घटनाको मिति खुलाई पठाइदिने सम्बन्धमा च.नं. १७५ मिति २०७५/७/१८ को गृह मन्त्रालयको राहत तथा तथ्यांक व्यवस्थापन शाखाको पत्र।

गृह मन्त्रालयको च.नं. २२२, मिति २०७६।९।२४ को पत्रमा आयोगको सिफारिश बमोजिम रु. १ लाख आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने मन्त्रिपरिषदको मिति २०७६।९।१४ मा निर्णय भएको भन्ने जानकारी प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ८९५**

१. **पीडितको नाम, थर र ठेगाना** धन बहादुर घिमिरे, सत्यवती २, पाल्पा ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पाल्पा जिल्ला सत्यवती गा.वि.स वडा नं. २ बस्ने धन बहादुर घिमिरे रुपन्देहीको सालझुण्डीबाट आफ्नो घर गईरहेको बेलामा नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरेकोले सकुशल रिहाइको लागि पहल गरिपाउँ भनी मिति २०७२।७।२२ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निजलाई नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी लगी शारीरिक तथा मानसिक यातना दिएको, यातनाको कारण निजको खुट्टा समेत भाँचिएको पाइएको ने.क.पा माओवादीको यस्तो कार्यले जेनेभा महासन्धी १९४९ को साझा धारा ३ विपरीतको कार्य भएको देखिंदा पीडितलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ बमोजिम रु. १ लाख क्षतिपूर्ति उपलब्ध गराउन तथा दोषी पहिचान गरी कानून बमोजिम कारबाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।३।३२ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ६४८, श्री प्र.म.म.का.मा मिति २०७५।५।२४ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न मा.अ. १५५१ मिति २०७५।५।३१, प्र.म.तथा म.का, मा.अ. प्र. शाखाबाट निर्णय कार्यन्वयन सम्बन्धमा गृह मन्त्रालय, अर्थ मन्त्रालयलाई पठाएको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

   च.न १७५ मिति २०७५।७।१८, गृह मन्त्रालय, राहत तथा तथ्यांक व्यवस्थापन शाखाबाट खुलाई पठाइ दिने बारे सम्बन्धमा आयोगलाई पत्र प्राप्त ।

   गृह मन्त्रालयको च.नं. २२२, मिति २०७६।९।२४ को पत्रमा आयोगको सिफारिश बमोजिम रु. १ लाख आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने मन्त्रिपरिषदको मिति २०७६।९।१४ मा निर्णय भएको भन्ने जानकारी प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ट) यातना**

**क्रम संख्या – ८९६**

१. **पीडितको नाम, थर र ठेगाना** क्षेत्र बहादुर महत, महत -६, जुम्ला ।

२. **उल्लंघनकर्ताः** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरणः** जुम्ला जिल्ला महत गा.वि.स. वडा न. ६ घर भई जुम्ला जिल्ला तातोपानी गां वि.सं. वडा नं. २ बस्ने क्षेत्र बहादुर महतलाई मिति २०६०/८/१५ गते नागरिकताको प्रतिलिपी लिन जुम्ला सदरमुकाम गएको समयमा माओवादीको आरोपमा प्रहरीले पक्राउ गरी केवलजङ्ग गुल्ममा पुऱ्याएकोमा उक्त गुल्ममा विभिन्न यातना दिई ४८ दिनपछि थुनामुक्त गरेको र यातनाबाट मृगौलामा असर परी शरीर काम नलाग्ने भएकोले घटनाको छानवीन गरी दोषीलाई कारबाही र पीडीतलाई क्षतिपूर्ति उपलब्ध गराउन पहल गरी पाउँ भनी मिति २०६३/३/१५ मा अयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिशः** निजलाई पक्राउ गरी ४७ दिन सम्म गैरकानूनी थुनामा राखी सेनाले यातना दिएको पाइएको हुँदा तत्कालीन शाही नेपाली सेना केवलजङ्ग गुल्मका प्रमुख र अन्य संलग्न सैनिक कर्मचारीहरूलाई कानून बमोजिम कारबाही गरी पीडीतलाई गैर कानूनी थुनामा राखेको यातना दिएको, थुना मुक्त पश्चात् उपचार गर्दा लागेको खर्च समेत गरी रु. १,०४,४००।-(एक लाख चार हजार चारसय) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५७१ मिति २०७४/६/२६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको च.नं. १९७९ मिति २०७४/७/५ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । शान्ति तथा पुनर्निर्माण मन्त्रालयले राहत तथा पुर्नस्थापना एकाइलाई पठाएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८९७**

१. **पीडितको नाम, थर र ठेगाना** खड्ग वहादुर तामाङ्ग, ल्वाङ्गघलेल, हाल लेखनाथ न.पा. कास्की

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** कास्की जिल्ला ल्वाङ्गघलेल गाविस निवासी खड्ग वहादुर तामाङ्गलाई मिति २०६२।०९।०९ गते चेक पोष्टमा खटिएका सुरक्षाकर्मीले गोली हानी घाइते बनाएकोले छानवीन गरी न्याय तथा क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६२।०९।११ गते आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट असावधानी साथ सेनाले कार्वाही गर्दा निज पीडित हुनु परेकोले मानव अधिकारको उल्लंघनमा संलग्न सेनाको पहिचान गरी विभागीय कार्वाही गर्न र पीडितको निःशुल्क उपचार गराई क्षतिपूर्ति वापत रु १,००,०००।- उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।०४।१७ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ६२५, श्री प्र.म.म.का.मा मिति २०७४।७।१ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखि पठाइएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८९८**

१. **पीडितको नाम, थर र ठेगाना** तिर्थराज पौडेल, फुलबारी–६ ,कैलाली

२. उल्लंघनकर्ता नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** :जिल्ला कैलाली फुलबारी–६ बस्ने वर्ष ४१ को तिर्थराज पौडेललाई मिति २०५८/१/२८ गते नेपाली सेना र सशस्त्र प्रहरीले पक्राउ गरी यातना दिएको पक्राउ गरेको १५ दिन पछि मुक्त गरेपनि देब्रे कान नसुन्ने र खुट्टा राम्ररी नचल्ने भएकोले घटनाको छानवीन गरी क्षतिपूर्ति दिलाई पाउँ साथै दोषीलाई कारबाही गरी पाउँ भनी मिति २०६३।८।१९ गते आयोगमा दर्ता हुन आएको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज तिर्थराज पौडेललाई मिति २०५८।१।२८ गते आफ्नै घर ठेगनामा खेत जोतीरहेको अवस्थामा तेघरी व्यारेकका सेनाहरूले पक्राउ गरी १४ दिनसम्म ब्यारेकमा राखी लात्ती, लाठी, बुट र बन्दुकको कुन्दाले कुटपीट गर्दा निजको बायाँ कानको श्रवण शक्ति हराएको, निज अशक्त भएको र हालसम्म क्षतिपूर्ति नपाएको भन्ने देखिदा क्षतिपूर्ति वापत रू. १,००,०००।- (एक लाख), निजको निःशुल्क उपचारको व्यवस्था, बालबालिकालाई पठन पाठनको व्यवस्था साथै दोषीको पहिचान गरी कानून बमोजिम कारबाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ६२८ मिति २०७४/७/१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं स्वास्थ्य, शिक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ८९९**

१. **पीडितको नाम, थर र ठेगाना** भिम बहादुर कोली, हसुलिया -१, कैलाली ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी, नेपाली सेना तथा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला हसुलिया गा.वि.स. वडा नं. १ के गाँउ बस्ने भिम बहादुर कोलीलाई माओवादीको आशंकामा सुरक्षाकर्मीले मिति २०५९।७।७ गते बौनिया प्रहरी चौकीमा लगी कुटपीट गरेको, ऐ. को जुगेडामा पसलमा बसिरहेको समयमा सेनाको टोलीले माओवादी भनी कुटपटि गरेका र केही दिन पछि माओवादीका

कार्यकर्ताले पनि पिटेका कारण निजको मानसिक अवस्था बिग्रिएकोले निजमा आश्रित श्रीमती, छोरा, छारी, तथा निजकी वृद्ध आमाको विचल्ली भएको र निजको उपचार गराउने कुनै श्रोत नभएकोले बालबालीकाको शिक्षा दिक्षा तथा पठन पाठनको व्यवस्था र उचित क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६३।११।२६ गते आयोगमा दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निज भिम बहादुर कोलीलाई नेपाल प्रहरीका कर्मचारी, नेपाली सेना तथा माओवादी तिनै पक्ष बाट कुटपीट गरी शारिरिक तथा मानसिक यातना दिएको र निजको हालसम्म पनि शारिरिक अवस्था कमजोर रहेको भन्ने देखिएकोले यातना दिएवापत निजलाई रु. १,००,०००।- (एक लाख) क्षतिपूर्ति उपलब्ध गराउन, निजलाई उपचार खर्च वापत रु. ७५,०००।- (पचहत्तर हजार) उपलब्ध गराउनका साथै नियमित उपचारको व्यवस्था मिलाउन र दोषी पहिचान गरी कानून बमोजि कारबाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।०५।१९ को आयोगको निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ५८७ मिति २०७४।०६।२६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**च.नं. मा.अ. १९६६ मिति २०७४।०७।०५ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा रक्षा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९००**

१. **पीडितको नाम, थर र ठेगाना** राज परियार, का.म.न.पा. १७, काठमाडौ

२. **उल्लंघनकता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. १७ डेरा गरी बस्ने राज परियारलाई निरु नेपालीको निवेदनका आधारमा महानगरीय प्रहरी वृत्त, सोह्रखुट्टेबाट खटिएका प्रहरीले डेराबाटै पक्राउ गरी लगेकोमा प्रहरीले कुटपीट गर्दा घाइते भएकोमा उपचारको लागि हाल राष्ट्रिय ट्रमा सेन्टरको बेड नं. २०५ मा उपचार भैरहेको, निजको निःशुल्क उपचार र घटनाको छानवीन गरिपाउँ भनी प्राप्त भएको उजूरी मिति २०७४/१०/१२ मा दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको प्रारम्भिक अनुसन्धानको क्रममा निजलाई प्रहरीले गरेको कुटपीटका कारण स्पाइनल इन्ज्यूरी भै शरीरको कम्मर मुनीका भागहरू नचल्ने अवस्थामा उपचार भैरहेको पाइयो। विरामीको आर्थिक अवस्था कमजोर देखिएकोले निजलाई जे जो उपचार गर्नुपर्ने हो, सो को सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्ने गरी निःशुल्क उपचारका लागि तुरुन्त व्यवस्था गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९(५) र ११ (२) बमोजिम नेपाल सरकारलाई आदेश दिने र आदेश तुरुन्त कार्यान्वयन गरी आयोगलाई जानकारी गराउने निर्णय गरियो। साथै घटनाको थप अनुसन्धान तत्काल अगाडि बढाउन आयोगको उपक्षेत्रीय कार्यालय, ललितपुरलाई निर्देशन दिने मिति २०७४।१०।१९ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचारः** आयोगबाट च.नं. २८३२ मिति २०७६/३/३० मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह, अर्थ र स्वास्थ्य मन्त्रालयलाई बोर्धाथ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह, अर्थ र स्वास्थ्य मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/३६९ मिति २०७६/४/८ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९०१**

१. **पीडितको नाम, थर र ठेगाना** मिन बहादुर मल्ल, मसुरिया-१, अण्डैया कैलाली

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला मसुरिया गा.वि.स वडा नं. १ अण्डैया बस्ने मिन बहादुर मल्ललाई सुरक्षाकर्मीले घरमा सुतिरहेको अवस्थामा पक्राउ गरी कुटपीट गरी यातना दिएको भनी आयोगमा मिति २०७०/१२/२७ गते आयोगमा

उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निजलाई सुरक्षाकर्मीले घरमा सुतिरहेको अवस्थामा पक्राउ गरी कुटपीट तथा यातना दिएको भन्ने देखिएकोले राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ बमोजिम रु. २५,०००।- (पच्चीस हजार रुपैयाँ) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।३।१२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ४४८, श्री प्र.म.म.का.मा मिति २०७६।५।२३ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न ०८२-०७५।७६-१५३३ मिति २०७५।५।२९, प्र.म.म.का., मा.अ. शाखाबाट निर्णय कार्यन्वयन सम्बन्धमा गृह मन्त्रालय र अर्थ मन्त्रालयलाई पठाएको पत्र आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.न १६८ मिति २०७५।७।१५, गृह मन्त्रालय, राहत तथा तथ्यांक व्यवस्थापन शाखाबाट जानकारी सम्बन्धमा आयोगलाई पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. २२२, मिति २०७६।९।२४ को पत्रमा आयोगको सिफारिश बमोजिम रु. २५ हजार आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने मन्त्रिपरिषदको मिति २०७६।९।१४ मा निर्णय भएको भन्ने जानकारी प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**ठ) महिला अधिकार**

**क्रम संख्या – ९०२**

१. **पीडितको नाम, थर र ठेगाना** रामकला परी, आटीचौर, बाजुरा ।

२. **उल्लंघनकर्ता** बाजुरा जिल्ला श्री दशरथ उ.मा.वि. आटीचौरका शिक्षक शेर बहादुर वली

३. **उजूरीको संक्षिप्त विवरण** बाजुरा जिल्ला श्री दशरथ उ.मा.वि. आटीचौरका शिक्षक शेर बहादुर वलीले कक्षा ८ कि छात्रा रामकला परीको संवेदनशील अंग छातीमा जवरजस्ती हातले सुम्सुम्याएकोले प्रतिबाद गर्दा उल्टै निजलाई अपशब्द प्रयोग गरी गाली वेईज्जती गरेकोले शिक्षकले गरेको यौन दुर्व्यवहार उपर आवश्यक छानवीन गरी मानव अधिकार संरक्षण गरी पाउँ भनी २०६९/८/७ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** विद्यालयहरूमा बालबालिका उपर हुने यौन दुर्व्यवहारले बालबालीकाहरूको समाजिक र मानसिक पक्षमा गंभीर आघात पर्न जाने र यसको दुरगामी नकारात्मक प्रभावले बालबालिकाहरूको भविष्यमा असर पर्ने कानूनतः बाल यौन दुर्व्यवहार दण्डनिय र घृणीत विषय भएकोले यस्ता घटनाको प्रभावकारी अनुसन्धान गरी निरुत्साहित बनाई बालबालीकाहरूलाई विद्यालयमा भयरहित वातावरणमा पढ्न पाउने अधिकारको सुनिश्चितता गर्न आवश्यक सम्पूर्ण उपाय अवलम्वन गर्न नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाटच.नं. ५६० मिति २०७४/६/२६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई पठाएको च.नं. १९८३ मिति २०७४/७/५ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९०३**

१. **पीडितको नाम, थर र ठेगानाः** विशिष्ट व्यक्ति /राष्ट्रपति, जानकी मन्दिर जनकपुर

२. **उल्लंघनकर्ता** लोकतान्त्रिक मधेशी मोर्चा

३. **उजूरीको संक्षिप्त विवरणः** मिति २०७२ साल पौष १ गते सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले जनकपुर स्थित

जानकी मन्दिरको दर्शन गर्ने क्रममा सयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका कार्यकर्ताहरूले विरोध गर्दै मन्दिर भित्र पसी तोडफोड गरेको तथा सम्माननीय राष्ट्रपतिको व्यक्तिगत मर्यादामा आँच आउने शब्दावलीहरू प्रयोग गरी गाली गलौज समेत गरेको भन्ने घटनाको सम्बन्धमा मिति २०७२/९/४ को अनुगमन प्रतिवेदन मार्फत उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिशः** घटनाको सम्बन्धमा आयोगबाट अनुगमन गरी पेश गरिएको प्रतिवेदन उपर २०७५ साल असार २४ **गते** आयोगको बैठकमा छलफल हुँदा तपशिल बमोजिमको निर्णय भएको हुँदा निर्णय कार्यान्वयनको लागि तहाँ कार्यालयमा पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध गरिन्छ ।

(क) नेपाल सरकारलाईः

- विशिष्ट व्यक्तिहरूको भ्रमण तथा सार्वजनिक कार्यक्रममा सुक्ष्म सुरक्षा विश्लेषण र व्यवस्था गर्ने
- साइवर अपराध सम्बन्धी कानूनको समय सापेक्ष प्रभावकारी कार्यान्वयन सम्बन्धी व्यवस्था गर्ने
- महिला तथा एकल महिला माथि हुने दुर्व्यव्यहार नियन्त्रण तदारुकता र प्रभावकारीताका साथ गर्ने
- महत् वपूर्ण धार्मिक स्थलमा सि.सि.टि.भि. जस्ता आधुनिक यन्त्र जडान गर्ने

(ख) राजनैतिक दलहरूलाई ः

- धर्म, संस्कृति जस्ता संवेदनशील विषयहरूमा राजनैतिक आवरण दिन नहुने
- मानव अधिकारको मुल्य मान्यताको आधारमा शान्तिपूर्ण रुपमा राजनैतिक क्रियाकलाप गर्ने

अतः आयोगबाट ठहर भए बमोजिम निर्णयको कार्यान्वयन गरी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम तीन महिनाभित्र सो को जानकारी आयोगलाई उपलब्ध गराइदिनुहुन निर्णयानुसार अनुरोध गरिन्छ ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचारः** आयोगबाट च.नं. २०५७ मिति २०७५/३/३२ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ र श्री संघीय समाजवादी फोरम, शान्तिनगर, काठमाडौं, श्री राष्ट्रिय जनता पार्टी, बबरमहल, काठमाडौं, श्री नेपाल कम्युनिष्ट पार्टी, पेरिसडाँडा, काठमाडौ, श्री नेपाली काँग्रेस, सानेपा, ललितपुरलाई बोधार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयलाई पठाएको च.नं. २५४ मिति २०७५/४/९ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । गृह र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पठाएको च.नं. मा.अ.३८६ मिति २०७५/४/१४ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ड) बाल अधिकार**

**क्रम संख्या – ९०४**

१. **पीडितको नाम, थर र ठेगाना** समिक्षा आचार्य, खनदह - ७ अर्घाखाची (होराइजन एकेडेमि सुर्खेतमा कक्षा ९ मा अध्ययनरत) ।

२. **उल्लंघनकर्ता** सुर्खेत होराइजन एकेडेमी, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन जिल्ला कार्य समिति सुर्खेत, सुर्खेत उद्योग वाणिज्य संघ मेला मुल आयोजक समिति ।

३. **उजूरीको संक्षिप्त विवरण** सुर्खेत उद्योग वाणिज्य संघको आयोजनामा आयोजित कर्णाली एक्स्पो तथा अन्तर्राष्ट्रियमेला सम्माननिय प्रधानमन्त्री पुष्पकमल दाहालबाट उद्घाटन गराउने सन्दर्भमा निकालिएको र्‍यालिमा सुर्खेत होराइजन एकेडेमि सुर्खेतले आफ्ना विद्यार्थीहरूलाई र्‍यालिमा सहभागी गराउने क्रममा कक्षा ९ मा अध्ययनरत समिक्षा आचार्यको र्‍यालिमा बेहास भई मृत्यु भएको भन्ने समाचार विभिन्न पत्रपत्रिकामा मिति २०७३।८।२४ आयोगको स्वविवेकमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. २२१२, जिल्ला सुर्खेत होराईजन एकेडमी विद्यालय कक्षा ९ मा अध्ययनरत बर्ष १४ की समीक्षा आचार्य मिति २०७३।०८।२३ गते सुर्खेतमा आयोजित व्यापार मेला उद्घाटन सिलसिलामा र्‍यालीमा हिडिरहेको अवस्थामा एक्कासी वेहोश भई मृत्यृ भएको भनिएको घटनाको सम्बन्धमा २०७३।८।२४ गते अन्नपूर्ण पोष्ट

लगायत अन्य सञ्चार माध्यममा संप्रेषण भएको प्रधानमन्त्रीको स्वागत ऱ्यालीमा धपेडीले छात्राको मृत्यु शिर्षकको संप्रषित समाचारलाई आयोगले स्वविवेकमा उजूरी ग्रहण गरी आयोगबाट अनुसन्धान हुँदा उद्योग वाणिज्य संघ सुर्खेतले आयोजना गरेको अन्तराष्ट्रिय व्यापार मेला उद्घाटन कार्यक्रममा होराईजन एकेडमी विद्यालयबाट हाल कार्यान्वयनमा रहेको नेपाल सरकारको विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ को विपरित विद्यालयबाट मेला सफल बनाउने उद्देश्यले विद्यालयका छात्र तथा छात्राहरूलाई ऱ्यालीमा सहभागी एंव प्रयोग गरिएको अवस्थामा छात्रा समिक्षा आचार्यको एक्कासी वेहोस भई समुचित उपचार प्राप्त गर्न नसक्दा निजको मृत्यु भएको भन्ने देखियो। अतः कुनै पनि बालबालिकालाई ऱ्याली, हड्ताल, बन्द, महोत्सव जस्ता राजनैतिक क्रियाकलापमा प्रयोग गरिनु बाल अधिकारको मर्म विपरित कार्य हो। राजनैतिक स्वार्थपूर्तिका लागि कोहि कसैले लक्षित स्वार्थ को लागी बालबालिका प्रयोग गर्न नहुनेमा नेपाल सरकार राजनितिक दल भातृ संगठनहरू विद्यालय र स्वंय अभिभावक सचेत हुनुपर्दछ। बालबालिकाको अहितमा ऱ्याली, सभा, भेला, महोत्सव जस्ता क्रियाकलापमा प्रयोग गरिनु नेपालको संविधान,बाल अधिकार सम्बन्धि महासन्धि,बालबालिका सम्बन्धि ऐन तथा नियमावली समेतको विपरित कार्य भएकोले उपरोक्त क्रियाकलापमा बालबालिकाको प्रयोग निषेधको लागि नेपाल सरकारलाई सिफारिश गर्ने साथै शैक्षिक प्रयोजन बाहेक अन्य कुनै प्रयोजनको लागि शैक्षिक सँस्थाबाट लगिएमा प्रयोग गर्न अनुमती दिएमा शख्त कारबाही गर्न शिक्षा मन्त्रालयलाई सिफारिश गर्ने र सम्पुर्ण जिल्ला शिक्षा कार्यालयलाई जानकारी गराउने निर्णय गरियो। प्रस्तुत घटनामा वर्तमान कानूनको उदाशिनता तथा लापरवाही भएको देखिदा उद्योग वाणिज्य संघ सुर्खेत, प्याब्सन सुर्खेत, सुर्खेत होराईजन एकेडमीलाई आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन सचेत गराउन आयोग बाट लेखी पठाउने र मृतकका परिवारलाई रु. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।२९ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ६१३ मिति २०७४।०६।२६ मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म. तथा मन्त्रिपरिषदको कार्यालयमा पठाई सोको बोधार्थ/कार्यार्थ गृह मन्त्रालय र शिक्षा मन्त्रालय, जिल्ला शिक्षा कार्यालय, सुर्खेत।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९०५**

१. **पीडितको नाम, थर र ठेगाना** नवराज थापा, साविक संखुपाटी -६, काभ्रेपलाञ्चोक।

२. **उल्लंघनकर्ता** श्री पब्लिक उ.मा.वि. धरान, सुनसरी

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलाञ्चोक जिल्ला, संखुपाटीचौर ६ स्थायी घर भई हाल सुनसरी जिल्ला, धरान न.पा. १ डेरा गरी वसी श्री पब्लिक उ.मा.वि. धरानमा अध्ययनरत नवराज थापालाई मिति २०६५ सालमा जिल्ला स्तरीय वार्षिक परिक्षामा उत्तीर्ण भएपनि विद्यालयका प्र.अ.ले उक्त परीक्षामा अनुतिर्ण भएको भनी शिक्षाको अधिकार हनन् गरी मानसिक यातना दिएकोले निजमाथि कानूनी कार्वाही गरी पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय विराटनगरमा मिति २०६७/८/१९ मा दर्ता भएको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** श्री पव्लिक उच्च मा.वि.का तत्कालीन प्रधानाध्यापक लेखनाथ भट्टराईको लापरवाहीका कारण पास भइसकेको विद्यार्थीलाई पुनः (दुई पटक) कक्षा ८ को जिल्लास्तरीय परिक्षामा सामेल गराई निजको कक्षा चढ्न पाउने अधिकारबाट बञ्चित गरेको भन्ने देखिएको हुँदा यस्तो कार्य पुनः नदोहोऱ्याउन निज प्रधानाध्यापकलाई सचेत गराउन र जिल्लास्तरीय परिक्षामा संलग्न हुने जिल्ला शिक्षा कार्यालय तथा जिल्ला परिक्षा समितिका शिक्षक र कर्मचारीलाई बेलैमा सचेत रहन निर्देशन दिन सम्बन्धित निकायलाई लेखी पठाउने भनी मिति २०७५/०३/३२ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ७२४ मिति २०७५/६/१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र पब्लिक उच्च मा.वि धरान, सुनसरीलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई पठाएको च.नं. मा.अ.१८७२ मिति २०७५/६/१० को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र। जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकलाई पठाएको च.नं. ६० मिति २०७५/६/१६ को गृह मन्त्रालयको बोधार्थ पत्र। शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरलाई पठाएको च.नं. १३९ मिति २०७५/६/१८ को शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको बोधार्थ पत्र। विद्यालय व्यवस्थापन समितिको मिति २०७५/८/२४ को बैठकको निर्णयानुसार निज (पूर्व प्रधानाध्यापक) लाई सचेत गराई पुनः यस्तो कार्य नदोहोऱ्याउन हुन समेतको व्यहोरा उल्लेख गरी लेखनाथ भट्टराईलाई सचेत गराइएको श्री पब्लिक हाई स्कुल धरान, सुनसरीको च.नं. १३७/२०७५/०७६ मिति २०७५/८/२५ को बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**ढ) न्याय प्रशासन**

**क्रम संख्या – ९०६**

१. **पीडितको नाम, थर र ठेगाना** पार्वती बोहरा, देखि -७, कञ्चनपुर।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर जिल्ला, देखि गा.वि.स. वडा नं. ७ बस्ने नारायण बोहराका श्रीमती पार्वती बोहरा २०६९/४/२८ मा जंगलमा झुण्डिएर मृत अवस्थामा फेला परेको निजको श्रीमान् बैदेशिक रोजगारीको लागि कतारमा गएको अवस्थामा निज पार्वती माथि घर परिवारका अन्य सदस्यले चारित्रिक लाञ्छना लगायत घरेलु हिंसा जन्य काम कार्वाहीले मृत्यु भएको अनुमान गरी जि.प्र.का कञ्चनपुरमा जाहेरी दर्ता गर्न जाँदा प्रहरीले जाहेरी दर्ता नगरेकोले अनुसन्धान कार्य हुन नसक्दा मृतकका परिवारको न्याय प्राप्ती गर्ने अधिकार उल्लघंन भएकोले अधिकार रक्षाको लागि आवश्यक पहल गरी पाउँ भनी २०६९/५/७ मा आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** कुनै व्यक्तिले आत्महत्या गर्नुको कारणको सुक्ष्मरुपमा खोजी गरी प्रभावकारी अनुसन्धान गर्न गराउन आवश्यक कानूनी व्यवस्था जनशक्ति र स्रोत साधनको व्यवस्था गर्न नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५६१ मिति २०७४/६/२६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह र श्रम तथा रोजगार मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह र श्रम तथा रोजगार मन्त्रालयलाई पठाएको च.नं. १९९० मिति २०७४/७/५ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९०७**

१. **पीडितको नाम, थर र ठेगाना** युनूष अन्सारी, रामपुर टोकनी -९, बारा।

२. **उल्लंघनकर्ता** कारागार प्रशासन

३. **उजूरीको संक्षिप्त विवरण** बारा जिल्ला रामपुर टोकनी गा. वि.स.वडा नं. ९ घर भई ललितपुर उ.म. न. पा. वडा नं.-५ बस्ने युनूष अन्सारीलाई काठमाडौं जिल्ला अदालतको आदेशले कारागार कार्यालय जगन्नाथ देवलमा थुनामा राखी सकेपछि कारागार भित्रै गोली प्रहार भएको उक्त घटनाको दोषीमाथि कानूनी कारबाहीको प्रक्रिया अगाडि नबढाएको र निजको परिवारको सदस्यमाथि कुनै पनि समयमा हत्याको प्रयास हुन सक्ने भएको हँदा जीउ ज्यानको सुरक्षा गरी पाउँ भनी २०६७।१२।२३ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** कारागार भित्रै घटेको उक्त अपराधिक घटना के कसरी, को कसको कारणले हुन गएको हो ? छानवीन तथा अनुसन्धान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ४९८ मिति २०७४/६/१८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह मन्त्रालय र केन्द्रिय कारागार कार्यालय जगन्नाथ काठमाडौंलाई

बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयलाई पठाएको च.नं. १९१८ मिति २०७४/६/३१ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९०८**

१. **पीडितको नाम, थर र ठेगाना** सिता भण्डारी थापा, कुसादेवी –४, काभ्रेपलाञ्चोक।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलाञ्चोक जिल्ला, कुशादेवी गाविस वडा नं. ४, बस्ने रोशन थापाकि श्रीमति सिता भण्डारी (थापा) लाई निजको घरपरिवारले २०६९/२/३० गतेदेखि शंकास्पद रुपमा बेपत्ता बनाएकोमा मिति २०६९/३/२ मा शंकास्पद अवस्थामा चोटपटकसहित निजको लाश धुलिखेल जंगलमा प्राप्त भएकोले सो घटनाको सम्बन्धमा जाहेरी दर्ता गरी प्रभावकारी अनुसन्धान गरी पाउँ भनी जिल्ला प्रहरी कार्यालय जाँदा जोहेरी दर्ता नगरेकोले जाहेरी दर्ता गराई प्रभावकारी अनुसन्धानको लागि आवश्यक पहल गरिदिन २०६९/०३/२१ मा आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ९२३, काभ्रेपलाञ्चोक जिल्ला कुशादेवि गा.वि.स. वडा नं. ४ बस्ने रोशन थापाकि श्रीमति सीता भण्डारी थापालाई निजको घर परिवारले २०६९/२/३० गतेदेखि शंकास्पद रुपमा बेपत्ता बनाएकोमा मिति २०६९/३/२ मा शंकास्पद अवस्थामा चोटपटक सहितको निजको लाश धुलिखेल जंगलमा प्राप्त भएकोले सो घटनाको सम्बन्धमा जाहेरी दर्ता गरी प्रभावकारी अनुसन्धान गरी पाउँ भनी जिल्ला प्रहरी कार्यालयमा जाँदा जोहेरी दर्ता नगरेकोले जाहेरी दर्ता गराई प्रभावकारी अनुसन्धानको लागि आवश्यक पहल गरिपाउँ मिति २०६९/०३/२१ मा आयोगमा दर्ता हुन आएको उजूरी सम्बन्धमा आयोगको अनुसन्धानबाट विष सेवन गरी निजले आत्महत्या गरेको देखिंदा थप कार्वाही गर्न मनासिव देखिएन तथापि आत्महत्याको घटनालाई सुक्ष्म अनुसन्धान गर्न आवश्यक कानूनी व्यवस्थाको लागि नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने भनि मिति २०७४/०४/०३ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५०० मिति २०७४।०६।१८, मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म. तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाई सोको बोधार्थ/कार्यार्थ गृह मन्त्रालयलाई दिइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. १९५४ मिति २०७४/०६/३१ गते श्री प्रममपकाबाट निर्णय कार्यान्वयनको लागी गृह मन्त्रालयलाई पठाइएको पत्रको बोधार्थ आयोलाई प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**(बेवारिशे लास)**

**क्रम संख्या – ९०९**

१. **पीडितको नाम, थर र ठेगाना** वेवारिसे शवहरू, धनुषा दुधमती किनार

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** जनकपुर देखि पश्चिम दुधमति नदीको किनार बसविट्टि (हुलाकी राजमार्ग) मा २०७२ असोज १४ गते संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले मानव साङ्लो बनाई प्रदर्शन गरिरहेको समयमा सातवटा लाशहरू फेला परेका र तीलाशहरू मधेश आन्दोलनको क्रममा वेपत्ता भएका व्यक्तिहरूको हुनसक्ने भन्दै विभिन्न सञ्चार माध्ययमहरूमा समाचार सार्वजनिक भएपछि आयोगको क्षेत्रीय कार्यालय जनकपुरले मिति २०७२।०६।१५ मा स्वयं उजूरी ग्रहण गरेको।

पहिचान नखुलेका शवहरूको एकत्रित तथ्याङ्क तयार गरी अन्तर्राष्ट्रिय मान्य ढाँचामा वेभसाइटमा प्रकाशित गर्ने तथा दुरुस्त राख्ने कार्य गर्न सन्दर्भमा नेपाल प्रहरीबाट गम्भीर रुपमा कार्य नभएको, वि.सं. २०७२।१।१२ को भूकम्पमा परि मृत्यु भएका तर पहिचन खुल्न नसकेका शवहरूको अपमान भएको हुँदा त्यस्ता शवहरूको पहिचान वा परिचय खुल्ने गरी अभिलेख राख्ने कार्य तत्काल शुरुवात गर्न र पहिचान खुल्नै नसकेका शवहरूको विवरण एकीकृत गरी अन्तर्राष्ट्रिय अभ्यास अनुरुप सार्वजनिक गरी अद्यावधिक गर्दै लैजानेतर्फ कार्वाही गरिपाउँ भनी डा. सुगम के.सीबाट मिति २०७४।०५।

९ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** उल्लिखित विषयहरू माथि आयोगको वैठकममा छलफल हुँदा नेपाल सरकारलाई निम्न व्यहोराको सिफारिश गर्ने निर्णय गरियो :

१. कोहि पनि व्यक्तिको प्राकृतिक विपत्ति वा अन्य कुनै कारणबाट मुत्यु भइसकेपछि निजको आफन्त वा निजलाई चिन्ने व्यक्तिको अभाव लगायतका कारणबाट पहिचानविहीन लाश हुन पुग्ने अवस्था र त्यसबाट व्यक्ति परिचयविहीन हुने अवस्था रहेको देखिन्छ । पहिचान नखुलेका शव सम्बन्धमा भएको एक अध्ययनले त्रि.वि. शिक्षण अस्पतलामा मात्र दैनिक करिब एक जनाको शवलाई वेवारिसे घोषणा गरिने अवस्था रहेको र सो अस्पतलबाट मात्रै २०७३।३।१ गते ७५ वटा शवको अन्त्येष्टि एकैपटक गरिएको तथ्याँक देखिन्छ । सो अवस्था देशका अन्य अस्पतालहरूमा समेत रहेको हुनसक्ने अवस्थलाई नकार्न सकिने अवस्था नहुँदा त्यस्ता पहिचान नखुलेका शवहरूको यथार्थ पहिचान खुलाएर त्यसको दुरुस्त अभिलेख राखेर मात्र अन्त्येष्टि गर्ने व्यवस्था मिलाउन ।

२. जनकपुर अञ्चल अस्पतालको शव गृहबाट पनि मिति २०७२।६।१४गते वेवारिसे भनिएका पहिचान नखेलेका शव जनकपुर उमनपा वडा नं. २२ स्थित बसबिट्टि दुधमतिनदीको किनारामा लगि अन्त्येष्टि गरेको देखिएको तर त्यसको समेत व्यवस्थित अभिलेख दुरुस्त नराखिएको आयोगको अनुसन्धान प्रतिवेदनमा उल्लेख भएको देखिँदा नेपाल राज्यभरका जुनसुकै अस्पतालहरू र अन्य स्थानमा भेटिएका त्यस्ता शवहरूको समेत व्यवस्थित र दुरुस्त रुपमा अभिलेख राखेर मात्र अन्त्येष्टी कार्य गर्ने व्यवस्था मिलाउन ।

३. पहिचान नखुलेका शव प्राप्त भएको अवस्थामा नेपाल प्रहरीले त्यस्ता शवहरूको पहिचानको लागि आफ्नो वेभसाइटमा मात्र नभई सञ्चारका अन्य माध्ययमहरूबाट पनि सार्वजनिक गरि सूचना संकलन गर्न ।

४. स्थानीय तहका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिकाहरूमा पहिचान नखुलेका शवहरू भेटिएको अवस्थामा ती निकायहरूमा पनि त्यस्ता शवहरूको व्यवस्थित र दुरुस्त अभिलेखीकरण अनिवार्य रुपमा राख्ने व्यवस्था मिलाउन ।

५. पहिचान नखुलेका शव व्यवस्थपन सन्दर्भमा प्रचलित नेपाल कानूनमा पुनरावलोकन गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको व्यवस्था समावेश गरी कार्यान्वयन गर्न ।

६. प्रत्येक व्यक्तिलाई आफ्नो साथमा आफ्नो परिचय खुलेका परिचयपत्र लिएर हिंड्ने अवस्थाको वातावरण तयार गर्न ।

७. परिचय नखेुलेका शवहरूको व्यवस्थापन सम्बन्धमा निर्देशिका तयार गरी पहिचान खुल्न नसकेको शवहरूलाई अस्थायी समाधिस्थल बनाइ राख्ने व्यवस्था मिलाउन भनी मिति २०७४।११।०२ को आयोगको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ३०२ मिति २०७४।११।२३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**च.नं. ४३८२ मिति २०७४।११।३० मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह, कानून, न्याय तथा संसदीय मामिला र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ३५३ मिति २०७४।११।२८ गृह मन्त्रालय स्थानीय प्रशासन शाखाले पोष्टमार्टम पछिको बेवारिसे शव व्यवस्थापन कार्यदलमा एक प्रतिनिधि पठाईदिने सम्बन्धमा आयोगलाई पठाएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ण) आन्तरिक विस्थापन**

**क्रम संख्या – ९१०**

१. **पीडितको नाम, थर र ठेगाना** भेदलाल वली, खासकुस्मा -२, बाँके ।

२. **उल्लंघनकर्ता** शसस्त्र प्रहरी वल

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला खासकुस्मा गा.वि.स. वडा नं. २ निवासी भेदलाल वलीलाई मिति २०६०/११/०५ गते सशस्त्र प्रहरी वल खासकुस्माका प्रहरी उपरिक्षक मदन कुमार विष्ट र प्रहरी निरिक्षक नरेश पौडेलले माओवादीको आरोपमा पक्राउ गरी यातना दिएकोले घटनाको छानवीन गरी दोषीलाई कारवाहीको लागि पहल गरी पाउँ

भनी मिति २०६५/१०/१९ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १८९३, आयोगको अनुसन्धानमा पीडितले यातना पाएको भन्ने पुष्टी हुने कुनै पनि प्रमाण पेश गर्न नसकेको तर निजलाई प्रहरीले पक्राउ गरी दुख दिएको कारण विस्थापित हुन परेको भनी उल्लेख गरेको र सो सम्बन्धमा जिल्ला प्रशासन कार्यालयमा निवेदन दिई उक्त कार्यालयबाट सर्जमिन समेत भएको देखिन्छ। तसर्थ प्रचलित कानून एवं सशस्त्र द्वन्द्वको क्रममा विस्थापित भएकाहरूलाई राहत प्रदान गर्न नेपाल सरकारले जारी गरेको मार्गनिर्देशिका बमोजिम राहत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७४।४।२९ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९४३, मिति २०७६/८/२३ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौँलाई पत्राचार गरेको साथै श्री गृह, श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/३९५२ मिति २०७६।९।२० मा श्री अर्थ र गृह मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका सिंहदरबार, काठमाडौँको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९११**

१. **पीडितको नाम, थर र ठेगाना** अनिलकुमार प्रियदर्शी, इनर्वामाल-६ बारा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** अनिल कुमार प्रियदर्शीको घरजग्गा नेकपा माओवादीका कार्यकर्ताहरूले कब्जा गरी विस्थापित गराएकाले घर जग्गा फिर्ता र दोषीलाई कार्वाही गराई पाउँ भनी २०६३।०५।०५ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज अनिलकुमार प्रियदर्शीको घरजग्गा ने.कपा. माओवादीका कार्यकर्ताले कब्जा गरी सपरिवार विस्थापित भएको पाइएकोले कव्जा गरिएको समयावधीको आय साथै लुटिएका सम्पत्तिहरूको प्राविधिक मूल्यांकन गरी उचित क्षतिपूर्ति उपलब्ध गराई लुटपाटमा संलग्न माओवादी कार्यकर्ताहरूको पहिचान कानून बमोजिम कार्वाही गर्नको लागि नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।०३।१२ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ६६१ मिति २०७५।०५।२५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** मिति २०७५।०५।२९ मा प्रममपकाले निर्णय कार्यान्वियन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**त) आर्थिक सामाजिक सांस्कृतिक अधिकार**

**क्रम संख्या – ९१२**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्णराज न्यौपाने, जुम्ला

२. **उल्लंघनकर्ता** विद्यालय व्यवस्थापन समिति

३. **उजूरीको संक्षिप्त विवरण** जुम्ला जिल्लाको विभिन्न विद्यालयहरूमा कार्यरत १४० भन्दा बढी विद्यालय परिचरहरूले लामो समयदेखि विभिन्न विद्यालयहरूमा सेवा गरिरहेको तर श्रम अनुसारको पारिश्रमिक नपाएको भन्ने मिति २०६६/३/२८ मा उजूरी दर्ता ।

४. **आयोगको निर्णय/सिफारिशः** आयोगबाट अनुसन्धान हुँदा विद्यालयका परिचरहरूलाई लामो समयदेखि पारिश्रमिक दिएको नदेखिएकोले नेपाल सरकार शिक्षा मन्त्रालयबाट विद्यालयका परिचरहरूको लागि उपलब्ध गराइएको प्रचलित पारिश्रमिक दररेट अनुसारको हाल सम्मको पारिश्रमिक एकमुष्ट रुपमा उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५।३।१२ मा आयोगबाट निर्णय भएको ।

५. सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार आयोगबाट च.नं. ६५७ मिति २०७५/५/२५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय सिंहदरबार काठमाडौंलाई सिफारिश।

६. **कार्यान्वयनको स्थिति** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र युवा तथा खेलकुद र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई पठाएको च.नं. ०८२–०७५/७६–१५२७ मिति २०७५/५/२९ को श्री प्रममपकाको बोधार्थ पत्र। नेपाल सरकारको स्वीकृत मापदण्डका आधारमा विद्यालय कर्मचारीको पारिश्रमिक अनुदान स्थानीय सरकार मार्फत स्थानीय तहमा पठाइएको र सोको कार्यान्यवन गर्ने विधि सम्बन्धमा कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५। स्वीकृत गरी सबैको जानकारीको लागि मन्त्रालयको शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाइटमा समेत राखिएको छ। सो अनुसार नै स्थानीय सरकारले विद्यालयलाई उपलब्ध गराउने गरी व्यवस्था मिलाइएको जानकारी त्यहाँ आयोगलाई पठाउने भनी मिति २०७५/६/१२ को सचिवस्तरीय मा निर्णय भएकोले निर्णयानुसार अनुरोध समेतको व्यहोरा उल्लेख गरिएको च.नं. १५७ मिति २०७५/६/२३ को शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको जानकारी पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**थ) शिक्षाको अधिकार**

**क्रम संख्या – ९१३**

१. **पीडितको नाम, थर र ठेगाना** कञ्चनपुर जिल्लाको श्री कृष्ण उ.मा.वि. कृष्णपुरका कक्षा ६ का ११७ जना विद्यार्थीहरू

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर जिल्लाको श्री कृष्ण उ.मा.वि. कृष्णपुरका विद्यार्थीहरूलाई शैक्षिक शत्र शुरु भएको चार महिना वितिसक्दा पनि पाठ्य पुस्तकहरू उपलब्ध नगराएको हुँदा कक्षा ६ का ११७ जना विद्यार्थीहरूको पढ्न पाउने अधिकार उल्लघंन भएको सम्बन्धमा मिति २०६९/५/२ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** श्री कृष्ण उ.मा.वि. कृष्णपुर कञ्चनपुरका विद्यार्थीहरूले शैक्षिक शत्र शुरु भएको चार महिना वितिसक्दा पनि पाठ्यपुस्तकहरू उपलब्ध नगराएको हुँदा कक्षा ६ का ११७ जना विद्यार्थीहरूको पढ्न पाउने अधिकार उल्लघंन भएकोले घटनाको अनुसन्धान गरी पाउँ भनी २०६९/५/२ मा आयोगमा दर्ता हुन आएको उजूरी सम्बन्धमा सजाय भै सबै जिल्लाहरूमा विद्यालयहरूमा पाठ्य पुस्तकहरू उपलब्ध गराउन नेपाल सरकार मार्फत शिक्षा मन्त्रालयलाई निर्देशन दिने भनी मिति २०७४/०४/३ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाटच.नं. ५६२ मिति २०७४/६/२६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं शिक्षा मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** शिक्षा मन्त्रालयलाई पठाएको च.नं. १९७३ मिति २०७४/७/५ को प्रममपकाको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**द) सम्पत्तिको अधिकार**

**क्रम संख्या – ९१४**

१. **पीडितको नाम, थर र ठेगाना** डीलाराज पौडेल, ठाकुरद्वारा -६, वर्दिया

२. **उल्लंघनकर्ता**: सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** नेपालगञ्ज, वर्दिया जिल्ला ठाकुरद्वारा गा.वि.स. वडा नं. ६ बस्ने डीलराज पौडेलको २०५८/१२/२२ गते तत्कालीन बरखदल गुल्म ठाकुराद्वाराका सुरक्षाकर्मीहरूले हनुमान ट्रेडरस हार्डवेयर पसलबाट प्रेसर कुकर, जी आई पाईप, सकेट आदि गरी रु. १०,००,०००।- (दश लाख) बरावरको सामानहरू शान्ति सुरक्षाको नाममा लुटी लगेको र लुटिएका सामानहरू पटक पटक फिर्ता माग्दा नदिएको साथै सामानको मुल्य पनि नदिएकोले लुटिएका समानहरूको क्षतिपूर्ति उपलब्ध गराउन पहल गरी पाउँ भनी २०६३/१२/३० र २०६४/१/४ मा आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय ⁄ सिफारिश** लुटपाट भएका सम्पूर्ण सामानहरूको विवरणको प्रमाण जिल्ला प्रशासन कार्यालय वर्दियामा पेश गरेको देखिदा वास्तविक क्षतिको मुल्याङ्कन गरी बैकबाट लिएको ऋणको व्याज मिनाहा गर्न वास्तविक क्षतिको मुल्याङ्कनबाट देखिने मुल्य वरावरको क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०४।०३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ५६४ मिति २०७४/६/२६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह, अर्थ र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** प्रहरी प्रधान कार्यालयलाई पठाएको च.नं. १६१ मिति २०७४/६/३१ को गृह मन्त्रालय मानव अधिकार शाखाको बोधार्थ पत्र । गृह, रक्षा र शान्ति तथा पुननिर्माण मन्त्रालयलाई पठाएको च.नं. १९७५ मिति २०७४/७/५ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । मिति २०६६/५/३१ गतेका दिन बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री वेद बहादुर कार्की ज्यूको अध्यक्षतामा स्थानीय क्षतिपूर्ति मूल्यांकन समितिको बैठक बसी गरेको निर्णयमध्ये निर्णय नं. ९ मा उल्लेख गरेको निजलाई क्षति भएको रु १० लाखमध्ये रु ८ लाख क्षतिपूर्ति रकम उपलब्ध गराइदिन सम्बन्धित निकायमा सिफारिश गरी पठाउने निर्णयको छायाँकपी सहित च.नं. १५३ मिति २०७५/६/१५ गतेको सोही व्यहोरा उल्लेख गरी खुलाई पठाएको प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालय (मानव अधिकार शाखा)को पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९१५**

१. **पीडितको नाम, थर र ठेगाना** तुलासिंह घर्ती मगर, निसी -३, बाग्लुङ्ग ।

२. **उल्लंघनकता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पोखरा, बाग्लुङ्ग जिल्ला निसी गा.वि.स. वडा नं. ३ बस्ने तुलासिंह घर्ती मगरको घरमा मिति २०६२।४।८ गते नेकपा माओवादीले ताला लगाई सम्पूर्ण जग्गा जमीन कब्जा गरेकोले सम्पत्ति फिर्ता गराई घरको ताला खुलाई पाउँ भनी मिति २०६२।११।१५ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** जिल्ला प्रशासन कार्यालय बाग्लुङ्गको च.नं. २७२२ मिति २०६५।१२।१४ गतेको पत्रानुसार मिति २०६५।१।१२ मा जिल्लास्थित क्षतिपूर्ति मूल्यांकन समितिको बैठक बसी रु ३,८१,५००।- रुपैया आर्थिक सहायता उपलब्ध गराउनका लागि गृह मन्त्रालय द्वन्द्वपीडित व्यबस्थापन एकाईमा पठाइसकिएको भन्ने देखिएको तर हालसम्म पनि निजले सो रकम प्राप्त गर्न नसकेको भनी आयोगको अनुसन्धानबाट देखिएकोले सो रकमको प्रचलित व्याज सहित हुन आउने जम्मा रकम उपलब्ध गराई सोको जानकारी आयोगलाई पठाउने भनी नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०७४।०४।१७ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ६२७, श्री प्र.म.म.का.मा मिति २०७४।७।१ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न ३७०० मिति २०७४।१०।१७, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयर र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालयको च.नं. १५१, मिति २०७४।११।१६ को आयोगलाई निर्णय कार्यान्वयन सम्बन्धमा लेखेको पत्रमा मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) मा क्षतिपूर्तिको सीमा रु. ३ लाख भएकोले सो भन्दा बाहिरको देखिएको भनी अर्थ मन्त्रालयबाट लेखी आएकोले पुनर्विचार हुन भनी लेखिएको व्यहोरा उल्लेख भएको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९१६**

१. **पीडितको नाम, थर र ठेगाना** हुकुम बहादुर के.सी., कम्दी -९ , बाँके ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बाँके कम्दी गाविस वडा नं. ९ बस्ने हुकुम बहादुर के.सी. ले मिति २०६०।७।२२ गते नेकपा माओवादीले धनमाल लुटी लगेकोले क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६४।९।१८ गते आयोगमा दर्ता भएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** आयोगको अनुसन्धानबाट निजको सम्पती क्षती भएको कुरा एकिन गरी जिल्ला प्रशासन कार्यालयले (बाँके) शान्ति तथा पुनर्स्थापना मन्त्रालयमा क्षतिपूर्तिको रकम उपलब्ध गराउन लेखेर पठाएकोमा पीडितले हालसम्म पनि प्राप्त गरेको नदेखिएकोले निजलाई क्षतिपूर्ति वापत रु. १,०२,०४०।- (एकलाख दुई हजार चालीस) उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।५।१९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**आयोगको च.नं. ५८६ मिति २०७४।०६।२६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. १९६५ मिति २०७४।०७।०५ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९१७**

१. **पीडितको नाम, थर र ठेगाना** होमप्रसाद शर्मा, विजेश्वरी, रुकुम

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रूकुम विजेश्वरी गा.वि.स. अन्तर्गत उद्योग वाणिज्य संघ, शाखा कार्यालय चौरजहारीमा आवद्ध भई विभिन्न पसल सञ्चालन गर्दै आएका व्यापारीहरूलाई नेकपा माओवादीले गाउँ जनसरकार समितिमा व्यवसाय दर्ता गर्ने दवाव दिदै आएका सो बमोजिम नगरेको भनी मिति २०६०/०७/१७ गते उक्त ठाउँमा पसल गरी बसेका हिमप्रसाद शर्माको पसलको सम्पूर्ण सामान लुटिएको र अन्य १९ वटा पसललाई बन्द गर्ने सूचना टाँस गरी गएकोले लुटिएको सामानको क्षतिपूर्ति र अन्य व्यापारीहरूलाई स्वतन्त्ररूपमा व्यापार गरी जीविकोपार्जन गर्न पाउने वातावरण मिलाउन पहल गरिदिन भनी मिति २०६०/७/२४ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** आयोगबाट अनुसन्धान प्राप्त तथ्यका आधारमा निज होमप्रसाद शर्माको पसल नेकपा माओवादीले मिति २०६०/०७/१७ मा तोडफोड गरी रू. ८,५०,०००।- (अक्षरेपी आठ लाख पचास हजार मात्र) बरावरको क्षति भएको प्रहरीबाट मूल्यांकन भएको समेत देखिएकोले निजको २०६० सालमा भएको मूल्यांकन रकम मात्र उपलब्ध गराउदा न्यायिक नहुने हुँदा, उक्त क्षति मूल्यांकनको रकम हालको बजार मूल्यबमोजिम कायम गरी क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।८।८ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १०५३ मिति २०७४/९/२८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं अर्थ, शान्ति तथा पुननिर्माण र स्वास्थ्य मन्त्रालय र ने.क.पा. माओवादीलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** :

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९१८**

१. **पीडितको नाम, थर र ठेगाना** बुद्धिसागर न्यौपाने, बगनाह –३ बर्दिया ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला बर्दिया बगनाह गा.वि.स वडा नं. ३ बस्ने बुद्धिसागर न्यौपानेको घरमा नेकपा माओवादीले मिति २०६२/२/२७ मा नेकपा माओवादीले बम विस्फोट गराइ क्षति पूर्‍याएको भन्ने विषयमा मिति २०६२/३/१० को आयोगको स्वविवेकमा उजूरी ग्रहण ।

४. **आयोगको निर्णय⁄सिफारिश**ः आयोगको अनुसन्धान प्राप्त तथ्यका आधारमा निजको घरमा क्षतिपुग्न गएको र घर भित्रका चल सम्पत्ति समेत क्षति भएको पाइएको र हालसम्म पनि कहि कतैबाट क्षतिपूर्ति समेत नपाएको हुदाँ सम्पूर्ण क्षतिको

मूल्यांकन गरी उपयुक्त क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७४।०८।०८ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १०५२ मिति २०७४/९/२८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम अर्थ र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ। आयोगबाटच.नं. ४९६ मिति २०७६/६/२ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश (ताकेता) ।

६. **कार्यान्वयनको स्थिति** :

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९१९**

१. **पीडितको नाम, थर र ठेगाना** उपेन्द्र साह तेली, गडहल –६, बारा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण**जनकपुर, जिल्ला बारा गडहल गा.वि.स. वडा नं ६ बस्ने उपेन्द्र साह तेलीको अन्नबाली तथा जग्गा समेत ने.क.पा.माओवादीले मिति २०६३।४।१८ मा कब्जामा लिएको भनी मिति २०६६।६।२२ मा दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान प्राप्त तथ्यको आधारमा निजको अन्नबाली तथा जग्गा समेत नेकपा माओवादीले कब्जामा लिएको पाइएको साथै शान्ति तथा पुनर्निर्माण मन्त्रालयको आन्तरिक रुपमा विस्थापित व्यक्ति परिवारको विवरण प्रतिवेदनमा समेत निजको नाम उल्लेख भएको तर हालसम्म कुनै राहत तथा क्षतिपुर्ति प्राप्त नभएको पाइएकोले कब्जा अवधिको क्षतिको उचित मूल्याकंन गरी क्षतिपुर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७४।०९।२० मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १०७०, श्री प्र.म.म.का.मा मिति २०७४।१०।३ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ.८२-७४/७५ मिति २०७५।१।२५, प्रममपकाबाट सहमति सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.न ५२९९ मिति २०७३।११।३, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, रक्षा मन्त्रालय र शा.तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९२०**

१. **पीडितको नाम, थर र ठेगाना** राजेन्द्रप्रसाद साह तेली, गडहल -६, बारा

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जनकपुर, जिल्ला बारा गडहल गा.वि.स. वडा नं ६ बस्ने उपेन्द्र साह तेलीको अन्नबाली तथा जग्गा समेत ने.क.पा.माओवादीले मिति २०६३।४।१८ मा कब्जामा लिएको भनी मिति २०६८।६।२ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान प्राप्त तथ्यका आधारमा निजको अन्नबाली लुटपाट र जग्गा समेत नेकपा माओवादीले करीव चार बर्षसम्म जग्गा कब्जामा लिएको निजहरूको विवरण शान्ति तथा पुनर्निर्माण मन्त्रालयको आन्तरिक रुपमा विस्थापित व्यक्ति परिवारको विवरण प्रतिवेदनमा समेत उल्लेख भएको पाइएको तर हालसम्म कुनै राहात तथा क्षतिपूर्ति रकम लिएको नपाइएको हुँदा कब्जा अवधिको क्षतिको उचित मुल्याङकन गरी क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।०९।२० मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १०६८, श्री प्र.म.म.का.मा मिति २०७४।१०।३ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखि पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न मा.अ८२-७४/७५ मिति २०७५।१।२५, प्रममपकाबाट सहमति सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त।

च.न ५२९९ मिति २०७३।११।३, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, रक्षा मन्त्रालय र शा.तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९२१**

१. **पीडितको नाम, थर र ठेगाना** जवाहरप्रसाद साह तेली, गडहल -६, बारा

२. **उल्लंघनकता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जनकपुर, जिल्ला बारा गडहल गा.वि.स. वडा नं ६ बस्ने जवाहरप्रसाद साह तेलीको अन्नबाली तथा जग्गा समेत मिति २०६३।४।१८ मा नेकपा माओवादीका कार्यकर्ताले कब्जामा लिएको भनी मिति २०६३।५।५ मा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निजको अन्नबाली लुटिएको, करीव चार बर्ष सम्म ७ विगाहा जग्गा समेत नेकपा माओवादीका कार्यकर्ताले कब्जामा लिएको र निजको विवरण शान्ति तथा पुननिर्माण मन्त्रालयको आन्तरिक रुपमा विस्थापित व्यक्ति परिवारको विवरण प्रतिवेदनमा समेत उल्लेख रहेको हालसम्म कुनै राहात तथा क्षतिपूर्ति रकम प्राप्त गरेको नदेखिएकोले निजको क्षतिको उपयुक्त मूल्यांकन गरी क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७४।०९।२० मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १०६९, श्री प्र.म.म.का.मा मिति २०७४।१०।३ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखि पठाइएको।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपका को च.नं. मा.अ. ७२१/५०३१, मिति २०७६।११।४ को पत्रमा गृह मन्त्रालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र प्राप्त।

च.नं. मा.अ ८२-७४/७५ मिति २०७५।१।२५, प्रममपकाबाट सहमति सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त।

च.न ५२९९ मिति २०७३।११।३, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, रक्षा मन्त्रालय र शा.तथा पुनर्निमाण मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९२२**

१. **पीडितको नाम, थर र ठेगाना** हरि प्रसाद अधिकरी, फुलबारी-१ कैलाली।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** उजूरी नं ४७०, सम्पत्ति कब्जा, क्षे.का. धनगढी, कैलाली जिल्लाको साविक फुलबारी गा.वि.स वडा १ हाल धनगढी उपमहानगरपालिका वार्ड नं. १९ बस्ने हरि प्रसाद अधिकरीको घरमा तत्कालीन ने.क.पा माओवादीका कार्यकर्ताहरूले मिति २०५९।२।२५ र मिति २०६१।९।७ मा लुटपाट गरेकोकोले लुटिएको रकम क्षतिपूर्ति भराई पाउँ भनी मिति २०६३।०९।०३ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निजको सम्पत्ति तत्कालीन नेकपा माओवादीबाट लुटपाट भएको तथा निजले हालसम्म कुनै राहत तथा क्षतिपूर्ति रकम प्राप्त गरेको नदेखिएकोले निजको लुटिएको सम्पत्तिको हाल प्रचलित मूल्यमा मूल्यांकन गरी क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।०३।१२ को निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ६४० मिति २०७५।०५।२४ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरी अर्थ, गृह मन्त्रालयको शान्ति प्रवर्द्धन शाखा र आयोगको प्रदेश कार्यालय ७

धनगढीलाई बोधार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०८२-०७५/०७६-१५३४ मिति २०७५।०५।२९ मा आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गृह र अर्थ मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.नं. मा.अ. १८७७ मिति २०७५।०६।०९ मा आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गृह मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९२३**

१. **पीडितको नाम, थर र ठेगाना** पदमसुन्दर लावती, यासोक -३, पाँचथर

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** तत्कालीन राष्ट्रिय प्रजातन्त्र पार्टीका सह-अध्यक्ष तथा पुर्व मन्त्री पदमसुन्दर लावतीको घरमा नेकपा माओवादीका कार्यकर्ताले आगजनी गरी पुरातात्विक महत्त्वका सामानहरू नष्ट गरेको तथा सम्पत्ति कब्जा गरेकोले छानवीन गरीपाउँ भनी मिति २०६३/११/१४ गते आयोगमा दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज पदमसुन्दर लावतीको घरमा नेकपा माओवादीका कार्यकर्ताहरूले आगजनी गरी पुरातात्विक महत्त्वका सामानहरू नष्ट गरेको तथा सम्पत्ति कब्जा गरेको पाइएको र सो सम्बन्धमा निजले नेपाल सरकारको तर्फबाट कुनै पनि राहत तथा क्षतिपूर्ति समेत प्राप्त गरेको नदेखिएकोले नष्ट भएको सम्पत्तिको हालको प्रचलित मुल्यमा क्षति मूल्यांकन गरी क्षतिपूर्ति उपलब्ध गराउन तथा दोषीको पहिचान गरी कारबाहीको लागि नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।३।१२ **मा** निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ६५८, श्री प्र.म.म.का.मा मिति २०७५।५।२५ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न ०८२-०७५।७६-१५२८ मिति २०७५।५।२९, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**४.१९ आर्थिक वर्ष २०७५/०७६ मा गरिएका सिफारिशहरू**

**क) सुरक्षाकर्मीबाट हत्या**

**क्रम संख्या – ९२४**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्ण बहादुर थापा, सुर्यपाल -४, लमजुङ ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला लमजुङ, सुर्यपाल गा.वि.स. वडा नं.४ बस्ने कृष्ण बहादुर थापालाई मिति २०६१/८/२३ गते बिहान अन्दाजी ६:१५ बजे एक डेढ सयको संख्यामा हतियारसहित आएका सुरक्षाकर्मीहरूले घरबाटै पक्राउ गरी लगेको र सोही दिन नै भोर्लेटारको हलेसी भन्ने ठाउँमा हत्या गरेकाले आवश्यक छानवीन गरी न्याय दिलाई पाउँ भनी मिति २०६३।११।२२ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज कृष्ण बहादुर थापालाई तत्कालीन शाही नेपाली सेनाबाट घरबाटै पक्राउ गरी नियन्त्रणमा लिइसके पश्चात हत्या गरेको पाइएकोले घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित परिवारलाई रु. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७५।०५।१० मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२०७, श्री प्र.म.म.का.मा मिति २०७५।९।२४ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न मा.अ.७२१।४८६७ मिति २०७५।१०।६, प्रममपकाबाट निर्णय कार्यान्वियन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.न २९९ मिति २०७५।११।७, गृह मन्त्रालय, राहत तथा तथ्यांक व्यवस्थापन शाखाबाट जानकारी सम्बन्धमा आयोगलाई पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९२५**

१. **पीडितको नाम, थर र ठेगाना** कमल दाहाल, वनकट्वा –४, बाँके ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला वनकट्वा गा.वि.स. वडा नं. ४ घर भई प्रभात मा.वि.मा अध्यापन गर्ने कमल दाहाललाई मिति २०५८/९/१७ गते विद्यालय परिसरबाट भिमकाली गुल्म चिसापानी व्यारेक बाँकेबाट आएका सह-सेनानी (क्याप्टेन) रमेश स्वाँरको टोलीले पक्राउ गरी लगेको र सोही दिन निजको हत्या गरेकोले छानवीन गरी दोषीउपर कार्वाही र पीडितलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६४/५/२४ गते आयोगमा दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट मिति २०५८/९/१७ गते निज शिक्षक कमल दाहाललाई भिमकाली गुल्म चिसापानी व्यारेक बाँकेबाट क्याप्टेन रमेश स्वाँरको नेतृत्वको सेनाको टोलीले पक्राउ गरी लगेको र भिमकाली गुल्मका प्रमुख मेजर अजित थापाको आदेशअनुसार निजको मिति २०५८/९/१७ गते नै हत्या गरेको पाइएको हुँदा निज शिक्षक कमल दाहालको नेपालको संविधान तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानून बमोजिम बाँच्न पाउने अधिकारको हनन् भई मानव अधिकार उल्लंघन भएको पाइन्छ। घटनामा संलग्न तत्कालीन मेजर अजीत थापा र क्याप्टेन रमेश स्वाँरलाई कानून बमोजिम कार्वाही गरी निजहरू मार्फत अन्य क-कसको संलग्नता हो ? सो समेत पत्ता लगाई निजहरूलाई पनि कानूनबमोजिम कार्वाही गर्न र पीडित परिवारलाई रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७५।५।१३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ११७५, श्री प्र.म.म.का.मा मिति २०७५।९।१९ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न मा.अ.।७२१।४८८८ मिति २०७५।९।२९, प्र.म.म.प.का, मा.अ.प्र. शाखाबाट निर्णय कार्यन्वयन सम्बन्धमा गृह मन्त्रालय, रक्षा मन्त्रालयलाई पठाएको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.नं. २८९ मिति २०७५।१०।२८, गृह मन्त्रालय, राहत तथा तथ्यांक व्यवस्थापन शाखाले जिल्ला प्रशासन कार्यालय बाँकेबाट रु. १० लाख बुझिलिएको भन्ने जानकारी आयोगलाई पत्रबाट प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९२६**

१. **पीडितको नाम, थर र ठेगाना** हरिहर बुढा, तातोपानी -६, जुम्ला ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जुम्ला जिल्ला तातोपानी गा.वि.स. वडा नं. ६ बस्ने वर्ष २० को हरिहर बुढालाई मिति २०५८/१२/२७ गते विहान अन्दाजी १०:०० बजेको समयमा जुम्ला सदरमुकामस्थित तत्कालीन शाही नेपनली सेनाको गुल्मबाट खटी आएका सेना र प्रहरी सहितको गस्ती टोलीले तातोपानी लिताकोटबाट पक्राउ गरी तातोपानीको बुदबुदी खोलामा हत्या गरेकोले दोषीउपर कार्वाही गरी पीडितलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६३।०४।२३ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. २५, जुम्ला जिल्ला तातोपानी गा.वि.स. वडा नं. ६ बस्ने वर्ष २० को हरिहर बुढालाई मिति २०५८/१२/२७ गते विहान अन्दाजी १०:०० बजेको समयमा जुम्ला सदरमुकाम स्थित तत्कालीन शाही नेपनली सेनाको गुल्मबाट खटी आएका सेना र प्रहरी सहितको गस्ती टोलीले तातोपानी लिताकोटबाट पक्राउ

गरी तातोपानीको बुदबुदी खोलामा हत्या गरेकोले दोषीउपर कार्वाही गरी पीडितलाई क्षतिपूर्ति दिलाई पाउँ भनी दर्ता हुन आएको उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा निज हरिहर बुढालाई मिति २०८५/१२/२७ गते जुम्ला सदरमुकामस्थित सेनाको गुल्मबाट खटी गएको सेना र प्रहरीको संयुक्त टोलीले जुम्लाको तातोपानी लिताकोटबाट पक्राउ गरी सोही दिन जुम्लाकै तातोपानीको बुदबुदे खोलामा हत्या गरेको पाएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित परिवारलाई रु. ३,००,०००/- (तीन लाख मात्र) क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।०७।१३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११७७ मिति २०७५।०९।१९ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थितिः** च.नं. मा.अ. ७२१/४८५९ मिति २०७५।०९।२९ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह र रक्षा मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त । च.नं. २९३ मिति २०७५।११।०५ मा गृह मन्त्रालय राहत तथा तथ्यांक व्यवस्थापन शाखाले आयोगलाई निजका हकवालाले जि.प्र.का. जुम्लाबाट रु. दश लाख राहत/क्षतिपूर्ति बुझेको भन्ने व्यहोराको पत्र प्राप्त । च.नं. १७८ मिति २०७५।१२।१२ मा रक्षा मन्त्रालय कानून शाखाले आयोगलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९२७**

१. **पीडितको नाम, थर र ठेगाना** खगेन्द योङ्या, भारपा -७, पाँचथर ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** पाँचथर जिल्ला भारपा गा.वि.स. वडा नं. ७ बस्ने खगेन्द योङ्यालाई मिति २०६१/१२/१२ गते पाँचथर जिल्लाको कालापानी नागी भन्ने स्थानमा सेनाले हत्या गरेकाले आवश्यक कार्वाही गरी पाउँ भनी मिति २०६४/१०/२२ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज खगेन्द्र योङ्यालाई मिति २०६१/१२/१२ गते पाँचथर जिल्लाको नागी ७ स्थित कालापानी भन्ने ठाउँमा भारपा जोरपोखरीमा रहेको संयुक्त सुरक्षा फौजको वेसक्याम्पबाट गएको गस्ती टोलीले हत्या गरेको पाइएको र निज खगेन्द्र योङ्याको परिवारले रू. ५,००,०००।- (पाँच लाख मात्र) क्षतिपूर्ति/राहत वापत रकम समेत प्राप्त गरिसकेको पाइँदा क्षतिपूर्तितर्फ केहि गरिरहन परेन । संयुक्त सुरक्षाफौजको टोलीले हत्या गरेको पाइँदा यसमा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/०९/२६ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १४३६, मिति २०७५/१०/१६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममप कार्यालय सिंहदरबार काठमाडौँलाई सिफारिश एवं गृह र रक्षा मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह र रक्षा मन्त्रालयलाई पठाएको च.नं. मा.अं. ७२१/५३७६ मिति २०७५/१०/२० को श्री प्रममपकाको बोधार्थ पत्र । प्रहरी प्रधान कार्यालयलाई पठाएको च.नं. १४२ मिति २०७५/१०/१८ को श्री गृह मन्त्रालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९२८**

१. **पीडितको नाम, थर र ठेगाना** चन्द्रकला अधिकारी, मात्तिमविर्ता -१, खोटाङ ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** खोटाङ जिल्ला मात्तिमविर्ता गा.वि.स वडा नं. १ घर भएकी सृजना भन्ने चन्द्रकला अधिकारीलाई मिति २०६१/६/१० गते सुरक्षाकर्मीद्वारा पक्राउ गरी हत्या गरेकाले दोषीउपर कार्वाही गरी क्षतिपूर्ति समेत

दिलाई पाउँ भनी आयोगको सम्पर्क कार्यालय खोटाङमा मिति २०६३/५/११ मा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** जिल्ला प्रहरी कार्यालय, सिन्धुलीको च.नं. २८३७, मिति २०७३/१०/२० को पत्र तथा संलग्न अनुसन्धान प्रतिवेदन लगायतका कागजातहरूबाट निज चन्द्रकला अधिकारीलाई सुक्षाकर्मीबाट मिति २०६१/०६/१० गते सिन्धुली जिल्लामा मारिएको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/११/०२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १९२८ मिति २०७५/१२/२० मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह र रक्षा मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** रक्षा रगृह मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/७१२२ मिति २०७५/१२/२६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । प्रहरी प्रधान कार्यालय, नक्सालललाई पठाएको च.नं. ३११ मिति २०७६/१/९ को गृह मन्त्रालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९२९**

१. **पीडितको नाम, थर र ठेगाना** जंग बहादुर सलामी मगर, नौमुले- ७, दैलेख ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** दैलेख जिल्ला नौमुले गा.वि.स वडा नं. ७ घर भएका जङ्गबहादुर सलामी मगरको मिति २०६१/०९/१८ गते काठमाडौको चण्डोलमा सुरक्षाकर्मीद्वारा चलाइएको गोली लागी मुत्यु भएकाले दोषीलाई कार्वाही गरी क्षतिपूर्ति समेत दिलाई पाउँ भनी आयोगमा मिति २०६१/९/२३ मा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** गृह मन्त्रालयको च.नं. ९४३,मिति २०६२/६/२० को पत्र तथा अन्य प्रमाण समेतका आधारमा तत्कालीन शाही नेपाली सेनाद्वारा मिति २०६१/०९/१८ गते काठमाडौको चण्डोलमा निज जङ्गबहादुर सलामी मगरको हत्या भएको पाइएकोले घटनामा संलग्न दोषी सैनिकहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/११/०२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १९२७, मिति २०७५/१२/२० मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह र रक्षा मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति**ः गृह मत्रालयलाई पठाएको च.नं. मा.अ.७२१/७१२१ मिति २०७५/१२/२६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । निर्णय कार्यान्वयनका लागि प्रहरी प्रधान कार्यालयलाई पठाएको च.नं. २३५९ मिति २०७५/१२/२७ को गृह मन्त्रालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९३०**

१. **पीडितको नाम, थर र ठेगाना** अजय मण्डल, हडवाडा -१, धनुषा

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला धनुषा, हठ्ठीपुर हडवाडा १ बस्ने अजय मण्डललाई मिति २०६६/३/१४ गते नेपाल प्रहरीले पक्राउ गरी धनुषा जिल्लाको भुतही पर्टेवा गा.वि.स. वडा नं. ९ स्थित पुरनदहमा लगी हत्या गरेकोले निश्पक्ष छानवीन गरी कार्वाही गरी पाउँ भनी मिति २०६६।१०।२८ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३२७, आयोगबाट अनुसन्धान हुँदा निज अजय मण्डललाई नेपाल प्रहरीले मिति २०६६/३/१४ गते पक्राउ गरी सोही दिन धनुषा जिल्ला भुतही पर्टेवा गा.वि.स. वडा नं ९ स्थित पुरनदहमा लगी हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी प्रहरीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित परिवारलाई रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७५।११।०२ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १९३० मिति २०७५/१२/२० मा आयोगको निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं अर्थ, र गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ./७२१/७१२४ मिति २०७५।१२।२६ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

च.नं. २९८ मिति २०७६।०१।०३ मा गृह मन्त्रालय मानव अधिकार प्रवर्द्धन शाखाले राहत तथा तथ्यांक व्यवस्थापन शाखालाई आवश्यक कार्वाही सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोडः** विचाराधीन

**क्रम संख्या – ९३१**

१. **पीडितको नाम, थर र ठेगाना** समसी राई, पाँचकन्या -५, सुनसरी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** सुनसरी जिल्ला पाँचकन्या गा.वि.स. वडा नं. ५ बस्ने समसी राईलाई मिति २०६१/४/१९ गते राती सुरक्षाकर्मीहरूले घरबाटै पक्राउ गरी लगेकामा मिति २०६१/४/२१ गते हत्या गरेकाले दोषी उपर कार्वाही गरी क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६१।०५।२२ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा मिसिल संलग्न अनुसन्धान प्रतिवेदन साक्षीहरूको बयान तथा प्रमाणहरूको आधारमा निज समसी राईलाई सुरक्षाकर्मीहरूले मिति २०६१/४/१९ गते घरबाट नियन्त्रणमा लिएको र सुरक्षाकर्मीहरूकै नियन्त्रणमा नै रहेको अवस्थामा मिति २०६१/४/२१ गते सुनसरी जिल्लाको साउने खोला र सेउती खोलाको दोभानमा लगी हत्या गरी धरानको तिनकुने भन्ने ठाउँमा गाडेको पाइयो। पीडित परिवारले रु. दश लाख क्षतिपूर्ति राहत प्राप्त गरिसकेको र बच्चाको शिक्षा दिक्षाको लागि सरकारबाट रकम समेत प्राप्त गरिरहेको पाइएकाले क्षतिपूर्ति तर्फ केही नगरी घटनामा संलग्न दोषी सुरक्षाकर्मी (सैनिक) हरूको पहिचान गरी कार्वाही गर्न नेपाल सरकारसमक्ष सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/१२/२८ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २४१० मिति २०७६/२/७ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश एवं गृह र रक्षा मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह र रक्षा मन्त्रालयलाई पठाएको च.नं. मा.अ. ७२१/८७२७ मिति २०७६/२/१२ को श्री प्रममपकाको बोधार्थ पत्र। सुरक्षा घेरा तोडी भाग्दा सुरक्षाफौजले गरेको कारवाहीमा निजको मृत्यु भएको खुल्न आएको व्यहोरा उल्लेख गरेको प.सं.१४६४४/ए/३/०७६/७७/३ मिति २०७६/४/२ को नेपाली सेना मानव अधिकार निर्देशनालय बलाध्यक्ष विभाग, जङ्गी अड्डाको छाँयाकपी र च.नं. १० मिति २०७६/४/६ को रक्षा मन्त्रालयको छाँयाकपी सहित च.नं. मा.अ. ७२१/४२२ मिति २०७६/४/१२ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको जानकारी पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९३२**

१. **पीडितको नाम, थर र ठेगाना** रामबाबु सहनी, श्रीनगर बैरिया -८, बारा।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी।

३. **उजूरीको संक्षिप्त विवरण** बारा जिल्ला, श्रीनगर वैरिया गा.वि.स. वडा नं. ८ बस्ने वर्ष १७ को रामबाबु सहनीको २०६६ साल फागुन २२ गते प्रहरीसँगको दोहोरो भिडन्तमा मृत्यु भएको भनिएको घटनामा निजलाई प्रहरीले आफ्नो नियन्त्रणमा लिए पश्चात हत्या गरेको भन्ने व्यहोरा उल्लेख गरी मृतकका बाबु श्री लक्ष्मण सहनीले घटनाको उचित छानवीन गरी सत्य तथ्य बाहिर ल्याइदिन तराई हटलाइन मार्फत आयोगको क्षेत्रीय कार्यालय जनकपुरमा मिति २०६६।११।२५ मा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** हत्यामा तत्कालीन समयमा जिल्ला प्रहरी कार्यालय बारामा कार्यरत प्रहरी नायब उपरीक्षक

सुरेन्द्र के.सी., प्रहरी सहायक निरीक्षक धर्मेन्द्र सिंहको समेत संलग्नता देखिएको पाइएको तसर्थ मृतक रामबाबु सहनीका परिवारलाई रु. ३००,०००।- (तिनलाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र सो घटनामा संलग्न प्र.ना.उ.सुरेन्द्र के.सी. र प्रहरी सहायक निरिक्षक धर्मेन्द्र सिंहलाई कानून बमोजिम कार्वाही गरी अन्य संलग्नहरूको समेत पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/१२/२८ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २४०९ मिति २०७६।०२।७ मा कार्यान्वयनको लागि प्र.म. तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएको।

६. **कार्यान्वयनको स्थिति**ः प्रममपकाको च.नं. मा.अ. ७२१/८७२६ मिति २०७६/०२/१२ को पत्र मार्फत गृह मन्त्रालय र अर्थ मन्त्रालयलाई आयोगको निर्णय कार्यान्वियन गरि आयोग र यस कार्यालयलाई समेत जानकारी गराउनुहुन भनि लेखिएको पत्रको बोधार्थ प्राप्त

गृह मन्त्रालयको च.नं. ३३९ मिति २०७६/०२/१७ मा श्री प्रहरी प्रधान कार्यालयलाई सिफारिशमा आवश्यक व्यवस्था एवं कारवाहीका लागि गरिएको पत्रको बोधार्थ प्राप्त।

गृह मन्त्रालयको च.नं. ०१ मिति २०७६/०४/०१ को पत्रमा प्रहरी प्रधान कार्यालयको च.नं. ५२३ मिति २०७६/०३/२९ को खुलाई पठाइएको विषयको छायाप्रतीमा दोहोरो भिडन्तमा मृत्यु (भवितव्य ज्यान) मुद्दामा सम्पुर्ण अनुसन्धान पुरा गरि मिति २०७६/१२/१३ गते जि.स.व.का. वारामा मुद्दा प्रस्तुत गरिएकोमा ज्यान लिने मनसायबाट गोलि फायर गरी मृत्यु भएको भन्ने हालसम्म खुल्न नआएको तथा आत्मरक्षाको लागि दोहोरो भिडन्त भएको अनुसन्धानबाट देखिएकोले कसैले कर्तव्य गरी मारेको खुल्न आएको बखत कानून बमोजिम हुने नै हुँदा हाल कोही कसैउपर मुद्दा नचलाउने निर्णय भएको व्यहोराको पत्रको बोधार्थ प्राप्त। प्र.म.तथा म.प. को कार्यालयको च.नं. मा.अ. ७२१/५१९ मिति २०७६/०४/१६ मा आयोगलाई प्राप्त पत्रमा सोही व्यहोरा उल्लेख भएको।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९३३**

१. **पीडितको नाम, थर र ठेगाना** जय बहादुर समै मगर, खैराला ८, कैलाली।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला, खैराला गा.वि.स. वडा नं. ८ बस्ने जय बहादुर समै मगर, ऐ. बस्ने हरिमान भुल, ऐ. मोहन्याल १ बस्ने कृष्ण भुल, ऐ. वडा नं. ६ बस्ने गगन बहादुर थापा र ऐ. वडा नं. ९ बस्ने लाल बहादुर सिंजाली गरी जम्मा ५ जनालाई मिति २०६०/७/१४ गते खेतमा काम गरिरहेको अवस्थामा गस्तीमा आएका सेनाको टोलीले हत्या गरेकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६४।९।९ मा आयोगमा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** मिसिल संलग्न अनुसन्धान प्रतिवेदन साक्षीहरूको बयान, गृह मन्त्रालयको पत्र समेतका आधारमा निजहरूको मुत्यु सेनाको गोली लागी भएको भन्ने पुष्टि हुन्छ। दोहोरो भिडन्तमा सेनाको गोली लागी मृत्यु भएको हो कि भन्नेतर्फ विचार गर्दा सो दिन उक्त स्थानमा कुनै भिडन्त नभएको भन्ने साक्षीहरूको बयानबाट पुष्टि हुन्छ भने मृतकहरूको लास जंगल नजिक खोलामा एकै स्थानमा पाइएको भन्ने अनुसन्धान प्रतिवेदनको निष्कर्षबाट पनि पुष्टि हुन्छ। देखि जान्ने साक्षीहरूका अनुसार सो दिन मृतकहरूलाई खेतमा काम गरिरहेको अवस्थामा सेनाले नियन्त्रणमा लिई कुट्दै गाउँको बिचबाट खोलातर्फ लगेको भन्ने पुष्टि हुन्छ। उल्लेखित आधार प्रमाणहरूबाट कैलाली जिल्ला खैराला गा.वि.स. वडा नं. ८ घर भएका जय बहादुर समै (मगर) ऐ. घर भएका हरिमान भूल, ऐ. वडा नं. ६ घर भएका गगनबहादुर थापा ऐ. वडा नं ९ घर भएका लाल बहादुर सिंजाली, ऐ. मोहन्याल गा.वि.स. वडा नं. १ घर भएका कृष्ण बहादुर भूललाई खेतमा काम गरिरहेको अवस्थामा मिति २०६०/७/१४ गते गस्तीमा रहेको सेनाले नियन्त्रणमा लिई हरिमान भुललाई खैराला-६ स्थित नौघरेमा र अन्य ४ जनालाई खैरालाकै ठाडो खोलामा लगी हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कर्तव्य ज्यान मुद्दामा कार्वाही गर्न र पीडित परिवारलाई जनही रु. ३,००,०००।- (तीन

लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५।१२।२८ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं २४०७, श्री प्र.म.म.का.मा मिति २०७६।२।७ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न मा.अ.७२१।८७२४ मिति २०७६।२।१२, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, रक्षा मन्त्रालय, अर्थ मन्त्रालयलाईलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.न ४१३ मिति २०७६।२।२३, गृह मन्त्रालय, राहत तथा तथ्यांक व्यवस्थापन शाखाबाट जानकारी सम्बन्धमा आयोगलाई पत्र प्राप्त ।

च.न ३३३ मिति २०७६।२।१२, गृह मन्त्रालय, मा.अ.प्र.इकाईबाट निर्णय कार्यान्वयन सम्बन्धमा राहत तथा तथ्यांक शाखालाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.न ३३४ मिति २०७६।२।१२, गृह मन्त्रालय, मा.अ.प्र.इकाईबाट निर्णय कार्यान्वयन सम्बन्धमा प्र.प्रधान कार्यालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.न ४ मिति २०७६।४।६, रक्षा मन्त्रालय, मा.अ. शाखाबाट जानकारी सम्बन्धमा प्र. तथा मन्त्रिपरिषद्को का.लाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९३४**

१. **पीडितको नाम, थर र ठेगाना** दिलिप कुमार राई, विष्णुपादुका -५, सुनसरी ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** सुनसरी जिल्ला, विष्णुपादुका ५, बस्ने दिलिप कुमार राईलाई मिति २०६१/६/५ गते आत्मसमर्पण गरी सकेपछी सुनसरी जिल्लाको बान्द्रे भन्ने स्थानमा तत्कालीन सुरक्षाफौजले हत्या गरेकाले कारवाहीका लागि पहल गरी पाउँ भनी मिति २०६३।६।६ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज दिलिप कुमार राईलाई निहत्था अवस्थामा नियन्त्रणमा लिन सकिने अवस्था हुँदा हुँदै पनि मिति २०६१/६/५ गते सुनसरी जिल्लाको बान्द्रे गा.वि.स. मा हत्या गरेको मिसिल संलग्न अनुसन्धान प्रतिवेदन, साक्षीहरूको बयान समेतका आधारमा पुष्टि हुन्छ । जसबाट निज दिलिप कुमार राईको संविधान तथा मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रत्याभूत गरेको बाँच्न पाउने अधिकारको हनन् भएको पाइन्छ । यस्तो मानव अधिकारको हनन गर्ने कार्यमा संलग्न सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५।१२।२८ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं २४११, श्री प्र.म.म.का.मा मिति २०७६।२।७ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न मा.अ.७२१।८७२८ मिति २०७६।२।१२, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, रक्षा मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.न ३३२ मिति २०७६।२।२३, गृह मन्त्रालय, मा.अ.प्र.इकाईबाट् निर्णय कार्यान्वयन सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, सुनसरीलाई पठाएको पत्रको आयोगलाई बोद्यिार्थ पत्र प्राप्त ।

च.न ३३४ मिति २०७६।२।१२, गृह मन्त्रालय, मा.अ.प्र.इ कार्यबाट निर्णय कार्यान्वयन सम्बन्धमा प्र. प्रधान कार्यालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.न ६ मिति २०७६।४।६, रक्षा मन्त्रालय, मा.अ. शाखाबाट जानकारी सम्बन्धमा प्र. तथा मन्त्रिपरिषद्को का.लाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.न मा.अ.७२१।४१८ मिति २०७६।४।१२, प्रममपकाबाट जानकारी सम्बन्धमा आयोगलाई पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९३५**

१. **पीडितको नाम, थर र ठेगाना** बुध नारायण दास चौधरी, औरावनी -३, सुनसरी ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** सुनसरी जिल्ला साविक औरावनी गा.वि.स. वडा नं. ३ घर भएका बुध नारायण दास चौधरीलाई मिति २०६१/९/८ गते शाही नेपाली सेना गाउँमा प्रवेश गरी खोजी खोजी माओवादी भन्दै लखेटी हत्या गरी बाँसघारीमा खाल्डो खनी पुरेकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६३।०५।०८ गते आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा मिसिल संलग्न अनुसन्धान प्रतिवेदन साक्षीहरूको बयान तथा संलग्न अन्य कागजातहरूका आधारमा मृतक बुध नारायण दास चौधरी माओवादी कार्यकर्ता भएको मिति २०६१/९/८ गत निज लुकी छिपी हिंडेने क्रममा सुनसरी औरावनी गा.वि.स. वडा नं. ५ स्थित आफन्तको घरमा रहेको अवस्थामा सुरक्षाकर्मीहरूले नियन्त्रणमा लिइसकेपछि हत्या गरेको पाइयो । पीडित परिवारले राहत/क्षतिपूति पाइसकेको देखिएता पनि दोषी सुरक्षाकर्मीलाई कार्वाही भएको नपाइएकाले दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारसमक्ष सिफारिश गर्ने भनी मिति २०७५।१२।२८ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २४१३ मिति २०७६।०२।०७ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ७२१/८७३० मिति २०७६।०२।१२ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह र रक्षा मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।च.नं. ३३२ मिति २०७६।०२।१२ मा गृह मन्त्रालयले निर्णय कार्यान्वयन सम्बन्धमा जिल्ला प्रशासन कार्यालय सुनसरीलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।च.नं. ३३४ मिति २०७६।०२।१२ मा गृह मन्त्रालयले निर्णय कार्यान्वयन सम्बन्धमा प्रहरी प्रधान कार्यालय नक्साललाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९३६**

१. **पीडितको नाम, थर र ठेगाना** फूलमाया तामाङ र बुद्धिलाल तामाङ्ग, धुवाकोट -१, धादिङ ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** धादिङ जिल्ला धुवाकोट गा.वि.स. वडा नं. १ बस्ने बुद्धिलाल तामाङ र फुलमाया तामाङलाई मिति २०५९/१/१४ मा सयौंका संख्यामा आएका सैनिकहरूले घेरामा हाली धुवाकोटको पाल्लेमा नियन्त्रणमा लिई हेलिकप्टरमा राखी लगेको, हालसम्म दुवै जनाको अवस्था अज्ञात रहेकाले अवस्था सार्वजनिक गरी पाउँ भनी आयोगमा मिति २०५९/१/१७ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश**निज बुद्धिलाल तामाङ र फूलमाया तामाङलाई मिति २०५९/१/१४ मा धादिङ जिल्लाको धुवाकोट गा.वि.स.मा सुरक्षाकर्मीहरूले नियन्त्रणमा लिई निज फुलमाया तामाङलाई हत्या गरेको र बुद्धिलाल तामाङलाई नियन्त्रणमा लिई निजलाई आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण ऐन, २०५८ अनुसार नजरबन्दमा राखिएको पछि निज बुद्धिलाल तामाङ रिहा भई हाल छोराछोरी सहित क्यानाडामा बस्दै आएको । मृतक फूलमाया तामाङको सम्बन्धमा पीडित परिवारले राहत समेत बुझिसकेको पाइयो । तसर्थ क्षतिपूर्ति तर्फ केहि गरिरहनु परेन । मृतक फुलमाया तामाङलाई सुरक्षाकर्मीहरूले नियन्त्रणमा लिइसकेपछि हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/११ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २६५२ मिति २०७६/३/१३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह र रक्षा मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति**: गृह र रक्षा मत्रालयलाई पठाएको च.नं. मा.अ.७२१/१०१९४ मिति २०७६/३/२७ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । धुवाकोट–१, धादिङ्ग जिल्ला बस्ने फूलमाया तामाङ्ग मिति २०५९/४/२० गते धादिङ्ग जिल्ला दार्खा कित्लाङ्ग फेदीमा सुरक्षाफौज र तत्कालीन आतंककारीबीच दोहोरो भिडन्तको क्रममा मृत्यु भएको भन्ने व्यहोरा उल्लेख नेपाली सेना मानव अधिकार निर्देशनालयको छायाँप्रति पत्र सहित च.नं. १६ मिति २०७६/४/८ को रक्षा मन्त्रालयको जानकारी पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९३७**

१. **पीडितको नाम, थर र ठेगाना** नवराज पाठक, नमोबुद्ध -४, काभ्रेपलाञ्चोक ।

२. **उल्लंघनकर्ता** सशस्त्र प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** :काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध न.पा. वडा नं. ४ बस्ने नवराज पाठकलाई सशस्त्र प्रहरीको पोशाक लगाएका हतियार बोकेका बोलेरो गाडीमा आएका प्रहरीहरूले मिति २०७४/१/३० गते रातको समयमा विना कारण हत्या गरेकाले निश्पक्ष छानवीन गरी दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी मिति २०७४/२/१७ गते दर्ता भएको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश**आयोगबाट अनुसन्धान हुँदा निज नवराज पाठकलाई सशस्त्र प्रहरी बलका प्रहरी हवल्दार मोहन लामाले मिति २०७४/१/३० गते राती अन्दाजी ९.३० बजेको समयमा विना कारण हत्या गरेको पाइयो । निजले कमाण्डरको आदेश विना नै आफ्नै विवेकले गोली चलाएको, निज मोहन लामाको मिसिल संलग्न बयान/प्रतिकृयाबाट पाइयो । मृतकका परिवारले रु. १०,००,०००।- (दश लाख) क्षतिपूर्ति समेत पाइसकेको देखिएकाले क्षतिपूर्ति तर्फ केही गरिरहनु परेन । घटनामा सशस्त्र प्रहरी हवलदार मोहन लामाको प्रत्यक्ष संलग्नता देखिएकाले निजलाई कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारश गर्ने मिति २०७६।१।११ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २६५१ मिति २०७६/३/१३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवंम गृह, रक्षा र सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोकलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयलाई पठाएको च.नं. मा.अ./७२१/१०१९३ मिति २०७६/३/२७ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९३८**

१. **पीडितको नाम, थर र ठेगाना** राजकुमार आङदेम्बे, चुलाचुली -१, इलाम ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** इलाम जिल्ला चुलाचुली गा.वि.स. वडा नं. १ घर भएका राजकुमार आङदेम्बेलाई मिति २०६४/६/२० मा कर्फ्यू लगाएको समयमा सशस्त्र प्रहरीले लखेट्दै लगी हत्या गरेकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी आयोगमा मिति २०६४/७/२७ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्च र यससँग आबद्ध संगठनहरू मिति २०६४/६/१८ देखि अनिश्चित कालिन आमूहड्ताल गरेको, सो क्रममा राजमार्ग समेत बन्द गरी सवारी आवगमनमा अवरोध पुऱ्याएकोमा स्थानीय प्रशासनले कर्फ्यू लगाई सुरक्षाकर्मीको स्कटिङ्गमा सवारी साधनहरूलाई सुचारु गरेको पाइयो । यसै क्रममा मिति २०६४/६/२० मा कर्फ्यू लगाई सवारी साधनहरू स्कटिङ्ग गरिरहेको अवस्थामा प्रदशर्नकारीले सवारी साधनको आवागमनमा अवरोध सिर्जना गर्दा विना सूचना प्रहरीले गोली चलाएको र सोही गोली मृतक राजकुमार आङदेम्वेको कम्मरमा लागी घाइते भएको र उपचारको क्रममा निजको मृत्यु भएको पाइयो । घटनाको समयमा गोली नै चलाउनु पर्ने सम्मको अवस्था थियो, थिएन ? गोली चलाउनु अघि कुनै किसिमको सूचना दिइयो, दिइएन भन्नेतर्फ हेर्दा प्रहरीको

जवाफबाट पनि गोली नचलाई नहुने सम्मको परिस्थिति भएको भनी भन्न नसकेको अवस्थामा सुरक्षाकर्मीबाट बलको अधिक प्रयोग भएको पाइयो । घटनामा संलग्न सुरक्षाकर्मीहरूको पहिचान गरी सचेत गराउन, यस्तो परिस्थितीमा सुरक्षाकर्मीहरूलाई संयमित भई कार्य गर्न र बलको प्रयोग गर्दा यससम्बन्धी राष्ट्र संघीय सिद्धान्तको परिपालना गर्न सम्पूर्ण सुरक्षा निकायहरू तथा मातहतका निकायहरूमा पत्राचार गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/११ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २६६५ मिति २०७६/३/१५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** :गृह मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/१०१८० मिति २०७६/३/२७ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९३९**

१. **पीडितको नाम, थर र ठेगाना** भीम कुमारी जिरेल, रुपा जिरेल र सुन्दरी कार्की, जुगु -७, दोलखा ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** दोलखा जिल्ला जुगु गा.वि.स. वडा नं. ७ बस्ने भीमकुमारी जिरेल, रुपा जिरेल र गौरी गा.वि.स. बस्ने नाम पहिचान नभएकी एक महिलालाई निजहरू र परिवारका सदस्यहरूले समेत माओवादीमा लाग्न अस्वीकार गरेको अवस्थामा नेकपा माओवादीले प्रलोभनमा पारी लगेको अवस्थामा गस्तीमा गएका सैनिकहरूले मिति २०६०/१२/२२ गते पक्राउ गर्न सक्ने अवस्था हुँदाहुदै हत्या गरेकोले घटनामा संलग्न दोषी माओवादी र सुरक्षाकर्मीहरूलाई कार्वाही तथा मृतकका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी आयोगमा मिति २०७१/१०/२९ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** दोलखा जिल्ला जुगु गा.वि.स. वडा नं. ७ बस्ने भीमकुमारी जिरेल वर्ष १७ की, रुपा जिरेल ऐ. गा.वि.स. वाड नं. ४ बस्ने १४ वर्षीय सुन्दरी कार्की र मेनुका कार्कीलाई नेकपा (माओवादी) का कार्यकर्ता सुन्तली भन्ने देवकी जिरेलले प्रलोभनमा पारी माओवादी गतिविधिमा संलग्न गराएको देखिन्छ। मिति २०६० चैत्र २२ गते विहान सुन्तली जिरेल, रुपा जिरेल र मेनुका कार्की र सुन्दरी कार्की पार्टीमा हिडेको अवस्थामा दोलखा जिल्लाको सिङ्गटी बजारबाट करिब २ घण्टा पैदल उकालोमा २००/३०० को संख्यामा हतियार सहित आएको सुरक्षाकर्मीहरूले पक्राउ गरी ३ जना भीम कुमारी जिरेल, रुपा जिरेल र सुन्दरी कार्कीलाई हत्या गरेको, सुन्तली जिरेल भाग्न सफल भएको र मेनुका कार्कीलाई सकुशल रिहा गरेको पाइयो। गोली लागि मृत्यु भएका ३ जनाको शवलाई नेकपा माओवादीका कार्यकर्ताहरूले परिवारको जिम्मा नलगाई घटनास्थल नजिकै खाल्डो खनी पुरेको पाइयो। उक्त घटनामा सुरक्षाकर्मीले पक्राउ गरी कानून बमोजिम कार्वाही गर्न सक्ने अवस्था हुँदाहुँदै हत्या गर्ने सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र तत्कालीन नेकपा (माओवादी) कार्यकर्ताहरूले प्रलोभनमा पारी १४ वर्षिया बालिका समेतलाई युद्धमा संलग्न गराएकोले अन्तर्राष्ट्रिय मानविय कानूनको उल्लंघन गरेको तथा मृतकहरूको शव परिवारको जिम्मा नलगाई गाड्नाले मृतकको परिवारले शवलाई आफ्नो धर्म परम्परा अनुसार सद्‌गद गर्नु पाउनुपर्ने अधिकारबाट बञ्चित गराएको देखिएकोले घटनामा संलग्न तात्कालीन नेकपा (माओवादी) का कार्यकर्ता सुन्तली भन्ने देवकी जिरेल तथा अन्य कार्यकताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/३० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २८२१ मिति २०७६/३/३० मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह र रक्षा मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह र रक्षा मत्रालयलाई पठाएको च.नं. मा.अ.७२१/३९२ मिति २०७६/४/८ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र। भीम कुमारी जिरेलको नजिकको हकदार बुवा धन बहादुर जिरेलले आ.व २०६५/६६ मा रु. १ लाख र आ.व. ०६८/६९ मा रु २ लाग गरी रु. ३ लाख राहत स्वरुप बुझेको भन्ने व्यहोराको नेपाली सेना मानव अधिकार निर्देशनालयको छायाँप्रति पत्र र रक्षा मन्त्रालयको छायाँप्रति पत्र सहित च.नं.मा.अ.७२१/१०२९ मिति २०७६/५/८ को प्रममपकाको जानकारी पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९४०**

१. **पीडितको नाम, थर र ठेगाना** सुरेश कुँवर (सुशिल) समेत, घैरुङ्ग-५, गोरखा।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** सुरक्षाफौजको कारवाहीमा ३ जना व्यक्तिहरू मुत्यु भएको र मृत्यु हुनेमा माओवादी कार्यकर्ताहरू दुई जना काली बहादुर शाही (चिर्को) तथा सुरेश कुँवर (सुशिल) रहेको र एकजना धादिङ वुढाथुम बस्ने सोही स्थानमा भरीयाको काम गर्ने बोल्न नसक्ने बरुवाल थरको व्यक्ति भएकोले उक्त घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६०।१०।२० मा आयोगमा उजुरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा सुरक्षाकर्मीलाई लक्षित गरी एम्बुस थापेको तार चुडिएको थाहा पाई पुनः तार जोड्न जाने क्रममा सुरक्षा कारवाहीमा ३ जना माओवादी कार्यकर्ताहरू मारिएको र मृत्यु हुनेमा गोरखा जिल्ला घैरुङ्ग गा.वि.स. वडा नं. ५ बस्ने सुरेश कुँवर, सल्यान जिल्ला घर भएका कालि बहादुर शाही र धादिङ जिल्ला घर भएका बोल्न नसक्ने ललित बहादुर बरुवाल रहेको, उक्त घटनामा सुरक्षाकर्मीहरूले नियन्त्रणमा लिन सक्ने अवस्था हुँदाहुँदै हत्या गर्ने कार्य गरेको पाइएकाले उक्त घटनाको दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७६।०१।३० मा निर्णय भएको। पीडित परिवारले नेपाल सरकारबाट क्षतिपूर्ति/राहत रकम बुझिसकेको देखिएकोले सो विषयमा केही बोल्न नपर्ने भनी निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं २८२६, श्री प्र.म.म.का.मा मिति २०७६।३।३० गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** गृह र रक्षा मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/३६६ मिति २०७६/४/८ को प्रममपकाको बोधार्थ पत्र।

च.न मा.अ.७२१।९५६ मिति २०७६।६।१३, प्रममपकाबाट जानकारी सम्बन्धमा आयोगलाई पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन।

**क्रम संख्या – ९४१**

१. **पीडितको नाम, थर र ठेगाना** नेहा पाल, कानपुर, भारत।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज र नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** भारतको कानपुर घर भई बाँके जिल्ला नेपालगञ्ज न.पा. को त्रिभुवन चोकस्थित लिटिल हंगर होटलमा कार्यरत मेवालाल पाल, निजकी श्रीमती सिहुलारी पाल र छोरी वर्ष ५ की नेहा पाल मिति २०६२/३/९ गते नजिकैको शिव मन्दिरबाट लिटिल हंगर होटलतर्फ जाँदै गर्दा २ जना अज्ञात व्यक्तिले सेनाको गाडीलाई लक्षित गरी बम हानेपछी एक्कासी फायारिङ हुँदा निज बालिका नेहा पाललाई गोली लगेको र उपचारको क्रममा अस्पताल लाँदै गर्दा मृत्यु भएकाले छानवीनको लागि आयोगले मिति २०६२/३/१० मा स्वविवेकमा उजूरी दर्ता गरेको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले सेनाको जीपलाई लक्षित गरी बम प्रहार गरेपछी सेनाले गोली चलाएको र दोहोरो भिडन्त भएको सोही क्रममा पीडित बालिका नेहा पाललाई गोली लागि सोही कारणबाट निजको मुत्यु भएको पाइएकाले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम रु. ३,००,०००/- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो। साथै निज मृतक बालिका नेहा पालको पिता मेवालाल पाल नेपालगञ्ज स्थित लिटिल हंगर होटलमा कार्यरत रहेको भन्ने देखिएकाले आयोगको प्रदेश नं. ५ शाखा कार्यालय नेपालगञ्जलाई, सो लिटिल हंगर होटलमार्फत निज मेवालाल पालको भारतको ठेगाना पत्ता लगाई यस केन्द्रिय कार्यालयलाई जानकारी गराउन पत्राचार गर्ने तथा नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।२।९ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९८, मिति २०७७।५।२४ को पत्र मार्फत श्री प्रममपकामा निर्णय

कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९४२**

१. **पीडितको नाम, थर र ठेगाना** सुर्य बहादुर वि.क, रिभान –८ र धन कुमारी वि.क., ढिकुर पोखरी – ९, कास्की ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** कास्की जिल्ला रिभान ८ बस्ने सुर्य बहादुर वि.क र ढिकुर पोखरी ९ बस्ने धन कुमारी वि.क.लाई शाही नेपाली सेनाले मिति २०६०/१०/२८ गते कास्की जिल्लाको ल्वाङघलेल गा.वि.स. को घलेल गाउँबाट पक्राउ गरी कास्की जिल्लाकै घलेल र कोलेलको बाटोमा पर्ने चौतारीमा लगी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही गरी पाउँ भनी मिति २०६२।५।२८ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज सुर्य बहादुर वि.क. र धन कुमारी वि.क. लाई सेनाले मिति २०६०/१०/२४ गते कास्की जिल्लाको ल्वाङघलेल गा.वि.स. को घलेल भन्ने ठाउँबाट पक्राउ गरी कास्की जिल्लाकै घलेल र कोलेल भन्ने ठाउँको बीच बाटोमा लगी हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सैनिकको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित (मृतक) का हकवालालाई रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७६।०२।०९ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं २७७० श्री प्र.म.म.का.मा मिति २०७६।३।२७ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. मा.अ. ७२१/५१, मिति २०७६।४।२ को निर्णय कार्यान्वयन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई लेखेको पत्रको बोधार्थ प्राप्त ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्‌बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/ क्षतिपूर्ति सूर्य बहादुर वि.क. का परिवारलाई उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९४३**

१. **पीडितको नाम, थर र ठेगाना** गोविन्द गौतम, ल्वाङघलेल -४, कास्की ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** कास्की जिल्ला ल्वाङघलेल गा.वि.स. वडा नं. ४ बस्ने गोविन्द गौतमलाई मिति २०६१/५/१ गते घाँस काट्न गएको बेलामा शाही नेपाली सेनाले हत्या गरेकोले घटनाको छानवीन गरी पाउँ भनी मिति २०६८।४।२६ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज गोविन्द गौतमलाई मिति २०६१/५/१ गते आफ्नै घर नजिकै घाँस काटिरहेको अवस्थामा सेनाले हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सैनिकको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र मृतकका हकवाला परिवारलाई रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।०२।०९ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं २७६७, श्री प्र.म.म.का.मा मिति २०७६।३।२७ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. मा.अ. ७२१/४८, मिति २०७६।४।२ को निर्णय कार्यान्वयन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई लेखेको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९४४**

१. **पीडितको नाम, थर र ठेगाना** इन्द्र प्रसाद खनाल, पक्वादी -१, स्याङ्गजा ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** स्याङजा जिल्ला पक्वादी गा.वि.स. वडा नं. १ निवासी इन्द्र प्रसाद खनाललाई मिति २०६२/२/२६ गते स्याङ्गजा जिल्लाकै रत्नपुर गा.वि.स. बाट सेनाले निशस्त्र अवस्थामा पक्राउ गरी मारेकोले घटनाको छानबिन गरी दोषीलाई कार्वाहि गरी पाउँ भनी मिति २०६४।२।१० मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज इन्द्र प्रसाद खनाललाई सेनाले मिति २०६२/२/२६ गते स्याङजा जिल्लाको रत्नपुर गा.वि.स.मा हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सेनाको पहिचान गरी कार्वाही गर्न र पीडित मृतकका हकवाला परिवारलाई रु. ३,००,०००।- (तीन लाख) उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।०२।०९ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं २७६९, श्री प्र.म.म.का.मा मिति २०७६।३।२७ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. मा.अ. ७२१/५०, मिति २०७६।४।२ को निर्णय कार्यान्वयन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई लेखेको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९४५**

१. **पीडितको नाम, थर र ठेगाना** भिष्म बहादुर कुमाल, पृथ्वी नारायण -११, गोरखा ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला गोरखा पृथ्वी नारायण न.पा. ११ का भिष्म बहादुर कुमाललाई मिति २०५८/०९/१० गते दिदीको घरबाट फर्कने क्रममा गोरखाकै देउराली ५ मा सुरक्षाकर्मीहरूले पक्राउ गरी हत्या गरेकोले घटनाको निश्पक्ष छानवीन गरी दोषीलाई कार्वाहि गरी पाउँ भनी मिति २०६८।९।३ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज भिष्म बहादुर कुमाललाई मिति २०५८/९/१० गते गोरखा जिल्लाकै देउराली -५ बाट पक्राउ गरी गोरखा जिल्लाकै मझुवा खैरनी भन्ने स्थानमा सुरक्षाकर्मीहरूले हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कानून बमोजिम कार्वाही गर्न र पीडित परिवारलाई रु. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।०२।०९ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं २७६६, श्री प्र.म.म.का.मा मिति २०७६।३।२७ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. मा.अ. ७२१/४७, मिति २०७६।४।२ को निर्णय कार्यान्वयन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई लेखेको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९४६**

१. **पीडितको नाम, थर र ठेगाना** बम बहादुर क्षेत्री, पीडिखोला –८, स्याङजा ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला स्याङजा, पीडिखोला गा.वि.स. वडा नं. ८ बस्ने बम बहादुर क्षेत्रीलाई मिति २०६०/७/१ गते सुरक्षाकर्मीहरूले ऐ. निवुवाखर्क गा.वि.स. को रुपाखानी भन्ने स्थानबाट पक्राउ गरी २ दिनपछि जैपते भन्ने ठाँउमा लगी चरम यातना दिई हत्या गरेकाले छानवीन गरी दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६२।७।९ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज बम बहादुर क्षेत्रीलाई सुरक्षाकर्मीहरूले मिति २०६०/७/१ गते स्याङजा जिल्लाको निवुवाखर्क गा.वि.स.को रुपाखानी भन्ने स्थानबाट पक्राउ गरी जैपते बेलटारी बजारस्थित वेस क्याम्पमा राखी मिति २०६०/७/३ गते जगत्रदेवी गा.वि.स. को जंगलमा लगी हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र मृतकका हकवालाई रु. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।०२।०९ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं २७६५, श्री प्र.म.म.का.मा मिति २०७६।३।२७ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. मा.अ. ७२१/४६, मिति २०७६।४।२ को निर्णय कार्यान्वयन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई लेखेको पत्रको बोधार्थ प्राप्त।

च.न १४ मिति २०७६४।८, प्र. प्रधान काबाट बल प्रयोग गर्ने सम्बन्धमा प्र.प्रधान कार्यालय, सबै विभाग, महानगरीय प्र.कार्यालय, रानीपोखरी, प्रदेश प्रहरी कार्यालय, सबैलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९४७**

१. **पीडितको नाम, थर र ठेगाना** लव कुमार दाहाल समेत ५ जना, पुरानो झाँगाझोली–६, सिन्धुली।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरणः** सिन्धुली जिल्ला पुरानो झाँगाझोली गा.वि.स. वडा नं. ६ बस्ने लव कुमार दाहाल सहित ५ जना व्यक्तिहरूलाई सिन्धुली रातामाटेबाट खटिएको प्रहरीको टोलीले २०५५/७/१७ गते सिन्धुली जिल्लाको पुरानो झाँगाझोली गा. वि. स. -२ स्थित शम्भु थापाको घरमा बसिरहेको अवस्थामा हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी आयोगको जनकपुर कार्यालयमा मिति २०६३/८/२४ मा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** सिन्धुली जिल्ला पुरानो झाँगाझोली गा.वि.स. वडा नं. ६ बस्ने पवन दाहाल, ऐ. ऐ. बस्ने दिपक दाहाल, ऐ.ऐ. वडा नं. २ बस्ने शम्भु भनिने चित्र बहादुर थापा, ऐ.ऐ. २ बस्ने निर्मला अछामी सार्की र ऐ.अर्मल-६ बस्ने पञ्चराम पाखीन भन्ने निरञ्जन पाखीन सहित ५ जनालाई मिति २०५५/७/१७ गते सिन्धुली जिल्ला पुरानो झाँगाझोली गा.वि.स. वडा नं. २ स्थित शम्भु भनिने चित्र बहादुर थापाको घरमा बसिरहेको अवस्थामा प्रहरी निरीक्षक मदन प्रसाद केशरीको नेतृत्वमा आएको प्रहरी टोलीले हत्या गरेको, त्यस्तै गरी सोही गा.वि.स. का. तत्कालीन सचिव विष्णु राज खत्री, सिन्धुली जिल्ला पूरानो झाँगाझोली वडा नं. २ बस्ने विष्णु बहादुर थापा, ऐ.ऐ. बस्ने क्षेत्र बहादुर थापा र ऐ.ऐ. बस्ने मुरली बहादुर अछामीलाई प्रहरीले प्रहरी कार्यालयमा ल्याई कुटपीट गरी यातना समेत दिएको पुष्टि हुन आयो। मृतक पाँचै जनाका परिवारले राहत रकम प्राप्त गरिसकेकोले सो तर्फ केही बोली रहन परेन। यातना पाएका विष्णु राज खत्री, विष्णु बहादुर थापा, क्षेत्र बहादुर थापा, र मुरली बहादुर अछामीलाई जनही रु. ५०,०००।- (पचास हजार) क्षतिपूर्ति उपलब्ध गराउन र हत्या तथा यातनाको घटनामा दोषी देखिएका प्रहरी निरीक्षक मदन प्रसाद केशरी सहित अन्य दोषीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७६/२/१६ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** :आयोगबाट च.नं. १३९ मिति २०७६/४/१३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह र अर्थ मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह र अर्थ मन्त्रालयलाई पठाएको च.नं. मा.अ./७२१/७४४ मिति २०७६/४/२६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को बोधार्थ पत्र।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन लव कुमार दाहाल बाहेकको हकमा तोकिए बमोजिमको आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९४८**

१. **पीडितको नाम, थर र ठेगाना** आशिका वि.क, थुमाकोडाँडा-७, कास्की

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कास्की जिल्ला थुमाकोडाँडा गा.वि.स. वडा नं. ७ घर भएकी आशिका वि.क.लाई मिति २०६२/५/२१ गते कास्की जिल्लाको ल्वाङघलेल गा.वि.स. को कुइवाङ भन्ने ठाउँमा सेनाले हत्या गरेकाले दोषीलाई कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी २०६३।०४।०२ मा आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज आशिका वि.क. लाई सुरक्षाकर्मीहरूले मिति २०६२/५/२१ गते नियन्त्रणमा लिइसकेपछि कास्की जिल्लाको ल्वाङघलेल गा.वि.स. को कुइवाङ भन्ने ठाँउमा हत्या गरेको पाइएकाले मृतकका हकवाला पीडित परिवारलाई रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०७६।०२।१६ को आयोगको निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १४० मिति २०७६।०४।१३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ./७२१/७४५ मिति २०७६।०४।२६ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह, रक्षा र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

च.नं. ७२ मिति २०७६।०५।१३ मा गृह मन्त्रालय राहत तथा तथ्यांक व्यवस्थापन शाखाले जिल्ला प्रशासन कार्यालय कास्कीबाट आशिका वि.क. का बुबा नेत्र ब. वि.क.ले रु. १० लाख राहत बुझेको भनी आयोगलाई पठाएको पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९४९**

१. **पीडितको नाम, थर र ठेगाना** गणेश प्रसाद मैनाली, ठुलो पर्सेल ५, काभ्रेपलाञ्चोक।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलाञ्चोक जिल्ला ठुलो पर्सेल गा.वि.स. वडा नं. ५ निवासी गणेश प्रसाद मैनालीलाई मिति २०६०/८/६ गते बारा जिल्लाको निजगढबाट नियन्त्रणमा लिई बेपत्ता पारेकाले खोजनीति गरी छुटकारा दिलाई पाउँ भनी मिति २०६०।११।११ मा आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज गणेश प्रसाद मैनालीलाई मिति २०६०/८/१६ गते बारा जिल्लाको निजगढ इलाकाबाट सुरक्षकर्मीले नियन्त्रणमा लिई त्यसको केहि दिनपछी हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र मृत्तकका हकवालालाई रु. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७६।०३।१८ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४२६ मिति २०७६।०५।२२ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थितिः** च.नं. मा.अ./७२१/१७५५ मिति २०७६।०५।३१ प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

च.नं. १३१ मिति २०७६।०६।२८ मा गृह मन्त्रालय राहत तथा तथ्यांक व्यवस्थापन शाखाले आयोगलाई गणेश प्रसाद मैनालीका हकवालाले जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकबाट रु. १० लाख राहत/क्षतिपूर्ति बुझिलिएको भन्ने व्यहोराको पत्र पठाएको।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९५०**

१. **पीडितको नाम, थर र ठेगाना** जोगेन्द्र प्रसाद यादव, महेन्द्र आदर्श -१, बारा ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** बारा जिल्ला महेन्द्र आदर्श गा.वि.स. वडा नं. १ निवासी जोगेन्द्र प्रसाद यादवलाई मिति २०६१/९/५ गते सेना र प्रहरीको टोलीले नियन्त्रणमा लिई बारा जिल्लाको च्युटाहा स्थित पैनीमा लगी हत्या गरेकाले दोषीलाई कार्वाही गरी क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६२।४।४ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज जोगेन्द्र प्रसाद यादवलाई मिति २०६१/९/५ गते विहान ऐ. स्थित आफन्तको घरबाट तत्कालीन संयुक्त सुरक्षाफौजको टोलीले नियन्त्रणमा लिई बारा जिल्ला इनर्वामालको खजुरिया र वात्रा वीचको स्थानमा हत्या गरेको पाइएकाले पीडित परिवारलाई रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७६।०३।१८ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४२२ मिति २०७६।०५।२२ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थितिः** च.नं. मा.अ.७२१/१७५१ मिति २०७६।०५।३१ प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ख) माओवादीद्वारा हत्या**

**क्रम संख्या – ९५१**

१. **पीडितको नाम, थर र ठेगाना** नित्यानन्द पोखरेल, राम नगर –१, भूमही नवलपरासी

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला नवलपरासी गा.वि.स. राम नगर वडा नं.१ भूमही बस्ने नित्यानन्द पोखरेललाई मिति २०५९/५/२६ गते विहान अन्दाजी ७:३० बजको समयमा तत्कालीन नेकपा (माओवादी) का ८/१० जना कार्यकर्ताहरूले आई पत्रिका पढिरहेको अवस्थामा पछि धारिलो हतियारले समेत प्रहार गरी हत्या गरेकाले हत्याको छानवीन गरी दोषीलाई कार्वाही गरी क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६१।९।२७ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनाको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निज नित्यानन्द पोखरेललाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले बसिरहेको अवस्थामा गोली र धारिलो हतियारको प्रहारबाट हत्या गरेको पाइएकोले संलग्न दोषीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न, क्षतिपूर्तिको हकमा पीडितको परिवारले रू. ७५,०००।- (पचत्तहर हजार) पाइसकेको देखिंदा रु. २,२५,०००।- (दुई लाख पच्चीस हजार) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७५।५।१० मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं २०४,श्री प्र.म.म.का.मा मिति २०७५।९।२४ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न मा.आ७२१।४८६६ मिति २०७५।१०।६, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.नं. ३००, मिति २०७५।११।७, गृह मन्त्रालयबाट राहत उपलब्ध जानकारी सम्बन्धमा आयोगलाई पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९५२**

१. **पीडितको नाम, थर र ठेगाना** मणिकलाल वाईवा, श्री मानव अधिकार शिक्षा रेडियो स्रोता क्लब (रिलेक नेपाल) स्यूचाटार -४, कलंकी, काठमाडौं ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला ललितपुर गा.वि.स. कालेश्वर वडा नं. ७ निवासी मणिकलाल वाईवालाई मिति २०५९/७/१० गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरू रामकुमार सिंतानको नेतृत्वमा आएका ४/५ जनाको टोलीले आफ्नै घरबाट अपहरण गरी घरदेखि लगभग १० मिनेट पर घट्टेखोला भन्ने ठाउँमा घाँटी रेटेर हत्या गरेको भन्ने घटनाका सम्बन्धमा आयोगमा मिति २०६४/३/७ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** रामकुमार सिंतान, जमुना सिंह स्याङतान (किरण), कुमारी मोक्तान, नवीन भन्ने फणिन्द्र देवकोटा सहितको संलग्नतामा निज मणिकलाल वाईवालाई घरबाटै नियन्त्रणमा लिई केही पर पुऱ्याई हत्या गरेको पाइएको हुँदा पीडित परिवारले रु. १,५०,०००।- (एक लाख पचास हजार) क्षतिपूर्ति पाइसकेको देखिंदा थप रु. रु. १,५०,०००/- (एक लाख पचास हजार) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संग्लन दोषीहरू रामकुमार स्याङ्तान, कालेश्वर गा.वि.स. वडा नं. ७ बस्ने (जिल्ला ललितपुर) रामहरी तिमल्सिना, ऐ.ऐ. वडा नं. ३ बस्ने राजन तिमल्सिना, ऐ.ऐ. वडा नं. ७ बस्ने जुमान सिहं स्याङ्तान, कुमारी मोक्तान, नवीन भन्ने फण्न्द्रि देवकोटा समेतलाई कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/०५/१० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १२०६ मिति २०७५/९/२४ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** :गृह मत्रालयलाई पठाएको च.नं. मा.अ.७२१/४८६८ मिति २०७५/१०/६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । कालेश्वर-७ ललितपुरका माणिकलाल वाईवाका हकवालाले जिल्ला प्रशासन कार्यालय ललितपुरबाट रु. दश लाख राहत/क्षतिपूर्ति बुझिलिएको व्यहोरा उल्लेख गरेको च.नं. २९८ मिति २०७५/११/७ को जानकारी पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९५३**

१. **पीडितको नाम, थर र ठेगाना** मान बहादुर वि.क., त्रिभुवनवस्ती -३ (ङ) कञ्चनपुर ।

२. **उल्लंघनकर्ता**: नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर जिल्ला त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ३ (ङ) गाउँ बस्ने बर्ष १५ को मान बहादुर वि.क. लाई मिति २०६०/७/४ गते दिपावलीको समान ल्याउन आई.वि.आर.डी. बजार गएको अवस्थामा नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी लगेर कञ्चनपुर जिल्ला कालिका गा.वि.स. को टिम्बर कर्पोरेशनको फिल्डमा खुकुरी प्रहार गरी हत्या गरेकोले छानवीन गरी क्षतिपूर्ति तथा न्यायको लागि पहल गरी पाउँ भनी मिति २०६५।७।२५ मा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी हत्या समेत गरेको पाइएकाले घटनामा संलग्न दोषीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडितलाई रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/०७/१३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १७७६ मिति २०७५/९/१९ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवम गृह, रक्षा मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयलाई पठाएको च.नं. मा.अं. ७२१।४८८७ मिति २०७५/९/२९ को प्रममपकाको बोधार्थ पत्र । मान बहादुर वि.क.का हकवालाले जिल्ला प्रशासन कार्यालय कञ्चनपुरबाट रु दश लाख राहत/क्षतिपूर्ति बुझिलिएको व्यहोरा उल्लेख गरेको च.नं. २८८ मिति २०७५/१०/२८ को गृह मन्त्रालयको जानकारी पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९५४**

१. **पीडितको नाम, थर र ठेगाना** कुमार परियार, भाचोक -७, मकैखोला, कास्की ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कास्की जिल्ला भाचोक गा.वि.स. वडा नं. ७ मकैखोला निवासी कुमार परियारलाई नेकपा माओवादीका कार्यकर्ताहरूले नियन्त्रणमा लिई मिति २०६३ भाद्र २६ गते लमजुङ जिल्लामा हत्या गरेकाले घटनाको अनुसन्धान गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६३।६।२ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज कुमार परियारलाई हतियार चोरीको आरोपमा तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले नियन्त्रणमा लिई कुटपीट गरी यातना दिई हत्या समेत गरेको पाइएकाले घटनामा संलग्न दोषीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र मृतकका पीडित परिवारलाई रु ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७५।०७।१३ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ११७९, श्री प्र.म.म.का.मा मिति २०७५।९।१९ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ.७२१।४८६० मिति २०७५।९।२९, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.नं. २८७ मिति २०७५।१०।२८, गृह मन्त्रालय, राहत तथा तथ्यांक व्यवस्थापन शाखाबाट जानकारी सम्बन्धमा आयोगलाई पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९५५**

१. **पीडितको नाम, थर र ठेगाना** नरबहादुर खत्री (पूर्व सैनिक) छतिवन-४, मकवानपुर ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** मकवानपुर जिल्ला छतिवन गा.वि.स. वडा नं ४ बस्ने पूर्व सैनिक नरबहादुर खत्रीलाई २०६० साल चैत्र १६ गते नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी लगेको र मिति २०६१ वैशाख ३ गते हत्या गरेकाले दोषीलाई कार्वाही गरी मृतकको परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी २०६४।०२।२४ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** अनुसन्धान हुँदा निज नरबहादुर खत्रीलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले मिति २०६०।१२।१६ गते घरबाटै अपहरण गरी लगेको र मकवानपुर जिल्ला फापरबारी गा.वि.स. वडा नं ९ को सिम्ले भन्ने स्थानमा हत्या गरी फालेको अवस्थामा मिति २०६१।१।४ गते लास फेला परेको पाइएकाले घटनामा संलग्न दोषी पत्ता लगाई कानून बमोजिम कार्वाही गर्न र मृतकका परिवारलाई रु. ३०००००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०७५।०७।२७ को आयोगको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११६२ मिति २०७५।०९।१८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ./७२१/७४९ मिति २०७६।०४।२६ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. २९१ मिति २०७५।१०।२८ मा गृह मन्त्रालय राहत तथा तथ्यांक व्यवस्थापन शाखाले मृतकका हकवालाले रु. १० लाख क्षतिपूर्ति बुझिलिएको भन्ने सम्बन्धमा आयोगलाई जानकारी पत्र पठाएको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

क्रम संख्या – ९५६

१. **पीडितको नाम थर र ठेगाना** कृष्ण बहादुर बस्नेत, पिपलडाँडा–२, सिन्धुपाल्चोक

२. **उल्लंघनकर्ताः** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** सिन्धुपाल्चोक जिल्ला पिपलडाँडा–२ बस्ने कृष्ण बहादुर बस्नेतलाई मिति २०६१/११/१३ गते माओवादी कार्याकर्ताले अपहरण गरी अवस्था अज्ञात गराएको समेत व्यहोरा उल्लेख गरी आयोगसमक्ष मिति २०६२/३/६ मा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** तत्कालीन माओवादी कार्यकर्ता अविरल भन्ने विमलराज गिरी समेतको संलग्नतामा मिति २०६१/११/१३ गते सिन्धुपाल्चोक जिल्ला साँगाचोक भञ्ज्याङ्गबाट अपहरण गरी मिति २०६१/११/१९ गते हत्या गरेको पाइएकोले घटनामा संलग्न दोषी विमल राज गिरी समेतलाई कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/११/२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचारः** आयोगबाट च.नं. १९३२ मिति २०७५।१२।२० मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकामा पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयलाई पठाएको च.नं. मा.अ./७२१/७१२६ मिति २०७५/१२/२६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को बोधार्थ पत्र । प्रहरी प्रधान कार्यालयलाई पठाएको च.नं. २३५९ मिति २०७५/१२/२७ को गृह मन्त्रालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

क्रम संख्या – ९५७

१. **पीडितको नाम, थर र ठेगाना** वसन्त के.सी., कोटगाँउ -६ ,रोल्पा ।

२. **उल्लंघनकर्ताः** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** रोल्पा जिल्ला कोटगाँउ गाविस वडा नं ६ निवासी वसन्त के.सी. तत्कालीन शाही नेपाली सेनामा कार्यरत रहेको अवस्थामा मिति २०६१/१०/१८ गते घर विदामा घर जाने क्रममा लिवाङको सुर्खेती डाँडाबाट माओवादीका कार्यकर्ताहरूले अपहरण गरी लगी २०६२/३/६ गते हत्या गरेको घोषणा गरेकाले पीडकलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी आयोगमा मिति २०६३/४/१७ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय⁄सिफारिशः** आयोगबाट अनुसन्धान हुँदा तत्कालीन समयमा नेकपा माओवादीका कार्यर्ताहरूले निज बसन्त के.सी. लाई अपहरण गरी आफ्नो कब्जामा लिएपछि हत्या गरेको पाइयो । सो घटनामा पीडित परिवारले पाउने राहत/क्षतिपूर्ति प्राप्त गरी सकेको देखिंदा सो तर्फ केही गरिरहनु परेन । अपहरण गरी आफ्नो नियन्त्रणमा लिई सकेपछि नेकपा माओवादीका कार्यकर्ताहरूले हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/११/०२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचारः** आयोगबाट च.नं. १८६१ मिति २०७५/१२/१५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं मा.अ. ७२१।७११९, मिति २०७५।१२।२६ को प्रममपको गृह मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

क्रम संख्या – ९५८

१. **पीडितको नाम, थर र ठेगाना** गोमा कोइराला, केवलपुर -२, धादिङ ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** धादिङ जिल्ला केवलपुर गा.वि.स. वडा नं. २ बस्ने गोमा कोइरालालाई मिति २०६०/०९/२८ गते राती ९:०० बजेको समयमा नेकपा माओवादीका कार्यकर्ताहरू दिवाकार भन्ने रामशरण सुवेदी सहित ३ जना

व्यक्तिहरूले अपहरण गरी लगेकाले स्थिति सार्वजनिक गरी पाउँ भनी आयोगमा मिति २०६२/९/२९ मा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** जिल्ला प्रशासन कार्यालय धादिङको मिति २०६३/३/१९ च.नं. ३०७६ को पत्र, मिसिल संलग्न अनुसन्धान प्रतिवेदन तथा अनुसन्धानका क्रममा विभिन्न साक्षीहरूले गरिदिएको बयान कागज समेतका आधारमा निज गोमा कोइरालाको नेकपा मोओवादीका कार्यकर्ताहरूले अपहरण गरी हत्या समेत गरेको पुष्टि हुन्छ । सो घटनामा तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरू दिवाकर भन्ने रामशरण सुवेदी समेतको संलग्नता देखिएको पाइएको छ । हत्या भएको सम्बन्धमा पीडित परिवारले क्षतिपूर्ति पाइसकेको देखिंदा सोतर्फ केहि गरिरहनु परेन । अपहरण पश्चात हत्या गरेको पाइएकोले संलग्न दोषीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र आयोगको अनुसन्धानबाट दिवाकर भन्ने रामशरण सुवेदीको संलग्नता देखिएकाले निजलाई समेत छानवीनको दायरामा ल्याई कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/११/०२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १९३१ मिति २०७५/१२/२० मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह मत्रालयलाई पठाएको च.नं. मा.अ.७२१/७१२५ मिति २०७५/१२/२६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९५९**

१. **पीडितको नाम, थर र ठेगाना** तोयानाथ चौलागाई, चपौली -३, सिन्धुली ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** सिन्धुली जिल्ला चपौली गा.वि.स. वडा नं ३ घर भई जिल्ला वन कार्यालय मोरङमा कार्यरत तोयानाथ चौलागाइँलाई मिति २०६१/३/२२ मा मोरङ जिल्लाको केराबारीबाट माओवादी कार्यकर्ताहरूले अपहरण गरी अज्ञात बनाएकाले सकुशल रिहाईको लागि पहल गरी पाउँ भनी मिति २०६१/३/३१ मा दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज तोयानाथ चौलागाईलाई माओवादी कार्यकर्ताहरूले मिति २०६१/३/२२ गते मोरङ जिल्लाको केराबारी भन्ने ठाउँबाट नियन्त्रणमा लिई मिति २०६१।३।३१ गते मोरङ जिल्ला, केराबारी गा.वि.स. वडा नं. ९ स्थित भलुवा भन्ने स्थानमा हत्या गरेको पाइएकाले पीडित परिवारलाई रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/११ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २६६८ मिति २०७६/३/१५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/१०१९० मिति २०७६/३/२७ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । निजको हकवालाले जिल्ला प्रशासन कार्यालय सिन्धुलीबाट रु दश लाख राहत/क्षतिपूर्ति बुझिलिएको व्यहोरा उल्लेख गरी च.नं. १३३ मिति २०७६/६/२८ को गृह मन्त्रालयको जानकारी पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९६०**

१. **पीडितको नाम, थर र ठेगाना** बंगाडु मियाँ, पाठामारी -९, झापा ।

२. **उल्लंघनकर्ता** ने.क.पा. माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** झापा जिल्ला पाठामारी गा.वि.स. वडा नं. ९ बस्ने बंगाडु मियाँलाई मिति २०६२/०८/१९ गते चोरीको आरोपमा माओवादी कार्यकर्ताहरूले मरणासन्न हुनेगरी कुटपीट गरेपछि अस्पतालमा लगेकोमा उपचारकै क्रममा मृत्यु भएकाले निश्पक्ष छानवीन गरी पाउँ भनी आयोगमा मिति २०६७/४/२५ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** निज मृतक वंगाडु मियाँलाई माओवादी कार्यकर्ताहरूले मिति २०६२/०८/१९ गते घरबाटै नियन्त्रणमा लिई अत्याधिक कुटपीट गरेका कारण उपचारार्थ मेची अञ्चल अस्पताल झापामा लगिएकोमा अस्पतालमा नै मिति २०६२/०८/३० गते मृत्यु भएको पाइयो। पीडित परिवारले रु. ३,००,०००/- (तीन लाख मात्र) राहत/क्षतिपूर्ति प्राप्त गरिसकेको पाइएकाले क्षतिपूर्ति तर्फ केहि गरिरहनु परेन। निहत्था व्यक्तिलाई नियन्त्रणमा लिई माओवादी कार्यकर्ताहरूले कुटपीट गरेको र सोही कारणबाट उपचारकै क्रममा अस्पतालमा नै निज बंगाडु मियाँको मृत्यु भएको पाइदा घटनामा संलग्न दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/११ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २६५९ मिति २०७६/३/१५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/१०१८६ मिति २०७६/३/२७ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९६१**

१. **पीडितको नाम, थर र ठेगाना** चुडामणी मैनाली, कुमरखोद - ७, झापा।

२. **उल्लंघनकर्ताः** ने.क.पा.माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** झापा जिल्ला कुमरखोद गा.वि.स. वडा नं. ७ बस्ने चुडामणी मैनालीलाई मिति २०६२/७/२१ गते नेकपा माओवादीका कार्यकर्ताहरूले झापा बजारमा चन्दा उठाइरहेको अवस्थामा प्रतिकार गर्दा हत्या गरेकाले छानवीन गरी पाउँ भनी आयोगमा मिति २०६२/७/२४ मा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय⁄सिफारिश** मिति २०६२/७/२१ गते झापा जिल्लाको झापा बजारमा मेला लागेको अवस्थामा नेकपा माओवादीका कार्यकर्ता भक्ति पाठकको नेतृत्वमा चन्दा उठाउने कार्य भैरहेको, सोही ठाँउमा निज चुडामणी मैनाली चुरोट खाने पैसा माग्दै हिडेको अवस्थामा माओवादी कार्यकर्तासँग विवाद भएपछि माओवादी कार्यकर्ताहरूले झापा बजारमै पहिला कुटपीट गरी पछी पेस्तोल प्रहार गरी निज चुडामणीको हत्या गरेको पाइयो। पीडित परिवारले राहत प्राप्त गरिसकेको पाइएकाले सो तर्फ केहि गरिरहनु परेन। घटनामा संलग्न ठेगाना नखुलेका माओवादी कार्यकर्ता भक्ति पाठक समेतको संलग्नता देखिएकाले निज र निज मार्फत संलग्न सम्पूर्ण दोषीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/११ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २६५९ मिति २०७६/३/१५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/१०१८५ मिति २०७६/३/२७ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९६२**

१. **पीडितको नाम, थर र ठेगाना** रामशरण गिरी, साँगाचोक -९, सिन्धुपाल्चोक।

२. **उल्लंघनकर्ता** नेकपा माओवादीका

३. **उजूरीको संक्षिप्त विवरण** सिन्धुपाल्चोक जिल्ला साँगाचोक गा.वि.स. वडा नं. ९ बस्ने रामशरण गिरीलाई मिति २०६०/०५/२४ गते आफ्नै घरबाट माओवादी कार्यकर्ताहरूले अपहरण गरी अवस्था अज्ञात बनाएकाले सकुशल रिहाईको लागि पहल गरी पाउँ भनी आयोगमा मिति २०६१/९/२० मा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय⁄सिफारिशः** निज रामशरण गिरीलाई मिति २०६०/०५/२४ गते माओवादी कार्यकर्ताहरूले आफ्नै घरबाट अपहरण गरी हत्या समेत गरेको पाइयो। पीडित परिवारले राहत/क्षतिपूर्ति प्राप्त गरिसकेको पाईंदा सो तर्फ केही

गरिरहनु परेन । माओवादी कार्यकर्ताहरूले अपहरण गरी आफ्नो नियन्त्रणमा लिइसकेपछि सर्वसाधारण नागरिकको हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/११ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २६५० मिति २०७६/३/१३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** :गृह मत्रालयलाई पठाएको च.नं. मा.अ.७२१/१०१८९ मिति २०७६/३/२७ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९६३**

१. **पीडितको नाम, थर र ठेगाना** जगत नारायण साहु ब्याहुत सुडी, भूतही पटेर्वा २, धनुषा ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** धनुषा जिल्ला भूतही पटेर्वा गा.वि.स. वडा नं. २ बस्ने सोही गा.वि.स. का निवर्तमान गा.वि.स. अध्यक्ष जगत नारायण साहु व्याहुत सुडीको मिति २०६२/१/२४ गते माओवादी समूहले अपहरण गरी लगी हत्या गरेकोले दोषीलाई कार्वाही तथा पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक पहल गरीदिने सम्बन्धमा आयोगमा मिति २०६२/५/२८ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिशः** निज जगत नारायण साहु व्याहुत सुडीलाई तात्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले घरबाट कब्जामा लिएर गई कुटपीट गरी हत्या गरेको पाइयो । यस घटनामा पीडित परिवारलाई नेपाल सरकारबाट राहत/क्षतिपूर्ति प्रदान गरेको पाइएकाले क्षतिपूर्तितर्फ केही नगरी घटनामा संलग्न दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/३० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचारः** आयोगबाट च.नं. २८२५ मिति २०७६/३/३० मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह मत्रालयलाई पठाएको च.नं. मा.अ.७२१/३९५ मिति २०७६/४/८ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९६४**

१. **पीडितको नाम, थर र ठेगाना** लालबहादुर रोका, तारा -६, बाग्लुङ ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बाग्लुङ जिल्ला तारा गा.वि.स. वडा नं. ६ निवासी लालबहादुर रोकालाई मिति २०६१/४/२५ गते नेकपा माओवादी कार्यकर्ताहरूले कब्जामा रहेको घर जग्गा फिर्ता गरिदिन्छौ, केही गर्दैनौं भनी बोलाई हिल गा.वि.स. १ मा लगी हत्या गरेको घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६५।२।२८ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज लालबहादुर रोकालाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले हत्या गरेको अनुसन्धानबाट देखिएकोले दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७६।०१।३० मा निर्णय भएको । अनुसन्धानको क्रममा पीडित परिवारले नेपाल सरकारबाट राहत रकम प्राप्त गरेको देखिएकाले क्षतिपूर्तिको सम्बन्धमा केहि गर्नुपर्ने नदेखिएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २८३४, श्री प्र.म.म.का.मा मिति २०७६।३।३० गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न मा.अ.७२१।३६७ मिति २०७६।४।८, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह

मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९६५**

१. **पीडितको नाम, थर र ठेगाना** इख बहादुर थापा, मल्म -७, बाग्लुङ ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बाग्लुङ जिल्ला मल्म गा.वि.स. वडा नं. ७ घर भई जनहित मा.वि. मल्ममा शिक्षक पदमा कार्यरत इख बहादुर थापालाई मिति २०५८/१२/६ गते सेनाले पक्राउ गरी यातना दिएको र पछी मिति २०६०/५/२२ गते माओवादीले अपहरण गरी कुटपीट गरी चरम यातना दिएको कारण मानसिक असन्तुलन भई जथाभावी हिंडने क्रममा मिति २०६२/२/८ गते मल्म गा.वि.स. वडा नं. ४ स्थित जंगलमा लास भेटिएकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी २०६८।०६।२९ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज इख बहादुर थापालाई माओवादी कार्यकर्ताहरूले कुटपीट गरी यातना दिएका कारण नै मानसिक सन्तुलन बिग्रन गएको र पुनः माओवादीहरूले नै निजलाई बाग्लुङ जिल्ला मल्म गा.वि.स. वडा नं. ४ स्थित जंगलमा लगी हत्या गरी फ्याँकेको अवस्थामा मिति २०६२/२/८ गते लास फेला परेको पाइएकाले घटनामा संलग्न दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित परिवारलाई रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।०२।०९ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २७६८ मिति २०७६।०३।२७ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. मा.अ. ७२१/४९, मिति २०७६।४।२ को निर्णय कार्यान्वयन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई लेखेको पत्रको बोधार्थ प्राप्त ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९६६**

१. **पीडितको नाम, थर र ठेगाना** हरि दत्त तिवारी, शंकरपोखरी -४, पर्वत ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पर्वत जिल्ला शंकरपोखरी गा.वि.स. वडा नं. ५ निवासी हरीदत्त तिवारीलाई मिति २०६०/११/३० गते राती माओवादीको एक समूह आई घरबाट ५०० मिटर पर लगी फरक राजनीतिक आस्था राखेकै कारण धारिलो हतियार प्रयोग गरी हत्या गरेकाले दोषीलाई कार्वाही गरी पाउँ भनी मिति २०६४/९/१७ मा आयोगको क्षेत्रीय कार्यालय पोखरामा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज हरीदत्त तिवारीलाई माओवादी कार्यकर्ताहरूले मिति २०६०/११/३० गते आफ्नै घरबाट नियन्त्रणमा लिई घरदेखि केही पर लगी धारिलो हतियार समेतले कुटपीट गरी घाइते बनाएकोमा उपचारार्थ अस्पताल लैजाँदै गर्दा मुत्यु भएको पाइएकाले घटनामा संलग्न दोषी तत्कालीन माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०२/१६ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १४१ मिति २०७६/४/१३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/७४६, मिति २०७६/४/२६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९६७**

१. **पीडितको नाम, थर र ठेगाना** विरेन्द्र गिरी, इनार्वामाल -२, बारा ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बारा जिल्ला, इनार्वामाल गा.वि.स. वडा नं. २ बस्ने विरेन्द्र गिरीलाई मिति २०५८/९/३ गते घरमा बसीरहेको बेलामा मोटरसाइकलमा आएका नेकपा माओवादीका २ जना व्यक्तिले कोठामा नै हत्या गरेकाले दोषीलाई कार्वाही गरी क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६५।०५।२४ मा आयोगमा उजुरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ४४७८, आयोगबाट अनुसन्धान हुँदा मिति २०५८/०९/३ गते नेकपा माओवादीका कार्यकर्ताहरूले निहत्था अवस्थामा बसिरहेको अवस्थामा बारा जिल्ला इनर्वामाल गा.वि.स. वडा नं. २ बस्ने विरेन्द्र गिरीलाई हत्या गरेको पाइएकाले हत्यामा संलग्न तत्कालीन माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र रु. २,००,०००।- (दुई लाख मात्र) राहत/क्षतिपूर्ति पाइसकेको देखिएकाले बाँकी रु. १,००,०००।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७६।३।१८ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ४४६ मिति २०७६।५।२३ गते आयोगबाट निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं मा.अ. ७२१/१७५७ मिति २०७६।५।३१ गते प्रममपकाले आयोगको निर्णय कार्यान्वयनको सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. १३२ मिति २०७६।०६।२८ मा गृह मन्त्रालय राहत तथा तथ्यांक व्यवस्थापन शाखाले आयोगलाई विरेन्द्र गिरीका हकवालाले जि.प्र.का. बाराबाट रु. दश लाख राहत/क्षतिपूर्ति बुझिलिएको सम्बन्धमा जानकारी पत्र पठाएको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ग) दोहोरो भिडन्तमा मृत्यु**

**क्रम संख्या – ९६८**

१. **पीडितको नाम, थर र ठेगाना** सन्तोष वि.क., गोठादी -१, पाल्पा

२. **उल्लंघनकर्ता** माओवादी र सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** पाल्पा जिल्लाा गोठादी गा.वि.स. वडा नं. १ सातपोखरी बस्ने सम्मर बहादुर वि.क. को छोरा वर्ष ५ को सन्तोष वि.क. को मिति २०६८/३/२८ गते दिउँसो आफ्नै घरको आँगनमा दिदीसँग खेलिरहेको अवस्थामा तत्कालीन शाही नेपाली ऐना र माओवादीबीच दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीको गोली लागि घटनास्थलमा नै मृत्यु भएको भन्ने घटनाको मिति २०६२।०६।०१ मा आयोगमा उजूरी दर्ता गरि कार्वाही अगाडि बढाएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनाको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा मृतक नाबालक सन्तोष वि.क. को दोहोरो भिडन्तको क्रममा सुरक्षाकर्मीको गोली लागी मृत्यु भएको पाइएकोले पीडित परिवारलाई रू. ३,००,०००/- (तीन लाख) क्षतिपूर्ति दिन र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।०५।१० को आयोगको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११९३ मिति २०७५।०९।२४ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ./७२१/४८६४ मिति २०७५।१०।०६ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह र रक्षा मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ३०१ मिति २०७५।११।०७ मा गृह मन्त्रालय राहत तथा तथ्यांक व्यवस्थापन शाखाले जिल्ला प्रशासन कार्यालय पाल्पाबाट मृतकका हकवालाले रु. १० लाख राहत बुझेको भनी आयोगलाई पठाएको पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९६९**

१. **पीडितको नाम, थर र ठेगाना** विपतराम थारु, वडालपुर -४, बर्दिया ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी र सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** बर्दिया जिल्ला वडालपुर गा.वि.स. वडा नं. ४ घर भएका विपतराम थारुको डडेल्धुरा जिल्लामा मिति २०५९ सालमा राज्य र माओवादीबीच भएको दोहोरो भिडन्तका क्रममा मृत्यु भएकाले राहतको पहल गरी पाउँ भनी मिति २०६५।१०।०७ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज विपतराम थारु २०५९ साल देखी कक्षा ५ मा पढिरहेको अवस्थामा माओवादी पार्टीको पूर्णकालीन सदस्य भई हिंडेको सोही क्रममा २०६२ सालमा कैलाली जिल्लाको खैराला भन्ने ठाउँमा राज्य पक्ष र माओवादीबीच भएको दोहोरो भिडन्तको क्रममा मृत्यु भएको निज विवाहित भई १ छोरी र छोरा रहेको निजहरूले पठनपाठनको लागि विद्यालयबाट छात्रवृत्ति प्राप्त गरेका, नेपाल सरकारबाट राहत/क्षतिपूर्ति प्राप्त गरिसकेको पाइएकाले निजका नाबालक छोराछोरीहरूको पठन पाठनको लागि आवश्यक व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।१२।२८ को आयोगको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २४१२ मिति २०७६।०२।०७ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ./७२१/८७२९ मिति २०७६।०२।१२ प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह, रक्षा र शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ४०६ मिति २०७६।०२।१७ मा गृह मन्त्रालय राहत तथा तथ्यांक व्यवस्थापन शाखाले आयोगलाई शसस्त्र द्वन्द्वपीडित बालबालिकाको लागि शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालय मार्फत सम्बन्धित जि.शि.का.बाट छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था रहेको भन्ने व्यहोराको पत्र पठाएको । च.नं. ५४० मिति २०७६।०२।१५ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय विद्यालय शिक्षा शाखाले निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ०४ मिति २०७६।०४।१७ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र समावेशी शिक्षा शाखा सानोठिमी, भक्तपुरले निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाइ, बर्दियालाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ९७०**

१. **पीडितको नाम, थर र ठेगाना** सिकन्दर वागवान, बहराइच विशुनापुर ग्राम डिहवा पोष्ट, उत्तर प्रदेश, भारत ।

२. **उल्लंघनकर्ता** माओवादी र सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** भारतको उत्तर प्रदेश राज्य बहराइच जिल्ला विशुनापुर ग्ग्रम डिहवा पोष्ट घर भई बाँके जिल्ला इन्द्रपुर गा.वि.स. वडा नं. २ मा कामको सिलसिलामा आएका सिकन्दर वागवानको मिति २०६२/१०/११ गते बाँके जिल्ला इन्द्रपुर गा.वि.स. वडा नं. २ मा मोओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्तका क्रममा गोली लागी मृत्यु भएकाले घटनाको छानवीन गरी क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६२।११।१० गते आयोगमा दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा मिति २०६२/१०/११ मा बाँके जिल्लाको इन्द्रपुर गा.वि.स. वडा नं.२ मा माओवादी र सुरक्षाकर्मी विच भएको दोहोरो भिडन्त (फाइरिङ) को क्रममा विदेश भारत उत्तर प्रदेश राज्य वहराइच जिल्ला विशुनापुर ग्राम डिहवा पोष्ट घर भएका सिकन्दर बागवानको गोली लागि मृत्यु भएको पाईयो । यसरी

द्वन्द्वको समयमा द्वन्द्वरत पक्षेकै गोली लागि मृत्यु भएको अवस्थामा हालसम्म कुनै पनि किसिमको राहत वा क्षतिपूर्ति सरकारबाट उपलब्ध नगराएको पाइएकाले मृतक सिकन्दर वागवानको परिवारलाई रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७५।१२।२८ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १०६ मिति २०७६।०४।०७ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**घ) बम विष्फोटबाट मृत्यु**

**क्रम संख्या – ९७१**

१. **पीडितको नाम, थर र ठेगाना** टीकाप्रसाद ढुंगेल, नाम्दु -३, दोलखा।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** दोलखा जिल्ला नाम्दु गा.वि.स. वडा नं ३ निवासी टीकाप्रसाद ढुंगेललाई मिति २०६१।०५।१२ गते जिरी जाने सडकको त्रियासी गोलाई भन्ने स्थानमा नेकपा माओवादीका कार्यकर्ताहरूले थापेको एम्वुस विस्फोट हुँदा एम्वुसको छर्रा लागि मृत्यु भएकोले छानवीन गरी सहयोग पाउँ भनी मिति २०६८।६।२ मा आयोगमा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** अनुसन्धान हुँदा निज टीकाप्रसाद ढुगेंलको मिति २०६१ साल भाद्र १२ गते दोलखा जिल्लास्थित जिरी जाने सडकको त्रियासी भन्ने स्थानमा तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले थापेको एम्वुस विस्फोट भई छर्रा लागि मृत्यु भएको पाइएकाले सो घटनाका पीडित परिवारलाई रु ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।०७।२७ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ११६१, श्री प्र.म.म.का.मा मिति २०७५।९।१८ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.न मा.अ. ७२१।४८५७ मिति २०७५।९।२९, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त।

च.नं. २९०, मिति २०७५।१०।२८, गृह मन्त्रालय, राहत तथा तथ्यांक व्यवस्थापन शाखाबाट रु. १० लाख राहत क्षतिपूर्ति बुझिलिएको भन्ने जानकारी आयोगलाई पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**ङ) हिरासतमा मृत्यु**

**क्रम संख्या – ९७२**

१. **पीडितको नाम, थर र ठेगाना** श्री शम्भु पासवान, जनकपुर - १५, धनुषा।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६७/९/२९ गते जिल्ला धनुषा, जनकपुर न.पा. वडा नं. १५ बस्ने १७ बर्षीया शम्भु पासवानलाई भारत सोहपुर रामपुरबाट फर्कने क्रममा धनुषा जिल्लाको बहुअर्वा प्रहरी चौकीका तत्कालीन इन्चार्ज स.ई. सन्तोष झा, प्रहरी जवान रामवृक्ष यादव र हवल्दार प्रेमशंकर ठाकुर समेतले कुटपीट गर्दा मृत्यू भएको भन्ने घटनाको सम्बन्धमा आयोगको क्षेत्रीय कार्यालय जनकपुरमा मिति २०६७/१० /२ मा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** निज शम्भु पासवानको मिति २०६७/९/२९ गते धनुषा जिल्लाको वहुअर्वा प्रहरी चौकीका तत्कालीन इन्चार्ज स.ई. सन्तोष झा, प्रहरी जवान रामवृक्ष यादव र हवल्दार प्रेम शंकर ठाकुरको कुटपीटबाट मृत्यु भएको पाइएको हुँदा घटनामा संलग्न स.ई. सन्तोष झा, प्रहरी जवान रामवृक्ष यादव र हवल्दार प्रेमशंकर ठाकुरलाई कानून बमोजिम कार्वाही गरी यस आयोगलाई जानकारी गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति

२०७५/०५/१० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ११९२ मिति २०७५/९/२४ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह मत्रालयलाई पठाएको च.नं. मा.अ.७२१/४८६३ मिति २०७५/१०/६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९७३**

१. **पीडितको नाम, थर र ठेगानाः** डिल्ली बहादुर विष्ट, आठबीसकोट -६, रुकुम ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** रुकुम जिल्ला आठबीसकोट गा.वि.स. ६ निवासी डिल्ली बहादुर विष्टलाई अनुसन्धानको सिलसिलामा जिल्ला प्रहरी कार्यालय रुकुमको हिरासतमा राखिएकोमा मिति २०७०/२/८ गते हिरासतमा नै आफ्नै कम्मरमा बाँधेको सलले पासो लगाई आत्महत्या गरेकाले छानवीन गरी दोषीलाई कार्वाही गरी पीडितलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०७१/२/९ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा आफ्नो हिरासतमा रहेको व्यक्तिको प्रहरीले सुरक्षा दिन नसकेको तथा प्रहरीको असावधानी र लापरवाहीका कारण सो घटना भएको पाइनुको साथै हिरासतमा मृत्यु भएको व्यक्तिको मृत्यु पश्चात मृत्युको कारण पत्ता लगाउन शव परीक्षण गर्नु पर्नेमा सो समेत नगराएको पाइयो । तसर्थ हिरासतमा रहेका व्यक्तिहरूको सुरक्षा गर्न पर्ने दायित्व सुरक्षाकर्मीहरूको हुने हुँदा हिरासत कक्षहरूमा सुरक्षा सावधानी बढाउन र हिरासतमा मृत्यु भएकाहरूको अनिवार्य शव परीक्षण गराउन हिरासत कक्ष भएका सम्पूर्ण निकायहरूलाई पत्राचार गरी यस आयोगलाई जानकारी गराउन र मृतकका परिवारले रु. २५०००।- (पच्चीस हजार) क्षतिपूर्ति पाइसकेको देखिएकाले थप रु. २,७५,००० । (दुई लाख पचहत्तर हजार मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/११/०२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १८५९ मिति २०७५/१२/१५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह र अर्थ मन्त्रालयलाई बोधार्थ पत्र ।

६. **कार्यान्वयनको स्थिति** च.न मा.अ. ७२१।७११८, मिति २०७५।१२।२६ को प्रममपको गृह मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

प्रहरी प्रधान कार्यालयलाई पठाएको च.नं. ३७९ मिति २०७६/१/१९ को गृह मन्त्रालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**च) प्रतिकार समूहद्वारा हत्या**

**क्रम संख्या – ९७४**

१. **पीडितको नाम, थर र ठेगाना** नेत्रलाल भट्टराई, ठूलोनन्द नगर -९, मौजा मदरगढ, कपिलवस्तु ।

२. **उल्लंघनकर्ता** प्रतिकार समूहका मानिस

३. **उजूरीको संक्षिप्त विवरणः** ठूलोनन्द नगर ९ मौजा मदरगढ, कपिलवस्तु बस्ने नेत्रलाल भट्टराई मिति २०६१/११/१२ गते बजार गर्न लबनी चौराहामा गएको बेलामा प्रतिकार समूहका मानिसले हत्या गरेको र सोको भोलीपल्ट मिति २०६१/११/१३ गते घरमा भएको धनमाल लुटपाट गरी आगो समेत लगाई क्षति पुऱ्याएकाले घटनामा संलग्न दोषीहरूलाई कार्वाही गरी क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी मिति २०६२।९।१६ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज नेत्रलाल भट्टराईको मिति २०६१/११/१२ गते प्रतिकार समूहका मानिसहरूले जिल्ला कपिलवस्तु गा.वि.स. ठूलोनन्द नगर वडा नं. ९ स्थित लवनी चौराहामा हत्या गरेको, प्रतिकार समूहका मानिसहरूले जिल्ला कपिलवस्तु गा.वि.स. नन्द नगर वडा नं. ९ श्रीनगर स्थित अमरावती पासी,

जगु पासी, इमाद अली छोटाई पासी, अफत अली, विजय पासी, अवधेश पासी, हरदेश मुसलमान, कौशिल्या पासी, ब्रिन्दावती पासी र तल्मू निशाको घरमा रहेको सम्पति लुटपाट गरी, तोडफोड गरी आगो लगाई क्षति पूऱ्याएको पाईएकाले घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न, मृत्तक नेत्रलाल भट्टराइका पीडित परिवारलाई रू. ३,००,०००/- (तीन लाख) क्षतिपूर्ति दिन र लुटपाट तोडफोड तथा आगजनीबाट क्षति भएको सम्पत्तीको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।०५।१० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२११, श्री प्र.म.म.का.मा मिति २०७५।९।२४ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न मा.आ।७२१।५२८७ मिति २०७५।१०।८, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त । नेत्रलाल भट्टराईको हकवालाले जिल्ला प्रशासन कार्यालय कपिलवस्तुबाट रु १० लाख बुझिलिएको व्यहोरा उल्लेख गरेको च.नं ३०३ मिति २०७५/११/७ को राहत तथा तथ्यांक व्यवस्थापन शाखा गृह मन्त्रालयको जानकारी पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९७५**

१. **पीडितको नाम, थर र ठेगाना** मञ्जित बरइ, फुलिका -३, ठूलो खैराटी, कपिलवस्तु ।

२. **उल्लंघनकर्ता** प्रतिकार समूहका मानिस

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कपिलवस्तु फुलिका गा.वि.स. वडा नं. ३ ठूलो खैराटी बस्ने वर्ष ३ को नाबालक मञ्जित वरई, ५ वर्षिया नाबालिका सोनु वरई र १७ वर्षिया भगवती वरई माथि मिति २०६२/२/१८ गते राती आफ्नै घरमा बसिरहेको अवस्थामा प्रतिकार समूहका मानिसहरूले आक्रमण गर्दा मञ्जित बरईको घटनास्थलमा नै मृत्यु भएको र अन्य दुई जना सख्त घाइते भएको भनी मिति २०६३।४।१५ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा प्रतिकार समूहका मानिसहरूको आक्रमणबाट तीन वर्षीय नाबालिका मञ्जित बरईको मृत्यु भएको र अन्य दुईजना सोनु बरई र भगवती बरई सख्त घाइते भएको पाइयो । आक्रमणकारीहरू उपर नेपाल सरकारद्वारा पक्राउ गरी मुद्दा समेत चलाइसकेको देखिंदा कारवाहीतर्फ केही गर्नु परेन । मृतक मञ्जित वरईको परिवारलाई रू. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति दिन र घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७५।०५।१० मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२१०, श्री प्र.म.म.का.मा मिति २०७५।९।२४ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं २९७, मिति २०७५।११।७, गृह मन्त्रालय, राहत तथा तथ्यांक व्यवस्थापन शाखाबाट जानकारी सम्बन्धमा आयोगलाई पत्र प्राप्त ।

च.नं. मा.अ.७२१।५२८६ मिति २०७५।१०।८, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९७६**

१. **पीडितको नाम, थर र ठेगाना** राधेश्याम कुर्मी, बलरामपुर ८, मैन्टुल भन्ने सन्तराम पासी र चिग्गल पासी, महाराजगञ्ज-९, कपिलवस्तु ।

२. **उल्लंघनकर्ता** प्रतिकार समूहका मानिस

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कपिलवस्तु बलरामपुर गा.वि.स. वडा नं. ८ बस्ने राधेश्याम कुर्मीलाई मिति २०६२/२/२७ गतेका दिन प्रतिकार टोली हतियार सहित आई पक्राउ गरी घरदेखि २०० मिटर पर लगि (दक्षिण तर्फ) मारेको हुँदा दोषीउपर कार्वाही गरी क्षतिपूर्ति दिलाई पाउँ भन्ने निवेदन, त्यसै गरी कपिलवस्तु जिल्ला महाराजगञ्ज

गा.वि.स. वडा नं. ९ बस्ने मैन्टुल पासी २०६२/२/२७ गते दिउसो ३ बजेको समयमा आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादी प्रतिकार टोलीले लगी वनगाई भन्ने स्थानमा बाटोमा नै हत्या गरेको र सामानहरू लुटपाट गरी आगो समेत लगाई दिएकोले क्षतिपूर्ति दिलाई दोषीउपर कार्वाही गरी पाउँ भन्ने निवेदन र कपिलवस्तु जिल्ला महाराजगञ्ज गा.वि.स. वडा नं. ९ बस्ने चिग्गल पासी र मैन्टुल पासी आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादी प्रतिकार समूहका मानिसहरूले घरैबाट लगी वनगाईको बाटोमा हत्या गरेको र सामानहरू लुटपाट गरी आगो समेत लगाई दिएकोले क्षतिपूर्ति दिलाई दोषीउपर कार्वाही समेत गरी पाउँ भनी २०६३।११।१६ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** घटनाको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा प्रतिकारका नाममा सादा पेशाकका सुरक्षाकर्मीहरूको समेत संलग्नतामा नियन्त्रणमा लिई ३ (तीन) जनाको (राधेश्याम कुर्मी, मैन्टुल पासी र चिग्गल पासी) मिति २०६२/२/२७ गते हत्या गरेको र सम्पति लुटपाट गरी आगो समेत लगाई दिएको पाइएकोले घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गरी मृतक तीनै जनाका परिवारलाई जनही रू. ३,००,०००।- (तीन लाख) का दरले क्षतिपूर्ति उपलब्ध गराउन, मृतकका आश्रित छोराछोरीका लागि निःशुल्क शिक्षाको व्यवस्था गर्न र लुटपाट तथा आगजानी भएको सम्पत्तिको उचित मूल्याङकन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५।०५।१० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ११९१ मिति २०७५।०९।२४ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थितिः** च.नं. मा.अ./७२१/४८६२ मिति २०७५।१०।१६ प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त । मैन्टुल पासीको हकवालाले जिल्ला प्रशासन कार्यालय कपिलवस्तुबाट रु १० लाख बुझिलिएको व्यहोरा उल्लेख गरेर च.नं.३०२ मिति २०७५/११७ को राहत तथा तथ्यांक शाखा गृह मन्त्रालयको जानकारी पत्र

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९७७**

१. **पीडितको नाम, थर र ठेगाना** लोटु चौहान, हरदौना -३, कपिलवस्तु ।

२. **उल्लंघनकर्ता** प्रतिकार समूहका मानिस

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कपिलवस्तु, हरदौना गा.वि.स. बडा नं. ३ बस्ने मेरो श्रीमान लौटु चौहान र उनको दाजु अयोध्या चौहानलाई मिति २०६१/११/११ गते प्रतिकार समूहद्वारा सुरक्षाकर्मी समेतको उपस्थितीमा कुटपीट गरी जिउँदै जलाई मारिदिएको र सम्पत्ति लुटपाट गरी घरमा आगजानी समेत गरेकोले दोषीउपर कार्वाही गरी क्षतिपूर्ति दिलाई पाउँ भनी गंगामती चौहान लोहानियाको मिति २०६२/२/४ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** माओवादी प्रतिकारका नाममा सादा पोशाकका सुरक्षकर्मीहरू समेतको उपस्थितीमा २ जना (लौटु चौहान र अयोध्या चौहान) लाई नियन्त्रणमा लिई हत्या गरेको, सम्पत्ति लुटपाट गरी घरमा आगो लगाई क्षति गरेको पाइएकोले घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गरी दुवैजना मृतकका परिवारलाई प्रति परिवार रु. ३,००,०००/- (तीन लाख रुपैयाँ) का दरले क्षतिपूर्ति उपलब्ध गराउन, मृतकका आश्रित छोराछोरीको लागि निःशुल्क शिक्षाको व्यवस्था गर्न र लुटपाट तथा आगजनी भएको सम्पत्तिको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/०५/१० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ११९६ मिति २०७५/९/३१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह मत्रालयलाई पठाएको च.नं. मा.अ.७२१/४८६५ मिति २०७५/१०/६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । हरदौना-३, कपिलवस्तुका लौटु लोनिया नामबाट निजका हकवालाले जिल्ला प्रशासन कार्यालय कपिलवस्तुबाट रु दश/दश लाख राहत/क्षतिपूर्ति बुझिलिएको व्यहोरा उल्लेख गरिएको च.नं. ३०४ मिति २०७५/११/७ को गृह मन्त्रालयको पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९७८**

१. **पीडितको नाम, थर र ठेगाना** अयोध्या चौहान, हरदौना-३, कपिलवस्तु ।

२. **उल्लंघनकर्ता** प्रतिकार समूहका मानिस

३. **उजूरीको संक्षिप्त विवरण** मेरो श्रीमान लौटु चौहान र उनको दाजु अयोध्या चौहानलाई मिति २०६१/११/११ गते प्रतिकार समूहद्वारा सुरक्षाकर्मी समेतको उपस्थितिमा कुटपीट गरी जिउँदै जलाई मारिदिएको र सम्पत्ति लुटपाट गरी घरमा आगजानी समेत गरेकोले दोषीउपर कार्वाही गरी क्षतिपूर्ति दिलाई पाउँ भन्ने कपिलवस्तु जिल्ला हरदौना गा.वि.स. वडा नं. ३ बस्ने गंगामती चौहान लोहानियाको मिति २०६२/२/४ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** माओवादी प्रतिकारका नाममा सादा पोशाकका सुरक्षकर्मीहरू समेतको उपस्थितिमा २ जना (लौटु चौहान र अयोध्या चौहान)लाई नियन्त्रणमा लिई हत्या गरेको, सम्पत्ति लुटपाट गरी घरमा आगो लगाई क्षति गरेको पाइएकोले घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गरी दुवैजना मृतकका परिवारलाई प्रति परिवार रु. ३,००,०००।- (तीन लाख रुपैयाँ) का दरले क्षतिपूर्ति उपलब्ध गराउन, मृतकका आश्रित छोराछोरीको लागि निःशुल्क शिक्षाको व्यवस्था गर्न र लुटपाट तथा आगजनी भएको सम्पत्तिको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/०५/१० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ११९६ मिति २०७५/९/३१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह मत्रालयलाई पठाएको च.नं. मा.अ.७२१/४८६५ मिति २०७५/१०/६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । हरदौना–३ का अयोध्या लोहनियाको नामबाट निजका हकवालाले जिल्ला प्रशासन कार्यालय कपिलवस्तुबाट रु दश /दश लाख राहत/क्षतिपूर्ति बुझिलिएको व्यहोरा उल्लेख गरिएको च.नं. ३०४ मिति २०७५/११/७ को गृह मन्त्रालयको पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९७९**

१. **पीडितको नाम, थर र ठेगाना** किरण पौडेल, विरपुर-९, कपिलवस्तु ।

२. **उल्लंघनकर्ता** प्रतिकार समूहका मानिस

३. **उजूरीको संक्षिप्त विवरण** कपिलवस्तु जिल्ला विरपुर गा.वि.स वडा नं. ९ बस्ने किरण पौडेललाई कथित प्रतिकार समितिका मानिसहरूले मिति २०६२/१/३० गते राती ९:०० बजेतिर हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरी पाउँ भनी मिति २०६२।४।२१ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा तत्कालीन समयमा गठन भएको अनौपचारिक प्रतिकार समितिका मानिसहरूबाट निज किरण पौडेलको आफ्नै घरमा बसिरहेको अवस्थामा हत्या गरिएको पाइएकाले घटनामा संलग्न दोषीहरू पहिचान गरी कर्तव्य ज्यान मुद्दामा कार्वाही चलाउन र पीडित परिवारले रु. १,००,०००।- (एक लाख मात्र) क्षतिपूर्ति पाइसकेको देखिंदा थप रु. २,००,०००।- (दुई लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७५।११।२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १९२९, श्री प्र.म.म.का.मा मिति २०७५।१२।२० गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ४७४, मिति २०७६।२।२९, गृह मन्त्रालय, राहत तथा तथ्यांक व्यवस्थापन शाखाबाट जानकारी सम्बन्धमा आयोगलाई पत्र प्राप्त ।

च.नं. मा.अ.७२१।७१२३ मिति २०७५।१२।२६, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**छ) भारतीय सीमा सुरक्षा बलबाट हत्या**

**क्रम संख्या – ९८०**

१. **पीडितको नाम, थर र ठेगाना** वासुदेव साह, अमाहीवरियाती -७, मोरङ्ग

२. **उल्लंघनकर्ता** भारतीय सीमा सुरक्षा बलका सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ्ग जिल्ला अमाहीवरियाती गा.वि.स. वडा नं. ७ निवासी वासुदेव साहलाई मिति २०६७/०२/११ गते भारतीय एस.एस.वी. (भारतीय सीमा सुरक्षा बल)का सुरक्षाकर्मीहरूले नेपाल भारत सीमाको दशगजा नजिकै नेपालको भू-भाग भित्र प्रवेश गरी हत्या गरेको घटनाको सम्बन्धमा आयोगबाट स्वविवेकमा उजूरी ग्रहण गरी मिति २०७०/११/२७ गते आयोगमा दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान हुँदा भारतीय एस.एस.वी. (भारतीय सीमा सुरक्षा बल)का जवानहरू विभिन्न वहानामा नेपालको सीमा क्षेत्रभित्र प्रवेश गरी नेपाली नागरिकहरूलाई दुःख दिने गरेको र मिति २०६७/२/११ गते भारतीय एस.एस.वी. (भारतीय सीमा सुरक्षा बल) का इन्सपेक्टर हितेन्द्र सिंह र तत्कालीन समयका मोरङ जिल्ला अमाही प्रहरी चौकीका प्रहरी हवल्दार शम्भु चौधरीबीच झगडा भएकोमा सो झगडा छुट्याउन भनी निज वासुदेव साह गएकोमा नेपालको भू-भाग मोरङ जिल्ला अमाहीवरियती गा.वि.स. वडा नं. ७ स्थित खयरवना भन्ने स्थानका भारतीय एस.एस.वी.का इन्स्पेक्टर हितेन्द्र सिंह र जवान मदन सिंह सोडार समेत भई निज वासुदेव साहको हत्या गरेको पाइयो। उल्लेखित अवस्थाबाट भारतीय सीमा क्षेत्रमा वसोवास गर्ने नेपाली नागरिकहरू भारतीय एस.एस.वी. (भारतीय सीमा सुरक्षा बल)का सुरक्षाकर्मीहरूबाट बढी पीडित भएको पाइएकाले भारतको सीमा क्षेत्रमा बसोवास गर्ने नेपाली नागरिकहरूको बाँच्न पाउने हक र सुरक्षा जस्तो संवेदनशील विषयमा नेपाल सरकारले कुटनीतिक प्रयासबाट समस्या समाधान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७६।३।१८ मा निर्णय भएको। साथै उल्लेखित घटनाको सम्बन्धमा उचित पहल गरी नेपाल भारत सीमामा वसोवास गर्ने नागरिकहरूको मानव अधिकार संरक्षण गर्न राष्ट्रिय मानव अधिकार आयोग भारत समक्ष अनुरोध गर्ने निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ४४८, श्री प्र.म.म.का.मा मिति २०७६।५।२३ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.न २६३१ मिति २०७६।६।१, परराष्ट्र मन्त्रालय, दक्षिण एसिया महाशाखाबाट निर्णय कार्यन्वयन सम्बन्धमा नेपाली राजदूतावास, नयाँ दिल्लीलाई पठाएको पत्र आयोगलाई बोधार्थ पत्र प्राप्त। च.न २८९ मिति २०७५।१०।२८, गृह मन्त्रालय, राहत तथा तथ्यांक व्यवस्थापन शाखाबाट जानकारी सम्बन्धमा आयोगलाई पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ज) अज्ञातबाट मृत्यु**

**क्रम संख्या – ९८१**

१. **पीडितको नाम, थर र ठेगाना** राम प्रसाद अधिकारी, सुन्दरबजार-९, लमजुङ।

२. **उल्लंघनकर्ता** अज्ञात

३. **उजूरीको संक्षिप्त विवरण** लमजुङ जिल्ला सुन्दरबजार घर भई वेशीशहर-२ मा व्यवसाय गरी बस्ने राम प्रसाद अधिकारीलाई मिति २०६१।०८।१४ गते माओवादीहरू आई अपहरण गरी अज्ञात स्थलतर्फ लगेकाले सकुशल रिहाइको लागि पहल गरी पाउँ भनी मिति २०६१।०८।२१ मा आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज राम प्रसाद अधिकारीको हत्या भएको तर कसबाट हत्या भएको भन्ने पुष्टि हुन नसकेको पाइयो। उजूरीमा दावी गरेजस्तो माओवादीबाट अपहरण भएको पुष्टि हुनसक्ने कुनै प्रमाण पाँइदैन। तर पनि एक जना नागरिकको हत्या भएको सम्बन्धमा लास प्राप्त भइसकेपछी प्रहरीद्वारा शव परीक्षण गरी थप अनुसन्धान गर्न पर्नेमा सो केही गरेको पाइएन। तसर्थ सरकारले व्यक्तिको हत्या भइसकेपछी हत्यारा पत्ता लगाई कानून बमोजिम कारवाहीको प्रक्रियामा लगेको नपाइएकाले प्रस्तुत घटनाको अनुसन्धान गरी दोषी पत्ता लगाई कानून बमोजिम कारवाहीको दायरामा ल्याउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०७६।०२।१६ को आयोगको निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १४५ मिति २०७६।०४।१३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ./७२१/७५० मिति २०७६।०४।२६ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**झ) गैरकानूनी थुना**

**क्रम संख्या – ९८२**

१. **पीडितको नाम, थर र ठेगानाः** मामराज अग्रवाल, डिल्लीबजार काठमाडौं

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** काठमाडौ जिल्ला डिल्लीबजार घर भई नेपालगञ्ज स्थित ह्युमपाइप उद्योग सञ्चालनमा संलग्न रहनु भएका मामराज अग्रवाललाई मिति २०५९/५/१७ गते चिसापानी व्यारेकका सेनाले सोधपुछको लागि लिएर गएकोमा रिहाई नभएकोले रिहाइका लागि पहल गरीदिने सम्वन्धमा मिति २०५९।११।२१ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धानबाट निजलाई सुरक्षाकर्मीले पक्राउ गरी ८ महिनासम्म गैरकानूनी थुनामा राखिएको देखिएकोले राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २५ बमोजिम एक लाख रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७५।०४।२४ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९३५ मिति २०७५।०७।२७ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ३१९५ मिति २०७५।०८।०४ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. २२२, मिति २०७६।९।२४ को पत्रमा आयोगको सिफारिश बमोजिम रु. १ लाख आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने मन्त्रिपरिषदको मिति २०७६।९।१४ मा निर्णय भएको भन्ने जानकारी प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ९८३**

१. **पीडितको नाम, थर र ठेगाना** रामसिंह धामी, जोगबुढा-१, मजापानी डडेलधुरा ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला डडेलधुरा, जोगबुढा गा.वि.स. वडा नं. १ मजापानी बस्ने राम सिंह धामीलाई माओवादीको आरोपमा सुरक्षाकर्मीले मिति २०५८।१०।१४ गतेबाट विभिन्न मितिमा पटक-पटक विना पूर्जि पक्राउ गरी हिरासतमा राखी विभिन्न किसिमका यातना समेत दिएको र मिति २०५९।२।१० बाट मिति २०५९।११।२९ गतेसम्म थुनुवा पूर्जी दिई कारागारमा राखेकोले आवश्यक कार्वाही गरिपाऊँ भनी मिति २०६३।५।३ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हूँदा निज रामसिंह धामीलाई गैरकानूनी रुपमा थुनामा राखिएको देखिएकोले राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ बमोजिम रु. १ लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७५।०४।२४ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९३४ मिति २०७५।७।२७ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. मा.अ.३१९६, मिति २०७५।८।४ को गृह र अर्थ मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ प्राप्त ।

गृह मन्त्रालयको च.नं. २२२, मिति २०७६।९।२४ को पत्रमा आयोगको सिफारिश बमोजिम रु. १ लाख आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने मन्त्रिपरिषदको मिति २०७६।९।१४ मा निर्णय भएको भन्ने जानकारी प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ९८४**

१. **पीडितको नाम, थर र ठेगाना** फुलमाया तामाङ, बेलवारी -२, मोरङ्ग ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ जिल्ला, बेलवारी न.पा.-२ बस्ने फूलमाया तामाङलाई मिति २०७३/१/२० गते आफ्नै घरमा बसिरहेको अवस्थामा इ.प्र.का. बेलबारीका प्रहरीले केही सोधपुछ गर्नुछ भनी पक्राउ गरी इ.प्र.का. बेलबारीबाट खटिई आएका १ जना महिला प्रहरी र २ जना सादा पोशाकका समेत ५ जना प्रहरीहरूले तपाईँलाई केही सोधपुछ गर्नुछ भनी इ.प्र.का. बेलवारीमा ल्याई बिना कसुर, बिना प्रमाण, बिना पक्राउ पूर्जि गैरकानूनी ढंगले थुनामा राखेको भनी आयोगमा मिति २०७३।१।२७ मा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ५२३, उपरोक्त सम्बन्धमा मोरङ जिल्ला बेलबारी न.पा.- २ बस्ने फूलमाया तामाङलाई मिति २०७३/१/२० गते आफ्नै घरमा बसिरहेको अवस्थामा इ.प्र.का. बेलबारीका प्रहरीले केही सोधपुछ गर्नुछ भनी पक्राउ गरी इ.प्र.का. बेलबारीमा राखेकाले छानवीन गरी न्याय पाउँ भनी दर्ता भएको उजूरीको आयोगबाट अनुसन्धान हुँदा पीडित फूलमाया तामाङ्लाई इलाका प्रहरी कार्यालय बेलबारी मोरङका प्रहरीले मिति २०७३/०१/२० गते विना कारण पक्राउ गरी एक रात इ.प्र.का. वेलबारीको हिरासतमा र एक रात मोरङ जिल्ला कारागारमा राखी २०७३/१/२२ गते मात्रै रिहा गरी गैरकानूनी थुनामा राखेको पाइएकाले घटनामा संलग्न दोषीहरू तत्कालीन इलाका प्रहरी कार्यालय बेलबारी मोरङका प्रमुख र अन्य संलग्न दोषीहरूलाई कानून बमोजिम कार्वाही गरी यस आयोगलाई जानकारी गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २६९४ मिति २०७६।०३।२२ प्रममपका लाई निर्णय कार्यान्वयनको लागि सिफारिश गरिएको ।

६. **कार्यान्वयनको स्थिति** प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको च.नं. मा.अ.७२१/१७४ मिति ०७६/०४/०७ गृह मन्त्रालयलाई निर्णय कार्यान्वयनको लागि पत्र पठाइ सोको बोधार्थ आयोगलाई प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ञ) अपहरण**

**क्रम संख्या – ९८५**

१. **पीडितको नाम, थर र ठेगाना** बलराम थपलिया, महाभरा -४, झापा ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरणः** झापा जिल्ला, महाभरा गा.वि.स. वडा नं. ४ बस्ने बलराम थपलियालाई मिति २०६२/२/२० गते माओवादी कार्यकर्ताहरूले घरबाटै अपहरण गरी नियन्त्रणमा राखेकाले घटनाको छानवीन गरी दोषीमाथि कार्वाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी मिति २०६३/२/९ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज बलरामलाई माओवादी कार्यकताहरूले झण्डै १ वर्ष २० दिन कब्जामा राखी शारीरिक तथा मानसिक यातना समेत दिएको पाइएकाले घटनामा संलग्नता रहेका दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित बलराम थपलियालाई रु. ५०,०००/- (पचास हजार) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/११ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २६५४ मिति २०७६/३/१५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह र अर्थ मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह र अर्थ मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/१०१८७ मिति २०७६/३/२७ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९८६**

१. **पीडितको नाम, थर र ठेगाना** मोहनलाल श्रेष्ठ, भोटेओडार -८, लमजुङ्ग ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** लमजुङ्ग जिल्ला भोटेओडार गा.वि.स. वडा नं. ८ निवासी मोहनलाल श्रेष्ठलाई नेकपा माओवादी कार्यकर्ताहरूले मिति २०६३/२/११ गते अपहरण गरी मरणासन्न हुने गरी कुटपीट गरेको तथा यातना दिएकाले घटनाको अनुसन्धान गरी दोषीलाई कार्वाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय पोखरामा मिति २०६३/२/२१ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज मोहनलाल श्रेष्ठलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी ११/१२ दिनसम्म आफ्नो नियन्त्रणमा राखी कुटपीट गरी यातना दिएको पुष्टि हुन आएकोले निजलाई उपचार वापत रु. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/३० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २८२९ मिति २०७६/३/३० मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह र अर्थ मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह र अर्थ मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/३३६ मिति २०७६/४/८ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ट) यातना**

**क्रम संख्या – ९८७**

१. **पीडितको नाम, थर र ठेगाना** ज्ञान बहादुर न्याईच्याई, बनेपा, काभ्रे ।

२. **उल्लंघनकर्ता**: नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** बनेपा, काभ्रे निवासी ज्ञान बहादुर न्याईच्याईलाई मिति २०६१/१२/२५ गते काभ्रेपलाञ्चोक जिल्लाको बनेपामा भएको शान्तिपूर्ण जुलुसमा प्रहरीको कुटपीटको कारण टाउकोमा गहिरो चोट लागी घाइते भएको सम्बन्धमा छानवीन गरी पाउँ भनी मिति २०६१/१२/२६ गते नेपाल मजदुर किसान पार्टी मार्फत आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज ज्ञान बहादुर न्याईच्याई सो घटनामा घाइते भएको देखिएको तथा निजको हाल मृत्यु भइसकेको भन्ने पाइएकोले परिवारलाई रु. ५० हजार क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७५/४/२४ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** :आयोगबाट च.नं. ९३८ मिति २०७५/७/२७ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह, रक्षा र अर्थ मन्त्रालयललाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह, रक्षा र अर्थ मन्त्रालयलाई पठाएको च.नं. मा.अ.३१९२ मिति २०७५/८/४ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

गृह मन्त्रालयको च.नं. २२२, मिति २०७६।९।२४ को पत्रमा आयोगको सिफारिश बमोजिम रु. ५० हजार आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने मन्त्रिपरिषदको मिति २०७६।९।१४ मा निर्णय भएको भन्ने जानकारी प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ९८८**

१. **पीडितको नाम, थर र ठेगाना** केशव थापा, ताथली -३, भक्तपुर

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** ताथली-३, भक्तपुर बस्ने केशव थापालाई मिति २०६१/१२/२४ गते सिंहनाथ गण सूर्य विनायक व्यारेक, भक्तपुरमा बोलाई कुटपीट गरेको सम्बन्धमा पीडकलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरिपाउँ भनी मिति २०६१।१२।२६ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** निज थापालाई सिंहनाथ गण सुर्य विनायक व्यारेकमा बोलाई निर्मम कुटपीट गरिएकोमा दोषी सुरक्षाकर्मीलाई कार्वाही भएको देखिन्छ साथै यातनाको कारण निजको जीविकोपार्जनमा समेत असर पर्न गएको देखिएकोले रु. १ लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/४/२४ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ९३७ मिति २०७५/७/२७ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह, रक्षा र अर्थ मन्त्रालयललाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह, रक्षा र अर्थ मन्त्रालयलाई पठाएको च.नं. मा.अ.३१९३ मिति २०७५/८/४ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र। घटनामा संलग्न सिंहनाथ गणमा कार्यरत हु. मित्रराज गिरीलाई ६ महिनासम्म पदोन्नती रोक्का तथा २० दिन सैनिक हिरासतमा कैद गर्ने सैनिक समरी अदालतको निर्णय समेतको व्यहोरा उल्लेख गरिएको मिति २०७५/८/२३ गतेको नेपाली सेनाको मानव अधिकार निर्देशनालयको पत्र सहित च.नं. ८२, मिति २०७५/८/२४ को रक्षा मन्त्रालयको पत्र।

गृह मन्त्रालयको च.नं. २२२, मिति २०७६।९।२४ को पत्रमा आयोगको सिफारिश बमोजिम रु. १ लाख आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने मन्त्रिपरिषदको मिति २०७६।९।१४ मा निर्णय भएको भन्ने जानकारी प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ९८९**

१. **पीडितको नाम, थर र ठेगाना** दिनेश दुलाल, ठूलो सिरुवारी -६, सिन्धुपाल्चोक।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** सिन्धुपालचोक जिल्ला साविक ठुलो सिरुवारी गा.वि.स. वडा नं. ६ बस्ने दिनेश दुलाललाई मिति २०६१/०१/०१ गते सुरक्षाकर्मीले पक्राउ गरी दुई महिनासम्म बेपत्ता बनाएको र सुन्दरीजल छानवीन केन्द्र हुँदै ललितपुरको जाउलाखेलमा राखी यातना दिएको र यातनाका कारण निजको छाती दुख्ने समेत समस्या भएकोले उचित उपचार र सकुशल रिहाइको लागि पहल गरी पाउँ भनी आयोगमा मिति २०६२/७/२९ गते उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई सुरक्षा निकायले प्रक्राउ गरी यातना दिएको पुष्टि हुन आएकोले उपचार खर्च वापत रु. १,००,०००।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र यातनाकै कारण हालसम्म शारीरिक र मानसिक स्वास्थ्यमा समस्या भएमा निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/३० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २८२२ मिति २०७६/३/३० मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह, अर्थ मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह, अर्थ र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाएको च.नं. मा.अ. ७२१/३९० मिति २०७६/४/८ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९९०**

१. **पीडितको नाम, थर र ठेगाना** लक्ष्मण सुवेदी, नेत्रहीन संघ कास्की ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** नेत्रहीन संघ कास्कीका सदस्य लक्ष्मण सुवेदीलाई मिति २०६४/२/२४ गते कामको सिलसिलामा पोखरा गैह्रापाटनमा गइरहेको अवस्थामा प्रहरीले निर्मम तरिकाले विनाकारण अन्धाधुन्ध लाठी प्रहार गरी कुटपीट गरेकाले दोषीलाई कार्वाही तथा क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी मिति २०६४।२।२७ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा प्रहरीद्वारा लाठी चार्जको क्रममा कुटपीट भएको देखिएकोले क्षतिपूर्ति स्वरुप रु. ५०,०००।- (पचास हजार मात्र) उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।०१।३० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं २८३३, श्री प्र.म.म.का.मा मिति २०७६।३।३० गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ.७२१।३६८ मिति २०७६।४।८, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयर अर्थ मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९९१**

१. **पीडितको नाम, थर र ठेगाना** राज परियार, का.म.न.पा–१७, काठमाडौँ ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** काठमाडौँ जिल्ला का.म.न.पा वडा नं. १७ बस्ने राज परियारलाई प्रहरीको कुटाईबाट गम्भीर अवस्थामा भएको हुँदा सत्य तथ्य छानवीन गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्ति दिलाई पाऊँ भनी मिति २०७४/१०/१२ मा आयोग समक्ष उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज राज परियारलाई मिति २०७४/१०/८ गते महानगरीय प्रहरी वृत्त सोह्रखुट्टेबाट खटिएको प्रहरीले प्रक्राउ गरी हिरासतमा राखी कुटपीट गर्दा निजको स्पाइनल इन्जुरी भएको र कम्मर मुनीका भाग नचल्ने अवस्था भएको, निजलाई प्रहरी हिरासतमा राख्दा मानसिक अवस्था समेत विचार गर्नुपर्ने प्रहरीकै दायित्व भएको हुँदा उक्त दायित्व प्रहरीले पुरा नगर्दा निजले हिरासतभित्रै भित्तामा टाउको ठोक्काएको देखिन्छ । उक्त ठोक्काईबाट निजको दीर्घकालीन शारीरिक क्षति भएको पाइएकोले क्षतिपूर्ति स्वरुप रु. ३,००,००।- (तीन लाख) उपलब्ध गराउन र थप उपचार गर्नुपरेमा निःशुल्क उपचारको व्यवस्था गरिदिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगले मिति २०७६/१/३० गते निर्णय गरेको । (**क्र.सं. ९०१**, मिति २०७४।१०।१९ मा पनि सिफारिश रहेको)

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २८३२ मिति २०७६/३/३० मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं गृह, अर्थ र स्वास्थ्य मन्त्रालयललाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ.७२१/३६९ मिति २०७६/४/८ को प्रममपकाले आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा गृह, अर्थ र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ९९२**

१. **पीडितको नाम, थर र ठेगाना** होमनाथ कट्टेल, राइनस -७, अल्काटार, लमजुङ्ग ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** लमजुङ्ग जिल्ला चक्रतिर्थ गा.वि.स. वडा नं. ६ (हाल राइनस -७) अल्काटार बस्ने होमनाथ कट्टेललाई सुरक्षाकर्मीहरूले मिति २०६१/४/१९ गते सोही गाउँमा माओवादीद्वारा विच्छाइएको एम्बुसमा परी दुइजना सुरक्षाकर्मीहरूको मृत्यु भएको घटनाको अनुसन्धान गर्ने क्रममा निर्मम कुटपीट तथा यातना दिएकोले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन पहल गरी पाउँ भनी आयोगमा मिति २०६१/४/२९ गते उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज होमनाथ कट्टेललाई सुरक्षाकर्मीले कुटपीट गरी यातना दिएको पाइएकाले पीडितलाई उपचार खर्च वापत रु. १,००,०००।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/३० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २८२४ मिति २०७६/३/३० मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह, रक्षा र अर्थ मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह, रक्षा र अर्थ मन्त्रालयलाई पठाएको च.नं. मा.अ. ७२१/३९४ मिति २०७६/४/८ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । घटनाको सम्बन्धमा अन्तर्गत कार्यालयसँग बुझ्दा निज होमनाथ कट्टेल भन्ने व्यक्ति २०७२ सालमा कालगतिले मृत्यु भएको भनी लेखी आएको व्यहोरा उल्लेख गरिएको नेपाली सेनाको छायाँप्रति पत्र र रक्षा मन्त्रालयको च.नं.४४ मिति २०७६/६/७ को छायाँप्रति पत्र सहित च.नं. मा.अ. ७२१/१९५५ को प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालको जानकारी पत्र ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९९३**

१. **पीडितको नाम, थर र ठेगाना** दिल कुमार तामाङ, मेची -११, काँकडभित्ता, झापा ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** काठमाडौं जिल्ला मुलपानी गा.वि.स. वडा नं. ५ स्थायी घर भनिए पनि झापा जिल्ला मेची न. पा. वडा नं ११, काँकडभित्ता स्थायी घर भएका दिल कुमार तामाङलाई जिल्ला प्रहरी कार्यालय इनरुवाको परिसरभित्रै काम लगाइरहेको अवस्थामा सोही कार्यालयका प्रहरी कर्मचारीहरू विरेन्द्र यादव र अजित साहले कुटपीट गरी दुर्व्यवहार गरेकाले दोषीलाई कार्वाही गरी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६४।०५।१६ मा आयोगमा दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा जिल्ला प्रहरी कार्यालय सुनसरीमा कार्यरत प्र. ज. विरेन्द्र यादव, प्र.ज. सञ्जय यादव र प्र.ज. अजित कुमार साहले निज नाबालक दिल कुमार तामाङलाई कुटपीट गरेको पाइयो । सो सम्बन्धमा प्र.ज.हरू तीनै जनालाई प्रहरी नियमावली अनुसार जिल्ला प्रहरी कार्यालय सुनसरीबाट कार्वाही भइसकेको देखिएकाले, सोतर्फ केही नगरी निज नाबालक दिल कुमार तामाङलाई रु. ५०,०००।- (पचास हजार मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७६।०३।१८ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४२५ मिति २०७६।०५।२२ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/१७५४ मिति २०७६।०५।३१ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ९९४**

१. **पीडितको नाम, थर र ठेगाना** इमिलियाका गाउँलेहरू, रौतेली ७, कञ्चनपुर

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर जिल्ला रौतेली गा.वि.स. वडा नं. ७ स्थित इमिलिया गाउँमा सेनाको हवल्दार रमेश विष्टलाई माओवादी कार्यकर्ताहरूले हत्या गरेको विषयलाई लिएर मिति २०६३/१२/०९ गते सिंहपुर पोष्टका सैनिकहरूले इमिलिया गाँउमा नै आएर केहीलाई पोष्टमा नै बोलाई र केही स्थानीय वासिन्दालाई गाउँमा नै कुटपीट गरी यातना दिएको भनी विभिन्न सञ्चार माध्यमहरूमा प्रशारित/प्रकाशित समाचारलाई मिति २०६२।१२।२१ मा स्वविवेकमा उजूरीको रुपमा ग्रहण गरिएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा मिति २०६२/१२/९ र १० गते शुक्लाफाँटा आरक्षणको सिंहपुर पोष्टका सैनिकहरूले कञ्चनपुर जिल्ला रौतेली गा.वि.स. वडा नं. ७ स्थित इमिलिया गाउँका तपसिलमा उल्लेखि भए बमोजिमका व्यक्तिहरूलाई कुटपीट गरी यातना दिएको पाइएकाले उल्लेखित पीडितहरूलाई तपसिलमा उल्लेख भए बमोजिम क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी सैनिकहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७६।०३।१८ मा आयोगबाट निर्णय भएको।

**तपसिलः**

सबै पीडितहरूको ठेगाना रौतेली विचुवा-७, इमिलिया, कञ्चनपुर।

| क्र.सं. | नाम थर | रकम रु. |
|---|---|---|
| १ | भाज्जो राना | रु. १०,०००।- |
| २ | विरछी राना | रु. १०,०००।- |
| ३ | सम्पतीदेवी राना | रु. १०,०००।- |
| ४ | जानकी राना | रु. १०,०००।- |
| ५ | राम कुमारी राना | रु. १०,०००।- |
| ६ | ठग्गी देवी राना | रु. १०,०००।- |
| ७ | सिमन्तरा राना | रु. १०,०००।- |
| ८ | मञ्जु राना | रु. १०,०००।- |
| ९ | फुलसोहत्तर राना | रु. १०,०००।- |
| १० | मानमती राना | रु. १०,०००।- |
| ११ | सुक्को राना | रु. १०,०००।- |
| १२ | रामचन्द्र राना | रु. १०,०००।- |
| १३ | मनतुवा राना | रु. १,६००।- |
| १४ | राधिका राना | रु. १०,०००।- |
| १५ | मैना चौधरी | रु. १०,०००।- |
| १६ | राम दुलारी गिरी | रु. १०,०००।- |
| १७ | दानवती गिरी | रु. १०,०००।- |
| १८ | सोमती चौधरी | रु. १०,०००।- |
| १९ | बन्छो राना | रु. १०,०००।- |
| २० | द्रोपती राना | रु. १०,०००।- |
| २१ | लिख्मा राना | रु. १०,०००।- |
| २२ | राम प्रसाद राना | रु. १०,०००।- |
| २३ | छुन्का राना | रु. १०,०००।- |
| २४ | शिवचरण राना | रु. १०,०००।- |
| २५ | चुटकन्ना राना | रु. १०,०००।- |
| २६ | सुकि राना | रु. १०,०००।- |
| २७ | इन्द्रासिन राना | रु. १०,०००।- |
| २८ | धुकुदेवी राना | रु. १०,०००।- |
| २९ | कलावती राना | रु. १०,०००।- |
| ३० | द्रोपती राना | रु. ३,०००।- |
| ३१ | डम्मरलाल राना | रु. १०,०००।- |
| ३२ | रामकुमारी राना | रु. १०,०००।- |
| ३३ | लवरा राना | रु. १०,०००।- |
| ३४ | तौला राना | रु. ७,०००।- |
| ३५ | जमुना राना | रु. १०,०००।- |
| ३६ | कनैया राना | रु. १०,०००।- |
| ३७ | रामभरोषा राना | रु. १०,०००।- |
| ३८ | टाले राना | रु. ५,०००।- |
| ३९ | द्रेप राना | रु. १०,०००।- |
| ४० | घोटोलाल राना | रु. १०,०००।- |
| ४१ | लोकेन्द्र राना | रु. १०,०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ४२ | कैदी राना | रु. १०,०००।- | ६६ | मानवती राना | रु. १०,०००।- |
| ४३ | खुशिराम राना | रु. १०,०००।- | ६७ | राम दुलारी राना | रु. १०,०००।- |
| ४४ | सालिकराम राना | रु. १०,०००।- | ६८ | वासु राना | रु. १०,०००।- |
| ४५ | सविर राना | रु. १०,०००।- | ६९ | आनन्द राना | रु. १०,०००।- |
| ४६ | भजन राना | रु. १०,०००।- | ७० | नन्दलाल विष्ट | रु. १०,०००।- |
| ४७ | झावती राना | रु. १०,०००।- | ७१ | राम कुमारी राना | रु. १०,०००।- |
| ४८ | विरछी गिरी | रु. १०,०००।- | ७२ | नन्दलाल राना | रु. १०,०००।- |
| ४९ | दत्तु राना | रु. १०,०००।- | ७३ | हेमराज राना | रु. १०,०००।- |
| ५० | इन्द्रा राना | रु. ८,०००।- | ७४ | बल बहादुर राना | रु. १०,०००।- |
| ५१ | झिग्गर राना | रु. १०,०००।- | ७५ | धुम्मन राना | रु. १०,०००।- |
| ५२ | मधोवर राना | रु. १०,०००।- | ७६ | फखी राना | रु. १०,०००।- |
| ५३ | श्री राना | रु. १०,०००।- | ७७ | सेम्वती राना | रु. १०,०००।- |
| ५४ | शान्ती राना | रु. ५,००० ।- | ७८ | कल्लु राना | रु. १०,०००।- |
| ५५ | रामभरेषा राना | रु. १०,०००।- | ७९ | सुरेश राना | रु. १०,०००।- |
| ५६ | रिदु राना | रु. १०,०००।- | ८० | मिना राना | रु. १०,०००।- |
| ५७ | सुका डगौंरा | रु. १०,०००।- | ८१ | फुमा राना | रु. १०,०००।- |
| ५८ | भगतराम राना | रु. १०,०००।- | ८२ | धोके राना | रु. १०,०००।- |
| ५९ | उपदिय डगौरा | रु. १०,०००।- | ८३ | साहिवा राना | रु. १०,०००।- |
| ६० | मान सिंह राना | रु. १०,०००।- | ८४ | राधेश्याम राना | रु. १०,०००।- |
| ६१ | सोनय राना | रु. १०,०००।- | ८५ | बुद्धी राना | रु. १०,०००।- |
| ६२ | सथेहरा राना | रु. १०,०००।- | ८६ | भज्जी राना | रु. १०,०००।- |
| ६३ | सुरकला राना | रु. १०,०००।- | ८७ | इन्द्र राना | रु. १०,०००।- |
| ६४ | सरस्वती राना | रु. १०,०००।- | ८८ | रती राना | रु. १०,०००।- |
| ६५ | सुन्दरदेवी राना | रु. १०,०००।- | ८९ | गोमती राना | रु. १०,०००।- |

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ४४९ मिति २०७६।०५।२३ मा निर्णय कार्यान्वयन सम्बन्धमा प्रममपकालाई पत्राचार गरी रक्षा,गृह र अर्थ मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ दिईएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/१७५९ मिति २०७६।०५।३१ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा रक्षा, गृह र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

   च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९९५**

१. **पीडितको नाम, थर र ठेगाना** चित्र बहादुर चौधरी, टीकापुर -९, कैलाली

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. ९ घर भई श्री राष्ट्रिय नि. मा.वि. पथरैयामा अध्यापन गर्ने शिक्षक चित्र बहादुर चौधरीलाई मिति २०५८/८/२२ मा प्रहरीहरूले गिरफ्तार गरी इलाका प्रहरी कार्यालय टीकापुरमा २०५९/०५/११ गते सम्म राखी यातना दिएको र त्यसपछी जिल्ला प्रहरी कार्यालय धनगढी, अञ्चल प्रहरी कार्यालय धनगढी र बडी मालिका सशस्त्र प्रहरी गण वन बेहडामा राखी शारीरिक तथा मानसिक यातना दिएकाले पीडकलाई कार्वाही गरी पीडितलाई क्षतिपूर्ति समेत दिलाई पाउँ भनी २०६४।०६।१५ मा आयोगमा दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा पीडित चित्रबहादुर चौधरीलाई प्रहरीहरूद्वारा यातना दिएको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित चित्रबहादुर चौधरीलाई रु १,००,०००।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७६।०३।१८ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४२४ मिति २०७६।०५।२२ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थितिः** च.नं. मा.अ. ७२१/१७५३ मिति २०७६।०५।३१ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९९६**

१. **पीडितको नाम, थर र ठेगाना** लोकनाथ यादव सहित ६ जना, बेलदारी -७, बारा ।

२. **उल्लंघनकर्ता** सशस्त्र प्रहरी बल

३. **उजूरीको संक्षिप्त विवरण** बारा जिल्ला बेलदारी गा.वि.स. वडा नं. ७ निवासी लोकनाथ यादव समेतका व्यक्तिहरूलाई निजको घर खनतलासी गर्ने क्रममा मिति २०६६/५/६ गते सशस्त्र प्रहरीको टोली घरमा प्रवेश गरी जथाभावी कुटपीट गरी दुर्व्यवहार गरेकाले छानवीन गरी पाउँ भनी मिति २०६६।०६।०८ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३०१, आयोगबाट अनुसन्धान हुँदा मिति २०६६/५/६ गते निज लोकनाथ यादवको घरमा सशस्त्र प्रहरी निरीक्षक तेजराम शर्माको नेतृत्वमा एक टोली प्रवेश गरी निज लोकनाथ यादव, निजका छोराहरू जय प्रकाश यादव, ओम प्रकाश यादव, सोम प्रसाद यादव र बारा जिल्ला बेलदारी गा. वि.स. वडा नं. ७ बस्ने सुन्दरदेवी यादवलाई कुटपीट गरी दुर्व्यवहार गरेको पाइयो । घटनामा संलग्न सशस्त्र प्रहरी निरीक्षक तेजराम शर्मा लगायतलाई विभागीय कार्वाही भइसकेको पाइएकाले सोतर्फ ही नगरी घटनामा पीडित बारा जिल्ला बेलदारी गा.वि.स वडा नं. ७ बस्ने लोकनाथ यादव, जय प्रकाश यादव, ओम प्रकाश यादव, सोम प्रसाद यादव र सुन्दरदेवी यादव गरी ५ जनालाई जनही रु. २५,०००।- (पच्चीस हजार मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७६।३।१८ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ४२१ मिति २०७६।५।२२ गते आयोगबाट निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरी गृह तथा अर्थ मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ दिईएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं मा.अ. ७२१/१७५० मिति २०७६।५।३१ गते प्रममपकाले आयोगको निर्णय कार्यान्वयनको सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**ठ) धम्की**

**क्रम संख्या – ९९७**

१. **पीडितको नाम, थर र ठेगाना** निभा रोका, लिवाङ -६, रोल्पा ।

२. **उल्लंघनकर्ता** नेपाली सेना (क्याप्टेन गणेश रावल)

३. **उजूरीको संक्षिप्त विवरण** रोल्पा जिल्ला लिवाङ गा.वि.स. वडा नं. ६ निवासी निभा रोकालाई लिवाङ गा.वि.स. ६ स्थित नेपाली सेनाको नयाँ गोरख गणमा कार्यरत क्याप्टेन गणेश रावलले मिति २०६२/०६/२५ गते काठमाडौं बोलाएर

होटलमा राखी जवर्जस्ती यौन सम्बन्ध राखी यातना दिएको विवाह गर भन्दा विभिन्न धम्की समेत दिएकाले न्याय दिलाई पाउँ भनी मिति २०६२।०७।०१ गते आयोगमा दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निवेदिकाले दावी गरे जस्तै निज क्याप्टेन गणेश रावल लिवाङ स्थित नयाँ गोरख गण ब्यारेकमा कार्यरत रहेको भन्ने नयाँ गोरख गण लिवाङ ब्यारेक रोल्पाको मिति २०६३/४/२ प.स. १०४०६ (अप्स) को मिसिल संलग्न पत्रबाट पुष्टि हुन आउँछ । त्यस्तै मिसिल संलग्न अन्य प्रमाणहरूबाट निज गणेश रावलले पीडित निभा रोकासँग ललाई फकाई जवर्जस्ती यौन सम्बन्ध राखेको, विवाहको प्रस्ताव राख्दा उल्टै विभिन्न धम्की दिएको पाइयो । पीडित निभा रोकाको मृत्यु भइसकेको हुँदा क्षतिपूति तर्फ केही गरिरहनु परेन । यसरी जवर्जस्ती यौनसम्बन्ध राखी उल्टै धम्की समेत दिने क्याप्टेन गणेश रावललाई आवश्यक कार्वाही गर्न नेपाली सेनालाई लेखी पठाउने भनी मिति २०७५।११।०२ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १८६२ मिति २०७५।१२।१५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. मा.अ. ७२१।७१२० मिति २०७५।१२।२६ को निर्णय कार्यान्वयन सम्बन्धमा गृह र रक्षा मन्त्रालयलाई लेखेको पत्रको बोधार्थ प्राप्त ।

च.नं. मा.अ. ७२१/३३१ मिति २०७६।०४।०८ मा प्रममपकाले आयोगलाई जानकारी सम्बन्धमा लेखेको (पत्रसँगै नेपाल सरकार रक्षा मन्त्रालयले क्याप्टेन गणेश रावलसँग बुझ्दा निभा रोकासँग कुनै सम्बन्ध नभएको तथा केही नगरेको भनी जानकारी गराएको भन्ने व्यहोराको पत्रसँगै राखी पठाएको) पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**ङ) कुटपीट/घाइते**

**क्रम संख्या – ९९८**

१. **पीडितको नाम, थर र ठेगाना** शिवहरी पोखरेल, मालु -५, दोलखा ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** दोलखा जिल्ला मालु गा.वि.स. वडा नं. ५ बस्ने शिवहरी पोखरेललाई मिति २०५६/११/९ गते नेकपा माओवादीका कार्यकर्ताहरूले निर्ममतापूर्वक कुटपीट गरी सख्त घाइते बनाएको जसका कारण अपाङ्ग समेत भएको भन्ने सम्बन्धमा आयोगमा मिति २०६५/९/१८ मा दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज शिवहरी पोखरेललाई नेकपा माओवादीका कार्यकर्ताहरूले कुटपीट गरेकोले निज अपाङ्ग समेत भएको देखिएकोले निजलाई नेपाल सरकारबाट पनि द्वन्द्वपीडितको पहिचान गरेको देखिएको हँदा निजलाई कुटपीट गर्ने व्यक्तिको पहिचान गरी दोषीलाई कानून बमोजिम कार्वाही गर्न तथा पीडितलाई रु. १ लाख क्षतिपूर्ति उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/०४/२४ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ९३२ मिति २०७५/७/२७ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह र अर्थ मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह र अर्थ मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/१०१९२ मिति २०७६/३/२७ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

गृह मन्त्रालयको च.नं. २२२, मिति २०७६।९।२४ को पत्रमा आयोगको सिफारिश बमोजिम रु. १ लाख आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने मन्त्रिपरिषदको मिति २०७६।९।१४ मा निर्णय भएको भन्ने जानकारी प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ९९९**

१. **पीडितको नाम, थर र ठेगाना** कमलादेवी हेमचुरी, तानसेन -४, पाल्पा ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** संविधानको प्रारम्भिक मस्यौदामा दलितका अधिकारहरू नसमेटिएको भन्दै आफ्ना मागहरू सुनिश्चित गराउने उद्देश्यले दलित समुदायले मिति २०७२।४।१९ गते काठमाडौंको विजुलीबजारमा शान्तिपूर्ण प्रदर्शन गर्ने क्रममा कार्यक्रम शुरु हुनुपूर्व नै प्रहरी नायव उपरीक्षक दानबहादुर कार्की र रेवती ढकाल समेतले नेतृत्व गरेको प्रहरीबाट लाठी प्रहार हुँदा दलित अधिकारकर्मी तानसेन ४ पाल्पा निवासी कमलादेवी हेमचुरी लगायतका दलित अधिकारकर्मीहरू घाइते भएको हुँदा दोषीउपर कार्वाही गरी क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी मिति २०७२।०४।२७ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा प्रहरीहरूको लाठी प्रहारबाट दलित अधिकारकर्मीहरू कमलादेवी हिमचुरी, गणेश वि.क, पूर्व सांसद विनोद पहाडी समेतका व्यक्तिहरू घाइते भएको पाइएकोले सो घटनाका सम्पूर्ण घाइतेहरूको उपचार खर्च उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने भनी मिति २०७५।०५।१० मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १२०५ मिति २०७५।०९।२४ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ./७२१/४८७२ मिति २०७५।१०।०६ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०००**

१. **पीडितको नाम, थर र ठेगाना** जगतबहादुर कार्की, लामिडाँडा -२, दोलखा ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** दोलखा जिल्ला लामिडाँडा गा.वि.स. वडा नं. २ निवासी जगतबहादुर कार्कीलाई मिति २०६०।०७।२२ गते नेकपा माओवादीका कार्यकर्ताहरूले कब्जामा लिई ४ दिनसम्म राखी हात पछाडी बाँधी फलामको पाइपले कुटपीट गरी शारीरिक तथा मानसिक यातना दिएको र हालसम्म पनि आँखा र कानमा समस्या रहेको हुँदा दोषीमाथि कार्वाही गरी क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६३।१०।१० मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले निज जगतबहादुर कार्कीलाई कब्जामा लिई कुटपीट गरी यातना दिएको पाइएकोले संलग्न दोषीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित जगत बहादुर कार्कीलाई रु २०००००।- (दुईलाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५।०७।२७ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ११६३, श्री प्र.म.म.का.मा मिति २०७५।९।१८ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न मा.अ.७२१।४८५८ मिति २०७५।९।२९, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.न मा.अ.७२१।१२४३ मिति २०७६।५।१२, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा (ताकेता पत्र) गृह मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. २२२, मिति २०७६।९।२४ को पत्रमा आयोगको सिफारिश बमोजिम रु. २ लाख आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने मन्त्रिपरिषदको मिति २०७६।९।१४ मा निर्णय भएको भन्ने जानकारी प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १००१**

१. **पीडितको नाम, थर र ठेगाना** श्याम सुन्दर के.सी., ठुलो पाखर -६, सिन्धुपाल्चोक ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** सिन्धुपाल्चोक जिल्ला ठुलो पाखर गा.वि.स. वडा नं ६ निवासी श्याम सुन्दर के.सी.लाई मिति २०५९/८/५ गते नेकपा माओवादीका कार्यकर्ताहरूले सुराकीको आरोपमा कुटपीट गरी अंगभंग बनाएकाले दोषीलाई कार्वाही र क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी २०६३।१२।०६ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** आयोगबाट अनुसन्धान हुँदा मिसिल संलग्न अनुसन्धान प्रतिवेदन, शिक्षण अस्पताल महारागञ्जमा उपचार गराएको कागजात, जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक ठुलोपाखर गा.वि.स.सिन्धुपाल्चोकको पत्र र विभिन्न व्यक्तिहरूको बयान तथा भनाईबाट निज श्याम सुन्दर के.सी.लाई तत्कालीन नेकपा माअेवादीका कार्यकर्ताहरूले मिति २०५९/८/५ गते कुटपीट गरी घाइते बनाएको र सोही कारणबाट निज परिवार सहित विस्थापित भएको पाइयो । विस्थापित भए वापत सरकारबाट राहत/क्षतिपूर्ति पाएको देखि पनि उपचार वापत कुनै राहत/क्षतिपूर्ति पाएको देखिएन । तसर्थ घटनामा संलग्न दोषीहरू पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र निजलाई कुटपीट तथा उपचार खर्चतर्फ रु. १,००,०००।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७५।१२।२८ को आयोगको निर्णय ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. २४१४ मिति २०७६।०२।०७ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ./७२१/८७३१ मिति २०७६।०२।१२ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ३३३ मिति २०७६।०२।१२ मा गृह मन्त्रालय मानव अधिकार प्रवर्द्धन शाखाले राहत तथा तथ्यांक व्यवस्थापन शाखालाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १००२**

१. **पीडितको नाम, थर र ठेगाना** प्रकाश परियार, पिपलटारी -१, पर्वत ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पर्वत जिल्ला पिपलटारी गा.वि.स. वडा नं. १ बस्ने प्रकाश परियारलाई मिति २०६४/२/२४ गते नेकपा माओवादी कार्यकर्ताहरूले कुटपीट गरी खुट्टा समेत भाँची दिएकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी यस आयोगको क्षेत्रीय कार्यालय पोखरामा मिति २०६४/४/१४ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** निज प्रकाश परियारलाई तात्कालीन ने.क.पा.माओवादीका कार्यकर्ताहरूले आफ्नो नियन्त्रणमा लिई गम्भिर चोटपटक लाग्ने गरी कुटपीट गरेको पाइएकोले घटनामा संलग्न दोषीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडितलाई उपचारको लागि रु. १,००,०००।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/३० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २८३१ मिति २०७६/३/३० मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह र अर्थ मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह र अर्थ मत्रालयलाई पठाएको च.नं. मा.अ.७२१/३७० मिति २०७६/४/८ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको

आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १००३**

१. **पीडितको नाम, थर र ठेगाना** होम प्रसाद सुवेदी, ठुलीपोखरी -३, पर्वत ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पर्वत जिल्ला ठुलीपोखरी गा.वि.स. वडा नं. ३ निवासी बर्ष ७४ का होम प्रसाद सुवेदीलाई मिति २०६२/१०/२१ गते माओवादी कार्यकर्ताहरूले घरबाटै नियन्त्रणमा लिई घरभन्दा केही पर लगी फलाम, छड लगायत धारिलो वस्तुले प्रहार गरी कुटपीट गरी अंगभंग बनाई छाडेकाले दोषीलाई कार्वाही गरी क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी २०६२।११।१२ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज होम प्रसाद सुवेदीलाई तत्कालीन माओवादी कार्यकर्ताहरूले मिति २०६२/१०/२१ गते आफ्नै घरबाट नियन्त्रणमा लिई घरभन्दा केही पर लगी फलाम रडसहितका हतियारबाट कुटपीट गरी घाइते/अंगभंग बनाएको पाइएकाले निज पीडितलाई रु. १,००,०००।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न तत्कालीन माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७६।०२।१६ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १४२ मिति २०७६।०४।१३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ./७२१/७४७ मिति २०७६।०४।२६ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. २२९ मिति २०७६।०४।२६ मा जिल्ला प्रशासन कार्यालय पर्वत, कुस्माले स्थानीय शान्ति समिति पर्वतमा रहेको रेर्कड अनुसार होमनाथ सुवेदीले रु. २२,७३० र राहत बुझेको भनी गृह मन्त्रालय राहत तथा तथ्यांक व्यवस्थापन शाखालाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १००४**

१. **पीडितको नाम, थर र ठेगाना** पूर्ण प्रसाद पन्त, लिमिठाना -२, पर्वत ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पर्वत जिल्ला लिमिठाना गा.वि.स. वडा नं. २ निवासी पूर्ण प्रसाद पन्तलाई मिति २०६१/१०/१८ गते माओवादी कार्यकर्ताहरूले घरबाट नियन्त्रणमा लिई केही पर लगी ढुंगा, रड समेतले प्रहार गरी अंगभंग बनाई छोडी गएपछी गाउँले समेतको सहयोगमा काठमाडौंको बी.एण्ड बी. अस्पतालमा उपचार गराई रहेकाले क्षतिपूर्ति दिलाई दोषीउपर कार्वाही गरी पाउँ भनी २०६२।०२।२२ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा तत्कालीन माओवादी कार्यकर्ताहरूले निज पीडित पूर्ण प्रसाद पन्तलाई मिति २०६१/१०/१८ गते घरबाटै नियन्त्रणमा लिएपछि केही पर लगी ढुंगा, रड समेतका हतियारले कुटपीट गरी अंगभंग बनाई छाडी गएको पाइएकाले पीडितलाई रु. १,००,०००।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न तत्कालीन दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७६।०२।१६ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १४४ मिति २०७६।०४।१३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ./७२१/७४९ मिति २०७६।०४।२६ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. २२९ मिति २०७६।०४।२६ मा जिल्ला प्रशासन कार्यालय पर्वत, कुस्माले स्थानीय शान्ति समिति पर्वतमा रहेको रेर्कड अनुसार पूर्ण प्रसाद पन्तले रु. ९०,००० र राहत बुझेको भनी गृह मन्त्रालय राहत तथा तथ्यांक व्यवस्थापन शाखालाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्‌बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम सं – १००५**

१. **पीडितको नाम, थर र ठेगाना** दिर्ग बहादुर खत्री, मुलाखर्क -२, ओखलढुंगा ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** ओखलढुंगा जिल्ला मुलाखर्क गा.वि.स. वडा नं. २ निवासी दिर्ग बहादुर खत्रीलाई मिति २०६३/१२/२ गते माओवादी कार्यकर्ताहरू ओखलढुंगा निवासी इतिहास भनिने सुरेश थापा र चन्द्र प्रकाश भनिने च्वाँचे बोगटी समेतले अपहरण गरी कुटपीट गरी चरम शारीरिक तथा मानसिक यातना दिएकाले दोषीलाई कार्वाही गरी क्षतिपूर्ति दिलाई पाउँ भनी २०६४।०६।१० मा आयोगमा दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान भई निणयार्थ पेश भएकोमा जिल्ला प्रशासन कार्यालय ओखलढुंगाको मिति २०६६/११/२५ च.नं. ८३९ को पत्रद्वारा पीडित दिर्ग बहादुर खत्रीको जम्मा रु. ९७,५००।- (सन्तानव्वे हजार पाँच सय) बराबरको क्षति भएकाले सो क्षतिको क्षतिपूर्ति उपलब्ध गराउन शान्ति तथा पुनर्निर्माण मन्त्रालय राहत तथा पुनः स्थापना इकाइलाई अनुरोध गरेको पाइँदा सो पत्र बमोजिम रकम क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरू ओखलढुंगा निवासी इतिहास भनिने सुरेश थापा र चन्द्र प्रकाश भनिने च्वाँचे बोगटीलाई कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७६।०३।१८ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ४२३ मिति २०७६।०५।२२ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/१७५२ मिति २०७६।०५।३१ मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्‌बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १००६**

१. **पीडितको नाम, थर र ठेगाना** ज्ञान बहादुर घिमिरे, केराबारी -९, मोरङ ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरणः** मोरङ जिल्ला, केराबारी गा.वि.स. वडा नं. ९ बस्ने बोल्न नसक्ने ज्ञान बहादुर घिमिरेलाई मिति २०६२/३/१९ गते खेल्न गएको छोराछोरीहरूलाई खोज्न खोलामा गएको समयमा सेनाले अनाहकमा गोली चलाई घाइते बनाएको, हालसम्म पनि खुट्टामा समस्या रहेकाले क्षतिपूर्ति तथा उपचारको लागि पहल गरी पाउँ भनी मिति २०६४/२/२ मा दर्ता भएको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** सेनाले गोली नै चलाउन नपर्ने अवस्थामा अत्याधिक बल प्रयोग गरी गोली चलाएको, तत्काल सेनाले नै उपचार गराई परिवारलाई जिम्मा लगाएको, त्यसपछि निजलाई अपाङ्ग अस्पतालमा २ महिना उपचार

गरी शारीरभित्र रहेको गोली निकालेको, अझै पनि खुट्टामा समस्या रहेको र गोलीको छर्रा शरीरभित्र नै रहेको, आर्थिक अभावका कारणमा खुट्टमा राखेको स्टील पाता झिक्न समेत नसकेको पाइएकाले निजको थप उपचारको लागि आवश्यक पर्ने भए निःशुल्क उपचारको व्यवस्था गर्न, रु. २,००,०००।- (दुई लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन तथा दोषी सैनिकको पहिचान गरी सचेत गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/११ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २६६२ मिति २०७६/३/१५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह, रक्षा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह, रक्षा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाएको च.नं. मा.अ. ७२१/१०१८३ मिति २०७६/३/२७ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । ज्ञान बहादुर घिमिरे सम्बन्धमा सम्बन्धित यूनिटहरूसँग छानबिन गरी जानकारी माग गर्दा सो घटनाको सम्बन्धमा कुनै पनि विवरण प्राप्त नभएको व्यहोरा समेत उल्लेख गरी मिति २०७०/१/१५ को नेपाली सेनाको छायाँकपी पत्र सहित च.नं. १८ मिति २०७६/४/८ को रक्षा मन्त्रालयको जानकारी सम्बन्धमा पत्र ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १००७**

१. **पीडितको नाम, थर र ठेगाना** नर बहादुर मगर, बेलडाँगी, झापा ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६३/१/३ गते झापा स्थित बेलडाँगी शरणार्थी शिविरमा माओवादी कार्यकर्ताहरूले गोली चलाउँदा एक जना प्रहरीको घटनास्थलमा नै मृत्यु भएको र शिविरमा बस्ने नर बहादुर मगरको गोली लागी घाइते भएको, अझै पनि थप उपचार गराउनु पर्ने अवस्था रहेको र आर्थिक अवस्था कमजोर भएकाले उपचारको व्यवस्थाको लागि पहल गरी पाउँ भनी मिति २०६३/१/१३ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज नर बहादुर मगरलाई माओवादी कार्यकर्ताहरूले चलाएको गोली लागी घाइते भएको, हालसम्म पनि छर्रा शरीर भित्रै रहेको र उपचारमा समस्या समेत भएको पाइएकाले पीडित झापा जिल्ला बेलडाँगी स्थित विस्तारित से. A/छाप्रो नं. ७९-७४ भुटानी शरणार्थी शिविरमा बस्ने नरबहादुर मगरलाई रु. २,००,०००।- (दुई लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन, निजलाई थप उपचार आवश्यक भएमा निःशुल्क उपचारको व्यवस्था गर्न र घटनामा संलग्न माओवादी कार्यकर्ताहरूको पहिचान गरी कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/११ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २६६४ मिति २०७६/३/१५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/१०१८१ मिति २०७६/३/२७ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १००८**

१. **पीडितको नाम, थर र ठेगाना** बसन्ती चौधरी, पिप्रा -६, बारा।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बारा जिल्ला पिप्रा गा.वि.स. वडा नं. ६ वसतपुर, स्थायी घर भई कलैया न.पा. वडा नं. ५ रामजानकी टोल बस्ने वसन्ती चौधरीलाई मिति २०६२/११/२६ गते माओवादीद्वारा सुरक्षाकर्मीलाई लक्षित गरी बम विष्फोट गराउँदा सो बमको छर्रा लागि घाइते भएकाले उपचारको व्यवस्थाको साथै क्षतिपूर्ति उपलब्ध गराउन र दोषीलाई कारवाहीको लागि पहल गरी पाउँ भनी मिति २०६४।०९।१८ मा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ४३२९, आयोगबाट अनुसन्धान हुँदा मिति २०६२/११/२५ गते बारा जिल्लाको कलैया न.पा. ५ स्थित रामजानकी टोलमा सुरक्षाकर्मीलाई लक्षित गरी माओवादी कार्यकर्ताहरूले विष्फोट गराएको बमको छर्रा लागि निज पीडित वसन्ती चौधरी घाइते भएको, हालसम्म पनि निजको शरीरमा बमका छर्रा रही थप उपचार समेत आवश्यक रहेको पाइएकाले पीडित बसन्ती चौधरीलाई क्षतिपूर्ति बापत रु. १,००,०००।- (एक लाख मात्र) उपलब्ध गराउन, निजको थप उपचार आवश्यक भएमा सम्पुर्ण उपचार निःशुल्क गर्न र घटनामा संलग्न दोषी तत्कालनि माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७६।३।१८ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ४४७ मिति २०७६।५।२३ गते आयोगबाट निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं मा.अ. ७२१/१७५८ मिति २०७६।५।३१ गते प्रममपकाले आयोगको निर्णय कार्यान्वयनको सम्बन्धमा गृह र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्‌बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्र.सं – १००९**

१. **पीडितको नाम, थर र ठेगाना** भिम बहादुर नेपाली, खानीगाउँ -५, पर्वत।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** पर्वत जिल्ला खानीगाउँ गा.वि.स. वडा नं. ५ घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ९ पुरानो बसपार्क बस्ने भीम बहादुर नेपाली २०६२/०६३ को जनआन्दोलनको क्रममा मिति २०६३/१/६ गते पोखरामा भएको प्रदर्शनमा घाइते भएको हुँदा उपचारमा लागेको खर्च तथा क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय पोखरामा मिति २०६४/३/२ मा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** निजले घाइतेको परिचय पत्र तथा राहत रकम नेपाल सरकारबाट प्राप्त गरिसकेको देखिएको र निजले हालसम्म पनि चेक जाँचगरी औषधि सेवन गरिरहेको देखिएकाले निजलाई निःशुल्क उपचारको लागि व्यवस्था गर्न नेपाल सरकारलाईं सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/३० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २८२० मिति २०७६/३/३० मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह र स्वास्थ्य मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह रस्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/३९१ मिति २०७६/४/८ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**स्वेच्छाचारी पक्राउ**

**क्रम संख्या – १०१०**

१. **पीडितको नाम, थर र ठेगाना** दान बहादुर फडेरा, अदाङ्चुली -१, हुम्ला

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** हुम्ला जिल्ला अदाङ्चुली गाउँपालिका स्थायी घर भई हाल बाँके जिल्ला कोहलपुर न.पा. ११ बस्ने विप्लव कार्यकर्ता भनिने दान बहादुर फडेरालाई विष्फोटक पदार्थ मुद्दामा बाँके जिल्ला अदालतले मिति २०७६।१।८ गतेको आदेशले मिति २०७६।२।३० मा हाजिर हुनु भनी सामान्य तारेखमा छाडिएकोमा प्रहरीले अदालत परिसरबाटै पुन : पक्राउ गर्न खोजेको र निजले असुरक्षित महसूस गरी आयोगको नेपालगञ्ज कार्यालयमा आएकोमा प्रहरीले आयोगको कार्यालय घेराउ गरेकोले मानव अधिकार रक्षा गरी पाउँ भनी आयोगमा मिति २०७६।१।८ मा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** निज दान बहादुर फडेरालाई मिति २०७६।१।८ मा बाँके जिल्ला अदालतको आदेशबाट तारेखमा छाडिएकोमा अदालत परिसरबाट पुनः पक्राउ गर्ने क्रममा सुरक्षाको लागि आयोगको नेपालगञ्ज स्थित कार्यालयमा प्रवेश गरेको समयमा आयोगको कार्यालयलाई नेपाल प्रहरीद्वारा घेरा हाली कार्यालय प्रमुखलाई समेत दवाव दिने कार्य भएबाट आयोगको स्वतन्त्रता, स्वायत्तता र मर्यादामाथि ठाडो हस्तक्षेप भएको आयोगको ठहर रहेको र आयोगको कार्यालयमा शरण लिइरहेका श्री दान बहादुर फडेरालाई सकुशल घर फिर्ता पठाई परिवारको जिम्मा लगाई आयोगलाई जानकारी दिन नेपाल सरकार बाँके जिल्लाका प्र.जि.अ. र बाँकेका प्रहरी प्रमुखलाई निर्देशन दिई लेखी पठाउने, घटनामा संलग्न नेपाल प्रहरीका डिएसपी श्री रमेश बहादुर सिंहको काम कारवाही र व्यवहार सम्बन्धमा आवश्यक छानवीन गरी विभागीय कारवाही गरी आयोगलाई जानकारी दिन श्री नेपाल प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिने, भविष्यमा यस्ता किसिमका घटनाहरू दोहोरिन नदिन आफ्ना मातहतका सबै प्रहरी कार्यालयहरूलाई सचेत गराउन नेपाल प्रहरी महानिरीक्षकलाई निर्देशन दिने भनी आयोगको मिति २०७६।१।९ को आकस्मिक बैठकको निर्णय।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २१७५ मिति २०७६।१।९ को निर्णय कार्यान्वयनको सम्बन्धमा प्रहरी प्रधान कार्यालयलाई पत्राचार। च.नं. २१७७ मिति २०७६।१।९ को निर्णय कार्यान्वयनको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय बाँके र जिल्ला प्रहरी कार्यालय बाँकेलाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति** जिल्ला प्रशासन कार्यालयको च.नं. ५९९५ मिति २०७६।१।१० को पत्र प्राप्त जसमा निज दान बहादुर फडेरालाई निजकी श्रीमति मित्रा पुनको जिम्मा लगाई घर पठाएको जानकारी उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ढ) आवतजावतको अधिकार**

**क्रम संख्या – १०११**

१. **पीडितको नाम, थर र ठेगानाः** लेनिन विष्ट, बनेपा, पनौती रोड, काभ्रेपलाञ्चोक।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** काभ्रेपलाञ्चोक जिल्ला बनेपाको पनौती रोड निवासी लेनिन विष्टलाई थाइल्याण्डको बैकंकमा आयोजना हुन लागेको थ्यगतज ष्ल अयलाष्अित ब्चभबकस ज्भबष्लिन बलम उभबअभ द्यगषमिष्लन तजचयगनज क्यअर्ष्बा भ्लिनबनभ्रभलत विषयक कार्यक्रममा भाग लिन भनी मिति २०७५/५/८ गते रितपूर्वक प्रवेशाज्ञा र टिकट लिई जाने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रवेश गरिसकेको अवस्थामा पुनः फिर्ता बोलाई यात्रा अनुमती रद्धको छाप लगाई यात्रा गर्नबाट वञ्चिन गराएको र व्यक्तिगत सुरक्षामा समेत सरकारबाट गम्भीर खतरा भएकाले स्वतन्त्रतापूर्वक आवत जावत गर्ने अधिकारको रक्षा गरी शान्ति सुरक्षाको बन्दोबस्त गरी पाउन भनी आयोगमा मिति २०७५/५/८ मा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** अतः भविष्यमा राज्यको सुरक्षा, सार्वभौमसत्ता र आम जनस्वास्थ्य जस्ता विषयमा खलल पुग्ने नभएको अवस्थामा कुनै पनि नागरिकको आवत जावतको स्वतन्त्रतालाई सम्मान गर्न र आवतजावतमा बाधा पुग्ने कुनै पनि कार्य नगर्न नगराउन नेपाल सरकारलाई लेखी पठाउने भनी आयोगबाट मिति २०७५/०८/०७ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ११५९ मिति २०७५/९/८ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह र रक्षा मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह मत्रालयलाई पठाएको च.नं. मा.अ.७२१/४८५६ मिति २०७५/९/२९ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ण) नागरिकता प्राप्ती**

**क्रम संख्या – १०१२**

१. **पीडितको नाम, थर र ठेगाना** रोशन विश्वकर्मा, कोशीहरैचा -१, मोरङ ।

२. **उल्लंघनकर्ता** नेपाल सरकार,, जिल्ला प्रशासन कार्यालय, मोरङ

३. **उजूरीको संक्षिप्त विवरण** नागरिकता प्राप्तीको लागि १६ वर्ष उमेर पुरा भएदेखि नै जिल्ला प्रशासन कार्यालयमा स्वर्गिय वुवा कृष्णबहादुर विश्वकर्मा (जन्मको आधारमा नेपाली नागरिकता प्राप्त) र आमा अन्जु विश्वकर्मा (वंशजको आधारमा नेपाली नागरिकता प्राप्त) को समेत नागरिकता लगायत आवश्यक सम्पूर्ण कागजात लिएर गएकोमा पटक पटक धाँउदा समेत नागरिकता नपाएकोले पहिचान पाउनबाट बन्चित भई नेपाली नागरिकको हैसियतबाट विभिन्न पेशा व्यवसाय गर्नबाट समेत बन्चित भई बस्नु परेकोले मेरो आमाको नामबाट नागरिकता पाउन पहल गरी नेपाली नागरिकको पहिचान पाउने अधिकार सुनिश्चित गरिदिनुहुन भन्ने व्यहोराको उजूरी आयोगमा मिति २०७१/१२/२५ मा दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** नेपालको संविधान, २०७२ को धारा ११(३) मा यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि बंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछन् भनी प्रष्ट व्यवस्था भएको सन्दर्भमा नागरिकता ऐन, २०६३ मा स्पष्ट व्यवस्था नभएको भन्ने आधारमा नागरिकता नदिएको पाइएकोले देहाय बमोजिम गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/२३ मा निर्णय भएको ।

क) नेपालको संविधान २०७२ को धारा ११(३) मा भएको व्यवस्था बमोजिम नागरिकता प्रदान गर्न नागरिकता ऐन, २०६३ लाई संशोधन गर्नु पर्ने भए सो समेत गरी प्रदान गर्न र

ख) पीडित रोशन विश्वकर्मा तथा निज जस्तै अन्य नेपाली नागरिकहरूलाई नागरिकता प्राप्त गर्ने संवैधानिक हकबाट वञ्चित नगर्न नगराउन ।

अतः आयोगबाट ठहर भए बमोजिम निर्णयको कार्यान्वयन गरी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम तीन महिनाभित्र सो को जानकारी आयोगलाई उपलब्ध गराइदिनु हुन निर्णयानुसार अनुरोध गरिन्छ ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २६९२ मिति २०७६।०३।२२ मा आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई पत्र पठाई सोको बोधार्थ/कार्यार्थ गृह मन्त्रालयलाई पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको च.नं. मा.अ. ७२१/५३ मिति ०७६/०४/०२ मा गृह मन्त्रालयलाई निर्णय कार्यान्वयनको लागि पत्र पठाइएको र सोको बोधार्थ आयोगलाई प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**त) जातिय विभेद**

**क्रम संख्या – १०१३**

१. **पीडितको नाम, थर र ठेगाना** दलित समुदाय, भरतपुर, चितवन ,

२. **उल्लंघनकर्ता** पूजारी नारायण प्रसाद सापकोटा, मित्रलाल गौतम समेत स्थानीय समूदाय

३. **उजूरीको संक्षिप्त विवरण** चितवन जिल्ला भरतपुर न.पा. वडा नं ६ लंकुस्थित श्री लक्ष्मी वैकटेस मन्दिरमा विश्व तथा राष्ट्रिय शान्तिका लागि सञ्चालित हरिनाम संकिर्तनमा दलित समुदायले भजन टोलीमा समावेश पाउन निवेदन गर्दा प्रवेश

निषेध गरिएको, सो सम्बन्धमा सम्मानित पुनरावेदन अदालत हेटौंडामा रिट परी अदालतबाट प्रवेश फुकुवाको आदेश गर्दा पनि हालसम्म प्रवेशमा बन्देज गरिएको र मिति २०६१।८।१९ गते केही दलित समुदाय उक्त मन्दिरमा प्रवेश गर्न खोज्दा सो मन्दिर व्यवस्थापन तर्फका पूजारी नारायणप्रसाद सापकोटा, मित्रलाल गौतम समेतका व्यक्तिहरूले लाठा, ढुङ्गाको प्रयोग गरी अधार्मिक र अशान्तिपूर्ण कर्तुत गरेकाले तत्काल छानवीन गरी दलित समुदायको मानव अधिकार बहालीका लागि आवश्यक पहल गरिदिन भन्ने व्यहोराको उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. २३४४, आयोगबाट अनुसन्धान हुँदा जिल्ला चितवन भरतपुर नपा वडा नं. ६ स्थित लक्ष्मी वैकटेस मन्दिरमा दलितहरूलाई उक्त समयमा प्रवेश निषेध गरिएको र दलित समुदायका व्यक्तिहरू प्रवेश गर्न खोज्दा झडप भई केही व्यक्तिहरू घाइते समेत भएको पाइएकोले तपसील बमोजिम गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७५।५।१० मा निर्णय गरियो ।

(क) नेपालको संविधान २०७२ मा छुवाछुत तथा भेदभाव विरुद्धको हकलाई मौलिक हकको रुपमा समावेश गरेको, जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय ऐन), २०६८ समेत लागु भइसकेको सन्दर्भमा संविधान तथा ऐन समेतको बर्खिलाप क्रियाकलापहरू दोहोरिन नदिने तर्फ समयमा नै सचेत रहन नेपाल सरकारका सरोकारवाला सम्पूर्ण निकायहरूमा पत्राचार गर्न ।

(ख) नेपालको संविधान २०७२ तथा जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय ऐन), २०६८ को पूर्ण कार्यान्वयन गर्न ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** :

६. **कार्यान्वयनको स्थिति** :

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०१४**

१. **पीडितको नाम, थर र ठेगान** सुमन परियार, मधुमल्ला –३, मोरङ्ग ।

२. **उल्लंघनकर्ता** विद्यालय/शिक्षक

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०७३ साल असोज १२ गते Dalit Online.com मा बरु मर्छु तर त्यो स्कुलमा पढ्दिन शीर्षकमा प्रकाशित समाचार प्रति आयोगको ध्यानाकर्षण भई स्वविवेकमा उजूरी ग्रहण गरी मिति २०७३।१०।२६ मा अयोगमा दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** मिति २०७३ साल असोज १२ गते Dalit Online.com मा बरु मर्छु तर त्यो स्कुलमा पढ्दिन शीर्षकमा प्रकाशित समाचार प्रति आयोगको ध्यानाकर्षण भई स्वविवेकमा उजूरी ग्रहण गरी अनुसन्धान हुँदा निज प्रधानाध्यापकले जातीय विभेद गरेको कुरा पुष्टि हुन नआएको तर जातजातिको आधारमा टिप्पणी गरेकोले विद्यार्थीको आत्मसम्मानमा ठेस पुगेको देखिएकोले शिक्षा मन्त्रालयलाई देहाय बमोजिमको सिफारिश गर्ने निर्णय गरियो ।

१. विद्यालयमा शिक्षकबाट जातिय विभेद तथा जातजाति सम्बन्धी टिप्पणी समेत नगर्न ।

२. विद्यालयमा बालमैत्री व्यवहार गर्न र सबै विद्यार्थीलाई समान रुपमा व्यवहार गर्न भनी आयोगबाट मिति २०७५/१०/२१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १५९३ मिति २०७५/११/३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौंलाई सिफारिश गरेको एवंम गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/५८९५ मिति २०७५/११/७ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरलाई पठाएको मिति २०७५/११/८ को शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको बोधार्थ पत्र । शिक्षा विकास तथा समन्वय इकाई, मोरङ्गलाई पठाएको च.नं.३७६ मिति २०७५/११/२२ को शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०१५**

१. **पीडितको नाम, थर र ठेगाना** मुना साह, सिजुवा -९, मोरङ।

२. **उल्लंघनकर्ता** सशस्त्र प्रहरी बल

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ्ग जिल्ला सिजुवा गा.वि.स. वडा नं. ३ बस्ने मुना साहलाई मिति २०७२ फागुन ५ गते विहान अं. ९:०० बजेको समयमा सौठा चोकको राजवंशी चिया पसलमा छलफल गरिरहेको अवस्थामा वरडंगा गा.वि.स. स्थित चुनीमारी वेश क्याम्पका सशस्त्र प्रहरी निरीक्षक सिताराम पौडेलले निज मुना साहतर्फ औंलो ठड्याउँदै हिन्दी भाषामा यो मान्छे को हो ? हाम्रो मान्छे होइन जस्तो छ ? दक्षिण तर्फको मान्छे हो ? यसको छाला मिल्दैन भनी होच्याउने तरिकाले भनाई राखी रङ्ग हेरेर विभेद गरेकाले छानवीन गरी दोषीलाई कार्वाही गरी पाउँ भनी मिति २०७१।११।२० मा आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरीको आयोगबाट अनुसन्धान हुँदा जुनसुकै नियतले भएपनि सशस्त्र प्रहरी निरीक्षक सीताराम पौडेलले पीडित मुना साहतर्फ लक्षित गरी होच्याउने तरिकाले हिन्दी भाषामा भनाई राखेको वा प्रयोग गरेको पाइएकाले सुरक्षा निकाय जस्तो संवेदनशील निकायमा कार्यरत व्यक्तिले सर्वसाधारण व्यक्तिहरूसँग बोलिचालीकै क्रममा पनि मर्यादित र मानव अधिकारमैत्री भाषा प्रयोग गरी सबैको सम्मान गर्न सम्पूर्ण सुरक्षा निकायहरूमा पत्राचार गरी यस आयोगलाई जानकारी गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/२३ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २६९५ मिति २०७६।०३।२२ मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म. तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइ सोको बोधार्थ/कार्यार्थ गृह मन्त्रालयलाई दिइएको।

६. **कार्यान्वयनको स्थिति**: प्र.म.तथा म.प. को कार्यालयबाट च.नं. मा.अ. ७२१/१७३ मिति २०७६/०४/७ मा निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ आयोगमा प्राप्त।

गृह मन्त्रालयबाट च.नं. १० मिति २०७६/०४/१० मा आयोगको निर्णय कार्यान्वयनको लागि सशस्त्र प्रहरी वल, प्रधान कार्यालयलाई पत्राचार गरेको र सोको बोधार्थ प्राप्त।

सशस्त्र प्रहरी वल, प्रधान कार्यालयले सर्वसाधारण व्यक्तिहरूसंग मर्यादित, सभ्य एवं मानव अधिकारमैत्री भाषा प्रयोग गर्न मातहत सशस्त्र प्रहरी वल नेपालका इकाईहरूमा परिपत्र गरी सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरूलाई निर्देशन दिइएको पत्रको बोधार्थ आयोगमा प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**थ) जीवनको अधिकार**

**क्रम संख्या – १०१६**

१. **पीडितको नाम, थर र ठेगाना** रत्नेश्वर प्रसाद सिंह, व्रह्मपुरी १, रौतहट।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** रौतहट जिल्ला ब्रम्हपुरी गा.वि.स. वडा नं. १ बस्ने ८६ वर्षीय रत्नशवर प्रसाद सिंहलाई २०४१ सालमा ज्यान मुद्दामा सर्वस्वसहित जन्मकैद भई जेलमा रहेको, तोकिएको सजाय भुक्तान गरी जेल मुक्त भएकोमा सर्वस्वहरण भएकाले गाँस, वास, कपासको समस्या हुनको साथै वृद्ध अवस्था भई थप समस्या परेकाले सम्मानित जीवन यापनका लागि आवश्यक पहल गरी पाउँ भनी आयोगमा मिति २०७१/८/२२ मा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश**: कुनै पनि व्यक्ति उपर सर्वस्वसहित जन्म कैदको सजाय भएपछि सो सजाय भुक्तान वा माफी भई कारागार मुक्त भएका व्यक्तिहरूको गाँस, वास, कपासको सम्वन्धमा वर्तमान कानूनहरू मौन रहेको पाइन्छ। यसरी कारागार मुक्त भएका व्याक्तिहरू पनि नागरिक नै भएकाले निजहरूको हकमा पनि मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रावधानहरू आकर्षित हुने नै देखिन्छ। यसर्थ निजहरूको बाँच्न पाउने अधिकारको संरक्षण गर्नुपर्ने दायित्वबाट राज्य विमुख हुन मिल्दैन। साथै यस्ता कारागार मुक्त व्यक्तिहरूको सन्तान पनि सामाजिक तथा पारिवारिक दायित्वबाट विमुख हुन नमिल्ने देखिन्छ। आफ्ना बाबु आमालाई विना कुनै मुल्य स्याहार/सुसार गर्नुपर्ने वा पालन पोषण गर्ने दायित्व

निजहरूमा रहनु स्वभाविकै हो । यसरी सर्वस्व सहित जन्मकैद भई सर्वस्व गुमाएका व्यक्तिहरू कारागार मुक्त भएपछि निजहरूको अबस्था के हुने ? निजहरूको बाँच्न पाउने अधिकारलाई कसरी संरक्षण गर्ने भन्ने सम्बन्धमा राज्य सदैव जिम्मेवार हुन आवश्यक छ। यसका लागि राज्यले कानूनी तथा नीतिगत रुपमा नै व्यवस्था गरी त्यस्ता व्यक्तिहरूको मानव अधिकार संरक्षण गर्न आवश्यक देखिन्छ। उल्लेखित सन्दर्भ समेतका आधारमा पारिवारिक दायित्व समेतलाई विचार गरी पीडित रत्नेश्वर प्रसाद सिंह सहित यस्ता प्रकृतिका पीडितहरूको मानव अधिकार संरक्षण गर्न कानूनी तथा नीतिगत रुपमा नै व्यवस्था गरी कार्य गर्न नेपाल सरकारलाई सिफारश गर्ने भनी आयोगबाट मिति २०७६/०१/११ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २६४९ मिति २०७६/३/१३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह, अर्थ, कानून, न्याय तथा संसदीय मामिला र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह, अर्थ, कानून, न्याय तथा संसदीय मामिला र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/१०१९२ मिति २०७६/३/२७ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

गृह मन्त्रालयबाट च.नं. ०२ मिति २०७६।४।२ मा जिल्ला प्रशासन कार्यालय रौतहटलाई सामाजिक सुरक्षा भत्ता प्राप्त गरे नगरेको जानकारी गराउने तथा सहजीकरण गरिदिने सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**द) न्याय प्रशासन**

**क्रम संख्या – १०१७**

१. **पीडितको नाम, थर र ठेगाना** निर्मला पन्त, भिमदत्त -२, निम्बुखेडा, कञ्चनपुर

२. **उल्लंघनकर्ता:** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका वडा नं २ निम्वुखेडा निवासी वर्ष १३ की निर्मला पन्तको बलात्कार पछि हत्या गरिएको भनिएको घटनामा प्रहरीद्वारा गरिएको अनुसन्धानको प्रभावकारीताका बारेमा मानव अधिकारको दृष्टिकोणबाट राष्ट्रिय मानव अधिकार आयोगद्वारा स्वविवेकमा अनुसन्धान/अनुगमन गर्नको लागि मिति २०७५/४/१७ मा उजूरी ग्रहण गरिएको। उजूरी नं. ७९५ कायम भएको ।

४. **आयोगको निर्णय/सिफारिश** अनुसन्धानबाट प्राप्त तथ्य तथा निष्कर्षका आधारमा राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकारलाई देहाय बमोजिम चार बुँदे सिफारिश गर्दछ :

- माथि उल्लिखित तथ्यहरूको विश्लेषणको आधारमा मेडिको लिगल प्रक्रिया, नमूना संकलन प्रक्रियामा संलग्न अनुसन्धानकर्ता चिकित्सकहरूले विधिप्रक्रिया अनुसार नगरेको र लापरवाही गरेको पाइएकोले संलग्नहरूलाई छानवीनको दायरामा ल्याउन ।
- प्राप्त डी एन ए को 'Autosomal' प्रविधिबाट परीक्षण सम्भव हुँदाहँदै पनि सो नगरी 'YSTR' प्रविधिबाटमात्र परिक्षण गरिएको पाइएको हुँदा यस्तो त्रुटिपूर्ण परीक्षणमा संलग्न प्राविधिकहरूलाई आवश्यक छानवीनको दायरामा ल्याउन । साथै भविष्यमा गरिने यस्ता खाले परीक्षणमा विश्वसनीयता ल्याउन आवश्यक पर्ने सबै परीक्षणहरू गर्न तथा सुविधा नभएको अवस्थामा अन्यत्र पठाउन ।
- घटनाका घाइतेहरू अर्जुन भण्डारी लगायत घाइते सबैको निःशुल्क उपचार गर्न, हालसम्म उपचारमा लागेको खर्च पीडितहरूलाई उपलब्ध गराउन ।
- पृथकीकरण गरिएका डि एन ए नरहेको, संकलित स्वाब बाँकी रहे पनि पुरुष डि एन ए अत्यन्तै न्यून रहेको, लामो समयसम्म भेजिनल स्वाव यथास्थितिमा रहन नसक्नु जस्ता आधारमा बाँकी भेजिनल स्वाववाट थप नतिजामूलक परीक्षणको संभावना अत्याधिक कम रहेको पाईंदा अब यसैमा मात्र भर नपरी 'Human intelegence' को माध्यमद्वारा प्रभावकारी र नतिजामूलक अनुसन्धान जारी राख्न ।

उपरोक्त बमोजिमको विज्ञहरूको प्रतिवेदनमा उठाइएका विषयमा तदनुरुप सुधार गर्दै भविष्यमा हुन सक्ने यस्ता

प्रकृतिका महिला हिंसा तथा अन्य अपराधिक घटनाका सम्बन्धमा प्रभावकारी रुपमा अनुसन्धान गरी दोषी पत्ता लगाई कानून बमोजिम कारवाहीका लागि देहायअनुसार गर्न गराउन राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा ४(१) क बमोजिम नेपाल सरकारलाई चौबिस बुँदे निर्देशन दिने :

- **अपराध अनुसन्धानको लागि छुट्टै अपराध अनुसन्धान विभाग गठन हुनुपर्ने**

  अपराध अनुसन्धानको कार्य प्राविधिक एवं विशेषज्ञताको विषय भएको हुँदा अनुसन्धानमा संलग्न प्रहरीलाई नियुक्त गर्दाकै अवस्थामा विशेष योग्यता र सो अनुरुपको तालिम समेत दिई निजलाई नियुक्तिदेखि अवकाससम्मको पूरा अवधि अनुसन्धानकै कार्य गर्ने जिम्मेवारी सुम्पन्न सक्ने गरी संस्थागत एवं कानूनी व्यवस्था गरिनु पर्ने ।

- **दक्ष जनशक्ति र पर्याप्त स्रोत साधन उपलब्ध हुनुपर्ने**

  अपराध अनुसन्धान पक्षलाइ विशिष्टीकृत गरिनु पर्ने, मुद्दा चल्ने इकाईहरूमा दक्ष जनशक्तिसहित पर्याप्त 'Invesgation kit box' र यस भित्रको गुणस्तरीय सामग्रीहरूको उपलब्धतामा कुनै कमी रहन नहुने प्रवन्ध गर्न ।

- **सि.सि.टि.भि क्यामराको जडान गर्नुपर्ने**

  नागरिकको सुरक्षा गर्नु राज्यको दायित्व हो । तसर्थ, ठूला जनघनत्व भएको क्षेत्रमा, अपराध वढी हुने क्षेत्रका प्रसस्त 'CCTV' क्यामराहरूको जडान गर्नुपर्ने

- **केन्द्रीय स्तरमा गुनासो सुन्ने संयन्त्रको विकास गर्नुपर्ने**

  व.प्र.का/जि.प्र.का वा प्रदेश स्तरीय कार्यालयबाट पनि पीडितको सुनवाई नभएमा केन्द्रीय स्तरमा सुनवाई हुने संयन्त्र विकास गरी सो संयन्त्रको बारे सर्वसाधारणलाई यथेष्ट जानकारी गराउने व्यवस्था गर्नुपर्ने ।

- **पीडित तथा साक्षी संरक्षण गर्नुपर्ने**

  प्रहरीले लागू गरेको **CRIME Action Plan (CAP)** मा उल्लिखित व्यवस्थाहरूलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्न पीडित/साक्षीको सुरक्षा र संरक्षणको व्यवस्थालाई प्रभावकारी रुपमा लागू गर्नुपर्ने ।

- **स्थानीय व्यक्तिलाई अनुसन्धानमा नपठाउने**

  सामान्यतः प्रहरीको जिल्ला नेतृत्वमा स्थानीय व्यक्तिलाई नपठाउने र अनुसन्धानमा संलग्न अधिकारीहरूलाई सम्भव भएसम्म घरपायक जिल्लामा नपठाउने नीति अख्तियार गर्नु पर्ने ।

- **प्रहरीका सूचना संयन्त्र चुस्त दुरुस्त बनाउनु पर्ने**

  प्रहरीका सूचना संयन्त्र जति प्रभावकारी हुन सक्यो अपराध र अपराधिको जानकारी त्यति नै छिटो हुन सक्छ त्यसैले सूचनासंकलन कार्यमा प्रशस्त लगानी आवश्यक हुन्छ । त्यसतर्फ सरकारको ध्यान जानु पर्ने देखिन्छ ।

- **सुरक्षाको लागि अतिरिक्त बल (Reserve Force)को व्यवस्था हुनुपर्ने**

  संभावित झडप हुन सक्नेतर्फ पूर्व सूचना र सोहीबमोजिम तयार रहनुपर्छ । प्रहरीले आवश्यकता अनुसार प्रहरी जनशक्तिको भौतिक उपस्थितिको पूर्वआँकलन गरी सो अनुसार व्यवस्थापन गर्न र न्युनतम बल प्रयोगको सिद्धान्त प्रभावकारी रुपमा लागू गर्न सकिन्छ ।

- विशिष्ट प्रकारको अनुसन्धानमा प्रहरीको supervisonory role को प्रमुख भूमिका रहने हुन्छ । निर्मलाको घटनामा Chain of command को भूमिकालाई मौकामै उचित रुपमा संबोधन नगरेको कारणबाट घटनाले नकरात्मक मोड लिएको परिप्रेक्ष्यमा प्रहरी प्रधान कार्यालयले समयमै सम्बोधन गर्नु पर्ने ।

- **सरकारी चिकित्सक र अनुसन्धान अधिकारीबीच समन्वयको विस्तार हुनपर्ने**

  पोष्टमार्टम र भेजिनल स्वाव जस्ता महत्त्वपूर्ण विषयमा धेरै प्रहरी अनुसन्धान कर्ताहरूमा राम्ररी ध्यान नपुगेको देखिन्छ । सकभर आफै उपस्थित भई चिकित्सकसँग छलफल गर्दा अझ राम्रो नतिजा आउन सक्छ । चिकित्सक र प्रहरी दुवै एकअर्काका परिपुरक हुन । कुनै निश्चित घटनामा एक सन्दर्भमा मात्र नभई सबै घटनामा सहकार्य र सहयोग बढाउनु पर्ने देखिन्छ ।

- **सरकारी वकीलको भूमिका प्रभावकारी हुनुपर्ने**

  कानूनमा अपराध अनुसन्धाको क्रममा सरकारी वकीलको भूमिका महत्त्वपूर्ण हुने र अभियुक्तको वयान गराउँदा रोहवरमा रहनुपर्ने समेतका दायित्वमा चुक्न हुँदैन् । यस घटनामा सरकारी वकीलको भूमिका अपेक्षित हुन

नसकेको सन्दर्भमा भविष्यमा सजगता अपनाउन समुचित निर्देशन र निगरानी हुनपर्ने ।

- **सि.सि .टि.भि कभरेज, सि.डि.आर, एस.एम लोकेटरमा समेत प्रहरीको पहुँच बढाउनु पर्ने**

  अनुसन्धानका टेक्निकल पक्ष जस्तै सि.सि .टि.भि कभरेज, सि.डि.आर, एस.एम लोकेटर एनालिसिसको पहुँच प्रहरीमा हुनुपर्छ । त्यस्तै फेसबुक, युटुव, वाट्सएप जस्ता सामाजिक संजालको डाटा नेपाल प्रहरीले पनि २४ घण्टाभित्र पाउने व्यवस्था गर्न सम्बन्धित पक्षसँग नेपाल सरकारले तत्कालै प्रयास थाल्नु पर्दछ । सि.डि.आरमा ३ महिनासम्म मात्र स्टोरेज हुन सक्ने हुँदा संगीन अपराधको घटनामा त्यस्ताअभिलेखलाई प्रहरीले पुनः प्राप्ति गर्न सक्ने गरी पहुँच बढाउन पर्ने ।

- **केन्द्रीय स्तरमा तथ्याक्तहरूको सुरक्षा हुनुपर्ने**

  राष्ट्रिय स्तरका तथ्याङ्कहरू जो अपराधी पत्ता लगाउने सहज हुन्छ । जस्तै नागरिकता राहदानी, मतदाता परिचयपत्र, अर्धन्यायिक निकायहरूको निर्णय, यातायात, अध्यागमनसंग भएका तथ्याङ्कहरूलाई Central Data bank को रुपमा राखी सोमा प्रहरीलाई अनुसन्धानका क्रममा त्यस्ता सूचना तत्काल प्राप्त हुने व्यवस्था गर्नुपर्ने ।

- **विधिविज्ञान प्रयोगसँग सम्बन्धित निकायवीच समन्वय र सहकार्य हुनु पर्ने**

  गम्भीर प्रकृतिका अपराधमा संकलित भौतिक सबुतको परीक्षणलाई अझ विश्वसनीय परीणाम प्राप्त गर्न अन्य विधिविज्ञान प्रयोगशाला समेतसँग सहकार्य गरी सयुंक्त रुपमा अनुसन्धान एवम् परिक्षण गर्ने कार्यशुरुवात गर्न ।

- **बदनियतपूर्वक अनुसन्धान गर्नेलाई अपराध संहिता ऐन बमोजिम कारवाही गर्नुपर्ने**

  अनुसन्धान अभियोजन वदनियतपूर्वक गर्ने प्रहरी तथा अन्य कर्मचारीलाई मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा ९९ वमोजिम कारवाही गर्नुपर्ने ।

- **सरकारी वकील/अभियोजनकतासँग सहकार्य र समन्वय अझ विस्तार गर्नुपर्ने**

  प्रहरी एवम् अनुसन्धान अधिकारी चिकित्सकबीच सहकार्य र समन्वय भएमा अझ प्रभावकारी अनुसन्धान हुन सक्ने हुँदा सो तर्फ ध्यान दिनु पर्ने ।

- **अनुसन्धान गर्न विशेष टोली गठन हुनुपर्ने**

  मुलुकी फौजदारी कार्यविधि संहिता ऐन २०७४ को दफा १२ ले गम्भीर प्रकृतिका अपराधमा अनुसन्धान तहकिकात गर्न प्रहरी महानिरीक्षक आफैले वा महान्यायधिवक्तासँग परामर्श गरी विज्ञ सहितको अनुसन्धन टोली गठन गर्न सक्ने व्यवस्था हुँदा हुँदै यस्तो गम्भीर प्रकृतिको अपराधमा त्यस्तो टोली गठन गरेका पाईदैन । अनुसन्धानको नाममा थरिथरिका समिति गठन गर्ने समितिका आफ्ना आफ्ना प्रतिवेदन प्रस्तुत हुने तर अपराधी पत्ता लगाउने जस्तो महत्त्वपूर्ण विषयमा समिति प्रवेश नगर्ने र कानूनी आधार पनि नहुने जस्ता कार्यले जनताको अपराध अनुसन्धानप्रति नकरात्मक धारण जन्मने भएबाट यस्ता प्रशासनिक समिति गठन गर्ने कार्यलाई निरुत्साहित गरी कानूनले अधिकार दिएको अधिकार सम्पन्न टोली मात्र गठन गरी अनुसन्धान गर्न ।

- **अनुसन्धानमा "human intellgence" को प्रयोग गर्नुपर्ने**

  निर्मला घटनाको अभियुक्त हालसम्म फेला नपरेको अवस्थामा विशेषतः "human intellgence" जस्ता विशेष अनुसन्धान पद्दतीलाई निरन्तरता दिन ।

- **सावितीमुखी अनुसन्धानलाई भन्दा सबुतमुखी अनुसन्धानलाई जोड दिनुपर्ने**

  हालसम्म पनि प्रहरीको अनुसन्धान सावितिमा नै बढी केन्द्रित देखिएकाले अनुसन्धानलाई सबुतमुखी बनाई अनुसन्धान गर्न गराउन ।

- **गोपनीयताको हकलाई संरक्षण गरिनुपर्ने**

  डी. एन. ए.परीक्षणका नाममा घटनासँग सामान्य सम्बन्ध भएका ब्यक्ति तथा बाबु छोराको एकै साथ परीक्षणले गोपनीयतको हक (Right of privacy) को हनन हुने देखिन्छ । यसतर्फ सम्वन्धित अधिकारी संवेदनशील हुनु जरुरी छ ।

- **अनुसन्धानमूलक कुटनीति (Investigative diplomacy) को प्रयोग गर्नुपर्ने**

  भनिन्छ कानून भन्दा अपराधी दुई कदम अगाडि हुन्छ । वर्तमान अवस्थामा अपराध गर्ने तौरतरिका र विधि फरक

भएको अवस्थामा परम्परागत अपराध अनुसन्धानले अपराधीको पहिचान गर्ने काम कठिन हुन्छ। त्यसैले अपराध अनुसन्धानमा अनुसन्धानगत कुटनीतिकको महत्त्वपूर्ण भूमिका हुने हुँदा यस्ता मुद्दामा यो कुटनीतिको प्रयोग गर्न।

- **फरेन्सिक मेडिको लिगलमा निम्न सुधारहरू गरिनुपर्ने**

  मानव शरीर विरुद्धका अपराधहरूको अनुसन्धानमा मेडिको लिगल जाँच कानूनी चिकित्सकीय परीक्षणले धेरै महत्त्व व राख्ने हुँदा हालसम्म स्वास्थ्य मन्त्रालयले सम्बोधन नै नगरेको र न्यूनतम् व्यवस्थापन पनि हुन नसकेको यो क्षेत्रलाई उचित पहिचान, प्राथमिकता तथा समुचित व्यवस्थापन गरी भएका कानूनी प्रावधान र तयार गरिएका स्तरीय मेडिकोलिगल कार्यविधिहरूको प्रयोग अबिलम्ब गर्नु पर्ने। त्यस्तै गरी मेडिको लिगल जाँच तथा प्रतिवेदन सम्भव भएसम्म फरेन्सिक विशेषज्ञबाट वा सो नभए तालिम प्राप्त चिकित्साकर्मीबाट गर्न गराउन।
- कानूनद्वारा नै उल्लिखित विशेषज्ञहरूको प्रयोग तथा उपयोग जघन्य प्रकारका मृत्यु तथा अन्य आपराधिक गतिविधिहरूमा अनुसन्धानको शुरुकै चरणबाट अनिवार्य रुपमा गरिनु पर्ने।
- विभिन्न क्षेत्रमा संचालित विधि विज्ञान प्रयोगशालालाई छुट्टै ऐन वा बिनियमद्वारा यथाशक्य छिटो व्यवस्थित गर्नुपर्ने। प्रहरी विभाग मार्फत रहेको केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालालाई साधनस्रोत सम्पन्न बनाई निष्पक्ष प्रभावकारी परिणाम दिन सक्ने संस्थाको रुपमा विकास गर्न।
- विधि विज्ञान प्रयोगशालामा Bio Serology, Toxicology तथा डि एन ए विषयमा योग्यता प्राप्त सम्बन्धित विषय विज्ञहरू थप गर्नुपर्ने र आवश्यक उपकरणहरूको व्यवस्था गर्न।
- Standard Operating Procedure for forensic examination सम्बन्धी दिग्दर्शनले निर्धारण गरेका कार्यविधिहरूलाई सबै अस्पतालहरूमा अनिवार्यरुपमा कार्यान्वयन गर्न नेपाल सरकार स्वास्थ्य मन्त्रालयले पहल गर्नुपर्ने जसले गर्दा अपराधजन्य क्रियामा संकलन गर्नुपर्ने भौतिक सवुतलाई ठीक समयमा तोकिएको ढाँचामा उतार्न सकिन्छ। यसले पीडितको अधिकार र पीडकले सजाय कानूनको मर्म पूरा हुने हुँदा सो अनुसार गर्न।
- विभिन्न मुलुकमा झैं नेपालमा समेत डीएनए परीक्षणको आवश्यकता र वैधानिकता, फौजदारी मुद्दामा व्यक्तिले डीएनए परिक्षणका लागि अनिवार्य नमूना दिनुपर्ने बाध्यात्मक व्यवस्था, डीएनए परीक्षणका लागि आवश्यक गुणस्तर सहितको प्रयोगशाला (Accredited laboratory), डीएनए प्रविधिलाई नियमन, नियन्त्रण गर्ने सम्वद्ध विज्ञको समितिसँगै डीएनए डाटाबेश समेत समेटिने 'DNA ACT' निर्माण गरी लागू गर्न गराउन।
- **घटनास्थल विज्ञ अधिकृत (Soco Officer) लाई विशेष तालिम दिनुपर्ने**

  अपराध अनुसन्धानमा Soco Officer का भूमिका महत्त्वपूर्ण हुन्छ निर्मलाको घटनामा तालिम प्राप्त Soco Officer नभएकै कारण पीडितले दिएको सूचनालाई तत्काल कार्यान्वयन गर्न नसकेको र घटनास्थल तथा लाशजाँच मुचुल्का र भौतिक सवुतको संकलन गर्दा सवुत प्रमाणहरू यकिन गर्न कठिनाई उत्पन्न भएको देखिएकोले Soco Officer लाई विशेष तालिम दिई सबै अपराध अनुसन्धान गर्ने युनिटमा पठाउन ।
- **मिडियालाई व्यवस्थित बनाई तथ्यको वास्तविक सूचना संप्रेषण गर्ने संयन्त्रको विकास गर्न गराउन**

  अपराध समेतका सार्वजनिक चासोका विषयमा सामाचार संप्रेषण गर्दा पत्रकार आचार संहिताको पालन गर्न र पत्रकारलाई सूचना प्रवाहित गर्दा तथ्यपरक र प्रमाणबाट पुष्टि हुने सूचना सम्बन्धित निकायले दिनु पर्दछ। सूचना संप्रेषण गर्दा अपराध अनुसन्धानलाई प्रभाव पार्ने खालका विचार तथा धारणाले स्थान नपाउन सम्बन्धित पक्ष सजग हुन भनी आयोगबाट मिति २०७५/१०/०९ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १४१२ मिति २०७५/१०/१३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/५४१८ मिति २०७५/१०/२२ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र।

च.नं. २२, मिति २०७६।४।२० को गृह मन्त्रालयले प्रहरी प्रधान कार्यालयलाई कार्यान्वयनको प्रगति विवरण पठाउने सम्बन्धमा लेखिएको पत्रको बोधार्थ।

च.नं. ४२, मिति २०७६।५।१० को प्रममपकालाई खुलाई पठाएको व्यहोराको गृह मन्त्रालयको पत्रको बोधार्थ प्राप्त।

जसमा आयोगको प्रतिवेदनमा औंल्याइएका विषय र निर्णय/सिफारिश कार्यान्वयन गर्ने गराउने सम्बन्धमा मन्त्रालयबाट विद्यमान कानूनमा संशोधन गरिनुका साथै आवश्यक स्रोत साधनको समुचित व्यवस्था मिलाउने कार्य गरिने व्यहोरा अनुरोध उल्लेख । मन्त्रालयमार्फत प्राप्त प्रहरी प्रधान कार्यालयको जवाफमा निम्न बमोजिम उल्लेख ।

- अपराध अनुसन्धान प्रभावकारी बनाउन २१० प्रहरी इकाइलाई अपराध अनुसन्धानमा अधिकार प्रदान गरी त्यसमा कार्य गर्ने छुट्टै अपराध अनुसन्धान समूहका प्रहरी कर्मचारीहरू खटाई अनुसन्धान भइरहेको ।
- विशेष किसिमको अपराधको अनुसन्धान गर्न छुट्टै व्यूरोहरू स्थापना गरिएको
- प्रहरी अधिकृतहरूलाई अनुसन्धानको लागि घटनास्थल अनुसन्धान आधारभुत (SOCO) तालिम दिइएको ।
- अपराधा अनुसन्धान कार्यमा विशिष्टीकरणको लागि देशभरमा १६ ठाउँमा पोलिग्राफ शाखा तथा जघन्य अपराधहरूको अनुसन्धानको लागि K9 महाशाखा मातहत देशभर ८ ठाउँमा K9 शाखाको स्थापना गरिएको ।
- बजार, सडक, भिडभाड हुने स्थान तथा सम्भावित अपराध हुने स्थानहरूमा CCTV जडान गरिएको ।
- केन्द्रीय स्तरमा गुनासो सुनुवाइका लागि सूचना संकलन इकाइ CICU को व्यवस्था रहेको ।
- आयोगको निर्देशन बमोजिम अनुसन्धानमा human intelligence को प्रयोग गरिएको ।
- प्रयोगशालामा निर्मला पन्तको मुद्दासँग सम्बन्धित vaginal swab नमूनाको DNA परीक्षणमा कुनै त्रुटी नरहेको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १०१८**

१. **पीडितको नाम, थर र ठेगाना** अञ्जु थापा, अनारमनी -३, झापा ।

२. **उल्लंघनकर्ताः** मेची आँखा उपचार केन्द्र ।

३. **उजूरीको संक्षिप्त विवरण** झापा जिल्ला अनारमनी गा.वि.स. वडा नं. ३ बस्ने १५ वर्षिया अञ्जु थापाको आँखाको उपचारको लागि झापा चारपाने-१ स्थित मेची आँखा उपचार केन्द्रमा गई उपचार गराएकोमा त्यहाँका डाक्टरले सामान्य समस्या हो, ठीक हुन्छ कतै जान पर्दैन भनी भनेको र त्यहींको उपचारमा सिमित रहेकोमा पछी ठीक नभएका कारण काठमाडौं स्थित तिलगंगा अस्पतालमा उपचार गराउँदा देव्रे आँखाको पुरै ज्योती गुमेको जानकारी भयो । यसरी मेची आँखा उपचार केन्द्रको लापरवाहीले निज अञ्जु थापाको आँखा नै गुमेको हुँदा छानवीन गरी न्याय पाउँ भनी मिति २०६५/९/३ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** अस्पतालको लापरवाहीको कारण पीडितको आँखाको ज्योती गुमेको, सो वापत पीडितले अस्पतालबाट रु. १ लाख ५० हजार क्षतिपूर्ति प्राप्त गरेको पाईयो । यसरी उपचारमा स्वास्थ्य संस्था एवं चिकित्सक/स्वास्थ्यकर्मीहरूको लापरवाही देखिएकाले उपचारको क्रममा सतर्कता अपनाउन स्वास्थ्य मन्त्रालय मार्फत देशभरीका सम्पुर्ण निजी एवं सरकारी स्वास्थ्य संस्थाहरूलाई निर्देशन सहितको पत्राचार गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/११ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २६५३ मिति २०७६/३/१५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/१०१८८ मिति २०७६/३/२७ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०१९**

१. **पीडितको नाम, थर र ठेगाना** देवकुमार श्रेष्ठ, पृथ्वीनगर-८ हिमाली चोक, झापा ।

२. **उल्लंघनकर्ता** सीमा प्रहरी चौकी पृथ्वीनगर

३. **उजूरीको संक्षिप्त विवरण** श्रीमान देवकुमार श्रेष्ठको २०-२५ जनाको संख्यामा आएका नकावधारी समूहले ढोका फोरी गोली गट्ठा सहित भित्र पसी धारिलो हतियार र गोलिगट्ठा प्रयोग गरी हत्या गरेको साथै श्रीमति गंगामाया श्रेष्ठ र कान्छो छोरा रोहन श्रेष्ठ समेतलाई घाइते बनाई घरमा भएको २७ लाख बराबरको धनमाल समेत लुटि लगेकोले घरबाट झण्डै १,५ कि.मि. को दुरिमा रहेको प्रहरी चौकीमा जानकारी गराउँदा समेत प्रहरीले सहयोग नगरेकोले लिखित रुपमा उजूरी दिएकोमा उक्त उजूरीको बेवास्ता गरी खोजतलासको लागि कुनै प्रक्रिया अगाडि नबढाएको र सो घटनामा सिमा प्रहरी चौकीका प्रमुख हरिकुमार प्रसाई समेत अप्रत्यक्ष संलग्नता रहेको भन्ने व्योहोराको मिति २०६२।२।१३ मा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** झापा जिल्ला पृथ्वीनगर गा.वि.स. वडा नं. ८ बस्ने देव कुमार श्रेष्ठको घरमा मिति २०७१/०१/२९ गते राती २५/३० जनाको हतियार सहितका नकावधारी लुटेराहरू प्रवेश गरी देव कुमार श्रेष्ठलाई हत्या गर्नुका साथै निज देव कुमार श्रेष्ठको श्रीमति गंगामाया श्रेष्ठका र छोरा रोहन श्रेष्ठलाई घाइते बनाई घरमा रहेको झण्डै २७ लाख बराबरको सम्पत्ति लुटी लगेको, घर नजिकै रहेको प्रहरी चौकीबाट सहयोग नभएकोले अपराधीहरूलाई र स्थानीय प्रहरी चौकीका प्र.ना.नि. हरी कुमार प्रसाईलाई कार्वाही गरी क्षतिपूर्ति दिलाई पाउँ भनी दर्ता भएको उजूरी को आयोगबाट अनुसन्धान हुँदा घटना अपराधिक प्रकृतिको भएको, समयमा नै घटनास्थल नगई उदासिनता देखाउने स्थानीय प्रहरी चौकीका प्रमुख प्र.ना.नि. हरी कुमार प्रसाईलाई प्रहरीबाट नै कार्वाही भइसकेको घाइतेहरूको उपचारमा खर्च भएको रकम रु १,२५,६९५।- (एक लाख पच्चीस हजार छ सय पन्चानब्बे मात्र) उपलब्ध गराउन गृह मन्त्रालयलाई लेखी पठाइसकिएको र प्रहरीद्वारा जाहेरी दर्ता गरी अनुसन्धान भइरहेको पाइयो। जिल्ला प्रशासन कार्यालय झापाबाट राहतका लागि सिफारिश भएको रकम हालसम्म पनि पीडितहरूले प्राप्त गरेको नदेखिंदा उक्त रकम तत्कालै पीडितहरूलाई उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/२३ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २६९७ मिति २०७६।०३।२२ मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म. तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइ सोको बोधार्थ/कार्यार्थ गृह मन्त्रालयलाई दिइएको।

६. **कार्यान्वयनको स्थिति** प्र.म.तथा म.प. को कार्यालयबाट च.नं. मा.अ. ७२१/१६९ मिति २०७६/०४/७ मा निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय र अर्थ मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ आयोगमा प्राप्त।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**ध) बाल अधिकार**

**क्रम संख्या – १०२०**

१. **पीडितको नाम, थर र ठेगाना** विवेक वि.क., नारायण न.पा. २, दैलेख।

२. **उल्लंघनकर्ता** नेशनल क्रियसन एकेडेमी

३. **उजूरीको संक्षिप्त विवरण** दैलेख जिल्ला नारायण न.पा. २ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा नागढुङ्गगा ८ बस्ने वर्ष ६ को बालक विवेक वि.क. लाई मिति २०७३/२/१८ गते निज अध्ययनरत विद्यालय नेशनल क्रियसन एकेडेमीको विज्ञान विषय पढाउने शिक्षिकाले गुहकार्य नगरेको निहुमा अनुहारमा कालो मोसो दलेको भन्ने मिति २०७४।२।१९ मा आयोगमा उजूरी दर्ता हुन आएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा शिक्षिकाले कालो मोसो दलेको नभई बच्चालाई पढन उत्प्रेरणा गर्न विरालोको जस्तो जुङ्गा बनाएको भन्ने पाइएको तथा शिक्षिकाले सो कार्यबाट बालकमा परेको आघातप्रति बालक तथा परिवारसँग माफि मागेको भन्ने अनुसन्धानबाट खुल्न आएको साथै विद्यालयका प्रार्चाय ज्ञानेन्द्र थापा समेतबाट उजूरीमाथि न्यायिक छानवीन गर्न समेत अनुरोध गरेको सन्दर्भमा उक्त कार्यले बाल मस्तिकमा पर्न जाने असर र बाल अधिकारप्रति सचेत नभएकोले सम्बन्धित विद्यालयका प्रार्चाय ज्ञानेन्द्र थापा र पीडक शिक्षिका अस्मिता थापालाई सचेत गराई बालमैत्री वातावरण सिर्जना गर्न लेखी पठाउने भन्ने मिति २०७५।१०।२१ को आयोगको निर्णय।

साथै प्रस्तुत उजूरीको आधारमा आयोगबाट देहाय बमोजिमको निर्णय गरी शिक्षा मन्त्रालयलाई सिफारिश गर्ने भनी निर्णय

भएको

१. विद्यालयहरूमा विद्यार्थीहरूलाई शारीरिक तथा मानसिक यातनामुक्त, भयरहित वातावरणमा शिक्षा प्राप्त गर्ने वातावरण सिर्जना गर्न ।

२. विद्यालयहरूमा बालमैत्री वातावरणमा अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गरी शिक्षाको अधिकार सुनिश्चित गर्न ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १५९२ मिति २०७५।११।०३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ./७२१/५८९४ मिति २०७५।११।१२ प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ३५४ मिति २०७५।११।०८ मा शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालयलले कार्यान्वयन सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमीलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ३७५ मिति २०७५।११।१२ मा शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालयलले निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाइ, कास्कीलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**न) आन्तरिक विस्थापन**

**क्रम संख्या – १०२१**

१. **पीडितको नाम, थर र ठेगाना** अश्विनी कुमार चाइ, खुरहुरिया ४, कपिलबस्तु

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कपिलबस्तु जिल्ला खुरहुरिया गा.वि.स. वडा नं ४, निवासी अश्विनी कुमार चाईको घरमा मिति २०६१/११ २५ गतेका दिन नेकपा माओवादीका कार्यकर्ताहरूले घरमा घेरा हाली निजको पाँचै दाजुभाइलाई अपहरण गर्न लाग्दा सोही समयमा सेना आई पुगेकोले छोडी भागी गएको तत् पश्चात डर र त्रासका कारण सपरिवार विस्थापित भएको र सोही दिन नेकपा माओवादीले घरको ताल्चा फोडी घरको सम्पूर्ण धन सम्पत्तिहरू लुटपाट गरी निजकै ट्र्याक्टरमा राखी लगेको र घर तथा ग्यारेजमा वम विष्फोट गराई ध्वस्त गरेकाले विस्थापित भई कृष्णणनगरमा आएको हुँदा आवश्यक क्षतिपूर्ति उपलब्ध गराई दिने सम्वन्धमा मिति २०६२/४/९ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजको घरमा क्षति पुर्याई ट्र्याक्टर समेत लुटी लगेको देखिएकोले तथा निज विस्थापित समेत भएको देखिएकोले निजको सम्पत्तिको क्षतिको मूल्याङ्कन गरी प्रचलित मूल्यमा क्षतिपूर्ति उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २८ बमोजिम नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/०४/२४ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ९३९ मिति २०७५/७/२७ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश एवं गृह र अर्थ मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह र अर्थ मन्त्रालयलाई पठाएको च.नं. मा.अं. ७२१/३१९१ मिति २०७५/८/४ को श्री प्रममपकाको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०२२**

१. **पीडितको नाम, थर र ठेगाना** राम बहादुर बोहरा, कन्याम ४, इलाम ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** इलाम जिल्ला कन्याम गा.वि.स. वडा नं. ४ बस्ने राम बहादुर बोहराको घरमा माओवादी

पार्टीका व्यक्तिहरूले चन्दा मागेकोमा नदिएका कारण मिति २०६२/८/२३ गते म लगायत सबै परिवारका सदस्यहरूलाई घर बाहिर निकाली ताला लगाई दिएका कारण अन्याय भएकाले न्याय दिलाई पाउँ भनी मिति २०६३।०९।०७ मा आयोगमा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा द्वन्दको समयमा नै उजूरी परेको आयोगको टोलीबाट भएको अनुसन्धानबाट निवेदन जिकिर स्थापित भएको पाइएकाले विस्थापित वापत हालसम्म कहिकतैबाट निजले कुनै पनि किसिमको राहत नपाएको समेत देखिंदा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ तथा राष्ट्रिय मानव अधिकार आयोग (उजूरी , कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २८ अनुसार रू. ७५,०००/- (पचहत्तर हजार रुपैंया मात्र) क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।०९।२६ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १४३७ मिति २०७५।१०।१६ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति**च.नं. मा.अ. /७२१/५३७५ मिति २०७५।१०।२० मा प्रममपकाले निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. १४५ मिति २०७५।०३।१० मा गृह मन्त्रालय राहत तथा तस्थांक व्यवस्थापन शाखाले निर्णय कार्यान्वयन सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. २२२, मिति २०७६।९।२४ को पत्रमा आयोगको सिफारिश बमोजिम रु. ७५ हजार आर्थिक सहायता/क्षतिपूर्ति उपलब्ध गराउने मन्त्रिपरिषदको मिति २०७६।९।१४ मा निर्णय भएको भन्ने जानकारी प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोडः** पूर्ण

**क्रम संख्या – १०२३**

१. **पीडितको नाम, थर र ठेगाना** सुरेश गिरी, पृथ्वी नगर -५, झापा ।

२. **उल्लंघनकर्ताः** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** झापा जिल्ला पृथ्वी नगर गा.वि.स. वडा नं ५ स्थित सगरमाथा बजारमा रक्सीको डिलर राखी बसेका सुरेश गिरीको पसलमा मिति २०६१/३/२० गते राती अं. ९:०० बजेको समयमा हतियार सहित आएका माओवादी कार्यकर्ताहरूले सम्पुर्ण मदिरा नष्ट गरी नगद समेत लुटपाट गरी लगेकोले बाध्य भई सो ठाउँ छाडी विस्थापित भई काठमाडौंमा बसी रहेकाले क्षतिपूर्ति उपलब्ध गराई दोषी माथी कार्वाही समेत गरी पाउँ भनी मिति २०६३/११/३० र २०६३/१२/१ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** नेकपा माओवादीका हिक्मत नाम गरेका व्यक्ति सहित झण्डै ३० जनाको समूहले मिति २०६१/३/२० गते राती अन्दाजी ९:०० बजेको समयमा पीडित सुरेश गिरीको पसलमा आक्रमण गरी निजलाई कुटपीट गरी विभिन्न धम्की दिनुका साथै पसलमा रहेको मदिराहरू तोडफोड गरी नगद समेत लुटेको पाइएकाले तोडफोड भएको.सम्पत्तिको तत्कालीन समयमा प्रहरीबाट भएको मुचुल्का समेतलाई मध्ये नजर गर्दै मुल्याकन गरी उचित क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/११ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २६६७ मिति २०७६/३/१५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह र अर्थ मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** :गृह मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/१०१९१ मिति २०७६/३/२७ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**प) आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार**

**क्रम संख्या – १०२४**

१. **पीडितको नाम, थर र ठेगाना** मोहन विक्रम थापा, चिलंखा –९, दोलखा।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** दोलखा जिल्ला चिलंखा गा.वि.स. वडा नं ९ निवासी मोहन विक्रम थापाको मिति २०६१।१।२६ गते नेकपा माओवादीका कार्यकर्ताहरूले आगजनी गरी क्षति पुऱ्याएको साथै सोही वडामा सञ्चालित श्री बाल प्रगती इङ्गलिस स्कूलको भवन भत्काई तोडफोड समेत गरी क्षति पुऱ्याएकोले क्षतिपूर्तिको लागि आवश्यक पहल गरी पाउँ भनी मिति २०६७।२।२४ मा आयोगमा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय ⁄ सिफारिश** अयोगबाट अनुसन्धान हुँदा २०६१ सालमा तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले निज मोहनविक्रम थापाको घरमा आगो लगाई क्षति पुऱ्याएको सोही वडामा सञ्चालित बालप्रगती इङ्गलिस स्कूलमा समेत तोडफोड गरी क्षति पुऱ्याएको पाइएकोले नियमानुसार क्षति निर्धारण गरी क्षतिको कानून बमोजिम मूल्याङ्कन गरी निज पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई आयोगलाई सोको जानकारी दिन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।०५।१० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२०९, श्री प्र.म.म.का.मा मिति २०७५।९।२५ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं २९७, मिति २०७५।११।७, गृह मन्त्रालय, राहत तथा तथ्यांक व्यवस्थापन शाखाबाट जानकारी सम्बन्धमा आयोगलाई पत्र प्राप्त।

च.न मा.अ.७२१।४८७० मिति २०७५।१०।६, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**स्वास्थ्यको अधिकार**

**क्रम संख्या – १०२५**

१. **पीडितको नाम, थर र ठेगाना** झापा जिल्ला र विराटनगरका गाउँका नागरिकहरू

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** गाउँ/गाउँमा झोले डाक्टर, प्रशासन वेखबर भनी मिति २०७२/४/२५ गते पूर्वाञ्चल दैनिक पत्रिकामा प्रकाशित समाचारका आधारमा आयोगबाट मिति २०७२/४/२७ मा स्वविवेकमा उजूरी ग्रहण गरिएको।

४. **आयोगको निर्णय ⁄ सिफारिश** झोले डाक्टरको विगविगी भएको पाइएकाले देहाय बमोजिमको नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/१०/२१ मा निर्णय भएको।

१. स्पष्ट पहिचान नभएका घुमन्ते चिकित्सकहरूले घर घरमा गई औषधि विक्री वितरण गरी जनस्वास्थ्य जस्तो गम्भीर र संवेदनशील विषयमा खुलेआम अनियमित कार्य गरिरहेको देखिदा त्यस्तो कार्यलाई नियन्त्रण गर्न सम्बन्धित निकायबाट प्रभावकारी रुपमा अनुगमन गर्न र दोषी देखिएका व्यक्तिहरूलाई कानून बमोजिम कार्वाही गर्न।

२. स्वास्थ्य केन्द्रहरूमा पर्याप्त मात्रामा औषधीहरू उपलब्ध गराउन तथा स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्न।

३. यस प्रकारको विकृतिको रोकथाम गर्न प्रादेशिक तथा स्थानीय सरकार समेतलाई क्रियाशिल तुल्याउन र मेडिकल काउन्सिल स्वास्थ्य मन्त्रालय, गृह मन्त्रालय समेतलाई सक्रिय बनाउन।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १५९० मिति २०७५/११/३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह, शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेपाल मेडिकल काउन्सिललाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह, शिक्षा, विज्ञान तथा प्रविधि र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाएको च.नं.

मा.अ.७२१/५८९१ मिति २०७५/११/१२ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । निर्णय कार्यान्वयन सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई पठाएको च.नं. २७७ र २७८ मिति २०७५/११/२८ को गृह मन्त्रालयको बोधार्थ पत्र । निर्णय कार्यान्वयन सम्बन्धमा जिल्ला समन्वय समितिको कार्यालय, महोत्तरी र जिल्ला प्रहरी कार्यालय, महोत्तरीलाई पठाएको च.नं. ५४१७ मिति २०७५/१२/१ को जिल्ला प्रशासन कार्यालय महोत्तरीको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १०२६**

१. **पीडितको नाम, थर र ठेगाना** भरौल गा.वि.स.का सर्वसाधारण, सुनसरी ।

२. **उल्लंघनकर्ता** :स्वास्थ्य चौकी प्रमुख उमेश प्रसाद मेहता ।

३. **उजूरीको संक्षिप्त विवरण** स्वास्थ्य चौकी छेउमा अबैध मेडिकल संचालन गरेका र स्वास्थय चौकीमा सेवा लिन आउने बिरामीलाई आफ्नो मेडिकलबाट औषधी किन्न बाध्य पार्ने र नेपाल सरकारको स्वास्थ्य चोकी मार्फत दिइने सम्पुर्ण सेवालाई निशुल्क गर्ने निति भएपनि हेल्थ असिस्टेन्ट समेत रहेका मेहताले स्वास्थ्य चौकीमा आउने बिरामीलाई स्वास्थ्य चौकीबाट २० मिनेटको दुरीमा रहेको आफ्नो बराहा उपचार तथा ल्याब क्लिनिकमा औषधि किनाउने गरेको भन्ने व्योहोराको उजूरी यस कार्यालयका मिति २०७३/०४/२५ मा स्वविवेकमा दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** सुनसरी जिल्ला भरौल गा.वि.स. स्थित स्वास्थ्य चौकी प्रमुख उमेश प्रसाद मेहताले स्वास्थ्य चौकी छेउमा अवैध मेडिकल र उपचार तथा ल्याब क्लिनिक संचालन गरी स्वास्थ्य चौकीमा सेवा लिन आउने विरामीलाई आफ्नो मेडिकलबाट औषधी किन्न बाध्य पार्ने गरेको भनी प्रकाशित समाचारलाई स्वविवेकमा ग्रहण गरी दर्ता भएको उजूरी को आयोगबाट अनुसन्धान हुँदा सो स्वास्थ्य चौकी नजिकै रहेको मेडिकलमा सेवाग्राहीलाई औषधी किन्न बाध्य बनाएको भन्ने नपाइएपनि सो ठाउँमा रहेको मेडिकल पसल कानून बमोजिमका निकायहरूमा दर्ता नगरी र अनुमति नलिई सञ्चालनमा रहेको पाइएकाले कानूनी प्रकृया पुरा नगरी करको दायरा भन्दा बाहिर रही सञ्चालनमा रहेका सम्पूर्ण मेडिकल पसलहरूलाई कानूनी तथा करको दायराभित्र ल्याएर मात्र सञ्चालन गर्ने गराउन व्यवस्थाको लागि स्वास्थ्य मन्त्रालय मार्फत सम्पूर्ण यस सम्बन्धी निकायहरूमा पत्राचार गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २६९३ मिति २०७६।०३।२२ मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म. तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइ सोको बोधार्थ/कार्यार्थ गृह मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाइएको ।

६. **कार्यान्वयनको स्थितिः** प्र.म.तथा म.प. को कार्यालयबाट च.नं. मा.अ. ७२१/१७५ मिति २०७६/०४/७ मा निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ आयोगमा प्राप्त ।

गृह मन्त्रालयबाट च.नं. ११ मिति २०७६/०४/१० मा आयोगको निर्णय कार्यान्वयनको लागि जिल्ला प्रशासन कार्यालय, सुनसरीलाई पठाइएको र सोको बोधार्थ आयोगलाई प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – १०२७**

१. **पीडितको नाम, थर र ठेगाना** टेकराज गिरी, इटहरी -४, सुनसरी ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** सुनसरी जिल्ला, इटहरी उ.प.न.पा.-४ बस्ने टेकराज गिरी मिति ०६८/०८/१७ गते काम गर्ने ठाँउ (कपडा पसल) तर्फ गइरहेको बेलामा बेवारिसे अवस्थामा फेला परेको बम नेपाली सेनाले डिस्पोज गराईरहेको समयमा आफै बिस्फोट भई उक्त बमको छर्राले लागि घाइते भएको र सोको उपचारको लागि नौ लाख भन्दा बढी लागेको र सोको उपचार खर्च कहि कतैबाट उपलब्ध नभएको भनी मिति २०६८।९।१८ मा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** स्वास्थ्य उपचारको अधिकार, सुनसरी जिल्ला इटहरी न.पा.-४ बस्ने टेकराज गिरी २०६८/८/१७ गते आफ्नो कपडा पसलतर्फ गइरहेको अवस्थामा इटहरी चोकमा रहेको बेवारिसे बमलाई सेनाले डिस्पोज गर्न लाग्दा अकस्मात पड्किन गई उक्त बमको छर्रा लागी घाइते भएकोमा उपचारमा नौ लाख भन्दा बढी खर्च लागेको, कहि कतैबाट कुनै राहत प्राप्त नभएकाले क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी दर्ता भएको उजूरी को आयोगबाट अनुसन्धान हुँदा निजले उपचार खर्च भनी नेपाल सरकार तथा अन्य निकायहरूबाट समेत रकम प्राप्त गरेको देखिंदा र अझै पनि समय समयमा विशेष गरी जाडो समयमा समस्या बल्झने गरेको भन्ने पीडितको भनाई रहेको देखिंदा सोही बमको छर्राका कारण निजलाई आगामी दिनमा थप उपचार गर्न पर्ने देखिएमा निजको सम्पूर्ण उपचार निःशुल्क गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/२३ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. २६९१ मिति २०७६।०३।२२ मा आयोगको निर्णय कार्यान्वयनको लागि प्र.म. तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइ सोको बोधार्थ/कार्यार्थ गृह मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाइएको।

६. **कार्यान्वयनको स्थिति**ः प्र.म.तथा म.प. को कार्यालयबाट च.नं. मा.अ. ७२१/५२ मिति २०७६/०४/२ मा निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाइएको पत्रको बोधार्थ आयोगमा प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०२८**

१. **पीडितको नाम, थर र ठेगाना** कर्णाली अञ्चलका पाँचवटै जिल्लाका सर्वसाधरणहरू

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** कर्णाली अञ्चलका पाँचवटै जिल्लाहरू जुम्ला, मुगु, हुम्ला, कालिकोट र डोल्पामा बस्ने सर्वसाधारणहरूले सरकारबाट निःशुल्क वितरण गरिने भनिएका औषधी नपाएका, स्वास्थ्य केन्द्रहरूमा स्वास्थ्यकर्मीहरू नबस्ने लगायतका समस्याहरूको बारेमा मिडियामा आएका समाचारहरूलाई आधार मानी स्वविवेकमा मिति २०७१।११।१० गते आयोगमा दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा विभिन्न पत्रपत्रीकाहरूमा आएजस्तो पाइएकाले तपसिल बमोजिम गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७६।०२।१६ मा आयोगबाट निर्णय भएको।

(क) देशभरीका सम्पूर्ण स्वास्थ्य केन्द्र तथा स्वास्थ्य संस्थाहरूमा दरवन्दी अनुसारको स्वास्थ्यकर्मीहरूको अनिवार्य व्यवस्था मिलाउन।

(ख) नेपाल सरकारबाट निःशुल्क रुपमा उपलब्ध गराइने औषधिहरू सवै स्वास्थ्य संस्थामा समयमा नै उपलब्ध गराई वितरण गर्न।

(ग) यस कार्यका लागि स्थानीय तहसँग समेत आवश्यक समन्वय गर्ने।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १४६ मिति २०७६।०४।१३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**शिक्षाको अधिकार**

**क्रम संख्या – १०२९**

१. **पीडितको नाम, थर र ठेगाना** चाँदनी थापा, धवाङ ८, रोल्पा।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** रोल्पा जिल्ला धवाङ गा.वि.स. वडा नं. ८ घर भई हाल रोल्पा न.पा. वडा नं. १० बस्ने बालिका चाँदनी थापाको बुबा भारतमा भनी गएकोमा ७/८ वर्ष भईसक्दा पनि फर्कनु नभएको तथा सम्पर्कमा नआए पछि

आमाले अर्को विवाह गरी गएको र फुपुको घरमा बसेकोमा फुपुले समेत घरबाट निकालेपछि निज होटलमा काम गरी तथा निजका बहिनीहरू सुन्तला बेचेर गुजारा चलाइरहेको पढ्न नपाएकोले पढ्न पाउने अवस्थाको लागि पहल गरिपाउँ भनी आयोगमा मिति २०६३/७/२६ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** अनाथ तथा असहाय बालबालिकाले समेत पढ्न सक्ने वातावरण मिलाई बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्ने व्यवस्था मिलाउन शिक्षा मन्त्रालयलाई लेखी पठाउन नीतिगत निर्णय गर्ने भनी आयोगबाट मिति २०७५।१०।२१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचारः** आयोगबाट च.नं. ... मिति २०७५/११/३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार काठमाडौँलाई सिफारिश गरेको ।

६. **कार्यान्वयनको स्थिति** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/५८९६ मिति २०७५/११/१२ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र । रोल्पा नगरपालिका, रोल्पालाई पठाएको च.नं. ३५५ मिति २०७५/११/८ को शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**फ) रोजगारीको हक**

**क्रम संख्या – १०३०**

१. **पीडितको नाम, थर र ठेगाना** बसन्ती उराव, पूर्व कुसाहा ६, सुनसरी ।

२. **उल्लंघनकर्ता** जिल्ला स्वास्थ्य कार्यालय सुनसरी

३. **उजूरीको संक्षिप्त विवरण** सुनसरी जिल्ला पूर्व कुसाहा गा.वि.स वडा नं. ६ बस्ने बसन्ती उरावले श्री पूर्वाञ्चल स्वास्थ्य सेवा निर्देशनालय धनकुटाले च.नं. ९१७ मिति २०६९/११/१६ गते जिल्ला जनस्वास्थ्य कार्यालय सुनसरी अन्तर्गत पदस्थापना हुने गरी ल्याब असिष्टेन्ट पदमा अस्थायी नियुक्ति गरी मिति २०६९/११/२१ गतेदेखि जिल्ला स्वास्थ्य कार्यालय सुनसरी अन्तर्गत इनरुवा अस्पतालमा मिति २०७०/०२/२८ गतेसम्म काम गरेको तलब पाउँ भनी मिति २०७०/४/८ मा आयोगको क्षेत्रिय कार्यालय विराटनगरमा दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजले जिल्ला स्वास्थ्य कार्यालय ,जनस्वास्थ्य शाखा सुनसरीमा ल्याब असिष्टेन्ट पदमा मिति २०६९/११/२२ देखि २०७०/२/२८ गते सम्म हाजिर गरी काम गरेको देखिएकाले सो अवधिको तलब उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/१०/२१ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. १५९१ मिति २०७५/११/३ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम स्वास्थ्य र अर्थ मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** स्वास्थ्य तथा जनसंख्या र अर्थ मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/५८९३ मिति २०७५/११/१२ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०३१**

१. **पीडितको नाम, थर र ठेगाना** अनुप रेग्मी, इटहरी ४, सुनसरी ।

२. **उल्लंघनकर्ता** श्री अरुण सेक्युरिटी

३. **उजूरीको संक्षिप्त विवरण** सुनसरी जिल्ला इटहरी उ.प.म.न.पा. वडा न. ४ बस्ने अनुप रेग्मी २०७३ साल फागुन महिनाबाट इटहरी स्थित श्री अरुण सेक्युरिटी मार्फत सुनसरी जिल्ला नरसिंह -१ स्थित अरविन्द पल्प एण्ड पेपर मिल्स प्रा.ली. नामक कम्पनीमा सुरक्षा गार्ड पदमा कार्यरत रहेको अवस्थामा मिति २०७३/०२/२१ गतेका दिन सो मिलका सञ्चालकले मेसिनमा काममा लगाउँदा निज अनुप रेग्मीको देब्रे खुट्टा मेसिनमा परी भाँचिएपछि कम्पनीले उपचार नगराएको हुँदा मिति २०७३/०३/१७ मा श्रम कार्यालय विराटनगरमा निवेदन गरेकोमा कुनै निर्णय नभएपछि मिति २०७३/१०/२६

मा उक्त कम्पनी र पीडित विच सम्झौता भएको र सम्झौता बमोजिमको रकम समेत नपाएको, रकम बुझिसकेको भनी किर्ते भर्पाइ व्यवस्थापनले पेश गरेकाले छानवीन गरी एक वर्षको पारिश्रमिक र सम्झौता बमोजिमको रकम दिलाई पाउँ भनी २०७४।१०।२३ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा पीडित अनुप रेग्मी र कम्पनीको व्यवस्थापनबीच मिति २०७३/१०/२६ मा सम्झौता हुँदा रु. २,६०,०००।- (दुई लाख साठी हजार मात्र) उपचार वापत कम्पनी व्यवस्थापनले पीडित अनुप रेग्मीलाई दिने सहमती भएको पाइयो । सोहि अनुसार तत्कालै साठी हजार रुपैया पीडितले बुझीसकेको र बाँकी दुई लाख मध्ये एक लाख रुपैयां पीडितको बुवा कृष्ण प्रसाद रेग्मीले बुझिलिएको भनी कम्पनी व्यवस्थापनले भर्पाइ पेश गरे पनि पीडितले आफुले सो एक लाख नबुझेको, भर्पाइमा उल्लेखित सहिछाप किर्ते हो भनी जिकीर लिएपछि सो एक लाख रुपैयाको सम्बन्धमा विवाद भएको पाइयो । सो विवादको निरुपण नभएसम्म बाँकी एक लाख रुपैया पीडितलाई नबुझाउने भन्दै कम्पनी व्यवस्थापनले श्रम कार्यालय विराटनगरको धरौटी खातामा जम्मा गरेको पाइयो । यस्तो अवस्थामा किर्ते दाबी गरी विवादित भएको विषय बाहेक श्रम कार्यालय विराटनगरको धरौटी खातामा कम्पनी व्यवस्थापनले जम्मा गरेको रकम पीडितलाई नदिइ रोक्का राख्नुपर्ने कुनै कारण नदेखिंदा श्रम कार्यालय विराटनगरमा कम्पनीको व्यवस्थापनले जम्मा गरेको मिति २०७३/१०/२६ को सम्झौता बमोजिम पीडित अनुप रेग्मीलाई बुझाउनु पर्ने रु. १,००,०००।- (एक लाख रुपैया मात्र) तत्कालै पीडित अनुप रेग्मीलाई बुझाउन श्रम तथा रोजगार मन्त्रालय मार्फत श्रम कार्यालय विराटनगरलाई आवश्यक निर्देशन दिने र श्रम कार्यालय विराटनगरका तत्कालीन प्रमुख (कारखाना निरिक्षक) श्री मणीराम गोपको कार्य मानव अधिकारमैत्री नपाइएकाले निजलाई एक पटकको लागि सचेत गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७५।१२।०८ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं २३६७, श्री प्र.म.म.का.मा मिति २०७६।१।३१ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ब) स्वच्छ वातावरणको अधिकार**

**क्रम संख्या – १०३२**

१. **पीडितको नाम, थर र ठेगाना** सोराभाग, दर्वेशा, बबियाबिर्ता गा.वि.स. तथा रंगेली न.पा. का करीव १५०० स्थानीयवासीहरू मोरङ

२. **उल्लंघनकर्ता** विराट पोल्ट्री फार्म

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ्ग सोराभाग, दर्वैशा, बवियाविर्ता गा. वि.स.तथा रंगेली न.पा.का करिब १५०० स्थानीय व्यक्तिहरूको हस्ताक्षर सहित साविक सोराभाग गा.वि.स.वडा नं. ९ मा अवस्थित विगत २०६८ सालदेखि संचालनमा आएको विराट पोल्ट्री फार्मबाट निस्किएको फोहोर र्दुगन्ध र प्रदुषणले फर्म हाउसका कारण आसपासका क्षेत्रमा झिंङ्गाको प्रकोप बढी स्थानीय जनतामा रोग फैलन गई विरामी भएको, समस्याको समाधानको लागि पटक -पटक पोल्ट्री फर्म संचालकलाई सचेत गराउँदा पनि कुनै सुनुवाई नगरेको सो पोल्ट्री फर्मको मापदण्डको उचित र न्यायिक छानवीन गरी उक्त फर्म खारेज गरी स्वच्छ वातावरणमा बस्न पाउँ भन्दै स्थानियवासीले गरेको शान्तिपुर्ण आन्दोलनमा प्रहरीद्वारा अनावश्यक बल प्रयोग गरिएकोले घाइतेको उपचार खर्च तथा जनताको जीउ धनको सुरक्षा एवं विराट पोल्ट्री फर्म खारेज गरी स्वच्छ वातावरणमा जीउने अधिकारको सुनिश्चित गरी पाउँ भनी क्षे. का. विराटनगरमा मिति २०७३।०३।२० र मिति २०७३।०३।२६ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** माथिको उजूरी को सम्बन्धमा अनुगमन तथा अनुसन्धान हुंदा पोल्ट्री फर्म सञ्चालन भएका सबै ठाँउमा बसोबास गर्ने समुदायहरूको अधिकारसँग सम्बन्धित विषय भएको हुंदा निम्न बमोजिमको नीतिगत निर्णय गरी नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।०४।२४ को आयोगको निर्णय ।

   १. स्वास्थ्यको अधिकार मानव अधिकारको आधारभूत विषय भएबाट यस प्रकारको फर्म तथा फर्मको संचालन गर्दा मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्न नहुने कुरामा विशेष सचेतनाको खाँचो छ । यसर्थ पोल्टी फर्म सञ्चालन हुने क्षेत्रको

वातावरणीय पक्षलाई समेटी वातावरणीय परीक्षण (IEE/EIA) स्वीकृत गराई सोही परीक्षण बमोजिम कार्य गर्न ।

२. यसप्रकारको फर्म लगायत अन्य पशुपालन फर्म सञ्चालन गर्न स्वीकृत दिने तथा अनुगमन गर्ने विषयमा विज्ञहरूको सहयोगमा निश्चित निर्देशिका जारी गरी कार्यान्वयन गर्न ।

३. यस प्रकारको फर्मको सम्बन्धित निकायबाट नियमित अनुगमन गरी कानून बमोजिम कार्य गराउन ।

४. मानव स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउने खालका पोल्ट्री फर्म बंगुर पालन लगायतका पशुपालन फर्म स्वीकृति गरी सञ्चालन गर्ने गराउने, फर्म/हाउस विना अनुमति संचालन गर्न नदिन र संचालित फर्म/हाउस लगायतले परिचालन गर्नुपर्ने न्यूनतम शर्त निर्देशिकामा समावेश गरी परिपालन गरी, गराई मानव अधिकार संरक्षण सुनिश्चित गर्नुपर्ने ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ९३१ मिति २०७५।०७।२७ मा निर्णय कार्यान्वयनको लागि सिफारिश गरिएको सम्बन्धमा प्रममपकालाई पत्राचार गरिएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. मा.अ.३२२१, मिति २०७५।८।४ को गृह, कृषि तथा पशुपंक्षी विकास, स्वास्थ्य तथा जनसंख्या, वन तथा वातावरण मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०३३**

१. **पीडितको नाम, थर र ठेगाना** काठमाडौं उपत्यकामा बस्ने मानिसहरू, काठमाडौं ।

२. **उल्लंघनकर्ता** नेपाल सरकारका सम्बद्ध निकायहरू

३. **उजूरीको संक्षिप्त विवरण** काठमाडौं उपत्यकामा विकास निर्माण सम्बन्धी लगायतका कार्यवाट स्वच्छ वातावरण प्रदूषण भएकोले जनमानसमा गम्भीर स्वास्थ्य सम्बन्धी असर पुगेको र सम्मानित सर्वोच्च अदालतवाट वातावरण सम्वन्धमा भएका आदेशहरूको समेत सम्बन्धित निकायले पालना नगरेको कारण वातावरण प्रदुषणमा वृद्धि भएको हुँदा छानवीन तथा आवश्यक पहल गरी पाउँ भनी मिति २०७३।११।१० मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुगमन तथा अनुसन्धान हुँदा काठमाडौं उपत्यकाभित्र विकास निर्माण सम्बन्धि विभिन्न परियोजनाहरूको कार्यान्वयनका क्रममा निस्कने धुलोको कारण, सवारी साधनहरूबाट फ्याँकिने धुवाँ तथा धूलोको कारण, विभिन्न कल कारखानाहरू तथा अस्पतालबाट सृजित तथा निस्काशित रसायनयुक्त फोहोरमैलाको कारण, उपत्यकाभित्र सञ्चालित ईट्टाभट्टाबाट निस्काशित धुवाँ धुलोको कारण, उपत्यकाको फोहोर संकलन कार्य नियमित र व्यवस्थित नहुँदा सो बाट निस्किएको फोहोरजन्य पदार्थहरूका कारण, उपत्यकाभित्रबाट संकलित फोहोरको व्यवस्थित र वैज्ञानिक विर्सजन र स्थायी विर्सजन स्थलको अभावका कारण सो बाट निस्किएको लिचर्ड लगायतका फोहोरहरूबाट, ढल तथा खाने पानीको सुरक्षित र व्यवस्थित निकास तथा वितरण नभएका कारण सोबाट सृजित फाहोरहरूबाट, निजी निर्माण गर्दा निर्माण सामाग्रीहरू सार्वजनिक स्थल तथा सार्वजनिक सडक पेटीमा थुपारिएका कारण सोबाट सृजित फोहोर तथा धुलोबाट उपत्यकाको वातावरण दुषित हुन गई मानव स्वास्थ्यमा गम्भीर असर परी उपत्यकावासीहरूको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक हनन् हुनुको साथै मानव अधिकार उपभोगमा गम्भीर असर पर्न गएको पाइएकाले देहाय बमोजिम गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।७।२७ मा निर्णय भएको ।

१. **विकास निर्माणका कार्य सम्वन्धमा**

(**क**) विकास निर्माण सम्बन्धि आयोजना सम्पन्न गर्नु अघि पूर्णरुपमा आयोजनाको विश्लेषण गरी विकासमा मानव अधिकारमुखी पद्दति अवलम्बन गरी आयोजनाको थालनी र कार्य सम्पन्न हुने समयसम्मको तालिका बनाई त्यसलाई पूर्ण पालना भए नभएको सम्वन्धमा सम्बन्धित निकायहरूले नियमित स्थलगत अनुगमन गर्न ।

(**ख**) विकास निर्माण सम्बन्धि आयोजनाको सम्झौता गर्दा उक्त सम्झौता गर्ने ठेकेदारहरूलाई निर्माणाधीन कार्य क्षेत्रबाट निस्कासित भएको प्रदुषण नियन्त्रण सम्बन्धी कानूनी प्रावधनहरूको अवलम्बन गरी समयसिमा भित्र कार्य सम्पन्न गर्ने लगायतका मानव अधिकारमैत्री वातावरणको पूर्णपालना गराउन र सो को नियमित रुपमा अनुगमन गर्न । सो सम्बन्धी कानूनको पुर्ण रुपमा परिपालन गर्ने व्यवस्था मिलाउन ।

(**ग**) विकास निर्माणका कार्यलाई एकिकृत रुपमा सञ्चालन गर्न एकिकृत विकास प्रणालीको व्यवस्था गरी व्यवस्था

मिलाउन ।

(घ) विकास निर्माणको कार्य सुरुवात गर्नु अघि सम्बन्धित स्थानीय वासिन्दा र सम्बन्धित कार्यवाट प्रभावीत हुने सरोकारवाला निकायहरूको बीचमा अधिकतम समन्वय गर्न ।

२. **सवारी साधन व्यवस्थापन, मापदण्ड र कानूनको कार्यान्वयन सम्वन्धमा :**

(क) नेपाल सरकारले लागू गरेको मापदण्ड सबै सरोकारवालाहरूको लागि बाध्यात्मक भएकाले सो को पालना भए नभएकोतर्फ सम्बन्धित अनुगमनकारी निकायहरूबाट प्रभावकारी अनुगमन गरी कानून बमोजिम कार्वाही गर्न गराउन ।

(ख) नेपाल सवारी प्रदूषण मापदण्ड २०६९, वायू प्रदूषण गुणस्तर नियन्त्रण मापदण्ड २०६९ र सवारी तथा यातायात व्यवस्थापन ऐन २०४९ बमोजिम अनुगमन गर्दा प्रदूषण मापदण्ड पूरा नगरेका सवारी साधनलाई तत्काल जरिवाना गर्ने कानूनको अभाव रहेकोले सो सम्वन्धि कानूनको निर्माण गरी लागू गर्न ।

(ग) सार्वजनिक, निजी र सरकारी सवारी साधनहरूको काठमाडौं उपत्यकाभित्र प्रवेश गर्ने चेक पोष्टहरूमा प्रदूषण मापदण्ड जाँचको व्यवस्था गर्न र हरियो स्टीकरको व्यवस्थालाई उपत्यकाभरी विस्तार गरी सो को प्रभावकारी रुपमा लागू गराई अनुगमन गरी कार्यान्वयन गर्न ।

(घ) काठमाडौं उपत्यकामा संचालनमा रहेको दुई पांग्रे सवारी साधनहरूको समेत प्रदूषणको नियमित जाँचको व्यवस्था गर्न ।

(ङ) वायु प्रदूषण न्यूनीकरणको लागि ३ वटा स्थानमा सवारी यातायात धुवाँ प्रदूषण परीक्षण केन्द्र रहेको, दैनिक २५० भन्दा वढी सरदर रुपमा गाडीहरू तोकिएको प्रदूषण चेक जाँच गराउन आउने गरेको र उक्त चेकजाँच गर्ने स्थल साँगुरो र जाने बाटो धुलो भएको जसका कारण सर्वसाधारण र कर्मचारीकै स्वास्थ्यमा असर पुग्ने गरेको पाइएको हुँदा चेक जाँच स्थलको आवश्यक संख्यामा वृद्धि गरी वातावरण विभाग, ट्राफिक महाशाखा र यातायात व्यवस्था विभाग वीच समन्वय गरी प्रभावकारी रुपमा चेक जाँचको कार्य गर्न गराउन ।

(च) सवारी साधनहरूबाट निस्काशित धुवाँहरूबाट, प्लाष्टिकजन्य फोहोर बालेपछि निस्कने धुवाँबाट, ईंट्टा भट्टाबाट निस्कने धुवाँबाट कार्वन डाईअक्साईड र Black Carbon धेरै मात्रामा उत्सर्जन हुने पाइएको छ । यस्तो कार्वन डाईअक्साईड र Black Carbon मानव स्वास्थ्यको लागि गम्भीर प्रकृतिको दीर्घकालीन नकारात्मक असर पर्न जाने भन्ने पाइएको हुँदा यस्तो कार्वन डाईअक्साईड र Black Carbon उत्सर्जन नियन्त्रण र रोकथाम गर्ने तर्फ आश्यक प्रविधि प्रयोगमा ल्याई कार्यान्वयन गर्न गराउन ।

३. **प्रारम्भिक वातारणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याकंन सम्वन्धमा :**

(क) कुनै पनि विकास निर्माण, उद्योग तथा कलकारखाना लगायतका भौतिक संरचना निर्माण र कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावलाई कसरी न्यूनीकरण गर्ने र अन्य वैकल्पिक उपायहरू के के हुन सक्छन् ? भनी विश्लेषण गर्नको लागि प्रारम्भिक वातारणीय परिक्षण(IEE) र वातावरणीय प्रभाव मुल्याकंन (EIA) मह‌त्व पुर्ण प्रकृया भएपनि IEE र EIA गर्दा प्रभावकारी रुपमा नगरेको पाइएको हुँदा प्रभावकारी रुपमा गर्न गराउन सम्बन्धित निकायलाई निर्देशन दिई कार्यान्वयन गर्न, गराउन ।

४. **फोहोरमैला संकलन र व्यवस्थापन सम्वन्धमा**

(क) फोहोरमैला व्यवस्थित गर्दा कुहिने र नकुहिने फोहोरलाई स्रोतमै वर्गिकरण गरी बेग्लाबेग्लै फोहोरमैला व्यवस्थापन स्थल (ल्याडफिल्ड साइट) मा विसर्जन गर्ने व्यवस्था गर्न ।

(ख) फोहोरमैलाहरू संकलन गर्ने समय तालिका निर्धारण गरी प्रत्येक गाउँ, टोल वा स्थानमा वितरण गर्ने र सो समय तालिका बमोजिम संकलन गरी तत्कालै विसर्जन गर्ने व्यवस्था मिलाउन ।

(ग) फोहोरमैला संकलन गर्ने व्यक्तिहरूले सडक सफा गर्दा निकस्ने फोहोरका साथै अनाधिकृत रुपमा भित्ता र विजुलीको पोलमा टाँसिएको विज्ञापन, पोष्टर, पम्पलेटहरू समेत संकलन गरी विसर्जन गर्न ।

(घ) फोहोरमैला नियमित रुपमा संकलन नगरी सडकमा छाड्नाले त्यस्ता फोहोरलाई विसर्जन गर्ने क्रममा स्थानीय व्यक्तिहरूले खुला स्थानमा आगो लगाउने कार्य भइरहेको हुँदा उक्त कार्यले कार्वन उत्सर्जन भई वायू प्रदूषण हुने हुँदा तत्कालै फोहोरमैला सफा र संकलन गर्ने र फोहोरलाई आगो लगाई डढाउने कार्य तत्काल रोक

लगाउने व्यवस्था गर्ने ।

५. **फोहोरमैला विसर्जन स्थल (ल्याण्डफिल्ड साइट) सम्वन्धमा**

(**क**) ल्याण्डफिल्ड साइट, ओखरपौवामा फोहोर विसर्जनको थुप्रोवाट निस्कने लिचर्डलाई व्यवस्थापन नगरी खोलामा मिसाएको देखिएकोले उक्त विषाक्त तथा रसायनयुक्त लिचर्डवाट मानव र अन्य प्राणी जगत समेतको स्वास्थ्यलाई प्रतिकूल असर पर्ने हुदा उक्त लिचर्डलाई ट्रिटमेण्ट प्लान्टको प्रयोग गरी पानीलाई शुद्ध गरी खोलामा मिसाउने व्यवस्था गर्ने ।

(**ख**) हाल सञ्चालनमा रहेको ल्याण्डफिल्ड साइट, ओखरपौवाबाट प्रत्यक्ष प्रभावित स्थानीय वासिन्दाहरूलाई सो स्थानवाट तत्काल स्थानान्तरण गरी समय सापेक्ष मुआव्जा उपलब्ध गराउन ।

(**ग**) अव्यवस्थित र खुला ल्याण्डफिल्ड साइट सञ्चालन गरेको कारणले ल्याण्डफिल्ड साइट, ओखरपौवा वरिपरि रहेका बासिन्दाहरूको स्वास्थ्यमा दिनानुदिन नकारात्मक असर परिरहेको पाइएकाले निजहरूको निःशूल्क स्वास्थ्य परीक्षण गर्नुका साथै फोहोरमैला संकलन गर्ने मजदुरहरूको नियमित स्वास्थ्य जाँच गरी निरोधात्मक उपायहरूको व्यवस्था गर्ने ।

(**घ**) उक्त ल्याण्डफिल्ड जाने सडकहरूमा फोहोर ढुवानी गर्ने गाडीहरूका कारण सडक छिटो छिटो भत्किने, भत्किएका सडकहरू समयमा मर्मत नहुने र गाडी कुदाउदा धेरै धुलो उड्ने गर्दा वालाजुदेखि ओखरपौवासम्मको सडक वाटो नियमित मर्मत गर्न र धुलो उड्न नदिने उपायहरू अपनाउने व्यवस्था गर्ने ।

(**ङ**) फोहोरमैला व्यवस्थापन गर्ने ल्याण्डफिल्ड साइटको वैज्ञानिक तथा स्थायी व्यवस्था नभएकोले समय समयमा काठमाडौं उपत्यकामा फोहोर संकलन भई घर र सडकमा फोहोर थुपारिनाले फोहोरबाट निकाषसन हुने विषाक्त ग्यांसले वायू प्रदुषण भई मानव स्वास्थ्यमा असर पर्ने हुँदा तत्काल ल्याण्डफिल्ड साइटको स्थायी र वैज्ञानिक रुपमा व्यवस्थापन गर्ने ।

६. **रसायनयुक्त संक्रमीत र साधारण फोहोरमैला व्यवस्थापन सम्वन्धमाः**

(**क**) उद्योग, कलकारखाना तथा अस्पतालवाट निस्कासित फोहोरमैलाहरू रसायनयुक्त र विषाक्त किसिमको हुने भएकोले त्यस्ता फोहोर मैलाहरू सावधानी पूर्वक विसर्जन गर्नुपर्ने हुँदा कानूनले नै यस्तो रसायनयुक्त र विषाक्त किसिमको फोहोरमैलाहरू उत्पादन गर्ने संस्था/निकायले आफैले नै व्यवस्थापन गर्नुपर्ने भन्ने व्यवस्था गरेको सन्दर्भमा उक्त कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गरी कार्यान्वयन गर्ने ।

७. **ईट्टाभट्टा उद्योग सम्वन्धमाः**

(**क**) काठमाडौं उपत्यकाभित्र विभिन्न स्थानमा जथाभावी ईट्टाभट्टा उद्योगहरू सञ्चालनमा रहेको जसबाट अत्याधिक धुलो धुवाँहरू निस्कासित हुने गरेको, उक्त धुलो धुवाँहरूबाट वायु प्रदुषण भई मानव स्वास्थ्यमा गम्भीर असर परेको, वातावरण स्वच्छ राख्ने सम्बन्धमा कुनै पनि उपायहरू अवलम्बन नगरेको पाइएकाले ईट्टाभट्टा उद्योगलाई वातावरणमैत्री बनाउन, वैज्ञानिकीकरण गर्न र प्रदुषण न्यूनीकरण गर्न अवलम्बन गर्नु पर्ने सम्पूर्ण उपायहरूको अवलम्बन गर्न लगाई सो को प्रभावकारी कार्यान्वयन गर्न, गराउन ।

(**ख**) उद्योगको वरिपरि रहेका बासिन्दाहरूको स्वास्थ्यमा परेको असर र समग्र वातावरण समेत प्रदुषण भएको विषयलाई मध्यनजर गरी तत्कालै वातावरणमैत्री हुने उपकरणको जडान सबै ईट्टाभट्टा उद्योगमा गर्न लगाई त्यसको नियमित अनुगमन गर्ने ।

(**ग**) ईट्टाभट्टा उद्योगमा काम गर्ने व्यक्ति र बालबालिकाहरू समेतलाई प्रत्यक्ष रुपमा स्वास्थ्यमा असर परेको देखिदा नियमित स्वास्थ्य परीक्षण गराउने व्यवस्था गर्ने ।

८. **वायु प्रदुषण मापन यन्त्रको विस्तार र विश्लेषण सम्वन्धमा :**

(**क**) वातावरण विभागवाट काठमाडौं उपत्यकामा केही स्थानमा मात्र वायु प्रदुषण मापन यन्त्र जडान गरी अनलाईनमा सूचनाको अधिकार स्वरुप राखी कार्यान्वयन गरिरहेको पाइएता पनि यस प्रविधीलाई अझ विस्तार गरी उपत्यकाको प्रमुख नाकाहरूमा राख्न लगाउन र त्यसको अनुगमन र तथ्याङ्कहरूको विश्लेषण नियमित गर्न, गराउन ।

(ख) वायु प्रदुषणको तथ्याङ्क नियमित संकलन गरी सार्वजनिक गर्न, तथ्याङ्क अनुसार वायु प्रदुषण न्युनीकरण गर्नु पर्ने दायित्व भएका निकायहरूलाई जानकारी दिन र सम्बन्धित कार्यालयले सोको लागि गर्नपर्ने सम्पुर्ण उपायहरूको पहिचान गरी न्यूनीकरणको उपायहरू तत्काल लागू गर्न वातावरण विभागलाई निर्देशन गर्न ।

९. **सडक पेटी सफाई र हरियाली व्यवस्थापन सम्वन्धमा**

(क) वायु प्रदुषण वृद्धि गर्न मद्धत पुग्ने कारणहरू मध्ये सडक पेटीको फोहोर व्यवस्थापन नहुनु र सडक छेउको बोटविरुवाको मर्मत सम्भार उचित किसिमले नहुनु पनि रहेको पाइएकाले सडक र पेटीलाई बिहान ६ बजेसम्म सफा गरी सक्न, सो स्थानवाट संकलित फोहर तत्काल विसर्जन गर्ने व्यवस्था गर्न र सडक छेउमा बोट विरुवा रोप्न र सो को संरक्षणको कार्ययोजना बनाई लागु गर्न ।

१०. **नियमित अनुगमन र जनचेतना र क्षतिपूर्ति सम्वन्धमाः**

(क) वातावरण विभाग अन्तर्गत अनुगमन गर्ने संयन्त्र र कर्मचारीको अनुगमन कार्य प्रभावकारी नदेखिएकोले विद्यमान ऐन कानून र नेपाल सरकारको नीति अनुरुप नियमितरुपमा प्रभावकारी अनुगमन गरी आवश्यक निर्देशन सुझाव तथा कार्वाही संयन्त्रको निर्माण गर्न ।

(ख) कुनै पनि विकास निर्माणको अवधिमा आयोजनाको कामहरूको प्रगति कानून बमोजिम भएको छ छैन भन्ने नियमित अनुगमन गर्ने र सो को अभिलेख राख्ने व्यवस्था गर्न ।

(ग) विकास निर्माणको आयोजनाको कार्यान्वयन सम्बन्धमा आयोजनास्थलका स्थानीय वासिन्दाहरू र स्थानीय सरकारका जनप्रतिनिधीहरू सहितलाई राखी जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्न गराउन ।

(घ) वायु प्रदूषणका कारणले असर परेका पीडितहरूलाई तत्काल निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउन र त्यस्ता पीडितहरूलाई नेपालको संविधानको धारा ३०(२) वमोजिम क्षति वापत प्रदुषकवाट क्षतिपूर्ति उपलब्ध गराउन तत्काल आवश्यक कानूनको निमार्ण गर्न ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९५१, श्री प्र.म.म.का.मा मिति २०७५।७।३० गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न मा.अ ३२७७ मिति २०७५।८।६, प्र.म.तथा म.का, मा.अ. प्र. शाखाबाट निर्णय कार्यन्वयन सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पठाएको पत्र आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.न मा.अ ३२८६ मिति २०७५।८।६, प्र.म.तथा म.का, मा.अ. प्र. शाखाबाट निर्णय कार्यन्वयन सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाएको पत्र आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.न मा.अ ३२८४ मिति २०७५।८।६, प्र.म.तथा म.का, मा.अ. प्र. शाखाबाट निर्णय कार्यन्वयन सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सहरी विकास मन्त्रालयलाई पठाएको पत्र आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.न मा.अ ३२७८ मिति २०७५।८।६, प्र.म.तथा म.का, मा.अ. प्र. शाखाबाट निर्णय कार्यन्वयन सम्बन्धमा उद्योग मन्त्रालयलाई पठाएको पत्र आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.न मा.अ ३२७९ मिति २०७५।८।६, प्र.म.तथा म.का, मा.अ. प्र. शाखाबाट निर्णय कार्यन्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्र आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.न मा.अ ३२८० मिति २०७५।८।६, प्र.म.तथा म.का, मा.अ. प्र. शाखाबाट निर्णय कार्यन्वयन सम्बन्धमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पठाएको पत्र आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.न मा.अ ३२८१ मिति २०७५।८।६, प्र.म.तथा म.का, मा.अ. प्र. शाखाबाट निर्णय कार्यन्वयन सम्बन्धमा कानून, न्याय तथा संसदीय मामिलापठाएको पत्र आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.न मा.अ ३२८२ मिति २०७५।८।६, प्र.म.तथा म.का, मा.अ.प्र. शाखाबाट निर्णय कार्यन्वयन सम्बन्धमा उर्जा तथा सिचाईं मन्त्रालयलाई पठाएको पत्र आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.न मा.अ ३२८३ मिति २०७५।८।६, प्र.म.तथा म.का, मा.अ.प्र. शाखाबाट निर्णय कार्यन्वयन सम्बन्धमा वन तथा वातावर्णं मन्त्रालयलाई पठाएको पत्र आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**भ) सम्पत्तिको अधिकार**

**क्रम संख्या – १०३४**

१. **पीडितको नाम, थर र ठेगाना** कुवेरजंङ्ग रायमाझी, कुमारवर्ती-१, गौर्सदी, नवलपरासी ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** नवलपरासी जिल्ला कुमारवर्ती गा.वि.स. वडा नं. १ गौर्सदी स्थायी घर भई हाल ल.पु. न.पा. वडा नं. ३ मा विस्थापित भई बस्दै आएका कुवेरजंङ्ग रायमाझी र निजको परिवार बसोबास गर्दै आएको उनको पुर्ख्यौली थलो नवलपरासी, कुमारवर्तीमा नेकपा माओवादीका कार्यकर्ताहरूले निजको तथा परिवारको सदस्यको नाउँमा रहेको अचल सम्पत्ति र घरमा भएका चल सम्पत्ति, गर गहना समेत कब्जा गरी लुटी लगेको र निजकै नम्बरी जग्गामा रोपेर हुर्काएको सिसौंको रुखहरू समेत २०६३ मार्गमा कटान गरी लगेको, लुटी लगेको धनमाल फिर्ता गराई आफ्नै ठाउँ थलोमा गई बस्न पाउँ भन्ने उजूरी २०६३।१२।४ मा दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगको अनुसन्धान हुँदा निजको सम्पत्ति कब्जा भएको तथा सम्पत्ति लुटिएको देखिएकोले लुटिएको सम्पत्तिको मूल्याङ्कन गरी प्रचलित मूल्य क्षतिपूर्ति उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोगको (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २८ बमोजिम नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।०४।२४ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९३६, श्री प्र.म.म.का.मा मिति २०७५।७।२७ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं मा.अ. ३१९४ मिति २०७५।८।४, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, अर्थ मन्त्राालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०३५**

१. **पीडितको नाम, थर र ठेगाना** अमरावती पासी, ठूलोनन्द नगर –९, श्रीनगर कपिलवस्तु ।

२. **उल्लंघनकर्ता** प्रतिकार समूहका मानिस

३. **उजूरीको संक्षिप्त विवरणः** मिति २०६१/११/११ गते बजार गर्न लबनी चौराहामा गएको बेलामा प्रतिकार समूहका मानिसले हत्या गरेको र सोको भोलिपल्ट मिति २०६१/११/१३ गते घरमा भएको धनमाल लुटपाट गरी आगो समेत लगाई क्षति पुऱ्याएकाले घटनामा संलग्न दोषीहरूलाई कार्वाही गरी क्षतिपूर्तिका लागि पहल गरी पाउँ भन्ने उजूरी, मिति २०६१/११/११ गते प्रतिकार समूहका हुलका हुल मानिसहरू आई घरमा रहेको सामानहरू लुटपाट गरी लगी तोडफोड गरी आगो लगाई ठुलो क्षति पुऱ्याएकाले क्षतिपूर्तिका लागि आवश्यक पहल गरी पाउँ भनी मिति २०६२।९।१६ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज नेत्रलाल भट्टराईको मिति २०६१/११/१२ गते प्रतिकार समूहका मानिसहरूले जिल्ला कपिलवस्तु गा.वि.स. ठूलोनन्द नगर वडा नं. ९ स्थित लवनी चौराहामा हत्या गरेको, प्रतिकार समूहका मानिसहरूले जिल्ला कपिलवस्तु गा.वि.स. नन्दनगर वडा नं. ९ श्रीनगर स्थित अमरावती पासी, जगु पासी, इमाद अली छोटाई पासी, अफत अली, विजय पासी, अवधेश पासी, हरदेश मुसलमान, कौशिल्या पासी, व्रिन्दावती पासी र तल्मू निशाको घरमा रहेको सम्पति लुटपाट गरी, तोडफोड गरी आगो लगाई क्षति पूऱ्याएको पाईएकाले घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न, मृत्तक नेत्रलाल भट्टराइका पीडित परिवारलाई रू. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति दिन र लुटपाट तोडफोड तथा आगजनीबाट क्षति भएको सम्पत्तीको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।०५।१० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२११, श्री प्र.म.म.का.मा मिति २०७५।९।२४ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न मा.आ।७२१।५२८७ मिति २०७५।१०।८, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०३६**

१. **पीडितको नाम, थर र ठेगाना** कौशिल्या पासी, ठूलोनन्द नगर ९, श्रीनगर, कपिलवस्तु ।

२. **उल्लंघनकर्ता** प्रतिकार समूहका मानिस

३. **उजूरीको संक्षिप्त विवरणः** मिति २०६१/११/११ गते बजार गर्न लबनी चौराहामा गएको बेलामा प्रतिकार समूहका मानिसले हत्या गरेको र सोको भोलीपल्ट मिति २०६१/११/१३ गते घरमा भएको धनमाल लुटपाट गरी आगो समेत लगाई क्षति पूऱ्याएकाले घटनामा संलग्न दोषीहरूलाई कार्वाही गरी क्षतिपूर्तिका लागि पहल गरी पाउँ भन्ने उजूरी, मिति २०६१/११/११ गते प्रतिकार समूहका हुलका हुल मानिसहरू आई घरमा रहेको सामानहरू लुटपाट गरी लगी तोडफोड गरी आगो लगाई ठुलो क्षति पुऱ्याएकाले क्षतिपूर्तिका लागि आवश्यक पहल गरी पाउँ भनी मिति २०६२।९।१६ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिशः** आयोगबाट अनुसन्धान हुँदा प्रतिकार समूहका मानिसहरूले जिल्ला कपिलवस्तु गा.वि.स. ठूलोनन्द नगर वडा नं. ९ श्रीनगरस्थित अमरावती पासी, जगु पासी, इमाद अली छोटाई पासी, अफत अली, विजय पासी, अवधेश पासी, हरदेश मुसलमान, कौशिल्या पासी, ब्रिन्दावती पासी र तल्मू निशाको घरमा रहेको सम्पति लुटपाट गरी, तोडफोड गरी आगो लगाई क्षति पूऱ्याएको पाइएकाले घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र लुटपाट तोडफोड तथा आगजनीबाट क्षति भएको सम्पत्तिको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७५।०५।१० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचारः** च.नं १२११, श्री प्र.म.म.का.मा मिति २०७५।९।२४ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न मा.आ।७२१।५२८७ मिति २०७५।१०।८, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०३७**

१. **पीडितको नाम, थर र ठेगाना** तल्मू निसा, ठूलोनन्द नगर -९, श्रीनगर, कपिलवस्तु ।

२. **उल्लंघनकर्ता** प्रतिकार समूहका मानिस

३. **उजूरीको संक्षिप्त विवरणः** कपिलवस्तु जिल्ला ठूलोनन्द नगर -९, श्रीनगर बस्ने तल्मु निसाको मिति २०६१/११/११ गते प्रतिकार समूहका हुलका हुल मानिसहरू आई घरमा रहेको सामानहरू लुटपाट गरी लगी तोडफोड गरी आगो लगाई क्षति पुऱ्याएकाले क्षतिपूर्तिका लागि आवश्यक पहल गरी पाउँ भनी मिति २०६२।९।१६ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिशः** आयोगबाट अनुसन्धान हुँदा प्रतिकार समूहका मानिसहरूले जिल्ला कपिलवस्तु गा.वि.स. ठूलोनन्द नगर वडा नं. ९ श्रीनगर स्थित अमरावती पासी, जगु पासी, इमाद अली छोटाई पासी, अफत अली, विजय पासी, अवधेश पासी, हरदेश मुसलमान, कौशिल्या पासी, ब्रिन्दावती पासी र तल्मू निशाको घरमा रहेको सम्पति लुटपाट गरी, तोडफोड गरी आगो लगाई क्षति पूऱ्याएको पाईएकाले घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र लुटपाट तोडफोड तथा आगजनीबाट क्षति भएको सम्पत्तिको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।०५।१० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२११, श्री प्र.म.म.का.मा मिति २०७५।९।२४ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.आ।७२१।५२८७ मिति २०७५।१०।८, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह

मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०३८**

१. **पीडितको नाम, थर र ठेगाना** विन्द्रावती पासी, ठूलोनन्द नगर -९ श्रीनगर, कपिलवस्तु ।

२. उल्लंघनकर्ता प्रतिकार समूहका मानिस

३. उजूरीको संक्षिप्त विवर्र मिति २०६१/११/११ गते बजार गर्न लबनी चौराहामा गएको बेलामा प्रतिकार समूहका मानिसले हत्या गरेको र सोको भोलीपल्ट मिति २०६१/११/१३ गते घरमा भएको धनमाल लुटपाट गरी आगो समेत लगाई क्षति पूऱ्याएकाले घटनामा संलग्न दोषीहरूलाई कार्वाही गरी क्षतिपूर्तिका लागि पहल गरी पाउँ भन्ने उजूरी, मिति २०६१/११/११ गते प्रतिकार समूहका हुलका हुल मानिसहरू आई घरमा रहेको सामानहरू लुटपाट गरी लगी तोडफोड गरी आगो लगाई ठुलो क्षति पुऱ्याएकाले क्षतिपूर्तिका लागि आवश्यक पहल गरी पाउँ भनी मिति २०६२।९।१६ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. आयोगको निर्णय/सिफारिश आयोगबाट अनुसन्धान हुँदा निज नेत्रलाल भट्टराईको मिति २०६१/११/१२ गते प्रतिकार समूहका मानिसहरूले जिल्ला कपिलवस्तु गा.वि.स. नन्द नगर वडा नं.९ स्थित लवनी चौराहामा हत्या गरेको, प्रतिकार समूहका मानिसहरूले जिल्ला कपिलवस्तु गा.वि.स. नन्दनगर वडा नं. ९ श्रीनगर स्थित अमरावती पासी, जगु पासी, इमाद अली छोटाई पासी, अफत अली, विजय पासी, अवधेश पासी, हरदेश मुसलमान, कौशिल्या पासी, व्रिन्दावती पासी र तल्मू निशाको घरमा रहेको सम्पति लुटपाट गरी, तोडफोड गरी आगो लगाई क्षति पूऱ्याएको पाईएकाले घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न, मृत्तक नेत्रलाल भट्टराइका पीडित परिवारलाई रू. ३,००,०००/- (तीन लाख) क्षतिपूर्ति दिन र लुटपाट तोडफोड तथा आगजनीबाट क्षति भएको सम्पत्तीको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७५।०५।१० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२११, श्री प्र.म.म.का.मा मिति २०७५।९।२४ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न मा.आ।७२१।५२८७ मिति २०७५।१०।८, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०३९**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्ण प्रसाद यादव, हरदौना -१, कपिलवस्तु ।

२. **उल्लंघनकर्ता** प्रतिकार समूहका मानिस

३. **उजूरीको संक्षिप्त विवरण** कपिलवस्तु जिल्ला, हरदौना गा.वि.स. वडा नं. १, बस्ने कृष्ण प्रसाद यादवको घरमा मिति २०६१/११/११ गते प्रतिकार समितिका मानिसहरू आई घर तोडफोड गरी लुटपाट समेत गरेकोले क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी मिति २०६२/२/४ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** माओवादी प्रतिकारका नाममा सादा पोशाकका सुरक्षकर्मीहरू समेतको उपस्थितिमा सम्पत्ति क्षती गराएको पाइएकाले लुटपाट तथा आगजनी भएको सम्पत्तिको उचित मूल्याङकन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/०५/१० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ११९६ मिति २०७५/९/३१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रमपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह मत्रालयलाई पठाएको च.नं. मा.अ.७२१/४८६५ मिति २०७५/१०/६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०४०**

१. **पीडितको नाम, थर र ठेगाना** अहमद हुसैन, महम्मद हुसैन, हरदौना -८, कपिलवस्तु ।

२. **उल्लंघनकर्ता** प्रतिकार समितिका मानिस

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कपिलवस्तु गा.वि.स. हरदौना वडा नं. ८ बस्ने हामी अकवाल हुसैन, अहमद हुसैन, महम्मद हुसैन तीन भाइको घरमा मिति २०६१/११/११ गते प्रतिकार समितिका मान्छेहरूले लुटपाट गरी घर जलाई ध्वस्त बनाएकोले क्षतिपूर्तिका लागि पहल गरी पाउँ भन्ने समेत व्यहोराको अहमद हुसैनको उजूरी आयोगमा मिति २०६२/२/४ मा दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** माओवादी प्रतिकारका नाममा सादा पोशाकका सुरक्षाकर्मीहरू समेतको उपस्थितिमा घर सम्पत्ति क्षती गराएको पाइएकाले लुटपाट तथा आगजनी भएको सम्पत्तिको उचित मूल्याङकन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/०५/१० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** :आयोगबाट च.नं. ११९६ मिति २०७५/९/३१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह मत्रालयलाई पठाएको च.नं. मा.अ.७२१/४८६५ मिति २०७५/१०/६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०४१**

१. **पीडितको नाम, थर र ठेगाना** वली महम्मद मियाँ, हरदौना -८, कपिलवस्तु ।

२. **उल्लंघनकर्ता** प्रतिकार समिति

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कपिलवस्तु, हरदौना गा.वि.स. वडा नं. ८ बस्ने वली महम्मद मियाँको मुजहनी गाँउमा भएको घर सेना तथा प्रहरीको साथमा आएका प्रतिकार समितिका हजारौंका हुल मानिसले मिति २०६१/११/११ गते मोहरमको दिन छुट्टीभिन्न भएको छोरा दीन महम्मद र मेरो उक्त घर लुटपाट गरी आगो लगाई ध्वस्त गरिदिएको कारण ३ महिना विस्थापित भई भारतमा बसेकोले क्षति भएको सम्पत्तिको क्षर्तिपूर्तिका लागि पहल गरी पाउँ भन्ने समेत व्यहाराको मिति २०६२/२/४ मा आयोगमा दर्ता भएको उजूरी ।

४. **आयोगको निर्णय/सिफारिश** माओवादी प्रतिकारका नाममा सादा पोशाकका सुरक्षाकर्मीहरू समेतको उपस्थितिमा घर सम्पत्ति क्षती गराएको पाइएकाले लुटपाट तथा आगजनी भएको सम्पत्तिको उचित मूल्याङकन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/०५/१० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** :आयोगबाट च.नं. ११९६ मिति २०७५/९/३१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह मत्रालयलाई पठाएको च.नं. मा.अ.७२१/४८६५ मिति २०७५/१०/६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०४२**

१. **पीडितको नाम, थर र ठेगा**ना अकवाल मुसलमान, हरदौना -८, कपिलवस्तु ।

२. **उल्लंघनकर्ता** प्रतिकार समिति

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कपिलवस्तु, हरदैाना गा.वि.स. वडा नं. ८ बस्ने अकबाल मुसलमानको मिति २०६१/११/११ गते प्रतिकार समितिका मान्छेहरूले घरमा लुटपाट गरेर आगो लगाई सम्पूर्ण सामान जलाएर नष्ट गरी क्षति पुऱ्याएकाले क्षतिपूर्ति उपलब्ध गराउन पहल गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०६२/२/४ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** माओवादी प्रतिकारका नाममा सादा पोशाकका सुरक्षाकर्मीहरू समेतको उपस्थितिमा घर सम्पत्ति क्षती गराएको पाइएकाले लुटपाट तथा आगजनी भएको सम्पत्तिको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/०५/१० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ११९६ मिति २०७५/९/३१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/४८६५ मिति २०७५/१०/६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०४३**

१. **पीडितको नाम, थर र ठेगाना** अब्दुल जलित मियाँ, हरदौना -८, कपिलवस्तु।

२. **उल्लंघनकर्ता** प्रतिकार समिति

३. **उजूरीको संक्षिप्त विवरण** कपिलवस्तु जिल्ला हरदौना गा.वि. स. वडा नं. ८ बस्ने अब्दुल जलिल मियाँको मिति २०६१/११/१० गते प्रतिकार समितिका मानिसहरूले घरमा तोडफोड/लुटपाट गरी घर जलाई क्षति पुऱ्याएकोले क्षतिपूर्तिका लागि पहल गरी पाउँ भन्ने व्यहोराको आयोगमा मिति २०६२/२/४ मा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** माओवादी प्रतिकारका नाममा सादा पोशाकका सुरक्षाकर्मीहरू समेतको उपस्थितिमा घर सम्पत्ति क्षती गराएको पाइएकाले लुटपाट तथा आगजनी भएको सम्पत्तिको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/०५/१० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ११९६ मिति २०७५/९/३१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/४८६५ मिति २०७५/१०/६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०४४**

१. **पीडितको नाम, थर र ठेगाना** महवुव मुसलमान, हरदौना -८, कपिलवस्तु।

२. **उल्लंघनकर्ता** प्रतिकार समिति

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला कपिलवस्तु, हरदौना गा.वि.स वडा नं. ८ बस्ने महुबुब मुसलमानको मिति २०६१/११/११ गते प्रतिकार समूहका हजारौंका मानिसहरूले माओवादीका आरोपमा म महबुव मुसलमानको ७ कोठाको खपडाको घर तोडफोड गरी भएको सबै सम्पत्ति लुटपाट गरी लगेकोले क्षतिपूर्ति दिलाउन पहल गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०६२/२/४ मा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** माओवादी प्रतिकारका नाममा सादा पोशाकका सुरक्षाकर्मीहरू समेतको उपस्थितिमा घर सम्पत्ति क्षती गराएको पाइएकाले लुटपाट तथा आगजनी भएको सम्पत्तिको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/०५/१० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ११९६ मिति २०७५/९/३१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/४८६५ मिति २०७५/१०/६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०४५**

१. **पीडितको नाम, थर र ठेगाना** शिब गुलाम कलवार, हरदौना -३, कपिलवस्तु ।

२. **उल्लंघनकर्ता** प्रतिकार समिति

३. **उजूरीको संक्षिप्त विवरण** कपिलवस्तु जिल्ला हरदौना गा.वि.स. वडा नं. ३ बस्ने शिव गुलाम कलवारको मिति २०६१/११/६ गते माओवादीका विरुद्ध प्रतिकार गर्न आएका प्रतिकारका मानिसहरूले निजको घरको २१ इन्चको रंगीन टि.भी. लगेको र हाल सो टी.भी. धनकौली सैनिक व्यारेकमा रहेकाले उक्त टी.भी. फिर्ताका लागि पहल गरी पाउँ भन्ने मिति २०६२/२/४ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** माओवादी प्रतिकारका नाममा सादा पोशाकका सुरक्षाकर्मीहरू समेतको उपस्थितिमा घर सम्पत्ति क्षती गराएको पाइएकाले लुटपाट तथा आगजनी भएको सम्पत्तिको उचित मूल्याङकन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/०५/१० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ११९६ मिति २०७५/९/३१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/४८६५ मिति २०७५/१०/६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०४६**

१. **पीडितको नाम, थर र ठेगाना** दुखना रैदास, हरदौना -१, कपिलवस्तु ।

२. **उल्लंघनकर्ता** प्रतिकार समिति

३. **उजूरीको संक्षिप्त विवरण** कपिलवस्तु जिल्ला हरदौना गा.वि.स.वडा नं. १ बस्ने दुखना रैदासको मिति २०६१/११/११ गते प्रतिकार समितिका सदस्यले घरको धनमाल लुटपाट गरी तोडफोड समेत गरेकोले भएको क्षतिको उचित क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी मिति २०६२/२/४ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** माओवादी प्रतिकारका नाममा सादा पोशाकका सुरक्षाकर्मीहरू समेतको उपस्थितिमा घर सम्पत्ति क्षती गराएको पाइएकाले लुटपाट तथा आगजनी भएको सम्पत्तिको उचित मूल्याङकन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/०५/१० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ११९६ मिति २०७५/९/३१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/४८६५ मिति २०७५/१०/६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०४७**

१. **पीडितको नाम, थर र ठेगाना** किस्मावती रैदास, हरदौना -१, कपिलवस्तु ।

२. **उल्लंघनकर्ता** प्रतिकार समिति

३. **उजूरीको संक्षिप्त विवरण** कपिलवस्तु जिल्ला हरदौना गा.वि.स.वडा नं. १ बस्ने किस्मती रैदासको मिति २०६१/११/११ गते प्रतिकार समितिका मानिसहरू आई घरमा लुटपाट गरी घर जलाई क्षति पुऱ्याएकोले क्षतिपूर्तिका लागि पहल गरीपाउँ भन्ने मिति २०६२/२/४ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** माओवादी प्रतिकारका नाममा सादा पोशाकका सुरक्षाकर्मीहरू समेतको उपस्थितिमा घर सम्पत्ति क्षती गराएको पाइएकाले लुटपाट तथा आगजनी भएको सम्पत्तिको उचित मूल्याङकन गरी क्षतिपूर्ति दिन नेपाल

सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/०५/१० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. ११९६ मिति २०७५/९/३१ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह मत्रालयलाई पठाएको च.नं. मा.अ.७२१/४८६५ मिति २०७५/१०/६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०४८**

१. **पीडितको नाम, थर र ठेगाना** मोहन श्रेष्ठ, भारपा गा.वि.स. वडा नं. ८, पाँचथर।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी र माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** पाँचथर जिल्ला भारपा गा.वि.स. वडा नं.८ बस्ने मोहन श्रेष्ठले मे.अ. १ ख ७६९९ नं. को आफ्नै ट्रक चलाउने गरेको, सोही क्रममा मिति २०६०/४/२० गते पाँचथर जिल्लाको कावेलीतर्फ गईरहेको अवस्थामा जबर्जस्ती सुरक्षाकर्मीहरू बसेको र पाँचथर जिल्लाको नागी गा.वि.स. को वडा नं. ८ मा पुग्दा माओवादीहरूले थापेको विद्युतीय धरापमा परी निज मोहन श्रेष्ठको मृत्यु हुनुको साथै ट्रक पूर्णरुपमा क्षति भएकाले छानवीन गरी क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी मिति २०६०/९/२० मा दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा जबर्जस्ती सैनिकहरूले गैरसैनिक निज मोहन श्रेष्ठको ट्रक प्रयोग गरेका कारण माओवादीले विद्युतीय धरापमा सो ट्रक लगायत सैनिकहरू समेतलाई पारेको र सोही कारण चालक निज मोहन श्रेष्ठको मुत्यु हुनुका साथै सो ट्रक पनि पूर्ण रुपमा क्षति भएको पाइयो। मृतक मोहन श्रेष्ठको परिवारले राहत/क्षतिपूर्ति रु. पाँच लाख र ट्रक वापतको क्षति रकम रु. २,९२,८९८।- बुझिसकेको पाइयो। ट्रकको क्षतिवापत जिल्ला प्रशासन कार्यालय पाँचथरको मिति २०६०/९/८, च.नं. ४३० को पत्रानुसार रु. ९,१६,५००।- कायम भई गृह मन्त्रालयमा निकासाको लागि लेखी पठाएको देखिन्छ। ट्रक क्षति वापतको थप रकम पीडितले प्राप्त गरेको नदेखिंदा जिल्ला प्रशासन कार्यालय पाँचथरबाट कायम भएको पीडितले पाउन बाँकी रकम क्षतिपूर्ति वापत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७५/१२/२८ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**: आयोगबाट च.नं. २४०८ मिति २०७६/२/७ मा निर्णय कार्यान्वयनको सम्बन्धमा श्री प्रममपकालाई सिफारिश गरेको एवं अर्थ, रक्षा र गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** अर्थ, रक्षा र गृह मन्त्रालयलाई पठाएको च.नं. मा.अं.७२१/८७२५ मिति २०७६/२/१२ को श्री प्रममपकाको बोधार्थ पत्र। मोहन श्रेष्ठको हकवालाले जिल्ला प्रशासन कार्यालय पाँचथरबाट राहत/क्षतिपूर्ति वापत रु १० लाख बुझिलिएको साथै ट्रक क्षतिको हकमा क्षति कायम भएको मूल्यको पुरै रकम नपाई नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी निर्देशिका, २०६६ को दफा ४.१.३ बमोजिम गणना विधि अनुसारको रकम तत्कालीन शाान्ति तथा पुनर्निर्माण मन्त्रालयलबाट बुझिलिएको व्यहोरा समेत उल्लेख गरेको च.नं. ४७८ मिति २०७६/३/१ को गृहमन्त्रालयको राहत तथा तथ्यांक व्यवस्थापन शाखाको जानकारी पत्र। आयोगले गरेको सिफारिश उचित रहेको व्यहोरा उल्लेख गरेको प.सं १४६४४/ए/३ /०७६/७७/४ मिति २०७६/४/२ को नेपाली सेनाको छायाँकपी पत्र र च.नं. ८ मिति २०७६/४/ को रक्षा मन्त्रालयको छायाँकपी पत्र सहित मा.अ. ७२१/४२० मिति २०७६/४/१२ को श्री प्रममपकाको जानकारी पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – १०४९**

१. **पीडितको नाम, थर र ठेगाना** गणेश बहादुर घिमिरे, तोपगाछी -३, झापा।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** झापा जिल्ला तोपगाछी गा.वि.स. वडा नं. ३ बस्ने गणेश बहादुर घिमिरेको घरबाट नेकपा

माओवादीका कार्यकर्ताहरूले मिति २०६१/१२/३, २०६२/३/१४ र २०६२/३/८ गते लुगाफाटा गाई भैंसी, बाख्रा लगायतका सम्पुर्ण सामानहरू गरी करीब तेह्र लाख बराबरको सम्पत्ति लुटपाट गरी जग्गा समेत कब्जा गरेकाले क्षतिपूर्ति दिलाई कब्जा जग्गा फुकुवा गरी पाउन पहल गरी पाउँ भनी मिति २०६२/३/३० मा दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** नेकपा माओवादीका कार्यकर्ताहरूले मिति २०६१ साल र २०६२ सालमा गरी ३ पटकसम्म पीडित गणेश बहादुर घिमिरेको घरबाट सम्पत्ति लुटपाट गरी क्षति पुऱ्याएको पाइएकाले निजको लुटपाट भएको तथा क्षति भएको सम्पत्तिको उचित मुल्याङकन गरी क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/११ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २६६१ मिति २०७६/३/१५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** :गृह मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/१०१८४ मिति २०७६/३/२७ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०५०**

१. **पीडितको नाम, थर र ठेगाना** केशव भण्डारी, वेलबारी -२, मोरङ

२. **उल्लंघनकर्ता**ः सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ जिल्ला वेलबारी २ बस्ने केशव भण्डारीको घरमा वेलबारी मोरङ बस्ने सपना गुरुङ्गलाई सुरक्षाकर्मीले बलात्कार गरी हत्या गरेको भन्ने घटनाको विरोधमा उत्रेका स्थानीयबासिहरू उपर प्रहरीले अन्धाधुन्ध गोली प्रहार गर्दा गोली लागी क्षति पुगेको हुँदा क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३/२/२ मा दर्ता भएको उजूरी।

४. **आयोगको निर्णय/सिफारिश** इलाका प्रहरी कार्यालय बेलबारीको मुचुल्का, अनुसन्धान प्रतिवेदन समेतबाट पीडित केशव भण्डारीको घरमा क्षति भएको पाइएकाले क्षतिको मूल्याङ्कन गरी उचित क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/११ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २६६३ मिति २०७६/३/१५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह र अर्थ मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह र अर्थ मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/१०१७७ मिति २०७६/३/२७ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन।

**क्रम संख्या – १०५१**

१. **पीडितको नाम, थर र ठेगाना**ः शिवलाल खतिवडा, सुरुङ्गा -५ , झापा

२. **उल्लंघनकर्ता**ः सुरक्षाकर्मी/माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** झापा जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं ५ स्थित शिवलाल खतिवडाको घर मिति २०६२/१२/२३ गते माओवादी र सेना बिच दोहोरो भिडन्त हुँदा जथाभावी गोली लागी क्षति भएकाले क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६३/१/११ मा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश**ः मिसिल संलग्न अनुसन्धान प्रतिवेदन, गृह मन्त्रालयको मिति २०६३/०४/०४ च.नं. १३ को पत्र समेतका आधारमा निज शिवलाल खतिवडाको घर मिति २०६२/१२/२३ गते माओवादी र सेनाबिच दोहोरो भिडन्त हुँदा गोली लागी क्षति भएको पाइएकाले क्षति भएको सम्पत्तिको मुल्याङकन गरी उचित क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/११ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २६६६ मिति २०७६/३/१५ मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह र अर्थ मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** गृह र अर्थ मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/१०१७८ मिति २०७६/३/२७ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०५२**

१. **पीडितको नाम, थर र ठेगाना** गणेश बहादुर प्रधान, धरान -१५, सुनसरी

**उल्लंघनकर्ता** ने.क.पा.माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** सुनसरी जिल्ला विष्णुपादुका गा.वि.स. का सचिव गणेशबहादुर प्रधानको सुनसरी जिल्ला विष्णुपादुका गा.वि.स.को कार्यालयमा काम गरिरहेको अवस्थामा मिति २०६२/०३/२२ गते अन्दाजी ३.०० बजेतिर कार्यालय परिसर भित्रै पार्किङ्ग गरी राखेको निजि को.१प. ६५४७ नं को मोटरसाइकल तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले जवर्जस्ती लगेको र फिर्ता नगरेको तथा कसैबाट पनि सोको क्षतिपूर्ति नपाएकोले क्षतिपूर्ति पाउँ भनि २०६२/०५/१२ र पुनः २०७१/१०/२५ मा उजूरी दर्ता हुन आएको ।

४. **आयोगको निर्णय/सिफारिश** च.नं. २६९६ मिति २०७६।०३।२२ मा सम्पत्तिको अधिकार, सुनसरी जिल्ला धरान न.पा. वडा नं. १५ स्थायी घर भई विष्णुपादुका गा.वि.स. का सचिव गणेश बहादुर प्रधानको को.१. प. ६५४७ नं. को एस्कोर्ट यमाहा मोटरसाइकल मिति २०६२/०३/२२ गते कार्यालय समयमा कार्यालय परिसर भित्रबाटै जबर्जस्ती लगी फिर्ता नगरेकाले क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी दर्ता भएको उजूरी को आयोगबाट अनुसन्धान हुँदा पीडित गणेश बहादुर प्रधानको निजी को.१.प. ६५४७ नं. को एस्कोर्ट यमहा मोटरसाइकल मिति २०६२/०३/२२ गते कार्यालय परिसरबाटै माओवादी कार्यकर्ताहरूले जवर्जस्ती खोसी लगेको, हालसम्म फिर्ता नगरेको र निजले कहिकतैबाट क्षतिपूर्ति समेत पाएको नपाइएकाले क्षतिको उचित मुल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई पत्र पठाई सोको बोधार्थ/कार्यार्थ गृह मन्त्रालय र अर्थ मन्त्रालयलाई पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको च.नं. मा.अ.७२१/२०१ मिति ०७६/०४/०७ गृह मन्त्रालय र अर्थ मन्त्रालयलाई निर्णय कार्यान्वयनको लागि पत्र पठाई सोको बोधार्थ आयोगलाई प्राप्त ।

गृह मन्त्रालयले च.न.१३ मिति २०७६/०४/१० मा आयोगको निर्णय कार्यान्वयनको लागि प्रहरी प्रधान कार्यालयलाई पठाएको पत्रको बोधार्थ प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०५३**

१. **पीडितको** नाम, थर र ठेगाना पित्त बहादुर गरुङ लगायत, मनकामना -१, गहते, स्याङजा ।

२. **उल्लंघनकर्ता** सुरुक्षाफौज र माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** स्याङजा जिल्ला मनकामना गा.वि.स. वडा नं. १ गहतेमा सुरुक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा सोही ठाउँमा बस्ने पित्त बहादुर गरुङ, ख्यामनारायण गरुङ, दुर्गा बहादुर गरुङ र भीम बहादुर गुरुङको भैसी, गोरु र बाख्राहरूलाई गोली लागि मृत्यु तथा घाइते भएका हुँदा क्षतिपूर्ति तथा राहतको लागि पहल गरी पाउँ भनी मिति २०६२।१०।१७ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निजहरूको क्षतिको मूल्यांकन भई क्षतिपूतिको लागि जिल्ला प्रशासन कार्यालयबाट आवश्यक कार्वाही भएको देखिएको तर हालसम्म पनि निजहरूले क्षतिपूर्ति नपाएको देखिएकोले निजहरूले हालसम्म पनि क्षतिपूर्ति नपाएको भए क्षति मूल्यांकन गरे बराबरको क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७६।०१।३० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं २८२३, श्री प्र.म.म.का.मा मिति २०७६।३।३० गते आयोगबाट

निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न मा.अ. ७२१।३९३ मिति २०७६४।८, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय र अर्थ मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०५४**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्णलाल श्रेष्ठ, अर्थुङ्गे -१, म्याग्दी ।

२. **उल्लंघनकर्ता** सुरुक्षाफौज र माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** म्याग्दी जिल्ला अर्थुङ्गे गा.वि.स. १, निवासी कृष्णलाल श्रेष्ठ म्याग्दी अदालतमा अर्दली पदमा कार्यरत रहँदा तात्कालीन नेकपा माओवादीहरूले आक्रमण गर्दा भएको माओवादी र सुरक्षाकर्मीको दोहोरो भिडन्तमा बमको छर्रा लागि घाइते तथा अपाङ्ग भएकोले द्वन्द्वपीडितले पाउने राहत तथा क्षतिपूर्ति कुनै नपाएको भनी आयोगको क्षेत्रीय कार्यालय पोखरामा मिति २०७०/९/५ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निज दोहोरो भिडन्तमा परी घाइते तथा अपाङ्ग भएको देखिंदा निजलाई उपचार खर्च वापत रु १,००,०००।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र थप उपचार गर्नु परेमा निःशुल्क उपचारको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/३० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** :आयोगबाट च.नं. २८२७ मिति २०७६/३/३० मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवंम गृह, अर्थ र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह, अर्थ र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/३६५ मिति २०७६/४/८ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको बोधार्थ पत्र ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्‌बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १०५५**

१. **पीडितको नाम, थर र ठेगाना** माधव प्रसाद वाग्ले, श्रीभञ्ज्याङ -९, लमजुङ्ग ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** लमजुङ्ग जिल्ला, श्रीभञ्जयाङ गा.वि.स. वडा नं. ९ बस्ने माधव प्रसाद वाग्लेलाई मिति २०६३/२/२८ गते तात्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले कब्जामा लिई ८ दिनसम्म आफ्नो नियन्त्रणमा राखी शारीरिक र मानसिक यातना दिएको र एक लाख रकम दिएपश्चात रिहा गरेको भन्ने सम्बन्धमा आयोगको क्षेत्रीय कार्यालय पोखरामा मिति २०६३/१०/१ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई तत्कालीन नेकपा माओवादीले अपहरण गरी शारीरिक तथा मानसिक यातना दिएको देखिएको तर रकम बुझाएको भन्ने पुष्टि हुन नसकेको हुँदा उपचार खर्च वापत रु. ७५,०००।- (पचहत्तर हजार मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनाका दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/३० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २८२८ मिति २०७६/३/३० मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह र अर्थ मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** :गृह र अर्थ मन्त्रालयलाई पठाएको च.नं. मा.अ.७२१/३६३ मिति २०७६/४/८ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको बोधार्थ पत्र ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्‌बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको

आर्थिक सहायता/ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १०५६**

१. **पीडितको नाम, थर र ठेगाना** नन्दराम भुसाल, बुर्तिवाङ्ग -१, बागलुङ ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बाग्लुङ जिल्ला बुर्तिबाङ्ग गा.वि.स. वडा नं. १ घमसेन बस्ने नन्दराम भुसाललाई मिति २०५९/६/४ गते राती घरमा सुतिरहेको अवस्थामा नेकपा माओवादीका कार्यकर्ताहरूले कुटपीट गरी हात भाँचिदिएको र घरमा भएको सम्पत्ति लुटपाट गरी महत्व वपुर्ण कागजातहरू जलाई दिएकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्ति दिलाई पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय पोखरामा मिति २०६३/३/२५ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** निजलाई तात्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले कुटपीट गरी हात भाँचिदिएको पुष्टि हुन आएको र निजले विस्थापित वापत मात्र नेपाल सरकारबाट राहत रकम बुझेको पाइएको तर कुटपीट गरी घाइते भएको क्षतिपूर्ति हाल सम्म प्राप्त भएको नदेखिएकाले औषधि उपचार वापत रु. १,००,०००।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०१/३० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगबाट च.नं. २८३० मिति २०७६/३/३० मा निर्णय कार्यान्वयनको सम्बन्धमा प्रममपकालाई सिफारिश गरेको एवं गृह र अर्थ मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** गृह र अर्थ मत्रालयलाई पठाएको च.नं. मा.अ.७२१/३७१ मिति २०७६/४/८ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बोधार्थ पत्र ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १०५७**

१. **पीडितको नाम, थर र ठेगाना** कोपिला थापा, दर्लिङ -९, बाग्लुङ ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बाग्लुङ जिल्ला, दर्लिङ गा.वि.स. वडा नं. ९ बस्ने कोपिला थापाको घरमा माओवादी कार्यकर्ताहरूले मिति २०६१/८/८ गते प्रवेश गरी घरका सदस्यहरूलाई कुटपीट गरी सम्पत्ति लुटी लगेकाले लुटिएको सम्पति फिर्ता तथा क्षतिपूर्ति र दोषी माथि कारवाहीको लागि पहल गरी पाउँ भनी मिति २०६४।४।१३ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निजको जम्मा रु. १,४१,०००।- बराबराको क्षति मूल्याङ्कन भई क्षतिपूर्तिका लागि गृह मन्त्रालयमा पठाइएको भनी जिल्ला प्रशासन कार्यालय बाग्लुङको मिति २०६४/६/१० गतेको च.नं. ७०८ को पत्रबाट देखिएको तर निजले जम्मा रु. ३६,०००।- (छत्तिस हजार मात्र) राहत रकम प्राप्त गरेको देखिएकाले बाँकी रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७६।०२।१६ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १४३, श्री प्र.म.म.का.मा मिति २०७६।४।१३ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.न मा.अ.७२१।७४८ मिति २०७६।४।२६, प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय र रक्षा मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.नं. २२४, मिति २०७६।९।२८ को गृह मन्त्रालयले मन्त्रिपरिषद्बाट मिति २०७६।८।३० गतेका दिन तोकिए बमोजिमको आर्थिक सहायता/ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएको भन्ने जानकारी पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**४.२० आर्थिक वर्ष २०७६/०७७ मा गरिएका सिफारिशहरू**

**क) सुरक्षाकर्मीद्वारा हत्या**

**क्रम संख्या – १०५८**

१. **पीडितको नाम, थर र ठेगाना** यादव घिमिरे, फूलवारी -४, कैलाली।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला, फूलवारी गा.वि.स. वडा नं. ४ बस्ने यादव घिमिरेलाई बझाङ जिल्लाको चुवावान भन्ने स्थानमा मिति २०६०/७/२२ गते सुरक्षाफौजले हत्या गरेको कुरा पछि मात्रै थाहा भएकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६३/६/२७ मा आयोगमा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ४३४, आयोगबाट अनुसन्धान हुँदा निज यादव घिमिरेलाई मिति २०६०/७/२२ गते बझाङ जिल्लाको सैनपसेला स्थित चुवावनमा सुरक्षाकर्मीहरूले नियन्त्रणमा लिइसकेपछि हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।४।७ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५४५, मिति २०७६/६/१२ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौँलाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ. ७२१/२०३५ मिति २०७६।६।१६ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका सिंहदरबार, काठमाडौँको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०५९**

१. **पीडितको नाम, थर र ठेगाना** नारायण सुवेदी, फूलवारी -४, कैलाली।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला फुलवारी गा.वि.स. वडा नं. ४ निवासी नारायण सुवेदी लाई मिति २०६०/६/२१ गते कैलाली जिल्लाको सुगरखाल गा.वि.स. को पथरैया (फल्ले विसौनी) भन्ने स्थानमा सुरक्षाकर्मीद्वारा हत्या गरिएकाले छानवीन दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी मिति २०६३/७/१६ मा आयोगको क्षेत्रीय कार्यालय धनगढीमा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ४५४, आयोगबाट अनुसन्धान हुँदा मृतक नारायण सुवेदीलाई सयुक्त सुरक्षा फौजबाट मिति २०६०/६/२१ गते कैलाली जिल्लाको सुगरखाल गा.वि.स. को पथरैया (फल्ले विसौनी) भन्ने स्थानमा हत्या गरेको पुष्टि भएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।४।७ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५५०, मिति २०७६/६/१२ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौँलाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/२०४० मिति २०७६।६।१६ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका सिंहदरबार, काठमाडौँको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०६०**

१. **पीडितको नाम, थर र ठेगाना** सोमनाथ सिटौला, फूलवारी -१, कैलाली ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला, फूलवारी गा.वि.स. वडा नं. १ बस्ने सोमनाथ सिटौलालाई मिति २०६०/१०/१८ गते डोटी जिल्लाको सातफेरी गा.वि.स. को जोराघाट भन्ने स्थानमा सुरक्षाकर्मीले हत्या गरेकाले घटनाको छानवीन गरी क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६३/८/२६ आयोगको क्षेत्रीय कार्यालय धनगढीमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ४६७, आयोगबाट अनुसन्धान हुँदा निज मृतक सोमनाथ सिटौलालाई सुरक्षाकर्मीले मिति २०६०/१०/१८ गते डोटी जिल्लाको सातफेरी गा.वि.स. को जोरघाट भन्ने स्थानमा चारैतिरबाट घेरा हाली हत्या गरेको पाइएकोले पीडित परिवारलाई रु. ३,००,०००।- (तीन लाख मात्र ) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।४।७ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५५१, मिति २०७६/६/१२ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौँलाई पत्राचार गरेको साथै श्री गृह, श्री रक्षा र अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्याथ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/२०४१ मिति २०७६।६।१६ मा श्री गृह, श्री रक्षा र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका सिंहदरबार, काठमाडौँको बोधार्थ पत्र ।

पत्र संख्या ०७६/७७ च.न.२७८ मिति २०७६/१२/२ श्री गृह मन्त्रालय, (राहत तथा तथ्यांक व्यवस्थापन शाखा) काठमाडौंबाट आयोगलाई पठाएको पत्रमा निज पीडित परिवारले जिल्ला प्रशासन कार्यालय, कैलालीबाट रु. १०,००,०००।- (दश लाख) राहत/क्षतिपूर्ति प्राप्त गरेको ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १०६१**

१. **पीडितको नाम, थर र ठेगाना** विनोद के.सी., बाबियाचौर -८, म्याग्दी ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** म्याग्दी जिल्ला बाबियाचौर गा.वि.स. वडा नं. ८ बस्ने विनोद के.सी. लाई मिति २०५७/३/२३ गते सिंगा तातोपानी प्रहरी चौकीका इन्चार्ज अर्जुनध्वज अधिकारीको निर्देशनमा प्रहरी जवान सोम प्रसाद लामिछानेले हत्या गरेको सम्बन्धमा प्रहरी ऐन, २०१२ अनुसार कार्वाही गरी पाउँ भनी जिल्ला प्रहरी कार्यलयमा निवेदन दिएकोमा हालसम्म कार्वाही नभएकाले कारवाहीको लागि पहल गरी पाउँ भनी मिति २०६९/७/१४ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा मृतक विनोद के. सी. छिमेकीको मलामी गई फर्कने क्रममा मिति २०५७/३/२३ गते म्याग्दी जिल्लाको सिंगा तातोपानी प्रहरी चौकी नजिक आइपुगेको अवस्थामा सो चौकीका इन्चार्ज अर्जुनध्वज अधिकारी समेतको संलग्नतामा प्रहरी जवान सोम प्रसाद लामिछाने सहित भई हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी प्रहरी कर्मचारीहरू अर्जुनध्वज अधिकारी, सोम प्रसाद लामिछाने समेतलाई कानून बमोजिम कार्वाही गरी पीडित परिवारलाई रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकालाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।०४।०७ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५७१, मिति २०७६/६/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपकालाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ र श्री कृष्ण बहादुर के.सी., साविक बावियाचौर गा.वि.स. वडा नं. म्याग्दी, (हालः मंगला गाउँपालिका वडा नं. २, म्याग्दी) एवं श्री राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्कीलाई बोधार्थ दिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/५१०३ मिति २०७६।११।०५ मा श्री गृह र अर्थ मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका (मानव अधिकार शाखा) सिंहदरबार, काठमाडौंको आयोगलाई बोधार्थ पत्र।

च.नं. २१६ मिति २०७६।११।१२ मा श्री प्रहरी प्रधान कार्यालय (मानव अधिकार उल्लंघन अनुगमन इकाई), नक्साल, काठमाडौंलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा)लाई पठाएको पत्रको आयोगलाई बोर्धाथ पत्र।

प.सं ०७६।७७ च.नं. २८१ मिति २०७६।१२।२ मा श्री गृह मन्त्रालय (राहत तथा तथ्यांक व्यवस्थापन शाखा) बाट जानकारी सम्बन्धमा स्व. विनोद के.सी.का हकवालाले जिल्ला प्रशासन कार्यालय म्याग्दीबाट रु. १०,०००००। (अक्षरुपी दश लाख रुपैंया मात्र) राहत/क्षतिपूर्ति प्राप्त गरिसकेको व्यहोराको जानकारी पत्र आयोगलाई प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** :आंशिक

**क्रम संख्या – १०६२**

१. **पीडितको नाम, थर र ठेगाना** मोतीसिंह बुढा र काशीराम बुढा, सहारे-३, सुर्खेत।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** सुर्खेत जिल्ला सहारे गा.वि.स. वडा नं. ३ बस्ने मोतिसिंह बुढा र काशिराम बुढालाई छिन्चुतिरबाट आएका सेनाले नियन्त्रणमा लिई मिति २०५८/११/२६ गते हत्या गरेकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६३/९/१७ मा आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ११६९, आयोगबाट अनुसन्धान हुँदा सुर्खेत जिल्ला साविक सहारे गा.वि.स. वडा नं. ९ हाल गुर्भाकोट नगरपालिका वडा नं. ९ निवासी मोतीसिंह बुढा र ऐ. साविक घुमखहरे गा.वि.स. वडा नं. ३ निवासी काशीराम बुढालाई मिति २०५८/११/२६ गते सेनाको टोलीले माओवादीको आरोपमा सुर्खेत जिल्लाको सहारे गा.वि.स वडा नं. ९ स्थित पोखरे बजारबाट नियन्त्रणमा लिई सोही स्थानमा हत्या गरेको पाइयो। पीडितहरूको बयानबाटै क्षतिपूर्ति /राहत वापत १०/१० लाख बुझिसकेको पाइएकाले सोतर्फ केही नगरी घटनामा संलग्न दोषी सैनिकहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।३ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९५४, मिति २०७६/९/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४०१५ मिति २०७६।९।२१ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र।

च.नं. १५८ मिति २०७६।९।२० मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०६३**

१. **पीडितको नाम, थर र ठेगाना** नन्दलाल पुन र पहलबहादुर बुढा, सहारे -९, सुर्खेत।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** सुर्खेत जिल्ला सहारे गा.वि.स. वडा नं. ९ निवासी नन्दलाल पुन र पहलबहादुर बुढालाई छिन्चुतिरबाट आएका सेनाको टोलीले मिति २०५८/११/२६ गते पोखरे बजारबाट नियन्त्रणमा लिई हत्या गरेकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६५/२/२८ मा आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १८२५, आयोगबाट अनुसन्धान हुँदा सुर्खेत जिल्ला साविक सहारे गा.वि.स. वडा

नं. ९ हाल गुर्भाकोट नगरपालिका वडा नं. ९ निवासी नन्दलाल पुन र पहल बहादुर बुढालाई सेनाले मिति २०५८/११/२६ गते सुर्खेत जिल्लाको सहारे गा.वि.स. वडा नं. ९ स्थित पोखरे बजारबाट नियन्त्रणमा लिई सोही स्थानमा हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सेनाको पहिचान गरी कानूनबमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।३ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९५४, मिति २०७६/९/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४०१६ मिति २०७६।९।२१ मा श्री गृह मन्त्रालय र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वियन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र।

च.नं. १५८ मिति २०७६।९।२० मा श्री प्रप्रकालाई पठाएको श्री गृह मन्त्रालयको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०६४**

१. **पीडितको नाम, थर र ठेगाना** पूर्ण बहादुर मल्ल, जाङ -३, रुकुम।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** रुकुम जिल्ला जाङ गा.वि.स. वडा नं. ३ निवासी पूर्ण बहादुर मल्ललाई सेनाको टोलीले मिति २०५९/६/२३ गते जाङ -५ बाट नियन्त्रणमा लिई हत्या गरेकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी मिति २०६४/४/१४ मा आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १४५१, आयोगबाट अनुसन्धान हुँदा निज पूर्ण बहादुर मल्ललाई सेनाको टोलीले नजिकैको बारीमा जोतीरहेको स्थानबाट मिति २०५९/६/२३ मा नियन्त्रणमा लिई जाङ -५ रुकुममा लगी हत्या गरेको पाइएकाले दोषी सुरक्षाकर्मी (सेना) को पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।३ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९५६, मिति २०७६/९/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४०१७ मिति २०७६।९।२१ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वियन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र।

च.नं. १५८ मिति २०७६।९।२०मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन :

**क्रम संख्या – १०६५**

१. **पीडितको नाम, थर र ठेगाना** कुमार जंग मल्ल, जाङ –५, रुकुम।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** रुकुम जिल्ला जाङ गा.वि.स. वडा नं. ५ निवासी कुमार जंग मल्ललाई मिति २०५९/६/२३ गते सेनाको टोलीले नियन्त्रयामा लिई हत्या गरेकाले दोषीलाई कार्वाही गरी पीडितलाई क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी मिति २०६४/४/१४ मा आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १४५२, आयोगबाट अनुसन्धान हुँदा निज कुमार जंग मल्ललाई रुकुम जिल्ला जाङ गा.वि.स. वडा नं. ३ बाट मिति २०५९/६/२२ गते राती घरबाटै नियन्त्रणमा लिई २०५९/६/२३ गते ऐ. जाङ गा.वि.स. वडा नं ५ मा हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सैनिकको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।३ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९५७, मिति २०७६/९/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको

लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४०१८ मिति २०७६।९।२१ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १५८ मिति २०७६।९।२० मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रवर्द्धन शाखा) को बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन :

**क्रम संख्या – १०६६**

१. **पीडितको नाम, थर र ठेगाना** अर्जुन मल्ल, जाङ -५, रुकुम ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** रुकुम जिल्ला जाङ गा.वि.स. वडा नं. ५ निवासी अर्जुन मल्ललाई सेनाको टोलीले मिति २०५९/६/२२ गते राती घरबाटै नियन्त्रणमा लिई मिति २०५९/६/२३ गते सोही स्थानमा नै हत्या गरेकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी मिति २०६४/४/१४ मा आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १४५३, आयोगबाट अनुसन्धान हुँदा रुकुम जिल्ला साविक जाङ-५ हाल पुथाउत्तरगंगा गाउँपालिका वडा नं. ८ का अर्जुन मल्ललाई सेनाको टोलीले मिति २०५९/६/२२ गते राती नियन्त्रणमा लिई मिति २०५९/६/२३ गते सोही ठाउँमा नै हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सैनिकहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९५८, मिति २०७६/९/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४०१९ मिति २०७६।९।२१ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १५८ मिति २०७६।९।२०मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रवर्द्धन शाखा) को बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन :

**क्रम संख्या – १०६७**

१. **पीडितको नाम, थर र ठेगाना** धरम बहादुर मल्ल, जाङ -४, रुकुम ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** रुकुम जिल्ला जाङ गा.वि.स. वडा नं. ४ निवासी धरम बहादुर मल्ललाई सेनाको टोलीले मिति २०५९/६/२२ गते नियन्त्रणमा लिई मिति २०५९/६/२३ गते जाङ -५ रुकुममा हत्या गरेकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६४/४/१४ मा आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १४५४, आयोगबाट अनुसन्धान हुँदा निज धरम बहादुर मल्ललाई सेनाको टोलीले मिति २०५९/६/२२ गते घरबाटै नियन्त्रणमा लिई मिति २०५९/६/२३ गते ऐ. जाङ-५ मा लगी हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सैनिकहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९५९, मिति २०७६/९/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४०२० मिति २०७६।९।२१ मा श्री गृह र श्री रक्षा मन्त्रालय

सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १५८ मिति २०७६।९।२० मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई)लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०६८**

१. **पीडितको नाम, थर र ठेगाना** खल बहादुर मल्ल, जाङ -५, रुकुम ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** रुकुम जिल्ला जाङ गा.वि.स. वडा नं. ५ का खल बहादुर मल्ललाई सेनाको टोलीले मिति २०५९/६/२३ गते नियन्त्रण्मा लिई हत्या गरेकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६४/४/१४ मा आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १४५५, आयोगबाट अनुसन्धान हुँदा रुकुम जिल्ला साविक जाङ -५ हाल पुथाउत्तरगंगा गाउँपालिका वडा नं. ८ का खल बहादुर मल्ललाई मिति २०५९/६/२२ गते राती गाउँमा आई बसेका सेनाको टोलीले मति २०५९/६/२३ गते घरबाटै नियन्त्रणमा लिई सोही दिनहत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सैनिकहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९६०, मिति २०७६/९/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४०२१ मिति २०७६।९।२१ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १५८ मिति २०७६।९।२०मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई)लाइपठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०६९**

१. **पीडितको नाम, थर र ठेगाना** हटलाल रोका, जाङ -५, रुकुम ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** रुकुम जिल्ला जाङ गा.वि.स. वडा नं. ५ का हटलाल रोकालाई सेनाको टोलीले मिति २०५९/६/२२ गते घरबाटै नियन्त्रणमा लिई मिति २०५९/६/२३ गते हत्या गरेकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६४/४/१४ मा आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १४५६, आयोगबाट अनुसन्धान हुँदा रुकुम जिल्ला साविक जाङ गा.वि.स. वडा नं. ५ हाल पुथाउत्तरगंगा गाउँपालिका वडा नं. ८ का हटलाल रोकालाई सेनाको टोलीले मिति २०५९/६/२२ गत घरबाटै नियन्त्रणमा लिई रुकुमको जाङ गा.वि.स. को वडा नं. ३ मा लगी मिति २०५९/६/२३ गते हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सैनिकहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९६१, मिति २०७६/९/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४०२२ मिति २०७६।९।२१ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १५८ मिति २०७६।९।२०मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०७०**

१. **पीडितको नाम, थर र ठेगाना** नविन के.सी., पिपल -४, रुकुम ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** रुकुम जिल्ला, पिपल गा.वि.स. वडा नं. ४ का नविन के.सी.लाई सुरक्षाकर्मीहरूले मिति २०५६/१/१५ गते घरबाटै नियन्त्रणमा लिई रुकुम जिल्लाको स्यालापाखाको गिलवाङ भन्ने स्थानमा लगी हत्या गरेकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६४/४/१४ मा आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १४८९, आयोगबाट अनुसन्धान हुँदा रुकुम जिल्ला साविक पिपल गा.वि.स वडा नं. ४, हाल बाफिकोट गाउँपालिका वडा नं. २ का नविन के.सी.लाई सुरक्षाकर्मीले मिति २०५६/१/१८ गते घरबाटै नियन्त्रणमा लिई रुकुम जिल्लाकै स्यालपाखाको गिलावाङ भन्ने स्थानमा लगी हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९६२, मिति २०७६/९/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** :च.नं. ०७६/०७७ मा.अ.७२१/४०२३ मिति २०७६।९।२१ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १५८ मिति २०७६।९।२० मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई)लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०७१**

१. **पीडितको नाम, थर र ठेगाना** ममता बर्मा, सोनपुर–२, बाँके ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला सोनपुर गा.वि.स. वडा नं. २ घर भई नेपालगञ्ज नगरपालिकास्थित जिल्ला प्रहरी कार्यालय बाँके अगाडि डेरा गरी बस्ने नाबालिका ममता बर्माको मिति २०६२/१०/१६ गते साँझ डेरामा टि. भि. हेरी बसिरहेको अवस्थामा प्रहरीले चलाएको गोली लागि मृत्यु भएकाले घटनाको आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जले मिति २०६२/१०/१८ मा स्वविवेकमा मिति २०६२/१०/१८ मा निजको बाबु मुनेश्वर बर्मा र मिति २०६२/१०२७ मा निजको पति अर्जुन कुमार बर्माले आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ६७६, आयोगबाट अनुसन्धान हुँदा मिति २०६२/१०/१६ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा माओवादीहरूले आक्रमण गरेकोमा प्रत्याक्रमणको क्रममा प्रहरीद्वारा चलाएको गोली जिल्ला प्रहरी कार्यालय अगाडि रहेको डेरामा बसिरहेकी ममता बर्मालाई लागेको र तत्कालै उपचारको लागि भेरी अञ्चल अस्पताल लगिएकोमा अस्पतालमा नै निजको मृत्यु भएको पाइएकाले घटनामा संलग्न दोषी प्रहरीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न साथै पीडित परिवारलाई रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ११०५ मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२७६ मिति २०७६।१०।३ मा श्री अर्थ र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र।

च.नं. १७० मिति २०७६।९।२९ मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र।

प.सं. ०७६/७७, च.नं.२७९ मिति २०७६/१२/२ इन्द्रपुर-३, बाँके स्थायी ठेगाना भएका स्व. ममता वर्माका हकवालाले जिप्रका बाँकेबाट रु. १०,००००।- (अक्षरुपी दश लाख रुपैया मात्र) राहत/क्षतिपूर्ति प्राप्त गरिसकेको जानकारीसमेतको पत्र श्री गृह मन्त्रालयबाट प्राप्त।

गृह मन्त्रालयको च.नं. ३०२, मिति २०७७।२।२५ को जानकारी पत्रमा स्व. ममता बर्माका हकवालाले जिल्ला प्रशासन कार्यालय बाँकेबाट रु. १० लाख राहत/क्षतिपूर्ति प्राप्त गरिसकेको भन्ने उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १०७२**

१. **पीडितको नाम, थर र ठेगाना** झुपलाल खत्री र कुल बहादुर खत्री, बिनौना-१, बाँके।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला विनौना गा.वि.स. वडा नं. १ बस्ने झुपलाल खत्री र निजका छोरा कुल बहादुर खत्रीलाई मिति २०६०/७/१७ गते सेनाको टोलीले खेतमा काम गरिरहेको समयमा हत्या गरेकाले पीडितलाई क्षतिपूर्ति र दोषीलाई कार्वाही गरी पाउँ भनी मिति २०६४/२/१५ मा आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १४०७, आयोगबाट अनुसन्धान हुँदा निज झुपलाल खत्री र निजका छोरा कुल बहादुर खत्रीलाई सेनाको टोलीले मिति २०६०/७/१७ गते आफ्नै खेतमा काम गरिरहेको अवस्थामा नियन्त्रणमा लिन सकिने अवस्था हुँदा हुँदै पनि हत्या गरेकाले निजहरूको बाँच्न पाउने अधिकारको उल्लंघन गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ११०८ मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२७९ मिति २०७६।१०।३ मा श्री रक्षा र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र।

च.नं. १६९ मिति २०७६।९।२९ मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०७३**

१. **पीडितको नाम, थर र ठेगाना** दुर्गा विन कुम्हार, वनकट्टी, बाँके।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला वेतहनी गा.वि.स. वडा नं. ३ बस्ने माओवादी कार्यकर्ता दुर्गा विन कुम्हारलाई ऐ. वनकट्टी गा.वि.स.मा खाना खाइरहेको अवस्थामा २०६० साल भदौ महिनामा सुरक्षाकर्मीहरूले हत्या गरेकाले घटनाको छानवीन गरीपाउँ भनी आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा मिति २०६४/६/१३ मा उजूरी दर्ता गरीएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १५८३, आयोगबाट अनुसन्धान हुँदा निज दुर्गा विन कुम्हारलाई सुरक्षाकर्मीको टोलीले २०६० साल भदौ महिनामा बाँकेकै वनकट्टी गा.वि.स. मा खाना खाइरहेको अवस्थामा नियन्त्रणमा लिन सकिने अवस्था हुँदा हुदै पनि हत्या गरेकाले निजको बाँच्न पाउने अधिकारको हनन् गरेको पाइएकाले घटनामा संलग्न दोषी

सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ११०९ मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२८० मिति २०७६।१०।३ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १७० मिति २०७६।९।२९मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०७४**

१. **पीडितको नाम, थर र ठेगाना** लक्ष्मी चौधरी, फत्तेपुर -८, बाँके ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला फत्तेपुर गा.वि.स. वडा नं. ८ बस्ने माओवादी कार्यकर्ता लक्ष्मी चौधरीलाई सुरक्षाकर्मीहरूले मिति २०६०/७/१७ गते कब्जामा लिई हत्या गरेकाले छानवीन गरी पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा मिति २०६४/६/२१ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १६०४, आयोगबाट अनुसन्धान हुँदा निज लक्ष्मी चौधरीलाई सुरक्षाकर्मीहरूले मिति २०६०/७/१७ गते बाँके जिल्लाको खयरपट्टी भन्ने स्थानमा निहत्था अवस्थामा हत्या गरी निजको बाँच्न पाउने अधिकारको हनन् गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १११० मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२८२ मिति २०७६।१०।३ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १६९ मिति २०७६।९।२९मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०७५**

१. **पीडितको नाम, थर र ठेगाना** जुनकिरी तारुमगर, कालिका -४, बर्दिया ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** बर्दिया जिल्ला कालिका गा.वि.स. वडा नं. ४ मुनालवस्ती निवासी जुनकिरी तारुमगरलाई मिति २०६०/१२/१० गते पण्डितपुर दिदीको घरमा जाँदै गर्दा सुरक्षाकर्मीले पक्राउ गरी हत्या गरेकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी आयोगमा मिति २०६४/१/१२ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १३४२, आयोगबाट अनुसन्धान निज जुनकिरी तारुमगरलाई मिति २०६०/१२/१० गते बर्दिया जिल्लाकै पण्डितपुर भन्ने ठाउँबाट नियन्त्रणमा लिई हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १११४ मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२८६ मिति २०७६।१०।३ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १६९ मिति २०७६।९।२९ मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०७६**

१. **पीडितको नाम, थर र ठेगाना** मनसिला कुमाल, खासकुस्मा -२, बाँके ।

२. **उल्लंघनकर्ता** सशस्त्र प्रहरी बल

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला खासकुस्मा गा.वि.स. वडा नं. २ निवासी मनसिला कुमाल सहित ७ जनालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा मिति २०६१/६/१३ गते सुरक्षाफौजले निशस्त्र अवस्थामा हत्या गरेकाले उचित न्याय र क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी आयोगमा मिति २०६४/६/९ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १५५५, घटनाको आयोगबाट अनुसन्धान हुँदा सशस्त्र प्रहरी वेश क्याम्प कुसुम बाँकेबाट खटिएको सशस्त्र प्रहरीको टोलीले मिति २०६१/६/१३ गते बाँके जिल्लाको खासकुस्मा गा.वि.स. वडा नं. ४ स्थित सिक्टा गाउँबाट निज मनसिला कुमाललाई नियन्त्रणमा लिई सोही ठाउँको गावर डाँडामा लगी हत्या गरी निजको बाँच्न पाउने अधिकारको हनन् गरेको पाइएकाले घटनामा संलग्न दोषी सशस्त्र प्रहरीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १११८ मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२९० मिति २०७६।१०।३ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १११ मिति २०७६।१०।१५ मा श्री गृह मन्त्रालयलाई पठाएको श्री रक्षा मन्त्रालय (मानव अधिकार शाखा) को बोधार्थ पत्र ।

च.नं. २०३ मिति २०७६।१०।२४ मा श्री सप्रबप्रका (मानव अधिकार इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

च.नं. १७३ मिति २०७६।९।२९ मा श्री सप्रबप्रकालाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा)को बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०७७**

१. **पीडितको नाम, थर र ठेगाना** विर बहादुर कुमाल, खासकुस्मा -२, बाँके ।

२. **उल्लंघनकर्ता** सशस्त्र प्रहरी बल

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला खासकुस्मा गा.वि.स. वडा नं. २ निवासी विर बहादुर कुमाललाई सुरक्षाकर्मीले मिति २०६१/६/१३ गते निशस्त्र अवस्थामा हत्या गरेकाले घटनाको छानवीन गरी न्याय पाउँ भनी आयोगमा मिति २०६४/६/९ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ४५१, आयोगबाट अनुसन्धान हुँदा निज विर बहादुर कुमाललाई मिति २०६१/६/१३ गते सशस्त्र प्रहरीहरूले बाँके जिल्लाको खासकुस्मा गा.वि.स. वडा नं. ४ स्थित सिक्टा गाउँमा हत्या गरी निजको बाँच्न पाउने अधिकारको हनन् गरेको पाइएकाले घटनामा संलग्न दोषी सशस्त्र प्रहरीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १११९ मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको

लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२९१ मिति २०७६।१०।३ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १११ मिति २०७६।१०।१५ मा श्री गृह मन्त्रालयलाई पठाएको श्री रक्षा मन्त्रालय (मानव अधिकार शाखा) को बोधार्थ पत्र ।

च.नं. २०३ मिति २०७६।१०।२४ मा श्री सप्रबप्रका (मानव अधिकार इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

च.नं. १७३ मिति २०७६।९।२९ मा श्री सप्रबप्रकालाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा)को बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०७८**

१. **पीडितको नाम, थर र ठेगाना** मिन बहादुर वली, खासकुस्मा -२, बाँके ।

२. **उल्लंघनकर्ता** सशस्त्र प्रहरी बल

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला खासकुस्मा गा.वि.स. वडा नं. २ बस्ने मिन बहादुर वलीलाई मिति २०६१/६/१३ गते सुरक्षाफौजले निशस्त्र अवस्थामा हत्या गरेकाले पीडितलाई न्याय र क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी आयोगमा मिति २०६४/६/९ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १५५८, आयोगबाट अनुसन्धान हुँदा निज मिन बहादुर वलीलाई सशस्त्र प्रहरीको टोलीले मिति २०६१/६/१३ गते बाँके जिल्लाको खासकुस्मा गा.वि.स. वडा नं. ४ स्थित सिक्टा गाउँमा निशस्त्र अवस्थामा हत्या गरी निजको बाँच्न पाउने अधिकारको हनन् गरेको पाइएकाले घटनामा संलग्न दोषी सशस्त्र प्रहरीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ११२० मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२९२ मिति २०७६।१०।३ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १११ मिति २०७६।१०।१५ मा श्री गृह मन्त्रालयलाई पठाएको श्री रक्षा मन्त्रालय (मानव अधिकार शाखा) को बोधार्थ पत्र ।

च.नं. २०३ मिति २०७६।१०।२४ मा श्री सप्रबप्रका (मानव अधिकार इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

च.नं. १७३ मिति २०७६।९।२९ मा श्री सप्रबप्रकालाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा)को बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०७९**

१. **पीडितको नाम, थर र ठेगाना** जोरीलाल थारु, बैजापुर -२, बाँके ।

२. **उल्लंघनकर्ता** सशस्त्र प्रहरी बल

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला बैजापूर गा.वि.स. वडा नं. २ निवासी जोरीलाल थारुलाई सुरक्षाकर्मीहरूले मिति २०६१/६/१३ गते हत्या गरेकाले उचित न्याय र क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी आयोगमा मिति २०६४/६/९ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १५६९, आयोगबाट अनुसन्धान हुँदा निज जोरीलाल थारुलाई वागेश्वरी सशस्त्र प्रहरी वेश क्याम्प कुसुम बाँकेका सशस्त्र टोलीले मिति २०६१/६/१३ गते बाँके जिल्लाको खासकुस्मा गा.वि.स. वडा नं. ४ स्थित खेतमा काम गरिरहेको अवस्थामा हत्या गरी निजको बाँच्न पाउने अधिकारको हनन् गरेको पाइएकाले घटनामा संलग्न दोषी सशस्त्र प्रहरीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ११२२ मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२९४ मिति २०७६।१०।३ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र।

च.नं. २०३ मिति २०७६।१०।२४ मा श्री सप्रबप्रका (मानव अधिकार इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र।

च.नं. १७३ मिति २०७६।९।२९ मा श्री सप्रबप्रकालाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा)को बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०८०**

१. **पीडितको नाम, थर र ठेगाना** धनिराम थारु, बैजापुर -२, बाँके।

२. **उल्लंघनकर्ता** सशस्त्र प्रहरी बल

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला बैजापूर गा.वि.स. वडा नं. २ निवासी धनिराम थारुलाई सुरक्षाकर्मीहरूले मिति २०६१/६/१३ गते हत्या गरेकाले उचित न्याय र क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी आयोगमा मिति २०६४/६/९ मा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. २१९९, आयोगबाट अनुसन्धान हुँदा निज धनिराम थारुलाई वागेश्वरी सशस्त्र प्रहरी वेश क्याम्प कुसुम बाँकेका सशस्त्र टोलीले मिति २०६१/६/१३ गते बाँके जिल्लाको खासकुस्मा गा.वि.स. वडा नं. ४ स्थित खेतमा काम गरिरहेको अवस्थामा हत्या गरी निजको बाँच्न पाउने अधिकारको हनन् गरेको पाइएकाले घटनामा संलग्न दोषी सशस्त्र प्रहरीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ११२१ मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२९३ मिति २०७६।१०।३ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र।

च.नं. २२६ मिति २०७६/११/१३ मा तत्कालीन समयमा बाहिनीपतिको रुपमा कार्यरत सशस्त्र प्रहरी नायव महानिरीक्षक बलराम के.सी. र उक्त समयमा फिल्ड कमाण्डरको रुपमा खटिएका सशस्त्र प्रहरी नायव उपरीक्षक अर्जुन प्रसाद धरेलको मृत्यु भइसकेको व्यहोरा खुलाई पठाएको गृह मन्त्रालयको जानकारी पत्र।

च.नं. १११ मिति २०७६।१०।१५ मा श्री गृह मन्त्रालयलाई पठाएको श्री रक्षा मन्त्रालय (मानव अधिकार शाखा) को बोधार्थ पत्र।

च.नं. २०३ मिति २०७६।१०।२४ मा श्री सप्रबप्रका (मानव अधिकार इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र।

च.नं. १७३ मिति २०७६।९।२९ मा श्री सप्रबप्रकालाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा)को बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०८१**

१. **पीडितको नाम, थर र ठेगाना** लक्ष्मी प्रसाद फुयाँल, बयरवन -८, नर्सरीडाँडा, मोरङ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरणः** मोरङ जिल्ला बयरवन गा.वि.स. वडा नं. ८ नर्सरीडाँडा बस्ने लक्ष्मी प्रसाद फुँयाललाई सुरक्षाकर्मीहरूले मिति २०६१/११/१७ गते मोरङ जिल्लाकै वाहुनी गा.वि.स. वडा नं. ४ बाट पक्राउ गरी स्थानीय बाहुनी स्कुल अगाडि हत्या गरेकाले पीडकलाई कार्वाही र पीडितलाई क्षतिपूतिको लागि पहल गरी पाउँ भनी मिति २०६२।०९।०८ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज लक्ष्मी प्रसाद फुँयाललाई सुरक्षाकर्मीहरूले मिति २०६१/११/१७ गते मोरङ जिल्लाको बाहुनी गा.वि.स. वडा नं. ४ बाट निशस्त्र अवस्थामा नियन्त्रणमा लिई सोही नजीक रहेको विद्यालय अगाडिको मूल बाटोमा लगी हत्या गरी निजको बाँच्न पाउने अधिकारको हनन् गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने साथै पीडित परिवारले क्षतिपूर्ति प्राप्त गरिसकेको देखिंदा सोतर्फ केही गरिरहन नपर्ने गरी नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।०६।२९ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५३३ अनुसन्धान १०८२ मिति २०७६।०९।२० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/४१७४ मिति २०७६।०९।२८ मा प्रममपका मानव अधिकार शाखाबाट गृह र रक्षा मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०८२**

१. **पीडितको नाम, थर र ठेगाना** रत्न बहादुर कार्की, शनिश्चरे -१, मोरङ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरणः** मोरङ जिल्ला शनिश्चरे गा.वि. वडा नं १ निवासरी रत्न बहादुर कार्कीलाई सुरक्षाकर्मीहरूले मिति २०६१/९/३ गते मोरङ जिल्लाको पत्थरी गा.वि.स लामाटोलबाट पक्राउ गरी हत्या गरकाले दोषीलाइ कार्वाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी मिति २०६१।०९।१३ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज रत्न बहादुर कार्कीलाई मिति २०६१/९/३ गते मोरङ जिल्लाको पत्थरी गा.वि.स स्थित लामाटोलबाट पक्राउ गरी निन्त्रणमा लिई सकेपछी केही पर लगी हत्या गरी निजको बाँच्न पाउने अधिकारको हनन् भएको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने साथै पीडित परिवारले राहत/क्षतिपूर्ति प्राप्त गरिसकेको देखिंदा सोतर्फ केही गरिरहन नपर्ने भनी मिति २०७६।०६।२९ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं २४७७ अनुसन्धान १०८० मिति २०७६।०९।२० गते श्री प्रममपका सिंहदरबारलाई निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/४१७२ मिति २०७६।०९।२८ मा प्रममपका मानव अधिकार शाखाबाट गृह र रक्षा मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०८३**

१. **पीडितको नाम, थर र ठेगाना** कारी भनिने परमानन्द यादव, महेशपुर -५, सिराहा

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरणः** सिरहा जिल्ला महेशपुर गा.वि.स. वडा नं. ५ घर भएका कारी भनिने परमानन्द यादवलाई

२०६० साल बैशाख महिनामा सेनाले पक्राउ गरी बेपत्ता बनाएकाले सकुशल रिहाईको लागि पहल गरी पाउँ भनी मिति २०६३।०३।०४ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज कारी भनिने परमानन्द यादवलाई मिति २०६० साल बैशाख २४ गते साँझ अन्दाजी ४:०० बजेको समयमा सशस्त्र सेनाको टोलीले घरबाटै निशस्त्र अवस्थामा नियन्त्रणमा लिई सोही दिन हत्या गरेको पाइएकाले हत्या गर्ने कार्यमा संलग्न दोषी सैनिकहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारश गर्ने साथै पीडित परिवारले राहत क्षतिपूर्ति पाइसकेको देखिएकाले सोतर्फ केही गरिरहन नपर्ने मिति २०७६।०६।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ७४५ अनुसन्धान १०७९ मिति २०७६।०९।२० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/४१७१ मिति २०७६।०९।२८ मा प्रममपका मानव अधिकार शाखाबाट गृह र रक्षा मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०८४**

१. **पीडितको नाम, थर र ठेगाना** कुमार पौडेल, वागमती -२, सर्लाही ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरणः** सर्लाही जिल्ला, वागमती नगरपालिका वडा नं. २ बस्ने विप्लव नेतृत्वका नेकपा सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेलको सर्लाही जिल्ला, लालवन्दी नगरपालिका वडा नं. १ स्थित लखन्देही जंगल नजिक पर्ने कच्ची सडकको बाँसघारी मुनि प्रहरी कार्वाहीमा मृत्यु भएको घटनाको आवश्यक छानवीन गरी दोषीलाई कार्वाही र पीडितको परिवारलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराइ पाउँ भनी मिति २०७६।०३।०९ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा घटनामा प्रहरी प्रधान कार्यालय, नक्सालको प्रत्यक्ष निर्देशनमा खटिएका २ नं. प्रदेश प्रहरी कार्यालयको समन्वयमा समेत परिचालित भएका प्रहरीले निजलाई नियन्त्रणमा लिएपश्चात अनावस्यक रुपमा अत्यधिक संख्यामा ९ (नौ) मारिएको, प्रहरीले आत्मरक्षा र दोहोरो भिडन्त भनी दावी गरेकोमा दोहोरो भिडन्त वा आत्मरक्षाको अवस्था कतैबाट पुष्टि नभएको र घटनाको प्रकृति, संकलित प्रमाण समेतबाट निजलाई नियन्त्रणमा लिई मारिएको आयोगको अनुसन्धानबाट देखियो । प्रहरीबाट घटनाको निश्पक्ष अनुसन्धान नभएको । घटनास्थल तथा लासजाँच प्रकृति मुचुल्का तयार गर्दा मेडिको लिगलको दृष्टिकोणबाट त्रुटि भएको देखियो ।

प्रस्तुत घटनामा नेपालको संविधान, २०७२ को धारा १६ ले प्रदान गरेको बाँच्न पाउने हक, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ६ लगायत संयुक्त राष्ट्रसंघले प्रतिपादन गरेका विभिन्न सिद्धान्तहरू समेतको उल्लंघन भएको देखिएकोले निम्न बमोजिम गर्न गराउन सिफारिश गरियो :

(क) **नेपाल सरकारलाई**

१. घटनामा प्रहरीलाई निर्देशन दिने तालुक निकायका पदाधिकारी तथा कर्मचारीहरू, आदेश दिने अधिकारी तथा दुरुत्साहन गर्ने व्यक्तिहरूमाथि समेत अनुसन्धान गरी कानूनको दायरामा ल्याई कानून बमोजिम कार्वाही गर्न ।

२. घटनामा प्रत्यक्ष रुपमा संलग्न तथा कमाण्डर समेत रहेका प्रहरी निरीक्षक श्री कृष्णदेव प्रसाद साह र प्रहरी हवल्दारद्वय श्री विनोद साह र श्री सत्यनारायण मिश्रलाई तत्काल निलम्बन गरी फौजदारी अभियोगमा मुद्दा चलाउन र प्रहरी निरीक्षक श्री किरण प्रसाद न्यौपाने र प्रहरी नायव निरीक्षक श्री सूर्यकुमार कार्कीलाई घटनाको मुचुल्का गर्दा त्रुटिपूर्ण तवरले कार्य गरेकोले सचेत गराउन ।

३. विवादित यस घिसिमका घटनाहरूमा स्वतन्त्र र निश्पक्ष अनुसन्धान गर्न विषयगत विशेषज्ञ सहितको टोली गठन गरी अनुसन्धान गर्ने व्यवस्था गरी अनुसन्धानको लागि छुट्टै संयन्त्रको निर्माण गर्न, गराउन तथा कुनै पनि सुरक्षा निकायका कर्मचारीहरू कानून विपरीतका आदेशहरू कार्यान्वयन नगर्न स्वतन्त्र रहन सक्ने व्यवस्थालाई कानून मार्फत नै संरक्षित गर्न । मौखिक रुपमा प्राप्त भएका महत्त्वपूर्ण आदेशहरूलाई समेत

सम्बन्धित प्रहरी कार्यालयले अभिलेखमा राख्ने व्यवस्था मिलाउन ।

४. दोहोरो भिडन्तमा मृत्यु भएको भनिएका विवादास्पद किसिमका घटनाहरू, हिरासत र कारागारमा हुने मृत्युको घटना तथा बलात्कार सम्बन्धी घटनाहरू सम्बन्धमा २४ घण्टाभित्र अनिवार्य रुपमा राष्ट्रिय मानव अधिकार आयोगलाई लिखित जानकारी दिने व्यवस्था मिलाउन । सोको लागि आवश्यक मार्ग निर्देशिका (Guideline) बनाई सबै प्रहरी कार्यालयहरूलाई निर्देशन दिन ।

५. इन्काउन्टर वा दोहोरो भिडन्तमा मारिएका संदिग्ध आरोपितको हात वा औंलाको स्वाब लिई फरेन्सिक प्रयोगशाला परीक्षण गर्नुपर्ने कुरालाई अनिवार्य बनाउन, आपराधिक क्रियाकलापमा संलग्न भएका भनिएका व्यक्तिहरूबाट बरामद गरिएका भनिएका हतियारहरूको भण्डारण र अभिलेखको छुट्टै व्यवस्था गरी ती हतियारहरूको विस्तृत विवरण सहितको अद्यावधिक तथ्यांक सम्बन्धित निकायमा पेश गर्न ।

६. शव परीक्षण गर्ने समयमा मापदण्ड बिना न्यूनतम पक्रियाहरू समेत पूरा नगरेकोले जिल्ला अस्पताल सर्लाही, मलंगवाका तत्कालीन डा. वीरेन्द्र कुमार मण्डललाई सचेत गराउन र जिल्ला अस्पताल सर्लाही लगायत मुलुकभरका शव परीक्षण गर्ने अस्पतालहरूमा क्यामेरा, पानी, विजुली, एक्स–रे मेशिन, शव सुरक्षामा आवश्यक रासायनिक पदार्थहरूको तत्काल व्यवस्था गर्न, भएका श्रोत साधनहरूको उचित व्यवस्थापन, संरक्षण र प्रयोग भए नभएको सम्बन्धमा अनुगमन गरी आवश्यक निर्देशन दिन । शव परीक्षण गरिने प्रत्येक अस्पतालहरूमा कम्तिमा एक जना प्राविधिक र तालिम प्राप्त फरेन्सिक मेडिसिन विशेषज्ञको व्यवस्था गर्न, गराउन ।

७. घटनामा कुमार पौडेलको बाँच्न पाउने अधिकारको हनन् भएको देखिएकोले निजको कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को प्रावधान अनुरुप रु. ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन ।

८. हिंसात्मक गतिविधि मार्फत शान्ति सुरक्षा लगायत मानव अधिकारका अन्य पक्षहरूमा समेत बढ्दै गएको गम्भीर चुनौतीलाई उचित सम्बोधन गर्न, विप्लव नेतृत्वको नेकपालाई वार्तामा ल्याई उक्त पार्टीका कार्यकर्ताबाट हुँदै आएका गैरकानूनी गतिविधिहरूलाई नियन्त्रण गर्न र कानून बमोजिम आवश्यक कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने" भनी आयोगबाट मिति २०७६/७/४ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ६४१, मिति २०७६।०७।०५ गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

च.नं ११८७, मिति २०७६।१०।१० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई निर्णय कार्यान्वयनका लागि (ताकेता) लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १८८ मिति २०७६।१०।१७ मा गृह मन्त्रालय मानव अधिकार प्रवर्द्धन शाखाबाट श्री राहत तथा तथ्याङ्क व्यवस्थापन शाखा गृह मन्त्रालय र श्री प्रहरी प्रधान कार्यालय, (मानव अधिकार उल्लंघन अनुगमन इकाई/नक्साल, काठमाडौंलाई निर्णय कार्यान्वयन सम्बन्धमा प्रेषित पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. २८४ मिति २०७६।११०।२७ मा श्री प्रहरी प्रधान कार्यालय (प्रहरी महानिरीषकको सचिवालय) (मानव अधिकार उल्लंघन अनुगमन इकाई/नक्साल) बाट गृह मन्त्रालय मानव अधिकार प्रवर्द्धन शाखालाई निर्णय कार्यान्वयन गर्न अप्ठ्यारो भएकोमा पुनः विचार गरी दिने सम्बन्धमा प्रेषित पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. मा.अ. ७२१/५०३० मिति २०७६।११।०४ मा प्रममपका मानव अधिकार शाखाबाट गृह मन्त्रालयलाई निर्णय कार्यान्वियन सम्बन्धमा ताकेता पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. २३२ मिति २०७६।११।१८ मा गृह मन्त्रालय मानव अधिकार प्रवर्द्धन शाखाबाट प्रममपका सिंहदरबार काठमाडौंलाई निर्णय कार्यान्वयनको पुनर्विचार सम्बन्धमा प्रेषित पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. मा.अ. ७२१/५७८९ मिति २०७६।१२।१० मा प्रममपका मानव अधिकार शाखाबाट आयोगलाई निर्णय कार्यान्वयन पुनर्विचार सम्बन्धमा पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०८५**

१. **पीडितको नाम, थर र ठेगाना** कालुराम चौधरी र मनिराम चौधरी, दरख -२, कैलाली ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला, दरख गा.वि.स. वडा नं. २ बस्ने बर्ष १३ को कालुराम चौधरी र मनिराम चौधरीलाई सुरक्षाकर्मीहरूले मिति २०५९/७/२९ गते सुरक्षाकर्मीले पक्राउ गरी हत्या गरेको घटनाको बारेमा अनुसन्धान गरी न्याय दिलाई पाउँ भनी मिति २०६३/५/२ गते उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३९७, आयोगबाट अनुसन्धान हुँदा निज मनिराम चौधरी र कालुराम चौधरीलाई माओवादी कार्यकर्ताहरूले अभियानमा लैजान घरबाट लिएर कैलाली जिल्लाको दरख गा.वि.स. को पचघरामा रहेको घरमा राखिरहेको अवस्थामा सुरक्षाकर्मीहरूले निज दुवै जनालाई पक्राउ गरी हत्या गरेको देखिन्छ । सुरक्षाकर्मीहरूको यस्तो कार्य नेपाल कानून, नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा द्वन्द्वको समयमा लागु हुने अन्तर्राष्ट्रिय मानविय कानून, जेनेभा महासन्धी १९४९ को साझा धारा ३ विपरीत भई मानव अधिकारको गम्भीर उललंघन भएको देखिदा घटनामा संलग्न सुरक्षाकर्मीहरूको पहिचान गरी कार्वाही गर्न र मृतकका परिवारलाई जनही रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को धारा १६ बमोजिम नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।९।३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२६७, मिति २०७६/१०/२३ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौँलाई पत्राचार गरेको साथै श्री गृह, श्री रक्षा र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** :च.नं. ०७६/०७७ मा.अ.७२१/५१११ मिति २०७६।११।०५ मा श्री गृह, श्री रक्षा र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका सिंहदरबार,काठमाडौँको बोधार्थ पत्र ।

च.नं २०९ मिति २०७६/११/७ श्री गृह मन्त्रालयले प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ ।

च.नं. २८२ मिति २०७६।१२।२२ मा श्री गृह मन्त्रालय (राहत तथा तथ्यांक व्यवस्थापन शाखा) ले आयोगलाई पठाएको निज पीडित परिवारका हकवालाले जि.प्र.का. कैलालीबाट जनही रु. दश लाख राहत क्षतिपूर्ति प्राप्त गरिसकेको पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १०८६**

१. **पीडितको नाम, थर र ठेगाना** चम्पा परियार, फत्तेपुर -६, बाँके ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला पत्तेपुर गा.वि.स. वडा नं.-६ निवासी चम्पा परियारलाई मिति २०६०/७/१७ गते जिल्लाको खयरपट्टी भन्ने स्थानमा निहत्था अवस्थामा हत्या गरिएकोले छानवीन गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६३/४/२२ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ९७९, आयोगबाट अनुसन्धान हुँदा निजलाई बाँके जिल्लाको खयरपट्टी भन्ने स्थानमा निहत्था अवस्थामा मिति २०६०/७/१७ मा हत्या गरी निजको बाँच्न पाउने अधिकार हनन् गरेको पाइएकोले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।९।३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२६४, मिति २०७६/१०/२३ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपकाको कार्यालय सिंहदरबार, काठमाडौँलाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ दिइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/५१०८ मिति २०७६।११।०५ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपकाको कार्यालय सिंहदरबार, काठमाडौँको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०८७**

१. **पीडितको नाम, थर र ठेगाना** लक्ष्मण खटिक, कम्दी -६, बाँके ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला कम्दी गा.वि.स.वडा नं. ६ निवासी लक्ष्मण खटिकलाई सुरक्षाकर्मीहरूले मिति २०६१/५/८ गते पक्राउ गरी हत्या गरेकोले छानवीन गरी पाउँ भनी माओवादीबाट उजूरी प्राप्त भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १५७२, आयोगबाट अनुसन्धान हुँदा निज लक्ष्मण खटिक नेकपा(माओवादी) कार्यकर्ता भएको र पार्टीकै कामको सिलसिलामा कम्दी गा.वि.स. गएको अवस्थामा सुरक्षाकर्मीहरूले पक्राउ गरी आफ्नो नियन्त्रण रहेको अवस्थामा मारेको पाइएकोले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।९।३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२६३, मिति २०७६/१०/२३ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका लाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/५१०७ मिति २०७६।११।०५ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका सिंहदरबार, काठमाडौंको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०८८**

१. **पीडितको नाम, थर र ठेगाना** जसबहादुर तामाङ्ग, नेले -६, सोलुखुम्बु ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** सोलुखुम्बु जिल्ला नेले गा.वि.स वाड नं ६ बस्ने जसबहादुर तामाङ्गको मिति २०५९/३/४ गते नेले बजारमा भएको सुरक्षा कारवाहीमा मृत्यु भएकोले सो सम्बन्धमा जिल्ला प्रशासन कार्यालय सल्लेरीमा उजूरी दिए पनि कुनै कार्वाही नभएकोले आवश्यक छानवीन गरी दोषी उपर कार्वाही गरी उचित क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६१/६/१५ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १३, आयोगबाट अनुसन्धान हुँदा निज जसवहादुर तामाङ्ग कामको सिलसिलामा नेले बजार गएको अवस्थामा नेले बजारस्थित घरमा माओवादी लुकिरहेको आशंकामा सुरक्षाकर्मीहरूले फायरिङ गरिरहेको अवस्थामा निजलाई गोली लागि मृत्यु भएको बुझिन आएको, उक्त घटनामा निर्दोष परिवारलाई रु. १०,००,०००।- (दश लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराएको देखिन्छ । प्रस्तुत घटनामा कामको सिलसिलामा गइरहेको निर्दोष सर्वसाधारण व्यक्तिको मृत्यु भएको देखिएकोले घटनाको छानवीन गरी दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७६।९।३ मा निर्णय गरियो । पीडित परिवारले रु. १०,००,०००।- (दश लाख मात्र) क्षतिपूर्ति प्राप्त गरिसकेको देखिएको क्षतिपूर्ति तर्फ केही गर्नु नपर्ने निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२७३, मिति २०७६/१०/२३ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार,काठमाडौँलाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय, श्री रक्षा मन्त्रालय र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** प.सं ०७६।७६ च.नं. मा.अ ७२१/५०३३ मिति २०७६।११।०४ मा श्री गृह मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपकाको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०८९**

१. **पीडितको नाम, थर र ठेगाना** हेमराज डगौरा, भजनी -९, कैलाली ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरणः** कैलाली जिल्ला भजनी गा.वि.स. वडा नं. ९ बस्ने हेमराज डगौरालाई तत्कालीन शाही नेपाली सेनाले हत्या गरी लाश समेत वेपत्ता पारेकोले घटनाको छानवीन गरी क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३।११।०९ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज हेमराज डगौरा मिति २०५८/११/२९ गते कैलाली जिल्ला लालबोझी गा.वि.स. को एक घरमा बसीरहेको अवस्थामा सुरक्षाकर्मीको टोलीले घेराहाली हत्या गरेको भन्ने अनुसन्धान प्रतिवेदनबाट देखिन्छ, साथै मृतकका परिवारले नेपाल सरकारबाट क्षतिपूर्ति समेत प्राप्त गरिसकेको भन्ने पाइएकोले प्रस्तुत घटनाको छानवीन गरी घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई गर्ने" भनी आयोगबाट मिति २०७६/०९/०८ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचारः** च.नं. १६३५ मिति २०७७।०१।३० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/६२३८ मिति २०७७।०२।१३ मा प्रममपका मानव अधिकार शाखाबाट गृह मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०९०**

१. **पीडितको नाम, थर र ठेगाना** सीता चौधरी, देउडाकला -३, बर्दिया।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरणः** बर्दिया जिल्ला डेउडाकला गा.वि.स. वडा नं. ३ बस्ने सीता चौधरीलाई मिति २०५९।३।२८ गते राती घरमा सुतिरहेको अवस्थामा तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी लगेको केहि समयपछि महेन्द्र राजमार्गको चिसापानी चोकमा हत्या गरेको र भोलिपल्ट रेडियोमा नर्सरीमा भिडन्त हुँदा सीता चौधरीको मृत्यु भएको भनी समाचार प्रसारण गरेको घटनाको छानवीन गरी आवश्यक कार्वाही गरि पाउँ भनी मिति २०६२।११।२७ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा प्राप्त तथ्य प्रमाणको आधारमा निज सीता चौधरीलाई मिति २०५९।३।२८ गते राती घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले पक्राउ गरी लगेको हुँदा निजको मृत्यु रेडियोमा सम्प्रेषण गरिएको समाचार र नेपाली सेनाबाट प्राप्त जानकारी अनुसार मुठभेड अथवा भिडन्तमा भएको भन्ने पुष्टि हुन नआएको हुँदा निज सीता चौधरीको मृत्यु सुरक्षाकर्मीको नियन्त्रणमा रहेकै अवस्थामा भएको तथा परिवारले हालसम्म लास समेत प्राप्त नगरेको भन्ने पाइएकोले व्यक्तिको मृत्यु पश्चात परिवारले आफ्नो धर्मपरम्परा अनुसार लासको सदगत गर्ने अधिकार समेत उल्लंघन हुन गएको देखिँदा प्रस्तुत घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने पीडित परिवारले नेपाल सरकारबाट राहत प्राप्त गरिसकेको पाइएकोले त्यसतर्फ केही गर्न नपर्ने भनी आयोगबाट मिति २०७६।०९।२० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचारः** च.नं. १६४० मिति २०७७।०१।३० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/६२२१ मिति २०७७।०२।११ मा प्रममपका मानव अधिकार शाखाबाट गृह मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०९१**

१. **पीडितको नाम, थर र ठेगाना** नन्कु केवट, वेहतनी -५, बाँके

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला वेहतनी गा.वि.स. वडा नं. ५ बस्ने नन्कु केवटलाई सुरक्षाकर्मीले २०६१ साल

कार्तिकमा फत्तेपुर गा.वि.स. अन्तर्गत पर्ने नेवुवाडाँडामा गैरकानूनी तरिकाले घेरा हाली गोली चलाई हत्या गरेकोले छानवीन गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६४/६/१९ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १५७७, आयोगबाट अनुसन्धान हुँदा निज माओवादी कार्यकर्ता भएको, २०६१ कार्तिकमा फत्तेपुरमा माओवादी पार्टीको बैठक भईरहेको समयमा सुरक्षाकर्मीले पक्राउ गरी नियन्त्रणमा लिएको अवस्थामा गोली हानी हत्या गरेको पाइएकोले संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।०९।२० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १६४२, मिति २०७७/१/३० मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपकाको कार्यालय सिंहदरबार, काठमाडौंलाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ दिइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/६२२२ मिति २०७७।०२।११ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपकाको कार्यालय सिंहदरबार, काठमाडौंको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०९२**

१. **पीडितको नाम, थर र ठेगाना** चिदु चौधरी (प्रसु), विनौना -१, बाँके ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला बिनौना गा.वि.स. वडा नं. १ का चिदु चौधरी (प्रसु) लाई मिति २०५८/११/१२ गते र ऐ. जिल्ला फत्तेपुर गा.वि.स. वडा नं. ६ पिपरवा निवासी अमृका मौर्य (मुराउ) लाई मिति २०५८/११/२५ गते सुरक्षाकर्मीले पक्राउ गरी हत्या गरेकोले छानवीन गरिपाउँ भनी मिति २०६४/६/१२/२६ मा आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १६११, आयोगबाट अनुसन्धान हुँदा प्राप्त तथ्य तथा प्रमाणको आधारमा निजहरूलाई अत्याधिक बल प्रयोग गरी हत्या गरेको पाइएकोले घटनामा दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने यस घटनामा पीडित चिदु चौधरीको परिवारले सरकारबाट राहत प्राप्त गरिसकेको तथा अमृया मौर्यको परिवारको राहतको लागि आवश्यक प्रकृया भइरहेको भन्ने जानकारी प्राप्त हुन आएकोले राहत/क्षतिपूर्ति तर्फ केही भन्न नपर्ने भनी आयोगबाट मिति २०७६।९।२० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६४५, मिति २०७७/१/३० मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौंलाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/६२२६ मिति २०७७।२।११ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका सिंहदरबार, काठमाडौंको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०९३**

१. **पीडितको नाम, थर र ठेगाना** सिताराम चौधरी, रामशिखर झाला -८, कैलाली ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला, रामशिखर झाला गा.वि.स. वडा नं. ८ बस्ने सिताराम चौधरीलाई मिति २०५९/५/१२ गते घरबाटै सुख्खड बेस क्याम्पबाट आएका सुरक्षाकर्मीले पक्राउ गरी लगेकोमा मिति २०५९/५/१५ गते रेडियो नेपालको समाचारमा निजको सुरक्षा कारवाहीमा मृत्यु भएको भनी समाचार सम्प्रेषण भएकोले घटनाको निश्पक्ष छानवीन गरिपाउँ आयोगको क्षेत्रीय कार्यालय धनगढीमा उजूरी पर्न आएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजुरी नं. ३१, आयोगबाट अनुसन्धान हुँदा प्राप्त तथ्यहरूको आधारमा निज सिताराम चौधरी सर्वसाधारण व्यक्ति भएको, कुनै पनि हिंसात्मक गतिविधिमा संलग्न नरहेको व्यक्तिलाई सुरक्षाकर्मीले घरबाट पक्राउ गरी लगेको र सुरक्षाकर्मीको नियन्त्रणमा रहेकै अवस्थामा मारिएको देखिदा घटनामा संलग्न सुरक्षाकर्मीहरूकोको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने पीडित परिवारले नेपाल सरकारबाट राहत/क्षतिपूर्ति पाइसकेको देखिदा त्यसतर्फ केही गर्न नपर्ने भनी आयोगबाट मिति २०७६।९।२० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६४४, मिति २०७७/१/३० मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौंलाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्याथ र श्री देश रानी चौधरी, साविक जिल्ला कैलाली, रामशिखरझाला गा.वि.स वडा .नं. ८, एवं श्री राष्ट्रिय मानव अधिकार आयोग, सुदुरपश्चिम प्रदेश कार्यालय धनगढी, कैलालीलाई बोधार्थ दिएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/६२२५ मिति २०७७।२।११ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका सिंहदरबार, काठमाडौँको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०९४**

१. **पीडितको नाम, थर र ठेगाना** धामु चौधरी समेत, बगनाह -७, बर्दिया।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** बर्दिया जिल्ला बगनाह गा.वि.स. वडा नं. ७ बगनाह बस्ने धामु चौधरी, बलबहादुर चौधरी, कल्लु थारु र ऐ. वडा नं. १ बस्ने रामदिन थारुलाई ठाकुरद्वारा व्यारेकबाट आएका सुरक्षाकर्मीहरूले मिति २०५८।१२।२८ गते राती घरमा सुतिरहेको समयमा पक्राउ गरी वेपत्ता पारेको भन्ने व्यहोराको मिति २०६३।०८।१२ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा पक्राउ परेका निजहरू सबैजना सर्वसाधारण किसान रहेको र निजहरू सबैलाई मिति २०५८।१२।२८ गते राती घरमा सुतिरहेको समयमा सुरक्षाकर्मीले पक्राउ गरेको अनुसन्धानबाट प्राप्त प्रमाणबाट खुल्न आएको देखिन्छ। अतः निजहरूको सम्बन्धमा नेपाली सेनाबाट प्राप्त जानकारीमा निजहरूको कर्डन र सर्चको कारवाहीको घटनामा निजहरूको मृत्यु भएको भन्ने पुष्टि हुन नआएको हुँदा निजहरूलाई सेनाले नियन्त्रणमा लिई कारवाहीको नाममा हत्या गरेको भन्ने अनुसन्धान प्रतिवेदनबाट खुल्न आएको हुँदा घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने, पीडित परिवारहरूले नेपाल सरकारबाट राहत प्राप्त गरिसकेको देखिंदा त्यसतर्फ केही गर्न नपर्ने भनी आयोगबाट मिति २०७६/०९/२० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**: च.नं १६४६ मिति २०७७।०१।३० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/६२२७ मिति २०७७।०२।११ मा प्रममपका मानव अधिकार शाखाबाट गृह र रक्षा मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०९५**

१. **पीडितको नाम, थर र ठेगाना** गोविन्द नाथ शर्मा, कुस्मा, पर्वत।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण**ः पर्वत जिल्लाको कुश्मा बजार निवासी उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रिय सदस्य, लायन्स क्लब अफ शिवालयका अध्यक्ष ५३ वर्षीय गोविन्द नाथ शर्मालाई २०६३ साल वैशाख ८ गते कुश्मा बजारमा आन्दोलनरत दलहरूले आयोजना गरेको कार्यक्रम घरको छतबाट हेरिरहेको अवस्थामा सुरक्षाफौजद्वारा चलाएको गोली लागि सख्त घाइते भएकाले उपचारार्थ पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा पोखराको सघन कक्षमा उपचारकै क्रममा मिति

२०६२/०१/२२ गते बिहान ७ बजेको समयमा निधन भएको घटनाको सम्बन्धमा आयोगमा मिति २०६३/०१/१७ गते स्वविवेकमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिशः** आयोगबाट अनुसन्धान हुँदा मिति २०६२/१२/२४ गतेबाट शुरु भएको जनआन्दोलनमा पर्वत जिल्लाको कुश्मा बजारमा बस्ने उद्योग बाणिज्य महासंघको पूर्व केन्द्रिय सदस्य गोविन्द नाथ शर्मालाई २०६३/१/८ गते कुश्मा बजारमा आन्दोलनरत दलहरूले आयोजना गरेको कार्यक्रम घरको छतबाट हेरिरहेको अवस्थामा सुरक्षाकर्मीद्वारा चलाएको गोली लागि सख्त घाइते भई उपचारको क्रममा मिति २०६३/१/१२ गते मृत्यु भएकोले घटनामा संलग्न सुरक्षाकर्मीहरूलाई कार्वाही तथा पीडित परिवारलाई उचित क्षतिपूर्तिको लागि पहल गरी पाउँ भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा गोविन्द नाथ शर्माको परिवारलाई नेपाल सरकारले रु. १० लाख क्षतिपूर्ति प्रदान गरिसकेको तथा निजलाई सहित घोषण गरिसकेको पाइएको छ, प्रस्तुत घटनामा सुक्षाकर्मीहरूले जथाभावी लापरवाहीपूर्ण तरिकाले गोली चलाउदा छतमा बसिरहेको व्यक्तिको गोली लागि मृत्यु हुन गएको देखिंदा उक्त घटनाको छानवीन गरी दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७६।०९।२५ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचारः** च.नं. १४२१, श्री प्रममपकामा मिति २०७६।११।१४ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थितिः** च.नं. मा.अ.७२१/५४३६ मिति २०७६।११।२१, प्र.म.तथा म.का, मा.अ. प्र. शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.नं. २३६ मिति २०७६।११।२८, गृह मन्त्रालय, मानव अधिकार प्रवद्वन शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा प्रहरी प्रधान कार्यलय नक्साल, काठमाडौंलाई पठाएको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०९६**

१. **पीडितको नाम, थर र ठेगाना** प्रकाश सेन ठकुरी, ओलेख -७, उदयपुर ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरणः** उदयपुर जिल्ला ओलेख गा.वि.स. वडा नं. ७ स्थायी घर भई काठमाडौ सितापाईला बस्ने प्रकाश सेन ठकुरीलाई मिति २०६०/८/१४ गते काठमाडौको सितापाइलास्थित बाटोमा कुमार राईसँग हिडिरहेको अवस्थामा सुरक्षाकर्मीले समाउन लाग्दा निज प्रकाश सेन ठकुरी भागेकोमा प्रहरीले गोली चलाएको र सो गोली लागि घटनास्थलमा मृत्यु भएको, कुमार राईलाई पक्राउ गरी पछि छाडिदिएकाले घटनाको छानवीन गरी पाउँ भनी मिति २०६३।०९।०३ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज प्रकाश सेन ठकुरीलाई मिति २०६०/८/१४ गते काठमाडौको सितापाइलास्थित बाटोमा निशस्त्र अवस्थामा रहेको समयमा हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कारवाहीको लागि नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/१०/२० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६५१ मिति २०७७।०२।०२ गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/६१९६ मिति २०७७।०२।०९ मा प्रममपका मानव अधिकार शाखाबाट गृह र रक्षा मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०९७**

१. **पीडितको नाम, थर र ठेगाना** छिरिङ्ग घले, गोल्जुङ -४, रसुवा।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरणः** रसुवा जिल्ला गोल्जुङ गा.वि.स. वडा नं. ४ का छिरिङ घलेलाई २०५८ सालको पौष महिनामा रसुवा जिल्लाको धुन्चेस्थित लामटाङ राष्ट्रिय निकुञ्जको चेकपोष्टबाट पक्राउ गरी १ महिनासम्म सैनिक हिरासतमा राखी विभिन्न ठाउँ घुमाउने र यातना दिने गरेकोमा एक महिनापछि रसुवाकै गत्लाङ गा.वि.स.को मानचेत सैनिक पोष्टमा ल्याई मारेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६३।१२।२० मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा रसुवा जिल्ला गोल्जुङ गा.वि.स. वडा नं. ४ निवासी छिरिङ घलेलाई रसुवा जिल्लास्थित ब्रावल व्यारेक धुन्चेका तत्कालीन गणपती श्री अर्जुन बस्नेत समेतको संलग्नतामा मिति २०५८/९/१८ गते रसुवाकै मानचेत व्यारेक लैजादै गर्दा हत्या गरेको पाइएकाले दोषी पाइएका निज अर्जुन बस्नेत मार्फत अन्य दोषीहरूको पहिचान गरी निज अर्जुन बस्नेत सहित अन्य दोषीहरूलाई समेत कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/१०/२० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६५२ मिति २०७७।०२।०२ गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/६१९७ मिति २०७७।०२।०९ मा प्रममपका मानव अधिकार शाखाबाट गृह र रक्षा मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १०९८**

१. **पीडितको नाम, थर र ठेगाना** बच्चाराम चौधरी, रायपुर-९, सप्तरी।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** सप्तरी जिल्ला रायपुर गा.वि.स. वडा नं. ९ निवासी बच्चाराम चौधरीलाई मिति २०६३।०६।२१ गते राती प्रहरी कार्यालय रुपनी सप्तरीबाट खटी आएका प्रहरी राय अवतार यादवले हत्या गरेकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी आयोगमा मिति २०६३/७/२१ मा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ९१६, आयोगबाट अनुसन्धान हुँदा मिसिल संलग्न प्रमाण तथा मिति २०६३।०६।२१ गते प्रहरी कार्यालय रुपनी सप्तरीमा तत्काल कार्यरत प्रहरी राम अवतार यादव समेत भई सप्तरी जिल्लाको रायपुर गा.वि.स. को वडा नं. ८ मा हत्या गरेको पाइएकाले निज प्रहरी राम अवतार यादव तथा निज मार्फत अन्य संलग्नहरूको पहिचान गरी कानूनबमोजिम कार्वाही गर्न र पीडितका हकवाला परिवारले रु. १,५०,०००।- प्राप्त गरिसकेको पाइएकाले बाँकी रु. १,५०,०००।- (एक लाख पचास हजार मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।११।३० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६८१ मिति २०७७/२/१९ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ३०५, प.सं. ०७६/०७७ मिति २०७७/२/२६ मा स्व.बच्चाराम चौधरीका हकवालाले जिल्ला प्रशासन कार्यालय सप्तरीबाट रु. १०,००,०००।- राहत/क्षतिपूर्ति प्राप्त गरिसकेको व्यहोरा समेतको गृह मन्त्रालयको जानकारी पत्र।

च.नं. २७२ मिति २०७७/२/२२ मा गृह मन्त्रालय (मानव अधिकार प्रवर्द्धन शाखा) ले श्री राहत तथा तथ्याङ्क व्यवस्थापन शाखा, गृह मन्त्रालयलाई पठाएको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १०९९**

१. **पीडितको नाम, थर र ठेगाना** सूर्य गौतम, अनारमनी, झापा।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** झापा जिल्ला अनारमनी गा.वि.स. निवासी सुर्य गौतमलाइ मिति २०६२।१२।०३ गते झापा जिल्लाको काँकडभिट्टामा सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तको केही समय पश्चात काँकडभिट्टामा पैदल हिडिरहेको अवस्थामा सुरक्षाफौजले हत्या गरेकाले घटनाको छानवीन गरी पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय विराटनगरमा मिति २०६२/१२/६ मा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ६४०, आयोगबाट अनुसन्धान हुँदा निज सुर्य गौतम ....सँग सम्बन्धित नरहेको, निज सर्वसाधरण आम नागरिक रहेको उक्त मिति २०६२।१२।०३ गते माओवादी र सुरक्षाकर्मीबीच भएको भिडन्तपछि काँकडभिट्टा बजार शान्त भएको र सोही समयमा निज निःशस्त्र अवस्थामा बाटोमा पैदल हिंडिरहेको अवस्थामा विना कुनै सूचना नियन्त्रणमा लिन सकिने प्रशस्त संभावना हुँदाहुँदै पनि सुरक्षाकमीले हत्या गरी निजको बाँच्न पाउने मानव अधिकार हनन गरेको पाइएकाले निजको हत्यामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानूनबमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।११।३० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६७८ मिति २०७७/२/१९ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह, श्री स्वास्थ्य तथा जनसंख्या र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/६४८७ मिति २०७७।२।२३ मा श्री गृह र श्री स्वास्थ्य मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र।

च.नं. २७३ मिति २०७७/२/२२ मा गृह मन्त्रालय (मानव अधिकार प्रवर्द्धन शाखा) ले श्री प्रप्रका(मानव अधिकार उल्लंघन अनुगमन इकाई)लाई पठाएको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११००**

१. **पीडितको नाम, थर र ठेगाना** दिपक गुरागाई, बाहुनडाँगी-५, झापा।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** झापा जिल्ला बाहुनडाँगी गा.वि.स. वडा नं. ५ निवासी दिपक गुरागाईं मिति २०६०।०८।२८ गते सुरक्षाकर्मीहरूले इलाम जिल्लाको सलकपुरबाट प्रक्राउ गरी अत्याधिक यातना दिई पक्राउ गरेको ४ दिनपछि हत्या गरेकाले दोषीलाई कार्वाही र पीडितलाइ क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय विराटनगरमा मिति २०६३/१०/२६ मा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ९८०, आयोगबाट अनुसन्धान हुँदा निज दिपक गुरागाईंलाइ मिति २०६०।०८।२४ गते इलाम जिल्लाको सलकपुरबाट सुरक्षाकर्मीहरूले पक्राउ गरी २०६०।०८।२८ गते झापा जिल्लाको शान्तिनगर गा.वि.स. वडा नं. १ मा लगी हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानूनबमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।११।३० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १६८४ मिति २०७७/२/१९ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

च.नं. २७३ मिति २०७७/२/२२ मा गृह मन्त्रालय (मानव अधिकार प्रवर्द्धन शाखा) ले श्री प्रप्रका(मानव अधिकार उल्लंघन अनुगमन इकाई)लाई पठाएको बोधार्थ पत्र।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११०१**

१. **पीडितको नाम, थर र ठेगाना** वलमान विश्वकर्मा, टाँडी -५, मोरङ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ जिल्ला टाँडी गा.वि.स. वडा नं. ५ निवासी बलमान विश्वकर्मालाई मिति २०६०।०८।१८ गते सुरक्षाकर्मीहरूले नियन्त्रणमा लिई भाग्न लगाई हत्या गरेकाले दोषीलाई कार्वाही र पीडितलाइ क्षतिपूर्ति दिलाइ पाउँ भनी आयोगमा मिति २०६०/९/१८ मा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १३२०, आयोगबाट अनुसनधान हुँदा सुरक्षाकर्मीहरूले निज बलमान विश्वकर्मालाइ मिति २०६०।०८।१८ गते बिहान घरबाट विद्यालयतर्फ गइरहेको अवस्थामा धुम्के स्कुलनीर पुर्‍याइ हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।११।३० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६८५ मिति २०७७/२/१९ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २७३ मिति २०७७/२/२२ मा गृह मन्त्रालय (मानव अधिकार प्रवर्द्धन शाखा) ले श्री प्रप्रका( मानव अधिकार उल्लंघन अनुगमन इकाई)लाई पठाएको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११०२**

१. **पीडितको नाम, थर र ठेगाना** वीर बहादुर मोक्तान, पदमपोखरी -१, मकवानपुर।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स. वडा नं. १ घर भै रसुवा जिल्ला स्याफ्रु गा.वि.स. वडा नं १ बस्ने वीर बहादुर मोक्तानलाई मिति २०५८।७।१२ गते प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय रसुवामा राखेकोमा मिति २०५८।७।१८ गते धुन्चेस्थित सेनाको व्यारेकमा लगी मारेकोले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६३।१२।२० मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज वीर बहादुर मोक्तानलाई प्रहरीले मिति २०५८।८।१२ गते रसुवा जिल्लाको मूलखर्क भन्ने स्थानबाट पक्राउ गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएकोमा मिति २०५८।८।१४ गते कारागार चलान गरिएको र मिति २०५८।९।८ गते रसुवा जिल्लास्थित शम्शेर दल गणका सैनिकहरूले सोधपुछका लागि भन्दै सैनिक व्यारेकमा लगेको र सोही सैनिक व्यारेकमा तत्कालीन उक्त व्यारेकका प्रमुख गणपति अनुज बहादुर बस्नेतको निर्देशनमा यातना दिईएको र निजकै निर्देशनमा वीर बहादुर मोक्तानको मिति २०५८।९।१४ हत्या भएको पाइएको। साथै तत्कालीन समयमा कारागार शाखा रसुवाको कारागारमा रहेका व्यक्तिलाई अनधिकृत रुपमा सेनालाई लैजाने अनुमति दिने तर मानव अधिकार आयोगबाट प्रेषित बन्द सवालमा कुनै जवाफ नदिने तत्कालिन रसुवाका प्रमुख जिल्ला अधिकारी तथा तत्कालीन सुरक्षा समिति रसुवाका संयोजक मोहन प्रसाद पोखरेलको उल्लेखित कार्य मानव अधिकारका मान्य विषयवस्तु, सिद्धान्त र नेपालको संविधान विपरित रहेको पाइयो। तसर्थ निज वीर बहादुर मोक्तानको सैनिक नियन्त्रणमा रहेको अवस्थामा यातना दिई हत्या गरिएबाट संविधान प्रदत्त निजको बाँच्न पाउने अधिवकार हनन् भएकाले घटनामा संलग्न दोषी तत्कालिन शमशेर दल गण धुन्चे व्यारेकका गणपति अनुज बहादुर बस्नेत र निज मार्फत संलग्न अन्य दोषीहरूको समेत पहिचान गरी कानून बमोजिम कार्वाही गर्न तथा रसुवा जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा समिति रसुवाका तत्कालिन संयोजक श्री मोहन प्रसाद पोखरेललाई सचेत गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/१२/०२ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १७०२, मिति २०७७।०२।२२ गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपका को च.नं. मा.अ. ७२१/६५६९, मिति २०७७।२।३२ को पत्रमा गृह मन्त्रालय र रक्षा मन्त्रालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र प्राप्त।

गृह मन्त्रालयको च.नं. २७७, मिति २०७७।२।२७ को श्री निजामती प्रशासन शाखालाई सिफारिश कार्यान्वयन सम्बन्धमा मोहन प्रसाद पोखरेललाई सचेत गराउने प्रयोजनको लागि लेखेको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११०३**

१. **पीडितको नाम, थर र ठेगाना** बम्मर डगौरा, थापापुर -२, कैलाली ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला थापापुर गा.वि.स. वडा नं. २ निवासी बम्मर डगौरालाई सुरक्षाफौजले हत्या गरी निजको लास आफैसँग लगी गाउँकै कुन्तिहान बगैचामा गाडेको र रित परम्परा अनुसार सतगत गर्न नपाएकाले आवश्यक छानवीन गरी दोषीलाई कारवाहीको लागि पहल गरी पाउँ भनी मिति २०६३/५/१८ मा आयोगको क्षेत्रीय कार्यालय धनगढीमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ४१५, सम्बन्धमा अनुसन्धान हुँदा निज बम्मर डगौरालाई तत्कालीन सुरक्षा वेश क्याम्प भजनीका सैनिकहरूले मिति २०५९/७/१० गते कैलाली जिल्ला थापापुर गा.वि.स. वडा नं. २ स्थित घर नजिकैको खेतमा धान काटी रहेको अवस्थामा हत्या गरेको पाइएकाले तत्कालीन सुरक्षा वेशक्याम्प भजनीको सैनिक कमाण्डर सहितलाई कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/१२/०२ मा निर्णय भएको छ ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६९६, श्री प्रममपका मा मिति २०७७/२/२० मा आयोगबाट निर्णय कार्यान्वयनको लागि लेखी पठाइएको साथै श्री गृह र रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपका को च.नं. मा.अ. ७२१/६५६४, मिति २०७७।२।३२ को पत्रमा गृह मन्त्रालय र रक्षा मन्त्रालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११०४**

१. **पीडितको नाम, थर र ठेगाना** मान बहादुर विष्ट, आलिताल -५, डडेलधुरा ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** डडेलधुरा जिल्ला आलिताल गा.वि.स. वडा नं ५ निवासी मान बहादुर विष्टलाई मिति २०६०।०६।०१ गते आफ्नै गाउँघरमा बसीरहेको अवस्थामा जोगबुढा बेस क्याम्पबाट खटी आएका सेनाले पक्राउ गरी लगेको र केही दिन ब्यारेकमा राखेपछि हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६३/१/१७ मा आयोगको क्षेत्रीय कार्यालय धनगढीमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३०३, सम्बन्धमा अनुसन्धान हुँदा निज मान बहादुर विष्टलाई मिति २०६०।०६।०१ गते आफ्नै घरबाट डडेल्धुरास्थित जोगबुढा बेस क्याम्पबाट गस्तीमा खटेका तत्कालीन शाही नेपाली सेना (हालको नेपाली सेना) ले पक्राउ गरी लगी मिति २०६०।०६।०२ गते हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सैनिकहरूको पहिचान गरी कानूनबमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/१२/०२ मा निर्णय भएको छ ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६९१, श्री प्रममपका मा मिति २०७७/२/२० मा आयोगबाट निर्णय कार्यान्वयनको लागि लेखी पठाइएको साथै श्री गृह र रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपका को च.नं. मा.अ. ७२१/६२३९, मिति २०७७।२।१३ को पत्रमा गृह मन्त्रालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र प्राप्त ।

श्री प्रममपका को च.नं. मा.अ. ७२१/६५५९, मिति २०७७।२।३२ को पत्रमा गृह मन्त्रालय र रक्षा मन्त्रालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११०५**

१. **पीडितको नाम, थर र ठेगानाः** सकलदेव मण्डल, रमेश मण्डल र रंजित यादव, पकरी -१, सोनापुर, सप्तरी

२. **उल्लंघनकर्ता** विन्दु यादव (नेपाल प्रहरी)

३. **उजुरीको संक्षिप्त विवरण** जिल्ला प्रहरी कार्यालय सिरहामा प्रहरी जवान पदमा कार्यरत विन्दु यादवले मिति २०६६।१।२५ गते सप्तरी जिल्ला पकरी गा.वि.स वाड नं. १ मा निज विन्दु यादवको बुवा र स्थानीय गाउँलेहरूबीच जग्गाको विषयलाई लिएर भएको विवादमा गोली चलाउँदा स्थानीय व्यक्तिहरू सप्तरी जिल्ला पकरी गा.वि.स.वडा नं.१ निवासी सकलदेव मण्डल, रमेश मण्डल र रञ्जित यादवको मृत्यु भएको र अन्य ५ जना घाइते भएकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडितलाइ क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६६।०९।०५ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज विन्दु यादव जिल्ला प्रहरी कार्यालय सप्तरीमा प्रहरी जवान पदमा कार्यरत रहेको । मिति २०६६।१।२५ गते राती अं. ८.०० बजेको समयमा सप्तरी जिल्ला पकरी गा.वि.स वडा नं. १ स्थित विन्दु यादवको घर नजिकै निज विन्दु यादव र स्थानीय गाउँलेहरूबीच जग्गाको विषयमा विवाद भएपछि निज विन्दु यादवले कार्यालयबाट आफुलाई प्राप्त १४ राउण्डको पेस्तोल निकाली गोली चलाउँदा पकरी गा.वि.स. वडा नं. १ निवासी सकलदेव मण्डल, ऐ ऐ बस्ने रञ्जित यादव र ऐ वडा नं. २ बस्ने रमेश मण्डलको मृत्यु हुनुको साथै ऐ वडा नं. २ बस्ने भोला मण्डल, ऐ.ऐ बस्ने सन्तोष कुमार मण्डल, ऐ वडा नं.१ बस्ने छठ्टु मण्डल, ऐ ऐ बस्ने मन्सी मण्डल र ऐ ऐ बस्ने भिमा मण्डल घाइते भएको पाइयो । गोली चलाउने विन्दु यादव पक्राउ परी कानून बमोजिम मुद्दा चली कारागारमा रहेको पाईयो तर राज्यको सुरक्षा निकायमा कार्यरत व्यक्तिबाट राज्यले उपलव्ध गराएको हतियारको प्रयोगबाट मृत्यु भएका र घाइते भएका व्यक्तिहरूले उपचार खर्च तथा क्षतिपूर्ति प्राप्त गरको नदेखिदा राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २२, २३ र २६ बमोजिम मृतकका हकवाला पीडित परिवारलाई जनही रु. ३,००,०००। (तीन लाख मात्रा) र घाइते पीडितहरूलाई जनही रु.५०,०००। (पचास हजार मात्रा) क्षतिपूर्ति उपलब्ध गराउन र घाईतेहरूको थप उपचार आवश्यक भएमा सम्पूर्ण उपचार निःशुल्क गर्ने व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७७/०३/११ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १८४१ , मिति २०७७।०३।३० गते श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११०६**

१. **पीडितको नाम, थर र ठेगानाः** अखिलेन्द्र यादव, विष्णुपुर -४, सप्तरी

२. **उल्लंघनकर्ता** सशस्त्र प्रहरी बल

३. **उजुरीको संक्षिप्त विवरणः** मिति २०६६।४।२ गते सप्तरी जिल्लाको इटहरी विष्णुपुर गा.वि.स. वडा नं.४ मा स्थानीय किसानहरूले घरायसी प्रयोगको लागि भारतबाट ल्याएको रासायनिक मलको विषयमा स्थानीयहरू र सशस्त्र प्रहरकिो गस्ती टोलीबीच भएको विवादमा सशस्त्र प्रहरीहरूले आवश्यकताभन्दा बढीको बल प्रयोग गरी चलाएको गोली लागि ऐ ऐ बस्ने अखिलेन्द्र यादवको मृत्यु भएको र अन्य २ जना घाइते भएको हुँदा अनुसन्धान गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६६।०४।०३ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसनधान हुँदा मिति २०६६।४।२ गते सप्तरी जिल्लाको इटहरी विष्णुपुर गा.वि.स वडा नं. ४ मा भारतबाट रासायनिक मल ल्याउँदै गरेका स्थानियहरू र सशस्त्र प्रहरी बल शान्ती सुरक्षा पोष्ट छिन्नमस्ता सप्तरीबाट खटेको गस्ती टोलीबीच झडप भएको र सो झडपका क्रममा टोलीको कमाण्ड गरेका सशस्त्र प्रहरी नायब निरिक्षक रविन्द्र प्रसाद यादव ९चाए। थ्बमबख० समेतले अन्य प्रकृयाबाट स्थितिलाई निन्त्रणमा लिन सकिने सम्भावना हुँदाहुँदै केही नगरी एक्कासी जथाभावी चलाएको गोली लागि ऐ ऐ बस्ने अखिलेन्द्र यादवको मृत्यु हुनुको साथै अन्य २ जना घाइते भएको पाइयो । सशस्त्र प्रहरूको उल्लेखित कार्य बल प्रयोगको संयुक्त राष्ट्र संघिय सिद्धान्तको विपरित हुनुको साथै सो कार्यबाट निज मृतक अखिलेन्द्र यादवको संविधान प्रदत्त बाँच्न पाउने अधिकारको हनन् भएको पाइएकाले

घटनामा संलग्न तत्कालीन सशस्त्र प्रहरी नायब निरिक्षक रविन्द्र प्रसाद यादव र अन्य संलग्नको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७७/०३/११ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १८४२, मिति २०७७।०३।३० गते श्री प्रममपकालाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** :

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११०७**

१. **पीडितको नाम, थर र ठेगानाः** सन्दीप साह, रुपेश साह र राजकुमार पटेल समेत भौराटार -२, पर्सा

२. **उल्लंघनकर्ता** सशस्त्र प्रहरी बल

३. **उजुरीको संक्षिप्त विवरणः** पर्सा जिल्ला भौराटार गा.वि.स. वडा नं. २ मा मिति २०६६।०६।१५ गते बिहान सशस्त्र प्रहरीहरू र गाउँलेहरूबीच विवाद भई गोली चल्दा ऐ ऐ बस्ने सन्दीप साह, ऐ वडा नं. ८ का रुपेश साह र ऐ हरिहरपुर विर्ता गा.वि.स. का राजकुमार पटेलको मृत्यु भएको, ऐ. भौराटार २ का शिवपुजन महतो, अनीता महतो र मनीष साह घाइते भएको भनिएको घटनामा प्रहरीले अत्याधिक बल प्रयोग गरी व्यक्तिको बाँच्न पाउँने अधिकारको उल्लंघन गरेकाले छानवीन गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६६।०६।१८ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा मिति २०६६।०६।१५ गते सशस्त्र प्रहरी बल सीमा सुरक्षा बेश क्याम्प बागेश्वरी तित्रौनाबाट खटि गएको सशस्त्र प्रहरकिो टोलीले ऐ. भौराटार गा.वि.स. वडा नं.२ स्थित हेमन्त महतोको घरमा रातीको समयमा खानतलासी पुर्जी विना नै छापा मारेको विषयमा विवाद भई सशस्त्र प्रहरकिा ६ जनालाई स्थानीय व्यक्तिहरूले सोही स्थानमा रहेको जनमुखी युवा क्लबको भवनमा थुनेर राखेको अवस्थामा उक्त स्थानबाट बाहिर निस्केपछि पुनः स्थानीय गाउँलेहरू र सशस्त्र प्रहरीबीच झडप भएको । सोहि क्रममा माथि उल्लेखित सन्दीप साह, रुपेश साहको सशस्त्र प्रहरकिो गोली लागि मृत्यु भएको र सशस्त्र प्रहरीले सुराकीको रुपमा आफैसँग लगेको पर्सा जिल्ला हरिहरपुर गा.वि.स वडा नं.४ निवासी राजकुमार पटेललाई स्थानीयबासीहरूले कुटपीट गरी सोही स्थानमा हत्या गरेको साथै ऐ भौराटार गा.वि.स वडा नं.२ का शिवपुजन महतो, अनीता महतो र मनीष साह घाइते भएको पाइयो । घटनाको प्रकृति हेर्दा सशस्त्र प्रहरीहरू संयमित हुन नसकी गोली चलाएबाट माथि उल्लेखित मृतकहरूको बाँच्न पाउँने अधिकार हनन् भएको पाईएकाले घटनामा संलग्न सशस्त्र प्रहरीहरूलाई सचेत गराउन, आगामी दिनमा यस प्रकारका कारवाहीमा सुरक्षा सतर्कता अपनाउन र, घटनामा मृत्यु भएका तिनै जना मृतकका हकवाला परिवारलाई जनही रु. ३,००,०००। (तीन लाख मात्र) दरले क्षतिपूर्ति उपलब्ध गराउन, घाइते व्यक्तिहरूको थप उपचार आवश्यक भएमा सम्पुर्ण उपचार निःशुल्क गर्न गराउन र मृतक राजकुमार पटेलको हत्यामा संलग्न व्यक्तिहरूको पहिचान गरी कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७७/०३/११ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १८४३, मिति २०७७।०३।३० गते श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** :

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११०८**

१. **पीडितको नाम, थर र ठेगानाः** इन्द्रजीत राय भर, पंचरुखी -७, पर्सा

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजुरीको संक्षिप्त विवरणः** पर्सा जिल्ला पंचरुखी गा.वि.स. वडा नं.७ निवासी इन्द्रजीत राय भरलाई पर्सा वन्यजन्तु आरक्ष अन्तर्गतको नयाँ रणभीम गुल्म आधारभार अन्तर्गत महादेव पोष्टबाट खटेको सेनाको टोलीले मिति २०६६।३।२६

गते पर्सा वन्यजन्तु आरक्ष आधारभर अन्तर्गतको जंगलमा हत्या गरेकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६६।०३।२८ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा मिति २०६६।३।२६ गते मृतक इन्द्रजीत रायभर बन्चरो, साईकल सहित अन्य ३ जना समेत भई पर्सा बन्यजन्तु आरक्षको जंगलभित्र गएको र सोही दिन रणभीम गुल्म आधाभार अन्तर्गत महादेव पोष्ट पर्साबाट गस्तीमा सेनाको टोली सोही ईलाकामा खटिएकोमा आरक्षभित्रै मृतक र सेनाको टोलीवीच जम्काभेट भएको, सँगै गएका अन्य व्यक्तिहरू भाग्न सफल भएको तर मृतक इन्द्रजीत रायभरलाई नियन्त्रणमा लिन सकिने अवस्था हुँदाहुँदै पनि कम्तिमा ६ जनाको संख्यामा रहेको सेनाको टोलीले गैह्र कानूनी हत्या गरी निजको बाँच्न पाउन मानव अधिकार उल्लंघन गरेको पाइएकाले घटनामा संलग्न दोषी सैनिकहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र मृतकका हकवाला पीडित परिवारलाई रु.३,००,०००। (३ लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७७/०३/११ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १८४४ , मिति २०७७।०३।३० गते श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११०९**

१. **पीडितको नाम, थर र ठेगाना** मो.रोस्तम राइन, उमा प्रेमपुर -७, धनुषा

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजुरीको संक्षिप्त विवरणः** मिति २०६१।१।२३ गते घरमा सुती रहेको समयमा मोटरसाईकलमा आएका ९ जना सुरक्षाकर्मीले पक्राउ गरी लगी बेपत्ता बनाएकाले सकुशल रिहाईको लागि पहल गरी पाउँ भनी मिति २०६१/१/२८ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं.१७२०, आयोगबाट अनुसन्धान हुँदा निज मोहिम्मद रोस्तम राईनलाई मिति २०६१।१।२३ गते दिउँसो १:३० बजेको समयमा सुरक्षाकर्मीहरूको एक टोली घरमा आई घरबाटै नियन्त्रणमा लिई गएको र नजिकैको इच्छापुरको घाट (जल्लाद खोला) मा लगि हत्या गरी निजको बाँच्न पाउँने हकको उल्लंघन गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने" भनी आयोगबाट मिति २०७७/०३/११ मा निर्णय भएको छ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचारः** च.नं १८३९, मिति २०७७/३/३० मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौँलाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय, काठमाडौंलाई बोधार्थ ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १११०**

१. **पीडितको नाम, थर र ठेगाना** ललन कुमार यादव, बकधुवा -४, सप्तरी

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजुरीको संक्षिप्त विवरणः** सप्तरी जिल्ला बकधुवा गा.वि.स. वडा नं.४ बस्ने ललन कुमार यादवलाई मिति २०६५।१०।२६ गते नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त गस्ती टोलीले पक्राउ गर्ने क्रममा घाइते बनाएको र नियन्त्रणमा लिइसकेपछि पुनः गोली प्रहार गरी हत्या गरेकाले पीडकलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६६/९/५ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १४९७, निज ललन कुमार यादवलाई मिति २०६५।१०।२६ गते सप्तरी जिल्ला

कमलपुर गा.वि.स वडा नं. ४ स्थित राम चरित्रको घरमा बसी केही खाइरहेको अवस्थामा घाइते बनाई नियन्त्रणमा लिइसकेपछि सोही दिनको साँझ करीब ८:०० बजेको समयमा ऐ ऐ वडा नं. ६ मा रहेको भपूर्नी खोलामा पुऱ्याइ पुनः हत्या गरको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र मृतकका हकवाला पीडित परिवारले हालसम्म कुनै क्षतिपूर्ति पाएको नदेखिंदा रु. ३,००,०००।- (तीन लाख मात्र) मृतकका हकवाला पीडित परिवारलााई क्षतिपूर्ति बापत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनी आयोगबाट मिति २०७७/०३/११ मा निर्णय भएको छ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**: च.नं १८४०, मिति २०७७/३/३० मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौँलाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय र अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौंलाई बोधार्थ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**माओवादीद्वारा हत्या**

**क्रम संख्या** – ११११

१. **पीडितको नाम, थर र ठेगाना** पूर्ण बहादुर कामी, घतान -६, म्याग्दी।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** म्याग्दी जिल्ला घतान गा.वि.स. वडा नं. ६ निवासी पूर्ण बहादुर कामीलाई मिति २०६०/९/१७ गते आफ्नै घरमा बसिरहेको अवस्थामा नेकपा माओवादीका कार्यकर्ताहरूले सोधपुछको नाउँमा केही पर लगी हत्या गरेकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी मिति २०६२/११/१५ मा आयोगको गण्डकी प्रदेश कार्यालय पोखरा, कास्कीमा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १२०, आयोगबाट अनुसन्धान हुँदा निज मृतक पूर्ण बहादुर कामीलाई मिति २०६०/९/१७ गते तत्कालीन् नेकपा माओवादीका कार्यकर्ताहरूले नियन्त्रणमा लिई सकेपछी हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी मोओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित परिवारलाई रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकालाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।०४।०७ मा निर्णय गरियो।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५७३, मिति २०७६/६/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौँलाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** प.सं. ०७६/०७७ च.न.२८४, मिति २०७६।१२।२ मा श्री गृह मन्त्रालय (राहत तथा तथ्यांक व्यवस्थापन शाखा) सिंहदरबारबाट जानकारी सम्बन्धमा स्व. पूर्णबहादर कामीका हकवालाले जिल्ला प्रशासन कार्यालय म्याग्दीबाट रु. १०,०००००।- (दश लाख) राहत/क्षतिपूर्ति प्राप्त गरिसकेको व्यहोराको जानकारी पत्र आयोगलाई प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या** – १११२

१. **पीडितको नाम, थर र ठेगाना** भद्र बहादुर खड्का, धम्जा -८, बाग्लुङ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण**: बाग्लुङ जिल्ला धम्जा गा. वि.स. वडा नं. ८ बस्ने भद्र बहादुर खड्कालाई आफ्नै घरमा बसी रहेको अवस्थामा माओवादीका एरिया इन्चार्ज विकिरण सहित १५/२० जनाको टोलीले मिति २०६२/१०/१३ गते भद्र बहादुर खड्काको घर घेरा हाली घरभित्र बम विष्फोट गराई निजलाई नियन्त्रणमा लिई सकेपछी हत्या गरेकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी मिति २०६८/०२/२७ मा गण्डकी प्रदेश कार्यालय पोखरा,

कास्कीमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** उजूरी नं.४८४, आयोगबाट अनुसन्धान हुँदा मिति २०६२/१०/२३ गते तत्कालीन् माओवादी एरिया इर्न्चाज विकिरण सहितको टोलीले आफ्नै घरबाट नियन्त्रणमा लिई सकेपछी हत्या गरेको पाइएकाले दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडित परिवारलाई रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकालाई सिफारिश गर्ने आयोगबाट मिति २०७६।०४।०७ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५७२, मिति २०७६/६/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौंलाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** प.सं.०७६/०७७ च.नं.७२१/५१०४, मिति २०७६।११।५ मा श्री प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा श्री गृह र अर्थ मन्त्रालयलाई पाठएको बोधार्थ पत्र प्राप्त ।

प.सं. ०७६/०७७ च.नं.२७४, मिति २०७६।११।२९ मा श्री गृह मन्त्रालयबाट जानकारी सम्बन्धमा स्व. भद्र बहादुर खड्काका हकवावालले जिल्ला प्रशासन कार्यालय बाग्लुङबाट रु. १०,०००००।- (दश लाख रुपैंया) राहत/क्षतिपूर्ति प्राप्त गरेको व्यहोराको पत्र आयोगलाई जानकारी पत्र प्राप्त ।

च.नं.२१७, मिति २०७६।११।१२ मा श्री गृह मन्त्रालयबाट निर्णय कार्यान्वयन सम्बन्धमा श्री राहत तथा तथ्यांक व्यबस्थापन शाखालाई पठाएको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १११३**

१. **पीडितको नाम, थर र ठेगानाः** राजीशरण यादव, हंसपुर -२, धनुषा ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरणः** धनुषा जिल्ला हंसपुर नगरपालिका वडा नं. २ निवासी राजीशरण यादवलाई नेकपा माओवादीका कार्यकर्ताहरूले मिति २०६१/१/१८ गते राती घरबाटै अपहरण गरी घरभन्दा ५०० मीटरको दुरीमा पुऱ्याई हत्या गरेकाले दोषी उपर कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६१।०१।२८ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय ⁄ सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज राजीशरण यादव र ऐ.ऐ. बस्ने इसुल राइन (मियाँ) लाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले मिति २०६१/१/१८ गते राती घरबाट नै नियन्त्रणमा लिई राजीशरण यादवको घरदेखि उत्तरपूर्व तर्फ अन्दाजी ५०० मीटरको दुरीमा लगी हत्या गरेको पुष्टि हुन आएको । दुवै मृतकका हकवाला परिवारले क्षतिपूर्ति राहत प्राप्त गरिसकेको देखिएकाले सोतर्फ केही गरिरहनु परेन । सो घटनामा निशस्त्र अवस्थामा रहेका व्यक्तिहरूलाई नियन्त्रणमा लिइसकेपछि हत्या गरेको हुँदा संलग्न दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०५/०३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९४५ , मिति २०७६।०९।१३ गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/३९५४ मिति २०७६।०९।२० मा प्र.म.तथा म.का.बाट आयोगको निर्णय कार्यन्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.नं. १६९ मिति २०७६।०९।२९ मा गृह मन्त्रालय मानव अधिकार प्रवर्द्धन शाखाबाट श्री प्रहरी प्रधान कार्यालय, (मानव अधिकार उल्लंघन अनुगमन इकाई/नक्साल, काठमाडौंलाई राय/प्रतिक्रिया पठाउनु हुन भनी प्रेषित पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १११४**

१. **पीडितको नाम, थर र ठेगाना** हुम बहादुर वि.क., भिमगिठ्ठे -३, बाग्लुङ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवर** बाग्लुङ जिल्ला, भिमगिठ्ठे गा.वि.स. वडा नं. ३ निवासी हुम बहादुर वि.क.लाई मिति २०६२/४/२६ गते नेकपा माओवादीका कार्यकर्ताहरूले घरबाट नै नियन्त्रणमा लिई मिति २०६२/४/२७ गते ऐ. स्थित भीमखोलामा हत्या गरेको घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति दिलाइ पाउँ भनी मिति २०६४।०४।१३ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज हुम बहादुर वि.क.लाई मिति २०६२/४/२६ गते नेकपा माओवादीका कार्यकर्ताहरूले घरबाट नै नियन्त्रणमा लिई मिति २०६२/४/२७ गते ऐ. स्थित भीमखोलामा हत्या गरेको पाइएकाले पीडित परिवारलाई रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०५/०३ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९४७ मिति २०७६।०९।१३ गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/३९५६ मिति २०७६।०९।२० मा प्रममपका मानव अधिकार शाखाबाट गृह र अर्थ मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

च.नं.१७० मिति २०७६।०९।२९ मा गृह मन्त्रालय मानव अधिकार प्रवर्द्धन शाखाबाट प्रहरी प्रधान कार्यालय मानव अधिकार उल्लंघन अनुगमन इकाई नक्साल काठमाडौंलाई निर्णय कार्यान्वयन सम्बन्धमा भनी प्रेषित पत्रको बोधार्थ पत्र प्राप्त।

च.नं. २८० मिति २०७६।१२।०२ मा गृह मन्त्रालय राहत तथा तथ्यांक व्यवस्थापन शाखाबाट आयोगलाई पीडितका हकवालाले जिल्ला प्रशासन कार्यालय वाग्लुङबाट रु. १०,०००००।- (अक्षरुपी दश लाख रुपैया मात्र) राहत/क्षतिपूर्ति प्राप्त गरिसकेको जानकारी पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – १११५**

१. **पीडितको नाम, थर र ठेगाना** जागेश्वर प्रसाद चौधरी, शमशेरगंज -३, बाँके।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला शमशेरगंज गा.वि.स.वडा नं. ३ चन्नहवा बस्ने जागेश्वर प्रसाद चौधरीलाई माओवादी कार्यकर्ताहरूले मिति २०५९/७/१० गते घरबाटै अपहरण गरी केही पर लगी हत्या गरेकाले दोषीलाई कार्वाही र पीडित परिवारलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी आयोगमा मिति २०६४/१/१० मा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १३७२, आयोगबाट अनुसन्धान हुँदा निज जागेश्वर प्रसाद चौधरीलाई मिति २०५९/७/१० गते राती घरमा सुतिरहेका समयमा सुराकीको आरोप लगाई नियन्त्रणमा लिई घरबाट केही पर लगी हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ११०७ मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२७८ मिति २०७६।१०।३ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र।

च.नं. १११ मिति २०७६।१०।१५मा श्री गृह मन्त्रालयलाई पठाएको श्री रक्षा मन्त्रालय (मानव अधिकार शाखा) को बोधार्थ पत्र।

च.नं. २०२ मिति २०७६।१०।२४मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र।

च.नं. १६९ मिति २०७६।९।२९मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११११६**

१. **पीडितको नाम, थर र ठेगाना** रेशम डाँगी, सानोश्री -३, बर्दिया।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बर्दिया जिल्ला सानोश्री गा.वि.स. वडा नं. ४ घर भई मध्यपश्चिम क्षेत्रीय प्रहरी तालीम केन्द्रमा कार्यरत प्रहरी जवान रेशम डाँगीलाई मिति २०६१/१२/६ गते बाँके जिल्लाको खजुरा गा.वि.स. वडा नं. ३ बाट माओवादी कार्यकर्ताहरूले अपहरण गरी लगेकाले सकुशल रिहाइको लागि पहल गरी पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा मिति २०६१/१२/७ मा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ८९१, १०८, ११४, १२०, ६५६, अनुसन्धान हुँदा निजलाई माओवादी कार्यकर्ताहरूले मिति २०६१/१२/६ गते डे आउट गरी बाहीर गएको अवस्थामा बाँके जिल्लाको खजुरा गा.वि.स. वडा नं. ३ बाट माओवादी कार्यकर्ताहरूले अपहरण गरी लगी सोही दिन हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी तत्कालीन माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानूनबमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ११११३ मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२८५ मिति २०७६।१०।३ मा श्री गृह मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र।

च.नं. १६९ मिति २०७६।९।२९ मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११११७**

१. **पीडितको नाम, थर र ठेगाना** शारदा राय (गोपाल), कटारी -८, शिशाघारी, उदयपुर।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरणः** उदयपुर जिल्ला कटारी गा.वि. वडा नं ८ शिशाघारी निवासी गोपाल भन्ने शरद रायलाई माओवादी कार्यकर्ताहरूले मिति २०५९/५/२४ गते घरमा खाना खाइरहेको अवस्थामा घरबाट निकाली केही पर लगी घाँटी रेटी हत्या गरकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी मिति २०६७।०७।१६ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज गोपाल भन्ने शारद रायलाई मिति २०५९/५/२४ गते राती अं. ९.०० बजेको समयमा तत्कालीन माओवादी कार्यकर्ताहरूले घरबाटै नियन्त्रणमा लिई घरभन्दा केही पर लगी गर्धन छुट्याई हत्या गरको पाइएकोले घटनामा संलग्न दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफरिश गर्ने साथै पीडित परिवारले क्षतिपूर्ति पाइसकेको देखिंदा सोतर्फ केही गरिरहन नपर्ने निर्णय मिति २०७६।०६।२९ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५५७ अनुसन्धान १०७८ मिति २०७६।०९।२० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/४१७० मिति २०७६।०९।२८ मा प्रममपका मानव अधिकार शाखाबाट गृह मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १११८**

१. **पीडितको नाम, थर र ठेगाना** मैते वि.क., कालिका -१, कञ्चनपुर।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर जिल्ला, कालिका गा.वि.स. वडा नं. १ निवासी मैते वि.क.लाई घरमा सुतिरहेको अवस्थामा हातहतियार सहित आएको माओवादी कार्यकर्ताहरूले मिति २०६०/७/३ गते घरबाट ५०० मी.तल लगी घाँटी रेटी हत्या गरेकोले घटनाको छानवीन गरी क्षतिपूर्तिको लागी पहल गरी पाउँ भनी मिति २०६३/१२/२९ मा आयोगको क्षेत्रीय कार्यालय धागढीमा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ५२५, आयोगबाट अनुसन्धान हुँदा मिति २०६०/७/३ गते निज मैते वि.क.राती घरमा सुतिरहेको अवस्थामा गाँउमा चोरी भएको घटनामा संलग्न रहेको आशंकामा नेकपा माओवादीले कब्जामा लिई घर देखी ५०० मिटर पर लगी हत्या गरेको र पीडित परिवारलाई आफ्नो धर्म परम्परा अनुसार मृतकको काजक्रिया गर्न समेतबाट बञ्चित गरेको देखिएकोले सशस्त्र द्वन्द्वको क्रममा नकपा माओवादीबाट भएको यस्तो कार्य अन्तर्राष्ट्रिय मानविय कानून विपरित भई जेनेभा महासन्धी १९४९ को साझा धारा ३ को समेत उल्लंघन हुन भएको देखिन्छ अतः घटनामा संलग्न व्यक्तिको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र मृतकका आश्रित बालबालिकालाई निःशुल्क शिक्षा प्रदान गर्न सिफरिस गर्ने भनी आयोगबाट मिति २०७६।९।३ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२६८, मिति २०७६/१०/२३ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौंलाई पत्राचार गरेको साथै श्री गृह र श्री शिक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/५११२ मिति २०७६।११।०५ मा श्री गृह र श्री शिक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका सिंहदरबार,काठमाडौंको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – १११९**

१. **पीडितको नाम, थर र ठेगाना** शान्ति रावल, नारायणपुर -४, कैलाली।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण**ः कैलाली जिल्ला नारायणपुर गा.वि.स. वडा नं. ४ घर भई हाल टिकापुर न.पा. वडा नं. ९ बस्ने लोकबहादुर रावलको घरमा मिति २०५७/११/२ गते माओवादी कार्यकर्ताहरूले सुन चाँदी लगायत धनमाल लुटी निजकी श्रीमतिको हातखुट्टा भाँची मारेको र मिति २०६३/१/२५ गते २०६२ सालमा भित्राएको गँहु, तोरी लगायत अन्नबाली लुटी लगेको र जग्गा समेत कब्जा गरेको भन्ने व्यहोराको मिति २०६३।०४।०१ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा पीडितकी श्रीमती शान्ति रावललाई नेकपा माओवादीका कार्यकर्ताहरूले हत्या गरेको र घरमा रहेको सुन चाँदी लगायत धनमाल लुटी लगेको र निजको १७ विगाह भन्दा बढी जग्गा कब्जामा लिएकोमा हाल जग्गा फिर्ता गरिसकेको भन्ने जानकारी पाइयो। निजकी श्रमिती माओवादीले हत्या गरेको घटनाको राहत वापत मृतकका परिवारले पटक पटक गरी रु. ८,००,०००।- (आठ लाख मात्र) पाइसकेको भन्ने जानकारी प्राप्त भएको तर घटनामा संलग्न दोषीलाई हालसम्म कार्वाही नगरेको पाइएकाले घटनाको छानवीन गरी दोषी माओवादी कार्याकर्ताको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न साथै निजको लुटिएको र क्षति भएको सम्पत्तिको मुल्याङ्कन गरी उचित क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०९/०८ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**ः च.नं. १६३८ मिति २०७७।०१।३० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/६२१९ मिति २०७७।०२।११ मा प्रममपका मानव अधिकार शाखाबाट गृह मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११२०**

१. **पीडितको नाम, थर र ठेगाना**ः चिन बहादुर थापा क्षेत्री, जिता -५, लमजुङ्ग

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण**ः जिल्ला लमजुङ्ग जिता गा.वि.स वडा नं ५ निवासी चिन बहादुर थापा क्षेत्रीलाई २०५८ साल माघ १८ गते माओवादीद्वारा अपहरण गरी लगी हत्या गरी लमजुङ्ग जिल्लाको तान्द्राङ्ग टक्सार गा.वि.स.को सेरा वागपोखरी भन्ने ठाउँमा लाश भेटिएको हुँदा क्षतिपूर्ति उपलब्ध गराइदिन पहल गरी पाउँ भनी मिति २०६३।३।१८ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश**ः आयोगबाट अनुसन्धान हुँदा जिल्ला लमजुङ्ग जिता गा.वि.स. वडा नं. ५ जामुने बस्ने चिनबहादुर थापा क्षेत्रीलाई मिति २०५८/१०/१८ गते नेकपा माओवादीद्वारा अपहरण गरी हत्या गरेकोले घटनाको सम्बन्धमा छानवीन गरी पाउँ भनी दर्ता भएको उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा निज चिन बहादुर थापा क्षेत्रीलाई मिति २०५८/१०/१८ गते नेकपा माओवादीका कार्यकर्ताहरूले सोही गा.वि.स.को टक्सारमा रहेको स्वास्थ्य चौकीबाट कब्जामा लिई हत्या गरेको पाइएको हुँदा सशस्त्र द्वन्द्वको क्रममा नेकपा माओवादीबाट भएको यस्तो कार्य अन्तर्राष्ट्रिय मानवीय कानून विपरित भई जेनेभा महासन्धि १९४९ को साझा धारा ३ को उल्लंघन भएको देखिन्छ । तसर्थ यस घटनामा संलग्न दोषी माओवादी कार्यकर्ताको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र मृतकका परिवारलाई रू. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७६।९।८ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १४२२, श्री प्रममपकामा मिति २०७६।११।१४ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ.७२१/५४३५ मिति २०७६।११।२१, प्र.म.तथा म.का, मा.अ. प्र. शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयलाई पठाएको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.नं. २३६ मिति २०७६।११।२८, गृह मन्त्रालय, मानव अधिकार प्रवद्र्धन शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा प्रहरी प्रधान कार्यालय नक्साल, काठमाडौंलाई पठाएको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११२१**

१. **पीडितको नाम, थर र ठेगाना** माधव प्रसाद यादव, कम्दी -८, बाँके ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण**ः बाँके जिल्ला कम्दी गा.वि.स. वडा नं. ८ बस्ने माधव प्रसाद यादवलाई मिति २०६२।४।१७ गते नेकपा(माओवादी) का कार्यकर्ताहरूले घरबाट अपहरण गरेकोले सकुशल रिहाइको लागि पहल गरि पाउँ भनी मिति २०६२।०४।१८ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा पीडित माधव प्रसाद यादवलाई माओवादी कार्यकर्ताहरूले सुराकी गरेको आरोपमा घरबाटै अपहरण गरी घाँटी रेटी हत्या गरेको खुल्न आएको र मृतकका परिवारले नेपाल सरकारबाट राहत समेत प्राप्त गरिसकेको देखिँदा प्रस्तुत घटनामा संलग्न दोषी माओवादी कार्यकर्ताको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०९/२० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचारः** च.नं. १६४३ मिति २०७७।०१।३० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/६२२४ मिति २०७७।०२।११ मा प्रममपका मानव अधिकार शाखाबाट गृह मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११२२**

१. **पीडितको नाम, थर र ठेगाना** मनोज कुमार शाही, फत्तेपुर -६ बाँके ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला फत्तेपुर गा.वि.स. वडा नं. ६ निवासी मनोज कुमार शाहीलाई मिति २०६०/६/६ गते बिहान ६ बजेतिर ओम प्रकाश लगायत ६/७ जना माओवादीको समूहले अपहरण गरी लगी बेपत्ता पारी हत्या गरेको हुँदा घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६०/११/१२ मा पिडितकी श्रीमतीले आयोगमा उजुरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं.१४९३, आयोगबाट अनुसन्धान हुँदा निज मनोज कुमार शाहिलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले घरमा सुतिरहेको अवस्थामा मिति २०६०/६/७ गते अपहरण गरी ३ दिन पश्चात हत्या गरेको पाइयो । द्वन्द्वको समयमा माओवादी कार्यकर्ताबाट भएको यस्तो कार्य जेनेभा महासन्धी एंव विभिन्न मानव अधिकार सम्बन्धी कानून र सिद्धान्त विरुद्ध भएको हुँदा घटनामा संलग्न दोषी माओवादी कार्यकर्ताको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने पिडित परिवारलाई नेपाल सरकारबाट क्षतिपूर्ति प्राप्त भएको देखिदा त्यसतर्फ केही गर्न नपर्ने भनी आयोगबाट मिति २०७६।९।२० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६४१, मिति २०७७/१/३० मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौंलाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/६२२३ मिति २०७७।२।११ मा श्री गृह मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका सिंहदरबार, काठमाडौंको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११२३**

१. **पीडितको नाम, थर र ठेगाना** विष्णु प्रसाद अधिकारी, बागेश्वरी -३, नुवाकोट ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरणः** नुवाकोट जिल्ला बागेश्वरी गा.वि.स. वडा नं ३ बस्ने विष्णु प्रसाद अधिकारीलाई माओवादी कार्यकर्ताहरूले मिति २०६१/१/२१ गते दिउँसो आफ्नै घरबाट अपहरण गरी लगेकाले निजको जीवन रक्षाको लागि पहल गरी पाउँ भनी मिति २०६१।०२।२० मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज विष्णु प्रसाद अधिकारीलाई मिति २०६१/१/२१ गते नुवाकोट जिल्ला बागेश्वरी गा.वि.स. वडा नं. ३ स्थित निजको घरबाटै तत्कालीन माओवादी कार्यकर्ताहरू नुवाकोट जिल्ला गणेशस्थान, दार्मे बस्ने कटटु भनिने रजमान तामाङ, मानसिंह तामाङ, ऋषेश्वर भट्टराई र जयराम अधिकारी सहित भई अपहरण गरी नुवाकोट जिल्लाको वेतनी स्थित जंगलमा हत्या गरेको पाइएकाले घटनामा संलग्न उल्लेखित माओवादी कार्यकर्ताहरूलाई कानून बमोजिम कारबाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/१०/२० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १६४९ मिति २०७७।०२।०२ गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/६१९४ मिति २०७७।०२।०९ मा प्रममपका मानव अधिकार शाखाबाट गृह मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११२४**

१. **पीडितको नाम, थर र ठेगाना** नवराज ढकाल, बागेश्वरी -४, नुवाकोट ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण:** नुवाकोट जिल्ला बागेश्वरी गा.वि.स. वडा नं. ४ चोगते बस्ने नवराज ढकाललाई मिति २०६१/१/२१ गते आफ्नै घरबाट माओवादी कार्यकर्ताहरूले अपहरण गरी लगेकाले निजको जीवन रक्षाको लागि पहल गरी पाउँ भनी मिति २०६१।०२।२० मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज नवराज ढकाललाई मिति २०६१/१/२१ गते नुवाकोट जिल्ला बागेश्वरी गा.वि.स. वडा नं. ४ स्थित निजको आफ्नै घरबाटै तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरू नुवाकोट जिल्ला गणेशस्थान दार्मे बस्ने कट्टु भन्ने रजमान तामाङ, मानसिंह तामाङ, ऋषेश्वर भट्टराई र जयराम अधिकारी सहितका कार्यकर्ताहरूले अपहरण गरी हत्या गरेको पाइएकाले माथि उल्लेखित तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरू तथा तीनीहरू मार्फत अन्यको पहिचान गरी कानून बमोजिम कारबाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/१०/२० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १६५० मिति २०७७।०२।०२ गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/६१९५ मिति २०७७।०२।०९ मा प्रममपका मानव अधिकार शाखाबाट गृह मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११२५**

१. **पीडितको नाम, थर र ठेगाना** दिनानाथ राजवंशी, डाँगीवारी -४, झापा ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** झापा जिल्ला डाँगीवारी गा.वि.स. वडा नं. ४ बस्ने दिनानाथ राजवंशीलाइ निजको निवासबाटै मिति २०६३।०२।२० मा नेकपा माओवादीका कार्यकर्ताहरूले कब्जामा लिई अवस्था अज्ञात बनाएकाले निजको जीवन रक्षा तथा सकुशल रिहाइको लागि पहल गरी पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय विराटनगरमा मिति २०६८/९/५ मा उजूरी दर्ता गराको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं.७०९, आयोगबाट अनुसन्धान हुँदा निज दिनानाथ राजवंशीलाइ तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले निजको निवासबाटै मिति २०६३।०२।२० मा अपहरण गरी लगेको र सो को २ दिन पश्चात झापाको खुदुनाबारीमा लगी कुटेर हत्या गरेको, हत्यामा नेकपा माओवादीका तत्कालीन कार्यकर्ताहरू कर्ण राई सिस्नेपानी झापा र मदन शिवाकोटी दमक झापाको प्रत्यक्ष संलग्नता रहेको पाइएकाले निजहरू दुबै जना (कर्ण राई र मदन शिवाकोटी) लाई कानूनबमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।११।३० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६७९ मिति २०७७/२/१९ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/६४८६ मिति २०७७।२।२३ मा श्री गृह मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. २७३ मिति २०७७/२/२२ मा गृह मन्त्रालय (मानव अधिकार प्रवर्द्धन शाखा) ले श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई)लाई पठाएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११२६**

१. **पीडितको नाम, थर र ठेगाना** प्रकाश सुब्बा, राजघाट -६, मोरङ्ग ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** मिति २०६१।११।२५ गते मोरङ जिल्लाको राजघाट गा.वि.स. वडा नं. ६ मा एकजना युवकको हत्या गरेको भन्ने जानकारीका आधारमा जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक सिद्धिविक्रम शाहको नेतृत्वमा उक्त स्थानमा प्रहरी खटाएकोमा प्रकृती मुचुल्का तयारीका क्रममा लास पल्टाउँदा उक्त लासमा फिट गरेको बम विष्फोट भई निज प्रहरी निरीक्षक सिद्धिविक्रम शाह सहित ७ जना सुरक्षाकर्मी घाइते समेत भएको र उक्त मृतक युवक झापा जिल्ला कोरोवारी गा.वि.स. वडा नं. ५ का प्रकाश सुब्बा रहेको । तसर्थ आवश्यक कारवाहीको लागि पहल गरी पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय विराटनगरमा मिति २०६१/१२/१ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३४, आयोगबाट अनुसन्धान हुँदा झापा जिल्ला कोरोवारी गा.वि.स. वडा नं. ५ का प्रकाश सुब्बालाई तत्कालीन माओवादी कार्यकर्ताहरूले घरबाट अपहरण गरी लगी हत्या गरी मोरङ जिल्ला राजघाट गा.वि.स. वडा नं.२ मा निजलाइ खाल्डो खनी निजको शरीरमा पाइप बम समेत राखी छाडेको उक्त लासको घटनास्थल प्रकृती मुचुल्का तयार गर्ने क्रममा प्रहरी निरीक्षक सिद्धिविक्रम शाह समेत ७ जना सुरक्षाकर्मीहरू घाइते समेत भएको पाइएको । निज प्रकाश सुब्बाका परिवारले क्षतिपूर्ति पाएको नदेखिएको हुँदा निज मृतक प्रकाश सुब्बाका हकवाला परिवारका सदस्यलाइ रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन, घाइते प्रहरी निरीक्षक सिद्धिविक्रम शाह तथा अन्य घाइते सुरक्षाकर्मीलाइ थप उपचार आवश्यक भएमा निःशुल्क उपचार गराउन र घटनामा संलग्न माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानूनबमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।११।३० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** :च.नं १६८३ मिति २०७७/२/१९ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह, श्री अर्थ र श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/६४८३ मिति २०७७।२।२३ मा श्री गृह मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. २७२ मिति २०७७/२/२२ मा गृह मन्त्रालय (मानव अधिकार प्रवर्द्धन शाखा) ले श्री राहत तथा तथ्याङ्क व्यवस्थापन शाखा, गृह मन्त्रालयलाई पठाएको बोधार्थ पत्र ।

च.नं. २७३ मिति २०७७/२/२२ मा गृह मन्त्रालय (मानव अधिकार प्रवर्द्धन शाखा) ले श्री प्रप्रका(मानव अधिकार उल्लंघन अनुगमन इकाई)लाई पठाएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११२७**

१. **पीडितको नाम, थर र ठेगाना** धनलाल दनुवार (मृतक) र हस्तलाल दनुवार (बेपत्ता), बाहुनडाँगी -४, झापा ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** झापा जिल्ला बाहुनडाँगी गा.वि.स. वडा नं. ४ निवासी हस्तलाल दनुवारलाई माओवादी कार्यकर्ताहरूले मिति २०५८।०५।२२ गते आफ्नै घरबाट अपहरण गरी कुटपीट गर्दै लगेको र वेपत्ता पारेको हुनाले निजको खोजतलास गरी सार्वजनिक गरी पाउँ भनी र निजकै दाजु ऐ. ऐ. बस्ने धनलाल दनुवारलाइ माओवादी कार्यकर्ताहरूले मिति २०६०।०६।०६ गते हत्या गरेकाले दोषीलाई कार्वाही र पीडितलाइ क्षतिपूर्ति दिलाइ पाउँ भनी आयोगमा मिति २०६५/८/१८ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १३७५, आयोगबाट अनुसन्धान हुँदा संलग्न प्रमाण कागजातहरूबाट निज हस्तलाल दनुवारलाई मिति २०५८।०५।२२ गते झापा जिल्ला बाहुनडाँगी गा.वि.स. वडा नं. ४ स्थित आफ्नै घरबाट तत्कालीन माओवादी कार्यकर्ताहरूले अपहरण गरी लगी हालसम्म वेपत्ता बनाएको पाइएकाले वेपत्ता बनाइएका निज हस्तलाल दनुवारको अवस्था सार्वजनिक गर्न, वेपत्ता बनाउने कार्यमा संलग्न तत्कालीन माओवादी कार्यकर्ताहरूको पहिचान गरी

कानूनबमोजिम कार्वाही गर्न र निज पीडितका हकवाला परिवारले हालसम्म क्षतिपूर्ति प्राप्त गरेको नदेखिएकाले पीडितको कानूनबमोजिमका हकवालालाई रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने साथै निज हस्तलाल दनुवारका दाजु धनलाल दनुवारलाई मिति २०६०।६।६ गते तत्कालीन माओवादी कार्यकर्ताहरूले निजको आफ्नै घरबाट अपहरण गरी ऐ. स्थित भृकुटी बजारमा लगी हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी तत्कालीन माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानूनबमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।११।३० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६८० मिति २०७७/२/१९ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/६४८५ मिति २०७७।२।२३ मा श्री गृह मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. २७३ मिति २०७७/२/२२ मा गृह मन्त्रालय (मानव अधिकार प्रवर्द्धन शाखा) ले श्री प्रप्रका(मानव अधिकार उल्लंघन अनुगमन इकाई)लाई पठाएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११२८**

१. **पीडितको नाम, थर र ठेगाना** बुधना चौधरी, हसुलिया -७, कैलाली ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला हसुलिया गा.वि.स. वडा नं. ७ निवासी बुधना चौधरीलाइ मिति २०६०।०२।०२ गते माओवादी कार्यकर्ताहरूले घरयासी विवादमा अत्याधिक कुटपीट गरेका कारण निज बुधना चौधरीको मृत्यू भएकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडितलाइ क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०७१/१/०३ मा आयोगको क्षेत्रीय कार्यालय धनगढीमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ७३९(ख), को सम्बन्धमा अनुसन्धान हुँदा निज बुधना चौधरी र निजको भतिजा पर्ने लोटन चौधरीबीचको घरयासी विवादमा मिति २०६०।०२।०२ गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले निज बुधना चौधरीलाई अत्याधिक कुटपीट गरेको र सोही कारण निजको मिति २०६०।०२।०३ गते मृत्यू भएको पाइएकाले मृतकका कानून बमोजिमको हकवाला परिवारलाइ रु. ३,००,०००। (रु. तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न तत्कालीन नेकपा माओवादीका दोषी कार्यकर्ताहरूको पहिचान गरी कानूनबमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने" भनी आयोगबाट मिति २०७६/१२/०२ मा निर्णय भएको छ ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६९४, श्री प्रममपकामा मिति २०७७/२/२० मा आयोगबाट निर्णय कार्यान्वयनको लागि लेखी पठाइएको साथै श्री गृह र अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपकाको च.नं. मा.अ. ७२१/६५६२, मिति २०७७।२।३२ को पत्रमा गृह मन्त्रालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. २७६, मिति २०७७।२।२७ को श्री प्रहरी प्रधान कार्यालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र ।

गृह मन्त्रालयको च.नं. २७८, मिति २०७७।२।२७ को श्री राहत तथा तथ्यांक शाखालाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र ।

गृह मन्त्रालयको च.नं. ३०७, मिति २०७७।२।३० को आयोगलाई पीडितका हकवालाले जिल्ला प्रशासन कार्यालय कैलालीबाट राहत/ क्षतिपूर्ति बापत रु. १० लाख प्राप्त गरेको भन्ने व्यहोराको पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक

**क्रम संख्या – ११२९**

१. **पीडितको नाम, थर र ठेगाना** रघुवीर जोशी, भिमदत्त -१९, कञ्चनपुर ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर जिल्ला भिमदत्त नगरपालिका वडा नं. १९ निवासी रघुवीर जोशीलाइ माओवादी कार्यकर्ताहरूले मिति २०६२।०१।०३ गतेको दिन घरबाट अपहरण गरी हत्या गरेकाले दोषीलाई कार्वाही र पीडित परिवारलाइ क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६५/१२/०७ मा आयोगको क्षेत्रीय कार्यालय धनगढीमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं.६४९, हत्या (माओवादीबाट), धनगढी । दर्ता भएको उजूरीको अनुसन्धान हुँदा निज रघुवीर जोशीलाइ तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले मिति २०६२।०१।०१ गते निजको घरबाटै अपहरण गरी ऐ. ३ गते हत्या गरी कञ्चनपुरकै उल्टाखामस्थित सरस्वती उच्च मा.वि. नजिकै लाश फालेको पाइएकाले घटनामा संलग्न तत्कालीन नेकपा माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकालाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/१२/०२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६९०, श्री प्रममपका मा मिति २०७७/२/२० मा आयोगबाट निर्णय कार्यान्वयनको लागि लेखी पठाइएको साथै श्री गृह मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपका को च.नं. मा.अ. ७२१/६५५८, मिति २०७७।२।३२ को पत्रमा गृह मन्त्रालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. २७६, मिति २०७७।२।२७ को श्री प्रहरी प्रधान कार्यालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ग) दोहोरो भिडन्तमा मृत्यु**

**क्रम संख्या – ११३०**

१. **पीडितको नाम, थर र ठेगाना** हेमचन्द्र खनाल, उर्लाबारी-४, मोरङ ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी र सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरणः** मोरङ जिल्ला उर्लाबारी गा.वि.स वडा नं. ४ बस्ने हेमचन्द्र खनालको मिति २०६२/१२/९ गते उर्लाबारी चोकमा माओवादी र सुरक्षाफौजबीच भएको दोहोरो भिडन्तमा परी मृत्यु भएकोले छानवीन गरी न्यायोचित क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६३।०१।०३ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा मोरङ जिल्लाको तत्कालीन उर्लाबारी गा.वि.स स्थित व्यस्त उर्लाबारी चोकमा मिति २०६२/१२/९ गते माओवादी विद्रोहीहरूले सुरक्षाकर्मीहरूलाई निशाना बनाई गोली चलाएको र सुरक्षाकर्मीहरूले पनि प्रतिकारमा फायरिङ गरेको सोही क्रममा निज हेमचन्द्र खनालको गोली लागी मृत्यु भएको पाइएकोले पीडित परिवारलाई रु. ३०००००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र सशस्त्र आन्तरिक युद्धको समयमा सर्वसाधारणहरूलाई निशाना नबनाई निजहरूको संरक्षण गरी युद्धको समयमा लागु हुने जेनेभा महासन्धिहरू १९४९ को साझा धारा ३ को पूर्ण पालना गर्न तत्कालीन नेकपा माओवादी र नेपाल सरकारलाई लेखी पठाउने भनी मिति २०७६।०६।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ३८३ अनुसन्धान १०७३ मिति २०७६।०९।२० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/४१६५ मिति २०७६।०९।२८ मा प्रममपका मानव अधिकार शाखाबाट गृह, अर्थ र रक्षा मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. ३०१, मिति २०७७।२।२५ मा आयोगलाई लेखेको जानकारी पत्रमा निजका हकवालाले जिल्ला प्रशासन कार्यालयबाट रु. १०,००,०००।- राहत/क्षतिपूर्ति प्राप्त गरेको भन्ने व्यहोरा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ११३१**

१. **पीडितको नाम, थर र ठेगाना**: रजा दमाई, बलिया -४, चिसापानी कैलाली ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी र सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण**: कैलाली जिल्ला बलिया गा.वि.स.वडा नं. ४ चिसापानी बजारमा मिति २०६१।९।७ गते माओवादी र सुरक्षाकर्मीबीच भएको भिडन्तमा परी रजा दमाई घाइते भएकोमा उपचारको क्रममा मृत्यु भएकोमा पीडित परिवारले कुनै क्षतिपूर्ति नपाएको भन्ने सम्बन्धमा मिति २०६३।०२।१६ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज रजा दमाईको मिति २०६१।०९।०७ गते भएको दोहोरो भिडन्तमा परी मृत्यु भएकोले नेपाल सरकारबाट मृतकका परिवारले क्षतिपूर्ति प्राप्त भइसकेको भन्ने जानकारी मृतकका छोराबाट प्राप्त भएको, प्रस्तुत घटनामा द्वन्द्वमा असंलग्न निर्दोष व्यक्तिको मृत्यु भएको देखिएकोले घटनाको छानवीन गरी दोषी पहिचान गरी कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।०९।०८ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**: च.नं १६३९ मिति २०७७।०१।३० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/६२२० मिति २०७७।०२।११ मा प्रममपका मानव अधिकार शाखाबाट गृह मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११३२**

१. **पीडितको नाम, थर र ठेगाना** रेणुका राई, दमक –५, झापा

२. **उल्लंघनकर्ता** अज्ञात

३. **उजुरीको संक्षिप्त विवरण** झापा जिल्ला दमक नगरपालिका वडा नं. ५ निवासी रेणुका राईलाई मिति २०६३।०१।०३ गते ऐ स्थित बेलडाँगी बजारमा साईकल चढी आएका २ जना अपरिचित व्यक्तिले घुमुवा प्रहरी उपर अन्धाधुन्दा गोली चलाउँदा सोही गोली लागि उपचार गराई रहेकोले छानवीन गरी क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६३/०१/१३ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ६९४, आयोगबाट अनुसन्धान हुँदा मिति २०६३।१।३ गते झापा जिल्ला दमक नगरपालिका वडा नं.५ स्थित बेलडाँगी बजारमा मिति २०६३।१।३ गते अपरिचित व्यक्तिहरूले प्रहरीलाई निशाना गरी गोली चलाउँदा निज रेणुका राईलाई पनि गोली लागेको र धरान स्थित वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरी अपाङ्ग अवस्थामा नै घरमा ल्याई राखी उपचारलाई पनी निरन्तरता दिई रहेको अवस्थामा पूर्ण रुपमा स्वास्थ्य नभईकनै करीब १५ महिना पछि मृत्यु भएको । निजको हकवाला पीडित परिवारले रु. ३,००,०००। (तीन लाख मात्र) क्षतिपूर्ति प्राप्त गरिसकेको तर दोषी पहिचान भई कार्वाही भएको अवस्था नभएको पाइएकाले घटनाका दोषीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने" भनी आयोगबाट मिति २०७७/०३/११ मा निर्णय भएको छ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**: च.नं. १८३७, मिति २०७७/३/३० मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंलाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालयलाई बोधार्थ ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**घ) वम विष्फोटबाट मृत्यु**

**क्रम संख्या – ११३३**

१. **पीडितको नाम, थर र ठेगाना** मनिसा ओली, कविता बोहरा र चक्र बहादुर वि.क. (मृतकहरू) समीर देउवा, सुदिप देउवा, सृष्टी देउवा, लाल बहादुर बोहरा, टेक बहादुर साउद, सिता महरा, बिमला वली र लक्ष्मी देउवा, मालाखेती -८, कैलाली ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी र सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला मालाखेती गा.वि.स. वडा नं.-८ स्थित हर्कसिंह महताको घरमा मिति २०६६/५/२१ गते भएको बम बिस्फोटनमा ऐ.ऐ.बस्ने मनिसा ओली, कविता बोहरा र चक्र बहादुर वि.क. गरी ३ जनाको मृत्यु र ऐ.ऐ. बस्ने समीर देउवा, सुदिप देउवा, सृष्टी देउवा, लाल बहादुर बोहरा, टेक बहादुर साउद, सिता महरा, बिमला वली र लक्ष्मी देउवा गरी ८ जना घाइते भएकाले घटनाको छानवीन गरी आश्रित परिवारलाई क्षतिपूर्तिको लागि पहल गरि पाउँ भनि मिति २०६६/६/४ मा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ६६७, आयोगबाट अनुसन्धान हुँदा कैलाली जिल्ला साविक मालाखेती गा.वि.स. वडा नं. ८ स्थित हर्कसिंह महताको घर आागनमा मिति २०६६/५/२१ गते बम विस्फोट हुँदा घटनास्थलमा नै ऐ.ऐ. बस्ने मनिसा ओली, कविता बोहरा र चक्र बहादुर वि.क.को मृत्यु भएको र अन्य ८ जना घाइते भएको पाइएकाले मृतकका आश्रित कानून बमोजिम हकवालालाई जनही रु. १,००,००० ।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।४।७ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५४९, मिति २०७६/६/१२ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार,काठमाडौँलाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्याथ र श्री समिर देउवा लगायत ९ एवं श्री राष्ट्रिय मानव अधिकार आयोग, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी कैलालीलाई बोधार्थ दिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/२०३९ मिति २०७६।६।१६ मा श्री गृह मन्त्रालय र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका सिंहदरबार,काठमाडौँको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११३४**

१. **पीडितको नाम, थर र ठेगाना** शिव परियार, हेम्जा -६, कास्की ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरणः** कास्की जिल्ला धम्पुस गा.वि.स. वडा नं.३ स्थित राधिका भण्डारीको घर आँगनमा माओवादीहरूले पर्यटक चढेको ट्याक्सीलाई लक्षित गरी बम विष्फोट गराउँदा ऐ. हेम्जा गा.वि.स. वडा नं. ६ निवासी शिव परियारको मृत्यु भएको घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति दिलाइ पाउँ भनी मिति २०६४।०३।२७ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा कास्की जिल्लाको धम्पुस गा.वि.स. वडा नं. ३ स्थित राधिका भण्डारीको घर आँगनमा मिति २०५९/५/३१ गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले पर्यटक चढेको ट्याक्सीलाई लक्षित गरी बम विष्फोट गराउँदा निज शिव परियारको घटनास्थलमा नै मृत्यु भएको पाइएकाले घटनामा संलग्न दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०५/०३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९४४ मिति २०७६।०९।१३ गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/३९५३ मिति २०७६।०९।२० मा प्रममपका मानव अधिकार शाखाबाट गृह मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं.१६९ मिति २०७६।०९।२९ गृह मन्त्रालय मानव अधिकार प्रवर्द्धन शाखाबाट प्रहरी प्रधान कार्यालय मानव अधिकार

उल्लंघन अनुगमन इकाई नक्साल काठमाडौंलाई राय/प्रतिक्रिया पठाउनु हुन भनी प्रेषित पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११३५**

१. **पीडितको नाम, थर र ठेगाना** ओमकुमारी सहनी, अर्जुन सहनी, मेघा सहनी र सुरेश दास जनकपुर -१, धनुषा ।

२. **उल्लंघनकर्ता** अज्ञात समूह

३. **उजूरीको संक्षिप्त विवरण** धनुषा जिल्ला जनकपुर न.पा वडा नं. १ बस्ने ओमकुमारी सहनी, अर्जुन सहनी, मेघा सहनी र सुरेश दास खेलिरहेको अवस्थामा अज्ञात व्यक्तिले राखेको सकेट बम विस्फोटन भई मिति २०६४/१०/२७ गते ओमकुमारी र सुरेश दासको मृत्यु भएको र अन्य दुईजना घाइते भएकोले क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६४/१०/२७ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. २२२, आयोगबाट अनुसन्धान हुँदा घटना पुष्टि भएको र मृतकका परिवारले रु. ८,००,०००।- (आठ लाख मात्र) रुपैंया क्षतिपूर्ति पाएको तर घाइते दुईजना अर्जुन सहनी र मेघा सहनीले हालसम्म क्षतिपूर्ति नपाएको देखिएकोले घाइतेहरूलाई जनही रु. १,००,०००।- (एक लाख मात्र) रुपैयाँ क्षतिपूर्ति उपलव्ध गराउन राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ बमोजिम नेपाल सरकारलाई सिफारिश गर्ने आयोगबाट मिति २०७६।०९।०३ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२७४, मिति २०७६/१०/२३ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौंलाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय र श्री अर्थ मन्त्रालय सिंहदरवार, काठमाडौंलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** प.सं.०७६।७७ च.न.मा.अ.७२१।५०३२, मिति २०७६।११।०४ मा प्रममपका (मानव अधिकार शाखा) सिंहदरबारबाट निर्णय कार्यान्वयन सम्बन्धमा श्री गृह मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ङ) हिरासत /कारागारमा मृत्यु**

**क्रम संख्या – ११३६**

१. **पीडितको नाम, थर र ठेगाना** दलबहादुर ग्यामी मगर, प्राङबुङ -४, पाँचथर ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी तथा स्थानीयवासी

३. **उजूरीको संक्षिप्त विवरण** पाँचथर जिल्ला प्राङबुङ गा.वि.स. वडा नं. ४ बस्ने दलबहादुर ग्यामी मगरलाई मिति २०६६/११/१ गते र निजका छोरा विक्रम ग्यामी मगरलाई मिति २०६६/१०/२९ गते चोरीको अभियोगमा प्राङबुङ प्रहरी र स्थानीयवासीको संलग्नतामा पक्राउ गरी प्रहरी चौकीमा ल्याए पछि प्रहरी र स्थानीय मानिसहरूले निर्मम कुटपीट तथा यातना दिएको र सोही कारण दलबहादुर ग्यामी मगरको पक्राउ परेकै दिन मिति २०६६/११/१ र निजका छोरा विक्रम ग्यामी मगरको वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचारको क्रममा मिति २०६६/११/८ गते मृत्यु भएकोले घटनाको छानवीन गरी दोषीलाई कानून बमोजिम कार्वाही गरी पाउँ भनी मिति २०६६/११/४ मा आयोगको क्षेत्रीय कार्यालय विराटनगरमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १५०४, उजूरीको अनुसन्धान हुँदा निजहरूलाई प्रहरीको नियन्त्रणमा रहेको अवस्थामा नै स्थानीय व्यक्तिहरूले कुटपीट गरेको तथा प्रहरीबाट आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई सुरक्षा दिन नसकेको कारण प्रहरीको नियन्त्रणमा रहेको अवस्थामा नै निजहरूको मृत्यु भएको भन्ने देखिएकोले प्रचलित संविधान तथा मानव अधिकार सम्बन्धी कानूनले प्रत्याभूत गरेको व्यक्तिको बाँच्न पाउने अधिकराको उल्लंघन भएको देखिंदा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०३८ को दफा १६ बमोजिम पीडित परिवारलाई जनही रु. ३,०००००।- (तीन लाख रुपैंया मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने" भनी आयोगबाट मिति २०७६/०९/०३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२७१, श्री प्रममपका मा मिति २०७६/१०/२३ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि लेखी पठाइएको साथै श्री गृह र अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपका को च.नं. मा.अ. ७२१/५०८७, मिति २०७६।११।५ को पत्रमा गृह मन्त्रालय र अर्थ मन्त्रालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ११३७**

१. **पीडितको नाम, थर र ठेगाना** किशोर राजबंशी, दर्वेशा -८, मोरङ ।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी र कारागार प्रमुख

३. **उजुरीको संक्षिप्त विवरण** मोरङ जिल्ला दर्वेशा गा.वि.स वडा नं. ८ घर भई कारागार शाखा मोरङमा नजरबन्दमा रहेका किशोर राजबंशीको मिति २०६२।६।२१ गते कारागारभित्रै मृत्यु भएको सम्बन्धमा स्वविवेकमा उजुरी ग्रहण गरी मिति २०६२/९/१८ मा आयोगमा उजुरी दर्ता गराएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** उजुरी नं. ५५४ र ५५५, आयोगबाट अनुसन्धान हुँदा यसमा राज्यको पूर्ण नियन्त्रित निकाय कारागारभित्र रहेको सम्पूर्ण कैदीबन्दीहरूको सुरक्षाको जिम्मा कारागार सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरू र कारागार प्रमुखको रहने हुँदा सुरक्षाकर्मी र कारागार प्रमुखको असावधानी र लापरवाहीका कारण प्रस्तुत घटना भएको देखिंदा कारागारभित्र सुरक्षा सावधानी बढाउन र भविष्यमा यस्ता प्रकृतिका घटनाहरू दोहोरिन नदिनेतर्फ प्रर्याप्त व्यवस्था मिलाउन नेपाल सरकार मार्फत कारागार व्यवस्थापन विभागलाई सिफारिश गर्ने” भनी आयोगबाट मिति २०७७/०३/११ मा निर्णय भएको छ ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १८३८, मिति २०७७/३/३० मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौँलाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय र श्री कारगार व्यवस्थापन विभाग, कालिकास्थान, काठमाडौंलाई बोधार्थ ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**च) बेपत्ता**

**क्रम संख्या – ११३८**

१. **पीडितको नाम, थर र ठेगाना** भिम गिरी, फूलबारी -७, कैलाली ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला फूलबारी गा.वि.स. वडा नं. ७ निवासी भिम गिरीलाई सादा पोशाकमा आएका सुरक्षाकर्मीहरूले पक्राउ गरी लगी वेपत्ता बनाएकाले निजको जीवन रक्षाको लागि पहल गरी पाउँ भनी मिति २०६०/०८/२३ मा आयोगको क्षेत्रीय कार्यालय धनगढीमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय⁄सिफारिश** उजूरी नं. १२३८, वेपत्ता, दर्ता भएको उजूरीको अनुसन्धान हुँदा निज भिम गिरीलाइ सादा पोशाकका सुरक्षाकर्मीहरूले मिति २०६०।०८।१८ गते पक्राउ गरी हालसम्म स्थिति अज्ञात बनाइ वेपत्ता बनाएको पाइएकाले निजको हालको अवस्थाका सम्बन्धमा स्थिति सार्वजनिक गर्न र घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानूनबमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/१२/०२ मा निर्णय भएको छ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६९३, श्री प्रममपका मा मिति २०७७/२/२० मा आयोगबाट निर्णय कार्यान्वयनको लागि लेखी पठाइएको साथै श्री गृह मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपका को च.नं. मा.अ. ७२१/६५६१, मिति २०७७।२।३२ को पत्रमा गृह मन्त्रालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. २७६, मिति २०७७।२।२७ को श्री प्रहरी प्रधान कार्यालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा

लेखेको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११३९**

१. **पीडितको नाम, थर र ठेगाना** बम्मन राना, धनगढी -६, कैलाली ।

२. **उल्लंघनकर्ता** अज्ञात समूह

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ६ निवासी वम्मन रानालाई हतियारसहित आएका ५ जनाको समूहले नेताजीले बोलाएका छन् भनी लगेको र हालसम्म अवस्था अज्ञात रहेकाले निजको स्थिति सार्वजनिकको लागि पहल गरी पाउँ भनी मिति २०६३/०५/२७ मा आयोगको क्षेत्रीय कार्यालय धनगढीमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ४२५, को अनुसन्धान हुँदा निज वम्मन राना मिति २०६१।०२।१० गते बिरामी गोरुको उपचारको लागि भनी घरबाट हिंडेकोमा घर फर्की नआएको र हालसम्म पनि अवस्था अज्ञातै रहेको पाइएकाले आफ्ना नागरिकको सुरक्षा गर्नुपर्ने प्रथम दायित्व सरकारको रहेको हुँदा निजको अवस्थाका सम्बन्धमा प्रभावकारी अनुसन्धान गरी स्थिति सार्वजनिक गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/१२/०२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६९२, श्री प्रममपका मा मिति २०७७/२/२० मा आयोगबाट निर्णय कार्यान्वयनको लागि लेखी पठाइएको साथै श्री गृह मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपका को च.नं. मा.अ. ७२१/६५६०, मिति २०७७।२।३२ को पत्रमा गृह मन्त्रालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. २७६, मिति २०७७।२।२७ को श्री प्रहरी प्रधान कार्यालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**छ) अपहरण**

**क्रम संख्या – ११४०**

१. **पीडितको नाम, थर र ठेगाना** पृथ्वीपाल थारु, नौवस्ता-९, बाँके ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला नौवस्ता गा.वि.स.वडा नं.-९ निवासी पृथ्वीपाल थारुलाई मिति २०६२/४/२६ गते माओवादी कार्यकर्ता विश्वजीवित समेत भई घरबाटै अपहरण गरी यातना दिंदै माओवादी श्रम शिविरमा ५ महिना राखी मुक्त गरिदिएकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६४/३/५ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १४१९, आयोगबाट अनुसन्धान हुँदा निज पीडित पृथ्वीपाललाई माओवादी कार्यकर्ता जीवित समेत भई मिति २०६२/४/२६ मा अपहरण गरी ५ महिना श्रम कैदमा राखेको पाइयो । अपहरण गर्ने कार्यमा संलग्न मुख्य जीवित भनिने माओवादी कार्यकर्ताको मृत्यु समेत भइसकेको देखिंदा पीडित पृथ्वीपाल थारुलाई रु. ३०,०००।- (तीस हजार मात्र ) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९५३, मिति २०७६/९/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४०१४ मिति २०७६।९।२१ मा श्री गृह र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ११४१**

१. **पीडितको नाम, थर र ठेगाना** लक्ष्मीदेवी गुरागाईं, दर्वेशा -९, मैनावारी मोरङ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण:** मोरङ जिल्ला दर्वेशा गा.वि.स. वडा नं. ९ मैनावारी निवासी लक्ष्मी देवी गुरागाईंलाई माओवादी कार्यकर्ताहरूले मिति २०६१/११/२९ गते अपहरण गरी कुटपीट गरेको साथै निजको १५ बर्षिय छोरालाई समेत धम्की दिई परीक्षाबाट बञ्चित गराउनुको साथै कुटपीट पश्चात बाध्य भई विस्थापित समेत हुन परेकोले आफ्नो सम्पत्तिको भोगचलन तथा उपचारको लागि पहल गरी पाउँ भनी मिति २०६१।१२।०१ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निजलाई तत्कालीन माओवादी कार्यकर्ताहरूले अपहरण गरी निर्मम तरिकाले कुटपीट गरी धम्की समेत दिई छोडी दिएको, धम्की कारण आफ्नो घरमा बस्न नसकी बाध्य भई विस्थापित रुपमा काठमाडौं बस्ने गरेको, एकमात्र छोराको सो घटनापछि मानसिक अवस्था ठीक नभएको पाइएकोले उल्लेखित अवस्था समेतलाई विचार गरी रु. २०००००।- (दुई लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७६।०६।२९ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ३७/८३८ अनुसन्धान १०८१ मिति २०७६।०९।२० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/४१७३ मिति २०७६।०९।२८ मा प्रममपका मानव अधिकार शाखाबाट गृह र अर्थ मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

च.नं. १११ मिति २०७६।१०।१५ मा रक्षा मन्त्रालय मानव अधिकार शाखाबाट गृह मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा प्रेषित पत्रको बोधार्थ पत्र प्राप्त।

गृह मन्त्रालयको च.नं. ३०८, मिति २०७७।२।३२ मा आयोगलाई लेखेको जानकारी पत्रमा पीडितलाई रु. २,००,०००।- राहत/क्षतिपूर्ति प्रदान गर्ने भनी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।२।२८ मा निर्णय भएको व्यहोरा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण।

**क्रम संख्या – ११४२**

१. **पीडितको नाम, थर र ठेगाना** खेमराज सरदार, दादरबरैया-१, मोरङ्ग।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ जिल्ला दादरबरैया गा.वि.स. वडा नं. १ निवासी खेमराज सरदारलाइ मिति २०६२।११।२५ गते राती १२/१४ जनाको एक समूह आई घरबाटै अपहरण गरी लगी हालसम्म अवस्था अज्ञात रहेकाले निजको जीवन रक्षाको लागि पहल गरी पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय विराटनगरमा मिति २०६२/११/२९ मा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ६२७, आयोगबाट अनुसन्धान हुँदा निज खेमराज सरदारलाई तत्कालीन विद्रोही नेकपा माओवादीका कार्यकर्ताहरूले मिति २०६२।११।२५ गते घरबाटै अपहरण गरी लगी हालसम्म वेपत्ता बनाएको पाइएकाले घटनामा संलग्न दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र वेपत्ता पारिएका निज खेमराज सरदारको अवस्था सार्वजनिक गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।११।३० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६७७ मिति २०७७/२/१९ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/६४८८ मिति २०७७।२।२३ मा श्री गृह मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र।

गृह मन्त्रालयको च.नं. २७५, मिति २०७७।२।२५ मा प्रहरी प्रधान कार्यालयलाई लेखेको सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११४३**

१. **पीडितको नाम, थर र ठेगानाः** दिर्घ बहादुर कार्की, श्रीचौर -९, ओखलढुंगा ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजुरीको संक्षिप्त विवरणः** ओखलढुंगा जिल्ला श्रीचौर गा.वि.स. वडा नं. ९ निवासी दिर्घ बहादुर कार्कीलाई मिति २०६२।८।२१ गते आफ्नै घरमा बसिरहेको अवस्थामा चन्दा नदिएको आरोपमा माओवादी कार्यकर्ताहरूले अपहरण गरी लगेकाले निजको सकुशल रिहाइ तथा अवस्था सार्वजनिकको लागि पहल गरी पाउँ भनी मिति २०६२।०९।०८ मा आयोगमा उजुरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज दिर्घ बहादुर कार्कीलाइ तत्कालीन माओवादी कार्यकर्ताहरूले मिति २०६२।८।२१ गते घरबाटै अपहरण गरी लगी ४५ दिनपछि मात्र अपहरण मुक्त गरेको पाइएकाले अपहरण गर्ने कार्यमा संलग्न तत्कालीन माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानूनबमोजिम कार्वाही गर्न र पीडित दिर्घ बहादुर कार्कीलाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम २५ (२) अनुसार प्रतिदिन रु. ५०० का दरले ४५ दिनको जम्मा रु. २२,५००।- (बाइस हजार पाँच सय मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाइ सिफारिश गर्ने" भनी आयोगबाट मिति २०७७/०३/११ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १८४५, मिति २०७७।०३।३० गते श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** :

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ज) यातना**

**क्रम संख्या – ११४४**

१. **पीडितको नाम, थर र ठेगाना** वीरु राना, गणेश शर्मा, मंगल रावत र विष्णु राना (कञ्चनपुर जिल्ला कारागारमा रहेका कैदीहरू)

२. **उल्लंघनकर्ता** नरेश थापा, सुर्य चन्द (कारागारका नाइके) र सुरक्षाकर्मी ।

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर जिल्ला कारागारमा रहेका कैदीहरू वीरु राना, गणेश शर्मा, मंगल रावत र विष्णु रानालाई मिति २०७०/१/२७ गते कारागारका नाइकेहरू नरेश थापा, सुर्य चन्द र सुरक्षाकर्मीहरू मिली हतकडी लगाएर मरणासन्न हुनेगरी कुटपीट गरी यातना दिएकाले आवश्यक कार्वाही गरी यातनाबाट मुक्ति दिलाई पाउँ भनी मिति २०७०/२/१ आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ७२२, आयोगबाट अनुसन्धान हुँदा कारागार भित्र अबैध चरेश प्रयोग भएको विभिन्न समयमा विभिन्न कारागारमा कैदी बन्दीहरू उपर कुटपीट समेत हुने गरेको पाइएकाले यस्ता कार्य रोक्ने व्यवस्था मिलाउन कारागार व्यवस्थापन विभाग मार्फत देशभरिका सम्पूर्ण कारागारहरूमा पत्राचार गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।४।७ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५४६, मिति २०७६/६/१२ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौँलाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय सिंहदरबार र कारागार व्यवस्थापन विभाग, काठमाडौलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/२०३६ मिति २०७६।६।१६ मा श्री गृह मन्त्रालय, सिंहदरवार काठमाडौ र श्री कारागार व्यवस्थापन विभाग, काठमाडौलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका सिंहदरबार,काठमाडौँको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११४५**

१. **पीडितको नाम, थर र ठेगाना** विष्णु माया बस्नेत, मसुरिया -७, कैलाली ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला मसुरिया गा.वि.स. वडा नं. ७ बस्ने विष्णु माया बस्नेतलाई मिति २०५९ भदौ महिनामा सशस्त्र प्रहरी वल र शाही नेपाली सेनाको टोलीले विहान ४:०० बजे नै घरमा आई कुटपीट गर्दै ३ जना छोराछोरी सहित आफैसँग लिएर गएको र करीब १ कि.मि. टाढा पुर्‍याएपछि फिर्ता पठाई दिएको सोहि समयदेखि उक्त यातनाको कारण मानसिक स्वास्थ्यमा समेत नकारात्मक असर परेको हुँदा घटनाको छानवीन गरी पाउँ भनी मिति २०६५/५/३० मा आयोगको क्षेत्रीय कार्यालय धनगढीमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ६१८, आयोगबाट अनुसन्धान हुँदा निज पीडित विष्णु माया बस्नेतलाई २०५९ भदौ महिनामा तत्कालीन सशस्त्र प्रहरी वल र शाही नेपाली सेनाको टोलीले घरबाटै नियन्त्रणमा लिई दिनभरी आफैसँगै राखी कुटपीट गरी यातना दिएको पाइएकाले घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कारवाही गर्न र पीडित विष्णु माया बस्नेतलाई रु. १,००,००० ।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।४।७ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५४७, मिति २०७६/६/१२ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार,काठमाडौँलाई पत्राचार गरेको साथै श्री गृह, श्री रक्षा र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/२०३७ मिति २०७६।६।१६ मा श्री गृह, श्री रक्षा र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका सिंहदरबार, काठमाडौँको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११४६**

१. **पीडितको नाम, थर र ठेगाना** लड्डन जागा, रझेना-३, बाँके ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला रझेना गा.वि.स. वडा नं. ३ निवासी लड्डन जागालाई भीमकाली गण चिसापानी व्यारेकबाट आएका सेनाले मिति २०५८/१२/१३ गते पक्राउ गरी मरणासन्न हुने गरी कुटपीट गरी यातना दिएकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६४/१/४ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १३८०, आयोगबाट अनुसन्धान हुँदा सेनाले मिति २०५८/१२/१३ मा नियन्त्रणमा लिएको देखिएकाले सरकारले निजलाई रु. ६०,०००।- (साठी हजार मात्र) राहत/क्षतिपूर्ति समेत उपलब्ध गराइएको आधारबाट निजलाई यातना दिएको पाइएकाले यातना दिने कार्यमा संलग्न दोषी सेनाको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९५०, मिति २०७६/९/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय र श्री रक्षा मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ. ७२१/४०१० मिति २०७६।९।२१ मा श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १७० मिति २०७६।९।२९ मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई)लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोर्धाथ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ११४७**

१. **पीडितको नाम, थर र ठेगाना** अल्ला रखु जागा, रझेना -३, बाँके ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला रझेना गा.वि.स. वडा नं. ३ निवासी अल्लारखु जागालाई भीमकाली गण चिसापानी व्यारेकबाट आएका सेनाले मिति २०५८/१२/१३ गते पक्राउ गरी मरणासन्न हुने गरी कुटपीट गरी यातना दिएकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६४/१/४ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १३८१, आयोगबाट अनुसन्धान हुँदा निज अल्ला रखु जग्गालाई मिति २०५८/१२/१३ मा सेनाले नियन्त्रणमा लिएको, सरकारले राहत/क्षतिपूर्ति उपलब्ध गराएको समेत आधारबाट यातना भएको पुष्टि भएकाले घटनामा संलग्न दोषी सैनिकको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९५१, मिति २०७६/९/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४०११ मिति २०७६।९।२१ मा श्री गृह मन्त्रालय र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १५८ मिति २०७६।९।२०मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई)लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** :विचाराधीन ।

**क्रम संख्या – ११४८**

१. **पीडितको नाम, थर र ठेगाना** शाविर अली जागा, रझेना-३, बाँके ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला रझेना गा.वि.स. वडा नं.-३ निवासी शाविर अली जागालाई भीमकाली गण चिसापानी व्यारेकबाट आएका सेनाले मिति २०५८/१२/१३ गते पक्राउ गरी मरणासन्न हुने गरी कुटपीट गरी यातना दिएकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६४/१/४ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १३८२, आयोगबाट अनुसन्धान हुँदा सेनाले मिति २०५८/१२/१३ मा नियन्त्रणमा लिई कुटपीट गरी यतना दिएको पाइएकाले पीडितलाई रु. ६०,०००/– (साठी हजार मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी सैनिकको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ९५२, मिति २०७६/९/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह, श्री रक्षा र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४०१३ मिति २०७६।९।२१ मा श्री अर्थ, श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र।

च.नं. १५८ मिति २०७६।९।२९ मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ११४९**

१. **पीडितको नाम, थर र ठेगाना** नुरुद्धिन खाँ, रनियापुर -३, बाँके ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला रनियापुर गा.वि.स. वडा नं. ३ बस्ने नुरुद्धिन खाँलाई संयुक्त सुरक्षाफौजको टोलीले मिति २०६०/८/२१ गते बाँके जिल्लाकै मंगलपुर गाँउ नजिकबाट नियन्त्रणमा लिई कुटपीट गरी यातना दिएकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा मिति २०६५/१०/९ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १८९२, आयोगबाट अनुसन्धान हुँदा निज नुरुद्धिन खाँलाई मिति २०६०/८/२१ गते सुरक्षाकर्मीको टोलीले घरबाटै नियन्त्रणमा लिई राँफा व्यारेकमा लगेर सेनाले निर्मम तरिकाले कुटपीट गरी यातना दिएको र पछि मात्रै कारागार पठाएको, कारगारबाट मुक्त भएपछि निजले उपचार गराएको देखिन्छ । मिसिल संलग्न अनुसन्धान प्रतिवेदन, उपचार गराएको कागजात तथा अन्य प्रमाणहरूबाट राँफा व्यारेकका तत्कालीन सेनाले निज नुरुद्धिन खाँलाई यातना दिएको पुष्टि भएकोले पीडित नुरुद्धिन खाँलाई रु. १,००,०००।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी सैनिकहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ११११ मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२८३ मिति २०७६।१०।३ मा श्री अर्थ, श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १७० मिति २०७६।९।२९ मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

गृह मन्त्रालयको च.नं. ३०८, मिति २०७७।२।३२ मा आयोगलाई लेखेको जानकारी पत्रमा पीडितलाई रु. १,००,०००।- राहत/क्षतिपूर्ति प्रदान गर्ने भनी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।२।२८ मा निर्णय भएको व्यहोरा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक ।

**क्रम संख्या – ११५०**

१. **पीडितको नाम, थर र ठेगाना** राजेन्द्र कुमार ठाकुर, नेपालगञ्ज -११, बाँके ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला नेपालगञ्ज नगरपालिका वडा नं. ११ भैरवगंज टोल निवासी राजेन्द्र कुमार ठाकुरलाई मिति २०६३/९/११ गते घसियारन टोलबाट प्रहरीले नियन्त्रणमा लिई कुटपीट गरी हात समेत भाँची दिएको र ३ दिनसम्म जिल्ला प्रहरी कार्यालयमा राखी छोडी दिएकाले पछि आफ्नैखर्चमा उपचारमा गराएको हँदा क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा मिति २०६३/१२/४ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १२९५, आयोगबाट अनुसन्धान हुँदा निज राजेन्द्र कुमार ठाकुरलाई जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरीहरूले मिति २०६३/९/११ गतेका दिन नेपालगञ्जको घसियारन टोलबाट नियन्त्रणमा लिई अत्याधिक कुटपीट गरी यातना दिएको पाइएकाले घटनामा संलग्न दोषी प्रहरीहरूको पहिचान गरी कानूनबमोजिम कार्वाही गर्न र पीडित राजेन्द्र कुमार ठाकुरलाई रु. २,०००।- (दुई हजार मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ११०२ मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२७३ मिति २०७६।१०।३ मा श्री अर्थ र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १७० मिति २०७६।९।२९ मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

गृह मन्त्रालयको च.नं. ३०८, मिति २०७७।२।३२ मा आयोगलाई लेखेको जानकारी पत्रमा पीडितलाई रु. २,०००।- राहत/क्षतिपूर्ति प्रदान गर्ने भनी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।२।२८ मा निर्णय भएको व्यहोरा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक ।

**क्रम संख्या – ११५१**

१. **पीडितको नाम, थर र ठेगाना** सिताराम थारु, सानोश्री -८, बर्दिया ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** बर्दिया जिल्ला सानोश्री गा.वि.स. वडा नं. ८ निवासी सिताराम थारुलाई इलाका प्रहरी कार्यालय सानोश्री बर्दियाको अ.स.ई जंग बहादुर के. सी. समेतको टोलीले मिति २०५९/९/२५ गते पक्राउ गरी कुटपीट गर्दै जिल्ला प्रहरी कार्यालय बर्दियामा लगी त्यहाँ समेत कुटपीट गरी यातना दिएकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा मिति २०६३/१२/२९ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १३२५, आयोगबाट अनुसन्धान हुँदा मिसिल संलग्न अनुसन्धान प्रतिवेदन पीडितहरूको बयान तथा अन्य प्रमाणहरू समेतका आधारमा निज सिताराम थारुलाई मिति २०५९/९/२५ गते बर्दिया जिल्लाकै लाली बजारबाट इलाका प्रहरी कार्यालय सानोश्री बर्दियाका तत्कालीन अ.स.ई. जंग बहादुर के. सी. समेतले नियन्त्रणमा लिई सोही कार्यालयका प्रमुख राजेन्द्र बहादुर श्रेष्ठ र निज जंग बहादुर के.सी. समेत भई कुटपीट गरी यातना दिएको र सोही दिन जिल्ला प्रहरी कार्यालय बर्दियामा पुर्‍याई राखेका । भोलीपल्ट मिति २०५९/९/२६ गते जिल्ला प्रहरी कार्यालय बर्दियाका इन्सपेक्टर गणेश विक्रम शाह समेत भई बयान लिने कोठामा राखी अत्याधिक कुटपीट गरी यातना दिएको पाइयो । तसर्थ, यातना दिने कार्यमा संलग्न इलाका प्रहरी कार्यालय सानोश्री बर्दियाका तत्कालीन प्रमुख राजेन्द्र बहादुर श्रेष्ठ, सोही कार्यालयका तत्कालीन अ.स.ई. जंग बहादुर के.सी. र जिल्ला प्रहरी कार्यालय बर्दियाका तत्कालीन इन्सपेक्टर गणेश विक्रम शाह समेतलाई कानून बमोजिम कार्वाही गर्न र पीडित सिताराम थारुलाई रु. ५०,०००।- (पचास हजार मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ११०४ मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२७५ मिति २०७६।१०।३ मा श्री अर्थ र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १७० मिति २०७६।९।२९ मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

गृह मन्त्रालयको च.नं. ३०८, मिति २०७७।२।३२ मा आयोगलाई लेखेको जानकारी पत्रमा पीडितलाई रु. ५०,०००।- राहत/क्षतिपूर्ति प्रदान गर्ने भनी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।२।२८ मा निर्णय भएको व्यहोरा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक ।

**क्रम संख्या – ११५२**

१. **पीडितको नाम, थर र ठेगाना** नर बहादुर शाही, सानोश्री -५, बर्दिया ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** बर्दिया जिल्ला सानोश्री गा.वि.स. वडा नं. ५ बस्ने नर बहादुर शाहीलाई मिति २०५८/९/२८ गते सानोश्री इलाका प्रहरी कार्यालयको प्रहरी टोलीले घरबाटै पक्राउ गरी १० नं. इलाकामा ल्याई कुटपीट गरेको साथै

जिल्ला प्रहरी कार्यालय बर्दियामा २७ दिनसम्म हिरासतमा राखी कुटपीट गरी यातना दिएको र २ बर्षसम्म तारेखमा राखी मानसिक तथा शारीरिक यातना दिएकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६४/१/१४ मा आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १३६९, आयोगबाट अनुसन्धान हुँदा इलाका प्रहरी कार्यालय सानोश्री र जिल्ला प्रहरी कार्यालय बर्दियाका तत्कालीन प्रहरीहरूले निज नरबहादुर शाहीलाई निर्मम तरिकाले कुटपीट गरी यातना दिएको पाइएकाले पीडित नर बहादुर शाहीलाई रु. ५०,०००/- (पचास हजार मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी प्रहरीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ११११५ मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२८७ मिति २०७६।१०।३ मा श्री अर्थ र श्री गृह मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १७० मिति २०७६।९।२९ मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

गृह मन्त्रालयको च.नं. ३०८, मिति २०७७।२।३२ मा आयोगलाई लेखेको जानकारी पत्रमा पीडितलाई रु. ५०,०००।- राहत/क्षतिपूर्ति प्रदान गर्ने भनी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।२।२८ मा निर्णय भएको व्यहोरा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक ।

**क्रम संख्या – ११५३**

१. **पीडितको नाम, थर र ठेगाना** कर्ण बहादुर वि.क., बैजापुर -३, बाँके ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला बैजापुर गा.वि.स. वडा नं. ३ बस्ने कर्ण बहादुर वि.क. लाई मिति २०६०/९/१० गते सशस्त्र प्रहरी वेशक्याम्प शमशेरगंज बाँके र शाही नेपाली सेना भिमकाली दल गुल्म चिसापानीबाट आएका सुरक्षाकर्मीले पक्राउ गरी यातना दिएकाले छानवीन गरी पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा मिति २०६४/४/३ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १४४०, आयोगबाट अनुसन्धान हुँदा निज कर्ण बहादुर वि.क. लाई मिति २०६०/९/१० गते आफ्नै घरबाट सशस्त्र वेश क्याम्प शमशेरगंजका सशस्त्र प्रहरी र चिसापानी व्यारेकका सेनाले नियन्त्रणमा लिई हिराशतमा राखी निर्मम तरिकाले यातना दिएको पाइएकाले पीडितलाई रु. ५०,०००।- (पचास हजार मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ११११७ मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह, श्री रक्षा र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च. नं. ०७६/०७७ मा.अ.७२१/४२८९ मिति २०७६।१०।३ मा श्री गृह, श्री अर्थ र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १७० मिति २०७६।९।२९ मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

गृह मन्त्रालयको च.नं. ३०८, मिति २०७७।२।३२ मा आयोगलाई लेखेको जानकारी पत्रमा पीडितलाई रु. ५०,०००।- राहत/क्षतिपूर्ति प्रदान गर्ने भनी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।२।२८ मा निर्णय भएको व्यहोरा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक ।

**क्रम संख्या – ११५४**

१. **पीडितको नाम, थर र ठेगाना** मानबहादुर विष्ट, जोगबुढा -९, डडेल्धुरा ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** डडेल्धुरा जिल्ला जोगबुढा गा.वि.स. वडा नं. ९ निवासी मानबहादुर विष्टलाई मिति २०६१/५/१ गते माओवादीको आरोपमा पक्राउ गरी थुनामा राखी यातना दिएकोले न्यायका लागी पहल गरी पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय धनगढीमा मिति २०६२/७/२५ गते उजूरी प्राप्त भएको देखिन्छ ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३०३, आयोगबाट अनुसन्धान हुँदा प्राप्त तथ्यहरूको आधारमा निजलाई द्वन्द्वको समयमा सुरक्षाकर्मीले पक्राउ गरी थुनामा राख्दा यातना दिएको कारण हालसम्म पनि स्वास्थ्यमा असर परेकोले उपचार गराई राखेको पाइएकोले निजलाई उपचार खर्च र क्षतिपूर्ति वापत रु. १,००,०००।- (एक लाख मात्र) उपलब्ध गराउन रा.मा.अ.आ. ऐन, २०६८ दफा १६ बमोजिम नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।९।८ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६३४, मिति २०७७/१/३० मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार,काठमाडौँलाई पत्राचार गरेको साथै श्री गृह र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्याथ र श्री पूर्ण मानबहादुर विष्ट, साविकः जोगबुढा गा.वि.स वडा .नं. ९, हाल परशुराम न.पा. वडा नं. ११ डडेल्धुरा एवं श्री राष्ट्रिय मानव अधिकार आयोग, सुदुरपश्चिम प्रदेश कार्यालय धागढी, कैलालीलाई बोधार्थ दिएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/६२३९ मिति २०७७।२।१३ मा श्री गृह मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका सिंहदरबार, काठमाडौँको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ११५५**

१. **पीडितको नाम, थर र ठेगाना** तक्त बहादुर गिरी, जोगबुढा -९, डडेलधुरा ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण**ः डडेल्धुरा जिल्ला जोगबुडा गा.वि.स. वडा नं. ९ बस्ने तक्त बहादुर गिरीलाई मिति २०६१/५/१ गते सुरक्षाकर्मीले पक्राउ गरी यातना दिएकोले दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६२।०७।२४ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा अनुसन्धानबाट प्राप्त तथ्य तथा प्रमाणको आधारमा निजलाई पक्राउ गरी थुना राख्दा यातना दिएको कारण हालसम्म पनि स्वास्थ्यमा असर भएकोले उपचार गराइराखेको पाइएको हुँदा निजलाई उपचार खर्च र क्षतिपूर्ति वापत रु. १,००,०००।- (एक लाख रुपैया) उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ दफा १६ बमोजिम नेपाल सरकालाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०९/०८ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**ः च.नं १६३६ मिति २०७७।०१।३० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/६२३७ मिति २०७७।०२।११ मा प्रममपका मानव अधिकार शाखाबाट गृह मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ११५६**

१. **पीडितको नाम, थर र ठेगाना** कैलाश कामैत, मधवापुर –९, सप्तरी ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** सप्तरी जिल्ला मधवापुर गा.वि.स. वडा नं. ९ बस्ने कैलाश कामैतलाई मिति २०५८ साल

मंसिर २२ गते ऐ. हरिपूरमा भएको हाटबाट फर्कदैं गर्दा भारदह प्रहरी चौकीबाट आएका प्रहरीले प्रक्राउ गरी कुटपीट गरी यातना दिएकाले पीडकलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लाथि पहल गरी पाउँ भनी आयोगमा मिति २०६४/६/१५ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ११०८, आयोगबाट अनुसन्धान हुँदा पीडित कैलाश कामौतलाई मिति २०५८।०८।२२ गते तत्कालीन सप्तरी जिल्लास्थित भारदह प्रहरी चौकीका प्रहरीहरूले निःशस्त्र अवस्थामा पक्राउ गरी प्रहरी चौकीमा लगी अत्याधिक कुटपीट गरेको त्यसपछि ऐ.स्थित तत्कालीन इलाका प्रहरी कार्यालय कञ्चनपुर लगी २ दिनसम्म राखी अत्याधिक कुटपीट गरी यातना दिएको र जिल्ला प्रहरी कार्यालय सप्तरीमा ८ दिनसम्म राखी कुटपीट गरी यातना दिएको पाइएकाले उक्त घटनामा प्रहरीहरू दोषी देखिएको हुँदा दोषी प्रहरीहरूको पहिचान गरी कानूनबमोजिम कार्वाही गर्न र पीडित कैलास कामैतलाई रु. १,००,०००।– (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।११।३० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६८२ मिति २०७७/२/१९ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ. ७२१/६४८४ मिति २०७७।२।२३ मा श्री गृह मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. २७२ मिति २०७७/२/२२ मा गृह मन्त्रालय (मानव अधिकार प्रवर्द्धन शाखा) ले श्री राहत तथा तथ्याङ्क व्यवस्थापन शाखा, गृह मन्त्रालयलाई पठाएको बोधार्थ पत्र ।

च.नं. २७३ मिति २०७७/२/२२ मा गृह मन्त्रालय (मानव अधिकार प्रवर्द्धन शाखा) ले श्री प्रप्रका(मानव अधिकार उल्लंघन अनुगमन इकाई)लाई पठाएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ११५७**

१. **पीडितको नाम, थर र ठेगाना** कपलेश्वर सरदार, गोइढी-३, सप्तरी ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** सप्तरी जिल्ला गोइढी गा.वि.स. वडा नं. ३ निवासी कपलेश्वर सरदारलाइ सशस्त्र प्रहरी बलका सुरक्षाकर्मीहरूले मिति २०६०।१०।२२ गते सप्तरी जिल्लाको प्रस्वनी गा.वि.स. बाट पक्राउ गरी कुटपीट र यातना दिंदै सशस्त्र प्रहरी वेश क्याम्प बरमभिुयामा राखी त्यँहाका तत्कालीन कार्यालय प्रमुख प्रहरी नायब उपरिक्षक (डि.एस.पी.) राम विलास दास समेत भई अत्याधिक यातना दिएकाले दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्ति दिलाइ पाउँ भनी आयोगमा मिति २०६४/६/१५ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ११०७, आयोगबाट अनुसन्धान हुँदा निज कमलेश्वर सरदारलाई सशस्त्र प्रहरीको टोलीले मिति २०६०।१०।२२ मा सप्तरी जिल्लाको प्रस्वनी गा.वि.स.को बेलाहापुरबाट पक्राउ गरी सशस्त्र प्रहरी वेश क्याम्प बरमभिुयामा राखेको, सो ठाउँमा राख्दा त्यहाँका तत्कालीन कार्यालय प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक रामविलास दास समेत भई अत्याधिक कुटपीट गरी यातना दिएको, त्यस्तै गरी सोको भोलिपल्ट जिल्ला प्रहरी कार्यालय सप्तरीमा लगी १९ दिनसम्म लगातार यातना दिएको पाइएकाले यातना दिने कार्यमा संलग्न सशस्त्र प्रहरी वेशक्याम्प बरमभिुयाका तत्कालीन कार्यालय प्रमुख प्रहरी नायब उपरिक्षक राम विलास दास तथा अन्य संलग्न सुरक्षाकर्मीहरूको पहिचान गरी कानूनबमोजिम कार्वाही गर्न र पीडित कपलेश्वर सरदारलाई रु. १,००,०००।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।११।३० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १६७६ मिति २०७७/२/१९ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/६४७९ मिति २०७७।२।२३ मा श्री गृह मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. २७२ मिति २०७७/२/२२ मा गृह मन्त्रालय (मानव अधिकार प्रवर्द्धन शाखा) ले श्री राहत तथा तथ्याङ्क

व्यवस्थापन शाखा, गृह मन्त्रालयलाई पठाएको बोधार्थ पत्र ।

च.नं. २७३ मिति २०७७/२/२२ मा गृह मन्त्रालय (मानव अधिकार प्रवर्द्धन शाखा) ले श्री प्रप्रका(मानव अधिकार उल्लंघन अनुगमन इकाई)लाई पठाएको बोधार्थ पत्र ।

च.नं. २७० मिति २०७७/२/२२ मा गृह मन्त्रालय (मानव अधिकार प्रवर्द्धन शाखा) ले श्री सशप्रब नेपाल(मानव अधिकार सेल)लाई पठाएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ११५८**

१. **पीडितको नाम, थर र ठेगाना** लिलानाथ सापकोटा, फूलबारी -१, कैलाली ।

२. **उल्लंघनकर्ता** नेपाली सेना

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला फूलबारी गा.वि.स. वडा नं. १ बस्ने लिलानाथ सापकोटालाई मिति २०५९।०९।०५ गते घरबाटै सुरक्षाकर्मीहरूले पक्राउ गरी आँखामा पट्टी बाँधी कुटपीट गर्दै तत्कालीन शाही नेपाली सेनाको बोराडाँडी व्यारेकमा लगी अत्याधिक कुटपीट गरी यातना दिएका र पुनः मिति २०६१।०८।२६ गते घरबाटै सुरक्षाफौजले पक्राउ गरी फूलबारी पच्चीसघरे बजारमा ल्याइ मरणासन्न हुने गरी कुटपीट गरी यातना दिएकाले घटनाको छानवीन गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६३/११/९ मा आयोगको क्षेत्रीय कार्यालय धनगढीमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ४९९, को अनुसन्धान हुँदा निज लिलानाथ सापकोटालाई मिति २०५९।०९।०५ र २०६१।०८।२६ गते तत्कालीन शाही नेपाली सेनाका सुरक्षाकमीहरूले पक्राउ गरी कुटपीट गर्नको साथै तत्कालीन बोराडाँडी व्यारेक, जिल्ला प्रहरी कार्यालय, धनगढी र तेघरी व्यारेकमा राखी यातना दिएको पाइएकाले पीडित लिलानाथ सापकोटालाई रु. २५,०००।- (रु पच्चीस हजार मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/१२/०२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६८९, श्री प्रममपका मा मिति २०७७/२/२० मा आयोगबाट निर्णय कार्यान्वयनको लागि लेखी पठाइएको साथै श्री गृह, रक्षा र अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपका को च.नं. मा.अ. ७२१/६५६६, मिति २०७७।२।३२ को पत्रमा गृह मन्त्रालय र रक्षा मन्त्रालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. २७६, मिति २०७७।२।२७ को श्री प्रहरी प्रधान कार्यालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र ।

गृह मन्त्रालयको च.नं. २७८, मिति २०७७।२।२७ को श्री राहत तथा तथ्यांक शाखालाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ११५९**

१. **पीडितको नाम, थर र ठेगाना** आशा चौधरी, बलिया -३, कैलाली ।

२. **उल्लंघनकर्ता** सुरक्षाफौज

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला बलिया गा.वि.स. वडा नं. ३ निवासी आशा चौधरीलाई मिति २०५८।११।२० गते तत्कालीन संयुक्त सुरक्षाफौजले पक्राउ गरी शाही सेनाको तेघरी व्यारेक र सशस्त्र प्रहरी गण वनबहेडामा ३ महिनासम्म राखी शारीरिक तथा मानसिक यातना दिनुका साथै यौन शोषण समेत गरेकाले घटनाको छानवीन गरी दोषीलाइ कार्वाही र पीडितलाइ क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६९/११/३० मा आयोगको क्षेत्रीय कार्यालय धनगढीमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ७२०, को अनुसन्धान हुँदा निज आशा चौधरीलाइ मिति २०५८।११।२० गते तत्कालीन सुरक्षाफौजले घरबाटै पक्राउ गरी तत्कालीन शाही सेनाको तेघरी व्यारेक र सशस्त्र प्रहरी गण वनबहेडामा गैरकानूनी रुपमा थुनामा राखी शारीरिक तथा मानसिक यातना दिनुका साथै यौन हिंसा समेत गरेको संलग्न प्रमाण तथा कागजातहरूबाट पुष्टि हुन आएकाले पीडित आशा चौधरीलाइ रु. ३,००,०००। (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानूनबमोजिम कार्वाही गर्न नेपाल सरकारलाई गर्ने" भनी आयोगबाट मिति २०७६/१२/०२ मा निर्णय भएको छ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६९७, श्री प्रममपका मा मिति २०७७/२/२० मा आयोगबाट निर्णय कार्यान्वयनको लागि लेखी पठाइएको साथै श्री गृह, रक्षा र अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपका को च.नं. मा.अ. ७२१/६५६५, मिति २०७७।२।३२ को पत्रमा गृह मन्त्रालय र रक्षा मन्त्रालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र प्राप्त।

गृह मन्त्रालयको च.नं. २७६, मिति २०७७।२।२७ को श्री प्रहरी प्रधान कार्यालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र।

गृह मन्त्रालयको च.नं. २७८, मिति २०७७।२।२७ को श्री राहत तथा तथ्यांक व्यवस्थापन शाखालाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन।

**झ) कुटपीट/घाइते**

**क्रम संख्या – ११६०**

१. **पीडितको नाम, थर र ठेगाना** विष्णुदत्त भट्ट र यशोदा कुमारी भट्ट, मसुरिया -४, कैलाली।

२. **उल्लंघनकर्ता** सुरक्षाकर्मी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला, मसुरिया गा.वि.स. वडा नं. ४ निवासी विष्णुदत्त भट्टलाई मिति २०६१/११/१५ गते सुरक्षाकर्मीले माओवादीको आशंकामा घरबाटै नियन्त्रणमा लिई १४ घण्टासम्म शारीरिक तथा मानसिक यातना दिएको साथै निजको छोरी यशोदा कुमारी भट्टको कैलाली जिल्लाको मसुरियामा भएको दोहोरो भिडन्तमा गोली लागि दायाँ खुट्टामा घाउ भएकोले निःशुल्क उपचार तथा क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६३/३/२२ मा आयोगको क्षेत्रीय कार्यालय धनगढीमा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३४७, आयोगबाट अनुसन्धान हुँदा निज पीडित भनिएका विष्णु दत्त भट्टलाई सुरक्षाकर्मीले यातना दिएको पुष्टी हुन नसकेको तर निजकी छोरी यशोदा भट्टलाई माओवादी र सुरक्षाकर्मीबीच मिति २०६१/११/१४ गते कैलाली जिल्लाको मसुरिया स्थित पुलमा दोहोरो भिडन्त हुँदा गोली लागि घाइते भएको पाइएकाले निज पीडित यशोदा भट्टलाई रु. १,००,०००।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।४।७ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५४८, मिति २०७६/६/१२ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौंलाई पत्राचार गरेको साथै श्री गृह, श्री रक्षा र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/२०३८ मिति २०७६।६।१६ मा श्री गृह, श्री रक्षा र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका सिंहदरबार, काठमाडौंको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११६१**

१. **पीडितको नाम, थर र ठेगाना** जगदीश यादव, शम्शेरगंज -७, बाँके।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला शम्शेरगंज गा.वि.स. वडा नं. ७ हवल्दारपुर बस्ने जगदीश यादवलाई मिति २०५९/३/२५ गते राती ठूलो संख्यामा आएका माओवादी कार्यकर्ताहरूले बाँके जिल्लाको शमशेरगंज २ स्थित निजको दिदीको घरबाट नियन्त्रणमा लिई सोही ठाउँमा खुट्टामा हानी निर्मम तरिकाले यातना दिएकाले अनुसन्धान गरी दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा मिति २०६४/१/१४ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १३७४, आयोगबाट अनुसन्धान हुँदा निज जगदीश यादव मिति २०५९/३/२५ गते ऐ. शमशेरगंज वडा नं. २ स्थित आफ्नै दिदीको घरमा गएको समयमा राती करीब ८:०० बजेतिर आएका माओवादी कार्यकर्ताहरूले निशस्त्र अवस्थामा नियन्त्रणमा लिई घन, बञ्चरो प्रहार गरी निर्मम तरिकाले कुटपीट गरी यातना दिएको पाइयो । जसको कारणबाट निजले ४ वर्षसम्म लगातार नेपाल तथा भारतका विभिन्न सरकारी अस्पतालहरूमा उपचार गराउँदा पनिपूर्ण रुपमा सञ्चो नभएको पाइयो ।जसबाट निजको यातनाबाट मुक्त भई बाँच्न पाउँने अधिकार, सशस्त्र द्वन्द्वको समयमा विद्रोही पक्ष र (तत्कालीन नेकपा माओवादी) बाट भएको यस्तो कार्यलाई राज्यबाट नियन्त्रण गर्न वा कानूनी दायरामा ल्याउन नसक्नुबाट निजको न्याय प्रशासन सम्बन्धी हक समेत हनन् हुनुको साथै विद्रोही माओवादी पक्षबाट सशस्त्र द्वन्द्वको समयमा लागु हुने जेनेभा महासन्धि १९४९ को साझा धारा ३ को उल्लंघन भएको पाइएकाले घटनामा संलग्न तत्कालीन माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र निज पीडित जगदीश यादवलाई रु. १,००,०००/- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन साथै निजलाई उपचार आवश्यक पर्ने भएमा सम्पूर्ण उपचार निःशुल्क गर्ने व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १११६ मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२८८ मिति २०७६।१०।३ मा श्री गृह, श्री अर्थ र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १११ मिति २०७६।१०। १५ मा श्री गृह मन्त्रालयलाई पठाएको श्री रक्षा मन्त्रालय (मानव अधिकार शाखा) को बोधार्थ पत्र ।

च.नं. २०२ मिति २०७६।१०।२४ मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

च.नं. १७० मिति २०७६।९।२९ मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

गृह मन्त्रालयको च.नं. ३०८, मिति २०७७।२।३२ मा आयोगलाई लेखेको जानकारी पत्रमा पीडितलाई रु. १,००,०००।- राहत/क्षतिपूर्ति प्रदान गर्ने भनी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।२।२८ मा निर्णय भएको व्यहोरा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक ।

**क्रम संख्या – ११६२**

१. **पीडितको नाम, थर र ठेगाना** भीमादेवी सुनार, दोधारा, कैलाली ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला दोधारा गा.वि.स. स्थायी घर भई बाँके जिल्ला नेपालगञ्ज नगरपालिका वडा नं. १ स्थित धम्बोजीमा डेरा गरी बस्ने भीमादेवी सुनार (नागरिकता अनुसार भीमा कुमारी वि.क.) लाई मिति २०६२/१०/१६ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा माओवादीबाट आक्रमण हुँदा प्रहरीले चलाएको गोली लागि घाइते भएका भनिएको घटनाको आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जले मिति २०६२/१०/१८ मा स्वविवेकमा उजूरी ग्रहण गरिएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ६६६, आयोगबाट अनुसन्धान हुँदा मिति २०६२/१०/१६ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा माओवादीबाट आक्रमण भएकोमा प्रतिआक्रमणका क्रममा प्रहरीले अन्धाधुन्ध गोली चलाउँदा जिल्ला

प्रहरी कार्यालय नजिकै डेरा गरी बस्ने भीमा देवी सुनार (नागरिकता अनुसार भीमा कुमारी वि.क.) लाई लागि घाइते भएकोमा हालसम्म पनि निजले उपचार खर्च तथा क्षतिपूर्ति समेत प्राप्त नगरेको पाइएकाले घटनामा संलग्न दोषी प्रहरीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्नर पीडित भीमा देवी सुनार (भीमा कुमारी वि.क.) लाई रु. १,००,०००।- (एक लाख रुपैयाँ मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ११०६ मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२७७ मिति २०७६।१०।३ मा श्री अर्थ र श्री रक्षा मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १७० मिति २०७६।९।२९ मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

गृह मन्त्रालयको च.नं. ३०८, मिति २०७७।२।३२ मा आयोगलाई लेखेको जानकारी पत्रमा पीडितलाई रु. १,००,०००।- राहत/क्षतिपूर्ति प्रदान गर्ने भनी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।२।२८ मा निर्णय भएको व्यहोरा उल्लेख ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक ।

**क्रम संख्या – ११६३**

१. **पीडितको नाम, थर र ठेगाना** मुस्लिम खाँ र घिडियावन खाँ, बनकट्टी -२ र ३, बाँके ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बाँके जिल्ला बनकट्टी गा.वि.स. वडा नं. २ बस्ने मुस्लिम खाँ र ऐ.वडा नं. ३ बस्ने घिडियावन खाँलाई मिति २०६२/१०/१६ गते मओवादीका कार्यकर्ताहरूले बोलाई बाँके जिल्लाकै बेतहनी गा.वि.स. मा पुऱ्याई कुटपीट गरी घाइते बनाएकाले घटनाको छानवीन गरी न्याय पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा मिति २०६२/१०/२८ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ६६७, आयोगबाट अनुसन्धान हुँदा निज पीडितहरू मुस्लिम खाँ र घिडियावन खाँलाई माओवादी कार्याकर्ताहरूले मिति २०६२/१०/१६ गते घरबाटै बोलाई बाँके जिल्लाकै बेतहनी चौराहामा लगी निर्मम तरिकाले कुटपीट गरी नगद समेत लिएको पाइएकाले घटनामा संलग्न दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १११२ मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२८४ मिति २०७६।१०।३ मा श्री गृह मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र ।

च.नं. १६९ मिति २०७६।९।२९ मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ११६४**

१. **पीडितको नाम, थर र ठेगाना** चेत बहादुर खड्का, कटारी -८, शिसाघारी उदयपुर ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरणः** उदयपुर जिल्ला कटारी गा.वि. वडा नं. ८ शिसाघारी बस्ने चेतबहादुर खड्कालाई मिति २०५५/१/२१ मा माओवादी कार्यकर्ताहरूले घरबाट नियन्त्रण लिई अंगभंग हुने गरी कुटपीट गरी यातना दिएकाले क्षतिपूर्ति तथा कारवाहीका लागि पहल गरी पाउँ भनी मिति २०६७।०७।१६ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज चेतबहादुर खड्कालाई तत्कालीन माओवादी कार्यकर्ता शंकर कटुवालको टोलीले मिति २०५५/१/२१ गते घरबाटै नियन्त्रणमा लिई खुट्टा समेत भाँचिने गरी कुटपीट गरी यातना दिएको पाइएकाले निज पीडित चेत बहादुर खड्कालाई रु. १०००००/- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र तत्कालीन माओवादी कार्यकर्ता शंकर कटुवालको घर ठेगाना र अन्य कार्यकर्ताहरूको समेत पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय मिति २०७६।०६।२९ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १५५६ अनुसन्धान १०७७ मिति २०७६।०९।२० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/४१६९ मिति २०७६।०९।२८ मा प्रममपका मानव अधिकार शाखाबाट गृह र अर्थ मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

गृह मन्त्रालयको च.नं. ३०८, मिति २०७७।२।३२ मा आयोगलाई लेखेको जानकारी पत्रमा पीडितलाई रु. १,००,०००।- राहत/क्षतिपूर्ति प्रदान गर्ने भनी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।२।२८ मा निर्णय भएको व्यहोरा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक।

**क्रम संख्या – ११६५**

१. **पीडितको नाम, थर र ठेगाना** देवेन्द्रलाल कर्ण, कुमारखोद -९, झापा।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरणः** झापा जिल्ला कुमारखोद गा.वि.स. वडा नं. ९ बस्ने देवेन्द्रलाल कर्णलाई नेकपा (माओवादी) का कार्यकर्ताहरूले मिति २०६०/८/१५ गते घरबाट बाहिर निकाली निर्मम तरिकाले कुटपीट गरी घाइते बनाएकाले क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६०।०८।१७ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा पीडित देवेन्द्रलाल कर्णलाई मिति २०६०/८/१५ गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले घरबाट नियन्त्रण लिई घरबाट केही पर चिया-बगानमा लगी हाल खुट्टा भाँचिने गरी कुटपीट गरी यातना दिएको पाइएकाले पीडितलाई रु. १०००००।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय मिति २०७६।०६।२९ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२१४ अनुसन्धान १०७६ मिति २०७६।०९।२० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/४१६८ मिति २०७६।०९।२८ मा प्रममपका मानव अधिकार शाखाबाट गृह, रक्षा र अर्थ मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

च.नं. १११ मिति २०७६।१०।१५ मा रक्षा मन्त्रालय मानव अधिकार शाखाबाट गृह मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा प्रेषित पत्रको बोधार्थ पत्र प्राप्त।

गृह मन्त्रालयको च.नं. ३०८, मिति २०७७।२।३२ मा आयोगलाई लेखेको जानकारी पत्रमा पीडितलाई रु. १,००,०००।- राहत/क्षतिपूर्ति प्रदान गर्ने भनी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।२।२८ मा निर्णय भएको व्यहोरा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक।

**क्रम संख्या – ११६६**

१. **पीडितको नाम, थर र ठेगाना** नगेन्द्र बहादुर शाही, लक्ष्मीपुर -७, कञ्चनपुर।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर जिल्ला लक्ष्मीपुर गा.वि.स. वडा नं. ७ निवासी नगेन्द्र बहादुर शाहीलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले मिति २०५९/७/२५ गते घरबाट अपहरण गरी बाटोमा लगि मरणासन्न हुने गरी कुटपीट गरेकोले क्षतिपूर्ति तथा औषधोपचारको लागि पहल गरी पाउँ भनी २०६/१२/१६ मा आयोगमा उजूरी दर्ता

गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. २८, आयोगबाट अनुसन्धान हुँदा निजलाई माओवादी कार्यकर्ताहरूले घरबाटै अपहरण गरी सख्त घाइते बनाई बेहोस अवस्थामा छोडेर गएपछि निजको विभिन्न अस्पतालमा उपचार भएको पाईयो, सो घटना पश्चात निज शारीरिक रुपमा अशक्त समेत भएको हालसम्म राहत तथा क्षतिपूर्ति प्राप्त नगरेको देखिएकोले निजलाई प्रभावकारी निःशुल्क उपचारको व्यवस्था गर्न तथा क्षतिपूर्ति स्वरुप रु. १,००,०००।- (एक लाख मात्र) उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार ऐन, २०६८ को दफा १६ बमोजिम नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो । साथै घटनामा संलग्न दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न समेत नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७६।९।३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १२७०, मिति २०७६/१०/२३ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौंलाई पत्राचार गरेको साथै श्री गृह, श्री स्वास्थ्य र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/५११४ मिति २०७६।११।०५ मा श्री गृह, श्री स्वास्थ्य तथा जनसंख्या र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका सिंहदरबार, काठमाडौंको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** :विचाराधीन ।

**क्रम संख्या – ११६७**

१. **पीडितको नाम, थर र ठेगाना** दल बहादुर साउद, सरस्वतीनगर -४, डोटी ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** डोटी जिल्ला सरस्वतीनगर गा.वि.स. वडा नं. ४ निवासी दलबहादुर साउदलाई नेकपा माओवादीका कार्यकर्ताहरूले २०५८ कार्त्तिक ७ गते तथा २०६२ भाद्र १० गते अपहरण गरी कुटपीट गरी सख्त घाइते बनाएको तथा द्वन्द्वकालमा नै ७/८ महिना श्रम कैदमा समेत राखेको र माओवादीको कुटपीटको कारण हालसम्म पनि स्वास्थ्यमा असर परेकोले स्वास्थ्य उपचारको व्यवस्था तथा क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी पाउँ भनी मिति २०६५/१२/२४ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ६५३, आयोगबाट अनुसन्धान हुँदा निज दलबहादुर साउदलाई पटक पटक २०५७ कार्तिक ७ गते तथा २०६२ भाद्र १० गते नेकपा माओवादी कार्यकर्ताहरूले सख्त रुपमा घाइते हुने गरी कुटपीट गरेको तथा द्वन्द्वकालको समयमा श्रम कैदमा समेत राखेको भन्ने जिल्ला प्रशासन कार्यालय, डोटीको पत्रबाट समेत पुष्टी हुन आएको माओवादीको कुटपीटको कारण निज शारीरिक रुपमा अशक्त भएको हालसम्म निजले कहिं कतैबाट उपचार खर्च तथा राहत/क्षतिपूर्ति प्राप्त नगरेको भन्ने देखिएकोले राहतको लागि राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम रु १,००,०००।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्नको लागि नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।९।३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२६९, मिति २०७६/१०/२३ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौंलाई पत्राचार गरेको साथै श्री गृह, श्री स्वास्थ्य र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/५११३ मिति २०७६।११।०५ मा श्री अर्थ, श्री गृह र श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका सिंहदरबार, काठमाडौंको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ११६८**

१. **पीडितको नाम, थर र ठेगाना** विर्खबहादुर कडायत, साडेपानी -७, कैलाली ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला साडेपानी गा.वि.स. वडा नं. ७ बस्ने विर्खबहादुर बडायतलाई मिति २०५९/२/२० गते माओवादी कार्यकर्ताहरूले घरबाटै अपहरण गरी मरणासन्न हुनेगरी कुटपीट गरी चारपाटा मुडेर आजदेखि माओवादीको विरोध नगर्नु गरेमा ज्यान जान सक्छ भनी धम्की समेत दिएकोले घटनाको छानवीन गरी औषधी उपचारको व्यवस्था तथा क्षतिपूर्ति उपलब्ध गराउन तथा दोषीलाई कानून बमोजिम कार्वाही गर्नको लागी पहल गरी पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय, धनगढीमा मिति २०६६/१२/०४ उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ६७६, आयोगबाट अनुसन्धान हुँदा तत्कालीन माओवादी कार्यकर्ताहरूले निज विर्खबहादुर कडायत लाई घरबाट अपहरण गरी मैनापोखरी स्थित सापकोटाको घरमा राखी कुटपीट गरी चरम यातना दिएको र भोलिपल्ट बिहान चारपाटा मुडेर माओवादीको विरुद्धमा बोलेमा ज्यान मार्ने धम्की समेत दिएको पाइएकोले पीडितलाई रा.मा.अ.आ.ऐन, २०६८ को दफा १६ बमोजिम रु. ५०,०००।- (पचास हजार मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न तत्कालीन दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।९।३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२६६, मिति २०७६/१०/२३ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौँलाई पत्राचार गरेको साथै श्री गृह र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/५११० मिति २०७६।११।०५ मा श्री गृह मन्त्रालय र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका सिंहदरबार, काठमाडौँको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ११६९**

१. **पीडितको नाम, थर र ठेगाना** मुन्नी पासवान, विरगंज -१६, पर्सा ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरण** पर्सा जिल्ला विरगंज महानगरपालिका वडा नं. १६ बस्ने मुन्नी पासवानको प्रहरीको लापरवाहीका कारण आँखा फुट्न गएकोले घटनाको छानवीन गरी दोषीमाथि कार्वाही तथा पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०७४/१०/१४ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ९, आयोगबाट अनुसनधान हुँदा प्रहरीद्वारा अन्य व्यक्तिलाई पक्राउ गर्ने क्रममा असावधानी पूर्वक कार्य गर्दा आफ्नो गोठमा गाई दुहेको अवस्थामा बालिका मुन्नी पासवानको आँखामा चोट लागि अपाङ्ग भएको देखिन्छ। प्रस्तुत घटनामा संलग्न प्रहरीहरूलाई प्रहरी नियमावली बमोजिम कार्वाही गरिएको तथा पीडितलाई औषधी उपचार खर्च प्रदान गरेको भन्ने जानकारी जिल्ला प्रहरी कार्यालय पर्साबाट प्राप्त हुन आएको तर हालसम्म पीडितले क्षतिपूर्ति नपाएको देखिएकोले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम पीडित बालिकालाई रु. २०००००।- (दुईलाख रुपैंया मात्र) क्षतिपूर्ति प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७६।९।३ मा निर्णय गरियो । घटनामा संलग्न प्रहरीहरूलाई कार्वाही गरेको भन्ने देखिंदा कार्वाही तर्फ केहि गर्नु नपर्ने निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२७२, मिति २०७६/१०/२३ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौंलाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय र श्री अर्थ मन्त्रालय सिंहदरवार, काठमाडौंलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** प.सं.०७६।७७ च.न.मा.अ.७२१।५०८८, मिति २०७६।११।०५ मा प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा श्री गृह मन्त्रालय र अर्थ मन्त्रालयलाई पठाएको पत्रको श्री राष्ट्रिय मानव अधिकार आयोग पुल्चोकलाई बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ११७०**

१. **पीडितको नाम, थर र ठेगाना** कृष्ण बहादुर घिसिङ, ठूलो पाताल -२, दोलखा।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरणः** दोलखा जिल्ला ठुलो पाताल गा.वि.स. वडा नं. २ निवासी कृष्ण बहादुर घिसिङ २०५९ साल कार्तिक २८ गते सार्वजनिक बसबाट दोलखाबाट काठमाडौ जाने क्रममा दोलखा जिल्लाको लाँकुरी डाँडा गा.वि.स.को हलहले भन्ने स्थानमा पुग्दा माओवादीले थापेको विद्युतीय धराप विष्फोट भई द्वेव्रे हात भाँचिएको साथै दुवै खुट्टा कम्मरमुनि नचल्ने गरी अपाङ्ग भएकाले उपचार तथा क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६४।०५।२१ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज कृष्ण बहादुर घिसिङ तत्कालीन माओवादी कार्यकर्ताहरूले दोलखा जिल्लाको लाँकुरी डाँडा गा.वि.स. मा थापेको विद्युतीय धराप विष्फोट भई मिति २०५९/७/२८ गते घाइते भई अपाङ्ग भएको पाइएकाले निजलाई रु. १,००,०००।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र विद्युतिय धराप थाप्ने कार्यमा संलग्न तत्कालीन माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/१०/२० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १६४७ मिति २०७७।०२।०२ गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/६१९२ मिति २०७७।०२।०९ मा प्रममपका मानव अधिकार शाखाबाट गृह मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११७१**

१. **पीडितको नाम, थर र ठेगाना** हिरालाल तामाङ, साँगाचोक -२, सिन्धुपाल्चोक।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** सिन्धुपाल्चोक जिल्ला, साँगाचोक गा.वि.स. वडा नं. २ निवासी हिरालाल तामाङलाई माओवादीले राखेको बम हटाउन भनी मिति २०६१/३/१३ गते सेनाले जबर्जस्ती सिन्धुपाल्चोकको हररे चुपुवा डाँडामा लगेकोमा बम हटाउन लाग्दा विष्फोट भई घाइते भएको र हालसम्म पनि अपाङ्ग अवस्थामा रहेकाले थप उपचार, आर्थिक सहायता र रोजगारीको लागि पहल गरी पाउँ भनी मिति २०६४।०५।०७ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा बाटोमा राखिएको वेवारिसे बम विष्फोट भई निज हिरालाल तामाङ घाइते भएको पाइएको तर हालसम्म निजले राहत/क्षतिपूर्ति प्राप्त गरेको नपाइएकाले निजलाई रु. १,००,०००।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन साथै निजको थप उपचार गराउन पर्ने भएमा सम्पूर्ण उपचार निःशुल्क हुने व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/१०/२० मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६४८ मिति २०७७।०२।०२ गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/६१९३ मिति २०७७।०२।०९ मा प्रममपका मानव अधिकार शाखाबाट गृह मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११७२**

१. **पीडितको नाम, थर र ठेगाना** नारुदेवी भण्डारी, कृष्णपुर -६, कञ्चनपुर।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कञ्चनपुर जिल्ला कृष्णपुर गा.वि.स. वडा नं. ६ बस्ने नारुदेवी भण्डारीलाई मिति २०६१।०६।२७

गते सुराकीको आरोपमा माओवादी (कार्यकर्ता) हरूले रातीको समयमा घरमा नै सुतिरहेको अवस्थामा कुटपीट गरी दुबै खुट्टा भाँचिएको, अंगभंग भएकाले दोषीलाइ कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०७०/१०/१५ मा आयोगको क्षेत्रीय कार्यालय धनगढीमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ७२९, को उजूरीको अनुसन्धान हुँदा निज पीडित नारु भण्डारीलाई मिति २०६१।०६।२७ गते राती तत्कालीन विद्रोही नेकपा माओवादीका कार्यकर्ताहरूले निजकै घरमा खुकुरीको उल्टो भाग तथा दाउराले अत्याधिक कुटपीट गरी दाहिने खुट्टा पुरै भाँचिदिएको र उपचारको क्रममा काटी हाल अपाङ्ग अवस्थामा रहेको पाइएकाले पीडित नारु भण्डारीको पीडाको अवस्था र उपचारको अवस्था समेतलाई विचार गरी रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न तत्कालीन नेकपा माओवादीका दोषी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाइ सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/१२/०२ मा निर्णय भएको छ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १६९५, श्री प्रममपका मा मिति २०७७/२/२० मा आयोगबाट निर्णय कार्यान्वयनको लागि लेखी पठाइएको साथै श्री गृह, र अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपका को च.नं. मा.अ. ७२१/६५६३, मिति २०७७।२।३२ को पत्रमा गृह मन्त्रालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र प्राप्त।

गृह मन्त्रालयको च.नं. २७६, मिति २०७७।२।२७ को श्री प्रहरी प्रधान कार्यालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र।

गृह मन्त्रालयको च.नं. २७८, मिति २०७७।२।२७ को श्री राहत तथा तथ्यांक शाखालाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन।

**क्रम संख्या – ११७३**

१. **पीडितको नाम, थर र ठेगाना**: लालध्वज जिरेल, जुगु -७, दोलखा।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण**: दोलखा जिल्ला जुगु गा.वि.स. वडा नं. ७ निवासी लालध्वज जिरेल मिति २०६१।२।२४ गते ऐ. वडा नं. ८ स्थित सार्वजनिक स्थलमा माओवादीले थापेको विद्युतिय धरापमा परी हातखुट्टा भाँचिई अपाङ्ग भएकाले उपचार, क्षतिपूर्ति तथा रोजगार र सीपमुलक तालिमको लागि पहल गरी पाउँ भनी मिति २०६४।०५।०७ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज लालध्वज जिरेल सर्वसाधारण व्यक्ति रहेको र मिति २०६१।२।२४ गते दोलखा जिल्ला जुगु गा.वि.स. वडा नं. ८ स्थित सार्वजनिक स्थलमा तत्कालिन नेकपा माओवादीका कार्यकर्ताहरूले थापेको विद्युतिय धराप विष्फोट भई निज अङ्गभङ्ग भएको पाइएको, निजको अङ्गभङ्गको मात्रा र पीडाअनुसार निजले राहत तथा क्षतिपूर्ति प्राप्त नगरेको समेत पाईएकाले रु. २,५०,०००। (दुई लाख पचास हजार मात्र) क्षतिपूर्ति उपलब्ध गराउन, थप उपचार आवश्यक भएमा सम्पूर्ण उपचार निःशुल्क गर्न र घटनामा संलग्न तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/१२/०२ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**: च.नं १७०१, मिति २०७७।०२।२२ गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपका को च.नं. मा.अ. ७२१/६५६८, मिति २०७७।२।३२ को पत्रमा गृह मन्त्रालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र प्राप्त।

गृह मन्त्रालयको च.नं. २७६, मिति २०७७।२।२७ को श्री प्रहरी प्रधान कार्यालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र।

गृह मन्त्रालयको च.नं. २७८, मिति २०७७।२।२७ को श्री राहत तथा तथ्यांक शाखालाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ११७४**

१. **पीडितको नाम, थर र ठेगाना**ः हरि बहादुर कार्की, रस्नालु -५, रामेछाप ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण**ः रामेछाप जिल्ला रस्नालु गा.वि.स वडा नं. ५ निवासी हरि बहादुर कार्की मिति २०६५।५।२१ गते काठमाडौंबाट जिरीतर्फ बसमा गई रहेको अवस्थामा दोलखा जिल्लाको काभ्रे गा.वि.स.को मैनापोखरी भन्ने स्थानमा तत्कालीन नेकपा माओवादीद्वारा थापिएको विद्युतिय धरापमा परी घाइते अङ्गभङ्ग भएकाले क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी मिति २०६४।०५।०७ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अुनसन्धान हुँदा निज हरि बहादुर कार्की मिति २०६५।५।२१ गते काठमाडौंबाट जिरीतर्फ बसमा यात्रा गरी रहेको अवस्थामा बस दोलखा जिल्लाको काभ्रे गा.वि.स. स्थित मैनापोखरीमा पुग्दा अचानक तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले थापेको विद्युतिय धराप विष्फोट भई घाइते, अङ्गभङ्ग भएको र सो बापत निजले राहत स्वरुप रु. १,०००००।- (एक लाख मात्र ) प्राप्त गरी सकेको, उपचार सरकारबाट निःशुल्क रुपमा भएको पाइयो । सशस्त्र द्वन्द्वको समयमा सार्वजनिक बाटो तथा सोको छेउछाउ विद्युतिय धराप राखी विस्तृत शान्ति सम्झौता पश्चात निष्कृय नपारी त्यत्तिकै छाडी हिड्ने तत्कालिन नेकपा माओवादीका कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र निज हरि बहादुर कार्कीको थप उपचार आवश्यक भएमा सम्पूर्ण उपचार निःशुल्क गर्ने व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/१२/०२ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १७००, मिति २०७७।०२।२२ गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** श्री प्रममपका को च.नं. मा.अ. ७२१/६५६७, मिति २०७७।२।३२ को पत्रमा गृह मन्त्रालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. २७६, मिति २०७७।२।२७ को श्री प्रहरी प्रधान कार्यालयलाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र ।

गृह मन्त्रालयको च.नं. २७८, मिति २०७७।२।२७ को श्री राहत तथा तथ्यांक शाखालाई सिफारिश कार्यान्वयन सम्बन्धमा लेखेको पत्रको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ११७५**

१. **पीडितको नाम, थर र ठेगाना**ः राम बहादुर राना र दुर्योधन अधिकारी, गोरखा सामूदायिक पोली क्लिनिक, भानु -८, हाल भानु न.पा. ५, तनहुँ

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजुरीको संक्षिप्त विवरण**ः गोरखा सामूदायिक पोली क्लिनिक भानू-८ तनहुँको ग.१ च. २३१५ नं. को एम्वुलेन्स बिरामी लिई पोखरातर्फ मिति २०६२।१२।०१ मा जाँदै गर्दा तनहुँ जिल्लाको कोत्रे नजिक पुगेको अवस्थामा नेकपा माओवादीका कार्यकर्ताहरूले चलाएको गोली लागि विरामीको आफन्त राम बहादुर राना घाइते भएको र एम्वुलेन्समा क्षति भएकाले क्षतिपूर्ति दिलाई पीडकलाइ कार्वाही गरी पाउँ भनी मिति २०६३।०३।१५ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा मिति २०६२।१२।०१ गते गोरखा सामूदायिक पोलि क्लिनिक भानु -८ तनहुँको एम्वुलेन्स विरामी लिएर पोखरातर्फ जाँदै गर्दा तनहुँ जिल्लाको कोत्रे भन्ने स्थानमा अचानक तत्कालीन माओवादीका कार्यकर्ताबाट अन्धाधुन्दा गोली चलाइएको र उक्त गोलीबाट बिरामी लिएर गइरहेका जिल्ला तनहुँ तत्कालीन

श्री भानु नगरोन्मूख गाउँ विकास समिती वडा नं. ८ निवासी विरामीका आफन्त राम बहादुर राना घाइते भएको र निज हालसम्म पनि अपाङ्ग रहेको साथै उक्त गोलि प्रहारबाट सो एम्वुलेन्सको करिव ७ (सात) लाख बराबरको क्षति भएको मिसिल संलग्न प्रहरी मुचुल्का तथा श्री भानु नगरोन्मूख गाउँ विकास समितिको २०६२।१२।२४ को पत्रबाट पाइयो । यसरी द्वन्द्वकालिन समयमा विरामी बोक्ने एम्वुलेन्स उपर गोली प्रहार गरी एम्वुलेन्सभित्र रहेका सर्वसाधरणलाइ घाइते बनाउने र एम्वुलेन्ससमेत क्षति पुऱ्याउने गरी तत्कालीन नेकपा माओवादीबाट भएको उक्त कार्य अन्तर्राष्ट्रिय मानवीय कानूनको विपरित रहेकाले घटनामा संलग्न तत्कालीन माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानूनबमोजिम कार्वाही गर्न, एम्वुलेन्सको हकमा मिति २०६८।०२।२७ गते भएको मुचुल्का बमोजिमको क्षतिपूर्ति उपलब्ध गराउन र घाइते तनहुँ जिल्ला तत्कालीन श्री भानु- ८ निवासी विरामीका आफन्त राम बहादुर रानालाई रु. १,००,०००।- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७७/०३/११ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १८४६ , मिति २०७७।०३।३० गते श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**ञ) न्याय प्रशासन**

**क्रम संख्या – ११७६**

१. **पीडितको नाम, थर र ठेगाना** समतोलिया सदा, हनुमाननगर -६, सिराहा ।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजूरीको संक्षिप्त विवरणः** सिरहा जिल्ला हनुमाननगर गा.वि.स. वडा नं. ६ बस्ने नाबालिका समतोलिया सदालाई मिति २०६३/८/१३ गते साँझ उत्तम मुखियाले बलात्कार गरी हत्या गरेको सम्बन्धमा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएकोमा प्रभावकारी अनुसन्धान नगरेको हुँदा घटनाको छानवीन गरी न्याय पाउँ भनी मिति २०६५।०३।१९ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान अनुसन्धान हुँदा नाबालिकालाई बलात्कार गरी हत्या गरिएको विषयमा अत्यन्तै गम्भीर र संवेदनशील रहेकोमा हालसम्म प्रहरीबाट भएको अनुसन्धान सन्तोषजनक रहेको पाइएन । तसर्थ तत्कालै प्रभावकारी अनुसन्धान गरी दोषीलाई कानूनको दायरामा ल्याउन र पीडितलाई रु. ३,००,००००।- (तीन लाख मात्र) राहत/क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।०६।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२२८ अनुसन्धान १०८३ मिति २०७६।०९।२० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/४१७५ मिति २०७६।०९।२८ मा प्रममपका मानव अधिकार शाखाबाट गृह, अर्थ र रक्षा मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. १११ मिति २०७६।१०।१५ मा रक्षा मन्त्रालय मानव अधिकार प्रवर्द्धन शाखाबाट गृह मन्त्रालय सिंहदरबार काठमाडौंलाई निर्णय कार्यान्वयन सम्बन्धमा प्रेषित पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ३१६ मिति २०७६।११।२९ मा प्रहरी प्रधान कार्यालय (प्रहरी महानिरीषकाको सचिवालय मानव अधिकार उल्लंघन अनुगमन इकाई ) ले गृह मन्त्रालय मानव अधिकार प्रवर्द्धन शाखालाई खुलाइ पठाइएको सम्बन्धमा गृहको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. २४४ मिति २०७६।१२।०५ गृह मन्त्रालय मानव अधिकार प्रवर्द्धन शाखाले आयोगलाई निर्णय कार्यान्वयनको जानकारी सम्बन्धमा प्रेषित पत्र प्राप्त ।

गृह मन्त्रालयको च.नं. ३०८, मिति २०७७।२।३२ मा आयोगलाई लेखेको जानकारी पत्रमा पीडितलाई रु. ३,००,०००।-

राहत/क्षतिपूर्ति प्रदान गर्ने भनी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।२।२८ मा निर्णय भएको व्यहोरा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक।

**क्रम संख्या – ११७७**

१. **पीडितको नाम, थर र ठेगाना** रश्मी लिम्बु, इन्द्रपुर -९, मोरङ

२. **उल्लंघनकर्ता** लक्ष्मी भट्टराई समेत

३. **उजूरीको संक्षिप्त विवरणः** मोरङ जिल्ला, ईन्द्रपुर गा.वि.स वडा नं ९ बस्ने रश्मी लिम्बुलाई झापा दमक बस्ने लक्ष्मी भट्टराईले ललाई/फकाई बैदेशिक रोजगारीमा पठाउने भनी भारत हुँदै लगिएको। निजले अर्को झापा जिल्लाकै पूर्ण मगरलाई जिम्मा दिएकोमा निजले भारतको बाटो हुँदा साउदी अरब पुऱ्याएको र मिति २०६१/२/१० गर्न टेलिफोन मार्फत रश्मीको मृत्यु भएको भनी निजको पति प्रेम कुमार लिम्बुलाई जानकारी गराएकोले क्षतिपूर्ति दिलाई ललाई, फकाई गर्नेलाई कार्वाही गरी पाउँ भनी मिति २०६७।०१।१२ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज रश्मी लिम्बुको साउदी अरबमा मृत्यु भएको तर पीडित परिवारले उचित क्षतिपूर्ति नपाएकोले परराष्ट्र मन्त्रालय मार्फत आवश्यक पहल गरी दिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७६।०६।२९ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १५१० अनुसन्धान १०७४ मिति २०७६।०९।२० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/४१६६ मिति २०७६।०९।२८ मा प्रममपका मानव अधिकार शाखाबाट गृह, अर्थ र परराष्ट्र मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन।

**क्रम संख्या – ११७८**

१. **पीडितको नाम, थर र ठेगाना** दिपा चेम्जोङ, कोहवरा -१, झापा।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरणः** झापा जिल्ला कोहवरा गा.वि. वडा नं. १ निवासी १३ बर्षिय दिपा चेम्जोङलाई बुना पोखरेलको घरमा काम गर्न राखेकोमा सोही ठाउँबाट बेपत्ता भएको हुँदा सो विषयमा प्रहरी चौकी गौरादहमा निवेदन दिएकोमा प्रहरीमा छलफल हुँदा समेत सो विषय स्वीकार गरेकोले वेपत्ता पार्नेलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६७।०९।१९ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा वेपत्ता पार्ने र पीडित परिवारवीच बेपत्ता भएको भनिएकी दिपा चेम्जोङको खोजतलास गर्ने भनी सहमती सकेत भइसकेको पाइएकाले निज दिपा चेम्जोङको सम्बन्धमा प्रभावकारी रुपमा खोजतलास गर्न प्रहरी प्रधान कार्यालय मार्फत सम्बन्धित प्रहरी कार्यालयहरूमा पत्राचार गरी यस आयोगलाई समेत जानकारी गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७६।०६।२९ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १५६५ अनुसन्धान १०७५ मिति २०७६।०९।२० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/४१६७ मिति २०७६।०९।२८ मा प्रममपका मानव अधिकार शाखाबाट गृह मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

च.नं. २४८ मिति २०७६।०९।२५ मा प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालय मानव अधिकार उल्लंघन अनुगमन इकाईबाट १ नं.प्रदेश प्रहरी कार्यालय, विराटनगरलाई खुलाई पठाउनु हुन भनी प्रेषित पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**क्रम संख्या – ११७९**

१. **पीडितको नाम, थर र ठेगाना** प्रतिक्षा चन्द, धनगढी -१, कैलाली

२. **उल्लंघनकर्ता**

३. **उजूरीको संक्षिप्त विवरण**: कैलाली जिल्ला धनगढी न.पा. १ बस्ने प्रतिक्षा चन्दलाई एकल महिला भएको कारणले टोल छिमेकले यो ठाँउ छाडेर जाउँ भनी धम्की दिने, गाली गलौज गर्ने लगायतको कार्य गरेकोले जिल्ला प्रहरी कार्यालयमा उजूरी दिदाँ कुनै सुनुवाई नभएको भन्ने व्यहोराको मिति २०७३।०८।०६ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज प्रतिक्षा चन्दले आफूखुशी अन्तर जातिय विवाह गरेकोले माइती पक्षसँग सम्बन्ध विच्छेद रहेको, निजको दाम्पत्य जीवन अगाडि बढ्न नसक्दा निज डिप्रेसनमा गएको र छरछिमेकलाई विभिन्न आरोप लगाउने गरेको पाइयो। निज मानसिक रुपमा अस्वथ्य भएको कारण छरछिमेक समेत पीडित भएको देखिन्छ। तसर्थ निजको मानसिक स्वास्थ्यको उपचार र मनोपरामर्शको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६/०९/०८ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार**: च.नं. १६३७ मिति २०७७।०१।३० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/६२३६ मिति २०७७।०२।११ मा प्रममपका मानव अधिकार शाखाबाट गृह र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन।

**क्रम संख्या – ११८०**

१. **पीडितको नाम, थर र ठेगाना**: कुल बहादुर तामाङ, गौरीशंकर -१, दोलखा।

२. **उल्लंघनकर्ता** नेपाल प्रहरी

३. **उजुरीको संक्षिप्त विवरण** दोलखा जिल्ला गौरीशंकर गाउँपालिका वडा नं. १ जुगु बस्ने कुल बहादुर तामाङलाई मिति २०७४।०१।२६ गते होटलमा खाना खाइरहेको अवस्थामा स्थानीय निर्वाचनको सन्दर्भलाई लिएर दोलखाकै पूर्व मन्त्रीसमेत रही सकेकी देवी खड्का सहितको टोलीले भाला रोपी हत्या गरेको सम्बन्धमा निश्पक्ष छानवीन नभई न्याय पाउने अवस्था नरहेकाले निश्पक्ष र प्रभावकारी छानवीन गरी दोषीलाई कारवाहीको लागि पहल गरी पाउँ भनी मिति २०७४।०२।१८ मा आयोगमा उजूरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा प्रस्तुत घटनाको सम्बन्धमा अदालतमा मुद्दा चली फैसला समेत भइसकेको देखिंदा सो तर्फ केही गरिरहनु परेन। तर प्रस्तुत घटना स्थानीय निर्वाचनको सन्दर्भमा भएको र पीडित परिवारले हालसम्म कुनै राहत/क्षतिपूर्ति पाएको नदेखिंदा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम रु. १,००,०००।- (रु. एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र मृतकका नाबालक छोराछोरीलाइ उच्च माध्यामिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाइ सिफारिश गर्ने भनी आयोगबाट मिति २०७७/०३/११ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १८४७ , मिति २०७७।०३।३० गते श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** :

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन।

**ट) आन्तरिक विस्थापन**

**क्रम संख्या – ११८१**

१. **पीडितको नाम, थर र ठेगाना** परशुराम बुढाथोकी र इन्द्रसिंह बुढाथोकी, गेलु -१, रामेछाप।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** रामेछाप जिल्ला गेलु गा.वि.स. वडा नं. १ निवासी परशुराम बुढाथोकीलाई नेकपा माओवादी कार्यकर्ताहरूले बाटो खन्नको लागि गा.वि.स. बाट अनुदान स्वरुप प्राप्त रकम माग गर्दा नदिएका कारण कुटपीट गरेको साथै माओवादीहरूलाई सहयोग गरेको भनी सुरक्षकर्मीले पक्राउ गरी थुनामा राखी यातना समेत दिएकाले छानवीन गरी दोषीलाई कार्वाही र क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी मिति २०६२/१०/०६ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३४१८, आयोगबाट अनुसन्धानका क्रममा ऐ.ऐ. बस्ने इन्द्रसिंह बुढाथोकीलाई र निज परशुराम बुढाथोकीलाई तत्कालीन सेनाले पक्राउ गरी ६३ दिनसम्म हिरासतमा राखेको साथै परशुराम बुढाथोकीलाई तत्कालीन नेकपा माओवादी कार्यकर्ताहरूले अपहरण गरी कुटपीट गर्नुको साथै धम्की समेत दिएकाले परशुराम बुढाथोकी विस्थापित समेत भएको तर निजहरूले कहिं कतैबाट कुनै राहत/क्षतिपूर्ति समेत प्राप्त गरेको नपाइएकाले पीडित इन्द्रसिंह बुढाथोकीलाई रु. ५०,०००।- (पचास हजार मात्र) र परशुराम बुढाथोकीलाई रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन साथै घटनामा संलग्न दोषी देखिएका सेना, प्रहरी र तत्कालीन माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।०४।०७ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५७४, मिति २०७६/६/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौंलाई पत्राचार गरेको साथै श्री गृह, श्री रक्षा र श्री अर्थ मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** प.सं. ०७६।७७ च.नं. मा.अ.७२१।४५७१, मिति २०७६।१०।१५ मा प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा श्री गृह मन्त्रालय र रक्षा मन्त्रालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. १९७, मिति २०७६।१०।२१ मा श्री गृह मन्त्रालयबाट श्री प्रहरी प्रधान कार्यालयलाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

प.सं. ०७६।७७ च.नं. मा.अ.७२१।५१०५, मिति २०७६।११।५ मा प्रममपकाबाट निर्णय कार्यान्वयन सम्बन्धमा श्री गृह मन्त्रालय, अर्थ मन्त्रालय र रक्षा मन्त्रालयलाई पठाएको पत्रको आयोगलाई बोधार्थ पत्र प्राप्त ।

च.नं. २१७, मिति २०७६।११।१२ मा श्री गृह मन्त्रालयबाट मातहत श्री राहत तथा तथ्यांक व्यवस्थापन शाखालाई पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**ठ) जातीय विभेद**

**क्रम संख्या – ११८२**

१. **पीडितको नाम, थर र ठेगाना** बद्री मरिक, लतर राम, ओम प्रकाश मेहेता समेत १२ जना, पत्थरगाढा -३, सप्तरी ।

२. **उल्लंघनकर्ता** गैरदलित समुदाय

३. **उजूरीको संक्षिप्त विवरण** सप्तरी जिल्ला पत्थरगाढा गा.वि.स. वडा नं. ३ स्थित राजाजी भगवती र हनुमान मन्दिरमा स्थानीय बद्री मरिक, लतर राम ओम प्रकाश मेहेता समेत १२ जनाले मिति २०६२/९/९ गते धार्मिक आस्थाका कारण प्रवेश गरेको आरोपमा गरै दलित समुदायले जनही रु. ५,०००।- (पाँच हजार) जरिवाना तिराएको हुँदा मानव अधिकार उल्लघंन भएकाले दोषी माथी कार्वाही गरी मानव अधिकारको संरक्षण गरी पाउँ भनी मिति २०६२/९/२६ मा आयोगको क्षेत्रीय कार्यालय विराटनगरमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं.५५९, आयोगबाट अनुसन्धान भई पेश भएकोमा छलफल गरियो । सप्तरी जिल्लाको राजाजी भगवती र हनुमान मन्दिरमा दलित समुदायका बद्री मरिक लगायतका १२ जना प्रवेश गरेको भनी जनही रु. ५,०००।- जरिवाना तिराई जातीय विभेद गरेको पाइएकाले तपशिल बमेजिम गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

(क) नेपालको संविधान, २०७२ मा छुवाछुत तथा भेदभाव विरुद्धको हकलाई मौलिक हकको रुपमा समावेश गरेको, जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय ऐन), २०६८ समेत लागु भइसकेको सन्दर्भमा संविधान तथा ऐन समेतको प्रतिकुल हुने क्रियाकलापहरू दोहोरिन नदिनेतर्फ समयमा नै आवश्यक व्यवस्था मिलाउन ।

(ख) नेपालको संविधान, २०७२ तथा जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय ऐन), २०६८ को पूर्ण कार्यान्वयन गर्न गराउन भनी आयोगबाट मिति २०७६।०४।२३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ६४५, मिति २०७६/०७/०६ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका मा पत्राचार गरेको साथै श्री गृह मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. १०२ र १०३ मिति २०७६।०७।१९ मा श्री गृहबाट निर्णय कार्यान्वयन सम्बन्धमा श्री प्रहरी प्रधान कार्यालय र ७७ जिल्ला प्रशासन कार्यालय पठाएको श्री गृह मन्त्रालयको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** आंशिक ।

**क्रम संख्या – ११८३**

१. **पीडितको नाम, थर र ठेगाना** दलित समुदाय, रंगेली, मोरङ्ग ।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरण** मोरङ जिल्ला रंगेली गा.वि.स. का दलित समुदायलाइ स्थानीय गैर दलित व्यवसायीले दलित जाति भएकै कारण सो स्थानका होटल एवं सैलुन प्रवेशमा रोक लगाएको कारण प्रहरी प्रशासनमा उजूरी दिंदा कुनै सुनुवाइ नभएकाले दलित समूदायलाइ न्याय दिलाइ पाउँ भनी आयोगमा मिति २०६५/६/१ मा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १३६४, छलफल हुँदा मोरङ जिल्लाको साविकको रंगेली गा.वि.स. हाल रंगेली न.पा.का दलितहरूमाथि जातीय विभेद भएको सम्बन्धमा दलितहरूले सरसफाइको काम नै बन्द गरेपछि स्थानीय सुरक्षा निकाय, प्रशासन, व्यवसायी तथा दलित समूदायबीच भेदभाव नगर्ने सहमती भएपनि उक्त सहमती पूर्ण रुपमा कार्यान्वयन नभएको भन्ने अनुसन्धान प्रतिवेदनबाट देखिएकाले तपसिल बमोजिम गर्न गराउन नेपाल सरकार मार्फत जिल्ला प्रशासन कार्यालय मोरङ, जिल्ला प्रहरी कार्यालय मोरङ र स्थानीय तहलाई ध्यानाकर्षण गराउने निर्णय गरियो ।

१) जातीय विभेद गर्ने कार्य नेपालको संविधान, कानूनसमेतको प्रतिकुल भएकाले विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन गर्न गराउन ।

२) जातीय विभेदजन्य कार्यका सम्बन्धमा शुन्य सहनशीलता अपनाउन ।

उल्लेखित विषयहरू नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।११।३० मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. १६८६ मिति २०७७/२/१९ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. २७४ मिति २०७७/२/२५ मा गृह मन्त्रालय (मानव अधिकार प्रवर्द्धन शाखा) ले श्री प्रप्रका(मानव अधिकार उल्लंघन अनुगमन इकाई)लाई पठाएको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**ड) बाल अधिकार**

**क्रम संख्या – ११८४**

१. **पीडितको नाम, थर र ठेगाना** शिशिर थापा, लेखनाथ -१३, कास्की ।

२. **उल्लंघनकर्ता** शिक्षक

३. **उजूरीको संक्षिप्त विवरण** कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. १३ घर भई गोगन उच्च मा.वि. लेखनाथमा अध्ययनरत शिशिर थापा कक्षा ९ मा अनुत्तिर्ण भई पुनः सोही कक्षामा अध्ययन गरिरहेको अवस्थामा कक्षा शिक्षक लक्ष्मण श्रेष्ठ, पिटी शिक्षक नुन बहादुर गुरुङ र प्र.अ. डम्बर प्रसाद पौडेलले फेल भएको भनी विभिन्न मानसिक तथा शारीरिक यातना दिने गरेको, यसै क्रममा मिति २०७२/५/२० गते निज शिशिर थापालाई विद्यालयबाट अभद्र तरिकाले घर पठाएकोमा घर गई झुण्डिएर आत्महत्या गरेको हुँदा घटनाको छानवीन गरी दोषी शिक्षकहरूलाई कार्वाही गरी पाउँ भनी मिति २०७२।०५।२४ मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा गोगन उच्च मा.वि. लेखनाथका प्र.अ. लगायतका शिक्षकहरूको शारीरिक तथा मानसिक यातना, अभद्र व्यवहार आदि निज शिशिर थापाको आत्महत्याको मुख्य कारण रहेको अनुसन्धानबाट पुष्टि भएको हुँदा निम्न बमोजिम गर्न गराउन शिक्षा विभाग मार्फत सम्पूर्ण विद्यालयहरूमा पत्राचार गर्ने व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

(क) विद्यायलहरूमा विद्यार्थीहरूलाई अनुशासित बनाउन शारीरिक तथा मानसिक दण्ड दिने गरेको पाइँदा सो को विकल्पका बारेमा जानकारी गराउन ।

(ख) विद्यालयको पठन पाठनलाई बालमैत्री बनाउनुको साथै विद्यालय हाताभित्र विद्यार्थीको मनोसामाजिक अवस्थालाई ध्यान दिई व्यवहार गर्न ।

(ग) विद्यालयमा हुने शारीरिक तथा मानसिक यातनालाई पूर्ण रुपमा बन्द गर्न गर्ने भनी आयोगबाट मिति २०७६/०५/०३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ९४६ मिति २०७६।०९।१३ गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/३९५५ मिति २०७६।०९।२० मा प्रममपका मानव अधिकार शाखाबाट गृह, शिक्षा, विज्ञान तथा प्रविधि र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. १६८ मिति २०७६।०९।२९ मा गृह मन्त्रालय मानव अधिकार प्रवर्द्धन शाखाबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा भनी प्रेषित पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. २६७ मिति २०७६।१०।०३ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय विद्यालय शाखाबाट शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमीलाई निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा प्रेषित पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. २१२ मिति २०७६।११।१८ मा शिक्षा तथा मानव स्रोत विकास केन्द्र विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखाले शिक्षा विकास तथा समन्वय इकाई, ७७ वटा र सबै विद्यालयहरूलाई निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा प्रेषित पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**ढ) महिला अधिकार**

**क्रम संख्या – ११८५**

१. **पीडितको नाम, थर र ठेगाना** सुशीला सार्की, हरैचा -७, मोरङ ।

२. **उल्लंघनकर्ता** नेपाल सरकार

३. **उजूरीको संक्षिप्त विवरणः** मोरङ जिल्ला हरैचा नगरपालिका वडा नं. ७ घर भई काठमाडौ असनमा डेरा गरी बस्ने सुशीला सार्कीलाई २०७३ साल माघ महिनामा केही मानिसहरूले राम्रो जागिर लगाई दिन्छौं भनी ललाई फकाई भारतको पञ्जाबमा पूऱ्याएका थिए । त्यहाँ पुगेपछि मलाई त्यहाँ पुऱ्याउने व्यक्तिहरूसँग भेटघाट हुन सकेन । त्यसपछि त्यहीको कुखुरा फर्ममा काम गरेकोमा त्यहाँ यौन शोषणमा परेको र पछी यौन सम्बन्ध नराखेको आधारमा कामबाट निकालेपछी विभिन्न संघसंस्थाहरूको सहयोग तथा पहलमा नेपाल फिर्ता आएको हँदा मानव बेचबिखन सम्बन्धी अपराधको पीडित भएकोले राहत तथा क्षतिपूर्ति सहितको न्यायको लागि पहल गरी पाउँ भनी मिति २०७५।१०।२० मा आयोगमा उजूरी दर्ता भएको ।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुगमन अनुसन्धान भई आज पेश भई छलफल भएकोमा पीडित सुशील सार्कीलाई भारतबाट उद्दार गरी नेपाल ल्याइएको र नेपाल ल्याइएपछी मानसिक तथा शारीरिक स्वास्थ्य विग्रदै गएको, निजसँग २ जना नाबालक छोराहरू समेत रहेको अवस्था खाने बस्ने लगायतका समस्या रहेको देखियो । यस्तो अवस्थामा निजको तत्कालीन गाँस वासको समस्या कसरी समाधान गर्न सकिन्छ ? त्यस तर्फ विचार गर्न आवश्यक छ । संविधानको धारा १६ (१) ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भनी व्यवस्था गरेको सन्दर्भमा निज सुशीला सार्कीको सम्मानपूर्वक बाँच्न पाउने संविधान प्रदत हकको सम्मान गर्दै तत्काललाई गाँस वासको व्यवस्था मिलाउन नेपाल

सरकारलाई सिफारिश गर्ने निर्णय गर्ने भनी आयोगबाट मिति २०७६/०५/०३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं. ५२६ मिति २०७६।०६।०८ गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/२०३४ मिति २०७६।०६।१६ मा प्रममपका मानव अधिकार शाखाबाट गृह र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ८७ मिति २०७६।०७।०६ मा गृह मन्त्रालय मानव अधिकार प्रवर्द्धन शाखाबाट महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा भनी प्रेषित पत्रको बोधार्थ पत्र प्राप्त ।

च.नं. ५० मिति २०७६।०७।१४ मा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय लैंगिक हिंसा निवारण शाखाबाट गृह मन्त्रालयलाई लैंगिक हिंसा पीडित सुशिला सार्कीलाई राष्ट्रियस्तरको श्री मंगला साहाना दीर्घकालीन पुनर्स्थापना केन्द्र, सिफलमा पुनर्स्थापना गरिएको सम्बन्धमा प्रेषित पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण

**ण) स्वास्थ्यको अधिकार**

**क्रम संख्या – ११८६**

१. **पीडितको नाम, थर र ठेगाना** रौतहटका सुत्केरी महिलाहरू

२. **उल्लंघनकर्ता** जिल्ला अस्पताल, रौतहट

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला अस्पताल रौतहटमा विगत २ वर्षदेखि सरकारले सुत्केरी महिलाहरूको लागि वितरण गर्न विनियोजन गरेको भत्ता तथा अन्य सुविधाबाट बञ्चित गराएको भनी Himalayn News Services मा संप्रेषित समाचारलाई Suo-Moto को रुपमा उजूरी ग्रहण गरी मिति २०७४/०४/०१ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ९४८, आयोगबाट अनुसन्धान भई आज पेश भई छलफल हुँदा सरकारी अस्पतालमा सेवा लिन आउने सबै सुत्केरी महिलाहरूलाई निजहरूले पाउने सेवा सुविधा अनिवार्य रुपमा पारदर्शी तरिकाले प्राप्त गर्ने व्यवस्था मिलाउन स्वास्थ्य मन्त्रालय मार्फत सम्बन्धित सम्पूर्ण निकायहरूमा पत्राचार गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।०४।०७ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५६९, मिति २०७६/६/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौंलाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय, श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठामाडौं र श्री महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरवार, काठमाडौंलाई बोधार्थ तथा कार्यार्थ पत्र दिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**त) उपभोक्ताको अधिकार**

**क्रम संख्या – ११८७**

१. **पीडितको नाम, थर र ठेगाना** सम्पूर्ण उपभोक्ताहरू

२. **उल्लंघनकर्ता** स्थानीय बिक्रेता

३. **उजूरीको संक्षिप्त विवरण** सम्पूर्ण खुद्रा व्यापारीहरूले अनिवार्य मुल्य सूची राख्नु पर्नेमा नराखेको, भन्सारबाट मूल्य सहितको प्रज्ञानपत्र ढुवानी, सञ्चय र थोक बिक्रेताले जारी गरेको विल विजकको प्रतिलिपी राख्नु पर्नेमा सो नराखी आफु खुसी भाउ तय गरी उपभोक्ताको अनुहार हेरेर मूल्य निर्धारण गर्ने गरिएबाट उपभोक्ताको मानव अधिकार हनन् भएको, उपभोक्ताहरूले उपभोग गर्ने माछा, मासु मानव स्वास्थ्यमा हानी पूऱ्याउने फर्मालिन जस्ता औषधीहरूको प्रयोग गर्ने गरिएको, बधशाला दुषित र फोहोर रहेको, नाप तौलको औजारहरू दुरुस्त नभएको कारण उपभोक्ताको मानव अधिकार हनन् भएको र उपभोक्ताहरूले दैनिक रुपमा उपभोग गर्ने दुधमा कम तौल, चिल्लो रहित SNA र FAT को मात्रा कम,

दुधभित्र कोलीफर्म, युरिया मल, पशु औषधी, कास्टीक सोडा लगायतका पदार्थहरू मिसावट गर्ने गर्दा, TB यूनिस लगायतका सरुवा रोगहरू लाग्न गई मानव अधिकार हनन् भएकाले उपभोक्ताको अधिकार संरक्षणका लागि पहल गरी पाउँ भनी मिति २०६८/०५/१९ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १२९३, आयोगबाट अनुगमन/अनुसन्धान भई पेश भएकोमा उपभोक्ताको अधिकार संरक्षण सम्बन्धमा आयोगबाट यस अघि मिति २०७५/३/३२, २०७५/१०/२१, २०७६/१/२३ र २०७६/२/१६ मा निर्णय भई नेपाल सरकारलाई गरेको सिफारिशको पूर्ण कार्यान्वयनका लागि पुनः ताकेता गरी यस सम्बन्धमा नेपालको संविधान, उपभोक्ता संरक्षण ऐन, २०७५ लगायत अन्य कानून भएका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गरी सोको जानकारी आयोगलाई गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।०४।०७ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५७०, मिति २०७६/६/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौंलाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय, श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठामाडौं र श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार, काठमाडौंलाई बोधार्थ तथा कार्यार्थ र श्री उपभोक्ता हित संरक्षण मञ्च नेपाल, काठमाडौंलाई बोधार्थ पत्र दिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११८८**

१. **पीडितको नाम, थर र ठेगाना** सम्पूर्ण उपभोक्ताहरू

२. **उल्लंघनकर्ता** स्थानीय बिक्रेता

३. **उजूरीको संक्षिप्त विवरण** सम्पूर्ण खुद्रा व्यापारीहरूले अनिवार्य मुल्य सूची राख्नु पर्नेमा नराखेको, भन्सारबाट मूल्य सहितको प्रज्ञानपत्र ढुवानी, सञ्चय र थोक बिक्रेताले जारी गरेको विल विजकको प्रतिलिपी राख्नु पर्नेमा सो नराखी आफु खुसी भाउ तय गरी उपभोक्ताको अनुहार हेरेर मूल्य निर्धारण गर्ने गरिएबाट उपभोक्ताको मानव अधिकार हनन् भएको, उपभोक्ताहरूले उपभोग गर्ने माछा, मासु मानव स्वास्थ्यमा हानी पूऱ्याउने फर्मालिन जस्ता औषधीहरूको प्रयोग गर्ने गरिएको, बधशाला दुषित र फोहोर रहेको, नाप तौलको औजारहरू दुरुस्त नभएको कारण उपभोक्ताको मानव अधिकार हनन् भएको र उपभोक्ताहरूले दैनिक रुपमा उपभोग गर्ने दुधमा कम तौल, चिल्लो रहित SNA र FAT को मात्रा कम, दुधभित्र कोलीफर्म, युरिया मल, पशु औषधी, कास्टीक सोडा लगायतका पदार्थहरू मिसावट गर्ने गर्दा, TB यूनिस लगायतका सरुवा रोगहरू लाग्न गई मानव अधिकार हनन् भएकाले उपभोक्ताको अधिकार संरक्षणका लागि पहल गरी पाउँ भनी मिति २०६८/०५/१९ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १२९४, आयोगबाट अनुगमन/अनुसन्धान भई पेश भएकोमा उपभोक्ताको अधिकार संरक्षण सम्बन्धमा आयोगबाट यस अघि मिति २०७५ /३/३२, २०७५/१०/२१, २०७६/१/२३ र २०७६/२/१६ मा निर्णय भई नेपाल सरकारलाई गरेको सिफारिशको पूर्ण कार्यान्वयनका लागि पुनः ताकेता गरी यस सम्बन्धमा नेपालको संविधान, उपभोक्ता संरक्षण ऐन, २०७५ लगायत अन्य कानून भएका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन सो को जानकारी आयेगलाई गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।०४।०७ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५७०, मिति २०७६/६/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौंलाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय, श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठामाडौं र श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार, काठमाडौंलाई बोधार्थ तथा कार्यार्थ र श्री उपभोक्ता हित संरक्षण मञ्च नेपाल, काठमाडौंलाई बोधार्थ पत्र दिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**क्रम संख्या – ११८९**

१. **पीडितको नाम, थर र ठेगाना** सम्पूर्ण उपभोक्ताहरू

२. **उल्लंघनकर्ता** स्थानीय बिक्रेता

३. **उजूरीको संक्षिप्त विवरण** सम्पूर्ण खुद्रा व्यापारीहरूले अनिवार्य मुल्य सूची राख्नु पर्नेमा नराखेको, भन्सारबाट मूल्य सहितको प्रज्ञानपत्र ढुवानी, सञ्चय र थोक बिक्रेताले जारी गरेको विल विजकको प्रतिलिपी राख्नु पर्नेमा सो नराखी आफु खुसी भाउ तय गरी उपभोक्ताको अनुहार हेरेर मूल्य निर्धारण गर्ने गरिएबाट उपभोक्ताको मानव अधिकार हनन् भएको, उपभोक्ताहरूले उपभोग गर्ने माछा, मासु मानव स्वास्थ्यमा हानी पुऱ्याउने फर्मालिन जस्ता औषधीहरूको प्रयोग गर्ने गरिएको, बधशाला दुषित र फोहोर रहेको, नाप तौलको औजारहरू दुरुस्त नभएको कारण उपभोक्ताको मानव अधिकार हनन् भएको र उपभोक्ताहरूले दैनिक रुपमा उपभोग गर्ने दुधमा कम तौल, चिल्लो रहित SNA र FAT को मात्रा कम, दुधभित्र कोलीफर्म, युरिया मल, पशु औषधी, कास्टीक सोडा लगायतका पदार्थहरू मिसावट गर्ने गर्दा, TB यूनिस लगायतका सरुवा रोगहरू लाग्न गई मानव अधिकार हनन् भएकाले उपभोक्ताको अधिकार संरक्षणका लागि पहल गरी पाउँ भनी मिति २०६८/०५/१९ मा आयोगमा उजुरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजुरी नं. १२९५, आयोगबाट अनुगमन/अनुसन्धान भई पेश भएकोमा उपभोक्ताको अधिकार संरक्षण सम्बन्धमा आयोगबाट यस अघि मिति २०७५ /३/३२, २०७५/१०/२१, २०७६/१/२३ र २०७६/२/१६ मा निर्णय भई नेपाल सरकारलाई गरेको सिफारिशको पूर्ण कार्यान्वयनका लागि पुनः ताकेता गरी यस सम्बन्धमा नेपालको संविधान, उपभोक्ता संरक्षण ऐन, २०७५ लगायत अन्य कानून भएका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन सो को जानकारी आयेगलाई गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।०४।०७ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५७०, मिति २०७६/६/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौंलाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय, श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठामाडौं र श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार, काठमाडौंलाई बोधार्थ तथा कार्यार्थ र श्री उपभोक्ता हित संरक्षण मञ्च नेपाल, काठमाडौंलाई बोधार्थ पत्र दिएको ।

६. **कार्यान्वयनको स्थिति**

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन

**थ) सम्पत्तिको अधिकार**

**क्रम संख्या – ११९०**

१. **पीडितको नाम, थर र ठेगाना** टीकाराम चौलागाई, काभ्रे -७, दोलखा ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** दोलखा जिल्ला काभ्रे गा.वि.स. वडा नं. ७ निवासी टीकाराम चौलागाईले हनुमन्तेश्वर आयल स्टोर मैना पोखरीको लागि ल्याएको १२,००० लिटर मट्टितेल मिति २०६२/७/१४ गते माओवादीहरूले सडकमा लगाई क्षति पुऱ्याएको र अन्य सामानहरू समेतको क्षति पूऱ्याएको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय दोलखाबाट कानून बमोजिम रु. ५,२०,९५८।- मूल्याङ्कन भई गृह मन्त्रालयमा क्षतिपूर्तिको लागि सिफारिश गरी पठाएकोमा ५०,०००।- (पचास हजार मात्र) दिएकाले बाँकी क्षतिपूर्तिका लागि पहल गरी पाउँ भनी मिति २०६३/०९/२५ मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ३९६२, आयोगबाट अनुसन्धान हुँदा निज टीकाराम चौलागाईको जम्मा क्षति रु. ५,२०,९५८।- रहेकाले सोही अनुसार मुचुल्का सहित गृह मन्त्रालय पठाएको जिल्ला प्रशासन कार्यालय दोलखाको च. नं. ९१८ मिति २०६२/८/१२ को पत्रबाट देखिएको तर हालसम्म जम्मा रु. ५०,०००।- (पचास हजार मात्र) क्षतिपूर्ति प्राप्त गरेको देखिएकाले जिल्ला प्रशासन कार्यालय, दोलखाबाट भएको मूल्याङ्कन अनुसारको बाँकी रकम क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकालाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।०४।०७ मा निर्णय गरियो ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५७५, मिति २०७६/६/१४ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौंलाई पत्राचार गरेको साथै श्री गृह मन्त्रालय, श्री अर्थ मन्त्रालय सिंहदरवार,

काठमाडौंलाई बोधार्थ तथा कार्यार्थ र काभ्रे गा.वि.स. वडा नं. ७, (हालः बैतेश्वर गाउँपालिका वडा नं. ४, दोलखा) बोधार्थ पत्र दिएको।

६. **कार्यान्वयनको स्थिति** च.न.२१७, मिति २०७६।११।१२ मा श्री गृह मन्त्रालय (मानव अधिकार प्रवर्द्धन शाखा) सिंहदरबारबाट निर्णय कार्यान्वयन सम्बन्धमा श्री राहत तथा तथ्याङ्क व्यवस्थापन शाखा, गृह मन्त्रालयलाई पठाएको पत्र श्री राष्ट्रिय मानव अधिकार आयोगलाई बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन।

**क्रम संख्या – ११९१**

१. **पीडितको नाम, थर र ठेगाना** रइस अहदम शेष र सविर अहमद शेष, महम्मदपुर -६, वर्दिया।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** बर्दिया जिल्ला महम्मदपुर गा.वि.स. वडा नं. ६ निवासी रइस अहदम शेष र सविर अहमद शेषको हकभोग स्वामित्वमा बर्दिया जिल्ला महम्मदपुर गा.वि.स. वडा नं. ६ मा रहेको घर तथा कुटानी पिसानी र पेलानी मिल तथा सोमा रहेको सामानहरू १५/२० जनाको समूहमा मिति २०६३/१/१ गते आएको आतंककारीको समूहले लुटी लगेकोले लुटिएको सामान फिर्ता गराई क्षतिपूर्ति दिलाई पाउँ भनी आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा मिति २०६३/१/४ मा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. १३०४/८१५, आयोगबाट अनुसन्धान हुँदा नेकपा माओवादीका कार्यकर्ताहरूले मिति २०६३/१/१ गते पीडितहरू रइस अहमद शेष र सविर अहमद शेषको बर्दिया जिल्ला महम्मदपुर गा.वि.स. वडा नं. ६ मा रहेको घर तथा मिलमा रहेको सामानहरू लुटी लगेको पाइएको तर निजहरूले साहै न्यून मात्रामा मात्र क्षतिपूर्ति प्राप्त गरेको देखिएकाले रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।५।२३ मा निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ११०३ मिति २०७६/९/२१ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममकालाई पत्राचार गरेको साथै श्री गृह र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/४२७४ मिति २०७६।१०।३ मा श्री अर्थ र श्री गृह मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममकाको बोधार्थ पत्र।

च.नं. १७० मिति २०७६।९।२९ मा श्री प्रप्रका (मानव अधिकार उल्लंघन अनुगमन इकाई) लाई पठाएको श्री गृह मन्त्रालय (मानव अधिकार प्रर्वद्धन शाखा) को बोधार्थ पत्र।

गृह मन्त्रालयको च.नं. ३०८, मिति २०७७।२।३२ मा आयोगलाई लेखेको जानकारी पत्रमा पीडितलाई रु. ३,००,०००।- राहत/क्षतिपूर्ति प्रदान गर्ने भनी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।२।२८ मा निर्णय भएको व्यहोरा उल्लेख।

७. **कार्यान्वयन अवस्थाको निचोड** पूर्ण।

**क्रम संख्या – ११९२**

१. **पीडितको नाम, थर र ठेगाना** अजय भट्टराई (प्रहरी नायव उपरीक्षक), बयरवन -७, मोरङ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण**ः जिल्ला प्रहरी कार्यालय पाँचथरमा प्रहरी नायब उपरिक्षक अजय भट्टराईको मोरङ जिल्ला बयरवन गा.वि.स. वडा नं. ७ मा रहेको कि.नं. ७३ को ३-२-५-० जग्गाको २०६२ सालको निजले खुद पाउने वाली १२४ मन धान र अन्य बाली माओवादीहरूले लुटी लगेकाले क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६२।११।०४ मा आयोगमा उजुरी दर्ता भएको।

४. **आयोगको निर्णय/सिफारिश** आयोगबाट अनुसन्धान हुँदा निज अजय भट्टराईको मोरङ जिल्लाको वयरबन गा.वि.स. वडा नं. ७ मा रहेको जग्गाको २०६२ सालको निजले खुद पाउने १२४ मन धान तत्कालीन माओवादी कार्यकर्ताहरूले लुटी लगेको पाइएकाले तत्कालीन समयको बजार भाउ अनुसार जम्मा १२४ मन धानको क्षतिपूर्ति उपलब्ध गराउन नेपाल

सरकारलाई सिफारिश गर्ने मिति २०७६।०६।२९ मा आयोगबाट निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं ५९९ अनुसन्धान १०७२ मिति २०७६।०९।२० गते श्री प्रममपका सिंहदरबार काठमाडौंलाई आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको ।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ. ७२१/४१६४ मिति २०७६।०९।२८ मा प्रममपका मानव अधिकार शाखाबाट गृह र अर्थ मन्त्रालयलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको पत्रको बोधार्थ पत्र प्राप्त ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ११९३**

१. **पीडितको नाम, थर र ठेगाना** नारायण लम्साल, धनगढी -७, कैलाली ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ७ बस्ने नारायण लम्सालको पसलमा मिति २०६२/०४/१६ गते २०/३० जनाको संख्यामा आएका माओवादी कार्यकर्ताहरूले निजलाई घाइते बनाई पसलमा भएको सम्पूर्ण सामानहरू लुटपाट गरी लगेकोले क्षतिपुर्तिका लागि पहल गरी पाउँ भनी मिति २०६४/९/१६ मा आयोगको क्षेत्रीय कार्यालय धनगढीमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश** उजूरी नं. ५८२, आयोगबाट अनुसन्धान हुँदा कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ७ निवासी निज नारायण लम्साललाई तत्कालीन माओवादी कार्यकर्ताहरूले घाइते बनाई निजको पसलमा रहेको मालसामान लुटि लगेको भन्ने जिल्ला प्रहरी कार्यालय, कैलाली तथा जिल्ला प्रशासन कार्यालय, कैलालीको पत्रबाट समेत पुष्टि हुन आएकोले निजलाई जिल्ला प्रहरी कार्यालय कैलालीको च.नं. २३३४ को मिति २०६३/८/१९ गतेको पत्र तथा जिल्ला प्रशासन कार्यालयको मिति २०६३/८/१६ को पत्रमा रु २,२२,७३२।- (दुई लाख बाइस हजार सात सय बत्तीस मात्र) बराबरको रकम क्षति भएको भनी मूल्यांकन गरिदिएको तर हालसम्म पनि सो बमोजिमको रकम नपाएको देखिएकोले क्षतिपूर्ति रकम उपलब्ध गराइदिन नेपाल सरकारलाई सिफारिश गर्ने भनी आयोगबाट मिति २०७६।९।३ मा निर्णय भएको ।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १२६५, मिति २०७६/१०/२३ मा आयोगबाट निर्णय कार्यान्वयनको लागि श्री प्रममपका सिंहदरबार, काठमाडौँलाई पत्राचार गरेको साथै श्री गृह र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई बोधार्थ तथा कार्यार्थ ।

६. **कार्यान्वयनको स्थिति** च.नं. ०७६/०७७ मा.अ.७२१/५१०९ मिति २०७६।११।०५ मा श्री गृह मन्त्रालय र श्री अर्थ मन्त्रालय सिंहदरबारलाई निर्णय कार्यान्वयन सम्बन्धमा पठाएको श्री प्रममपका सिंहदरबार, काठमाडौँको बोधार्थ पत्र ।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन ।

**क्रम संख्या – ११९४**

१. **पीडितको नाम, थर र ठेगाना**ः भोला हरि धिताल, खार्पा -४, खोटाङ्ग ।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण**ः जिल्ला खोटाङ्ग खार्पा गा.वि.स. वडा नं. ४ निवासी भोला हरि धितालले निजी लगानीमा २०५४ सालमा नमूना विद्याधाम नामको शैक्षिक संस्था शुरु गरेकोमा २०५८ सालमा कार्य सञ्चालनमा रोक लगाएको र मिति २०६१/०१/०६ गतेदेखि नेकपा माओवादीले नमूना विद्याधामको सम्पूर्ण चल अचल सम्पत्ति कब्जामा लिएको हुदाँ जिल्लास्थित जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, स्थानीय शान्ति समितिको कार्यालयहरूबाट रु. २२ लाख ९५ हजार बराबरको क्षतिको मूल्यांकन गरी मिति २०६८/११/०२ मा सिफारिश सहित तहाँ मन्त्रालयमा पठाएकोमा विद्यालयको क्षतिको विषयमा राहतको व्यवस्था नभएको भन्ने जानकारी दिएको हुदाँ क्षति हुन गएको सम्पत्तिको क्षतिपूर्ति साथै सम्पत्तिको अधिकार संरक्षणको लागि पहल गरी पाउँ भनी मिति २०६९।६।१० मा आयोगमा उजूरी दर्ता गराएको ।

४. **आयोगको निर्णय/सिफारिश**ः आयोगबाट अनुसन्धान हुँदा निजलाई नेकपा माओवादीका कार्यकर्ताले खोटाङ्ग जिल्ला

खार्पा गा.वि.स. वडा नं. ४ निवासी भोला हरि धितालले निजी लगानीमा २०५४ सालमा नमूना विद्याधाम नामको शैक्षिक संस्था शुरु गरेकोमा २०५८ सालमा तत्कालीन द्वन्द्वरत पक्ष नेकपा माओवादीले कार्य सञ्चालनमा रोक लगाएको र मिति २०६१/०१/०६ गते देखि विद्यालयको सम्पूर्ण चल अचल सम्पत्ति कब्जामा लिएको र जिल्ला प्रशासन कार्यालय, खोटाङ्गबाट क्षतिको मूल्यांकन गरी सिफारिश समेत गरिएकोले क्षति भएको सम्पत्तिको प्राविधिक मूल्यांकन अनुसारको क्षतिपूर्ति उपलब्ध गराउन पहल गरी पाउँ भनी दर्ता भएको उजूरीको अनुसन्धान हुँदा सम्बन्धित निकाय जिल्ला प्रशासन कार्यालय, खोटाङ्गबाट निज भोला हरि धितालको नमूना विद्याधाम शैक्षिक संस्थाको क्षतिको रीतपूर्वक मूल्यांकन गरेको देखिंदा उचित क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०७६।०९।२५ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचार** च.नं १३९७, श्री प्रममपकामा मिति २०७६।११।१३ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थिति** च.नं. मा.अ.७२१/५४४९ मिति २०७६।११।२१, प्र.म.तथा म.का, मा.अ. प्र. शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, सिंह्दरबार, काठमाडौंलाई पठाएको आयोगलाई बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन।

**क्रम संख्या – ११९५**

१. **पीडितको नाम, थर र ठेगानाः** हरि प्रसाद गौतम, लखनपुर -२, रामेछाप।

२. **उल्लंघनकर्ता** नेकपा माओवादी

३. **उजूरीको संक्षिप्त विवरण** जिल्ला रामेछाप लखनपुर गा.वि.स. वडा नं. २ रिट्ठे निवासी हरि प्रसाद गौतमको घरमा मिति २०५४ साल चैत्र २३ गते र २०५६ साल वैशाख २८ गते नेकपा माओवादीका कार्यकर्ताहरू लखनपुर गा.वि.स. वडा नं. २ बस्ने किरण ढुंगेल, श्रृजना गौतम, कृष्ण गौतम, कमान सिंह लामा, विष्णुमाया गौतमले निजको घरमा बम विस्फोट गराई क्षति पुऱ्याएको, घरमा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा नगद जिन्सी समेत लुटेर लगेको हुनाले निज समेत १० जनाको परिवार विस्थापित भई हाल काठमाडौंमा कठीन जीवनयापन गरिरहेको र बाल बच्चाहरूको पढ्न पाउने अधिकारबाट वञ्चित भएको, स्वास्थ्य अधिकारबाट वञ्चित भएको, स्वास्थ्यस्थिति नाजुक भएको, उल्लिखित पार्टीका कार्यकर्ताहरूले बम विष्फोट गराई ध्वस्त बनाएको घरको क्षतिपूर्ति तथा लुटी लगेको सम्पत्ति फिर्ता दिलाउन र निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाइदिनु हुनका लागि आवश्यक पहल गरी पाउँ भनी मिति २०६३।११।२३ मा आयोगमा उजूरी दर्ता गराएको।

४. **आयोगको निर्णय/सिफारिशः** आयोगबाट अनुसन्धान हुँदा जिल्ला रामेछाप लखनपुर गा.वि.स. वडा न. २ बस्ने हरिप्रसाद गौतमलाई मिति २०५४।१२।२३ गते माओवादीहरूले कुटपीट गरी खुट्टा समेत भाँचिदिएको र मिति २०५६।१।२८ गते पुनः निज र निजको परिवारलाई समेत मरणासन्न हुने गरी कुटपीट गरी गोली समेत प्रहार गरेको, घरमा बम विस्फोटन गराई क्षति पुऱ्याएकोले सम्पूर्ण चल अचल सम्पत्ति लुटेकाले १० जनाको परिवार विस्थापित भई काठमाडौमा बसिरहेकोले बाल बच्चाहरूले पढ्न पाउने अधिकार वञ्चित भएको, स्वास्थ्यस्थिति नाजुक भएकोले निःशुल्क स्वास्थ्य उपचार, सम्पत्ति फिर्ता तथा क्षतिपूर्तिको लागि पहल गरी पाउँ भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा निजले मासिक रुपमा अपाङ्गता भत्ता पाइरहेको विभिन्न सरकारी निकायबाट राहत तथा क्षतिपर्ूति प्राप्त गरेको देखिएको छ। निजलाई माओवादीले कुटपीट तथा गोली प्रहारले गर्दा स्वास्थ्यमा हालसम्म पनि असर पारेको देखिंदा निजलाई निःशुल्क उपचारको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भनी मिति २०७६।०९।२५ मा आयोगबाट निर्णय भएको।

५. **सिफारिश कार्यान्वयनको लागि गरिएको पत्राचारः** च.नं १३९८, श्री प्रममपकामा मिति २०७६।११।१३ गते आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको।

६. **कार्यान्वयनको स्थितिः** च.नं. मा.अ.७२१/५४५० मिति २०७६।११।२१, प्र.म.तथा म.का, मा.अ. प्र. शाखाबाट निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाएको आयोगलाई बोधार्थ पत्र प्राप्त।

७. **कार्यान्वयन अवस्थाको निचोड** विचाराधीन।

## राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरू

### केन्द्रीय कार्यालय

हरिहर भवन, पुल्चोक, ललितपुर
फोन : ०१-५०१००१५, (हटलाइन : ०१-५०१००००)
फ्याक्स : ०१-५५४७५७३, पोष्ट बक्स नं. ९१८२, काठमाडौँ, नेपाल
ई-मेल : nhrc@nhrcnepal.org

### प्रदेश कार्यालयहरू :

प्रदेश नं. १ कार्यालय, विराटनगर
फोन : ०२१-४६१९३१, ४६१०९३, फ्याक्स : ०२१-४६११००
ई-मेल : nhrcbrt@nhrcnepal.org

प्रदेश नं. २ कार्यालय, जनकपुर
फोन : ०४१-५९०३१३/१४, फ्याक्स : ०४१-५९०३१५
ई-मेल : nhrcjnk@nhrcnepal.org

बागमती प्रदेश कार्यालय, सानेपा, ललितपुर
फोन : ०१-५४२९१७२, ५४३०३६२, फ्याक्स : ०१-५४३०३६२
ई-मेल : nhrcsnp@nhrcnepal.org

गण्डकी प्रदेश कार्यालय, पोखरा
फोन : ०६१-४६२८११/४६३८२२, फ्याक्स : ०६१-४६५०४२
ई-मेल : nhrcpkr@nhrcnepal.org

लुम्बिनी प्रदेश कार्यालय, बुटवल
फोन : ०७१-४१०१७५, फ्याक्स : ०७१-४१०१७६
ई-मेल : nhrcbtl@nhrcnepl.org

सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी
फोन : ०९१-५२५६२१, ५२५६२२, फ्याक्स : ०९१-५२५६२३
ई-मेल : nhrcdhn@nhrcnepal.org

### प्रदेश शाखा कार्यालयहरू

प्रदेश नं. १ शाखा कार्यालय, दिक्तेल
फोन : ०३६-४२०२८४
ई-मेल : nhrckht@nhrcnepal.org

लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
फोन : ०८१-५२६७०७, ५२६७०८
ई-मेल : nhrcnpj@nhrcnepal.org

कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
फोन : ०८७-५२०२२२
ई-मेल : nhrcjum@nhrcnepal.org